कानूनी शब्दकोश

(कानूनी शब्द र प्रचलित नेपाल कानूनमा प्रयोग भएका शब्द तथा पदावलीको अर्थ सहित)

नेपाल सरकार

नेपाल कानून आयोग

प्रकाशकः नेपाल कानून आयोग

नयाँ बानेश्वर, काठमाडौं ।

फोन नं.: ०१-४५८१०९०, ०१-४५८११९७, ०१-४५८१०५९

Website: www.lawcommission.gov.np

Email: info@lawcommission.gov.np

प्रतिलिपि अधिकार (©): नेपाल कानून आयोगमा रहनेछ।

प्रथम संस्करणः २०८२

प्रकाशित मितिः २०८२ असार

प्रकाशन प्रतिः १०००

मुद्रकः स्मृति प्रिन्टिङ्ग प्रेस प्रा. लि.

कमलादी, काठमाडौं।

ISBN: 9789937187602

नेपाल सरकार
Government of Nepal

मा. अजय कुमार चौरसिया
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

Hon. Ajay Kumar Chaurasia
Minister
Law, Justice and Parliamentary Affairs

शुभकामना

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, कर्तव्य तथा कानूनी अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि विधिसम्बन्धी ज्ञान सर्वसाधारणको पहुँचमा हुनु अनिवार्य छ। कानूनको शासन कायम गर्नका लागि नागरिकमा कानूनी चेतना र साक्षरताको विकास गर्नु आजको युगको आवश्यकता हो। यसै सन्दर्भमा, "**कानूनी शब्दकोश**" को प्रकाशन एक महत्त्वपूर्ण र स्वागतयोग्य पहल हो।

कानूनी भाषा सामान्य भाषाभन्दा विशिष्ट र प्राविधिक हुन्छ। कानूनी दस्तावेज, अदालतका फैसलाहरू, ऐन, नियमावली तथा विधेयकहरूमा प्रयोग हुने शब्दावलीको स्पष्ट अर्थ बुझ्न, व्याख्या तथा प्रयोग गर्नका लागि यस शब्दकोशले विद्यार्थी, वकिल, न्यायाधीश, अनुसन्धानकर्ता, अनुवादक, पत्रकार, नीति निर्माता लगायत सबै सरोकारवालाहरू पक्षलाई सहयोग गर्नेछ।

सरकारको तर्फबाट विधिको सर्वसुलभता, पारदर्शिता र पहुँच सुनिश्चित गर्ने लक्ष्य अनुरूप यस प्रकारका ज्ञानमूलक प्रकाशनले कानूनी प्रणालीलाई अझ सुदृढ बनाउन मद्दत पुऱ्याउनेछ। यस शब्दकोश कानूनी भाषा बुझ्न सहयोगी हुनुको साथै न्याय प्राप्तिको प्रक्रियालाई पनि सरल र प्रभावकारी बनाउने दिशातर्फ एक महत्त्वपूर्ण कदम सावित हुनेछ।

म यस अवसरमा शब्दकोश निर्माणमा संलग्न सम्पूर्ण विज्ञ, अनुसन्धानकर्ता, सम्पादक, प्राविधिक सहयोगी, कर्मचारी र संस्थाहरूलाई बधाई र धन्यवाद ज्ञापन गर्न चाहन्छु। तपाईंहरूको अथक प्रयास, समर्पण र प्रतिबद्धताले यो कार्य सफल भएको छ।

साथै, आगामी दिनहरूमा यस्ता प्रकाशनहरू थप परिमार्जन, अद्यावधिक तथा विस्तार हुँदै जान सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०८२ असार

(अजय कुमार चौरसिया)
मन्त्री

नेपाल सरकार
नेपाल कानून आयोग
फोन नं. : ०१-४४८११५७
०१-४४८१०४३
०१-४४८१०४६
०१-४४८१०४५
फ्याक्स : ०१-४४८१७०४
Email: info@lawcommission.gov.np
Website : www.lawcommission.gov.np
नयाँ बानेश्वर, काठमाडौं

मन्तव्य

कानूनको हरेक क्षेत्रमा प्रयोग हुने कानूनी शब्दहरूको अर्थ स्पष्ट, सरल र बुझ्न सकिने हुनु जरुरी हुन्छ। प्रयोग भएका शब्दहरूलाई सरल बनाउने काम शब्दकोशले गर्दछ। कुनै पनि शब्दकोशको तयारी आफैंमा जटिल र गहन कार्य हो। कानूनको क्षेत्रमा प्रयोग भएका शब्दहरूको सङ्कलन र त्यसको बुझाइमा एकरूपता कायम गर्ने विषय कठिन कार्य हो। नेपालमा नेपाली-अङ्ग्रेजी, अङ्ग्रेजी-नेपाली शब्दकोशहरू धेरै नै प्रकाशन भएका छन्। तर कानूनी नेपाली-अङ्ग्रेजी-नेपाली शब्दकोशको प्रकाशन कमी नै छ।

प्रस्तुत सन्दर्भमा नेपाल कानून आयोगले अत्यन्त मेहनतका साथ नेपालको कानूनी भाषामा एकरूपता, गुणस्तरीयता, प्रभावकारीता र कार्यसम्पादनलाई सरल, सहज, प्रभावकारी र समसामयिक बनाउन मार्गदर्शन गर्ने दस्तावेजको रूपमा यो शब्दकोश निर्माण गरेको छ। आजको एक्काइसौं शताब्दीको विश्वमा द्रुतगतिमा भइरहेको ज्ञानप्रवाह कानून तथा न्याय सम्बन्धी विषयमा नेपालको कानून क्षेत्रलाई समाहित र लाभान्वित तुल्याउने तर्फ नेपाल कानून आयोग सदैव सजग रहेको छ। सम्भवतः सरकारी निकायबाट आधिकारिक रूपमा प्रकाशित यो पहिलो कानूनी शब्दकोश हो। कानूनको क्षेत्रमा सक्रिय रहने र सरोकार राख्ने जो कोहीलाई पनि उपयोगी हुने कानूनी शब्दकोश प्रकाशन गर्न पाउँदा हर्ष लागेको छ।

यो शब्दकोश तयार गर्नुको मुख्य उद्देश्य कानूनको क्षेत्रमा प्रचलित जटिल शब्दहरूको सहज, बोधगम्य र प्रष्ट परिभाषा प्रस्तुत गर्नु हो। नेपालको कानूनमा प्रयोग हुने प्राविधिक शब्दहरू प्रायः संस्कृत, अङ्ग्रेजी, उर्दू वा परम्परागत कानूनी भाषाबाट लिने गरिएको हुँदा तिनको अर्थ

बुझ्न कठिन हुने गर्दछ। यस्ता कठिनाइ न्यूनीकरण गर्न तथा कानूनी साक्षरताको प्रवर्धन गर्न यो शब्दकोश उपयोगी साधन हुने विश्वास लिएको छु।

कानूनी शब्द र शब्दावली आफैंमा समृद्ध, पृथक र जटिल भएको हुँदा कतिपय शब्दहरूको भावानुवाद गर्दा ठ्याक्कै भाव रुपान्तरण नभएको हुन सक्दछ। यो शब्दकोशमा समावेश गरिएका शब्दहरू नेपालको संवैधानिक कानून, प्रचलित ऐन, अध्यादेश, नियमावली, गठन आदेश, नीति, निर्देशिका, मार्गदर्शन, सरकारी प्रतिवेदन र न्यायालयका फैसलाहरूको अध्ययन मार्फत सङ्कलन गरिएको हो। साथै उपलब्ध शब्दकोशहरूलाई समेत सन्दर्भ सामग्रीको रूपमा लिँदै अन्तरराष्ट्रिय सन्धि सम्झौता लगायतका कानूनी दस्तावेजहरूमा प्रयोग हुने र भइरहने कानूनी शब्द तथा शब्दावलीको भावपूर्ण अर्थ आउनेगरी शब्दार्थ खोज्ने प्रयास गरिएको छ। यसका अतिरिक्त नेपाली- अङ्ग्रेजी, अङ्ग्रेजी-नेपाली, नेपाली कानूनी सन्दर्भ सामग्रीहरू र व्यावहारिक प्रयोगमा आधारित रहेर शब्दहरूको व्याख्या गर्ने प्रयास गरिएको छ। शब्द चयन र व्याख्याको क्रममा आयोगका पदाधिकारी, अधिकृतहरू र विज्ञ समेतको सहकार्य रहेको छ। लामो समयको परिश्रम, अध्ययन र समर्पणको परिणाम स्वरूप विभिन्न चरणमा भए गरेका कार्यले शब्दकोश यो स्वरूपमा आउन सफल भएको छ। यसबाट कानून निर्माण गर्ने विधायिका, कानूनको व्याख्या गर्ने सबै तहका अदालत, न्यायिक, अर्धन्यायिक निकायहरू, कानूनको अध्ययन, अध्यापनमा संलग्न व्यक्ति तथा कानूनको क्षेत्रमा सरोकार राख्ने सबैलाई यो शब्दकोश अत्यन्त उपयोगी हुनुका साथै न्यायमा पहुँच पुऱ्याउन समेत सफल हुनेछ भन्ने विश्वास लिएको छु।

नेपाल कानून आयोगबाट तयार गरिएको यो कानूनी शब्दकोशलाई थप परिष्कृत गर्नका लागि यस विषयमा जानकार व्यक्तित्वहरूबाट सुझाव र पृष्ठपोषणको अपेक्षा गरिएको छ। भाषा र कानून दुबै गतिशील एवम् परिवर्तनशील क्षेत्र हुन्। त्यसैले यो शब्दकोश पूर्ण र अन्तिम होइन भन्ने कुरा स्पष्ट छ। भविष्यमा नयाँ कानूनी अवधारणा, शब्दावली तथा प्रयोगको विकाससँगै यो शब्दकोश अद्यावधिक हुनेछ।

प्रस्तुत कानूनी शब्दकोशको निर्माण र प्रकाशनमा सहयोग, सल्लाह दिनु हुने नेपाल कानून आयोगका पदाधिकारीहरू, शब्द सङ्कलन तथा सम्पादन समितिका संयोजक नेपाल कानून आयोगका उपाध्यक्ष प्रा. डा. लक्ष्मीप्रसाद मैनाली, आयोगका सचिव श्री आलोक चन्द्र श्रेष्ठको उल्लेखनीय सक्रियता एवम् शब्दकोश निर्माण र प्रकाशनमा बजेट उपलब्ध गराइदिन सहयोग

गर्नुहुने नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव समेतको कार्य सराहनीय छ।

अन्त्यमा, प्रस्तुत शब्दकोशको निर्माण र प्रकाशनमा आ-आफ्नो भूमिकामा रही सक्रियतासाथ सहयोग पुऱ्याउनु हुने आयोगका सहसचिव, उपसचिव, अधिकृतहरू लगायत अन्य सहयोगी कर्मचारीहरू सबैमा हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछु।

२०८२ असार

(जागेश्वर सुवेदी)

अध्यक्ष

नेपाल सरकार
नेपाल कानून आयोग
फोन नं. : ०१-४४८११५७
०१-४४८१०४३
०१-४४८१०४६
०१-४४८१०४५
फ्याक्स : ०१-४४८१७०४
Email: info@lawcommission.gov.np
Website : www.lawcommission.gov.np
नयाँ बानेश्वर, काठमाडौं

प्राक्कथन

कानूनको निर्माण, संहिताकरण, कानूनको संशोधन, एकीकरण र पुनरवलोकन साथै कानून र न्यायसम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने नेपाल कानून आयोगका मुख्य अभिभारा हुन् र आयोगले यी जिम्मेवारी अनेक ढाँचामा सम्पन्न गर्दै आएको छ। हाम्रा सरकारी कामकाजको मूल भाषा नेपाली र लिपि देवनागरी संविधानत: निश्चित छ। कानूनको फाँट विस्तृत भएकाले यसले समाजका प्राय: सबै क्षेत्रलाई समेट्नै पर्छ। नेपाली भाषाले समेट्ने क्षेत्र र कानूनले समेट्ने क्षेत्र धेरै हदसम्म उही भए पनि प्राविधिक विकास र अन्तरराष्ट्रिय कानूनी स्रोतका कारणले अध्ययन, अध्यापन र कामकाजमा अङ्ग्रेजी भाषाको बढ्दो प्रयोग र नेपाली भाषाको कम प्रयोग हुँदै गएको छ। नेपाली भाषाको शब्द भण्डारका शब्दहरूको कानूनी प्रयोजनमा हुने प्रयोग बढाउने दिग्दर्शन गर्ने आधिकारिक सामग्रीका अभावले पनि कानूनी फाँटमा नेपाली भाषाको प्रयोगमा कठिनाइ अनुभव हुने गरेको छ।

अर्कातिर नेपाली भाषा अधिकांश नेपालीको मातृभाषाका रूपमा लोकप्रचलित छ र हाम्रा सामाजिक तथा सार्वजनिक जीवनका भाषिक व्यवहार (कथ्य) नेपाली भाषामै सम्पन्न हुन्छन्। नेपाली भाषा नेपालको राष्ट्रभाषा मात्र नभएर सम्पर्क राष्ट्रभाषा पनि नेपाली मातृभाषीसँगै अन्य मातृभाषिक राष्ट्रभाषी नेपालीहरूको ठूलो पङ्क्तिले सार्वजनिक वाक्व्यवहार नेपालीमै गर्छन्। यसैले नेपाली भाषाको कथ्य र लेख्य दुवै व्यवहारलाई सुदृढ गर्दै लैजानुपर्ने अभिभारा हामीसामु छ।

कोश विज्ञानलाई भाषा विज्ञानको एक महत्त्वपूर्ण क्षेत्रको रूपमा हेर्ने गरिन्छ। कोश विज्ञानको व्युत्पत्तिगत अर्थलाई हेर्दा "शब्दको अध्ययन गर्ने विज्ञान" भन्ने बुझिन्छ। कोश विज्ञानको वास्तविक अर्थ केलाउँदा "कोशमा समावेश हुने शब्द र यससम्बन्धी वैज्ञानिक अध्ययन गर्ने शास्त्र" भन्ने बुझिन्छ। "ज्ञानपरक कोश" भन्नाले विषयवस्तुको ज्ञान दिने उद्देश्यले निर्माण वा

सम्पादन गरिएका कोश भन्ने बुझिन्छ। "विशेष कोश" भन्नाले विशेष क्षेत्र वा खास पक्षको सूचना दिनका लागि तयार गरिएका कोश भन्ने बुझिन्छ। यस हिसाबले "कानूनी शब्दकोश" लाई विषयवस्तुको ज्ञानपरक र विशेष कोशका रूपमा बुझ्नुपर्ने र लिनुपर्ने हुन्छ।

कोशकार जे· ए· स्यालिङ्करको भनाइ छ: *"कुनै कसुरदारलाई मृत्युदण्ड दिनुभन्दा कोश निर्माण गर्न वा सम्पादन गर्न लगाउँदा त्यस्ता कसुरदारका लागि उपयुक्त सजाय हुन पुग्छ/सक्छ"*। कोशकार पारसमणि प्रधानका भनाइमा*"कोश निर्माण गर्ने कार्य सरस्वती र लक्ष्मीको बाससित हनुमानको जाँगर हुनेले मात्र सम्पन्न गर्न सक्छ"*। शब्दकोशसँग सम्बन्धित यस्ता सूक्तिले के पुष्टि गर्छन् भने यो कोश निर्माण वा सम्पादनको कार्य एक गौरवपूर्ण, गहन तथा जटिल कार्य हो। यो ठुलो समर्पण, चर्को मिहिनेत, धैर्य, साधना र पर्याप्त बजेटबाट मात्र सम्पन्न हुने कार्य हो।

कानूनी भाषा सामान्य भाषा वा अन्य प्रयोजनपरक फाँटका भाषाभन्दा पृथक, सटीक, बौद्धिक र परिमार्जित हुन्छ र हुनै पर्छ किनभने समाजमा विद्यमान अधिकार, कर्तव्य, दायित्व तथा न्यायिक प्रक्रियाका स्वरूपलाई परिभाषित गर्नु र भाषाका माध्यमबाट यी सबैलाई उचित दिशाबोध गर्नु यसको अभिभारा वा भूमिका रहन्छ। यसैले कानूनी भाषामा भाषा र विषयवस्तु दुवै कुरा बुझ्न र बुझाउन प्रयोग गरिने शब्द र पदावलीबारे विशेषत: तिनको अर्थ र अर्थको सङ्गतिबारे स्पष्टता अत्यावश्यक हुन्छ। यही आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले नेपाल कानून आयोगबाट यो "**कानूनी शब्दकोश**" को निर्माण गरिएको हो।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको राज्य हो। नेपाली भाषामा कानूनी ज्ञानको अभावले गर्दा सर्वसाधारण नागरिकलाई आफ्नो अधिकार र कर्तव्य बुझ्नमा रहेका कठिनाइलाई मध्यनजर गर्दै आम जनसमुदायलाई कानूनी साक्षरतामा टेवा पुऱ्याउनु यो शब्दकोश निर्माणको मूल अभिप्राय हो। आजको सूचनाप्रविधि र ज्ञानका युगमा कानूनसम्बन्धी ज्ञान सबैका लागि पहुँचयोग्य, बोधगम्य र प्रयोग योग्य हुनुपर्छ भन्ने सोचका साथ कानूनी शब्द तथा पदावलीहरूको मानकीकरण, परिभाषा र वर्गीकरणको आवश्यकता महसुस गरिएको थियो। त्यसैको उपजस्वरूप यो कानूनी शब्दकोश तयार गरिएको हो। यसमा नेपालको संविधान, ऐन, नियम, गठन आदेश, निर्देशिका, कार्यविधि तथा न्यायालयका आदेश वा फैसलाहरूमा व्यापक रूपमा प्रयोग हुने कानूनी शब्द

तथा पदावलीहरूको सरल रूपमा परिभाषा र अर्थ प्रस्तुत गर्ने प्रयास भएको छ। शब्द तथा पदावलीहरूको अर्थ, प्रयोग, वैधानिक परिप्रेक्ष्य र भाषिक सुस्पष्टतालाई ध्यानमा राखेर यो शब्दकोश निर्माण गरी प्रकाशनमा ल्याइएको छ।

यो शब्दकोश तयार पार्ने क्रममा कानूनसम्बन्धी स्वदेशी तथा विदेशी शब्दकोश र राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी दस्तावेजहरूको गहन अध्ययन गरिएको छ। नेपालको संविधान, मुलुकी देवानी तथा फौजदारी संहिता, विशेष प्रकृतिका ऐन, नियमावली, सर्वोच्च अदालतका केही महत्त्वपूर्ण फैसलाहरू, कानूनी शोधपत्र लगायतका स्रोतहरूलाई सन्दर्भसामग्रीका रूपमा ग्रहण गरिएको छ। शब्द तथा पदावलीहरूको चयन, अर्थ, परिभाषा, व्याख्या र विश्लेषण गर्दा विशेष रूपमा कानून विज्ञ, भाषा विज्ञ तथा अनुसन्धानकर्ताहरूको समूहले संयुक्त रूपमा कार्य गरेकाले यसले भाषिक र कानूनी दुवै दृष्टिले सन्तुलन कायम राखेको छ। अङ्ग्रेजी भाषाका कानूनी शब्द तथा पदावलीहरूको नेपाली समतुल्य अर्थ तथा परिभाषा दिने प्रयास गरिएको छ, साथै नेपाली कानूनी शब्द तथा पदावलीहरूको पनि स्पष्ट र व्यावहारिक अर्थ तथा परिभाषा प्रस्तुत गरिएको छ। यो शब्दकोश निर्माण वा सम्पादनको क्रममा मेरुदण्डको रूपमा रहेको "प्रविष्टि निर्धारण" का आधारभूत मान्यताहरूलाई अवलम्बन गरिएको छ। यस शब्दकोशमा यसको उपयोगबाट प्रयोक्तालाई शाब्दिक सन्देह र द्विविधा हटाउन सहयोग पुगोस् भन्ने लक्ष्य राखिएको छ।

यो शब्दकोश कानून र न्यायको क्षेत्रमा आवद्ध रहने न्यायाधीश, कानूनका शिक्षक र विद्यार्थी, कानून व्यवसायी, अनुसन्धानकर्ता, न्याय सेवाअन्तर्गत कानून, न्याय र सरकारी वकिल समूहका अधिकृत, नीति निर्माणकर्ता, सञ्चारकर्मी, अनुवादक, सरकारी तथा गैरसरकारी निकाय र कानूनी ज्ञानको रुचि राख्ने जो-कोहीका लागि विशेष उपयोगी हुने अपेक्षा गरिएको छ। यस शब्दकोशको यो प्रारम्भिक संस्करण हो। भाषा र कानून दुवै समयअनुसार परिवर्तनशील छन्। त्यसैले नयाँ कानूनी अवधारणा, कानूनको विकास तथा भाषिक प्रवृत्तिका आधारमा आउँदा समयमा यसमा थप शब्द तथा पदावलीहरू समावेश गर्दै संशोधित र परिमार्जित संस्करणहरू निकाल्दै जानुपर्छ। शब्दकोश आफैमा अद्यावधिक र परिमार्जित हुँदै जाने सार्वजनिक सम्पत्ति हो। यसैले यस संस्करणलाई परिपूर्ण भइनसकेको प्रारम्भिक प्रकाशनका रूपमा बुझिनुपर्छ र लिइनुपर्छ। यसैले यसका परिमार्जनका लागि प्रयोगकर्ताहरूबाट प्राप्त हुने सल्लाह, सुझाव, प्रतिक्रिया र टिप्पणी आयोगका लागि बहुमूल्य रहने छन्।

वर्णानुक्रमानुसार व्यवस्थित गरिएको यो शब्दकोश निर्माण, सम्पादन र प्रकाशनका लागि आयोगमा रहेर विशिष्ट योगदान पुऱ्याउनु हुने निर्देशक समितिका सदस्यहरू, शब्द सङ्कलन तथा सम्पादन समितिका सदस्यहरू, कानूनी शब्दकोश निर्माणको लागि गठित निर्देशक समितिका सदस्य-सचिव एवम् आयोगका सहसचिव श्री शंकर बहादुर के.सी., भाषाविज्ञ एवम् परामर्शदाता अधिवक्ता श्री रवीन्द्र भट्टराई र कम्प्युटर अपरेटर श्री चण्डेश्वरी प्रजापति लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूलाई हृदयैदेखि धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, कानून र न्याय क्षेत्रमा यो शब्दकोश **"कोसेढुङ्गा"** का रूपमा स्थापित हुन सकोस् भन्ने अपेक्षा राख्दछु।

२०८२ असार

प्रा॰ डा॰ लक्ष्मीप्रसाद मैनाली

उपाध्यक्ष

नेपाल सरकार
नेपाल कानून आयोग
फोन नं. : ०१-४४८११५७
०१-४४८१०४३
०१-४४८१०४६
०१-४४८१०४५
फ्याक्स : ०१-४४८१७०४
Email: info@lawcommission.gov.np
Website : www.lawcommission.gov.np
नयाँ बानेश्वर, काठमाडौं

प्रकाशकीय

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्नका लागि *नेपाल कानून आयोग ऐन, २०६३* बमोजिम नेपाल कानून आयोगको स्थापना भएको हो। आयोगले ऐनको दफा १० मा तोकिएका काम, कर्तव्य र अधिकारहरू मध्ये "नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू" गर्न सक्ने व्यवस्था रहेको छ।

नेपालमा हालसम्म आधिकारिक कानूनी शब्दकोश निर्माण नभएको र कानूनको क्षेत्रमा प्रयोग हुने विभिन्न शब्दहरूको अर्थमा भिन्नता रहेको देखिन्छ। कानून तर्जुमाको सिलसिलामा द्विविधा उत्पन्न भइरहेको सन्दर्भमा कानूनी शब्दहरूमात्र सङ्कलन गरी एक आधिकारिक कानूनी शब्दकोश निर्माण गर्नुपर्ने आवश्यकता बोध भई नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७८।०८।१५ को पत्रानुसार आयोगले कानूनी शब्दकोश निर्माण गरेको छ।

आयोगले कानूनी शब्दकोश निर्माण गर्ने कार्यलाई मिति २०७८।०८।२० गते आयोगको बैठकबाट निर्णय भई कानूनी शब्दको सङ्कलन तथा सोको नेपाली र अङ्ग्रेजी अर्थ सम्पादन गर्नको लागि एक शब्द सङ्कलन तथा सम्पादन समिति र त्यस समितिलाई आवश्यकता अनुसार निर्देशन दिन एक निर्देशक समितिको गठन गरिएको थियो। शब्द सङ्कलन तथा सम्पादन समितिमा देहायका पदाधिकारीहरू रहेका थिए:-

(क)	उपाध्यक्ष, नेपाल कानून आयोग	- संयोजक
(ख)	सचिव, नेपाल कानून आयोग	- सदस्य
(ग)	सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	- सदस्य
(घ)	सहसचिव (प्रशासन महाशाखा प्रमुख), नेपाल कानून आयोग	- सदस्य

(ङ) उपसचिव (प्रशासन शाखा प्रमुख), नेपाल कानून आयोग - सदस्य-सचिव

यसैगरी निर्देशक समितिमा देहायका पदाधिकारीहरू रहेका थिएः

(क) अध्यक्ष, नेपाल कानून आयोग - संयोजक

(ख) उपाध्यक्ष, नेपाल कानून आयोग - सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) सचिव, नेपाल कानून आयोग - सदस्य

(छ) सहसचिव (तर्जुमा महाशाखा प्रमुख),
नेपाल कानून आयोग - सदस्य-सचिव

कानून नियमहरूको मात्र सङ्ग्रह नभई समाजिक न्याय र सुव्यवस्था सुनिश्चित गर्ने संरचनात्मक प्रणाली हो, जसको प्रभावकारिता यसको भाषिक स्पष्टता र अवधारणात्मक शुद्धतामा आधारित हुन्छ। यसै सन्दर्भमा प्रस्तुत कानूनी शब्दकोश एक प्रयासका रूपमा प्रकाशनमा आएको हो।

नेपाली कानूनमा प्रयोग हुने शब्दहरूको अर्थ मात्र नभई अङ्ग्रेजी अर्थ पनि यो शब्दकोशमा समावेश गरिएको हुँदा कानूनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थी, शिक्षक, कानून व्यवसायी, सबै तहका अदालत, न्यायिक तथा अर्ध न्यायिक निकाय र कानूनी क्षेत्रमा रूचि राख्ने सबैका लागि यो शब्दकोशले थप सहजता प्रदान गर्ने विश्वास लिएको छु। यो शब्दकोश प्रारम्भिक प्रकाशनको रूपमा रहेकाले यसमा कुनै त्रुटि भएको पाइएमा परिमार्जन गर्न वा यसलाई अझ स्तरीय बनाउनको लागि राय सुझावको अपेक्षा गरेको छु।

कानूनी शब्दकोश तयार गर्ने कार्यमा संलग्न भई सल्लाह र सुझाव दिनुहुने नेपाल सरकारका सचिवहरू श्री पाराश्वर ढुङ्गाना र श्री फणिन्द्र गौतम एवम् नायव महान्यायाधिवक्ता श्री टेक बहादुर घिमिरे, पूर्व मुख्य सचिव श्री लीलादेवी गड्तौला, पूर्व सचिवहरू श्री उदयराज सापकोटा, श्री धनराज ज्ञवाली र श्री तोयानाथ अधिकारी तथा पूर्व नायव महान्यायाधिवक्ता श्री कृष्णजिवी घिमिरे र श्री विश्वराज कोइरालालाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु। त्यसैगरी, कानूनी शब्द सङ्कलन र सोको नेपाली तथा अङ्ग्रेजी अर्थ सम्पादनमा महत्त्वपूर्ण योगदान दिनुहुने नेपाल

सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सहसचिव द्वय श्री सुशील कोइराला र श्री कोशलचन्द्र सुवेदी तथा सहसचिव श्री दल बहादुर अधिकारी र कानूनी शब्दकोशको सम्पादन गर्नु हुने विज्ञ श्री रवीन्द्र भट्टराईलाई हार्दिक आभार व्यक्त गर्दछु।

कानूनी शब्दकोश निर्माणको सन्दर्भमा निर्देशक समितिको संयोजकको भूमिका निर्वाह गर्नु भएका आयोगका अध्यक्ष श्री जागेश्वर सुवेदी र शब्द सङ्कलन तथा सम्पादन समितिको संयोजकको भूमिका निर्वाह गर्नुहुने आयोगका उपाध्यक्ष प्रा.डा. लक्ष्मीप्रसाद मैनाली प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, कानूनी शब्दकोशको सङ्कलन र सम्पादन गर्दा सहयोग गर्नुहुने आयोगका सहसचिव द्वय श्री गंगा बहादुर खरेल र श्री शंकर बहादुर के.सी., कम्प्युटर अपरेटर श्री चण्डेश्वरी प्रजापती र सहयोगी भूमिका निर्वाह गर्नुहुने आयोगका सम्बद्ध सबै कर्मचारीलाई समेत धन्यवाद ज्ञापन गर्दछु।

२०८२ असार

(आलोक चन्द्र श्रेष्ठ)

सचिव

सम्पादकीय

नेपाली भाषा आम नेपालीको सम्पर्क भाषा र बहुसङ्ख्यक नेपालीको मातृभाषा हो। नेपालको संविधानले यसलाई सरकारी कामकाजको मुख्य अभिलेखी राष्ट्रभाषा मानेको छ। यसका लेख्य रूपमा देवनागरी लिपि र सो लिपिअनुसारका विभिन्न भाषिक चिह्नहरू प्रयोग हुन्छन्। विभिन्न कार्यसम्पादन गर्नका लागि भाषा अद्वितीय माध्यम हो, साधन हो; यसैले कुनै पनि जिउँदा भाषाले आफ्ना प्रयोगक्षेत्र र सम्पादित हुने कामका प्रकृतिका आधारमा विभिन्न प्रयोजनपरक भेद वा फाँट सिर्जना गर्छ। सञ्चार/ पत्रकारिता, शैक्षणिक, कला, साहित्यिक र कानूनी वर्तमान नेपाली भाषाका प्रमुख प्रयोजनपरक क्षेत्र हुन्। सरकारी कामकाज विशेषत: कानून र न्यायक्षेत्रमा प्रयुक्त यसको भेदलाई 'कानूनी नेपाली' का रूपमा चिन्ने गरिएको छ। नेपाली भाषाको 'कानूनी' प्रयोजनपरकता पत्रकारिता, शैक्षणिक वा साहित्यिक नेपालीको ढाँचा र शैलीभन्दा अलग्गै छ। कानूनी भाषाको विशिष्ट पक्ष र विशेषतालाई ध्यानमा राखेर संसारका अरू भाषामा पनि कानूनी शब्दकोश र प्रयोजनपरकता वा प्रयुक्तिपरक ढाँचाका शैली पुस्तकहरू तयार गर्ने गरिएका पाइन्छ।

भाषाको आधारभूत सार्थक लघुतम संरचना शब्द हो र शब्दहरूको शृङ्खला बढ्दै पदपदावली, वाक्यखण्ड, वाक्य, अनुच्छेद हुँदै सिङ्गो भाषिक व्यवहार क्रियाशील हुन्छ। समाजमा कानूनले नछुने वा नसमेट्ने विषय हुँदैन र भाषाविनाको समाज हुँदैन। यसो हुनाले समाजमा प्रचलित भाषाका शब्दभण्डारमा भएका शब्द र पद-पदावलीहरू त्यस भाषाको कानूनी भेदमा पनि यसै रहन्छन्। यसअतिरिक्त भाषाको यस्तो प्रयोजनपरक भेदमा केही पद-पदावलीहरू पारिभाषिक र प्राविधिक कारणले विशिष्ट वा विशेष रूपले प्रयोग हुन्छन्। यसले प्रयोजनपरक भाषालाई विशेष र सम्बन्धित भाषालाई सामान्यमा छुट्याउँछ। अझ कानून र न्यायका सन्दर्भमा पनि शब्द, शाब्दिक व्याख्या र भाषिक अर्थको भूमिका अहम हुन्छ। शब्द, वाक्य वा भाषा भन्नु अर्थ हो र अर्थको महत्त्व न्यायका लागि अत्यन्तै गहन हुन्छ। यस हिसाबले शब्दार्थ-कानून र न्यायको मियो हो।

यसैले सामान्य भाषाका यस्ता केही विशिष्ट र पारिभाषिक पद-पदावलीको अर्थ खुल्दा स्रोतसामग्री यसका प्रयोक्ता वा उपभोक्ताका लागि आवश्यक हुन्छन्। यसैकारणले कानूनी

फाँटको प्रयोग वैशिष्ट्यका आधारमा त्यस्ता अर्थ प्रदायक शब्दकोशको आवश्यकता हुन्छ। यस्तो आवश्यकता अनुभूत गरेर नै नेपाल कानून आयोगले केही वर्षदेखि उपयुक्त शब्द, पद र पदावलीहरूको सङ्कलन गरी कानूनी शब्दकोश निर्माण गरेको छ। यो शब्दकोशलाई कानूनी शब्दकोशका रूपमा तर्जुमा गरी प्रकाशन गर्नका लागि देहाय बमोजिमको सम्पादन-नीति अवलम्बन भएको छ।

शब्दचयन र प्रविष्टिको क्रम

"शब्दकोश" भनेको शब्दार्थकोश हो। नेपाली भाषाको कानूनी शब्दकोशले नेपाली कानूनी फाँटमा बहुप्रचलित शब्द, पद-पदावलीलाई सन्दर्भअनुसार अर्थ्याउनमा मद्दत गर्नुपर्छ। यसैले यसमा प्रविष्ट गरिने निश्चित शब्दहरूको स्रोत वा व्युत्पति र पदवर्ग दर्साउँदै पारिभाषिक वा प्रयोजनपरक शब्दको अर्थ दिनुपर्छ। कानूनी शब्दको पारिभाषिकीकरण पदावली र आवश्यकताअनुसार अल्पवाक्यसम्म तन्किन्छ। यसैले प्रस्तुत शब्दकोशमा विभिन्न स्रोतबाट नेपाली भाषाको शब्दभण्डारमा भित्रिएर विशेषत: कानूनी सन्दर्भमा बहुप्रचलित रहेका शब्द, र एकै अर्थएकाइवाला पदावली (नाम र क्रिया पदावली) र कतिपय अवस्थामा वाक्यखण्ड वा अल्पवाक्यसम्मकै अर्थ प्रस्तुत गर्ने प्रयास गरिएको छ। शब्दभण्डारमा रहेका र सिङ्गो भाषामा प्रचलित सबै शब्दको सबै अवस्थामा कानूनी सन्दर्भ रहँदैन, यसैले कानूनसँग सिधै सम्पर्क नहुने ठानिएका शब्दहरूलाई यसमा प्रविष्टि दिन आवश्यक नठानी सामान्य नेपाली भाषामा पनि बहुप्रचलनमा रहेका र सन्दर्भअनुसार भिन्नभिन्न अर्थमा पनि प्रयोग हुने शब्दहरूलाई कानूनी सन्दर्भमा प्रयोग हुँदा तिनको लाग्ने अर्थको सम्बन्धलाई ध्यानमा राखी प्रविष्ट गरिएको छ। शब्दलाई देवनागरी लिपिको स्वर तथा व्यञ्जन वर्णका अनुक्रममा राखिएको छ भने पदावलीलाई पदावलीको पहिलो शब्दका वर्णानुक्रमअनुसार प्रविष्ट गरिएको छ।

स्रोत र व्युत्पत्ति

शब्दको अर्थ बुझ्नका लागि तिनका माउ रूप पहिल्याउने व्युत्पत्तिले विशेष महत्त्व राख्ने हुनाले कोशमा प्रविष्ट गरिएका शब्दको उत्पत्ति वा स्रोत यथासम्भव दर्साउने प्रयास गरिएको छ। नेपाली भाषाका शब्दभण्डारका मुख्य स्रोत संस्कृत, प्राकृत र पालि भाषा रहेका छन्। यी स्रोतबाहेक फारसी, अरबी, तुर्की र अङ्ग्रेजी भाषाबाट भित्रिएका शब्दहरूको पनि नेपाली भाषामा पौल छ र ती विशेषत: सरकारी कामकाज र कानूनी क्षेत्रमा बहुप्रचलित छन्। जुनजुन भाषाबाट आएका भए पनि यी सबै शब्द नेपाली शब्द हुन्। यसअनुसार सम्बन्धित

स्रोतभाषाबाट रूप नबदलिई जस्ताको तस्तै आएका शब्दहरूका लागि तिनको स्रोत दर्साउन स्रोतभाषाको सङ्केतनाम दिइएको छ। शब्दको स्रोत अर्को भाषा भए पनि त्यसको रूप/ध्वनि परिवर्तित भएर प्रयोगमा रहेका शब्दका हकमा स्रोतभाषा सङ्केत गर्दै स्रोत भाषामा त्यसको मौलिक रूप र नेपालीकरण हुँदा व्याकरणिक कोटि अनुकूलनमा प्रयोग भएका रूपिम वा शब्दांश छुट्याई देखाइएको छ (उदाहरणका लागि: मन्जुरी *ना.* [अ. मन्जुर+ई])।

भाषासंरचनामा 'वाक्य' अभिव्यक्तिको पूर्ण अर्थएकाइ हो भने 'शब्द' लघुतम अर्थएकाइ हो। शब्द र वाक्यका बिचका तहको अर्को अर्थएकाइचाहिँ 'पदावली' (पदसमूह) हो। वाक्यको अर्थलाई यसका उद्देश्य र विधेय खण्डका विभक्त गरेर हेर्दा नामपदावली र क्रियापदावली गरी दुई किसिमका पदावली हुन्छन्। यसै आधारमा नामपदावली र क्रियापदावलीका रूपमा पदावलीहरूलाई कोशमा शब्दसरह प्रविष्टि दिइएको छ। अल्पवाक्यलाई अलग्गै नाम दिई प्रविष्ट नगरी तिनलाई विस्तृत पदावली मानी प्रविष्ट गरिएको छ। पदावलीमा एकभन्दा बढी शब्द रहन्छन् र तिनको उत्पत्ति स्रोत एकै हुँदैन। यसैले पदावलीभित्रका अलग शब्दको स्रोत वा व्युत्पत्ति सङ्केत गरिएको छैन। तथापि पदावलीभित्रका शब्दहरूमध्ये अलग्गै प्रविष्ट गर्न सकिने शब्दलाई तिनको वर्णानुक्रमअनुसार गरिएको प्रविष्टिमा यथासम्भव स्रोत खुलाएर प्रस्तुत गरिएको छ। नेपाली भाषाभित्रैको शब्दनिर्माण प्रक्रियाबाट बनेका शब्दहरूको हकमा तिनका धातु र बद्ध रूपिम, उपसर्ग, प्रत्यय वा अनुकरणमूल र द्वित्वप्रक्रिया छुट्याई सङ्केत गरिएको छ। शब्दहरूलाई प्रस्तुत गर्दा यथासम्भव तिनका सरल, मिलित र समस्तजस्ता स्वरूप ठम्याउन सजिलो हुने गरी सरललाई स्वतन्त्र रूपमा राखी मिलित र समस्त शब्दका मुक्त मौलिक स्वरूप र बद्ध रूपिम छुट्याउन योजक चिह्न (+) ले सङ्केत गरिएको छ।

कानूनी नेपालीमा टुक्काको प्रयोग विशिष्ट रूपमा हुँदै आएको छ। नेपालीमा टुक्का प्राय: विशेष किसिमका क्रियापदावलीका रूपमा प्रयोग हुन्छन्। क्रियापदावलीको प्रयोग अभिधामूलक नहुने र लक्षणा शब्दशक्तिको प्रयोगद्वारा तिनको अर्थ निरूपित हुने भएकाले तिनको अर्थ दिँदा कानूनी सन्दर्भमा आउने त्यस्तै लक्षित अर्थ दिइएको छ। शब्दकोशका लागि शब्द सङ्कलन गर्दा क्रियापदावलीको खासै अलग्गै सङ्कलन नभएको र भएका केही क्रियापदावलीका पनि प्राय: क्रियापद सङ्कलन भएकोले कतिपय क्रियापदावलीलाई प्रविष्ट गर्न नसकी तिनका पदखण्डलाई शब्दको तहमै पदवर्ग औँल्याई प्रविष्टि दिइएको छ। उदाहरणका लागि, 'साबित गर्नु' र 'साबित हुनु' भिन्नभिन्न क्रियापदावली हुन् किनभने पहिलो पदावलीको लक्षितार्थ 'कुनै

कुरा प्रमाणित गर्नु' हुन्छ भने दोस्रो पदावलीको अर्थ 'कुनै कसुरको साबिती दिनु वा स्वीकार गर्नु' भन्ने हुन्छ। तसर्थ, कोशमा यस्ता अनेकार्थ रूपमा बन्ने क्रियापदावली अलगअलग प्रविष्ट नगरी 'साबित' शब्दको अर्थ दिँदै यी दुवै अर्थलाई स्पष्ट बनाउने प्रयास गरिएको छ।

अर्थप्रस्तुति

कोशविज्ञानले शब्दार्थप्रस्तुतिका विशिष्ट युक्तिहरू प्रयोग गर्ने दिशानिर्देश गर्छ। यस्ता युक्तिहरूमा परिभाषा, पर्याय, विवृत्ति/ स्पष्टीकरण, तुलनीय प्रतिनिर्देश मुख्य छन्। यस कोशमा प्रविष्ट गरिएका शब्द तथा पदावलीका लागि उपयुक्ताका आधारमा यिनै युक्तिहरूमध्येबाट एक वा एकभन्दा बढी युक्ति अवलम्बन गरिएको छ। कानूनी प्रयोजनमै पनि कुनै शब्द एकै अर्थमा प्रयोग हुने अवस्था नहुने भएकाले त्यस्ता एकाधिक अर्थ लाग्ने प्रविष्ट शब्दहरूका हकमा एकभन्दा बढी नै अर्थहरू दिइएको छ। कानूनद्वारा नै कतिपय शब्द वा पदावलीको परिभाषा सम्बन्धित कानूनमा गरिने भएकोले त्यस्ता कानूनमा परिभाषित शब्द वा पदावलीको कानूनमा रहेको परिभाषाले व्यक्त गरेको शाब्दिक अर्थलाई प्रतिकूल प्रभाव नपर्ने गरी सरलीकृत गरेर अर्थ दिइएको छ। यसो गर्दा सम्बन्धित शब्दका अर्थएकाइलाई यथासम्भव छोटो एकाइका रूपमा प्रस्तुत गरिएको छ।

भाषा र व्याकरण नै कानूनका समग्र पाठलाई नियमन गर्ने मुख्य प्राधिकार हुन्। कानूनको भाषा व्याकरणिक भएर मात्र पुग्दैन र त्यो वाच्यार्थमूलक हुनुपर्छ। यसो भए पनि भाषाको व्यवस्थाले सबै अवस्थामा सबै अभिव्यक्ति वाच्यार्थप्रधान वा अभिधाभूलक हुने बनाउन सक्दैन। यसैले कानूनी भाषालाई गैरसाहित्यिक सङ्कथन मान्दै यसका अभिव्यक्ति र बोधका लागि अभिधा र लक्षणा शब्दशक्तिबाट आउने अर्थ नै अर्थखण्डमा दिइएका शब्द र पदावलीलाई अर्थ्याउन पनि अवलम्बन गरिएको छ। द्विखण्डीय वा त्रिखण्डीय हुन सक्ने भए तापनि समस्त शब्द एकै डिकोमा लेखिनुपर्ने शब्दको परिभाषागत मान्यताअनुसार शब्दकै रूपमा अलग प्रविष्ट गरिएको छ र एउटै आधार शब्दमा अर्को शब्द जोडिई बन्ने शब्दहरूलाई अर्थखण्डमा नै योजक चिह्नद्वारा दर्साई अर्थ दिने अन्य कोशीय प्रविष्टीकरण परम्परा यसमा अवलम्बन गरिएको छैन।

वर्णविन्यास

नेपालीमा वर्णविन्यासका लागि शब्दलाई मूलतः तत्सम र तत्समेतर (तद्भव, आगन्तुक, अनुकरणीय मूल आदि) गरी दुई नियमलाई सर्वमान्य मानिएको पाइन्छ। संस्कृत भाषाबाट जस्ताको तस्तै आएका शब्द तत्सम र तिनको वर्तनी वा वर्णविन्यास संस्कृत नियमानुसार गर्नुपर्छ। यस्ता तत्समबाहेक व्युत्पत्ति नभएका देशज नेपाली शब्द, संस्कृत/पालि स्रोतका तर तिनबाट रूप बदलिएर नेपाली शब्दका रूपमा स्थापित भएका तद्भव शब्द, अन्य भाषाबाट नेपालीमा रूप परिवर्तन नभई वा रूप परिवर्तन भएर भित्रिएका आगन्तुक शब्द र झर्रा, ठिमाहा, ठेट भनेर चिनिने शब्द तत्समेतर शब्दका रूपमा चिनिन्छन्। तत्समेतर शब्दको वर्णविन्यास ती शब्द नेपालीमा जसरी उच्चारण गरिन्छन् त्यसैअनुरूप गर्नुपर्छ भन्ने नियम सकारिएको पाइन्छ। यसो भए पनि नेपाली भाषाको लिखित स्वरूपमा वर्णविन्यास र पदयोग-पदवियोगका मानक नियमको एकरूपतासाथ पालना हुने गरेको छैन। नेपाली भाषाको शैक्षणिक भेद (विद्यालय र विश्वविद्यालयमा पढाइने नेपाली भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकमा अवलम्बित र निर्दिष्ट नियम पत्रकारिता र कानूनी वा सरकारी कामकाजका लेखन-अभिलेखनमा प्रयुक्त वर्णविन्यास र पदयोग-पदवियोगको प्रयोगमा एकरूपता छैन। यो समस्यालाई सम्बोधन गर्नका लागि यस कोशमा शैक्षिक-प्राज्ञिक उपाधिका लागि पढाइने नेपाली भाषाका लागि अवलम्बित वर्णविन्यासको नियमलाई मानक र प्रयोगकर्ताहरूले प्रचलन कायम राखेका वर्णविन्यासका नियमलाई उपमानक मानिएको छ। यसका लागि वर्णानुक्रमअनुसार गरिने शब्दविन्यासमा मानक रूपलाई अगाडि प्रविष्टि दिई बिचमा विभाजक/तिर्यक् (/) राखी पछाडि उपमानक रूपलाई राखिएको छ। अर्थखण्डमा भने मानक नियमलाई नै अगाँलिएको छ। कतिपय शब्द वा पदावलीको अर्थ ऐन नियममा गरिएका तिनका परिभाषासँग सामाञ्जस्य हुने गरी राखिएकाले तिनको स्रोतसङ्केतका लागि सङ्केत (हे.) साथ तिनको नाम र दफा सूचित गरिएको छ। यसरी सूचित गर्दा सम्बन्धित ऐन नियमका मूल नाममा राखिएका वर्णविन्यासलाई यथावत् राख्ने नीति अपनाइएको छ। त्यस्ता कतिपय ऐन नियमका नाउँमा मानक वा उपमानक दुवै नियमसँग मेल नखाने किसिमका वर्णविन्यास पनि रहेकाले त्यस्ता अत्यन्त त्रुटिपूर्ण वर्णविन्यासलाई भने केही हद (जस्तैः 'ङ' लेख्नुपर्ने ठाउँमा रहेको 'ङ्ग' लाई ङ बनाई) सम्म सच्याइएको छ।

सङ्केतीकरण

शब्दकोश तर्जुमा गर्दा सङ्क्षिप्तता र सूच्यताको आवश्यकतालाई सम्बोधन गर्नका लागि आवश्यकताअनुसार पाठमा आक्षरिक वा अनाक्षरिक सङ्केत राखिएको छ। यसरी दिइएका सङ्केतले जनाउने पूर्ण अर्थका लागि सङ्केत र तिनको विस्तृत रूपको सूची सङ्केत सूचीका रूपमा अलग्गै राखिएको छ।

सम्पादक

नेपाल कानून आयोगका पदाधिकारी

१.	श्री जागेश्वर सुवेदी, नेपाल कानून आयोग	- अध्यक्ष
२.	प्रा. डा. लक्ष्मीप्रसाद मैनाली, नेपाल कानून आयोग	- उपाध्यक्ष
३.	श्री उदयराज सापकोटा (मिति २०८२।०२।२७ सम्म) र श्री पाराश्वर ढुङ्गाना (मिति २०८२।०३।०४ देखि), सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	- सदस्य
४.	श्री फणिन्द्र गौतम (कानून), सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	- सदस्य
५.	श्री टेक बहादुर घिमिरे, नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
६.	श्री आलोक चन्द्र श्रेष्ठ, सचिव, नेपाल कानून आयोग	- सदस्य-सचिव

सङ्क्षिप्त रूप

अ.	अरबी	पाँ.स.	पाँचौ संस्करण
अङ्.	अङ्ग्रेजी	पृ.	पृष्ठ
अमू.	अनुकरण मूल	पोर्त.	पोर्तगाली
अस.	असमी	प्र.प्र.	प्रथम प्रकाशन
आ.सं.	आठौं संस्करण	प्र.सं.	प्रथम संस्करण
क्रि.	क्रिया	प्रा.	प्राध्यापक
क्रिप.	क्रियापदावली	प्रा.	प्राकृत
क्रि*वि.*	क्रियाविशेषण	फा.	फारसी
गन्गा.	गन्गाई	फ्रे.	फ्रेन्च
चौ.सं.	चौथो संस्करण	मग.	मगर
डा.	डाक्टर	राज.	राजवंशी
तिब्ब.	तिब्बती	*वि.*	विशेषण
तु.	तुर्की	वि.सं.	विक्रम् संवत्
तुल.	तुलनीय	संयो.	संयोजक
तृ.सं.	तृतीय संस्करण	सन्	इस्वी संवत्
ते.सं.	तेस्रो संस्करण	सम्पा.	सम्पादक/सम्पादन
था.	थारू	सर्व.	सर्वनाम
द.सं.	दशौं संस्करण	सा.सं.	सातौं संस्करण
दो.सं.	दोस्रो संस्करण	हि.	हिन्दी
द्वि.	द्वित्व	हे.	हेर्नुहोस्
ना.	नाम		
नाप.	नामपदावली		
ने.का.प.	नेपाल कानून पत्रिका		
ने.प्र.प्र.	नेपाल प्रज्ञा प्रतिष्ठान		
नेवा.	नेवारी		
पा.	पालि		

Abbreviations and Acronyms

A.D.	After the Birth of Jesus Christ
B.S.	Bikram Sambat
comp.	compilation
Dr.	Doctor
edn.	edition
edr.	editor
edrs.	editors
et al.	and others
NCSCs	National Center for State Courts
N.L.C.	Nepal Law Commission
p.	page
pp.	pages
Prof.	Professor
pub./publ.	published
SDCJSs	State Division of Criminal Justice Services

सङ्केत चिह्न

-	योजक चिह्न, निर्देशक चिह्न
,	अल्पविराम (शब्दान्तर भेदक वा संयोजकस्वरूप)
;	अर्द्धविराम (एकै शब्दका अनेक अर्थ छुट्याउन)
?	निश्चित हुन नसकेको सम्भावित स्रोत
.	सङ्क्षेपीकृत चिह्न
।	पूर्णविराम (अर्थको समापन सङ्केतस्वरूप)
( )	प्रयोग क्षेत्र (अर्थसँग भएमा); व्याख्या वा विवृति; हे. पछि भए स्रोत
[ ]	स्रोत; व्युत्पादन; प्रयोग क्षेत्र (प्रविष्टिसँग भएमा)
/	विभाजक वा विकल्प रूप
+	रूप सीमा वा जोड
>	अघिल्लो शब्दबाट व्युत्पन्न

विषय-सूची

अक्षर	पृष्ठ संख्या
अ	१-४५
आ	४६-६६
इ	६७-७१
ई	७२
उ	७३-८८
ऋ	८९-92
ए	93-99
ऐ	१००-१०१
ओ	१०२
औ	१०३-१०७
क	१०८-१६२
ख	१६३-१७७
ग	१७८-१९३
घ	१९४-१९९
च	२००-२०९
छ	२१०-२१५
ज	२१६-२४५
झ	२४६-२४९
ट	२५०-२५६
ठ	२५७-२६०
ड	२६१-२६७
ढ	२६८-२७०
त	२७१-२८९
थ	२९०-२९३
द	२९४-३१८

ध ---------- ३१९-३२६
न ---------- ३२७-३७६
प ---------- ३७७-४१९
फ ---------- ४२०-४३१
ब ---------- ४३२-४८२
भ ---------- ४८३-४९४
म ---------- ४९9-५४९
य ---------- ५५०-५५७
र ---------- ५५८-५९२
ल ---------- ५९३-६११
व ---------- ६१२-६७1
श ---------- ६७2-६८5
ष ---------- ६८6
स ---------- ६८7-७८४
ह ---------- ७८५-८०१

सन्दर्भ-सामग्री सूची ---------- ८०२-८०८

अ

अ.न.मि./ अनमी (Assistant Nurse Midwife)- *ना.* सहायक स्वास्थ्य परिचारिका; मान्यताप्राप्त शिक्षण संस्थाबाट सहायक स्वास्थ्य परिचारिका (अनमी) को प्रमाणपत्र प्राप्त व्यक्ति। *[हे. नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (ङ)।]*

अंश/ अंस (Partition)- *ना.* [सं.] परिवारको जायजेथामाथि परिवारका हरेक व्यक्तिको स्वामित्वको भाग; सगोलको चलअचल सम्पत्ति वा जायजेथाउपर एकाघरका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीको एकएक भाग वा खण्ड; सगोलको जायजेथाको अंसियारहरूको प्रतिव्यक्ति पर्ने भाग।

अंशदपोट (Concealment of Property) - *ना.* अंश दिनुपर्ने अंशियारले अंशबन्डा गर्दा दबाए छुपाएको (लुकाएको) ठहरिएको सगोलको सम्पत्ति।

अंशबन्डा (Partitioning)- *ना.* अंशियारका बिचमा सम्पत्तिको बाँडफाँट; सगोलको सम्पत्तिको भाग लगाउने काम; अंशभाग छुट्याउने काम।

अंशभाग (A part of ancestorial or joint property)- *ना.* प्रति अंशियारले पाउने पैतृक वा सगोलको सम्पत्तिको भागफल।

अंशियार/ अंसियार (Coparcener)- *ना.* सगोलको सम्पत्ति अंशबन्डा गर्ने पति, पत्नी, बाबु, आमा, छोरा, छोरी; सगोलका सम्पत्तिका भागीदार। *(हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २०५।)*

अकर (Tax-exempted)- *ना.* [सं.] कर, पोत, शुल्क आदि नलाग्ने; कर मिन्हा भएको।

अकर्न/अकर्ण (Inventory of official records, a list of official records)- *ना.* [फा.] साबिकवालाले हालवालालाई आफ्नो जिम्माको नगदी-जिन्सी बुझाउँदा लेखिदिने कागज; कार्यालयमा हाजिर हुँदा बरबुझारथको जिम्मा लिने र बुझाउनेले लेखिदिने कागज; विवरणिक भरपाई।

अक्षय कोष (Revolving Fund)- *नाप.* [सं.] मूल धनराशी नमासिने गरी त्यसबाट आर्जित ब्याज मात्र खर्च गर्न सकिने सञ्चित कोष; अविनाशी कोष।

अक्षुण्ण (Perpetual)- *वि.* [सं.] अटुट, बाधारहित; क्षय नहुने; निरन्तर; लगातार; अविच्छिन्न।

अख्तियार (Authority)- *ना.* [अ.] कानूनप्रदत्त वा प्रत्यायोजित सामर्थ्य वा शक्ति; अधिकारप्राप्त हैसियत; काम-कर्तव्य गर्ने अधिकार वा कानूनी बल।

अख्तियार दुरूपयोग (Abuse of authority)- *ना.प.* कानूनद्वारा दिइएको अधिकार, अधिकारक्षेत्र वा जिम्मेवारीको गलत वा अनुचित प्रयोग गराइ; सेवामूलक काम वा कर्तव्यका लागि कानूनले दिएको जिम्मेवारी विपरीत काम गराइ; अधिकारको स्वेच्छाचारी र जथाभाबी प्रयोग।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग (Commission for the Investigation of Abuse of Authority)- *ना.प.* सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्ने, गराउने र मुद्दा चलाउने संवैधानिक निकाय। *[हे. नेपालको संविधानको धारा २३८ र २३९।]*

अख्तियारनामा (Power of attorney)- *ना.* अधिकार उल्लेख गरेर दिइएको पत्र; अधिकारपत्र; वारेसनामा।

अख्तियारप्राप्त व्यक्ति (Authorized person)- *ना.प.* काम-कारबाहीका सिलसिलामा खासखास काम गर्ने वा अधिकार प्रयोग गर्ने व्यक्ति; कुनै काम वा कारोबारका बारेमा अन्तिम निर्णय गर्ने अधिकारप्राप्त व्यक्ति वा पदाधिकारी। *[हे. बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (झ)।]*

अख्तियारवाला (Competent authority)- *ना.* सार्वजनिक पद धारण गरेको व्यक्तिको सेवा शर्त सम्बन्धी प्रचलित कानून वा सम्झौता वा त्यस्तो कुनै लिखतमा व्यवस्था भए बमोजिम त्यस्तो व्यक्तिलाई नियुक्त गर्ने, अवकाश दिने वा निजको काम कारबाहीको सुपरीवेक्षण गर्ने अधिकार प्राप्त अधिकारी; कानूनबमोजिम अधिकार प्रयोग गर्न पाउने अधिकारी; कुनै काम गर्न कानूनतः अधिकार पाएको व्यक्ति; प्रचलित कानून बमोजिम कुनै पदमा नियुक्त गर्ने सक्ने अधिकारी। *[हे. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (ट), निजामती सेवा ऐन, 2049 को दफा २ को खण्ड (ग) र लोकसेवा आयोग ऐन, 2079 को दफा 2 को खण्ड (क)।]*

अख्तियारी (Authorization)- *ना.* दिइएको वा पाइएको अधिकार, जिम्मेवारी वा भूमिका।

अगम्यागमन (Incest)- *ना.* [सं.] हाडनाता करणी; यौनसम्पर्क गर्न नहुने नातेदार महिलासँगको यौनक्रीडा।

अग्रहार (A kind of granted land by King)- *ना.* [सं.] कुशबिर्ता; राजाद्वारा बाह्यण वा धार्मिक सङ्गठनलाई दिइएको पोतामाफी जग्गा; राजाबाट जीविकोपार्जनका लागि दिइएको तिरो मुक्त जग्गाजमिन; गुरुकुलबाट दीक्षान्त भइआएकालाई आजीविकाका लागि दिइने जमिन।

अग्राधिकार (Preference)- *ना.* [सं.] पहिलो र मुख्य अधिकार; प्रश्रय पाउँदो अधिकार।

अग्राधिकार सेयर/ शेयर (Preference share)- *ना.प.* आर्जित मुनाफाबाट पूर्वनिर्धारित दरमा लाभांश प्रत्याभूत गरिएको सेयर; मताधिकार नहुने भए पनि कम्पनी बन्द हुँदा पहिले भुक्तानी प्राप्त गर्ने साधारणभन्दा भिन्न खालको सेयर।

अग्राधिकारयुक्त कारोबार (Preference transaction)- *ना.प.* कम्पनी खारेज हुँदा सुरक्षित साहुबाहेक अन्य साहुले दाबी गर्दा पाउन सक्नेभन्दा बढी भुक्तानी पाउने गरी भएको कारोबार। *[हे. दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ५९ को उपदफा (१) को खण्ड (ख) को स्पष्टीकरण।]*

अग्राह्य (Inadmissible)- *वि.* [सं.] स्वीकार गर्न नहुने; ग्रहण गर्न अयोग्य; लिन नहुने वा नलिइने; अवरणीय।

अग्राह्य प्रमाण (Inadmissible evidence)- *ना.प.* कुनै निर्णय लिने आधारको रूपमा ग्रहण वा वरण हुन नसक्ने सबुत वा प्रमाण।

अग्राह्य मुद्दा (Inadmissible case)- *ना.प.* अधिकारक्षेत्र, हदम्याद, प्राङ्न्याय वा अन्य कुनै कानूनी रोकावटका कारण दायर वा दर्ता हुन नसक्ने मुद्दा वा सवाल।

अग्राह्यता (Inadmissibility)- *ना.* [सं.] स्वीकार, ग्रहण वा वरण नहुने अवस्था; नलिइने वा लिन नसकिने अवस्था।

अग्रिम कर कट्टी गर्ने व्यक्ति (Person deducting tax in advance)- *ना.प.* रोजगारी, लगानी प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करार समेतको भुक्तानी गर्दा भुक्तानी प्राप्तकर्तालाई लाग्ने कर अग्रिम रूपमा कट्टी गरी राजस्व दाखिला गर्नु-गराउनुपर्ने कर्तव्य भएको व्यक्ति। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (क)।]*

अङ्ग (Organ/body-part)- *ना.* [सं.] घटक; अंश; खण्ड; अवयव; भाग; आङ; आँखा, नाक, मुख, जिब्रो, कान, छाला आदि ज्ञानेन्द्रिय; आँखा, नाक, मुख, कान, हात, खुपट्टा, गुद्वार र उपस्थ आदि कर्मेन्द्रिय; मानवशरीरमा रहने मुटु, कलेजो, फोक्सो, मिर्गौंलालगायतका अवयव वा अन्य सूक्ष्म जैविक तन्तु।

अङ्ग पुग्नु (Mature)- *कृ.प.* मुद्दा निरूपण गर्न पूरा हुनुपर्ने विषय, संशय, पूर्वपक्ष, उत्तरपक्ष र निर्णयजस्ता विवेच्य पाँच अङ्ग पूरा हुनु; कुनै दाबी लिई अदालतमा परेको मुद्दामा प्रतिवादीलाई म्याद दिने, प्रमाण बुझ्नेलगायतका पुर्पक्षका आवश्यक प्रक्रिया पूरा भई मुद्दा फैसला गर्न मिल्ने अवस्था हुनु; अभियोजन, बयान, साक्षीपरीक्षण, प्रमाणको सत्यापन लगायतका स्वच्छ पुर्पक्षका मापदण्डको पालना ठहर वा फैसला गर्न मिल्ने स्थिति बन्नु।

अङ्गभङ्ग (Mutilation/deformity)- *ना.* [सं.] शरीर अङ्गमा हानिनोक्सानी पुग्ने चोट, घा वा क्षति; शरीरका अङ्गको टुटफुट वा भँचाइ; अङ्गमा पुगेको आघात।

अङ्गभङ्गको कसुर (Offence of grievous hurt)- *नाप.* आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइदिने, नाकको सुँघ्ने शक्ति नाश गरिदिएमा, कानको सुन्ने शक्ति नाश गरिदिने, जिब्रोको बोल्ने शक्ति नाश गरिदिने, महिलाको स्तन काटिदिने, महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाइदिने, मेरुदण्ड, डँडाल्नु, हात खुपट्टा वा त्यस्ता अङ्गको जोर्नी भाँची, फोरी, फुकाली बेकम्मा पारिदिने काम; कुटपिटको कारणबाट आफ्नो पेसाको काम गर्न नसक्ने गरी असक्षम बनाउने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा 192 को उपदफा (2)।]*

अचल सम्पत्ति (Immovable property)- *नाप.* जग्गाजमिन; जग्गाजमिनमा चल्न नसक्ने गरी जडिएका चिज वा वस्तु; एक ठाउँबाट अर्को ठाउँमा लैजान वा सारनतारन गर्न नसकिने भवन, घर-घडेरीजस्ता जायजेथा। *[हे. नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ट)।]*

अछ्रापे/ अछ्राबे (Without official seal)- *वि.* अड्डा अदालतको छाप नलागेको; अड्डाको छाप बेगर।

अझारो (Accusation) -*ना.* [सं. अध्यारोप] अधिआरोप; आरोप; दोष लगाउने काम; दोषारोपण; अभियोग, अत्तो, फत्तुर।

अटिज्मसम्बन्धी अपाङ्गता भएको व्यक्ति (Person with autism-associated disability)- *नाप.* स्नायविक, मानसिक तथा शारीरिक रूपमा विकासगत विकारका कारण अपाङ्गता रहेको व्यक्ति; जन्मजात स्नायु तथा तन्तुको विकास र तिनका कार्यमा समस्या भएको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

अटोमोबाइल्स (Automobiles)- *ना.* तीन वा सोभन्दा बढी पाङ्ग्रा भएको सडकमा गुड्ने यात्रुबाहक सवारीको साधन; डिजेल, पेट्रोलजस्ता इन्धन वा बिजुलीद्वारा चल्ने इन्जिन भएका चारपाङ्ग्रे सवारी साधन; टेम्पो वा गाडी। *[हे. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 41 को उपनियम (2) को खण्ड (ख) को स्पष्टीकरण।]*

अटोरिक्सा मिटर (Autorickshaw meter)- *नाप.* अटोरिक्साको भाडा फासला वा समयअनुसार तोकिएको दरमा गणना गरी देखाउने यन्त्र। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५(ख)।]*

अडबड (Awkward)- *ना.* [अमू.] अफ्ठेरो अवस्था; बाधाअड्काउ; उबडखाबड। *वि.* अड्काउ, चटारो।

अड्डा (Court, office)- *ना.* कानूनी निकाय वा व्यक्तिले कार्यसम्पादन गर्ने स्थान; कार्यालय; अदालत; मुद्दामामिला छिनोफानो गरी न्यायनिसाफको काम गर्ने कार्यकक्ष, कचहरी; सरकारी वा गैर सरकारी सङ्गठन वा कार्यालय।

अड्डाखाना (Office premises)- अड्डा वा अड्डाहरू रहेको भवन वा हाता; सार्वजनिक निकाय रहेका भवन वा हाता; सरकारी कार्यालय रहेका भवन परिसर।

अड्डाप्रमुख (Office-in-charge)- *ना.* अड्डाको मुख्य भई काम गर्ने व्यक्ति; कार्यालय प्रमुख; अड्डाको हाकिम।

अड्डासार (Consignation)- *ना.* अड्डै-अड्डाद्वारा झिकाउने वा पठाउने काम; सरकारवादी मुद्दामा अभियुक्त वा दोषीलाई पक्राउ गरी एक अड्डाले अर्को अड्डालाई सुम्पँदै तोकिएको ठाउँमा पुऱ्याई बुझाउने काम।

अति अशक्त अपाङ्गता भएको व्यक्ति (Person with severe disability)- *नाप.* व्यक्तिगत क्रियाकलाप आफै गर्न नसक्ने र व्यक्तिगत र सामाजिक क्रियाकलापका लागि अर्को व्यक्तिको सहयोग लिनै पर्ने अवस्थाको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

अति अशक्त शारीरिक अपाङ्गता (Severe physical disability)- *नाप.* व्यक्तिगत क्रियाकलाप आफै गर्न नसक्ने र व्यक्तिगत र सामाजिक क्रियाकलापका लागि अर्को व्यक्तिको सहयोग लिनै पर्ने अवस्थाको अपाङ्गता।

अति गोप्य लिखत (Highly confidential document)- *नाप.* लिखतको पूर्ण वा आंशिक बेहोरा प्रकाशमा ल्याउन, सार्वजनिक गर्न वा सम्बन्धित व्यक्तिबाहेक सरकारी अनुमतिविना अन्य कसैले हेर्न नपाउने वा हेर्न नहुने लिखत। *[हे. लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा 6 को उपदफा (1)।]*

अति पौरख भास्कर (*Ati Paurakh Bhaskar*)- *नाप.* नेपालको रक्षाका निमित्त कर्तव्यपालनका सिलसिलामा ज्यान जोखिममा राखी साहसपूर्ण काम गर्ने वा राम्रो समूह बनाई सफल परिणाम हासिल गराउने नेपाली सैनिकलाई प्रदान गरिने अलङ्कार। *[हे. विभूषण नियमावली, २०६५ को नियम १५ को उपनियम (1)।]*

अति विपन्न (Extremely poor, extremely indigent)- *ना.प.* ज्यादै निर्धन; तोकिएको न्यूनतम पारिवारिक आयभन्दा कम आय भएको व्यक्ति। *[हे. सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम 4 को स्पष्टीकरण।]*

अति/ अत्यन्त जरुरी (Most urgent)- *वि.प.* अत्यन्तै खाँचो परेको; तत्कालै वा यथाशीघ्र सम्बोधन, सम्पादन वा समाधान गर्नुपर्ने; कार्यालयको कार्य फछ्यौंटको सन्दर्भमा आफैले कार्य फछ्यौंट गर्नु पर्नेमा तीन दिन र माथिल्लो तहमा पेस गर्नुपर्ने भएमा दुई दिनभित्र फछ्यौंट गर्नु पर्ने। *[हे. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ३६ को उपनियम (१)।]*

अतिक्रमण (Encroachment, invasion)- *ना.* अधिकार वा दायराको हनन; आफ्नो हक नभएको कुरामा हक देखाउन वा अर्काको हक मेट्न गरिने बल मिचाइ; कुनै मुलुकले अर्को मुलुकको निर्धारित अन्तरराष्ट्रिय सीमा पार गरी दखल गर्ने कार्य; सार्वभौमसत्ता सम्पन्न राज्यका भूभाग वा जलसीमा वा वायुसीमाउपर अन्य मुलुक वा व्यक्तिद्वारा गरिने अवैध आक्रमण वा हस्तक्षेप; अनधिकृत कब्जा।

अतिरिक्त (Extra, additional)- *नायो.* बाहेक; *वि.* थप; उब्रेको वा उब्रने; फाल्तु।

अतिरिक्त क्रियाकलाप (Extracurricular activities)- *ना.प.* शिक्षण संस्थामा नियमित पाठ्यक्रमका अतिरिक्त सञ्चालन गरिने खेलकुद, नाटक; वादविवाद; व्यावसायिक वा व्यावहारिक ज्ञान बढाउने कार्यकलाप; पाठ्येतर क्रियाकलाप।

अतिरिक्त हुलाक (Additional post office)- *ना.प.* छोटी हुलाकभन्दा तल्लो तहको अस्थायी हुलाक; हुलाक सेवा विभागले कुनै स्थानमा एक वर्षको लागि अस्थायी रूपमा स्थापना गरेको हुलाक। *[हे. अतिरिक्त हुलाक नियमावली, २०३४ को नियम ३ को उपनियम (१)।]*

अतीतप्रभावी (Retroactive, *Ex-post facto*)- *वि.* भूतलक्षी; विगतलाई प्रभाव पार्ने; पहिला गरिएको काम वा निर्णयमा प्रभावित; पहिले भए-गरेको काममा असर पार्ने खालको।

अतीतप्रभावी कानून/ कानून (Retroactive/*Ex-post facto law*)- *ना.प.* भूतलक्ष्यी कानून; बन्नुभन्दा अगाडिदेखि लागु भएको मान्ने गरी बनाइएको कानून; कार्य गरिएका बेला अपराध नमानिएको कामलाई पछिबाट कसुरका रूपमा परिभाषित गरी सजाय समेत तोक्ने कानून; पछि नयाँ कानून पारित गरेर पहिले भएका घटनाहरूको कानूनी परिणाम वा स्थिति पुनर्निर्धारण गर्ने कानून।

अत्यावश्यक दैनिक उपभोग्य वस्तु (Essential daily consumable items)- *ना.प.* जीवनयापनका लागि मानिसले दैनिक वा नियमित खाद्य, पेय वा उपयोग्य सामग्रीका रूपमा खपत गर्ने नुन,

तेल, मरमसला, चिनी, चामल, मट्टीतेल तथा ग्याँसजस्ता सामग्री वा वस्तु; दैनिक जीवनमा उपभोग/ उपयोगका लागि नभइनहुने चिजबिज। *[हे. सुपथ मूल्यका सहकारी पसल सञ्चालनसम्बन्धी नियमावली, २०६५ को नियम २ को खण्ड (क)।]*

अदत (Item/count)- *ना.* [अ. अदद] जिन्सी मालसामानका गन्तीको एकाइ; गोटा; थान।

अदप/ अदब (Commanded discipline)- *ना.* आफूभन्दा माथिल्लो दर्जाका व्यक्तिप्रतिको आदरभाउ वा आज्ञापालना; अनुशासन; मर्यादाको सीमा।

अदल (Virtuous conduct)- *ना.* [अ.] सदाचारको नियम; न्यायोचित वा मनासिब व्यवहारको नियम।

अदा (Clearing)- *ना.* [अ.] उठ्ती, असुल, चुक्ता; फछर्यौट; राफसाफ।

अदालत (Court of law, court)- *ना.* [अ.] अधिकरण; न्यायाधिकरण; मुद्दामामिलाउपर न्यायनिरूपण गर्ने अड्डा वा अधिकारी; मुद्दामामिलाको कारबाही र किनारा गर्न अधिकारक्षेत्र प्रयोग गर्ने अधिकारी, अड्डा वा निकाय; न्यायालय; कचहरी; इन्साफघर।

अदालतको अवहेलना (Contempt of court)- *ना.प.* अदालतको सम्मान, मर्यादा वा निष्ठाविरुद्धको अभिव्यक्ति वा काम; अदालतका निर्णय वा आदेशको जानाजान अवज्ञा; अदालतप्रति अनास्था फैलाउने अभिव्यक्ति वा काम; उनुचित वा निन्दा हुने अभिव्यक्ति वा काम गरी अदालती कामकारबाहीमा हस्तक्षेप गर्ने कार्य; न्यायको मानमर्यादा, प्रतिष्ठा, इज्जत वा न्यायिक आदेश तथा कामकारबाहीको अपमान गर्ने कार्य।

अदालतको सहयोगी (*Amicus curiae*)- *ना.प.* मुद्दामा समाविष्ट संवैधानिक प्रश्न, विषयको सार्वजनिक महत्त्व वा जटिल कानूनी प्रश्न दृष्टिगत गरी इजलासले मुद्दाको निरूपण गर्न सहयोग लिन चाहेको मुद्दाका पक्षहरूको कानून व्यवसायीभन्दा भिन्न तटस्थ कानून व्यवसायी, सरकारी वकिल वा विषय-विशेषज्ञ; अदालतलाई तथ्य, कानून वा प्रमाणसम्बन्धी राय, सुझाब वा जानकारी उपलब्ध गराउने निस्वार्थ अपक्ष व्यक्ति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १४७, उच्च अदालत नियमावली, २०७३ को नियम १५७घ. को उपनियम (१) र जिल्ला अदालत नियमावली, २०७५ को नियम १०५ को उपनियम (१)।]*

अदालतलाई भएसरहको अधिकार (Powers as of a court)- *ना.प.* मुद्दामामिला वा छानबिनको विषयसँग सम्बन्धित कुनै पनि पक्ष झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिला गराउनेजस्ता कुरामा अदालतलाई हुने अधिकार; अदालतलाई हुने यस्तो अधिकार छानबिन वा अनुसन्धानका प्रयोजनमा छानबिन वा अनुसन्धान गर्ने कुनै निकायलाई कानूनप्रद्धत्त अधिकार।

अदालती (Judicial, pertaining to court)- *वि.* अदालतसँग सम्बन्धित; अदालतको; न्यायनिसाफसम्बन्धी।

अदालती बन्दोबस्त (Management of Court)- *ना.* अदालतको कामकाजको व्यवस्थापन; न्याय प्रशासनसम्बन्धी प्रावधान; मुद्दामामिलाको प्रशासनिक व्यवस्था र प्रक्रिया; साबिकमा अदालतको कार्यविधि व्यवस्थित गर्न मुलुकी ऐनको भाग-२ मा रहेको एक महल।

अदालती शुल्क (Court fee)- *ना.* अदालतमा उजुर दर्ता गर्नका लागि लाग्ने दस्तुर वा राजस्व; फिरादपत्र, प्रतिदाबी, पुनरावेदन आदि वा मुद्दाको पुनरावलोकन गराउन वा मुद्दा दोहोऱ्याई हेराउन निवेदन दिँदा लाग्ने कानूनअनुसारको शुल्क, दस्तुर वा राजस्व। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६३ को उपदफा (२) को स्पष्टीकरण।]*

अदावत (Enmity, envy.)- *ना.* [अ.] शत्रुता; दुस्मनी; रिसइबी।

अद्यावधि (Update)- *क्रिवि.* [सं.] हालसम्म; अहिलेको; तरताजा।

अद्यावधिक (Updated)- *वि.* अहिलेसम्मको; नवीन; नयाँ; नवीनित।

अधिकतम खुद्रा बिक्री मूल्य (Maximum retail price)- *नाप.* वस्तुको उत्पादन लागत र लाग्ने कर गरी निर्धारण गरिएको खुद्रा बिक्री मूल्य; खुद्रा बिक्रीका लागि निर्धारित अधिकतम बिक्री मूल्य। *[हे. स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ को नियम २ को खण्ड (क)।]*

अधिकरण (Court or tribunal)- न्याय गर्ने संस्था; न्यायाधिकरण; अदालत; न्यायनिरूपण गर्दा वा विवेचना गर्दा अँगालिने विषय, संशय, पूर्वपक्ष, उत्तरपक्ष र निर्णयरूपी न्यायका पाँच आधारभूत अङ्ग; लिच्छवीकालीन न्यायव्यवस्थामा हाल अदालत भनेर चिनिने खालको न्यायिक निकाय; लिच्छवीकालीन न्यायिक निकाय; न्यायवाक्य वा प्रकरण (अनुच्छेद)।

अधिकांश स्वामित्व (Majority ownership)- *नाप.* बढी स्वामित्व; कुल स्वामित्वको पचास प्रतिशत भन्दा बढीको स्वामित्व।

अधिकार (Right, authority, powers)- *ना.* हकहित; स्वत्व; स्वामित्व; अधीन; खटन; मानवीय, कानूनी, परम्परागत वा नैतिक रूपले न्यायोचित दाबी; प्राधिकार; स्वत्व, हक, अख्तियार।

अधिकार प्रत्यायोजन (Delegation of powers)- *ना.* जिम्मेवारी आफूमा रहने गरी माथिल्लो तहका कर्मचारीले आफूलाई प्राप्त सबै वा केही अधिकार समय तोकी वा नतोकी तल्लो तहको कर्मचारी सुम्पिने काम।

अधिकारक्षेत्र (Jurisdiction)- *ना.* [सं.] क्षेत्राधिकार; अदालत, न्यायाधिकरण वा कानूनी निकायले तोकिएका क्षेत्र वा दायराका विषयवस्तु वा व्यक्तिविरुद्ध उजुर लिएर त्यस्ता विषय वा व्यक्तिलाई आफ्ना अधीनमा लिई निर्णय गर्न सक्ने कानूनप्रदत्त क्षमता; अदालत/ न्यायाधिकरण/ निकायले मुद्दामामिला हेर्न पाउने भौगोलिक क्षेत्र (प्रादेशिक), तोकिएका मुद्दामामिलाका निश्चित विषय (विषयगत), अधिकार प्रयोग गर्न पाउने तोकिएका व्यक्तिहरू (व्यक्तिपरक); निश्चित समय (कालक्रमिक) का मुद्दामामिला हेर्न पाउने गरी कानूनले तोकेको कार्यक्षेत्र; कुनै सरकारी कर्मचारी वा व्यक्तिले आफ्नो हक वा अख्तियारको प्रयोग गर्ने क्षेत्र; अधिकार प्रयोग वा कार्यान्वयन गर्न प्रचलित कानूनले तोकेको सीमा वा क्षेत्र।

अधिकारपत्र (Authorization instrument; pension card)- *ना.* [सं.] कुनै काम गर्न वा पाउनका लागि अभिभारा सुम्पेको पत्र; लिखत; हकपत्र; अख्तियारनामा; निवृत्तिभरण भुक्तानी पाउने पट्टा; व्यापारिक कारोबारका सिलसिलामा दरपिठ वा हस्तान्तरणका माध्यमबाट अरूलाई प्रदान गर्न सकिने लिखत, विनिमेयपत्र, सेयर प्रमाणपत्र र नगद भुक्तानीको हक प्रमाणित गर्ने जुनसुकै लिखत। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ख)।]*

अधिकारपृच्छा (*Quo warranto*)- *ना.* [सं.] कुनै अधिकारी वा निकायले गरेको निर्णय वा कामकारबाही कुन कानूनले दिएको अधिकारअन्तर्गत गरेको हो भनी त्यस्तो अधिकारी वा निकायलाई अदालतद्वारा सोधिने लिखित आदेश; कुनै अधिकारी वा निकायले गरेको निर्णय सम्बन्धमा अदालतद्वारा सो अधिकारी वा निकायलाई कानूनले अधिकार नदिएको देखी त्यस्तो निर्णय वा कामकारबाहीको कानूनी मान्यता शून्य बनाउँदै जारी गरिने रिट; सर्वोच्च अदालत वा उच्च अदालतले असाधारण अधिकारक्षेत्र अन्तर्गत जारी गर्ने एक विशिष्ट न्यायादेश।

अधिकारप्राप्त अधिकारी (Competent authority)- *ना.प.* खास विषयमा खासखास काम गर्न कानूनले प्राधिकार वा अख्तियारी दिएको निकायको पदाधिकारी, अधिकारी, अधिकृत व्यक्ति; सरकारवादी फौजदारी मुद्दाको कारबाहीको सिलसिलामा अनुसन्धान गर्ने अधिकृत प्रहरी।

अधिकारवाला (Person having authority)- *ना.* अधिकारप्राप्त व्यक्ति।

अधिकारी (Officer, authority)- *ना.* [सं.] कुनै अड्डा वा निकायमा काम गर्न अधिकार पाएको वा भएको व्यक्ति; अधिकृत व्यक्ति; पदाधिकारी।

अधिकृत (Officer, authorized)- *ना.* [सं.] अधिकारी; हाकिम; अख्तियारप्राप्त; आधिकारिक पदाधिकारी; आफ्नो पदअनुसारका सम्पूर्ण काम गर्न गराउन अख्तियारीप्राप्त व्यक्ति; कुनै निकाय, अड्डा वा कार्यालयको कर्तव्य पूरा गर्ने सेवाप्रदायक व्यक्ति; कानूनले खासखास काम गर्न वा

कर्तव्यपालन गर्न तोकिएको व्यक्ति वा जनशक्ति। *वि.* [सं.] कुनै काम गर्नका लागि जिम्मा दिइएको, अधिकार पाएको वा खटाइएको; अधिकारसम्पन्न; अधिकारयुक्त।

अधिकृत क्याडेट (Officer Cadate)- *नाप.* अधिकृतमा तैनाथ हुन क्याडेट तालिमका लागि छनोट भएको व्यक्ति। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (क)।]*

अधिकृत वारिस (Authorized attorney)- *नाप.* आधिकारिक कामकाजी प्रतिनिधि; आफ्नो काम कानूनअनुसार आफैले गर्न गराउन आफ्ना वशमा नहुने भए वा काबुबाहिरका अवस्थामा आफ्ना सट्टामा आफूसरह काम गर्न गराउन पाउने गरी अख्तियारी दिइएको, अधिकार पाएको वा खटाइएको व्यक्ति; कसैले आफ्नो तर्फबाट कुनै मुद्दा किटान गरी वा नगरी फिराद गर्न, प्रतिउत्तरपत्र दर्ता गर्न, फिराद दाबी फिर्ता गर्न, मिलापत्र गर्न वा अन्य कानूनी कामकारबाहीका लागि वारिसनामाको कागजद्वारा नियुक्त तथा प्रामाणिक व्यक्ति। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ को उपदफा (१)।]*

अधिगम (Inference)- *ना.* न्यायाधीशले मुद्दामामिलाका मिसिल अनुशीलन गरी निकालेको तदर्थ निचोड, निष्कर्ष।

अधिग्रहण (Requisition)- *ना.* [सं.] विशेष किसिमले प्राप्त गर्नु वा लिनु; सरकारले कानूनबमोजिम कसैको सम्पत्तिउपर अधिकार कायम गर्नु; कसैका हकअधिकारमा रहेको जग्गाजमिन, भवन आदि निजलाई मुआब्जा दिई त्यस्तो जग्गा भवन विशेष प्रयोजनका लागि सरकारबाट प्राप्त गर्ने वा कब्जामा लिने काम; कुनै सार्वजनिक कामको निमित्त सङ्घ, प्रदेश वा स्थानीय तह वा अन्य कुनै संस्थाका लागि वा निर्माणकार्य वा परियोजनाको सञ्चालनका लागि कसैको जग्गाजमिन मुआब्जा दिएर नेपाल सरकारले जग्गा प्राप्त गर्ने कार्य। *[हे. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३, ३क., ४ र १२; अचल सम्पत्ति अधिग्रहण ऐन, 2013 को दफा ३ को उपदफा (१)।]*

अधिनायक (Dictator)- *ना.* [सं.] निरङ्कुश तरिकाले शासकीय शक्तिको प्रयोग गर्ने व्यक्ति; दमन र अत्याचारपूर्ण ढङ्गले शासन गर्ने व्यक्ति, निरङ्कुश शासक, तानासाह।

अधिनायकवाद (Dictatorship)- *ना.* अधिनायकले चलाउने शासनको सिद्धान्त; अधिनायकतन्त्र; अधिनायकत्व; सर्वसत्तावाद।

अधियाँ (Partition of crops between tenant and land owner)- *ना.* [सं.] जग्गाजमिनमा हुने उब्जनी जग्गा कमाउने/मोही र जग्गाधनीमा आधा-आधा गरी बाँड्ने प्रणाली वा थिति; बटैयादारी, बटैया; कमोत।

अधियाँदार (Tenant)- *ना.* अधियाँमा जग्गा कमाउने किसान; बटैदार/ बटैयादार।

अधिराज्य (Kingdom)- *ना.* [सं.] साम्राज्य/ सार्वभौम सत्तासम्पन्न राज्य; राष्ट्रप्रमुखका रूपमा राजा वा रानी रहने देश/ मुलुक; वैधानिक राजतन्त्रात्मक व्यवस्था भएको देश।

अधिवक्ता (Advocate)- *वि.* [सं.] विशेष बोल्ने वा वाचन गर्ने *ना.* अड्डा अदालतमा परेका मुद्दामामिलाका पक्ष वा विपक्षका तर्फबाट वकालत वा बहस गर्ने अधिकारप्राप्त व्यक्ति वा कानून व्यवसायी; वरिष्ठ अधिवक्ताभन्दा मुनिको दर्जा; सर्वोच्च अदालतलगायत नेपालका जुनसुकै अड्डा अदालत वा अधिकारीसमक्ष आफ्ना पक्षका तर्फबाट उपस्थित हुन, प्रतिनिधित्व गर्न, पैरवी गर्न र बहस गर्न पाउने इजाजतप्राप्त वकिल।

अधिवाचक (Attorney, barrister)- *ना.* [सं.] न्यायालय वा अदालतमा आफूले लिएको पक्षको समर्थनमा बहस गर्ने वकिल वा व्यक्ति। *(हे. मिति २०१०।५।३० मा ४८७ नं. को प्रधान न्यायालयबाट भएको फैसला।)*

अधिवाचन (Oral statement/pleading)- *ना.* [सं.] अड्डा अदालतमा आफू वकिल करार भएको पक्षका समर्थनमा कानून व्यवसायीले गर्ने बहस वा पैरवी; अधिवचन।

अधिवेशन (Session, conference)- *ना.* [सं.] विधायिका वा सङ्घसंस्थाका प्रतिनिधि सदस्यहरूको बैठक, सभा सम्मेलन; सङ्घसंस्था वा विधायिकाका सदस्यहरूको निश्चित अवधिमा हुने सभा/ बैठक।

अधीनस्थ (Subordinate)- *वि.* [सं.] कसैका मातहतमा रहेको, कसैको अधिकार भित्रको; कसैको खटन वा तैनाथमा रहेको; अन्तर्गत।

अध्यक्ष (Chairperson)- *ना.* [सं.] कुनै सङ्घ, संस्था, सङ्गठन, समिति, सभा, परिषद्, संसद आदिको प्रमुख; कार्यालयको प्रमुख।

अध्ययन (Study)- *ना.* [सं.] शिक्षण संस्थामा शैक्षिक उपाधि हासिल गर्नका लागि पढ्ने काम; कुनै विषयलाई गहिरिएर बुझ्ने, हेर्ने, पढ्ने वा समीक्षा गर्ने काम।

अध्ययन केन्द्र (Study Center)- *ना.प.* कुनै विषयको अध्ययन, अध्यापन वा अनुसन्धानको लागि स्थापना गरिएको संस्था, निकाय वा संस्थागत एकाइ।

अध्ययन बिदा (Study leave)- *ना.प.* सम्बन्धित सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा थप शैक्षिक अध्ययन गर्न कुनै निकाय वा संस्थामा कार्यरत शिक्षक, कर्मचारी वा जनशक्तिले अध्ययन अवधिभर पाउने तलबी वा बेतलबी बिदा।

अध्ययन भिसा (Study visa)- *नाप.* शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न विदेशीहरू र तिनका परिवारलाई दिइने भिसा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम ७ को उपनियम (१)।]*

अध्ययन भ्रमण (Study tour)- *नाप.* शैक्षिक अध्ययन र तालिमबाहेक प्रयोगात्मक तरिकाले सिक्ने सिकाउने गरी आयोजना गरिने अन्तरक्रियात्मक वा अवलोकनमूलक भ्रमण।

अध्ययन संस्थान (Academic Institute)- *नाप.* विश्वविद्यालयीय वा अन्य शैक्षिक वा प्राज्ञिक उपाधि प्रदान गर्ने गरी अध्ययन-अध्यापन गरिने शैक्षिक संस्था; चिकित्सा, विज्ञान तथा प्रविधि, वनविज्ञान, कृषि, इन्जिनियरिङलगायतका विषयमा उच्च तहको अध्ययनका लागि सञ्चालनमा कुनै विशिष्ट विभाग वा अङ्ग।

अध्यागमन (Immigration)- *ना.* [सं.] विदेशीहरूलाई देशभित्र निश्चित अवधि प्रवेश गर्न र रहन दिइने कार्य; विदेशीको प्रवेश, उपस्थिति र प्रस्थान गर्ने प्रक्रिया निश्चित गर्ने प्रणाली। *[हे. अध्यागमन ऐन, २०४९ को दफा २ को खण्ड (क)।]*

अध्यागमन विभाग/ कार्यालय (Immigration Department/Office)- *नाप.* विदेशीको प्रवेश, उपस्थिति तथा प्रस्थानलाई नियमित गर्ने र नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने सरकारी विभाग वा कार्यालय। *[हे. अध्यागमन ऐन, २०४९ को दफा २ को खण्ड (ङ)।]*

अध्यादेश (Ordinance)- *ना.* [सं.] कुनै काम वा व्यवस्थाका निमित्त राष्ट्रप्रमुखले जारी गर्ने कानूनसरहको कार्यकारी आदेश; संसद् वा प्रदेश सभाका अधिवेशन नभएका वा नचलेको अवस्थामा तत्काल केही गर्नका लागि राष्ट्रपति वा प्रदेश प्रमुखबाट जारी हुने ऐनसरह मान्यताप्राप्त आदेश। *[हे. नेपालको संविधानको धारा ११४ र २०२।]*

अनतिक्रम्य (Inviolable, non agressible)- *वि.* [सं.] अतिक्रमण वा उल्लङ्घन गर्न नहुने वा नसकिने; नाघ्न वा कब्जा गर्न नहुने; हमला नहुने वा नगरिने; अनतिक्रमणीय।

अनधिकार (Unauthorized)- *वि.* [सं.] अधिकारबाहिरको, अधिकार नहुने; अधिकार नभएको; अधिकारविहीन, अधिकारेतर।

अनधिकृत (Unauthorized)- *वि.* [सं.] आधिकारिक नभएको; अधिकार नदिएको वा नपाएको; अधिकारबाहिर; जथाभावी; कानूनविपरीत।

अनधिकृत प्रवेश (Trespass)- *ना.प.* अधिकार नभएका ठाउँमा जथाभावी वा बलजफ्ती पस्ने काम; अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको घर, जग्गाजमिन आदिमा गैरकानूनी रूपमा जाने र तिनका उत्पादनको कब्जा, क्षति, हस्तक्षेप वा गैरकानूनी खिचोला गर्ने कार्य; अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको कुनै पनि सम्पत्तिलाई जबरजस्ती कब्जा गर्ने, लैजाने, त्यसबाट प्राप्त लाभ लिने काम; सम्पत्तिको भोगचलन गर्नमा वास्तविक धनीलाई रोक्ने, बाधा विरोध गर्ने काम; आफ्नो अधिकार नरहेको कुनै पनि किसिमको सम्पत्तिलाई जथाभावी रूपमा कब्जा गर्ने वा नियन्त्रणमा गर्ने काम। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६८० को स्पष्टीकरण।]*

अनमन (Quarrel, dispute)- *ना.* [सं. अन्यमनस्क] मनमुटाब, खटपट, झै-झगडा, ठाकठुक।

अनमेल विवाह (Unmatched marriage)- *ना.प.* वर-वधुको उमेरमा ठूलो अन्तर रहने गरी गरिएको विवाह; जोडा नमिल्दो विवाह।

अनलाइन (Online)- *ना. र वि. [अङ्.]* इन्टरनेट, विद्युतीय वा कम्प्युटरका सञ्जालमाध्यम; कुनै कार्य, सेवा वा सूचना प्रदान गर्ने वा प्राप्त गर्ने विद्युतीय प्रणालीमार्फत गर्ने-गराउने कार्य।

अनलाइन टेलिभिजन (Online Television)- *ना.प.* इन्टरनेटका माध्यमबाट श्रव्यदृश्यसामग्री उत्पादन, वितरण तथा प्रसारण गर्ने कार्य। *[हे. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ को खण्ड (ग६)।]*

अनाथ (Orphan)- *ना.* [सं.] टुहुरो व्यक्ति; *वि.* स्याहार गर्ने कोही नभएको; असहाय; बेसहारा; बेवारिस; संरक्षकविहीन।

अनाथ नाबालक (Orphan child)- *ना.प.* बेवारिस अवस्थामा फेला पारेको, बाबु वा आमा फेला नपरेको, अस्पताल वा स्वास्थ्य संस्थामा बेवारिस छोडिएको, बाबु-आमा पत्ता नलागेको वा बाबुआमा दुवैको मृत्यु भई पालनपोषणका लागि कुनै सम्पत्ति नभएको बालबालिका। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा १९१ को स्पष्टीकरण।]*

अनाथ बालबालिका (Orphan children)- *ना.प.* हेरविचार वा पालनपोषण गर्ने कोही नभएको, टुहुरा, असहाय, बेसहारा, वा संरक्षकविहीन बालबालिका; कानूनले अनाथ भनी तोकेका बालबालिका। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (क)।]*

अनिवार्य अवकाश (Compulsory retirement)- *ना.प.* उमेरहदका कारण सेवाबाट निवृत्त हुनु वा हुने अवस्था।

अनिवार्य शिक्षा (Compulsory education)- *ना.प.* सबै बालबालिकालाई न्यूनतम ज्ञान प्राप्त गर्न वा न्यूनतम शैक्षणिक तह पार गर्न बाध्य बनाउने व्यवस्था; बालबालिकालाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्था। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (क)।]*

अनुकूलन (Adaptation)- *ना.* [सं.] कुनै वस्तुलाई काँटछाँट वा थपघट गरी उपयुक्त बनाउने प्रक्रिया; वातावरणअनुरूप जिउने र विकसित हुने जैविक गुण वा प्रक्रिया; कुनै कुरालाई परिस्थितिअनुकूल बनाउने काम; जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आकलन गरी थप हानिनोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (क)।]*

अनुक्रमणिका (Index)- *ना.* [सं.] ग्रन्थमा मूलपाठभन्दा अगाडि राखिने विषयसूची; ग्रन्थका अन्तिममा राखिने खास विषय, प्रसङ्ग, शब्दावली आदिको वर्णानुक्रमिक सूची; अनुसूची; परिशिष्ट।

अनुगमन (Monitoring)- *ना.* [सं.] अनुसरण; पछिपछि लाग्ने काम; कुनै काम वा योजना आदिको कार्यान्वयनको निरन्तर वा आवधिक अवलोकन, निगरानी, निरीक्षण वा देखभाल गर्ने कार्य; पश्चावलोकन। *[हे. अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा २ को खण्ड (क)।]*

अनुचित कार्य (Improper conduct)- *ना.प.* उचित नहुने वा नभएको कुनै पनि काम; आफ्ना काम, कर्तव्य वा अधिकारभित्रको कुनै काम गर्न इन्कार गर्ने वा अधिकार नभएको काम गर्ने वा गरेको अवस्था; कुनै काम, निर्णय वा आदेश गर्दा वाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालन नगरी गरेको काम; तजबिजी अधिकारको बदनियतपूर्वक वा स्वेच्छाचारी रूपमा प्रयोग गर्ने काम; अन्य निकाय, अधिकारी वा कर्मचारीका कार्यमा अनाधिकार बाधा उत्पन्न गर्ने वा वा तिनलाई दवाब दिई कुनै अनधिकृत क्रियाकलाप गराउने काम; आफूले गर्नुपर्ने काम, कर्तव्य वा जिम्मेवारी अरूलाई पन्साई उत्तरदायित्व पन्छाउने कार्य; पदीय प्रकृतिअनुसार कर्तव्य पालन नगर्ने काम; मातहतका अधिकारी, कर्मचारी वा अधीनस्थ व्यक्तिलाई दबाब वा प्रलोभनमा पारी आफ्नो अनुकूलको काम गराउने काम; पदीय हैसियतले प्राप्त सुविधा वा सहुलियत दुरूपयोग गर्ने काम। *[हे. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (छ) र दफा ३।]*

अनुचित प्रभाव (Undue influence)- *ना.प.* आफ्नो प्रभावमा रहेका र आफ्नो इच्छानुसार काम गराउन सकिने व्यक्तिबाट आफ्नो हित वा स्वार्थका लागि कुनै अनुचित लाभ उठाउने मनसायले त्यस्तो व्यक्तिउपर गरिने दखल वा पारिने दुष्प्रभाव। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१८ को उपदफा (२) को खण्ड (ख) को स्पष्टीकरण।]*

अनुचित समृद्धि (Unjust enrichment)- *ना.प.* कानूनसम्मत हिसाबले गर्नुपर्ने काम वा दायित्व पूरा गरिदिनुपर्ने कारणविना कसैले कसैबाट कुनै लाभ वा सुविधा प्राप्त गर्ने कार्य। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६६४ को उपदफा (१)।]*

अनुच्छेद (Paragraph)- *ना.* [सं.] लेख वा लिखतको सारवान एकाइ; आलेख वा कार्यमूलक अभिव्यक्तिको सार्थक र आधारभूत एकाइ; प्रकरण; धारा; दफा।

अनुज्ञा (Permit order)- *ना.* [सं.] मुख्य प्रावधान वा आदेशको व्याख्यासाथको उपआदेश; अनुमति; इजाजत; स्वीकृति; तालुकवालाले मातहतलाई दिने आज्ञा वा आदेश।

अनुज्ञापत्र (Licence)- *ना.* [सं.] इजाजतपत्र; अनुमतिपत्र; लाइसेन्स।

अनुत्तरदायी (Irresponsible, unaccountable)- *वि.* [सं.] उत्तर नदिने वा जिम्मेवारी नलिने; उत्तरदायी नभएको वा नरहेको; आफ्नो ओहदा वा जिम्माका काम कुरामा दायित्व वा उत्तरदायित्वको बोध नगर्ने; गैरजिम्मेवार; जवाफदेही नभएको।

अनुदान (Grant)- *ना.* [सं.] सहयोग स्वरूप दिइने रकम; पटके आर्थिक सहयोग; कुनै विशेष कामका निम्ति दिइने आर्थिक सहायता; कार्य विशेषका लागि दिइने आंशिक रकम।

अनुपयुक्त (Unsuitable)- *वि.* [सं.] अनुचित; अमिल्दो; नचाहिँदो; काम नलाग्ने; नसुहाउँदो।

अनुपस्थित (Absent)- *वि.* [सं.] उपस्थित नभएको; गयल; गैरहाजिर; अड्डा, अदालत वा कुनै निकायमा हाजिर हुन नआएको वा हाजिर नभएको; तोकिएको ठाउँमा तोकिएको समयमा नपुग्ने वा नहुने।

अनुपस्थिति (Absence)- *ना.* गयल; गैरहाजिरी; उपस्थिति वा हाजिर नभएको अवस्था।

अनुपात (Ratio, proportion)- *ना.* [सं.] सापेक्ष अंश, मात्रा वा परिमाण; दुई वस्तु वा सङ्ख्यात्मक पहिचानको तुलना; एक वस्तु वा सङ्ख्या अर्को वस्तु वा सङ्ख्याभन्दा केकति गुना ठूलो वा सानो छ भन्ने सापेक्षता मापन; सरदरमा गरिने हिसाब; मात्रा; तुलनात्मक स्थिति।

अनुबन्ध (Contract/covenant)- *ना.* [सं.] करार; सम्झौता; प्रतिज्ञापत्र; सन्धि वा सम्झौताको आलेख; संविदा।

अनुमति (Permission, permit)- *ना.* [सं.] कुनै काम कारबाहीका लागि दिइने वा पाइने सम्मति, आदेश, आज्ञा वा मन्जुरी; सहमति; स्वीकृति।

अनुमतिपत्र (Licence, permit)- *ना.* केही गर्ने वा कतै जान दिइएको/पाइएको अनुमतिको प्रमाणपत्र वा लिखित आज्ञा; कुनै काम गर्न आधिकारिक निकायले स्वीकृति दिएको लिखित सम्मति; इजाजतपत्र; स्वीकृतिपत्र।

अनुमतिपत्र प्राप्त व्यक्ति (Licence holder)- *ना.प.* कुनै काम गर्न वा सेवा सञ्चालन गर्न कानूनत: अनुमति प्राप्त गरेको व्यक्ति; इजाजतप्राप्त व्यक्ति।

अनुमान (Presumption, assumption)- *ना.* [सं.] पूर्वअनुभवका आधारमा कुनै कुराबारे गरिने अडकल; लख; अन्दाज; विचार वा ठम्याइएको आकलन; न्यायका चार प्रमाण (प्रत्यक्ष, अनुमान, उपमान र शब्द) मध्ये दोस्रो प्रमाण; कुनै पहिला मानिलिएको चिह्न वा लक्षणद्वारा पछि साध्यको ज्ञान गराउने साधन (धुँवाबाट आगो बलेको; पात हल्लिएबाट हावा चलेको; कालो बादलबाट वर्षा हुने सम्बन्ध ज्ञान)।

अनुमानित (Presumed, assumed, projected)- *वि.* [सं.] अनुमान गरिएको; अन्दाज गरिएको; अड्कलमा आधारित; सापेक्षत: प्रक्षेपित।

अनुमानित कर (Estimated tax)- *ना.प.* पूर्वानुमान गरिएको सम्भावित कर; किस्ताबन्दीमा कर दाखिला गर्नुपर्ने कुनै व्यक्तिले कुनै वर्षको किस्ताबन्दी कर दाखिला गर्नुपर्ने समयमा गणना गरेको किस्ताबन्दीको करको अनुमानित हिसाब। *(हे. आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) को स्पष्टीकरण।)*

अनुमोदन (Ratification)- *ना.* [सं.] समर्थन; आधिकारिक रूपमा प्रस्ताव स्वीकार्ने कार्य; प्रस्ताव आदि पारित गर्न दिइने समर्थन वा सहमति; अन्तरराष्ट्रिय सन्धिसम्झौताको पक्ष बन्ने गरी त्यस्तो सन्धिसम्झौता स्वीकार गर्ने वा हस्ताक्षर गर्ने काम।

अनुमोदित (Ratified)- *वि.* अनुमोदन गरिएको; समर्थित; स्वीकार गरिएको।

अनुयायी (Follower, disciple)- *ना.* [सं.] कुनै आदर्श, सिद्धान्त वा वादको अनुसरण वा अनुकरण गर्ने व्यक्ति; *वि.* कसैको पछि लाग्ने; समर्थक; अनुगामी।

अनुवंशीय रक्तश्रावसम्बन्धी अपाङ्गता भएको व्यक्ति (Person with haemophilia associated disability)- *ना.प.* वंशाणुगत रूपमै रहेको रक्तश्राविक अपाङ्गताग्रस्त व्यक्ति; अनुवंशीय असरका कारण रगतमा तात्त्विक विचलन आई रगत जम्नमा समस्या रहेको शारीरिक अवस्थाको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

अनुवांशिक परिमार्जित वस्तु (Genetically modified organism)- *ना.प.* पुन:संयोजित डिअक्सिराइवो न्युक्लिक एसिड प्रविधिद्वारा एक प्रजातिको वंशाणु अर्को प्रजातिमा प्रतिस्थापन गरिएको बिरुवा; यसरी प्रतिस्थापन गरिएको बिरुवाजन्य उपज वा यस्ता उपजबाट उत्पादन भएको जैवी पदार्थ। *[हे. बिरुवा संरक्षण नियमावली, २०६६ को नियम २ को खण्ड (क)।]*

अनुशासन (Discipline)- *ना.* [सं.] नियमबद्ध अभ्यास; आचारव्यवहारलाई आफ्ना काबुमा राख्ने काम; स्वनियमन; नियमपालन; मर्यादापालन; अदब; अधीनस्थ व्यक्तिहरूलाई अदबमा राख्ने काम; सामाजिक, नैतिक, व्यावसायिक मानवीय आचरण, मर्यादा वा नियमभित्र रहने कार्य।

अनुसन्धान (Investigation)- *ना.* [सं.] कुनै तथ्य, प्रवृत्ति, कारण, सम्बन्ध आदि खोज्ने वा पत्ता लगाउने काम; शोधखोज, जाँचबुझ; सूक्ष्म अवलोकन; सत्य वा तथ्यको खोजीद्वारा तिनमा निहित रहस्यको खुलासा गर्ने वा समस्याको समाधानका उपाय दर्साउने काम; आपराधिक घटनासँग सम्बन्धित विविध पक्षको जाँचपड्ताल गर्ने काम।

अनुसन्धान अधिकारी (Investigating officer, investigating authority)- *ना.प.* अपराधका घटना वा कसुरक सम्बन्धमा अनुसन्धान गर्न तोकिएको अधिकारी; अधिकारप्राप्त अधिकारी; खास घटना पा कसुरका सम्बन्धमा जाँचबुझ, छानबिन वा अनुसन्धान गर्ने टोली; अनुसन्धान-अधिकृत। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ख), भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (छ) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख)।]*

अनुसन्धानशाला/ अनुसन्धानालय (Research laboratory)- *ना.* [सं.] वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्नको लागि कानूनबमोजिम स्थापना गरिएको अनुसन्धान केन्द्र, निकाय वा विभाग।

अनुसूची (Annex)- *ना.* [सं.] संविधान, कानून, सन्धि आदि महत्त्वपूर्ण दस्तावेज वा प्रतिवेदन वा पुस्तकाकार ग्रन्थका मूल पाठलाई छरितो र सुगठित पार्दा पाठमा समावेश गर्न नसकिएका तर सान्दर्भिक कुराका विवरणलाई अलग्गै वर्गीकृत र पूरक अंशका रूपमा राखिने सूची, तालिका वा विवरण; कानून, कानूनी लिखत, अभिलेख, पुस्तक, लेख वा प्रतिवेदनआदि रचना वा कृतिका

मूल पाठको विषयसँग सम्बन्धित तर मूल पाठमै राख्न नसकिने वा राख्न कठिनाइ हुने विवरण, तालिका वा अन्य विस्तृत विषयलाई पाठमा सूचित मात्र गरी कृति वा रचनाको अन्त्यमा राखिने सूची, तालिका वा विवरण; परिशिष्ट; विवरणिका; पश्चानुक्रमणिका।

अनुसूचीकृत (Scheduled, annexed)- *ना.* [सं.] अनुसूचीमा राखिएको; कुनै खास प्रयोजनका लागि तयार गरिएको विशेष सूचीमा राखिएको; परिशिष्टीकृत।

अनूढ (Unmarried, bachelor)- *वि.* [सं.] विवाह नभएको, कुमार; अविवाहित।

अनूढा (Unmarried, bachelorette)- *वि.* [सं.] विवाह नभएकी, कुमारी; अविवाहिता।

अनृण (Debtless person)- *वि.* [सं.] ऋण नलागेको, ऋणबाट मुक्त, ऋण नभएको, ऋण नलिएको।

अनैतिक (Immoral, unethical)- *वि.* [सं.] नीतिअनुकूल नभएको, नीतिविरुद्धको; नीतिसङ्गत आचारविपरीतको; नैतिकताहीन; नियम-निष्ठाको प्रतिकूल।

अनौपचारिक (Informal, unofficial)- *वि.* [सं.] पुग्नुपर्ने उपचार नपुगेको; पूरा गर्नुपर्ने संरचना, विधानको रित वा परम्परा अनुसार नगरिएको; तोकिएको विधि-व्यवहार नपुऱ्याई गरिएको; योजनाविनाको; औपचारिक नभएको; धेरै बन्देजहरू नभएको खुकुलो, लचिलो र सहज किसिमको।

अनौपचारिक शिक्षा (Non-formal education)- *ना.प.* औपचारिक वा नियमित विद्यालय शिक्षाबाहेक अन्य किसिमको शिक्षा; अनुभव, अन्तरक्रिया, र स्वतः सिकाइबाट हुने शिक्षा; विद्यालयमा भर्ना भई शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र वैकल्पिक शैक्षिक क्रियाकलापमा आधारित शिक्षा। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (ठ)।]*

अन्डबन्ड (Chaos)- क्रि*वि.* [प्रा. अअण्ड-विअण्ड] जथाभाबी; लठिबज्र वा मेलोमेसो नमिलेको सिलसिलाविनाको; गडबड।

अन्तःदेशीय/ अन्तर्देशीय (Domestic)- *ना.* [सं.] एक देशभित्र मात्र सीमित; आन्तरिक।

अन्तःशुल्क (Excise duty)- *ना.* [सं.] भित्री कर; देशभित्र उत्पादन गरिएका र विशेषतः देशभित्रै खपत हुने वस्तु वा मालसामानमा सरकारले लगाउने शुल्क वा कर।

अन्तःशुल्क अधिकृत (Excise duty officer)- *ना.प.* सरकारले अन्तःशुल्कसम्बन्धी काम गर्न नियुक्त गरेको वा तोकेको अधिकृत; अन्तःशुल्क अधिकारी। *[हे. अन्तःशुल्क ऐन, २०५८ को दफा ५ र मदिरा ऐन, २०३१ को दफा २ को खण्ड (ग१)।]*

अन्तःशुल्क इजाजतपत्रवाला (Excise duty licence holder)- *ना.प.* अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था। *[हे. अन्तःशुल्क नियमावली, २०५९ नियम २ को खण्ड (ख)।]*

अन्तःशुल्क टिकट (Excise duty ticket)- *ना.प.* उत्पादन तथा पैठारी हुने अन्तःशुल्क लाग्ने वस्तुमा मार्नुपर्ने टाँचा वा टाँस्नुपर्ने छाप लागेको टिकट।

अन्तःशुल्क विवरण (Excise duty details)- *ना.प.* अन्तःशुल्क असुल तथा दाखिला गर्ने दायित्व भएका व्यक्तिले बुझाउनुपर्ने अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवारको विवरण। *[हे. अन्तःशुल्क नियमावली, २०५९ को नियम २ को खण्ड (ङ)।]*

अन्तरक्रिया (Interaction, discussion)- *ना.* दुई वा सोभन्दा बढी पक्ष वा व्यक्तिका बिचमा हुने आपसी छलफल, कुराकानी वा विचारविमर्श; अन्तरसंवाद; औपचारिक वार्तालाप।

अन्तरजातीय (Intercaste, interracial)- *ना.* विभिन्न जाति वा जातका बिचको; दुई वा दुईभन्दा बढी जातका बिचको; अलग-अलग जाति वा जातिका बिचको।

अन्तरदेशीय (Intercountry)- *ना.* दुई वा दुईभन्दा बढी देशहरूका बिचको; विभिन्न देशहरूसँग सम्बन्धित; अन्तरराष्ट्रिय।

अन्तरप्रदेश परिषद् (Inter-Province Council)- *ना.प.* दुई वा दुईभन्दा बढी परिषद्का बिच अन्तरसम्बन्ध कायम राख्ने परिषद्; सङ्घ र प्रदेशबिच तथा प्रदेश-प्रदेशबिच उत्पन्न राजनीतिक विवाद समाधान गर्न नेपालको संविधानद्वारा व्यवस्थित परिषद्। *(हे. नेपालको संविधानको धारा २३४।)*

अन्तरप्रदेश सम्बन्ध (Inter-Province Relation)- *ना.प.* प्रदेश-प्रदेश बीचका कानूनी, प्रशासनिक वा न्यायिक कामका सिलसिलामा रहने सम्बन्ध; प्रदेशहरूबिचका पारस्परिक सूचना वा सञ्चारसम्पर्क, समन्वय र सरसहयोग; प्रदेशान्तर सम्बन्ध।

अन्तरप्रादेशिक वन (Inter-Provincial forest)- *ना.प.* भौगोलिक रूपमा जोडिएको र पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक रूपले अन्तरसम्बन्धित रहेको तर एकभन्दा बढी प्रदेशमा फैलिएको वन; राष्ट्रिय वन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ख)।]*

अन्तरराष्ट्रिय (International)- *ना.* [सं] राष्ट्रराष्ट्रहरूका बिचको; विभिन्न राष्ट्रका बिचको; दुई वा बहुराष्ट्रिय।

अन्तरराष्ट्रिय अपराध (International crime)- *नाप.* एकभन्दा बढी मुलुकले अपराध मानेको अपराध; विश्व समुदायले नै हानिकारक ठानेका साझा अपराध; प्रायः राष्ट्रिय सीमाभन्दा बाहिर हुने र अन्तरराष्ट्रिय कानूनले सम्बोधन गर्ने अपराध; राष्ट्रका तर्फबाट अर्को राष्ट्र वा नागरिकका विरुद्ध गरिएका जनसंहार/ नरसंहार, युद्धअपराध, मानवताविरुद्धको अपराध, हमला/ आक्रमण आदि अपराध।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (International Center for Integrated Mountain Development)- *नाप.* नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) का बिच सम्पन्न सम्झौताअनुसार हिन्दूकुश हिमाली पर्वतीय क्षेत्रको एकीकृत विकास गर्न अध्ययन, अनुसन्धान तथा अन्य आवश्यक काम गर्ने केन्द्र। *[हे. अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० को दफा २ को खण्ड (क)।]*

अन्तरराष्ट्रिय कानून (International law)- *नाप.* राष्ट्र-राष्ट्रबिचको सम्बन्ध, आचरण, व्यवहार निर्धारण र नियमन गर्ने कानून; राष्ट्र-राष्ट्रहरूका बिच लागू हुने कानून; अन्तरराष्ट्रिय शान्ति, सुरक्षा, सुव्यवस्था कायम गर्ने प्रबन्ध गरिएको कानून।

अन्तरराष्ट्रिय कानूनी लिखत (International legal instrument)- पक्ष राष्ट्रहरूका लागि बन्धनकारी हुने द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता; अन्तरराष्ट्रिय अध्यालेख; अन्तरराष्ट्रिय महासन्धि, अनुबन्ध, संविदा, प्रतिज्ञापत्र, विधान, नियमावली, मार्गदर्शन, दिग्दर्शन, आचारसंहिता, आलेख, प्रलेख आदि।

अन्तरराष्ट्रिय लेखा मापदण्ड (International account standard)- *नाप.* अन्तरराष्ट्रिय स्तरको लेखा मापदण्ड; विश्वव्यापी रूपमा मान्यताप्राप्त लेखापालन र लेखाप्रणालीको प्रतिमान। *[हे. नेपाल राष्ट्र बैङ्क, २०५८ को दफा २ को खण्ड (र)।]*

अन्तरराष्ट्रिय वित्तीय कारोबार (International financial transaction)- *नाप.* देशभन्दा बाहिर गरिने वित्तीय कारोबार; अन्य देशमा गरिने वित्तीय वा पुँजीगत कारोबार; अनुमतिपत्र प्राप्त संस्थाले अन्तरराष्ट्रिय स्तरमा सञ्चालन गर्ने वित्तीय वा आर्थिक कारोबार। *[हे. अन्तरराष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ को दफा २ को खण्ड (क)।]*

अन्तरराष्ट्रिय वित्तीय संस्था (International financial entity)- *नाप.* अन्तरराष्ट्रिय स्तरमा वित्तीय कारोबार गर्ने कानूनी व्यक्ति वा संस्था; विदेशी बैङ्क र ट्रस्ट कम्पनी, बिमा र पुनर्बिमा

कम्पनी, होल्डिङ्ग कम्पनी, लगानी कम्पनी आदि र तिनका अधिकृत प्रतिनिधि वा प्रशासनिक वा क्षेत्रीय कार्यालयका रूपमा कार्य गर्ने कम्पनी; अन्तरराष्ट्रिय व्यापारिक वित्तीय, रियल स्टेट होल्डिङ्ग, विदेशी पेटेन्ट र रोयल्टी, म्युचुअल फन्ड, अन्तरराष्ट्रिय लिजिङ कम्पनी, अन्तरराष्ट्रिय मर्चेन्ट बैङ्क आदि; अन्तरराष्ट्रिय साझेदारी र ट्रष्टजस्ता निकाय; अन्तराष्ट्रिय बिक्री कारोबार कम्पनी, गैरआवासीय पेन्सन र डेफर्ड बोनस योजना सञ्चालन गर्ने निकाय, धितोपत्र दलाल, अण्डराइटर, लगानी सल्लाहकार, पेन्सन फन्ड सल्लाहकारजस्ता वित्तीय सेवाप्रदायक संस्था। *[हे. अन्तरराष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ को दफा २ को खण्ड (ख) र दफा ४ को उपदफा (१)।]*

अन्तरराष्ट्रिय सम्झौता (International agreement)- *नाप.* दुई वा दुईभन्दा बढी देशका बिचको समझदारी, करार वा कुनै कुरा गर्ने वा नगर्ने बारेमा गरिएको दोहोरो सर्तबन्देज; कर छुट दिने र वित्तीय छल निरोध गर्ने वा कर दायित्वका कार्यान्वयनमा पारस्परिक सहायता प्रदान गर्नेजस्ता विषयमा भएका कुनै सुझबुझपत्र, सन्धि वा सम्झौता। *[हे. आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा (५) को खण्ड (ख) को स्पष्टीकरण।]*

अन्तरराष्ट्रिय स्तरका खेलाडी (Player of international level)- दुई वा दुईभन्दा बढी मुलुकका प्रतिस्पर्धी रहने खेल वा खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी; ओलम्पिक, एसियन र दक्षिण एसियाली औपचारिक खेलकुद वा खेलकुदसम्बन्धी अन्तरराष्ट्रिय सङ्घ वा महासङ्घबाट आयोजित खेलकुद र त्यस्ता खेलकुदका विश्वस्तरीय च्याम्पियनसीपमा भाग लिन पाउने वा भाग लिने खेलाडी। *[हे. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २ को खण्ड (ख)।]*

अन्तरसरकारी वित्त परिषद् (Intergovernmental Fiscal Council)- *नाप.* सरकारहरूका बिचको वित्त व्यवस्थापन गर्ने निकाय; नेपाल सरकार, प्रदेश र स्थानीय तहबिचको वित्तव्यवस्थापनका बारेमा परामर्श दिने तथा समन्वय गर्ने परिषद्। *[हे. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ को उपदफा (१)।]*

अन्तर-सरकारी सङ्गठन (Intergovernmental Organization)- *नाप.* दुई राष्ट्रका सरकारको साझा सङ्गठन; कुनै खास उद्देश्य लिई दुई वा दुईभन्दा राष्ट्रले सामान्यत: सन्धिद्वारा गठन गरेको राष्ट्रका सरकारहरूको औपचारिक सङ्गठन।

अन्तरासन (Court headed by the King)- *ना.* [सं] न्यायपीठ; न्यायासन; लिच्छवि शासनकालमा न्यायिक निर्णय दिनको लागि बस्ने राजासहितको सभा वा इजलास।

अन्तरिम (Interim)- *ना.* [सं] दुई भिन्न काल वा अवस्थाका बिचको; कुनै एक परिपाटी समाप्त भई अर्को परिपाटी थालिने प्रक्रियाका बिचको समय; मध्यवर्ती कामचलाउ प्रकृतिको।

अन्तरिम आदेश (Stay order, interim order)- *ना.प.* कुनै विषयमा अर्को आदेश वा निर्णय नहुञ्जेलसम्म कुनै कार्य गर्न वा नगर्नका लागि हुने वा भएको आदेश; प्रश्न उठेको वा विवादित विषय वा कार्यलाई यथास्थितिमा राख्न अदालतले दिने आदेश।

अन्तरिम क्षतिपूर्ति (Interim compensation)- *ना.प.* आघातमा परेको व्यक्तिलाई आघातोत्तर तत्कालै उपलब्ध गराइने राहत; पीडितलाई तत्काल औषधोपचार गराउन वा राहत उपलब्ध गराउन दिइने नगद रकम वा जिन्सी। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ को उपदफा (१)।]*

अन्तरिम प्रवेशाज्ञा/भिसा (Transit visa)- *ना.प.* कुनै देशको स्वदेशी विमानस्थल भई कुनै अर्को मुलुक जाने विदेशी यात्रुलाई हवाई टिकटसहित रात बिताउने गरी विमानस्थलबाहिर प्रवेश गर्न दिइने अनुमति; यात्रुहरूलाई यात्रा गराइरहेको वायुयान कुनै कारणवश देशको विमानस्थलमा आकस्मिक रूपमा अवतरण गर्नुपरेको वा गरेको अवस्थामा सो वायुयानमा यात्रारत विदेशीलाई देश-प्रवेश गर्न दिइने अनुमति। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम १० को उपनियम (१)।]*

अन्तरिम शासन (Interim rule)- *ना.प.* कुनै एउटा परिपाटी वा पद्धति टुङ्गिएको र नयाँ परिपाटी वा पद्धति नथालिएको सङ्क्रमणकालीन अवस्थाको तदर्थ, अस्थायी वा कामचलाउ प्रकृतिको शासनव्यवस्था; दुई फरक शासनप्रणालीका बिचको मध्यवर्ती शासन व्यवस्था।

अन्तरिम संरक्षणात्मक आदेश (Interim Protective Order)- *ना.प.* आघातमा परेको वा पीडा बेहोरेको व्यक्तिको उपचार प्रक्रिया वा मुद्दा चल्दै गर्दा अर्को निर्णय वा व्यवस्था नभएसम्मका लागि बसोबास गर्न, खान लाउन दिन, शिष्ट र सभ्य व्यवहार गर्न, स्वास्थ्य उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम उपलब्ध गराउन गरिने आदेश; आघात वा पीडामा परेको व्यक्तिलाई थप दुःख नदिन वा न्यायप्रक्रियामा सहभागी गराउनका लागि आवश्यक सुरक्षित बसोबास, जिउज्यानको सुरक्षा तथा हितका लागि आवश्यक र उपयुक्त कार्य गर्न वा उपाय अपनाउन आघात वा पीडित बनाउने पक्षलाई वा अन्य कसैलाई अदालतले दिने आदेश। *[हे. बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ को दफा १०।]*

अन्तर्कालीन आदेश (Interlocutory order)- *ना.प.* मुद्दाको कारबाहीको सुरू र अन्तिम दुई खण्डका बिचमा भएका वा हुने आदेश; मुद्दाको कारबाहीका बिचमा भएको आदेश; मुद्दा परेका

विषयमा न्यायिक कारबाही र सुनुवाइ प्रक्रिया चलीरहेको अवस्थामा केही कुरा गर्नु वा नगर्नु भनेर प्राय: मुद्दाका विपक्षीका नाउँमा जारी गरिने आदेश; मुद्दामा हुने निर्णय वा फैसला बाहेकका अन्य आदेश। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (१) को स्पष्टीकरण।]*

अन्तर्घात (Betrayal)- *ना.* [सं.] भित्री आघात; आफ्नाले आफ्नैलाई भित्रभित्रै पुऱ्याउने हानि; बाहिर ठिक पारी भित्रभित्रै कैंची मार्ने काम; आफन्तको कुभलो।

अन्तर्निहित (Inherent, intrinsic)- *ना.* [सं] भित्र रहेको; नैसर्गिक; निहित; अव्यक्त भए पनि अन्तर्भूत; आफैमा स्वत: रहेको।

अन्तर्निहित अधिकार (Inherent right)- *ना.* [सं] कसैद्वारा प्रदत्त नभई भित्रै रहेको नैसर्गिक अधिकार; अहरणीय अधिकार; कानूनतः उपचारप्राप्त हुनुपर्ने अधिकार; मानवअधिकार।

अन्तर्विरोध (Contradiction)- *ना.* [सं] दुई किसिमका विचारको टक्कराउ; बाहिर र भित्रको द्वन्द्व; आपसी विरोध वा वैमनस्यता; परस्परमा नमिल्ने दुई वैचारिक स्थितिका बिचको द्वन्द्व; अन्तर्द्वन्द्व।

अन्तस्करण (Conscience)- *ना.* [सं] अन्त:करण; सही र गलत वा उचित अनुचित छुट्याउन सक्ने मानसिक शक्ति; गुण वा विचार र कार्यको औचित्य सोचविचार गर्ने चित्त वा मन; विवेक, बुद्धि वा समझ शक्ति; मानिसको आन्तरिक वा भित्री चेतनशक्ति।

अन्तिम (Final, last)- *वि.* [सं] सबैभन्दा पछिको; आखिरी; निर्णायक; पछिल्लो; समाप्तिको; समापक।

अन्तिम निर्णय (Final decision)- *नाप.* त्यस्तो निर्णय जुन भइसकेपछि त्यसमा कुनै हेरफेर हुँदैन; मुद्दामामिलामा कुनै कुरा पुनर्विचार गर्न बाँकी नरहेको अन्तिम कारबाही किनारा; अन्तिम ठहर/ फैसला; पुनरावेदन गर्न पाउनेमा समेत पुनरावेदन परी पुनरावेदन सुन्ने अदालतबाट भएको निर्णय/ ठहर/ फैसला; साधक पेस हुने ठहर/ फैसला/ निर्णयउपर साधक निकासा गर्ने अधिकारप्राप्त अदालतबाट भएको निर्णय/ ठहर/ फैसला। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा 172 को स्पष्टीकरण।]*

अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी (Payment from which tax is withhold finally)- *नाप.* लाभांश, भाडा, लाभ, ब्याज तथा गैरबासिन्दा व्यक्तिलाई कर कट्टी गरी हुनुपर्ने अन्तिम भुक्तानी। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ग)।]*

अन्तिम लेखापरीक्षण (Final auditing)- *ना.प.* सरकारी निकाय वा राज्यका सार्वजनिक सेवाप्रदायक निकाय वा अङ्गहरू तथा पचासप्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा सरकारी स्वामित्व रहेका सङ्घसंस्थाहरूको आयव्ययको हरहिसाब नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा जाँच गर्ने काम; आन्तरिक लेखा परीक्षणभन्दा पछि महालेखापरीक्षकबाट सम्पन्न गरिने लेखापरीक्षण। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (क)।]*

अन्दाज (Estimate, guess)- *ना.* [फा] अनुमान; अड्कल; लख; नाप; जोख।

अन्धविश्वास (Superstition)- *ना.* [सं.] आँखा चिम्म गरेर यसै गरिने विश्वास; तर्क र युक्तिद्वारा औचित्य सिद्ध हुन नसक्ने अज्ञानताग्रस्त विश्वास; ठोस वैज्ञानिक, तार्किक वा प्रमाणित आधार नभएको तर परम्परा निर्दिष्ट भ्रमका आधारमा खडा भएको विश्वास।

अन्य घातक रासायनिक पदार्थ (Other hazardous chemicals)- *ना.प.* अतिरिक्त घातक रासायनिक पदार्थ; तेजाबबाहेक मानव अङ्ग, जीवजन्तु वा जैविक वा गैरजैविक वस्तुलाई गम्भीर हानि, नोक्सानी वा क्षति पुऱ्याउन सक्ने जुनसुकै रासायनिक पदार्थ। *[हे. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २ को खण्ड (घ)।]*

अन्य पत्रपत्रिका (Other magazines, other papers)- *ना.प.* अतिरिक्त पत्रपत्रिका; विभिन्न पत्रिका; समाचारपत्र र समाचारपत्रिकामा नगनिने कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विधामा प्रकाशित हुने फरक रूपका पत्रपत्रिका। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (छ)।]*

अन्य बिमा सेवा प्रदायक (Other Insurance Service Supplier)- *ना.प.* बिमासम्बन्धी कार्य गर्ने विभिन्न सेवा प्रदायक; बिमा प्राधिकरणबाट इजाजतप्राप्त बिमक वा बिमा मध्यस्थकर्ता बाहेकको अन्य व्यक्ति वा संस्था। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ख)।]*

अन्य सञ्चार माध्यम (Other means of communication)- *ना.प.* विभिन्न सञ्चार माध्यम; आमसञ्चारका अनेक माध्यम; स्याटेलाइट तथा केबुल बाहेकका अन्य सञ्चार माध्यम वा मल्टिच्यानल मल्टिप्वाइन्ट डिस्ट्रिब्युन सिस्टम (एम.एम.डी.एस.), अनलाइन टेलिभिजन, ओभर द टप (ओ.टी.टी.), भिडियो अन डिमान्ड (भी.ओ.डी.), अप्टिकल फाइबर ट्रान्समिसन प्रणाली वा इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइ.पि.टि.भि.) प्रणाली। *[हे. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ को खण्ड (ग)।]*

अन्यत्र (Elsewhere)- *क्रिवि.* [सं] अन्त कतै, अरू कुनै ठाउँमा; अर्कै ठाउँमा; अर्कैतिर।

अन्यथा (Otherwise, else, against, contrary)- *वि.* [सं.] भनिएको भन्दा बेग्लै; अर्कै केही; विपरीत; विरुद्ध; उल्टो। *संयो.* त्यसो नभए; होइन भने; नत्र।

अन्याय (Injustice)- *ना.* [सं.] निसाफ नभएको स्थिति; न्यायको अभाव; न्यायविरुद्धको काम; बेइन्साफ; अनुचित कामको परिणाम।

अन्योन्याश्रित (Interdependent)- *वि.* [सं.] एक-अर्कामा आश्रित रहेको; परस्पर निर्भर।

अन्वेषक (Researcher, explorer)- *ना.* [सं.] खोजकर्ता; शोधकर्ता; अनुसन्धानकर्ता; अध्ययन अनुसन्धान गर्ने व्यक्ति; खोजपड्ताल गर्ने व्यक्ति।

अन्वेषण (Research, exploration, inquiry)- *ना.* [सं.] अध्ययन-अनुसन्धान; शोधखोज गर्ने काम; गवेषण; खोजपडताल; खोज।

अन्वेषण अवधि (Exploration period)- *ना.प.* अन्वेषणका लागि तोकिएको अवधि र त्यसमा थप गरिएको अवधि; कुनै कुरा अन्वेषण गर्न लागेको अवधि; अनुसन्धानमा लागेको समय।

अन्वेषण कार्य (Exploratory work)- *ना.प.* शोधखोजसम्बन्धी सबै कार्य; अनुसन्धानार्थ समस्याचयनदेखि तथ्याङ्क सङ्कलन, प्रविष्टि, प्रस्तुतीकरण, विश्लेषण र निष्कर्षसम्मका सबै काम; कुनै कुराको अन्वेषण गर्नको लागि तथा अन्वेषणबाट पत्ता लागेको वस्तुको व्यापारिक विकासको मूल्याङ्कन गर्नको लागि गरिने आवश्यक सबै कार्य।

अपकार (Disservice, wrong doing)- *ना.* [सं.] अर्काको कुभलो हुने वा चिताउने काम।

अपचलन (Misuse, misappropriation, embezzlement, abuse)- *ना.* [सं.] हिनामिना गर्ने काम; दुरूपयोग; अनुचित उपयोग।

अपदस्थ (Dismissed, deposed, oustered)- *वि.* [सं.] पदबाट हटाइएको वा खोसिएको; पदच्युत; निष्कासित।

अपमान (Insult, disrespect, humiliation)- *ना.* [सं.] हेला; बेइज्जती; तिरस्कार; दुत्कार; कसैको इज्जत वा प्रतिष्ठामा ह्रास पुऱ्याउने काम; अर्काको इज्जतमा धक्का पर्ने गरी भने गरेको काम; मानभङ्ग।

अपराध (Crime, offence)- *ना.* [सं.] कसुर; नैतिकता, समाज र कानूनविरुद्धको कार्य; कानूनद्वारा दण्डित गरिने आचरणको स्वरूप; समाज वा व्यक्तिलाई हानिनोक्सानी वा खतरा पुऱ्याउने कार्य; दण्डनीय कार्य; फौजदारी कानूनविरुद्धका कार्य (नगर्नु भनेको गर्नु वा गर्नु भनेको नगर्नु); कानून निषेधित कार्य।

अपराध-अनुसन्धान सूत्र (Secret agent)- *ना.प.* अपराध-अनुसन्धान सम्बन्धी सूचना सङ्कलनका लागि अपराध अनुसन्धान ब्युरोद्वारा परिचालित व्यक्ति। *[हे. केन्द्रीय अनुसन्धान ब्युरो (स्थापना र कार्य सञ्चालन) नियमावली, २०७० को नियम २ को खण्ड (ङ)।]*

अपराधशास्त्र (Criminology)- *ना.* [सं.] अपराधविज्ञान; अपराध र अपराधीहरूसँग सम्बन्धित पक्षहरूको अध्ययन गर्ने समाजशास्त्र; मानवको अपराध प्रवृत्तिको विश्लेषण र विवेचना गरी अपराध नियन्त्रण गर्ने व्यावहारिक महत्त्वको विज्ञान; अपराधका कारण र असर, अपराधको रोकथाम तथा नियन्त्रण; दण्डप्रणाली र अपराध निवारण तथा अपराधीको सुधार तथा पुन:स्थापनाका उपाय आदि विषयमा वैज्ञानिक अध्ययन गर्ने शास्त्र।

अपराधी (Criminal, offender)- *ना.* [सं.] अपराध गर्ने व्यक्ति; कसुर गरेको व्यक्ति; अपराधमा दोषी ठहर भएको व्यक्ति; कसुरदार ठहरेको व्यक्ति; फौजदारी दोष प्रमाणित भएको व्यक्ति।

अपरिहार्य (Indispensable, unavoidable)- *वि.* [सं.] बेवास्ता गर्न नमिल्ने; त्याग गर्न नसकिने; नभई नहुने; अत्यावश्यक; अनिवार्य।

अपर्झट (Accidental, sudden)- *वि.* [सं.] अचानक, अकस्मात, एक्कासि, आकस्मिक, अप्रत्यासित; भैपरी आउने; उपर्झट।

अपर्याप्त (Insufficient, inadequate)- *वि.* [सं.] चाहिएजति नभएको; अपुग; नपुग; कमी; पर्याप्त नभएको; थोरै।

अपवाद (Exception)- *ना.* [सं.] सामान्य नियमभित्र नअटाउने विशेष लक्षण वा अभिलक्षण; व्यतिरेकी नियम/ प्रतिनियम; नियमको सीमा वा नियमले समेट्न नसक्ने पक्ष।

अपहरण (Kidnapping, abduction, hijacking)- *ना.* [सं.] खराब उद्देश्यसाथ हरण गर्ने वा खोस्ने काम; जोरजुलुम वा जालसाज गरी कुनै व्यक्तिलाई निजको इच्छा विरुद्ध लैजाने काम; कसैबाट कुरा जबरजस्ती खोसेर लैजाने काम, कुनै स्वार्थले कुनै व्यक्तिलाई जबरजस्ती लैजाने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २११।]*

अपाङ्ग (Disabled, handicapped)- *वि.* [सं.] विकलाङ्ग; शरीरको कुनै अङ्ग विकृत, अक्षम वा भङ्ग भएको; सामान्य दैनिक कार्य गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको। *विप.* साङ्ग; सबलाङ्ग।

अपाङ्गता (Disability)- *ना.* [सं.] शरीरको कुनै अङ्ग विकृत, अक्षम वा भङ्ग भएको अवस्था।

अपाङ्गता परिचयपत्र (Disability Identity Card)- *नाप.* अपाङ्गता भएका व्यक्ति भनी चिनाउने कागजपत्र; पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, मध्यम अपाङ्गता र सामान्य अपाङ्गता भएका व्यक्तिहरूका लागि दिइने क्रमश: रातो, निलो, पहेँलो र सेतो रङ्गचिन्हित परिचयपत्र। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७ को नियम २ को खण्ड (ख)।]*

अपाङ्गता पुन:स्थापना कोष (Disability Rehabilitation Fund)- *नाप.* अपाङ्गता भएका व्यक्तिलाई आवास व्यवस्था; सशक्तीकरण क्रियाकलाप तथा सामुदायिक पुन:स्थापना गर्ने कामका लागि आवश्यक खर्चको स्रोत जुटाउने कोष; अपाङ्गता भएका व्यक्तिको हितमा गरिने काम गर्नका लागि रकम जगेडा गर्ने कोष। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा 30।]*

अपाङ्गता भएका असहाय व्यक्ति (Helpless person with disability)- *नाप.* अपाङ्गता भएका तर आफ्नो सम्पत्ति नभएका, स्याहारसुसार गर्न परिवारका सदस्य वा संरक्षक नभएका व्यक्ति; अपाङ्गताकै कारणले आफ्नो स्याहार आफै गर्न नसक्ने व्यक्ति; अपाङ्गताका कारणले रोजगार गरी जीवनयापन गर्न नसक्ने व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (क)।]*

अपाङ्गता भएका व्यक्ति (Person with disability)- *नाप.* शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता भएका व्यक्ति; शारीरिक, मानसिक, बौद्धिक क्षमता, ज्ञानेन्द्रिय वा कर्मेन्द्रिय अक्षम वा अङ्गभङ्ग भएका व्यक्ति; अपाङ्गताद्वारा कार्यक्षमतामा सीमा वा अवरोध रहेका कारण समान आधारमा सबलाङ्ग व्यक्तिसरह पूर्ण र प्रभावकारी ढङ्गले जीवनयापन वा सामाजिक जीवनमा सहभागी हुन बाधा रहेभएका व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ख) र दफा ८।]*

अपाङ्गता भत्ता (Disability allowance)- *नाप.* अपाङ्गता भएका व्यक्तिले पाउने सामाजिक सुरक्षा भत्ता।

अपाङ्गताको आधारमा भेदभाव (Discrimination on the basis of disability)- *नाप.* समान आधारमा अन्य व्यक्तिसरह राजनीतिक, आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग वा प्रयोगमा अपाङ्गताका आधारमा अवरोध गर्नु वा रोक्नु; अपाङ्गताका आधारमा मानव मर्यादा र समानताको भावबाट भिन्न गराउने, बहिष्करण गर्ने वा रोक लगाउने कार्य; अपाङ्गता भएका व्यक्तिको उपयुक्त अनुकूलता अस्वीकार अस्वीकार इन्कार गर्ने कार्य; अपाङ्गता भएका आधारमा गरिने प्रतिकूल

विभेद। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ८ को उपदफा (१) को स्पष्टीकरण।]*

अपाङ्गतामैत्री सेवा (Disabled-friendly service)- *ना.प.* अपाङ्गता भएका व्यक्तिलाई अनुकूल वा सहज हुने गरी प्रदान गरिने सेवा; अपाङ्गता भएका व्यक्तिको सर्वोत्तम हित रक्षा हुने गरी प्रदान गरिने सेवा।

अपुताली (Inheritance)- *ना.* [अपुत+आली] मानिस मरेपछि उसका सम्पत्तिसम्बन्धी स्वामित्व र दायित्व अर्को व्यक्तिमा सर्ने बन्दोबस्त; मृतकका ऋण र धनसम्बन्धी दायित्व र अधिकार हकवालामा सर्ने कार्य। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २३७।]*

अपुरणीय क्षति (Irreparable loss)- *ना.प.* कहिल्यै पूरा गर्न नसकिने क्षति वा हानि।

अप्रत्यक्ष वा अर्ध करार (Indirect or quasi-contract)- *ना.प.* कानूनसम्मत स्वैच्छिक एकतर्फी करार; कानूनी सम्बन्ध हुन सक्ने कुनै निश्चित, कानूनसम्मत, स्वेच्छिक वा एकतर्फी रूपमा गरेको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६४८ को उपदफा (१)।]*

अप्रत्यावर्तनीय क्षति (Irreversible damage)- *ना.प.* कुनै अङ्गले पुनः काम गर्न सक्ने गरी फर्किन वा बौरिन नसक्ने गरी भएको क्षति; अङ्गले पुनः काम गर्न नसक्ने गरी बिग्रेको अवस्था; मस्तिष्कका क्रियाकलाप पुनः काममा आउन नसक्ने गरी पूर्ण रूपमा भएको क्षतिग्रस्तता। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (क२)।]*

अप्राकृतिक मैथुन (Unnatural sexual intercourse)- *ना.प.* प्राकृतिक ढङ्गबाट नहुने शारीरिक सम्बन्ध वा करणी। *[हे. मुलुकी अपराध संहिता, २०७४ दफा २26।]*

अफवाह (Rumour, propaganda)- *ना.* [अ.] बनावटी हल्ला; गलत प्रचारबाजी, झुटो हल्ला; मनगढन्ते प्रचार वा चर्चा।

अबन्डा (Unpartitioned)- *ना.* बन्डाको अभाव। *वि.* सगोल; अविभाजित; अंशबन्डा नभएको; भागबन्डा गर्न बाँकी; सगोलको।

अबल (Weak, feeble)- *ना.* [सं.] बल नभएको, दुर्बल, निर्धो।

अबाद/ आबाद (Cultivation, inhabition)- *ना.* [फा.] बाँझो जग्गामा खनजोत र खेती; किसानी गर्ने तथा नयाँ बस्ती बसाउने काम; बाँझो जग्गाजमिनको खनजोत, खेतीकमाई; पर्ती जग्गा बिराउने काम।

अब्झट (Emergency, sudden)- *क्रिवि.* [अपर्झट] आकस्मिक, अपर्झट, अचानक।

अब्बल (Excellent, highest quality)- *वि.* [अ.] सर्वोत्कृष्ट, उच्च कोटिको; विशिष्ट; पहिलो दर्ताको।

अभिकरण (Agency)- *ना.* [सं.] नीति, कानून वा कार्यक्रमलाई कार्यरूप दिने निकाय; कसैका तर्फबाट प्रतिनिधि वा अभिकर्ताका रूपमा गरिने काम।

अभिकर्ता (Agent)- *ना.* [सं.] सङ्घसंस्था वा प्रतिष्ठानका तर्फबाट प्रतिनिधि भई काम गर्ने व्यक्ति; व्यापार व्यवसायको कारोबारी प्रतिनिधि; प्रतिनिधिका रूपमा काम गर्ने व्यक्ति; मुद्दामामिलामा लेखापढी गर्ने वा वारिसका रूपमा काम गर्ने व्यक्ति; वारिस।

अभिजाततन्त्र (Aristrocracy)- *ना.* [सं.] कुलीनतन्त्र; केही कुलीन वा खानदानी वर्गले चलाएको शासन व्यवस्था; पारिवारिक प्रभुत्व रहेको शासन व्यवस्था।

अभिप्राय (Intention, motive)- *ना.* [सं.] अभिलाषा; इच्छा; उद्देश्य; भन्न वा व्यक्त गर्न खोजिएको कुराको सार; मुख्य अर्थ वा विचार; भित्री कुरो; तात्पर्य; अन्तर्य।

अभिभावक (Guardian, custodian)- *ना.* [सं.] बाबुआमा वा संरक्षण गर्ने व्यक्ति; पालनपोषण वा हेरविचार गर्ने व्यक्ति; संरक्षक वा माथवर; विद्यालय वा अन्य निकायमा बालबालिकाका अभिभावकका रूपमा दरिएका वा अभिभावकका रूपमा काम गर्ने व्यक्ति, संरक्षक वा माथवर। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख)।]*

अभिमत (Opinion)- *ना.* [सं.] मन्तव्य; राय; मत; विचार वा धारणा।

अभिमुखीकरण (Orientation)- *ना.* [सं.] उन्मुख गराउने कार्य; कतैतिर फर्काउने कार्य; परिचयकरण; विशेषज्ञद्वारा कुनै खास विषयमा विशेष जानकारी दिने वा त्यसको प्राविधिक पक्षमा गरिने शिक्षण, प्रशिक्षण वा तालिम; विषयप्रतिको दत्तचित्त बोध।

अभियान (Campaign)- *ना.* [सं.] कुनै विशिष्ट किसिमको काम वा प्रयास; खास कुरा हासिल गर्ने हिसाबको ठोस कार्यक्रम वा क्रियाकलाप; निश्चित उद्देश्य वा लक्ष्य प्राप्त गर्न सामूहिक रूपमा गरिने प्रयास वा गतिविधि।

अभियुक्त (Accused)- *ना.* [सं.] दोष वा अभियोग लगाइएको वा लागेको व्यक्ति; फौजदारी अभियोजन गरिएको व्यक्ति; सरकारवादी फौजदारी मुद्दामा फैसला हुनुअघिको अवस्थाको प्रतिवादी; अभियोजित तर अप्रमाणित कसुरदार; अपराध गरेको प्रमाणित हुन बाँकी रहेको तर अभियोग लगाइएको व्यक्ति।

अभियोक्ता (Prosecutor)- *ना.* [सं.] फौजदारी मुद्दा लगाउने वा अभियोगपत्र प्रस्तुत गर्ने अधिकारी; अभियोग लगाई मुद्दा दायर गर्ने अधिकारी; अभियोजन अधिकारी; सरकारी वकिल।

अभियोग (Charge, accusation, indictment)- *ना.* [सं.] अपराधको कलङ्क, दोष, बात वा आरोप लगाउने कार्य; लाञ्छित गर्ने काम; लाञ्छना; खत गऱ्यो भनी दोष लगाउने कार्य; दोषारोपण; फौजदारी कसुर गऱ्यो, पुर्पक्ष गरी सजाय गरियोस् भनी सरकारले अदालतसमक्ष लिएको दाबी।

अभियोगपत्र (Indictment, charge sheet)- *ना.* [सं.] सरकारवादी फौजदारी मुद्दामा फिरादपत्र सरहको उजुरी; कुनै व्यक्तिले फौजदारी कसुर गऱ्यो भनी आरोप वा दोष लगाई निजले गरेको कसुर र हुनुपर्ने सजायको विस्तृत विवरणसहित अदालतसमक्ष पेस गरिने मागपत्र; शङ्कित वा अभियुक्त अवस्थाको कसुरदारउपर दर्ता गरिने उजुरीपत्र; फौजदारी कसुरमा अभियोग लगाई अड्डा अदालतमा मुद्दा चलाउन दर्ता गरिएको लिखत। *[हे. विशेष अदालत नियमावली, २०८० को नियम २ को खण्ड (ख)।]*

अभियोजन (Prosecution)- *ना.* [सं.] अभियोग लगाउने काम; अभियोगपत्र अदालतसमक्ष प्रस्तुत गरी कसुरदारउपर मुद्दा चलाउने काम।

अभिलेख (Records, archives) - *ना.* [सं.] लेखिएको, लिपिएको वा कुँदिएको कुनै विषयको कुनै बेहोरा वा विवरणको प्रामाणिक आलेख; प्रस्तर/शिला, ताम्रपत्र, भोजपत्र, कागज आदिमा कुनै कार्य, घटना, निर्णय वा विषयमा सुरक्षित गरिएको प्रमाणिक जानकारी; आवश्यकतानुसार हेर्न, देख्न, खोल्न वा प्राप्त गर्न सकिने किसिमले कुनै लिखत वा विद्युतीय वा अन्य माध्यमद्वारा सञ्चित गरी राखिएको जानकारी र सूचना; कुनै विषयको प्रामाणिक लेख वा विवरण; ढुङ्गा, धातु, छाला, काठ आदिमा कुँदिएको सूचनादायी बेहोरा वा सामग्री; प्रामाणिक कागजात, लिखित विवरण; दीर्घकालसम्म रहने गरी सुरक्षित राखिएको लेख; अभिलिखित गरी अभिलेखालयहरूमा सुरक्षित रूपमा राखिएका कागजात र भाषामा बेहोरा र तिथिमिति खुलेका श्रव्यदृश्य वा लिखित सामग्री। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (घ) र अभिलेख संरक्षण ऐन, २०४६ को दफा २.१.२।]*

अभिलेखालय (Archives)- *ना.* [सं.] अभिलेख राखिने घर वा कोठा; अभिलेखहरूको सङ्ग्राहालय; मिसिल जम्मा गरेर राखिने अड्डा; मिसिल वा स्रेस्ता सुरक्षण कक्ष; छिनुवा मिसिल फाँट।

अभिवक्ता (Pleader)- *ना.* [सं.] वादी वा प्रतिवादीका पक्षबाट कुनै मुद्दा मामिलाका सन्दर्भमा अड्डा अदालतमा उपस्थित हुने, बहस पैरवी गर्ने व्यक्ति; वकिल; अधिवक्ता भन्दा एक

तहमुनिको कानून व्यवसायी; सर्वोच्च अदालतबाहेक नेपालका अन्य अड्डा, अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, बहस पैरवी गर्ने कानून व्यवसायी।

अभिव्यक्ति (Expression)- *ना.* [सं.] व्यक्त वा प्रकट हुने काम; वाणीका माध्यमबाट कुनै विषयबारे बोलिने वा खोलिने कथन; भनाइ, वक्तव्य, मन्तव्य आदि; शब्द वा वाक्यद्वारा प्रकट गरिने भाव, विचार वा सन्देश; कुनै विषयवस्तुलाई व्यक्त गर्ने कार्य, प्रस्तुति वा प्रस्तुतीकरण; कुनै कुरा, तथ्य, विवरण आदि लेखेर, बोलेर वा इसारोले दर्साउने वा खुलाउने काम।

अभिसन्धि (Convention)- *ना.* [सं.] सन्धिविशेष; महासन्धि; अन्तरराष्ट्रिय कानूनका रूपमा राष्ट्रहरू पक्ष रहने सन्धिसम्झौता।

अभ्यास (Practice)- *ना.* [सं.] कुनै विषयका व्यावहारिक पक्षमा बारम्बार गरिने मिहिनेत वा लगाब; कुनै पनि विषयमा साधना गर्ने काम; नियमित कामकाज गराइ; प्रयोग-प्रचलन; बानी वा आदत बसाल्ने काम; कुनै विषयको ज्ञान, अभिवृत्ति र व्यवहार बदल्नका लागि अपनाइने जुक्ति; कौशल, विषय वा कार्यमा निपुणता, क्षमता वा गुणस्तर बढाउन बारम्बार गरिने प्रयास।

अमर प्रहरी (Immortal police)- *ना.प.* वीरगतिप्राप्त प्रहरी; कर्तव्यरत अवस्थामै आतङ्कबाजी, विष्फोटन वा सशस्त्र हमलाद्वारा मृत्यु भएको प्रहरी; मुठभेट वा आतङ्ककारी क्रियाकलाप नियन्त्रण वा अन्य विशेष जोखिम र चुनौतीपूर्ण काममा खटिँदा आकस्मिक, भिडन्त वा हातहतियारका चोटबाट वीरगति प्राप्त प्रहरी कर्मचारी। *[हे. प्रहरी नियमावली, २०७१ को नियम २ को खण्ड (क)।]*

अमर सशस्त्र प्रहरी (Immortal armed police)- *ना.प.* वीरगतिप्राप्त सशस्त्र प्रहरी; कर्तव्यरत अवस्थामै आतङ्कबाजी, विष्फोटन वा सशस्त्र हमलाद्वारा मृत्यु भएको प्रहरी; मुठभेट वा आतङ्ककारी क्रियाकलाप नियन्त्रण वा अन्य विशेष जोखिम र चुनौतीपूर्ण काममा खटिँदा आकस्मिक, भिडन्त वा हातहतियारका चोटबाट वीरगति प्राप्त सशस्त्र प्रहरी। *[हे. सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २ को खण्ड (क)।]*

अमल (Thumb measurement)- *ना.* [सं. अङ्गुल] एक औँलो बराबरको नाप; एक अङ्गुल नापो।

अमलेख (Emanicipation, liberation)- *ना.* मुक्ति; छुटकारा; करियाहरूलाई प्रदान गरिने स्वतन्त्रता; कमाराकमारीलाई दिइने मुक्ति; दासत्वमोचन।

अमानत (Work by frorce account, surety)- *ना.* [अ.] धरौट वा धितो राख्ने काम; नासो; सार्वजनिक निकायले आफ्ना निर्माणसम्बन्धी वा यस्तै काम ठेक्कापट्टाबाट नगराई आफैले

गर्नु; ठेक्कापट्टामा नदिई सरकार वा हकदारबाट चलेको रकम-कलम। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ध) र नियम ९८।]*

अमानती (Directly conducted, dipositary)- *वि.* ठेक्कामा नदिई आफैबाट काम सम्पन्न गराउने काम; धरौटीमा राखिएको।

अमानवीय (Inhuman)- *वि.* [सं.] मानवले गर्न नहुने वा नसुहाउने; निर्दयी, क्रूर, दानवीय; आसुरी; पाशविक; अमानुषिक; मानवोचित व्यवहार वा सोच आदिको अभाव; मानिसले गर्न नहुने वा नमिल्ने काम, व्यवहार वा आचरण।

अमान्य (Invalid, unacceptable)- *वि.* [सं.] अस्वीकार्य; मान्नु नपर्ने; मान्न नसकिने; मान्यता दिन नहुने; मान्यताविहीन।

अमाल (Local court or local revenue office)- *ना.* [अ. अमल] पहिलेपहिले गाउँघरका मुद्दामामिला हेर्ने र सरकारी तिरो उठाउने अड्डा; वि.सं. १९८३ साल वैशाख २७ गतेको सनदबाट खुलेको मान्यजन कचहरी।

अमालकोट (Court and revenue office dealing with land revenue of Pashupatinath's trusts)- *ना.* पशुपतिनाथका नाउँका गुठी जमिनको बरबन्दोबस्त र तिरोभरो हेर्ने अमालको कार्यालय; कचहरी।

अमाली (Incharge of local court or revenue office)- *ना.* अमाल अड्डाको मुख्य हाकिम; अमालमा मुद्दामामिलापट्टिको काम हेर्ने व्यक्ति वा अधिकारी।

अमिन (Land measurer, surveyer)- *ना.* [अ.] जग्गाजमिनको नापजाँच गर्ने कर्मचारी; भूमापनकर्मी।

अमिनी (A court in Rana Regime)- *ना.* जमिनको नापजाँचसम्बन्धी काम गर्ने र जग्गाजमिनको अभिलेख रहने ठाउँ; पहिले तराई-मधेसको तल्लो तहको अड्डा; मधेस-तराईतर्फ अर्को मुलुकसँग सीमा जोडिएको इलाकामा सुरु तहको अदालत।

अमिनी गोस्वारा (Record office)- *ना.प.* राणाकालीन समयमा अमिनी अड्डाका कागजपत्र वा अभिलेख रहने अड्डा; काठमाडौं/ राजधानीमा सुरु मुद्दा हेर्ने र गोस्वारा अड्डाको साधक सदर गर्ने अदालत।

अमूर्त सम्पत्ति (Intangible property)- *ना.प.* मूर्त वा अचल रूपबाहेकका सम्पत्ति; कानूनी हक सिर्जना गर्ने मालसामान, बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र र मुद्रा

बाहेकका अन्य चल सम्पत्ति। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ग)।]*

अयोग्यता (Disqualification, ineligibility)- *ना.* [सं.] योग्यताको अभाव; अपात्रता; अनुचितता; नालायकपन; आवश्यक योग्यता नभएको अवस्था।

अरसट्ठा (Land record)- *ना.* जिमिदारी, पटुवारी प्रथामा जग्गा-जमिनको नापजाँच लगत; भूमिअभिलेख ढड्डा।

अराजकता (Anarchy, lawlessness)- *ना.* [सं.] अव्यवस्था; अमनचैनशून्यता; गन्डागोल; बेथिति; शासनमा नियम र अनुशासनको पालना नभएको अवस्था; छाडापन; अव्यवस्था; अशान्ति; अधिकार र कर्तव्यको असामञ्जस्यतामा स्वच्छन्दताको जथाभावी प्रयोग भएको अवस्था।

अराष्ट्रिय (Anti-national)- *वि.* [सं.] राष्ट्रिय भावनारहित; राष्ट्रसँग असम्बद्ध वा प्रतिकूल; राष्ट्रप्रति अहित चिताउने वा राष्ट्रकै कुभलो गर्ने; राष्ट्रविरोधी; राष्ट्रप्रति अहितकारी क्रियाकलापमा संलग्न।

अर्ज (Urge, request)- *ना.* [अ.] प्रार्थना; निवेदन; बिन्ती; आग्रह; अनुनय; अनुरोध।

अर्जित (Earned)- *वि.* [सं.] कमाएको; आर्जन गरेको; आम्दानी गरेको; आर्जित।

अर्जी (Petition, application)- *ना.* कुनै कुरा प्राप्त गर्नका लागि दिइने निवेदन; अड्डाले तोकेको दिन हाजिर हुन नसक्दा तारिख थाम्नका लागि झगडियाले तारिख थामिपाऊँ भनी अड्डा-अदालतमा पठाउने निवेदन।

अर्थ विधेयक (Finance bill)- *ना.प.* आर्थिक वा वित्तीय व्यवस्थासम्बन्धी विधेयक; कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय समाविष्ट विधेयक; सङ्घीय सञ्चित कोष वा अन्य कुनै सङ्घीय सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय समाविष्ट विधेयक; सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने कुराको व्यवस्था समाविष्ट विधेयक; सरकारले लिएको वा लिने आर्थिक दायित्वसम्बन्धी कानून संशोधन गर्ने विषय समाविष्ट भएको विधेयक; सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा सरकारको लेखा वा लेखापरीक्षण गर्ने विषय समाविष्ट विधेयक; सरकारको आर्थिक र वित्तीय कारोबारसँग प्रत्यक्ष सम्बन्ध भएका सान्दर्भिक

विषय समाविष्ट रहने जुनसुकै सरकारी विधेयक। *[हे. नेपालको संविधानको धारा ११० को उपधारा (३) र धारा १९८ को उपधारा (३)।]*

अर्थपूर्ण कारोबार (Significant transaction)- *ना.प.* सार्थक कारोबार; प्रमुखता पाउने कारोबार; कारोबार गर्दाको अवस्थामा तोकिएको न्यूनतम रकमभन्दा बढी मूल्य पर्ने कुनै वस्तु वा सेवा खरिद, बिक्री, लेनदेन गर्ने, ठेक्कापट्टासम्बन्धी कारोबार; कम्पनीको कुल सम्पत्तिको पाँच प्रतिशतभन्दा बढी मूल्य पर्ने कुनै वस्तु वा सेवा खरिद, बिक्री, लेनदेन गर्ने, ठेक्कापट्टासम्बन्धी कारोबार; तोकिएको रकमभन्दा बढीको वार्षिक बहालसम्बन्धी कारोबार। *[हे. कम्पनी ऐन, २०६३ को दफा ९३ को उपदफा (१) को स्पष्टीकरण।]*

अर्दली (Orderly, peon)- *ना.* [अङ्.] लाएअह्राएको सानो तिनो काम गर्ने अदालतको न्यून दर्जाको कर्मचारी; कार्यालयमा सहयोगी जनशक्ति; पिउन; चपरासी; टहले।

अर्ध स्वयंसङ्केतक तौलयन्त्र (Semi-automatic indicating weighing machine)- *ना.प.* वस्तुको आंशिक तौल स्वयं सङ्केत गर्न सक्ने तौलयन्त्र; तौलिने वस्तु यन्त्रमा राख्दा वस्तुको आंशिक तौल स्वयं र बाँकी तौल टैर वा क्षमताडन्डीमा जडिएको कुनै तौल वा सर्ने सन्तुलक वा अरू माध्यमद्वारा देखाउने यन्त्र। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५।]*

अर्धकट्टी (Counterfoil)- *ना.* अधकट्टी, एउटै कागजमा तल माथि वा दायाँ बायाँ एउटै बेहोरा लेखी आधा काटेर प्रमाणको रूपमा दिइने वा राखिने कागज वा रसिद; एकै बेहोरा लेखी एकएक प्रति प्रमाणस्वरूप दिनेलिने कागज वा रसिद; रसिदको आधा भाग।

अर्धन्यायिक (Quasi-judicial)- *वि.* [सं.] आधा न्यायिक; प्रशासनिक अधिकारीले गर्ने न्यायिक काम; न्यायका सीमित सिद्धान्त वा प्रतिमान अवलम्बन गर्न अनिवार्य रहेको प्रकृतिको प्रशासनिक प्रक्रियासम्बन्धी; खास किसिमका सानातिना मुद्दाको कारबाही र किनारा गर्न अधिकार पाएका प्रशासनिक अधिकारी वा निकायले गर्ने न्यायिक कार्यसम्बन्धी।

अर्धन्यायिक निकाय (Quasi-Judical Body)- *ना.प.* अर्धन्यायिक निकाय; मुद्दाको कारबाही र किनारा गर्न अधिकार पाएका अदालतबाहेकका अन्य निकाय। *[हे. मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा २ को खण्ड (क)।]*

अर्धसक्षम (Semi-competent)- *वि.* [सं.] आधासम्म सामर्थ्य राख्ने; आधा सक्षमताले सम्पन्न; आंशिक सक्षमता रहेको।

अर्धसक्षम व्यक्ति (Semi-competent person)- *ना.प.* पूर्ण सक्षमता नभई आधासम्म सक्षमता भएको व्यक्ति; आंशिक सक्षमता रहेको व्यक्ति; कानूनका अधीनमा रही अधिकार उपयोग गर्न,

दायित्व निर्वाह गर्न र कर्तव्य पालना गर्न सक्ने दश देखि अठार वर्षसम्मको उमेरसमूहको नाबालक वा बालबालिका; अधिकारको उपयोग गर्दा संरक्षक वा माथवरका मन्जुरी वा निजहरूमार्फत गराउनुपर्ने प्रकृतिको बालबालिका; कागज गराउँदा संरक्षक वा माथवरलाई रोहबरमा राखी गराउनुपर्ने दश देखि अठार वर्षसम्मको उमेर व्यक्ति। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३४।]*

अर्मल (Indemnity for damage of crops)- *ना.* [सं. अन्यतर मूल्य?] बाली बिगो; गाईबस्तुले बाली खाँदा गाईबस्तु धनीले बालीधनीलाई भर्ने बिगो; बाली वा त्यसको मूल्य (अन्यतर) मध्ये कुनै एक; बाली बिगार भएबापत धनीले पाउने हर्जाना।

अलगर्जी (Passive, idle)- *वि.* [अ. अलगरज] अकर्मण्य; बेकामे; कामको पर्बाह नगर्ने; काममा निस्क्रिय रहने; अलमस्त; अल्छी; फिक्री नभएको।

अलङ्कार *(Alankar*, Decoration*)*- *ना.* [सं.] गहना; आभूषण; शृङ्गार वा सजावटयुक्त विभूषण; जुनसुकै व्यक्तिलाई प्रदान हुन सक्ने राष्ट्रयशोबर्द्धक, नेपाल सेवा प्रवीण, समाज सेवा रत्नजस्ता विभूषण; नेपाली सेनालाई मात्र प्रदान गरिने परम पौरख भाष्कर, अति पौरख भाष्कर, महापौरख भाष्करजस्ता विभूषण; नेपाल प्रहरीलाई मात्र प्रदान गरिने नेपाल प्रताप सुभूषण, नेपाल प्रताप आभूषण, नेपाल प्रताप भूषणजस्ता विभूषण। *[हे. विभूषण ऐन, २०६४ को दफा २ को खण्ड (घ) र दफा १२।]*

अलल-हिसाब (Advanced amount)- *ना.* [अ.] पछि हिसाब लिइने गरी दिइएको धन; अग्रिम देय; सरदर हिसाब; हुन्डीमुन्डी हिसाब।

अलिखित (Unwritten)- लेखबद्ध वा लिपिबद्ध नभएको, नगरिएको; नलेखिएको; मौखिक; श्रुत।

अलिपत्र (Deed of selling slaves)- *ना.* कमारा-कमारीलाई बेच्दा लेखिने फाछर्यापत्र। [*हे.* वि.सं.*१९१० सालको मुलुकी ऐनको कमारा बेच्ताको महलको नं. ७।]*

अलिफार्स्या (Executing deed of mortgage)- *ना.* तोकिएका म्यादमा रकम बुझाउन नसके कबुल अनुसार धितो फार्से हुने कागज वा व्यवहार; अलिफार्छे।

अल्पकालीन (Short term)- *ना.* [सं.] थोरै दिनको; छोटो अवधिको; थोरै समयको; केही दिनको; अल्पकालिक।

अल्पमत (Minority)- *ना.* [सं.] थोरै मत; आवश्यक पर्ने भन्दा कम मत; अल्पसङ्ख्यक मत; कुल सङ्ख्याको आधाभन्दा कमको सङ्ख्यामा रहेको मत।

अल्पसङ्ख्यक (Minority)- *ना.* [सं.] सङ्ख्याले थोरै; कानूनबमोजिमको निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह वा समुदाय विशेष; सङ्ख्याले थोरै भए पनि आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएका, तिनलाई बचाइराख्ने आकाङ्क्षा राख्ने र विभेद तथा उत्पीडन भोगेका समूह। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (क)।]*

अवकाश (Retirement)- *ना.* [सं.] छुट्टी; बिदा; फुर्सद; निवृत्ति; कर्मचारीका सेवाका सर्तअनुसार उमेर वा सेवाअवधिका आधारमा सेवाबाट अलग हुने काम; सेवारत व्यक्ति जुनसुकै कारणले सेवाबाट निवृत्त हुने काम वा अवस्था। *[हे. निवृत्तभरण कोष ऐन, २०७५ को दफा २ को खण्ड (ख)।]*

अवकाश कोष (Retirement fund)- *नाप.* कुनै पनि सरकारी वा सार्वजनिक निकाय वा सङ्घसंस्थामा सेवाकर्ताले सेवाकालमा आफ्ना तलबभत्ताबाट केही अंश सञ्चय गर्ने कोष; कर्मचारीले सेवानिवृत्त भएपछि निज वा निजका आश्रितले भुक्तानी पाउने गरी सेवाकर्ताको अवकाश योगदान रकम जम्मा गर्न स्वीकार गर्ने र सो रकम लगानी गर्ने उद्देश्यले खडा गरिएको कोष। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (घ)।]*

अवकाश भुक्तानी (Retirement payment)- *नाप.* प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी वा प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ङ)।]*

अवकाश योगदान रकम (Retirement contribution fund)- *नाप.* अवकाश भुक्तानीका लागि वा पछि गरिने अवकाश भुक्तानीका लागि अवकाश कोषलाई गरिएको भुक्तानी। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (च)।]*

अवगुण (Demerit)- *ना.* [सं.] खराब गुण; नराम्रो गुण; दोष।

अवच्छिन्न (Fragmented, separated)- *वि.* [सं.] बिचबिचमा खण्डित रहेको; क्रम टुटेको वा क्रम अटुट नरहेको; चुँडालिएको; छुट्याइएको; टुक्र्याइएको।

अवधारणा (Concept)- *ना.* [सं.] कुनै कुरा वा विषयलाई किटेर दर्साउने वा आकारमा ढालेर देखाउने वा भन्ने काम; सोचविचारपूर्वक कुनै पनि विषयमा मानसिक रूपमा निर्माण हुने वा बोध गरिने निश्चित रूपरेखा वा छाँट; कुनै विषयप्रतिको दृष्टिकोण, विचार, सोचाइ, धारणा, भावना।

अवधि (Period, term, tenure, duration)- *ना.* [सं.] निर्धारित समय; समयको निश्चित सीमा; समयको हद।

अवमूल्यन (Devaluation)- *ना.* [सं.] कुनै वस्तुको मूल्य घट्ने वा महत्त्व कम हुने क्रिया; मूल्य वा स्तरमा कमी; भाउ घट्ने वा घटाउने काम वा अवस्था।

अवरोध (Hindrance, obstacle, interruption)- *ना.* [सं.] रोकावट; बाधा; अड्काउ गर्ने वा हुने काम; रोकटोक; व्यवधान।

अवलोकन (Observation, inspection)- *ना.* [सं.] हेर्ने वा दृष्टिपात गर्ने काम; सूक्ष्म रूपमा हेर्ने वा तथ्य पत्ता लगाउन अध्ययन गर्ने काम; निरीक्षण; अन्वीक्षण; आलोकन।

अवशिष्ट (Residuary)- *वि.* [सं.] अवशेष रहेको; बाँकी; शेष रहेको; कुनै वस्तु कुनै काममा लगाएर बाँकी रहेको; बचेखुचेको।

अवशिष्ट अधिकार (Residuary power)- *नाप.* बाँकी शक्ति वा सामर्थ्य, अवशेष रहेको अधिकार; शेष अधिकार।

अवश्यम्भावी (Inevitable, indispensable)- *वि.* [सं.] भइछाड्ने वा भएरै छाड्ने; टार्न वा छेक्न नसकिने; हुने निश्चित भएको; कुनै कुरा भविष्यमा हुने निश्चय रहेको।

अवसर (Opportunity)- *ना.* [सं.] मौका; ताक; अनुकूल परिस्थिति; कुनै काम कुरा गर्न मिल्दोजुल्दो परिस्थिति; उचित समय।

अवसरवाद (Opportunism)- *ना.* [सं.] प्रत्येक अवसर वा समयबाट फाइदा लिने वा स्वार्थपूर्ति गर्ने नीति वा सिद्धान्त; ताक छोपेर फाइदा लिने प्रवृत्ति।

अवहेलना (Contempt)- *ना.* [सं.] हेला वा घृणा गर्ने काम; मान, इज्जत, प्रतिष्ठा आदिमा नोक्सान गर्ने व्यवहार; तिरस्कार; अपहेलना; अपमान।

अवाञ्छित (Unwanted, undesired inexpedient)- *वि.* [सं.] चाहना नगरिएको; इच्छा नगरिएको; अनिच्छित; अनावश्यक; अनपेच्छित।

अविच्छिन्न (Perpetual, continuous)- *वि.* [सं.] बिचबिचमा नटुटेको, बिचमा खण्डित नभएको; अटुट; लगातार; निरन्तर।

अविच्छिन्न उत्तरधिकारवाला (Perpetual successor)- *नाप.* अधिकार नटुट्ने वाला; हकवाला खण्डित नहुने प्रकृतिको; बिचबिचमा नटुटेको निरन्तरको उत्तरधिकारवाला; खण्डित नभईकन हक प्राप्त गर्ने हकवाला; आधिकारिक प्रतिनिधित्व निरन्तर रहिरहनेवाला।

अविभाज्य (Indivisible, inseparable)- *वि.* [सं.] भाग नलाग्ने; विभाजन वा बाँडफाँड नहुने, बाँड्न नसकिने; टुक्राउन वा भाग लगाउन नमिल्ने।

अविलम्ब (Immediately)- *वि.* [सं.] विलम्ब वा ढिलाइ नगरी; चाँडै; तुरुन्त; तत्कालै।

अविवाहित (Unmarried)- *वि.* [सं.] विवाह नभएको वा नगरेको; कुमार/ कुमारी।

अविश्वास (Mistrust, no confidence)- *ना.* [सं.] विश्वास नरहे वा नभएको अवस्था वा स्थिति; विश्वासको अभाव; अनपत्यार; पत्यार नभएको वा नगरेको अवस्था।

अवैतनिक (Honorary, unpaid)- *वि.* [सं.] सम्मानका खातिरको; मानार्थ मात्र; विनातलब; बेतलबी; वेतनविनाको; पारिश्रमिक वा ज्याला नपाइने।

अवैतनिक वाणिज्यदूत (Unpaid consul)- *ना.प.* वेतन नपाउने वाणिज्यदूत; कुनै किसिमको पारिश्रमिक नपाउने गरी नियुक्त महावाणिज्यदूत, वाणिज्यदूत वा उपवाणिज्यदूत। *[हे. अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९ को नियम २ को खण्ड (ङ)।]*

अवैतनिक वाणिज्यदूतको आतिथेय राज्य (Host state of unpaid consul)- *ना.प.* नियुक्ति भएको अवैतनिक वाणिज्यदूतलाई ग्रहण गर्ने वा स्वीकृति प्रदान गर्ने मुलुक। *[हे. अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ को नियम २ को खण्ड (झ)।]*

अवैध (Illegal, illegitimate)- *वि.* [सं.] वैध नभएको, विधि वा विधानको प्रतिकूल; नियमविरुद्ध; गैरकानूनी; कानूनी आधारमा नभएको; कानूनी मान्यताको अभाव भएको; अमान्य।

अवैधानिक (Illegitimate, unlawful)- *वि.* [सं.] संविधान वा विधानअनुकूल नभएको; विधानअनुसार नभएको; विधिविधानभन्दा बाहिरको।

अव्यक्त (Unexpressed, unstated, implied)- *वि.* [सं.] प्रकट नगरिएको; नखोलिएको; नखुलाइएको; खुलस्त नभएको; अप्रकट।

अव्यवस्था (Disorder, lawlessness)- *ना.* [सं.] व्यवस्थाको अभाव; अनुशासन, नियम वा मर्यादाको अभाव; बेथिति।

अव्यवस्थित (Unorganized, unsystematic, chaotic)- *वि.* [सं.] व्यवस्था नभएको वा नमिलेको; अस्तव्यस्त, लथालिङ्ग, बेथितिको।

अव्यवस्थित बसोबासी (Unruly dwellers)- *ना.प.* सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेका

व्यक्ति वा निजप्रति आश्रित परिवारका सदस्य। *[हे. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ग. को खण्ड (९) को स्पष्टीकरण।]*

अशक्त (Incapacitated, infirmity)- *वि.* [सं.] शारीरिक, मानसिक वा बौद्धिक रूपले कमजोर; निर्बल; दुर्बल; आफ्नो काम गर्न नसक्ने; शरीरको कुनै अङ्ग सामान्य रूपमा काम गर्न नसक्ने गरी असमर्थ भएको; मानसिक रूपमा असमर्थ। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १९१ को उपदफा (२) को स्पष्टीकरण।]*

अशक्त ज्येष्ठ नागरिक (Incapable Senior Citizen)- *नाप.* शारीरिक वा मानसिक रूपले अशक्त ज्येष्ठ नागरिक। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ग)।]*

अशक्त मतदाता (Infirmity voter)- *नाप.* दृष्टिविहीन मतदाता; शारीरिक अशक्तता वा अरू कुनै कारणले आफै मत सङ्केत गर्न नसक्ने मतदाता। *[हे. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४२ र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३९।]*

अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति (Incapacitated and helpless person)- *नाप.* आर्थिक रूपले विपन्न वा शारीरिक/ मानसिक रूपले श्रम गर्न अशक्त भएको व्यक्ति; पालनपोषण तथा हेरचाह गर्न परिवारको अर्को सदस्य नभएको व्यक्ति। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (क)।]*

अशक्त र असहाय भत्ता (Incapacitated and helpless allowance)- *नाप.* अशक्त र असहाय अवस्थामा रहेको नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ६।]*

अशक्त वृत्ति (Incapacitated allowance)- *नाप.* सरकारी कामको सिलसिलामा दुर्घटनामा परी अङ्गभङ्ग भएको वा चोटपटक लागेका कारणले शारीरिक वा मानसिक रूपमा सेवा गर्न अशक्त भएको कर्मचारीले निमित्त बाँचुन्जेल पाउने निवृत्तभरण वा सोसहितको वृत्तिरकम। *[हे. सङ्घीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ८७ को उपनियम (१) र निजामती सेवा नियमावली, २०५० को नियम ९६ को उपनियम (१)।]*

अशक्त सशस्त्र प्रहरी (Incapacitated armed police)- *नाप.* कर्तव्यपालन वा तालिमका सिलसिलामा दुर्घटना वा आघातमा परी अङ्गभङ्ग भएको वा चोटपटक लागी शारीरिक वा मानसिक रूपमा सशस्त्र प्रहरी सेवामा बहाल रहन असमर्थ भएको सशस्त्र प्रहरी कर्मचारी। *[हे. सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २ को खण्ड (ख)।]*

अशान्ति (Disorder, disturbance)- *ना.* [सं.] शान्तिको अभाव; अस्थिरता।

अशिक्षित (Illiterate, uneducated)- *वि.* [सं.] शिक्षा नपाएको; लेखपढ नगरेको।

अशिष्ट (Indecent, impolite, uncivil)- *वि.* [सं.] शिष्ट स्वभाव नभएको; अनुशासनमा नरहेको; अनुशासनहीन; मर्यादाहीन; असभ्य; उद्दण्ड; शिष्टतारहित; अविनीत।

अश्लील (Vulgar, lewd, obscene)- *वि.* [सं.] लज्जास्पद; लज्जाजनक; छाडा; निर्लज्ज।

अश्वशक्ति (Horsepower)- *ना.* [सं.] घोडाको शक्ति बराबरको नाप गर्ने एक नापो; पौने सात मन वा पाँच सय पचास पाउन्ड वा दुई सय पचास किलोको भार एक फुटमाथि उठाउन चाहिने बल; इन्जिनको शक्ति मापन गर्ने एकाइ।

अष्टलोह (Testamentary will for sole possession)- *ना.* [सं.?] सम्पत्ति विवरण नखुलेको इच्छापत्र; मेरा सेखपछि सम्पूर्ण जायजेथा (चलअचल) एकलौटी रूपमा भोगचलन गर्नु भनी लेखिदिएको इच्छापत्र वा बकसपत्र; सबै सम्पत्तिको एकएक हिसाब उल्लेख नगरी वा जायजेथाको पूर्ण विवरण नलेखी दाताका भागमा पर्न आउने सम्पत्ति शेषपछि खान पाउने गरी दिएको लिखत विशेष। *[हे. ने.का.प. २०५८, अङ्क ११/१२, निर्णय नं. ७०४७, ने.का.प. २०६८, अङ्क ०४, निर्णय नं. ८६०१।]*

असंलग्न (Non-aligned, neutral)- *वि.* [सं.] कसैको पक्षमा नलाग्ने; तटस्थ; अपक्ष।

असंलग्न आन्दोलन (Non-alignment movement)- *नाप.* राष्ट्रहरूका राजनीतिक, सामरिक र भौगोलिक गुट, उपगुट वा पक्षमा संलग्न नहुने, तटस्थ बस्ने, एक राष्ट्रले अर्को राष्ट्रमा आक्रमण नगर्ने, राष्ट्रहरूको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने, एक राष्ट्रले अर्को राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, शान्ति स्थापनाको पक्षमा कार्य गर्ने लगायतका उद्देश्यले सञ्चालन भएको अभियान।

असंलग्न राष्ट्र (Non-aligned state)- *नाप.* कुनै अर्को राष्ट्रका गतिविधि वा अन्य राष्ट्रहरूबिचका पारस्परिक विषयमा तटस्थ बस्ने र संलग्न नहुने राष्ट्र; राष्ट्रहरूका राजनीतिक, सामरिक र भौगोलिक गुट, उपगुट वा पक्षमा संलग्न नहुने, तटस्थ बस्ने राष्ट्र; अर्को राष्ट्रमा आक्रमण नगर्ने राष्ट्र; राष्ट्रहरूको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने राष्ट्र; अर्को राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने राष्ट्र।

असंवैधानिक (Unconstitutional)- *वि.* [सं.] संविधानविपरीत; संविधानसँग बाझिएको वा त्यसको विरुद्ध भएको; संविधानको प्रतिकूल भए-गरेको।

असक्षम (Incompetent)- *वि.* [सं.] केही गर्ने सामर्थ्य वा क्षमता नभएको; क्षमताविहीन; अशक्त। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३३।]*

असक्षम व्यक्ति (Incapacitated person, incompetent person)- *नाप.* निरपेक्ष नाबालक (दश वर्ष उमेर पूरा नभएको) व्यक्ति; कामको प्रकृति र परिणाम थाहा नहुने वा होस ठेगानमा नरहेकाले आफ्नो हक र हित संरक्षण गर्न नसक्ने व्यक्ति; शारीरिक वा मानसिक अस्वस्थताले आफ्नो व्यवहार गर्न वा आफै स्याहारिन वा आफ्नो ख्याल गर्न सक्षम नरहेको व्यक्ति। *(हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (छ)।)*

असङ्गत (Irrelevant)- *वि.* [सं.] कसैसँग मेल नभएको; काम कुरा नमिलेको; अमिल्दो; सिलसिला नमिलेको; क्रम वा रोह नमिलेको; प्रसङ्ग नमिलेको; नसुहाउँदो; असम्बद्ध।

असत्य (Untrue, false)- *वि.* [सं.] सत्यता नभएको; गलत; झुट्टो; यथार्थभन्दा बाहिरको।

असन्तुलन (Imbalance)- *ना.* [सं.] सन्तुलनको अभाव; बराबर नभएको; घटीबढी।

असफल (Fail, unsuccessful)- *वि.* [सं.] सफल नभएको; बिफल।

असबाबखाना (Arsenal, armoury)- *ना.* [अ.] लडाइँका सरसामान, हातहतियार राख्ने ठाउँ; सिलखाना; शस्त्रागार; कम्पु कोत; गट्टाघर; जङ्गी असबाबखाना।

असभ्य व्यवहार (Rude behaviour)- *नाप.* सामाजिक मूल्यमान्यताका विपरीत गरिने व्यवहार; कमसल व्यवहार; मानवीय नठहर्ने व्यवहार।

असमर्थ (Incapable, unable, indigent)- *वि.* [सं.] सामर्थ्य वा शक्ति नभएको; क्षमता नभएको; असक्षम।

असमर्थ व्यक्ति (Indigent person)- *नाप.* सामर्थ्य वा शक्ति नभएको व्यक्ति; क्षमता नभएको व्यक्ति; सक्षमता नभएको व्यक्ति; तोकिएको वार्षिक आय भन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित भई निःशुल्क कानूनी सहायता पाउने व्यक्ति। *[हे. कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (क१)।]*

असमानता (Inequality, disparity)- *ना.* [सं.] समानताको अभाव; बराबर नभएको अवस्था; घटीबढीको स्थिति; विषमता; भिन्नता।

असम्बद्ध (Irrelevant, unconcerned)- *वि.* [सं.] सम्बन्ध नभएको; अप्रासङ्गिक; सरोकार नभएको; असम्बन्धित।

असम्भव (Impossible)- *वि.* [सं.] सम्भव नभएको; हुनै नसक्ने; पूरा गर्न वा व्यवहारमा उतार्न नसकिने।

असर्दो (Unfavorable, uneasy)- *वि.* [सं.] असजिलो, नमिल्दो, अफ्ठ्यारो, पायक नपरेको; प्रतिकूल; अपाइक।

असल नियत (Good faith, good offices)- *नाप.* राम्रो आशय वा मनसाय; सुनियत; असल अभिप्राय; सद्नियत; बदनियतरहित।

असहमत (Disagreed, dissent)- *ना.* [सं.] राय बाझेको; सहमत नभएको; भिन्न मत रहेको; फरक मतवाला; नामन्जुर।

असहयोग (Non-cooperation)- *ना.* [सं.] सहयोगको अभाव; मद्दत नपाएको, सहयोग नगर्ने स्थिति।

असहाय (Helpless)- *वि.* [सं.] मद्दत गर्ने कोही नभएको; सहारा नभएको; सहायता नपाएको; निस्सहाय।

असहाय एकल महिला (Helpless single women)- *नाप.* सहायविहीन महिला; जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएका तोकिएभन्दा न्यून आय भएका अशक्त र असहाय अवस्थामा रहेका महिला।

असहाय एकल महिला भत्ता (Helpless single women allowance)- *नाप.* सहायविहीन महिलाले पाउने सामाजिक सुरक्षा भत्ता; विधवा वा तोकिएभन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रूपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालनपोषण नगरेका अन्य एकल महिलाले पाउने सामाजिक सुरक्षा भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ७।]*

असहाय ज्येष्ठ नागरिक (Helpless Senior Citizen)- *नाप.* जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको ज्येष्ठ नागरिक; पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको र परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापनका अवस्थामा रहेको ज्येष्ठ नागरिक। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ख)।]*

असहिष्णु (Intolerance)- *वि.* [सं.] सहन गर्न नसक्ने; असहनशील।

असाधारण (Extraordinary, special, unusual)- *वि.* [सं.] सामान्यभन्दा भिन्न, विशिष्ट; साधारणभन्दा बाहेकको; असामान्य।

असाधारण अधिकारक्षेत्र (Extraordinary jurisdiction)- *ना.प.* अदालतको साधारण अधिकारक्षेत्रभन्दा भिन्नै विशेष अधिकारक्षेत्र; मौलिक हकको प्रचलनका लागि प्रयोग हुने अदालतको क्षेत्राधिकार; अर्को उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि उपचार अपर्याप्त वा प्रभावहीन देखिएको संवैधानिक वा कानूनी हक प्रचलनका लागि प्रयोग हुने अदालती अधिकारक्षेत्र; सार्वजनिक हक वा सरोकारको विवादमा समाविष्ट संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्ने अदालती अधिकारक्षेत्र; बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य आवश्यक र उपयुक्त आदेश जारी गर्न, उचित उपचार प्रदान गर्न, हक प्रचलन गराउन वा विवाद टुङ्गो लगाउन न्यायिक अधिकार प्रयोग गर्ने अदालत वा न्यायपालिकालाई संविधानप्रदत्त क्षेत्राधिकार। *[हे. नेपालको संविधानको धारा १३३।]*

असाधारण अवस्था (Extraordinary condition)- *ना.प.* असामान्य अवस्था; काबुभन्दा बाहिरको परिस्थिति।

असाधारण पारिवारिक निवृत्तभरण (Extraordinary Family Pension)- *ना.प.* कुनै शिक्षक वा कर्मचारी कार्यालयक। कामका सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा लागेको चोटपटक निको नहुँदै मृत्यु भएमा निजको हकदारका रूपमा पति वा पत्नीलाई दिइने निवृत्तिभरण; कार्यालयक। कामका सिलसिलामा मृत्यु भएमा शिक्षक वा कर्मचारीले निवृत्तिभरण पाउन पूरा गर्नुपर्ने सेवा अवधि पूरा नभएको भए पनि अपुग सेवाअवधि थप निजको विधुर पति वा विधवा पत्नीलाई दिइने आजीवन निवृत्तभरण।

असाधारण बिदा (Extra-ordinary leave)- *ना.प.* असाधारण अवस्था परी लिने बिदा; शिक्षक वा कर्मचारीका अन्य बिदा भुक्तान भइसकेका वा विशेष अवस्था आइपरेका बेलामा मनासिब कारण देखाई बिदा माग गर्दा दिन सक्ने सामान्यत: बेतलबी बिदा।

असामी (Debtor, borrower)- *ना.* [अ.] ऋण लिने व्यक्ति; ऋणी; कर्जावाल; कर्जादार।

असावधानी (Negligence, carelessness, recklessnes)- *ना.* [सं.] लापरबाही; बेपर्वाही; सावधान नहुँदाको स्थिति; बेवास्ता।

असुल/ वसुल (Collection of dues, recover)- *ना.*[अ. वुसुल] असुल; कसैलाई दिएको सापटी फिर्ता लिने काम; तहसिल; उठ्ती-पुठ्ती; लिनुपर्ने जिन्सी वा नगदी लिने वा उपर गर्ने काम।

असुलउपर गर्नुपर्ने रकम (Amount due on recovery)- *ना.प.* असुल गर्नुपर्ने रकम; उठाउनुपर्ने रकमकलम; भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको लेखापरीक्षणबाट देखिएको रकम फिर्ता गराउने काम; लिनुपर्नेभन्दा घटी रकम लिएकोमा बाँकी रकम लिने काम; असुलउपर गर्नुपर्ने देखिएको बेरुजु रकम; हिनामिना वा मस्यौट गरेको रकम फिर्ता गर्नुपर्ने रकम; सरकारलाई तिर्नु बुझाउनुपर्ने तिर्न बुझाउन बाँकी देखिएको कुनै रकम। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ग)।]*

असुल-तहसिल (Collection or recovery of dues)- *ना.* [अ.] उठ्ती-पुठ्ती; असुलउपर; लगत कसिएबमोजिमको दण्ड, जरिवाना, बाँकीबक्यौता आदि उठाउने काम; त्यस्तो काम गर्ने अड्डा।

अस्तित्व (Existence)- *ना.* [सं.] कुनै वस्तु हुनाको भाव वा अवस्था; वस्तु वा विषयको सत्ता; विद्यमानता; पहिचान।

अस्थायी (Temporary, provisional)- *ना.* [सं.] थोरै समयको; तदर्थ; स्थायी नभएको; अल्पकालीन; म्यादी।

अस्थायी राहदानी (Temporary passport)- *ना.प.* म्यादी राहदानी; अल्पकालीन राहदानी; विदेशमा रहेका नागरिकको राहदानी बहाल रहने अवधि समाप्त भए, हराए, नासिए वा झुत्रो भएमा र प्रयोग गर्न नसकिने भएमा नयाँ राहदानी जारी नहुन्जेलसम्मका लागि कूटनीतिक नियोगले जारी गर्ने म्यादी (बढीमा नौ महिना अवधि) राहदानी। *[हे. राहदानी ऐन, २०७६ को दफा १९।]*

अस्पताल (Hospital)- *ना.* चिकित्सालय; औषधालय; वैद्यालय; डिस्पेन्सरी; सरकारी वा गैरसरकारी स्तरबाट सङ्गठित रूपमा सञ्चालित रोगको निदान, उपचार, प्रतिरोध वा बेथा लागेका वा बिरामीको स्वास्थ्यलाभ र पुन:स्थापनाका लागि स्वास्थ्यसम्बन्धी चिकित्सा, स्याहार, विमर्श र स्याहार सेवा प्रदान गर्ने सेवाप्रदायक निकाय वा संस्थापना; चिकित्साशास्त्रमा न्यूनतम स्नातक तह अध्ययन-अध्यापन गर्ने-गराउने तथा तालिम दिने दिलाउने उद्देश्यले कानूनबमोजिम स्थापना गरिएको मान्यता प्राप्त संस्था; भर्ना गरी वा नगरी मधौरुलाई चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य-संस्था। *[हे. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ को खण्ड (ख), गैर सरकारी व्यक्तिहरूलाई क्षतिपूर्ति दिने नियमहरू, २०२४ को नियम २ को खण्ड (ङ) र जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २ को खण्ड (क)।]*

अस्पताल व्यवस्थापन समिति (Hospital management committee)- *ना.प.* अस्पताल सञ्चालन गर्ने वा अस्पतालको व्यवस्थापन मिलाउने समिति। *[हे. पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठान ऐन, २०७२ को दफा २ को खण्ड (ख)।]*

अस्मानी (A sort of house tax in ancient period of Nepal)- *ना.* [फा. आस्मान] प्राचीन कालमा नेपालको पश्चिमी पहाडी भेगमा घरधुरी पिच्छे लाग्ने एक प्रकारको तिरो वा कर; अकासे रङ।

अस्वीकार (Non-acceptance, denial)- *ना.* [सं.] असहमति; मन्जुर नगर्ने; बेमन्जुर; इन्कार।

अहद (Agreement, compact)- *ना.* [अ.] सन्धि, सम्झौता, प्रतिज्ञा।

अहदजाफ्ता (Laws under treaty)- *ना.* [अ. अहद+फा. जाफ्ता] सन्धिअनुसार बनेका नियम कानून।

अहिंसा (Non-violence)- *ना.* [सं.] हिंसा नहुँदाको स्थिति; हिंस्रकताको अभाव; अरूलाई कुनै किसिमको पीडा दिने वा हानि गर्ने कार्य वा अवस्थाको अभाव; अपकारहीनता; मानिस वा प्राणीलाई पिडा हुने वा चित्त दुखाउने आचरणको अभाव।

अहित (Harm)- *ना.* [सं.] कुभलो; अपकारः खराबी; नराम्रोपन; अकल्याण; हानि।

आ

आंशिक (Partial) - *वि.* [सं.] केही भागसँग सम्बन्धित, थोरै भाग मात्र भएको; अंश, भाग वा खण्डको।

आंशिक रोजगारी (Part-time employment)- *नाप.* नियमित र स्थायीभन्दा भिन्न समयको खण्डमा आधारित रोजगारी; हप्तामा पैँतिस घण्टा वा सोभन्दा कम समयमा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी। *[हे. श्रम ऐन, २०७४ को दफा १० को उपदफा (१) को स्पष्टीकरण।]*

आकस्मिक (Suddenly, accidently) - *वि.* [सं.] अचानक; अकस्मात; अपर्झट।

आकस्मिक उपचार (Emergency treatment)- *नाप.* आघात, चोटपटक वा बेथाबाट अकस्मात् भएको स्वास्थ्य सङ्कट सम्बोधन गर्ने चिकित्सागत उपचार; आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार प्रारम्भिक तथा तत्काल गर्नुपर्ने स्वास्थ्य-उपचार।

आकस्मिक कार्य (Contingency work)- *नाप.* अकस्मात् उत्पन्न प्रतिकूल परिस्थितिलाई काबुमा ल्याउन शीघ्रतापूर्वक वा तत्कालै गरिहाल्नुपर्ने काम वा क्रियाकलाप; भूकम्प, बाढी, पहिरो, आगलागी, महामारीजस्ता प्राकृतिक तथा गैरप्राकृतिक कारणबाट आकस्मिक वा अप्रत्याशित रूपमा सिर्जना भएको प्रतिकूल परिस्थिति सल्टाउन तत्काल गरिने कार्य; कुनै प्रकोप, दुर्घटना, हुलदङ्गा वा यस्तै किसिमका घटनाद्वारा उत्पन्न समस्या सम्बोधन र समाधान गर्न निमित्त गर्नुपर्ने काम; भैपरी/भइपरीमा गर्नुपर्ने अपर्झट कार्य। *[हे. सङ्घीय आकस्मिक कोष ऐन, २०७४ को दफा २ को खण्ड (क) र आकस्मिक कोष नियमावली, २०३१ को नियम २ को खण्ड (ख) ।]*

आकस्मिक प्रसूति सेवा (Emergency obstetric care)- *नाप.* गर्भावस्था, प्रसूति वा सुत्केरी अवस्थामा स्वास्थ्यमा जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबिसै घण्टा उपलब्ध हुने स्वास्थ्यसेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (क) ।]*

आकस्मिक बिमा/बीमा (Accidental Insurance)- *नाप.* दुर्घटना बिमा; अकस्मात् हुन सक्ने भूकम्प, बाढी, पहिरो, आगलागी, महामारीजस्ता प्राकृतिक वा गैरप्राकृतिक प्रकोप, दुर्घटना, हुलदङ्गा आदिका कारण अप्रत्याशित हुन सक्ने जीउधनको क्षतिको मौद्रिक, वित्तीय वा भौतिक प्रतिभरण वा क्षतिपूर्तिको सुरक्षण; अकस्मात् क्षति हुन सक्ने पूर्वानुमान गरी क्षति भइहालेमा

त्यसको हर्जानास्वरूप रकम प्राप्त गर्न सकिने गरी ससर्त जम्मा गरिएको सञ्चित रकममा बिमकले फिर्ता दिने अतिरिक्त प्रतिदेय रकम।

आकस्मिक बिमा/ बीमा कोष (Emergency Insurance Fund)- *ना.प.* जारी भएका निर्जीवन बिमालेखअन्तर्गतका जोखिम समूहका दाबी बेहोर्नका लागि पुनर्बिमा व्यवस्था गर्न र सम्बन्धित अन्य बिमा जोखिमहरूको भुक्तानी गर्ने स्रोतका लागि रकम जम्मा गरिने कोष। *[हे. आकस्मिक बीमा कोष सञ्चालन नियमावली, २०६० को नियम २ को खण्ड (क) ।]*

आकस्मिक रोजगारी (Casual employment)- *ना.प.* अपर्झटमा तत्कालै दिइने छोटो अवधिको रोजगारी; रोजगारदाताले एक महिनाको अवधिमा सात दिन वा सोभन्दा कम अवधिको लागि कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्न श्रमिकलाई दिने वा दिएको रोजगारी। *[हे. श्रम ऐन, २०७४ को दफा १० को उपदफा (१) को स्पष्टीकरण।]*

आकस्मिक लाभ (Contingency profit)- *ना.प.* पूर्वप्रत्याशित नभई अकस्मात् प्राप्त लाभ; चिठ्ठा, उपहार, पुरस्कार, इनाम, बक्सिस, जितौरी वा अन्य यस्तै किसिमका आकस्मिक रूपमा प्राप्त हुने लाभ। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ज१) ।]*

आकस्मिक स्वास्थ्य उपचार कोष (Emergency Health Treatment Fund)- *ना.प.* आकस्मिक स्वास्थ्यउपचारमा हुने खर्चका लागि जोहो गरिएको रकम रहने कोष; विपन्न, घरठेगाना पत्ता नलागेको व्यक्ति, जनआन्दोलन, सशस्त्र संर्घष र क्रान्तिमा सहिद भएका व्यक्ति परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च सम्बन्धित व्यक्तिले बेहोर्न नसक्ने अवस्थामा त्यस्ता व्यक्तिका आकस्मिक स्वास्थ्योपचारको व्यवस्था गर्न खडा गरिएको कोष। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३३ को उपदफा (१) ।]*

आकस्मिक स्वास्थ्य सेवा (Emergency health service)- *ना.प.* आकस्मिक आपत्कालीन घटनाबाट जोखिमयुक्त जीवनअवस्थामा परेका व्यक्तिहरूको जोखिम निवारण गरी जीवन वा अङ्ग गुम्नबाट बचाउन दिनुपर्ने प्रारम्भिक तथा आपत्कालीन सेवा। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (क) ।]*

आक्रमण (Attack, assault) - *ना.* [सं.] बलपूर्वक गरिएको झम्टा/ झम्टाइ; आघात पुऱ्याउने गरी कसैमाथि जाइलाग्ने काम; जबरजस्ती हस्तक्षेप; अतिक्रमण।

आक्रमणकारी (Attacker, assaulter)- *ना.* आक्रमण गर्ने वा हमला गर्ने व्यक्ति; हमलाकारी।

आक्रामक (Aggressive, offensive)- *वि.* आघात पार्ने किसिमको; प्रहारपूर्ण; हमलापूर्ण।

आक्षेप (Allegation, blame)- *ना.* [सं.] फ्याक्ने वा हुत्याउने काम; खोट देखाउने काम; कसैको आचरण वा कार्यमा त्रुटी देखाउँदै लगाइने बात; दोषारोपण; फत्तुर, आरोप।

आखेटोपहार (Trophy)- *ना.* [सं.] सिकार खेलिएका जीवजन्तुका हाड, छाला, अङ्ग वा तन्तु वा तिनबाट बन्ने वस्तुको उपहार; वन्यजन्तुका जीवित वा मृत शरीर वा चिनिन सक्ने कुनै अङ्गबाट तयार वस्तु; वन्यजन्तुका शरीरका कुनै अवयवका कुनै पदार्थ वा त्यस्ता पदार्थका सम्मिश्रणबाट तयार भएको कुनै वस्तु। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (झ) र वन ऐन, २०७६ को दफा २ को खण्ड (क)।]*

आगजनी (Arson)- *ना.* [हि.] आगलागी गर्ने वा गराउने काम; आगो लगाउने; क्षति गर्ने नियत वा मनसायले आगो लगाउने क्रियाकलाप।

आगलागी (Sudden outbreak of fire, conflagration)- *ना.* अचानक आगो लागेको स्थिति; घर, बस्ती आदिमा अचनक आगो सल्केर धनसम्पत्तिमा क्षति पुगेको अवस्था।

आगे (Hereafter; ahead, onward, further)- *क्रिवि.* [सं. अग्रे] अगाडि, सामुन्नेमा, अब उप्रान्त; यसपछि (तमसुक, कानूनी लिखतमा प्रयोग गरिने शब्द)।

आगो लगाउने (Setting fire)- *नाप.* नोक्सान गराउनका लागि जानीजानी आगो लगाउने वा आगो लगाउन लाउने काम; साविक मुलुकी ऐन, 2020 को भाग ४ को महल ५ को शीर्षक।

आघात (Trauma)- *ना.* [सं.] अकस्मात हुने कष्ट, चोट, हानि, नोक्सानी; मर्म; पीडा।

आचरण (Conduct)- *ना.* [सं.] चालचलन; आनीबानी; चरित्र; बानीबेहोरा; बरव्यवहार; नैतिक स्वअनुशासन।

आचरणगत कसुर (Conduct offence)- *नाप.* इरादागत गलत आचारणसाथ गरिएको कसुर; आचरणको उल्लङ्घनबाट हुने कसुर (जस्तैः सवारी चालक अनुमतिपत्र नहुनेले सवारी चलाउनु)।

आचारसंहिता (Code of conduct) - *ना.* [सं.] चालचलन, आचरण, व्यवहार, अनुशासन आदिको नियम; आचरण वा व्यवहारको नैतिक नियम।

आजीवन (Life-long)- *ना.* [सं.] आजन्म; जीवनपर्यन्त, जिन्दगिभर, बाँचुन्जेल; आमरण; जनमभर।

आज्ञप्ति (Decree)- *ना.* [सं.] लिखित कानूनी आदेश; मुद्दामामिलामा अदालतद्वारा कसैको पक्षमा दिइएको निर्णय।

आज्ञा (Command, imperative) - *ना.* [सं.] अह्रोट; आदेश; आफ्नो अधीनामा रहेको वा आफू मातहतका कुनै व्यक्ति, कर्मचारी आदिलाई मौखिक वा लिखित रूपमा दिइने निर्देश; कुनै काम कुरा गर्नका लागि पाइने अनुमति।

आज्ञाले (With permission, as commanded)- *वि./क्रिवि.* आदेशानुसार; आज्ञाबाट; अह्राएबमोजिम; निर्दिष्ट गरेमुताबिक।

आतङ्क (Terror)- *ना.* [सं.] त्रास; सन्त्रास; कठोर अत्याचार आदिबाट उत्पन्न हुने भय; प्राकृतिक वा जीवजन्तुका आक्रमण वा रोगादि महामारीका प्रकोपबाट पैदा हुने कष्ट, बेचैनी वा विपत्ति।

आतङ्ककारी (Terrorist)- *वि.* [सं.] आतङ्क मच्चाउने; त्रास फैलाउने; त्रासको वातावरण सिर्जना गर्ने।

आतङ्ककारी कार्य (Terrorist act)- *नाप.* आतङ्क मच्चाउने काम; त्रास फैलाउने काम; सन्त्रासको वातावरण बनाउने काम; आतङ्कवादमा वित्तीय लगानीको दमनसम्बन्धी महासन्धिद्वारा कसुरको रूपमा परिभाषित कुनै कार्य; सन्दर्भ तथा प्रकृतिले सर्वसाधारणलाई त्रसित पार्ने वा कुनै सरकार वा अन्तरराष्ट्रिय सङ्गठनलाई कुनै कार्य गर्न वा नगर्न बाध्य तुल्याउने उद्देश्यले कुनै गैरसैनिक व्यक्ति वा सशस्त्र द्वन्द्वका बखत शत्रुतापूर्ण कार्यमा संलग्न नभएको व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गर्ने कार्य; वायुयानभित्र भएका कसुर तथा अन्य केही कार्यसम्बन्धी टोकियो महासन्धिअन्तर्गतका कसुर; आतङ्कवादको दमनसम्बन्धी दक्षिण एसियाली राष्ट्रहरूको सङ्गठन (सार्क) क्षेत्रीय महासन्धि र आतङ्कवादी कामकारबाहीका विरुद्धमा नेपाल पक्ष भएका अन्य कुनै सन्धिसम्झौताअन्तर्गत कसुर मानिने कार्य। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ग) ।]*

आतङ्ककारी व्यक्ति (Terrorist individual)- *नाप.* जानीजानी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आतङ्ककारी कार्य गर्ने व्यक्ति; आतङ्ककारी गतिविधि गर्न उद्योग गर्नेव्यक्ति; आतङ्ककारी कार्य गर्न मतियारको रूपमा सहभागी हुने व्यक्ति; आतङ्ककारी क्रियाकलाप गर्न अरूलाई सङ्गठित पार्ने वा निर्देशन दिने व्यक्ति; आतङ्ककारी कार्य गर्ने सामूहिक उद्देश्य राख्ने समूहको सदस्य; आतङ्ककारी कार्य गर्ने वा गर्न गर्ने मनसाय राखेको समूह हो भन्ने जानकारी हुँदाहुदै त्यस्तो समूहलाई सहयोग वा योगदान गर्ने व्यक्ति; आतङ्ककारी कार्यलाई बढावा, सहयोग वा टेवा पुग्ने कुनै कार्य गर्ने वा गराउने व्यक्ति। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (घ) ।]*

आतङ्ककारी सङ्गठन (Terrorist organization)- *ना.प.* जानीजानी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आतङ्ककारी कार्य गर्ने मानिसहरूको सङ्गठित समूह; आतङ्ककारी व्यक्तिहरूको कुनै सङ्गठित वा असङ्गठित समूह वा सङ्गठन। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ङ) ।]*

आतङ्कवाद (Terrorism)- *ना.* [सं.] आतङ्कमा विश्वास गर्ने विचार, सिद्धान्त वा विश्वास प्रणाली; मानिसलाई डरत्रास देखाएर धम्क्याएर हिंसात्मक विद्रोहका रूपमा प्रभुत्व स्थापना गर्ने वा कुनै काम सिद्ध गर्ने मत, विचार वा मान्यता।

आतङ्कवादी (Terrorist)- *वि.* [सं.] आतङ्कवादमा विश्वास गर्ने; आतङ्कवादको अनुयायी, पक्षपाती, हिमायति; आतङ्कवादमा लागेको।

आतङ्कित (Terrorised)- *वि.* [सं.] भय र त्रासबाट आकुल वा विकल; आतङ्कग्रस्त; आतङ्कबाट पीडित वा प्रभावित।

आत्मघात (Self harm, suicide)- *ना.* [सं.] आफूले आफैलाई घात गर्ने काम; आफूले आफैलाई मार्ने काम; आत्महत्या, आफैले आफैलाई हानि गर्ने काम।

आत्मघाती (Self-harming, suicidal) - *वि.* [सं.] आफूले आफैलाई मार्ने खाले; आत्महत्या हुने किसिमको; अरूलाई मार्नका लागि आफै मर्ने गरी; आफैले आफैलाई हानि गर्ने किसिमको; आफैलाई हानिकारक; आत्मघातक।

आत्मनिर्भर (Self-reliant, self-dependent)- *वि.* [सं.] स्वावलम्बी; आफूमै पूर्ण निर्भर हुने; आफ्नै खुपट्टामा उभिने; स्वनिर्भर।

आत्मरक्षा (Self-defence)- *ना.* [सं.] आफूले आफैलाई गरिने रक्षा, बचाउ; कसैबाट हानिनोक्सानी हुन नदिन गरिने आफ्नो रक्षा वा रक्षाको उपाय; आत्मसुरक्षा; आफ्नो वा अरू कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउने काम; निजी रक्षा। *[हे. मुलुकी अपराध संहिता, 2074 को दफा २४।]*

आत्मसंयम (Self-restraint)- *ना.* [सं.] आफूले आफूलाई नियन्त्रण गर्ने काम; खराब इच्छा र भावनाहरूमाथि नियन्त्रण; इन्द्रियलाई सदाचार र सद्व्यवहारमा लगाउने काम।

आत्मसात् (Internalization, realization)- *वि.* [सं.] कुनै विचार वा सिद्धान्तलाई सहज रूपमा स्वीकार गर्ने वा घुलमिल हुने काम; कुनै कुरालाई आफूले नै भित्रैदेखि स्वीकार गर्नु वा महसुस गर्नु; आफूमा गाभिएको; आफूअन्तर्गत ल्याइएको।

आत्महत्या (Suicide)- *ना.* [सं.] आफैले आफैलाई मार्नु; जानीजानी आफैले आफ्नो हत्या गर्ने काम; स्वहत्या; आत्मघात।

आदिवासी (Indigenous)- *वि.* [सं.] सुरुदेखि नै बसोबास गरिआएका। *ना.* कुनै भूभाग, देश वा स्थानमा परापूर्वकालदेखि नै बसोबास गरेको जाति; आदिम जाति।

आदिवासी जनजाति (Indigenous nationalities)- आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको कानूनबमोजिम तोकिएको जाति वा समुदाय। *[हे. आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ को खण्ड (क)।]*

आदिवासी जनजाति आयोग (Indigenous Nationalities Commission)- *नाप.* आदिवासी जनजाति समुदायका सम्बन्धमा अध्ययन गर्ने तथा तिनका हकहितको संरक्षणका लागि नीतिगत, कानूनी र संस्थागत सुधारका विषय सिफारिस गर्ने र सशक्तीकरण गर्ने निकाय। *[हे. नेपालको संविधानको धारा २६१ र आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७।]*

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (National Foundation for Upliftment of Indigenous Nationalities)- *नाप.* नेपाल आदिवासी जनजातिका सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान गर्ने प्रतिष्ठान; राष्ट्रिय विकासको मूल प्रवाहमा आदिवासी जनजातिको समान सहभागिता अभिवृद्धि गर्ने-गराउने निकाय। *[आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ को खण्ड (ख) र दफा ३।]*

आदेश (Order)- *ना.* [सं.] अह्रोट, आज्ञा वा उपदेश; कुनै कामकारबाहीका बारेमा उच्च अधिकारीले दिने निर्णय वा निकासायुक्त आज्ञा; अदालतमा विचाराधीन मुद्दाका विषयमा न्यायाधीशले यसमा यसो गर्नू वा यसो नगर्नू भनी दिने कार्यमूलक वा निषेधक कार्यअह्रोट।

आद्रनली प्रणाली (Wet hose system)- *नाप.* पम्म सञ्चालन भएको वा नभएको अवस्थामा प्रश्रावनली (डिस्चार्जहोज) भरिएर नै रहने प्रणाली। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५(क)।]*

आधान (Mortgage, holding)- *ना.* [सं.] *ना.* राख्ने, लिने, ग्रहण गर्ने वा प्राप्त हुने; जिम्मा वा धरौटीमा राख्ने काम; फिर्ता गर्ने काम।

आधारभूत अधिकार (Basic rights)- *नाप.* मूलभूत अधिकार; मुख्य अधिकार; न्यूनतम अकाट्य अधिकार।

आधारभूत आकस्मिक प्रसूति सेवा (Basic emergency obstetric care)- *नाप.* प्रसूति गराउनका लागि आपत्कालीन मुख्य सेवा; एन्टिबायोटिक, म्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको साल निकाल्ने, औजार (भ्याकुम) समेतको मद्दतले शिशु जन्माउने र गर्भपतन भएकोमा पाठेघर सफा गर्ने जस्ता प्रसूतिगत स्वास्थ्यस्याहार सेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ख) ।]*

आधारभूत खाद्य (Basic foodstuff)- *नाप.* ऊर्जादातृ अनाज (धान, गहुँ, मकै, जौ, कोदो आदि), दलहन/तेलहन (मसुर, मटर, चना, राजमा, तिल, तोरी, बदाम आदि), सागसब्जी तथा फलफूल (खाद्योज, खनिज, पाचक) जस्ता पोषणयुक्त खानेकुरा; सरकार वा स्वास्थ्य वा पोषणसम्बन्धी सरकारी निकायले निर्दिष्ट गरेका प्रमुख खानेकुरा। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (क) ।]*

आधारभूत पारिश्रमिक (Basic remuneration)- *नाप.* वेतनको न्यूनतम आधार; रोजगारीबापत श्रमिकले आधाररेखीय तलबमान वा पारिश्रमिक; रोजगारअवधिको निश्चित वृद्धिसँगै पारिश्रमिक-बृद्धिसमेत थपिने तलबमान वा ज्यालादर। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (क) ।]*

आधारभूत फौज (Basic Military Force)- *नाप.* न्यूनतम सैन्य बल; अपरेसन सञ्चालन गर्ने फौज; मेकनाईज्ड इन्फ्यान्ट्री फौज। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ग) ।]*

आधारभूत विद्यालय (Basic school)- *नाप.* शैक्षिक सिकाइका सुरुआती चरणको मूलमूल ज्ञान समेटिएका पाठ पठनपाठन गरिने विद्यालय; प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ४) ।]*

आधारभूत शिक्षा (Basic education)- *नाप.* नभई नहुने शिक्षा; विषयहरूको मूलमूल ज्ञान; प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ख१) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ) ।]*

आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (Basic School Leaving Examination)- *नाप.* आधारभूत तहको शिक्षा हासिल गरिसकेपछि लिइने जाँच; आधारभूत शिक्षा पाएका विद्यार्थीलाई अन्त्यमा लिइने परीक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (छ१) ।]*

आधारभूत सामाजिक सेवा (Basic social services)- *नाप.* बाटोघाटो, बत्ती, पुलपुलेसा, खानेपानी, ढलनिकास, फोहरमैला सङ्कलन, सार्वजनिक शौचालय, सार्वजनिक पुस्तकालय, विद्यालयजस्ता

भौतिक संरचनाका माध्यमद्वारा उपलब्ध गराइने सामाजिक सेवा; सार्वजनिक उपयोगका लागि बनाइने विभिन्न संरचना र तिनबाट प्रवाहित हुने विभिन्न सेवा। *[हे. नगर विकास कोष ऐन, २०५३ को दफा २ को खण्ड (ख) ।]*

आधारभूत सेयरधनी (Basic shareholder)- *नाप.* चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएको व्यक्ति; बिमकको चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर स्वामित्व भएको व्यक्ति; कम्पनी, संस्था र एकाघरका परिवार-सदस्यले अलगअलग रूपमा एक प्रतिशत वा सोभन्दा बढी सेयरको स्वामित्व लिएका भए त्यस्तो कम्पनी, संस्था वा एकाघरको परिवार। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ग) र स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १८ को खण्ड (ङ) को स्पष्टीकरण।]*

आधारभूत स्वास्थ्य सेवा (Basic health service)- *नाप.* नभई नहुने स्वास्थ्य सेवा; प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक प्रकृतिका मूलभूत स्वास्थ्य सेवा; आमनागरिकका मूलभूत स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यले उपलब्ध गराउने वा सेवाप्रवाह गर्ने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक चिकित्सा उपचारका सेवा। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ख) ।]*

आधारभूत स्वास्थ्यसेवा केन्द्र (Basic Health Service Centre)- *नाप.* आधारभूत स्वास्थ्यसेवा प्रदान गर्ने सरकारी स्वास्थ्य संस्था। *[हे. जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २ को खण्ड (ख) ।]*

आधारशिविर (Base camp)- *ना.* [सं.] प्रमुख शिविर; मुख्य छाउनी; पर्वतारोहणको प्राविधिक तयारी स्थल; पर्वतारोहण गर्न जाँदा आरोहणका क्रममा प्रयोग गर्नुपर्ने मालसामान, खाद्यसामग्री, औषधी आदि आपूर्ति गर्न वा पर्वतारोहणसम्बन्धी प्राविधिक निर्देशन दिन पर्वतारोहणप्रविधिविनै पुग्न सकिने तल्लो उचाइमा रहेको शिविर। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ङ) ।]*

आधारशिविरका कामदार (Base camp worker)- *नाप.* आधार शिविरमा पर्वतारोही दलका लागि खाना पकाउने, हुलाकी र यस्तै अन्य काम गर्ने व्यक्ति। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ट) ।]*

आधिकारिक ट्रेड युनियन (Authentic trade union)- *नाप.* कामदारका हकहितको संरक्षण गर्न व्यवस्थापकसित सामूहिक सौदाबाजी गर्न सक्ने हैसियतको श्रमिक सङ्गठन; श्रमिकका

हकहितका लागि व्यवस्थापकसँग सामूहिक सौदाबाजी गर्ने मान्यता प्राप्त गरेको प्रतिष्ठान स्तरको ट्रेड युनियन। *[हे. ट्रेड यूनियन ऐन, २०४९ को दफा २ को खण्ड (ज) ।]*

आधिकारिक तथ्याङ्क (Official statistics)- *नाप.* विश्वसनीय सूचना, आँकडा वा तथ्यावली; सर्वगणना (सेन्सस) वा अन्य वैज्ञानिक विधिद्वारा सङ्कलित र प्रशोधित तथ्याङ्क वा सूचना; राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सरकारी निकाय वा सार्वजनिक संस्थाले उत्पादन गरेका तथ्याङ्क। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम २ को खण्ड (क) ।]*

आधुनिक औषधी (Modern medicine)- *नाप.* वैज्ञानिक पद्धतिअनुसार मात्रा मिलाई बनाइएको औषधी; एलोप्याथिक प्रणालीको औषधी। *[हे. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ को खण्ड (ग) ।]*

आनुपातिक (Proportional)- *वि.* [सं.] मात्राअनुसारको; अनुपातको दृष्टिबाट ठिक ठहरिएको, अनुपात मिलेको।

आनुवंशिक (Genetic, hereditary)- *वि.* [सं.] वंशानुगत; वंशाणुक्रमिक; वंशाणुगुणिक; वंशपरम्पराबाट आएको; मातापितातिरबाटै सरिआएको।

आन्तरिक ऋण (Internal debt)- *नाप.* सरकारले देशभित्रै लिने वा उठाउने ऋण; सङ्घीय, प्रदेश वा स्थानीय सरकारले नागरिक, देशभित्रकै सङ्गठित संस्था, बैङ्क वा वित्तीय संस्थासँग लिने ऋण। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २ को खण्ड (क) ।]*

आन्तरिक कार्यविधि (Internal procedure)- *नाप.* संस्थागत कामकारबाहीलाई व्यवस्थित गर्ने नियम र पद्धति; संस्थाभित्रका क्रियाकलाप सञ्चालन गर्ने कार्यशैली तोकिएका नियम, निर्देशिका वा कार्यविधि; संस्थागत आन्तरिक व्यवस्थापनका लागि बनाइएको कार्यविधि।

आन्तरिक नियन्त्रण (Internal control)- *नाप.* सङ्घसंस्था वा निकायभित्र सो संस्थाका पदाधिकारीहरूले नियम कानून पालना गर्ने गराउने कार्य; संस्थाभित्रै कानूनको अनुपालन गर्ने काम।

आन्तरिक लेखापरीक्षण (Internal audit)- *नाप.* कार्यसम्पादन गर्ने निकायले नै गर्ने लेखा वा आयव्ययका हिसाबकिताब जाँच्ने काम; सरकारी कार्यालय वा सार्वजनिक निकायका खर्च आन्तरिक रूपमा गरिने लेखा परीक्षण; सङ्घीय कोष तथा लेखा वा प्रादेशिक लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित कार्यालयको उद्देश्यअनुरूपका कार्यसम्पादनसँग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवम्

प्रक्रियाको जाँचबुझ, हरहिसाबको परीक्षण तथा विश्लेषण गर्ने काम; लेखा तथा खर्चको व्यवस्थापनको कानूनअनुसार आन्तरिक नियमन र नियन्त्रणको अवस्थाको समग्र लेखाजोखा गरी प्रतिवेदन गर्ने कार्य। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (घ) ।]*

आन्तरिक हुलाक वस्तु (Domestic or internal postal article)- *ना.प.* देशभित्र एक ठाउँबाट अर्को ठाउँमा हुलाक दाखिल गरिएको हुलाक वस्तु; नेपालभित्रको कुनै ठेगानामा पुऱ्याइन नेपालभित्रै हुलाक दाखिल गरिएको वस्तु। *[हे. हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (ज) ।]*

आन्दोलन (Movement) - *ना.* [सं.] निश्चित उद्देश्य पूर्तिका लागि जनजागरण वा जनमानस उद्वेलित गराउने गतिविधि; अभियान; उथलपुथलपूर्ण क्रियाकलाप; विरोधप्रदर्शन।

आपत्काल (Emergency)- *ना.* [सं.] आपत् परेका बेला; सङ्कटको बेला, सङ्कटकाल।

आपत्कालीन अवस्था (Emergency situation, force majeure event)- *ना.प.* सङ्कटकालीन अवस्था; विपद्कालीन अवस्था; कुनै क्षेत्रमा भूकम्प, बाढी, पहिरो, हिमपात, शितलहर, महामारी वा आगलागीजस्ता विपद्मा कानूनबमोजिम घोषणा गरिएको आपत्कालीन अवस्था।

आपत्ति (Objection, adversity)- *ना.* [सं.] दु:खद स्थिति, सङ्कट, बाधा, विरोध, बिचल्ली, बिल्लीबाठ।

आपत्ति जनाउनु (Objecting)- *क्रिप.* [सं.] आपत्ति वा विरोध जनाउनु; आपत्ति प्रकट गर्नु; नियमापत्ति गर्नु; चित्त नबुझेको कुरा बदल्न वा हटाउन माग गर्नु।

आपत्तिजनक (Objectionable)- *वि.* [सं.] आपत्ति पार्ने खालको, असजिलो पर्ने, सङ्कट पैदा गर्ने; विघ्नबाधा उत्पन्न गराउने।

आपराधिक (Criminal, culpable) - *वि.* [सं.] अपराधसँग सम्बन्धित, अपराधी प्रवृत्तिको, अपराधजन्य; अपराधयुक्त; कसुरपूर्ण; दुष्कारिक; दुराचारसम्बन्धी।

आपराधिक उपद्रव (Criminal mischief)- *ना.प.* फौजदारी बिजाइँ वा उत्पात मच्चाउने क्रियाकलाप; सरकारी निकाय, सङ्घसंस्था वा सङ्गठित संस्था, सर्वसाधारण वा व्यक्तिविशेषलाई हानि, नोक्सानी वा क्षति पुऱ्याउने नियतले गरिने भाँडभैलो वा उत्पातपूर्ण क्रियाकलाप; क्षति पुग्ने कुरा जानीजानी वा विश्वास गर्नुपर्ने कारण रहेको वा लापरबाही वा हेलचेक्र्याइँबाट कुनै सरकारी, सार्वजनिक वा निजी सम्पत्ति नाश गर्ने वा त्यसको मूल्य, महत्त्व वा उपयोगिता घटाउन गरिने क्रियाकलाप; सार्वजनिक वा निजी ढल, निकास, कुलो, पँधेरो,

सडक, पुल वा कुनै सञ्चार वा यातायातको साधन इत्यादिको हानि, नोक्सानी वा अनुचित क्षति पुऱ्याउने वा क्षति गर्ने वा सोको उपयोगमा बाधाअवरोध सिर्जना गर्ने हानि, नोक्सानी वा क्षति पुऱ्याउने गतिविधि; सार्वजनिक सुविधाको लागि राखिएको कुनै सङ्केत वा चिह्न मनमानी ढङ्गले नास्ने, हटाउने, मेट्ने वा बिगार्ने क्रियाकलाप; अफवाह फैलाई वा धोका हुने गरी कुनै साधनको प्रयोग गरेर अर्काको काम कारोबार वा व्यवसायमा बाधा पुऱ्याउने वा अर्काको व्यापारको ख्यातिलाई क्षति पुऱ्याउने काम; अर्काको चिठ्ठी, सूचना, पुलिन्दा वा अन्य कुनै माल लुकाउने वा बदनियतसाथ ढिलो पुग्ने गराउने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २८५ को उपदफा (२) ।]*

आपराधिक प्रवेश (Criminal trespass)- *नाप.* कसुर गर्ने नियतले अर्काको स्वामित्व, अधीन वा कब्जामा रहेको सम्पत्ति रहेभएका ठाउँमा जाने काम; त्यस्तो सम्पत्तिवाला व्यक्तिलाई डरत्रास देखाउने, अपमान गर्ने वा झिझ्याउने नियतले अर्काको सम्पत्ति (घर, जमिन, पसल, कारखाना) आदिमा हुलहुज्जत गर्ने वा अनधिकृत रूपले पस्ने काम; अर्काको स्वामित्व वा कब्जामा रहेको कुनै सम्पत्तिमा सम्पत्तिवाला व्यक्तिको अनुमति नलिई प्रवेश गर्ने वा अनुमति लिई प्रवेश गरेकोमा कुनियतले त्यस्तो सम्पत्तिमा बसिरहने, ओगट्ने वा तस्तो सम्पत्ति उपभोग गर्ने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २८४ को उपदफा (२) ।]*

आपराधिक बल प्रयोग (Use of Criminal force)- *नाप.* कसुर गर्ने नियतले व्यक्तिउपर बल प्रयोग गर्ने काम; व्यक्ति, निजका परिवार वा सम्पत्तिलाई क्षति पुऱ्याउने, डरत्रास उत्पन्न गराउने वा झिझ्याउने नियतले वा जानीजानी त्यसो गर्न बल प्रयोग गर्ने काम; आफूउपर बल प्रयोग हुन लागेको भन्ने गरी कसैलाई त्रसित पार्ने, धम्की दिने वा जोरजुलुम गर्ने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १९६ को उपदफा (२) ।]*

आपराधिक लाभ (Extortion)- *नाप.* आपराधिक धुताइ; व्यक्तिलाई निजै वा अरूको क्षति पुऱ्याउने डरत्रासमा पारी बेइमानीपूर्वक लाभ उठाउने काम; लाभ उठाउने नियतले कसैलाई कुनै कार्य गराउने वा कुनै कार्य गर्नबाट रोक्ने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २५३ को उपदफा (२) र सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ८ को उपदफा (२) ।]*

आपराधिक विश्वासघात (Criminal breach of trust)- *नाप.* अपराध गर्ने नियतले कसैले आफूप्रति गरेको विश्वासको हत्या; कसैले राखेको आस्था वा विश्वासमाथि आपराधिक नियतले दिइने धोका; आफ्ना जिम्मा वा संरक्षणमा रहेको अर्काको सम्पत्ति बेइमानीपूर्वक आफ्नो निमित्त प्रयोग गर्ने, रूपान्तरण गर्ने, त्यस्तो सम्पत्तिको उपयोगसम्बन्धी करार वा सर्त बन्देजको धोकापूर्ण

उल्लङ्घन गर्ने काम; आफ्ना जिम्मा वा संरक्षणमा रहेको अर्काको सम्पत्ति बेइमानीपूर्वक उपयोग गर्ने, अर्कालाई उपयोग गराउने वा मूलधनीको हक टुटाई अरूको बनाउने वा बनाइदिने काम; अर्काको कुनै काम कारोबार गर्ने जिम्मा लिएको वा जिम्मा लिनुपर्ने कानूनी कर्तव्य भएको व्यक्तिले आफू वा अरू कसैलाई फाइदा पुऱ्याउनका लागि त्यस्तो कर्तव्य विपरीत कार्य गरी हानि, नोक्सानी वा क्षति पुऱ्याउने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २५२ को उपदफा (२) ।]*

आपराधिक षड्यन्त्र (Criminal conspiracy)- *ना.प.* अपराध गर्ने मतोजतो; अपराध गर्ने बारेमा सल्लाह गर्ने र योजना बनाउने काम; दुई वा दुईभन्दा बढी व्यक्तिहरूले कुनै कसुर गर्न वा गराउन मन्जुर गरी तीमध्ये कुनै एक जनाले वा दुई वा दुईभन्दा बढी जनाले गरेका कुनै काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३३ को उपदफा (२) ।]*

आपराधिक समूह (Criminal group)- *ना.प.* अपराध गर्ने सङ्गठित गिरोह; सङ्गठित अपराध गर्ने उद्देश्यले सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरूको समूह। *[हे. सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा २ को खण्ड (घ) ।]*

आपूर्ति (Supply)- *ना.* [सं.] कुनै सामान वा वस्तु उपलब्ध गराउने काम; प्रतिफल लिई कुनै वस्तु वा सेवा क्रयविक्रय वा उपलब्ध गराउने काम; क्रयविक्रय वा उपलब्धतासम्बन्धी अनुमति दिने वा ठेक्कापट्टा गर्ने काम। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (छ) ।]*

आपूर्तिकर्ता (Supplier)- *ना.* [सं.] उपलब्ध गराउनेवाला; कुनै वस्तु वा सेवा आपूर्ति गर्ने व्यक्ति; कुनै वस्तु वा सेवा आपूर्ति गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्था। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ण) ।]*

आप्रवास (Immigration)- *ना.* [सं.] एक देशको मानिस अर्को देशमा गएर बस्ने काम; वैदेशिक बसाइँसराइ।

आप्रवासी (Immigrant)- *वि.* [सं.] अर्को देशबाट आएर बस्ने वा बसेका मानिस।

आफूभन्दा माथिको अधिकृत (Immediate Senior Officer)- *ना.प.* तालुकवाला अधिकृत; आफूभन्दा ठ्याक्कै माथिल्लो पदमा रहेको अधिकृत।

आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति (Citizens unable to take care themselves)- *ना.प.* सकारण पराश्रयी/पराश्रित व्यक्ति; अल्जाइमर्स, पार्किन्सन, स्पाइनल कर्ड इन्जुरी, ब्रेन ह्यामरेज, सुस्त मनस्थिति, पक्षघात, सिकल सेल एनिमिया, मानसिक अवस्था ठिक

नभएको, अटिजमजस्ता समस्याले आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्थामा रहेका व्यक्ति। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ता (Care allowance for those who are unable to take care of themselves)- *नाप.* आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ११ को उपदफा (१) ।]*

आबद्धता (Affiliation)- *ना.* [सं.] संलग्नता; सम्बद्धता।

आबर्जे (Ledger, register)- *ना.* [फा. आबार] गोस्वरा स्रेस्तामा भएको लगत वा आम्दानी लेखिएको कागज।

आम (General, common)- *वि.* [फा.] सबै, सर्वसामान्य, सर्व।

आममाफी (Amnesty) - *ना.* समूहका सबैलाई गरिने क्षमादान; दण्डसजाय भोगिरहेका व्यक्तिहरूलाई बाँकी दण्डसजायको मिनाहा वा छुट; अपराधीलाई दिइने राजनीतिक छुट; सर्वक्षमादान; धेरैलाई दिइने माफी।

आमरफ्त (Income-expenditure, movement)- *ना.* [फा.] आम्दानी-खर्च, आवात-जावात।

आमहत्या (Massacre)- *ना.* सामूहिक हत्या; सबैको हत्या; कत्लेआम; नरसंहार; सर्वसंहार।

आमाको दुध प्रतिस्थापन गर्ने वस्तु (Breast milk substitute)- *नाप.* स्तनपान गर्नुपर्ने उमेरको शिशुलाई आमाको दूध अपर्याप्त हुँदा खुवाउन सकिने खाद्यवस्तु; आमाको दुधलाई आंशिक वा पूर्ण रूपमा प्रतिस्थापन गर्न बिक्री वितरण हुने खाद्यवस्तु। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (क) ।]*

आमाको दुध प्रतिस्थापन गर्ने वस्तुको पूरक खाद्य पदार्थ (Breast milk substitute complementary food)- *नाप.* आमाको दुध वा सोलाई प्रतिस्थापन गर्ने वस्तु शिशुको पोषण आवश्यकता पूरा गर्न अपर्याप्त भएको अवस्थामा पूरकको रूपमा प्रयोग गर्ने उपयुक्त खाद्य पदार्थ। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ण) ।]*

आय (Income)- *ना.* [सं.] आम्दानी; आयस्ता; लाभ; रोजगारी, व्यवसाय वा लगानीबाट प्राप्त हुने वित्तीय वा मौद्रिक प्रतिफल; कुनै काम, पेसा वा व्यवसायबाट हुने आम्दानी, फाइदा, लाभ। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ज) ।]*

आयकर (Income tax)- *ना.* [सं.] सबै किसिमको कमाइ वा आम्दानीबाट प्राप्त हुने खुद आयमा लाग्ने कर।

आयटिकट (Income ticket)- *ना.* आर्थिक वा वित्तीय कारोबार वा लेनदेनका क्रमबाट हुने आयको करदाखिलाको निस्सास्वरूप त्यस्तो लिखत वा कागजातमा टाँस गरिएको हुलाक टिकट; लेनदेनको तमसुक, टिप्पन, बहाल कबुलियत, गैह्र संस्थागत कृषिजन्य वस्तुबाहेक बिक्रीनामाको कागजात, सेयर, डिबेञ्चर स्टकको खरिदबिक्रीसम्बन्धी कागजात, विनिमयपत्र र प्रतिज्ञापत्र, बिमा लेखसम्बन्धी कागजात र घर, पसल, हल, होटेल र कोठाको बहाल बुझेको भरपाईमा लगाउनुपर्ने सरकारद्वारा स्वीकृत आयटिकट। *[हे. आय टिकट दस्तूर ऐन, २०१९ को दफा २ को खण्ड (क) र दफा ४ को उपदफा (१) ।]*

आयनीकरण गर्ने विकिरण (Ionizing radiation)- *नाप.* अणु/परमाणु फुटाउने विकिरण; अणु/परमाणु फुटाई ऋणात्मक विद्युत्कण निकाल्ने विकिरण; जैविक पदार्थमा आयन पेयर्स उत्पादन गर्न सक्ने विकिरण। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (ख) ।]*

आयमूलक आयोजना (Income generating project)- *नाप.* आयआर्जनको लागि तयार गरिएको आयोजना; सार्वजनिक बजार, व्यापार केन्द्र, बस पार्क, पशु बधशाला, गोदामघर तथा त्यस्तै अन्य आय सिर्जना गर्ने आयोजना। *[हे. नगर विकास कोष ऐन, २०५३ को दफा २ को खण्ड (ग) ।]*

आयमूलक कार्य (Income generating act)- *नाप.* आय सिर्जना गर्न सक्ने क्रियाकलाप; कल्याणकारी कार्यमा सहयोग पुऱ्याउन कुनै संस्थामा लगानी गरी आयआर्जन गर्ने कार्य। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (प) ।]*

आयवर्ष (Income year)- *ना.* [सं.] आर्थिक वर्ष; कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्तसम्मको अवधि। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (झ) ।]*

आयस्ता (Income source)- *ना.* जग्गा, व्यापार आदिबाट हुने आम्दानी; स्थायी वा स्थिर आयस्रोत।

आयात (Import)- *ना.* [सं.] विदेशबाट झिकाइएका सामान आगमन; देशभित्र वस्तु वा सेवा पैठारी गर्ने कार्य; विदेशबाट व्यापारिक र अन्य प्रयोजनका लागि देशभित्र मालसामान झिकाउने वा ल्याउने काम। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (झ) र सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ को दफा २ को खण्ड (ग) ।]*

आयातकर्ता (Importer)- *ना.* [सं.] आयात गर्ने मानिस; विदेशीबाट व्यापारिक प्रयोजनका लागि नेपालमा मालवस्तु आयात गर्ने व्यक्ति, संस्था वा निकाय। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (घ) ।]*

आयातसम्बन्धी कागजातहरू (Import documents)- *नाप.* व्यापारिक हिसाबले गरिने आयातसम्बन्धी कागजात; प्रज्ञापनपत्र, नगदी रसिद, सामानको बिजक तथा भन्सारको बाटो भई आयात नहुने सेवाको आपूर्तिको हकमा सेवाको विजक र तत्सम्बन्धी अन्य कागजातहरू। *[हे. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (१) को खण्ड (ग) को स्पष्टीकरण।]*

आयाम (Dimension)- *ना.* [सं.] वस्तुको लम्बाइ, चौडाइ र उचाइमध्ये कुनै एक; फैलावट; विस्तार।

आयुक्त (Commissioner)- *ना.* [सं.] विशेष कामका लागि नियुक्त भएको; आयोगको अध्यक्ष वा सदस्य; खास कार्यका लागि नियुक्त गरिएको वा खटाइएको व्यक्ति।

आयुर्वेद (Aayurveda)- *ना.* [सं.] रोगको पहिचान/निदान गरी काष्ठादि, रसादि औषधीको प्रयोग गरी वा शल्यक्रियाका उपायद्वारा गरिने पूर्वीय चिकित्सा; आयु (शरीर, इन्द्रिय, मन र आत्माको संयोग) को रक्षा गर्ने र ज्यानलाई स्वस्थ राख्ने विषयको शास्त्र; आयुर्विज्ञान; जीवनसम्बन्धी विज्ञान।

आयुर्वेद चिकित्सा परिषद् (Ayurveda Medical Council)- *नाप.* आयुर्वेदिक औषधी उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्ने, आयुर्वेद चिकित्सा प्रणालीलाई व्यवस्थित रूपले सञ्चालन गर्न तथा आयुर्वेदिक चिकित्सकहरूको मान्यता, दर्ता र नियमन गर्ने वैधानिक निकाय वा परिषद्। *[हे. आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा 1.2 को उपदफा 1.2.1 को खण्ड १.२.१.१ र दफा 2.1 ।]*

आयुर्वेद-चिकित्सा (Aayurveda Medicine)- *ना.* शरीर, इन्द्रिय, मन र आत्मासम्बन्धी अध्ययन गरेर तिनमा रहेका विकृति हटाई जीवनलाई स्वस्थ राख्ने विधि व्यवस्था गर्ने चिकित्साप्रणाली; शल्य, शालक्य, काय, भूत, कौमार्यभृत्य, अगदतन्त्र, रसायनतन्त्र र बाजीकरणजस्ता आठ चिकित्साअङ्ग भएको चिकित्साप्रणाली।

आयुर्वेदिक औषधी (Ayurvedic medicine)- आयुर्वेदिक प्रणालीबाट बनाइएको औषधी। *(हे. आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा 1.2 को उपदफा 1.2.1 को खण्ड १.२.१.८।)*

आयोग (Commission)- *ना.* [सं.] खास कार्य वा प्रयोजनको लागि गठन गरिएको अधिकार प्राप्त, उच्चस्तरीय, स्वतन्त्र संस्था वा निकाय।

आयोजना (Project)- *ना.* [सं.] कुनै योजना कार्यान्वयनको प्रबन्ध वा व्यवस्थापन; सरकारी, अर्धसरकारी, निजी वा कम्पनीबाट निश्चित अवधिको लागि सञ्चालित कुनै विकास आयोजना; परियोजना; सरकारी कार्यालय वा सार्वजनिक संस्थाको तर्फबाट सम्पन्न गरिने पूर्वाधार संरचनासँग सम्बन्धित प्रारूप तयारी, सम्भाव्यता अध्ययन र डिजाइन, सेवा, वस्तु वा निर्माण सामग्रीको खरिद वा प्राप्ति, निर्माण कार्य र निर्माण पछिको सञ्चालन, मर्मत सम्भार तथा पुनःनिर्माणसम्बन्धी समग्र अभिलेखी कार्यढाँचा। *[हे. भूमि सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (झ९) र राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २ को खण्ड (घ) ।]*

आयोजना कार्यान्वयन निकाय (Project Executing Agency, Project Implementing Agency)- *नाप.* कुनै आयोजना कार्यान्वयन गर्ने सरकारी निकाय, समुदायमा आधारित संस्था, कानूनबमोजिम दर्ता भएको गैर सरकारी संस्था वा कानूनबमोजिम स्वीकृति प्राप्त अन्तरराष्ट्रिय संस्था।

आयोडिन (Iodine)- *ना.* [अङ.] अत्यावश्यक प्राकृतिक रासायनिक खनिजतत्त्व; आयोडिन।

आयोडिनयुक्त नुन (Iodized salt)- *नाप.* आयोडिन तत्त्व मिश्रण गरिएको नुन; न्यूनतम छयान्नब्बे प्रतिशत सोडियम क्लोराइड भएको धूलो वा दानादार नुन; माटो, ढुङ्गा, गिर्खा वा अन्य बाह्य पदार्थ वा फोहर नमिसिएको सेतो, फिक्का गुलाबी वा कैलो रङमा ठोस रूपको धुलो वा दानादार गुणस्तरयुक्त नुन; आयोडन मिसाइएको प्रशोधित नुन। *[हे. आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ को दफा २ को खण्ड (क) ।]*

आरक्ष (Conservation)- *ना.* [सं.] पशु, पक्षी, बोटबिरुवाको संरक्षण गर्ने संस्था; क्षेत्र वा वन; वन्यजन्तु र रूख विरूवाहरूको सुरक्षाका लागि वनजङ्गललाई चारैतिरबाट छुट्याइएको क्षेत्र; संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष र शिकार आरक्ष।

आरक्षण (Reservation)- *ना.* [सं.] लोपोन्मुख, अल्पसंख्यक, सीमान्तकृत, पछाडि परेका वर्ग वा समुदायलाई विशेष रूपले रक्षा गर्ने वा जोगाउने काम; सबैतिरबाट जोगाउने काम; विशेष संरक्षण। *(हे. नेपालको संविधानको धारा ४३ ।)*

आरोग्यता (Healthy, sanitation, hygiene)- *ना.* [सं.] निरोगिता; तन्दुरुस्ती; सुस्वास्थ्य।

आरोप (Accusation, allegation)- *ना.* [सं.] कसैलाई कुनै खराब काम गरेबापत लगाइएको अभियोग, दोष, फतुर; कसुर वा गल्ती गरेको दोषारोपण।

आरोपपत्र (Indictment, charge sheet)- *ना.* [सं.] अभियोगपत्र; अड्डा अदालतमा कुनै व्यक्तिका उपर आरोप लगाइएको बेहोरा लेखी पेस गरिएको कागज; अभियोग उल्लेख गरिएको कागज।

आर्टिलरी फौज (Artillery Force)- *नाप.* युद्धको समयमा आधारभूत लडाकु फौजलाई फायर सपोर्ट दिएर सहयोग पुऱ्याउने विभिन्न ठूला हात-हतियार तथा तोपहरूबाट सु-सज्जित फौज। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ख) ।]*

आर्थिक (Financial)- *ना.* [सं.] वित्तीय; अर्थसम्बन्धी; रकमकलम वा रैरकमसम्बन्धी; धनसम्पत्तिको मौद्रिक मूल्यसम्बन्धी।

आर्थिक यातना (Financial torture)- *नाप.* आर्थिक वा वित्तीय कारणले वा आधारमा दुख दिने काम; आर्थिक प्रताडना; रुपैयाँ पैसाका निहुँबाट सताउने काम; सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न, रोजगारी गर्न, आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोग गर्नबाट वञ्चित गर्ने कार्य; महिलाका हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार।

आर्थिक रूपले विपन्न (Financially Indigent)- *नाप.* निर्धारित आयभन्दा कम आय भएको व्यक्ति; जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको व्यक्ति। *[हे. नेपालको संविधानको धारा १८ को उपधारा (३) को स्पष्टीकरण, सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (घ) र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

आर्थिक वर्ष (Fiscal year)- *नाप.* आर्थिक कारोबारको वार्षिक गणना प्रारम्भ हुने र समाप्त हुने सङ्क्रमणविन्दुका आधारमा कायम गरिने वर्ष; श्रावण सङ्क्रान्तिदेखि सुरु हुने र असार मसान्तमा सकिने वार्षिक अवधि; आर्थिक योजना तथा कार्यक्रमको वार्षिक कार्यसम्पादनको निर्धारित समय; प्रारम्भ गरिने वर्ष; अघिल्लो सालको साउन महिनाबाट सुरु भई पछिल्लो सालको असार महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधि; कुनै सङ्घ, संस्था, सङ्गठन, प्रतिष्ठानको आम्दानी-खर्चको वार्षिक हरहिसाब खाताबन्दी र लेखापरीक्षण गर्ने एक वर्षको अवधि। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (छ), आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ङ) र बोनस ऐन, २०३० को दफा २ को खण्ड (ग) ।]*

आर्थिक सर्वेक्षण (Economic survey)- *ना.प.* आर्थिक परिसूचकका आधारमा आर्थिक क्रियाकलाप तथा समग्र आर्थिक अवस्थाको जानकारी लिन र विश्लेषण गर्नका लागि गरिने शोधखोज वा सर्भे।

आर्म्स (Arms)- *ना.* [अङ.] हातहतियार; युद्धमा भाग लिने आधारभूत फौज वा इन्फ्यान्ट्री, आरमोर, आर्टिलरी, एयर डिफेन्स आर्टिलरी, इन्जिनियर्स तथा सिग्नल। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (घ) ।]*

आलोचना (Criticism, remarks)- *ना.* [सं.] गुण-दोष खुट्याउने काम; विवेचना, विश्लेषण वा समीक्षात्मक प्रतिक्रिया; टीकाटिप्पणी; चर्चा-परिचर्चा; दोष देखाउने काम।

आवधिक (Periodic)- *वि.* [सं.] अवधिको; निर्धारित समयभित्रको; अवधिभरको।

आवधिक योजना (Periodic Plan)- *ना.प.* निर्धारित समयभित्रको योजना; अवधिभरको योजना।

आवश्यक पदार्थ (Essential material, items)- *ना.प.* चाहिने चिजबिज; नभइनहुने वस्तु वा जिनिस; धान र चामल, मकै, गहुँ, कोदो, जौ र तिनको पीठो, मैदा र त्यस्तै किसिमका अरू खाद्यान्न, रहर, मुगी, मास, मुसुरो, चना, केराउ, भटमास र तिनको पीठो र त्यस्तै किसिमका अरु खाद्यान्न, आलस, तोरी, सर्स्यौं, तिल र तेल निकाल्नको निमित्त प्रयोग हुने त्यस्तै अन्य तेलहन र सबै किसिमका तेल, दुध र दूधबाट तयार हुने खाद्य पदार्थ, उखु र त्यसबाट पैदा हुने गुँड, सखर चिनी र अन्य त्यस्तै पदार्थ, सुती वा ऊनी लत्ताकपडा, कपास तथा ऊन, कच्चा पाट र त्यसबाट तयार भएका वस्तुहरू, मट्टितेल, पेट्रोल, डिजेल र सबै प्रकार लुब्रिकेन्ट, फलाम र फलामबाट तयार भएका वस्तुहरू, सिमेनट, इँटा, जस्तापाता आदि निर्माणको निमित्त आवश्यक पर्ने वस्तुहरू, सवारीका साधन र त्यस्ता साधनलाई चाहिने टायर, ट्युव, पार्टपुर्जा, नुन, औषधीजस्ता चिजबिज। *[हे. आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा २ को खण्ड (क) ।]*

आवश्यक वस्तु (Essential goods)- *ना.प.* चाहिने सामग्री; टेलिग्राफ, टेलिफोन, रोपवे, रेल्वे, राजमार्ग, मूल बाटो, पुल, ढल, निकासको पाइपलाइन, खानेपानीको मुहान, बिजुली, विद्युत उत्पादन उपकरणहरू, मौसम तथा जलस्रोत सम्बन्धी स्टेसनहरू, सञ्चार केबुल लाइन, एन्टेना, रेडियो सञ्चार स्टेसनहरू, पथ प्रदर्शक, सुरक्षा, सङ्केत तथा यस्तै अन्य उपकरण, पेट्रोल, पेट्रोल पम्प स्टेसन, इन्धन डिपो, सर्वसाधारणका लागि उपयोगका पाटी, पौवा, सत्तलहरू आदि सामग्री वा उपकरण। *[हे. आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा २ ।]*

आवश्यक सेवा (Essential services)- *ना.प.* चाहिने वा नभइनहुने सेवा; जरुरी सेवा; डाँक तार वा टेलिफोन सेवा, जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा, हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसित सम्बन्धित सेवा; हवाई ग्राउन्ड, रेल्वे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने सेवा; राख्ने, झिक्ने वा थन्क्याउने कामसित सम्बन्धित सेवा; छपाइ र छापाखानसम्बन्धी सेवा; हातहतियार, खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने सेवा; थन्क्याउने, वितरण गर्ने कामसित सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा। *[हे. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क)।]*

आवागमन (Movement, transportation)- *ना.* [सं.] आउने र जाने काम; आवातजावात; ओहरदोहर।

आवास (Housing, residence)- *ना.* [सं.] बस्ने ठाउँ; घर; गृह; बसाइस्थल; बासस्थान; बसोबास गर्ने थलो; आवासीय प्रयोजनका लागि निर्माण गरिएका भवन, घर, तिनका अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना; कुनै पनि व्यक्तिले बसोवास गर्ने घर, डेरा, अपार्टमेन्ट, कोठा वा बासस्थान र निजले रात बिताउने गरी बसेको होटल, रिसोर्ट, लज, पाहुनाघर वा शिविरको कोठा वा त्यस्तै प्रकृतिको अन्य कुनै ठाउँ। *[हे. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (क) र वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (क)।]*

आवास एकाइ (Apartment)- *ना.* बसोबास-एकाइ; बसोबासस्थल; बासस्थान; बसोबासको निश्चित तला वा खण्ड; संयुक्त आवासभवनमा स्वतन्त्र रूपमा उपभोग गर्न सकिने सामूहिक क्षेत्र तथा सुविधासहित एक वा एकभन्दा बढी कोठाहरू भएको त्यस्तो भवनको कुनै एकाइ। *[हे. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (ख)।]*

आवासएकाइ धनी (Apartment owner)- *ना.प.* बसोबास-एकाइको धनी; सम्झौताका सर्तहरूका अधीनमा रही आवासएकाइ खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै पनि किसिमले भोग गर्ने व्यक्ति वा सङ्गठित संस्था। *[हे. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (घ)।]*

आवासक्षेत्र (Housing site)-*ना.* [सं.] एक वा एकभन्दा बढी आवासस्थलको समूह। *[हे. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ग)।]*

आवासविहीन (Homeless)- *ना.* [सं.] घरवास नभएको व्यक्ति वा परिवार; कानूनबमोजिम आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवार। *[हे. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ) ।]*

आवासस्थल (Housing complex, place of residence)- *ना.* [सं.] बासस्थान; बसोबासस्थल; रहलपहल गर्ने स्थान; आवास र त्यसले चर्चेका जग्गाजमिनका चार किल्ला वा संयुक्त वा सामूहिक आवास रहेको स्थल। *[हे. आवासको अधिकारसम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख) ।]*

आवासीय क्षेत्र (Residential area)- *नाप.* मानवीय बासस्थानको लागि प्रयोग भएका घर रहेको जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफुल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरू कुनै काममा प्रयोग गरिएको जग्गा वा बसोबासको लागि तोकिएको कुनै क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (क) ।]*

आवासीय भिसा (Residential Visa)- *नाप.* देशमा जीवन बिताउन चाहने अन्तरराष्ट्रिय ख्यातिप्राप्त व्यक्ति र तिनका परिवारलाई नेपालमा रहन दिइने प्रवेशाज्ञा; मुलुक आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिमा विशेष योगदान पुऱ्याउन सक्ने व्यक्ति वा तिनका परिवारलाई दिइने प्रवेशाज्ञा; औद्योगिक व्यवसायमा कम्तीमा एकलाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा एकै पटक लगानी गर्ने व्यक्ति र नेपालमा कुनै व्यवसाय नगरी जीवनयापन गर्न चाहने विदेशीहरू र तिनका परिवारलाई दिइने प्रवेशाज्ञा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम ११ को उपनियम (१) ।]*

आवासीय विद्यालय (Residential School, boarding school)- *नाप.* विद्यार्थीको खानपान र बासस्थलसमेत भएको र त्यसैअनुसारको विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालय। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ट) ।]*

आवेग (Impulse, temper) - *ना.* [सं.] मनको उद्वेग; कुनै खराब वा असल कामको प्रतिक्रिया तथा प्रभावले अकस्मात् मनमा उत्पन्न हुने सहज प्रवृत्ति वा विकृत्ति; मनको असामान्य अवस्था; चेतन माथि परेको अचेतनको प्रभुत्व; मनोविकार।

आवेदक (Applicant, petitioner)- *ना.* [सं.] आवेदन, निवेदन वा दरखास्त दिने व्यक्ति।

आवेदन (Application, petition)- *ना.* [सं.] कुनै कामका लागि अड्डा अदालतमा दिइने लिखित अनुरोध, निवेदन वा दरखास्त।

आशयकरणी (Indecent assault)- *ना.* मन्जुरीविना करणीका भावले महिलाउपर हुन सक्ने दुर्व्यवहार।

आशयपत्र (Letter of intent)- *ना.* [सं.] आफ्नो आशय खुलाएर सम्बन्धित कार्यालयमा बुझाइने पत्र; चाखपत्र।

आश्रयदाता (Harborer)- *ना.* [सं.] आवश्यक परेका व्यक्ति वा आश्रितलाई खान, पिउन, बस्न, नगदी, जिन्सी, लत्ताकपडा आदि उपलब्ध गराउने व्यक्ति; अपराधको सम्बन्धमा हातहतियार वा सवारीको साधन दिने वा पक्राउबाट बच्न वा अन्य सहायता दिने व्यक्ति।

आश्रित (Dependent)- *ना.* [सं.] अर्काको आड भरोसामा रहेको; अर्काको संरक्षकत्वमा रहेको; अर्काको सहारामा रहेको।

आश्रित परिवार (Dependent family)- *नाप.* एकासगोलमा बस्ने परिवारमा घरमूलीबाहेक अन्य सदस्य।

आसामी (Debtor)- *ना.* [अ.] ऋण लिने व्यक्ति, कर्जावाल; ऋणी; असामी।

आहत (Injured, wounded)- *ना.* [सं.] चोटपटक लागेको, घाइते, घायल।

आह्वान (Summoning, calling upon)- *ना.* [सं.] आमन्त्रण, बोलावट।

आह्वान नगरिएको प्रस्ताव (Unsolicited proposal)- *नाप.* नमागिएको अवस्थामै स्वतस्फूर्त प्रस्तुत प्रस्ताव वा योजना; सम्बन्धित निकायले सार्वजनिक सूचना जारी नगरेको अवस्थामा लगानीकर्ता स्वयंले कुनै परियोजना विकास गर्ने उद्देश्यले आशय प्रकट गरेर प्रस्तुत गरेको वा गर्ने प्रस्ताव। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २८ को स्पष्टीकरण।]*

आह्वानपत्र (Summons)- *ना.* [सं.] उपस्थितिका लागि जारी सूचना; हाजिर हुने जनाउ; बोलावट।

इ

इच्छा (Will, wish, desire)- *ना.* [सं.] कुनै कुराको प्राप्तिका लागि मनमा उठ्ने चाहना; कामना; आशा; मनसाय; उद्देश्य; रहर; अभिलाषा; लालसा।

इच्छाधीन (Volition, one's own will, optional)- *वि.* [सं.] इच्छाको अधीनमा रहेको; इच्छा मुताबिकको; रोजीछाडी; इच्छामा अडेको वा रहेको; कसैको आफ्नो इच्छामा निर्भर रहेको; इच्छामा भर पर्ने।

इच्छाधीन आलेख (Optional protocol)- *नाप.* कुनै प्रतिज्ञापत्र, अनुबन्ध वा महासन्धिलाई कार्यान्वयन गर्ने सिलसिलामा निर्माण गरिएको पूरक सन्धि वा अभिसन्धि; ऐच्छिक प्रलेख; प्रोटकल।

इच्छापत्र (Testament, will, bequest)- *ना.* [सं.] स्वेच्छाले लेखे-लेखाएको लिखत वा कुरा; बकसपत्र; आफू मरेपछि आफ्नो सम्पत्ति अर्को निश्चित व्यक्तिले पाउने गरी खुसीराजी लेखी दिएको सबै लिखत; राजीखुसीले आफ्नो स्वामित्वमा रहेको चलअचल सम्पत्ति अन्य कुनै व्यक्तिले पाउने गरी लेखिदिएको कागजात वा लिखत। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (र)।]*

इजलास (Courtroom, bench)- *ना.* [अ.] न्यायासन; न्यायपीठ; न्यायसभा; कचहरी; पुर्पक्षालय; न्यायिक कार्यकक्ष; बेन्च; न्यायाधीशले इन्साफ गर्ने क्रममा मुद्दाको सुनुवाइ गर्ने स्थान।

इजलास सहायक (Bench assistant)- *नाप.* अदालतमा न्यायाधीशलार्इ सहयोग पुऱ्याउनका लागि इजलासमा रहने कर्मचारी।

इजहार (Testimony)- *ना.* [अ.] बयानपत्र; अदालतले सोधेका सवाल वा प्रश्नको लिखित वा मौखिक जवाफ; अदालतमा दिइने बयान; सोधेको कुरा र दिएको उत्तरको लिपिबद्ध रूप।

इजहारा (Lease, contract)- *ना.* [अ.] ठेक्कापट्टा; ठेक; इजारा।

इजा (Mother)- *ना.* [सं. आर्या] आमा; माता; मयाडी; मा; जननी; महतारी; ज्या, ज्यै, मुई, अम्बा; माई।

इजाजत (Approval, permission)- *ना.* [अ.] कुनै निकाय वा कार्यालयले कुनै काम कुरा गर्नका लागि दिएको लिखित सम्मति; स्वीकृति; अनुमति; लाइसेन्स।

इजाजतपत्र (Licence)- *ना.* कुनै निकाय वा कार्यालयले कुनै काम कुरा गर्नका लागि दिएको सम्मतिपत्र; अनुमतिपत्र; स्वीकृतिपत्र; कुनै काम वा पेसा गर्न पाउने प्रमाणपत्र।

इजाजतपत्रवाला (License holder, licensee)- *ना.* कुनै काम वा पेसा गर्न पाउने प्रमाणपत्र प्राप्त व्यक्ति; कुनै काम कुरा, ठेक्कापट्टा आदि गर्नाका निम्ति सरोकारवाला अड्डा वा

कार्यालयबाट इजाजत पाएको व्यक्ति; इजाजतपत्र प्राप्त व्यक्ति; कुनै काम वा पेसा प्रामाणिक वा आधिकारिक रूपले सम्पादन गर्न स्वीकृति प्राप्त व्यक्ति।

इज्जत (Honour, respect)- *ना.* [अ.] आदर; मान; समाज वा सम्बन्धित क्षेत्रबाट दिइने वा प्राप्त हुने प्रतिष्ठा; आबरु; हुर्मत।

इटाचपली (Criminal court during *Malla* reign)- *ना.* न्याय-चौतारी; कचहरी; प्राचीन फौजदारी अदालत; मल्लकालीन फौजदारी अदालत।

इतलायनामा (Subpoena)- *ना.* [अ. इत्तलानामा] प्रतिवादीलाई प्रतिउत्तर फिराउन अदालतले दिने म्यादपुर्जी; देवानी मुद्दामा प्रतिवादीलाई म्यादभित्र प्रतिउत्तर (प्रतिवाद) दिन आउनू भनी अदालतबाट जारी गरिने लिखित सूचना वा पुर्जी।

इति (End)- *ना.* [अ.] टुङ्याउनी; समाप्ति; कानूनी लिखत वा कागजातको पाठान्तसूचक शब्द; कुनै लेख, ग्रन्थ, लिखत वा भाषिक रचनाका पुछारमा पाठसमाप्तिको सूचना दिन प्रयोग गरिने शब्द।

इतिवृत्त (Chronicle, description of history, history)- *ना.* [सं.] इतिहासको वृत्तान्त; बितेको सत्य घटना; घटनाको वृत्तान्त।

इतिश्री (Finish, devastation)- *ना.* [सं.] पाठ सकिएपछि शीर्षकको पाठसमापन भएको जनाउँदा प्रयोग भएको इतिपछि प्रयुक्त शीर्षकलाई गरिने आदरसूचक श्रीद्वारा गरिने सम्बोधन (जस्तै: इतिश्री स्कन्धपुराण); भएभरको सबै सम्पत्ति वा कामकुरा विनाश वा स्वाहा भएको स्थिति।

इदमित्थ (Ultimatum)- *ना.* [सं. इदमित्थम्] कुनै कुरामा यसो गर्ने भनी गरिएको निधो वा निर्क्योल; कुनै कामकुराका सम्बन्धमा यति अवधिसम्म यसो नभएमा यसो गरिनेछ भनी दिइने म्यादसहितको अन्तिम चेतावनी।

इनबन्ड (Inbond)- *ना.* [अङ्.] कर भन्सार वा शुल्क लाग्ने वस्तुको पैठारी; परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी विदेशबाट वस्तु वा सेवा पैठारी गर्ने प्रक्रिया। *[हे. भन्सार नियमावली, २०६४ नियम २१ को उपनियम (१) को खण्ड (ख) को स्पष्टीकरण।]*

इनाम (Reward, prize)- *ना.* [अ.] उल्लेख्य वा चित्तबुझ्दो काम गरेबापत त्यस्तो काम गर्ने व्यक्तिको हौसला बढाउन दिइने पुरस्कार, पारितोषिक, बक्सिस; बकस; उत्साहोपहार।

इन्कार (Denial, refusal)- *ना.* [अ.] अस्वीकृति; असहमति; विमति; नाइँनास्ति; बेमन्जुरी; नामन्जुरी; निषेध वा प्रतिषेध; खण्डन; कुनै कुराको फरेब वा अभियोग लाग्दा फरेब वा अभियोग गरिएको कुरा आफूबाट भएको होइन भनी गरिने खण्डनयुक्त जवाफ।

इन्जिनियर (Engineer)- *ना.* [अङ्.] वैज्ञानिक ज्ञान प्रयोग गरी यथासम्भव उन्नत प्रविधिअनुरूपको योजना, रूपाङ्कन, निर्माण र समस्या समाधानका उपाय अपनाउने पेसेवर; देशका इन्जिनियरिङ परिषद् वा यस्तै नियमनकारी निकायद्वारा मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक उपाधि प्राप्त गरेको व्यक्ति। *[हे. नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २ को खण्ड (घ)।]*

इन्जिनियरिङ व्यवसाय (Engineering profession)- *नाप.* वैज्ञानिक ज्ञान प्रयोग गरी यथासम्भव उन्नत प्रविधिअनुरूपका योजना, रूपाङ्कन, निर्माण र समस्या समाधान गर्ने गराउने पेसा वा व्यवसाय; इन्जिनियरिङ विषयमा प्राविधिक ज्ञान तथा दक्षता हासिल गरेका व्यक्तिहरूले अपनाउने व्यवसाय। *[हे. नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २ को खण्ड (ङ)।]*

इन्जिनियर्स फौज (Engineers force)- *नाप.* युद्धको समयमा आधारभूत लडाकु फौजलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने स्रोतसाधनयुक्त फौज। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ङ)।]*

इन्ट तथा सुरक्षा समूह (Int. and Security Group)- *नाप.* नेपाली सेनालाई चाहिने अति संवेदनशील सूचनाको सङ्कलन र विश्लेषण गरी प्रवाह गर्ने तथा भविष्यमा आउन सक्ने सम्भावित घटना पूर्वआकलन गर्ने समूह। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (च)।]*

इन्तजाम (Arrangement)- *ना.* [अ. इन्तिजाम] पछि गर्नुपर्ने वा गर्ने कामका लागि पहिले नै मिलाइने बन्दोबस्ती; चाँजोपाँजो; चाँजोपाँजो, बन्दोबस्त, पूर्वतयारी, इन्तिजाम।

इन्धन (Fuel)- *ना.* [सं.] ऊर्जा, उष्णता वा तापको माध्यमद्वारा शक्ति दिने वस्तु वा स्रोततत्त्व; ताप वा शक्ति पैदा हुने दाउरा, तेल, कोइला आदि उपकरण; सवारी साधनमा प्रयोग हुने पेट्रोल, डिजेल, ग्याँस वा अन्य इन्धन। *[हे. सडक बोर्ड ऐन, २०५८ को दफा २ को खण्ड (छ)।]*

इन्साफ (Justice, verdict, judgement)- *ना.* [अ.] अड्डा अदालतबाट वादी, प्रतिवादीको पक्ष वा विपक्षमा दिइने न्याय, निर्णय वा फैसला; विवादास्पद विषयमा दिइएको निर्णयबाट न्याय पर्ने काम; निसाफ।

इफाइटो (Electronic Phytosanitary Certificate, ePhyto)- *ना.* [अङ्.] बिरुवा स्वास्थ्यतासम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड बमोजिम देशहरूबिच कम्प्युटर सफ्टवेयरको माध्यमबाट आदानप्रदान गर्न सक्ने गरी तयार गरिएको विद्युतीय बिरुवा स्वास्थ्य-प्रमाणपत्र। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा 1२ को उपदपन (5) को स्पष्टीकरण।]*

इबी (Enmity)- *ना.* [अ.] मनमा गुप्त रूपमा राखिएको इख, प्रतिशोध लिने भावना, दगा; बदला लिने निहुँ वा दाउ; दागा; पुरानो रिस, अदावत; इर्ष्या।

इमान (Honesty, integrity)- *ना.* [अ.] व्यवहारमा गरिने सत्यता; उचित कर्तव्य, छलकपटरहित व्यवहार; असल नियत; उचित वा नैतिक व्यवहार; निष्कपटता।

इमानजमान (Honesty, uprightness, integrity)- *ना.* बोलेअनुसार व्यवहार गर्ने प्रकृति; व्यवहार र बोलीमा सच्चापन, सच्चाइ, निष्कपटता; सत्यनिष्ठ कर्तव्यपरायणता।

इमानदार/ इमान्दार (Honest, righteous)- *ना.* आफ्ना वचनमा रहने; इमानजमान नछाड्ने; सच्चाइमा विश्वास गर्ने, सच्चा व्यावहार गर्ने; विश्वासिलो; इमानमा रहने; प्रतिबद्ध; निष्णित; बफादार।

इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेको (Failure of honest discharge the duties of office)- *नाप.* पदीय कर्तव्यको पालनामा बेइमानी; असल नियतले आफ्नो जिम्मेवारी पालना नगरेको वा गर्न नखोजेको अवस्था; कर्तव्यपालनमा धोखाधडी।

इमारत (Huge building, structure)- भव्य तथा पक्की घर; महल, विशालकाय घर।

इम्बोस्ड (Embossed)- *वि.* [अङ्.] उत्तालित; विद्युतीय तथा यान्त्रिक माध्यमद्वारा धातुका पाताका सतहमा अक्षर र अङ्कको उठ्दो वा उकासिँदो अवस्था जनाउने। *[हे. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ४ को उपनियम (४) को स्पष्टीकरण।]*

इरादा (Desire, aspiration)- *ना.* [अ.] अठोट; सङ्कल्प; अभिप्राय; उद्देश्य; मनसाय; आशय;।

इलम (Skilled, job)- *ना.* [अ. इल्म] सीपयुक्त र कार्यक्षम क्रियाकलाप; रोजगार; व्यवसाय; वृत्ति; जागिर।

इलाका (Area, territory, region)- *ना.* [अ.] निश्चित सीमाभित्रको ठाउँ वा क्षेत्र, हाता; कार्यक्षेत्र; अधिकारक्षेत्र; चारकिल्लाभित्रको तोकिएको ठाउँ; स्थान; स्थल; लगा।

इलाज (Medical treatment)- *ना.* [अ.] रोग निको पार्न गरिने उपाय वा प्रयत्न, उपचार; औषधोपचार; चिकित्सा; ओखतीमुलो।

इलैंची कोठी (Office of commercial counselor during *Rana* regime)- *ना.प.* राणाकालीन व्यवस्थामा पटनामा रही नेपाल भारतबीचको व्यापारिक मामलामा काम गर्ने वाणिज्य काउन्सिलको कार्यालय।

इसारा (Gesture, signal, hint)- *ना.* [अ.] नबोलीकन हाउभाउद्वारा गरिने सङ्केत; लक्ष्यित व्यक्तिले बुझ्ने तर अरूले बुझ्न नसक्ने गरी दिइएको सन्देश वा गरिएको सङ्केत; गुप्तजनाउ; सान;।

इस्तिफा (Resignation)- *ना.* [अ.] आफूले गर्दै आएको सेवा वा जागिर छोड्नका लागि दिइने राजीनामा; त्यागपत्र।

इस्तिहार (Proclamation edict, noticee)- *ना.* [अ.] सरकारका तर्फबाट समुदाय वा सर्वसामान्यलाई दिइने सार्वजनिक सूचना; सरकारी विज्ञप्ति; विशेष आदेश; जनाउ; स्वेतपत्र।

इस्तेमाल (Use, application)- *ना.* [अ.] कुनै वस्तुलाई प्रयोगमा ल्याउने प्रक्रिया; उपयोग; प्रयोग; व्यवहार।

ई

ईप्सित (Desired)- *वि.* [सं.] ईप्सा वा इच्छा गरिएको; चाहेको; इच्छित।

ईर्ष्या (Jealousy, envy) - *ना.* [सं.] अर्काको उन्नति, प्रगति वा सम्बृद्धि देखेर मनमा उब्जने ईख; डाह, द्वेष, जलन।

ईर्ष्यालु (Jealous)- *वि.* [सं.] अरूको प्रगति देखेर डाह गर्ने; ईर्ष्या गर्ने; इखालु।

ईषत् (Little bit)- *वि.* [सं.] अलिकति; केही; थोरै, ज्यादै कम; अलिअलि; मन्द।

उ

उऋण (Free from debt)- *वि.* [सं.] ऋणबाट मुक्त भएको; ऋण चुक्ता गरेको, ऋण तिरिसकेको।

उकास (Remainder, elevated part of land)- *वि.* [सं.] कसैको हक बाँकी नभर्ई सरकारको हक हुन आएको (जग्गा); पुरानो जमिन्दारी प्रथाअनुसार दुर्ई नम्बरको सिर जग्गा वा नम्बरी जग्गामा घुस्न आएको बढी जग्गा; कुनै ठाउँको उठेको वा उठाइएको भाग; व्यक्तिको हक नरहेको खोला/ नदीले बहाब बदली गर्दा खाली भएको ठाउँ।

उखडा/ उखडा जग्गा (A particular type of land entitlement/ possession)- *वि.* [सं. उत्खात] जग्गाधनीसँगको बोलकबोलबमोजिम किसानले जग्गाधनीलाई नगदी पोत बुझाउने गरी कमाई आएको जग्गा; रैतीका नाममा नम्बरी दर्ता नभर्ई जमिन्दारले आफ्नो इच्छा अनुसार नगदी वा जिन्सी उठाउन पाउने गरी कमाउन दिने जमिन, रकम लिने गरी आवादी गर्न दिन पाउने जग्गा वा त्यस्तो भूमि प्रथा। *[हे. उखडासम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (घ)।]*

उचाइमा जाने कामदार (High altitude worker)- *नाप.* हिमशिखरमा जाने कामदार; पर्वतारोहणका लागि आधार शिविरभन्दा माथि आवश्यक माल सामान लैजाने ल्याउने कामदार। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (झ)।]*

उच्च अदालत (High Court)- *नाप.* उपल्लो तहको अदालत; जिल्ला अदालतभन्दा माथिल्लो र सर्वोच्च अदालतभन्दा तल्लो तहको अदालत; जिल्ला अदालत र अन्य न्यायिक निकायका निर्णय/ फैसलाउपर पुनरावेदन सुन्ने अदालत; प्रदेश तहको अदालत; पुनरावेदन अदालत। *[हे. नेपालको संविधानको धारा १३१।]*

उच्च अदालत न्यायक्षेत्र समन्वय समिति (High Court Judicial Sector Coordination Committee)- *नाप.* उच्च अदालत, मातहतका अदालत र न्यायिक निकायहरूका कामकारबाही सुव्यवस्थित ढङ्गले सञ्चालन गराउन समन्वयको काम गर्ने निकाय; जिल्ला न्यायक्षेत्र समन्वय समितिका कामकारबाही, न्यायपालिकाका रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारी बनाउन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्ने समिति। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम १६६ को उपनियम (१)।]*

उच्च अदालत पुस्तकालय समिति (High Court Library Committee)- *नाप.* उच्च अदालतका पुस्तकालयलाई व्यवस्थित र सुसञ्चालित राख्ने निकाय; पुस्तकालय व्यवस्थाका लागि गठन

गरिएको व्यवस्थापन समिति। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम १६६ख. को उपनियम (१) ।]*

उच्च अदालत पूर्ण बैठक (Full court of High Court)- *नाप.* उच्च अदालतबाट सम्पादन गरिने मुद्दामामिलाका इन्साफ गर्ने कामबाहेक न्यायाधीशहरूले अदालतका व्यवस्थापकीय र प्रशासनिक कामकाज मार्गदर्शन गर्ने निकाय; उच्च अदालतका मुख्य न्यायाधीश र सबै न्यायाधीशहरूको बैठक; उच्च अदालतका इजलास वा अस्थायी इजलासका मुख्य भई काम गर्ने न्यायाधीश र न्यायाधीशहरूको बैठक। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम २ को खण्ड (ङ) ।]*

उच्च अदालत पेसी व्यवस्थापन समिति (High Court Hearing Management Committee)- *नाप.* उच्च अदालतमा परेका मुद्दा वा इजलासबाट हेरिनुपर्ने निवेदन/ प्रतिवेदन इजलाससमक्ष पेस गर्ने व्यवस्था मिलाउने आन्तरिक निकाय; स्वचालित वा गोलाप्रथाद्वारा मुद्दाको पेसी व्यवस्थित बनाउन गठित समिति। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम १६५क. को उपनियम (१) ।]*

उच्च अदालत योजना तर्जुमा तथा कार्यान्वयन समिति (High Court Planning and Implementation Committee)- *नाप.* न्यायपालिकाको रणनीतिक योजनाअनुसार उच्च अदालतको वार्षिक कार्ययोजना तर्जुमा, कार्यान्वयन र पश्चावलोकन गर्ने आन्तरिक निकाय। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम १६६क. को उपनियम (१) ।]*

उच्च अदालत व्यवस्थापन समिति (High Court Management Committee)- *नाप.* उच्च अदालतमा रहेका मुद्दा मामिला, इजलास व्यवस्थापन, अभिलेख, सूचना, भौतिक तथा वित्तीय स्रोत जस्ता विषयहरूमा आवश्यक अध्ययन र व्यवस्थापन गर्ने आन्तरिक निकाय। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम १६५ को उपनियम (१) ।]*

उच्च अदालत सूचना प्रविधि समिति (High Court Information Technology Committee)- *नाप.* उच्च अदालतमा सूचना प्रविधिको सञ्चालन र व्यवस्था मिलाउने आन्तरिक निकाय। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम १६६ग. को उपनियम (१) ।]*

उच्च नैतिक चरित्र (High moral character) - *नाप.* सार्वजनिक सदाचार र कानूनका पूरापुर मर्यादा रही नैतिक मनोबलमा आधारित असल आचारव्यवहार; सामान्यभन्दा स्तरीय र अनुकरणीय चरित्र; सदाचार, निष्ठा, इमान्दारी तथा अनुशासन पालना गरिँदो आचरण, बोलीवचन र कार्यव्यवहारको जीवनशैलीनिसृत चरित्र।

उच्च पदस्थ व्यक्ति (Politically exposed person, high level official)- *नाप.* तहतह वा भिन्नभिन्न श्रेणी निर्धारण गरिएका पदहरूमा माथिल्ला तह वा श्रेणीमा पर्ने पदमा रहेको वा त्यस्तो पदको कानूनी अधिकार प्रयोग गर्ने वा जिम्मेवारी वहन गर्ने गरी पदमा नियुक्त वा आसीन व्यक्ति; स्वदेशी, विदेशी वा अन्तरराष्ट्रिय संस्थाका यस्ता उच्च पदको कार्यभार सम्हालेका पदासीन वा पदमुक्त भैसकेका व्यक्ति। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (च)।]*

उच्च शिक्षा (Higher education)- *नाप.* आधारभूत शिक्षाभन्दा माथिल्लो तहको विशिष्टीकृत र व्यावसायिक दक्षता हासिल हुने शिक्षा; विश्वविद्यालयका अध्ययन संस्थान, सङ्काय, विभाग, आङ्गिक क्याम्पस वा कुनै शैक्षिक संस्था वा सम्बन्धन प्राप्त क्याम्पसमा सञ्चालित विभिन्न विषयगत स्नातक तह वा सोभन्दा माथिल्ला तहका शैक्षिक कार्यक्रमबाट उपलब्ध हुने ज्ञान, सीप, दक्षता र उपाधि। *[हे. छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा ३ख. को स्पष्टीकरण।]*

उच्च स्तरीय जाँचबुझ आयोग (High Level Probe Commission)- *नाप.* जाँचपड्ताल गर्ने नियमित कानूनी अधिकारीबाट अनुसन्धान वा जाँचबुझ गरिँदा पर्याप्त नहुने अन्य प्राविधिक विज्ञता वा विशेषज्ञतासमेतको संयोजन गरी कुनै घटनाविशेषको अनुसन्धान वा जाँचबुझ गर्ने सामान्यभन्दा उच्च किसिमको निकाय वा नियोग; कुनै घटना विशेषमा अनुसन्धान तथा जाँचबुझ गरी वस्तुगत प्रतिवेदन पेस गर्न गठित उच्च स्तरीय जाँचबुझ वा छानबिन आयोग।

उच्चतम (Highest)- *वि.* [सं. उत्खात] सबभन्दा माथिल्लो; सर्वोत्तम; उत्कृष्ट; उपल्ला दर्जाको।

उच्चस्तरीय सुशासन निर्देशन समिति (High Level Good Governance Steering Committee)- *नाप.* सुशासनसम्बन्धी कार्यहरूको समीक्षा गर्न र सुशासन कायम गर्नका लागि आवश्यक निर्देशन दिन सङ्घीय तहको निर्देशनकारी निकाय; सुशासन निर्देशन समिति। *[हे. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४३ को उपनियम (१)।]*

उच्छृङ्खल व्यक्ति (Rowdy, unruly)- *नाप.* अनुशासनको पालन नगर्ने; मनपरी व्यवहार गर्ने वा बोल्ने; उत्ताउलो; स्वेच्छाचारी।

उजराती (Sundry)- *ना.* कुनै कारणले सदर स्याहामा आम्दानी वा खर्च बाँध्न नमिल्ने भई बाँकी रहन जाने रकम-कलम; फछ्यौंट गर्न बाँकी रहेको आम्दानी खर्च; उज्राँती।

उजाड (Barren, deserted, desolated)- *ना.* [सं. उज्जाड] बोटबिरुवा जरैसँग उखालिएको ठाउँ; बोटबिरुवा जरै नराखी उखल्ने काम; बोटबिरुवा नभएको ठाउँ; केही पनि नउम्रने जमिन; बन्जर।

उजुर (Complaint)- *वि.* [अ. उज्र] आफूलाई परेको पिरमर्का सुन्ने व्यक्ति वा अधिकारीलाई अवगत गराउने काम; अन्यायमा परेमा न्यायका लागि माग गर्ने काम; कसैले आफूलाई दख्खल पारेमा त्यस्तो व्यक्तिको विरुद्ध कानूनी कारबाहीका लागि गरिने निवेदन; कुनै विषयमा गुनासो प्रस्तुत गर्ने काम; गुनासो।

उजुरी (Complaint)- *ना.* उजुर; अड्डा अदालत दायर हुने फिरादपत्र, नालिस वा निवेदन; जहेरी दरखास्त; दाबी वा प्रतिदाबीको माग रहेको फिराद/ निवेदन वा प्रतिउत्तर/ लिखित जवाफ; अभियोगपत्र वा अभियोजन प्रतिवेदन; पिरमर्का परेको कुरा लेखी कानूनी कारबाही गरिपाउन माग गरी अधिकारप्राप्त अधिकारी वा कार्यालयमा दिइएको वा पेस गरिएको सूचना, निवेदन, आरोपपत्र वा दर्खास्त। (*हे. संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा २ को खण्ड (क) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (घ)।*)

उजुरी पेटिका (Complaint box)- *नाप.* अड्डा अदालत, सरकारी कार्यालय, सङ्घसंस्था आदिद्वारा सम्पादन गरिने कामकाजका सम्बन्धमा सेवाग्राही वा सरोकारवालाहरूका सुझाब, गुनासा वा उजुर सङ्कलन गर्न कागजपत्र छिराउन मिल्ने गरी राखिएको सन्दुस, पेटिका वा बाकस; गुनासो पेटिका।

उटक (High land)- *वि.* [सं. उत्खात] पाहारिलो जमिन; अग्लो भूमि; थुम्को; टार; टारी।

उट्ठा (Extrude, oust)- *ना.* बसोबास गरेको ठाउँ छाड्ने वा छोडाउने काम; उठिबास; बसेको ठाउँ वा घरबाट साहुले जबर्जस्ती हटाउने काम; बेदखल गर्ने काम; उट्ठावास; उट्ठीवास।

उठान (Start-up, initiation)- *ना.* [सं. उत्थान] सुरुआत; थालनी; प्रारम्भ; आरम्भ।

उठ्ती/ उठती (Collection, receiving, receivable)- *ना.* आउने वा पाउने कुरा; आसामीबाट आउने ब्याज वा मोहीबाट प्राप्त हुने बालीनाली आदि; उठ्तीपुठ्ती; आयस्ता; असुल-तहसिल हुने रकम।

उडन्ता (Aviculture tax)- *ना.* [सं. उड्डयन?] प्राचीन नेपालमा जङ्गलका पक्षी सिकार खेल्नेसँग लिइने कर; पक्षी पाल्नेहरूले तिर्नुपर्ने कर।

उतार (Copy, duplicate)- *ना.* [सं. उत्तार] उद्धृतांश, उद्धरण, सक्कलबाट सारेको कागज; मूल प्रतिबाट सारिएको कागज; नक्कल; प्रतिलिपि; छविप्रति, छायाप्रति।

उत्कीर्ण (Engrave, inscription.)- *ना.* [सं.] टङ्कित; रेखाङ्कित; लिप्याङ्कित; चित्राङ्कित; धातु, शिलापत्र आदिमा खोपिएको, कुँदिएको, छापिएको, जडिएको वा लेखिएको।

उत्खनन (Excavation)- *ना.* [सं.] गडेको धनमाल झिक्न जमिन खन्ने काम; भुईंमा पुरिएका अवशेष खनेर निकाल्ने काम; जमिनमुनि खनेर पुरातात्त्विक अवशेष खोज्ने काम; विगतका समयमा पुरिएर रहेका अवशेष पत्ता लगाउन जमिन खोतल्ने काम; भौगर्भिक ऊर्जा (तेल, कोइला, ग्याँस) वा खानीमा रहेका धातु वा वस्तुको कच्चा पदार्थ निकाल्न जमिन खन्ने काम।

उत्खनन कार्य (Excavation)- *नाप.* जमिनको गहिराइसम्म खोतल्ने काम; खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, सञ्चय वा बिक्रीवितरण गर्ने कार्य। *[हे. खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २ को खण्ड (ग) ।]*

उत्तर स्याहार कार्यक्रम (Aftercare programme)- *नाप.* पश्चात् स्याहार कार्यक्रम; पुनःस्थापना गरिएका वा गरिनुपर्ने प्रकृतिका व्यक्तिहरू (दुर्व्यसनी, मानसिक स्वास्थ्य समस्या भएका वा अपराधबाट सताइएका बिरामी/पीडितहरूको समुदायमा पुनर्मिलित गराउन अपनाइने विभिन्न उपायमिश्रित कार्यक्रम; सामुदायिक पुनर्वास तथा पुनःस्थापना गर्ने क्रियाकलाप; स्वतन्त्रताको वञ्चित कारागार वा थुनागत सुविधाबाट राखिएका कसुरदारहरूलाई थुना मुक्त गरेपछि सामुदायिक पुनःसम्मिलन गर्न सञ्चालन गरिने कार्यक्रम।

उत्तरदायित्व (Accountability, responsibility)- *ना.* [सं.] जवाफदेही; जिम्मेवारी; अभिभारा; कर्तव्यभार।

उत्तरदायी (Accountable, responsible)- *वि.* [सं.] कुनै काम कुराको जवाफदेही, जिम्मेवार, जिम्मेदार दायित्व वहन गर्ने; अभिभारा बेहोर्ने।

उत्तराधिकार (Heirship, succession, inheritance)- *ना.* [सं.] कुनै व्यक्ति मरेपछि निजका सम्पत्तिको साम्पत्तिक अभिभारा (प्राप्तव्य र दायित्व) को अधिकारवाला; अख्तियारवालाको कार्यकालपछि अर्को व्यक्तिमा सर्ने अख्तियारी; अधिकारधारक व्यक्तिको मृत्युपर्यन्त अर्को व्यक्तिमा सर्ने पद, प्रतिष्ठा, सम्पत्ति आदिको दैया; हकदारी।

उत्तराधिकारपत्र (Power of attorney; will paper)- *ना.* उत्तराधिकार लेखिदिएको कागज; वारेसनामा; मन्जुरनामा; इच्छापत्र।

उत्तराधिकारी (Successor)- *वि.* [सं.] उत्तरराधिकार पाउने वा लिने; हकवाला।

उत्तरार्ध (Latter half)- *ना.* [सं.] पछिल्लो आधा भाग; कुनै समय, कार्य वा विषयलाई दुई फ्याक गर्दा दोस्रो आधा खण्ड पछिल्तिरको आधा भाग।

उत्तरोत्तर (Further progress)- *वि.* [सं.] जतिजतिपछि उतिउति बढी; प्रगतिशील; उन्नतोन्नत; झन-झन बढी। क्रि*वि.* निरन्तर; लगातार; दिनदिनै; एकपछि अर्को।

उत्तालित (Embossed)- *वि.* [अङ्.] विद्युतीय तथा यान्त्रिक माध्यमद्वारा धातुका पाताका सतहमा अक्षर र अङ्कको उठ्दो वा उकासिँदो अवस्था जनाउने; इम्बोस्ड।

उत्तीर्ण (Pass, succeed)- *ना.* [सं.] उत्रेको; निस्केको; पार गरेको; तरेको; कुनै परीक्षा, जाँच, परीक्षण वा कामकाजबाट सफल भएको वा पार भएको।

उत्तेजक (Provocative, stimulating, inciting, exciting)- *वि.* [सं.] प्रेरक; जोस्याउने; उकास्ने; उल्क्याउने, उचाल्ने; कसैलाई कुनै कुरा वा काममा उक्साउने; उत्तेजना उत्पन्न गर्ने; जोस बढाउने; भड्काउने।

उत्तेजना (Stimulation, excitement, provocation)- *ना.* [सं.] क्रोध; आवेग; रिस, प्रेरणा; हौसला; कसैलाई सुऱ्याउने, उक्साउने वा भड्काउने काम; जोस; उद्वेग; भावावेश।

उत्थान (Rise, progress)- *ना.* [सं.] उठ्ने वा उभिने काम; खडा गर्ने, ठडिने वा ठड्याउने काम; थालनी, उठान; निम्न स्थितिबाट उच्च स्थितिमा पुग्ने अवस्था; उन्नति; अभिवृद्धि।

उत्पत्तिकर्ता (Originator, creator)- *ना.* [सं.] उत्पत्ति गर्ने; सिर्जना गर्ने; बनाउने; सर्जक; स्रष्टा, विद्युतीय अभिलेख उत्पन्न गर्ने, जम्मा गर्ने वा सम्प्रेषण गर्ने व्यक्ति वा त्यस्तो कार्य अन्य कुनै व्यक्तिलाई गर्न लगाउने व्यक्ति। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ग) ।]*

उत्पात (Disaster, calamity)- *ना.* [सं.] अशान्ति; कोलाहल; दङ्गा; हलचल; आकस्मिक रूपमा हुने कुनै कष्टदायक कुनै घटना वा उपद्रव; फसाद।

उत्पादक (Producer, manufacturer)- *ना.* [सं.] पैदा गर्ने; नयाँ वस्तु निकाल्ने; यन्त्र वा कारखानाबाट प्रशोधित सामान निकाल्ने व्यक्ति; नयाँ वस्तुको उत्पत्तिकर्ता; आफै, एजेन्ट वा सम्झौताद्वारा नियन्त्रित व्यक्तिका माध्यमबाट उत्पादन कार्यमा संलग्न रहन पाएको व्यक्ति वा संस्था। *[हे. आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ को दफा २ को खण्ड (ङ) र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ठ) ।]*

उत्पादन (Production)- *ना.* [सं.] उब्जा; उब्जनी; पैदावार; उब्जाउने, पैदा गर्ने, तयार पार्ने वा बनाउने काम; वस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने काम; वस्तुहरूको सम्मिश्रणबाट अर्को वस्तु तयार गर्ने, प्रशोधन गर्ने, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने,

एसेम्बलिङ्ग गर्ने वा लेबल लगाउने प्रक्रिया; रचना गर्ने वा बनाउने काममा अपनाइने कुनै वा सबै प्रक्रिया। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

उत्पादन कार्य (Production works, manufacturing)- *ना.प.* कुनै वस्तुको उत्पादन, शुद्धीकरण, ढुवानी, सञ्चय र बिक्री वितरण गर्नको लागि आवश्यक सबै कार्य।

उत्पादनमूलक उद्योग (Manufacturing industry)- *ना.प.* कुनै वस्तुको उत्पादन गर्ने उद्योग; उत्पादनकारी उद्योग; कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (ख) ।]*

उत्पीडक (Persecutor, Oppressor)- *वि.* [सं.] अर्कालाई सताउने वा कष्ट दिने; दुःख दिने; थिचोमिचो गर्ने; ज्यादतीकर्ता।

उत्पीडन (Oppression)- *ना.* [सं.] पीडा; कष्ट; सकस; सताउनी; थिचोमिचो; ज्यादती वा अचाक्ली गर्ने काम; सताउने वा दबाउने काम।

उत्पीडित (Oppressed)- *वि.* [सं.] अर्काले सताएका; सताइएका; कष्ट पाएका; दुखित बनाइएका; पीडित; प्रताडित।

उत्प्रेरणा (Motivation, inspiration)- *ना.* [सं.] मन जगाउने काम; उत्सुकता सिर्जना गर्ने काम; अभिप्रेरणा; केही सिक्न, बुझ्न वा जान्नका लागि उत्सुकता, जागरूकता जगाउने वा भर्ने काम।

उत्प्रेषण (Certiorari)- *ना.* [सं.] माथि वा उपरतिर प्रेषण गर्ने वा पठाउने काम; अधीन अड्डा, अदालत वा अधिकारीले गरेका कुनै कारबाही वा मिसिल कागजात माथिल्लो तहका अड्डा अदालतले झिकाउने काम; उजुर परेका विषयमा सर्वोच्च वा उच्च अदालतबाट मुद्दा मामिलासम्बन्धी मिसिल मातहत अड्डा अदालतबाट झिकाउने काम; कुनै अड्डा, अदालतले गरेका गैर कानूनी काम कारबाही वा निर्णय उपर सक्षम अदालतले गर्ने पुनरावलोकन; न्यायिक वा अर्धन्यायिक निकाय वा कानूनले अख्तियार दिएको प्रशासनिक निकायबाट गैरकानूनी ढङ्गले भएका निर्णय बदर गराउन माग गरिएको एक प्रकारको रिट निवेदन।

उत्प्रेषणादेश/ उत्प्रेषणको आदेश (Writ of certiorari)- *ना.प.* कुनै अड्डा अदालत, न्यायिक वा प्रशासनिक निकाय वा अधिकारीबाट भएगरेका कामकारबाही वा निर्णय असंवैधानिक वा गैरकानूनी भयो भन्ने दाबी गरी उपचार माग गरिएको निवेदनउपर सक्षम अदालतले न्यायावलोकन गर्दा त्यस्तो कामकारबाही वा निर्णय असंवैधानिक वा गैरकानूनी ठहर गरेमा

त्यस्तो कामकारबाही वा निर्णयको संवैधानिक वा कानूनी प्रभाव शून्य पारी बदर गर्ने सक्षम अदालतको आदेश वा समादेश।

उत्सर्जन (Emission)- *ना.* [सं.] छाड्ने वा त्याग्ने काम; उत्सर्ग; निकाल्ने, हटाउने वा फाल्ने काम; निष्कासन; कुनै निश्चित क्षेत्रबाट निश्चित समयअवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ख)।]*

उथलपुथल (Turmoil, upheaval)- *ना.* [प्रा. उत्थल/ द्वि.] हेरफेर; उलटपुलट; ठूलो आन्दोलन वा प्रकोप आदिले ल्याउने ठूलो परिवर्तन वा फेरबदल; आपरिवर्तन।

उदाहरण (Example, illustration, instance)- *ना.* [सं.] अनुसरण/ अनुकरण गर्न सकिने आचरण वा क्रियाकलाप; कथन, वाद, सिद्धान्त आदिको सत्यता सिद्ध गर्न प्रस्तुत गरिने दृष्टान्तक प्रमाण; साध्यको धर्म (गुण) सँग समान दर्साउँदै साधनका रूपमा आउने दृष्टान्त (न्यायदर्शन); न्यायका प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन नामक पाँच अङ्ग/ अवयवमध्ये तेस्रो अवयव वा उपकरण।

उद्ग्रहण (Tax collection)- *ना.* [सं.] ऋण, शुल्क, कर आदि असुलउपर गर्ने काम।

उद्घोषक (Master of ceremony, anchor)- *वि.* [सं.] उद्घोष वा घोषित गर्ने। *ना.* उद्घोष वा घोषित गर्ने व्यक्ति; उद्घोषण गर्ने व्यक्ति; सभा, समारोह, गोष्ठी तथा अन्तरक्रिया समेतका कार्यक्रम सञ्चालन गर्ने व्यक्ति।

उद्घोषण/ उद्घोषणा (Announcement, anchoring)- *ना.* [सं.] महत्त्वपूर्ण सन्देश सार्वजनिक रूपमा प्रकट गर्ने वा प्रसार गर्ने काम; सबैले सुन्ने गरी बेसरी कराउँदै सन्देश भन्ने काम; सभा, समारोह, गोष्ठी तथा अन्तरक्रिया समेतका कार्यक्रमको सञ्चालन।

उद्दण्ड (Arrogant, insolent)- *ना.* [सं.] दण्ड, सजाय आदिको डर नभएको; निडर; कडा स्वभावको; जन्ड; लाठीका भरमा अरूलाई वशमा राख्न चाहने; आक्रमण; बेलगाम; छाडा स्वभावको।

उद्धार (Rescue)- *ना.* [सं.] उठाएर माथि राख्ने काम; झिक्ने वा उचाल्ने क्रिया; सुधार, मर्मत वा जीर्णोद्धार; सङ्कटबाट छुट्कारा दिलाउने काम; आपतविपद्मा परेकाहरूलाई त्यस्तो अवस्थाबाट बाहिर निकाल्ने काम; दयनीय वा कष्टपूर्ण स्थितिबाट उतारेर सहज अवस्थामा पुऱ्याउन गरिने उपकार वा भलाइ।

उद्धरण (Citation, quotation)- *ना.* [सं.] उठाउने वा उकास्ने काम; झिक्ने, टिप्ने र राख्ने काम; कुनै लेख वा पुस्तकबाट उदाहरण, दृष्टान्त वा प्रमाणका लागि लिइएको अंश; प्रमाण वा व्याख्याको निमित्त लिइने कुनै लेख वा विषयको केही अंश।

उद्भूत एकाइ (Derived unit)- *नाप.* [सं.] सिर्जित एकाइ; उत्पन्न एकाइ; व्युत्पन्न एकाइ; मूलभूतबाट उत्पन्न एकाइ; पूरक एकाइबाट उत्पन्न एकाइ; मूलभूत र पूरक दुवै एकाइबाट निकालिएको एकाइ। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ८ख. को उपदफा (१) को स्पष्टीकरण।]*

उद्यम (Enterprise)- *ना.* [सं.] जिउपालो वा जीविकाका लागि आर्जन गर्ने उपायका रूपमा गरिने शारीरिक कार्य; कुनै उद्देश्य पूरा गर्ने गरी गरिने व्यवस्थित भौतिक क्रियाकलाप; उपार्जन वा कुनै अर्को उद्देश्यले गरिने कार्य; व्यापार, पेसा, रोजगार आदि इलम वा उद्योग।

उद्यमशील (Enterprising) *वि.* [सं.] उद्यमी; पौरखी; उद्यममा संलग्न; इलममा लागेको।

उद्यमशीलता (Entrepreneurship)- *ना.* [सं.] उद्यम गर्ने लगनशीलता, क्षमता, सीप र अभ्यास।

उद्यमी (Entrepreneur)- *ना.* [सं.] उद्यमकर्ता; पेसेवर; उद्योगी। *वि.* उद्योग गर्ने; उद्यमकारी; मिहिनेती; परिश्रमी।

उद्यान (Garden)- *ना.* [सं.] प्राय: खनजोत कम गरिने र प्राकृतिक रूपमा रुखबिरुवाहरू भएको ठूलो बगैंचा; फलफूलको बारी; फूलबारी; बगैंचा।

उद्योग (Industry)- *ना.* [सं.] १. उत्पादन, प्रशोधन, मिश्रण, रूपान्तरण, निर्माण आदि प्रक्रियाद्वारा उत्पादन वा निर्माण गर्ने काम वा प्रणाली; कुनै उद्देश्य वा कार्यसिद्धिका लागि जुक्ति र परिश्रम जुटाएर गरिने काम; औद्योगिक व्यवसाय गर्ने संस्थापना वा संस्था; उद्योग; औद्योगिक क्रियाकलाप गर्ने कारखाना वा उद्योगका रूपमा दर्ता भएको संस्था। २. अपराधका उद्देश्यले जुक्ति लगाई वा नलगाई कुनै अपराध वा कसुर गर्न गरिएको पहल; अपराध कार्यका योजना, तयारी, कार्यआरम्भ र कार्यसम्पन्नतामध्येको तेस्रो चरण; कसुर गर्ने प्रयास भएको तर कसुर सम्भव नभएको अवस्थाको अपराध; अपूर्ण अपराध। *[हे. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (क) र भूमि सम्बन्धी ऐन, २०२१ दफा २ को खण्ड (झ६)।]*

उद्योग दर्ता गर्ने निकाय (Industry registration body)- *ना.* [सं.] कुनै उद्योगधन्दा सञ्चालन गर्ने कम्पनी दर्ता गर्ने अधिकारी वा निकाय; सङ्घीय सरकारको उद्योग विभाग; प्रदेशमा उद्योग

प्रशासन हेर्ने प्रादेशिक सरकारको विभाग वा कार्यालय। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (ख)।]*

उधारो (Credit)- *ना.* [प्रा. उद्धारो] पछि तिर्ने वा बुझाउने गरी केही माल वा वस्तु लिने काम; पछि मोल तिर्ने गरी लिइएको जिन्सी ऋण; बाँकी।

उनाउ (Irrelevant, unrelated)- *ना.* [सं. अन्यक] तोकिएको भन्दा बढी; फाल्तु; नचाहिँदा; काम नलाग्ने; फाल्तु; बिरानो; पराइ; सम्बन्धै नभएको; कुनै विषयवस्तु, लेनदेन वा मुद्दासँग सम्बन्ध नभएको; मुद्दा वा कारोबार वा करारका पक्षभन्दा बाहिरको; अप्रासङ्गिक; बेसरोकारको।

उनाउ व्यक्ति (Irrelevant person, unrelated person, unconcerned person)- *नाप.* अप्रासङ्गिक वा असम्बन्धित व्यक्ति; बेसरोकारवाला मानिस; नचिनिँदो वा सम्बन्ध नभएको व्यक्ति; पराइ वा असम्बद्ध व्यक्ति।

उन्मुक्ति (Immunity, emancipation)- *ना.* [सं.] बारबन्देजबाट स्वतन्त्र गर्ने काम; निर्बाध बनाउने काम; कुनै प्रकारको अभियोग वा बन्धन आदिबाट छोड्ने काम; छुट; बन्धनमोचन; रिहाइ; उन्मोचन; प्रतिबन्धबाट अलग्याउने काम; छुट्कारा।

उन्मूलन (Elimination, eradication, abolition)- *ना.* [सं.] समूल नष्ट पार्ने काम; निर्मूल; मूलोच्छेदन।

उपकर (Cess, additional tax)- *ना.* [सं.] करका अनुपातमा लगाइने थप कर; कुनै करको अतिरिक्त लाग्ने थप कर; विशेष कर।

उपकरण (Equipment)- *ना.* [सं.] औजार; हतियार; यान्त्रिक साधन; कल वा मेसिन; कामकाजका लागि प्रयोग गरिने साधन; उत्पादनका कच्चा पदार्थ वा उपभोग्य वस्तु बाहेकका साधनमूलक अन्य मालसामान। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (च)।]*

उपकुलपति (Vice Chancellor)- *ना.* [सं.] कुलपतिको सामान्य निर्देशनमा रही जिम्मेवारी वहन गर्ने विश्वविद्यालय, विद्यापीठ, प्रज्ञा-प्रतिष्ठानको उच्च तहको पदाधिकारी।

उपकृत (Grateful, obliged)- *वि.* [सं.] उपकार वा हित गरिएको; सहायता गरिएको; गुन लगाइएको; कृतज्ञ।

उपक्रम (Initiation)- *ना.* [सं.] कुनै काम विशेषको आयोजना, तयारी, थालनी, सुरुआत, आरम्भ; खेबारा; खेवरा; पहल।

उपक्रमणिका (Addendum)- *ना.* [सं.] पुस्तक, पत्रिका, लिखत आदिका पाठ वा पेटबोली पूरै राख्न नमिल्ने वर्णन वा विवरणलाई सूचीबद्ध गरी अन्यत्र अलग्ग राख्दा दिइने सूचीनाम; अनुक्रमणिका; परिशिष्ट।

उपखण्ड (Sub-clause)- *ना.* [सं.] खण्डअन्तर्गतको बुँदा; भागको पनि भाग; अंशको पनि अंश; अनुच्छेद, प्रकरण, धारा वा दफाको उपदफाको अङ्गका रूपमा रहने खण्डभन्दा सानो भाषिक एकाइ।

उपग्रहण (Apprehension)- *ना.* [सं.] पक्राउ गिरफ्तारी; विशेषत: बालबालिकालाई नियन्त्रण वा निगरानीमा लिने काम।

उपती (Income)- *ना.* [प्रा. उप्पति] कुनै काम वा खेतीपाती, रोजगार आदिबाट भएको आम्दानी; कमाइ; आय; आयस्ता; उपता।

उपदफा (Sub-section)- *ना.* [सं.] अनुच्छेद, प्रकरण, धारा वा दफाको अङ्गिक एकाइ; दफा अन्तर्गतको बुँदा; उपानुच्छेद; उपप्रकरण।

उपदान (Gratuity)- *ना.* [सं.] सानोतिनो दान; भेटी; भेटकोसेली; निवृत्तभरण पाउने अवधि नपुगेको कर्मचारी सेवाबाट अलग भएमा पाउने एकमुष्ट रकम; निश्चित समयअवधिको सेवा गरेको व्यक्ति सेवाबाट अलग्गिँदा सम्बन्धित संस्थाले दिने एकमुष्ट आर्थिक लाभ वा सुविधा।

उपद्रव (Nuisance, rampage)- *ना.* [सं.] गर्न नहुने काम, खराब काम; बिजाइँ; उत्पात, विध्वंस; सामाजिक अराजकता; अशान्त।

उपधारा (Sub-article, clause)- *ना.* [सं.] धाराको अङ्गिक एकाइ; संविधान वा अन्तरराष्ट्रिय कानूनका रूपमा रहेका सन्धि सम्झौताजस्ता लिखतको अनुच्छेदको उपअनुच्छेद; धाराभित्रकै अङ्गका रूपमा रहने भाषिक एकाइ।

उपनियम (Sub-rule)- *ना.* [सं.] नियमको अङ्गिक एकाइ; नियमावलीमा रहेको कुनै नियम (अनुच्छेद) को अङ्गका रूपमा रहेको त्योभन्दा सानो एकाइ; नियमअन्तर्गतको बुँदा।

उपनिर्वाचन (By-election)- *ना.* [सं.] कुनै कारणले कुनै आमनिर्वाचनबाट निर्वाचित सदस्यको स्थान वा पद निर्धारित अवधिभन्दा पहिले रिक्त भएमा सो स्थान वा पदमा बाँकी अवधिको लागि पदाधिकारी चयन गर्न गरिने निर्वाचन।

उपनिवेश (Colony, dominion)- *ना.* [सं.] कुनै देशले सार्वभौमसत्ता सम्पन्न अर्को कुनै देशउपर आधिपत्य जमाउने काम; शक्तिशाली साम्राज्यले राज्यविस्तारका क्रममा अधीनमा लिएर राखेको अधिकार वञ्चित राज्य वा प्रान्त।

उप-प्रकरण (Sub-paragraph)- *ना.* [सं.] प्रकरण (अनुच्छेद) अन्तर्गतको बुँदा; उपदफा।

उपप्रधान मन्त्री (Deputy Prime Minister)- *ना.* [सं.] प्रधान मन्त्रीको अनुपस्थितिमा प्रधान मन्त्रीकै कार्यभार सम्हाल्ने पद वा व्यक्ति; वरियताका हिसाबले प्रधान मन्त्रीका मातहतका मन्त्रीहरूमा पनि तालुक मन्त्री।

उपप्रमुख (Deputy Chief, Deputy Mayor)- *ना.* [सं.] कुनै पनि संस्थाको प्रमुखभन्दा एक तह मुनिको पद; नगरपालिकाको उपप्रमुख; उपाध्यक्ष। *[हे. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ को खण्ड (ख)।]*

उपबन्ध (Provision, *proviso*)- *ना.* [सं.] कुनै सम्भावनालाई ध्यानमा राखी प्रबन्ध गरिएको कुनै विधि वा प्रलेखको धारा वा दफाको प्रावधान (जस्तै: दण्डोपबन्ध); नियमको अपवाद जनाउने वा प्रतिबन्धन गर्ने प्रावधान; प्रतिबन्धात्मक वाक्यांश।

उपभाषा (Dialect, code language)- *ना.* [सं.] कुनै देशको राष्ट्रभाषा वा मुख्य भाषाको स्थानीय रूप वा भेद; भाषिका; पाल्सी कुरा।

उपभोक्ता (Consumer)- *ना.* [सं.] उत्पादित सामान, कुनै सेवा सुविधा उपभोग गर्ने वा उपयोगमा ल्याउने व्यक्ति; कुनै वस्तु वा सेवा प्रयोग गर्ने व्यक्ति वा संस्था; सार्वजनिक-निजी साझेदारी निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय; कुनै वस्तुको उपयोग गर्ने वा सेवा लिने व्यक्ति; ग्राहक; उपभोग्य वस्तु वा सेवाको सेवाग्राही वा लाभग्राही। *वि.* उपभोग गर्ने। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (घ) र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (घ)।]*

उपभोक्ता संरक्षण परिषद् (Consumer Protection Council)- *नाप.* उपभोक्ताहरूका हक, हित वा अधिकार संरक्षण तथा कार्यान्वयन गर्ने विषयमा नीति निर्माण गर्ने र सो सम्बन्धी अन्य काम गर्ने गराउने निकाय वा संस्थापना। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ञ) र दफा २२ को उपदफा (१)।]*

उपभोक्ता संस्था (Consumer association)- *नाप.* उपभोक्ताको हकहितको संरक्षण र संवर्धनका लागि स्थापना र सञ्चालन गरिने वा गरिएको संस्था; वस्तु वा सेवाको उपयोग गर्ने वा गर्न

चाहने व्यक्तिहरूले सामूहिक लाभका लागि संस्थागत रूपमा गठन गरेको संस्था। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

उपभोक्ता समिति (Users committee)- *ना.प.* कुनै सेवा वा निर्माण कार्यबाट प्रत्यक्ष वा अप्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले त्यस्तो सेवाको सञ्चालन वा निर्माण कार्यको निर्माण, सञ्चालन तथा मर्मत सम्भारका लागि आफूहरूमध्येबाट गठन गरेको समिति; वस्तु वा सेवा प्रयोग वा उपयोगकर्ताहरूको सामूहिकता जनाउने समिति; उपभोक्ताहरूको कार्यकारी संयन्त्र।

उपभोक्ता समूह (Users' group)- *ना.प.* [सं.] समुदायका बसोबास क्षेत्र वा आसपासका प्राकृतिक सम्पदाको संरक्षण, संवर्धन, विकास, व्यवस्थापन र सदुपयोग गरी त्यस्ता प्राकृतिक सम्पदाका पैदावारको उपयोग गर्न चाहने सामुदायिक उपभोक्ताहरूले गठन गरेको समूहगत कार्यकारी संयन्त्र। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ग) ।]*

उपभोग (Consumption, use)- *ना.* [सं.] कुनै वस्तु वा सेवालाई भोग गर्ने वा व्यवहारमा ल्याउने काम; भोगचलन; भोग्ने वा लिनेखाने काम।

उपभोग्य वस्तु (Consumable items)- *ना.प.* खानयोग्य वस्तु वा खानेकुरा; उपभोग गर्न लायक चिजबिज; व्यक्तिगत, पारिवारिक वा घरायसी रूपमा उपयोग गरिने मालसामान। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ङ) ।]*

उपमा (Simile, resemblance)- *ना.* [सं.] कुनै एक वस्तुलाई अर्को वस्तुका साथ दाँज्ने वा तुलना गर्ने काम; समान रूप वा गुणको सादृश्य गराउने तरिका; दृष्टान्त।

उपयुक्त (Appropriate, suitable)- *वि.* [सं.] कुनै कामका लागि ठिक; सुहाँउदो; मनासिब; उचित; चलनमा ल्याइएको; उपयोग गरिएको; लायक; योग्य, सुहाउँदो; चाहिँदो; अनुकूल।

उपयोग (Utilization)- *ना.* [सं.] कुनै वस्तुलाई प्रयोग वा व्यवहारमा ल्याउने काम; उचित प्रयोग वा चलनचल्ती गर्ने काम; सदुपयोग; समुचित रूपले वस्तु चलाउने काम।

उपरथी (Major General)- *ना.* [सं.] सैनिक प्रणालीमा रथीभन्दा मुनिको पद वा व्यक्ति; सेनामा मेजर जनरलको पद।

उपराष्ट्रपति (Vice President)- *ना.* [सं.] राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिको कार्यभार सम्हाल्ने राष्ट्रपतिभन्दा मुनिको पद वा व्यक्ति; राष्ट्रको उपप्रमुख पद वा व्यक्ति।

उपरिया (Hawker, commission agent)- *ना.* [उपर+इया] मालसामान किनेर बिचमा नाफा खाई बिक्री गर्ने व्यापारी; मालसामान बोकी घरघर घुमेर बेच्ने व्यक्ति; फौबन्जार; उनाउ व्यक्ति। *वि.* उपरको; माथिल्लो वा माथ्लो।

उपरीक्षक (Superintendent)- *ना.* [सं.] हेरविचार गर्ने व्यक्ति; निरीक्षण गर्ने अधिकारी; निरीक्षक; सुपरीवेक्षक; अधिक्षक।

उपर्झट (Suddenly)- *वि.* [सं.] अकस्मात आइपरेको, अचानक, एक्कासि, आकस्मिक, अप्रत्याशित; भैपरी आउने। *क्रिवि.* अपर्झट; झ्वाट्टै।

उपर्युक्त (Aforementioned, above mentioned, *supra*, aforesaid)- *वि.* [सं.] मास्तिर/ माथि रहेको/ राखिएको; माथि वा अगाडि उल्लेख गरिएको; उल्लिखित; पूर्वोक्त।

उपल्लो हद (Ceiling, upper limit)- *नाप.* अधिकतम सीमा; माथिल्लो सीमा; माथिल्लो साँध।

उपवर्ग (Sub group)- *ना.* [सं.] कुनै खास वर्गभित्र रहेका ससाना वर्गको समूह; समूहभित्रको सानो समूह।

उपविधि (Bye-law)- *ना.* [सं.] कुनै नियमअन्तर्गत बनेको विनियम; उपविधान।

उपविनियम (Sub-bye-law)- *ना.* [सं.] विनियम अन्तर्गतको बुँदा; विनियमको अङ्ग; खण्ड।

उपसंहार (Conclusion, epilogue)- *ना.* [सं.] कुनै पुस्तक वा लेखको मुख्य विषयक्रमलार्इ टुङ्ग्याउन वा निचोड रूप दिन लेखिने अन्तिम अंश; निचोड; निष्कर्ष; सारांश; सारसन्देश; टुङ्ग्याउनी।

उपसचिव (Under Secretary)- *ना.* [सं.] सहसचिवभन्दा एक तहमुनिको पद वा व्यक्ति।

उपसभामुख (Deputy Speaker)- *ना.* [सं.] सभामुखको अनुपस्थितिमा सभामुखको कार्यभार सम्हाल्ने पद वा व्यक्ति; उपप्रमुख पद वा व्यक्ति।

उपसेनानी (Lieutenant)- *ना.* [सं.] सहसेनानीभन्दा एक तहमुनिको पद वा व्यक्ति।

उपहार (Gift)- *ना.* [सं.] असल काम गर्नेलाई सम्मानार्थ वा प्रोत्साहनार्थ दिइने वस्तु; कोसेली; सौगात; कुनै प्रतिफलविनाको वा प्रतिफलसहितको भुक्तानी भएमा प्रतिफलको बजार मूल्यभन्दा बढी हुने हदसम्मको भुक्तानीको बजार मूल्य। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ञ) ।]*

उपाधि (Degree, title)- *ना.* [सं.] योग्यता वा पदवी जनाउने शब्द; खास शैक्षिक तह पारङ्गतलाई त्यस्तो शैक्षिक तह उत्तीर्ण गरेको प्रमाणित गरी विद्यालय, शैक्षिक प्रतिष्ठान वा विश्वविद्यालयबाट दिइने औपचारिक मान-सम्मानयुक्त दर्जा; पदीय वा दर्जावाल नाम।

उपाध्यक्ष (Vice Chairperson)- *ना.* [सं.] उपप्रमुख; उपसभापति; उपसभामुख; अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने पद वा व्यक्ति; संस्था आदिमा अध्यक्षका काममा सहयोग गर्ने अध्यक्षपछिको उच्चतम पदाधिकारी।

उपार्जन (Extra income)- *ना.* [सं.] खेतीपाती, इलम, उद्योग, बेपार आदिबाट हुने कमाइ; मुख्य आर्जनबाहेकको अतिरिक्त आम्दानी; थप आयस्ता।

उपेक्षा (Neglect, ignore, disregard.)- *ना.* [सं.] कसैलाई अयोग्य वा तुच्छ ठानेर ध्यान नदिने काम; अनादर; बेवास्ता; तिरस्कार।

उभयतः (Dual)- *ना.* [सं.] दुवैतिर; दुवैतर्फबाट; दुवैपट्टि।

उम्मेद/ उमिद (Desire, wish)- *ना.* [फा] आकाङ्क्षा, इच्छा, आशा, हिम्मत।

उम्मेदवार (Candidate)- *ना.* कुनै पदमा छानिन आवेदन गर्ने व्यक्ति; अवसर पाउन वा लिन चाहने व्यक्ति; प्रत्याशी; निर्वाचनका लागि प्रत्याशी, आकाङ्क्षी वा दाबेदारका रूपमा निर्वाचन गराउने निकाय वा अधिकारीबाट सूचीकृत भएको व्यक्ति; उम्मेदवार मनोनयन गरिएको व्यक्ति; समानुपातिक निर्वाचन प्रणालीमा उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति; कुनै अवसर पाउने आशा वा अपेक्षा राख्ने व्यक्ति। *वि.* उम्मेद राख्ने; आकाङ्क्षी; प्रत्याशी। *[हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (ग) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (घ) तथा दफा १८ र २८।]*

उम्मेदवारको बन्दसूची (Closed list of candidates)- *नाप.* उम्मेदवारहरूको नामनामेसी खुला नगरिएको उम्मेदवारी मनोनयनसूची; समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवार चयनस्वरूप राजनीतिक दलले निर्वाचन आयोग/ अधिकारी समक्ष पेस गरेको बन्दसूची। *[हे. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (घ) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ङ)।]*

उम्मेदवारको मनोनयनपत्र (Nomination of candidacy)- *नाप.* सार्वजनिक वा सरकारी पद वा सङ्घसंस्थाका हासिल गर्न निर्वाचन वा चुनाउको विधि अपनाइने अवस्थामा कुनै पदको उम्मेदवार वा प्रत्याशी बन्न मतदातामध्येको एक वा अनेक व्यक्तिले प्रस्तावक र समर्थक बसी निर्वाचन गराउने अधिकारीसमक्ष पेस गरिने दाबीपत्र; उम्मेद्वारीको आवेदन। *[हे. स्थानीय तह*

निर्वाचन नियमावली, २०७३ को नियम २ को खण्ड (ञ), प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ज), प्रदेशसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ज), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (छ) र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २ को खण्ड (ञ)।]

उर्दी (Order, notice)- *ना.* [अ. वर्दी] कुनै आधिकारिक निकाय वा अधिकारीले कुनै निश्चित काम गर्न गरेको अह्रोट; कसैलाई केही गर्न वा नगर्न सार्वजनिक रूपमा दिइएको आज्ञा, आदेश।

उर्वर (Fertile)- *वि.* [सं.] धेरै उब्जनी हुने; उब्जाउ; मलिलो।

उल्था (Translation)- *ना.* अनुवाद; एक भाषा वा रूपमा लेखिएको वा भनिएको कुरा अर्को भाषा वा रूपमा लेख्ने वा भन्ने काम अनुवाद; भाषान्तर; भाषिक रूपान्तर।

उल्लङ्घन (Breach, violation)- *ना.* [सं.] मर्यादा छाड्ने काम; नियमको दायरा नाघ्ने काम; अवज्ञा; अतिक्रमण।

उल्लिखित (Above mentioned, stated)- *वि.* [सं.] माथि उल्लेख गरिएको; खोपिएको, लेखिएको; समावेश भएको; उत्कीर्ण।

उल्लेखनीय (Remarkable)- *वि.* [सं.] उल्लेख गर्न योग्य।

उल्लेख्य स्वामित्व (Significant ownership)- *नाप.* स्वामित्वको विचारणीय मात्रा; कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग संयुक्त रूपमा कुनै बैङ्क वा वित्तीय संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सोभन्दा बढी सेयर लिएको अवस्थाको स्वामित्व; बैंक वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्न सक्ने बढी सेयर स्वामित्व। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (च)।]*

ऋ

ऋक्थ (Legacy property)- *ना.* [सं.] धनसम्पत्ति; जेथा; सुन।

ऋक्थग्रहण (Inheriting property)- *ना.* [सं.] सम्पत्ति प्राप्त गर्नु; बकस दिएको सम्पत्ति दाताको शेषपछि प्राप्त गर्ने काम; कसैका मृत्युपछि उसको सम्पत्ति उसले इच्छाए अनुसारका व्यक्तिले प्राप्त गर्नु।

ऋक्थदाता (Testator/Testatrix) - *ना .* [सं.] ऋक्थदानकर्ता; बसियतकर्ता।

ऋक्थदान (Bequest)- *ना.* [सं.] सम्पत्तिको उत्तराधिकार दिने काम; शेषपछिको बकसपत्रद्वारा सम्पत्ति दिने काम; अन्तिम इच्छास्वरूप शेषपछि पाउने गरी दिइने दान।

ऋक्थहारी (Successor, inheritor)- *ना.* [सं.] कसैको शेषपछि उसका सम्पत्तिका लागि इच्छित उत्तराधिकार; उत्तराधिकारी।

ऋण (Loan, debt)- *ना .* [सं.] कर्जा; सापटी; उपकार; कसैलाई फिर्ता गर्नुपर्ने वा तिर्नुपर्ने गरी केही समय काम चलाउनका लागि लिइएको सापट धनमाल; चल, अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई दिइएको उधारो लिएको नगद वा जिन्सी; प्रदेय; तिर्नुपर्ने वा फर्काउनुपर्ने गरी लिएको दातव्य; बैङ्क वा वित्तीय संस्थाले निर्धारण गरेको सर्तको कर्जाको साँवा तथा ब्याज; कर्जासँग जोडिएको वासलात बाहिरको कारोबारबाट लिन बाँकी रकम वा सो बापत लाग्ने शुल्क, कमिशन तथा ब्याज; पछि फिर्ता दिनेलिने शर्तमा अरूसँग लिइएको वा अरूलार्इ दिइएको धन, सापट, कर्जा; तत्काल भुक्तानी गर्न बाँकी रहेको वा भुक्तानी गर्नु पर्ने गरी दाबी गरेको निश्चित रकम। *[हे. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २ को खण्ड (च), दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ज) र नगर विकास कोष ऐन, २०५३ को दफा २ को खण्ड (च)।]*

ऋण असुली न्यायाधिकरण (Debt Recovery Tribunal)- *नाप.* बैङ्क तथा वित्तीय संस्थाबाट भएको कर्जाप्रवाहको रकम ऋणीले फिर्ता नबुझाएमा असुलउपरका लागि मुद्दा चलाउने अधिकारक्षेत्रप्राप्त अधिकरण (अदालत); बैङ्क तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको सुरु कारबाही तथा किनारा गर्नका लागि सरकारले आवश्यकता अनुसार स्थापना

गरेको न्यायाधिकरण। *[हे. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २ को खण्ड (ख) र दफा ४ को उपदफा (१)।]*

ऋण असुली पुनरावेदन न्यायाधिकरण (Debt Recovery Appellate Tribunal)- *ना.प.* ऋण असुली न्यायाधिकरणले सुरु कारबाही र किनारा गरेका मुद्दाको पुनरावेदन सुन्ने अधिकारक्षेत्र भएको अधिकरण वा अदालत; ऋण असुली न्यायाधिकरणले बैङ्क तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दामा निर्णयउपर पुनरावेदन सुन्ने प्रयोजनको लागि सरकारले आवश्यकता अनुसार स्थापना गरेको पुनरावेदन न्यायाधिकरण। *[हे. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २ को खण्ड (घ) र दफा ८ को उपदफा (१)।]*

ऋण भुक्तानी तालिका (Amortization schedule, repayment schedule)- *ना.प.* किस्ताबन्दीमा ऋण तिर्ने हरहिसाब खुलाइएको फाँटवारीपत्र; ऋण असुली वा ऋण भुक्तानीका किस्ता निर्धारण गरिएको तालिका।

ऋण रकम (Debt, loan amount)- *ना.प.* कर्जारकम; ऋणको साउँ र सर्तबमोजिमको ब्याजबाट हुन आउने मिश्रधन रकम; बैंक वा वित्तीय संस्थाले लिएको वा दिएको सुरक्षित तथा असुरक्षित सम्पूर्ण कर्जा रकम। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३ को उपदफा (२) को खण्ड (ङ) को स्पष्टीकरण।]*

ऋण सुरक्षण (Credit security)- *ना.प.* ऋणभारयुक्त विनिमेयपत्रहरू; बुक इन्ट्री वा प्रमाणित रूपमा रहेका विनिमेयपत्रसरहका अन्य ऋणभारयुक्त उपकरण। *[हे. नेपाल राष्ट्र बैङ्क, २०५८ को दफा २ को खण्ड (म)।]*

ऋणअसुली (Debt recovery)- *ना.* [सं.] ऋण उठाउने काम; भाखा नाघेको ऋणको साँवा र ब्याज उठाउने काम; कर्जाका रूपमा कसैलाई दिएको धन फिर्ता लिने काम; कर्जा असुलउपरको काम।

ऋणदाता (Creditor, lendor)- *ना .* [सं.] कसैलाई ऋण वा कर्जा दिने व्यक्ति; साहु।

ऋणदाबी (Claim of debt)- *ना .* साहुले असामीसँग असुल गर्ने साउँब्याजको दाबी गर्ने अधिकार; एक व्यक्तिले अर्को व्यक्तिबाट भुक्तानी प्राप्त गर्ने अधिकार; एक व्यक्तिले अर्को व्यक्तिलाई दिएको रकम फिर्ता लिने अधिकार; बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा भएको निक्षेप, लिनुपर्ने रकम, ऋणपत्र, विनिमयपत्र, वन्ड, वार्षिक वृत्तिअन्तर्गतको अधिकारको दाबी; वित्तीय पट्टा र

किस्ताबन्दी बिक्रीबाट रकम प्राप्त गर्ने अधिकार। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ठ)।]*

ऋणदायित्व (Debt liability)- *ना .* [सं.] तिर्नुपर्न कर्जासम्बन्धी आर्थिक अभिभारा; ऋणदाबी सरहको दायित्व। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ट)।]*

ऋणपत्र (Deed of loan, bond, debenture)- *ना .* [सं.] असामीले ऋण लिएको प्रमाणस्वरूप साहुलार्इ लेखिदिने कागज; राष्ट्र बैङ्कबाट जारी गरिने वा खरिद बिक्री हुने विभिन्न रकमको पत्र; तमसुक; कर्जापत्र; बैङ्कबाट जारी गरिने स्टक, प्रमिसरी नोट, बियरर बन्ड, प्राइज बन्डजस्ता विनिमेय लिखत; ऋणपत्रको ब्याज भुक्तानी पुर्जा। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २ को खण्ड (घ), कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा २ को खण्ड (घ) र नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (ठ)।]*

ऋणपत्र धनी (Bond holder)- *नाप.* ऋणपत्र खरिदकर्ता; ऋणपत्रमा हकप्राप्त गर्ने व्यक्ति। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, 2080 को नियम २ को खण्ड (ज)।]*

ऋणपत्र निष्कासन तथा सञ्चालन समिति (Open Market Operation Committee)- *नाप.* सरकारका तर्फबाट जारी हुने ऋणपत्र जारी गर्न, जारी भएका ऋणपत्रको बिक्री तथा अन्य व्यवस्थापनसम्बन्धी कार्यसञ्चालन गर्ने निकाय; ऋणपत्र निष्कासन तथा सञ्चालनसम्बन्धी कार्य गर्न गठन भएको समिति। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, 2080 को नियम २ को खण्ड (ढ)।]*

ऋणपत्रको एकीकरण (Consolidation of bonds)- *नाप.* दुई वा दुईभन्दा बढी ऋणपत्रलाई एकआपसमा गाभी एउटै बनाउने कार्य। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, 2080 को नियम २ को खण्ड (क)।]*

ऋणपत्रको खण्डीकरण (Fragmentation of bonds)- *नाप.* एक ऋणपत्रलाई एकभन्दा बढी ऋणपत्रमा टुक्र्याउने कार्य। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, 2080 को नियम २ को खण्ड (ख)।]*

ऋणपत्रको परिवर्तन (Alteration of bonds)- *नाप.* कुनै ऋणपत्रको सर्त, अवधि र ब्याजदरमा हुने हेरफेर वा संशोधन। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, 2080 को नियम २ को खण्ड (ग)।]*

ऋणमुक्त (Debt relief)- *वि .* [सं.] ऋणबाट छुटकारा पाएको, ऋण तिरिसकेको; अऋणी।

ऋणमोचन (Debt redemption)- *ना .* [सं.] ऋणबाट मुक्त हुने काम; ऋणबाट छुटकारा।

ऋणी (Debtor, borrower)- *वि.* [सं.] कर्जा लिने; ऋण बेहोर्ने; असामी; रिनाहा; कृतज्ञ; अनुगृहीत; पछि फिर्ता गर्ने गरी कसैबाट सापट वा ऋण लिने व्यक्ति; बैङ्क वा वित्तीय संस्थाबाट ऋण वा कर्जा लिने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था; कर्जा लिनका लागि जमानत दिने व्यक्ति। *[हे. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २ को खण्ड (छ), बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (ङ) र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (छ)।]*

ए

एक तहमाथिको अधिकारी (Immediate Higher Authority)- *ना.प.* आफू कार्यरत रहेको तहभन्दा ठ्याक्कै माथिल्लो तहको पदमा रहेको अधिकृत वा अधिकारी; कार्यालय प्रमुखको हकमा सम्बन्धित विभागीय प्रमुख; विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालय, सचिवालय तथा आयोगको सचिव; सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री; संवैधानिक अङ्ग तथा निकायको सचिव वा प्रशासकीय प्रमुखका हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (च) ।]*

एकछत्र (Despotic)- *ना.* [सं.] एकतन्त्र। *वि.* एकतन्त्री; एकै व्यक्तिको अधिकार वा स्वामित्वको।

एकछत्र शासन (Despotism)- *ना.प.* एउटै शासकका अधीनमा सम्पूर्ण अधिकार रहेको राजनीतिक व्यवस्था; एउटैका अधिकारक्षेत्रमा रहेको शासन; वैकल्पिक शासक रहन सक्ने परिपाटी नरहेको राज्य वा शासन प्रणाली।

एकड (Acre)- *ना.* [अङ्.] भूसतह मापनको एकाइ; चार हजार आठ सय चालीस वर्गगज भूमिको नाप; ४३,५६० वर्गफिट वा ४८४० वर्ग गज भूमि।

एकतन्त्र (Autocracy)- *ना.* [सं.] एकछत्र; देश वा राज्यको सार्वभौमिकता एकै व्यक्तिमा निहित रहने व्यवस्था; राज्य सञ्चालनको सबै अधिकार एकै व्यक्तिका हातमा रहेको शासनव्यवस्था।

एकतर्फी (*Ex parte*) - *वि.* [सं.] एकतिरको; एकपट्टिको; एउटा पक्षसित मात्र सम्बन्ध भएको; दुई पक्ष रहेका विषयमा दुईमध्ये कुनै एक पक्षले मात्र वा एक पक्षलाई मात्र सम्बोधन गर्ने; एकपक्षीय; एकलौटी; अर्को तर्फविनाको।

एकतर्फी फैसला *(Ex parte judgement)- ना.प.* अदालतमा परेको मुद्दामा वादी/ निवेदक वा प्रतिवादी/ प्रत्यर्थी दुई पक्षमध्ये कुनै एक पक्ष हाजिर नभई वा सो पक्षको प्रतिनिधित्व नभई भएको फैसला।

एकतर्फी मुद्दा *(Ex parte case)- ना.प.* अदालतमा परेको मुद्दामा प्रतिवादीका नाउँमा म्याद तामेल भएर पनि प्रतिउत्तर नफिराई वा प्रतिवाद नगरेपछि वादीतर्फको उपस्थिति वा प्रतिनिधित्व रहेको

सुनुवाइद्वारा किनारा लगाउन सकिने मुद्दा; मुद्दाका दुई पक्षमध्ये एक पक्षले म्याद वा तारिख गुजारेका कारण एक पक्षको प्रतिनिधित्वबाट कारबाही चल्ने मुद्दा।

एकता (Unity)-*ना.* [सं.] एक हुनुको भाव वा अवस्था; मान्यता, विचार, उद्देश्य आदिमा परस्पर मिलेर रहने काम;ऐक्यभाव वा मतैक्य रहेको स्थिति; समान रूपले एउटै हुनाको भाव वा अवस्था; बराबरी; समानता।

एकत्रीकरण (Assemblage)- *ना.* [सं.] एकट्ठा पार्ने काम; एकत्र गर्ने काम; भेला वा जम्मा गर्ने काम।

एकत्ववाद (Monism)- *ना.* [सं.] अद्वैतवाद; सम्पूर्ण अस्तित्वको एउटा मात्र स्रोत हुन्छ भन्ने मान्यता; अन्तरराष्ट्रिय सन्धि सम्झौताको पक्ष बनेपछि सोका कानूनी प्रावधानको राष्ट्रिय स्तरमा प्रभावकारिता सुरु गर्न अलग्गै राष्ट्रिय विधायन आवश्यक नपर्ने मान्यतामा आधारित अन्तरराष्ट्रिय कानूनको हैसियत राष्ट्रिय कानूनभन्दा माथि हुन्छ भन्ने सिद्धान्त।

एकदलीय व्यवस्था (Single party system)- *नाप.* एउटै दल मात्र मान्ने व्यवस्था; एउटै मात्र दल भएको व्यवस्था।

एकदेशीय (Of a single country)- *वि.* [सं.] कुनै एक देश, ठाउँ वा खण्डसँग मात्र सम्बन्ध राख्ने; कुनै एक देश वा ठाउँमा मात्र हुने, कुनै एक देशको वा त्यस देशसँग सम्बन्धित; एकभन्दा बढी देश वा मुलुकसँग सम्बन्धित नभएको।

एकमत (Unanimous)- *वि.* [सं.] कुनै कुरामा सहमत; धेरै जनाको मत एउटै रहेको; एउटै मत वा विचार भएको; एउटै राय वा विचार भएको; राय वा विचारमा एकरूपता रहेको; सबैको एउटै साझा मत वा विचार रहेको।

एकल (Single)- *वि.* [सं.] एक जना मात्र, आफू मात्र, एक्लो; एक जना मात्रको वा एक्लै गर्ने। *तुल.* युगल।

एकल इजलास (Single bench)- *नाप.* मुद्दामामिलाको सुनुवाइ एक जना न्यायाधीश मात्रले गर्ने न्यायासन; एक न्यायाधीशको इजलास।

एकल ज्येष्ठ नागरिक (Single senior citizen)- *नाप.* पारिवारिक हिसाबले एक्लो रहेको ज्येष्ठ नागरिक; विधवा, विधुर वा अविवाहित हुनाले एक्लो रहेको ज्येष्ठ नागरिक; दाम्पत्य नभएको ज्येष्ठ नागरिक। *[हे. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को खण्ड (१) को स्पष्टीकरण।]*

एकल निर्वाचन चिह्न (Single electoral symbol)- *नाप.* निर्वाचनका लागि मान्यता पाउन/ लिन चाहने दुई वा सोभन्दा बढी राजनीतिक दलले प्राप्त गरेको निर्वाचन चिह्न; दुई वा दुई भन्दा बढी दलहरूले लिएको साझा निर्वाचन चिह्न; संयुक्त वा सामूहिक साझा निर्वाचन चिह्न।

एकल बिन्दु सेवा केन्द्र (One Stop Service Center)- *नाप.* एउटै कार्यालय वा निकायका विभिन्न शाखाप्रशाखाबाट प्रवाह गरिने भए पनि साझा सेवास्थलबाटै सबै सेवा प्रवाह गरिने व्यवस्थापन; सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनअन्तर्गतका परियोजनाको लागि सर्भेक्षण अनुमति, समझदारीपत्र, लगानी अनुमति वा सम्झौताका काम, अन्य सहयोग एवम् सहजीकरणका लागि लगानी बोर्डको कार्यालयमा स्थापित केन्द्र; उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवम् सहज प्रक्रियाद्वारा समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासनसम्बन्धी सेवाहरू प्रवाह गर्न सञ्चालनमा ल्याइएका वा ल्याइने एकल सेवा केन्द्र। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ङ) तथा दफा ४६ को उपदफा (१), विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ख) र औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (ग) र दफा ३७ को उपदफा (१) ।]*

एकल महिला (Single woman)- *नाप.* एक्ली महिला; सम्बन्धविच्छेद भएकी वा विधवा महिला, पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला; पाँच वर्षभन्दा बढी समयदेखि पति हराईं वा बेपत्ता भएकी महिला; अशंबन्डा भई वा मानो छुट्टिटई पतिसँग अलग बसेकी महिला। *[हे. एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम २ को खण्ड (ख) ।]*

एकल महिला सुरक्षा कोष (Single Women's Protection Fund)- *नाप.* आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतका लागि स्रोत व्यवस्थापन गर्न खडा गरिएको कोष; एकल महिलाको सामाजिक सुरक्षाका लागि आर्थिक स्रोत जुटाउन स्थापित कोष। *[हे. एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम २ को खण्ड (ग) ।]*

एकलौटी (Exclusively private)- *वि.* एकाधिकारपूर्ण; कसैलाई बाँड्न नपर्ने वा कसैको हक नलाग्ने गरी आफ्नै मात्र; सम्पत्ति वा वस्तुमाथिको अद्वितीय पूर्णाधिकार।

एकसदनात्मक व्यवस्थापिका (Unicameral legislature)- *नाप.* कुनै पनि संस्था वा राज्यप्रणालीकै विधायिकी निकायमा विचारविमर्श गर्ने वा निर्णय लिने एकल सभा मात्र रहने

प्रणाली; व्यक्तिहरूको एक मात्र सदन भएको व्यवस्थापिका वा विधायिनी सभा। *तुल.* द्विसदनात्मक व्यवस्थापिका

एकस्व (Patent monetization)- *ना.* [सं.] रचना वा उत्पादन गरेको सिर्जना वा वस्तुबाट हुने लाभमा रचनाकार वा उत्पादकको एकाधिकार; नवप्रवर्तनमूलक उत्पादनमा रहने स्रष्टाको बौद्धिक स्वामित्व; कसैले निर्माण गरेको, रचना गरेको वा उत्पादन गरेको वस्तुबाट त्यस्तो व्यक्तिलाई एकाधिकारस्वरूप प्राप्त हुने आय।

एकस्वपत्र (Letter of patent) - *ना.* कुनै व्यक्तिलाई कुनै कामकुरा गर्ने एकाधिकार प्रदान गरिएको लिखित पत्र; एकाधिकारपत्र।

एकाइ (Unit)- *ना.* राशिलाई विभिन्न भागमा बराबर गरी बाँड्दा हुने एक अंश; कुनै वस्तुलाई खण्डीकरण गर्दा बन्न जाने भाग; समूहभित्र रहेको एउटा सानो तर आफैमा पूर्ण खण्ड; गन्ती वा गणनाको आधारभूत खण्ड; कुनै निकाय वा कार्यालयको मातहतको एक सानो कार्यकक्ष वा शाखा; सङ्घीय राज्यसंरचनाभित्रका एकएक प्रादेशिक वा स्थानीय संरचना।

एकाउन्ट/ एसी पेयी (Account payee)- *ना.प.* रकम बैङ्ककको खातामा जम्मा हुने गरी; आफ्नै खातामार्फत भुक्तानी पाउने गरी।

एकाउन्ट/ एसी पेयी चेक (Account payee cheque)- *ना.प.* चेकमार्फत दिइने भुक्तानीको रकम प्रापकले निजको बैङ्क खातामा जम्मा हुने गरी पाउन काटिएको वा खिचिएको चेक; बैङ्कले खिचेको चेक खातामा मात्र जम्मा गरी हुने भुक्तानी गरिने वा पाउने विनिमेयपत्र।

एकाघर (Undivided)- *ना.* एउटै घराना; एकै घरधुरी; एउटै आवास वा बसोबास स्थल।

एकाघरको परिवार (Undivided family) - एउटै छानामुनि बास गर्ने र एउटै भान्सामा खानपान गर्ने परिवार; सगोल परिवार; अंशबन्डा नभएको, मानो नछुट्टिएको वा भिन्न नभएको परिवार; एकैसाथ रहेबसेका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने वा आफूलाई पालन पोषण गर्ने अन्य व्यक्ति; मानोचामल नछुट्टिएको अवस्थाको परिवार। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ङ) ।]*

एकाङ्क (Unit)- *ना.* अङ्कगत एकाइ; अङ्कका आधारमा गरिने हिसाबका लागि भाजक एकाइको अङ्क; एकाइ।

एकाङ्गी (One sided, obstinate)- *ना.* [सं.] एक पक्षका बारेमा मात्र सोचिएको; एउटै कुरामा मात्र लागि रहने; एकोहोरो; एकसुरे; एक अङ्ग मात्र भएको; एकतर्फी।

एकात्मक (Unitary)- *वि.* [सं.] एउटै आत्मा भएको; एकाकार; ऐकिक; एउटा मात्र मूल अस्तित्व रहेको।

एकात्मक राज्यप्रणाली (Unitary system)- *नाप.* विभिन्न तह नभएको राज्यशक्तिको प्रयोग वा शासनको शक्ति केन्द्रीकृत रहने राज्य वा शासन प्रणाली; एउटै केन्द्रीय व्यवस्थाभित्र शासनको सम्पूर्ण अधिकार समेटिने पद्धति। तुल. सङ्घात्मक राज्य

एकाधिकार (Monopoly, exclusive possession)- *ना.* [सं.] एकलौटी अधिकार; कुनै उद्योग, व्यापार, खरिदबिक्री, काम कुरो आदिमा एउटा व्यक्तिको मात्र आधिपत्य हुने वा भएको स्थिति; कुनै काम, वस्तु वा व्यापारमा एउटै व्यक्तिको मात्र पूर्ण अधिकार; एकाधिपत्य।

एकान्त (Isolation, solitary)- *वि.* [सं.] एकलास; सुनसान ठाउँ; कोही पनि नभएको; मानिस हत्तपत्त नपुग्ने। *ना.* गोप्य वार्ता।

एकान्त कारावास (Solitary confinement, incommunicado detention)- *नाप.* सञ्चार, भेटघाट आदिको सुविधाबाट वञ्चित गरी एकान्तमा राखिने कारावास।

एकीकरण (Unification, integration)- *ना.* [सं.] दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति, संस्था आदिलाई मिलाएर एक बनाउने काम; सम्बन्धित विषय मिलान गरी एकता वा मतैक्य कायम गर्ने काम; वस्तुहरूलाई एकाकार गर्ने काम।

एकीकृत (Unified)- *वि.* [सं.] धेरै विषयवस्तुलार्ई मिलाएर एक बनाइएको; एकीकरण गरिएको; एकताबद्ध पारिएको।

एकीकृत चिकित्सा अधिकृत (Integrated medical officer)- *नाप.* एकभन्दा बढी चिकित्साप्रणालीमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त चिकित्सक; मान्यताप्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा अन्य चिकित्सा प्रणालीमा स्नातकोपाधि प्राप्त गरी चिकित्सकका रूपमा कार्यरत अधिकृत।

एकीकृत यातायात प्रणाली (Integrated Transport System)- *नाप.* दुई वा दुईभन्दा बढी सार्वजनिक यातायात सेवाप्रदायकहरूबिचको समन्वयमा सञ्चालित यातायात प्रणाली; सार्वजनिक यातायात सेवाप्रदायकबीच सामञ्जस्य कायम राखी यात्रुलाई सर्वसुलभ, सहज, विश्वसनीय र भरपर्दो सार्वजनिक यातायात सेवा प्रवाह गर्ने प्रणाली। *[हे. शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को दफा २ को खण्ड (क) ।]*

एकीकृत वित्तीय विवरण (Consolidated financial statements)- *नाप.* समष्टीगत वित्तीय विवरण; केन्द्रीयस्तरको कार्यालयबाट प्राप्त वित्तीय विवरण, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट

प्राप्त हुने जिल्लागत विवरण, प्रदेश लेखा नियन्त्रक कार्यालय र स्थानीय तहबाट प्राप्त विवरण र वैदेशिक सहायता, आन्तरिक ऋण तथा लगानीसम्बन्धी विवरणका आधारमा महालेखा नियन्त्रक कार्यालयले तयार पार्ने समष्टिगत वा एकीकृत विवरण। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ख) ।]*

एजेन्ट (Agent)- *ना.* [अङ.] अर्काको प्रतिनिधिका रूपमा काम गर्ने व्यक्ति; स्वदेशी वा विदेशी व्यक्ति, फर्म वा कम्पनीको एजेन्सी लिने अर्को व्यक्ति, फर्म वा कम्पनी; स्वदेशी वा विदेशी फर्मको ऐजेन्सी लिने व्यक्ति र वितरक, थोकबिक्रेता वा प्रतिनिधि भई काम गर्ने व्यक्ति। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (थ) र नेपाल एजेन्सी ऐन, २०१४ को दफा २ को खण्ड (क) ।]*

एजेन्सी (Agency)- *ना.* [अङ.] एजेन्टको अवस्थिति वा पद; अर्काको प्रतिनिधित्व गरी अधिकार प्रयोग गर्ने वा प्रक्रियामा सामेल हुने संस्था; कुनै व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थाको प्रतिनिधित्व गरी काम गर्ने अधिकार वा प्रक्रिया।

एजेन्सीसम्बन्धी करार (Contract of agency)- *नाप.* व्यक्तिगत दक्षतासँग सम्बन्धित विषयबाहेक कुनै व्यक्तिले आफ्ना तर्फबाट कुनै काम गर्न, प्रतिनिधि (एजेन्ट) भई व्यवसाय सञ्चालन गर्न, तेस्रो व्यक्तिसँग कुनै कारोबार गर्न, त्यस्तो व्यक्तिसमक्ष आफ्नो प्रतिनिधित्व गर्न वा प्रतिनिधि नियुक्त गर्ने व्यक्ति (मुख्य व्यक्ति) र तेस्रो व्यक्तिबिच कानूनी सम्बन्ध स्थापना गर्न कसैलाई प्रतिनिधि नियुक्त गर्ने बेहोरा वा प्रकृतिको करार; एजेन्सी र एजेन्सीमार्फत काम गराउन चाहने व्यक्ति वा संस्थाबिचको करार। *(हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५९१ ।)*

एन्टीडम्पिङ महसुल (Anti-dumping duties)- *नाप.* विदेशी मुलुकबाट आयात गरिएका मालवस्तुमा भन्सार महसुलका अतिरिक्त लगाइएको महसुल। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ को दफा २ को खण्ड (ङ) र दफा ९ ।]*

एमेच्योर रेडियो (Amateur Radio)- *नाप.* रेडियो प्रविधिसम्बन्धी आत्मशिक्षा तथा अन्वेषणका उद्देश्यले इजाजतप्राप्त व्यक्तिहरूबिच सञ्चार आदानप्रदान गर्न प्रयोग गरिने रेडियो यन्त्र। *[हे. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४८ को नियम २ को खण्ड (ङ) ।]*

एम्पियर (Ampere)- *ना.* [अङ.] विद्युत प्रवाहको मापन एकाइ; प्रतिसेकेन्डमा एक कुलम्ब आवेश प्रवाहित हुँदाको विद्युत प्रवाहको एकाइ; कोलम्ब एकाइमा व्यक्त गरिएको विद्युतको इलिमेन्ट्री चार्जको निश्चित सङ्ख्यात्मक मान १.६०२१७६६३४□१०-१९ को आधारमा

निकालिएको विद्युतीय धारा र कोलम्ब बराबर एम्पियर सेकेन्ड। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ६ को उपदफा (२) ।]*

एम्बुलेन्स (Ambulance)- *ना.* [अङ.] मदौरुयान; मदौरुवाहन; बिरामी ओसारपसार गर्ने सवारी साधन; बिरामी वा घाइतेलाई अस्पताल वा उपचार केन्द्रमा छिटो र सुरक्षित तरिकाले लैजान विशेष रूपमा सजिएको वाहन।

एयर डिफेन्स आर्टिलरी फौज (Air Defence Artillery Force)- *नाप.* युद्धका समयमा आधारभूत लडाकु फौजलाई शत्रु वा विपक्षीका विविध हतियार तथा साधनहरूका प्रयोगबाट हुने हवाई हमलालाई निष्क्रिय वा न्यून पार्न प्रतिरक्षात्मक कारबाही गर्ने फौज। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (छ) ।]*

एल. पी. लिटर (L.P. Litre)- *नाप.* प्रतिलिटरमा सन्ताउन्न दशमलब शून्य छ प्रतिशत शुद्ध इथानोलको मात्रा। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण४) ।]*

एल.पी. (London Proof, L.P.)- *नाप.* बारुदलाई इथानोल (रक्सी) मा चोबेपछि बाल्दा बल्ने रक्सी; लन्डन प्रुफमा शुद्ध इथानोलको शक्ति। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण३) ।]*

एसिमेट्रिक क्रिप्टो सिस्टम (Asymmetric Crypto System)-*नाप.* असममित क्रिप्टो प्रणाली; सार्वजनिक (पब्लिक) साँचोले सामान्याङ्कन (इन्क्रिप्ट) र निजी (प्राइभेट) साँचोले गुह्याङ्कन (डिक्रिप्ट) गर्ने सुरक्षित सन्देश प्रणाली; डिजिटल हस्ताक्षर सिर्जना गर्ने निजी साँचो र डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने सार्वजनिक साँचो समावेश भएको एक सुरक्षित जोडी साँचो उत्पन्न गर्ने प्रणाली। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (क) ।]*

ऐ

ऐन (Act, statute)- *ना.* [अ. आइन] कुनै विषयलाई व्यवस्थित गर्न वा काम वा व्यवस्थाको बन्दोबस्त मिलाउन व्यवस्थापिका वा विधायिकाबाट बन्ने सार्वजनिक कानून; विधान; प्रविधान; अधिनियम; विधेयकका रूपमा व्यवस्थापिकाबाट विधायन भई प्रमाणीकरणपछि लागू हुने कानून; विधेयकका रूपमा उत्पत्ति भई पारित भएका ऐनसरहका संहिता, सवाल र तिनमा लेखिएको कुनै कुरा। *वि.* ठिक; उचित; उपयुक्त (उदा. ऐन मौकामा भएको)। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ङ) ।]*

ऐन खारेजीको परिणाम (Consequences of Repeal of the Act)- *नाप.* कुनै ऐनले मौजुदा ऐन र पछि बन्ने कुनै ऐनलाई खारेज गरेमा त्यसबाट निस्कने परिणाम; पछिल्लो ऐनले अगाडिका ऐनलाई खारेज गर्दा पूर्ववर्ती ऐनका कामकुरालाई व्यवस्थित गर्ने कुरा वा त्यसबाट आउने नतिजा।

ऐनखाना (Department of law)- *ना.* ऐनहरूको अभिलेख अड्डा; ऐन कानून राख्ने अड्डा वा ठाउँ; कानून विभाग।

ऐनबमोजिम (According to law)- *क्रिवि.* ऐनमुताबिकै; ऐनले भनेअनुसारै; नियमानुसारै।

ऐनबर्खिलाप (Against law)- *वि.* कानूनविरुद्ध; कानूनका आज्ञाप्रतिकूल; कानूनत: आपत्तिजनक।

ऐनविधान (Laws)- *ना.* विधिविधान; नियमकानून।

ऐनसवाल (Laws)- *ना.* कानूनअनुरूपका लिखत वा कुरा; ऐन वा कानून र तीअन्तर्गत बनेका नियम, उपनियम आदि।

ऐनसेस्ता (Lawful records)- *ना.* अड्डा अदालतमा रहेका वा अड्डा अदालतद्वारा गरिएका नियमपूर्वकका लेखापढी, हरहिसाबका स्याहा, बही वा अन्य अभिलेख; पुरानो कानूनी शिक्षा प्रणालीमा पढाइने कानून र लेखासँग सम्बन्धित ज्ञान दिने विशिष्ट विषय।

ऐब (Blame)- *ना.* [अ.] दोष; खोट।

ऐबी (Blamed, faulty)- *वि.* खोट लागेको; दोषयुक्त; क्रोधी वा रिसाहा।

ऐलानी (Woodland brought to cultivation)- *वि* [फा.] खेतीयोग्य; आवादयोग्य; कमोत गर्न योग्य तर पर्ती जग्गा।

ऐलानी जग्गा (Woodland being cultivated without registered land ownership)- *नाप.* कसैका नाममा दर्ता नभएको खेतीयोग्य सरकारी पर्ती जग्गा; सरकारका नाममा दर्ता भए वा नभएको, सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरिआएको जग्गा; कुनै बेला आवाद-कमोत गर्न दिएको जग्गा। *[हे. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ग. को उपदफा (९) को स्पष्टीकरण।]*

ओ

ओ.पी. (Over proof, O.P.)- *ना.प.* लन्डन प्रुफभन्दा बढी शक्ति; प्रतिलिटरमा सन्ताउन्न दशमलब शून्य छ प्रतिशतभन्दा बढी शुद्ध इथानोलको मात्रा। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण६) ।]*

ओखर-पाङ्ग्रो फिर्ता (Divorce in Gurung Community)- *ना.प.* सम्बन्धविच्छेद; पारपाचुके; गुरुङ जातिमा पतिपत्नीको सम्बन्धविच्छेदलाई जनाउन प्रयोग गरिने शब्दावली।

ओजोन (Ozone)- *ना.* [अङ्.] अक्सिजनका तीन परमाणु मिलेर बन्ने ग्याँस (O_3); उत्जन; अधिप्राणक।

ओजोन तह (Ozone layer)- *ना.प.* अक्सिजनका तीन परमाणु मिलेर बन्ने ग्याँसको तह; पृथ्वीको वायुमण्डलको माथिल्लो सतहमा रहेको र सूर्यबाट आउने हानिकारक अल्ट्राभायोलेट किरण/ विकिरण पृथ्वीका सतहसम्म आउन रोक्ने वायवी तह; अक्सिजनका तीन परमाणु मिली बनेको ग्याँसको घेरा; उत्जन घेरा; अधिप्राणक घेरा।

ओलक (Gift to the landlord by tenant)- *ना.* [वलक] मोही वा रैतीहरूले तल्सिङ वा बिर्तावाललाई दिन ल्याउने कोसेली; भूमिसम्बन्धी करको एक प्रकार।

ओसारपसार (Transportation)- *ना.* ओसार्ने वा सार्ने काम; मानिस, सामान वा वस्तु एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा ल्याउने काम; परिवहन।

ओहदा (Position, designation)- *ना.* [अ. अहद] राज्यका निकाय, अन्य संस्थापना वा सङ्घसंस्था आदिमा काम गर्ने पदाधिकारी वा कर्मचारीको श्रेणीमान; पद; दर्जा; मानिसको आर्थिक, शैक्षिक वा अन्य सामाजिक योग्यता वा स्तर; औकात; ल्याकत; हैसियत; मान।

औ

औंठाछाप (Thumb impression)- *ना.* औंठाको छाप; बुढी औंलाको छाप; लेनदेन वा सरकारी कामकाजका कागजातमा लगाइने हातका एउटा वा दुवै बुढी औंलाको छाप; ल्याप्चे; औपचारिक लिखतमा प्रमाणस्वरूप लगाइने औंलाको छाप।

औकात (Status, capacity)- *ना.* [अ.] व्यक्तिको शक्ति, सम्पत्ति वा अधिकारको स्थिति; व्यक्तिको सामाजिक, आर्थिक वा बौद्धिक स्तर; क्षमता, बुता, हैसियत, सामर्थ्य।

औचित्य (Rational, appropriateness, propriety)- *ना.* [सं.] उचित हुनाको स्थिति; उचित हुने आधार वा गुण; उपयुक्तता; मनासिब।

औत्पत्तिक (Relating to origin)- *वि.* [सं.] उत्पत्ति सम्बन्धी।

औद्योगिक क्षेत्र (Industrial zone)- *नाप.* उद्योग वा औद्योगिक उत्पादन कार्य गर्ने क्षेत्र वा इलाका; वस्तु उत्पादन गर्ने उद्योग सञ्चालन गर्न निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा; औद्योगिक प्रयोजनका लागि छुट्याइएका निश्चित जग्गाजमिन वा भौगोलिक क्षेत्र; उद्योग प्रवर्धन गर्ने उद्देश्यले तोकिएका विशेष आर्थिक क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (ख) ।]*

औद्योगिक तथा लगानी प्रवर्धन कोष (Industry and Investment Promotion Fund)- *नाप.* औद्योगिक लगानी बढाउनका लागि सरकारले खडा गरेको कोष; मुलुकको औद्योगिक लगानी प्रवर्धन तथा संरक्षणका स्थापना गरिएको सरकारी कोष। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (ङ) तथा दफा ५१ को उपदफा (१) र औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४१ को उपनियम (१) ।]*

औद्योगिक पुनरुत्थान कोष (Industrial Revival Fund)- *नाप.* औद्योगिक पुनरुत्थानका कामका लागि स्रोत जुटाउन खडा गरिएको कोष; आन्तरिक द्वन्द्वबाट रुग्ण भएका तथा व्यावसायिक रूपमा सञ्चालन हुन सक्ने सम्भाव्य क्षमता भएका उद्योगको पहिचान गरी तिनको पुनरुत्थान गर्ने कामका लागि स्थापित कोष। *[हे. औद्योगिक पुनरुत्थान कोष (सञ्चालन कार्यविधि) नियमावली, २०६४ को नियम २ को खण्ड (क) ।]*

औद्योगिक प्रतिष्ठान (Industrial Enterprise)- *नाप.* उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्न स्थापित कम्पनी, उद्योग, फर्म, संस्थापना वा निकाय। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ख) ।]*

औद्योगिक प्रशिक्षार्थी तालिम समिति (Industrial Trainee Training Committee)- *नाप.* सरकारी तथा गैरसरकारी औद्योगिक प्रतिष्ठानद्वारा सञ्चालन हुने आधारभूत एवम् सीप अभिवृद्धि तालिमसम्बन्धी पाठ्यक्रम तयार गर्ने, तालिम स्तरीकरण गर्ने र समन्वयका काम गर्ने निकाय; औद्योगिक तालिम समिति। *[हे. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को नियम २ को खण्ड (च) ।]*

औद्योगिक फोहरमैला (Industrial Waste)- *नाप.* औद्योगिक उत्पादन कार्य वा उद्योगबाट उत्सर्जन तथा निष्कासन हुने हानिकारक तथा प्रदूषणयुक्त फोहरमैला। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (क) ।]*

औद्योगिक वा व्यावसायिक प्रयोजन (Industrial or business purpose)- *नाप.* कुनै उद्योग सञ्चालन गर्ने वा डिपार्टमेन्टल स्टोर वा एक वा एकभन्दा बढी पसल राखी व्यापार वा व्यवसाय गर्ने कार्य। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३९३ को उपदफा (१) को स्पष्टीकरण ।]*

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (Industrial Enterprise Development Institute)- *नाप.* औद्योगिक व्यवसायको विकास गराउने निकाय; औद्योगिक व्यवसायको विकासमा टेवा पुऱ्याइराख्ने संस्थाका रूपमा स्थापित प्रतिष्ठान। *[हे. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ को दफा २ को खण्ड (क), दफा ३ को उपदफा (१) र दफा ४ को उपदफा (१) ।]*

औद्योगिकीकरण (Industrialization)- *ना.* [सं.] औद्योगीकरण; उद्योग, कारखाना आदिको स्थापना, विकास र विस्तार गर्ने प्रक्रिया वा त्यस्तो गतिविधि; उत्पादन पद्धति, उत्पादन सम्बन्ध र वितरण पद्धतिको उन्नयन वा रूपान्तरण गर्ने कार्य।

औपचारिक (Formal, official)- *वि.* [सं.] उपचारले युक्त; उपचारपूर्वक, विधिवत्, नियमानुसार; नियमपूर्वक, रीतपूर्वक।

औपचारिक भिसा/ प्रवेशाज्ञा (Official visa)- *नाप.* सरकारले उपयुक्त ठहऱ्याएका विदेशी व्यक्ति र तिनका परिवारलाई सम्बन्धित विदेशी कूटनीतिक निकायको सिफारिसमा आवासीय वा गैरआवासीय प्रवेशाज्ञा; कूटनीतिक नियोग, वाणिज्य दूतावासमा काम गर्ने प्रशासनिक, प्राविधिक तथा गैरकूटनीतिक कर्मचारीलाई दिइने प्रवेशाज्ञा; बाह्य मुलुकबाट घुम्न आउने वहालवाला अवैतनिक महावाणिज्यदूतहरू, वाणिज्यदूतहरू र तिनका परिवारलाई दिइने भिसा; सरकारसँगको सम्झौताबमोजिम देशमा रहने विदेशी सल्लाहकार विशेषज्ञ, संयुक्त राष्ट्रसङ्घ वा

त्यसअन्तर्गतका संस्थाहरूका देशस्थित कार्यालयमा काम गर्ने कर्मचारीलाई दिने भिसा; संयुक्त राष्ट्रसङ्घद्वारा प्रदान गरिएको लेसेपेसेप्राप्त व्यक्ति, देशमा रहेका क्षेत्रीय वा विश्वव्यापी अन्तरराष्ट्रिय सङ्घसंस्था वा सङ्गठनहरूमा काम गर्ने कर्मचारीलाई दिइने भिसा; सरकारको स्वामित्व भएका निकाय वा संयुक्त राष्ट्रसङ्घ वा क्षेत्रीय सङ्गठन वा सोअन्तर्गतका अन्य निकायद्वारा आयोजित सभा सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने व्यक्ति र तिनका परिवारलाई दिइने भिसा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम ५ को उपनियम (१) ।]*

औपनिवेशिक (Colonial)- *वि.* [सं.] उपनिवेशसम्बन्धी; उपनिवेशी।

औपस्थिक (Commercial sex work)- *वि.* [सं.] उपस्थसम्बन्धी; यौनवृत्ति वा यौनविक्रयद्वारा जीविका गर्ने वा आय आर्जन गर्ने।

औरस (Biological)- *वि.* [सं.] जैविक; वंशज। *ना.* विवाहित दम्पतीबाट जन्मेको सन्तान; आफैबाट जन्मेको सन्तान।

औषध नियन्त्रण अधिकारी (Drugs Control Officer)- *नाप.* लागु औषधी वा लागु पदार्थको नियन्त्रण गर्ने अधिकारी; आवश्यकता अनुसार नियुक्त गरिएका वा तोकेका लागु औषध नियन्त्रण गर्ने सरकारी अधिकारी; तोकिएका औषध नियन्त्रण अधिकारी, नायब औषध नियन्त्रण अधिकारी तथा अन्य अधिकारी। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ट) र दफा २१ को उपदफा (१) ।]*

औषधी उत्पादन (Drug manufacture, drug production)- *नाप.* औषधी बनाउने कार्य; कुनै पनि औषधी तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, प्याकिङ गर्ने, पुनः प्याकिङ गर्ने वा लेबल लगाउने प्रक्रिया; तयारी औषधीका लागि अपनाइने सम्पूर्ण प्रक्रिया।*[हे. औषधी ऐन, २०३५ को दफा २ को खण्ड (ख) ।]*

औषधी उपचार खर्च (Treatment expenses)- *नाप.* राष्ट्रसेवक, कर्मचारी; शिक्षक वा अन्य रोजगारीप्राप्त व्यक्तिले सेवारत अवधिमा बिरामी परी उपचार गर्नुपर्दा लाग्ने खर्च बेहोरिने सेवासुविधा; शिक्षक वा कर्मचारीले खाइपाइ आएको आखिरी तलबका हिसाबले पाउने निश्चित महिनाको तलब बराबरको रकम आफ्ना उपचारका लागि पाउने आर्थिक सुविधा।

औषधी डिस्पेन्सिङ (Drug dispensing)- *नाप.* लेबुल लगाइएको सुहाउँदो भाँडामा राखिएका आवश्यक मात्रामा रहेका औषधी सेवनका लागि बिरामीलाई दिने, लगाइदिने वा खुवाउने काम।*[हे. औषधी ऐन, २०३५ को दफा २ को खण्ड (ग) ।]*

औषधी परामर्श परिषद् (Drugs Advisory Council)- *नाप.* सरकारलाई औषधीसम्बन्धी सैद्धान्तिक तथा प्रशासनिक विषयमा परामर्श दिने निकाय; औषधीसँग सम्बन्धित जुनसुकै विषयमा आवश्यकता अनुसार सरकारलाई परामर्श वा सुझाब दिने परिषद्। *[हे. औषधी ऐन, २०३५ को दफा ३ को उपदफा (१) ।]*

औषधी व्यवसायी (Drugs professional)- *नाप.* औषधीको उत्पादन तथा बिक्रीवितरण गर्ने तोकिएको योग्यता प्राप्त गरी औषधीसम्बन्धी व्यावसायिक काम गर्न मान्यता प्राप्त व्यक्ति। *[हे. औषधी ऐन, २०३५ को दफा १७ को स्पष्टीकरण।]*

औषधी व्यवस्था विभाग (Department of Drugs Administration)- *नाप.* औषधीको व्यवस्थापन, नियमन र नियन्त्रको जिम्मेवारी सम्हाल्ने सरकारको मुख्य निकाय; औषधी वा औषधीका साधक पदार्थहरूको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिन, तिनको उपयोगिता एवम् प्रयोगसम्बन्धी झुपट्टा वा भ्रमात्मक प्रचार हुन नदिन र जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त नहुने औषधी उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय र सेवनको रोक तथा नियन्त्रणको काम गर्ने सरकारी विभाग। *(हे. औषधी ऐन, २०३५ को प्रस्तावना।)*

औषधी सल्लाहकार समिति (Drugs Advisory Committee)- *नाप.* औषधीको अनुसन्धान, विकास र नियन्त्रणसम्बन्धी प्राविधिक कुरामा सरकारलाई सल्लाह दिने निकाय; औषधीको अनुसन्धान, विकास र नियन्त्रणसम्बन्धी प्राविधिक कुरामा औषधी व्यवस्था विभागलाई परामर्श दिन गठित समिति। *[हे. औषधी ऐन, २०३५ को दफा ४ को उपदफा (१) ।]*

औषधी सेवन (Drugs consumption)- *नाप.* रोगीका तात्कालिक शारीरिक र मानसिक अवस्थामा सुधार ल्याउन चिकित्सकले वा चिकित्सकले अधिकार दिएको व्यक्तिले रोगीलाई औषधी खुवाउने वा प्रयोग गराउने कार्य; चिकित्सकले लेखिदिएको निर्देशपत्र वा पुर्जीअनुसार रोगी आफैंले औषधी खाने वा प्रयोग गर्ने कार्य। *[हे. औषधी ऐन, २०३५ को दफा २ को खण्ड (च) ।]*

औषधी/ औषधी (Drug, medicine)- *ना.* [सं.] आयुरक्षक द्रव्य; औषध; आरोग्य शोधन तथा शमन गर्ने द्रव्य; रोगनाशक वनस्पति/ जडिबुटी; मानिस वा पशुपक्षीलाई हुने रोगको निदान, उपचार वा रोकथाम गर्न प्रयोग गरिने जैविक वा रासायनिक पदार्थ; मानिस वा पशुपक्षीमा रोग ल्याउने वा लगाउने कीटाणु/ जीवाणुविरुद्धको प्रतिजैविक पदार्थ; रोग निको पार्न वा साम्य गर्नका लागि मानिस वा पशुपक्षीका शारीरिक बनावट शारीरिक क्रिया; चेतन, स्नायु प्रणाली प्रभावित गर्न प्रयोग गरिने पदार्थ वा त्यस्तो पदार्थमा लगाउने साधक पदार्थ। *[हे. औषधी ऐन, २०३५ को दफा २ को खण्ड (क) ।]*

औषधीको मिश्रण (Drugs compound)- *नाप.* एउटै औषधी बनाउन दुई वा दुईभन्दा बढी निश्चित परिमाणका द्रव्य उचित तरिकाले मिलाउने प्रक्रिया। *(हे. औषधी ऐन, २०३५ को दफा २ को खण्ड (ग) को स्पष्टीकरण।)*

औषधीजन्य मालसामान (Medicinal goods)- *नाप.* औषधी, खोप र औषधोपकरण वस्तुहरू; औषधी, खोप वा भ्याक्सिन, सिरिन्ज, रगत राख्ने झोला, प्रयोगशालामा उपयोग हुने रसायन, परिवार नियोजनका हर्मोनल उत्पादन वा रोगको निदान तथा उपचारका लागि प्रयोग हुने स्वास्थ्यसम्बन्धी उपकरण। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (प) ।]*

औषधोपयागी गाँजा (Medicinal cannabis/ marijuana)- *नाप.* औषधीका रूपमा प्रयोग गर्नका लागि निकालिएको वा प्रशोधन गरिएको गाँजाको निस्सार वा निष्कर्ष। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ग) ।]*

औषधोपयोगी अफिम (Medicinal opium)- *नाप.* औषधीका लागि कुनै विधि पुऱ्याई तयार गरिएको कुनै रूपको अफिम। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (च) ।]*

औसत (Average)- *ना.* [अ.] सालाखाला, सरदर, मोटामोटी; मध्यम।

औसर (Fault, opportunity)- *ना.* [सं. अवसर] अपराध, गल्ती, भुल, विराम; मौका; ताक; अवसर।

औसरिया (Rebellion, opportunist)- *वि.* विद्रोही; मौकेबाज।

क

कङ्गाल (Poor, insolvent, indigent)- *वि.* [सं. कङ्काल] धनसम्पत्ति केही नभएको; गरिब; दरिद्र; निर्धन; तन्नम।

कच (Underline, line)- *ना.* [फा. कज] एक दफा सकिएर अर्को दफा आरम्भ हुँदा ती दुई दफाका बीचमा बाँयादेखि दाँया कोरिने खण्डित अथवा अखण्डित रेखा; विशेष कुरा जनाउन शब्द आदिको मुनि रेखा कोर्ने काम; अधोरेखाङ्कन।

कचहरी (Court, assembly)- *ना.* [प्रा. कच्चाहरिया] न्यायनिसाफ गर्ने अड्डा; अदालत, पञ्चायती; चुम्लुङ; पुर्पच्छे।

कचिङ्गल (Quarrel, wrangle)- *ना.* [प्रा. कच+अङल, सं. कचाकचि?] कुनै कुरा वा विषयमा दुई थरीका बिच हुने फाटो वा बेमेलको स्थिति; कलह; झगडा; खिचोला; कचमच; कचाकति।

कच्चा (Raw, immature)- *ना.* [प्रा. कच्चअ] पक्का ठहरिन नसक्ने अवस्थाको; अपरिपक्व; अपरिस्कृत; काँचो।

कच्चा तेल (Crude oil)- *नाप.* खानीमा पाइने तेल वा ग्याँसजस्ता इन्धनको कच्चा रूप; इनारको मुहानमा उत्पादित तरल अवस्थामा रहेको पेट्रोलियम र आसफाल्ट, ओजोकराइट र प्राकृतिक ग्याँसबाट प्राप्त भएको डिस्टिलेट वा कन्डेनसेट भनिने तरल पेट्रोलियम। *[हे. नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २ को खण्ड (क)।]*

कच्चावारी (Statement, particulars)- *ना.* स्रेस्तामा प्रत्येक कलमको देहाय; फाँटवारी।

कजलिस्ट (Cause list)- *ना.* [अङ्.] सुनुवाइको लागि अड्डा अदालतको इजलासमा पेस गरिने मुद्दाको फेहरिस्त; सुनुवाइ हुने मिति तोकी सुनुवाइ हुनु अगावै प्रकाशित गरिने मुद्दाको नाम नम्बर र पक्षहरू खुलाइएको विवरणपत्र; पेसीसूची (दैनिक वा साप्ताहिक)।

कटकिना (Sub-contract; petty contract)- *ना.* [अङ्. कन्ट्रयाक्ट] मूल ठेकेदारसँग अर्को ठेकेदारले लिने ठेक्काको काम; ठेक्काको ठेक्का; ठेकेदारले अरूलाई दिएको ठेक्का; पेटी ठेक्का; कटकिन्दारी; छोटी ठेक्का।

कटकिन्दार (Sub-contractor)- *ना.* ठेकेदारसँग ठेक्का लिई काम लिने व्यक्ति; पेटी ठेकेदार; छोटी ठेकेदार।

कटुवाल (Village messenger)- *ना.* [सं. कोट्टपाल] गाउँघरमा सरकारी उर्दी, सार्वजनिक सूचना वा जारी भएको इस्तिहार सुनाई हिँड्ने मुखियासरहको दर्जाको कर्मचारी; सरकारी उर्दी कुर्लीकुर्ली जनजनलाई सुनाउने व्यक्ति; सामूहिक सन्देश प्रवाहक; गाउँको खबरेदार।

कट्टर (Orthodox, dogmatic)- *वि.* [सं. कठोर] अरूको तर्कमा ध्यान नदिई आफ्नै मत वा विचारमा दृढ रहने; कठोर; जब्बर; उग्र; उग्रवादी।

कट्टी हुन नपाएको नोक्सानी (The loss not deducted)- *नाप.* कट्टी हुन सक्ने तर कट्टी हुन नपाएको नोक्सानी; कुनै व्यक्तिको आय गणना गर्दा कट्टी नगरिएको नोक्सानी। *(हे. आयकर ऐन, 2058 को दफा 20 को उपदफा (8) को स्पष्टीकरण।)*

कट्टी हुन नसकेको खुद नोक्सानी (Net loss that could not be deducted)- *नाप.* व्यवसाय वा लगानीको आय वर्षमा कुनै भएको खूद नोक्सानीमध्ये कट्टी हुन नपाएको नोक्सानी; समयसीमाका कारणले व्यवसाय वा लगानीको मिन्हा पाउन नसकिने खर्चको कट्टी हुन नसकेको नोक्सानी अंश। *[हे. आयकर ऐन, २०५८ को दफा ३६ को उपदफा (४) को स्पष्टीकरण।]*

कट्टीमट्टी (Settlement, clearance)- *ना.* [काटी+मेटी] लेनदेन, विवाद वा अन्योलको समाप्ति; फछ्यौंट; फरफारख; छिनाफाना; राफसाफ।

कट्ठा (A unit of land measure, one twentieth of a bigha)- *ना.* [सं. काष्ठा?] एक बिघाको बीसौं भाग; सोह्र सय बिस वर्ग हातको जमिनको नाप; बिस धुरको नाप बराबरको जग्गा; एक रोपनीको तीन भागको दुई भाग; 338.63 वर्ग मिटर; 3645 वर्ग फिट।

कठघरा (Witness box, the dock)- *ना.* [कठघर+आ, सं. काष्ठग्रह:?] अड्डा अदालतमा बयान दिँदा अभियुक्तलाई उभ्याइने काठको खोर; अभियुक्त उभ्याउन इजलासको सामान्यत: देब्रेतिर राखिएको तीनतिर बारेको कठबार; कठघर।

कठपत्र (Inscribed plank)- *ना.* [सं. काष्ठपत्र] अक्षर खोपिएको काठको फल्याक; फलेकमा गरिएको अभिलेख; काष्ठपत्र।

कठमहल (Timber-office, office incharge of timber above 3 ft)- *ना.* [काठ+महल] काठपातसम्बन्धी काम गर्ने अड्डा; तीन फिटभन्दा बढी मोटाई हुने काठको कित्ता वा तह; काठैकाठले बनेको महल।

कडा विस्फोटक पदार्थ (High explosives)- *ना.प.* डाइनामाइट, नाइट्रोग्लिसरिन, टी.एन.सी., जेलेग्नाइट, मर्नक्टनरलाव, पारोको फुल्युनेट, आर.डी. एक्स, एमाटोल, बारोटोल, पेन्टोलाइट, स्टेमाइट, सेल्साइटल, ब्लास्टिक एक्स्पोलिभस बम; विष्फोटन हुने वा अर्को वस्तुको विष्फोटन गराउन सक्ने पदार्थ; चर्को आवाज र सँगै रहेको ठाउँ वा वस्तु नै तहसनहस पार्ने गरी फुट्ने, फुटाउने वा पड्कने खालको पदार्थ। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १३८ को उपदफा (२) को स्पष्टीकरण।]*

कडेल/ कन्डेलचोक (Jewellary (gold and silver) storing office till *Rana* regime)- *ना.* [नेवा. कन्हेहोलच्व:] राणाकालसम्म प्रचलित सरकारी खरखजाना, गहनागुरिया र सुनचाँदीका सामानहरू राखिने हनुमानढोका राजदरबारभित्रको अड्डा। *[हे.* वि.सं. *१९७३ साल साउन ४ गते बिहिबारको खड्ग निसाना।]*

कत्तल (Homicide, manslaughter, murder, killing)- *ना.* [अ. कत्ल] मारण; हत्या गर्ने काम; हत्या; वध।

कत्लेआम (Massacre)- *ना.* [अ.] नरसंहार; जनसंहार; सार्वजनिक हत्या; आमकत्तल।

कथन (Statement, narration)- *ना.* [सं.] अभिव्यक्ति, उक्ति, वर्णन, बयान, भनाइ, बोली; वचन; तर्क।

कदर (Honour, respect)- *ना.* [अ. कद्र] आदर; मर्यादा; सद्व्यवहार; सराहना।

कदाचार (Misconduct, misbehaviour)- *ना.* [सं.] कमसल वा नराम्रो बेहोरा; खराब चालचलन; नराम्रो आचरण; दुराचार।

कनकपत्र (Gold inscription)- *ना.* [सं.] सुनका पातामा अङ्कित अभिलेख; स्वर्णपत्र; सुवर्णपत्र। (उदा. जुम्लाका अपाडराज पृथ्वीमल्ल शाहको कनकपत्र, सं.१४१३)

कनिष्ठ (Junior)- *वि.* [सं.] कान्छो; कम उमेरको; सबैभन्दा कम उमेरको; अल्प श्रेष्ठता/ वरियताको। *तुल.* ज्येष्ठ; वरिष्ठ।

कनुवा (Sixteenth part of a kilogram)- *ना.* [कन्+उवा] एक सेरको सोह्रौं भाग; छटाक। *[हे. ० सेर (कम्पनी तोला) ०.९३३१० किलोग्राम]*

कन्टेनर (Container)- *ना.* [अङ्] वस्तु सुरक्षित तरिकाले राख्ने भाँडो वा बाकसजस्ता साधन; वस्तु वा चिजबिज ओसारपसार गर्नको लागि प्रयोग हुने वा भएको भाँडो वा बाकस; कुनै उत्पादन खुद्रा एकाइका रूपमा बिक्रीका लागि प्रयोग हुने कुनै पनि किसिमको पोका वा बेरबार पार्ने वस्तु। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ख) ।]*

कन्सुलर क्षेत्र (Consular area)- *नाप.* कन्सुलरको कार्यक्षेत्र; कन्सुलरसम्बन्धी काम गर्नको लागि अवैतनिक वाणिज्यदूतलाई प्रदत्त अधिकारक्षेत्र। *[हे. अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ को नियम २ को खण्ड (घ) ।]*

कपट (Deception, deceit)- *ना.* [सं.] छक्काएर, झुक्याएर वा सत्यलाई लुकाएर कसैलाई दिइने धोका; मनमा लुकेको दुष्ट भावना वा विचार; छल; कसर; दोष; कैफत; खोट।

कपरदार (Store keeper, chamberlain, caretaker of articles)- *ना.* [सं. कपर्दधारक] शाहकालीन दरबारमा राजाको भँडारको हेरचाह गर्ने उच्च कर्मचारी; जिन्सी खजान्ची।

कपाली तमसुक (Unsecured bond)- *नाप.* ऋणीले ऋण लिँदा धितो राखिएको चिज कच्चा ठहर्न गएमा ऋणीकै जिम्मेवारीमा पर्ने गरी वा धितो नराखी लेनदेन गरेको कागज; कुनै धितो राखी वा नराखी ऋण लिएबापत साहुलाई लेखिदिएको लिखत; ऋणीले आफ्नो थाप्ला (कपाल) का विश्वासमा पारी धनीसँग कर्जा लिई लेखिदिने तमसुक।

कपोलकल्पित (Fabricative)- *वि.* [सं.] मनगढन्ते; वस्तुगत आधारविनाको अन्जामे; बनावटी; अति काल्पनिक; निराधार कल्पना गरिएको।

कप्तान (Captain)- *ना.* [अङ्. क्याप्टन] सैन्याधिकृत; जहाज मुख्य चालक; खेलकुदको टोली नेता; सह-सेनानी।

कबच (Handover receipt)- *ना.* [अ.] कर्मचारी सरुवा, बढुवा वा फेरबदल भई हालसाबिक हुँदा साविकवालाका जिम्माका नगदी, जिन्सी आदि मालमत्ता हालवालाले बुझिलिएपछि बरबुझारथको प्राप्तिस्वीकारपत्र; कबज; सदर मुलुकी खाना (हालको नेपाल राष्ट्र बैङ्क) का हाकिम आदिको हालसाबिक हुँदा नगदी वा जिन्सी सम्पत्तिको बुझबुझारथपछि हालवालाले साविकवालालाई दिने भरपाई; मुलुकी खानाको प्रमाणिक रसिद।

कबुल (Promise, pledge)- *ना.* [अ.] कुनै कुरा दिने, गर्ने वा मान्ने वचन; वाचा; बोलकबोल; कृतप्रतिज्ञा; वचनबद्धता; कृतसङ्कल्प; पक्कापक्की वचन; भाका।

कबुलियतनामा (Bond, deed of pledge, deed of assurance)- *ना.* [अ.] आफूले कबुल गरेको कुरा लेखिएको कागज; प्रतिज्ञापत्र; सर्तबन्देजपत्र; भाकापत्र; कबुलियत।

कबुलियती वन (Leasehold forest)- *ना.प.* वनपैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न कबुलियतमा संघसंस्थालाई सरकारले दिएको राष्ट्रिय वनको कुनै भाग; वृक्षारोपण गरी वनपैदावारको उत्पादनमा वृद्धि गरी बिक्रीवितरण गर्न वा उपयोग गर्नका लागि सङ्घसंस्थालाई कबुलियत गरी सरकारले दिएको राष्ट्रिय वनको कुनै खण्ड; वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म वा कीटपतङ्ग तथा वन्यजन्तुको फर्म वा उद्यान सञ्चालन गर्नका लागि सङ्घसंस्थालाई कबुलियत गरी सरकारले दिएको राष्ट्रिय वनको कुनै खण्ड; वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्नका लागि कबुलियत गराई सरकारले सङ्गठित संस्थालाई दिएको सरकारी वा रानीवनको कुनै भाग; राष्ट्रिय वनको हैसियत बिग्रिएको कुनै भाग कबुलियती वनको रूपमा सम्झौता गरी कानूनबमोजिम स्थापित सङ्गठित सङ्घसंस्थालाई निश्चित अवधि उपयोग गर्नका लागि उपलब्ध गराएको वन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (घ) र दफा 26 ।]*

कबोल अङ्क (Bid price)- *ना.प.* कुनै काम सम्पन्न गर्नका लागि बोलपत्र आह्वान गरिएकोमा बोलपत्र प्रस्तुतकर्ताले लागत रूपमा कबोल गरेको रकमको अङ्क; कुनै बोलपत्रको परीक्षणबाट

कायम हुन आएको मुद्रामान रकम वा रकमको अङ्क। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ढ)।]*

कब्जा (Possession, control, capture)- *ना.* [अ. कब्ज] व्यक्ति, वस्तु वा ठाउँउपर जमाइने अधिकार; अधीनता; आधिपत्य।

कब्जा गर्ने व्यक्ति (Possessor)- *नाप.* कुनै सम्पत्तिको स्वामी वा भोगचलनकर्ता; कुनै परिसर वा स्थानको स्वामित्व भएको व्यक्ति, प्रबन्धक वा अन्य कुनै व्यक्ति। *[हे. आयकर ऐन, 2058 को दफा 82 को उपदफा (6) को स्पष्टीकरण।]*

कम मूल्यको कारोबार (Least price transaction)- *नाप.* हुनुपर्ने मूल्यभन्दा कम मूल्यमा भएको वा हुने कारोबार; कारोबार गर्ने अर्को पक्षलाई कम्पनीले दिएको प्रतिफलबापत कम्पनीले प्रचलित बजार मूल्यभन्दा कम मूल्य पाएको वा कुनै मूल्य नै नपाएको कारोबार। *[हे. दामासाहीसम्बन्धी ऐन, २०६३ को दफा ५९ को उपदफा (१) को खण्ड (ग) को स्पष्टीकरण।]*

कमानीदार तराजु (Spring balance)- *नाप.* माल राख्दा कमानीको तनाब वा थिचाइद्वारा मालको पूरा तौल डायलमा रहेको सङ्केतको माध्यमद्वारा देखाउने यन्त्र; वस्तुको तौल गुरुत्वाकर्षण बलका आधारमा मापन गर्ने उपकरण। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५।]*

कमान्डिङ अधिकृत (Commanding Officer)- *नाप.* एकाइ वा उपएकाइको तालुकवाला; यस्ता एकाइका टुकडी बेग्लै खटिएका बेलामा त्यस्ता टुकडीहरूलाई मातहतमा राख्ने पदाधिकारी; हरेक व्यक्तिका लागि आफू संलग्न भएको कुनै चमु, डिट्याचमेन्ट वा डिपार्टमेन्टको समादेशी अधिकृत; आफू कहीं संलग्न नभएको अवस्थामा आफूले तत्काल सेवा गरिराखेको बलको कमान्ड गर्ने अधिकृत वा निजले मनोनीत गरेको वा तोकेको अधिकृत; कुनै अधिकृत नतोकिएको वा मनोनीत नभएकोमा सम्बन्धित बल कमान्ड गर्ने अधिकृत; समादेशी अधिकृत। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (छ)।]*

कमाराकमारी (Slave)- *ना.* [सं. कर्मार] कमारा नरनारी; संवत् १९८१ सालमा करिया अमलेख हुनुभन्दा अघि कृषिदेखि घरेलु कामसमेत गराउने र सम्पत्तिको रूपमा किनबेच समेत हुने श्रमिक; दासदासी; करिया।

कमार्तन (Slavery)- *ना.* कमाइको पीडा वा दुख; दासत्व; दासता।

कमिसन (Commission)- *ना.* [अङ्.] उत्पादक वा थोकव्यापारीले आफ्नो मालसामान किनी दिएबापत मूल्यमा दिने सुविधा; ग्राहकलाई निश्चित प्रतिशतले दिइने छुट; दलाली वा बिचौलिया गरेबापत लिनेदिने भाग; बपट्टा; बपट्टा रकम।

कमैया (Bonded labourer)- *ना.* [काम+ऐया]; बन्धक कृषि मजदुर; कमैया श्रमिक।

कमैया ऋण (Bonded debt)- *नाप.* साउँ र ब्याज भुक्तानी नगरेसम्म वा साउँब्याजको हिसाब गरी किस्ताकिस्तामा चुक्ता हुने सर्तमा कमैयालाई दिएको कर्जा; ऋणदाताबाट कमैया श्रमिकले लिएको नगदी, जिन्सी, वस्तु, सौकी वा अन्य कुनै कर्जा। *[हे. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २ को खण्ड (ग)।]*

कमैया श्रम (Bonded labour)- *नाप.* जग्गाधनीसँगै कर्जा लिएर कर्जा र कर्जाको ब्याजबापत सपरिवार अर्काको जग्गाजमिनमा काम गर्ने कृषिश्रमिकले गर्ने श्रम; पुर्खा वा आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि गर्नुपर्ने श्रम; ऋणदातासमक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋणचुक्ता गर्नका लागि विनाज्याला वा न्यून ज्यालामा ऋणदाताले लाएअह्राएअनुसार गर्नुपर्ने श्रम वा सेवा। *[हे. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २ को खण्ड (क)।]*

कमैया श्रमिक (Bonded labourer)- *नाप.* कमैयाका रूपमा काम गर्ने कामदार वा श्रमिक; गैवार, बर्दीकार, छेकरवार, हरूवा, चरुवा, हली, गोठाला, कमलरिया वा यस्तै अन्य कुनै नामबाट कमैया श्रम गर्ने व्यक्ति। *[हे. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २ को खण्ड (ख)।]*

कमोत (Cultivating, cropping)- *ना.* [काम+ओत] काम गर्ने वा कमाउने कार्य; जग्गा कमाउने काम; खनजोत तथा बालिनाली लगाउने काम।

कम्पनी (Company)- *ना.* [अङ्] नाफा कमाउने वा सामाजिक उद्देश्यले खडा भएको प्राकृतिक व्यक्तिले जस्तै आफ्नो नाममा सम्पत्ति राख्न, चुक्ता गर्न र मुद्दा लड्न सक्ने, सीमित पुँजीगत सेयरमा आधारित स्वामित्व र दायित्व रहने कानूनी व्यक्तित्व राख्ने संस्था; कम्पनीसरह व्यवहार गरिने प्रचलित सङ्गठित संस्था, कुनै असङ्गठित सङ्घ, समिति, संस्था वा समाज वा दर्ता गरिएका वा नगरिएका एकलौटी फर्म; साझेदारीबाहेकको व्यक्तिहरूको समूह वा ट्रस्ट; बिस वा सोभन्दा बढी साझेदारहरू भई दर्ता भए वा नभएको साझेदारी फर्म, अवकाश कोष, सहकारी संस्था, युनिट ट्रस्ट्र, संयुक्त उद्यम; विदेशी कम्पनी वा कम्पनी सरहको संस्था; उद्योग, व्यापार वा व्यवसाय सञ्चालन गर्नका लागि संस्थापित सङ्गठित संस्था र त्यस्तो कम्पनीको संस्थापक तथा सञ्चालक।*[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ङ), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ग), दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (क), वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा २ को खण्ड (घ) र भूमि सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (झ८) ।]*

कम्पनीको खारेजी (Dissmisal of company)- *नाप.* विघट्टन भएको कम्पनीको दर्ता खारेज गर्ने काम; टाट पल्टेको कम्पनीको दर्ता खारेज गर्ने काम; दामासाहीसम्बन्धी प्रक्रिया पूरा गरी कम्पनीको दर्ता खारेज भएको अवस्था।*[हे. दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (घ) ।]*

कम्पुकोत (Arsenal, armoury)- *ना.* [अङ्. क्याम्प+कोत] पल्टनको पोसाक, साजबाज, निसान, हातहतियार आदि राख्ने घर; असबाबखाना; कोतघर।

कम्पुतिर्जा (Record of the land given to a soldier in lieu of salary during *Rana* regime)- *ना.* [अङ्. क्याम्प+तिरो] तलबका सट्टामा जग्गा कमोत गरी खान दिइने पुर्जा; राणाकालीन शासन व्यवस्थामा सैनिक जवानलाई जागिरको तलबबापतमा एक वर्षको बाली खान पाउने सर्तमा दिइएको गैरी वा पाखो जग्गा तोकिएको सरकारी पुर्जा; जङ्गी जग्गाभर्नाको कागज।

कम्प्युटर (Computer)- *ना.* [अङ्.] अनेक तथ्याङ्क वा सूचनाका चरहरू चक्का वा चुम्बकीय फित्तामा भण्डारण, संयोजन, पुनसंयोजन र विश्लेषण गर्ने र तथ्याङ्कीय वा सूचनात्मक प्रतिफलन दिने विद्युतीय संयन्त्र; विद्युत-चुम्बकीय वा दृश्यगत निवेश परिचालन गरेर तार्किक,

अङ्कगणितीय र स्मरणगत कार्य सम्पादन गर्ने विद्युत-चुम्बकीय, दृश्यगत वा अन्य उच्च गतिको तथ्याङ्क प्रशोधन गर्ने संयन्त्र वा प्रणाली; कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा कम्प्युटरसँग जोडिएका वा सम्बद्ध रहेका सम्पूर्ण निवेश-निर्गत, प्रशोधन, सञ्चय गर्ने कार्य र कम्प्युटर सफ्टवेयर र तिनमा जडित सञ्चार सुविधा; सुसाङ्ख्ययन्त्र। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (घ)।]*

कम्प्युटर तथ्याङ्क आधार (Computer database)- *नाप.* कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि, ध्वनि वा श्रव्यदृश्यमा औपचारिक तवरले तयार पारिदै गरेको वा तयार गरिएको सूचनावली; कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कद्वारा उत्पादन गरिएको सूचना, ज्ञान, सङ्ख्यात्मक विवरण, तथ्याङ्क, नक्सा, अवधारणा वा निर्देशनको विद्युतीय भण्डार; विद्युतीय सूचनाभिलेख। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ङ) र तथ्याङ्क ऐन, २०७९ को दफा २ को खण्ड (क)।]*

कम्प्युटर नेटवर्क (Computer network)- *नाप.* एक अर्कासँग अन्तर-आबद्ध वा सञ्चार सम्पर्कमा रहेका दुई वा दुईभन्दा बढी कम्प्युटरहरूको अन्तर-सम्बद्धता; कम्प्युटर-सञ्जाल। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (च)।]*

कम्प्युटर प्रणाली (Computer system)- *नाप.* आगत (निवेश) र निर्गत सहायता संयन्त्रहरू लगायतका कम्प्युटर कार्यक्रम, विद्युतीय निर्देशन, आगत र निर्गत तथ्याङ्कहरू समाविष्ट भएको र तार्किक, अङ्कगणितीय, तथ्याङ्क सञ्चय तथा पुनः प्राप्ति, सञ्चार र नियन्त्रण लगायतका कार्य सम्पादन गर्ने संयन्त्र वा संयन्त्रसमूह; सुसाङ्ख्य यन्त्र वा सुसाङ्ख्य यन्त्र सञ्जाल। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (छ)।]*

कम्प्युटर सम्पदा (Computer resource)- *नाप.* कम्प्युटर, कम्प्युटर प्रणाली, कम्प्युटर नेटवर्क, तथ्याङ्क, कम्प्युटर तथ्याङ्क आधार वा सफ्टवेयर; कम्प्युटरप्रणालीसम्बद्ध स्रोतसाधन; सुसाङ्ख्य स्रोत। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ज)।]*

कम्प्युटर सामग्री (Computer peripherals)- *ना.प.* कम्प्युटर सम्पदा; कुनै संस्थाले आफ्नो व्यवसायमा प्रयोग गरेका सूचना, त्यस्तो संस्थाले तयार वा खरिद गरेका सफ्टवेयरजस्ता सामग्री, हार्डवेयर तथा कम्प्युटर नेटवर्कजस्ता प्रविधि र यन्त्र-उपकरण। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ल)।]*

कम्प्युटर स्रोत सङ्केत (Computer source code)- *ना.प.* कम्प्युटर कार्यक्रमहरूको सूचीकरण, कम्प्युटर निर्देशन, कम्प्युटर डिजाइन र कम्प्युटर बनोटरूप तथा कम्प्युटर सम्पदाका जुनसुकै स्वरूपमा रहेका कार्यक्रम विश्लेषणको सूचक सङ्केत; कम्प्युटरको गुह्यसङ्केत। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४४ को स्पष्टीकरण।]*

कर (Tax)- *ना.* [सं.] कुनै कुरा गर्न गराउन बाध्य बन्ने वा बनाइने प्रक्रिया; राजस्वमा दाखिला हुने गरी नागरिकले अनिवार्य गर्नुपर्ने तिरोभरो; नागरिकमाथि राज्यले कानूनमार्फत लादेको अनिवार्य र बाध्यात्मक आर्थिक भार वा भेटी; कर र कर बक्यौता रहेको व्यक्तिको सम्पत्तिका सम्बन्धमा दाबी र लिलाम बिक्रीबापत आन्तरिक खर्चहरू; अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले बुझाउनुपर्ने रकम; कानूनले निर्धारण गरेअनुसारको राज्यलाई बुझाउनुपर्ने रकम; तेस्रो पक्षको करदायित्वस्वरूप बुझाउनुपर्ने रकम; करमा लाग्ने शुल्क तथा ब्याजबापत बुझाउनुपर्ने रकम; करबापत दाखिला गर्नुपर्ने जरिवाना रकम; उद्योगी, व्यापारी, कर्मचारी वा सर्वसाधारण जनताले सरकारलाई तिर्नुपर्ने दस्तुर, राजस्व, तिरो; सरकारले घर, जग्गाजमिन, पानी, आम्दानी, व्यापार र पारिश्रमिकमा लगाउने दस्तुर, तिरो वा यस्तै आर्थिक भार; पहिले रैतीले भेटीका रूपमा जिमिदार तालुकदार आदिलाई बुझाउनुपर्ने रकम वा गरिदिनुपर्ने श्रमदान (ओलक, ठेकी, बेठी, साउने, फागु कुत) आदि। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ढ)।]*

कर अधिकृत (Tax Officer)- *ना.* सरकारले नियुक्त गरेको कर अधिकृत; प्रमुख कर अधिकृत, प्रमुख कर प्रशासक राजस्व विभागका अधिकृत, निर्देशक, उपमहानिर्देशक वा कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने अधिकारी। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (न)।]*

कर उन्मुक्ति (Avoidance of tax)- *ना.* [सं.] पूर्ण करछुट; सम्पूर्ण कर छुट दिने कार्य।

कर कट्टी हुने व्यक्ति (Person subject to tax withholding)- *ना.प.* कर काटिने कोटिभित्र पर्ने व्यक्ति; रोजगारी, लगानी प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करार आदिको भुक्तानी गर्दा कर कटाएर भुक्तानी प्राप्त गर्ने वा भुक्तानी प्राप्त गर्ने अधिकार भएको व्यक्ति। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ण)।]*

कर छली (Tax evasion)- *ना.* तिर्नुपर्ने कर नतिर्ने चाल वा छलछाम; सरकारलाई कानूनबमोजिम बुझाउनु पर्ने कर वा शुल्क नतिरी छल्ने काम।

कर छुट (Exemption of tax)- *ना.* लाग्ने करभन्दा कम तिर्दा हुने गरी दिइएको छुट सुविधा; करभार घटाएर दिइने वा दिइएको छुट।

कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकाय (A resident entity controlled by an organization entitled to tax exemption)- *ना.प.* वर्षमा बासिन्दा निकाय भई सो बासिन्दा निकायमा सो वर्षको कुनै समयमा कर छुट पाउने संस्था र सोसँग सम्बद्ध व्यक्ति; वर्षमा कर छुट पाउने व्यक्ति वा त्यस्तो व्यक्तिसँग सम्बद्ध व्यक्ति; गैरबासिन्दा व्यक्ति वा गैरबासिन्दा व्यक्तिसँग सम्बद्ध व्यक्ति; उल्लिखित व्यक्तिहरूका कुनै संयोजनका व्यक्ति वा संस्थाको पच्चीस प्रतिशत वा सोभन्दा बढी निहित स्वामित्व वा नियन्त्रण रहेको निकाय। *[हे. आयकर ऐन, २०५८ को दफा १४ को उपदफा (३) को स्पष्टीकरण।]*

कर निर्धारण (Tax assessment)- *ना.प.* कर कति लाग्ने वा बुझाउनुपर्ने भनी रकमको यकिन गर्ने काम; लाग्ने कर रकम, शुल्क र ब्याज निर्धारण गर्ने काम। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (त)।]*

कर बक्यौता राख्ने व्यक्ति (Person in arrear of tax)- *ना.प.* कर तिर्न बाँकी राख्ने व्यक्ति; प्रापकका कब्जामा सम्पत्ति आएको व्यक्ति। *[हे. आयकर ऐन, २०५८ को दफा १०८ को उपदफा (४) को स्पष्टीकरण।]*

कर बीजक (Tax invoice)- *ना.* [सं.] करप्रयोजन दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वस्तु किसिम, आकारप्रकार, ढाँचा र ब्रान्ड वा सेवाका प्रकार वा प्रकृति खुलाई दिने कागजात वा पुर्जा; बिल; फाँटवारी। *[हे. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ को उपनियम (१)।]*

कर मिनाहा (Remission of tax)- *ना.* लाग्ने करमा दिइएको पूर्ण छुट; करबाट दिइने वा दिइएको उन्मुक्ति।

कर विवरण (Tax details)- *ना.* [सं.] करदाताले करअवधिमा कर लाग्ने कारोबार गरेबापत बुझाउनुपर्ने करको विवरण; कारोबार र करको अभिलेखको वृत्तान्त। *[हे. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २ को खण्ड (ग)।]*

करकाप (Coercion, forcefulness)- *ना.* कसैको इच्छाविरुद्ध काम गर्नका लागि लगाइने जोड वा दबाब; इच्छा विरुद्ध कसैलार्इ केही गर्न वा गराउन बाध्य तुल्याउने कार्य; कुनै कार्य गर्न इच्छा नभएका मानिसलाई सो कार्य गर्नगराउन गरिने जोरबल वा जबर्जस्ती; बलजफ्ती; करबल।

करणी (Sexual intercourse)- *ना.* [सं.] यौनक्रीडा; सम्भोग; मैथुन; समागम; सहवास; यौनसम्पर्क।

करदाता (Tax payer)- *ना.* [सं.] कर लाग्ने कारोबारमा संलग्न भएको व्यक्ति वा कर बुझाउनुपर्ने दायित्व भएको व्यक्ति; कर तिर्ने र दिने व्यक्ति, फर्म वा सङ्गठित संस्था; कुनै आयवर्षमा करयोग्य आय भएको व्यक्ति; कुनै आयवर्षको आय विदेशमा पठाउने गैरबासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन र कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने प्रत्येक आयवर्षमा आयकर असूलउपर गरिने व्यक्ति; *सम्पत्ति कर ऐन, 2017* बमोजिम सम्पत्ति कर लाग्ने सहरी क्षेत्रको घर जग्गा वा विदेशी लगानीको धनी; घरजग्गा कर बुझाउनुपर्ने कर्तव्य भएका व्यक्ति; कर बुझाउनुपर्ने कर्तव्य भएका व्यक्ति; करद। *[हे. सम्पत्ति कर नियमहरू, २०१७ को नियम २ को खण्ड (ख), घर जग्गा कर नियमहरू, २०२० को नियम २ को खण्ड (ख) र विदेशी लगानी कर नियमहरू, २०२० को नियम २ को खण्ड (ग)।]*

करदेय आय (Taxable income)- *नाप.* कर लाग्ने आय; करयोग्य आय।

करमुक्त पसल (Duty free shop)- *नाप.* लाग्ने कर छुट गरी सामान बेच्न अनुमतिप्राप्त पसल; बैङ्कजमानत सुविधामा पैठारी गरिएका मालवस्तु कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिलाई बिक्री गर्न करमुक्त गरिएको पसल; अन्तरराष्ट्रिय उडानको क्याटरिङ्ग वा त्यस्तो

उडानका करमुक्त पसलमा बिक्रीका लागि सम्बन्धित हवाई कम्पनीलाई करछुटमा बिक्री गर्न स्वीकृति दिएको पसल। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (क)।]*

करमुक्ति योजना (Tax avoidance scheme)- *ना.प.* करको दायित्वबाट छुट दिने वा पाउने उपाय; करदायित्वबाट मुक्ति पाउने वा करदायित्वमा कमी ल्याउने मुख्य उद्देश्य भएको कुनै प्रबन्ध। *[हे. आयकर ऐन, २०५८ को दफा ३५ स्पष्टीकरण।]*

करार (Contract)- *ना.* [अ.] दुई वा दुईभन्दा बढी व्यक्तिहरू बिच कुनै काम गर्न वा नगर्नका लागि भएको कार्यान्वयन गर्न सकिने कुनै सम्झौता; एक व्यक्तिले अर्को व्यक्तिसमक्ष कुनै काम गर्न वा नगर्नको लागि राखेको प्रस्तावमा प्रस्तावित व्यक्तिले जनाएको स्वीकृति; लिखित कबुल; कुनै काम गर्ने वा नगर्ने विषयमा दुई पक्षबिच भएको लिखित सहमति; सम्झौता। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०४ को उपदफा (१) र (२)।]*

करार उल्लङ्घन (Breach of contract)- *ना.प.* करारको कुनै पक्षले करार बमोजिमको दायित्व पूरा नगरेको वा नहुने अवस्था; करारबमोजिम गर्नुपर्ने काम पक्षले नगर्ने कुराको सूचना अर्को पक्षलाई दिएको अवस्था; पक्षका कामकारबाही र आचरणबाट निज करारबमोजिमको काम गर्न असमर्थ देखिएको अवस्था; करारका सर्तहरू नाघ्ने वा अवज्ञा गर्ने काम। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५३५ को उपदफा (१)।]*

करार सेवा (Service contract)- *ना.प.* करार गरी लिइनेदिइने निश्चित सेवा; सेवा आदानप्रदानका निश्चित सर्त र सुविधा करारमा किटान गरी सोही सर्तबन्देजभित्र सम्पन्न गरिने सेवा; करारमा गरिने सेवा र त्यस्तो नियुक्ति।

करारनामा (Contract paper)- *ना.* [अ.] एक पक्षले अर्को पक्षलाई कुनै सेवा गर्दा गराउँदा वा कुनै अभिभारा सुम्पदाका सर्तहरू उल्लेख भएको दोहोरो प्रतिज्ञापत्र; दुई वा दुईभन्दा बढी व्यक्तिहरूबिच कुनै काम गर्न वा नगर्नका लागि कानूनबमोजिम कार्यान्वयन गर्न सकिने लिखत; कुनै खास कार्यको लागि दुई पक्षबीच सर्तसहित भएको लिखित सम्झौता; करारपत्र।

करारोपण (Taxation, levy)- *ना.* [सं.] सरोकारवाला सरकारी निकायले कानून बमोजिम नागरिकलाई कर लगाउने कार्य; राज्यले नागरिकउपर वा उत्पादन आदिमा करको भार ठेक्ने, लाद्ने वा लगाउने काम।

करिया (Slave, bonded labourer)- *ना.* [कर्+इया] अमलेख (मोचन) गर्नुभन्दा पहिले दासका रूपमा किनबेच हुने गरेका घरेलु नोकर; कमारो; बाँधा; दास; काम गराइने।

करुणा (Mercy, pity)- *ना.* [सं.] कसैको दुखदावस्था देखेपछि मन पग्लिएर उब्जने उदार मनोभाव; समानुभूति; उपकार निमित्त दर्साइने दया, माया, ममता; अर्काको पीडा वा कष्टको आत्मानुभावन।

करेउली (Coercion; inner desire)- *ना.* [कडी+एउली] करकाप; मनको भित्री इरादा।

करेन्सी नोट (Currency notes)- *नाप.* कागजी रुपैयाँपैसा; सिक्का रुपियाँपैसा; नगदका रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट र सिक्का; मौद्रिक मान खुलेको नोट वा वा सिक्का; भौतिक मुद्रा। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (क१) र नेपाल राष्ट्र बैङ्क, २०५८ को दफा २ को खण्ड (झ) ।]*

करेस्पोडिङ बैङ्किङ्ग (Corresponding banking)- *नाप.* एक वित्तीय संस्थाले आफ्नो ग्राहकलाई अर्को वित्तीय संस्थामार्फत बैंकिङ सेवा उपलब्ध गराउने व्यवस्था; बैङ्कहरूको पारस्परिक सहकार्यात्मक सेवाप्रवाह प्रणाली।*[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (छ) ।]*

कर्जा (Loan, debt)- *ना.* [अ. कर्ज] पछि फिर्ता गर्ने सर्तमा अरूसँग लिइएको वा अरूलाई दिइएको धन; रकम लगानी गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रतिबद्धता र बदलामा उक्त रकम असुली गर्नका लागि सुरक्षणबापत धितो वा अरू कुनै जमानीउपर अधिकार तथा ब्याज वा अन्य दस्तुरको चुक्ता गर्ने सर्तको ऋण; कर्जा वा लगानीको धितोमा दिइएको पुनर्कर्जा; कर्जाको पुनसंरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरेको जमानी तथा त्यस्तो चुक्ताको लागि गरिएको अन्य वचनबद्धतायुक्त कुनै पनि किसिमको ऋण; बैंक वा वित्तीय संस्थाले व्यक्ति, फर्म, कम्पनी, संस्था वा अन्य व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र साँवा, ब्याज वा अन्य दस्तुर बुझाउने गरी प्रवाह गरिएको रकम; कुनै चल वा अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई निर्धारण गरेको सर्तमा दिने ऋण; निश्चित अवधिमा ब्याजसहित वा विनाब्याज फर्काउने गरी सापटी लिइएको रकम; सापट। *[हे. नेपाल राष्ट्र बैङ्क, २०५८ को दफा २ को खण्ड (ब), बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन,*

२०७३ को दफा २ को खण्ड (ज) र नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (ञ) ।]

कर्जा सुरक्षण (Credit guarantee)- *ना.प.* ऋण वा कर्जा रकमको सुरक्षाको प्रत्याभूति; कुनै पनि बैङ्क वा वित्तीय संस्था वा वित्तीय मध्यस्थताको कार्य गर्ने संस्थाले प्रदान गरेको कर्जा सुरक्षणसम्बन्धी कार्य र पशुधन सुरक्षणका कार्य। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (ख) ।]*

कर्डलेस टेलिफोन (Cordless telephone)- *ना.प.* बेतार फोन; घर वा कम्पाउन्डको सीमित दूरीभित्र तारवाला टेलिफोन सेट विस्तारको लागि प्रयोग गरिने तारारहित रेडियोयन्त्र। *[हे. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४८ को नियम २ को खण्ड (च) ।]*

कर्तव्य (Duty)- *ना.* [सं.] नैतिक, सामाजिक, धार्मिक, प्रशासनिक, कानूनी दृष्टिले गर्नुपर्ने काम; गर्नुपर्ने वा गर्न लायक कार्य; सेवाप्रदायकले सेवाग्राहीलाई दिनुपर्ने सेवामूलक काम; कर्तृत्व; कुनियत वा षडयन्त्रपूर्वक ज्यान लिने काम।

कर्तव्य ज्यान (Homicide, murder)- *ना.प.* नियतपूर्वक कसैको ज्यान मार्ने काम; मनसायपूर्वक गरिएको हत्या।

कर्तव्यच्युत (Undutiful, disobident)- *वि.* [सं.] कर्तव्यपालन गर्न चुकेको; पथभ्रष्ट; कर्तव्यबाट पतित भएको; कर्तव्यविमुख।

कर्तव्यले मरेको (Murdered, homicidal)- *ना.प.* कालगतिले नभई अरूका बदमासी, प्रहार, कर्तुत आदिबाट मरेको वा मारिएको; हत्या भएको; मारिएको।

कर्तव्याकर्तव्य (Act of commission and act of omission)- *ना.* [सं.] कर्तव्य र अकर्तव्य; सामाजिक वा कानूनी नीति-नियमबमोजिम गर्न नहुने काम गरेको र गर्न पर्ने काम नगरेको; अपराध वा कसुर।

कर्ता (Perfomer, doer)- *ना.* [सं.] काम गर्ने मुख्य मानिस; कार्य सम्पादन गर्ने व्यक्ति; कारणी।

कर्तुत (Misdeed, misconduct)- *ना.* [सं. कर्तृत्व] जानीजानी गरिएको नराम्रो कार्य; षड्यन्त्र; नराम्रो ढङ्गको काम, बसउठ, बोलिचाली, व्यवहार वा चालामाला; कुकर्म; कुकृत्य।

कर्पन (Court fee)- *ना.* न्यायालयले लिने एक प्रकारको दस्तुर; अदालती शुल्क।

कर्पोरेसन (Corporation)- *ना.* [अङ्.] कुनै उद्देश्य पूर्तिका लागि सरकारी, अर्धसरकारी वा साझेदारी निकायका रूपमा संस्थापित सङ्गठन; संस्थान; निगम।

कर्फ्यु आदेश (Curfew order)- *नाप.* जनसमूह उत्तेजित भई वा हुलदङ्गा भई शान्ति भङ्ग हुने, कोलाहलको अवस्था बन्न जाने र धनजनको क्षति हुन सक्ने परिस्थिति सिर्जित भएमा मानिसहरू भेला हुन, आवतजावत गर्न वा त्यस्तो क्षेत्रमा कुनै क्रियाकलाप गर्न रोक लगाउने आज्ञाआज्ञप्ति; कुनै स्थानमा हुलदङ्गा भई शान्ति भङ्ग हुन जाने परिस्थिति हुँदा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सिमाना तोकी सो ठाउँमा कसैले आवतजावत गर्न, भेला हुन र तोकेको अरू कुनै काम गर्न नपाउने गरी जारी गर्न सक्ने आदेश; सरकारका तर्फबाट जारी गरिने निषेधादेश। *[हे. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क. को उपदफा (१) ।]*

कर्मचारी (Personnel, employee, staff)- *ना.* [सं.] कर्मशील वा काममा लगनशील भएर लाग्ने मानिस; सरकार निजामती सेवा, स्वास्थ्य, संसद, न्याय आदि सेवा र वा सार्वजनिक संस्थाको सेवामा कार्यरत तलबी जनशक्ति; सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, प्रादेशिक वा स्थानीय सरकारी सेवामा कार्यरत तलबी कामदार; पचास प्रतिशतभन्दा बढी सरकारी स्वामित्व रहने संस्थाका सेवाका विभिन्न पदमा स्थायी, अस्थायी वा करारमा नियुक्त भई काम गर्ने वेतनभोगी कार्याधिकारी; संस्थामा पारिश्रमिक लिई वा नलिई काम गर्न संस्थाद्वारा नियुक्त व्यक्ति र संस्थाको पदाधिकारी; कुनै प्रतिष्ठानमा सुपरिवेक्षण, प्रशासकीय, प्राविधिक वा अन्य कुनै काम गरेबापत तलब वा ज्याला लिई काम गर्ने व्यक्ति; प्रतिष्ठानमा काम गर्ने कामदार; तलब सुविधा लिएर काम गर्ने व्यक्ति; जागिरदार; अह्राएको वा खटाएको काम गर्ने र सोबापत तलबभत्ता र अन्य सुविधा पाउने व्यक्ति; राष्ट्रसेवक; कर्मनिष्ठ। *[हे. प्रशासकीय अदालत ऐन, २०७६ को दफा २ को खण्ड (ग), वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (ठ) र बोनस ऐन, २०३० को दफा २ को खण्ड (घ) ।]*

कर्मचारीतन्त्र (Bureaucracy)- *ना.* [सं.] कर्मचारीहरूबाट सञ्चालित शासन प्रणाली; नियम, प्रक्रिया र कर्मचारीका पदीय सोपानक्रममा आधारित कर्मचारीको मनोमाना कार्यसञ्चालन हुने सरकारी वा संस्थागत प्रशासन प्रणाली; नोकरशाही; भृत्यतन्त्र।

कर्ष (A unit of measurement of land and weight, ancient coin)- *ना.* [सं.] सोह्र माषा बराबरको तौल; एक सय साठी दाना रातीगेडीको वजन बराबरको तौलमापन एकाइ; भूमिव्यवस्थामा रोपनीको चार खण्डको एक खण्ड; यस्तो मानको प्राचीन धातु मुद्रा।

कलङ्क (Stigma, infamy, blame)- *ना.* [सं.] कुनै खराब काम गर्दा लाग्ने दोष; इज्जत वा प्रतिष्ठामा लागेको दाग; बेइज्जती; लाञ्छना, अपजस।

कलम बन्द (Pen down, pen strike)- *ना.प.* कलमले कार्यसम्पादन गर्नेहरूले कार्यसाधन स्थगन गर्ने काम; कलम हडताल; कलमजीवी शिक्षक, कर्मचारी आदिले दबाबका रूपमा कलम बन्द गरी काम नगर्दाको अवस्था।

कलह (Quarrel, discord)- *ना.* [सं.] दुई पक्षका बीच कुनै कुरा वा विषयमा हुने भनाभन; परस्परको भनाबैरी; बाझाबाझ; झगडा।

कल्याण धन (Heirless property, burried property)- *ना.प.* जमिनमा दबेको वा गडेको धनमाल; जमिनभित्र गाडि राखेको बेवारिसी धन; हकदार बेगरको धन; गडुवा धन; गाडधन; बेवारिस मानिस मरेमा निजको बचेखुचेको धन; बेवारिसे मानिसको मृत्युपछि सरकारमा सर्ने धन।

कल्याणकारी कार्य (Welfare acts)- *ना.प.* भलो, भलाइ वा हित हुने असल कामकाज, बेहोरा; व्यवहार; उपकारी कार्य वा सेवासुविधाको प्रवाह; राष्ट्रसेवक, पेसाकर्मी वा सर्वसामान्य नागरिक र तिनका परिवारको हितार्थ बिमा, औषधोपचार, स्वास्थ्यस्याहार, छात्रवृत्ति, आवास उपलब्ध गराउने कार्य।

कल्याणकारी योजना (Welfare planning)- *ना.प.* कल्याणकारी कार्यमा सहयोग पुऱ्याउने आयमूलक कार्य र पूर्वाधार एवम् सेवामूलक परियोजना; कल्याण बढाउनका लागि वित्तीय संस्था तथा उद्योगव्यवसायमा ऋण वा सेयर लगानी गर्ने कार्य; उपकारी, हितकारी वा भलाइ गर्ने किसिमका योजना वा कार्यक्रम। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (न) ।]*

कसुर/ कसूर (Crime, offence)- *ना.* [अ.] अर्काको जिउज्यान, धनसम्पत्ति, इज्जत, मानप्रतिष्ठा, निष्ठा, विश्वास आदिमा आघात पार्ने, क्षति गर्ने वा हानिनोक्सानी पु ऱ्याउने काम; नियतपूर्ण दुष्कार्य; कानूनले निषेध गरेको काम वा व्यवहार; कानूनले गर्नु भनेको काम नगर्दा वा नगर्नु भनेको गरेमा सजायको भागीदार बन्नुपर्ने कार्य वा व्यवहार; कानूनबमोजिम सजाय हुने काम; फौजदारी क्रियाकलाप; अपराध; बात; हानिनोक्सानी पुऱ्याउने गर्ने उद्देश्यले गरिएको बिजाइँ, अतिक्रमण वा हस्तक्षेप। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (थ), मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (ग), मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ङ), अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ख) र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (ग) ।]*

कसुरको मात्रा (Degree of offence)- *नाप.* कसुर वा कसुरको उद्योग गरेकोमा त्यसको प्रकृति, परिस्थिति, त्यसले पारेको प्रभावको गम्भीरता, कसुरदारको नियत, व्यक्तिगत परिस्थिति र हैसियतका आधारमा लेखाजोखा गरी आधारमा निर्धारण गरिने कसुरको भार; सजाय निर्धारणका आधारका रूपमा आकलन गरिने आपराधिक हल्कापन र भारीपन; आपराधिकताको घटीबढी परिमाण। *[हे. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (च) ।]*

कसुरजन्य कार्य (Delinquency)- *नाप.* बालबालिकाद्वारा हुने बिजाइँ; बालबालिकाबाट हुने फौजदारी कानूनसँगको द्वन्द्व; वयस्कले गर्दा कसुर मानिने खालका बालबालिकाले गरेका काम। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

कसुरजन्य सम्पत्ति व्यवस्थापन कोष (Proceeds Management Fund)- *नाप.* रोक्का राखिएको, नियन्त्रणमा लिइएको तथा जफत गरिएको अपराधआर्जित सम्पत्ति वा कसुरसँग सम्बन्धित साधनको व्यवस्थापन मिलाउन खडा गरिएको कोष; कसुरबाट प्राप्त सम्पत्ति दाखिल गरिने कोष। *[हे. कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (च) र दफा २२ को उपदफा (१) ।]*

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग (Proceeds Management Department)- *नाप.* रोक्का, नियन्त्रण वा जफत भएको अपराधआर्जित सम्पत्तिको व्यवस्था मिलाउने विभाग; कसुरबाट प्राप्त

सम्पत्ति तथा कसुरसँग सम्बन्धित साधनको व्यवस्थापन र लिलाम बिक्रीसम्बन्धी कार्य गर्ने सरकारी निकाय। *[हे. कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (झ) र दफा १३ को उपदफा (१) ।]*

कसुरदार (Offender)- *ना.* कसुर गरेको शङ्का गरिएको व्यक्ति; कसुर गरेको भनी अभियोग लगाइएको व्यक्ति; कसुर गरेको भनी अदालतबाट ठहर भएको व्यक्ति; अदालतबाट कुनै कसुरमा दोषी ठहर भएको व्यक्ति; कसुर गर्ने मानिस; अपराधकर्ता; गरेर वा भनेर फौजदारी कानूनविपरीत काम गर्ने व्यक्ति; बिराउने व्यक्ति। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ९५ को उपदफा (१) को स्पष्टीकरण, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २ को खण्ड (ख) र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

कसुरबाट प्राप्त सम्पत्ति (Proceeds)- *नाप.* अपराधआर्जित धन; आपराधिक आर्जन/आय; कसुरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति; आपराधिक आर्जनको सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा हासिल गरेको आर्थिक लाभ; आंशिक वा पूर्ण रूपमा हस्तान्तरण वा रूपान्तरण भएको कसुरको स्रोतमा आधारित सम्पत्ति वा लाभ; कसुरजन्य सम्पत्ति। *[हे. कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (घ) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ज) ।]*

कसुरसँग सम्बन्धित साधन (Instrument relating to offence)- *नाप.* अपराध गर्नका लागि प्रयोग वा उपयोग गरिएका कुनै पनि औजार वा सरसामान वा हतियार; आंशिक वा पूर्ण रूपमा कसुर गर्नका लागि जुनसुकै प्रकारले प्रयोग गरेको वा प्रयोग गर्न खोजिएको साधन, सम्पत्ति वा उपकरण; कसुर गर्नमा जुनसुकै रूपमा प्रयोग भएको वा प्रयोग गर्न खोजिएका साधन, सम्पत्ति वा अन्य कुनै उपकरण। *[हे. कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (ङ) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (झ) ।]*

काउन्टरभेलिङ महसुल (Countervailing duties)- *ना.प.* अतिरिक्त भन्सार महसुल; विदेशी मुलुकबाट सहुलियत वा अनुदानप्राप्त गरी आयात गरिएका मालवस्तुमा भन्सार महसुलका अतिरिक्त लगाइएको महसुल। *[हे. सेफगार्ड्स, एन्टिडम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (च) ।]*

कागजात (Documents)- *ना.* सरकारी वा सार्वजनिक कार्यालय वा निजी संस्थाबाट जारी भएका लिखत; विभिन्न विषय लेखिएका कागजहरूको फाइल; कागजपत्र; मिसिल; हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, सन्धि, सम्झौता, पत्र-पत्रिका, चिट्ठीपत्र, लिखत, चित्र, तस्बिर, नक्सा, योजना, चार्ट, फाइल, मिसिल, रजिस्टर वा कुनै प्रकाशन, फिल्म, माइक्रो फिल्म, टेप (ध्वनि रेकर्ड), चलचित्र, कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटको मूलप्रति वा प्रतिलिपि, ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा शिलापत्रको प्रतिलिपि वा तस्वीर र पहिलो टाँचा लागेको हुलाक टिकट तथा मनिअर्डर फर्म, हवाईपत्र र पोस्ट कार्डका नयाँ प्रकाशन; कागज, शिला, धातु वा अन्य यस्तै वस्तुमा भाषिक रूपले खोपिएको, टङ्कन गरिएको वा लेखिएको लेख्याभिलेख; कागजमा छाप्न सकिने विद्युतभिलेख। *[हे. नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ज) र अभिलेख संरक्षण ऐन, २०४६ को दफा २.१.१ ।]*

कागजात धुल्याउनु (Disposal of documents)- *क्रि.प.* कार्यालयमा रहेका कागजातमध्ये अभिलेख सुरक्षित राख्नुपर्ने बाहेकका कागजपत्र नष्ट गर्नु; लेखिएको व्यहोरा पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी जलाएर वा अन्य तरिकाले नष्ट गर्नु; कागजातको भौतिक अस्तित्व नै नामेट पार्नु। *[हे. सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ को नियम २ को खण्ड (ख) ।]*

कागते हुलाक (Postman during the rule of King Prithvi Narayan Shah)- *ना.प.* कागजपत्र मात्रै ओसारपसार गर्ने हुलाक; पृथ्वीनारायण शाहका पालामा कागतपत्र ओसारपसार गर्ने हुलाक वा हुलाकी।

काज (Deputation, secondment)- *ना.* [सं. कार्य] सरकारी वा गैरसरकारी संस्थाका बहालवाला कर्मचारी वा जनशक्तिले केही वा निर्धारित अवधिमा अर्को संस्था वा कार्यालयमा गई गर्ने सेवा;

कार्यालयका कर्मचारीले आफ्नो मुकामको कार्यालयभन्दा बाहिर गई सम्पन्न गर्ने पदीय कामकाज।

काजकिरिया (Funeral Rites, obsequies)- *ना.* कसैको मृत्युपश्चात् गरिने अन्त्येष्टि र सांस्कारिक काम; काजक्रिया; मृतकका नाममा गरिने अञ्जुलिदान, पिण्डदान आदि और्ध्वदेहिक कर्म; परम्परागत रितअनुसार मृत्युसंस्कारको काम; किरिया; मरौपरौको काम; किरियाकर्म।

काञ्जी हाउस (Animal enclosure)- *ना.* [अङ्.] बेवारिसे गार्इबस्तु थुनेर राख्ने घर वा गोठ; बस्तुभाउको धर्मशाला; पशुआश्रयालय।

काठ (Timber)- *ना.* [प्रा. कट्ठ, सं. काष्ठ] रुखका बोक्राभित्रको कडा वस्तु; रुखको चुरातिरबाट निकाली बनाइएका निदाल, दलिन/बिम, भाटा, तखता; कुर्सी, टेबुल आदि बनाउन प्रयोग हुने रुखको भित्री भाग; विशेषत: जङ्गलमा पाइने वृक्षको फेद, काण्ड वा हाँगा निस्कन सक्ने टिकाउ कच्चा पदार्थ; दुर्इ फिट वा सो भन्दा बढी लम्बाइ र एक दशमलब पाँच फिट वा सो भन्दा बढी गोलाइ भएको चिरानको रूपमा जान सक्ने गोलिया काठ वा खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठ। *[हे. वन नियमावली, २०७९ को नियम २ को खण्ड (ग)।]*

काठमाडौं उडान सूचना क्षेत्र (Kathmandu Flight Information Region)- *नाप.* नेपालको भौगोलिक सीमाभित्रको सम्पूर्ण हवाई क्षेत्र। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम २ को खण्ड (ग)।]*

कानून कार्यान्वयन मापन (Law enforcement mapping, law enforcement measurement)- *नाप.* कम्तीमा तीन वर्ष कार्यान्वयमा रहेको कानूनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यको पहिचान गर्न संसद्को सम्बन्धित समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित कानूनहरूको कार्यान्वयनको अवस्था मापन गर्ने काम; कानून कार्यान्वयनको विधायिकी लेखाजोखा। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३९ को उपनियम (१)।]*

कानून व्यवसाय (Legal profession)- *ना.* कानून र न्यायप्राप्तिसम्बन्धी सेवा प्रदान गर्ने पेसा; न्याय र अधिकारको संरक्षणका लागि लेखपढ, बहसपैरबीको कार्य गर्ने पेसा; वकालत पेसा।

कानून व्यवसायी (Legal practioner, lawyer)- *ना.* कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न इजाजतप्राप्त व्यक्ति; कानूनी पेसेवर; कानून व्यवसाय गर्न अधिकारप्राप्त व्यक्ति; कानूनबमोजिम कानून व्यवसायीको रूपमा दर्ता भएको व्यक्ति; कानूनी प्रतिनिधि; वकिल अड्डा, अदालतमा उपस्थित भई बहसपैरवी गर्ने कानूनको ज्ञाता; वरिष्ठ अधिवक्ता; अधिवक्ता; अभिवक्ता। *[हे. नेपालको संविधानको धारा २० को उपधारा (२) को स्पष्टीकरण, प्रमाण ऐन, २०३१ को दफा ४५ को उपदफा (१) को स्पष्टीकरण, नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ट), जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (च) र विशेष अदालत नियमावली, २०८० को नियम २ को खण्ड (ङ)।]*

कानुन/ कानून (Law, legislation)- *ना.* [अ.] न्यायशास्त्र; विधिविधान; थितिबन्दोबस्त; राज्यव्यवस्था र समाज सञ्चालनका समग्र आधिकारिक नियम; समाजमा शान्ति, अमनचैन र न्याय सुनिश्चित गर्ने साधनविशेष; संविधान, ऐन, नियम, सनद, सवाल; न्यायिक आज्ञा वा आदेशहरूमा निहित समग्र प्रतिमान, मापदण्ड वा प्रावधान; राज्य व्यवस्था चालु राख्न र समाजमा न्याय कायम गर्न स्थापित र सञ्चालित थिति वा बन्दोबस्त।

कानूनका विवादमा परेका बालबालिका (Children in conflict with law)- *नाप.* कसुरजन्य कार्यको आरोप लागेका बालबालिका; बाल अदालतबाट कसुरजन्य कार्य गरेको ठहरेका बालबालिका; फौजदारी कानूनका द्वन्द्वमा परेका बालबालिका। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ)।]*

कानूनको शासन (Rule of law)- *नाप.* शासक र शासित वा सेवाप्रदायक र सेवाग्राही दुवै कानूनका मातहतमा रहने र सबैले कानूनमा व्यवस्था भएबमोजिम वा कानूनले तोकेको दायराभित्र रहेर मात्र कामकाज गर्ने सामाजिक प्रणाली; पूर्वघोषित विधायन (कानून) का आधारमा मात्र राज्य सञ्चालन गरिने परिपाटी; राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानूनको सर्वोपरितामा आधारित र नागरिकका मौलिक हक, मानवअधिकार र कानूनी अधिकारमाथि कुनै किसिमले प्रतिकूल दखल नपारी युक्तिपूर्वक वैधानिक र वैज्ञानिक पद्धतिद्वारा गरिने राज्यका सबै अङ्ग, निकाय र संस्थापनाहरूको सञ्चालन र प्राधिकारहरूको प्रयोग गरिने राज्यव्यवस्था; कानूनी राज्य; विधिको शासन; वैधानिक सुशासन।

कानूनको संहिताकरण (Codification of law)- *ना.प्र.* प्रकृति, प्रकार र विषयक्षेत्र मिल्दाजुल्दा विधायनहरूलाई मिल्दोजुल्दो रूपमा एकै प्रबन्धावलीमा समेट्ने काम; वर्गीकृत तथा विशिष्टीकृत कानूनी सिद्धान्त, मान्यता र प्रावधानहरूको सिलसिलेबार एकीकरण; साझा विशेषता भएका कानूनको क्रमबद्ध सङ्ग्रहकरण; ऐनकानूनलाई संहिताबद्ध गर्ने काम।

कानूनी (Legal)- *वि.* कानूनबमोजिमको, कानूनअनुसारको; कानूनसङ्गत; कानूनको; वैधानिक।

कानूनी अधिकार (Legal rights)- *ना.प्र.* कानूनद्वारा किटान गरिएका अधिकार; कानूनसम्मत अधिकार; कानून बमोजिमको अधिकार। तुल. मानवअधिकार; मौलिक हक।

कानूनी राज्य (Rule of law)- *ना.प्र.* विधिविधानबमोजिमको शासन व्यवस्था; वैधानिक शासन व्यवस्था; कानूनको शासन; कानूनको सर्वोपरिता र कानूनले भनेअनुसार राज्यका सबै कामकाज सम्पादन गरिने शासनपद्धति; विधिको शासन; कानूनको सर्वोच्चता र नागरिक समताको मान्यताअनुरूप सञ्चालन हुने राज्यव्यवस्था।

कानूनी राय (Legal opinion)- *ना.प्र.* कानूनसम्बन्धी अभिमत वा विचारको सुझाब; कानूनसम्बन्धी मत; कानूनी सल्लाह, विचार, दृष्टिकोण वा अभिमत; आधिकारिक निकाय वा प्राधिकार व्यक्ति वा अधिकारीबाट कानूनी प्रश्नमा मागिने र दिइने दृष्टिकोणगत बेहोरा वा स्पष्टोक्ति।

कानूनी व्यक्ति (Legal person)- *ना.प्र.* कानूनबमोजिम संस्थापना भएको सङ्गठित संस्था; कानूनी व्यक्तित्व र कानूनी सक्षमता प्राप्त संस्था; सङ्गठित व्यक्तित्व (कर्पोरेट पर्सनालिटी) भएको अविच्छिन्न उत्तराधिकारीवाला संस्थापना; कम्पनी, संस्थान, सहकारी संस्था वा अन्य कुनै सङ्गठित संस्था र प्राइभेट फर्म, साझेदारी वा गैरसरकारी संस्था; राज्य, सरकार, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका वा सङ्घीय, प्रादेशिक तथा स्थानीय सार्वजनिक संस्थापना वा तिनका कार्यालयजस्ता स्वत: कानूनी सक्षमता प्राप्त गरेका निकाय, अङ्ग, कार्यालय र अड्डा अदालतहरू। *[हे. मुलुकी देवानी संहिता, २०७४ को भाग २ को परिच्छेद- २ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ठ)।]*

कानूनी शब्दकोश (Legal dictionary, legal lexicon)- *ना.प्र.* कानून र न्यायप्रणालीसँग सम्बन्धित शब्द तथा पदावलीहरूलाई वर्णानुक्रमअनुसार प्रविष्ट गरी यथासम्भव तिनका पदवर्ग, व्याकरणिक कोटी, स्रोत व्युत्पति समेत खुलाइएर हरेकको अर्थ प्रस्तुत गरिने ग्रन्थ;

अर्थप्रस्तुतिका परिभाषा, विग्रह, पर्याय, विपर्याय, विवृत्ति/ स्पष्टीकरण, तुलनीय प्रतिनिर्देश, प्रकारान्तरकथनजस्ता युक्तिहरू प्रयोग गरी कानूनी शब्दावलीको अर्थलेखन गरिएको ग्रन्थ।

कानूनी सहायता (Legal aid)- *ना.प.* कानूनसँग सम्बन्धित सेवा वा मद्दत; असमर्थ व्यक्तिलाई दिइने कानूनी राय सल्लाह; असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतमा गरिने बहसपैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा प्रदान गरिने अन्य सेवा। *[हे.कानूनी सहायतासम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (क) ।]*

काबुबाहिरको परिस्थिति (*Force majeure* event)- *ना.प.* नियन्त्रण वा अधीनबाहिरको स्थिति; रोगव्याधी, बिरामी, दुर्घटना, आघात, मरण, बाढी, पहिरो, आगलागी, भूकम्प, ज्वालामुखी, युद्ध, महामारीजस्ता मानवीय नियन्त्रणबाहिरको परिस्थिति।

काबुबाहिरको परिस्थिति परेको अवधिगणना (Period of existence of the *force majeure* event)- *ना.प.* अदालतमा उपस्थित हुनुपर्ने व्यक्तिका हकवाला आफन्त मृत्यु भई परम्पराअनुसार आफै किरिया वा किरियासरहको शोकवरण गरी बस्नुपरेमा मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्यादबाहेक सात दिन; अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति आफै सुत्केरी भएमा सुत्केरी भएका मितिले बाटोको म्याद बाहेक साठी दिन; अदालतमा उपस्थित हुनुपर्ने म्यादभित्र खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यु घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन; अदालतमा उपस्थित हुनुपर्ने म्यादभित्र भूकम्प वा ज्वालामुखीजस्ता विपद् परेको भए सो भएका मितिले बाटोको म्यादबाहेक दश दिन; अदालतमा उपस्थित हुनुपर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीरबन्धक बनाएको भए अपहरण वा बन्धकबाट मुक्त भएका मितिले बाटोको म्यादबाहेक पन्ध्र दिन; अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत, अशक्त वा बिरामी भई हिँडडुल गर्न नसक्ने अवस्थाले अस्पतालमा भर्ना भई उपचार गराएकोमा व्यक्तिवादी फौजदारी मुद्दाका पक्षका हकमा पन्ध्र दिन र अन्य मुद्दाको पक्षका हकमा तीन महिनाभन्दा बढी नहुने गरी अस्पतालबाट डिस्चार्ज नभएसम्मको अवधि।

काम (Act)- *ना.* [पा. कम्म, सं. कर्म] कानूनअनुसार गर्नुपर्ने नगरेको वा गर्न नहुने वा नगर्नुपर्ने गरेको कार्य; गर्नुपर्ने वा नगर्नुपर्ने कर्म; क्रियाकलाप; गतिविधि; कार्यहरूको समूह। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (ङ) ।]*

कामत (Farm house)- *ना.* [काम+ओत] काम गर्ने स्थलमा ओत लाग्ने ठाउँ; मुख्य निवासस्थलदेखि टाढा रहेको खेतीपातीका लागि बनाइएको घर; कृषिगृह; याक्सा; डिई।

कामदार (Worker, labourer)- *ना.* [काम+दार] प्रतिष्ठान वा उद्योग, व्यापार, व्यवसाय वा सेवामा कार्यरत स्थायी, अस्थायी, करार, दैनिक ज्यालादारी, पिसरेट, ठेक्कामा वा त्यसअन्तर्गत काम गर्ने श्रमिक; कृषिश्रमिक; व्यवस्थापन वा प्रशासनिक प्रकृतिको काम गर्ने कर्मचारीबाहेक अन्य कर्मचारी र स्वरोजगार गर्ने व्यक्ति; काम गर्ने व्यक्ति; पारिश्रमिक ज्याला वा मजदुरी लिएर काम सघाउने व्यक्ति; पारिश्रमिक, ज्याला वा मजुरी लिएर काम गर्ने व्यक्ति; खेताला; मजदुर; ज्यामी; कुल्ली; दक्ष, अर्धदक्ष वा अदक्ष कार्यसहायक।

कामदार कर्मचारी (Service staff)- *नाप.* उद्यमी; व्यवस्थापक वा प्रमुखबाहेक कार्यालयका संस्थागत काम गर्ने कर्मचारी।

कायममुकायम (Acting)- *वि.* कार्यालय वा विभागीय प्रमुखको पद रिक्त भएको र तत्काल पूर्ति हुन सक्ने अवस्था नरहेकोमा सो पदमा बढुवा हुने योग्यता भएको एक तहमुनिको पदको कर्मचारीलाई सो पदमा काम गर्न दिइने हैसियत; कुनै पदको कर्मचारी अनुपस्थित रहे वा पद खाली भए सो पदको काम चलाउनका लागि सो पदमा काम गर्ने (व्यक्ति); कार्यवाहक; स्थानापन्न; कामु.।

कायलनामा (Deed of confession)- *ना.* कुनै कसुर गरेको भनी साबिती दिइएको लिखत; आफ्नो दोष वा गल्तीमा साबित भएको आफ्नो गल्तीको स्वीकारोक्ति गरिएको लिखत; कुनै उजुर वा पोल गर्ने व्यक्तिले सो उजुर वा पोललाई प्रमाणद्वारा सिद्ध वा पुष्टि गर्न नसक्ने अवस्था बनी लिएको दाबी प्रमाणित गर्न नसकी उजुर वा दाबी फिर्ता लिने जनाउ लेखिदिएको कागज; देवानी मुद्दामा प्रतिवादी नपरेसम्म वादीले दाबी साबित गर्न नसक्ने भई मुद्दा फिर्ता लिनका लागि गर्ने कागज; स्वीकारोक्तिपत्र।

कारखाना मूल्य (Factory Price)- *ना.प.* उत्पादित वस्तुको उत्पादन गर्न लाग्ने लागत बिक्री वितरण गर्न लाग्ने खर्चमा सीमान्तकृत मुनाफाको योगबाट हुन आउने मूल्य; प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य; अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन वा उत्पादन र बिक्री वितरण गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ञ) ।]*

कारखानाको शिरोभार लागत (Overhead cost of factory)- *ना.प.* सम्भाव्य भैपरी लागत; प्रत्यक्ष श्रम र प्रत्यक्ष सामग्री लागतबाहेक व्यापार मौज्दातको उत्पादन गर्न लागेको कूल लागत। *[हे. आयकर ऐन, २०५८ को दफा १५ को उपदफा (८) को स्पष्टीकरण।]*

कारणी (Executor, doer)- *ना.* [सं.] लिखतका व्यहोराबाट सहीछाप गर्नुपर्ने जिम्मेवारी भएको व्यक्ति; मुख्य व्यक्ति; कुनै काम गर्ने व्यक्तिहरूमध्ये प्रमुख व्यक्ति; कर्ता व्यक्ति; कारण मानिएको व्यक्ति; मूल कर्ता व्यक्ति। *(हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ को उपदफा (१) को स्पष्टीकरण।*

कारबाई/ कारबाही/ कारवाई (Action, proceedings)- *ना.* [फा. कारबाही] अड्डा अदालतबाट कुनै विवाद, झगडा वा मुद्दाको छानबिन, प्रमाणपरीक्षण, पुर्पच्छे गर्दा सुरु दर्तादेखि फैसला वा फैसला कार्यान्वयनका चरणसम्म अपनाउने प्रक्रिया; कुनै प्रशासनिक निर्णयको सन्दर्भमा अपनाइने प्रकृया वा गरिने कार्य; कारबार्ाई; कार्यबाही; कार्बाही।

कारबाही र किनारा (Proceeding and settlement)- *ना.प.* मुद्दाको दर्तादेखि फैसलासम्मका सम्पूर्ण प्रक्रिया; अनुसन्धान भई अभियोजन भएका मुद्दाको पुर्पच्छे र निरूपण गर्ने काम; मुद्दा दर्तापछि गरिने सम्पूर्ण अदालती प्रक्रिया र मुद्दा टुङ्याउने, टुङ्गो लगाउने छिन्ने काम।

कारागार (Prison)- *ना.* [सं.] कैदीबन्दी राख्ने ठाउँ; बन्दीलाई थुना वा कैदमा राख्नका लागि बनाएको वा प्रयोग भएको घर, कोठा वा ठाउँ; बन्दीलाई थुना वा कैदमा राख्ने घर, कोठा वा ठाउँको परिसर र त्यसका पर्खाल वा घेराबारा; जेल; झ्यालखाना; बन्दीगृह। *[हे. कारागार ऐन, २०७९ को दफा २ को खण्ड (ख) ।]*

काराबन्दी (Prisoner)- *ना.* कारागारमा थुनामा रहेको व्यक्ति; बन्दी थुनुवाबन्दी; कैदीबन्दी।

कारावास (Imprisonment, confinement)- *ना.* कारागारको बसाइ; सजायस्वरूप वा पुर्पच्छेका चरणमा कारागारमा थुनामा रहने काम वा अवस्था; कैदसजाय; कारागारमा सजाय भोग्ने काम; कैदमा परेको अवस्था; कारागारको वास; कारादण्ड; जेलसजाय; स्वतन्त्रताबाट वञ्चित अवस्था।

कारिन्दा (Clerk)- *ना.* [फा. कारिन्द] सरकारी वा संस्थागत कार्यालयमा काम गर्ने सहायकस्तरको कर्मचारी; नौसिन्दा; लेखापढीको काम गर्ने कर्मचारी।

कारोबार (Transaction)- *ना.* [फा. कारबार] कामधन्दा; इलम; लेनदेन; बेचबिखन; क्रयविक्रय; वस्तु वा सेवाको विनिमय; सम्पत्तिको खरिद, बिक्री, वितरण, हस्तान्तरण, लगानी, भोगचलन वा अन्य कुनै आर्थिक वा व्यावसायिक काम कारबाही गर्नको लागि गरिने सम्झौता वा व्यावसायिक सम्बन्ध स्थापना गर्ने काम; खाता खोल्ने, विद्युतीय वा जुनसुकै माध्यमबाट जुनसुकै प्रकारको मुद्रा वा उपकरणमार्फत गरिने निक्षेप वा रकम सङ्कलन, भुक्तानी, भुक्तानी आदेश, विनिमय वा कोषको स्थानान्तरण क्रिया; जुनसुकै प्रकारको सेफ डिपोजिटको प्रयोग गर्ने, हितकारी सम्बन्ध स्थापना गर्ने, कुनै कानूनी वा करारीय दायित्वका आधारमा पूर्ण वा आंशिक रूपमा भुक्तानी दिने वा लिने, चिठ्ठा, बाजी वा संयोगका आधारमा हारजित हुने गरी खेलिएको खेलको आधारमा गरिने भुक्तानी दिने वा लिने काम; प्राकृतिक तथा कानूनी व्यक्तिले सम्पादन गर्न कुनै कार्यकलाप; आय वर्षको रोजगारी, व्यवसाय वा लगानीको आय गणनाका लागि कानूनले समावेश गरिने जम्मा रकमकलम बराबरको कारोबार; वस्तु विनिमय बजारमा हुने वस्तु करारको खरिद, बिक्री, राफसाफ तथा फर्स्यौट, हस्तान्तरण र तत्सम्बन्धी अन्य कार्य; उद्योगले आफ्नो उद्देश्यबमोजिम वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने कार्य र त्यस्तो उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोबार; कुनै वस्तु वा सेवा आपूर्ति गर्ने कार्य; खरिद गर्ने, बिक्री गर्ने, ओसार पसार गर्ने, स्वामित्व प्राप्त गर्ने, हस्तान्तरण गर्ने, सञ्चय वा सङ्कलन गर्ने, भण्डारण गर्ने, निकासी वा पैठारी गर्ने काम; सरकारी चलअचल, नगदी तथा जिन्सी धनमाल निर्धारित काममा गरिने खर्च वा दाखिला; वित्तीय हस्तान्तरण, राजस्व सङ्कलन र दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने तथा धरौटी, कार्य सञ्चालन कोषलगायत स्रोतसाधनसम्बन्धी सम्पूर्ण आर्थिक कारोबार; सम्पत्तिको खरिद, बिक्री, वितरण, हस्तान्तरण, लगानी, भोगचलन वा अन्य कुनै आर्थिक वा व्यावसायिक काम कारबाही गर्नको

लागि गरिने सम्झौता वा व्यावसायिक सम्बन्ध स्थापना गर्ने, खाता खोल्ने, विद्युतीय वा जुनसुकै माध्यमबाट जुनसुकै प्रकारको मुद्रा वा उपकरणमार्फत गरिने निक्षेप वा रकम सङ्कलन, भुक्तानी, भुक्तानी आदेश, विनिमय वा कोषको स्थानान्तरण; जुनसुकै प्रकारको सेफ डिपोजिटको प्रयोग गर्ने, हितकारी सम्बन्ध स्थापना गर्ने, कुनै कानूनी वा करारीय दायित्वका आधारमा पूर्ण वा आंशिक रूपमा भुक्तानी दिने वा लिने क्रियाहरू; चिठ्ठा, बाजी वा संयोगका आधारमा हारजित हुने गरी खेलिएको खेलको आधारमा गरिने भुक्तानी दिने वा लिने कार्य; कानूनी व्यक्ति वा कानूनी प्रबन्धको संस्थापना वा दर्ता गर्नेलगायत कानूनले तोकेका कार्य। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (त१), सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ञ), वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (घ), औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (घ), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ख), मुलुकी अपराध संहिता, २०७४ को दफा १३० को उपदफा (१) को स्पष्टीकरण र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (झ)।]*

कारोबार मूल्य (Transaction value)- *ना.प.* कारोबार गरिँदाको मोल वा मूल्य; पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वास्तविक भुक्तानी गरेको वा भुक्तानी गर्नुपर्ने रकममा त्यस्तो मालवस्तु देशको सीमासम्म ल्याउँदा लागेको वा लाग्न सक्ने भाडा, बिमा तथा अन्य सम्बद्ध खर्च जोडी हुन आउने कूल रकम। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ख)।]*

कार्य (Act)- *ना.* [सं.] काम; कृत्य; फौजदारी वा देवानी कसुरका प्रसङ्गमा कानूनले गर्नू भनेको नगरेका वा नगर्नू भनेका क्रियाकलाप गरेको अवस्था; कामकाज; काम वा क्रियाकलापको समूह; कृत्यकर्म वा कृत्यकर्महरूको समूह।

कार्य सञ्चालन कोष (Work Operation Fund)- *ना.प.* काम सञ्चालन गर्ने वित्तीय स्रोत व्यवस्था गर्ने कोष; सरकारका उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायका लागि विशेष कार्य सञ्चालन गर्न स्थापित कोष। *[हे. कार्य सञ्चालन कोष ऐन, २०४३ को दफा २ को खण्ड (क) र दफा ३ को उपदफा (१)।]*

कार्यअनुभव (Work experienc)- *ना.* कुनै कामकाज गरेर हासिल गरेको तत्सम्बन्धी ज्ञान, सीप र दक्षता; काम गरेर आर्जित परिपक्वता; कुनै पदमा रही काम गरेको अनुभव वा प्राप्त सक्षमता।

कार्यकर्ता (Worker, cadre)- *ना.* खास उद्देश्यले कामका खट्ने व्यक्ति; व्यक्तिगत लाभभन्दा विशिष्ट उद्देश्य राखी खास विषयक्षेत्रमा जनसमुदायका बृहत्तर हितका लागि खटेर काम गर्ने सामुदायिक व्यक्ति; अभियन्ता।

कार्यकारिणी (Executive)- *ना.* [सं.] कुनै विशेष काम गर्न वा व्यवस्था मिलाउन कार्यकारी भूमिका निर्वाह गर्ने निर्वाचित वा मनोनित व्यक्तिहरूको समिति; कार्यकारी मूल समूह; सरकारको मन्त्रिमण्डल; मन्त्रिपरिषद्; कार्यकारी अधिकार प्रयोग गर्ने उच्चस्तरीय निकाय; सङ्घसंस्थाको केन्द्रीय वा मुख्य कार्यसमिति।

कार्यकारी (Executive)- *वि.* [फा. कारबाही] कार्य गर्ने; सञ्चालक; व्यवस्थापक; तोकिएको विशेष काम गर्ने (व्यक्ति); सरकारका व्यवस्थापिका कार्यपालिका र न्यायपालिकाजस्ता अङ्गमध्ये कार्यपालिकाको वा कार्यपालिका तर्फको।

कार्यकारी आदेश (Executive order)- *ना.प.* कार्यपालिकाले जारी गरेको वैधानिक आदेश; अध्यादेश।

कार्यकारी निर्देशक (Executive Director)- *ना.प.* कुनै संस्थाको प्रशासनिक प्रमुख भई काम गर्ने व्यक्ति; व्यवस्थापकीय प्रमुख; कार्यसम्पादन गर्नेहरूमा प्रमुख।

कार्यकारी प्रमुख (Chief Executive)- *ना.प.* सरकारी वा सार्वजनिक निकाय, प्रतिष्ठान, बैङ्क, वित्तीय संस्था, सङ्घसङ्गठनआदिका प्रशासकीय, व्यवस्थापकीय वा व्यवसायिक कार्य सञ्चालन र प्रबन्धको जिम्मेवारी वहन गर्ने मुख्य अधिकृत; संस्थागत व्यवस्थापन र प्रशासनिक कामकाजको संयोजन र बन्दोबस्त मिलाउने प्रमुख अधिकारी; संस्थागत कामकाजको प्रमुख कार्याधिकारी। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ख) ।]*

कार्यकारी समिति (Executive Committee)- *ना.प.* सङ्घसंस्थाको कार्य सञ्चालनका लागि गठित उच्चस्तरको समिति; सञ्चालक समिति; कार्यसमिति; कार्यकारिणी समिति।

कार्यकाल (Tenure, term of office)- *ना.* कुनै पद वा जिम्मेबारीमा रही काम गर्न पाउने तोकिएको अवधि; पदावधि; पदमा रहेर काम गर्न पाउने समयावधि।

कार्यक्रम (Programme)- *ना.* [सं.] समारोह, आयोजना, गोष्ठी, सेमिनार आदिको क्रमबद्ध प्रक्रिया, मेलोमेसो वा सिलसिला; आवधिक रूपमा सम्पादन गरिने पूर्वयोजित क्रियाकलाप; कामको क्रमयुक्त सूची; श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमका सूचना वा सन्देशमूलक क्रियाकलापको क्रमिकता; निश्चित उद्देश्य प्राप्तिको लागि सञ्चालन गरिने निश्चित अवधिको मापनीय कामकाज; सरकारले सम्पादन गर्ने विकाससम्बन्धी आवधिक कार्यकलाप; पूर्वयोजना गरी व्यवस्थित रूपमा सम्पादन वा सम्पन्न गरिने कार्यहरूको सिलसिला। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (ख) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (घ)।]*

कार्यक्षमताको अभाव (Incompetence)- *ना.प.* शारिरीक वा मानसिक क्षमताको अभावले पदीय कर्तव्य पालना गर्न नसक्ने अवस्था; अक्षमता; कार्यसम्पादन गर्ने ज्ञान सीप र दक्षताको गम्भीर ह्रास; सक्षमतारहित अवस्था।

कार्यगत रोजगारी (Work-based employment)- *ना.प.* रोजगारदाताले कुनै खास काम वा सेवा किटान गरी सो सम्पन्न गर्न तोकेर दिने वा दिएको रोजगारी; निश्चित काममा आधारित रोजगारी।*[हे. श्रम ऐन, २०७४ को दफा १० को उपदफा (१) को स्पष्टीकरण।]*

कार्यटोली (Task force)- *ना.* कुनै उद्देश्य पूर्तिका लागि कुनै खास काम गर्न वा कार्यसम्पादन गर्न बनाइएको वा गठन गरिएको समूह वा टोली; खास विषयको खास काम गर्न गठित वा नियुक्त विषयविज्ञ वा प्राविधिकहरूको समूह वा टोली; कार्यदल; कार्यसमूह।

कार्यतालिका (Schedule)- *ना.* कार्यसम्पादनमा लाग्ने अधिकतम दिन र मिति समेत उल्लेख भएको कार्यहरूको क्रमबद्ध सूची; खास कार्यक्रमका लागि निर्धारित कार्यसूची वा तालिका; गरिने कामकाजको फेहरिस्त।

कार्यपत्र (Working paper)- *ना.* कार्यशाला, गोष्ठी, सेमिनार आदिमा विचारविमर्श वा छलफल गर्नका निम्ति प्रस्तुत गरिने कुनै समस्या वा विषयलाई चिरफार वा सम्बोधन गरी तयार गरिएको लेख; छलफल वा विचारविमर्शका लागि कार्यक्रमहरूमा पेस गरिने प्रस्तुतिपत्र।

कार्यपद्धति (Procedure)- *ना.* कार्यप्रणाली; कुनै काम गर्ने स्वीकृत विधि वा तरिका; कार्यशैली वा तौरतरिका; कार्यविधि; कामकाजको मेलोमेसो; काम गर्ने रीति।

कार्यपालिका (Executive)- *ना.* राज्यका प्रमुख तीन अङ्गमध्ये राज्यको शासन व्यवस्थालाई सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्यकारी अङ्ग; सरकारका विधायिका, कार्यपालिका र न्यायपालिकामध्येको एक; सरकारको कार्यकारी अङ्ग।

कार्यभार (Responsibility, charge, portfolio)- *ना.* कुनै पदमा रहँदाको सम्पूर्ण उत्तरदायित्व; आफूले गर्नुपर्ने कामको जिम्मेवारी; कुनै पदमा रहेका व्यक्तिको जिम्मेवारी वा निजलाई तोकिएको अभिभारा।

कार्ययोजना (Action plan)- *ना.* निश्चित प्रतिफल निकाल्ने गरी तय गरिएका कार्यक्रमका सम्पूर्ण क्रियाकलाप वर्णन गरिएको आलेख; कार्यमूलक योजना; कार्यसँग सम्बन्धित योजना; कार्यगत योजना; कुनै लक्ष्य र उद्देश्य पूरा गर्न संयोजित क्रियाकलापको कार्यान्वयनको प्रधानता रहेको योजना।

कार्यवाहक (Acting, officiating)- *वि.* कार्यभार वहन गर्ने; कुनै पदमा आसीन व्यक्तिको अनुपस्थितिमा नियमानुसार उसको अधिकार प्रयोग गरी अस्थायी रूपमा काम गर्ने पदाधिकारी।

कार्यविधि (Procedures, manual)- *ना.* कार्यप्रणाली, कामको विधि वा तरिका; कार्यसम्पादन गर्ने सैद्धान्तिक मार्गदर्शन वा दिशानिर्देश; ऐन वा नियमावलीले दिएको अधिकार प्रयोग गरी बनाइएको विस्तारपूर्वकको कार्यपद्धतिको बाटो देखाउने विधायन वा आलेख।

कार्यविभाजन (Division of works)- *ना.* कामको बाँडफाँट; गर्नुपर्ने काम वा जिम्मेवारी भाग लगाउने काम; विभिन्न निकायबिच कार्यक्षेत्रानुसार तिनका फाँटको कार्यहरूको निर्धारण।

कार्यसञ्चालन निर्देशिका (Standard Operating Procedure)- *ना.* कुनै कार्यालयको सहज कार्य सञ्चालनका लागि आवश्यक प्रतिमानहरू निर्दिष्ट गरिएको मार्गदर्शक सामग्री वा दस्तावेज; सहज रूपले स्तरीय कार्यसम्पादन गर्ने वा कामकारबाहीलाई अगाडि बढाउन तर्जुमा वा जारी गरिएको निर्देशिका।

कार्यसम्पादन (Transaction of business, performance)- *ना.* तोकिएको काम वा उत्तरदायित्वलाई पूरा गर्ने कार्य; कामको कार्यान्वयन; काम गराइ।

कार्यसम्पादन मूल्याङ्कन (Performance evaluation, performance appraisal)- *ना.प.* कार्यसम्पादनको वा कामको लेखाजोखा; काम वा जिम्मेवारीको मापन गर्ने कार्य वा आङ्कलन।

कार्यसम्पादन मूल्याङ्कन करार (Performance evaluation contract)- *ना.प.* सरकारी विभाग वा सङ्घसंस्थाका आयोजना वा कार्यालयको लक्ष्य, त्यस्तो लक्ष्य हासिल गर्नको लागि आवश्यक पर्ने बजेट, जनशक्ति र अन्य साधन स्रोत, त्यस्तो लक्ष्य हासिल गर्ने समय सीमा, प्राप्त हुनुपर्ने नतिजा वा अपेक्षित उपलब्धि, कार्यसम्पादन मूल्याङ्कनको सूचकाङ्क, आवश्यक अधिकारलगायतका कुरा खुलाई सूचकहरूका आधारमा कार्यसम्पादनको मूल्याङ्कन गर्ने गरी गरिएको करार; विभाग, कार्यालय वा सङ्घसंस्थाले गरेका कामकाजको बाहिरिया परामर्शसेवाद्वारा मूल्याङ्कन वा लेखाजोखा गराउन गरिने सम्झौता।

कार्यसम्पादन समिति (Performance Committee)- *ना.* [फा. कारबाही] कुनै निकाय, कार्यालय, विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान, औद्योगिक प्रतिष्ठान वा सङ्घसंस्थामा खासखास कामलाई प्रभावकारी बनाउन गठित समिति; कुनै काम सम्पन्न गर्ने एकभन्दा बढी व्यक्ति रहेको कार्यदल वा टोली; सामूहिक रूपले काम गर्न बनाइएको समिति।

कार्यसम्पादन सूचक (Performance indicator)- *ना.प.* कुनै पनि काम केकसरी सम्पादन गरिन्छ वा गरिएको भन्ने कुरा यकिन गर्न कामका विभिन्न खण्ड केकसरी सम्पन्न भए भन्ने सूचित गर्ने पूर्वनिर्धारित सूचक वा चरहरू; सार्वजनिक पदाधिकारीले सम्पादन गर्नुपर्ने कार्यका लागि कानूनद्वारा तोकिएका सूचक; कार्यसम्पादनको मापन गर्ने आधारहरू।

कार्यसूची (Agenda)- *ना.* सभा वा बैठकमा छलफल र निर्णय गर्नुपर्ने प्रस्तावहरूको सूची; कामको विवरण वा बाँडफाँड बारे लेखिएको कागज; कार्यतालिका; गर्नुपर्ने कामको सूची; एजेन्डा।

कार्यस्थल (Workplace)- *ना.* [स.] काम गर्ने स्थान वा ठाउँ; कामको सिलसिलामा रहनुपर्ने वा जानु पर्ने स्थान वा अवस्था; उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको स्थान वा

स्थल; सरकारी निकाय, सरकारी स्वामित्व रहेका सङ्गठित संस्था, कानूनबमोजिम स्थापित निकाय वा सङ्गठित संस्थाका संस्थागत कार्यसम्पादन गर्ने ठाउँ वा कार्यकक्ष; व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने इजाजतप्राप्त गरेका वा दर्ता भएका फर्म, निकाय वा सङ्गठित संस्था र तिनका कार्यसम्पादन स्थल वा कामकाज गर्ने कार्यकक्ष। *[हे. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ३ को खण्ड (च) को स्पष्टीकरण र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २ को खण्ड (ग)।]*

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (Sexual harassement at workplace)- *ना.प.* काम, पेसा वा व्यवसाय गर्ने ठाउँमा हुने वा दिइने यौनहैरानी; कार्यसम्पादन वा सेवाप्रवाह गरिने निकाय, प्रतिष्ठान वा संस्थापनाको पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा गरिने यौनहैरानी; कार्यस्थलमा यौनका आशयले कर्मचारी वा सेवाग्राहीका शरीरका कुनै अङ्गमा छुने वा छुने प्रयास गर्ने, अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गर्ने काम; कार्यस्थमा लेखेर, बोलेर वा इसारोले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गर्ने काम; कार्यस्थलमा यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गर्ने वा यौनका आशयले जिस्काउने, हैरानी दिने वा दुर्व्यवहार गर्ने काम। *[हे. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २ को खण्ड (घ)।]*

कार्यान्वयन (Implementation, enforcement, execution)- *ना.* काम सम्पन्न गराइ; नीति वा योजनालाई व्यवहारमा उतार्ने वा प्रयोगमा ल्याउने काम; नीतिगत वा कानूनी प्रावधानलाई प्रभावमा ल्याउने वा लागू गर्ने काम; नीति, कानून वा प्रावधानहरूलाई क्रियान्वयन गर्ने काम; क्रियान्वयन।

कार्यान्वयन नहुने वा हुन नसक्ने करार (Unenforceable contracts)- *ना.प.* अदालतबाट कार्यान्वयन गराउन नसकिने करार; कानूनको रीत नपुऱ्याई सम्पन्न गरिएको करार; करार गर्न सकिनेभन्दा बाहिरी विषयमा गरिएको कार्यान्वयन अयोग्य सम्झौता। *[हे. मुलकी देवानी संहिता, २०७४ को दफा ५१९।]*

कार्यालय (Office)- *ना.* [सं.] सरकारी वा अन्य सङ्घ, संस्था वा सङ्गठनको साङ्गठानिक कार्य सम्पादन गर्ने ठाउँ वा मुकाम; सरकारी, सार्वजनिक संस्था वा निकाय, अस्थायी वा आवधिक आयोग वा समितिका पदाधिकारीले कार्यसमयमा कामकाज गर्ने कक्ष वा स्थान; राष्ट्रप्रमुख, उपप्रमुख, विधायिका, कार्यपालिका र न्यायपालिका संवैधानिक निकाय, आयोग, सुरक्षा निकाय, बैङ्क वा वित्तीय संस्थाका पदाधिकारीहरूका कार्यसम्पादन गर्ने औपचारिक स्थान; अड्डा; कार्यस्थल। *[हे. लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा २ को खण्ड (क), आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (छ) र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ञ)।]*

कार्यालय प्रमुख (Office in charge, head of the office)- *नाप.* कार्यालयको मुख्य जिम्मेवार पदाधिकारी; हाकिम; मुख्याधिकारी; कार्यालयको प्रमुख भई काम गर्ने पदाधिकारी; कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी वा व्यक्ति। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ज)।]*

कार्यालय समय (Office hour)- *ना.* सेवाप्रदायकले सेवाग्राहीलाई सेवा प्रदान गर्नका लागि कार्यालय खुला रहने समय; बिदाको दिनबाहेक प्रत्येक दिन कार्यालय खुल्ने र बन्द हुने समयको बिचका कार्यघण्टाका समय; बिदा परेका दिनबाहेक सामान्यत: माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म शुक्रबारबाहेक बिहान १०:०० बजेदेखि दिनको १७:०० बजेसम्मको समय; कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि दिनको १६:०० बजेसम्मको समय; बिदा परेबाहेक प्रत्येक शुक्रबार बिहान १०:०० बजेदेखि दिनको १५:०० बजेसम्मको समय।

कालोबजार (Black-marketing)- *ना.* अनुचित व्यापारिक क्रियाकलाप; कुनै मालसामानको कृत्रिम अभाव खडा गरी अनुचित नाफा लिएर बिक्री गर्ने काम; मालसामानको अवैध किनबेच; अवैध व्यापार।

काष्ठपत्र (Wooden document)- *ना.* काठमा खोपिएको अभिलेख; काठपत्र; काठ खोपी गरिएको अभिलेख।

किताब (Book)- *ना.* [अ.] लेखिएको वा मुद्रण गरिएको प्राय: बाहिरी गाता बाक्लो र भित्र पत्रैपत्र पानाक्रममा रहेको ठेली; समग्र वा खण्डखण्ड रूपमा भौतिक वा विद्युतीय रूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको वा लिथो भएको पुस्तक, पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्सा वा मानचित्र; पुस्तक; ग्रन्थ। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ग)।]*

किताबखाना (Office of personnel records)- *ना.* निजामती, जङ्गी, शिक्षक तथा अन्य स्थायी सरकारी कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, बहाली, बर्खासी आदिको पूर्ण अभिलेख राख्ने कार्यालय वा निकाय; राष्ट्रसेवकहरूको सम्पूर्ण विवरण राख्ने अभिलेखालय; सेवाअभिलेख संरक्षण राख्ने निकाय।

कित्ता (Cadastral, plot of land)- *ना.* [अ. किता] टुक्रा; खण्ड; थान; गोटा; किसिम; श्रेणी; सङ्ख्या; चारैतिर साँधले घेरिएको र प्रत्येक स्थानमा हक, भोग र किसिममा समानता भएको जमिनको टुक्रा। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (क४)।]*

कित्ताकाट (Dividing land into plots)- *ना.* जग्गाको कुनै कित्तामध्येबाट भाग छुट्याउँदा वा टुक्रा गरी बेचबिखन गर्दा नापी अड्डाले लिखत तथा नापनक्साअनुसार पहिलेको कित्ता चिरफार गर्ने काम; ससीम कित्तालाई सानासाना टुक्रा कित्तामा परिणत गर्ने काम; एकै कित्ताबाट अनेक छुपट्टाछुट्टै कित्ता कायम गर्ने काम; कित्ताफोड।

कित्तानम्बर (Plot number)- *ना.* चारैतिर साँधले घेरिएको र प्रत्येक स्थानमा हक, भोग र किसिममा समानता भएको जमिनको टुक्रालाई जनाउन दिइएको आङ्किक नाम; जग्गाजमिनका अनेक कित्ताको सङ्ख्याङ्कन र सङ्ख्यात्मक नाम।

किनारा (Settlement, edge)- *ना.* विवाद भएको कुनै विषयमा लगाइएको टुङ्गो लगाउने काम; निर्णय; निधो; ठहर; फैसला; उपान्त; सीमान्त; छेउ; फड्के।

किपट (Free-hold land, tax free land, *Kipat*)- *ना.* पूर्वी नेपालका माझ किरात तथा पल्लो किरातमा मात्र तत्कालिन अवस्थामा राईलिम्बुहरूलाई लालमोहर गरेर दिइएको कहिल्यै राजिनामा हुन नसक्ने वा जसको नाममा सो जग्गा लेखिएको छ उसैका सन्तान दरसन्तानले

भोगचलन गर्नुपर्ने जग्गा; रैती बसाली तिरो लिन पाउने गरी सरकारद्वारा मन्जुर गरिएको एक किसिमको बिर्ता।

किपटिया (Tax free land owner, *Kipatiya*)- *ना.* किपट जग्गा पाउने व्यक्ति; किपट जग्गाको भोगाधिकारवाला।

किरिया बिदा (Obsequies leave, mourning leave)- *ना.प.* बाबुआमा, बाजेबज्यै, सासुससुरा, पतिपत्नी, छोराछोरीजस्ता निकटस्थ हकवाला वा आफन्तको निधन भई आफैले तिनको किरिया बस्नु परे वा काजक्रिया गर्नुपर्ने अवस्थामा शिक्षक, कर्मचारी वा कामदारले पाउने बिदा; शोक बिदा।

किर्ते/ कीर्ते (Forgery)- *वि.* [सं. कृत्य] जालझेल गरेर तयार पारिएको (कागजात); जाली; झुट्टो (कागज); बनावटी; कृत्रिम; नक्कली। *ना.* अन्य व्यक्तिको अधिकारमा हानिनोक्सानी गर्न वा आफू वा कसैलार्इ लाभ पुऱ्याउन कृत्रिम लिखत वा विद्युतीय अभिलेख तयार पार्ने वा परिवर्तन गर्ने कार्य; सद्देजस्तै देखिने पारी कृत्रिम छाप, दस्तखतसमेत लगाई लिखत बनाउने वा हेरफेर गर्ने काम।

किलोग्राम (Kilogram)- *ना.* [अङ्.] जुल सेकेन्ड एकाइमा व्यक्त गरिएको प्लाङ्क अचर राशीको निश्चित सङ्ख्यात्मक मान ६.६२६०७०१५x१०-३४ को आधारमा निकालिएको परिमाण र जुल सेकेन्ड बराबर किलोग्राम वर्गमिटर प्रति सेकेन्ड; वस्तुको पिण्ड वा द्रव्यमान (मास) मापन गर्ने अन्तरराष्ट्रिय मानक एकाइ; एक हजार ग्राम बराबरको मापन एकाइ; किलो। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ४ को उपदफा (१क) ।]*

किल्ला (Fort, citadel, castle)- *ना.* [अ. किला] प्रतिरक्षाका लागि चारैतिबाट घेरी सुरक्षित तुल्याइएको ठाउँ; गढी; दुर्ग; गढ; खावा; कोट; कोत।

किशोर-किशोरी (Adolescent, teenager)- *ना.* [स.] दश वर्षदेखि उन्नाइस वर्षका उमेर समूहका व्यक्ति; अल्पवयस्क; अवयस्क; अर्धसक्षम व्यक्ति; तरुण वयका व्यक्ति। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ग)।]*

किसान (Farmer, peasant, tenant, tiller)- *ना.* [सं. कृष्टम्] खेतीमा लागेको व्यक्ति; जग्गा जोत्ने र कमाउने व्यक्ति; खेतीपातीको काम गरेर जीविका चलाउने व्यक्ति; जग्गा जोत्ने

किसानको रूपमा सरकारी स्रेस्तामा दर्ता भएको वा जग्गा धनीसँग भएको बोलकबोलबमोजिम जग्गा जोतिआएको किसान; कृषिलाई मुख्य पेसा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक वा त्यस्तो नागरिकका परिवारसदस्य; वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा कृषिकर्म गर्ने व्यक्ति; परम्परागत कृषिऔजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकका परिवारका सदस्य। *[हे. उखडासम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ख), भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (छ) र खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख)।]*

किस्ता (Installment)- *ना.* [अ. किस्त] लेनदेन गर्दा विभिन्न समयमा दिनुपर्ने वा लिनुपर्ने भनी तोकिएको रकमको अंश; भुक्तानी गर्नुपर्ने रकमलाई विभिन्न भागमा बाँडी निश्चित समयको अन्तरालमा निश्चित अनुपात वा निश्चित रकममा क्रमश: भुक्तानी गर्ने भाजित रकमको अङ्क; महिना भुक्तान भएपछि कर्मचारीलार्इ दिइने तलब।

किस्ताबन्दी (Installment, peroidic payment)- *ना.* निर्धारित किस्ता रकम पटक-पटक गरी ऋण वा रकम बुझाउने तरिका; तोकिएको रकम विभिन्न किस्तामा बुझाउने सर्त; किस्ताको निश्चित रकम तथा बुझाउने समय निर्धारण गर्दाको सीमा; किस्ता बुझाउने काम वा व्यवस्था।

कीर्ति (Fame, reputation)- *ना.* [सं.] असल, महान् वा वीरतापूर्ण काम वा ठूलो सामाजिक योगदान गरे वा गुन लगाएबाट प्राप्त हुने र धेरै समयसम्म टिकिरहने सुनाम वा प्रसिद्धि; ख्याति, नेकनामी; परोपकारका लागि बनाइएका सार्वजनिक उपभोगका वस्तु (पाटी, पौवा, धारो, कुवा, मन्दिर) बनाइ समाजलाई टेवा दिँदा मिल्ने यश।

कुटपिट (Batterring, hurt)- *ना.* कुनै किसिमको शारीरिक पीडा पुऱ्याउने काम; कुनै काम गरी सङ्क्रामक रोग र मानव रोगप्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) बाहेकको अन्य कुनै रोग सार्ने काम; कुनै कार्य गरी अशक्त बनाउने काम; कुट्ने र पिट्ने काम; मारपिट; कुटाइपिटाइ; कुटामारी। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा 191 को उपदफा (2) को स्पष्टीकरण।]*

कुत (Money or grain payable to land owner by tenant)- *ना.* [पा. कुत्त] जग्गावालाको जग्गा कमाउन लिएबापत मोहीले जग्गावालालाई बुझाउने नगदी वा जिन्सी वा दुवै; कबुलअनुसार

खेतबारी कमाउँदा जग्गाधनीलाई बुझाउनुपर्ने निश्चित अन्न; बालीको ठेक्का; मोहीबाट तल्सिङले पाउने अन्न बाली; धनीबुटी; तिरोभरो। *[हे. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (घ)।]*

कुथेर (Revenue office during Licchavi period)- *ना.* [कि.] राजस्व उठाउने र भूमिसम्बन्धी काम गर्ने लिच्छविकालीन अड्डा; भूराजस्व हेर्ने निकाय।

कुथेर अधिकरण (Branch of revenue office during *Licchavi* reigme)- *ना.प.* लिच्छविकालमा कर उठतीपुठ्ती गर्ने र करसम्बन्धी विवाद निरूपण गर्ने निकाय; राजस्व न्यायाधिकरण।

कुपोषण (Malnutrition)- *ना.* [सं] शरीरलाई चाहिने प्रोटिन, ऊर्जा, भिटामिन, खनिजतत्त्वजस्ता पोषक तत्वको अपर्याप्तता; पौष्टिक आहारको असन्तुलन वा अपर्याप्तता; न्यून पोषण वा अधिपोषण; शारीरिक र मानसिक विकासमा नकारात्मक असर पुग्ने गरी पौष्टिक आहार उपभोग भएको अवस्था। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०८० को नियम २ को खण्ड (ख)।]*

कुमारीचोक अड्डा (Government due recovery office under Rana regime, an auditing office before *Rana* regime)- *ना.प.* राणाकालभन्दा पहिले कुमारीचोकमा स्थापना भएको सरकारी अड्डाखानाको हिसाब (बही) बुझ्ने अड्डा; सरकारी अड्डाखानाको हिसाब बुझ्ने अर्थमन्त्रालय-अन्तर्गतको एक अड्डा।

कुरिया (A farmer or a tenant who becomes the caretaker of others house and land, tenant)- अरूको जग्गाजमिनमा घरबास गरी तिरो तिरेर बस्ने रैती, वितावालको जग्गामा घर बनाएर बस्ने मोही (एक प्रकारको बाँधा); अर्काको जमिनमा अस्थायी रूपमा घरबार गरि बस्ने रैती।

कुरूप (Disfigured)- *वि.* [सं.] छाँट नमिलेको; रूप बिग्रेको वा बिगारिएको; आकृतिभङ्ग गरिएको।

कुल फस्यौंट (Total clearance)- *ना.प.* सेवाग्राहीको आदेशबमोजिम छुपट्टाछुट्टै तरिकाले गरिने कारोबारको फस्यौंट; पूरा फछर्योट। *[हे. भुक्तानी तथा फस्यौंट ऐन, २०७५ को दफा ३२ को उपदफा (५) को स्पष्टीकरण।]*

कुलतन्त्र (A system ruled by the particular family)- *ना.* [सं.] कुनै खास कुलको मुख्य व्यक्तिले नै राज्यको शासन चलाउने शासन प्रणाली; वंशतन्त्र; जहानियाँ शासन।

कुलधुल (Incest)- *ना.* [सं.] हाडनाताभित्रको यौनाचरण वा यौनक्रीडा; हाडनाता पर्ने मानिसका बिचको यौनसम्बन्ध; कुललाई कलङ्कित पार्ने काम।

कुलपति (Chancellor)- *ना.* [सं.] विश्वविद्यालय, विद्यापीठ वा प्रतिष्ठान आदिका उच्च अधिकारी; दश हजार वटुक वा विद्यार्थीलाई शिक्षादीक्षा गर्ने गुरुकुल वा आचार्यकुलको प्रमुख; कुलाध्यक्ष।

कुलीनतन्त्र (Aristocracy)- *ना.* [सं.] अभिजात वर्गद्वारा शासित राज्य व्यवस्था; उच्च कुलको दाबेदार व्यक्तिले चलाउने राज्यशासन प्रणाली।

कुशबिर्ता (Tax free land granted to the *Brahmin*)- *ना.* [सं.] राजा माहाराजाबाट हातमा तिलकुश लिई सबै तिरोको रकम माफ गरेर बाह्यणलाई दानका रूपमा दिएको बिर्ता (जग्गा); सङ्कल्प गरेर दान गरिएको भूमि।

कूटनीति (Diplomacy)- *ना.* [सं.] राष्ट्रराष्ट्रबिचका पारस्पारिक सम्बन्ध वा त्यस्तो सम्बन्ध दक्षतापूर्वक सञ्चालन गर्ने नीति; राष्ट्रले आफ्नो परराष्ट्र नीति, सम्बन्ध र राजनीतिलाई सञ्चालन गर्ने नीति; चतुर नीति; कुटिल नीति।

कूटनीतिक (Diplomatic)- *वि.* [सं.] कूटनीतिसँग सम्बन्धित; कूटनीतिको; कूटनीतिविषयक।

कूटनीतिक उन्मुक्ति (Diplomatic immunity)- *नाप.* कूटनीतिक पदमा कार्यरत कर्मचारी वा प्रतिनिधिले फौजदारी दायित्वबाट पाउने छुट; कूटनीतिक कारणले बन्धन, अभियोग आदिबाट छुट्ने वा मुक्त हुने काम वा अवस्था।

कूटनीतिक नियोग (Diplomatic mission, embassy)- *नाप.* एक राष्ट्रले अर्को राष्ट्रसँग आफ्नो कूटनीतिक सम्बन्ध सुमधुर राख्न र कूटनीतिक कार्य सम्पादन गर्न राखेको कार्यदल; कुनै देशले अर्को देशमा कूटनीतिक कार्य सम्पादन गर्न स्थापना गरेको नियोग; कुनै विदेशी मुलुकमा रहेका स्वदेशका राजदूतावास, स्थायी नियोग, महावाणिज्य दूतावास, वाणिज्य दूतावास, विशेष नियोग; कूटनीतिक कार्य गर्न सरकारले स्थापना गरेको विदेशस्थित कुनै कार्यालय। *[हे.*

विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा २ को खण्ड (ख), राहदानी ऐन, २०७६ को दफा २ को खण्ड (ख) र अध्यागमन नियमावली, २०५१ को नियम २ को खण्ड (ङ)।]

कूटनीतिक नियोग प्रमुख (Head of the Diplomatic mission)- *नाप.* विदेशस्थित आफ्ना नियोगका काम गर्न सरकारले खटाएको मुख्य व्यक्ति; कुनै देशले अर्को देशमा कूटनीतिक कार्य सम्पादन गर्न स्थापना गरेको नियोगको प्रमुखको हैसियतमा काम गर्ने गरी नियुक्त वा तोकेको व्यक्ति; विशेष दूत, राजदूत। *[हे. विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा २ को खण्ड (ग)।]*

कूटनीतिक नियोगको घर र हाता (Building and premises of diplomatic mission)- *नाप.* जोसुकैको स्वामित्वको भए पनि कूटनीतिक नियोगको प्रमुखको आवास भवन र त्यसको हाता; कूटनीतिक नियोगको कुनै काममा प्रयोग गरिएको भवन वा त्यसको कुनै भाग र त्यसले चर्चेको जग्गा। *[हे. विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा २ को खण्ड (झ)।]*

कूटनीतिक पद (Diplomatic post)- *नाप.* कुटनीतिक नियोगमा कुटनीतिक कार्यसम्पादन गर्ने अधिकारीको पद; राजदूत, वाणिज्यदूत, स्थायी प्रतिनिधि, सर्वाधिकारीजस्ता कूटनीतिक कामसँग सम्बन्धित पद।

कूटनीतिक प्रतिनिधि (Diplomatic agent)- *नाप.* कूटनीतिक नियोग प्रमुख; कूटनीतिक कर्मचारी। *[हे. विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा २ को खण्ड (ङ)।]*

कूटनीतिक भिसा (Diplomatic visa)- *नाप.* कुनै पनि मुलुकबाट कूटनीतिक राहदानी प्राप्त गरी सम्बन्धित विदेशी कूटनीतिक नियोगबाट कूटनीतिक व्यक्ति भनी सिफारिस गरी पठाएको व्यक्तिले पाउने भिसा; सरकारबाट कूटनीतिक सुविधा प्रदान गर्न उपयुक्त ठहऱ्याएको व्यक्ति र निजका परिवारका सदस्यलाई दिइने भिसा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम ४ को उपनियम (१)।]*

कूटनीतिक राहदानी (Diplomatic Passport)- *ना.प.* सरकारी कामको सिलसिलामा वा विशेष कामको लागि विदेश भ्रमणमा जाने पदाधिकारीलाई सम्बन्धित मन्त्रालय, संवैधानिक निकाय वा सचिवालयको निर्णय वा सिफारिस भए बमोजिम जारी हुने राहदानी; सामान्य नागरिकलाई दिइनेभन्दा भिन्न खालको पारपत्र। *(हे. राहदानी ऐन, २०७६ को दफा 6।)*

कूटनीतिक सुविधा (Diplomatic facility)- *ना.प.* कूटनीतिक हिसाबले महसुल छुट दिइने वा पाउने सुविधा; कुनै मालवस्तु जाँच नगरी, महसुल नलिई लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सहुलियत। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ग)।]*

कूटनीतिक सुविधाप्राप्त सवारी (Motor vehicle with diplomatic facility)- *ना.प.* कूटनीतिक नियोग वा कूटनीतिक सुविधा पाउने कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भएको सवारी; कूटनीतिक प्रतिनिधिले प्रयोग गर्ने सवारीका प्रकृतिमा दर्ता भएको सवारी साधन। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ङ) र दफा ११।]*

कृति (Creation, article)- *ना.* [सं.] कुनै रचना वा सिर्जना; पुस्तक चित्रकला, मूर्तिकला जस्ता कलाकृति; ग्रन्थ।

कृत्रिम (Artificial)- *वि.* [सं.] अप्राकृतिक; अस्वाभाविक; अमौलिक; बनावटी; नक्कली; बनिबनाउ; सिर्जित।

कृषि कार्य (Agricultural activity, farming)- *ना.* बालीनाली लाउने, गोडमेल गर्ने, बाली उठाउने र भण्डारण गर्ने काम; बाली उत्पादन, सङ्कलन, भण्डारण र प्रशोधन गर्ने कार्य। *[हे. बीउबिजन ऐन, २०४५ को दफा २.१.३।]*

कृषि तथा वन पैदावारमा आधारित उद्योग (Agriculture and forest product-based industry)- *ना.प.* खेतीपाती वा जङ्गली कच्चा पदार्थको प्रशोधन गरी बनीबनाउ वस्तु उत्पादन गर्ने उद्योग; कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने उद्योग; कृषि वा वन पैदावारसँग सम्बन्धित औद्योगिक व्यवसाय गर्ने उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (ग)।]*

कृषि वन प्रणाली (Agro-forestry system)- *ना.प्र.* एउटै जग्गामा बहुवर्षीय रुख प्रजातिका साथै अन्नबाली वा फलफूल वा घाँसेबाली लगाउने व्यवस्था; वनव्यवस्थापन बरबगैँचासरह गर्दै मत्स्यपालन वा पशुपालनसाथ एकीकृत रूपमा खेती गर्ने प्रणाली; जग्गालाई वन र आवादीको मिश्रित स्वरूपमा उपयोग गर्ने प्रणाली। *[हे. वन ऐन, २०७६ को दफा ७६ को स्पष्टीकरण।]*

कृषि व्यवसाय (Agricultural business)- *ना.* [सं.] बालीनाली लगाउने, उब्जाउने र पैदावारको भण्डारण उपभोग, सञ्चय र बेचबिखन गर्ने पेसा वा वृत्ति; खेतीपाती वा पशुपालन; सार्वजनिक वा निजी जमिनबाट बालीनाली उत्पादन गर्ने वा जमिन प्रयोग गर्ने मोहीबाट कुत वा बाली प्राप्त गर्ने व्यवसाय। *[हे. आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (६) को स्पष्टीकरण।]*

कृषिक्षेत्र (Agricultural land)- *ना.* कृषिबाली उत्पादन, पशुपक्षी पालन, फार्म हाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेतीलगायत कृषिजन्य उत्पादन गरिने जग्गाजमिन; बागवानी वा वन बाटिका, जडिबुटी र कृषिवनका लागि प्रयोग भएका वा हुनसक्ने जग्गाजमिन। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (घ)।]*

कृषिजन्य उत्पादन (Farm products)- *ना.प्र.* कृषि व्यवसायबाट हुने अनाज, फलफूल, सागसब्जी; पशुपक्षीजस्ता उत्पादन; कृषि व्यवसायमा संलग्न धितो दिने व्यक्तिको कटान नगरिएका रुखबाहेक हुर्केको, हुर्कदै गरेको वा पछि हुर्कने बालीनाली, जलचर, घरपालुवा पशुपक्षी (भविष्यमा जन्मने समेत); खेतीपातीको सिलसिलामा प्रयोग भएको वा सोबाट उत्पादन भएका मालसामान र बालीनाली वा घरपालुवा पशुबाट उत्पादित तयारी अवस्थामा नपुगेका उत्पादन। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ज)।]*

कृषियोग्य भूमि (Agricultural land, cultivable land)- *ना.प्र.* खेतीपाती गर्न उपयुक्त जग्गाजमिन; कृषिको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा कृषि कार्य गर्न-गराउनका लागि निर्धारित भूमि। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ग)।]*

कृषिश्रमिक (Agriculture labourer/worker)- *ना.* [सं.] कृषिमजदुर; कृषिक्षेत्रमा ज्यालामा बनी गरी जीविकोपार्जन गर्ने व्यक्ति। *[हे. ट्रेड यूनियन ऐन, २०४९ को दफा २ को खण्ड (ख१)।]*

केन्द्रीकरण (Centralization)- *ना.* [सं.] केन्द्रमा नै समेट्ने वा केन्द्रद्वारा सबै कार्य परिचालन गर्ने काम; केन्द्रित गर्ने वा पार्ने काम; केन्द्रको अधीनमा ल्याउने वा राख्ने काम; सम्पूर्ण शक्तिलाई केन्द्रमा राख्ने काम। *तुल.* विकेन्द्रीकरण।

केन्द्रीय अनुसन्धान ब्युरो (Central Investigation Bureau)- *नाप.* अपराध अनुसन्धान गर्न गठित विशिष्टिकृत प्रहरी समूह; अपराधको गम्भीरता, प्रकृति, संलग्न गिरोह वा त्यसले शान्ति सुरक्षामा पार्ने असरको गम्भीरताका आधारमा त्यस्ता अपराधको विशिष्टिकृत अनुसन्धान गर्न गठित ब्युरो; कुनै प्रहरी कार्यालयबाट भइरहेको वा हुने अनुसन्धानका कार्यमा सहयोग गर्ने प्रहरी ब्युरो। *[हे. केन्द्रीय अनुसन्धान ब्यूरो (स्थापना र कार्य सञ्चालन) नियमावली, २०७० को नियम २ को खण्ड (ग) ।]*

केन्द्रीय कानूनी सहायता समिति (Central Legal Aid Committee)- *नाप.* असमर्थ व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने निकाय; असमर्थ पक्षको न्यायमा पहुँच र कानूनी प्रतिनिधित्व स्थापित र सञ्चालित गर्ने सङ्घीय वा केन्द्रीय समिति। *[हे. कानूनी सहायतासम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (ख) ।]*

केन्द्रीय कार्यालय (Headquarters, head office, central office)- *नाप.* प्रधान कार्यालय; कुनै निकाय, संस्था वा सङ्गठनको मुख्य कार्यालय; केन्द्र स्तरको कार्यालय।

केन्द्रीय चलचित्र जाँच समिति (Central Motion Picture Censor Board)- *नाप.* केन्द्रीय सेन्सर बोर्ड; स्वदेशी तथा विदेशी चलचित्र जाँचपास गर्न अधिकारप्राप्त केन्द्रीय स्तरमा गठित समिति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम 16 को उपनियम (१) ।]*

केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति (Central Senior Citizen Welfare Committee)- *नाप.* बृद्धावस्थाका नागरिकहरूको हितमा काम गर्ने सङ्घीय सरकारी निकाय; ज्येष्ठ नागरिकको हेरविचार, स्याहार गर्ने तथा तिनलाई सामाजिक सुरक्षा गर्ने राष्ट्रिय स्तरको सरकारी समिति। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १३ को उपदफा (१) ।]*

केन्द्रीय तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियन्त्रण समिति (Central Committee for Control of Acids and Other Hazardous Chemical Substances)- *नाप.* तेजाब र अन्य घातक

रासायनिक पदार्थको नियमन र नियन्त्रण गर्ने सङ्घीय सरकारी निकाय; तेजाब वा अन्य घातक रासायनिक पदार्थको नियन्त्रण गर्ने गराउने सरकारको केन्द्रीय स्तरको समिति। *[हे. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २ को खण्ड (ञ) र दफा १६ को उपदफा (१)।]*

केन्द्रीय निकाय (Central body)- *नाप.* एकात्मक राज्यप्रणालीअन्तर्गत सरकारका कार्यविभाजनअनुसारका शीर्ष निकाय; सङ्घीय राज्यप्रणाली ढाँचामा सङ्घीय सरकारका मन्त्रालय, संवैधानिक निकाय, आयोग, सचिवालय वा सङ्घीय तहको कार्यसञ्चालन गर्ने निकाय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ङ)।]*

केन्द्रीय न्याय क्षेत्र समन्वय समिति (Central Judicial Sector Coordination Committee)- *नाप.* न्याय क्षेत्रसँग सम्बन्धित निकायबिच समन्वय गर्ने संयन्त्र; सर्वोच्च अदालत, मातहतका अदालत तथा न्यायिक निकायहरूको कामकारबाही सुव्यवस्थित ढङ्गले सञ्चालन गर्न विभिन्न निकायबिच समन्वय गर्ने कार्य गर्न सर्वोच्च अदालतमा गठित समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम 117 को उपनियम (१)।]*

केन्द्रीय बजार अनुगमन समिति (Central Market Monitoring Committee)- *नाप.* उपभोक्ताको हक, हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धताको अनुगमन वा सुपरीवेक्षणमा संलग्न निकायहरूबीच समन्वयको समेत काम गर्ने अनुगमन समिति; वस्तु र सेवाको बजारको निगरानी गर्ने निकाय।

केन्द्रीय बालन्याय समिति (Central Juvenile Justice Committee)- *नाप.* बालन्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायहरूबिच समन्वय गर्ने निकाय; प्रभावकारी रूपमा बालन्याय सुनिश्चित पार्न न्यायिक नीति तर्जुमा गर्ने र समन्वयात्मक रूपले कार्यान्वयन गराउने सङ्घीय तहको समिति। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४6 को उपदफा (1)।]*

केन्द्रीय लगत कट्टा समिति (Central Backlogs Clearing Committee)- *नाप.* असुलउपर वा भुक्तान हुन बाँकी रहेका कैद, जरिबाना वा सरकारी बिगो छुट वा माफिमिनाहा दिई तिनको बक्यौता अभिलेखबाट हटाउन अख्तियारप्राप्त समिति; सर्वोच्च अदालतमातहत फैसला

कार्यान्वयन निर्देशनालयको कैद, जरिबाना वा सरकारी बिगोका लगत कट्टा गर्ने समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३६ को उपनियम (१)।]*

केन्द्रीय विद्युतीय तथ्याङ्क भण्डार (Central Electronic Data Repository)- *ना.प.* नागरिक वा व्यक्तिहरूको व्यक्तिगत तथा जैविक तथ्यहरूको अभिलेखको एकीकृत विद्युतीय सूचनावली; कानूनी प्रयोजनसमेतका लागि सङ्कलन गरिएका वैयक्तिक तथा जैविक विवरणहरूको उपयोगी एकीकृत भण्डार। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३० को उपदफा (१)।]*

केन्द्रीय शासन (Central governance)- *ना.प.* केन्द्रीय सरकारमा शासनसत्ताको अधिकार रहने र केन्द्र वा राजधानीबाटै देशको सम्पूर्ण शासन चलाउने व्यवस्था; केन्द्रीकृत शासन प्रणाली। *तुल.* सङ्घात्मक शासन।

केन्द्रीय सरकार (Central government)- *ना.प.* सङ्घात्मक राज्यप्रणालीमा रहेर राष्ट्रिय स्तरमा देशको शासन व्यवस्था सञ्चालन गर्ने मुख्य सरकार; सङ्घीय सरकार; केन्द्रमा रहेको सरकार; देशको राजधानीमा रहेर शासन गर्ने सरकार।

केबुल (Cable)- *ना.* [अङ्.] बिजुलीका तारको सञ्जाल; टेलिकास्टको तरङ्ग प्रवाहित हुने माध्यम; कुनै निश्चित प्रसारण केन्द्रबाट तारका माध्यमद्वारा प्रसारण सामग्री विभिन्न ग्राहक, सदस्य वा उपभोक्तासमक्ष पुऱ्याउने भौतिक माध्यम। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (छ)।]*

केरकार (Interrogation)- *ना.* [द्वि. केर] अभियुक्त वा दोषीलार्इ सोधपुछ गर्ने काम; सोधपुछ गर्दै तथ्य पत्ता लगाउने कार्य; कारकेर; सोधखोज; सवाल वा प्रश्न गर्दै जवाफ माग्ने काम; कोर्ने वा केर्ने काम।

केलभिन (Kelvin)- *ना.* [अङ्.] जुल प्रति केलभिन एकाइमा व्यक्त गरिएको बोल्जमेन अचर राशीको निश्चित सङ्ख्यात्मक मान १.३८०६४९□१०-२३ को आधारमा निकालिएको थर्मोडाइनामिक तापक्रम; जुल प्रति केलभिन बराबर किलोग्राम वर्गमिटर प्रति वर्ग सेकेन्ड प्रति केलभिनको मान। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ७ को उपदफा (२)।]*

कैद (Imprisonment)- *ना.* [अ.] घुमफिर गर्नेलगायतका स्वतन्त्रताबाट वञ्चित गरी दिइने दण्ड वा सजाय; कारागार वा थुनामा बसी जीवन बिताउनुपर्ने प्रकृतिको दण्ड वा सजाय; कारावास; कैदखानामा रहने बन्दी जीवन; बन्देज।

कैदपट्टा (Remission of imprisonment)- *ना.* कैद सजाय भई कैदमा रहेका कसुरदारको कैदमा रहँदा चालचलनमा सुधार आएमा निजलाई ठेकिएको कैदमा दिइने छुट; भएको कैद सजायको केही भाग छोट्याइदिने काम।

कैदखाना (Jail, prison)- *ना.* अपराधीलाई कैद गर्ने ठाउँ; जेल, बन्दीगृह, कारागार।

कैदी (Prisoner)- *ना.* [अ.] कैदबन्दी; अदालतको फैसलाबमोजिम सजाय पाई कारागारमा रहेको व्यक्ति; कैदसजाय ठेगिई थुनामा राखिएको बन्दी; कैद वा कारावासको सजाय पाई थुनामा रहेको व्यक्ति; दण्डबापत कारावास भोगिरहेको व्यक्ति; सजायाफ्ता बन्दी; दण्डभार वहनकर्ता बन्दी। *[हे. कारागार ऐन, २०७९ को दफा २ को खण्ड (ङ) ।]*

कैफियत (Remarks)- *ना.* [अ.] कुनै कारण वा कुरा प्रष्ट्याउनका लागि कागजपत्रको आखिरी महलमा लेखिने व्यहोरा; विशेष विवरण; छुट वा अतिरिक्त बेहोरा; कैफत।

कैफियत तलब (Elucidation, examination)- *ना.प.* नबुझिएको र स्पष्ट खुलाई जबाफ दिनुपर्ने कुरा सम्बन्धित अड्डा अदालत वा अधिकारप्राप्त तहबाट बुझ्ने र स्पष्टीकरण माग्ने काम; लिखित सोधनी।

कैफियत प्रतिवेदन (Examination Report)- *ना.प.* पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको कामकारबाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने थाहा पाएमा सो मुद्दाको मिसिल झिकाई वा कैफियत तलब गरी बुझ्दा तल्लो अदालतबाट दिने पुष्ट्याइँ; लिखित सोधनीको उत्तरका रूपमा पेस हुने प्रतिवेदन।

कोकाको झार र पात (Plants and leaves of coca)- *ना.प.* सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग्स, १९६१ ले परिभाषा गरेअनुसार एरिथ्रक्सिलोन मूलको जुनसुकै जातको झार र पात; पातमा कोकिन नामक उत्तेजक पदार्थ रहने वानस्पतिक बुटो र त्यसका पात।

कोटा (Quota)- *ना.* [अङ्.] कुनै वस्तुको सीमित सङ्ख्या वा मात्रा वा हिस्सा; कसैसँग लिन वा कसैलाई दिन निश्चित बिक्रीवितरण हुने वस्तु र योजना पूरा गरिदिने खर्चमा अनुपातले पाइने सम्पूर्ण भागको एक पटकमा दिइने वा लिइने अंश वा हिस्सा वा भाग; सबै वा कसैलाई भाग पुऱ्याउन छुट्याइएको वा राखिएको भाग।

कोटिलिङ्ग अदालत (Apex civil court during *Malla* reign)- *ना.प.* मल्लकालीन नेपालको सबैभन्दा माथिल्लो देवानी अदालत; एक कोटि शिवलिङ्ग रहेका ठाउँमा स्थापित अदालत।

कोठारी (Caretaker of grainary)- *ना.* जिमीदारको जग्गामा धनसारको जिम्मालिने व्यक्ति; कोठार (धनसार) को रक्षक वा धरालो; ढुकुटीको खटनपटन गर्ने अधिकारी।

कोठी (Brothel)- *ना.* [कोठो+ई] औपस्थिक क्रियाकलाप हुने घर वा कोठा; यौनव्यापारका लागि प्रयोग गरिने घर वा चोटाकोठा।

कोत (Arsenal)- *ना.* [सं. कोट्ट] सैनिक खरखजाना तथा हातहतियार आदि राखिने घर; मौलो पूजा गरिने ठाउँ; कोट।

कोतवाल (Incharge of police station)- *ना.* [सं. कोट्टपाल] केन्द्र; किल्ला वा सीमामा स्थानीय शान्तिसुरक्षाका लागि राखिएको प्रहरी अधिकृत; थानेदार।

कोतवाली (Police station)- *ना.* प्रहरीसम्बन्धी काम कारबाही र सानातिना फौजदारी मुद्दाको कारबाही गर्ने कोतवालको अड्डा वा थाना।

कोते (Guard of an arsenal)- *ना.* [कोत+ए] बन्दुक आदि राख्ने ठाउँको रेखदेख गर्ने सरकारी जागिरदार; कोत रखालो; कोतपाले।

कोरी (Quire of paper, unit of twenty sheet of papers)- *ना.* [अङ्. स्कोर] बिसको सङ्ख्यालाई एक एकाइ मानेर गणना गर्ने प्रणालीअनुसार बिस वटा वस्तुको समूह; एक बिस; बिस ढेप कागजको ठेली, चाङ वा खात।

कोर्ट अफ इन्क्वायरी (Court of Inquiry)- *ना.प.* सैनिक अदालत वा प्राडविवाकको अधिकारक्षेत्रमा पर्ने सैनिक कसुरबारे छानबिन गर्ने निकाय; सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले कसुर गरेको जानकारी हुन आएमा प्रधान सेनापति आफैले वा निजले अधिकार

प्रत्यायोजन गरेका पृतनापति, बाहिनीपति वा युनिटपतिद्वारा गठन हुने छानबिन वा अनुसन्धानकारी निकाय। *[हे. सैनिक अदालत नियमावली, २०६४ को नियम २ को खण्ड (ख)।]*

कोर्टफी (Court fee)- *ना.* [अङ्.] देवानी मुद्दा दर्ता गर्दा अदालतमा लाग्ने दस्तुर वा शुल्क; अधिकरणशुल्क; अदालती शुल्क।

कोर्टमार्सल (Court martial)- *ना.* [अङ्.] सैनिक अदालत; सैनिक कर्मचारीले गरेका सेवासम्बन्धी कसुर वा अनुशासनसम्बन्धी मुद्दामामिला सैनिक अधिकारीद्वारा हेरिने अदालत; सैनिक वा सेनासम्बन्धी मुद्दा हेर्ने अदालत।

कोष (Fund, treasury)- *ना.* [सं.] जुनसुकै तरिकाले प्राप्त भएको वा सोबाट बढे बढाएको वित्तीय सम्पत्ति, आर्थिक साधन स्रोत वा मूर्त वा अमूर्त, चल वा अचल, भौतिक वा अभौतिक कुनै पनि प्रकारको सम्पत्ति; बैङ्क कर्जा, यात्रु चेक, बैङ्क चेक, धनादेश, सेयर, धितोपत्र, ऋणपत्र, ड्राफ्ट, प्रतीतपत्रजस्ता आर्थिक वा वित्तीय स्रोतसाधन; मौद्रिक वा वित्तीय सम्पत्तिका रूपमा रहने उपकरण वा स्रोतसाधनउपर विद्युतीय वा अन्य प्रकारले हक भएका वा हित रहेको कानूनी कागजात, निस्सा, प्रमाणपुर्जा वा यस्तै उपकरण; भण्डार, ढुकुटी वा खजाना; मुद्रा वा वित्त राशी। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ङ)।]*

कोष तथा लेखानियन्त्रक कार्यालय (District Treasury Controller Office)- *नाप.* सरकारी निकायहरूको वित्तीय कोष तथा हिसाबकिताबको अभिलेख जाँच्ने; आन्तरिक लेखापरीक्षण गर्ने कार्यालय; सरकारी कोष र लेखा हेर्ने महालेखा नियन्त्रक कार्यालयमातहत रहेको जिल्ला स्तरीय कार्यालय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ञ) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (च)।]*

कोषपाल (Treasurer)- *ना.* कोषाध्यक्ष; ढुकुटीको सुरक्षा गर्ने व्यक्ति; खजान्ची।

कोषागार (Store house)- *ना.* अन्नपात वा धनसम्पत्ति सञ्चय गर्ने घर वा कक्ष; ढुकुटी; धनसार, भँडार।

कोस (Measurement of land, measures of two miles)- *ना.* [सं. क्रोश] एक हजार हात बराबरको नाप; जमिनको लम्बाइ नाप्दा दुई माइल लामो परिमाण; तीन किलो मिटर एक सय बीस मिटर दूरी।

कौसल (Advisory council during the Rana regime)- *ना.* [अङ्. काउन्सिल] राणाकालमा महत्त्पूर्ण विषयमा निर्णयमा पुग्न खडा गरिएको कानूनविद्हरूको सभा; भारदारी सभा; शासकलाई शासनसम्बन्धी सरसल्लाह दिने अड्डा; कानून तथा न्यायसम्बन्धी काम गर्ने अड्डा; परामर्श दिने निकाय।

कौसीतोसाखाना (An office functioning as treasury office prior to the establishment of Nepal Rastra Bank)- *ना.* [सं. कोष (कौसी)+*तु.* तोशा (बहुमूल्य गहना)+*फा.* खाना (कोठा)] स्थापना हुनुअघि सरकारी ढुकुटीको रूपमा काम गर्ने अड्डा; सदर र जिल्लामा सरकारी चल सम्पत्ति राख्ने भँडारघर।

क्यान्डेला (Candela)- *ना.* [अङ्.] प्रत्येक वर्गमीटर १.१३२५ न्यूटन चापमा प्लाटिनम जम्ने तापक्रममा कृष्ण पिण्ड (ब्लाक बडी) को १।६००००० वर्गमिटर सतहको लम्ब दिशाको प्रकाश तीब्रता (लुमिनस इन्टेन्सिटी); अन्तरराष्ट्रिय एकाइ प्रणालीअनुसारको प्रकाशको चमक मापन गर्ने एकाइ; एउटा निश्चित दिशामा प्रकाशस्रोतले छर्ने प्रकाशको मात्रा। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ८ को उपदफा (२)।]*

क्यासिनो (Casino)- *ना.* [अङ्.] बाजी खेल; लङ्गुरबुर्जा, पत्ता, रूलेट, स्लट मेसिनका माध्यमबाट खेलिने जुवा; पर्यटकका मनोरञ्जनको लागि परम्परागत रूपमा वा आधुनिक मेसिन वा उपकरणको माध्यमबाट क्यासिनो स्थलमा बाजी राखी रकम जितहार हुने गरी खेलिने खेल। *[हे. क्यासिनो नियमावली, २०७० को नियम २ को खण्ड (ग)।]*

क्यासिनो खेलाडी (Casino player)- *नाप.* जुवाडे; क्यासिनो खेल्ने व्यक्ति। *[हे. क्यासिनो नियमावली, २०७० को नियम २ को खण्ड (ङ)।]*

क्यासिनो स्थल (Casino venue)- *नाप.* जुवाघर; खाल; क्यासिनो खेल्न इजाजतपत्रमा तोकेको स्थान र सोको परिसर। *[हे. क्यासिनो नियमावली, २०७० को नियम २ को खण्ड (घ)।]*

क्युरियो (Curio)- *ना.* [अङ्.] विचित्र सजावटी सामान; कलापूर्ण सौगात; एक सय वर्ष ननाघेको हस्तकलाद्वारा निर्मित वस्तुहरू। *[हे. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २ को खण्ड (ग)।]*

क्रमसङ्ख्या अङ्कित सवारी साधन (Serial numbered vehicle)- *नाप.* क्रमसङ्ख्याङ्कन गरिएका सवारी साधन; धितो दिने व्यक्तिको मौजदातमा रहे बाहेकका अन्य सवारी साधन, सवारी साधनको टेलर, हवाईजहाज वा यन्त्रजडित डुङ्गा। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (छ)।]*

क्रय (Purchase)- *ना.* [सं.] किन्ने वा खरिद गर्ने काम; नगदले सामान लिने काम; खरिद। *तुल.* विक्रय।

क्रयशक्ति (Purhasing power)- *ना.* [सं.] उपभोग्य वस्तु किन्ने क्षमता वा सामर्थ्य; आर्थिक वा वित्तीय क्षमता।

क्रियाकलाप (Activities)- *ना.* [सं.] गतिविधि; बेहोरा; व्यवहार; काम वा क्रियाको समूह; कुनै क्षेत्र वा समयमा हुने कामकाज; कार्य। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (च)।]*

क्रु (Crew)- *ना.* [अङ्.] चालकदल; जहाज सञ्चालनमा संलग्न पाइलट, कोपाइलट, फ्लाइट इन्जिनियर, रेडियो अफिसर, फ्लाइट नेभिगेटर, एयर होस्टेज, केबिन एसिस्टेन्ट र पर्सरहरू। *[हे. गैरसैनिक हवाई उडान नियमावली, २०५२ को नियम २ को खण्ड (छ)।]*

क्रूर (Cruel)- *वि.* [सं.] निर्मम; कष्टदायक; निर्दयी; दुष्ट।

क्रेता (Purchaser)- *वि.* [सं.] किन्ने; गाहकी; किनमेल गर्ने; खरिदे; खरिद गर्ने।

क्रोडपत्र (Appendix, supplement)- *ना.* [सं.] पत्रपत्रिकामा बिचमा घुसाइने समसामयिक महत्त्वका विषय छापिएका अलग पाना; अतिरिक्त पाठ्यसामग्री; थपुवा अंश; पूरक सूचीपत्र।

क्लिनिकल ट्रायल (Clinical trial)- *नाप.* कार्यमूलक जाँच वा परीक्षण; कुनै नयाँ औषधी प्रयोगमा ल्याउन उचित छ वा छैन भन्ने कुरा यकिन गर्ने उद्देश्यले अस्पताल वा चिकित्सालयमा रोगी वा अन्य व्यक्तिको स्वेच्छानुसार निजलाई सेवन गराई वा खोप लगाई

परीक्षण गर्ने कार्य; नैदानिक परीक्षण। *[हे. औषधी ऐन, २०३५ को दफा 31 को स्पष्टीकरण।]*

क्वारेन्टाइन (Quarantine)- *ना.* [अ.] कुनै पशु, पशुजन्य पदार्थ वा उत्पादन सामग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न त्यस्ता सामग्रीलाई कुनै खास ठाउँमा निश्चित अवधिभर परीक्षणार्थ एकैसाथ वा छुपट्टाछुट्टै राख्ने काम; बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु स्वस्थ छ छैन भनी अवलोकन, परीक्षण, निरीक्षण अनुसन्धान, जाँच गर्न र स्वस्थ नभएमा उपचार गर्नको लागि त्यस्तो बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुलाई निर्धारित वा निरीक्षकले तोकेको स्थलमा राख्ने कार्य; निरोगिता-निदान। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (च) र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (ट)।]*

क्वारेन्टाइन अधिकृत (Quarantine officer)- *नाप.* क्वारेन्टाइन चेकपोस्टको प्रमुखको रूपमा काम गर्न तोकिएको वा नियुक्त भएको कर्मचारी।

क्वारेन्टाइन परीक्षण क्षेत्र (Quarantine zone)- *नाप.* जीवजन्तु वा वनस्पतिको स्वस्थता जाँच गर्ने हाता; जीवजन्तु वा वनस्पतिको स्वस्थता परीक्षण पूरा गर्न छुट्याइएको क्षेत्र। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा २ को खण्ड (ठ)।]*

क्वारेन्टाइन शत्रुजीव (Quarantine pest)- *नाप.* बोटबिरुवा वा पशुपक्षीलाई हानि गर्न सक्ने जीव; नेपालमा नभएका वा भए पनि बृहत् रूपमा नफैलिएका र नियन्त्रणमा रहेका आर्थिक रूपमा हानि पुऱ्याउने शत्रुजीव। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा २ को खण्ड (च)।]*

क्वारेन्टाइन स्थल (Quarantine zone)- पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि क्वारेन्टाइनमा राखिने ठाउँ; निरोगिता-निदान स्थान। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (ज)।]*

क्विन्टल (Quintal, a unit of weight equal to 100 k.g.)- *ना.* [अङ्.] सय किलोग्राम तौल; दुई मन साढे सत्ताइस सेर बराबरको तौल; किलोग्रामको तौल एकाइअनुसारको एक सय मात्रा।

क्ष-किरण (X-ray)- *ना.* [सं.] विद्युतधाराको अदृश्य किरण; विकिरण प्रविधि; एक्स-रे।

क्षण (Short moment, fraction of a second)- *ना.* [सं.] समयको सानो भाग वा अंश; छिन; निमेष।

क्षणिक (Momentary, temporary, ephemeral)- *वि.* [सं.] एकै छिन मात्र रहने; क्षणभङ्गुर; अस्थिर; क्षणसम्बन्धी।

क्षतज (Pus, sanies)- *ना.* [सं.] घाउबाट निस्कने रगत, पिप आदि।

क्षतविक्षत (Wounded, injured)- *वि.* [सं.] शरीरभर चोटपटक लागेको; रक्ताम्य।

क्षतव्रण (Injury, gash, cut, wound)- *ना.* [सं.] ठक्कर वा चोटबाट बनेको घाउ।

क्षति (Damage, loss, harm)- *ना.* [सं.] कसुरको परिणामस्वरूप पीडितका शारीरिक र मानसिक स्वास्थ्यमा आएको ह्रास; पीडितले बेहोरेको आर्थिक, भौतिक वा अन्य हानीनोक्सानी; कसुरबाट भएका अङ्गभङ्ग वा चोटपटक; चिकित्सकद्वारा निदान भएका मानसिक चिन्ता, मानसिक तनाव (इमोसनल ट्रमा) वा अन्य समस्या; शारीरिक, बौद्धिक, यौन वा प्रजननक्षमता नष्ट हुनु वा सो क्षमतामा आएको गम्भीर न्यूनता; कसुरका कारण पीडितका सांस्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव; मनोवैज्ञानिक वा मनोचिकित्सागत ह्रास वा खराबी; आर्थिक वा भौतिक वस्तुको विनास; नाश; हानिनोक्सानी; क्षय; खती; बिगार।

क्षतिग्रस्त (Damaged, harmed, wrecked)- *वि.* [सं.] बिग्रेको; भत्केको; नासिएको वा क्षति भएको।

क्षतिपूरक (Indemnity)- *वि.* [सं.] भएको क्षतिलाई पूरा गर्ने।

क्षतिपूर्ति (Compensation)- *ना.* [सं.] मुआब्जा; भर्ताल; हर्जाना; क्षति भएका वस्तुको सट्टा दिइने रकम वा धन; कसैको केही हानिनोक्सानी भएमा त्यसको पूर्ति गर्ने कार्य; हानिनोक्सानी भएको वस्तु यथावत् गरिदिने वा नोक्सानी भराइदिने काम; बिगोको भरिभराउ।

क्षत्र (State, nation)- *ना.* [सं.] राज्य; राष्ट्र।

क्षत्रपति (King)- *ना.* [सं.] कुनै क्षत्र वा राज्यका स्वामी; राजा।

क्षमणीय/ क्षमनीय (Pardonable, excusable, forgivable)- *वि.* [सं.] माफी वा क्षमा गर्न सकिने; क्षमायोग्य; क्षम्य।

क्षमता (Capacity, ability)- *ना.* [सं.] सामर्थ्य; योग्यता; काम वा धारण गर्नसक्ने शक्ति।

क्षमतावान् (Capable, competent)- *वि.* [सं.] सक्षम; समर्थ; क्षमताशाली; क्षमता वा योग्यता भएको।

क्षमा (Excuse, pardon, forgiveness)- *ना.* [सं.] माफी; दण्ड सजायको क्षमादान।

क्षमादान (Amnesty, pardon, forgiveness)- *ना.* [सं.] क्षमा दिने काम; दण्ड सजाय माफी दिने काम।

क्षमाप्रार्थी (Apologetic)- *वि.* [सं.] क्षमाको लागि अनुरोध गर्ने; माफी माग्ने।

क्षमायाचना (Apology)- *ना.* [सं.] क्षमा वा माफी माग्ने काम; क्षमाप्रार्थना; माफीमगाइ।

क्षमित (Pardoned, forgiven)- *वि.* [सं.] क्षमा गरिएको; माफ दिइएको।

क्षमितव्य (Pardonable)- *ना.* [सं.] क्षमा वा माफी हुन सक्ने; क्षमा पाउन योग्य हुन सक्ने।

क्षम्य (Excuse, forgive)- *वि.* [सं.] क्षमा गर्नुपर्ने; माफी दिनुपर्ने।

क्षय (Deterioration, decrease, erosion)- *ना.* [सं.] स्वभावले नै विस्तारै खिइँदै जाने स्थिति; ह्रास।

क्षयकर (Corrosive)- *वि.* [सं.] खिया लगाउने; खियाउने; क्षय गर्ने; नाश गर्ने।

क्षयधर्मी (Perishable)- *वि.* [सं.] नाश हुने स्वभावको; नाशवान्।

क्षयरोग (Tuberculosis)- *ना.* [सं.] सूक्ष्म किटाणुका कारण लाग्ने रोग; टिबी रोग।

क्षयरोगी (A patient of tuberculosis)- *ना.* [सं.] क्षयरोग लागेको व्यक्ति; टिबी रोगी।

क्षयशील (Erodible, corrodible)- *वि.* [सं.] खिइँदै वा घट्दै जाने स्वभाव भएको; विनाशशील; क्षयधर्मी।

क्षयित (Eroded, corroded)- *वि.* [सं.] क्षय भएको; खिइएको।

क्षयीकरण (Erosion, corrosion)- *ना.* [सं.] नासिँदै, गल्दै वा खिइँदै जाने प्रक्रिया।

क्षयोन्मुख (Deteriorating)- *वि.* [सं.] पतन हुन थालेको; खस्कन लागेको।

क्षान्ति (Endurance, forbearance)- *ना.* [सं.] सहन सक्ने क्षमता; सहनशीलता; धैर्य।

क्षार (Base)- *ना.* [सं.] रासायनिक प्रक्रियाबाट बनाइने नुन, सोडा, सुहाग।

क्षारभूमि (Seashore, coastal land)- *ना.* [सं.] समुद्री तटको भूमि; नुनिलो खारिलो थलो।

क्षारसमुन्द्र (Ocean, sea)- *ना.* [सं.] नुनिलो पानी भएको समुद्र।

क्षालन (Laundering)- *ना.* [सं.] धुने वा सफा गर्ने काम।

क्षितिज (Horizon)- *ना.* [सं.] पृथ्वी र आकाश जोडिए जस्तै देखिने ठाउँ।

क्षितिपति (Emperor, king)- *ना.* [सं.] राजा; भूपति; क्षितीश।

क्षितिमण्डल (Earth, globe)- *ना.* [सं.] भूमण्डल; पृथ्वी।

क्षिद्र (Aperture)- *ना.* [सं.] छिँड; प्वाल; सानो कुरा पस्ने खाली ठाउँ।

क्षिप्र (Soon, immediate, instant)- *वि.* [सं.] तुरुन्त; तत्काल; शीघ्र।

क्षुण्ण (Fragmented)- *वि.* [सं.] खण्डित; टुक्रा पारिएको वा टुक्र्याइएको।

क्षुद्र (Wicked, unworthy, vile)- *वि.* [सं.] नीच वा अधम प्रकृतिको; तुच्छ विचारको; छुच्चो।

क्षुब्ध (Angry, irate, furious)- *वि.* [सं.] रिसाएको; क्षोभ भएको; क्रुद्ध।

क्षुब्धता (Furiousness, agitation)- *ना.* [सं.] क्षुब्ध हुँदाको स्थिति; क्रुद्धता।

क्षेत्र (Area, region, territory, zone, site)- *ना.* [सं.] विशेष प्रयोजनका निमित्त निर्धारित इलाका; प्रदेश; स्थल।

क्षेत्र कार्य (Field work)- *नाप.* [सं.] खास कार्य वा अनुसन्धानका लागि क्षेत्रमा गएर गरिने काम; डोर खटिएर गर्ने काम; डोर; डोरमुकाममा सम्पादन गरिने काम।

क्षेत्रगत (Regional, sectorial)- *वि.* [सं.] विशेष विषयसँग सम्बन्धित; क्षेत्रसँग सम्बन्धित।

क्षेत्रपति (Land lord)- *ना.* [सं.] जमिनको मालिक; जग्गाधनी।

क्षेत्रफल (Area)- *ना.* [सं.] निश्चित नाप भएको जमिनको सतह; चक्लाढाक।

क्षेत्रविद् (Geographer)- *वि.* [सं.] भूगोलविद्; भूगोलको ज्ञाता; विषयगत ज्ञान भएको मानिस।

क्षेत्राधिकार (Jurisdiction)- *ना.* [सं.] कुनै कामकारबाही गर्न वा विशेष किसिमको मुद्दा निरूपण गर्न कानूनबमोजिम प्राप्त अधिकार; अधिकारक्षेत्र; विषयवस्तुलाई हेर्ने वा सम्बोधन गर्ने शक्तिविशेष।

क्षेत्रीय किताब (Field book)- *नाप.* जग्गाको नापजाँचसम्बन्धी विवरण प्रविष्ट गरिने पुस्तिका; फिल्ड बुक; जग्गाको नापमान अभिलेख।

क्षेत्रीय निर्देशक (Regional Director)- *नाप.* [सं.] क्षेत्रीय स्तरको कार्यालयको कार्यालय प्रमुख निर्देशक।

क्षेत्रीय प्रभुत्ववाद (Regional hegemony)- *नाप.* [सं.] ठुलो शक्ति राष्ट्रका आडमा रही महाद्वीपीय क्षेत्रीय राष्ट्रले आफू वरिपरिका साना राष्ट्रमाथि प्रभुत्व वा नियन्त्रण कायम गर्ने विचार वा सिद्धान्त।

क्षेत्रीय सम्पत्ति (Territorial property)- *नाप.* [सं.] भौगोलिक सम्पत्ति; कुनै राज्य एवम् नागरिकको अधीनमा रहेको जल, जमिन लगायतको सम्पत्ति।

क्षेत्रीयतावाद (Regionalism)- *ना.* [सं.] आफ्नो क्षेत्रलाई विशेष महत्त्व दिने मत, दृष्टिकोण वा विचार; क्षेत्रीयता।

क्षैतिज (Horizontal)- *वि.* [सं.] क्षितिजसम्बन्धी; क्षितिजीय।

क्षोभ (Agitation, anger)- *ना.* [सं.] रिस; क्रोध; रनाहा।

क्षोभक (Agitator)- *वि.* [सं.] क्षोभ पैदा गराउने; आक्रोश वा क्रोध उत्पादक।

क्षोभमण्डल (Troposphere)- *ना.* [सं.] पृथ्वीको धरातलदेखि ठिक माथि रहेको वायुमण्डलको सबैभन्दा तल्लो तह।

क्षोभी (Angry, irate, furious)- *वि.* [सं.] रिस र क्रोधले भरिएको; क्षुब्ध।

<u>ख</u>

खजान्ची (Cashier, Treasurer)- *ना.* [फा. खजानची] व्यक्ति वा संस्थाको खजाना वा ढुकुटी जिम्मा लिने अधिकारी; कोषाधिकारी; तहबिलदार; कौसी तोसाखानाको हाकिम।

खडेरी (Drought)- *ना.* खेतीपाती गर्ने याममा वा पानी पर्नुपर्ने समयमा पानी नपरी सुक्खा लागेको अवस्था; लामो समयदेखि पानी नपरेको अवस्था; सुक्खा; अवर्षा; अनावृष्टि।

खड्गनिसाना (Prime-ministerial seal during *Rana* Regime.)- *ना.* राणा शासनकालमा प्रचलित खड्गको चिह्नसहितको श्री ३ को छाप-दस्तखत; सरकारप्रमुखको हस्ताक्षर वा आधिकारिक छाप।

खण्ड (Clause)- *ना.* [सं.] ग्रन्थ, पुस्तक वा लेखरचनाको परिच्छेद वा परिच्छेदयुक्त भाग; अनुच्छेदको उपभाग; कानूनी धारा वा दफाको उपभाग; उपधारा वा उपदफाका अंश वा अंशहरू; प्रकरणको उपभाग वा उपांश; अनुच्छेद, धारा, दफा वा प्रकरणको आङ्गिक सानो एकाइ; उपधारा वा उपदफाअन्तगर्तको बुँदा; उपानुच्छेदांश; प्रकाशन सामग्रीको वर्ष, अङ्कसँगै जनाइने परिचायक चिनारीको अंश।

खण्डन (Refutation, Rebutment)- *ना.* [सं.] अर्काको वाद, मत, सिद्धान्त वा विचारविरुद्धको प्रतिवाद; प्रतिमत; प्रतिसिद्धान्त; प्रतिविचार; प्रतिषेध वा निषेधोक्ति; कुनै बुँदाका सम्बन्धमा गरिने आलोचना; टुक्र्याउने काम; प्रतिकथन।

खण्डनमण्डन (Refutation and Upholding)- *ना.* कुनै मत, सिद्धान्त वा विचारको प्रतिवाद तथा समर्थन; तर्क दिएर कुरो काट्ने वा सकार्ने काम; तर्कपूर्ण विचार प्रकट गरेर कुनै विचार वा सिद्धान्तलाई काँटछाँट गर्नु वा समर्थन गर्नु; खण्डन र मण्डन।

खत (Crime, offence)- *ना.* [सं. क्षत] घाउखत; पुरानो घाउचोटको खाटा बसेको दाग; अपराध वा कसुर गरेको भनी लाग्ने दाग; बात लगाएको कुरामा अदालतबाट ठहर भएको दोष; अदालतको फैसलाअनुसार ठहर भएको कसुर।

खतबात (Felony, offence proved by court)- *ना.* कसुरको आरोप; अदालतबाट ठहर भएको कसुर; अदालतद्वारा मुद्दामा ठहरिएको बात; आरोपित वा स्थापित दोष; खत र बात।

खतिउपती (Loss and profit)- *ना.* ऋण र धन; हानि र लाभ; नाफा-नोक्सान।

खतुकी (Culprit, criminal)- *ना.* कुनै अपराधमा अदालतबाट सजाय पाएको; खतबात लागेको; कसुरदार; दोषी; अपराधी; बापती।

खनिज उत्खनन क्षेत्र (Mineral excavation area)- *नाप.* खानी क्षेत्रभित्र खनिज दोहन गरिने क्षेत्र। *[हे. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १६ को उपनियम (४) को स्पष्टीकरण।]*

खनिज उद्योग (Mining industry)- *नाप.* खनिज पदार्थको उत्खनन वा प्रशोधन गर्ने उद्योग; धातु वा धातुबाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (घ) ।]*

खनिज खोजतलास कार्य (Prospecting operations)- *नाप.* खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने जाँचपड्ताल एवम् सम्भाव्यता अध्ययन कार्य; खानी तथा खनिज पदार्थसम्बन्धी अनुसन्धान। *[हे. खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २ को खण्ड (ख) ।]*

खनिज पदार्थ (Minerals)- *नाप.* जमीनको सतह वा भूगर्भभित्र पाइने निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक पदार्थ (पेट्रोलियम पदार्थ वा ग्याँसबाहेक); भूगर्भीय प्रक्रियाबाट निर्मित प्राकृतिक रूपमा पाइने, अजैविक, ठोस, निश्चित रासायनिक संरचना र क्रिस्टलीय संरचना भएको पदार्थ। *[हे. खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २ को खण्ड (क) ।]*

खनिज पदार्थ विकास केन्द्र (Minerals Development Centre)- खानी तथा खनिज स्रोतहरूको विकास गर्न एवम् खनिजको अनुसन्धान र उत्खनन कार्यमा सहयोग पुऱ्याउने सरकारी निकाय; खनिज पदार्थ प्रवर्धन कार्यक्रम सञ्चालन गर्न स्थापित केन्द्र। *[हे. खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २४।]*

खनिज सर्वेक्षण (Mineral survey)- *नाप.* खानी तथा खनिज उद्योगको विकास निमित्त सरकारद्वारा गराइने सबै किसिमको भौगर्भिक सर्वेक्षण; खानीजन्य कच्चा पदार्थमा आधारित उद्योगको विकासका लागि गराइने भूभौतिक, भूरासायनिक, भूवातावरण र सहरी भूगर्भ अध्ययन तथा अनुसन्धान; खनिज उद्योगको विकास निमित्त गराइने साइस्मिक सर्वेक्षण तथा अनुसन्धान; खनिजको खोज तथा अन्वेषण, खानीको निरीक्षण र मूल्याङ्कनका काम। *[हे. खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४ को नियम २ को खण्ड (क) ।]*

खपत (Consumption, utilization)- *ना.* [खप्+अत] सबै मालसामानको बिक्री; कुनै वस्तु बाँकी नरही सकिने काम; पूर्ण रूपमा हुने खर्च, व्यय वा उपभोग।

खम्बिर (Proved, established)- *वि.* [सं. स्तम्भित] खडा; स्थिर; स्थित; प्रमाणित, स्थापित, ठहरेको।

खरखजाना (Ammunitions, treasury)- *ना.* [अ. खजान (द्वि.)] गोलीगट्ठामा प्रयोग हुने गोली, बारुद आदि सामान; हातहतियारमा राख्ने बारुद, केप, गोली, छर्रा, डिटोरेनेटर, कार्तुस, फ्यूज वा त्यस्तै प्रकृतिका अन्य पदार्थ; लडाइँमा प्रयोग गरिने गोली, बारुद आदि सरसामान; खजाना; सुन, चाँदी, रुपैयाँ पैसा आदि धनसम्पत्ति, नगद रकम। *[हे. हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ को खण्ड (ग) र मुलुकी अपराध संहिता, २०७४ को दफा १२९ को उपदफा (१) को स्पष्टीकरण।]*

खराब आचरण (Misconduct)- *नाप.* पदअनुरूप हुनुपर्ने आचरण नभएको अवस्था; नराम्रो आचरण; भ्रष्टाचार, दुराचार मानिने किसिमका व्यवहार गराइ; अनाचार।

खरिद (Procurement)- *ना.* [फा.] सार्वजनिक निकायले कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य; अर्काको अधीनको सामान मूल्य तिरेर आफ्नो अधिकारमा पार्ने काम; किनमेल; किन्ने काम क्रय। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क)।]*

खरिद मूल्यसम्बन्धी धितोको हक (Purchase money security interest)- *नाप.* मालसामानको पूरा वा आंशिक मूल्य सुरक्षित गर्न बिक्रेताले क्रेताबाट लिएको वा आफूसँग राखेको जमानत वा धितो; बिक्रेताबाहेक अन्य व्यक्तिले धितो लिने व्यक्तिलाई मालसामान वा सोको प्रयोगउपर हक प्राप्त गराउन मूल्य वा प्रतिफल दिई लिएको धितोको हक; मूल्य वा प्रतिफलका प्रयोजनका लागि लिएको वा बापत प्रयोग गरेको धितोमाथिको हक। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (झ)।]*

खरिद सम्झौता (Procurement contract)- *नाप.* सार्वजनिक निकाय र आपूर्तिकर्ता, निर्माणव्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबीच भएको खरिदसम्बन्धी सम्झौता; सामान वा सेवा किन्ने बेच्ने सम्झौता; क्रयविक्रयको सम्झौता। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ञ)।]*

खरिदकर्ता (Purchaser)- *ना.* कुनै पनि किसिमले कुनै सम्पत्ति प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने व्यक्ति; मूल्य तिरेर बिक्रेता वा आपूर्तिकर्तासँग सामान वा सेवा लिने व्यक्ति; क्रेता। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (प) ।]*

खर्क जग्गा दर्तावाला (Pasture land holder)- *नाप.* मालपोत वा खर्करी रकम तिर्नुपर्ने गरी आफ्ना नाममा वा सामूहिक रूपमा खर्क दर्ता गराएका दर्तावाल मानिसहरू; दर्ताका नाताले खर्क जग्गामा हक हुने व्यक्ति वा व्यक्तिहरू। *[हे. खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को दफा २ को खण्ड (ख) ।]*

खर्कजग्गा (Pasture land, grazing land)- *ना.* दर्ता गराई वा नगराई खर्क, खर्कचोक आदि कुनै नामले पशुचरनलाई मात्र प्रयोग गरी आएको जग्गा; गाईवस्तुको गोठ राख्न र चराउनका लागि राखिएको बाझो रैकर जग्गा; सैन जग्गा। *[हे. खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को दफा २ को खण्ड (क) ।]*

खर्च शीर्षक (Budget heading, expenditure heading)- *ना.* [फा.+ सं.] लेखाप्रणालीअनुसार हुने खर्चका वर्गीकृत शीर्षक; खर्चका आधार शीर्षकहरू; खर्चका मूल शीर्षक तथा उपशीर्षक। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (च) ।]*

खलल (Undermine, disturbance)- *ना.* [अ.] चलिरहेको चलन तोड्ने काम; बिगार्ने वा भाँड्ने काम; बिघ्नबाधा गर्ने वा भताभुङ्ग पार्ने वा भएको अवस्था।

खस आर्य (*Khas Arya*)- *नाप.* खस र आर्य; क्षेत्री, बाह्यण, ठकुरी, संन्यासी (दशनामी) समुदाय; खसानी मूल र आर्य संस्कृतिका अनुयायी। *[हे. नेपालको संविधानको धारा ८४ को उपधारा (२) को स्पष्टीकरण र धारा १७६ को उपधारा (६) को स्पष्टीकरण।]*

खा (A type of measurement of land)- *ना.* [सं. ज्या?] साढे बाइस हात लामो र चार हात गज भएको घर बनाउने जमिनको नापो, नब्बे हात क्षेत्रफलको घडेरी; जग्गाको एक मापन एकाइ।

खाता (Ledger, account book, financial record)- *ना.* [खात्+आ] आयव्यय, लेनदेन वा यस्तै हिसाब राख्ने किताब, बही; आयव्ययको हिसाब राखिएको किताब वा बही; अभिलेख्य चाङ वा ठेली; बैङ्कले सेवाग्राहीबाट जम्मा भएको रकम राख्ने सेवाग्राहीको नाउँमा निश्चित नम्बर समेत किटान गरिएको अभिलेख।

खाताबही (Record book, ledger)- *ना.* सरकारी, गैरसरकारी वा व्यक्ति विशेषको आमदानी-खर्चको टिपोट अभिलेख गर्ने ढड्डा वा काजगपत्र; रकमकलम आदि हिसाब लेखिने कागजी वा विद्युतीय विवरणिका; बहीखाता।

खातिरजमा/ खातिरजामा (Trust, consolation)- *ना.* [अ.] विश्वास, सान्त्वना, भरोसा वा भलो मनसुबा; आफ्नो कर्तव्य सम्झेर गरिने सद्व्यवहार; खातिरजामा।

खाद्य निरीक्षक (Food inspector)- *ना.* [सं.] खाद्य पदार्थ निरीक्षण गर्ने अधिकारी; खाद्य पदार्थ जाँच गर्ने विशेषज्ञतायुक्त व्यक्ति; खाद्य पदार्थ जाँच गर्न नियुक्त वा अधिकारप्रदत्त व्यक्ति। *[हे. खाद्य नियमावली, २०२७ को नियम २ को खण्ड (ग)।]*

खाद्य सङ्कटग्रस्त क्षेत्र (Food crisis area)- *नाप.* भूकम्प, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, आगलागी, महामारीजस्ता कारणले खाद्य पदार्थको अभाव भएको वा आपूर्ति नभएको क्षेत्र; खाद्य पदार्थको उपलब्धतामा आइपरेको अप्ठ्यारो स्थिति; खाद्य वा खाद्य पदार्थसम्बन्धी आपत्विपत्मा परेको क्षेत्र।

खाद्य समन्वय समिति (Food Coordination Committee)- *नाप.* स्थानीय तहमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण एवम् संवर्धन गर्ने समिति; स्थानीय स्तरमा खाद्य आपूर्ति तथा वितरण प्रणालीलाई सहज बनाउन गठित स्थानीय तहको सरकारी समिति। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१)।]*

खाद्य सम्प्रभुता (Foodstuff sovereignty)- *नाप.* खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्नका लागि खाद्यसम्बन्धी नीतिको निर्माणप्रक्रियामा सहभागी हुने अधिकार; खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने अधिकार; कृषियोग्य भूमि, श्रम, बिउबिजन, प्रविधि, औजारको छनोट गर्ने अधिकार; कृषिव्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणका प्रतिकूल प्रभावबाट मुक्त रहने अधिकार। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ङ)।]*

खाद्य सुरक्षा (Food security)- *नाप.* सर्वसाधारणका लागि स्वास्थ्यवर्द्धक खाद्य आपूर्तिको सुनिश्चितता; सक्रिय र स्वस्थ मानव जीवन यापन गर्न आवश्यक हुने खाद्य वस्तु वा खाद्य पदार्थमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचको सुनिश्चितता। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (च)।]*

खाद्य स्तर निर्धारण समिति (Food Standard Fixation Committee)- *ना.प.* खाद्य पदार्थको गुणस्तर निर्धारण गर्ने सरकारी निकाय; खाद्य पदार्थको गुणस्तर निर्धारण गर्न गठित समिति।

खाद्य/ खाद्य पदार्थ (Foodstuff)- *वि.* [सं.] खान हुने र खाइने कुरा; *ना.* खान हुने अनाज तथा वानस्पतिक पदार्थ; जैविक स्रोतबाट प्राप्त र सांस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानवउपभोग्य पदार्थ वा त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ; पोषण र ऊर्जा आपूर्ति गर्ने प्राकृतिक, प्रशोधित वा पकाएर तयार गरिएका खानयोग्य पदार्थ; अन्न (चामल, गहुँ, मकै, दाल गेडागुडी आदि), तेलहन (तोरी, सस्यूँ, आलस आदि), प्रोटिनयुक्त पदार्थ (मासु, माछा, अन्डा आदि), फलफूल तथा तरकारी (स्याउ, केरा, आलु, टमाटर, सागसब्जी आदि), प्रशोधित खाद्य (बिस्कुट, चाउचाउ, डब्बाबन्द खानेकुरा आदि) र पेय पदार्थ (दुध, जुस, चिया आदि); मानिसले खाने पिउने, अप्रशोधित, अर्धप्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ वा खाने पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील रङ्ग वा सुगन्ध। *तुल.* अखाद्य/ अखाद्य पदार्थ। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ) र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०81 को दफा २ को खण्ड (घ)।]*

खानतलासी (Search and seizure, inquiry, probe)- *ना.* [खाना (फा.)+तलास (तु.)+ई] कोठा वा घरमा खोजबिन; शङ्का लागेको घर, ठाउँ वा व्यक्तिको शरीरमा गरिने जाँचपड्ताल; कुनै घर वा स्थानमा अभियुक्त लुकेको वा दसीप्रमाण वा अपराधसँग सम्बन्धित मालसामान खोज्ने, नियाल्ने वा पत्ता लगाउने काम; कसुर भनिएको ठाउँ र कसुरमा संलग्न रहेको वा संलग्नताको शङ्कामा रहेका व्यक्तिबाट अपराधसम्बन्धी सबुत, दसी, आपराधिक अवशेषको सुरक्षण, नमुना सङ्कलन र अभिलेखन गर्ने काम; छानबिन।

खानतलासी पुर्जी (Search warrant)- *ना.प.* अनुसन्धानकर्तालाई खानतलासी लिन अधिकार प्रदान गरिएको पुर्जी; खानतलासी गरिने स्थान वा घर/ कोठाधनीलाई खानतलासी गरिने भनी दिइने सूचनापत्र।

खानी क्षेत्र (Mining area)- *ना.प.* खनिज क्षेत्रभित्र सञ्चालन गरिने उत्खनन क्षेत्र वा खनिज उत्खनन क्षेत्र वरिपरिको खनिज दोहन गर्न आवश्यक पूर्वाधार एवम् सुविधाका लागि चाहिने जग्गाजमिनको क्षेत्र। *[हे. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १६ को उपनियम (४) को स्पष्टीकरण।]*

खानी तथा खनिज क्षेत्र (Mining and mineral zone)- *ना.प.* खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने ठाउँ वा क्षेत्र; खनिज पदार्थहरू रहेको वा

रहेको अनुमान गरिएको सम्भाव्य क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (ङ) ।]*

खानीद्वार (Mining gate)- *ना.* खनिज क्षेत्रबाट खनिज पदार्थ बाहिर निकाल्ने मूलद्वार; खानीको प्रवेशद्वार। *[हे. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २ को खण्ड (ग) ।]*

खानेपानी (Drinking water supply, drinking water)- *ना.* खानयोग्य पानी; पिउनयोग्य स्वच्छ जल; मानव तथा पशु स्वास्थ्यको लागि हानिकारक तत्त्व नभएको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डबमोजिमको स्वच्छ खानेपानी। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (ञ) ।]*

खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग (Water Supply and Sanitation Service Tariff Fixation Commission)- *नाप.* खानेपानी सेवा तथा सरसफाइ सेवा प्राप्त गर्ने उपभोक्ताले तिर्नुपर्ने महसुल निर्धारण गर्न गठित आयोग; खानेपानी र सरसफाइ सेवाको महसुल निर्धारण गर्ने निकाय। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (ग) र दफा 28 ।]*

खानेपानी मिटर (Drinking water meter)- *नाप.* खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइप लाइनमा जडान गरिने मिटर; खानेपानीको पाइपमा आपूर्ति भएको पानीको प्रवाह र मात्र सूचित गर्ने यन्त्र। *[हे. खानेपानी सेवा महसुल (असुल उपर गर्ने) नियमावली, २०५० को नियम २ को खण्ड (च) ।]*

खानेपानी वा सरसफाइ सेवा क्षेत्र (Water supply or sanitation service area)- *नाप.* खानेपानी वा सरसफाइ सेवाले समेटेको क्षेत्र; सेवाप्रदायक संस्थाले अनुमतिपत्रद्वारा तोकिपाएको खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने सेरोफेरो वा क्षेत्र। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (फ) ।]*

खानेपानी वा सरसफाइ सेवा प्रणाली (Water Supply or Sanitation Service System)- *नाप.* खानेपानी वा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी आपूर्तिको प्रणाली; फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धीकरण गर्ने प्लान्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचनासम्बन्धी व्यवस्था। *[हे. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा २ को खण्ड (ढ) ।]*

खानेपानी वा सरसफाइ सेवाप्रदायक (Water Supply or Sanitation Service Provider)- *नाप.* खानेपानी सेवा वा सरसफाइ सेवाजस्ता सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी

प्रवाह गर्ने निकाय वा संस्था; खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने अनुमतिपत्रप्राप्त संस्था।*[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (प) ।]*

खानेपानी व्यवस्थापन बोर्ड (Water Supply Management Board)- *नाप.* सरकारी निकाय वा संस्थानले सञ्चालन गरेको एक वा एकभन्दा बढी नगरपालिका क्षेत्रको सेवा प्रणाली तथा सेवालाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन नगरपालिकासँगको परामर्शमा सरकारले गठन गरेको बोर्ड; खानेपानी व्यवस्थापन निकाय। *[हे. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा २ को खण्ड (क) ।]*

खानेपानी संरचना (Drinking water supply structure)- *नाप.* खानेपानी सेवा तथा सरसफाइ सेवा उपलब्ध गराउन निर्माण भएको वा निर्माण गरिने भौतिक पूर्वाधार तथा त्यसले चर्चेको वा चर्चिने जग्गा। *[हे. खानेपानी तथा सरसफाई नियमावली, २०81 को नियम २ को खण्ड (घ) ।]*

खानेपानी सर्वेक्षण (Drinking water survey)- *नाप.* खानेपानी आपूर्तिका लागि संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उपयोग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्वित हुनेहरूको सङ्ख्या लगायत आर्थिक तथा प्राविधिक तथ्याङ्कको आकलन गर्ने काम; खानेपानी आपूर्तिका संरचनासम्बन्धी विस्तृत रूपबाट तयार गरिएको अन्वेषण सम्भाव्यता अध्ययन र तत्सम्बन्धी विस्तृत इन्जिनियरिङ डिजाइन गर्ने काम।

खानेपानी सेवा (Water supply service)- *नाप.* प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम; तोकिएको मापदण्डबमोजिमको पानीको सञ्चय, स्थानान्तरण, प्रशोधन तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य; थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलब्ध गराउने कार्य। *[हे. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा २ को खण्ड (झ) र खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (छ) ।]*

खानेपानी सेवा वा सरसफाइ सेवा प्रणाली (Water Supply or Sanitation Service System)- *नाप.* खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, खानेपानी सेवा उपलब्ध गराउनको लागि निर्माण गरिएको जलभण्डारण संरचना; जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित उपकरण वा संरचना; जलाशयमा जडान भएको पानीप्रशोधन वा शुद्धीकरण प्लान्ट; पानी आपूर्ति गर्न जडान भएको पाइप वा फोहर पानी शुद्धीकरण गर्ने प्लान्ट; ढल निकासको व्यवस्था गर्नको लागि निर्माण गरिएको ढल निकासका उपकरण र अन्य बन्दोबस्त; खानेपानी सेवा वा ढल निकास सेवासँग आवद्ध भएका घर वा जग्गा र तिनमा निर्मित संरचनासहितको खानेपानी तथा

सरसफाइ सेवाप्रवाहको समग्र बन्दोबस्त। *[हे. नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २.१.३ख. र खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (न)।]*

खानेपानी सेवाशुल्क/ महसुल (Drinking water service charges)- *ना.प.* खानेपानी सेवा उपभोग गरेबापत उपभोक्ताले खानेपानी आपूर्तिकर्तालाई बुझाउनुपर्ने सेवाशुल्क; खानेपानी सेवाशुल्क बुझाउन ढिलो गरेमा लाग्ने विलम्ब शुल्क; खानेपानी धाराको सुविधा उपभोग गरेबापत उपभोक्ताले कानूनबमोजिम बुझाउनुपर्ने महसुल। *[हे. खानेपानी सेवा महसुल (असुल उपर गर्ने) नियमावली, २०५० को नियम २ को खण्ड (ङ)।]*

खानेपानीको घरेलु उपयोग (Domestic consumption of water supply, domestic use of water supply)- *ना.प.* खान वा पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालयमा गरिने पानीको प्रयोग वा उपयोग; घरायसी प्रयोजनको लागि गरिने खानेपानीको प्रयोग वा उपयोग। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (ट)।]*

खानेपानीको संस्थागत उपयोग (Institutional use of water supply)- *ना.प.* औद्योगिक प्रयोजनका लागि बाहेक सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले गर्ने खानेपानीको प्रयोग वा उपयोग; खानेपानीको व्यापारिक प्रयोग। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (झ)।]*

खानेपानीको सार्वजनिक उपयोग (Public use of water supply)- *ना.प.* सार्वजनिक रूपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग; अग्नि नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थलहरूमा सार्वजनिक आपूर्तिमा रहेको खानेपानीको प्रयोग। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (ज)।]*

खान्की/ खान्गी (Salary, pay, wages)- *ना.* [फा. खानगी] निश्चित समयमा पाउने गरी खानका लागि ठेकिएको रकम वा वस्तु; तलब, महिनावारी, वेतन; कर्मचारीलाई जागिरका रूपमा दिइने जमिनबाट उठ्ने उठ्तीपुठ्ती; खानका लागि ठेकिएको वस्तु वा रकम; सिधा (अन्न वा नगद)।

खायल (Plot of land)- *ना.* [खाई <प्रा. खाअ> सं. खात] खावाले घेरिएभित्र पर्ने जग्गाजमिन; कुनै घरले चर्चेको जमिनको कित्ता वा खण्ड; खेती गरिने ससीम जग्गा।

खारिज/ खारेज (Repealed, dismissed, rejected)- *वि.* [अ.] अस्वीकृत; रद्द; प्रभावशून्य; निष्क्रिय; कार्यन्वयन वा लागू नहुने; प्रभावहीन गरिएको; सार्थकताविहीन; अमान्य।

खारेजी (Repeal)- *ना.* कुनै प्रावधानको कानूनी मान्यता समाप्त भएको अवस्था; कुनै दाबी वा मागलाई समर्थन नगरिकएको अवस्था; रद्द गर्ने कार्य वा रद्द भएको अवस्था; कुनै कुराको मान्यता वा अस्तित्व शून्य घोषित गरिएको अवस्था।

खारेजीमा परेको कम्पनी (Company which is in dismissal condition)- *नाप.* कम्पनीको उद्देश्यअनुसार काम गर्न नसकी अस्तित्व समाप्त भएको कम्पनी; दामासाही भएको कम्पनी; कम्पनीको दामासाहीसम्बन्धी कानूनबमोजिम खारेजी हुन आदेश जारी भएको अवस्था। *[हे. दामासाहीसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ठ) ।]*

खाल (Bench or court, gambling spot)- *ना.* [सं. खल्ल] पुरानो समयको इजलास; अदालत रहने स्थान वा मुकाम; जुवा खेल्ने ठाउँ।

खालिसा/ खाल्सा (Uncultivated land)- *ना.* [अ.] कसैको मोहियानी हक वा बिर्ता नभएको जमिन; सरकारकै अधीनमा रहेको जमिन; कुनै व्यक्तिको नाममा दर्ता नभएको जग्गा, खाल्सा ।

खालीखण्ड/ खालीखाल्सा (Vacant)- *ना.* रिक्त भएको ठाउँ; खोसिएर वा मृत्यु भएर खाली भएको पद वा ठाउँ; कोही बहाल नभएको ठाउँ; रिक्त स्थान।

खालीखण्डे (Officiating)- *वि.* खाली खण्डमा भर्ना भएको; स्थानापन्न; पदस्थापित वा कायममुकायम।

खावा (Time-limit, ditch dug surrounding the fort or castle)- *ना.* [सं. खात] शत्रुले हमला गर्न नसक्ने उद्देश्यले गहिरो र नाघ्न नसकिने गरि किल्लामा बनाइएको खाल्टो वा सानो घाटी; किल्ला, सहर आदिको सुरक्षाका लागि हातावरिपरि खनेर बनाइएको पानी भरिएको खाडल; कुनै कामका लागि तोकिएको अवधि, म्याद, भाका; खार्इ।

खास किसिमका सानातिना कसुर (Minor offence of specific type)- *नाप.* पहिलो पटक गरेको एक हजार रुपैयाँसम्म बिगो भएको बगलीमारासम्बन्धी कसुर; पहिलो पटक गरेको भिक्षा माग्ने कसुर र तीन हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसुर; विशेष प्रकृतिका सानातिना कसुर। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (३) ।]*

खास खनिज पदार्थ (Particular minerals, special minerals)- *नाप.* खानी तथा भूगर्भ विभागले सम्झौता गरी खनिज खोजतलास वा उत्खनन कार्य गर्न अनुमतिपत्र दिएको, गुण र परिमाण यकिन भइसकेको खनिज पदार्थ; प्रारम्भिक अध्ययनबाट सम्भाव्यता देखिएको वा खानी तथा

भूगर्भ विभाग वा सो विभागले तोकेको सरकारी निकायले मात्र खोज गर्न तोकिएको खनिज पदार्थ। *[हे. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २ को खण्ड (घ)।]*

खिचोला (Hindrance, obstacle, hurdle, legal claim or possession, intrusion, encroachment)- *ना.* [प्रा. खिच्च+ओला] झगडा गर्ने निहूँ वा कचिङ्गल, विघ्न बाधा, बाधा अड्काउ; गैरकानूनी दावी, जबर्जस्तीसित गरिएको भोग; खरखिचोला।

खिलाफ (In against of, opposed to)- *वि.* [फा.] कुनै कामकुरा विपरीत; कुनै सिद्धान्त वा वस्तु प्रतिकूल; उल्टो; विरुद्ध; विपरीत।

खुद आय (Net income)- *नाप.* लागत खर्च कटाएर बचेको आम्दानी; वास्तविक आय; यथार्थ आम्दानी।

खुद नोक्सानी (Net loss)- *नाप.* व्यवसायको आय वर्षमा व्यावसायिक सम्पत्ति वा दायित्वको निसर्गबाट हुन गएको नोक्सानी; व्यवसायको व्यावसायिक सम्पत्ति वा दायित्वको निसर्गबाट प्राप्त लाभभन्दा बढी भए जतिको रकम; लगानीको आय वर्षमा करयोग्य गैरव्यावसायिक सम्पत्तिको निसर्गबाट हुन गएको नोक्सानी; लगानीको करयोग्य गैरव्यावसायिक सम्पत्तिको निसर्गबाट प्राप्त लाभभन्दा बढी भए जतिको रकम। *[हे. आयकर ऐन, २०५८ को दफा ३६ को उपदफा (४) को स्पष्टीकरण।]*

खुद फर्स्यौंट (Net clearance)- *नाप.* निश्चित समय अन्तरालमा भएको एकमुष्ठ राफसाफ; बैङ्कले निर्धारण गरेबमोजिम कारोबारको एकमुष्ठ फर्स्यौंट; चुक्ता हिसाबकिताब; पूर्ण फरफारक। *[हे. भुक्तानी तथा फर्स्यौंट ऐन, २०७५ को दफा ३२ को उपदफा (५) को स्पष्टीकरण।]*

खुद सम्पत्ति (Net worth)- *नाप.* बैङ्क वा वित्तीय संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम; कम्पनी र बिमकको तत्काल कायम रहेको कुल जायजेथाबाट चुक्ता पुँजी तथा सेयरधनीको हक लाग्ने जगेडा, कोष वा सञ्चित मुनाफा रकम; कम्पनी र बिमकको ख्यातिबाहेक सबै दायित्व र नोक्सानी कपट्टा गरी बाँकी रहेको रकम; वास्तविक सम्पत्ति; अरूले दाबी गर्न कुनै बाँकी नरहेको पूरापूर स्वसम्पत्ति। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ट), बीमा ऐन, २०७९ को दफा २ को खण्ड (छ) र कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (व)।]*

खुद्रा बिक्री (Retail)- *नाप.* विभिन्न प्रकारका थोरथोरै वस्तु वा सामानको बिक्री; खुद्रा बिक्रेताले कुनै सिलबन्द प्याकेजमा रहेको वस्तु सिधै उपभोक्ताालाई बेच्ने कार्य; फुटकर बिक्री; थोकमा नगरिएको बिक्री। *[हे. स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ को नियम २ को खण्ड (च)।]*

खुद्रा बिक्रेता (Retailer)- *नाप.* सिलबन्द प्याकेजमा रहेको वस्तु सिधै उपभोक्ताालाई बिक्री गर्ने व्यक्ति वा संस्था; फुटकर बिक्रेता। *[हे. स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ को नियम २ को खण्ड (छ)।]*

खुफिया (Intelligence, spy, secret service)- *वि.* [फा.] गुप्त कुरा पत्ता लगाउने; गुप्तचर; जासुस; खुपिया।

खुला इजलास (Open court)- *नाप.* न्यायिक प्रक्रिया जनताको लागि पारदर्शी रूपमा सञ्चालित हुने प्रणाली; कचहरी वा न्यायसभामा न्यायनिरूपण उपस्थित सबैले देख्न सुन्न पाउने किसिमको अवस्था; पक्ष, विपक्ष वा तेस्रो पक्ष सबैले हेर्न सुन्न पाउने किसिमको न्यायसम्पादन कार्यकक्ष। तुल. बन्द इजलास।

खुला कारागार (Open prison)- *नाप.* कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँभन्दा बाहिरसमेत गई कुनै काम गर्न पाउने गरी तोकेको कुनै ठाउँ; कैदीहरूले न्यूनतम सुरक्षा व्यवस्थामै खुल्ला वातावरणमा बस्न, काम गर्न र समाजसँग सम्पर्क राख्न पाउने कारागार; कारागारमा लामो समय कैद भुक्तानी गरी सकेका कैदीहरूलाई सुधार्ने, पुनर्वास गर्ने र समाजमा फर्काउने उद्देश्यले उत्पादनमूलक क्रियाकलाप संलग्न गराउने र लचिलो सुरक्षा व्यवस्थामा निश्चित नियम पालना गर्नुपर्ने गर्नु पर्ने किसिमको सामुदायिक आवासीय सुविधा। *[हे. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २८ को उपदफा (१) को स्पष्टीकरण।]*

खुला कारागार अधिकृत (Open Prison Officer)- *नाप.* खुला कारागारमा बस्ने कैदीको चालचलन र काम, कारबाहीको अनुगमन र निरीक्षण गर्ने अधिकारी; खुला कारागारमा जान चाहने कैदीको लगत सङ्कलन गर्ने, खुला कारागारसम्बन्धी कार्यक्रम तर्जुमा गर्ने कार्यमा कार्यरत कुनै अधिकृत। *(हे. कारागार नियमावली, २०२० को नियम १६घ.।)*

खुला विश्वविद्यालय (Open University)- *नाप.* खुला शिक्षा प्रणाली अवलम्बन गरी उच्च शिक्षाको लागि अध्ययन, अध्यापन वा अनुसन्धान गर्न गराउनका लागि कानूनबमोजिम स्थापना

गरिएको विश्वविद्यालय; पत्राचार तथा अनलाइन वा बहुसञ्चार वा माध्यमबाट अध्ययन अध्यापन गराउने विश्वविद्यालय।

खुला शिक्षा (Open education)- *ना.प.* सबैको सहभागिता र पहुँच विस्तार गर्ने उद्देश्यले विद्युतीय माध्यमबाट प्रदान गरिने शिक्षा; परम्परा भिन्न दूरशिक्षा, पत्राचार तथा अनलाइन वा बहुसञ्चार वा माध्यमबाट अध्ययन अध्यापन गराउने शिक्षा वा शैक्षिक कार्यक्रम।

खुवा (Land as source of income)- *ना.* राणा शासनमा विभिन्न पदका रोलवालाहरूको खल्तीखर्चका लागि उठ्ती पाउने गरी पद अनुसार ठेकिएको जग्गा; एक किसिमको जागिर बिर्ता।

खुवा खान्की (Salary from land)- *ना.प.* खुवाबाट आउने आम्दानी; ठेकिएको जग्गाबाट आउने बालीनाली वा वस्तु।

खुसामद (Flattery, blandish)- *ना.* [फा.] आफ्नो काम पट्याउनका लागि कसैलाई खुसी पार्न गरिने अस्वाभाविक प्रशंसा; मुलाहिजा; चापलुसी।

खेबरा/ खेवारा (Beginning, starting)- *ना.* कुनै कामको थालनी, सुरुआत, शुभारम्भ, श्रीगणेश।

खेलकुद (Sports, games)- *ना.प.* मन बहलाउन वा शारीरिक स्फूर्तिका लागि गरिने अभ्यासमूलक क्रियाकलाप; प्रतिस्पर्धात्मक शारीरिक, मानसिक प्रयास; व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत क्रीडा; तन्दुरुस्ती प्रयास।

खेलकुद सङ्घ/ संस्था (Sports Association)- *ना.प.* विभिन्न (अन्तरराष्ट्रिय, राष्ट्रिय, प्रदेश तथा स्थानीय) स्तरका खेलकुदसम्बन्धी काम गर्ने संस्थापना; खेलकुद प्रवर्द्धक समूह।

खेलाडी कल्याणकारी कोष (Player's Welfare Fund)- *ना.प.* खेलाडी तथा प्रशिक्षकहरूको सामाजिक सुरक्षा बिमा आकस्मिक उद्दार, उपचार एवम् पुनः स्थापनाका लागि स्रोत जुटाउने वा सञ्चय गर्ने कोष; खेलाडीका लागि कल्याणकारी काम गर्ने वित्तीय स्रोत।

खेलाडी (Player, sports person)- *ना.* [खेल्+आडी] सधैं वा पटक-पटक खेल खेल्ने व्यक्ति; खेलकुदमा संलग्न व्यक्ति। *वि.* चतुर वा जुक्ति लाउन सिपालु।

खेलो (Trade, business)- *ना.* [खेल्+ओ] व्यापार, व्यवसाय आदिमा नाफा कमाउने उद्देश्यले लगाइने लगानी वा पुँजी; उद्यम, इलम; जिलो।

खेस्रा (Draft, rough note)- *ना.* [खस्रो?] कुनै लेखनको प्रारम्भिक रूप; मस्यौदा; लेखनप्रारूप; साफी हुन बाँकी लिखत वा लेख।

खोटा चलन (Counterfeit)- *नाप.* सरकारबाट अनुमति नलिई ढक, माना, पाथी, गज, मिटर आदिको खोटपूर्ण प्रचलन; नक्कली सिक्का, टिकट, नापतौल आदिको प्रयोग वा सञ्चालन।

खोटा टक (Counterfeit coin)- *नाप.* नक्कली रुपैयाँ, मोहर वा पैसा; खोटो मुद्रा; खोटा नोट वा सिक्का।

खोटा टिकट (Counterfeit stamp)- *नाप.* सरकारीले छापेको सक्कली टिकट बाहेकको हुलाक टिकट; वास्तविक टिकट हो भन्ने भान पार्ने गरी अनधिकृत रूपमा बनाएको नक्कली टिकट; एकपटक प्रयोग वा रद्द भइसकेको टिकट।*[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २६७ को उपदफा (१) को स्पष्टीकरण।]*

खोटा मुद्रा (Counterfeit currency)- *नाप.* सरकार, राष्ट्र बैङ्क, विदेशी सरकार वा अधिकारप्राप्त संस्थाले निकालेको हो भन्ने भान पार्ने गरी अरूले टक मारेको बनावटी वा नक्कली नोट वा सिक्का; अनधिकृत रूपमा बनाएको मुद्रा; नक्कली मुद्रा; खोटा टक; नक्कली नोट वा सिक्का।*[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २५६ को उपदफा (२) को स्पष्टीकरण।]*

खोटो (Counterfeit, defective, faulty)- *वि.* [खोट्+ओ] व्यवहारमा नचल्ने; दाग लागेको; काम नलाग्ने; दोषको तुस रहेको।

खोटो सिक्का (Counterfeit coin)- *नाप.* राष्ट्र बैङ्कले निष्कासन गरेको सिक्काको नक्कल गरी टक मारेको सिक्का; कुनै हिसाबले ढाली वा खोदी बनाएको नक्कली सिक्का; बैङ्कबाट निष्कासित सक्कली सिक्कालाई दुई वा दुई भन्दा बढी टुक्रा हुने गरी काटेको वा फुटाएको सिक्का; सिक्कामा उल्लिखित अङ्क, अक्षर तथा चिह्न मेटिएको वा मेटाइएको सिक्का; खोटा टक। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५७ को उपदफा (४) को स्पष्टीकरण।]*

खोप (Vaccine)- *ना.* विशेष किसिमका रोगबाट जोगिन पहिले नै शरीरमा औषधी वा प्रतिरोध क्षमता बढाउने जैविक पदार्थ छिराउने काम; कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्न शरीरमा सुईमार्फत गरिने औषधी प्रेषण; शरीरमा रोगप्रतिरोधक क्षमता (इम्युनिटी) विकसित गर्न सूईमार्फत जैविक पदार्थ पठाउने काम। *[हे. खोप ऐन, २०७२ को दफा २ को खण्ड (घ)।]*

खोप कार्ड (Immunization card)- *नाप.* खोप दिने व्यक्तिले खोप लगाएका व्यक्तिको अभिलेख अद्यावधिक गरी खोप लगाएको प्रमाण स्वरूप जारी निस्सा; खोप लगाउने व्यक्तिलाई तोकिएको

ढाँचामा खोपदाताले प्रदान गर्ने कार्ड वा पुर्जा। *[हे. खोप ऐन, २०७२ को दफा २ को खण्ड (ङ) ।]*

खोप कार्यक्रम (Vaccination program, Immunization program)- *ना.प.* कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नको लागि नियमित उपलब्ध गराइने खोप; रोगको रोकथाम वा निवारणका लागि अभियानको रूपमा सञ्चालन गर्ने राष्ट्रिय खोप क्रियाकलाप; बचाउन सकिने रोगको खोपमार्फत गरिने निगरानी। *[हे. खोप ऐन, २०७२ को दफा २ को खण्ड (च) ।]*

खोप कोष (Immunization Fund)- *ना.प.* खोप कार्यक्रमको विकास गर्ने स्रोतको जोहो गर्न स्थापना गरिएको वित्तीय कोष। *[हे. खोप ऐन, २०७२ को दफा २ को खण्ड (ग) ।]*

खोप दिने व्यक्ति (Vaccinator)- *ना.प.* खोप दिने स्वास्थ्यकर्मी, चिकित्सक वा स्वास्थ्यप्राविधिक; खास प्रकारका खोप दिनको लागि सक्षम अन्य व्यक्ति। *[हे. खोप ऐन, २०७२ को दफा २ को खण्ड (छ) ।]*

खोप सेवा (Immunization service)- *ना.प.* खोप प्रदान गर्ने कार्य; खोप सेवा सञ्चालनको लागि सामग्रीको व्यवस्थापन, आपूर्ति, भण्डारण वा वितरण गर्ने काम। *[हे. खोप ऐन, २०७२ को दफा २ को खण्ड (ज) ।]*

खोरिया (Land for new cultivation)- *ना.* [खोर+इया] भस्मे फाँडेर कमोत गरिएको जग्गा; बाली लगाउनका लागि रुख, बुटा, झ्याङ आदि काटी, फाँडी प्रायः डढेलोसमेत लगाएर बिराएको जमिन; पाखा-भित्ताको बाँझो जग्गा, भस्मे, लोहोसे; आली, कान्ला आदि भत्केर बिग्रेको जग्गा।

खोसुवा (Discharged, removed)- *वि.* [खोस्+उवा] भइरहेको पद वा स्थानबाट हटाइएको, खोसिएको, पदच्युत; बर्खास्त।

ख्याति (Fame)- *ना* [सं.] प्रसिद्धि; नाम चलेको अवस्था; प्रख्याति।

ख्यातिप्राप्त विदेशी नागरिक (Renowned foreign citizen)- *ना.प.* विदेशी राष्ट्राध्यक्ष वा सरकार प्रमुख; अन्तरराष्ट्रिय अन्तरसरकारी सङ्गठनका प्रमुख; नोबेल पुरस्कार विजेता; वार्षिक तीन लाख अमेरिकी डलरभन्दा बढी आम्दानी भएको व्यक्ति वा व्यवसायी। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा १९९ को उपदफा (१) को स्पष्टीकरण।]*

ग

गज (Yard, a measurement of 36 inches)- *ना.* [फा.] दुई हात लम्बाई बराबरको नापो; तीन फुट बराबरको नापो; सोह्र गिरा वा छत्तीस इन्च लम्बाइको नापो; चौडाइतिरको भाग; भरुवा बन्दुकमा बारुद खाँद्ने फलामे डन्डी। *वि.* तीन फुटे।

गठन (Formation, constitution)- *ना.* कुनै निश्चित उद्देश्यको परिपूर्तिका लागि कुनै संस्था वा दलको निर्माण; बनाउने काम; सङ्गठन गर्ने काम; जोडिने वा बाँधिने काम।

गठबन्धन (Coalition)- *ना.* परस्परको मिलिमतो; कुनै काम कुराका लागि एक भएर मिल्ने काम; आपसी साँठगाँठ।

गडबड (Disorder, chaos)- *ना.* तलमाथि पर्ने काम; गोलमाल; अन्डबन्ड; नमिलेको अवस्था।

गडाउ (Firmly accused, stained)- *वि.* मुद्दामामिला कसुर स्थापित गर्ने आधार बन्दै गएको; सघन बनाउने कुरा बढ्दै गएको।

गढ (Fort, castle)- *ना.* [सं. गड] सेना वा हातहतियार तैनाथ गरिएको ठाउँ; गडी; किल्ला; दुर्ग; प्राचीन राज्य व्यवस्थामा सुरक्षाको बन्दोबस्त मिलाउने ठाउँ वा गौंडो।

गण (Battalion)- *ना.* [सं.] कुनै विषयमा समानता भएका मानिसको समुदाय, वर्ग वा जमात; परम्परागत सैनिक सङ्गठन प्रणालीमा तीन गुल्म वा २७ रथ, २७ हात्ती र ७१ घोडा सवार सैनिक तथा १३५ पैदल सिपाही रहेको सैन्यसमूह; नेपाली सेनाको साङ्गठानिक संरचनामा गण रहेको एकाइ। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ठ)।]*

गणक (Enumerator, teller, calculator)- *ना.* [सं.] गणना गर्ने व्यक्ति; अनुसन्धानार्थ तथ्याङ्क वा सूचना सङ्कलक; हिसाब गर्ने यन्त्र।

गणतन्त्र (Republic)- *ना.* [सं.] निर्वाचित व्यक्ति राष्ट्रप्रमुख हुने शासन प्रणाली; राष्ट्रप्रमुख (प्रायः राष्ट्रपति) जनताद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चुनिएर शासन गर्ने प्रणाली; राष्ट्रप्रमुख, विधायिकाप्रमुख र कार्यपालिकाका प्रमुख जनताद्वारा प्रत्यक्ष वा परोक्ष निर्वाचित प्रतिनिधि रहने राज्यव्यवस्था; गणराज्य; जनतन्त्र।

गणना (Counting, computation, calculation)- *ना.* [सं.] विषयको तथ्यपूर्ण जानकारी लिन तिनका एकाइका आधार पूर्ण तथ्याङ्क सङ्कलन गर्ने विधि वा प्रक्रिया; गन्ती गर्ने काम; गन्ने

काम; वस्तु वा चरहरूको सङ्ख्याकरण गर्ने काम। *[हे. तथ्याङ्क ऐन, २०७९ को दफा २ को खण्ड (घ)।]*

गणपूरक सङ्ख्या (Quorum)- *ना.प.* आवश्यक मतभार सङ्ख्या; सभा, बैठकबाट कुनै पनि विषयमा निर्णय लिनका लागि उपस्थित नभई नहुने सदस्यसङ्ख्या; सभा वा बैठकको वैधता कायम हुन चाहिने उपस्थित सदस्यसङ्ख्या; सभा वा बैठक सञ्चालनका लागि उपस्थित हुनै पर्ने निर्धारित सदस्य सङ्ख्याको हद।

गतिरोध (Deadlock, impasse, obstruction, hindrance)- *ना.* [सं.] उन्नति प्रगतिमा उत्पन्न बाधा अड्काउ; कामकुराको क्रमिकता बाधा परेको अवस्था; व्यवधान; गति रोकिने काम।

गफलत (Carelessness, Negligence)- *ना.* [अ.] झुक्यान; भ्रम वा असावधानीबाट हुने गल्ती; भूलचूक; बेपरवाही।

गबाह (Witness)- *ना.* [अ.] कुनै विवादमा अड्डा अदालत वा समाजमा आफूले जानेबुझेको कुरा प्रमाणपूर्वक बताइदिने व्यक्ति; कुनै घटना जान्ने वा देख्ने व्यक्ति; कुनै घटना वा विवरणको जानकारी राख्ने व्यक्ति; साक्षी; गबाही दिने व्यक्ति।

गबाही (Testimony, deposition, statement of witness)- *ना.* घटनाका प्रत्यक्षदर्शीले गर्ने घटनाको वर्णन वा बयान; कुनै मुद्दामा अड्डा अदालत वा समाजमा गबाहले दिने बकपत्र; साक्षी बकाइ।

गभर्नर (Governor)- *ना.* [अङ्.] प्रान्तीय शासक; प्रदेशप्रमुख; प्रदेशमा सङ्घीय सरकारको प्रतिनिधि; सरकारको मौद्रिक नीति क्रियान्वयन गर्ने निकाय राष्ट्र बैङ्क (सरकारको बैङ्क/बैङ्कहरूको बैङ्क) को प्रमुख पदाधिकारी; राष्ट्र बैङ्क प्रमुख; राज्यपाल। *[हे. नेपालको संविधानको धारा १६३ र नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा २ को खण्ड (घ) र दफा १५ को उपदफा (१)।]*

गम्भीर (Severe, serious, grave)- *वि.* [सं.] गहिरो; गहनतम; घना; सघन; जटिल, दुरूह कठिन; सख्त; असाध्य; खतरनाक; सङ्कटमय।

गम्भीर कसुर (Grave offence)- *ना.प.* तीन वर्षदेखि दश वर्षसम्म कैद सजाय हुन सक्ने कसुर; प्रकृति र परिणाम दुवै सघन वा खतरनाक रहेको अपराध; आपराधिक गम्भीरता बढी रहेको काम वा कसुर। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (च) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा 2 को खण्ड (छ)।]*

गम्भीर घाइते (Seriously injured)- *ना.प.* ठूलो, धेरै वा खतरनाक चोटपटक लागेको घायल व्यक्ति; दुर्घटनामा लागेको चोटपटक वा त्यस्ता चोकपटकबाट घाइते भएको सात दिनभित्रमा भर्ना भई अठ्चालिस घण्टाभन्दा बढी अवधि अस्पतालमा रहनुपरेको व्यक्ति; औंला वा नाक सामान्य रूपमा भाँचिएबाहेक शरीरको कुनै हड्डी भाँचिएको वा शरीरका कुनै अङ्गमा लागेको चोटका कारण अत्यधिक रक्तश्राव भएको वा स्नायु, मांसपेशी वा नसामा क्षति पुगेको व्यक्ति; शरीरको कुनै पनि आन्तरिक अङ्गमा चोटपटक लागेको व्यक्ति; आगोले पोलेर वा जलेर शरीरको पाँच प्रतिशतभन्दा बढी भागमा असर पुगेको व्यक्ति; सङ्क्रमणीय वस्तु वा घातक विकिरणसँग संसर्ग भएको अवस्थाको व्यक्ति। *[हे. गैरसैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ग)।]*

गम्भीर बिरामी (Serious patient)- *ना.प.* ठूलो, धेरै वा खतरनाक चोटपटक लागेको घायल बिरामी; शल्यक्रिया गर्नुपर्ने भई वा लामो समयसम्म औषधी सेवन गर्नुपर्ने स्थितिमा रहेको बिरामी।

गम्भीर हानि नोक्सानी (Serious loss and damage)- *ना.प.* अनपेक्षित र अस्वाभाविक रूपमा ठूलो परिमाणमा आयात गरिएको कुनै मालवस्तु वा सहुलियतप्राप्त मालवस्तुको आयातका कारणबाट स्वदेशी उद्योगलाई पुगेको हानि नोक्सानी; ठूलो परिमाणमा आयात गरिएको मालसामानबाट स्वदेशी उद्योगलाई पर्न सक्ने निर्धारित घाटा वा क्षति। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (छ)।]*

गयल (Absence)- *ना.* [अ. गैर] अनुपस्थिति; गैरहाजिर; हाजिर नभएको अवस्था।

गयलकट्टी (Salary cut off due to absence)- ना, संस्था वा कार्यालयमा काम गर्ने कर्मचारीले बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित भएको अवधिको तलब निजले पाउने कुल तलबबाट घटाउने काम; गयल रहेको दिन वा अवधिको तलब काट्ने वा घटाउने काम।

गरिब (Poor, have-not)- *वि.* [अ.] राष्ट्रिय वा क्षेत्रगत निर्धनताको रेखामुनि रहेको, शिक्षा, स्वास्थ्यजस्ता मानवविकासका सूचकहरूका आधारमा पिछडिएको; निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको; धन सम्पत्ति केही नभएको; कङ्गाल; निर्धन; तन्नम; गरिप। *[हे. गरीबी निवारण कोष ऐन, २०६३ को दफा २ को खण्ड (ग)।]*

गरिबी निवारण (Poverty elimination, poverty alleviation)- *ना.प.* गरिबी समाप्त पार्ने काम; जनतालाई गरिबीको रेखाभन्दा माथि ल्याउने अभियान।

गरिबी न्यूनीकरण (Poverty alleviation)- *नाप.* गरिबीलाई न्यून पार्ने काम; निर्धनता घटाउने काम।

गरिबीको रेखा (Poverty line)- *नाप.* गरिबी निर्धारण गर्ने आधाररेखा; निर्धनताको निर्धारण गर्ने सबैभन्दा तल्लो आधार वा सूचक।

गर्खा (Province, union of villages)- *ना.* गाउँ वा मौजाको समुचा एकाइ; जिल्लाको सानो इलाका वा भाग; राज्यको पुरानो प्रशासनिक तथा सैनिक एकाइ।

गर्ज/ गर्जो (Need, shortage, necessity)- *ना.* [अ.] खाँचो; हर्जा; कमी; आवश्यकता।

गर्भ (Womb, foetus/fetus, embryo)- *ना.* [सं.] गर्भाशयमा रहेको बच्चो; पाठेघरमा अवस्थित सालनालसहितको भ्रूण; गर्भवती, दोजिया वा दुईजिउकी महिलाका पेटमा रहेको अजन्मा शिशु; पेटको नानी।

गर्भधारण (Conception)- *ना.* [सं.] गर्भाधान गर्ने वा हुने क्रिया; गर्भवती हुने काम; स्त्रीकेसरसँग पुङ्केशर सेचन भई भ्रूण बन्ने क्रिया; डिम्बाशयमा रहेको डिम्ब वा अण्डमा शुक्रकीट सेचन भई भ्रूणविकास हुने प्रक्रिया; पेटमा बच्चा रहनु।

गर्भनिरोध (Contraception)- *ना.* [सं.] डिम्ब निष्कासन, शुक्रकीट र डिम्ब निसेचन वा डिम्बरोपणका सामान्य प्रक्रियामा अवरोध उत्पन्न गरी गर्भ रहन नदिने उपाय; गर्भको सम्भावना बन्द गराउने क्रिया; गर्भधारण हुनबाट रोक्ने काम; गर्भवती हुन रोक्ने वा बन्द गर्ने प्रक्रिया, जन्मनिरोध। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ङ)।]*

गर्भनिरोधक (Contraceptive)- *वि.* [सं.] गर्भ रहनबाट रोक्ने; गर्भको अवरोधक।

गर्भनिरोधका साधन (Contraceptives)- *नाप.* गर्भनिरोध गर्ने कार्यमा सहयोग गर्ने हर्मोनयुक्त वा अन्य साधन; गर्भाधान हुन रोक्ने औषधी वा उपकरण; परिवार नियोजनका साधन वा उपाय। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (च)।]*

गर्भपतन (Abortion, foeticide/feticide)- *ना.* [सं.] गर्भ तुहिने काम; अधिग्रो जाने क्रिया; गर्भपात; भ्रूण स्वाभाविक रूपमा जन्मन दिनुअगावै तुहाउने काम; गर्भाशयबाट भ्रूण निकाल्ने वा झार्ने कार्य; गर्भपातन; भ्रूणहत्या। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (घ)।]*

गर्भपतन सेवा (Abortion service)- *ना.* आमाको स्वास्थ्य सुरक्षित राख्ने गरी पेटमा रहेको गर्भपात गर्ने गराउने सेवा; इजाजतप्राप्त स्वास्थ्य सस्थामा इजाजतप्राप्त स्वास्थ्यकर्मीले चिकित्साप्रक्रियाद्वारा गर्भपातन गर्ने वा भ्रूणनिष्कासन गर्ने सेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (छ)।]*

गर्भपात (Miscarriage)- *ना.* [सं.] गर्भाधान भई गर्भमा रहेको भ्रूण नष्ट हुनु; पाठेघरमा रहेको गर्भ अड्न नसकेको अवस्था; गर्भको भ्रूण नरहने काम।

गर्भवती (Expected mother, pregnant)- *वि.* [सं.] गर्भधारण गरेकी स्त्री; गर्भिणी; दोजिया; दुईजिउ।

गर्भवती सेवा (Obstetric care)- *नाप.* गर्भवती महिलालाई स्वास्थ्य संस्थाले दिने चिकित्सासेवा; सामान्यत: बच्चा नजन्मेसम्म गर्भवती महिला र गर्भावस्थामा रहेको भ्रूणको स्वास्थ्यावस्थाको कम्तीमा चार पटक र आवश्यकता अनुसार स्वास्थ्य जाँच गर्ने काम; चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीको सल्लाहबमोजिम गर्भवती र गर्भावस्थाको स्वास्थ्य जाँच गर्ने, स्वास्थ्य स्याहारसम्बन्धी समुचित परामर्श प्राप्त गर्ने र गर्भावस्थामा अवलम्बन गर्नुपर्ने सुरक्षाका उपाय तथा न्यूनतम सेवा सुविधासम्बन्धी स्याहार वा स्वास्थ्य सेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ज) र दफा ५।]*

गर्भवती सेवा प्राप्त गर्ने अधिकार (Right to get obstetric service)- *नाप.* प्रत्येक महिलालाई स्वास्थ्य संस्थामा गई आफू गर्भवती भए वा नभएको जाँच वा परीक्षण गर्न पाउने अधिकार र गर्भवती भएको यकिन भएमा स्वास्थ्यसम्बन्धी सेवा पाउने अधिकार; महिलाको प्रजनन तथा मातृशिशु स्वास्थ्यसम्बन्धी अधिकार। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा 5।]*

गर्भाधान (Fertilization, conception, impregnation)- *ना.* [सं.] स्त्रीकेसरसँग पुङ्केशर सेचन भई भ्रूण बन्ने क्रिया; डिम्बाशयमा रहेको डिम्ब वा अण्डमा शुक्रकीट सेचन हुँदाको अवस्था; गर्भधारण गर्ने, गराउने वा हुने कार्य; गर्भधारण गर्ने प्रक्रिया; भ्रूण बन्ने प्रारम्भिक क्रिया।

गर्भावस्था (Pregnancy)- *ना.* [सं.] गर्भाधान भएदेखि जातक पैदा नभएसम्मको अवधि; गर्भधारणपूर्वको अन्तिम पटक महिनावारी भएदेखि पाठेघरभित्र गर्भ वा भ्रूण रहेसम्मको अवधि। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (झ)।]*

गर्भाशय (Uterus)- *ना.* [सं.] गर्भ रहने ठाउँ; महिलाको भित्री प्रजनन अङ्ग; पाठेघर, कोख; गर्भगृह।

गलतफहमी (Misunderstanding)- *ना.* [सं.] गलत बुझाइ; झुक्यान; भ्रम; नभएको होहल्ला; अपत्यारिलो अफवाह।

गल्ली (Alley, vennel, street)- *ना.* [सं. गल] सहरभित्रका घरहरूका पङ्ति वा दुई पर्खाल बीच रहेको साँघुरो बाटो, पैदल मात्र हिंड्ने बाटो; गल्छेंडी।

गस्ती (Patrolling)- *ना.* [फा.] रखबारीका लागि बस्तीमा सुरक्षाकर्मीले गर्ने घुमफिर वा निरीक्षण; सुरक्षाकर्मीले गर्ने रेखदेखको काम; रमन।

गाँजा (Cannabis, marijuana)- *ना.* [गाँज+आ] भाङ; एकै भेट्नामा चारपाँच ओटा लाममा पात लागेर गाँजजस्तो देखिने खैरो रङको फूल फुल्ने दाना फल्ने बुटे झार; भाङ र सिद्ध गाँजा मूलको जुनसुकै बोटको पात, फूल; चरेस र गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा, चोब; भाङ, चरेस वा गाँजाको बोटसम्बन्धी कुनै पदार्थको सार, निस्सार, निष्कर्ष, मिश्रण तथा पेय पदार्थ। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ख)।]*

गाँसबास (Livelihood, sustenance)- *ना.* [गाँस+बास] खान र बस्न आवश्यक पर्ने कमाइ र घर; बस्नका लागि चाहिने बास र पेट पाल्न चाहिने खाद्यको बन्दोबस्त; जीवन चलाउन नभई नहुने खाद्यान्न र आवास।

गाईवस्तु (Cattle)- *ना.* गाईगोरु, भैंसीराँगा, घोडा, भेंडाबाख्रा आदि चौपाया; जीविकाका लागि पालिने घरपालुवा पशु; बस्तुभाउ; पशुधन। *[हे. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (११) को खण्ड (१)।]*

गाउँपालिका (Village County; Rural Municipality)- *ना.* सहरबजारको क्षेत्र कम रहेको; ग्रामीण समुदायको बसोबास रहेका बस्तीहरू र खेतीपाती वा खाली जग्गाजमिन रहेको स्थानीय तह; राज्य वा सरकारका तीन तहमध्ये आधारभूत तह; स्थानीय तहका नगर र गाउँमध्ये एक। *तुल.* नगरपालिका।

गाउँसभा (Village Council, Rural Municipal Assembly)- *ना.* गाउँको सभा; गाउँपालिकाको सभा; गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको सभा; ग्रामीण भेगको स्थानीय तहको विधायिकी सभा।

गाडधन (Buried treasure)- *ना.* अरूले नदेख्ने गरी जमिनमुनि लुकाएको धन; गाडेको धनसम्पत्ति; कसैले नभेटोस् भनी सुरक्षाका लागि माटामा गाडेर राखेको सुन, चाँदी, काँसन, तामन आदि जायजेथा।

गाफिल (Blame, unconscious, careless)- *ना.* [अ.] काम गर्दा आइलाग्ने दोष; अवगाल; अपजस; थाहा नपाईकन हुने गल्ती; भुलचुक; बेहोस; बेखबर।

गारद (Guarding troop, barrack)- *ना.* [अङ्. गार्ड] पालोपहराको लागि तैनाथ गरिएको पल्टन; सेनाको सुरक्षा टोली; गार्ड; अङ्गरक्षक दल; सेनाको हातहतियार, सरसामान राख्ने वा थन्क्याउने ठाउँ; सामानको थुप्रो; गारत।

गाल (Blame)- *ना.* [सं. गालि] कुनै काम-कुरा बिग्रँदा आइलाग्ने अपजस; दोष, अवगाल; अपयश; लाज वा सङ्कोच पार्ने अवस्था।

गाली (Slander, Scolding)- *ना.* [सं. गालि] कसैले कसैलाई होच्याउने नियतले बोली वा बचनले प्रयोग गर्ने अपमानजनक शब्द; मुख छाड्ने काम; दुर्वाच्य; डरधाक देखाउने गरिने हप्कीदप्की; गालगलोज। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५ को उपदफा (२)।]*

गालीगोफ्ता (Quarrel, reciprocal abuse)- *ना.* परस्परमा गरिने गाली वा दुर्वाच्य; आपसमा भनाभन गर्ने काम; गाफमुखाल।

गालीबेइज्जती (Defamation, libel and slander)- *ना.* बेइज्जती हुने गरी कसैलाई गरिने गाली वा निन्दा; गाली र बेइज्जत गर्ने काम; गाली र अपमान गर्ने काम; गाली, अनादर वा निन्दा गर्ने काम।

गिरफ्तार (Arrest, apprehension)- *वि.* [फा.] पक्राउ वा धरपकड; कुनै अभियोगमा अधिकारप्राप्त अधिकारीद्वारा शङ्कित व्यक्तिलाई कब्जा वा नियन्त्रणमा लिएको; समातिएको; धरपकड।

गिरफ्तारी (Surrender)- *ना.* गिरफ्तार भएको वा गरिएको अवस्था; पक्राउ भएको वा गरिएको अवस्था।

गुजारा (Subsistence, sustenance)- *ना.* [फा. गुजार] जसोतसो जीवन निर्वाह गर्ने काम; जीवननिर्वाहका निम्ति अँगालिँदो पेसा; जीविका; जीवनवृत्तिको बाटो; गुजरान; पेटपालो।

गुजार्नु (To expire time-limit)- *सक्रि.* [गुजार्+नु] जीवन धान्नु; गुजारा चलाउनु; समय बिताउनु; म्याद नघाउनु वा तारिख टुटाउनु; देखाउनु; प्रस्तुत वा पूरा गर्नु (उदा. प्रमाण गुजार्नु)।

गुट (Clique, faction)- *ना.* [गठ] पारस्परिक मतभेद वा स्वार्थ नमिल्नाले कुनै ठूलो सङ्गठन वा समूहभित्र तयार ससाना जमात; कुनै एक सङ्गठन वा समूहभित्र आफ्नो छुट्टै चिनारी राख्ने खास उद्देश्य भएको समूह; उही बगालभित्र पनि फरक उद्देश्य वा पहिचान देखाउने जमात।

गुठियार (Trustee)- *ना.* [गुठ+इयार] गुठी सञ्चालन गर्ने व्यक्ति; गुठीको संस्थापक वा हर्तकर्ता; गुठीको स्थापना गर्ने व्यक्तिको सन्तान; गुठीको सदस्य; गुठीभित्रको परिवार वा खलक; छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला; गुठी चलाउन वा गुठीको शेषकसर खान पाउने हक भएका व्यक्ति; गुठीको सालबसाली दरबन्दीका महन्त र/वा पुजारी; छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक भएका व्यक्ति र त्यस्ता गुठीको सालबसाली दरबन्दीको महन्त र पुजारी। *[हे. गुठी संस्थान ऐन, 2033 को दफा २ को खण्ड (छ)।]*

गुठी (Trust, *Guthi*)- *ना.* [सं. गोष्ठी? गुठ+ई] धार्मिक वा परोपकारी कार्य सञ्चालनका लागि छुट्याइएको जग्गा, घर, सम्पत्ति र तिनैबाट हुने आयस्ताले देवपितृको पूजाआजा आदि चलाउने र तिनको रेखदेख गर्ने विस्तृत पारिवारिक सामाजिक संस्था; आफ्नो हक, भोग र स्वामित्वको सम्पत्ति हितग्राहीको लागि अरू कसैबाट सञ्चालन र व्यवस्थापन गर्ने गरी आवश्यक बन्दोबस्त गरिएको संस्था; कुनै मठ वा कुनै देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यस्को संरक्षण गर्न कुनै दाताले आफ्नो चल-अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी प्रतिष्ठापित संस्था। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३१४ र गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ग)।]*

गुठी अधीनस्थ जग्गा (*Guthi* controlled land, *guthi* suboridnated land)- *नाप.* दर्तावालाले गुठी संस्थानलाई जिन्सी बुझाई आएको जग्गा; गुठीअन्तर्गतको जग्गा। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ट)।]*

गुठी जिमीदारी (*Guthi Jimidari*)- *नाप.* कुनै जिमीदारी मौजामा गुठीको हक भई गुठीमा मालपोत दाखिल हुने जिमीदारी; गुठी जग्गाको भूमिकर उठाउने जिम्मावाल। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ठ)।]*

गुठी तैनाथी जग्गा *(Guthi* owned land, *guthi tainathi* land)- *नाप.* कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा; गुठी संस्थानको पूर्ण स्वामित्व अन्तर्गतको जग्गाजमिन। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ञ)।]*

गुठी नम्बरी जग्गा (Registered *Guthi* land, *guthi numbari land)- नाप.* गुठी संस्थानले जग्गावालाको हैसियतले नेपाल सरकारलाई मालपोत बुझाउनुपर्ने जग्गा; गुठी संस्थानले व्यक्ति सरह आफ्ना नाउँमा दर्ता गराएको जग्गा। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (झ)।]*

गुठी रैतान नम्बरी जग्गा (Guthi land registered in the name of individual, guthi Raitan Numbari land)- *नाप.* दर्तावालाले गुठी संस्थानलाई मालपोत बुझाउनुपर्ने जग्गा; गुठीबाट रैतानी भई व्यक्तिको नाउँमा नम्बरीसरह दर्ता कायम भएको जग्गा। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ज)।]*

गुठी संस्थान (*Guthi* Corporation)- *नाप. गुठी र गुठीको सम्पत्तिसम्बन्धी अभिलेख गर्ने निगम; गुठी संस्थान ऐन, २०३३* बमोजिमको गुठीसम्बन्धी संस्थान। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (क)।]*

गुठी सञ्चालक (Trustee)- *नाप.* गुठीको साङ्गठानिक कार्यसम्पादन गर्ने व्यक्ति; गुठीको सम्पत्ति सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी पाएको व्यक्ति। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३१६ को उपदफा (२) को स्पष्टीकरण।]*

गुण (Quality, characteristics, merit)- *ना.* [सं.] वस्तुलाई सजातीय वस्तुबाट छुट्याउन वा अलग्याउन सहायक हुने आन्तरिक स्वभाव वा विशेषता; विभेदक अभिलक्षण; असल स्वभाव; चरित्र।

गुणस्तर (Quality, standard)- *ना.* [सं.] सेवा वा वस्तुमा रहेको गुणको मात्रा; निश्चित मानकहरूका आधारमा मूल्याङ्कन गरी निर्धारित तह; गुणात्मकता।

गुणस्तरहीन वस्तु (Sub-standard goods)- *नाप.* चाहिँदो गुणको मात्रा नभएको वा चाहिँदो गुण नभएको वा तोकिएको स्तरभन्दा कमसल वस्तु; लेबलमा उल्लेख गरिएभन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्त्व वा पदार्थको परिमाण घटाइएको वा अर्को

कुनै पदार्थको मिसावट गरिएको; मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको, फोहोरमैला, विषादि मिश्रण गरी तयार गरिएको वस्तु; स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा गन्ध प्रयोग गरिएको वस्तु; रोगी वा रोगकारक पशु, पक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको वस्तुको केही वा सबै भाग; तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको वस्तु; गुणस्तर तोकिएकोमा सोबमोजिम नभएको उपभोग्य वस्तु; गुणस्तर नतोकिएकोमा उत्पादकले उल्लेख गरेबमोजिमको गुणस्तर नभएको उपभोग्य वस्तु; उपभोक्ता संरक्षण ऐनअन्तर्गत न्यूनतम गुणस्तर तोकिएकोमा सोभन्दा कम गुणस्तर भएको वस्तु वा अधिकतम गुणस्तर तोकिएकोमा सोभन्दा बढी रहेको उपभोग्य वस्तु। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (छ) ।]*

गुणस्तरीय शिक्षा (Quality education)- *ना.प.* ज्ञान र सीपको सिर्जनशील प्रयोग गर्ने जनशक्ति उत्पादन गर्ने शिक्षा; कामप्रति सम्मान गर्ने र दत्तचित्त सोचसाथ व्यावहारिक समस्या हल गर्ने क्षमताविकास गराउने शिक्षा; उद्यमशीलतासाथ समाज, राष्ट्र र अन्तरराष्ट्रिय जगत्मा योगदान दिन सक्ने जनशक्ति तयार पार्ने शिक्षा।

गुनासो (Grievance)- *ना.* [अमू. गुनगुन+आसो] काम गर्दा वा सेवा लिँदादिँदा परेका पिरमर्का व्यक्त गर्ने काम; दुखेसो; उजुर; कसैले गर्ने दुर्व्यवहार वा अन्यायबारे आत्मीय जनसँग पोखिने मनका वह वा रनाहा; उजुरबाजुर।

गुनासो व्यवस्थापन (Grievance handling)- *ना.प.* संस्था वा कार्यालयले प्रवाह गर्ने सेवाका सम्बन्धमा सेवाग्राहीबाट प्राप्त हुने गुनासो, दुखेसो वा उजुरलाई सम्बोधन गर्ने काम; गुनासालाई सम्हाल्ने र निकासापुकासा गर्ने काम।

गुनासो सुनुवाइ अधिकारी (Grievance handling/nodle officer)- संस्था वा कार्यालयले प्रवाह गर्ने सेवाका सम्बन्धमा गुनासो, उजुर वा दुखेसोबारे सोधपुछ गर्ने वा त्यस्ता गुनासा सम्बोधन गर्न संस्था वा कार्यालयले तोकेको अधिकारी; गुनासो सम्हाल्ने अधिकारी।

गुनासोपेटिका (Complaint box)- *ना.* गुनासो सङ्कलन गर्न राखिएको बाकस; उजुरपेटिका; गुनासो राख्न व्यवस्थित गरिएको ठाउँ वा साधन।

गुप्तचर (Spy, sleuth, espionage, secret service)- *ना.* [सं.] गोप्य तरिकाले सक्रिय भई कुनै कुराको भेद पत्ता लगाउने काममा खटिएको व्यक्ति; जासुस; गोप्य रूपमा अरूको गतिविधि बुझ्न खटिएको व्यक्ति; खुफिया।

गुमस्ता (Secret advice, agent, procurator)- *ना.* [फा.] गोप्य रूपमा गरिने कामको सरसल्लाह; आन्तरिक योजना वा कुराकानी; भित्री मतोजतो; व्यापारी वा उद्योगपतिले कुनै काम विशेषका लागि तलब वा आयस्ताको हिस्सा दिएर नियुक्त गरेको व्यक्ति; एजेन्ट; दलाल।

गुरुयोजना (Master plan)- *ना.* [सं. गुरु+योजना] भौगोलिक वा विषयगत क्षेत्रको दीर्घकालीन विकास र व्यवस्थापनको लागि बनाइएको विस्तृत रणनीतिक योजना; निर्माण कार्य वा उद्योग आदिको सञ्चालनका लागि तयार गरिएको मुख्य योजना; योजनागत मार्गचित्र।

गुहार (Cry for help)- *ना.* [सं. गोहार<गोहरणम्] अपर्झट कुनै दुर्घटना वा विपत्ति पर्दा मद्दत वा सहायता माग्न पुकारिने शब्द; मद्दत वा सहायता मगाइ; सघाउपघाउ; हारगुहार।

गैरआवासीय (Non-residential)- *वि.* [गैर+आवासीय] आफ्नो मौलिक देशभन्दा बाहिरको अर्को देशमा बसोबास गर्ने; आप्रवासनमा रहेको; प्रवासमा बसोबास गर्ने; आफ्नो देश छाडी अर्को देशमा स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने।

गैरआवासीय नेपाली (Non-resident Nepali)- *नाप.* कानूनी रूपमा गैरआवासीय नेपाली परिचयपत्रप्राप्त व्यक्ति; विदेशी नागरिकता लिएर स्थायी रूपमा विदेशमै बस्न सक्ने नेपाली मूलको व्यक्ति। *[हे. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ग) र गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (क)।]*

गैरआवासीय नेपाली भिसा (Non -Residential Nepali Visa)- *नाप.* विदेशमा बसोबास गर्ने नेपाली मूलका विदेशीले नेपालमा बसोबास गर्न वा व्यापार व्यवसाय वा कुनै विषयमा अध्ययन अध्यापन वा अनुसन्धान गर्न चाहेमा निज र निजका परिवारलाई दिन सकिने भिसा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम १०क. को उपनियम (१)।]*

गैरआवासीय नेपाली सङ्घ (Non-Resident Nepali Association)- गैरआवासीय नेपालीहरूबिच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैरआवासीय नेपालीहरूले नेपालमा स्थापना गर्ने वा गरेका सङ्घसंस्था; गैरआवासीय नेपालीहरूका स्थापित सङ्घसंस्था। *[हे. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ को उपदफा (१)।]*

गैरकर (Non-taxable)- *ना.* कर नलाग्ने विषय; लाग्ने शुल्क, दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिबाना वा साँवा फिर्ता रकम र त्यस्तो रकममा लाग्ने ब्याज रकम। *[हे. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ को खण्ड (क1)।]*

गैरकानूनी (Unlawful, illegal)- *वि.* कानूनविरुद्ध; अवैधानिक; कानूनप्रतिकूल; कानुनेतर; अकानूनी।

गैरकानूनी भेला (Unlawful assembly)- *ना.प.* कानूनविपरीत हुने गरी पाँच वा पाँचभन्दा बढी जनाको भेला वा जमघट; बलको प्रयोग वा प्रदर्शन गरी वा जोखिमी हातहतियार प्रदर्शन गरी राष्ट्रसेवकलाई कानूनले तोकेको काम गर्न वा कर्तव्य पालना गर्न नदिने किसिमको जमघट; कसैको सम्पत्ति लिने वा कब्जा गर्ने, कसैलाई बाटो, पानी, सार्वजनिक यातायात वा सञ्चार वा अन्य यस्तै कुनै कुरा उपभोग गर्ने हकबाट वञ्चित गर्ने उद्देश्यले भएको भेला; कुनै व्यक्तिलाई कानूनले गर्न नहुने काम गर्न लगाउने वा कानूनले गर्न पाउने काम गर्न नदिने उद्देश्यले भएको पाँच जना वा पाँचजना भन्दा बढी व्यक्तिहरूको भेला; कुनै कानून वा कानूनी कारबाहीको कार्यान्वयनमा बाधा अवरोध खडा गर्ने र कैदको सजाय हुने कुनै कसुर गर्ने उद्देश्यले भएको पाँचजना वा पाँचजना भन्दा बढी व्यक्तिहरूको भेला। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ६० को उपदफा (२)।]*

गैरकाष्ठ वन पैदावार (Non-timber forest products)- *ना.प.* वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रूखहरूबाट उत्पादित काठ र दाउरा बाहेकका पैदावार; बनैया जडीबुटी तथा वन्यजन्तुलगायत अन्य सबै जैविक उत्पत्तिका पैदावार वा चिजबिज। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ङ)।]*

गैरजिम्मेदार/ गैरजिम्मेवार (Irresponsible, unaccountable)- *वि.* जिम्मेदारी वा जवाफदेह नहुँदो; अनुत्तरदायी; बेमनासिब।

गैरनाफामूलक (Non-profitable)- *वि.* नाफा नकमाउने उद्देश्य राखिएको; मुनाफाबाट पुँजीगत लाभ बाँडफाँड नगरिने वा नहुने।

गैरपर्यटक भिसा (Non-Tourist visa)- *ना.प.* विदेशी मित्रराष्ट्रका सरकारी वा गैरसरकारी संस्थाबाट खर्च बेहोर्ने गरी सरकारी स्वीकृतिमा सामाजिक वा आर्थिक विकास कार्यमा संलग्न रहने, नेपालस्थित विदेशी नियोगद्वारा सञ्चालित संस्थामा काम गर्न पाउने, नेपालमा रही विदेशी सञ्चारमाध्यमका प्रतिनिधिका रूपमा काम गर्न पाउने, कूटनीतिक वा औपचारिक भिसा प्राप्त विदेशीको परिचारकको रूपमा काम गर्न पाउने विदेशीहरूलाई दिइने भिसा; नेपालभित्र कुनै फर्म, कम्पनी, संस्था, उद्योग वा व्यवसायमा पारिश्रमिक पाउने गरी काम गर्न सरकारबाट स्वीकृत प्राप्त विदेशी व्यक्ति, नेपालस्थित अन्तरराष्ट्रिय हवाई संस्थामा काम गर्ने विदेशी व्यक्ति, तेस्रो मुलुकबाट नेपाल आउने विदेशी आयातकर्ता, नेपाली नागरिकसँग विवाह गर्ने विदेशी व्यक्तिलाई दिन सकिने प्रवेशाज्ञा; नातेदार भेट्न आउने नेपाली मूलका विदेशी वा नेपाली बाबु वा आमाको विदेशी राहदानीवाहक सन्तानलाई दिन सकिने प्रवेशाज्ञा; नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका बाबु, आमा, दाजु, भाइ, दिदी वा बहिनी नाताका

विदेशीलाई दिन सकिने प्रवेशाज्ञा; सरकारी वा गैर सरकारी स्तरमा सम्पन्न सम्झौता वा सहमतिअनुसार काम गर्न आएका विदेशीहरू, उद्योग वा व्यवसायको सम्भाव्यता अध्ययन गर्न बढीमा छ महिनासम्मका लागि नेपाल बस्न इजाजतप्राप्त विदेशीहरूलाई दिन सकिने प्रवेशाज्ञा; समूहगत रूपमा पर्यटकहरूलाई नेपाल भ्रमण गराउन ल्याउने टोली नेता, अन्तरराष्ट्रिय गैरसरकारी संस्थामा नेपालमा काम गर्न आउने इजाजतप्राप्त विदेशी र सरकारले उपयुक्त ठानेका अन्य विदेशी र तिनका परिवारका सदस्यहरूलाई दिइने भिसा वा प्रवेशाज्ञा; पर्यटक भिसाभन्दा भिन्न भिसा।

गैरप्राकृतिक विपद् (Non-natural disaster)- *नाप.* प्राकृतिक बाहेकका विपद्; महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटना; मानवसिर्जित विपद्। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (घ)।]*

गैरबासिन्दा व्यक्ति (Non-resident person)- *नाप.* नेपालमा कारोबारको स्थायी ठेगाना नभएको, व्यावसायिक प्रतिनिधि वा कानूनी रूपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरको व्यक्ति; बासिन्दा व्यक्तिबाहेक अन्य जुनसुकै व्यक्ति। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ङ१) र आयकर ऐन, २०५८ को दफा २ को खण्ड (थ)।]*

गैरवित्तीय पेसाकर्मी वा व्यवसायी (Designated non-financial business or profession)- *नाप.* क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी; घरजग्गा खरिद वा बिक्री व्यवसायी; तोकिएका बहुमूल्य धातु वा वस्तुको कारोबार गर्ने व्यवसायी,; आफ्ना ग्राहक वा पक्षको तर्फबाट घरजग्गा खरिबिक्री, ग्राहकको रकम, धितोपत्र वा अन्य सम्पत्तिको व्यवस्थापन, बैंक, बचत तथा धितोपत्रसम्बन्धी कार्यको व्यवस्थापन, कानूनी व्यक्तिको संस्थापना गर्दा वा सञ्चालन गर्दाका बखत गरिएको योगदान तथा लगानीको व्यवस्थापन, कानूनी व्यक्ति वा कानूनी प्रबन्धको सिर्जना, संस्थापना, दर्ता, सञ्चालन वा व्यवस्थापन वा कुनै व्यावसायिक संस्थाको खरीद वा बिक्रीको कार्य गर्दा, सोको तयारी गर्दा वा सोमा संलग्न हुँदाका बखतको नोटरी पब्लिक, लेखापरीक्षक, लेखाव्यवसायी वा त्यस्तै प्रकृतिको कार्य गर्ने अन्य व्यवसायी; आफ्नो ग्राहक वा पक्षको तर्फबाट कानूनी व्यक्ति वा कानूनी प्रबन्धको संस्थापना, दर्ता वा व्यवस्थापनको लागि एजेण्ट भई काम गर्ने, कानूनी व्यक्तिको साझेदार, सञ्चालक, सचिव वा

त्यस्तै पदाधिकारी भई काम गर्ने वा अन्य व्यक्तिमार्फत गराउने, कानूनी व्यक्ति वा कानूनी प्रबन्धलाई व्यावसायिक रूपमा रजिष्टर्ड कार्यालय, ठेगाना वा ठाउँ उपलब्ध गराउने वा सोको लागि पत्र व्यवहारको जिम्मा लिने, कानूनी प्रबन्ध वा यस्तै प्रकृतिका अन्य कानूनी प्रबन्धको ट्रस्टी भई काम गर्ने वा ट्रस्टीको मनोनयन गर्ने वा अन्य व्यक्तिमार्फत गराउने व्यवसायी; कुनै व्यक्तिको तर्फबाट सेयरधनी नियुक्त भई वा अन्य कुनै व्यक्तिमार्फत कार्य गर्ने वा गराउने कार्य गर्दा वा सोको तयारी गर्दा वा सोमा संलग्न हुँदाका बखत व्यावसायिक रूपमा सेवा प्रदान गर्ने कम्पनी वा ट्रस्ट सेवाप्रदायक व्यवसायी र सरकारले तोकेको अन्य पेसाकर्मी वा व्यवसायी। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ)।]*

गैरव्यावसायिक करयोग्य सम्पत्ति (Non-occupational taxable assets)- *ना.प.* व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात, कुनै प्राकृतिक व्यक्तिको अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको र त्यस्तो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कूल दश वर्ष वा दश वर्षभन्दा बढी बसोबास गरेको अवस्थाको निजी भवन (भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गा मध्ये जुन घटी हुन्छ सो जग्गा); कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित, कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन; तीन पुस्ताभित्र भएको खरिद, बिक्रीबाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षणका स्वरूपमा रहेका धनसम्पत्ति। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (द)।]*

गैरसंसदीय (Non-parliamentary)- *वि.* संसद्सँग सम्बन्ध नभएको; संसद्सँग असम्बन्धित।

गैरसरकारी (Non-governmental)- *वि.* सरकारको स्वामित्व नभएको; सरकारको संलग्नता भन्दा बाहिरको; दुनियाँको; नागरिक।

गैरसरकारी वा निजी स्वास्थ्य संस्था (Non-governmental or private health institution)- *ना.प.* गैरसरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्था; सरकारी स्वामित्वभन्दा बाहिरको स्वास्थ्यसंस्था; निजी स्वास्थ्यसंस्था। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ग)।]*

गैरहाजिर (Absent, non-present)- *वि.* हाजिर वा उपस्थित नभएको; गयल; अनुपस्थित।

गैह्र (Overall, whole)- *वि.* [अ. वगैरह] भएभरको सबै, सम्पूर्ण, समस्त, जम्मै।

गोडधुवा (Gift to bride) - *ना.* [गोडा+धुवा] विवाहमा दुलहा दुलहीका गोडा धुँदा दुलही पक्षबाट दिने उपहार; विवाहमा दुलाहा दुलहीलाई दिइने नगद वा जिन्सी भेटी वा उपहार।

गोडायत (Village watchman)- *ना.* [फा. गोइन्द] जिमीदारको असुल तहसिल गर्न जिमीदार तथा पटवारीलाई सहायता दिने सिपाही सरहको कामदार; गाउँको चौकीदार; गोडैत।

गोताखोर (Deep diver)- *वि.* डुब्ने वा डुबुल्की मार्ने; पौडिन सक्ने। *ना.* ठुला नदी, ताल वा समुद्रको पानीमा डुबुल्की लगाउने काममा सिपालु व्यक्ति।

गोदाम (Godown, warehouse)- *ना.* [अङ्. गोडाउन] बिक्री गर्ने जिन्सी मालसामान आदि प्रशस्त मात्रामा राख्ने घर वा टहरो; भाण्डागार।

गोपनीयता (Privacy, confidentiality)- *ना.* [सं.] गोपनीय रहनुको अवस्था; गोप्य रहनुको अवस्था; गोप्यता; गुप्तता।

गोप्य (Secret, confidential, classified)- *वि.* [सं.] लुकाउन वा गुप्त राख्न लायक; गोपनीय; प्रकाशमा ल्याउन नहुने; गुपचुप।

गोप्य लिखत (Secret document)- *ना.प.* पाँच वर्षसम्म गोप्य रहने लिखत; पाँच वर्षसम्म कसैले पनि त्यसको बेहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न नहुने कागजपत्र वा अभिलेख; सरकारको अनुमतिबेगर कसैले हेर्न पनि नपाउने लिखत। *[हे. लिखतहरूको गोप्यतासम्बन्धी ऐन, २०३९ को दफा ७ को उपदफा (१)।]*

गोलघर (Solitary confinement)- *ना.* [गोल+घर] जघन्य वा सङ्गीन अपराधका अपराधीलाई एक्ल्याएर राख्ने साँघुरो कोठा; सकसघर; बाटुले घर।

गोवध (Cow slaughter)- *ना.* [सं.] गाईगोरुको वध वा हत्या; गाईगोरु मार्ने काम; गौहत्या; गोघात।

गोस्वारा (A government office, common, office of the district chief as *Badahakim)*- *ना.* [फा. गोसवारा] एक किसिमको सरकारी निकाय; एउटै समूह वा समष्टिगत रूपमा रहेको; गाभिएको वा मिलेको; साझा; सगोलको; बडाहाकिम बस्ने मुकाम र निजको अड्डा।

गौंडा (Government office of the hilly region)- *ना.* [सं. गढ] गोस्वारा सरहको काम गर्ने पहाडी अड्डा वा त्यस अड्डाका मातहतको इलाका; गढी; अक्कर परेको ठाउँ।

ग्याँस (Gas)- *ना.* [अङ्.] पदार्थको तीन मुख्य अवस्था (ठोस, तरल, ग्याँस) मध्ये एक; निश्चित आयतन र आकार नहुने राखिएको भाँडोको सम्पूर्ण ठाउँ घेर्ने र हावा जस्तै फैलिने पदार्थको

रूप विशेष; तरल पेट्रोलियम ग्याँस (एल.पी.जी.), तरलीकृत प्राकृतिक ग्याँस (एल.एन.जी.) तथा खाँदिएको प्राकृतिक ग्याँस (सी.एन.जी.) वा मिथेन, इथेन, प्रोपेन र ब्यूटेन ग्याँस।

ग्यारिजन समूह (Garrison Group)- *ना.प.* सरकारले तोकेका विशिष्ट व्यक्ति, राष्ट्रिय महत्त्वका चिज वा वस्तु रहेको स्थान, महत्त्वपूर्ण संरचनाको सुरक्षार्थ खटिने सैन्यसमूह; राष्ट्रिय महत्त्वका कुनै कुराको सुरक्षा गर्ने लगायतका काम गर्न नियुक्त वा खटाइएको सैनिक समूह।

ग्रन्थ (Scripture, treatise, book)- *ना.* [सं.] कुनै महत्त्वपूर्ण ठूलो पुस्तक; किताब; पुस्तकाकार कृति।

ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता (Rural veterinary worker)- *ना.प.* ग्रामीणस्तरमा पशुस्वास्थ्यसम्बन्धी प्राथमिक स्तरको उपचारक; पशुको उपचार गर्न इजाजतप्राप्त पशुस्वास्थ्य सेवक तथा पशुसेवा व्यवसायी।

ग्राहक (Customer)- *वि.* [सं.] मूल्य तिरेर कुनै वस्तु किन्ने; गाहकी, क्रेता, खरिदकर्ता। *ना.* सेवा तथा वस्तु उपभोग गर्ने व्यक्ति; ऋणपत्र खरिद गर्ने व्यक्ति; सेवाग्राही। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को नियम २ को खण्ड (ङ)।]*

ग्राह्य (Acceptable, admissible)- *वि.* [सं.] स्वीकार गर्न लायक; लिन वा स्वीकार्न योग्य; ग्रहणीय; स्वीकार्य। *तुल.* अग्राह्य।

ग्राह्य निक्षेप (Acceptable deposits)- *ना.प.* ग्रहण गर्न सकिने वा लिन मिल्ने निक्षेप; निक्षेप तथा कर्जा सुरक्षण कानूनले तोकेका प्राकृतिक व्यक्तिको सबै प्रकारका निक्षेप। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (घ)।]*

घ

घटना (Event, incident)-*ना.* [सं.] सामान्यबाट विशेष बन्ने कुरा; अकस्मात् हुने कुनै गतिविधि; आकष्मिक वा सांयोगिक रूपले नयाँ स्थिति उत्पन्न हुने काम; कुनै प्राकृतिक वा मानवसिर्जित विपद्; अपराधको वारदात।

घटनाक्रम (Series of events or incidents)- *ना.* [सं.] घटनाको सिलसिला वा शृङ्खला; घटनाचक्र; घटना हुने क्रम।

घटनाचक्र (Cycle of event)- *ना.* [सं.] घटनाहरूको तारतम्य; घटना परम्परा; घटनाको तानावाना।

घटनावली (Group of events)- *ना.* [सं.] घटनाहरूको समूह; घटनाहरूको क्रमबद्ध तालिका वा सूची।

घटनावृत्त (Circle of events)- *ना.* [सं.] कुनै पनि प्रकारका घटना भएको कुराको सिलसिलेवार वृत्तान्त वा विवरण।

घटनास्थल (Scene of crime/event/incident)- *ना.* [सं.] घटना वा वारदात भएको ठाउँ; वारदातस्थल।

घटाघट (Lessening bid, lowering competition)- *ना.* [द्वि. घटा+घटा] मालसामान लिँदा दिँदा एकले अरूको दाँजोमा कम गर्ने वा घटाउने काम; मालसामान किनबेच गर्दा सबैको दाँजोमा मोल कम पार्ने वा घटाउने प्रक्रिया; विनिमयमा मूल्यन्यूनीकरणको सौदाबाजी गर्ने काम; मूल्य घटाउँदै लैजाने लिलामको निर्णय विधि। *तुल.* बढाबढ।

घटुवा (Demotion)- *ना.* [घट्+उवा] तल्लो पदमा झारिएको, दर्जाको अवनति। *तुल.* बढुवा।

घडेरी (Occupied land of a house)- *ना.* [घर+एडी] घर बनाउने ठाउँ; घरले चर्चेको जमिन; घर बनेको वा बनाउने ठाउँ; पहिले घर रहेको ठाउँ वा पाताल जग्गा।

घर (House, home)- *ना.* भवन; गृह; आवास; वासस्थान; कुनै घर, घरको तल्ला, एकाइ कोठा वा त्यस्तो घरले चर्चेको जग्गा वा लगापात; घरबास। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३८३ को स्पष्टीकरण र दफा ६७९ को स्पष्टीकरण।]*

घर जग्गा (Building and land)- *ना.* [घर+जग्गा] घर र खेतबारी; घर रहेभएको जग्गाजमिनको सेरोफेरो; कुनै इमारत वा त्यसको कुनै भाग, त्यस्तो इमारत वा त्यसको कुनै

भागका लगापातको कुनै बगैंचा, जमिन र टहरो भए त्यस्ता बगैंचा, जमिन, टहरो, अधिक लाभदायक उपभोगको निमित्त त्यस्तो इमारतसँग वा त्यसको कुनै भागसँग जडान गरी राखिएका वस्तुहरू र इमारतभित्र वा त्यसको कुनै भागभित्रका जुनसुकै सरसामान, मालमत्ता तथा साजवाज। *[हे. अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा २ को खण्ड (ग) ।]*

घर जग्गा मूल्याङ्कन समिति (Real Estate Appraisal Committee)- *ना.प.* सरकारले *सम्पत्ति कर* प्रयोजन सहरी क्षेत्रका घरजग्गाको समयसमयमा मूल्याङ्कन गर्नका लागि सरकारबाट गठित निकाय; सरकारले *घर जग्गा कर ऐन, २०१९* अन्तर्गत गठन गर्ने वा गरिएको समिति। *[हे. सम्पत्ति कर नियमहरू, २०१७ को नियम ४ को उपनियम (१) र घर जग्गा कर नियमहरू, २०२० को नियम ४ को उपनियम (१) ।]*

घरको मुख्य भई काम गर्ने व्यक्ति (Person acting as the head of family)- *ना.प.* घरमुली; घरको विशेषत: आर्थिक कारोबारको जिम्मेवारी लिने व्यक्ति; घरको मुख्य हर्ताकर्ता व्यक्ति; सगोलमा बसी विभिन्न ठाउँमा खेती, व्यापार, व्यवसाय वा अन्य कुनै काम गरी घर व्यवहार चलाउने जिम्मेवारी भएको वयस्क वा सक्षम व्यक्ति। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २१२ को उपदफा (२) को स्पष्टीकरण।]*

घरघरान/ना (Home and household)- *ना.* [घर+घरान+आ] घरसहितका सम्पत्ति; घरायसी सम्पत्ति; घर र जेथा।

घरपालुवा चौपाया (Cattles)- *ना.प.* घरमा पालिएका चारखुट्टे जनावर; घरेलु गाईगोरु भैंसीराँगा, भेडाबाख्रा आदि।

घरबारी (Homeland)- *ना.* [घर+बारी] मानिस बसोबास गर्ने घर र सो घरले चर्चेको जग्गा; घर र घरसँग जोडिएको वा फरक रहेको गोठ, भकारी, इनार, पोखरी, ग्यारेज, तबेला, फलफुलको बगैंचा, तरकारी बारी, बाँस घारी, खरबारी, खेलकूद वा मनोरन्जन गर्ने ठाउँ; घर र घरका आसपासमा कुनै काममा लगाइएको जग्गा। *[हे. भूमि सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ङ) ।]*

घरबिदा (Home leave)- *ना.* [घर+बिदा) रोजगाररत शिक्षक, कर्मचारी वा कामदारले निश्चित समयको अन्तरालमा निश्चित समय घर बस्न पाउने सुविधा; रोजगारकर्ताले नियमित कामबाट फुर्सद लिन पाउने एक प्रकारको सहुलियत।

घरमुली (Head of family/home)- *ना.* [घर+मूल+ई] घरको मुख्य मान्छे; घरमालिक; घरपट्टी/ घरभेटी; घरपरिवारमा मुख्य भई काम गर्ने व्यक्ति; कसैका घरमा बहालमा बस्ने

व्यक्तिको हकमा बहालवालाको परिवारको मुख्य भई काम गर्ने व्यक्ति। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७९ को स्पष्टीकरण।]*

घरसार (Domestic, unregistered, informal)- *ना.* [घर+सार] घरायस; घरगृहस्थी; घरघरानामा; घरतिरैको।

घरायसी (Domestic)- *वि.* घरसारको; घरमा हुने वा गरिने; घरेलु।

घरेलु उद्योग (Cottage industry)- *नाप.* घरमै फुर्सद मिलाएर गर्न मिल्ने सीमित लगानीमा खोलिएको उद्यम वा उद्योग; परम्परागत सीप र प्रविधिमा आधारित, श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित लघु इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको (बढीमा पचास किलोवाटसम्म क्षमताको विद्युतीय ऊर्जा प्रयोग गर्ने) उद्योग; घरेलु इलम; घरायसी औद्योगिक व्यवसाय। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (च) र दफा १७ को उपदफा (१) को खण्ड (ख)।]*

घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च (Expenses of domestic or personal nature)- *नाप.* कुनै प्राकृतिक व्यक्तिको निजी खर्च; ऋण लिएकोमा व्यक्तिगत प्रयोग भएको हदसम्मको ऋण बापतको ब्याजसमेत बासस्थान, खाना, खाजा, मनोरञ्जन वा आमोदप्रमोदका अन्य क्रियाकलापहरू उपलब्ध गराउने समेतका प्राकृतिक व्यक्तिको लागि भएका खर्च; व्यवसाय वा लगानीको सिलसिलामा आवतजावत गर्नेबाहेक प्राकृतिक व्यक्तिले घरबाट व्यवसाय वा लगानी सञ्चालन गरिने स्थानमा आवतजावत गरे बापतको खर्च; काम गर्दाको समयबाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरिद गर्न भएको खर्च; शिक्षा वा तालिमको लागि गरिएको खर्च; प्राकृतिक व्यक्तिको आयको गणना गर्दा सो भुक्तानीलाई समावेश गरिएको भएमा, प्राकृतिक व्यक्तिले आफूले पाएको भुक्तानीको बजार मूल्य बराबरको सो व्यक्तिलाई प्रतिफलस्वरूप फिर्ता भुक्तानी गरेको भएमा, हिसाब राख्न कठिन हुने वा प्रशासनिक रूपले अव्यावहारिक हुने सानातिना खर्च; प्राकृतिक व्यक्तिलाई भुक्तानी दिँदाका खर्चहरू; तेस्रो व्यक्तिको लागि गरिएका खर्चहरू। *[हे. आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) को स्पष्टीकरण।]*

घरेलु विषादी (Domestic pesticide)- *नाप.* घरायसी तथा व्यापारिक प्रयोजनको लागि वनस्पतिजन्य विषादी; गहुँत, निम लगायतका प्राकृतिक वा जैविक स्रोतबाट तयार गरिएको विषादी; घरसारमै उत्पादित जैविक विषादी। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ख)।]*

घरेलु सम्बन्ध (Domestic relationship)- *नाप.* घरपरिवारभित्रको सम्बन्ध; घरायसी सम्बन्ध; वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूबिचको सम्बन्ध; सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध। *[हे. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (ख)।]*

घरेलु हिंसा (Domestic violence)- *नाप.* कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक चोट; घरपरिवारका सदस्यबिच एकअर्कालाई गरिएको शारीरिक, व्यवहारगत वा मानसिक आघात। *[हे. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (क)।]*

घरेलु हिंसा पीडक (Perpetrator of domestic violence)- *नाप.* घरेलु सम्बन्ध भएका व्यक्तिलाई घरेलु हिंसा गर्ने व्यक्ति; घरेलु हिंसा गर्नमा संलग्न व्यक्ति; पीडा गर्नमा मतियार। *[हे. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (ज)।]*

घरेलु हिंसा पीडित (Victim of domestic violence)- *नाप.* घरेलु सम्बन्ध भएका व्यक्तिले गरेको घरेलु हिंसाको आघातमा परेको व्यक्ति। *[हे. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (छ)।]*

घा (Treaty, accord)- *ना.* [सं. घट्टमन] सन्धि, सम्झौता; मेलमिलाप।

घाइते (Injured, wounded)- *वि.* घाउ तथा चोटपटक लागेको; घायल।

घाउ (Wound, bruise)- *ना.* [सं. घात] हातहतियार, कुटपिट वा कुनै कारणले लागेको चोट, घाउचोट; घा।

घाखत/ घाउखत (Scar)- *ना.* [सं. घातक्षत] घाउ; चोटपटक; जखम; घाउ भएका ठाउँमा बसेको दाग।

घाजाँच (Injury examination)- *ना.* [घा+जाँच] कसैले कसैलाई कुटपिट गरेको अवस्थामा अड्डा अदालतमार्फत चिकित्सकद्वारा घाउचोट, खतको रूप र अवस्था जाँच गराउने काम; घाउचोटको चिकित्सागत परीक्षण।

घाट (Ferry, crematorium)- *ना.* [सं. घट्ट] नदी वा जलाशयको पानी भएको ठाउँसम्म पुग्न सकिने स्थान; नदीको दायाँबायाँको किनार; नदी तर्ने ठाउँ; जहाज, डुङ्गा आदिमा चढ्ने वा ओर्लने ठाउँ; मानिसको मृत्युपछि दाहसंस्कार गर्ने ठाउँ वा त्यस्तो तीर्थस्थल; मुर्दाघाट।

घाटगड्डी/ घाटगद्दी (Place to pile wood)- *ना.* जङ्गलबाट काठ, बाँस काटी नदीमा बगाएर वा अन्य किसिमबाट ढुवानी गरी ल्याएर जम्मा गरिने ठाउँ; नदीकिनारमा बग्रेठ थान्को लगाउने ठाउँ।

घाटा बजेट (Deficit budget)- *नाप.* राजस्व र अनुदानको योगभन्दा व्यय बढी हुने गरी व्यवस्था भएको बजेट; आयस्ताभन्दा खर्च बढी हुने किसिमको आयव्यय। *[हे. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ख) ।]*

घात (Blow, stroke)- *ना.* [सं.] हातहतियारले कसैलाई मार्ने पिट्ने काम; चोट; प्रहार; आघात।

घातक (Deadly, lethal)- *वि.* [सं.] घाउ चोटपटक लगाउने; घात गर्ने; प्रहार गर्ने; हानि वा क्षति गर्ने।

घुम्ती अदालत (Mobile court)- *नाप.* इलाकाइलाकामा छिन्न बाँकी रहेका मुद्दामामिला छिन्न र दुनियाँलाई पिरमर्का परेको बुझी न्याय, इन्साफ दिलाउन घुमीघुमी न्यायिक सेवा दिने अदालत; दौडाहाका रूपमा सञ्चालित अदालत।

घुम्ती विद्यालय (Mobile school)- *नाप.* शिक्षाको पहुँच नभएको स्थानका लागि शिक्षा प्रदान गर्न स्थापना वा सञ्चालन गरिने विद्यालय; समुदायमा घुमीघुमी पठनपाठन गर्ने विद्यालय।

घुस (Bribe)- *ना.* अड्डा अदालतमा परेको काम आफ्नो अनुकूल गराउनका लागि त्यस्तो काम गरिदिने कर्मचारीलाई अवैध रूपमा दिइने धनमाल; उत्कोच; रिसवत।

घुसखोरी (Bribery)- *ना.* घुस खाने काम; घुस लिने वा दिने काम।

घुस्याहा/ घुसखोर (Bribee, bribe-taker)- *वि.* कसैबाट अवैध ढङ्गले धन लिने; घुस खाने; भ्रष्ट।

घेराउ (Gherao, surround)- *ना.* [सं.] घेर्ने काम, तरिका र प्रक्रियामा माग पूरा गर्न दबाब दिनको लागि घेर्ने वा घेरा दिने काम।

घोटाला (Scam)- *ना.* कुनै कारोबारमा गरिने गोलमाल, गडबडी, हिनामिना, घप्लाबाजी; आर्थिक बेइमानीद्वारा गरिने संस्था वा कार्यालय सञ्चालन।

घोषणा (Declaration, proclamation)- *ना.* [सं.] उद्घोष; आज्ञाप्ति; उद्घोषणा; निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्ने वा विद्युतीय माध्यमबाट तोकिएबमोजिम सम्प्रेषण गर्ने कार्य; राष्ट्रप्रमुख वा सरकार प्रमुखबाट

सार्वजनिक रूपमा जनताप्रति गरिएको प्रतिबद्धता; कुनै विषयको निश्चयपूर्वक भनाइ। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (घ) ।]*

घोषणापत्र (Declaration, manifesto)- *ना.* [सं.] उद्घोषपत्र; कुनै संस्था वा व्यक्तिको कुनै कुरामा उद्देश्य वा सत्यता वा वचनवद्धता घोषित गर्ने पत्र; कुनै राजनीतिक दल वा सङ्गठनको नीति वा कार्यक्रम प्रकाशित गरिएको सार्वजनिक पुस्तिका; नीति वा कानूनको रूपमा सार्वजनिक गरिने लिखत (जस्तै: मानवअधिकारको विश्वव्यापी घोषणापत्र)।

घोषित (Declared)- *वि.* [सं.] औपचारिक रूपमा घोषणा गरिएको; निश्चयसाथ भनिएको; आदेश भएको; धेरैले सुन्ने गरी सुनाइएको।

च

चक्रवृद्धि ब्याज (Compound interest)- *ना.प.* मूलधनमा ब्याज जोडी त्यसको पनि ब्याज; साँवा र निश्चित अवधिमा त्यसको पाकेको ब्याजलाई मा थपेर आगामी ब्याज गणना गरिने प्रणालीको ब्याज; ब्याज लागेर बढेको धन पनि साँवा हुँदै जाने ब्याजे अवधारणा, ब्याजमाथिको ब्याज (स्याज)।

चक्ला/ चकला (Separate plot of land) - *ना.* [सं. चक्रल] चार कुने जमिन; चार पाटा मिलेको जमिनको एउटै ठूलो हिस्सा; बीचमा अरुको जग्गा नपरेको सानो वा ठूलो भाग वा त्यस्तो भूखण्ड।

चक्लाबन्दी (Consolidation of land, land pooling)- *ना.* [चक्ला+बन्दी] चाक्लामा बाँधिएको; भूमिसुधार कार्यक्रमअन्तर्गत रैतीहरूको जग्गाको चाक्ला मिलाउने अभियान; जमिनका स-साना टुक्रा मिलाएर एकीकरण गर्ने काम; कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गालाई एकीकरण गर्ने प्रक्रिया। *[हे. भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम २ को खण्ड (ण)।]*

चन्डु (Opioids)- *ना.* [हि.] अफिमबाट बनाइएको नसा दिने र विशेषत: धुम्रपानका रूपमा सेवन गरिने पदार्थ; अफिमबाट बनेको लागु पदार्थ।

चन्दा (Donation, charity)- *ना.* [फा. चन्द] सामाजिक तथा सामूहिक रूपका परोपकारी वा कल्याणकारी कार्यका लागि सहयोगस्वरूप दिइने वा जम्मा गरिने रकम; सङ्घ, संस्था, सङ्गठन आदि सञ्चालन गर्नका लागि सम्बन्धित व्यक्तिहरू मध्येबाट उठाइने रकम वा शुल्क; दान वा भेटीका रूपमा दाताहरूबाट उठाइने रकम; विशेष कामका निमित्त मानिसहरूबाट उठाइएको रकम। *[हे. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २ को उपदफा २.१ को खण्ड (२.१.१०)।]*

चपरास (Badge)- *ना.* [फा. चपरास्त] अर्दली (कार्यालय सहयोगी वा पाले) तहका कर्मचारीले कम्मरपेटी वा छातीमा लगाउने कार्यालय वा संस्थाको नाम, कर्मचारीको दर्जा र नम्बर लेखिएको धातुको ब्याज; चप्रास।

चपरासी/ चप्रासी (Watchman, orderly)- *ना.* [चपरास+ई] चपरास लगाउने कर्मचारी; चप्रासधारी व्यक्ति।

चमू (Corps)- *ना.* [सं.] सैन्य बलको एक एकाइ; ७२९ हात्ती, ७२९ रथ, २१८७ घोडचढी र ३६४५ पैदल सिपाही रहने सैन्य एकाइ; नेपाली सेनाअन्तर्गत चमू नामले खडा गरिएको छुट्टै एकाइ। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (झ) ।]*

चमोट (Leather strap usually used to tie serious offenders)- *ना.* [सं. चर्मपुट] विशेष खालका कसुरदारहरूलाई लगाइने छालाको नेल वा डोरी; कसुरदारलाई सताउनका लागि खुपट्टा कज्याउने छालाको साधन।

चर (Spy, detective, variable, foundation)- *ना.* [सं.] जासुस; गुप्तचर; सुइँको; भेदकत्व (भेरिएबल); जग (घर आदिको)।

चरेस (Hashish, Hemp-juice)- *ना.* गाँजाको फूलबाट बनेको नसालु पदार्थ; गाँजाको लपट्टाको चोप वा खोटो; तमाखुझैं धुम्रपान गरी सेवन गरिने एक प्रकारको लागु पदार्थ।

चर्चिनु/ चर्चनु (To use, to take in practice, to be in curtilage)- *सक्रि.* [सं. चर>चर्च+नु] चलन गर्नु; जग्गाको जोतभोग गर्नु; घर बनाउनु; काममा ल्याउनु।

चर्सा (Leather)- *ना.* [फा. चर्ज] छाला; चम्डा; चर्म।

चल सम्पत्ति (Movable property)- *नाप.* सजिलै ओसारपसार गर्न मिल्ने सम्पत्ति; सजिलैसँग लेनदेन गर्न सकिने रुपैयाँ, सुन, चाँदी आदिजस्ता सम्पत्ति; एक ठाउँबाट अर्को ठाउँमा लिएर वा उठाएर लान मिल्ने वा सकिने कुनै पनि सम्पत्ति। *तुल.* अचल सम्पत्ति। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ण) ।]*

चलचित्र (Motion picture, movie, cinema)- *ना.* [सं.] बिजुलीको मद्दतले पर्दामा देखाइने चलायमान श्रव्यदृश्य कथात्मक नाट्यचित्र; जुनसुकै प्रविधिमा बनेको चलायमान चित्र; सिनेमा; गतिशील श्रव्यदृश्य चित्र। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ख) ।]*

चलचित्र इजाजतपत्र (Motion picture licence)- *नाप.* चलचित्र निर्माण, वितरण तथा प्रदर्शन गर्न दिइने र प्राप्त हुने अनुमतिपत्र; चलचित्र प्रदर्शनघर निर्माण गर्न र सञ्चालन गर्ने अनुमति वा प्रमाणपत्र। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ग) ।]*

चलचित्र इजाजतपत्रप्राप्त व्यक्ति (Motion picture license)- *नाप.* चलचित्र इजाजातपत्र लिने व्यक्ति वा संस्था; चलचित्र निर्माण, वितरण तथा प्रदर्शन गर्ने व्यक्ति; चलचित्र प्रदर्शनघर

सञ्चालन गर्ने व्यक्ति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (घ) ।]*

चलचित्र घर (Cinema hall, movie theatre)- *नाप.* चलचित्र प्रदर्शन गर्ने घर; चलचित्र प्रदर्शनालय; चलचित्र देखाउने मूल घर र सो घरले चर्चेका अरू घर जग्गा। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा २ को खण्ड (ख) ।]*

चलचित्र घर जाँच समिति (Cinema Hall Inspecting Committee)- *नाप.* नयाँ निर्माण भएको चलचित्र घर जाँच गर्ने सरकारी निकाय; नयाँ निर्माण भएको चलचित्र घर जाँच गर्नका लागि जिल्लास्तरमा गठित समिति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम ७ ।]*

चलचित्र जाँच समिति (Cinema Censor Board)- *नाप.* कुनै चलचित्र प्रदर्शन गर्न इजाजतपत्र दिन उपयुक्त भए नभएको जाँच गर्ने निकाय; कुनै चलचित्र प्रदर्शन गर्न इजाजतपत्र दिन उपयुक्त छ वा छैन भन्ने कुरा जाँचबुझ गर्न सरकारले गठन गर्न सक्ने समिति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा २ को खण्ड (क) ।]*

चलचित्र निर्माण (Motion picture production, film production)- *नाप.* सार्वजनिक रूपमा चलचित्र प्रदर्शन गर्ने उद्देश्यले चलचित्र निर्माण गर्ने काम; चलचित्रको छायाङ्कन र सम्पादन। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ङ) ।]*

चलचित्र निर्माता (Motion picture producer, film producer)- *नाप.* चलचित्र निर्माण गर्न इजाजतप्राप्त व्यक्ति; फिल्म बनाउने व्यक्ति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (च) ।]*

चलचित्र प्रदर्शक (Motion picture exhibitor)- *नाप.* चलचित्र प्रदर्शन गर्न इजाजत प्राप्त व्यक्ति; चलचित्रघरको सञ्चालक। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ञ) ।]*

चलचित्र विकास बोर्ड (Film Development Board)- *नाप.* चलचित्रको विकास र प्रवर्धन गर्ने निकाय; चलचित्र प्रवर्द्धक बोर्ड। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ढ) ।]*

चलचित्र वितरक (Motion picture distributor, film distributor)- *नाप.* चलचित्र वितरण गर्न इजाजतपत्रप्राप्त व्यक्ति; चलचित्र बाँडफाँट गर्ने प्रदर्शनका लागि विभिन्न ठाउँमा पठाउन

इजाजतपत्रप्राप्त व्यक्ति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ज) ।]*

चलचित्र वितरण (Motion picture distribution, film distribution)- *नाप.* चलचित्रको प्रदर्शनात्मक बिक्री; चलचित्रलाई प्रदर्शनार्थ भाडामा दिने कार्य। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (छ) ।]*

चलचित्र सम्पर्क अधिकृत (Motion picture liaison officer)- *नाप.* चलचित्र छायाङ्कन भए नभएको सम्बन्धमा रेखदेख गर्ने सरकारी अधिकारी; चलचित्र छायाङ्कन रेखदेखका लागि निर्मातासँग जाने गरी सरकारद्वारा खटाइएको कर्मचारी। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ को खण्ड (ठ) ।]*

चलचित्रसम्बन्धी एकद्वार समिति (One Door Committee on Motion Picture, One Window Committee on Motion Picture)- *नाप.* चलचित्र निर्माणसम्बन्धी नीति निर्माण गर्ने सरकारी संयन्त्र; आफ्नै वा नेपाली नागरिकसँगका संयुक्त लगानीमा नेपालमा चलचित्र निर्माण गर्न चाहने विदेशी व्यक्ति वा संस्थालाई एउटै निकायबाट चलचित्र छायाङ्कन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा नीति निर्माणका लागि गठित समिति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम ५क. को उपनियम (१) ।]*

चलन चलाउनु (Execution)- *क्रिप.* फैसलाअनुसार अड्डा अदालतबाट सम्पत्ति भोगचलन गराइपाउने वा दिने काम; इन्साफअनुसार ठहरेको अधिकार उपभोग वा कार्यान्वित गराउनु।

चलन पुर्जी (Deed for enforcement)-*नाप.* चलन चलाउँदा दिइने पुर्जी; कुनै सम्पत्ति वा अधिकारको प्रचलन गराउनका लागि अदालत वा न्यायिक अधिकारीले कसैका नाउँमा लेखिपठाउने लेखपुर्जी।

चलानी (Dispatch, Issuance)- *ना.* [चल्+आनी] कागजात, मालसामान वा वस्तु एक कार्यालयबाट अर्को कार्यालयमा पठाउने काम; प्रेषण; चलान गरिएको व्यक्ति वा वस्तुको नामनामेसी लेखिएको निस्सा; चलानपत्र।

चल्ती खाता (Current account)- *नाप.* ग्राहकले चाहेको बखत जहिले पनि झिक्न पाउने गरी बैङ्क वा वित्तीय संस्थामा राखिएको रकमको हरहिसाब लेखिएको खाता; रकम राख्न र झिक्नमा आवधिक सर्त नरहेको र सामान्यत: रकम राखेबापत बैङ्कले ग्राहकलाई ब्याज दिनु नपर्ने प्रकृतिको बैङ्क खाता। तुल. बचत खाता वा मुद्दती खाता। *[हे. बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ङ) ।]*

चस्मदिद/ चश्मदीद (Eye witness)- *वि.* [फा.] कुनै घटनालाई आफ्नै आँखाले देख्ने; प्रत्यक्षदर्शी; देखी जान्ने।

चाँदी (Silver)- *ना.* [सं. चन्द्र] गालेर र पिटेर चेप्ट्याउन वा आवश्यकता अनुसारको छाँट पार्न सकिने सेतो धातु; सिक्का, गहना, सजावटका सामान र भाँडावर्तनसमेत बनाउन मिल्ने बहुमूल्य धातु; कानूनी रूपले प्रचलनमा रहेका वा नरहेका सिक्काका रूपमा रहेको चाँदी धातु; शुद्धीकरण भएका वा नभएका चाँदीका ढिक्का, पाता वा चाँदीबाट बनेका गहना र मालवस्तुहरू। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (झ) ।]*

चाडपर्व खर्च (Festival allowance)- *नाप.* आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार चाडपर्व मनाउनका लागि शिक्षक, कर्मचारी वा कामदारलाई वर्षको एकपटक दिइने एक महिनाको तलब बराबरको रकम; दसैं खर्च।

चार किल्ला (Boundaries)- *नाप.* चारैतिरको सिमाना वा साँध; घरजग्गाको पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशा दर्साउने चार पाटाको चिन्हारी तथा साँधसीमाको विवरण।

चार्टर्ड एकाउन्टेन्ट (Chartered Accountant)- *नाप.* लेखापालन, लेखापरीक्षण, कर, वित्तीय प्रबन्ध र व्यावसायिक परामर्शका फाँटमा अन्तरराष्ट्रिय मान्यताप्राप्त पेसाकर्मी; चार्टर्ड एकाउन्टेन्टस् संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति; वित्तीय विवरण जाँच्ने र प्रमाणित गर्ने, कर सञ्चय र कानूनी अनुपालनको सल्लाह दिने; निवेश, जोखिम प्रबन्ध र व्यवसाय विस्तार, कम्पनी तथा कर्पोरेट कानून, कर र अन्य वित्तीय नियमको कार्यान्वयनमा सहयोग गर्न सक्ने पेसेवर।

चालक (Driver)- *ना.* [सं.] सारथि; हँकुवा; गाडीवान्; ड्राइभर; गाडी/ मोटर चलाउने वा हाँक्ने व्यक्ति; सवारी चलाउने मानिस; सवारी चालक अनुमतिपत्रप्राप्त व्यक्ति; सवारी साधनको मुख्य चालक। *तुल.* सहचालक। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ध) ।]*

चालक अनुमतिपत्र (Driving license)- *नाप.* सवारी साधन हाँक्न वा चलाउनका लागि अधिकारप्राप्त अधिकारीले जारी गरेको सवारी चालक अनुमतिपत्र; लाइसेन्स। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (न) ।]*

चालचलन (Custom, conduct, character)- *ना.* [सं.] रीतिस्थिति; व्यवहार; प्रथा प्रचलन; आनीबानी/ बेहोरा/ चरित्र; शीलस्वभाव।

चालनशक्ति (Motive power)- *ना.* [सं.] पानी, बाफ, टर्वाइन, डिजेल, विद्युत लगायतबाट इन्जिन चल्ने शक्ति; इन्जिनलाई चलाउन सक्ने ऊर्जा ।

चास (Ploughing and digging)- *ना.* [सं. चषक] जग्गा-जमिनमा खनजोत गर्ने तथा मलजल हाल्ने काम; चास्ने काम; खनजोत गर्ने काम; जोताइको पटक।

चाहार/ चहार (Lowest grade of land)- *ना.* [सं. चत्वर] उब्जनीका दृष्टिले सबैभन्दा कमसल जग्गा; केहीमा कुलो लाग्ने वा सबै जग्गा बर्षाको भरले रोपिने सुख्खा माटो भएको, हिउँदे र बर्खे दुवै बाली नलाग्ने कम उब्जाउ हुने (जग्गा); जग्गाका चार श्रेणी (अब्बल, दोयम, सिम र चाहार) मध्ये अन्तिम श्रेणी।

चिकित्सक (Doctor, medical officer, medical practioner)- *ना.* [सं.] स्वास्थ्य समस्या वा रोगको निदान, उपचार र शल्यक्रियासमेत गर्ने ज्ञान, सीप र क्षमता हासिल गरेको पेसाकर्मी; डाक्टर; वैद्य; सरकारी सेवामा रहेका डाक्टर, कविराज, हेल्थ असिस्टेन्ट, अ.हे.ब. वा वैद्य; मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्रमा स्नातकोपाधि प्राप्त गरी सोसम्बन्धी व्यवसायमा लागेको व्यक्ति; चिकित्सकको रूपमा सम्बन्धित चिकित्सा परिषद्हरू (मेडिकल काउन्सिल, आयुर्वेदिक चिकित्सा परिषद् आदि) मा दर्ता भएको व्यक्ति; फिजिसियन; मनोचिकित्सक; विशेषज्ञ चिकित्सक।*[हे. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा (२) को स्पष्टीकरण, नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ को खण्ड (घ), जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (घ) र औषधी ऐन, २०३५ को दफा २ को खण्ड (ङ) ।]*

चिकित्सा (Medicine, medical practice)- *ना.* [सं.] औषधीमूलोको काम; रोग वा स्वास्थ्यसमस्याको निदान, इलाज/ उपचार; समस्याको समाधान; न्याय।

चिकित्सा केन्द्र (Treatment Centre)- *नाप.* उपचार तथा पुन:स्थापनासम्बन्धी काम गर्ने सुविधालय; लागु औषध दुर्व्यसनीको उपचार तथा पुन:स्थापना गर्न सरकारद्वारा स्वीकृतिप्राप्त स्थल वा केन्द्र। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ञ३) ।]*

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (National Academy of Medical Sciences)- *नाप.* चिकित्सा विज्ञानको उच्चस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्थापित संस्थान; चिकित्साविज्ञानसम्बन्धी राष्ट्रियस्तरको निकाय वा प्रतिष्ठान। *[हे. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा २ को खण्ड (क) ।]*

चिकित्सा शिक्षा (Medical education)- *ना.* [सं.] स्वास्थ्यसेवा प्रवाह गर्ने सेवाका सबै विधा र तहका शिक्षा; चिकित्सक, नर्स, अन्य स्वास्थ्यकर्मी तथा चिकित्साविज्ञानको फाँटका अन्य पेसाकर्मीका लागि ज्ञान, सीप र दक्षता विकास गर्न प्रशिक्षण र अध्ययनअध्यापन प्रक्रिया; मानिसको स्वास्थ्य, रोगनिदान, रोकथाम र उपचारको ज्ञानप्रदायक प्रणाली। *[हे. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (च) ।]*

चिकित्सा शिक्षा आयोग (Medical Education Commission)- *नाप.* चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको नियमन गर्ने आधिकारिक निकाय; चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउने अधिकार भएको स्थापित संयन्त्र वा आयोग। *[हे. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (क) ।]*

चिकित्सा शिक्षा प्रत्यायन समिति (Committee on Accreditation of Medical Education)- *नाप.* प्रत्यायनसम्बन्धी काम, त्यसको मापदण्ड निर्धारण गर्न गठित समिति; प्रत्यायन निर्देशनालयलाई प्रत्यायनसम्बन्धी काममा सहयोग पुऱ्याउने समिति। *[हे. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २५ को उपनियम (१) ।]*

चिकित्सासम्बन्धी आङ्गिक शिक्षण संस्था (Constituent Institute of Medicine)- *नाप.* विश्वविद्यालय अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गराउने आङ्गिक क्याम्पस; चिकित्सा शिक्षा अध्यापन गराउने मेडिकल कलेज वा शिक्षण संस्था।

चिट्ठा (Lottery, lot)- *ना.* नम्बर लगाएर टिकट बिक्री गरी जम्मा गरेको धनबाट छनोटमा नम्बर पर्ने विजेतालाई नगद वा जिन्सी दिने एक वितरण प्रणाली; सहभागीले टिकट किनेर नगद वा अन्य पुरस्कार जित्न आशा राख्ने र ताक परे पुरस्कार हात पार्ने भाग्यमा आधारित एक प्रकारको जुवा खेल; अकस्मात् धन हात लाग्ने खेल; लटरी।

चिठी/ चिट्ठी (Letter, mail)- *ना.* [सं. चित्रित?] पत्र; टाढा वा अन्यत्र भएका मानिस वा कार्यालयको नाममा लेखेर पठाइने कागज वा पत्र; हुलाकपत्र र हवाईपत्र; पत्राचार; लेखेर पठाइने खबर वा सन्देश।

चिडियाखाना (Zoo, zoological garden)- *ना.* [हि. चिडिया+फा. खान] पशुपक्षीको संरक्षण, प्रजनन, वंशाणु स्रोतको संरक्षण गर्ने उद्देश्यले व्यवस्थित गरिएको उद्यानसहितको आरक्षणस्थल; जीवजन्तुको अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान; जीवजन्तुको अवलोकन गरेर मानव मनोरञ्जन समेतको प्रबन्ध गरिएको प्राणी-वनस्पति उद्यान; अन्तरराष्ट्रिय प्रचलनअनुसार स्थापना गरिने प्राणी उद्यान। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (च२) ।]*

चिताइदार (Forest guard)- *ना.* सरकारी वन जङ्गलको रेखदेख गर्न नियुक्त रखवाला; वनरक्षक; वनपाले।

चिथ्रो (Ragged, torn cloth)- *ना.* [मक्किएको वा थोत्रिएको लुगा; झुत्रो, फ्याङ्लो, च्याङ्लो, कन्था, चिथडो लत्ताकपडा।

चियाबगान (Tea estate)- *ना.* [चि. ट्रिस्च+अस. बगान] चियाबारी; चियाको खेती गरेको स्थान; चियाको बगैंचा; चियाउद्यान; दर्ता भएको चियाबगान र बगानभित्र स्थापना भएका कारखाना, भौतिक पूर्वाधार तथा सोको परिसर। *[हे. श्रम ऐन, २०७४ को दफा ८४ को उपदफा (१) को स्पष्टीकरण।]*

चियाबगानका श्रमिक (Tea-estate labour)- *नाप.* चियाबगानका जग्गामा खन्ने, जोत्ने, सम्याउने कामदार; चियाका बोटबिरुवा झोर्ने, छर्ने, रोप्ने, गोड्ने, काट्ने मजदुर; चिया टिप्ने, बटुल्ने श्रमिक; चियाबगान वा चियाखेतीसम्बन्धी त्यस्तै अन्य काम गर्ने श्रमिक; चिया प्रशोधन गर्ने र चिया बगानको अन्य कुनै काममा संलग्न श्रमिक। *[हे. श्रम ऐन, २०७४ को दफा ८४ को उपदफा (१) को स्पष्टीकरण।]*

चिरभोग (Perennial prescription)- *ना.* [सं.] अविस्मृत वा लामो अटुट भोग; धेरै लामो समयदेखिको भोगचलन।

चिरस्थायी (Long lasting, perennial)- *ना.* [सं.] धेरै समयसम्म रहने; पछिसम्म टिक्ने; टिकाउ; चिरस्थ।

चिर्कटो (Piece of paper)- *ना.* [चिर्+कपट्टा] सम्झनका लागि छोटकरीमा टिपिएको टिपोट वा कागजको टुक्रो; चिट।

चिल्थो (Ragged)- *ना.* फाटेर झुत्रो भइसकेको; थोत्रो; काम नलाग्ने अवस्थाको; जर्जर।

चिह्नपट/ चिह्नपाटी (Signboard)- *ना.* नामपाटी; चिह्न वा निसाना पाटी; साइनबोर्ड।

चुँगी/ चुङ्गी (Octroi, local import tax)- *ना.* [हि. चुङ्गी] स्थानीय कर; सहरी क्षेत्रमा बाहिरबाट आउने मालसमानमा लाग्ने वा लिइने महसुल।

चुक (Mistake, error)- *ना.* [सं. च्युत] गल्ती हुन जाने काम; भुल; गल्ती; त्रुटि।

चुक्ता (Clearance, pay off)- *ना.* [प्रा. चुक्क] ऋण तिर्ने काम; फस्यौंट; फच्चे; असुलउपर; फार्से; राफसाफ।

चुक्ता पुँजी (Paid-up Capital)- *नाप.* कम्पनी, बैङ्क वा वित्तीय संस्थाको जारी पुँजीमध्ये सेयरधनीबाट कम्पनीका हातमा आइसकेको पुँजी; सेयरधनीले कम्पनीलाई चुक्ता गरिसकेको सेयर रकम; कबोलेको सेयरसङ्ख्याअनुसारको कुल पुँजीको सेयरधनीहरूबाट प्राप्त भइसकेको रकमअंश। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ढ) ।]*

चुक्ली (Back biting, spiteful talk)- *ना.* [फा. चुगली] अर्काका विषयमा कसैसँग गरिएको नराम्रो कुरा; छुल्याइँ; अर्काको भए नभएको कुरा लगाउने काम; छुस्केरा; नचाहिँदो पोल।

चुली (Summit, peak)- *ना.* [सं. चूडा] हिमालको शिखर; पहाडको चुच्चो; टाकुरा; झुसी रासको माथिल्लो चुच्चो भाग।

चेक (Cheque)- *ना.* [अङ्.] बैङ्कमा खाता खोली रकम जम्मा राखेका ग्राहकले आफ्ना खाताबाट यति रकम आफैलाई वा अरूलाई भुक्तानी दिनू भनी लेखी दिने पत्र; ग्राहकले आफ्नो खाताको रकम अरूलाई वा आफैलाई भुक्तानी गर्न बैङ्कले प्रमाणित गरी जारी गरेको ढाँचाबद्ध लिखत; माग्नासाथ भुक्तानी दिनू भनी कुनै बैङ्क उपर खिचिएको विनिमेयपत्र। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ज) र नेपाल राष्ट्र बैङ्क, २०५८ को दफा २ को खण्ड (फ) ।]*

चेतनामूलक कार्यक्रम (Awareness program)- *नाप.* कुनै विषयमा मानिसमा चेतना फैलाउन सञ्चालन गरिने कार्यक्रम; जनजागृति बढाउनका लागि गरिने योजनाबद्ध क्रियाकलाप।

चेताउनी/ चेतावनी (Warning, reprimand)- *ना.* [चेत्+आउनी] कुनै विषयमा सचेत वा होसियार गराउने कार्य; कसैलाई होसियार पार्नको निमित्त दिइने सूचना; सर्तक गराउने काम; सावधान हुनका लागि दिइने निर्देशन; पाठ वा सिकाइ; सचेतना।

चेतावनीमूलक सन्देश (Warning message, public service announcement)- *नाप.* सचेत गराउन सन्देश; विज्ञापन गरिएको वस्तु वा सेवाको प्रयोग गर्दा हुन सक्ने असर वा अवलम्बन गर्नुपर्ने सतर्कताको सन्देश। *[हे. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ९ को उपदफा (२) ।]*

चैत्य (Monastery)- *ना.* [सं. चैत्य] बौद्ध धर्मको स्तूप; बुद्धको स्मारक।

चोटपटक (Injury, wound)- *ना.* लडेर, ठोक्किएर वा काटेर शरीरका कुनै अङ्गमा लागेको घाउ; अङ्गभङ्ग वा मृत्युबाहेक सामान्य घाउचोट; घा; घाखत। *[हे. गैर सरकारी व्यक्तिहरूलाई क्षतिपूर्ति दिने नियमहरू, २०२४ को नियम २ को खण्ड (घ) ।]*

चोर (Thief)- *ना.* [सं.] चोरी कर्म गर्ने व्यक्ति; कसैलाई थाहा नदिई अर्काको धनमाल लैजाने व्यक्ति; अर्काको धनमाल अपहरण गर्ने व्यक्ति।

चोरी (Theft)- *ना.* [चोर+ई] मन्जुरीविनै अर्काको धनमाल लैजानु; अर्काको स्वामित्वमा रहेको कुनै चल सम्पत्ति लुकाइछिपाई आफ्ना स्वामित्वमा ल्याउने काम; अर्काको हकदाबीको सम्पत्ति थाहा नदिई खुसुक्क आफ्नो हकदाबीभित्र बनाउने काम; चोर्ने काम, अर्को जिम्मामा रहेको चल सम्पत्ति आफ्नो बनाउने, उपभोग गर्ने वा लिनखानका लागि बेइमानीका नियतले लिने वा स्थान परिवर्तन गर्ने काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ को उपदफा (२) ।]*

चोरी निकासी (Export without clearance, export smuggling)- *ना.प.* भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली निकासी गर्ने काम; भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि घोषणा नगरी निकासी गर्ने कार्य; भन्सार छली मालसामान निकासी गर्ने काम; गैरकानूनी रूपमा अन्य मुलुकमा मालसामान पठाउने काम। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ङ) ।]*

चोरी पैठारी (Import without clearance, import smuggling)- *ना.प.* भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाईछिपाई वा बाटो छली भित्र्याउने कार्य; भन्सार महसुल नलाग्ने मालवस्तु भए सो घोषणा नगरी पैठारी गर्ने कार्य; भन्सार छली मालसामान पैठारी गर्ने काम; गैरकानूनी रूपमा अन्य मुलुकबाट मालसामान ल्याउने काम। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (च) ।]*

चौकी (Police station or health post)- *ना.* [चौको+ई] सबैभन्दा सानो इलाका तहको अड्डा; छोटी अड्डा; प्रहरीचौकी; स्वास्थ्यचौकी।

चौकीदार (Watchman, guard)- *ना.* चौकीमा बसेर पालोपहरा दिने व्यक्ति; पाले; पहरेदार; कारागारको आन्तरिक व्यवस्थापनका लागि बन्दीहरूमध्येबाट तोकिने कारागारको आन्तरिक व्यवस्थापक कैदी; कारागारको आन्तरिक व्यवस्थापनको काम गरेबापत एक महिनामा छ दिन बराबरको कैदकट्टी पाउने बन्दी। *(हे. कारागार ऐन, २०७९ को दफा ५४ ।)*

चौतरिया (Courtiers)- *ना.* [चौतारा+इया] राजाका सबैभन्दा नजिकका भाइबन्धु; मुख्तियार; राजाबाट आफ्ना निकट वंशजलाई दिइने सम्मान वा पदवी; भीमसेन थापाभन्दा अघि मुख्तियारको काम गर्ने व्यक्ति।

चौतारा (Courtier)- *ना.* राजकाजमा विश्वासका साथ सहयोग गर्ने व्यक्ति; राजाको सहयोगी; भाइभारदार।

चौपाया (Cattle)- *ना.* [सं. चतुष्पद] चार खुट्टे पशु; चार वटा खुपट्टा हुने।

छ

छकुबन्जार (Hawker, peddler)- *ना.* [फा.] आफैंले जिउमा सामान बोकी बजारमा लगी बेची हिंड्ने व्यापारी; फौबन्जार।

छकुबन्जारी (Hawker, peddler)- *ना.* [छकुबन्जार+ई] आफैंले जिउमा सामान बोकी बजारमा लगी बेचेर गरिने व्यापार; फौबन्जारी।

छटाक/ छटाङ (A measure of one fourth of two hundred gms) - *ना.* [सं. षोडशांस] एक पाउको चार भागको एक भाग; सेरको सौहौं भाग; पाँच तोला बराबरको परिमाण।

छद्मनाम (Pseudonym)- *ना.* [सं.] वास्तविक परिचय लुकाएर अर्कै परिचय दिन बदलिएको नाम; गुप्त नाम; उपनाम; सङ्केतनाम।

छद्मभेष (Disguise)- *ना.* [सं.] नक्कली भेष; छल भेष।

छनोट/ छनौट प्रणाली (Selective method)- *ना.प.* छान्ने वा केलाउने प्रणाली; चयन गर्ने पद्धति; राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वास्थ्यको सुरक्षा, पर्यावरणीय सुरक्षा, मालवस्तुको प्रकृति, मालवस्तुको उत्पत्तिको मुलुक, मालवस्तु चलान भएको मुलुक, आपूर्तिकता, पैठारीकर्ता वा भन्सार एजेन्टको साख आदिका आधारमा निर्धारण गरिने जोखिमलाई विचार गरी त्यस्ता जोखिमका आधारमा मालवस्तुको वर्गीकरण गरी मालवस्तुको भन्सार जाँचपास गर्ने प्रणाली। *[हे. भन्सार ऐन, २०६४ को दफा २० को उपदफा (२) को स्पष्टीकरण।]*

छनोट/ छनौट समिति (Selection Committee)- *ना.प.* नियुक्ति तथा बढुवाको लागि उम्मेदवारमध्येबाट उपयुक्त उम्मेदवार चयन गर्ने संयन्त्र; कुनै कुरा छान्ने वा चयन गरी सिफारिस गर्न सक्ने समिति।

छल (Deceit)- *ना.* [सं.] साँच्चै हो भन्ने लाग्ने गरी कुनै विषयको ज्ञान वा इन्द्रियमा पारिने भ्रम; विषयको वास्तविकतालाई छिपाएर अर्को रूपमामा देखाउनु; धोका दिने वा झुक्याउने काम; वक्ताको अभिप्राय र कथनको वाच्यार्थभन्दा फरक अर्थको कल्पना; सामान्य शब्दको संयोगबाट सम्भव हुने अर्थको सम्भव नै नहुने अर्थ गराइ; मूल अर्थको सद्भाव निषेध गर्ने अर्थ गराइ; छक्याउने काम; छकावट जाल; जालझेल।

छलकपट (Cheat, deception)- *ना.* [सं.] [छल+कपट] खराब आशयसाथ गरिने छल; छलछाम; कसैलाई कपटपूर्ण किसिमले छल्ने वा धोका दिने काम; कसैलाई झुक्यान वा भ्रममा पार्ने काम।

छलछाम (Cheat)- *ना.* [छल+छाम] छल्ने काम; छलकपट; जालझेल।

छवायबाली (Revenue of trust (guthi) land)- *ना.* [नेवा. छवाय+बाली] गुठीको जग्गामा लाग्ने मालपोत वा तिरो; कर।

छाउनी (Barrack, cantonment)- *ना.* [सं. छादनी] स्थायी वा अस्थायी रूपले सैनिक बसोबास गर्ने ठाउँ; सेनाको शिविर; अस्थायी प्रकृतिको वासस्थल।

छाडा गाईवस्तु (Free cattle)- *नाप.* बाँधेर नराखी फुक्का पारी आफूखुसी गर्न छाडिएका गाई वस्तु; गोठाला वा अरू कसैलाई रेखदेख गर्न नलगाई सडक वा सार्वजनिक ठाउँमा छोडिदिएका बेवारिसे गाईवस्तु। *[हे. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (११) को खण्ड (२) ।]*

छात्रवृत्ति (Scholarship, fellowship)- *ना.* [सं.] अध्ययनरत रहँदा विद्यार्थीलाई दिइने निर्वाहभत्ता; विद्यार्थी वा प्रशिक्षार्थीलाई निश्चित समयसम्मका लागि दिइने अनुदान रकम; कुनै अध्ययन, अनुसन्धान वा प्रशिक्षणका लागि सरकारले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा; सरकारलाई कुनै विदेशी मुलुक, अन्तरराष्ट्रिय वा अन्य दातृ संस्था वा स्वेदशी/ विदेशी शैक्षिक संस्थाले विद्यार्थी वा प्रशिक्षार्थीको वृत्तिका निमित्त उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा वा प्राविधिक सहायता।

छात्रवृत्ति छनोट समिति (Scholarship Selection Committee)- *नाप.* खुल्ला प्रतियोगिताद्वारा छात्रवृत्ति पाउने व्यक्तिहरूको चयन गर्ने संयन्त्र; छात्रवृत्ति प्रापक छान्नका लागि गठित समिति। *[हे. छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम २ को खण्ड (घ) ।]*

छात्रवृत्ति नीति निर्धारण समिति (Scholarship Policy Determination Committee)- *नाप.* छात्रवृत्तिसम्बन्धी नीति तय गर्ने संयन्त्र; छात्रवृत्तिसम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापनका काम गर्न गठित समिति। *[हे. छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम २ को खण्ड (ग) ।]*

छात्रवृत्ति बिगो निर्धारण समिति (Scholarship Amount Determination Committee)- *नाप.* छात्रवृत्तिसम्बन्धी रकम निर्धारण गर्ने संयन्त्र; छात्रवृत्तिसम्बन्धी रकमकलम निर्धारण गरी सरकार समक्ष सिफारिस गर्न गठित समिति। *[हे. छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम २ को खण्ड (छ) ।]*

छात्रावास (Hostel)- *ना.* [सं. छात्र:+आवास] गुरुकुलमा छात्रछात्रा बसोबास गर्ने भवन; अध्ययनका क्रममा छात्र वा छात्राहरूलाई बसोबासका लागि व्यवस्था गरिएको आवासीय सुविधा।

छानबिन (Investigation, enquiry)- *ना.* [छान र बिन] सत्यतथ्य केलाउने काम; खोजबिन गर्ने काम; तथ्य पत्ता लगाउने र लेखाजोखा वा मूल्याङ्कन गर्ने काम; जाँचपडताल; विधिपूर्वकको अनुसन्धान वा सोधखोज।

छाप (Stamp, seal, imprint)- *ना.* [सं. स्थाप्य] कपडा, काठ, धातु वा कागज आदिमा स्थायी निसाना लगाउनका लागि अक्षर काटिएको वा चित्र कुँदिएको चित्र वा टाँका; रङमा डुबाएर वा चोबेर कागज कपडा आदिमा टाँचा लगाउन वा गहिरो प्रभाव स्थिर गर्ने साधन; चिह्नित वा चिह्नाङ्कित गर्ने उपकरण।

छापा कागजपत्र (Print document)- *ना.प.* छापिएको, इन्ग्रेभ गरिएको, लिथो गरिएको, मिमियोग्राफ गरिएको वा फोटो खिचिएको सबै प्रकारका समाचार पत्रपत्रिका; किताब पर्चा, सङ्गीतको सिट, भेट्ने कार्ड, ठेगाना कार्ड, छपाइ प्रुफ, इन्ग्रेभिङ्ग फोटो र फोटो भएका अलबम, सूचनाहरू, छपाई, इन्ग्रेभिङ्ग लिथो, मिमियोग्राफी, फोटोग्राफी र तुरून्तै चिन्न सकिने अरू कुनै यान्त्रिक प्रक्रियाद्वारा सामान्यत: कागजपत्र वा कार्डबोर्ड वा यस्ता अरू कुनै वस्तुमा बनाइएका लिखत वा उतारिएका प्रतिलिपि।

छापाखाना (Press)- *ना.* [छापा+खाना] किताब, पत्रपत्रिका आदि छाप्ने घर वा ठाउँ; मुद्रणालय; किताब, समाचारपत्र, समाचारपत्रिका वा लिखतपत्र निकाल्ने साधन वा छाप्ने मेसिन, टाइप, लिथो गर्ने मेसिन, सबै कलहरू, ज्यावल, कार्यालय र त्यसका हिस्सा; मुद्रणयन्त्र; प्रेस। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (क) ।]*

छापामार (Guerrilla, raider)- *ना.* लुकीछिपी शत्रुलाई झुक्याएर आक्रमण गर्ने व्यक्ति वा समूह; गुरिल्ला; अप्रत्याशित रूपले आक्रमण गर्ने वा आकस्मिक खानतलासी लिने व्यक्ति। *वि.* लुकीछिपी गर्ने, अचानक आक्रमण गर्ने।

छाप्रो (Hut)- *ना.* [प्रा. छप्पर] खर, पराल, चित्रा आदिले छाएको सानोतिनो विशेषत: अस्थायी बसोबासका लागि बनाइएको घर वा गोठ; वरिपरि सेउलाले बारेर सेउलाले छाएको टहरो; झुपडी; छप्पर।

छिनाफाना/ छिनछान (Clearance, finalization)- *ना.* [छिन्+फाँड>फाना] छिनफाँड; हरहिसाब चुक्ता गर्ने काम; फछर्यौट; निधो वा टुङ्गो लगाउने काम।

छिनुवा (Decided)- *वि.* [छिन्+उवा] छिनिएको; टुङ्गिएको; तुरिएको; टारिएको।

छिनुवा मिसिल (Decided case file)- *नाप.* अदालतमा मुद्दा परी फैसला वा किनारा भइसकेको मुद्दाको मिसिल; अन्तिम फैसला भइसकेको मुद्दाका कागजपत्रवाला अभिलेख; कुनै उजुरको कारबाही भई किनारा गरिएका वा तामेलीमा राखिएका कागजातका फाइल वा मुठा।

छुट (Exemption, discount, concession, waiver, missed)- *ना.* [छुट्+अ] छुटाइ; कुनै वस्तु वा सेवा बिक्री गर्दा मूल्यमा गरिने कमी वा सहुलियत; लिनुपर्ने राजस्वको केही अंश सहुलियत गरी कम लिने वा नलिने काम; बन्धनबाट मुक्त गर्ने वा हुने काम; दण्डसजायबाट फुर्सद दिने वा पाउने काम; छुटपुट; वासिल बाँकी; रहलपहल; सहुलियत।

छुट गुठी (*Chhut Guthi, partially revenue exempted trust*)- *नाप.* आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखतबमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी सरकारी गुठी लगतमा दर्ता गराई वा दर्ता गराउनुपर्ने गरी तिरो तिर्नुपर्ने वा नपर्ने गरी गुठीयारले नै गुठी चलाउन छुट पाएको गुठी; सहुलियती गुठी। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ङ) ।]*

छुट जग्गा दर्ता (Registration of unbooked land)- *नाप.* दर्ता हुन छुटेको जग्गा दर्ता गर्ने काम; सर्भे वा नापी हुँदा दर्ता गर्न छुटेको वा बाँकी बसेको जग्गा दर्ता गर्ने र अभिलेख गर्ने काम।

छुट जग्गा दर्ता सिफारिस समिति (Unbooked Land Registration Recommendation Committee)- *नाप.* नापी जाँच हुन छुट भएको जग्गा दर्ता गर्नका लागि सिफारिस गर्ने सरकारी संयन्त्र; नापीमा नाप जाँच भए तापनि दर्ता हुन छुट भएको जग्गा दर्ताको लागि सिफारिस गर्न नापी गोस्वारा रहेका जिल्लामा गठित समिति।

छुट पाउने संस्था (Organization entitled to enjoy exemption)- *नाप.* संस्थागत नाफामा लाग्ने करछुट भएका संस्था; कर छुट पाउने गरी राजस्व नियामक निकायमा दर्ता भएका गैरनाफामूलक उद्देश्यले सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी कार्यमा लागेका संस्था; सदस्यहरूले लाभ नलिने गरी सामाजिक वा खेलकुदसम्बन्धी सुविधा प्रवर्धन गर्ने उद्देश्यले गठन भएका संस्था; निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दल। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) ।]*

छुटकारा (Acquittal, release, discharge)- *ना.* [छुट+कारा] छुटाइ; छुट्ने काम; बन्धनबाट मुक्ति पाएको अवस्था; अभियोगबाट सफाइ वा फुर्सद पाउने वा हुने काम; दण्ड सजायबाट फुर्सद दिने वा पाउने काम; मुक्तिप्राप्ति; छुट्टी; फुर्सद; अवकाश।

छुटफुट/ छुटपुट (Left-over, remains) - *वि.* कामकाजका सिलसिलामा छुटेको; छुट्न गएको; रहलपहल, बाँकीबचोट; छुटछाट भएको।

छुटानाम/ छुटानामा (Divorce)- *ना.* [छुट्+आ+नामा] पारपाचुकेपत्र; सम्बन्धविच्छेदपत्र; पतिपत्नीको सम्बन्ध विच्छेद भएपछि सम्बन्धविच्छेद भएको वैधानिकता दर्साउने लिखत; छुटापत्र; छोडपत्र।

छुवाछुत/ छुतछात/ छातछुत (Untouchability)- *ना.* अस्पर्शता; प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन गरिने निषेध वा रोक; व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्कासन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभावपूर्ण व्यवहार; कसैलाई वा कुनै कुरा छुन वा कुनै स्थानमा आउनजानमा गरिने रोक; देवस्थल मन्दिर आदिमा पूजा वा अर्चना गर्न प्रवेश गर्नमा रोकिने काम; कुनै कुरा छुन वा स्पर्श गर्नमा रोकटोक वा विभेद गर्ने काम; लसपस; संसर्ग। *[हे. जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा (२) ।]*

छेंभडेल (Construction authority during Malla period)- *ना.* [नेवा. छें+भडेल] भवन विभाग; मल्ल कालमा सरकारी भवन वा कार्यालय, पाटी, धर्मशाला, देवालय आदि निर्माण गर्ने तथा मर्मत गर्ने-गराउने अड्डा। *[हे. नेपाल कानून पत्रिका २०२७, अंक १, नि.नं. ५६६ ।]*

छेकथुन (Obstacle, hurdle)- *ना.* [छेक्+अ+थुन्+अ] मानिस वा पशुलाई स्वतन्त्र रहन वा आफूखुस हिँडडुल गर्न रोकावट गर्ने काम; छेक्ने र थुन्ने काम; घेराउ वा नियन्त्रणमा पार्ने काम; कतै जान नदिई रोक्ने र निश्चित ठाउँमा थुनेर राख्ने काम; बाधाव्यवधान; स्वतन्त्रतावञ्चिति; मानिस वा जनावरलाई बारबन्देज लाद्ने काम।

छेडखानी/ छेडपेच (Taunting, sarcasm)- *ना.* अर्कालाई मनमा बिँझ्ने गरी भन्ने काम; घोचपेच; वचनद्वारा पेच पार्ने काम; व्यङ्ग्यवाण।

छोइछिटो (Practice of sprinkling water for purification during the period of prevalence of untouchability)- *ना.* अशुद्धि हटाउन छर्किइने पवित्र पानी; शुद्धीकरणका लागि गरिने सेचन;

छुवाछुत प्रथा कायम रहेको समयमा अछुत मानिएका वस्तु वा मानिसलाई छोइँदा शुद्ध हुन गरिने उपाय।

छोटी (Small, Mini) - *वि.* [छोटो+ई] सानो; लघु; छोटोछरितो; कम गतिको; सानो कदकी; नमिठो बोल्ने वा साना चित्तकी।

छोटी हुलाक/ चौकी/ भन्सार (Mini postal/police/customs offices)- *ना.प.* सानातिना इलाकामा काम गर्ने र माथिल्लो तहको अधीनमा रहेका हुलाक/ प्रहरी चौकी/ भन्सार कार्यालयका प्रशाखा वा उपकेन्द्र कार्यालय।

छोटो बाटो (Short route)- *ना.प.* छोटो दूरीको बाटो; पच्चिसदेखि एक सय किलोमिटरसम्मको दूरीको गन्तव्य रहने गरिको मार्ग; यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चिस किलोमिटरदेखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ब) ।]*

छोडपत्र (Divorce paper, deed of abandonment)- *ना.* [छोड्+अ+पत्र] कुनै सम्बन्ध, वस्तु वा सम्पत्तिउपरको आफ्नो अधिकार वा दाबी त्याग गरेको लिखत; परित्यागपत्र; छुटानामा। *उदा.* अंश छोडपत्र।

ज

जकडबन्दी/ जखडबन्दी (Entangled with problem)- *ना.* [जकड्+अ+बन्द] बन्धनका साधन (डोरी, साङ्लो आदि)ले बेस्सरी कसिएको वा बाँधिएको अवस्था; कुनै समस्यामा परी त्यसबाट मुक्ति हुने उपाय अज्माउन नसकिएको अवस्था; ग्रस्त अवस्था; बन्धनमा परेको वा बाँधिएको अवस्था।

जखम (Injury, wound)- *ना.* [फा. जख्म] घाउ; चोटपटक; अङ्गभङ्ग।

जखमी (Injurious, perpetrator)- *वि.* [जखम+ई] घातक; जखम हुने खालको; आहती; प्रताडक।

जग (Foundation, base)- *ना.* आधार; मूल कारण; चर; घर वा पर्खालको जमीनमुनिको गारो; आधारशिला; धरातल।

जगत् (Universe)- *ना.* [सं.] भूमण्डलका जडबाहेक जागृत् हुन सक्ने वनस्पति वा जीवहरूको समुदाय; विश्वका मानवजातिको समुदाय; लोक; दुनियाँ; संसार।

जगात (Export import tax)- *ना.* [अ. जकात] निकासीपैठारी कर; माल निकासी वा पैठारी गर्दा लाग्ने महसुल वा दस्तुर।

जगेडा (Remains, spare)- *वि.* [अ. जखिर] पछि उपयोगका लागि साँचिएको; बचाउनका लागि छुट्याएर राखिएको; खर्च गरेर पनि नसकिई बाँकी रहेको; काम चलाएपछि उम्रिएको; रहलपहल; बचेखुचेको; भैपरि आउँदा काम लाग्ने, सञ्चित।

जगेडा कर्मचारी (Reserved employee)- *ना.प.* पदमा नियुक्ति पाइसकेको तर कुनै कार्यालयमा पदस्थापित भइनसकेको र निश्चित काम नतोकिएको अवस्थाको कर्मचारी; हाजिर रहनुपर्ने तलब पनि पाइने तर पदीय हिसाबले सम्पादन गर्नुपर्ने काम र स्थान ठेकिन बाँकी कर्मचारी।

जगेडा कोष (Reserved fund)- *ना.प.* पछि आइपर्दा काममा लगाउने गरी सञ्चित राखिएको धनराशी; जोगाउनै पर्ने धनको सञ्चय रहने कोष।

जग्गा (Land)- *ना.* [फा. जायगाह] आवाद गरेको वा आवाद गर्न सकिने जमिन वा भूमि; कसैको हकभोगमा रहेको जुनसुकै जमिन र त्यसमा स्थायी रूपले रहेको पर्खाल, घर, बाग, बगैचा, कारखाना, ताल, पोखरी, रुख, त्यस्तो जग्गामा स्थायी रूपले जडान भएको जुनसुकै वस्तु; जुनसुकै जग्गा वा त्यस्तो जग्गामा रहेको टहरा, घर, इमारत, रुख, इत्यादि र सोसँग

स्थायी रूपले जोडिएको चिज वस्तु। *[हे. जग्गा प्राप्ति ऐन, २०३४ को दफा २ को खण्ड (क), सार्वजनिक सडक ऐन, २०३१ को दफा २ को खण्ड (ग) र जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (क)।]*

जग्गा आवाद (Cultivation of the land)- *नाप.* भूमिलाई खनजोत गरी उब्जाउयोग्य बनाउने काम; जग्गाजमिनलाई खेतीपातीयोग्य बनाउने काम; जग्गा कमाउने काम; भस्मे फाँड्ने काम।

जग्गा कमाउने व्यक्ति (Land cultivating person; cultivator, tenant)- *नाप.* किसान; मोही; जोताहा; जोताहा निस्सा प्राप्त गरेको वा क्षेत्रीय किताबमा जोताहा लेखिएको व्यक्ति; जोताहाको मृत्यु भैसकेको भए नजिकको हकवाला; जोताहा निस्सा प्राप्त गर्ने व्यक्तिसँगको लिखित मन्जुरीले जग्गा कमाउने व्यक्ति। *[हे. वित्तो उन्मूलन नियमावली, २०१७ को नियम २ को खण्ड (ग)।]*

जग्गा नापजाँच (Land survey and measurement)- *नाप.* जग्गाजमिनको नापजाँच गरी तथ्य यकिन गर्ने काम; भूमिमापन; नापी कार्यालयले जमिनको नापजाँच गर्ने काम, जग्गाको स्तर, क्षेत्रफल, कित्तानिर्धारण गर्न गरिने नापी; जग्गाको नापजाँच वा पुनः नापजाँच गरी जग्गावाला र मोहीसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, किसिम वर्गीकरण गर्ने वा नक्सा वा स्रेस्ताका आधारमा क्षेत्रीय किताबमा जग्गा दर्ता गर्ने काम; जमिनको नापीका लागि हवाई सर्वेक्षण, नियन्त्रण बिन्दु स्थान खडा गर्ने तथा विभिन्न मानमा स्थलरूप नापी वा मापन गरी नक्सा प्रकाशन गर्ने-गराउने कार्य। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (क१)।]*

जग्गा नापनक्सा समिति (Land Survey Committee)- *नाप.* जग्गाजमिनको नापनक्सामा एकरूपता कायम गर्न र तयार भएका नापनक्सा छानबिन गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन प्रस्तुत गर्ने संयन्त्र; जग्गाजमिनका अभिलेख र प्रामाणिक तथ्यको व्यवस्थापन गर्ने निकायहरूको समन्वय गर्ने समिति। *[हे. जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम ३२ को उपनियम (१)।]*

जग्गा न्यूनतम मूल्य निर्धारण समिति (Minimum Land Value Fixation Committee)- *नाप.* जग्गा जमिनको किनबेच वा हक हस्तान्तरण गर्न गरिने रजिस्ट्रेसनका लिखतमा थैली अङ्क कायम गर्ने समिति; जग्गा जमिन कति मोलमा किनबेच गर्न सकिन्छ भन्ने आधार मोल तय गर्ने समिति; मालपोत कार्यालयका कार्यक्षेत्रमा जग्गाको आधार मूल्य निर्धारण गर्ने समिति। *[हे. मालपोत नियमावली, २०३६ को नियम ५ख. को उपनियम (१)।]*

जग्गा मिच्नु (Land encroachment)- *क्रिप.* कसैको हकभोगको जग्गा अर्काले च्याप्नु, घुसाउनु वा कुनै तरिकाले कब्जा गर्नु; साँधसँधियारमा रहेको जग्गाजमिन मिचेर एकअर्काले खिचोला गर्नु; सरकारी जग्गा कुनै तरिकाले कब्जा गर्नु।

जग्गा लगतकपट्टा समिति (Land Records Crossed off Committee)- *नाप.* निजी जग्गा बाटोघाटो वा अन्य प्रकृतिको सार्वजनिक जग्गामा परिणत गर्नुपर्ने भएमा सम्बन्धित जग्गाधनीको स्वामित्व वा दर्तास्रेस्तामा रहेको सोसम्बन्धी अभिलेख वा लगत कपट्टा गर्न सिफारिस गर्ने सरकारी संयन्त्र; निजी जग्गा सर्वजनीकरण वा अधिग्रहण भएमा त्यस्तो जग्गाको लगत वा अभिलेखबाट जग्गाधनी नाम कपट्टा गर्न सिफारिस गर्ने मालपोत कार्यालयका कार्यक्षेत्रमा रहने समिति। *[हे. मालपोत नियमावली, २०३६ को नियम ५ग. को उपनियम (१)।]*

जग्गा विकास कार्यक्रम (Land development programme)- *नाप.* पुनर्वास वा व्यवस्थित बसोबासका लागि जग्गाजमिनको योजनाबद्ध व्यवस्थापन गर्ने योजना/ आयोजना; योजनाबद्ध रूपमा नगरको विकास गर्ने सिलसिलामा विभिन्न आयवर्गका व्यक्तिहरूका निमित्त आधारभूत आवासका लागि घडेरीको व्यवस्था गर्ने र अन्य सहरी क्रियाकलाप समेट्ने कार्यक्रम। *[हे. नगर विकास ऐन, २०४५ को दफा १२ र दफा १२ग.।]*

जग्गाकर (Land revenue)- *ना.* [जग्गा+कर] जग्गा उपभोग गरे बापत जग्गावालाले सरकारलाई तिर्नुपर्ने राजस्व; तिरो; भूमिकर।

जग्गाको खण्डीकरण (Plotting of land)- *नाप.* फाँटिलो वा फराकिलो जग्गालाई स-साना टुक्रामा टुक्र्याउने काम; एउटै कित्ता कायम रहेको जग्गालाई अनेक कित्तामा विभाजन गर्ने कार्य; जमिनको कित्ताकाट गर्ने काम।

जग्गाको पुनःनापजाँच (Re-survey of land)- *नाप.* जग्गाजमिनको पुनर्मापन; पहिले नै नापजाँच भइसकेका जग्गाजमिनको दोहोऱ्याएर गरिने नापजाँच; जग्गाजमिन पुनः नापजाँच गरी तथ्य सत्यापन गर्ने काम। *[हे. जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २ को खण्ड (ग)।]*

जग्गादपोट (Concealment of the land)- *ना.* [जग्गा+दाप+ओट] रैकर, सरकारी वा सार्वजनिक जग्गालाई आफ्नो जग्गामा चापी घुसाइ वा दर्ता नगराई खाने काम; जग्गा दबाएको मुद्दा, बेदर्ताको साँधको जग्गा खाने काम, जग्गा नदेखाई लुकाउने काम।

जग्गाधनी (Land owner)- *ना.* [जग्गा+धनी] जग्गाको हकवाला; जमिनको मालिक; जग्गावाल; भूमिमा स्वामित्व रहेको व्यक्ति; जग्गामा हक हुने व्यक्ति; जमिनको मुख्य हकदार;

जमिनमाथिको अधिकारधारक व्यक्ति; आफ्ना नाममा जग्गा दर्ता भएको व्यक्ति; जग्गामा हक भई सरकारलाई मालपोत, भूमिकर वा तिरो तिर्नुबुझाउनुपर्ने दायित्व भएको व्यक्ति। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (ख), उखडा सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (क) र झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ को दफा २ को खण्ड (ख)।]*

जग्गापजनी (Land eviction)- *ना.* [फा. जायगाहम्पा+जनी] जग्गाधनीले आफ्नो जग्गा कमाउने मोही फेर्ने कार्य; मोहीको बेदखली; मोहीदारको परपजनी; पुरानो मोही हटाउने र नयाँ मोही राख्ने काम।

जघन्य (Henious)- *वि.* [सं.] निकृष्ट; नीच; सबैभन्दा खराब; गम्भीरतम।

जघन्य कसुर (Henious crime)- *नाप.* क्रुद्ध भाव, निकृष्ट सोच र बर्बरतापूर्ण तरिकाले गरिएको आपराधिक क्रियाकलाप; जन्मकैद वा दश वर्षभन्दा बढी कैद सजाय हुने कसुर; सघन आपराधिकताले युक्त कसुर; गम्भीरभन्दा पनि दुर्भावनाग्रस्त चर्को अपराध; गम्भीरतम कसुर। *[हे. मुलुकी अपराध संहिता,२०७४ को दफा ३ को खण्ड (छ) र मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा 2 को खण्ड (ज)।*

जङ्गी (Martial, military)- *वि.* [फा. जङ्ग+ई] फौजी; सेनासम्बन्धी; पल्टनियाँ; सैनिक पहिरन, स्वभाव वा ढाँचाढर्राको।

जङ्गी अड्डा (Army headquarters)- *नाप.* सैनिक मुख्यालय; सेनाको प्रधान कार्यालय। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ढ)।]*

जङ्गी कारबाहीमा लागेको (Engagement in military operation)- *नाप.* सेनाको कुनै अङ्ग भई वा त्यस्तो अङ्गसँग मिली शत्रु विरुद्ध कारबाहीमा लागेको वा काम गरिरहेको; पूर्ण वा आंशिक रूपमा शत्रुले कब्जा गरिराखेको मुलुक वा स्थानमा जङ्गी कारबाही गरिरहेको वा त्यस्तो मुलुक वा स्थानतिर बढ्दै गैरहेको सेनाको कुनै अङ्ग भै वा त्यस्तो सेनासँग मिली काम गरिरहेको; कुनै विदेशी मुलुकको सैनिकको कब्जामा रहेको बखत स्वदेशी सेनाको कुनै अङ्ग भै वा त्यस्तो सेनासँग मिली काम गरिरहेको; हतियार लिई वा नलिई विध्वंसात्मक वा हिंसात्मक कारबाहीमा लागेका वा लाग्ने आशङ्का भएका जुनसुकै व्यक्ति वा समूहविरुद्ध मुलुकको सेनाको अङ्ग भई वा त्यस्तो सेनासँग मिली आन्तरिक सुरक्षाको कारबाहीमा संलग्न रहेको; सरकारले जङ्गी कारबाहीमा लागेको भनी घोषणा गरेको। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ग)।]*

जडित सामान (Fixture)- *ना.प.* अचल सम्पत्तिमा जडान गरिएको सामान; अचल सम्पत्तिमा जडान गर्ने अभिप्रायले राखिएका मालसामान। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ञ)।]*

जथाभाबी (Randomly, haphazardly)- *क्रिवि.* [सं. यथाभावी] नियम वा विधिअनुसार नगरेको; मनलाग्दी; स्वेच्छाचारपूर्वक; मनमाफिक।

जनआन्दोलन (People's movement)- *ना.* [सं.] फराकिलो जनहितका लागि कुनै माग राखी व्यापक जनसहभागितासाथ गरिने जनप्रदर्शन; कुनै अव्यवस्था, बेथिति वा अन्यायविरुद्ध मौलिक अधिकार वा न्यायप्राप्तिका लागि जनताद्वारा चलाइने अभियान; न्याय वा अधिकारप्राप्तिका लागि खुल्लमखुल्ला हुने अहिंसापूर्ण जनपरिचालन; जनक्रान्ति; जनसङ्घर्ष।

जनकल्याण (Public welfare)- *ना.* [सं.] सर्वसाधारणको भलाइ; जनसमुदायका लागि गरिने भौतिक तथा बौद्धिक कल्याण; जनहित।

जनगणतन्त्र (People's Republic)- *ना.* [सं.] साम्यवादी वा समाजवादी सिद्धान्तमा आधारित, सर्वहारा वर्गका नाउँको अधिनायकत्व र सम्पत्तिको सामूहिक स्वामित्व (सरकारी नियन्त्रण) लाई प्रमुखता दिने र सामान्यत: एकदलीय राजनीतिक प्रणाली अवलम्बन गर्ने राज्य व्यवस्था; 'जनराज्य' का अवधारणामा आधारित शासन व्यवस्था अपनाउने देश। *उदा.* चिन, उत्तर कोरिया, क्युबा।

जनगणना (Population census)- *ना.* [सं.] देशको कुल जनसङ्ख्या गन्ती वा गणना गर्ने कार्य; देशका सबै नागरिक र वासिन्दाको कुल सङ्ख्या र तिनका विभिन्न चरहरूको वर्गीकृत तथ्याङ्क सङ्कलन, प्रवृष्टि, विश्लेषण र अभिलेखन गर्ने काम; आवधिक अन्तरालमा देशका जनता गणना गर्ने कार्य।

जनजाति (Nationalities)- *ना.* [सं.] आफ्नै अलग भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने जाति; खास भूगोलमा परापूर्वकालदेखि रहँदै बस्तै आएका मौलिक वासिन्दा।

जनपद (County, administrative unit of a State)- *ना.* [सं.] कुनै देशका खास जाति वा उपजातिको भौगोलिक क्षेत्र; जनसाधारण बसोबासको क्षेत्र; अहिले जिल्ला, प्रदेश भनिएजस्तै पहिलेको राज्यप्रणालीको शासकीय वा प्रशासनिक भौगोलिक क्षेत्रविभाजन; राज्यको आधारभूत प्रशासनिक एकाइ।

जनप्रतिनिधि (People's representative)- *ना.* [सं.] जनताका प्रतिनिधि वा वारिस; शासन व्यवस्थाका विधायिकी वा कार्यपालिकीय निकायमा निर्वाचनद्वारा चुनिने र सम्बन्धित निर्वाचनक्षेत्रका जनताको समग्र भावनाको प्रतिनिधित्व गर्ने व्यक्ति; आफ्ना हक, हित र अधिकार रक्षा गरिदिने आधिकारिक वारेसका रूपमा जनताले छानेचुनेका नेता; जननेता; जननेतृत्वकर्ता।

जनप्रवाद (Rumour, propaganda)- *ना.* [सं.] निराधार रूपमा चलेको हल्ला; अफवाह; उडन्ते लोकचर्चा।

जनप्रशासन (Public administration)- *ना.* [सं.] सार्वजनिक व्यवस्थाको प्रशासन; सरकारको नीति र कानून कार्यान्वयन गर्ने कार्य; जनताका तर्फबाट उठेका समस्यालाई सम्बोधन गर्ने राज्यको प्रशासनिक तथा व्यवस्थापकीय प्रबन्ध।

जनप्रिय (Popular)- *वि.* [सं.] सबैले मन पराएको; जनताको विश्वास प्राप्त गरेको; जनताको प्यारो; लोकप्रिय।

जनबोली (People's voice)- *ना.* [सं.] जनताको बोली; जनआवाज; लोकअभिमत।

जनमतसङ्ग्रह (Referendum)- *ना.* [सं.] निर्वाचन पद्धतिद्वारा जनताको मत सङ्कलन, गणना र नतिजा प्रकाशन गर्ने कार्य; संविधान वा कानून परिवर्तन गर्न जनताको प्रत्यक्ष मत लिने औपचारिक प्रक्रिया; राष्ट्रिय स्तरमा विवादग्रस्त विषयमा दुई वा दुईभन्दा बढी विकल्पमध्ये कुनै एक छनोटका लागि जनताको मतद्वारा निर्णय लिने काम।

जनवाद (Socialist democracy)- *ना.* [सं.] शासनमा जनताको सर्वोच्चता कायम गर्ने समाजवादी राजनीतिक सिद्धान्त; समाजवादी लोकतन्त्र/ गणतन्त्र।

जनश्रमदान (Voluntary public labour contribution)- *ना.* [सं.] जनताबाट निःशुल्क प्राप्त हुने श्रम सहयोग; जनताको निस्वार्थ वा अवैतनिक श्रम सेवाको प्राप्ति।

जनसहभागिता (Public participation)- *ना.* [सं.] सङ्घ, प्रदेश र स्थानीय तह वा कुनै संस्थाद्वारा सञ्चालित विकास, निर्माण वा जनसरोकारका कार्यमा हुने जनताको सहभागिता; सार्वजनिक वा सामाजिक हितका काममा जनसाधारणको संलग्नता।

जनसाङ्ख्यकी (Demography)- *ना.* [सं.] जनसङ्ख्यासम्बन्धी तथ्य वा तत्त्वहरूको अध्ययन वा विवेचना गर्ने ज्ञानशास्त्र; जनसङ्ख्यासम्बन्धी शास्त्र।

जनसेवाश्री मानपदवी (*Janasewashree Man Padav.*)- *ना.प.* राष्ट्रिय जीवनका कुनैपनि क्षेत्रमा प्रशंसनीय काम गर्ने नेपाली नागरिक वा नेपालको हितमा विशेष योगदान पुऱ्याउने विदेशी नागरिकलाई प्रदान गरिने मानपदवी; विदेशीले नेपालबाट पाउन सक्ने विभूषण। *[हे. विभूषण नियमावली, २०६५ को नियम ६ को उपनियम (१)।]*

जनस्वास्थ्य (Public health)- *ना.* [सं.] सामुदायिक रूपले हेरचाह गर्ने चिकित्सा वा स्वास्थ्य सेवा; जनताको स्वास्थ्य; समुदायको समग्र स्वास्थ्य सुधार, रोगको रोकथाम र स्वास्थ्य संरक्षण गर्ने विज्ञान, कला र नीतिहरूको संयोजित प्रणाली; सरकार, सामाजिक सङ्घसंस्था र नागरिकको सहकार्यमा शारीरिक सरसफाइ, खोप, रोकथाममूलक क्रियाकलाप र स्वास्थ्य शिक्षा जस्ता घटक सम्मिलित स्वास्थ्य कार्यक्रम।

जनस्वास्थ्य निरीक्षक (Public Health Inspector)- *ना.प.* जनस्वास्थ्यसम्बन्धी अनुगमन नियमन गर्ने अधिकारी; जनस्वास्थ्यसम्बन्धी हेरविचार पुऱ्याउने पदाधिकारी। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ङ)।]*

जनादेश (People's mandate)- *ना.* [सं.] जनताद्वारा खास कार्यका लागि प्राप्त भएको अधिकार वा सहमति, जनताको निर्णय वा समर्थन; निर्वाचन, जनमतसङ्ग्रह, जनआन्दोलन आदिबाट जनताले शासकलाई दिएको कार्यादेश।

जन्जिर (Metal chain, a measuring metal equipment for land measurement)- *ना.* [फा.] फलाम, तामा आदि धातुका मसिना तारबाट बनेको साङ्लो, सिक्री; पहिले राजनीतिक विद्रोही वा अपराधीलाई नियन्त्रण गर्नका लागि बनाइएको बन्धनको साधन; जग्गा नाप जाँच गर्न प्रयोग गरिने एक प्रकारको औजार।

जन्मकैद (Life imprisonment)- *ना.* [जन्म+कैद] जघन्य कसुरका अपराधीलाई आजीवन थुनामा राख्ने सजाय; आजीवन कारावास; आजन्मकैद; आमरणकैद; जीवनभरको लागि ठेकिएको कैद; निर्ममतापूर्वक, वायुयान अपहरण वा विष्फोट गराई, अपहरण गरी वा शरीर बन्धक लिई, सार्वजनिक उपयोगका खाद्य वा पेय पदार्थमा विष हाली, आतङ्ककारी कार्य गरी, जनसंहार (जातिहत्या) गरी, वा जबरजस्ती करणी गरी ज्यान मारेको कसुरमा हुने जीवनभर कारागारमै रहनुपर्ने कैद सजाय; यस्ता कसुरबाहेकका कसुरमा हुने पच्चिस वर्ष कैदको सजाय। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ र ४२।]*

जन्मजात (By birth, innate)- *वि.* [सं.] आनुवांशिक; वंशगत; जन्मसँगै साथ आएको; जन्मैदेखिको; जन्मसिद्ध।

जन्मसिद्ध (Inherent, inborn)- *वि.* [सं.] जन्मका साथै पाएको; जन्मदा नै प्राप्त हुने; जन्मेको नातालै; जन्मले सिद्ध गरेको वा भएको।

जफत (Confiscation, forfeiture)- *ना.* [अ.] सरकार वा अधिकारप्राप्त अधिकारीले कसैको सम्पत्ति लिने काम; बलियो पक्षले असमर्थ पक्षको धनमाल अधीन वा कब्जामा लिने काम; अर्काको वस्तु लिई धनीको स्वामित्वबाट वञ्चित गर्ने गराउने काम; अनुसन्धान वा मुद्दा मामिलाका सम्बन्धमा लिइएको कुनै सामान धरौट जमानत आदि कारबाहीको सिलसिलामा दण्डस्वरूप सरकारले लिने काम। उदा. धरौटी जफत; जमानत जफत।

जबरजस्ती (Forcefully, coercively)- *क्रिवि.* [जबरजस्त+ई] बलपूर्वक; करकापपूर्वक; जोरबलले। *वि.* इच्छाविरुद्ध; बलात्। *ना.* थिचोमिचो; अचाक्ली; बलजफ्ती; समातेपछि छाड्दै नछाड्ने व्यवहार वा कार्य।

जबरजस्ती करणी (Rape)- *नाप.* बलात्कार; महिलाको मन्जुरीबिना निजसँग सम्भोग वा मैथुन गर्नु; अठार वर्षभन्दा कम उमेरको कुनै बालिकासँग कुनै पनि किसिमले यौनक्रिया गर्नु; महिला वा बालिकालाई करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी यौनक्रिया गर्नु-गराउनु; महिला वा बालबालिकालाई अपहरण गरी कतै लगेर वा शरीर बन्धक बनाएर यौनक्रिया गर्नु। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२)।]*

जमल (Twins)- *वि.* [सं. यमल] जुम्ल्याह; जोडामिल्दो; जोल्ठिएको; दौँतरिलो।

जमाखोर/ जम्माखोर (A person who hoards illegally)- *ना./वि.* [अ. जमअ+फा. खोर] अवैध वा अनैतिक तरिकाले धनसम्पत्ति जम्मा गर्ने; गलत ढङ्गले बढ्ता सञ्चय गर्ने; दपोटिया; कृत्रिम अभाव सिर्जना गर्न सञ्चय गर्ने।

जमाखोरी/ जम्माखोरी (Illegal hoarding)- *ना.* जमाखोरले गर्ने काम; अवैध वा गलत ढङ्गले मालसामान जम्मा गर्ने वा लुकाउने काम; अनैतिक वा गलत नियतले धनसम्पत्ति थुपार्ने काम।

जमानत (Bail, guarantee, retention money, earnest money)- *ना.* [अ.] सुरक्षण; ग्यारेन्टी; प्रत्याभूति/प्रतिभूति; कुनै कुरामा विश्वासको आधारस्वरूप नगद, जेथा, बैङ्क ग्यारेन्टी, हाजिरीका माध्यमद्वारा दिइने सुरक्षण; केही नबिग्रिने वा नहुने भनी ढुक्क पार्ने काम; कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण बापत राखिएको सुरक्षण जमानत रकम र बोलपत्र जमानत वा कार्यसम्पादन जमानत वा अन्य कुनै कारणले सुरक्षण राख्नु पर्नेमा सो बापत राखिएको रकम; मुद्दामामिला वा ठेक्कापट्टा लिँदा वा ऋण लिँदा सम्बन्धित अड्डा अदालतले जम्मा गर्नका निम्ति तोकेको रकम वा सम्पत्ति; धितो; धरौटी; तारेखमा रही मुद्दा पुर्पक्ष गर्न राखिने धितो वा

धरौटी; भुक्तानीको दायित्व वा प्रतीतपत्रअन्तर्गत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्वजस्ता सहायक दायित्व र बहीखाता; सुरक्षित बिक्री करार; लिखत, अधिकारपत्र वा अन्य अमूर्त सम्पत्तिका सम्बन्धमा भुक्तानी गराउन सहयोग पुऱ्याउने दायित्व। *[हे. मुलुकी अपराध संहिता, 2074 को दफा १०० को उपदफा (१) को स्पष्टीकरण, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ड) र सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ट)।]*

जमानतयोग्य कसुर (Bailable offence)- *ना.प.* आरोपित व्यक्ति वा अभियुक्तले कानूनी रूपमै जमानी वा धरौटी दिई वा तारेखमै मात्र रहेर पनि मुद्दाको अनुसन्धान हुने/ पुर्पक्ष गर्न पाउने कसुर; सामान्य वा कम गम्भीर प्रकृतिको कसुर; थुनामै बसेर पुर्पक्ष गर्नु नपर्ने कसुर।

जमानतसम्बन्धी करार (Contract of guarantee)- *ना.प.* धरौटी वा जमानतका विषयमा तेस्रो पक्षले दायित्व लिने गरी गरिएको करार; एक व्यक्तिले लिएको ऋण वा कबुल गरेको दायित्व चुक्ता नगरेमा वा पूरा नगरेमा तेस्रो पक्षले चुक्ता वा पूरा गरिदिने गरी भएको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५६३ को उपदफा (१)।]*

जमानबन्दी/ जवानबन्दी (Deed of confession)- *ना.* मौखिक बयानलाई लिखित रूपमा अभिलेखन गर्ने काम; अपराध स्वीकार गरेर वा ठहरेको सजाय भोग्न मन्जुर भएर गरिदिएको कागज; कायलनामा।

जमानी (Security, guarantee)- *ना.* [अ. जामिन] अड्डा अदालतले तोके बमोजिमको दायित्व सम्बन्धित व्यक्तिले पूरा नगरेमा त्यसको जिम्मेवारी लिई दायित्व आफू पूरा गर्नु भनेर गरिने कबुल; अर्काको दायित्वको जिम्मेवारी लिने व्यक्ति वा काम; जमानत दिने व्यक्ति; जमानतस्वरूप राखिएको धरौट; कुनै विषयका लागि आफू जिम्मेवार भएको कुरा स्वीकार गर्ने व्यक्ति; जमान; जमानी वा जमानत राख्ने वा बस्ने व्यवस्था।

जमिनदार/ जिमीदार (Landlord)- *ना.* प्रशस्त जग्गाजमिन भएको व्यक्ति; भूमिपति; भूमिसुधार लागु हुनुअघि आफ्ना मातहतका जग्गाजमिनको मालपोत उठाएर बुझाई माल अड्डा र मोहीहरूका बीच मध्यस्थको काम गर्ने व्यक्ति; जिम्मावाल; जिम्माल; मुखिया।

जमिनदारी (Landlordship)- *ना.* जमिनदारले गर्ने काम; जमिनदारले लिएको जिम्मेवारी; जमिनदारको पेसा वा मौजा; जमिनदारको पद वा दायित्व; जमिनदारको खुवा, बिर्ता वा जिरायत।

जरिबाना/ जरिवाना (Fine)- *ना.* [फा. जुर्माना] दण्डस्वरूप तिर्नुपर्ने रकम; आर्थिक दण्ड; धनदण्ड; डाँड; वित्तीय वा मौद्रिक सजाय।

जरिया (Causation, relation)- *ना.* [अ. जरिय] कुनै कार्य वा सम्बन्धको कारण; हेतु; कुनै दुई व्यक्ति वा वस्तुका बिचको सम्बन्ध।

जरुरी (Urgent)- *वि.* [अ. जुरुर> जरुर+ई] चाँडो गर्नुपर्ने; नगरी नहुने; जरुरत परेको; कार्यालयमा आफैले कुनै कार्य फछर्योट गर्नुपर्नेमा पाँच दिन र माथिल्लो तहमा पेस गर्नुपर्नेमा दुई दिनभित्र सम्पन्न गरिसक्नुपर्ने काम। *[हे. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ३६ को उपनिमय (१)।]*

जर्मप्लाज्म (Germplasm)- *ना.* [अङ्.] खेती गरिएका वा प्राकृतिक वासस्थानमा रहेका बाली बिरुवा, वनस्पति वा सूक्ष्म जीवाणुको जीवित र वंशानुगत गुणयुक्त पूर्ण वा अंशवत क्रियात्मक एकाइ; फूल, फल, अन्न, र तरकारीहरूको आनुवंशिक अस्तित्व (डीएनए, बिउ, कलम, कोपिला आदि) सुरक्षित राख्ने कोश।

जल (Water)- *ना.* [सं.] पानी; उदक; ताल, दह, खहरे, खोला, नदी, नाला, पोखरी, नहर, कुलो, तलाउ, जलाशय, कृत्रिम जलाशय, सिमसार, मत्स्यपालनका लागि जडान भएका पिँजडा तथा माछापालन गरेका धानखेतको पानी र तिनीहरूको स्रोत। *[हे. जलचर संरक्षण ऐन, २०१७ को दफा २ को खण्ड (क)।]*

जल उपभोक्ता संस्था (Water User Association)- *नाप.* सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्ने व्यक्तिहरूद्वारा गठित संस्था; पानी वा जलस्रोतमा आधारित उपजहरूको उपभोग गर्ने मानिसहरूको साझा संयन्त्र। *[हे. जलस्रोत ऐन, २०४९ को दफा २ को खण्ड (घ)।]*

जलचर (Aquatic animal)- *ना.* [सं.] जलभित्र बस्ने जुनसुकै जीवजन्तु; पानीमा बसेर जीविका गर्ने जीवजन्तु; जलजीवी प्राणी। *[हे. जलचर संरक्षण ऐन, २०१७ को दफा २ को खण्ड (ख)।]*

जलज (Aquatic)- *ना.* [सं.] पानीमा उत्पन्न वा पैदा हुने वा भएका वस्तु (शङ्ख, माछो, कमल आदि); जलचर।

जलदुर्ग (Coast)- *ना.* [सं.] समुद्र, नदी आदिको प्राकृतिक किल्ला; पानीले घेरेर सुरक्षित बनाइएको ठाउँ वा किल्ला।

जलद्रव्य (Aqua precious stones)- *ना.* [सं.] पानीमा हुने मोती, मुगा, शङ्ख आदि बहुमूल्य वस्तु; सामुद्रिक मूल्यवान् पदार्थ।

जलप्रपात (Waterfall, spring)- *ना.* [सं.] कुनै उच्च स्थानबाट खसेको पानीको धारो; प्राकृतिक झरना; छहरो; जलफाल; छाँगो।

जलप्रवाह (Water flow)- *ना.* [सं.] पानीको बग्दो गति; पानीको वेग; पानीको बगाइ; जलधारा; जलप्रवेग।

जलयात्रा (Rafting)- *ना.* [सं.] जलाधारमा गरिने यात्रा; पानीमा गरिने यात्रा; कायक, क्याटाऱ्याफ्ट, डुङ्गा, नाउ वा अन्य यस्तै प्रकृतिका नदीमा तैरिने साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक वा सांस्कृतिक दृश्यावलोकनको लागि नदीमा गरिने यात्रा। *[हे. जलयात्रा नियमावली, २०६३ को नियम २ को खण्ड (ख)।]*

जलयात्रा टोली (Rafting team)- *नाप.* जलयात्रा गर्ने मानिसको समूह; एकभन्दा बढी सदस्य भएको जलयात्रा गर्ने टोली वा जमात। *[हे. जलयात्रा नियमावली, २०६३ को नियम २ को खण्ड (च)।]*

जलयात्रा व्यवसायी (Rafting business person)- *नाप.* जलयात्रा व्यवसाय गर्न स्थापित कम्पनी वा फर्म; जलयात्रासम्बन्धी काम गर्ने गराउने व्यवसायमा लागेका मानिस वा तिनको समूह। *[हे. जलयात्रा नियमावली, २०६३ को नियम २ को खण्ड (ङ)।]*

जलयान (Vessel)- *ना.* [सं.] नदी, समुद्र आदिमा चल्ने सवारी साधन; डुङ्गा, नाउ, पानी जहाज आदि पानीमा चलाइने यानहरू।

जलवायु (Climate)- *ना.* [सं.] हावापानी; खास क्षेत्रको प्राकृतिक तथा वातारणीय; मौसम; मौसमी पारिस्थितिकी।

जलवायु परिवर्तन (Climate change)- *नाप.* समयका अन्तरालमा प्राकृतिक रूपमा हुने जलवायुको उतारचढाव; प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमश: देखा पर्ने परिवर्तन; वायुमण्डलीय पारिस्थितिकीमा आफै हुने हेरफेर; ऋतुअनुसारको जलवायुको चक्रमा आउने फेरबदल। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (घ)।]*

जलवायु परिवर्तन न्यूनीकरण (Climate change mitigation)- *नाप.* जलवायुको चक्रमा आउने फेरबदल कम पार्ने कार्य; मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (झ)।]*

जलवायु परिवर्तन व्यवस्थापन (Climate change management)- *ना.प.* जलवायु परिवर्तन घटाउन वा परिवर्तित जलवायुमा अनुकूलन बढाउने बन्दोबस्त; जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य वा त्यससम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्तव्यवस्था, क्षमता अभिवृद्धिलगायतका समष्टिगत कार्य। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ङ)।]*

जलविद्युत् (Hydro-electricity)- *ना.* [सं.] पानीबाट उत्पादन हुने विद्युत् शक्ति; पानीबिजुली; जलशक्तिको संयन्त्रबाट उत्पादन गरिने बिजुली; पानीबाट निकालिने विद्युत् ऊर्जा। *[हे. विद्युत ऐन, २०४९ को दफा २ को खण्ड (ख)।]*

जलविभाजक (Watershed)- *ना.* [सं.] दुई तर्फबाट आएका नदीका बीचको भूभाग; दुई भँगालोका बीचको जमिन; दुई तिरका नदीलाई छुट्याउने बिचको अग्लो भूमि।

जलसेना (Navy)- *ना.* [सं.] युद्धपोत, पानीजहाज, डुङ्गा, जङ्गीबेडा आदि यानमा बसेर समुद्रमा युद्ध गर्ने सेना, सामुद्रिक सेना, समुद्री फौज; स्थलसेना, हवाईसेना र जलसेनामध्ये जलसेनातर्फको सैनिक फौज वा बल।

जलस्रोत (Water resources)- *ना.* [सं.] पानीको मुहान, पानीको उत्पत्तिस्थल, भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी; देश वा कुनै भूभागको साधन वा सम्पत्तिका रूपमा उपयोग हुने पानी; जलसम्पदा; भूसतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी। *[हे. जलस्रोत ऐन, २०४९ को दफा २ को खण्ड (क)।]*

जलस्रोत उपयोग जाँचबुझ समिति (Water Resources Utilization Probe Committee)- *ना.प.* जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधान गर्न गठित समिति; जलस्रोत उपयोगका विषयमा उठेका प्रश्नको समाधान गर्ने सरकारी संयन्त्र। *[हे. जलस्रोत नियमावली, २०५० को नियम २८ को उपनियम (१)।]*

जलस्रोत सर्वेक्षण (Water resources survey)- *ना.प.* जलस्रोतको उपयोग तथा जलस्रोतमा आधारित सम्भावित उद्योग/ उत्पादनको पूर्वाध्ययन; जलस्रोतको उपयोगका लागि गरिने सम्भाव्यता अध्ययन; जलस्रोतसम्बन्धी परियोजनाका लागि विस्तृत इन्जिनियरिङ डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य। *[हे. जलस्रोत नियमावली, २०५० को नियम २ को खण्ड (घ)।]*

जलस्रोतको लाभदायक उपयोग (Beneficial uses of Water resources)- *ना.प.* उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग; पानीको सर्वोत्तम उपयोग; पानीको बहुउपयोग। *[हे. जलस्रोत ऐन, २०४९ को दफा २ को खण्ड (ख) ।]*

जलाधार (Catchment area)- *ना.* [सं.] पानीको मुहानको आसपासको क्षेत्र; पानीको स्रोतक्षेत्र; पानी सङ्कलन र प्रवाह हुन सक्ने ठाउँ।

जलाधार संरक्षण अधिकृत (Watershed Conservation Officer)- *ना.प.* पानीका स्रोतक्षेत्रमा पारिस्थितिकीको सन्तुलन कायम राखी जलस्रोतको बचाउ गर्ने सरकारी अधिकारी; जलाधार संरक्षण गर्न सरकार वा संस्थागत व्यवस्थापनद्वारा खटाएको अधिकृत।

जलावर्त (Whirlpool)- *ना.* [सं.] पानीभुँमरी; जलाशयमा पर्ने पानीको भुँमरी; घुमाउने दहआदिमा घुमेको पानी; पानीको भुमरी; पानीमा पर्ने भुमरी।

जलाशय (Reservoir)- *ना.* [सं.] प्राकृतिक रूपमै पानी सञ्चय हुने तलाउ, पानीघाट, पोखरी, इनार, कुवा आदि; जलभण्डार; जलाधारबाट बटुलिने पानी भेला पारिने गरी बनाइएका पोखरी वा दह। उदा. इन्द्रसरोवर।

जल्लाद (Executioner)- *ना.* [अ.] फाँसीको सजाय पाएका व्यक्तिलाई फाँसीमा झुण्ड्याउने व्यक्ति; मृत्युदण्ड पाएका व्यक्तिलाई धारिलो हतियारले शिर काटी वा अन्य तरिकाले हत्या गर्ने व्यक्ति; क्रूर तथा निर्दयी व्यक्ति।

जवा (One fourth part of an acre)- *ना.* [सं. यव] जमिनसम्बन्धी पुरानो मापनप्रणालीमा रोपनीको चौथाइ अंश; चार आना; एक मुरी माटो; घरघडेरीको मापन प्रणालीमा चौबिस अङ्गुल वा एक हात बराबरको नाप।

जवाफतलबी/ जबाफतलबी (Summon for clarification; explanation)- *वि.* कुनै विषयमा सोधपुछ गर्न वा जवाफ दिनका लागि बोलाइएको; वास्तविक जवाफको खोज वा माग; स्पष्टीकरण माग्नु।

जवाफदेही/ जबाफदेही (Accountable, answerable)- *ना.* उत्तरदायित्व; जिम्मेवारी; जिम्माजमानी। *वि.* जिम्मेवार; उत्तरदायी; जवाफदेह।

जहडी (Influential, dominant)- *ना.* [सं. जड> जहड+ई] विषय वा वस्तुको मुख्य कारण; मूल तत्त्व;, चुरो। *वि.* आफ्नो व्यक्तित्वले नै प्रभाव पार्ने; हैकम भएको; रबाफिलो; गहिरो असर पार्ने; अचुक; जडी।

जहरिलो (Poisonous, venomous)- *वि.* [फा. जह्र] हलाहली; धेरै विष भएको; विषालु; विषाक्त।

जाँच (Examination, probe, test)- *ना.* [सं. यत्न] साँचो-झुटो, सत्यासत्य, ठिक-बेठिक, स्वीकार-इन्कार योग्य-अयोग्य, असल-कमसल छुट्याउन गरिने प्रयास; छानबिन; शोधखोज; पारख; छयानविचार; परीक्षण; परीक्षा; कुनै कुरालाई प्रमाणका आधारमा निरूपण गर्ने काम; निकासी वा पैठारी गरिने मालवस्तु घोषणा गरिए बमोजिम छ छैन भनी यकिन गर्न भन्सार कार्यालयले त्यस्तो मालवस्तु वा सो मालवस्तुसम्बन्धी कागजात वा दुवैको परीक्षण गर्ने कार्य र विदेशी मुलुकबाट नेपालभित्र प्रवेश गर्ने वा नेपालबाट विदेशी मुलुकमा प्रस्थान गर्ने यात्रुको शरीरको तलासी र एक्सरे गर्ने कार्य; नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच्ने वा परीक्षण गर्ने काम र पुनःजाँच गर्ने काम। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (छ) र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (झ)।]*

जाँचपडताल (Scrutinization, investigation)- *ना.* [जाँच+पडताल] कुनै भइरहेको काम-कुरालाई प्रत्यक्ष प्रमाणका आधारमा राम्रोसँग जाँच्ने काम; खोजतलास; छानबिन गर्ने काम; अनुसन्धान; जाँचबुझ; खोजी; धुइँपत्ताल लगाउने काम।

जाँचपास (Test certificate)- *ना.* [जाँच+पास] कुनै विषय जाँच गरी जाँचिएअनुसार देखिएको नतिजा किटान गर्ने काम; परीक्षा-उत्तीर्ण; सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (स)।]*

जाँचबुझ (Inquiry)- *ना.* [जाँच्+अ+बुझ्+अ] कुनै कुरा के कस्तो छ भनी जाँच्ने र बुझ्ने काम; कुनै कुरा पत्ता लगाउन गरिने खोजी; खोजीनिधी, कुनै सामानको स्थिति वा व्यक्तिको गतिविधि पत्ता लगाउने वा थाहा पाउने काम।

जाकटी/ जाकडी (Mortgage, security)- *ना.* [अ. जखिर] नासो; कसैको अधीनमा राख्न दिइएको धनसम्पत्ति; धरौट; धितो; सापटी वा ऋण लिँदा लिनेले दिनेलाई राखेको धितो; जाकड; खर्च नगरी बचाइराखेको धनमाल; रोकड; जगेडा राखेको धनमाल। *वि.* जाकड/ जाकटीमा रहेको; धितो रहेको।

जात (Caste)- *वि.* [सं.] जन्म भएको; उत्पन्न भएको; उब्जेको; बाह्य, क्षेत्रीय, वैश्य र सेवा गरी वर्णाश्रम व्यवस्थाको गृहस्थ आश्रमको कार्यविभाजनको विकृत रूपमा चल्दै आएको जन्मकै आधारमा उचनीचको व्यवहार गर्ने कुरीति वा कुप्रथा; समाजमा वंशका आधारमा गरिँदै आएको मानिसको विभेदक सामाजिक पहिचान।

जातक (Newly born child)- *ना.* [सं.] नवजात शिशु; भर्खर जन्मेको बालक।

जाति (Ethnic or morphological class identities)- *ना.* [सं.] जन्म, उत्पत्ति, वंश, संस्कृति, कर्म, संस्कार, भौगोलिक वा अन्य कारणले भएका वर्ण वा रूपाकृति/डाल आदिका आधारमा विभाजित मानिसको वर्ग; आकार, प्रकार, गुण, ठाउँठहरको अन्तर; आदिका आधारमा गरिने कुनै पनि वस्तुको वर्गीकरण वा वर्गीकृत पहिचान; प्राकृतिक जीव वा वनस्पतिका प्राकृतिक विभेदक गुण, लक्षण वा विशेषताअनुसार तिनको साम्य र वैषम्यका आधारमा गरिने वर्गीकृत पहिचान; जाति-प्रजाति।

जातीय (Racial)- *वि.* [सं.] जातसम्बन्धी; निश्चित जात विशेषको; जातको।

जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (Cast-based and other social untouchability and discrimination)- *नाप.* जात वा जातीय आधार तथा सामाजिक आधारमा हुने छुन हुने र छुन नहुने भन्ने आधार बनाई गरिने मानिसउपरको विभेद; प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा उच्च वा नीच दर्साउने काम; जात, जातीय वा सामाजिक अन्तरलाई आधार बनाइ गरिने छुवाछुत र भेदभाव कार्य; मानव निर्मित भेदभाव। *[हे. जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा २ को खण्ड (क) र दफा ४।]*

जानाजान/ जानीजानी (Knowingly)- *क्रिवि.* [जान्+आ+जान्/जान्+ई+जान्+ई] थाहा भएरै; कुरा बुझेरै; जानीबुझीकन; जानबुझका साथ।

जाफ्ता/ जाब्ता (Law, treaty or agreement)- *ना.* [अ. जाब्त] दुई सरकारका बिच व्यवहार मिलाउन गरिएको सम्झौता; सन्धी वा सम्झौता; कानूनी प्रावधान।

जायजन्म/ जायाजन्म (Birth, accouchement)- *ना.* [सं. जाया+जन्म] विवाहित पत्नीबाट छोरा-छोरीको जन्म; सन्तानोत्पत्ति; सन्तानको जन्म; पत्नीबाटै जन्मेका सन्तान।

जायजात/ जायदात (Assets, properties)- *ना.* [फा. जायदाद] कसैको स्वामित्वमा भएको सम्पत्ति वा धनमाल; जायजेथा।

जायजात/ जैजात गर्नु (Confiscation)- *क्रिप.* सरकारद्वारा कसैको स्वामित्वमा भएको सम्पत्ति दण्ड वा दस्तुरस्वरूप लिने काम गर्नु; जफत गर्नु; स्वामित्वहरण गर्नु।

जायजेथा (Assets, properties)- *ना.* [फा. जायद+सं. यथा] कसैको स्वामित्वमा रहेको चलअचल सम्पत्ति; कुनै व्यक्तिको चलअचल धनमाल; जेथा; जेथाजमिन; श्रीसम्पत्ति।

जार (Adulterine)- *ना.* [सं.] अर्काकी पत्नीलाई आफ्नी पत्नी बनाई लाने व्यक्ति; उपपति; नाठो; अर्कोसँग विवाह गरेकी वा पोइल गएकी महिलाको पहिलो पतिले नयाँ चाहिँलाई भन्ने शब्द।

जारी (Adultery)- *ना.* [जार+ई] अर्काकी पत्नी हो भन्ने जानीजानी उसैसँग विवाह गर्नु; अर्काकी पत्नीलाई राजी गराई आफ्नी पत्नी बनाउने काम; जारकर्म। *वि.* [अ.] प्रचलित; चालु; चलनचल्तीको; प्रकाशमा ल्याइएको; अवलम्बन गरिएको; घोषित; लागू गरिएको। *[हे. साबिक मुलुकी ऐन, २०२० को जारीको महल।]*

जाल/ जालझेल (Deceit, fraud, swindle)- *ना.* [अ. जअल] अर्कालाई फसाउन गरिएको षडयन्त्र; अर्कालाई धोका दिने काम; झेल; कपट; कपटपूर्ण व्यवहारले अरूलार्ई फसाउने काम; प्रपञ्च; तिकडम।

जालसाज (Fradulence, deception)- *ना.* [अ. जअल+फा. साज] जालझेल; धुर्त्याइँ; नभएका झुट्टा कुरा गरेको वा भएको हो भनी अङ्क, मिति, बेहोरा आदि फरक पारी लेखेर सहीछाप गरी लिने वा दिने काम।

जालसाजपूर्ण कारोबार- *ना.प.* साहुलाई ठग्ने वा भुक्तानी दिन ढिलो गर्ने हिसाबले गरिएको कारोबार; साहुका हकमा प्रतिकूल असर पुऱ्याउने बदनियतले कम्पनीको सम्पत्तिको सम्बन्धमा भएको कारोबार। *[हे. दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ५९ को उपदफा (१) को खण्ड (घ) को स्पष्टीकरण।]*

जालसाजी (Act of fraud, deception)- *ना.* [जालसाज+ई] जालसाजयुक्त काम वा बेहोरा; धोकाधडी काम वा व्यवहार; कसैको हक मेट्ने, हदम्याद, तारेख जाने, कुनै किसिमले हानि, नोक्सनी गर्ने वा कसैलाई क्षति वा लाभ पुऱ्याउने नियतले जानीजानी नभए वा नगरेको कुरा भए गरेको हो भनी वा झुट्टा मिति, अङ्क वा बेहोरा लेखी लिखत बनाउने काम; त्यस्ता लिखतमा सहिछाप गर्ने वा गराउने वा आफ्नो हक नभएको कुरामा भएको देखाएर गरिने कुनै काम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २७९ को उपदफा (2)।]*

जालेमाले (Deceitful, entangled)- जालझेलले भरिएको, श्रृङ्खला नमिलेको, स्पष्ट नभएको।

जासुस/ जासूस (Spy, detective)- *ना.* [फा.] गुप्तचर; गुप्तीसाथ अपराधको अनुसन्धान गर्न वा शत्रुपक्षको भेद थाहा पाउन खटाइएको व्यक्ति; खुफिया।

जासुसी (Espionage, spying)- *ना.* [जासुस+ई] जासुस गर्ने काम; गुप्तचरी; चियो; चेवा; जासुससम्बन्धी।

जाहेर (Inform, notify)-*ना.* [अ. जाहिर] कुनै विवरण कसैसमक्ष प्रस्तुत गर्ने वा जानकारी गराउने काम; तालुकवालासमक्ष मातहतका अड्डा अदालतले कुनै विषयमा दिने सूचना; जानकारी; वारदात वा घटनाको सूचना दिने काम। *वि.* ज्ञात; प्रकाशमा आएको; खुलस्त वा प्रकट।

जाहेरवाला (Informer, complainant)- *ना.* [जाहेर+वाला] सूचना वा जानकारी दिने व्यक्ति; सरकारवादी फौजदारी मुद्दामा वारदातको यथाशक्य विवरणसहित जानकारी दिने व्यक्ति; उजुरकर्ता; उजुरवाला।

जाहेरी (Act of giving information, complain)- *ना.* [जाहेर+ई] तल्ला तहका कर्मचारीले उच्च पदाधिकारीलाई र तल्ला कार्यालयले माथिल्लो तहका कार्यालयलाई जानकारी गराउने कार्य; जाहेर गर्ने काम; विवरणयुक्त उजुरी; निकासा मगाइ।

जाहेरी दरखास्त (First information report)- *ना.प.* जाहेरी; सरकारवादी फौजदारी मुद्दामा कुनै वारदात वा घटनाको बारेमा दिइने प्रारम्भिक सूचना वा जानकारी; यस्तो सूचना वा जानकारीलाई तोकिएको ढाँचामा लिपिबद्ध गरी दिइने निवेदन; आपराधिक घटना थाहा पाउने वा अपराध पीडितले अनुसन्धान गर्ने निकायमा दिने उजुरी।

जिउताभर (Lifelong)- *ना.* [सं. जीवन्ती>जिउता+भर] जिन्दगीभर; जनमभर; बाँचुञ्जेल; आजीवन।

जिउधन (Life and belongings)- *ना.* [सं. जीव+धन] जीवन र भएभरको सम्पत्ति; जीवनधन; जीवन र सर्वस्व।

जिउनी (Livelihood property)-*ना.* [सं.जीवन+ई] सन्तानहरूलाई सम्पत्तिको अंशबन्डा गर्दा आमाबाबुका लागि अंशभागमा छुट्याइने अतिरिक्त सम्पत्ति; आमाबाबुले अंशको सट्टा जीवननिर्वाहका लागि अंशभन्दा केही घटी वा बढी गरी राखेको सम्पत्ति।

जिकिर (Pleading; argument)- कुनै मुद्दाको बहसका सिलसिलामा वादी वा प्रतिवादी तर्फको मुख्य भनाई, अदालत समक्ष आफ्नो सबूद प्रमाण पेश गर्न उठाइने तर्क; आफ्नो माग दावीको पुष्ट्याइको सन्दर्भमा व्यक्त गरिने भनाई।

जिजीविषा (Desire for life)- *ना.* [सं.] बाँच्ने इच्छा, बाँचिरहने चाहना,

जित (Win, achieve)- *वि.* [जित्+अ.] विजयप्राप्ति; वशमा पार्नु; हासिल गराइ; अधीन गराइ।

जितापत्र (Conquest letter, favouring written judgement)- *ना.* [जित+पत्र] मुद्दा जित्नेलाई जितेको प्रमाणस्वरूप अदालतका तर्फबाट दिइने फैसला; मुद्दामामिलामा मागबमोजिम जितिपाएको कागज।

जिन्सी (Commodity, stationery)- *ना.* [अ. जिन्स] सरसामान; मालताल; मालसामान; जिनिस; नगदभन्दा बाहेक बन्दोबस्तीका खातापाता वा चिजवस्तु।

जिमाहा (Swamp, wet land)- *ना.* [सं. जम्बा+हा] सधैं चिसो वा सेपिलो रहिरहने; सिमसार; ओसिलो; चिसमिरो (जग्गा)।

जिमीदारी (*Jimidari,* landlordism)- *ना.* [जिमीदार+ई] जमिनदारी; जिमीदार, पटवारी, तालुकदार, जिम्मावाल, मुखिया, थरी, द्वारे वा अरू कुनै नामबाट एजेन्ट खडा गरी निजद्वारा मालपोत असुलतहसिल गरी सरकारमा दाखिल गर्ने-गराउने व्यवस्था; किपट व्यवस्था। *[हे. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ज)।]*

जिम्मा लिनु/ लिएको (Taking charge)- *क्रिप.* कसैले कसैसँग कुनै वस्तु प्राप्त गर्नु; कुनै दायित्व वा अभिभारा स्वीकार गर्नु; दायित्व सकार गर्नु; बहुविधिक ढुवानी करारबमोजिम ढुवानी भएको मालसामान प्रापकलाई हस्तान्तरण गर्नका लागि बहुविधिक ढुवानी सञ्चालनकर्ताले प्रेषकबाट मालसामान बुझिलिने काम। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ट)।]*

जिम्माजमानी (Guarantee, trusteeship)- *ना.* [जिम्मा+जमानी] कुनै व्यक्ति भागेमा वा कुनै वस्तु नासिएमा त्यसको जवाफदेही आफू हुने गरी जमानी बस्ने काम; जिउजमानी; कुनै व्यक्ति विशेषलाई उपस्थित गराउनका लागि जिम्मेवारी लिने काम।

जिम्मावाल (Trustee, the then revenue agent in hilly region of Nepal)- *ना.* [जिम्मा+वाल] जिम्मा लिने; उत्तरदायित्व वहन गर्ने; अभिभारा लिने; भूमिसुधार लागु हुनुभन्दा अघि पहाडी भेगका जमिनको मालपोत असुल गरी सरकारमा बुझाउने प्रमुख व्यक्ति; जिम्बाल।

जिम्मावाली (Function of revenue agent, broker percentage of revenue agent)- *ना.* [जिम्मावाल+ई] जिम्मावालले गर्ने काम; जिम्मावालले पाउने दस्तुरी (बपट्टा); जिम्मावाली वा तालुकदारी मुखेली गरेबापत पाउने खान्गीको बदला खाई आएको जग्गा।

जिम्मेवार व्यक्ति (Responsible person, duty-bearer)- *नाप.* जिम्मेवारी लिने व्यक्ति; कर्तव्यपालक; कर्तव्यवाहक; कानूनबमोजिम निर्धारित कार्य सञ्चालन गर्ने व्यक्ति; लेखासम्बन्धी अख्तियारीप्राप्त वा कानूनबमोजिम निर्धारित कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा

राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई बेरुजु फर्स्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने-गराउने कर्तव्य भएको व्यक्ति; सरकारी कामका लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फर्स्यौट गर्ने जिम्मेवारी भएको गैरसरकारी व्यक्ति। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ट)।]*

जिय/ जिउ/ जीउ (Body) - *ना.* [सं. जीव] शरीरका सम्पूर्ण अवयव; शरीर; देह; गाथ; ज्यान; जिउज्यान; जिउडाल।

जियजियै (Individually, per head)- *ना.* जिउजिउ नै; प्रत्येक व्यक्ति; व्यक्तिपिच्छे।

जिरह (Cross examination)- *ना.* [फा. जिरह] कुनै मुद्दामा सही कुरा पत्ता लगाउन वादी वा प्रतिवादीका तर्फबाट विपक्षीको साक्षीलाई गरिने सोधपुछ; अदालत वा आफ्नो पक्षबाट सोधपुछ समाप्त भएपछि साक्षीसँग विपक्षी तर्फबाट गरिने प्रश्नोत्तरयुक्त छड्के जाँच वा छानबिन; छड्के सोधनी।

जिरायत (Tax free land)- *ना.* [अ. जिराअत] जिमिदारी प्रथा कायम हुँदा जिमिदारका खान्कीका लागि ठेकिएको जग्गा; कृषि; आवाद।

जिलो/ जिली (Principal capital, remainder of capital)- *ना.* [प्रा. झण्णो] मूल पुँजी; मूल धन; बिउ पुँजी; कन्दमूलको बीज वा जिली।

जिल्ला अदालत व्यवस्थापन समिति (District Court Management Committee)- *नाप.* जिल्ला अदालतमा रहेका मुद्दामामिला, इजलास, अभिलेख, सूचना, भौतिक तथा वित्तीय स्रोतजस्ता विषयको बन्दोबस्त मिलाउने समिति; जिल्ला अदालतका यस्ता विषयहरूमा आवश्यक अध्ययन गरी व्यवस्थापन गर्न गठित व्यवस्थापन समिति। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम ९६ को उपनियम (१)।]*

जिल्ला कानूनी सहायता समिति (District Legal Aid Committee)- *नाप.* असमर्थ व्यक्तिलाई कानूनी सहायता दिने र मुद्दामा प्रतिनिधित्वको बन्दोबस्त मिलाइदिने समिति; असमर्थ पक्षलाई कानूनी सहायता उपलब्ध गराउन सेवा दिने कानून व्यवसायीहरूको सूची तयार गर्नेलगायत काम गर्न गठित जिल्लास्तरीय समिति। *[हे. कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (ग) र दफा ७।]*

जिल्ला गुठी सञ्चालन सहयोग समिति (District *Guthi* Operation Assistance Committee)- *नाप.* गुठी जग्गाको सुव्यवस्था गर्न सरकारले आवश्यकता अनुसार गठन गरेको वा गर्ने

समिति; जिल्ला स्तरमा गुठीहरूको सञ्चालनलाई सरसहयोग गर्ने समिति। *[हे. गुठी संस्थान ऐन, २०३३ को दफा 63ग. को उपदफा (१)।]*

जिल्ला तेजाब वा अन्य घातक रासायनिक पदार्थ नियन्त्रण समिति (District Acid or other Hazardous Chemical Substances Control Committee)- *नाप.* घातक रासायनिक पदार्थ नियन्त्रण गर्ने समिति; तेजाब वा अन्य घातक रासायनिक पदार्थको नियन्त्रण गर्न जिल्लास्तरमा रहने समिति। *[हे. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २ को खण्ड (च) र दफा २० को उपदफा (१)।]*

जिल्ला न्यायक्षेत्र समन्वय समिति (District Judicial Sector Coordination Committee)- *नाप.* जिल्ला अदालत तथा जिल्लास्थित न्यायिक निकायको कामकारबाहीमा समन्वय मिलाउने अन्तरनिकाय संयन्त्र; जिल्लाका न्यायिक निकायहरूको सुव्यवस्थित सञ्चालन र न्यायक्षेत्रका निकायबिचको कामकारबाहीमा समन्वय गरी न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनका लागि सहयोग जुटाउन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न गठित समन्वय समिति। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम ९७ को उपनियम (१)।]*

जिल्ला प्रशासन कार्यालय (District Administration Office)- *नाप.* जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा रहने कार्यालय; नेपाल सरकारको स्थानीय प्रतिनिधिका रूपमा रहने प्रमुख जिल्ला अधिकारी, मुख्य अधिकारी वा प्रमुखको कार्यालय। *[हे. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५।]*

जिल्ला बालन्याय समिति (District Juvenile Justice Committee)- *नाप.* बालन्याय प्रणालीक सुदृढीकरण र विकासको लागि जिल्लामा गर्नुपर्ने आवश्यक व्यवस्था गर्ने संयन्त्र; जिल्लामा बालन्यायलाई प्रभावकारी रूपले कार्यान्वन गर्ने र केन्द्रीय बालन्याय समितिलाई आवश्यक सुझाव तथा परामर्श दिन समेतका काम गर्ने जिल्लास्तरीय समिति। *[हे. बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३४।]*

जिल्ला भू तथा जलाधार संरक्षण समिति (District Soil and Watershed Conservation Committee)- *नाप.* जिल्लामा भू तथा जलाधार संरक्षणसम्बन्धी कार्यहरूको कार्यान्वयनमा समन्वय ल्याउने सरकारी संयन्त्र; जिल्लामा भू तथा जलाधार संरक्षणसम्बन्धी कार्यहरूको कार्यान्वयनमा समन्वय ल्याउन सरकारद्वारा गठित समिति। *[हे. भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा १६ को उपदफा (१) र भू तथा जलाधार संरक्षण नियमावली, २०४२ को नियम २ को खण्ड (ग)।]*

जिल्ला भूमिसुधार कार्यालय (District Land Reforms Office)- *नाप.* भूमिसुधार अधिकारीको जिल्लास्तरीय कार्यालय; भूमिसुधार कार्यालय नभएको ठाउँमा सम्बन्धित जिल्लाको मालपोत कार्यालय। *[हे. भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम २ को खण्ड (क२)।]*

जिल्ला युवा समिति (District Youth Committee)- *नाप.* जिल्लास्तरमा युवासम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने संयन्त्र; युवासम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न स्थापित समिति। *[हे. राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा २ को खण्ड (ग)।]*

जिल्ला वन पैदावार आपूर्ति समिति (District Forest Products Supply Committee)- *नाप.* जिल्लामा स्थानीय जनतालाई काठ, दाउरा आदि वनपैदावार बिक्री वितरण गर्ने संयन्त्र; जिल्लाभित्र र जिल्लाबाहिर आपूर्ति गर्न तोकिएका ठाउँमा वनपैदावार आपूर्ति गर्ने समिति। *[हे. वन नियमावली, २०७९ को नियम २ को खण्ड (च)।]*

जिल्ला विपद् व्यवस्थापन समिति (District Disaster Management Committee)- *नाप.* जिल्लाका कुनै पनि ठाउँमा विपद् भएमा सोको व्यवस्थापन गर्ने संयन्त्र; जिल्लास्तरमा विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने समिति। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ङ) र दफा १६ को उपदफा (१)।]*

जिल्ला सभा (District Assembly)- *नाप.* जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबिच समन्वय गर्ने सभा; जिल्ला समन्वय समितिको निर्वाचकमण्डल सभा; जिल्लाका सबै गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने जिल्लास्तरीय सभा।

जिल्ला समन्वय अधिकारी (District Coordination Officer)- *नाप.* जिल्ला सभाको प्रशासकीय प्रमुख वा अधिकृत; जिल्ला समन्वयसमिति प्रशासकीय प्रमुख वा अधिकृत कर्मचारी। *[हे. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९४ र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम २ को खण्ड (ङ)।]*

जिल्ला समन्वय समिति (District Coordination Committee)- *नाप.* प्रमुख, उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहने जिल्ला समन्वय समिति; जिल्ला सभाबाट निर्वाचित समन्वय समिति। *[हे. नेपालको संविधानको धारा २२० को उपधारा (३)।]*

जीर्णोद्धार (Repair, restrengthen)- *ना.* [सं.] मर्मत; थोत्रो, भत्के बिग्रेको घर, मन्दिर, वस्तु आदिलाई सच्याई पुनः बलियो र राम्रो पार्ने काम; नवीकरण; पुनर्सबलीकरण; मरम्मत।

जीवन बिमा/ बीमा (Life issurance)- *नाप.* कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको उमेरको आधारमा एकमुष्ठ वा किस्ताबन्दीमा कुनै खास रकम बुझाई गरेको सञ्चिति रकम र सञ्चित अवधिमा बढेबढाएको रकमसमेत बिमालेख/ सम्झौताको अवधि नाघेपछि वा निजको मृत्यु भएमा निज वा निजले तोकेको लाभकले पाउने गरी भएको करार र सो बमोजिमको कारोबार; बिमाङ्क तोकी बिमितले बिमकलाई बुझाएको रकम सम्झौता अनुसार बिमितले अख्तियारी दिएको व्यक्तिले वा निजको मृत्यु भएको अवस्थामा बीमालेखमा उल्लेख भएबमोजिम अख्तियारी दिएको, इच्छाएको वा हकवाला व्यक्तिले कुनै खास रकम पाउने गरी बीमकले बीमितसँग गरेको करार र तत्सम्बन्धी कारोबार। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ज)।]*

जीवनाशक विषादी निरीक्षक (Pesticide Inspectior)- *नाप.* जीवाणुनाशक विषादी (औषधी) को निगरानी गर्ने अधिकारी; जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापनसम्बन्धी कार्यका लागि नियुक्त निरीक्षक। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ङ)।]*

जीवनाशक विषादी व्यवस्थापन समिति (Committee on Pesticide Management)- *नाप.* जीवाणुनाशक विषादी वा औषधीको बन्दोबस्त मिलाउने संयन्त्र; जीवनाशक विषादी व्यवस्थापनका सम्बन्धमा आवश्यक पर्ने नीति निर्धारण गर्ने लगायतका कार्यमा सरकारलार्ई राय, सुझाव तथा परामर्श उपलब्ध गराउन गठित समिति। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ङ)।]*

जीवनाशक विषादी सूचकपत्र (Pesticides label)- *नाप.* विषादी वा औषधी राखेको भाँडोमा विषादी/औषधीको प्रयोगमा अपनाउनुपर्ने सतर्कतासहितको जानकारी राखी भाँडाको बाहिर लेपन गरिएको सूचनापत्र; जीवनाशक विषादीको कन्टेनरको बाहिरी भागमा लेखिएको, छापिएको वा रेखाङ्कन गरिएको जीवनाशक विषादी सम्बन्धी जानकारी।

जीवनाशक विषादीको विसर्जन (Disposal of pesticides)- *नाप.* कुनै कारणले प्रयोग गर्न नमिल्ने भएको जीवाणुनाशक विषादी वा विषादीयुक्त औषधीलाई खतरामुक्त तरिकाले गाडेर वा अन्य तरिकाले तह लगाउने वा दुष्प्रभावशून्य बनाउने काम; म्याद नाघी वा अन्य कारणले प्रयोग गर्न नमिल्ने जीवनाशक विषादी र त्यस्तो जीवनाशक विषादीका कारणले विषाक्त पदार्थको व्यवस्थापन गर्ने कार्य।

जीवनी (Biography, memoir)- *ना.* [सं.] बाँचुन्जेल गरेका कामको बयान; जन्मदेखि अहिले वा नमरेसम्मको जीवनमा घटेका तमाम महत्त्वपूर्ण घटनाको वर्णन वा पुस्तक; जीवनभर गरेका कामकुराको क्रमवद्ध लेख वा कथन, जीवनचरित्र; जीवनसँग सम्बद्ध घटनाहरूको विवरण।

जीवाणुनाशक विषादी कन्टेनर (Pesticide container)- *ना.प.* जीवनाशक विषादीको गुणस्तरमा ह्रास आउन नदिन र त्यस्तो विषादीलाई सुरक्षित रूपले राख्न, छोप्न, बन्द गर्न वा प्याक गर्न प्रयोग गरिने भाँडो, बपट्टा, डिब्बा, बाकस, झोला वा पोका; जीवाणुनाशक विषादी राख्ने भाँडो।

जीवाणुनाशक/ जीवनाशक विषादी (Pesticides, insecticides)- *ना.प.* बोटबिरुवा, कृषिजन्य पदार्थ र वन तथा वनपैदावार, जीव, पशुपन्छी, मानव स्वास्थ्यलाई हानि गर्न सक्ने विषादीयुक्त औषधी; कृषिजन्य वा वनपैदावारको भण्डारण, प्याकेजिङ र निर्माणका क्रममा हानि पुऱ्याउने रोग, किरा, सुलसुले, निमाटोड, झारपात, मुसालगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वनस्पति, जैविक तथा रासायनिक वस्तु; हानिकारक जीवहरूको सिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर वा रोग लगाएर सोको वृद्धि कम गराउने र त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने वस्तु; हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन कार्यमा असर पार्ने वस्तु; हानिकारक वनस्पतिको वृद्धि नियन्त्रण गर्ने वस्तु; पात पतिङ्गर झार्ने, ओसिलोपन कम गर्ने तथा सुकाउने, फलफूल सङ्ख्या पतल्याउने, समय नपुग्दै फलफूल झर्नेलगायतका समस्याको नियन्त्रण गर्ने वस्तु; कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने वस्तु; रोग जन्माउने जीवाणु वा कीटाणुलाई नाश गर्ने विषादी/ औषधी। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ग)।]*

जीवित परिमार्जित वस्तु (Living modified organism)- *ना.प.* जैविक प्रविधिको उपयोगबाट बिरुवामा भएका अनुवांशिक गुणलाई अनुवांशिक पदार्थको संयोजनद्वारा परिमार्जन गरिएको कुनै बिरुवा वा पुनर्उत्पादन हुन सक्ने बिरुवाजन्य उपज; जैविक प्रविधि प्रयोग गरी एक जैविक अनुवंश (जिन) लाई अर्को जीवमा प्रवेश गराएर उत्पन्न गरिने जैविक उपज।

जुलुस (Procession, cavalcade)- *ना.* [अ.] कुनै सामूहिक उद्देश्य पूरा गर्न हिँडेका मानिसहरूको जमात वा लस्कर; कुनै उत्सव वा समारोहमा मानिसहरूको एकसाथको यात्रा वा फेरी; समर्थन, विरोध वा सम्मान आदिको सामूहिक प्रदर्शनी।

जुवा (Gambling)- *ना.* [सं. द्यूत] कुनै संयोगको आधारमा कुनै किसिमको चल वा अचल सम्पत्ति वा प्रतिफल पाउन वा गुमाउन मारिने बाजी; हार्ने वा जित्ने गरी बाजी थापी खेल्ने कुनै

किसिमको खेल वा प्रक्रिया; हारजितमा कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी थापेको च्याँखे; रुपैयाँ पैसा बाजी राखेर दुई वा दुईभन्दा धेरै पक्षका बिच हारजित हुने गरी खेलिने खास खेल; सम्पत्ति हार्ने वा जित्ने गरी कुनै संयोगको आधारमा गरिने बाजी; घोप्टिने वा उत्तानो पर्ने कौडाको सम्भाव्यताका आधारमा हार वा जित स्वीकार्ने गरी गरिने होड; होडबाजी। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (२) को स्पष्टीकरण।]*

जुवा खेलाउने (One who causes any one to gamble)- *ना.प.* जुवा खेल्न वा होडबाजी गर्न आफ्नो हक, भोग, चलन, स्वामित्व वा जिम्मामा रहेको घर, कोठा, ठाउँ वा सवारीसाधन जानीजानी उपलब्ध गराउनु; जुवा खेल्नको लागि कुनै किसिमको साधन उपलब्ध गराई जुवा खेलाउने (व्यक्ति)। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (२) को स्पष्टीकरण।]*

जुहारत/ जवाहिरात (Jwellery, jewel)- *ना.* [अ. जौहर] रत्न; मणिमाणिक्य; बहुमूल्य धातु।

जेठरैती (A village head)- *ना.* [रैतीको जेठो] गाउँघरमा मुखियासरह मानिएको व्यक्ति; बडघर।

जेठाबुढा (Revenue agent)- *ना.* [जेठा र बुढा] गाउँघरमा सरकारी रकम उठतीपुठती गर्ने द्वारे; समुदायको सबैभन्दा जेठोबाठो; पृथ्वीनारायण शाहका राज्यकालमा साह्रागाह्रामा राजालाई सल्लाह दिने र मोफसलमा सरकारी आज्ञा पठाउने कर्मचारी।

जेठेक/ जेठ्याक (Primogeniture)- *ना.* सं. [ज्येष्ठस्य] दाजुभाइमा अंशबन्डा गर्दा समान भाग लागिसकेपछि जेठो भएबापत जेठा चाहिँलाई दिइने थप सम्पत्ति; जेठो भएका नाताले पाउने अंशभागमा थपुवा विशेष भाग; जेठाधिकार।

जेतेमेते (Less worthy, less valued)- *ना.* खास महत्त्व नभएका सानातिना मालसामान; खत्र्याकखुत्रुक; जे पायो त्यही वस्तु। *क्रिवि.* जिनतिन; कुनै तरिकाले।

जेथा (Entire property, assets)- *ना.* [सं. यथा] चल र अचल सबै सम्पत्ति; श्रीसम्पत्ति; धनमाल।

जेथाजमानी/ धनजमानी (Mortgage, security, surety)- ऋणीले ऋण लिँदा सो ऋणको कबुलियत बापत जेथालाई जमानीको रूपमा राख्ने काम; कुनै कारोबारसम्बन्धी लिखतमा रकम जिम्मा दिनेले पछि गडबड गरेमा आफ्ना जेथाबाट बेहोर्ने भनी सहीछाप गर्ने जमानी; कुनै

कुराको उत्तरदायित्व वा जिम्मेवारीस्वरूप धितो वा जाकट राखी लेखी दिने जमानी; एक प्रकारको धितो।

जैविक पदार्थ (Biologicals)- *नाप.* जीवजन्तुको विकास वा स्वास्थ्यका लागि प्रयोग गरिने जीवाणु; जीवाणुनाशक औषधी, खोप वा जैविक रसायन।

जैविक मार्ग (Wildlife corridor, biological route)- *नाप.* वन्यजन्तुहरू एक बासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्ने बाटो; जीवजन्तु पथ। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (ङ३)।]*

जैविक वा विषालु हातहतियार (Biological or toxin weapon)- *नाप.* मानिस, जनावर, वा वनस्पतिमा रोग, मृत्यु वा कुनै किसिमको क्षति पार्न सक्ने गरी जीवित जीवाणु, भाइरस, विषाक्त पदार्थ वा अन्य हानिकारक जैविक एजेन्टहरू प्रयोग गरेर बनाइएको हातहतियार; जैविक (जीवाणुयुक्त) र विषालु हातहतियारको विकास, उत्पादन तथा सञ्चयको प्रतिबन्ध तथा त्यसको विनाससम्बन्धी विक्रम संवत् २०२८ साल चैत्र २८ गते (१० अप्रिल, १९७२) का दिन लन्डन, मस्को र वासिङ्टनमा सम्पन्न महासन्धि [कन्भेन्सन अन दि प्रोहिविशन अफ दि डेभलपमेन्ट, प्रडक्सन एन्ड स्टकपाइलिङ अफ ब्याक्टेरियोलजिकल (बायोलजिकल) एन्ड टक्सिन विपन्स् एन्ड अन दियर डिस्ट्रक्सन] ले परिभाषा गरे बमोजिमको जैविक (जिवाणुयुक्त) वा विषालु हातहतियार। *[हे.मुलुकी अपराध संहिता, २०७४ को दफा १३४ को उपदफा (१) को स्पष्टीकरण।]*

जैविक विवरण (Biological description; biometrics)- *नाप.* व्यक्तिका औँलाका छाप, आँखाको पुतली, चेहराको आकार, आवाज आदि अद्वितीय शारीरिक/ जैविक वा व्यवहारगत अभिलक्षणका आधारमा पहिचान मापन गरिएको विवरण; व्यक्तिको स्पष्ट मुखाकृति देखिने गरी विद्युतीय तस्बिर; दुवै हातका दश औँलाको विद्युतीय छाप; आँखाको नानी, हस्ताक्षरलगायत वैयक्तिक तथा जैविक विवरण। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (क) र दफा ७ को उपदफा (३)।]*

जैविक विविधता (Biological diversity)- *नाप.* पारिस्थितिकीय प्रणालीको विविधता; प्रकृतिमा रहेका जलचर, थलचर, खेचर तथा उपयचर जीव, जल तथा स्थलमा हुने वनस्पतिलगायतका स्थावर-जङ्गम जैविक सत्ताको विभिन्न अस्तित्व तथा तिनको प्राकृतिक खाद्यशृङ्खलाको चक्रवैविध्य; प्रजातीय विविधता तथा वंशाणु विविधता। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (छ)।]*

जैविक विषादी (Biopesticides)- *नाप.* जीवजन्तु वा बोटबिरुवाजस्ता प्राकृतिक स्रोत निर्मित विषादी; बोटबिरुवा, पशुपक्षी र सूक्ष्म जीवलगायतका प्राकृतिक स्रोतबाट तयार गरिएको जीवाणुनाशक विषादी।

जैविक सुरक्षा (Biosafety)- *नाप.* वातावरणबाट पशुपक्षीमा पुग्न सक्ने क्षतिबाट जोगाउने काम; पशुपालन, मौरीपालन; पक्षीपालन गरिएका ठाउँमा बाहिरी वातावरणबाट भित्र फैलन सक्ने विभिन्न सङ्क्रमणलाई रोक्न अपनाएका उपायहरू।

जैसी कोठा [An office dealing with foreign affairs to China and Tibet (Bhot)]- *ना.* परराष्ट्र मन्त्रालयअन्तर्गत भोट-चिनसम्बन्धी पुराना अभिलेखहरूको सङ्ग्रह रहेको पुरानो एक अड्डा; चिन र तिब्बतसितको कारोबार सम्बन्धमा हेर्ने नेपालको पुरानो अड्डा।

जोईपोइ (Husband and wife, spouse)- *ना.* [जोई+पोइ) पतिपत्नी; दम्पती; लोग्नेस्वास्नी।

जोखिम (Hazard, risk)- *ना.* [फा. जख्म) शारीरिक वा मानसिक आघात पुग्ने सम्भावना भएको काम; हानिनोक्सानी हुने सम्भावना; अनिष्ट वा विपत्तिको सम्भाव्यता; सम्भावित खतरा।

जोखिमपूर्ण पदार्थ (Hazardous substance)- *नाप.* खतरायुक्त वा हानि गर्ने सम्भावना रहेको पदार्थ वा वस्तु; जोखिमपूर्ण फोहोरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जनसम्बन्धी *बासेल महासन्धि*मा सूचीकृत पदार्थ; मानवस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विस्फोटक, ज्वलनशील, चिरस्थायी तथा संक्षारक गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (च)।]*

जोखिमभारित सम्पत्ति (Risk-weight asset)- *नाप.* ऋणअसुल चुक्ता नहुने जोखिमका आधारमा वजन दिइएको बैङ्क वा वित्तीय संस्थाले राख्ने सम्पत्ति; बैङ्क वा वित्तीय संस्थाको वासलातभित्रको र वासलातबाहिरको प्रत्येक शीर्षकमा रहेको रकमलाई नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा तोकिएको जोखिमभारले गुणन गरी निकालिएको कुल सम्पत्ति। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ण)।]*

जोखिमयुक्त क्षेत्र (Risk zone)- *नाप.* हानिनोक्सानी हुने सम्भावित क्षेत्र; शारीरिक वा मानसिक रूपमा हानिनोक्सानी हुन सक्ने डरलाग्दो क्षेत्र; कार्यस्थल वा कार्य प्रकृतिका कारण मानवस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रासायनिक, जैविक, जलवायु परिवर्तनजन्य, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्र वा स्वास्थ्यउपचारका

बेला स्वास्थ्यकर्मीहरूलाई हुने सम्भाव्य जोखिम। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (च)।]*

जोडी साँचो (Key pair)- *नाप.* एक जोर साँचो; कुनै एसिमेट्रिक क्रिप्टो सिस्टममा रहेको निजी साँचो र त्यस्तो साँचोले सिर्जना गर्ने डिजिटल हस्ताक्षरको जाँच सार्वजनिक साँचोले गर्न सक्ने तत्त्व भएको सो निजी साँचोको गणितीय रूपमा अन्तरआबद्ध सार्वजनिक साँचोको जोडी। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ञ)।]*

जोतजिरायत (Land cultivated by landlord ownself)- *ना.* जिमीदारका खान्कीमा ठेकिएको जमिन; जिमीदारले आफै खनजोत गराएको जमिन।

जोताहा (Tiller, plough man)- *ना.* [जोत्+आहा] जमिन जोत्ने व्यक्ति; हली; वास्तविक खनजोत गर्ने किसान; मोही; आफ्नो वा आफ्नो परिवारका श्रमले खेत कमाउने व्यक्ति।

जोताहा निस्सा/ पुर्जा (Tenant certificate)- *नाप.* भूमिसुधार व्यवस्था लागू भएपछि जग्गा कमाउने मोहीलाई प्रदान गरिने प्रमाणपत्र; मोहियानी हकको प्रमाणपत्र।

जोरजुलुम (Forcefully, coercion, intimidation)- *ना.* [जुलुम (द्वि.)] अन्यायपूर्वक हुने बलको प्रयोग; बलमिचाइ; बलजफ्ती; जबर्जस्ती; अन्याय; अत्याचार; ज्यादती।

जोरफोर (Fact-finding)- *ना.* [जोर्+अ+फोर्+अ] आफूलाई चित्त नबुझेको वा शङ्का लागेका कुरामा भन्ने सुन्ने सबैलाई जम्मा पारी खुलस्त कुरा गरी साँचो झुटो पत्ता लगाउने काम; कुरा फोरेर साँचो पत्ता लगाउने काम।

ज्ञपित/ ज्ञापित (Informed, taught)- *वि.* [सं.] ज्ञापन गरिएको; जानिएको; प्रकट गरिएको; बताइएको; सूचित; ज्ञप्त।

ज्ञप्ति (Information, knowledge, thought)- *ना.* [सं.] जानकारी; बोध; ज्ञान; विचार।

ज्ञात (Known, evident, understood, conversant)- *वि.* [सं.] अवगत; विदित; ज्ञापित; जनाइएको; थाहा भएको; जानिएको।

ज्ञातव्य (Knowable, conceivable, comprehensible)- *वि.* [सं.] ज्ञेय; बोधगम्य; बोध्य; ज्ञाप्य; जान्न योग्य; थाहा पाउन लायक।

ज्ञाता (Expert, learned, scholar, knowledgeable person)- *ना.* [सं.] जान्ने; जानिफकार; निपुण; विज्ञ; प्रवीण; विशेषज्ञ।

ज्ञातृत्व (Expertise, proficiency)- *ना.* [सं.] अभिज्ञता; निपुणता।

ज्ञान (Knowledge, understanding)- *ना.* [सं.] सामान्य वा विशेष कुराको जानकारी; तत्वज्ञान; विज्ञान; ज्ञानेन्द्रिय र चित्तका माध्यमद्वार भित्रिने सचेतना वा संज्ञान; बुद्धिविवेक।

ज्ञानतः (Knowingly, intentionally)- *क्रिवि.* [सं.] जानीबुझिकन; थाहा पाइकन; ज्ञानपूर्वक; जानीजानी; मनसायपूर्वक।

ज्ञानदाता (Preacher, teacher, pedagogue)- *ना.* [सं.] उपदेशक; ज्ञानद; गुरु; ज्ञान दिने; तात्त्विक वा यथार्थ कुरा बुझाइदिने मानिस।

ज्ञानदृष्टि (Insight, inner consciousness)- *ना.* [सं.] अन्तर्दृष्टि; ध्यानदृष्टि; विवेक दृष्टि।

ज्ञानपत्र (Prospectus, brochure, letter of cognizance)- *ना.* [सं.] सरकारी निकाय, सङ्घसंस्थाको जानकारी दिने विवरणपत्र; परिचयपुस्तिका।

ज्ञानपीठ (School, academy; educational institution)- *ना.* [सं.] शिक्षालय; शैक्षिक संस्था; विद्यापीठ; ज्ञानभूमि; ज्ञानकुञ्ज; ज्ञानमन्दिर; ज्ञानालय।

ज्ञानप्रद (Knowledgeable, informative)- *वि.* [सं.] ज्ञान दिन योग्य; ज्ञानमूलक; जानकारीमूलक।

ज्ञानमय (Enlightened)- *वि.* [सं.] ज्ञानले परिपूर्ण; ज्ञानले भरिएको; चैतन्यस्वरूप; ज्ञानस्वरूप।

ज्ञानवान् (Learned, erudite)- *वि.* [सं.] ज्ञान भएको, जान्ने बुझ्ने; ज्ञानी।

ज्ञानात्मक (Cognitive)- *वि.* [सं.] ज्ञानसम्बन्धी।

ज्ञानेन्द्रिय (Sense organs)- *ना.* [सं.] भौतिक विषयको ज्ञान गराउने इन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो र छाला)।

ज्ञापक (Informant, informer, notifier)- *वि.* [सं.] ज्ञापयिता; सूचक; कुनै कुरा जनाउने; बुझाउने; थाहा दिने।

ज्ञापन (To notify, to inform, to communicate)- *ना.* [सं.] कुनै विषयको जानकारी, सूचना वा जनाउ दिने काम।

ज्ञापनपत्र (Memorandum, communication, statement)- *वि.* [सं.] कुनै विषयको जानकारी वा सूचनाका लागि प्रस्तुत गरिने पत्र; कुनै विषयमा सम्बद्ध निकाय वा अधिकारीको ध्यानाकर्षणका लागि प्रस्तुत गरिने जनाउपत्र, विरोधपत्र वा चेतावनीपत्र।

ज्ञापित (Notified, informed)- *वि.* [सं.] सूचित; सूचना वा जानकारी गराइएको; थाहा दिइएको; जनाइएको; प्रकट गरिएको।

ज्ञाप्य (Notifiable, expressable, reportable)- *वि.* [सं.] थाहा दिन योग्य; बताउन योग्य; ज्ञापनीय।

ज्ञेय (Knowable, observable)- *वि.* [सं.] जान्न वा सिक्न लायक; जान्नु पर्ने; जान्न सकिने।

ज्यादती (Opperession, tyranny)- *ना.* [अ. जियादती] अनुचित व्यवहार; अत्याचार; अन्याय।

ज्यान (Life, body)- *ना.* [सं. जीवन] मानिसको शरीर र प्राण; जीवन; प्राणतत्त्व; जिउ र प्राण; प्राणीको जीवतत्व; जिउँदो शरीर; प्राणी। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (ज)।]*

ज्यान सजाय (Capital punishment, death penalty) - *नाप.* मृत्युदण्ड; प्राणदण्ड; कुनै अपराध गरेबापत सजायको रूपमा झुन्ड्याएर, काटेर वा अन्य तरिकाले ज्यान लिने वा मृत्युवरण गराउने काम; जीवन नै समाप्त पारिदिने दण्डविशेष।

ज्यानमारा (Murderer, homicider)- *वि.* [ज्यान+मार्+आ] अर्काको ज्यान मार्ने; अर्काको प्राण लिने; हत्यारा; खुनी; घातक।

ज्यानमुद्दा (Case relating to murder or homicide)- *ना.* ज्यानसम्बन्धी मुद्दा; ज्यान मारे वा मार्न उद्योग गरेबापत लागेको मुद्दा; कर्तव्यज्यान मुद्दा; ज्यान मार्ने उद्योग मुद्दा।

ज्याला/ ज्यालामजुरी (Wages, pay)- *ना.* [नेवा.] काम गरेबापतको पारिश्रमिक रकम; बनी; मजदुरी; रोज; काम गर्नेलाई काम लगाउने मन्जुरी वा काम गर्ने र लगाउने दुवैका मन्जुरीले निर्धारित पारिश्रमिक वा श्रमको मोल।

ज्यालादार (Wage labourer, wage earner)- *ना.* [ज्याला+दार] ज्यालामा काम गर्ने व्यक्ति; बनीयार; रोज लिएर काम गर्ने श्रमिक।

ज्यालादारी (Working in wages)- *ना.* [ज्यालादार+ई] ज्यालामा गरिने काम; ज्यालादारले गर्ने काम; ज्यालामी।

ज्यालादारी कामदार (Wages worker, salaried worker)- *नाप.* ज्यालादारीमा राखिएको अस्थायी कामदार; फाटफुट्टे रोजगारी गर्ने श्रमिक।

ज्येष्ठ नागरिक (Senior citizen)- *नाप.* जीवनको प्रौढावस्था पार गरी वृद्धावस्थातर्फ प्रवेश गरिसकेको नागरिक; साठी वर्ष उमेर पूरा गरेको नागरिक। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (क)।]*

ज्येष्ठ नागरिक कल्याण कोष (Senior Citizen Welfare Fund)- *ना.प.* ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न स्थापना गरिएको कोष; ज्येष्ठ नागरिकको हितको लागि स्रोतको प्रबन्ध गर्न सञ्चालित कोष। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ञ) र दफा 17।]*

ज्येष्ठ नागरिक क्लब (Senior Citizen Club)- *ना.प.* ज्येष्ठ नागरिकहरूले आफ्ना हकहित र अधिकार संरक्षणको लागि स्थापना गरेको संस्था; ज्येष्ठ नागरिकहरूले स्वयंसेवी संस्था वा क्लब। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (झ)।]*

ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र (Senior Citizen Day Service Centre)- *ना.प.* ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना; ज्येष्ठ नागरिकहरूले स्थानीय रूपमा आपसमा भलाकुसारी, भेटघाट वा समय बिताउन भेला हुने भवन वा ठाउँ। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ङ)।]*

ज्येष्ठ नागरिक पालनपोषण तथा हेरचाह (Senior Citizen Norturing and care)- *ना.प.* ज्येष्ठ नागरिकलाई खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न गर्ने गराउने काम; ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा र स्याहारको व्यवस्था मिलाउने कार्य। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (च)।]*

ज्येष्ठ नागरिक भत्ता (Senior citizen allowance)- *ना.प.* ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षास्वरूप नियमित हिसाबले उपलब्ध गराइने रकम वा आर्थिक टेवा; दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि नेपाल सरकारले तोके बमोजिमको सामाजिक सुरक्षा भत्ता; सरकारले तोकेको निश्चित क्षेत्रमा बसोवास गर्ने साठी वर्ष उमेर नपुगेका भए पनि ज्येष्ठ नागरिक सरह नै सामाजिक सुरक्षाका रूपमा उपलब्ध गराउन सकिने भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा 4।]*

ज्येष्ठ नागरिक सेवा केन्द्र (Senior Citizen Service Center)- *ना.प.* ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण गर्न स्थापना र सञ्चालन हुने हेरचाह केन्द्र; ज्येष्ठ नागरिकबाट ज्ञान सीप हस्तान्तरण गर्न सञ्चालित केन्द्र, आश्रम वा यस्तै प्रकृतिका सरकारी संचरना। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (च2)।]*

ज्येष्ठ नागरिक हेरचाह केन्द्र (Senior Citizen Care Center)- *ना.प.* शुल्क लिई वा नलिई ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्नको लागि स्थापना तथा सञ्चालन भएको घर, आश्रम

वा यस्तै प्रकृतिका अन्य संरचना। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (घ)।]*

झ

झगडा (Dispute)- *ना.* [प्रा. झगड] दुई वा दुईभन्दा बढी व्यक्तिबिचको परस्परको कलह; चिड्गल; परस्परको गालीगोफ्ता; भनाबैरी; विवाद; मुख नमिलेको कुरा; द्वन्द्व।

झगडिया (Disputant, litigant, opponent)- *ना.* [झगड+इया] अड्डा अदालतमा मुद्दा गर्ने पक्ष र विपक्ष; वादी वा प्रतिवादी; मुद्दाका पक्षहरू। *वि.* झगडालु; कचिड्गल गर्ने स्वभावको; कचिड्गले।

झगडिया झिकाउनु/ झझि गर्नु) (To summon a disputant)- *क्रिप.* अड्डा अदालतको एक तहबाट मुद्दा छिनिएपछि फैसलामा चित्त नबुझ्ने पक्षले पुनरावेदन गरेपछि मुद्दाको अर्को पक्षलाई पुनरावेदन सुन्ने अड्डा अदालतबाट म्याद दिई मुद्दामा सामिल हुन बोलाउने काम; पुनरावेदनका प्रत्यर्थीलाई मुद्दाको बाँकी कारबाही वा सुनुवाइमा सरिक हुन आह्वान गर्ने वा बोलाउने काम।

झट्केला/ झड्केला (Offspring of wife born from her former husband)- *ना.* पत्नीले अघिल्लो पतिबाट जन्माएर सँगै लिई आएका सन्तानलाई पछिल्लो पतिले चिनाउने शब्द; झड्केला-झड्केली छोराछोरी।

झडप (Conflict, clash, collision)- *ना.* दुई समूहबिचको भिडन्त; परस्परको झगडा; मुठभेड; जम्काभेट र हानाहान।

झपेत्रो (A piece of white cloth to cover forhead during funeral rites)- *ना.* [अमू. झप्+एत्रो] किरियापुत्रीले टाउकोमा बाँध्ने सेतो रुमाल; टालो; छोपो; कपाल छोप्ने कपडा।

झमेला (Entanglement, problem)- *ना.* [प्रा. झमाल] नचाहिँदो तवरले फस्ने अवस्था; झन्झट; उल्झन; परेसानी; सानातिना कुरामा देखिने कचमच; बखेडा; झम्मार; झम्पाट।

झराली (Conscription, mandatory military serving troop)- *ना.* पहिलेको जमानामा प्रत्येक घरधुरीबाट सैन्य सेवामा अनिवार्य जानुपर्ने व्यवस्था अन्तर्गत गठित सेना।

झारा (Voluntary work for governmental or public purpose)- *ना.* सरकार, जमिनदार, वितावाल वा समुदायले सरकारी वा सार्वजनिक काममा साधारण जनताबाट लिने

पारिश्रमिकविनाको काम वा सहयोग; बेठबेगारी; झार्लाङ्गी काम; मन नलगाई गरिने काम; सार्वजनिक श्रमदान।

झारा तिराइ/ टराइ (Unwilling labouring)- *ना.प.* मन नपरी गरिएको काम; गम्भीर नभई गरिएको टालटुले काम; कसैका करबलमा गर्नुपरेको काम।

झाराफौज (Unpaid troops)- *ना.* पारिश्रमिक वा ज्यालाविना गुहारका लागि जम्मा गरेको फौज; श्रमदानी फौज।

झाराली (Unpaid labor)- *ना.* झारा काम गर्न आएको व्यक्ति; बेठबेगारी; झारातिराइ/ टराइमा आएको खेतालो।

झिकुवा (Dismissed, discharged)- *ना.* झिकिएको वा खोसिएको; खारेजीमा परेको; खारेज गरिएको।

झिटी (Commodity, items)- *ना.* मालमत्ता; सामान; पोकापन्तुरा।

झिटीगुन्टा (Luggage, chattel)- *ना.* दैनिक प्रयोगमा आउने भाँडाकुँडा, बिछ्यौना र लुगाफाटा; झोलाझाम्टामा राखिने सामान।

झिटीमिटी/ झिटीझाम्टा (Belongings, goods)- *ना.* दैनिक प्रयोगमा आउने भएभरका सरसामान; गृहस्थीका सरसामान; सम्पूर्ण सम्पत्ति; सबै मालमत्ता।

झिरचिम्टा (Entire property, overall property)- *ना.* जो भएको सबै, सिरीखुरी।

झुकाउ/ झुकाब (Leaning, inclination)- *ना.* [झुक्+आउ/ आब] ढल्काइ; पक्षपात; कुनै व्यक्ति वा वस्तुप्रतिको अभिरुचि; झुक्ने काम वा अवस्था; झुक्ने काम; लगाउ; प्रवृत्ति।

झुक्याउनु (Mislead, decieve)- *क्रि.* छल गर्नु; छक्याउनु; छल्नु; नभएको कुरालाई भएको हो भनी वा भएको कुरालाई नभएको हो भनी ललाई-फकाई अर्कालाई हानिनोक्सानी वा आफूलाई लाभ गराउनु।

झुक्याएको (Misrepresentation)- *वि.* छल गरी वा भ्रममा पारी; मनासिब आधारविना कुनै कुराको झुपट्टा विवरण वा तथ्य दिएको; कुनै पक्षलाई मर्का पर्ने गरी बहकाएको; करारको विषयवस्तुमा गल्ती गराएको; एक विषयमा करार भएको विश्वास दिलाई अर्को विषयमा करार गराएको। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१८ को उपदफा (२) को खण्ड (घ) को स्पष्टीकरण।]*

झुक्यान (Misleading)- *ना.* झुक्याएको अवस्था; भ्रम।

झुट/ झूट (Falsehood)- *ना.* [प्रा. झुट्ठी] झुटो कुरा वा व्यवहार; असत्यता। *वि.* मिथ्या; तथ्यहीन; असत्य।

झुटो/ झुट्टा (False, fake)- *वि.* असत्य; मिथ्या; विनाआधारको; हुँदै नभएको; किर्ते; बनावटी।

झुटो/ झुठ्ठा लिखत बनाउने काम (Making a false document or deed)- *ना.प.* कृत्रिम लिखत बनाउने काम; झुटो कागजात खडा गर्ने काम; जुन अधिकारी वा व्यक्तिले लिखत बनाउने, लेखेको वा सहीछाप गरेको होइन त्यस्तो अधिकारी वा व्यक्तिका नाउँबाट लिखत बनाउने, लेखेको वा सहिछाप गरेको हो भन्ने विश्वास पार्ने किसिमबाट बेइमानीपूर्वक लिखत वा त्यसको अंश तयार गर्ने काम; त्यस्तो विद्युतीय अभिलेख तयार गर्ने वा पठाउने, विद्युतीय अभिलेखमा डिजिटल संरक्षण गर्ने काम; विनाअधिकार वा वेइमानीपूर्वक कुनै लिखत वा विद्युतीय अभिलेखमा कुनै कुरा थपी, मेटी, केरी, परिवर्तन गरी वा अन्य कुनै किसिमबाट बेहोरा फरक वा नबुझिने पार्ने काम; मानसिक अस्वस्थताको कारणबाट होस ठेगानमा नभएको, मादक पदार्थ वा नसा सेवन गरेको वा छलकपटमा पारिएको कारणले कसैले लिखतमा लेखिएको कुराको मतलब बुझ्न सक्दैन भन्ने जानीजानी त्यस्तो व्यक्तिलाई लिखत बनाउन, सहिछाप गर्न वा लिखतमा लेखिएको कुनै कुरा बदल्न लगाउने काम; एक कामको लागि सहीछाप गरी लिफा, कागज वा छाप लिए दिएकोमा त्यस्तो काममा नलगाई अर्कै प्रयोजनको लिखत खडा गर्ने वा सोमा लगाउने काम।

झुत्रो (Torn)- *ना.* [सं. जर्जर> प्रा. जज्जर] काममा आउन नसक्ने अवस्थाको वस्तु; झुत्रिएको वस्तु; जीर्ण भएको वस्तु। *वि.* थोत्रो वा फाटेको; च्यात्थो; चिथ्रो; जीर्ण; चिल्थो।

झुपडी/ झोपडी (Hut, shack)- *ना.* [प्रा. झुम्पडा] खर, स्याउला, छवाली आदिले छाएको सानासाना कच्चीघर; सानो झुप्रो; छाप्रो; कुटी।

झुरा/ झुरो (Scraps)- *ना.* [प्रा. झुर] खरिएका काठ, दाउरा, कागज, कपडा आदिका टुक्राटाक्री; काम नलाग्ने कागज आदिका मसिना टुक्रा। *वि.* घाम आदिले ज्यादै सुकेको; झुरिएको।

झेल (Cheating, deceit, fraud)- *ना.* [प्रा. झमाल] नभएको कुरा वा घटनालाई झुटो तर्क वा प्रमाणद्वारा सिद्ध गर्ने काम; जाल; बखेडा; गुल्चे काम। *ना.* [अङ्. जेल] कारागार; झ्यालखाना।

झेलबखेडा (Trickery, artifice)- *ना.* जालझेल; निहुँ; खोचे; खोते; खुर्ची।

झेलम (Armour, shield)- *ना.* [सं. झम्पन] लडाइँमा जाँदा योद्धाले पहिरने फलाम वा पित्तलको जाली लुगा; त्राणावर।

झेली (Decietful)- *वि.* [झेल+ई] बखेडाबाज; गुल्चे; झेलझाल गर्ने।

झैझमेला (Trap, mess)- *ना.* [प्रा. झमेला (द्वि.)] नचाहिँदो तवरले फस्ने अवस्था; झन्झट; उल्झन।

झोर (Lowland in the middle of the forest)- *ना.* [क्षौर] जङ्गलका बिचको औलो लाग्ने खोँच जग्गा; खोँच; झोरा।

झोराक्षेत्र (*Jhora* area, authorized residential forest area)- *ना.* वैधानिक हिसाबले जङ्गल फडानी गरी बसोवास र आवाद गरेको क्षेत्र; झोडाक्षेत्र; जङ्गल फाँडेर खनजोत गर्ने गरेको जमिन।

झोरापाटा (Forest permitted for settlement)- *ना.* [झोर+पाटा] सरकारबाट फँडानी गरी बस्ती बसाल्न स्वीकृत जङ्गल; उखडा।

झोस्नु (To allege, telltale)- *क्रि.* कसै उपर उजुर गर्नु; पोल गर्नु; कुनै घटनामा संलग्नताको दोष लगाउनु; फसाउनु; चुक्ली लाउनु; आरोप लगाउनु।

ट

टक (Stamped coin)- *ना.* [सं. टङ्क] रुपैयाँ पैसामा लगाइएको सरकारी छाप; धातुका मुद्रा वा सिक्कामा लगाइने सरकारी चिह्न; छाप वा निसाना; मुद्रा; सिक्का।

टकमरी (Mintage, coinage)- *ना.* [टक+मार्+ई] तामा, पित्तल, सुन, चाँदी आदि धातुलाई मुद्रामा ढाल्ने काम; रुपैयाँ पैसा आदि छाप्ने काम; मुद्रा छाप्ने काम; धातुलाई मुद्राङ्कन/ मुद्राकरण गर्ने काम।

टकराउ/ टकराब (Collision, clash)- *ना.* [टक्कर्+आउ/ आब] कुनै दुई थरी वस्तु एक अर्कामा रगडिनु; परस्पर जुधाइ; ठक्कर खानु; भिडान; कडा ठोकाइ; ठक्कर; लडन्त।

टकसार (Mint)- *ना.* [सं. टङ्कशाला] विभिन्न धातुबाट रुपैयाँ पैसा बनाउने वा तयार गर्ने सरकारी अड्डा; मुद्रा वा सिक्का तयार गर्ने सरकारी कारखाना।

टकसारी (Work of minting, in-charge of mint)- *वि.* [टकसार+ई] सरकारले आज्ञा दिए बमोजिम मोहर, पैसा, असर्फी आदिमा टक ढाल्ने कामसँग सम्बन्धित; टकसारीको काम गर्ने; टकसारसम्बन्धी।

टक्कर (Competition)- *ना.* [प्रा.] व्यक्ति वा वस्तु एकअर्कामा ठोक्किने वा रगडिने काम; ठक्कर; धक्का; एक पक्षको अर्को पक्षसँग हुने भिडन्त वा लडन्त; प्रतिस्पर्धा; प्रतिद्वन्दिता; होडबाजी।

टक्सार विभाग/ महाशाखा (Department of Mint)- *ना.प.* कागजी मुद्रा आउनुपूर्व धातुमुद्रा टकमार्ने तथा मुद्रासम्बन्धी अन्य काम गर्ने सरकारी विभाग; नेपाल राष्ट्र बैङ्कको धातुमुद्रासम्बन्धी कामकारबाही गर्ने महाशाखा।

टट्टरी (False statement, fake behaviour)- *ना.* [सं] नभएको कुरा; झुट्टो व्यवहार; झुट्टो बोली; दिल्लगी; रेला; मजाक।

टड्कारो (Clear, distinct)- *वि.* [टक/ टट्+आरो] स्पष्ट; टड्कालो; टट्कालो; छर्लङ्ङ; खुलस्त।

टन (Tonne, weight of 1016.05 kg)- *ना.* [अङ्.] एक हजार सोह्र दशमलव शून्य पाँच (१०१६.०५) किलोग्राम बराबरको तौल; करिब सवा सत्ताइस मन बराबरको तौल; सरदरमा

दस कुइन्टल बराबरको वजनको मापन एकाइ। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को अनुसूची।]*

टन्टा (Annoyance, botheration)- *ना.* [अङ्.] झमेला; झन्झट; झोज; अनावश्यक कामको बोझ।

टप्पा (Small area)- *ना.* [अ. तबक] अग्लो ढिस्को; जिल्ला वा प्रगन्नाको एकाइ; सानो भूभाग; इलाका; तप्का।

टप्पु (Doab, riverine island)- *ना.* [टापु] नदीको दोभान; तलाउ वा मैदानका बीचमा उठेको जमिन वा ढिस्को; टाकुरो; मझौ; मझुवा; द्वीप।

टप्फा (Asymmetrical)- *ना.* एक व्यक्ति र अर्को व्यक्तिको अनुहारमा देखिने अन्तर/ फरक; व्यतिरेकी।

टहरो (Hut, shade, one storied house)- *ना.* तला नथपेको कच्ची छाप्रो; एकनाले कटेरो; ओत लगाएको एक पाखे छाप्रो।

टहल (Caring, serving)- *ना.* स्वस्याहार गर्न नसक्ने अवस्थाका मानिस (वयोवृद्ध, बालबालिका, विरामी, अशक्त आदि) लाई गरिने सुसार; सेवा वा स्याहार; सेवाशुश्रूषा; वरपर गरिने हिँडडुल; टहलाइ।

टाँगो/ टाडो (Measuring stick)- *ना.* [प्रा. टङ्गो] जग्गाजमिन आदि नाप्ने लामो निश्चित परिमाणको लट्ठी; लग्गा; लग्गी; बाँस वा भाटाको टुक्रा; घोचो; घारो।

टाँग्नु (Lingering, to lengthen)- *क्रि.* तोकेको काम गर्न आलटाल गर्नु; ढिलासुस्ती गर्नु; कुनै कुरामा मानिसलाई अल्झाइराख्नु।

टाँचा (Stamp, seal, marking)- *ना.* [टाँका] ढालेर, खोपेर कुँदेर वा डामेर कुनै तरिकाले यथासम्भव नमेटिने गरी लगाएको छाप, चिनो वा निसाना; सिलछाप लगाउन नमिल्ने यन्त्रमा सजिलै नउप्किने वा नफुत्किने गरी टाँसिएको निरीक्षकद्वारा प्रमाणित सिलछाप; चिठीपत्रका टिकटमा लगाइने मितिसहितको छाप; छापा; काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिह्न वा निसाना। *[हे. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (ज) र वन ऐन, २०७६ को दफा २ को खण्ड (च)।)*

टाँसपुर्जी (Notice, summon)- *ना.* [टाँस्+अ+पुर्जी) भित्तामा टाँस्नसमेत मिल्ने गरी लेखिएको सूचनापत्र; अड्डा अदालत वा कार्याद्वारा सूचनाका लागि टाँसिएको पुर्जी वा कागज।

टाट हुनु/ उल्टनु/ पल्टनु (To be bankrupt\insolvent)- *क्रिप.* दामासाही हुनु; तन्नम हुनु; सारा औकात वा सम्पत्ति सकिनु; व्यवसाय पूरै असफल हुनु।

टापु/ टापुरो (Island)- *ना.* [सं. द्वीप] वरिपरि पानीले घेरिएको जमिन; टप्पु; द्वीप।

टासो (Responsibility without will)- *ना.* [टाँस्+ओ] इच्छाविना जिम्मा लिइएको काम; अनिच्छामै लादिएको जिम्मेवारी; नचाहँदा नचाहँदै जिम्मा लगाइएको व्यक्ति वा वस्तु।

टिकट (Stamp, ticket)- *ना.* [अङ्.] मोलपत्र; छापापत्र; हुलाक टिकट; लिखतमा टाँसिने राजस्वसम्बन्धी अन्य टिकट; खाम, हुलाक पत्र वा अरु कुनै वस्तुमा लगाइएको वा छापिएको टिकटको निस्सा वा टिकटको प्रयोजनका लागि प्रयोग हुने स्टिकर; हुलाकमार्फत् चिठी वा सामान पठाउँदा खाममा टाँस्ने वा अड्डा अदालतमा निवेदन दर्ता गर्दा टाँस्ने चित्र, रङ्ग अङ्कित मौद्रिक मूल्यको सानो कागज; बस, जहाज, रेल आदिमा यात्रा गर्दा दिइएको भाडाको प्रमाण जनाइने कागज; चलचित्र, प्रदर्शनी वा विशेष स्थलमा प्रवेशका लागि तिरेको प्रवेश दस्तुरको कागज। *[हे. मुलुक अपराध संहिता, २०७४ को दफा २67 को उपदफा (1) को स्पष्टीकरण।]*

टिपन/ टिपोट (Note, memo)- *ना.* [सं. टिप्पणी/ टिप्+ओट] कुनै कामकुराको लिखित छोटकरी विवरण; सङ्क्षेपमा लेख्ने काम।

टिपैटा/ टिपैता (Direct sale of timber by government)- *ना.* [टिप्+ऐटा/ ऐता] वनजङ्गलका प्रायः पुराना रुख वा काठ सरकारले नै कटानी गरी बिक्री गर्ने काम; सरकारले कटानी गरी बिक्री गर्ने पुराना रुख वा काठ।

टिप्पणी (Official document forwarded to have decision on a subject, annotation, comment)- *ना.* [सं.] अड्डा अदालतमा निकासाका लागि माथिल्लो तहमा पेस हुने कुनै विषयको कागज; कुनै कार्यका बारेमा प्रकट गरिने तार्किक विचार; कुनै विषयका बारेमा गरिएको छोटो समीक्षा वा विवेचना; समसामयिक विषय वा समस्यामा प्रकट गरिएको मन्तव्य वा विचार।

टिप्पा (Chiding, rebuke)- *ना.* [टिप्प+आ] कसैलाई काम वा कुराले दपेट्ने कार्य; कसैलाई बोल्न नसक्ने गरी दिइने जवाफ; होडमा उछिन्ने काम; उछिनाइ; कुराकानीमा कसैलाई गरिने माथ; दपेटाइ; खेद्ने काम।

टुक (Standard weighing unit)- *ना.* [सं. स्तोक/ तुङ्ग] कुनै वस्तुको टुक्रो वा एकाइ; ठुन; जोखतौल वा भर्ने कामको ठीक परिमाण।

टुकडी (Military troop or unit)- *ना.* [अङ्.] फौजहरूको ससानो एकाइ वा विभाग; सानो सैनिकदल; टुक्रो।

टुकुँचा (Curved tile to cover a corner)- *ना.* [नेवा. तुकुँचा] दुई पाखाको छानाको जोर्नीमा उत्तानो पारी राखिने डुँडका आकारको झिँगटी; डुँडे झिँगटी।

टुकुनी (A measuring unit)- *ना.* [टुक्+उनी] एक पाउको तौल; पाँच मुठी वा आधा माना अन्न, तेल आदि भर्ने भाँडो; तौलमा एक पाउ वा आधा मानाको परिमाण।

टुपट्टा (Loss, deficit)- *ना.* [टुट्+आ] व्यापार व्यवसायमा व्यहोर्नुपर्ने नोक्सानी, घाटा, ड्याक, हानि।

टुहुरा (Orphan, parentless)- *वि.* [सं. तुवर] बाबुआमा मरेको; संरक्षक कोही नभएको; अनाथ; रेखदेख गर्ने कोही नभएको; टुहुरो/ टुहुरी।

टेक (Stubbornness, obstinacy)- *ना.* [टेकन] कुनै कुरामा गरिने जिद्दी; हठ; ढिपी; अडान; अड्डी।

टेबुल गर्नु (Table)- *क्रिप.* सभा वा बैठकसमक्ष कुनै प्रस्ताव प्रस्तुत गर्नु; विधायिकामा विधायक वा सरकारका तर्फबाट छलफलका लागि विधेयक वा प्रस्ताव पेस गर्नु।

टेर/ टैर (Tare)- *ना.* [अङ्.] सङकेतकले शून्यको चिह्न नदेखाएकोमा सो देखाउन मञ्चमा थपिने तर यकिन गर्न आवश्यक नभएको भार; मापनको एक एकाइ। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७) को अनुसूची-५।]*

टेर/ टैर तौल (Tare weight)- *नाप.* कुनै वस्तु लपेटबन्द (प्याकेजिङ) गर्न प्रयोग भएको प्लास्टिक, सिसा, पिपा, टिन, ब्यारल, बाकस, भाँडो, थैलो, बोरा वा यस्तै अन्य कुराको तौल; लपेटबन्द सामानमा सो सामानबाहेक लपेटबन्द गर्ने वस्तुको मात्र वजन। *[हे. स्टान्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ को नियम २ को खण्ड (झ)।]*

टोकसो (Nagging, rebuke)- *ना.* [टोकस्+ओ] गल्तीविना कसैप्रति गरिने कचकच; बारम्बारको गाली; ट्वाकट्वाक; करकर।

टोटा (Carriage case, cartridge)- *ना.* [सं. तुण्ड] बन्दुकमा बारुद, छर्रा वा गोली भरिने ढुङ्ग्रो; कार्तोस।

टोपोग्राफिकल नक्सा (Topographical map)- *नाप.* गाउँ-बस्ती, बाटो, खोलानालासमेत देखाइएको प्राकृतिक धरातलको बनावटसहितको विभिन्न माप भएको नक्सा; सरकार वा

सरकारी स्वीकृत प्राप्त निकायले प्रकाशन गरेको भूचित्र; भूआवरण चित्र वा नक्सा। *[हे. खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४ को नियम २ को खण्ड (छ)।]*

टोली (Team, group, unit)- *ना.* [सं. टोलिका] कुनै कार्यका लागि सङ्ख्या तोकिएका वा नतोकिएका मानिसहरूको समूह; डफ्फा; जमात; हुद्दा; दल।

ट्याक्टर/ ट्र्याक्टर (Tractor)- *ना.* [अङ्.] जमिन जोत्न इन्जिनले चल्ने हलो; कुनै भार तान्न वा बोक्ने इन्जिन भएको साधन।

ट्याक्सी मिटर (Taxi meter)- *ना.* [अङ्.] भाडामा लिइएको ट्याक्सीको भाडा दुरी वा समयअनुसार तोकिएको दरमा गणना गरी देखाउने यन्त्र; भाडामापन यन्त्र। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५(ख)।]*

ट्याङ्कर/ टेङ्कर (Tanker)- *ना.* [अङ्.] तेल, पानी, दूध आदि तरल पदार्थ बोक्ने ट्रक जस्तो मालबाहक साधन; ठूलो परिमाणमा तरल माल ढुवानी गर्नको लागि निर्मित वा परिवर्तित मालबाहक पानीजहाज। *[हे. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ को दफा २ को खण्ड (ङ)।]*

ट्रक (Truck)- *ना.* [अङ्.] बढी वजन भएका, ठुलठुला वा धेरै सामान ओसार्ने गाडी; सामान बोक्न प्रयोग हुने यातायातको साधन।

ट्रस्ट (Trust)- *ना.* [अङ्.] ट्रस्टीले सम्पत्ति धारण गर्ने प्रबन्ध; व्यक्ति, समाज वा राज्यले खास उद्देश्य पूर्तिका लागि संस्था वा कार्यालय स्थापना गरी तिनका नियमित क्रियाकलाप वा कार्यसम्पादनका लागि चाहिने वित्तीय वा पुँजीगत स्रोतका लागि मूल धन नमासिने गरी मुद्दती खाता खोली धनराशी राख्ने काम, यस्तो कामका लागि संरक्षित अचल सम्पत्ति वा मुद्दती खाता। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (न)।]*

ट्रस्टी (Trustee)- *ना.* [अङ्.] एक्लै वा अन्य प्राकृतिक व्यक्ति, गुठी वा सङ्गठित संस्थासँग मिली संयुक्त रूपमा सम्पत्ति अमानतका रूपमा राख्ने प्राकृतिक व्यक्ति, गुठि वा अन्य सङ्गठित संस्था; मृतक व्यक्तिको जायजेथाको सञ्चालनकर्ता वा प्रशासक, लिक्विडेटर वा प्रापक; निजी वा आधिकारिक हैसियतमा असक्षम व्यक्तिको सम्पत्तिको संरक्षक, निर्देशन, नियन्त्रण वा व्यवस्थापन गर्ने कुनै व्यक्ति, निजी प्रतिष्ठान वा यस्तै प्रतिष्ठान अन्तर्गत सम्पत्तिको व्यवस्थापन गर्ने कुनै व्यक्ति, र उल्लिखित व्यक्ति सरहको जस्तै स्थितिमा रहेको अन्य कुनै व्यक्ति; नागरिक लगानी कोषको बचतकर्ता र लगानीकर्ताहरूबाट सङ्कलन गरी जम्मा भएको पुँजी कोषलाई सम्बन्धित योजनाको सर्तअनुसार लगानी प्रबन्ध गर्न वा तत्सम्बन्धमा अन्य कुनै

सङ्गठित संस्थासँगको सम्झौताअनुसारको दायित्व पूरा गर्नको निमित्त नागरिक लगानी कोषले तोकिदिएको कोषको समिति, उपसमिति वा त्यस्तो समिति वा उपसमितिको सदस्य वा कोषको अधिकृत कर्मचारी। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (प) र नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (प१)।]*

ट्रान्जिट यात्रु (Transit passenger)- *नाप.* कुनै उडानबाट कुनै विमानस्थलमा अवतरण गरी निरन्तर नै सोही विमानस्थलबाट अर्को उडान हुँदै अन्यत्र प्रस्थान गर्ने यात्रु; उडानान्तरण यात्रु। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ज)।]*

ट्रान्सजेनिक पदार्थ (Transgenic organism)- *नाप.* पुन:समायोजन गरिएको डिअक्सिराइबो न्यूक्लिक एसिड प्रविधिद्वारा रोग, किरा तथा प्रतिकूल वातावरण अवरोधक जातहरूका साथै मानव र वातावरणलाई असर नपर्ने गरी प्रयोगशाला, सिसाघर र खेतबारीमा अनुसन्धान गरी निकालिएको बिरुवा तथा जीव; पारआनुवांशिक जीव; अर्को जीवबाट आनुवांशिक तत्त्व डिएनए लिई जैविक प्रविधिद्वारा परिमार्जित गरिएको जीव। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ को नियम २ को खण्ड (ङ)।]*

ट्रान्सफर यात्रु वा व्यागेज (Transfer passenger or baggage)- *नाप.* एउटा वायुयानबाट ओर्ली सोही विमानस्थलबाटै अर्को वायुयानमा प्रस्थान गर्ने यात्रु वा पठाइने झिटीगुन्टा; ट्रान्जिट यात्रु वा निजका झोलीतुम्बी। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (छ)।]*

ट्राफिक सङ्केत (Traffic signs, traffic symbols)- *नाप.* प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा इसारा; सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा इसारा; सवारी साधन सञ्चालनसम्बन्धी सङ्केत वा साङ्केतिक सूचना। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ज्ञ१)।]*

ट्राभल एजेन्सी (Travel agency)- *नाप.* पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरूमा दृष्यावलोकनसम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी; पर्या यात्रा प्रबन्धक संयन्त्र/ निकाय/ संस्था। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ख)।]*

ट्रेकिङ एजेन्सी (Trekking agency)- पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृष्यावलोकन गराउने उद्देश्यले शुल्क लिई सामान्यत सवारीको साधन उपलब्ध

नभएका स्थानहरूमा पदयात्राको व्यवस्था मिलाउने व्यक्ति, फर्म वा कम्पनी; पदयात्राप्रबन्धक संयन्त्र/ निकाय/ संस्था। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ग)।]*

ट्रेड युनियन (Trade Union)- *ना.प.* कामदारका पेसागत हकहितको संरक्षण र संवर्धन गर्ने प्रतिष्ठान, सङ्घ तथा महासङ्घस्तरीय मजदुर सङ्गठन; श्रमिक सङ्गठन। *[हे. ट्रेड यूनियन ऐन, २०४९ को दफा २ को खण्ड (घ)।]*

ट्रेड युनियन महासङ्घ (Federation of Trade Unions)- *ना.प.* कम्तीमा दश वटा श्रमिक सङ्घले आपसमा सम्झौता गरी गठन गरेको महासङ्घ; ट्रेड युनियन सङ्घहरूको सङ्गठन। *[हे. ट्रेड यूनियन ऐन, २०४९ को दफा २ को खण्ड (छ)।]*

ट्रेड यूनियन सङ्घ (Association of Trade Unions)- *ना.प.* प्रतिष्ठानस्तरका कम्तीमा पचास वटा श्रमिक सङ्घहरूले गठन गरेको सङ्गठन; प्रत्येक जिल्लाबाट एकसय जना पर्ने गरी कम्तीमा बि जिल्लाका पाँच हजार कृषि श्रमिकले गठन गरेको श्रमिक सङ्गठन; एकै प्रकृतिको प्रतिष्ठानका कम्तीमा पाँच हजार कामदारहरूले आपसमा सम्झौता गरी गठन गरेको सङ्गठन। *[हे. ट्रेड यूनियन ऐन, २०४९ को दफा २ को खण्ड (च)।]*

ट्रेडमार्क (Trademark)- *ना.* [अङ्.] कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अर्को मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गर्ने शब्द, चिह्न वा चित्र; यस्तो पहिचानका लागि प्रयुक्त शब्द, चिह्न र चित्र तिनै कुराको संयोग; व्यापारीले आफ्नो मालवस्तुको परिचयका लागि मालवस्तुमा लगाउने विशेष चिह्न; व्यापार चिह्न; उत्पादन वा व्यापारिक छाप। *[हे. पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २ को खण्ड (ग)।]*

ठ

ठग (Cheater, swindler)- *वि.* [प्रा.] धोकामा पारेर वा छल गरी अरूको धनमाल लिने; काममा छलछाम गर्ने; ठग्ने; ठगी गर्ने; ठगाहा; ठगार।

ठगी (Deception, cheating, swindling)- *ना.* [प्रा.] ठग्ने काम; ठगको काम वा छकाइ; ठगाइ; कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुऱ्याउनु; त्यसरी विश्वास दिलाएकोमा त्यसो नगरी आफै वा अरु कसैको लागि कुनै लाभ प्राप्त गर्नु; कसैलाई कुनै कुराको विश्वास दिलाउन फकाई, झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुऱ्याउनु आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गर्नु। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (२) ।]*

ठट्टामस्करी (Jest, joke, fun)- *ना.* [ठट्टरी+मस्करी] आपसमा जिस्किने वा जिस्क्याउने काम; छिल्याइ; दिल्लगी; हँसीमजाक; ख्यालठट्टा; छेडखानी।

ठहर (Decision, verdict, judgement)- *ना.* [सं. स्थरम् ?] कुनै विषयमा सल्लाहले वा मनमनै गरिने निश्चय; निधो; द्विविधाजनक अवस्थालाई अन्त्य गरी कुनै एकलाई यकिन गर्ने काम; मुद्दामामिलामा न्यायिक वा अर्धन्यायिक निकायबाट गरिएको निर्णय वा फैसला; मुद्दा मामिलामा न्यायाधीश वा इजलासद्वारा गरिएको निर्णय; फैसला; ठम्याइ; द्विविधा निराकरणसहित कुनै विषयको उपपत्ति गर्ने काम; ठेगाना; ठाउँठहर।

ठहरै (On the spot death, die at the moment)- *क्रिवि.* [ठहर+ऐ] कुनै चोट लागी वा दुर्घटनावश तत्कालै मर्ने गरी; ठाउँको ठाउँ खुत्रुक्कै; भुतुक्कै।

ठहर्नु (Decided, proved)- *क्रि.* [कुनै कुरा वा विषयको ठहर हुनु; निश्चय हुनु; प्रमाणित हुनु; यकिन हुनु।

ठाउँ (Place)- *ना.* [सं. स्थान] घर, टहरा, गोठ, मचान वा पाल; सवारी साधन, डुङ्गा, वायुयान तथा त्यस्तै प्रकृतिका अन्य स्थान वा साधन; स्थान; स्थल; थलो। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (झ) ।]*

ठाउँसारी (Placement, transfer, shift)- *ना.* [ठाउँ+सार्+ई] कुनै कुरा एक ठाउँबाट अर्को ठाउँमा सर्ने वा सार्ने काम; कुनै कार्यालय वा व्यापार व्यवसायको स्थान परिवर्तन गर्ने काम; कुनै कुराको स्थानान्तर गरेको वैधानिक रूपले अभिलेखनको काम; स्थानान्तरण।

ठाकठुक (Tiff, altercation)- *क्रिवि.* [ठाकठोक] सामान्य रूपमा बाझाबाझ गरी; सामान्य भनाभन गरी; मनमुटावसँग।

ठाडो खोसुवा (Direct dissimal)- *नाप.* राणाकालमा श्री ३ महाराजले कुनै व्यक्तिलाई नोकरीबाट ठाडै खोस्ने गरिएको काम वा चलन; ठाडो पजनी; ठाडो बर्खासी।

ठाडो जवाफ (Rough response)- *नाप.* ओठेजवाफ; मुख फर्काउँदो जवाफ।

ठालु (Luxurious person, sybarite)- *ना.* [सं. स्थाल] समुदाय वा बस्तीमा आफ्नो हैकम वा प्रभुत्व जमाएर बसेको व्यक्ति; ऐसआराममा जिवन बिताउन चाहने मानिस; धनीमानी तथा हैकम भएको व्यक्ति; समाजमा आफूलाई अरूभन्दा ठूलो वा तालुक ठानेर अरूलाई हेपेर व्यवहार गर्ने व्यक्ति।

ठिँगुरो (Wooden sackle or fetter)- *ना.* [ठिङ्गो+उरो] अपराधीलाई भाग्न नदिई काठको फल्याकमा गोडा छिराएर चुकुल ठोकी सजाय दिने साधन; तुरुङ्ग; ठिउँरो। *वि.* ठिङ्गो; एक्लो।

ठिमाहा (Cross-breed)- *वि.* [ठिम्मल+आहा] भिन्नाभिन्नै अन्नका बिउ मिसिएर उम्रिएको वा उब्जिएको अनाज; अन्तरजाति सम्बन्धबाट जन्मेको सन्तान; वर्णसङ्कर; ठिम्मल; ठिम्मर।

ठुटीबारी (Field with stumps)- *ना.* [प्रा.] ठुटैठुटा भएको जग्गा; बन फँडानी गरी आवाद गरिएको तर फँडानी भएका रुखबिरुवाका ठुटा/ जरा उखलिई नसकेको बारी; झोरा/ झोडा जग्गा।

ठुर्री (Unminted coin)- *ना.* [प्रा.] मुद्रणचिह्न वा छाप नलागेको पुरानो डल्ले पैसा; ठुर्रा; काँचो धातुमुद्रा।

ठुला पशुधन (Large scale livestock asset)- *नाप.* ठुला डाल हुने खालका पशुका रूपमा रहने सम्पत्ति; गाई, याक, झोपा, बाच्छी (कोरेली), भैंसी, पाडी, साँढे, राँगो, गोरु, घोडा, घोडी, खच्चड, गधाजस्ता अन्य ठूला पशुधन। *[हे. कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ को खण्ड (ङ) ।]*

ठुला सवारी (Heavy motor vehicle)- *ना.* आकार र भारबहनको बढी क्षमता भएका सवारी साधन; ठुल्ठुला चक्रयान; दश टनभन्दा बढी वजन भएका बस, ट्रक, ट्र्याक्टर, दमकल, डोजर, लोडर, डम्फर, क्रेन, रोलर आदि सवारीयान। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ग) र दफा ३।]*

ठुला सिँचाइ आयोजना (Large Irrigation Project)- *नाप.* ठूलो क्षेत्रमा पानी पटानी वा प्रवाह गर्न सक्ने क्षमता भएको सिँचाइ परियोजना; पहाडी भेगको हकमा पाँच सयदेखि एक हजार हेक्टरसम्म र तराई/ मधेस तथा भित्री मधेसको हकमा दुई हजारदेखि पाँच हजार हेक्टरसम्म क्षेत्रमा सिँचाइ सेवा दिन सक्ने सिँचाइ आयोजना। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ढ)।]*

ठूला उद्योग (Large industry)- *नाप.* धेरै लगानी गरी धेरै उत्पादन वा सेवाप्रवाह गर्ने उत्पादनमूलक वा सेवामूलक उद्योग; पचास करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (छ) र दफा १७ को उपदफा (१) को खण्ड (ङ)।]*

ठेक (Contractual rent)- *ना.* [ठेक्का] निश्चित समयमा बुझाउने गरिएको तिरो वा दस्तुर; ठेक्कामा बुझाइने रकम वा मालसामान; निश्चित दर परिमाण र समयमा कुनै काम पूरा गर्ने गरी गरिएको सर्तबन्देजअनुसारको कार्यसम्पादन; पूरा गर्ने बोलकबोल गरिएको काम; इजहार; इजारा।

ठेकबिर्ता (Land obtained upon payment of revenue)- *ना.* [ठेक+बिर्ता] सरकारी पोत वा तिरो तिरेर आफ्नो नाममा कायम भएको बिर्ता; ठेकिएको पोत वा तिरो तिर्ने गरी पाएको बिर्ता। *तुल.* कुशबिर्ता।

ठेकिनु (Prescribe, award)- *क्रि.* [ठेक्+नु] तोक्नु; ठेक्ने काम गर्नु; निर्धारण गर्नु; निश्चित गर्नु। *उदा.* कैद ठेक्नु।

ठेकीभेटी (Agreed payment, tenant's charge)- *ना.* [ठेक्+ई+भेटी] कुनै ठेक निश्चित गर्दा ठेक पाउनेले ठेक दिनेलाई बुझाउने दस्तुर; ठेकेदारले ठेक्का दिने वा मिलाउने व्यक्तिलाई दिने दस्तुर वा रकम; तालुकदारले रैतीलाई जग्गाको बहाली दिंदा लिने दस्तुर।

ठेकेदार (Contractor)- *ना.* [ठेक्का+दार] ठेक्कामा काम गर्ने व्यक्ति; ठेक्का लिने वा कबोल गर्ने व्यक्ति; ठेकदार; ठेक्कादार।

ठेक्का (Bid, contract, payment for land owner by a tenant)- *ना.* निश्चित दर वा रकममा निर्धारित समयभित्र पूरा गर्नुपर्ने कुनै निर्माण सम्बन्धी कामको कबोल; बोलकबोलअनुसार गरिने कुनै पनि कामको जिम्मा; ठेक; जग्गा कमाएबापत मोहीले तल्लिङलाई बुझाउनुपर्ने अन्नबाली वा कुत; कुनै वस्तु वा श्रमिकको आपूर्ति गर्ने सम्बन्धमा गरिएका ठेक्का वा सम्झौता; मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता; आन्तरिक राजस्व विभागले ठेक्का वा करार भनी तोकेको कार्य; करार वा सम्झौताले निर्माण वा जडान वा स्थापनासम्बन्धी सेवा । *[हे. आयकर ऐन, 2058 को दफा 89 को उपदफा (4) को स्पष्टीकरण।]*

ठेक्काकर (Tender tax)- *ना.* [ठेक्का+कर] ठेक्का लिने ठेकदारले ठेक्काका आधारमा बुझाउनुपर्ने कर; ठेक्कासम्बन्धी काममा लाग्ने कर वा राजस्व रकम।

ठेक्कापट्टा (Deed of contract)- *ना.* [ठेक्का+पट्टा] ठेक्का लिने ठेकदारले लेखिदिने ठेक्काको कबुलियत; ठेकेदारले ठेक्का लिएको निस्सा; ठेक्कासम्बन्धी पट्टा वा पुर्जा।

ठेगाना/ ठेगान (Address, whereabouts, ascertain)- *ना.* [सं. स्थिर+आन?] स्थायी वा अस्थायी रूपमा बसोबास गरेको कुनै निश्चित ठाउँ; थातथलो; कुनै काम वा कुराको टुङ्गो लाग्ने वा थिति बस्ने काम; बन्दोबस्त; प्रबन्ध; निश्चितता।

ठेली (Pile of papers, large volume of book)- *ना.* सं. [स्थूल?] पुस्तकका पत्रहरूका खात; कागजपत्र चाङ्ग; ठूलो पुस्तक।

ठोकुवा (Definite, settled, sured)- *ना.* [ठोक्+उवा] निधो; निर्णय। *वि.* निश्चय; निधो गरिएको; निश्चित; ठोकिएको।

ठोस (Solid, concrete, sturdy, real) - *वि.* पदार्थका ठोस, तरल र ग्याँसमध्येको एक स्वरूप; खँदिलो; वस्तुगत वा वास्तविक; यथार्थ; पक्का; निश्चित; प्रत्यक्ष।

ठोस प्रमाण (Sound/strong evidence)- *नाप.* पत्यार लाग्दो प्रमाण; भरपर्दो आधार; निश्चित वा प्रत्यक्ष प्रमाण; विषयलाई पुष्टि गर्न सिधा सम्बन्धित देखिने प्रमाण।

ठ्याक्कठुक्क (Rightly, correctly, suitably)- *क्रिवि.* कुनै कामकुरो गडबड नहुने गरी मिल्ने किसिमले; टाकटुक्क; भनेजस्तै गरी; ठ्याकठ्याक।

ड

डँडाउनु (To fine)- *क्रि.* जरिवाना तिराउनु; डाँड तिराउनु।

डकुल्याउनु (Captured, taking over)- *क्रि.* अरूको धनमाल एकोहोऱ्याएर लिनु; धनमाल हडप्नु; धनमाल पचाउनु।

डकैत (Dacoit, robber)- *ना.* [अङ्. डाक्युइट>हि. डकैत] जबर्जस्ती लुटपिट गरी चोरी गर्ने वा अवैध र अनुचित तरिकाले अरूको धनमाल हत्याउने कार्य; डाँका डलाइ।

डकैती (Dacoity, robbery)- *ना.* [डकैत+ई] अरूको धनमाल जबर्जस्ती धुतेर वा लुटेर लिने काम; डाँका मार्ने काम; डाँका।

डक्क (Lump sum, all in a single instalment)- *ना.* [सं. दश] एकमुष्ट; एकैचोटि; कमबेसी नगरी भएजति सबै; धेरै।

डक्नु/ डकिनु (To suppress)- *क्रि.* उमेर, बल, खवाइ वा अन्य हैसियतले कसैलाई दमन गर्नु वा यस्तो हैसियतका आधारमा दमित बन्नु; दबाउनका लागि गाली गर्नु वा हकार्नु; पेल्नु।

डगर/ डहर (Narrow sandy piece of land or path, narrow path)- *ना.* [हि. डगर] खोला बगरको बलौटे सानो बाटो वा जमिन; साघुँरो सानो बाटो; गल्छेडो; गोरेटो; गल्ली; सोतो।

डग्नु (To miss the right track, to deviate)- *क्रि.* कुनै भइरहेको स्थिति, मर्यादा, सिद्धान्त आदिमा नअड्नु; चुक्नु; डगमगाउनु; स्थिर नरहनु।

डङ्का पिटाउनु (To start a rumour, to publicize)- *क्रिप.* हल्ला गर्न थाल्नु; सबैतिर प्रचार गर्नु।

डढेलो (Wild\forest or bush fire)- *ना.* [डढ्+एलो] वनजङ्गल, खरघारी आदिमा लागेको वा लगाइएको आगो; आगलागी।

डन्डोल (Iron chain used for measuring land)- *ना.* [सं. दण्ड>डन्डो] जग्गाजमिन नाप्न बनाएको एक प्रकारको फलामे सिक्री; मापन सिक्री।

डप्फा/ डफ्फा (Group, troop)- *ना.* [अ.] धेरै मानिसको समूह; टोली; जमात; दल।

डमरु मध्य (An isthmus)- *नाप.* दुई ठुलाठुला महाद्वीप वा समुद्रलाई जोड्ने जलको सानो भाग; दुई जलाशयलाई जोड्ने स्थलको साँघुरो भाग; जलडमरु मध्य; स्थलडमरु मध्य।

डम्बर (Popular, famous)- *ना.* [सं.] फोस्रो रवाफ; आडम्बर। *वि.* फैलिएको; प्रख्यात; प्रसिद्ध।

डर (Fear, dread)- *ना.* [सं. दर] कुनै वस्तु, घटना देखेर वा खराबीको आशङ्काले मनमा उत्पन्न हुने भाव; भय; त्रास।

डाँक आदेश (Postal money order)- *नाप.* हुलाकबाट पठाइने आदेश; धनादेश गरी हुलाकबाट रकमकलम प्रेषण गर्ने काम।

डाँक थैला (Mail bag, postal bag)- *नाप.* हुलाकबाट चलान गर्दाको अवस्थामा हुलाक वस्तुहरू राखी लैजाने थैला, बाकस, पुलिन्दा वा अरु खाम वा खोल। *[हे. हुलाक ऐन, 2019 को दफा २ को खण्ड (झ)।]*

डाँक बोल्नु (Bid call for raising price)- *क्रिप.* लिलामबिक्रीमा बढिबढाउमा भाग लिँदै बोल्नु; डाक बढाबढ गर्नु।

डाँकघर (Post office)- *ना.* [डाँक+घर] हुलाक कार्यालय; डाँकखाना।

डाँकवाहक (Post man, post bearer)- *ना.* एक हुलाक कार्यालयबाट अर्को हुलाकमा डाँक लैजान नियुक्त भएको व्यक्ति; हुलाकी; हल्कारा। *[हे. अतिरिक्त हुलाक नियमावली, २०३४ को नियम २ को खण्ड (घ)।]*

डाँका (Robbery, dacoity)- *ना.* [सं. दस्यू] अरूको धनमाल जबरजस्ती धुतेर वा लुटेर लिने व्यक्ति; डाँकु; चोरी गर्न, गर्दा वा गरेको सम्पत्ति लैजान वा चोरी गरेपछि पक्राउबाट बच्नका लागि कुनै व्यक्तिको ज्यान लिने वा निजलाई गम्भीर चोट पुऱ्याउने वा बाँधछाँद वा थुनछेक गर्ने काम; यस्तो कुराको उद्योग गर्ने वा तत्कालै कुनै व्यक्तिको ज्यान लिने वा निजलाई गम्भीर चोट पुऱ्याउने, डरत्रास देखाउने वा जोखिमी हातहतियार साथमा लिई चोरी गर्ने काम; तत्कालै कसैको ज्यान लिने वा कसैलाई चोट पुऱ्याउने वा नियन्त्रणमा लिने डरत्रास देखाई वा आपराधिक लाभ लिई कुनै रकम वा आर्थिक लाभ प्राप्त गर्ने काम; बाटो घाटो, एकान्त स्थल वा जङ्गलमा ढुकी डर, त्रास देखाई जोखिमी हातहतियार प्रयोग गरी वा गर्ने धम्की दिई गरिने चोरी कार्य; तीन जना वा तीन जनाभन्दा बढीको जमात भई गरिने चोरी। *[हे.मुलुकी अपराध संहिता,२०७४ को दफा २४४ को उपदफा (२)।]*

डाँकु (Robber, dacoit, bandit)- *ना.* डाँका गर्ने व्यक्ति; डाँका; लुटेरा।

डाँड (Penalty, fine)- *ना.* [सं. दण्ड] कसुर गरेबापत वा बाजी हार्दा तिरिने वा तिराइने दण्डभार; जरिवाना; आर्थिक दण्ड।

डाँड्नु (To penalize, to fine)- *क्रि.* दण्ड गर्नु; जरिवाना गर्नु; हानि बेहोराउनु।

डाँवाडोल/ डामाडोल (Unsteady, shaky)- *वि.* [डगमग+डोल] यताउति डगमगिएको; अस्थिर; ढलपलढलपल गर्दै पोखिएको; ढलपल भएको।

डाँस्नु (To cheat)- *क्रि.* ठग्नु; धुत्नु; झुक्याउनु।

डाइरेक्ट कम्ब्याट डिउटिज् (Direct Combat Duties)- *ना.* [अङ्.] प्रत्यक्ष सैन्य सेवा; लडाइँमा प्रत्यक्ष सरिक भएर गर्नुपर्ने सैनिक सेवा कार्य; पदिक अङ्गतर्फका गण वा गुल्महरू, विशेष फौजतर्फका गण वा गुल्महरू, इन्जिनियर्स अङ्ग तर्फका गण वा गुल्महरू, आर्टिलरी तर्फका गण वा व्याट्रीहरू, हवाई सुरक्षा अङ्ग तर्फका गण वा व्याट्रीहरू, मेकानाइज्ड इन्फ्यान्ट्री तर्फका गण वा गुल्महरू तथा सो सरहका निकायहरूमा कार्यरत सैनिक व्यक्तिहरूले लडाइँको समयमा अग्र भागमा गई प्रत्यक्ष रूपमा लड्ने कार्य। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ण)।]*

डाउनलिङ्क (Downlink)- *ना.* [अङ्.] अवतरण-प्रसारण; स्याटेलाइटमार्फत प्रसारण गरिएका कार्यक्रमलाई स्थानीय वितरण प्रणाली वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट प्रसारण गर्ने कार्य। *[हे. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ को खण्ड (ग१)।]*

डाक बढाबढ (Raise of bid in auction)- *नाप.* लिलाम बढाबढ; कुनै कुरा लिलाम गर्दा निर्धारित आधारमूल्यबाट बढीबढी मूल्य बोल्दै जाने काम।

डाक/ डाँक (Call, bid, mail, post)- *ना.* [डाक्+अ] बोलावट; आह्वान; कसैलाई डाक्ने वा बोलाउने काम; कुनै वस्तुको लिलाम गर्दा बढिबढाउ वा घटिघटाउ आदिमा मोल तोक्ने बोली; हुलाकद्वारा चिठीपत्र आदि ओहोरदोहोर गराइने सरकारी प्रबन्ध; हुलाक।

डाडनी/ दादानी (Advance money)- *ना.* [फा. दादन] बाली नकाट्दैमा उब्जनीको अनुमान गरी कृषकलाई दिइने पेस्की; बैना।

डाढे (Envious, jealous)- *वि.* [डाढ्+ए] आफ्नो भलो र अरूको कुभलोको भावना राख्ने; डाढ गर्ने; आरिसे; ईर्ष्यालु।

डामल/ दामल (Branding with hot metal)- *ना.* [अ. दामल] तताइएको फलाम, चक्र, त्रिशूल आदिले डाम्ने काम; धातुको तताएको मुद्राले डाम्ने काम।

डाम्नु (To brand)- *क्रि.* तातेको फलाम वा आगोले शरीरमा कुनै प्रकारको चिह्न लगाउनु; डाम लगाउनु; दामल गर्नु; चिनो लाउनु वा खोप्नु।

डायर/ दायर (File a suit, sue a case)- *ना.* [अ.] अड्डा अदालतमा मुद्दा हाल्ने काम; अदालतमा मुद्दामामिला गर्न फिराद, उजुर, निवेदन आदि दर्ता गर्ने-गराउने काम; अदालतमा मुद्दा दरिने काम।

डालिनु (To wander, loafing, hang about)- *क्रि.* निरुद्देश्य भट्किनु; कामकाज केही नगरी लरखरिनु; अल्लारिनु।

डिक (Security, mortgage, lien) - *ना.* धितो; बन्धकी; हैंडिक।

डिङ (Bragging)- *ना.* [सं. डिङ्गर] फाइँफुट्टी; धाक; फुर्ती; धमास।

डिङ्गर (A sly or cunning fellow)- *वि.* [सं.] धूर्त र धोकेबाज मानिस; तुच्छ व्यक्ति; धुस्रोफुस्रो; नाङ्गो; कालो र मोटो; जोगीहरूलाई निन्दा गरी भनिने शब्द।

डिङ्गरी (Beating, battery)- *ना.* [डिङ्गर+ई] कसैलाई पिट्ने काम; चुटाइपिटाइ।

डिजायन (Design)- *ना.* [अङ्.] रूपाङ्कन; रूपरेखा; कुनै प्रकारले तयार गरी बनाइएको वस्तुको छाँट, रूप वा आकार। *[हे. पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २ को खण्ड (ख)।]*

डिजिटल हस्ताक्षर (Digital signature)- *ना.* [अङ्.] आङ्किक दस्तखत; रूपान्तर नभएको प्रारम्भिक विद्युतीय अभिलेख र हस्ताक्षरकारीको सार्वजनिक साँचो भएको व्यक्तिले हस्ताक्षरकर्ताको सार्वजनिक साँचोसँग सङ्गति राख्ने किसिमको निजी साँचो प्रयोग गरेर विद्युतीय अभिलेखको रुपान्तरणको सृजना गरिएको थियो-थिएन र विद्युतीय अभिलेखको रुपान्तरण गरिएदेखि प्रारम्भिक विद्युतीय अभिलेख परिवर्तन गरिएको छ-छैन भन्ने कुरा दुरुस्तसँग निर्धारण गर्नसक्ने किसिमका एसिमेट्रिक क्रिप्टो सिस्टम प्रयुक्त विद्युतीय अभिलेखको रूपान्तरणमा समावेश विद्युतीय स्वरूपको हस्ताक्षर, दस्तखत वा सही। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ण)।]*

डिष्ठा (Non-gazetted second class post of court)- *ना.* [सं. द्रष्टा>प्रा. डित्थ] विचारी/ विचारपति (प्रारम्भिक न्यायकर्ता) ले गरेका कामको सुपरिवेक्षक; नायब सुब्बा भन्दा तल र विचारीभन्दा माथिको खरिदार सरहको राजपत्र अनङ्कित द्वितीय श्रेणीको अदालती कर्मचारी।

डिन (Dean)- *ना.* [अङ्.] सङ्काय प्रमुख; अध्ययनसंस्थान प्रमुख; विश्वविद्यालयअन्तर्गत स्थापित अध्ययनसंस्थान वा सङ्कायको प्रमुख। *[हे. काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को दफा २ को खण्ड (ङ)।]*

डिपोजिटरी (Depository)- *ना.* [अङ्.] साम्पत्तिक सुरक्षण निकाय वा अधिकारी; योजना व्यवस्थापकसँग सम्झौता गरी कुनै सामूहिक लगानी योजनाको सम्पत्ति सुरक्षापूर्वक राख्ने र सञ्चालन गर्नेजस्ता सुरक्षक सेवा प्रदान गर्ने गरी जिम्मेवारी लिने बैङ्क वा वित्तीय संस्था। *[हे. धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (घ)।]*

डिबेन्चर (Debenture)- *ना.* [अङ्.] कम्पनी, फर्म, संस्था, सङ्गठनले आफ्नो जायजेथा धितो वा जमानत राखी लिएको ऋणको तमसुक; जायजेथा धितो वा जमानत राखी वा नराखी बैङ्क, वित्तीय संस्था वा कम्पनीले जारी गरेको ऋणपत्र। *[हे. कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा २ को खण्ड (ञ), नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (ट) र कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ध)।]*

डिबेन्चर ट्रस्टी (Debenture trustee)- *नाप.* कम्पनीले डिबेन्चर निष्कासन गर्दा डिबेन्चरवालाको हित संरक्षणको जिम्मेवारी लिने संगठित संस्था; डिबेन्चरवालाको हितैषी संस्था; ऋणपत्र संरक्षक संस्था। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (न)।]*

डिभिजनल वन अधिकृत (Divisional Forest Officer)- *नाप.* डिभिजन वन कार्यालयको प्रमुख; बनसम्बन्धी सरकारी अधिकारी। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ज)।]*

डिमरेज/ डेमरेज (Demurrage) - *ना.* [अङ्.] निकासीकर्ता वा पैठारीकर्ताले भन्सार गोदाममा राखेको मालवस्तु तोकिएको म्यादभित्र नउठाएमा सरकारलाई तिर्नुपर्ने शुल्क; जहाज, गाडी, वा कन्टेनर निर्धारित समयभन्दा बढी रोकिएबापत लाग्ने अतिरिक्त शुल्क; भन्सारविलम्ब शुल्क।

डिल (Ridge or edge of land)- *ना.* [सं. दुर्ग?] सुरक्षाका लागि वा साँधसिमाना अलग्याउन बनाइने जमिनको ठूलो आली; पर्खाल उठाएर बनाएको खावा; कान्लो।

डिलडौल (Size and stature)- *ना.* [सं.] आकारप्रकार; छाँटकाँट; कद; जिउडाल।

डिसमिस (Dismissal) - *ना.* [अङ्.] सरकारवादीबाहेक अन्य मुद्दामा वादी प्रतिवादी दुवै थरीले तारिख गुजारेमा हुने मुद्दाको खारेजी; प्रमाण बुझ्दैका अवस्थामा वादी अनुपस्थित भएकोमा गरिने निर्णय वा फैसला; खारेजी; मुद्दाको प्रभावशून्यताको घोषणा। *[हे.मुलुकी देवानी कार्यविधि संहिता, 2074 को दफा १४१ को उपदफा (१) को खण्ड (क)।]*

डिही (Slant land, waste land)- *ना.* कसैको खान्गी, खुवा वा मानाचामलमा दरिएको पाखो जग्गा; एक जनाको अधीनमा रहेको पाखो जग्गा; पहाडको फेदीमा केही अग्लो ठाउँमा रहेको समथर जमिन; खेतका बिचमा केही अग्लो ठाउँमा बनाएको एक पाखे घर वा कटेरो।

डुकुलन्ठ/ लन्ठु (Wanderer, rambler)- *वि.* विनाकाम यताउति हल्लने; लर्खरिने; डुलुवा; बेकामे; बेइलमी; मूर्ख; स्वाँठ।

डुङ्गा (Boat, canoe)- *ना.* [सं. द्रोण] नदी वा जलाशय वारपार गर्न काठ खोपेर वा फल्याक जोडेर बनाइएको र बहना खियाएर वा मोटरका सहायताले चलाइने साधन; नाउ; नौका; जलयान; नौपरिवहनयान; मानिस वा मालसामान ढुवानी गर्ने वा माछा मार्ने, तान्ने वा पानीमा अरू कुनै प्रकारको नौपरिवहन कार्य सञ्चालन गर्ने काममा प्रयोग गरिएको वा गरिने दस ग्रस रजिस्टर टनभन्दा कम पारवहन क्षमता भएको नौपरिवहन यान। *[हे. पानी जहाज दर्ता ऐन, २०२७ को दफा २ को खण्ड (ग) ।]*

डुङ्ग्री पिट्नु (Rumour)- *क्रिप.* भए नभएका कुरा सबैतिर फिजिने किसिमले हल्ला गर्नु; अफबाह फैलाउनु; ढोल पिट्नु।

डेग (Step, pace, steady)- *ना.* [डिग] पाइलो; फड्को; स्थिरता; धैर्य; अडिग।

डेढअक्कली (A wiseacre)- *वि.* [सं.] नचाहिने खालका बढी अक्कल लाउने; अव्यावहारिक सोच राख्ने; लालबुझक्कड; उपबुज्रुक।

डोर (Official deputed team, field visiting team)- *ना.* [सं.] कुनै काम विशेषका लागि अड्डा अदालतबाट बाहिर खटाइने कर्मचारीहरूको टोली वा त्यस टोलीले गर्ने काम; क्षेत्रकार्यटोली; क्षेत्रकार्य।

डोल (Cultivated land between two hills)- *ना.* [प्रा.] दुई डाँडाका बीचमा रहेको खेती गर्न हुने लामो र सोतो जमिन; जमेको पानी नखोलिई निस्कने निकास भएको होचो भाग।

डोलाजी/ दोलाजी (Son in law residing at father in law's house)- *ना.* [दुलाहा+जी] विवाह गर्नका लागि घरमा ल्याएर राखिने दुलहा; घरज्वाइँ; छोरा नहुनेले आफ्नो सम्पत्ति लेखिदिएर माइतमा राखिएकी छोरी।

डोल्सी (Gorge)- *ना.* [डोली] दुईतिर किनार उठेको भई माझमा गहिरो परेको खाल्डो; त्यस्तै खालको लामो रेखा।

डोहो (Jealousy, envy)- *ना.* [सं. द्रोह] कसैको उन्नति वा सुख सन्तोष देखेर मनमा हुने डाह; आरिस; ईर्ष्या।

डोहोडोहो (Insufficiency)- *ना.* आवश्यक कुराको कमी होला-होला जस्तो स्थिति; पुगेपुगेजस्तो तर नपुगेको अवस्था।

डौंठे (Unskilled, harsh)- *वि.* [डाँठ+ए] काम गर्ने खुबी, ढङ्ग वा सीप नभएको; ठर्रो मिजासको; डाँठ ठूलो भएको।

डौंडारे (Wanderer, rambler)- *ना.* [डौंडारो+ए] काम गर्ने ढङ्ग वा सीप नभएको; जथाभावीसँग वा नचाँहिदो किसिमले खर्च गर्ने; बेकाममा घुमिरहने डुलुवा; बेढङ्गी।

डौंडारो (A ditch, a big hole)- *ना.* [सं.] जमिन वा भित्तामा परेको ठूलो प्वाल; भ्वाङ; भँड्खारो।

ड्याक (Loss, damage)- *ना.* [नेवा. घायेगु] व्यापार गर्दा मुनाफा र परल मूल्यसमेत प्राप्त नभई भएको हानि; घाटा; जिलै नोक्सान।

ड्रअर (Drawer)- *ना.* [अङ्.] विनिमेयपत्र लेख्ने वा खिच्ने व्यक्ति; ड्राफ्ट वा चेकमार्फत रकम प्रेषक व्यक्ति। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ठ)।]*

ड्रयी (Drawee)- *ना.* [अङ्.] विनमेयपत्रको भुक्तानी दिन निर्देश गरिएको व्यक्ति; खिचिएको ड्राफ्ट वा चेक भुक्तानी पाउने व्यक्ति। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ड)।]*

ड्राफ्ट (Draft)- *ना.* [अङ्.] बैङ्क ड्राफ्ट; कुनै बैङ्कले आफ्नो एक कार्यालयबाट अर्को कार्यालयउपर कुनै खास व्यक्तिले वा निजले अह्राएकोले माग्नासाथ भुक्तानी पाउने गरी खिचेको विनिमेयपत्र। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (झ)।]*

ढ

ढँटुवा (Liar)- *वि.* [ढाँट+उवा] ढाँट; बोलेको कुरा पूरा नगर्ने; ढाँट कुरा गर्ने; ढाँट्ने स्वभावको।

ढक (Standard weighing tool)- *ना.* [सं. आढक] तुलामा सामान जोख्नका लागि पाउ, किलो धार्नी आदिको मानक वजन भएको सरकारी छाप लागेको फलाम वा पित्तलको डल्लो।

ढड्डा (Record book, ledger)- *ना.* [प्रा. ढब्बु] अड्डाखानामा लगत, मोठ आदि राख्ने बही; पसलमा हिसाबकिताब लेख्ने बही; पुस्तकाकार रूपमा राखिएको अभिलेख; लेजर।

ढपोट (An account book, register, ledger)- *ना.* [अ. दफ्आत] सबै रकमका आम्दानी, खर्च, जिन्सी, नगदी आदिको फाँटवारी खुलाई राखिएको बही; त्यस्तो बही बुझाउने अड्डा वा ठाउँ; रकमकलम गर्नेले बुझाउने ठूलो बही; आम्दानी खर्चको अन्तिम विवरण।

ढलनिकास (Sewerage, drainage)- *ना.* [ढल+निकास] फोहोर पानी आदि निस्केर जाने ठाउँ; मानव मलमूत्रसहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट सङ्कलन र स्थानान्तरण गर्ने कार्य। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (ठ)।]*

ढाँचा (Shape, size, form, structure)- *ना.* कुनै वस्तुको ढाँचा वा छाँटकाँट; बनोट/ वनावट; रूपरेखा; आकारप्रकार; आकृतिप्रकृति।

ढाँड (Stony, barren or unfertile land)- काँस, खर आदि घाँस उम्रेको बाँझो जग्गा, ढँड्यान।

ढाँट्नु (Deceive, to lie)- *क्रि.* झुटो बोल्नु; असत्य वा मिथ्या बोल्नु; अरूलाई छक्याउनु वा झुक्याउनु; झुक्कलमा पार्नु।

ढाकछोप (Conceal, hide)- *ना.* [ढाक्+अ+छोप्+अ] असललाई खराब कुराले वा सहीलाई गलतकुराले छल्ने काम; कुरा लुकाउनेछिपाउने कार्य; ढाक्ने र छोप्ने काम।

ढाट (A barrier for the vehicles placed at tax or toll booth, Kanji house)- *ना.* सवारीसाधनलाई रोकी कर वा शुल्कको लागि सडक बाटोमा लगाइएको तगारो; छाडा गाईवस्तु पक्री थुनेर राख्ने ठाउँ; कान्जी हाउस।

ढाडस (Consolation, solace)- *ना.* [हि. ढाढस] कसैलाई दुःख पर्दा वा त्यस व्यक्तिको साहस बढाउनका लागि दिइने धैर्य, सान्त्वना, आश्वासन; अरूलाई दिइने आडभरोसा।

ढाप (Wet land, swampy land)- *ना.* पानी नसुक्ने थलथले जमिन; धाप; भास; दलदल।

ढाल (Shield, armour)- *ना.* [सं.] युद्धमा हतियारको चोट रोक्न छातीमा भिरिने गैंडाको छाला वा फलामको थालजस्ता रक्षाउपकरण; युद्धमा शत्रुको प्रहारलाई छेक्नका लागि हातमा लिइने छाला वा फलामको उपकरण, कवच।

ढिकुरी (Granary)- *ना.* [ढुकुरी] धनसार; भकारी; ढुकुटी।

ढिट (Stubborn)- *वि.* एकोहोरो; जिद्दीवाल; हठी; जिराहा अटेरी।

ढुकुटी (Treasury, granary vault)- *ना.* [नेवा. धुकुति] धान राख्ने भकारी; सुरक्षित रूपमा रुपैयाँ पैसा, सुनचाँदी आदि नगद वस्तु राख्ने वा थन्क्याउने कोठा; भँडार; तहबिल; धनसार।

ढुकुटीको कारोबार (Treasury transaction)- *नाप.* एक आपसमा रकम उठाई सहमतिका आधारमा आलोपालो गरी रकम लिने वा दिने गरी गरेको कारोबार; ढुकुटी खेल्ने काम। *[हे. बैंङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (छ)।]*

ढुकुवा (Waiting in hope)- *ना.* [ढुक्+उवा] अरूबाट केही पाउने आसले ढुक्ने काम; ढुकेसो; धर्ना।

ढुङ्गाको खलल (Boarder dispute)- *ना.* सिमानामा रहेका लठ्ठा; क्षेत्र; रेखा; ढुङ्गा (जङ्गे) आदि गोलमाल भएको अवस्था; साँधको विवाद वा झगडा।

ढुवाउनु (To transport)- *क्रि.* [प्रा. ढाइअ+नु] सामान बोकेर वा सवारीमा राखेर एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु; ओसार्नु।

ढुवानी (Transporting, shipping)- *ना.* [ढुवाउ+आनी] मालसामान एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने काम; मालसामान ओसारपसार गर्न लाग्ने ज्याला; ढुवादाम।

ढुवानी करार (Contract for carriage of goods)- *नाप.* मालसामान ढुवानीसम्बन्धी सम्झौता; एक ठाउँबाट अर्को ठाउँमा कुनै वस्तु ढुवानी गर्ने सम्बन्धमा भएको करार; पारवहन करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६०२ को उपदफा (१)।]*

ढुवानी शुल्क (Transporting/shipping charge, consignment charge)- *ना.* [ढुवानी+शुल्क] मालसामान एक ठाउँबाट अर्को ठाउँमा ओसार-पसार गर्दा लाग्ने शुल्क; यात्रीगुन्टा वा मालसामानको ढुवानीमा लाग्ने/ लगाइएको शुल्क; मालसामान लोड, अनलोड वा स्थानान्तरण गर्दा कुनै शुल्क लाग्ने भएमा सो शुल्क। *[हे. नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (ग)।]*

ढुवानी सेवा (Freight, consignment, transportation of goods service)- *ना.प.* मालसामान एक ठाउँबाट अर्को ठाउँमा ओसार-पसार गर्ने काम; परिवहनसम्बन्धी सेवा।

ढुवानीकर्ता (Carrier)- *ना.* हवाई यातायात वा सामुद्रिक यातायात बाहेकका यातायात सञ्चालन गर्ने वा त्यस्तो कार्यको व्यवसाय गर्ने व्यक्ति र आन्तरिक जल यातायात वा रज्जुमार्ग (रोपवे) वा जनावरमार्फत वा अन्य कुनै किसिमले ढुवानी व्यवसाय सञ्चालन गर्ने व्यक्ति। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६०२ को उपदफा (२) को स्पष्टीकरण।]*

ढुवानीका साधन (Means of transportation)- *ना.प.* ढुवानीको काममा प्रयोग हुने सवारी वा यातायातका साधन; यान्त्रिक शक्तिबाट चल्ने यात्रुवाहक साधनबाहेक मालसामान ओसारपसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनी ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान, ट्र्याक्टर आदि साधन। *[हे. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ को खण्ड (छ२)।]*

ढेप/ ढ्याप (A quire of Lokta paper (traditional Nepali paper)- *ना.* रास; चाङ; खात; ढेपाइ; दश ताउ नेपाली कागजको ठेली वा खात।

ढेप्नु (To encroach the land)- *क्रि.* जग्गा जमिनको साँधसिमाना मिच्नु; घचेट्नु; ढ्याप्प पार्नु।

ढोँड/ ढोँग (Hypocrisy)- *ना.* [ढङ्ग] देखावटी काम वा कुरो; आडम्बर; स्वाङ; पाखण्डी।

ढोके (Gatekeeper, doorman)- *ना.* [ढोका+ए] ढोकामा पालो, पहरा बस्ने व्यक्ति; द्वारपाल; ढोकले।

ढ्याके (Of value of a coin)- *वि.* एक ढ्याक मूल्यको; एक ढ्याक मोल पर्ने।

ढ्याके ब्याज (Interest of two percent per month and twenty four percent per annum)- *ना.प.* लगानी गर्दा वा ऋण दिँदा महिनावारी सयकडा दुईले लिइने ब्याज; वर्षको सयकडा चौबिसका दरले लिनेदिने ब्याज।

त

तकरार (Dispute; quarrel)- *ना.* [अ.] दुई पक्षका बीचको भनाभन; बाझाबाझ; झगडा; ठाकठुक; टकरार; भिडन्त; टक्कर।

तकाजा (Demand, requirement, necessity)- *ना.* [अ.] ताकिता; जोड।

तक्मा (Medal, medallion)- *ना.* [फा. तुग्म] विभिन्न क्षेत्रमा सेवा, वीरता, क्षमता आदिद्वारा उल्लेखनीय सराहनीय काम गर्ने व्यक्तिलाई कदर गरी दिने कुनै चिह्न मुद्रित गरी दिइने वा विभूषित गरिने स्मारक वा गहना; पदक; आभूषण।

तक्लिफ/ तकलिफ (Trouble, difficulty, distress)- *ना.* [अ.] अनावश्यक झन्झट, कष्ट, दुःख, हैरानी।

तक्षण (To strip off, to peel off)- *ना.* [सं.] ताछने काम; खुर्कने काम।

तक्षा (Carpenter)- *ना.* [सं.] काठको काम गर्ने कालिगड; सिकर्मी; काष्टकर्मी।

तक्सिर/ तकसिर (Fault, omission)- *ना.* [अ.] बालबालिकाले गर्ने उपद्रो, दोष, कसुर; बिजाइँ।

तजबिज (Arrangement, management; discretion)- *ना.* [फा.] कुनै कामको बन्दोबस्त; इन्तजाम; बन्दोबस्त; निर्णायक कुरामा दिइने मत; न्यायाधीशले इन्साफ गर्दा राख्ने विवेक; सद्विवेक।

तटबन्ध (Embankment, dam)- *ना.* [सं.] बाढीबाट क्षति वा कटान रोक्न नदीको किनारमा लगाइने छेकबार; बाँध।

तटवर्ती/ तीरवर्ती (Riparian, onshore)- *वि.* [सं.] नदी, समुद्र आदिको किनारामा रहेको; जलाशयको किनारमा रहेको।

तटस्थ (Neutral, non-aligned)- *वि.* [सं.] कसैको पक्षमा नलाग्ने वा नभएको; कसैको पक्ष नलिने; निष्पक्ष; अपक्ष।

तटस्थीकरण (Neutralization)- *ना.* [सं.] कुनै देश वा स्थानलाई तटस्थ बनाउने वा तत्सम्बन्धी घोषित गर्ने काम; प्रतिकूल गुण, शक्ति आदिद्वारा कुनै वस्तुको गुण वा प्रभाव निष्क्रिय पार्ने काम।

तटीय (Coastal)- *वि.* [सं.] नदी वा समुद्रको किनारको; जलाशयको किनारको।

तडकभडक (Show off, ostentation)- *ना.* [तडक+भडक] आफ्ना क्षमताभन्दा बढ्ताको ठाँटबाँट; औकातभन्दा बढ्ता रोबरवाफ; नसुहाउँदो फुर्तीफार्ती; भड्किलोपन।

तडाग (Pond, lake; trap)- *ना.* [सं.] तलाउ, ताल; जङ्गली पशु फसाउन प्रयोग गरिने पासो।

तडीतुमडी (Entire property)- *ना.* [तुम्बो (द्वि.)] भएभरको सम्पत्ति; सिरीखुरी; सर्वस्व; झिटीमिटी।

ततिम्बा/ ततिम्मा (Re-inquiry; further examination)- *ना.* [अ. ततिम्म] पहिलेको बयानमा थप्दै गाँस्तै दोहोरोतेहरो सोधपुछ गरेर लिइएको बयान; थप बयान; पटकपटक गरिने सोधपुछ।

तत्काल (Immediate, at the moment)- *क्रिवि.* [सं.] त्यसै बेला; उत्तिखेर; तुरुन्त; त्यही समयमा।

तत्कालीन (The then, for the time being)- *वि.* [सं.] त्यस बेलाको; उस बखतको; त्यतिखेरको; तात्कालिक।

तत्क्षण (Immediate, at the moment)- *क्रिवि.* [सं.] त्यसैबेला; तत्काल; उही बखत; त्यतिखेरै।

तत्त्वाधान (Supervision, coordination)- *ना.* [अ.] आयोजन; संयोजन; कार्यक्रमको आयोजना वा सञ्चालनको पूर्ण रेखदेख।

तत्पश्चात् (Thereafter, afterwards)- *संयो.* [सं.] त्यसपछि; त्यसउप्रान्त; तदुपरान्त; अनि।

तथाकथित (So-called)- *वि.* [सं.] त्यसो भनिएको; भनाउँदो; नाम मात्रको; कथित।

तथानाम (Scold, condemn, rebuke)- *ना.* [सं.] गालीगलौज; दुर्व्यवहार; जथाभावी बोली; मुखमा जे आयो त्यही बोल्ने काम।

तथ्य (Fact)- *ना.* [सं.] सत्य र वास्तविक सूचना; घटना वा क्रियाकलापको तद्रूप यथार्थ; वास्तविकता; प्रमाणित हुन सक्ने, सत्य, साँचो कुरा; वस्तुगतता।

तथ्याङ्क (Data, statistics)- *ना.* [सं.] वास्तविकतामा आधारित अङ्क वा हिसाब, गणितीय आधारमा प्रमाणित हुनसक्ने वस्तुसत्य; औपचारिक तवरले तयार गरी कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रशोधन गर्ने उद्देश्यले राखिएको सूचना; प्रशोधन गरिएको वा कम्प्युटरको स्मरणमा जम्मा गरिएको जुनसुकै स्वरूपमा रहेका सूचना, ज्ञान, तथ्य, अवधारणा वा निर्देशनको प्रस्तुतीकरण; आर्थिक, भौतिक, सामाजिक तथा वातावरणीयलगायतका विवरण; सूचना वा लगत वा त्यस्ता विवरण; तथ्य, सूचना वा लगतको व्यवस्थित सङ्कलन, विश्लेषण र संश्लेषण

गरिएको मात्रात्मक वा गुणात्मक वृत्तान्त। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ट) र तथ्याङ्क ऐन, २०७९ को दफा २ को खण्ड (ङ)।]*

तथ्याङ्क भण्डार (Data repository)- *नाप.* विद्युतीय तथ्याङ्क भण्डार; ढड्डा वा कागजी रूपमा भण्डारण गरिएका तथ्याङ्कगत अभिलेख; विद्युतीय अभिलेख। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (ख)।]*

तथ्याङ्कको अन्य उत्पादनकर्ता (Other producers of statistics)- *नाप.* मुख्य उत्पादनकर्ताबाहेक राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध आधिकारिक तथ्याङ्क उत्पादन गर्ने अरू सरकारी निकाय; राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध आधिकारिक तथ्याङ्क उत्पादन गर्ने सार्वजनिक संस्था। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम २ को खण्ड (ग) र नियम ६।]*

तथ्याङ्कको मुख्य उत्पादनकर्ता (Main producer of statistics)- *नाप.* राष्ट्रिय रूपमा देशको तथ्याङ्क वैज्ञानिक तरिकाले सङ्कलन, प्रविष्टि, विश्लेषण र संश्लेषणसाथ त्यसको आधिकारिक नतिजा तयार गर्ने निकाय वा संयन्त्र; आधिकारिक तथ्याङ्कको मुख्यउत्पादकका रूपमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालय। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम २ को खण्ड (ग) र नियम ६।]*

तथ्याङ्कीय क्रियाकलाप (Statistical activities)- *नाप.* तथ्याङ्क सङ्कलन, प्रशोधन, वितरण, पहुँच तथा प्रयोगसम्बन्धी सम्पूर्ण क्रियाकलाप; प्रशासनिक अभिलेखबाट उत्पादन हुने तथ्याङ्क व्यवस्थापनका क्रियाकलाप। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम २ को खण्ड (घ)।]*

तथ्याङ्कीय रजिस्टर (Statistical register)- *नाप.* तथ्याङ्कसम्बन्धी अभिलेख किताब; जनसङ्ख्या तथा व्यवसायसमेतको आधारभूत विवरण तथा सूचनाको अभिलेख। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम १३ को स्पष्टीकरण।]*

तदनुसार (Accordingly, in accordance with)- *वि./क्रिवि* [सं.] त्यसअनुसार; त्यस्तै रूपले; उसैबमोजिम।

तदर्थ (Ad-hoc)- *वि.* [सं.] कामचलाउ; अस्थायी प्रवृत्तिको; सीमित उद्देश्यको; विशेष कामको। *क्रिवि.* त्यस निम्ति; त्यसका लागि।

तदारुक/ तदारुख (Promptness, readiness, preparation)- *ना.* [अ.] तत्परता; सक्रियता; जागरुकता; कुनै विशेष कार्य वा अनुसन्धानका लागि देखाइने विशेष जाँगर वा लगाब।

तदुपरान्त (Thereafter, afterwards)- *संयो.* [सं.] त्यसपछि; त्यसपश्चात्।

तद्रूप/ तद्‌रूप (Similar, alike)- *वि.* [सं.] समान रूपको; तस्तै रूपको; उस्तै आकारप्रकारको।

तनखा (Salary)- *ना.* [फा. तनख्वाह] काम गरेबापत पाइने रकम; तलब; वेतन; पारिश्रमिक।

तनय (Son)- *ना.* [सं.] छोरो; पुत्र; पुरुष सन्तान।

तनया (Daughter)- *ना.* [सं.] छोरी; पुत्री; स्त्री सन्तान।

तनाउ/ तनाब (Stress, tension, strain)- *ना.* [तान्+आउ] झमेलाका कामकुरा; सोचाइ चिन्ता आदिले मस्तिष्क तन्कने काम; दुई थरीका सोचको खिचातानी; तन्को; तन्काइ; मानसिक टन्टा।

तन्नम (Destitute, pauper, indigent)- *वि.* [अ. तनहा] आफ्नो धनसम्पत्ति नभएको; गरिब; कङ्गाल; निर्धन; दरिद्र।

तन्मय (Engrossed, deeply engaged)- *वि.* [सं.] तनमन लगाएको; दत्तचित्त; तल्लीन; त्यसैमा मिलेको।

तपन/ तपनी (Mental grief or anxiety)- *ना.* [सं.] मानसिक पीडा; सन्ताप; मनको जलन; गर्मीपन।

तपसिल (As follows, particulars)- *ना.* [अ.] मूल पाठमा गरिएको वर्णनमा परेका कुरालाई थप खुलस्त पारी दिइने पाठोत्तर विवरण; स्रेस्तामा तलतिर लेखिएको वा खुलाइएको विवरण; फैसलाको ठहरभन्दा पछिको उपान्त खण्ड; नालीबेली।

तप्त (Heated, distressed, mentally stressed)- *वि.* [सं.] तातेको; मानसिक कष्टमा परेको; दुःखित, पीडित।

तप्पा (Small area or unit)- *ना.* [अ. तफरिक] जिल्लाको सानो भाग; इलाका; तप्का।

तबाह/ तवाह (Wrecked, destroyed, ruined)- *वि.* [फा.] पूरै नष्ट भएको; खत्तम; सर्वस्व भएको।

तबाही (Ruin, destruction)- *ना.* [तबाह+ई.] सत्यानाश; ध्वस्तता; बरवादी; विनास; सर्वनाश।

तबेला दलान (Special court during Rana regime)- *ना.प.* राणाकालमा भ्रष्टाचार मुद्दा सुन्ने अदालत; भ्रष्टाचारसम्बन्धी गुनासो सुन्ने अड्डा।

तमक (Ego, wrath, pride)- *ना.* [सं. तम] धन, अहमत्याइँ, अज्ञान आदिले मानिसमा उब्जाउने अभिमान वा घमण्ड; तामस; आवेग; झोक।

तमस/ तमिस्र (Darkness, ignorance)- *ना.* [सं.] अन्धकार; अँध्यारो; अज्ञान; तम गुणको वर्चस्व।

तमसुक (Deed)- *ना.* [अ. तमस्सुक] ऋणीले साहुलाई आफूले ऋण लिएको बेहोरा लेखी गरेको कागज; असामी र साहुबिचको लेनदेन र लेनदेन फार्से गर्ने सर्त लेखिएको लिखत।

तमसुक फट्टा (Torn out deed after full repay)- *नाप.* तमसुकमा लेखिएबमोजिमको साँवाब्याज चुक्ता भएपछि असुली जनाई शिर च्यातेर असामीलाई नै फिर्ता दिइने वा दिइएको तमसुक; ऋण फार्से भएको यकिन गर्ने प्रमाणस्वरूप रहने तमसुक; च्यातल तमसुक।

तमादी (Expiry of limitation, outdated deed)- *वि.* [अ.] हदम्याद सकिएको; हदम्याद गुज्रिएको; म्याद गुज्रिएको।

तमाम (Entire, whole, completed)- *वि.* [सं.] भएजति सबै; सम्पूर्ण; समाप्त; कामकुरा टुङ्गिएको; खतम।

तय (Settled, fixed, decided)- *ना.* [अ.] निधो; ठहर; निर्णय। *वि.* ठहरेको, निश्चित; सिद्धिएको; समाप्त भएको; तामेल भएको; योजना गरिएको।

तयारी अफिम (Processed opium)- *नाप.* कच्चा पदार्थलाई आवश्यक प्रशोधनप्रक्रिया पूरा गरी तयार गरिएको अफिम वा त्यसको सार; सेवन गर्नको लागि तयार गरिएको अफिम र धुम्रपान गरिसकेपछिको अफिमको खार। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ङ)।]*

तयारी मदिरा (Readymade liquor, processed liquor)- *नाप.* तम्तयार मादक पदार्थ; आयतनमा सन्ताउन्न दशमलब शून्य छ प्रतिशतभन्दा कम अल्कोहलको मिश्रणबाट बनेका सबै प्रकारका मादक पदार्थ। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण२)।]*

तरकिब/ तरकिप (Way, skill, method.)- *ना.* [अ.] तौरतरिका; काम गर्ने छाँट वा ढङ्ग; सीप; जुक्ति; कुनै कुरा बनाउने काइदा।

तरक्की (Progress, promotion)- *ना.* [अ.] पद, मान, प्रतिष्ठा आदि बढ्ने काम; उन्नति; प्रगति; वृद्धि; बढोत्तरी।

तरखर (Readiness, preparedness) - *ना.* [सं. तत्पर] काम गर्ने चेष्टा; सुरसार; पहल; थालनी; जमर्को।

तरताकिता (Importunity, hastiness)- *ना.* [अ. ताकिता (द्वि.)] गर्नुपर्ने वा सुरु भएको कामलाई चाँडो सक्नलाई लगाइने हुटहुटी; कामका लागि गरिने प्यादा; काम छिटो सक्न हतार लगाउने काम; काम चाँडो सक्नलाई गरिने प्रयत्न वा आत्तुरी।

तरफदारी (Favoring)- *ना.* कसैको पक्ष लिने काम; तरफ लाग्ने काम; हिमायत

तरल सम्पत्ति (Liquid assets)- *नाप.* कुनै पनि सङ्घसंस्थाको नगद वा नगदसरह बैङ्क वा वित्तीय संस्थामा खातामा रहेको रकम; बैङ्क वा वित्तीय संस्थाको नगद मौज्दात, चल्ती खातामा रहेको मौज्दात, बैङ्कले राष्ट्र बैङ्कमा राखेको मौज्दात र राष्ट्र बैङ्कले तरल सम्पत्ति भनी निर्धारण गरेको बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (त) ।]*

तरह (Manner, method)- *ना.* [अ.] तरिका; हालत वा अवस्था; उपाय; ढङ्ग; भाँती।

तराजु (Balance)- *ना.* [फा.] डन्डीका बिचबाट दुई तिर सन्तुलन कायम राख्ने र डन्डीका दुई किनारामा साङ्लीले अड्काई जोडिएका पातामा एकातिर ढक र अर्कातिर माल राखी तौलने एक यन्त्र; तुलो।

तरास (Fear, terror, fright)- *ना.* [सं. त्रास] डर; भय; झस्को; कहाली; त्रास।

तर्क (Logic)- *ना.* [सं.] विषयवस्तुलाई पुष्टि गर्नका लागि भनिने युक्तिपूर्ण कथन; कुनै वाद वा मतलाई पुष्टि गर्न प्रस्तुत गरिने तथ्यप्रमाणसहितको युक्तिकथन; अरूको मत वा विचारको खण्डन प्रस्तुत गरिने तथ्यप्रमाणसहितको बुँदा; जान्न खोजिएको तर तत्त्वार्थ ज्ञात नभएको विषयको अर्थ निकाल्न सम्भव कारणद्वारा तत्त्वज्ञान गर्ने युक्ति/ जुक्ति। *[हे. न्यायसूत्र १/४०]*

तर्कवितर्क (Argument, debate)- *ना.* [तर्क+वितर्क] वाद-प्रतिवाद; मण्डन र खण्डन; खण्डन र मण्डन; परस्परमा गरिने छलफल; वादविवाद; बहस; ऊहापोह; मीमांसा।

तर्कशास्त्र (Syllogism, science of reasoning)- *ना.* [तर्क+शास्त्र] न्यायशास्त्र; आन्वीक्षिकी; अन्वीक्षा; न्याय; कुनै कुराको कारणबारे विचार तथा व्याख्या गर्ने विद्या; विभिन्न घटना वा प्रक्रियाका कार्य-कारण सम्बन्धको खोज गर्ने सिद्धान्त वा चिन्तन; युक्तिशास्त्र; विज्ञान।

तर्कसङ्गत (Reasonable, logical)- *वि.* [सं.] तर्कद्वारा प्रमाणित वा सिद्ध गर्न सकिने; तर्कपूर्ण; युक्तिमय; औचित्यपूर्ण; युक्तिसङ्गत; ठिक; सुसङ्गत।

तर्ज (Design, format)- *ना.* [अ.] शैली; बनोट; बनावट वा शैलीअनुसार कुनै वस्तुको आकारप्रकार वा स्वरूप; विशेष ढाँचा; प्रणाली।

तर्जन (To threaten, to rebuke)- *ना.* [सं.] झपार्ने वा फड्कार्ने काम; बोलेर तर्साउने वा डर देखाउने काम; हपार्ने काम; हप्कीदप्की; हकारपकार।

तर्जुमा (Drafting, formulation)- *ना.* [अ. तर्जुम] ऐन नियम आदिको मस्यौदा गर्ने कार्य; रूपरेखा तयार पार्ने काम; कुनै पनि लिखत रचना गर्ने काम; बन्दोबस्त; प्रबन्ध; तय; तम्तयारी।

तर्फ (Taking side, towards)- *नायो.* [अ. तरफ] तिर; पट्टि।

तलक (Till; upto)- *नायो.* [तक] सम्म; पर्यन्त; तक।

तलब (Salary, remuneration, emolument)- *ना.* [अ.] सेवाको सर्तबमोजिम सेवा प्रदान गरेबापत कर्मचारीले पदाधिकार रहेको पदको प्रचलित बेतनमान बमोजिम पाउने रकम; कुनै पदमा रही गरेको सेवाअनुसारको सेवाबापत कर्मचारीले पाउने खान्गी; कर्मचारीले प्रतिष्ठानमा काम गरेबापत नगदको रूपमा भुक्तानी पाउन सक्ने कुनै किसिमको पारिश्रमिक; ज्याला; बेतन; सुरु तलब र नियमानुसार पाउने वृद्धि जोड्दा कायम हुने रकम। *[हे. कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा २ को खण्ड (ङ), बोनस ऐन, २०३० को दफा २ को खण्ड (ङ) र निवृत्तीभरण कोष नियमावली, २०७६ को नियम २ को खण्ड (ख)।]*

तलब गर्नु (Summoned, demanded)- *क्रिप.* कुनै जवाफ लिनुपर्ने कुराको माग गर्नु; जवाफ दिन बोलाउनु वा जवाफ झिकाउनु।

तलबदार (Employee; service holder; summoner)- *ना.* [अ. तलब+दार] तलबमा काम गर्ने; जागिरदार; अदालतबाट बोलाइने वा झिकाइने व्यक्ति।

तलबभत्ता (Salary)- *ना.* [तलब+भत्ता] तलब र तलबसाथ प्राप्त हुने भत्ता; पारिश्रमिक र अन्य वित्तीय सुविधा।

तलबमान (Pay scale)- *ना.* [तलब+मान] तलब पाउने पदमा काम गर्ने व्यक्तिले मासिक रूपमा पाउने पारिश्रमिकको परिमाण; सबै पदका लागि ठेकिएको पारिश्रमिक; बेतनमान; पारिश्रमिकको पूर्वनिर्धारित मात्रा।

तलबाना (Fees for calling upon a witness)- *ना.* [फा. तलबान] अदालतमा साक्षीहरूलाई झिकाउनका लागि लाग्ने रकम वा दस्तुर; साक्षी झिकाउन लाग्ने अदालती दस्तुर। *वि.* तलबसम्बन्धी; तलबको।

तलवितल (Mistake, error, fault)- *ना.* [सं.] कुनै काममा हुने भुलचुक; घटीबढी; हेरफेर; लाभहानि; गडबड; गोलमाल; होचोअर्घेलो; उचनीच; तलमाथि; उतारचढाब।

तलास (Search, hunt)- *ना.* [तु.] खोजखबर; अनुसन्धान; धुइँपत्ताल; केही फेला पार्न गरिने जाँचबुझ।

तलासी (Act of searching, investigation)- *ना.* [तलास+ई] कसुरदार लुकीछिपी बसेको वा उसले लुकाएछिपाएका वस्तु होला कि भनी शङ्का लागेका ठाउँमा खोज्ने काम; मालसामान आदि खोलेर जाँच्ने काम; कसुरदारका साथ वा शरीरमा अपराधसँग सम्बन्धित वस्तु छ कि भनी शरीर खोली जाँच्ने काम; खोजी, खानतलासी; जिउतलासी।

तल्सिङ (Landowner)- *ना.* [अ. तहबिल] ठेकिएको बाली लिने गरी मोहीलाई जग्गा कमाउन दिने व्यक्ति; जग्गाधनी।

तल्सिङ बोटी (Rent obtained from tenant)- *नाप.* जग्गाधनीले जग्गा कमाउनेबाट पाउने बाली वा ठेक; धनी बोटी। *तुल.* बनी बोटी।

तसल्ली (Consolation, solace)- *ना.* [अ.] कुनै कामको भरपर्दो तयारी; आश्वासन; ढाडस; सान्त्वना; धैर्य।

तस्कर (Smuggler)- *ना.* [सं.] अवैध व्यापारी वा चोरी निकासीकर्ता; अवैध किसिमका मूल्यवान् वस्तुहरू चोरीनिकासी गर्ने व्यक्ति।

तहकिकात (Investigation, inquiry)- *ना.* [फा. तहकिक] मुद्दामामिला वा घटनाको प्रारम्भिक जाँचबुझ; अपराध अनुसन्धान; जाँचपडताल; सर्जमिन गर्ने तथा अरु सबुद प्रमाण जुटाउने काम।

तहखाना (Cellar, basement)- *ना.* [फा. तहखान] जमिनमुनि बनाएको कोठा वा बस्ने ठाउँ; सुरुङघर; भूमिगत बस्ने ठाउँ।

तहबिल (Treasury)- *ना.* [अ.] अड्डा अदालतको रुपैयाँपैसा राख्ने ढुकुटी; कुनै कामका लागि कसैको जिम्मामा रहेको नगद रकम वा रुपैयाँ।

तहबिलदार (Treasurer, cashier)- *ना.* [तहबिल+दार] तहबिलको जिम्मावाला; तहबिलसम्बन्धी काम गर्ने कर्मचारी।

तहरिर (Assistant; subordinate)- *ना.* [अ.] कार्यालय प्रमुखभन्दा तल्लो तहको सहायक स्तरको कर्मचारी; हाकिममुनिको दर्जा; उपप्रमुख कर्मचारी।

तहल्का (Chaos, uproar)- *ना.* [अ. तहल्क] होहल्ला; हलचल; खैलाबैला; हल्लाखल्ला; ठूलो घटना वा विपद आदिको खलबल।

तहसनहस (Devastation, destruction)- *ना.* [तहस (द्वि.)] बिग्रेर, भत्केर, नासिएर आदि किसिमले विनाश हुने स्थिति; भताभुङ्ग अवस्था; अस्तव्यस्त; ध्वस्त; खत्तम।

तहसिल (Collection of revenue, dues collection)- *ना.* [अ.] असुलउपर गर्ने काम वा अड्डा; उठ्तीपुठ्तीको काम; असुलउपरको काम।

तहसिलदार (Collector of revenue, revenue officer, record keeper)- *ना.* [तहसिल+दार] सरकारी रकमकलम, मालपोत आदि उठाउने वा असुलउपर गर्ने व्यक्ति; त्यस्तो काम गर्ने कर्मचारीको दर्जा; प्रमुख भई काम गर्ने न्यायाधीशको सामान्य निर्देशन तथा नियन्त्रणमा रही फैसला कार्यान्वयनसम्बन्धी कामको जिम्मेवारी लिने कर्मचारी; तहसिलदारले गर्ने अन्य काम गर्न तोकिएको कर्मचारी; फैसला कार्यान्वयन अधिकारी। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (ङ) ।]*

ताउ (A sheet of unfold paper)- *ना.* [फा. ता] नेपाली कागजको एक सिङ्गो पाना वा पत्र; कागजको नपट्याइएको सिङ्गो पाना। [फा. ताब] अरूमा प्रभाव पार्न फुर्तीसँग जुँगा मुसाराइ; घमन्ड देखाउने चाल।

ताक (Opportunity, chance)- *ना.* [ताक्+अ] कुनै कामका लागि अवसर; मौका; लक्ष्य; उद्देश्य; हेराइ वा दृष्टि। *नायो.* तिर; छेक।

ताकिता (Follow up, reminder)- *ना.* [अ.] काम चाँडो सक्नका लागि गरिने हतारो, तकाजा, कुनै काम गर्न वा सिध्याउनका लागि हुने हतार; हुटहुटी; बराबर घच्घच्याउने काम; दबाब दिने वा प्रेरित गर्ने काम।

तागोतगारो (Boundary of a house, fence to surround the house or land)- *ना.* [तगारो (द्वि.)] घर जग्गाको साँध सिमाना; बाँस वा काठका घोचालाई आग्लोजस्तो गरी तेर्स्याएर लगाइने छेकेबार; गौंडो वा पर्खालमा निकासका लागि राखेको ठाउँमा खोलेर बाहिरभित्र गर्न मिल्ने अर्गल।

ताजुप/ ताज्जुब (Astonish, surprise, wonder)- *ना.* [फा.], आश्चर्य; अचम्म। *वि.* छक पार्ने; अनौठो खालको।

ताडक (Beating, battery, blow)- *ना.* [सं.] पिट्ने; प्रहार गर्ने; ताडन गर्ने।

ताडनी (Whip)- *ना.* [सं.] कोर्रा; काठ वा बेतको समाउने मुठ र छालाका लोती वा चुल्ठी बाटिएको घोडा वा अपराधीलाई पिट्ने साधन।

ताडपत्र (Palm leaf; something written on the palm leaf)- *ना.* [सं.] प्राचीन कालमा ग्रन्थ लेखिने ताडवृक्षको पात; ताडको पत्ता; कानका लोतीमा झुन्डिने गरी लाउने एक खालको गहना।

ताण्डव (Devastation, startle)- *ना.* [सं.] उफ्राइ र कुदाइ बढी हुने फुर्तिलो नृत्य; पुरुषले नाच्ने उद्धत नाच; उत्ताउलो व्यवहार (लक्ष्यार्थमा)।

तातिल/ तातेल (Holiday, leave)- *ना.* [अ.] सरकारी अड्डा अदालत नखुल्ने अवस्था; बिदा भएको दिन; छुट्टी; बिदा।

तात्कालिक (Contemporaneous, the then)- *वि.* [सं.] त्यस समयको; त्यही बखतको; उस बेलाको।

तात्पर्य (Purpose, intent)- *ना.* [सं.] कुनै कामकुराको भित्री अभिप्राय; मूल आशय; भित्री मकसद; गाँठी कुरो; अन्तर्य।

तादात (Number, amount, counting)- *ना.* [अ.] सङ्ख्या; परिमाण; गन्ती।

तादात्म्य (Harmony, consistent, sequential)- *ना.* [सं.] सामञ्जस्य; दुई वा दुईभन्दा बढी वस्तुका बिचको अभेद सम्बन्ध; अभिन्नता, मिश्रण वा सम्बन्ध; मेल खाने अवस्था।

तानामाना/ तानाबाना (Apparatus; implements; full dress; uniform)- *ना.* [सं. तान+वयन] कुनै कामका लागि चाहिने सरसामान, बन्दोबस्त, इन्तिजाम; जङ्गी वा निजामती कर्मचारीलाई दिइने फित्ता पगरी पेटी आदि पहिरन वा चिह्न।

तानासाह/ तानाशाह (Dictator, autocrat)- *ना.* [फा.] निरङ्कुश शासक; स्वेच्छाचारी शासक।

तानासाही/शाही (Dictatorship, tyranny)- *ना.* [तानासाह+ई] राज्यको सम्पूर्ण अधिकार एउटै व्यक्तिमा निहित रहने राज्य व्यवस्था; एक व्यक्तिनिहित शासन प्रणाली; अधिनायकवाद।

ताबेदार (Obedient, subservient)- *ना.* [अ. ताबे+फा. दार] अरूको अधीनमा रहने तथा आज्ञापालन गर्ने; आज्ञापालक; सेवक; भृत्य।

तामिली/ तामेली (Completion, accomplishment, abate)- *ना.* [अ. तामिल+ई] कुनै कार्यको समाप्ति; काम तमाम भएको अवस्था; कामको टुङ्गो वा किनारा भएको अवस्था; फेरि जगाउन मिल्ने गरीको अस्थायी कार्यस्थगन; फेरि जगाउनु नपर्ने गरीको पूर्ण काम तमामी।

तामेली आदेश (Completion Order)- *ना.प.* मुद्दाको कारबाहीको सिलसिलामा अर्को आदेश नभएसम्म मुद्दाको कारबाही स्थगित गर्न गरिने आदेश।

ताम्रपत्र (Copper sheet)- *ना.* [सं.] तामाको पातोमा लेखिएको अभिलेख; दानपत्र आदि लेखेर दिइने अक्षर कुँदिएको तामाको पातो; तामापत्र।

तायदात (Entire property, seizure of property)- *ना.* [अ.] व्यक्ति वा संस्थाको सम्पूर्ण सम्पत्ति, जायजेथा, सर्वस्व; अपराधी वा सरकारी धनमाल मसोट गरी खानेबाट निजहरूको सम्पत्ति सरकारले जफत गर्ने काम; तायजात।

तायदाती (list; description of confiscated goods)- *ना.* [तायदात+ई] गन्ती गरिएको; तायदातसम्बन्धी; कसैको सम्पत्तिको (विशेष गरी अंशबन्डा गर्नुपर्ने वा सर्वस्व हुने) लगत गरी खडा गरिएको अभिलेख।

तायदाती फाराम (Form or list of documents) - *ना.प.* [सं.] मुद्दासम्बन्धी कागजपत्रको पञ्जिका; तायदात गर्दा राखिने सम्पत्ति वा धनमालको विवरण मिसिलको तेरिज लेखिएको मिसिलमा सामेल राखिने कागज; बन्डा गर्नुपर्ने र नपर्ने विवरण खोलिएको सम्पत्तिविवरण प्रपत्र।

तारतम्य (Chance, co-incidence, arrangement)- *ना.* [सं.] कुनै कामको संयोग; मौका; संयोजन; कुनै कामको बन्दोबस्त; प्रबन्ध; चाँजोपाँजो।

तारिख तोक्नु (Fix the date of attendance)- *क्रि.प.* अड्डा वा अदालतमा आउनुपर्ने दिन तोक्नु; तारिख निर्धारण गर्नु; मुद्दाका पक्षलाई अदालत उपस्थितिको मिति किटान गरिदिनु।

तारिख/ तारेख (Appointed date for appearance; due date for appearance; to fix the day for presence)- *ना.* [फा.] अड्डा अदालतबाट मुद्दाका पक्ष वा निजको वारिसलाई हाजिर हुन आउनु भनी लेखिदिएको मिति; दिनाङ्क; विक्रम संवत्मा महिनाभित्रको कुनै दिनलाई जनाउन गते भनेजस्तै इस्वी संवत्मा महिनाभित्रको कुनै दिनलाई जनाउन प्रयोग गरिने शब्द।

तारिखकिताब (Book of appointed date for appearance)- *ना.* [तारिख+किताब] मुद्दाका पक्षलाई तारिख तोकिएको मिति र पक्षहरूको नामनामेसी खुलेको विवरणपञ्जिका; तारेखपुस्तिका।

तारिखपर्चा (Sheet of appointed date for appearance)- *ना.* [तारिख+पर्चा] अड्डा अदालतबाट मुद्दाका पक्ष वा निजको वारिसलाई फलाना दिन हाजिर हुन आउनू भनी अड्डाको छापलगाई फाँटवालाले सहिछाप गरी लेखिदिने कागज, पुर्जा वा निस्सा।

तारिखभरपाई (Receipt of acknowledgement of appointed date)- *ना.* [तारिख+भरपाई] तारिख बुझिलिए भन्ने बेहोरा लेखी मुद्दाका पक्ष वा वारिसलाई सहीछाप गराएको मुद्दाको मिसिलमा सामेल रहने कागज; पक्षले तारिख बुझिलिएको अभिलेख।

तारिखवाला (One who asked to present on appointed date)- *ना.* [तारिख+वाला] अड्डा अदालतबाट तोकिएको तारेखमा रहेको मुद्दाको पक्ष वा वारिस; तारिख लिने मानिस।

तालमेल (Harmony, consistence)- *ना.* [ताल+मेल] आपसी मेल; सङ्गति; समन्वय; कामकुराको मिल्दोजुल्दो चाँजोपाँजो।

तालाबन्दी (Lockout)- *ना.* [सं. तालक+बन्द+ई] कलकारखानाको कामकाज ठप्प रोकिनु; नियमित रूपमा काम गर्नबाट पूर्ण वा आंशिक रूपमा रोक लगाउन प्रतिष्ठान वा कार्यस्थल बन्द गरेको अवस्था; कुनै माग राखी विरोधका रूपमा कुनै अधिकारीका कार्यकक्षमा ताला लगाई बन्द गर्ने काम।

तालाबाला (Fright, terror)- *ना.* [तल+बल] कुनै त्रासद स्थिति वा हडबडीबाट हुने अत्याहट; अत्यास।

तालिका (Chart, table)- *ना.* [सं] कुनै विषयका तथ्य, मिति, कर्ता, कार्य, परिणाम, परिमाण आदि अलगअलग खुलाइएको सूची; फेहरिस्त; विवरणात्मक शैलीमा विषय प्रस्तुत गर्दा अलगअलग महल बनाई सूचना वा विषयवस्तु राख्ने वर्गीकृत प्रस्तुति; टेबुल, लेखास्तम्भ।

तालिम (Training)- *ना.* [अ.] कुनै काम वा विषयमा व्यवस्थित रूपमा दिइने प्रशिक्षण; सिकाइसधाइ; कुनै शैक्षिक उपाधि प्रदान गरिने बाहेक कुनै सङ्गठित संस्थाद्वारा निश्चित पाठ्यक्रम वा विषयमा निश्चित अवधिमा गरिने अनुशिक्षण; प्रशिक्षण।

तालुक (An area under one's control)- *ना.* [अ.] कसैको अधीन वा मातहतमा रहेको क्षेत्र वा इलाका; तैनाथ; मातहत वा अधीनस्थ अड्डा वा अधिकारीलाई नियमन निर्देशन गर्ने माथिल्लो अड्डा वा अधिकारी। *वि.* उपरिया; मचकुर; माथिल्लो; उच्चस्थ।

तालुक अड्डा वा कार्यालय (Higher office; higher authority)- *नाप.* सम्बन्धित अड्डा वा कार्यालयभन्दा माथिल्लो तहको अड्डा वा कार्यालय; आफ्नो मातहतमा कार्यालय भएको माथिल्लो तहको अड्डा; मजकुर अड्डा वा कार्यालय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ठ) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ङ) ।]*

तालुकदार (Revenue agent; authorized landlord)- *ना.* [अ] रैतीबाट मालपोत उठाई मालपोत कार्यालयमा बुझाउन तोकिएको व्यक्ति; जिम्मावाल; मुखिया; तैनाथवाला; माथिल्लो पदको अधिकारी; मातहतका कर्मचारीलाई सुपरिवेक्षण, निर्देशन गर्न सक्ने अख्तियारवाला।

तालुकदारी/ तालुकी (Power and function of a revenue agent)- *ना.* तालुकदारको काम वा अधिकार; थरी, मुखिया वा जिम्बाल प्रथा।

तालुकवाला (Authority, higher officer)-* *ना.* अख्तियारवाला; निश्चित कार्यका लागि तोकिएको उच्च अधिकारी।

तिकडम/ तिगडम (Tactics, trickery)- *ना.* जुक्तिबुद्धि लगाएर गरिने काम; चालबाजी; चतुऱ्याइँ; जालझेल; छलछाम।

तित्कता (Dissatisfaction, bitterness)- *ना.* [सं.] तितोपन; असन्तुष्टि; रिसराग; वितृष्णा; मनमोटाव; मनमुटाउ।

तितीक्षा (Tolerance)- *ना.* [सं.] जस्तोसुकै सुख दुःख भोग्नुपरे तापनि सहने शक्ति; सहिष्णुता; सहनशीलता; क्षमाभाव।

तिर- *नायो.* [सं. तिरस्] पट्टि; तर्फ। *ना.* [फा.] वाण; काँड।

तिरान (Rent; revenue to pay, annual revenue tax)- *ना.* [तिर्+आन] तिरो; कुत; पोत; तिरोभर।

तिरुवा (One who has to pay; payable)- *वि.* [तिर्+उवा] तिरो तिर्नुपर्ने; तिर्नुपर्ने; तिरो लागेको वा लाग्ने (जग्गाजमीन आदि)।

तिरुवा बिर्ता (Land with nominal tax)- *नाप.* पोता लागेको बिर्ता जग्गा; तराईमा प्रचलित पोत तिर्नुपर्ने बिर्ताको किसिम; तिरो तिर्नुपर्ने बिर्ता जग्गा; तिरो माफी नभएको बिर्ता।

तिरुवामाफी बिर्ता (No rent land)- *नाप.* तिरो तिर्न नपर्ने बिर्ता जग्गा; कुश बिर्ता; बिर्ता जग्गा तिरो तिर्नुपर्ने रैकरमा परिणत गर्ने व्यवस्था लागू हुनुपूर्व प्रचलित बिर्ता प्रथा।

तिरो (Land revenue)- *ना.* [तिर्+ओ] जग्गाको पोत; कुत वा बाली; मालपोत; भूमिकर।

तिरो दपोट (Concealment of revenue)- *ना.* [तिरो+दपोट] तिर्नु पर्ने तिरो लुकाउने काम; तिरो दबाउने काम; तिरो छिपाउने काम।

तिरोधान/ तिरोभाव (Rare, vanish)- *ना.* [सं.] लोप हुने काम; हराउने वा बिलाउने स्थिति।

तिर्जा (Land holding certificate; a receipt given to an army to collect some grain of government authority as his/her wages instead of money from the tenant)- *ना.* [तिरो+जा] पहिले सैनिकलाई जागिरको सट्टामा जग्गा दिई दिइने रसिद वा निस्सा; जागिरदारलाई

तलबको सट्टा सरकारी जग्गाबाट बाली उठाउन पाउने निस्सा लेखिएको कागज; जग्गाजमिनको नम्बरी प्रथा सुरु भएपछि नम्बरी रैकर जग्गाका जग्गाधनीलाई दिइने निस्सा।

तिर्न बाँकी कर रकम (Amount of tax due)- *ना.प.* अनुमानित करको किस्तामा दाखिला गर्न तोकिएको प्रतिशतले हुने रकमबाट सम्बन्धित किस्ता दाखिला गर्नुपर्ने मिति अगाडि पूर्व किस्ताद्वारा सो आय वर्षमा दाखिला गरेको कर रकम; सो आय वर्षमा सम्बन्धित किस्ता दाखिला गर्नुपर्ने मितिअगाडि कुनै व्यक्तिको सो वर्षमा सो व्यक्तिको आयगणना गर्दा समावेश हुने भुक्तानीहरूबाट कट्टी भएको कर रकम; किस्ता बुझाउनुपर्ने मितिभन्दा अगाडि सो वर्षमा कर कट्टी गर्ने एजेन्ट वा कर कट्टी हुने व्यक्तिले गरेको भुक्तानीबाट कर कट्टी भएको मानिने रकम आन्तरिक राजश्व विभागमा दाखिला गरेको भए त्यस्तो कर रकम; किस्ता बुझाउनुपर्ने मितिभन्दा अगाडि सो व्यक्तिले गरेको स्वीकृत औषधीउपचार खर्चको सम्बन्धमा सो व्यक्तिले दाबी गर्न सक्ने औषधीउपचार खर्चको करमिलान रकम। *[हे. आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) को स्पष्टीकरण।]*

तिलक (Dowry)- *ना.* [सं.] विवाहका अवसरमा दुलही पक्षबाट दुलहालाई दिइने रीतभाँत अनुसारको द्रव्य धनमाल; दुलाहालाई दिइने दाइजो वा दहेजस्वरूपको धनसम्पत्ति।

तिलङ्गा/ तिलिङ्गो (Soldier)- *ना.* सैनिक; पल्टनियाँ सिपाही; भारतको अङ्ग्रेज फौजमा भर्ना हुने नेपाली सैनिक।

तिलस्मी (Magical, miraculous)- *वि.* [अ. तिलस्म+ई] असम्भव घटना वा अपत्यारिलो कामकुरा सम्भव भएको अवस्था; जादुगरी; चटकी; जादुमय।

तीक्ष्ण (Sharp, pointed, clever)- *वि.* [सं.] तेजिलो; टाठो; प्रखर; तीव्र; तिखो; तिख्खर; तिखो; तिखारिएको; उष्ण; कर्कश।

तीनपुस्ते (Within three generations)- *वि.* [तीन पुस्ताको] वंशानुक्रमले बनिने तीन पुस्ताको नाम भएको; व्यक्ति, उसका बाबुआमा र बाजेबज्यै गरी तीनै पुस्ताको।

तीनमहले (Three columns of a legal draft)- *वि.* तीन वटा महलमा लेखिएको; तीन महल भएको; तीन खण्डे। *ना.* ऐन कानून, विधान, प्रबन्धपत्र आदिको कुनै प्रावधान संशोधन, थप वा खारेज गर्न प्रस्ताव तयार गर्दा हालको प्रावधान, प्रस्तावित (संशोधन/ थप/ खारेजी) प्रावधान र संशोधन/ थप/ खारेज गर्नुपर्नाको कारणलाई तीन अलगअलग महलमा उल्लेख गरिएको विवरणात्मक लिखत; तीन खण्डे लिखत।

तीर (River bank, shore, arrow)- *ना.* [सं] नदी वा खोलाको दुईतिरको किनार; तट; छेउ।

तुइन (Wire bridges, *tuin*)- *ना.* [अङ्.] नदी, खोला वा खोल्सा तर्नको लागि काठको खम्बा वा सिमेन्ट प्रयोग गरी बनाइएको टावर वा रूखमा एउटै लठ्ठा वा मोटो डोरीको प्रयोग गरी फलामे टोकरी वा काठको बाकस र घिर्नी प्रयोग गरी बनाइएको सार्वजनिक रूपले मानिस, जनावर वा सामान ओसारपसार गर्न प्रयोग गरिने माध्यम; घिर्लिङ; तुहिन। *[हे. तुइन दुर्घटनाबाट प्रभावित व्यक्तिको उद्दार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५ को नियम २ को खण्ड (ग) ।]*

तुङ्ग (High, summit, peak)- *ना.* [सं.] चुचुरो; शिखर। *वि.* अग्लो; उच्चो; उन्नत।

तुच्छ (Mean, despicable)- *वि.* [सं.] नीच; जाबो; नगन्य; क्षुद्र; हीन; चुत्थो; छोटो; छोपट्टा।

तुजुक (Arrogance, proud)- *ना.* [अ.] अहङ्कार; घमण्ड; मत्तता; मात; सेखी; बल; तागत; हुती; ह्याउ।

तुफान (Storm, tornado)- *ना.* [अ.] जोडसँग चल्ने हावा; आँधीबेरी; हुरीबतास; हुन्डरी; आँधी; महावात।

तुमुल (Tumult, uproar)- *ना.* [सं.] सेनाको कोलाहल; युद्धको हलचल। *वि.* प्रचण्ड; घोर; तीव्र; उत्कट।

तुरुङ (A wooden shackle)- *ना.* [सं. तुरुस्क] ठिँगुरो; अपराधीलाई दण्ड दिन प्रयोग गरिने एक प्रकारको काठको साधन जसमा हातगोडा छिर्ने प्वाल परेका फलेक जोडिएको साधन; अपराधीलाई बारबन्देज गर्ने पुरानो साधन; मानिसलाई भाग्न उम्कन नपाउने गर्नका लागि काठका फलेकका प्वालमा उसका दुवै खुपट्टा छिराई जोरी ताल्चा मार्ने र उसलाई हलचल गर्न नसक्ने बनाउने एक प्रथा।

तुरुन्त (Immediately, forthwith, at once)- *क्रिवि.* [सं. त्वरत] तत्कालै; कार्यालयको कार्य फछ्यौंटको सन्दर्भमा आफैले कार्य फछ्यौंट गर्नुपर्नेमा आफूसमक्ष पेस भएकै दिन; माथिल्लो तहमा पेस गर्नुपर्नेमा सोही दिन; कार्यालय उठ्ने समय परेको भए अड्डा बस्नासाथ। *[हे. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ३६ को उपनियम (१) ।]*

तुर्नी (End, finish)- *ना.* [तुर्+न्नी] टुङ्ग्याउनी; बिटमराइ; कुनै कामको समाप्ति; इति; काम समाप्त हुँदा मनाइने उत्सव; मैझारो। *तुल.* थालनी।

तुलित (Compared, estimated)- *वि.* [सं.] अड्कल गरिएको; तुलना गरिएको; दाँजिएको; तुला आदिबाट नापो लिइएको।

तुलो (Weighing scale)- *ना.* बाहुहरू बराबर नभएको तराजु। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५।]*

तुल्य (Similar, equal, same)- *वि.* [सं.] समान प्रकार वा श्रेणीको; बराबर; समान; समरूप; समदर्शी; सरोबर।

तुस (Malice, enmity)- *ना.* [सं.] ईर्ष्या; रिसइबी; वैरभाव; दागाधराइ; द्वेष; शेष; अवशेष; कसर; कस।

तेजस्वी (Bright, shining, lustrous)- *वि.* [सं.] चमकदार; उज्ज्वल; तेजिलो; प्रकाशवान्; तेजी; प्रसिद्ध; प्रतापी; बलवान्।

तेजाब (Acid)- *ना.* [फा.] मानव अङ्ग, जीवजन्तु वा अन्य जैविक वा गैरजैविक वस्तुलाई जलाउने, घातक क्षति पुऱ्याउने वा अन्य कुनै किसिमले गम्भीर असर पुऱ्याउने अकारबोनिक तेजाबजन्य रासायनिक पदार्थ र नाइट्रिक एसिड, सल्फरिक एसिड र हाइड्रोक्लोरिक एसिड; तेजाबजन्य अन्य घातक तथा ज्वलनशील रासायनिक पदार्थ; धातुहरू गलाउने शक्ति भएको तरल, अम्ल पदार्थ; अर्क; अरख; क्षार पदार्थ। *[हे. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २ को खण्ड (छ)।]*

तेजाबी (Metal refined by acid)- *वि.* [तेजाब+ई] तेजाबले शुद्ध पारिएको; एक पटक तेजाब लगाएर बनाएको धातु। उदा. तेजाबी सुन।

तेजारत/ तेजारथ (Office for financial transactions)- *ना.* [अ. तिजारत] रुपैयाँ पैसा आदिको लेनदेन वा त्यस्तो कार्य गर्ने पुरानो अड्डा।

तेजारत/ तेजारथ अड्डा (Treasury office)- *नाप.* राणाकालमा सरकारी कर्मचारीलाई चाँदतोडा लिनेदिने अड्डा; रुपैयाँपैसा सम्बन्धी काम गर्ने सरकारी अड्डा।

तेजोबध/ तेजोभङ्ग (Disgrace, dishonour, insult, defamation)- *ना.* [सं.] तेज वा शक्ति घटाउने वा नष्ट पार्ने काम; तेजहरण; अपमान; बेइज्जत।

तेरिज (Summary, essence)- *ना.* [अ. तहिर] कुनै लेखोट वा कुरा आदिको सारांश; मजबुन; छोटकरी लेख; सार; निचोड; निष्कर्ष; उपसंहार।

तेस्रो पक्ष निक्षेप खाता (Third party deposit account)- *नाप.* बैङ्क तथा वित्तीय संस्थामा निक्षेप खाता भएको व्यक्तिबाहेक लाभग्राही अर्को व्यक्ति रहेको खाता; बैङ्क तथा वित्तीय संस्थामा निक्षेप खाता भएको व्यक्तिबाहेक लाभग्राही तेस्रो पक्षले आफै वा निजका कानूनी प्रतिनिधिको

दस्तखतमा सञ्चालन गरेको खाता। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (ङ) ।]*

तेस्रो पक्ष सहजकर्ता (Third party facilitator)- *ना.प.* कुनै कारोबार वा करारमा सम्पन्न गरिने कामलाई सहज बनाउन कारोबार वा करारका पक्षहरूले निश्चित भूमिकाका लागि स्वीकार गरेको तेस्रो पक्ष; बिमक र बीमितबिच बीमा सञ्चालन गर्न माध्यमको रूपमा काम गर्ने इजाजपत्रप्राप्त बिमा मध्यस्थकर्ता। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (झ) ।]*

तेस्रो मुलुक (Third country)- *ना.प.* पारस्परिक सम्बन्धका दुईभन्दा भिन्न अर्को मुलुक; नेपालमा अनुसन्धानको दायरामा रहेको मालवस्तु निर्यात गरेको मुलुकभन्दा अन्य मुलुक वा स्वतन्त्र भन्सार क्षेत्र; भारतबाहेकका अन्य विदेशी मुलुक। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (ञ) र भन्सार नियमावली, २०६४ को नियम २ को खण्ड (ख) ।]*

तैकात (Investigation, verification, research)- *ना.* तहकिकात; खोज; अन्वेषण; मौका तैकात।

तैनाथ/ तैनात (Appointment, assignment, deployment)- *ना.* [अ] प्राधिकार; हैकम; खटन; खटनपटन; नियुक्त गर्ने, खटाउने वा काममा लगाउने कार्य।

तैनाथवाला (Authority)- *ना.* [तैनाथ+वाला] अधिकारवाला; अख्तियारवाला; तैनातवाला।

तोकिएको (Assigned, prescribed)- *वि.* [सं.] निर्धारित; इङ्गित गरिएको; किटान गरिएको; दिइएको वा प्रदान गरिएको।

तोकिएबमोजिम (As prescribed)- *क्रिवि.* [सं.] निर्देश वा किटान गरेअनुसार; कुनै प्रावधानले इङ्गित गरे वा अर्थ्याएबमोजिम; जनाए वा औंल्याएअनुरूप।

तोड (Shock)- *ना.* [तोड्+अ] कागज दोबार्दा पर्ने डोब; कुराको प्रभाव, वेग वा जोड; वस्तुलाई तोड्दा परेको असर; होड वा प्रतिस्पर्धा; फोर्ने, फुटाउने वा तोड्ने काम; प्रहार; आघात वा चोट;

तोडफोड (Breaking up; violence; sabotage)- *ना.* [तोड्+अ+फोड्+अ] तोड्ने र फोड्ने कार्य; भत्काउने वा विनाश गर्ने काम; बिगार्ने वा भताभुङ्ग बनाउने क्रिया; छिनोफानो।

तोडमोड (Twisting)- *ना.* [तोड्+अ+मोड्+अ] कुनै विषयवस्तु वा कामकुरालाई बङ्गयाउने काम; सग्लो कुरालाई विकृत तथा विरूप पार्ने काम; कुरा बङ्गयाउने काम; तोडमरोड; बटारबुटुर।

तोप (Cannon)- *ना.* [तु.] ठूलो नालबाट गोला हानिने दुईपाङ्ग्रा जडिएको एक प्रकारको सामरिक अस्त्र; टाडाबाट बारुदगोला हुत्याएर प्रहार गर्ने युद्धोपकरण।

तोपखाना (Cannon house)- *ना.* तोपलगायत युद्धका उपकरण र अन्य सामग्री राख्ने घर वा कोठा।

तोला (Weight of 11.66 gram)- *ना.* [सं. तौल] सय वा छयानब्बे लालको परिमाण बराबरको वजन; सुनका जोखाइमा सय लाल र चाँदीका जोखाइमा छयानब्बे लालगेडी बराबरको परिमाण; ११.६६ ग्राम बराबरको तौल।

तोसाखाना (Store house for keeping military uniforms, store room where the royal dress, treasure, medal, badge are stored for security)- *ना.* [तु. तोसा+फा. खान] सरकारी जङ्गी पोशाक आदि राख्ने भण्डार घर; राजाहरूका बहुमूल्य गहना तथा पोशाक आदि राखिने कोठा।

तौलने पुल (Weigh bridge)- *नाप.* सङ्केतन प्रबन्ध लिभर व्यवस्थादेखि भिन्दै जगमा स्थापना गरी अनुपातिक तौलहरू वा अरू सङकेतकको माध्यमद्वारा एक हजार किलोग्राम (एक टन) वा सोभन्दा माथिको वजन तौलन प्रयोग गरिने कम्पाउन्ड लिभरहरूद्वारा निर्माण गरिएको तौलने यन्त्र। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५।]*

तौलने यन्त्र (Weighing device)- *नाप.* तौलको नापजाँच गर्ने वा मापन गर्ने साधन; डिजिटल प्रणाली वा कमानी तराजुका रूपमा तौल नाप्ने साधन; तौलने काममा व्यवहार गरिने जुनसुकै किसिमको तौलने यन्त्र; दुई पल्ला भएको तराजु र सो तराजुमा व्यवहार हुने ढक। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (च)।]*

त्यागपत्र (Resignation letter)- *ना.* [सं. त्याग+पत्र] कुनै पद, काम, सेवा वा अधिकार आफूखुसी छोड्दा दिइने पत्र; राजीनामा; छोडपत्र।

त्राण (Protection, safety, security)- *ना.* [सं] रक्षा; बचाउ; प्रतिरक्षा; सहारा; तरान; आश्रय वा आडभरोसा; सहारा वा शरण; छुटकारा।

त्रास (Terror, dread)- *ना.* [सं.] डर; भय; झस्को; अत्यास; तरास; धक; सङ्कोच।

त्रासदी (Tragic)- *वि.* [सं.] दुःखान्त, वियोगान्त; दर्दनाक; दुखद; पीडादायी।

त्रिखण्डी (One third division to tenant and two third to land owner)- *ना.* [सं.त्रिखण्ड+ई] तीन खण्डमा एक खण्ड; जग्गाजमिनको तीन भागमा एक भाग मोहीले र दुई भाग तल्लिसङले पाउने

स्वामित्वको व्यवस्था; उब्जेको बालीलाई तीन भाग लगाई दुई भाग धनी बोटी र एक भाग बनी बोटी गरी भाग लगाउँदा जग्गा कमाउनेले पाउने बालीको भाग। तुल. अँधिया।

त्रिसाला (Triennial work, a work or plan to be completed within three years)- *वि.* [सं. त्रि+साल] तीन वर्षको म्याद राखेर गरिएको कारोबार; त्रैवार्षिक।

त्रुटिपूर्ण उत्पादन (Defective product)- *ना.प.* आवश्यक परिमाण र गुणस्तर नपुगेको उत्पादन; कुनै उत्पादन उपभोग गर्दा सामान्य मानिसले मनासिब तवरले अपेक्षा गर्ने न्यूनतम सुरक्षाका उपायहरू त्रुटिपूर्ण डिजाइन, निर्माण, प्रशोधन, मिश्रण वा जडान, त्रुटिपूर्ण प्याकिङ, संरक्षण वा भण्डारण, त्रुटिपूर्ण प्रस्तुति, उत्पादित वस्तु वा सेवाको प्रकृति अनुसार सम्भावित जोखिम वा खतरालाई नियन्त्रण गर्ने पर्याप्त उपाय वा पूर्वसावधानीको अभाव र बौद्धिक सम्पत्तिको अधिकार प्राप्त उत्पादन कम्पनीले उत्पादन गरेकोभन्दा फरक वा चोरी वा नक्कल गरेको उत्पादन; कुनै कारणबाट उत्पादन हुनुपर्ने स्तर र मात्रा नभएको कुनै वस्तु वा सेवा। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ध) ।]*

त्वरित भूक्षय (Frequent land slide)- *ना.प.* प्राकृतिक वा अन्य कृत्रिम कारणबाट हुने बेगिलो भूक्षय; तारन्तार हुने भूक्षय।

थ

थकथक/ थकथकी (Regret, repentance)- *वि.* [अमू. थक (द्वि.)] पछुतो; पश्चात्ताप; पछुताउ; थक्क।

थकाली (Head or chief of the community)- *ना.* [थाक+आली] कुनै समुदायको मुख्य व्यक्ति; मूली; नाइके।

थतमराइ (Procrastination, lingering, dilemma)- *ना.* [थात+मराइ] आलेटाले; अलमल; दिग्भ्रम; भ्रान्ति; अल्याङमल्याङ।

थनौरे (Flatterer, sycophant)- *ना.* ठुलाबडाको अगुवापछुवा भएर लागिपर्ने मान्छे; धुपौरे; चम्चागिरी गर्ने मान्छे।

थपना (Representative, delegate)- *ना.* देखावटी वा नाममात्रको; एकको अभाव वा अनुपस्थितिमा खडा गरिएको अर्को व्यक्ति, वस्तु वा प्रतिनिधि।

थपस (Defect, fault)- *ना.* [सं. तामस] खोट; दोष; त्रुटि; कमजोरी।

थमौती (Restoration, reinstatement)- *ना.* [थाम्+औती] जस्ताको तस्तै रहन दिने काम; काम गरिरहेको कर्मचारीलाई यथावत काम गर्न दिने काम; खोसिएको जागिर पुन थामिदिने काम; थामिने प्रक्रिया वा अवस्था।

थर (Surname, family name)- *ना.* [सं. स्थरम्?] थरीका मातहतको आवादी जमिन; मूल एकै कुलका सन्तान दरसन्तान हुँदै आएका मानिसको परिवार नाम; वंशानुगत नाम पहिचान; एउटै जातिभित्रका मूल कुल परम्पराबाट सन्तान-दरसन्तान हुँदै आएको उपनाम वा वंशानुगत उपपद; कुनै जाति वा समुदायभित्रका स्था न, पेसा, पद, भाषाभाषिका आदिका आधारमा समूहको साझा चिनारी जनाउने नाम; कसैको व्यक्तिगत नामलाई पूरा परिचय दिन राखिने पारिवारिक नाम; नामथर। *[हे. आदिवासी जनजाती आयोग नियमावली, २०७९ को नियम ८ को उपनियम (१) को स्पष्टीकरण।]*

थरघर (Surveyor)- *ना.* [थर+घर] जग्गा नापी गर्ने कर्मचारी; नेवार जातिका डङ्गोलको घरमुली; कुलघराना; छथर।

थरी (Kind, type, sort)- *ना.* [थर+ई] प्रकार; किसिम; तिरो उठाई सरकारमा बुझाउने मुखिया पद; जिम्बाल।

थर्पु (Temporary hut or camp)- *ना.* बाटाघाटामा बनाइने अस्थायी छाप्रो; छाउनी; अखडा; शिविर; पाल।

थल (Land, ground)- *ना.* [सं. स्थल] जमिन; भूमि; भुईं; पृथ्वीमा जलभन्दा भिन्न ठाउँ।

थली (Plain surface of high land)- *ना.* [सं. स्थली] अग्लो ठाउँको समथर जमिन; टार।

थलो (Place, site)- *ना.* [सं. स्थल] ठाउँ; थात; जग्गा; स्थान; घटनास्थल वा घटना भएको स्थान; थातबास; भूमि; बसोबास रहेको ठाउँ।

थाक (Pile)- *ना.* [सं. स्तुक] तहतह पारी मिलाएर राखिएको वस्तुहरूको समूह; खप्ट्याएर राखिएका वस्तुको समष्टि; चाङ; खात; थाक्ने काम वा थकाइ।

थाङ्का (Thanka, a kind of painting related to Buddhism)- *ना.* [सं. स्थान+ नेवा. का] कागज, कपडामा अङ्कित बौद्ध धर्मसँग सम्बन्धित रङ्गिन चित्र; थाङ्क; पौभा।

थात (Residence, address)- *ना.* [सं. स्थित] बासस्थान; बसेको ठाउँ; थातथलो; थातवास; वतन; ठेगाना; ठाउँ/ ठाम।

थाती (Deposit, security, mortgage, postponement)- *ना.* [सं.] धरौटी; धितो; जमानत; नासो। *वि.* स्थगित; बाँकी; रोकिएको; अनिर्णीत।

थातीथुनुवा (Stoppage of crops of disputed land by government)- *ना.* [थाती+थुनुवा] विवाद परेका जग्गाजमिनको बाली रोक्का; कुनै कारणले सरकारले गरेको कुनै कुराको रोक।

थान (Count, item, unit)- *ना.* गोटा; एकाइ; सङ्ख्या; स्थान; कपडाको सिङ्गो फर्दा।

थाना (Police station)- *ना.* [सं. स्थान] प्रहरी कार्यालय वा चौकी; पुलिस अफिस; ठाना।

थानी (Head of village, local chief)- *ना.* [सं. स्थान+ई] गाउँको मूली; गाउँका भद्रभलादमी।

थान्को (Settlement, arrangement)- *ना.* [सं. स्थान+को] तह लाउने वा थन्क्याउने काम; टुङ्गो; ठेगान।

थाप्सा/ थ्याप्सा (Sinister, inauspicious)- *ना.* अशुभ; अपशकुन; अलच्छिन।

थामथुम (Prevention, hold)- *ना.* [थाम (द्वि.)] रोकथाम गर्ने काम; थामिराख्ने काम; चित्त बुझाउन सम्झाइबुझाइ गर्ने काम।

थारू (A tribal sect of Nepal's tropical zone)- *ना.* नेपालको भित्री मधेस र मधेसमा बसोबास गर्ने एक प्रमुख जाति; नेपालको थारू मातृभाषी समुदाय; थारू भाषा।

थारू आयोग (*Tharu* Commission)- *ना.प.* थार समुदायको इतिहास र संस्कृतिको पहिचान तथा हकहितको संरक्षण गर्ने राज्यको निकाय; थारू समुदायको सशक्तीकरण गर्न स्थापित आयोग।

थारू समुदाय (Tharu community)- *ना.* नेपालको आदिवासी थारू समुदाय; थारू जातिका सम्पूर्ण सदस्य। *[हे. थारु आयोग ऐन, २०७४ को दफा २ को खण्ड (घ) ।]*

थारो (Restriction mark or sign on disputed land by an authority)- *वि.* [सं. स्थावर] केही नउब्जने जमिन; नब्याउने वा दुहुनो नरहेको बस्तुभाउ। *ना.* [प्रा. दण्ड/ जरिबाना] विवाद भएको जमिन वा त्यसको बाली, बोटविरुवामा सरकार वा सम्बन्धित निकाय वा संस्थाद्वारा गरिने रोक्का र त्यसका लागि लगाइएको साँध, निसान वा चिह्न; वनक्षेत्रमा रुखपात वा दाउरा काट्न निषेध गरी त्यसका लागि लगाइएको निसान वा चिह्न।

थालनी (Beginning, initiating, commencement)- *ना.* [थाल्+अनी] सुरुआत; आरम्भ; प्रारम्भ; खेवारा; उठान; थाल्नी।

थिचोमिचो (Suppression, oppression)- *ना.* [थिच्+ओ+मिच्+ओ] अर्कालाई दबाबमा पार्ने काम; दमन; अरूको अधिकार मिच्ने काम; कसैलाई बलपूर्वक दबाउने काम; शोषण; अन्याय; ज्यादती।

थिति (Custom, usage, practices)- *ना.* [सं. स्थिति] पहिलेदेखि चलिआएको चलन; रीति; परम्परा; चाँजोपाँजो; प्रबन्ध; बन्दोबस्त।

थितिरीति (Arrangement, usage)- *ना.* [थिति+रीति] चाँजोपाँजो; चालचलन; बन्दोबस्त; रीतिथिति।

थिरिनु (Stable, steady, stand and stick upto the last)- *क्रि.* अडिगु हुनु; टिक्नु; अड्नु,; उभिनु; थिग्रिनु।

थिलथिलो (Body to be paining due to tiredness or illness)- *ना.* [थिलो (द्वि.)] जतातै ठक्कर लागेको; थिचिएको; किचिएको; थिलथिलो।

थुनछेक (Detention, taking into custody for judicial enquiry)- *ना.* [थुन्+अ+छेक्+अ] थुन्ने र छेक्ने काम; पुर्पक्षका लागि थुनामा राख्ने काम; थुनी पुर्पक्ष गर्ने काम; थुन्ने काम; बाधा; बन्देज; व्यवधान; रोक।

थुना (Custody, detention)- *ना.* [थुन्+आ] अभियोग प्रमाणित नहुन्जेलसम्मको थुनाइ; थुन्ने काम; थुनिएका वा थुनिने व्यक्तिलाई राखिने ठाउँ; हिरासत।

थुनामा रहेको (In detention)- *नाप.* कानूनबमोजिम हिरासतमा रहेको अवस्था; वैध किसिमले थुनेर राखिएको। *[हे. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा (१) को स्पष्टीकरण।]*

थुनुवा (Detainee, custody, captivity)- *ना.* [थुन्+उवा] थुनामा राखिएको मानिस; कसुरको अनुसन्धानको सिलसिलामा वा पुर्पक्षका लागि न्यायिक हिरासतमा रहेको व्यक्ति; कानूनबमोजिम थुनामा रहेको व्यक्ति; कसुर ठहर हुन बाँकी रहेको तर थुनामा परेको व्यक्ति; कसुरको अभियोग प्रमाणित भइनसकेको बन्दी। *वि.* थुनिएको; थुनिने; थुनामा परेको। *तुल.* कैदी; बन्दी। *[हे. कारागार ऐन, २०७९ को दफा २ को खण्ड (ज)।]*

थुनुवापुर्जी (Warrant for detention)- *ना.* [थुनुवा+पुर्जी] कुनै व्यक्तिलाई थुनामा राख्नका लागि दिइने आज्ञापत्र; अपराधको अनुसन्धान वा पुपर्क्षका लागि थुनामा राख्न अदालतबाट दिइने पुर्जी; मुद्दाको अनुसन्धान वा पुर्पक्षका लागि थुनामा राख्नु पर्दा कारण देखाई दिइने पुर्जी वा निस्सापत्र।

थुन्नु (To detain, to incarcerate)- *क्रि.* थुनामा राख्नु; जेलमा राख्नु; रोक्नु; बन्द गर्नु; स्वतन्त्रताबाट वञ्चित गर्नु; बारबन्देजमा पार्नु।

थुम (Determined area of hilly region to collect revenue)- पुरानो प्रशासनिक व्यवस्थामा नेपालको विशेष गरी पूर्वी पहाडी क्षेत्रमा मालपोत उठाउनको लागि निर्धारित क्षेत्र; थुम्को वा चुली।

थुम्को (Ridge, hill top)- *ना.* पहाडको चुली; चुचुरो; शिखर।

थुर्नु (To scold, to rebuke)- *क्रि.* गाली गर्नु; थर्काउनु; टोकस्नु; दिक्क लगाउनु।

थेग्ला (Open place in the middle of forest)- *ना.* वनजङ्गलका बिचको खुल्ला ठाउँ; हिमाली प्रदेशका जङ्गलबिचको खुला ठाउँ।

थेचोरो (Stubborn, incorrigible)- *वि.* [थेत्तुरो] धिङ्न्याहा; अटेरी; थेत्तर; थेत्तरो।

थैली (Principal amount, seed capital)- *ना.* [थैलो+ई] जग्गा जमिन किनबेच गर्दा तोकिएको मोल; लागत रुपैयाँ; मूलधन; परल मोल; सानो थैलो; झोली।

थोक (Whole-sale goods)- *ना.* [प्रा. थोक्क] अधिक मात्रा; एकमुस्ट बिक्री गरिने माल; सामान; चिज; वस्तु; पदार्थ।

द

दकस (Hesitation)- *ना.* जान्नेसुन्नेका अगाडि बोल्न अन्कनाउने मानसिक अवस्था; हिचकिचाहट; धक; सङ्कोच।

दक्खल/ दखल (Possession, interference, expertism, internal injury)- *ना.* [अ. दख्ल] कब्जा; हस्तक्षेप; निपुणता; कौशल; क्षमता; चोट वा असर।

दक्ष (Expert, skillful)- *ना.* [सं.] कुनै काम गर्न जान्ने; योग्य र सक्षम; सिपालु; कुशल; निपुण।

दक्षिणपन्थ (Rightism)- *ना.* [सं.] घोर उग्रवादी वा क्रान्तिकारी विचारधाराका विरुद्धको क्रमिक, वैधानिक र शान्तपूर्ण तरिकाले विकास गर्दै लानुपर्छ भन्ने मतसम्प्रदाय; सुधारवादी तथा उदारवादी विचारधारा; मध्यम मार्ग।

दगलफसल (Conflict, quarrel, riot)- *ना.* दङ्गाफसाद; कलह; झैझगडा; गलफत्ती; बाझाबाझ; मारपिट।

दगा/ दागा (Anger, enmity, feeling of revenge)- *ना.* [अ.] रिस; इबी; द्वेष; प्रतिशोधको भावना; बदलाको भावना; दागा; छलकपट।

दगाबाज (Backstabber, betrayer)- *वि.* [दगा+फा. बाज] धोकेबाज; कपटी; दगा गर्ने।

दग्ध (Tortured, suffered, troubled)- *ना.* [सं.] दाह; भष्मीकरण; दाग। *वि.* डढेको; पोलेको; दुःख पाएको सन्तप्त, सताइएको, पिल्सिएको; अशुभ।

दङ/ दङ्ग (Cheerful, joyful)- *वि.* धेरै प्रसन्न; छक्क परेको; मक्ख परेको; चकित।

दङगदास (Delightful, amazed)- *वि.* [दङ्ग/ दङ+दास] ज्यादै खुशी, अति प्रशन्न, आश्चर्यचकित।

दङ्गा (Riot, dispute) - *ना.* [फा. दङ्गल] धेरै मानिसका बिचको कलह वा झगडा; सामूहिक उपद्रव; उत्पात; भाँडभौलो; हुलदङ्गा; मारपिट; लुटपाट; लुटमार; हुलमुल।

दङ्गाग्रस्त क्षेत्र (Riot-prone zone)- *नाप.* धेरै मानिसका बिचमा हुलदङ्गा, झगडा, उपद्रव, उत्पातजस्ता क्रियाकलाप भइरहेको क्षेत्र; होहल्ला हुलदङ्गा वा भाँडभैलो र हानाहान हुने जोखिम रहेको ठाउँ।

दङ्गाग्रस्त क्षेत्र घोषणा (Declaration of riot affected areas)- *ना.प.* कुनै क्षेत्रमा जुलुस, भिड वा सङ्गठित समूहले हातहतियार समेत लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाहीद्वारा हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीद्वारा उक्त क्षेत्रलाई गरिने घोषणा; हुलदङ्गा हुने वा भएको क्षेत्रको घोषणा। *[हे.स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ख. को उपदफा (१) ।]*

दण्ड (Punishment, penality)- *ना.* [सं.] अपराध, गल्ती वा अनुचित कार्यका बदलामा बेहोराइने प्रतिकूलता; कसुर गर्नेले बेहोर्नुपर्ने दायित्वभार; कानून उल्लङ्घन गरे बापत हुन सक्ने जीवन, स्वतन्त्रता वा सम्पत्तिको वञ्चिती; कैद, जरिबाना, सामुदायिक सेवा, क्षतिपूर्तिजस्ता अभिभारा; सजाय; दण्डसजाय; अनुसास्ती; समाजमा शान्ति र अमनचैन कायम गर्न सिर्जित प्रतिभय; मानिस वा प्राणीलाई नियन्त्रणमा राख्ने राजकीय साधन।

दण्डधारी (Judge)- *ना.* [सं.] दण्डसजाय तोक्ने व्यक्ति, न्यायाधीश।

दण्डनायक (Criminal Execution Officer) - *ना.* [सं.] न्यायाधीश, सेनापति, सेनानायक।

दण्डनीति (Punishment policy)- *ना.* [सं.] दण्ड दिने प्रशासन वा नीति; न्याय; आन्वीक्षिकी।

दण्डनीय (Punishable, punitive) - *ना.* [सं.] दण्ड वा सजाय दिन योग्य; दण्ड दिनुपर्ने; दण्डको भागीदार बनाउनुपर्ने।

दण्डभार (Sanction)- *ना.* [सं. दण्ड+भार]; आपराधिक उत्तरदायित्वको भार; सजायको वजन।

दण्डविधान (Penal code)- *ना.* [सं.] दण्डको विधान र विधिको एकीकृत अवस्था; दण्डसम्बन्धी कानूनी प्रावधान; दण्डसंहिता।

दण्डशास्त्र (Penology)- *ना.* [सं.] दण्डसजायको अध्ययन गर्ने शास्त्र; दण्डको प्रयोग र प्रभावका बारेमा अध्ययन गर्ने विज्ञान; दण्डविज्ञान।

दण्डहीनता (Impunity)- *ना.* [सं.] कानून र व्यवस्था नभएको अवस्था; अपराधीले दण्ड भोग्नु नपरेको जस्तो अराजक अवस्था; दण्ड पाउनुपर्नेले दण्ड नपाउने र दण्ड नपाउनुपर्नेले दण्ड पाउने भाँडभौलोपूर्ण अवस्था; बेथिति।

दपोट (Concealment, illegal possession of other's property) - *ना.* [दाप्+ओट] सरकारी जमिनको कर, पोत, तिरो आदि नतिरी लुकाई-छिपाई जग्गा भोगचलन गर्ने काम; अर्काको

धनमाल जानीजानी दबाएर पचाउने वा आफ्नो अधीनमा पार्ने काम; कसैको जग्गा वा सम्पत्ति जबरजस्ती भोगचलन गर्ने वा अधीनमा पार्ने काम; हडप्ने काम।

दफा (Section, clause)- *ना.* [अ.] ऐनभित्र रहने कथनको एक अंश वा बुँदा; ऐन, विधान वा कानूनी लिखतको अनुच्छेदलाई दिइने नाम; ऐनका अनुच्छेदहरूको क्रमाङ्कन गर्ने अङ्क; उपदफाहरूको संयुक्त रूप; कानूनी सङ्कथनको उपदफाभन्दा ठूलो र परिच्छेद/ महलभन्दा सानो मध्यवर्ती एकाइ वा बुँदा; प्रकरण; अनुच्छेद। *क्रिवि.* पटक; खेप।

दफावार (Sectionwise)- *वि.* [दफा+वार] प्रत्येक दफासँग सम्बन्धित, दफाअनुसारको; सिलसिलेबार; क्रमबद्ध; क्रमैअनुसारको।

दफ्तर (Office)- *ना.* [फा.] अड्डा; अफिस; कार्यालय; अदालत; कचहरी; कार्यकक्ष।

दबदबा (Influence, sway, high handedness)- *ना.* [अ. दबदब] रोबरवाफ; हैकम; धाकधम्की; अभिमान; चकचकी।

दबाउ/ दबाब (Pressure, oppression, suppression)- *ना.* [दब्+आउ] चाप्ने वा निचोर्ने काम; थिच्ने काम; थिचोमिचो; अर्कालाई वशमा राख्न सास्ती दिने काम।

दबाउनु (To suppress, to oppress, to conceal) - *क्रि* छिपाउनु; लुकाउनु; थिचोमिचो गर्नु; वशमा राख्नु।

दम (Strength, capacity)- *ना.* [फा.] तागत; बर्गत; बुता; शक्ति; गति; क्षमता; स्वासप्रश्वाससम्बन्धी स्वास्थ्यसमस्या वा रोग; दम्को; यन्त्रलाई सुरुमा चलाउन वा नियमित गर्न सुई वा कमानीको बल लगाउने काम (घडी, खेलौना आदिमा)।

दमकल (Fire brigade)- *ना.* [दम+कल] आगलागी हुँदा आगो निभाउन प्रयोग गरिने पानी भरिएको ट्याङ्की; आगो निभ्याउने यन्त्र; वारुणयन्त्र।

दमडी (One fourth of a paisa)- *ना.* [सं. द्रविण] एक पैसाको चतुर्थांशको मानको प्राचीन सिक्का; एकदाम; पैसाको सबैभन्दा सानो एकाइ; चुनदाम; कौडी।

दमदार (Capable, effective)- *वि.* [दम+दार] क्षमता भएको; फुर्तिलो; प्रभावकारी; असरदार।

दमन (Domination, oppression, persecution)- *ना.* [सं.] थिचोमिचो; दबदबाउ; दबाउ; बल, शक्ति, प्रभाव आदिले दबाउने काम वा दबाएको अवस्था।

दमनकारी (Oppressor, persecutor)- *वि.* [दमन+कार+ई] दमन वा थिचिमिचो गर्ने; पेलाहा; मिचाहा।

दमपच (Embezzlement)- *ना.* [दबाउ+पच्+अ] कसैको धनमाल लिएर फिर्ता नदिने काम; भाग्ने काम; गायब गर्ने काम; मसौट।

दमार (Malarious place in the middle of the forest)- *ना.* खोलाको किनारको वा औलो लाग्ने जङ्गलका बिचको खोँच; औलो लाग्ने गर्मी ठाउँ; झारैझार भएको झाडी वा ठाउँ; खोच।

दमित (Oppressed, suppressed)- *वि.* [सं.] दमन गरिएको; मनभित्रैबाट आफूलाई हेपिएको वा उपेक्षा गरिएको अनुभूत।

दम्पती (Husband and wife, married couple)- *ना.* [सं.] पतिपत्नी; विवाहद्वारा पत्नी र पतिको रूपमा आफूहरूले स्वीकार गरेका जोडी; लोग्नेस्वास्नी; जोईपोइ।

दम्भ (Boast, pride, vanity)- *ना.* [सं.] देखावटी सान; आडम्बर; बोक्रे धाक; अहंकार; अनावश्यक फुर्तिफार्ती; देखावटी स्वाङ; जालझेल; छलकपट।

दम्स्याइलो (A sloppy land)- *वि.* केही भिरालो परेको; तेर्पे; करालो; समतल नभई हल्का ओरालो परेको।

दयनीय (Pitiable, miserable)- *वि.* [सं.] दयालाग्दो; मायालाग्दो; दया गर्नुपर्ने अवस्थाको; दया गर्न लायक।

दया (Mercy, kindness, sympathy, compassion)- *ना.* [सं.] संवेदना; करुणा; कृपाभाव।

दयालु (Kind, merciful, compassionate)- *वि.* [दया+आलु] मनमा दया भएको; दयाशील; दयावान्; कृपालु।

दर (Rate, price)- *ना.* [फा.] कुनै सामानको किनबेचका लागि तोकिएको मूल्य; मोल; मूल्य; दाम; भाउ; रेट।

दरकस (Fixation of price, price determination)- *ना.* [दर+कस] किनमेल गरिने वस्तुको मोलतोल; दरभाउ; दररेट।

दरकार (Need, necessity)- *ना.* [फा.] खाँचो; आवश्यकता; जरुरत; सरोकार। *वि.* नभई नहुने; जरुरी; आवश्यक।

दरखर/ दरफर (Lacerated, scratch)- *क्रिवि.* [अमू.] कोतरिने, कोरिने, पाछिने, खुइलिने वा दगल्चिने चालले; शरीरको अङ्ग कोतरिएर, कोपरिएर वा कोरिने गरी।

दरखास्त (Application, petition)- *ना.* [फा. दरख्वास्त] निवेदनपत्र; आवेदनपत्र; अनुरोधपत्र; आग्रहपत्र; मागपत्र; अर्जी; बिन्तीपत्र; याचनपर्चा।

दरपिठ/ दरपीठ (Endorsement, written notice of rejection)- *ना.* [दर्+अ+पिठ] कानूनबमोजिम दर्ता गर्न नसकिने वा दर्ता नहुने लिखत दर्ता नगरी लिखतका पछाडिपट्टि, किनाराको भाग वा अलग्गै नयाँ खाली पृष्ठमा दर्ता गर्न नसकिनाको आधार र कारण खुलाई सम्बन्धित अधिकृतले गरेको आदेश वा टिप्पणीको बेहोरा र हस्ताक्षर; लिखतको पीठ अन्य कुनै भाग वा छुट्टै कागजमा लिखतका मान्यताका बारेमा आधिकारिक प्रतिक्रिया लेख्ने काम; घरसारमा भएका लेनदेनका कागजातमा उल्लेख भएको सावाँमध्ये केही रकम वा ब्याज बुझाउँदा तमसुकको पछाडि लेखिने विवरण र सहीछाप; कुनै विनिमेय अधिकारपत्रको अगाडि वा पछाडि वा त्यससाथ संलग्न कुनै लिखत वा कागजमा सो विनिमेय अधिकारपत्र विनिमेय गर्ने उद्देश्यले दस्तखत गर्ने काम; बहुविधिक ढुवानीपत्रमा उल्लिखित मालसामानको स्वामित्व बहुविधिक ढुवानी करारबमोजिम तोकिएको व्यक्तिलाई हस्तान्तरण गर्नका लागि बहुविधिक ढुवानीपत्रको अग्रभाग वा पछाडिपट्टि देखिने गरी कैफियत उल्लेख गरी प्रापकले दस्तखत गर्ने काम। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ग), विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (थ) र मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ढ) ।]*

दरबन्दी (Approved position and number of personnel) - *ना.* [फा.] कार्यालय वा कामकाजी संयन्त्र सञ्चालनका लागि चाहिने कर्मचारीहरूको निर्धारित पद र सङ्ख्या; कर्मचारीको पदीय कोटा।

दरबार (Palace, mansion)- *ना.* [फा.] ठूलो भवन; महल; प्रासाद; महत् भवन; विशाल गृहसंरचना।

दरभाउ/ दररेट (Fixed rate, price)- *ना.* [दर+सं. भाव/ दर+अङ्. रेट] किनबेचका लागि तोकिएको कुनै वस्तुको मोल वा मूल्य; दर; रेट; भाउ; दरकस।

दरभाउपत्र (Price list, quotation)- *ना.* मालसामानको मूल्यसूची; बोलपत्र; कोटेसन।

दरमाहा/ दर्माहा (Monthly salary or remuneration, monthly wages)- *ना.* [फा. दरमाह] महिनावारी तलब; मासिक वेतन; पारिश्रमिक; तनखा।

दररेट निर्धारण समिति (Rate Fixation Committee)- *नाप.* प्रत्येक जिल्लामा पूरै जिल्लाभरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट निर्धारण गर्ने

संयन्त्र; मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न गठित समिति। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (छ) र नियम 148 ।]*

दरसन्तान (Series of generation) - *ना.* [सन्तान (द्वि.)] सन्तानको वंशपरम्परा; भावी सन्तति; सन्तानहरूको सिलसिला।

दरसाबिक (Tradition, custom, old culture)- *ना.* [दर+साबिक] परम्परादेखि नै चल्दै आएको रीतिथिति; साबिकभन्दा पहिलेको कुरा; पूर्वपरम्परा।

दरा (A unit of a district, narrow path between high hills)- *ना.* [सं. दर] जिल्लाको एक सानो भाग; गाउँहरूको समूह; खोलाका भेगको बस्ती; गाउँभन्दा ठूलो क्षेत्र वा इलाका।

दरानतिरान (Registration and record keeping of tax payment)- *ना.* [दर्+आन+तिर्+आन] जग्गाजमिनको लगत स्रेस्ता आदिमा चढाउने (दर्) र तिरो तिर्ने काम (तिर्) को कुरा; आफूले दर्ता गरेर र तिरो तिरेर जग्गाको स्वामित्व स्थापित भएको अवस्था।

दरार (Slit, crack, crevice)- *ना.* [सं. दर] जमिन भासिएर बनेको वा चिरिएको छिद्र; चिरा; फाटो; मनमुटाब।

दरिद्र (Poor, pauper, indegent)- *ना.* [सं.] गरिब; निर्धन; कङ्गाल; टाट।

दरिलो/ दरो (Strong, firm, sturdy, durable)- *वि.* [दर्+इलो/ ओ] बलियो; मजबुत; अडिलो; टिकाउ; दिगो; दह्रो; सबल।

दर्जा (Post, designation, rank, position)- *ना.* [अ. दर्ज] कर्मचारीहरूको पद; ओहदा; तह; सेवा वा कार्यआदि बापत गरिने मान वा दिइने पदवी; स्तर; गुणस्तर; कोटी; श्रेणी।

दर्ज्यानी (List of rank and position)- *ना.* [दर्ज+आनी] दर्जा जनाउने सूची वा क्रम; दर्जाको वर्गीकरणअनुसारको मर्यादा वा मान; खास दर्जा। *वि.* औपचारिक; पदअनुसारको।

दर्ज्यानी चिह्न (Designation Batch)- *ना.प.* सेना वा प्रहरी पदाधिकारीलाई पदप्राप्ति वा बढुवामा दिइने पदअनुसारको चिह्नविशेष; दर्जाअनुसारको ब्याज; पदप्राप्ति वा पदभार ग्रहण गराउँदा त्यस्तो चिह्न वा ब्याजद्वारा गरिने सुशोभन।

दर्ता (Registration.)- *ना.* [दर्+इत+आ] कार्यालय वा कामकाजका संयन्त्रमा आएका चिठीपत्रको प्राप्ति अभिलेखाङ्कन; चिठीपत्रको अभिलेख वा पञ्जीकरण; कसैका नाउँमा जग्गाजमिनको स्वामित्व कायम गरी अभिलेखबद्ध गर्ने काम; कुनै कुरा खास ठाउँमा दर्ने वा चिह्नित गर्ने काम।

दर्ता स्रेस्ता (Registration record)- *नाप.* कुनै कुरा आधिकारिक रूपमा दरेर खडा गरिएको स्रेस्ता; जग्गाको विवरण खुलाई राखिएको सरकारी अभिलेख; जग्गा नापजाँच भई तयार भएको नक्सा र क्षेत्रीय किताबको आधारमा जग्गावाला, मोही, जग्गाको कित्ता, क्षेत्रफल र किसिम समेत स्पष्ट देखिने गरी तयार गरिएको जग्गाधनी दर्ता स्रेस्ता। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (क२) ।]*

दर्ताकिताब (Register, registration book) - *ना.* [दर्ता+किताब] पञ्जीकरण तथा नागरिक अभिलेख राख्न खडा गरिएको अभिलेख पुस्तिका; आधुनिक सूचना प्रविधिको प्रयोग गरी निर्माण गरिएको तथ्याङ्क भण्डार; प्राप्त चिठीपुर्जी वा अन्य कामकुराहरू दायर भएको वा प्राप्त भएमा वा काम सम्पन्न भएको बेहोरा जनाई अभिलेख राख्ने किताब। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (घ) ।]*

दर्तावाल पशु चिकित्सक (Registered veterinary doctor)- पशु चिकित्सा परिषद्मा दर्ता भएको पशु चिकित्सक; पशुचिकित्सासम्बन्धी काम गर्न प्रमाणपत्रप्राप्त व्यक्ति।

दर्तावाल/ वाला (Registered landowner)- *वि.* नाउँमा दर्ता भएको वाला; जग्गाजमिन, घर आदि आफ्नै नाममा दर्ता भएको; कानूनी रूपले जग्गाको धनी; दर्ताधारी; दर्ता गर्ने।

दर्तावाला इन्जिनियर (Registered engineer)- *नाप.* इन्जिनियरिङ परिषद्मा दर्ता भएको इन्जिनियर; इन्जिनियरका रूपमा काम गर्ने सक्षमताको प्रमाणपत्रप्राप्त व्यक्ति। *[हे. नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २ को खण्ड (छ) ।]*

दर्तावाला चिकित्सक (Registered medical doctor)- *नाप.* चिकित्सकको सम्बन्धित परिषद्को दर्ता किताबमा नाम दर्ता भएका चिकित्सक; दर्नुपर्ने निकायमा आफ्नो नाम दरेको डाक्टर; प्रमाणपत्र प्राप्त चिकित्सक।

दर्तावाला नर्सिङ्ग व्यवसायी (Registered nursing professional)- *नाप.* नर्सिङ्ग परिषद्को दर्ता किताबमा नाम दर्ता भएका नर्स, मिडवाइफ तथा असिस्टेन्ट नर्स मिडवाइफ; नर्सिङसम्बन्धी सेवा वा काम गर्न सक्षमताका प्रमाणपत्रप्राप्त व्यक्ति। *[हे. नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (च) ।]*

दर्तावाला फर्मासिस्ट (Registered pharmacist)- *नाप.* उत्पादन, वितरण, मूल्याङ्कन तथा प्रयोगका लागि औषधी उत्पादन र वितरणको मात्रा, निर्माणसूत्र, गुणस्तर र उपयोगबारे शैक्षिक तथा पेसागत ल्याकत र योग्यता भएको पेसेवर वा व्यवसायी; फार्मेसी परिषद्को दर्ता किताबमा

नाम दर्ता भएको फर्मासिस्ट। *[हे. नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा २ को खण्ड (ज) ।]*

दर्तावाला फार्मेसी सहायक (Registered pharmacist assistant)- *ना.प.* फार्मेसी परिषद्को दर्ता किताबमा नाम दर्ता भएको फार्मेसी सहायक; फर्मासिस्टको सहायकको रूपमा काम गर्ने व्यक्ति। *[हे. नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा २ को खण्ड (झ) ।]*

दर्तावाला लेखापरीक्षक (Registered Auditor.)- *ना.प.* लेखापरीक्षकको प्रमाणपत्र प्राप्त व्यक्ति; लेखापरीक्षणको काम गर्न सक्षमताका प्रमाणपत्रप्राप्त व्यक्ति। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (झ) ।]*

दर्तावाला स्वास्थ्य व्यवसायी (Registered health professional)- स्वास्थ्य व्यवसायी परिषद्को दर्ता किताबमा नाम दर्ता भएका स्वास्थ्य व्यवसायी; स्वास्थ्य व्यवसायसम्बन्धी काम गर्न सक्षमताका प्रमाणपत्रप्राप्त व्यक्ति। *[हे. नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा २ को खण्ड (७) ।]*

दर्ददर्माहा (Monthly payments for hard labour) - *ना.* [सं.] दुःख वा सास्ती खेपेर काम गरेबापत दिइने मासिक धन; कठिन परिश्रमको मासिक पारिश्रमिक।

दर्नु (To register, to file)- *क्रि.* दर्ता गर्नु; श्रेस्तामा चढाउनु; दायर गर्नु।

दर्प (Ego, conceit, boast)- *ना.* [सं.] घमण्ड; अभिमान; अहङ्कार।

दर्शनशास्त्र (Philosophy)- *ना.* [सं.] कुनै विषयको गहन अध्ययन तथा चिन्तन गर्ने शास्त्र; ज्ञान र विज्ञानका वा अध्यात्म र भौतिक पक्षपक्षान्तर व्याख्या र विवेचना गर्ने शास्त्र; जीवन र प्रकृतिका अन्तरबाह्य तत्त्व र सम्बन्धका बारेमा चिन्तनमनन; परिशीलन र शोधखोज गर्ने शास्त्र वा ज्ञानपद्धति।

दर्शी (Observer, beholder, to sight)- *ना.* [सं.] कुनै विषय वा तत्त्वलाई हेर्ने, ज्ञान गर्ने वा बोध गर्ने; स्पष्ट पार्ने; देखाउने।

दल (Like minded group or party) - *ना.* [सं.] मानव वा मानवेतर प्राणीको जमात; गठ; समूह; निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगमा दर्ता भएको दल; एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी हुने दलहरूको समूह; वैचारिक दृष्टिले सहमत हुन सक्ने व्यक्तिहरूको समूह। *[हे. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २ को खण्ड (झ), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (च), प्रदेश सभा सदस्य*

निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (छ) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २ को खण्ड (च) ।]

दलको प्रमुख सचेतक- *ना.प.* संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलको मुख्य सचेतक; प्रतिनिधिसभामा दश जना भन्दा बढी सदस्य रहेको दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ञ) ।]*

दलगत (Party based, related to a party)- *वि.* [सं.] समूह वा दलसँग सम्बन्धित; दलको; दलीय; दलअनुसारको।

दलन (Extreme exploitation, destruction, devastation)- *ना.* [सं.] चरम शोषण; विनाश; विध्वंस; संहार; पेलान; कुनै वस्तुलाई दल्ने काम; पिँधाइ; घोट्ने वा रगड्ने काम।

दलबदल (Defection, turncoat)- *ना.* [दल+बदल] दल वा समूह बदल्ने काम; एउटा दल छाडी अर्को दल र अर्को दल छाडी अर्को दलमा चहार्ने काम; दल परिवर्तन।

दलबल (Gathering, grouping)- *ना.* [दल+बल] सङ्गठित समूह; जत्था; समूह।

दलविहीन (Partyless)- *वि.* [सं.] कुनै राजनीतिक दल नभएको; निर्दलीय; पार्टी प्रणाली नभएको।

दलाल (Broker, commission agent)- *ना.* [अ. दल्लाल] कुनै वस्तु किनबेच गर्दा किन्ने र बेच्नेका बीचमा कुरा मिलाई नाफा खाने व्यक्ति; लिच्चो; चाप्लुस।

दलाली (Brokerage, duty of broker)- *ना.* [दलाल+ई] दलालको काम गरेबापत पाउने नाफा; दलालको काम वा पेसा; चाप्लुसी।

दलित (Oppressed due to caste)- *वि.* [सं.] थिचोमिचोमा परेको; दलिएको; दमन गरिएको।

दलित समुदाय (Dalit community)- *ना.प.* समाजका कथित उच्च वर्गको थिचोमिचोमा परेको समुदाय; दमन र थिचोमिचो बेहोर्दै आएको समुदाय; सरकारद्वारा दलित भनी परिभाषित समुदाय। *[हे. राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा २ को खण्ड (ङ) ।]*

दलिल (Argument, pleading, logic) - *ना.* [अ.] आफ्नो पक्षलाई सबल पार्ने चाहिने युक्ति, प्रमाण वा तर्क; कुनै कुरा पुष्टि गर्न गरिने तर्क; तर्कवितर्क; विचार वा सोच।

दशक (Decade, a period of ten years)- *ना.* [सं.] दश वर्षको समूह; दश वर्षभर; दश वटा वस्तुको समूह।

दशकर्म (From tillage to harvesting) - *ना.* [सं.] बिउ राख्ने, बेर्ना सार्ने, गोडमेल गर्ने, मलजल गर्नेलगायत बाली लगाउँदादेखि थन्क्याउँदासम्म गर्नुपर्ने काम; लजल, गोडमेल जस्ता बाली लागेदेखि थन्क्याउन्जेल गर्नुपर्ने खेतीपातीको काम; गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, निष्क्रमण, नामकरण, अन्नप्राशन, चूडा, उपनयन र विवाहसम्मका संस्कार।

दशगजा (Boarder between two countries scaling ten yards distance, no man's land) - *ना.* [दश+गज+आ] दुई देशका बीचको सिमाना छुट्याउने क्षेत्र वा भूमि; दुवै देशका बीचको कसैको पनि अधिकार क्षेत्रभित्र नपर्ने मानिएको चौडाइमा दश गज वा नब्बे मिटर बराबर हुँदै लम्बिएको सीमाक्षेत्र; दश गज वा नब्बे मिटर बराबरको फासला।

दसी (Exhibit)- *ना.* [सं. दर्शित] चिह्न वा निसान; कुनै वस्तुको अवशेष; अपराधीले अपराध गर्दा छोडेको प्रमाण हुनसक्ने वस्तु, चिनो, निसान वा प्रमाण; प्रमाणका लागि ग्राह्य वस्तु; आरोपितबाट बरामद भएको अपराधसँग सम्बन्धित माल वा वस्तु वा चिह्न; सबुदप्रमाण; घटनास्थलमा भेटिएको प्रमाणमा लाग्ने मालसामान।

दसौँद (One tenth, ten percent)- *ना.* [सं. दशांश] दश खण्डको एक खण्ड; पहिला अमाली प्रथामा मुद्दा मिलाएबापत लाग्ने बिगोको दश भागको एक भागसम्मको दस्तुर; भागबन्डा, ब्याज आदिको हिसाब गर्दा प्रयोग हुने सयकडा दशको दर।

दसौँदी (Ten percent interest)- *वि.* [दसौँद+ई] सयकडा दशको दर; दश प्रतिशतका हिसाबको ब्याज, दस्तुर आदि।

दस्तखत/ दस्खत (Signature) - *ना.* [फा.] आफ्नो रोहबरमा भएको हो अथवा यसमा मेरो सहमति भन्ने कुरा जनाउन आफ्नै हातले लेखिने नाम; हस्ताक्षर; हातको निसान; सही।

दस्ता (Team, group)- *ना.* [फा.] टोली, जमात वा जत्था; कुनै दल वा संस्थासँग सम्बन्धित भएर लडनभिडको तालिम पाएको समूह; दलबल; गारद; डफ्फा; चौबिस ताउको एक एकाइ; जिस्ता।

दस्ताबेज (Manifesto, document)- *ना.* [फा.] अभिलेख; कुनै कार्यालय, सङ्घ, संस्था आदिसँग सम्बन्धित कागजात; लिखत; लेखोट; लेखपत्र।

दस्तुर (Fees, tradition)- *ना.* [फा.] शुल्क; कर; महसुल; तरिका; काइदा; नियम; परम्परा; प्रथा; रीत; रीतिथिति।

दस्यु (Bandit, robber)- *ना.* [सं.] डाकु; लुटेरा; चोर।

दहत्तर बहत्तर (Driftwood)- *नाप.* नदी, खोला वा भेलबाढीले बगाई ल्याएका काठपात; नदी वा खोलाले बगाई ल्याएका, किनारा लागेको, अड्केको वा डुबेको वा पुरिएका काठ वा दाउरा; बग्रेठ। *[हे. वन नियमावली, २०७९ को नियम २ को खण्ड (छ) ।]*

दाँज्नु (To compare)- *क्रि.* कुनै वस्तुको रूप, आकृति, गुण आदिलाई अर्को वस्तुसँग तुलना गर्नु; दाँजेर हेर्नु; दुई वस्तुबिच तुलना गरी नापजाँच गर्नु।

दाँवल (Contemporary, coeval)- *ना.* [सं. यमल] बराबर उमेरका व्यक्ति; दौंतर; जोडा; समकालीन उमेर।

दाइजे बिर्ता/ दाइजोबिर्ता (Gifted tax free land to daughters and sisters)- *नाप.* राजा रजौटाले आफ्ना छोरीचेलीलाई दाइजोका रूपमा दिएको बिर्ता; दाइजे बिर्ता।

दाइजो (Dowry, bridal gift) - *ना.* [सं. दायाद्>प्रा. दइज्ज] विवाहमा दुलहीका बाबुआमाले दुलहीलाई दिएर पठाइने वस्तु वा धनमाल; बाबुआमाबाट छोरी पाउने सम्पत्ति।

दाउ (Chance, trick)- *ना.* [सं. दाय] कुनै कामकुरो मिलाउन सजिलो पर्ने अवसर; मौका; खेलमा अर्कालाई पछार्ने युक्ति; पेच; छिर्के; सम्भावनाका खेलमा कौडा वा पासा कता पर्छ भनी अनुमान गरी राखिने बाजी।

दाउपेच (Trickery, chicanery)- *ना.* [दाउ+पेच] अरूलाई हराउने वा गिराउने जुक्ति; छलबल; छलकपट; चालबाजी; जालझेल; युक्तिजुक्ति।

दाउरा (Firewood)- *ना.* [सं. दारुक] बाल्नका लागि प्रयोग गरिएका रूखका सुकेका हाँगा; आगो बाल्न योग्य काठ; दुईइ फिटभन्दा कम लम्बाइ र एक दशमलब पाँच फिटभन्दा कम गोलाइ भएको गोलिया काठ वा एक दशमलब पाँच फिटभन्दा बढी गोलाइ भए तापनि धोद्रो परेर, सडेर वा मक्किएर चिरानका रूपमा जान नसक्ने खयर बाहेकको गोलिया काठ; काष्ठ इन्धन; समिधा। *[हे. वन नियमावली, २०७९ को नियम २ को खण्ड (ज) ।]*

दाखिल खारेज (Transfer of ownership)- *नाप.* सरकारी स्रेस्ता कसैका नाउँमा दरिएको जग्गाजमिन आदिको हक सो व्यक्तिबाट हक खाने अर्कोमा लान अगिल्लाको नाम काटी हाल पाउनेका नाममा दर्ता गर्ने काम; नामसारी गर्ने काम।

दाखिल/ दाखिला (Entry, deposit, submit)- *ना.* [फा.] सम्बन्धित ठाउँमा हाजिर भएको; आइपुगेको; प्राप्त भएको; बुझाइएको; पेस, प्राप्त वा चुक्ता गरिएको।

दाग (Stain, accusation, stigma)- *ना.* [फा.] कसैको चरित्रमा लागेको कलङ्क; दोष; अभियोग; लाञ्छना; कुनै वस्तुमा लागेको टाटो वा धब्बा; घाउचोट लागी बसेको खत; चिनो।

दागबत्ती (Funeral fire brand, lightening the funeral pyre)- *ना.* [सं. दाह] दाहसंस्कार गर्दा आगो सल्काएर मुर्दाका मुखमा राख्ने बत्ती; दाग दिने बत्ती।

दागा (Envy, enmity)- *ना.* [अ. दगा] प्रतिशोधका भावनाले मनमा गडेको रिस; इबी; साँचेर वा साँध्न राखेको इख।

दागी (Stigmatized, blemished)- *वि.* [दाग+ई] कलङ्कित; दोष लागेको; दोषी;।

दातव्य (Charitable, worth giving)- *वि.* [सं.] अर्कालाई दिन योग्य; दान गर्न लायक; दानसम्बन्धी, दानको; प्रदेय।

दाता/ दातृ (Donor, giver)- *ना.* [सं.] कुनै चिज, वस्तु वा सम्पत्ति दिने व्यक्ति वा संस्था; दान गर्ने, बकसपत्र दिने वा गुठी राख्ने व्यक्ति; दानी व्यक्ति। *वि.* दिनेवाला; दिने; दानी; दिने स्वभावको।

दातृ पक्ष (Donor party, donors)- *नाप.* दिने पक्ष; अनुदान दिने पक्ष; द्विपक्षीय वा बहुपक्षीय सम्झौताद्वारा नेपाल सरकारलाई ऋण वा अनुदानको रूपमा वैदेशिक सहायता उपलब्ध गराउने कुनै विदेशी मुलुक वा अन्तरराष्ट्रिय वा विदेशी सङ्घसंस्था। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ध) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (छ)।]*

दातृपक्षबाट सोझै भुक्तानी (Direct disbursement by donor)- *नाप.* विशेष वा इम्प्रेस्ट खातामा रहेको रकमबाट खर्च गरिने वा सम्बन्धित आयोजना वा कार्यक्रमको सम्झौताअनुसार दातृपक्षबाट सम्बन्धित व्यक्ति, फर्म, संस्था, कम्पनी वा आपूर्तिकर्तालाई सोझै दिने भुक्तानी; दातृपक्षले सोझै भुक्तानी गर्ने कार्य। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (प)।]*

दादनी/ दादानी (Earnest money, advance money to be paid later)- *ना.* [फा. दादन] पछि सामान लिने गरी पहिले नै भुक्तानी दिई गरिएको खरिद; अग्रिम खरिद; पछि बुझाउने गरी पहिले लिएको पेस्की रकम।

दादागिरी (Bulling, bossing around)- *ना.* शक्ति, बल, प्रभुत्व वा अभिमानका भरमा अरूलाई दपेटने, हप्काउने वा हैकम चलाउने काम; गुन्डागर्दी।

दादै (Hereafter, hearinafter) - *ना.* [फा. दादन] सामान वा रकम बुझेको भनी जनाउन लेखिने शब्द; भरपाईमा लेखिने प्रारम्भक शब्द; भरपाई जनाउने शब्द।

दान (Donation, charity)- *ना.* [सं.] कुनै व्यक्तिले आफ्नो हक र स्वामित्वको सम्पत्ति कुनै व्यक्तिलाई उपहार वा निसर्त रूपमा दिने काम; धार्मिक, सामाजिक, सार्वजनिक वा सामुदायिक कार्यको लागि निःशुल्क रूपमा सम्पत्ति दिने वा अर्पिने कार्य; आफ्नो हक पुग्ने धनमाल, सम्पत्ति अर्कालाई दिने काम; आफ्नो हक छोडेर कसैलाई दिइने जग्गा, धनमाल। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४०६ को उपदफा (१) ।]*

दानदातव्य (Donation and charity)- *ना.* [सं.] विधिपूर्वक सङ्कल्प गरेर वा त्यसै दिइएको वस्तु वा सम्पत्ति; दान वकस आदिबाट प्राप्त भएको चल अचल सम्पत्ति आदि। *वि.* शङ्कल्पपूर्वक दिइएको।

दानपत्र (Deed of donation)- *ना.* [सं. दान+पत्र] आफ्ना हकको चल-अचल सम्पत्ति दान गरी दाताले प्रमाणस्वरूप लेखेर दिने कागज; दानदातव्यको अभिलेख।

दानपात्र (Philanthropist, donation box)- *ना.* [सं.] दान दिन योग्य व्यक्ति; भेटी सङ्कलनका लागि राखिएको बाकस; चन्दापेटिका।

दाना पदार्थ (Feed)- *नाप.* पशुपक्षी र माछाले खाने पिउने चीज वा चीजहरूका सम्मिश्रणबाट बनेको कुनै खाने पिउने चीज; प्राकृतिक स्वरूप बदलेर पशुपक्षी वा माछाका लागि तयार पारिएको आहारा। *[हे. दाना पदार्थ ऐन, २०३३ को दफा २ को खण्ड (क) ।]*

दानापानी (Food and drink for livelihood, sustenance)- *ना.* [दाना+पानी] जीवन निर्वाह वा भरणपोषणको लागि आवश्यक चिजबिज; अन्न र जल; जीविकाको बन्दोबस्त; खानपान।

दाबी/ दाबा/ दावा (Claim, suit)- *ना.* [अ. दावा] कुनै वस्तु, पद वा अधिकारमा आफ्नो स्वामित्व वा हकको जिकिर गर्ने काम; विपक्षीबाट भराई पाउने बिगो वा धनमालको विवरण; कुनै कथनमा दिइने जोड; दृढोक्ति; दाबा।

दाबेदार (Claimant)- *ना.* [दाबी+दार] दाबी गर्ने व्यक्ति; दाबी पुष्टि गर्ने प्रमाण प्रस्तोता; दाबीवाला।

दाम (Land having area of 1.99 sq.m., cost, metal coin, rupees)- *ना.* [सं. द्रम] जग्गाको क्षेत्रफल मापनमा एक पैसाको चार भागको एक भाग; १.९९ वर्ग मिटर भएको जग्गाको क्षेत्रफल; मूल्य; धातुको मुद्रा; द्रव्य; रूपैयाँ पैसा।

दामकाम (Bargaining, transaction, price determination) - *ना.* [दाम+काम] रुपैयाँ पैसाको लेनदेन व्यवहार; कुनै वस्तुको मूल्य तोक्ने काम; मोलतोल; मोलमोलाइ।

दामल (Engraving)- *ना.* [सं. यमल] धातुका तताएका मुद्राले डाम्ने काम; राणाकालमा कुनै ठूलो अपराधी वा विद्रोहीलाई शरीरमा "दामल" तीन अक्षर खोपेर वा डामेर गरिने सजाय; चारपाटा मुडी कैद गर्ने वा देशनिकाला गर्ने सजाय।

दामासही (Revenue on the kipat land)- *ना.* [दाम+स्याही?] किपटप्रथा अनुसार वार्षिक तिरो तिर्ने गरी सुब्बाले पाएको जग्गा; अरूलाई बन्धकी दिँदा मालपोत कार्यालयमा जम्मा गरिने रकम; किपट जमिनको मालपोत।

दामासाही (Insolvency)- *ना.* [दाम+साजा] कुनै जायजेथा हकदारहरूले समानुपातिक रूपमा बाँडी लिने वा दिने व्यवस्था; भागशान्ति बाँडफाँट; कुनै कम्पनी टाट पल्टेमा त्यसको दायित्व पर सारी बचेको सम्पत्ति सेयरवालाले बाँडी लिने काम।

दामासाहीमा परेको (Subjected to insolvency)- *ना.प.* साहुलाई भुक्तानी गर्न बाँकी रहेको; भविष्यमा भुक्तानी गर्नुपर्ने कुनै वा सबै ऋण तिर्न नसकेको वा नसक्ने देखिएको; कम्पनीको दायित्वको रकम जायजेथाको मूल्यभन्दा बढी भएको अवस्था; टाट पल्टेको। *[हे. दामासाहीसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ख) ।]*

दामासाहीसम्बन्धी व्यवसाय (Business relating to insolvency)- *ना.प.* दामासाहीसम्बन्धी कारबाही गर्ने सिलसिलामा जाँचबुझ अधिकारी, पुनःसंरचना व्यवस्थापक वा लिक्विडेटर भई सञ्चालन गरिने व्यवसाय; दामासाहीको प्रक्रिया सम्पन्न गर्ने गराउने पेसा। *[हे. दामासाहीसम्बन्धी नियमावली, २०६४ को नियम २ को खण्ड (ख) ।]*

दामासाहीसम्बन्धी व्यवसायी (Insolvency practitioner, liquidator)- *ना.प.* दामासाहीसम्बन्धी व्यवसाय गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति; दामासाही व्यवसाय गर्ने वैधानिक व्यक्ति। *[हे. दामासाहीसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ढ) ।]*

दाम्पत्य (Conjugal, marital, connubial) - *ना.* [सं.] पति र पत्नीको आपसी सम्बन्ध; दम्पतीबिचको सम्बन्ध; वैवाहिक सम्बन्ध।

दाय (Ancestral property)- *ना.* [सं.] अंशियारहरूमा भागबन्डा हुने पैतृक सम्पत्ति; दानबकस, दाइजो, दातव्य।

दायक (Donor, successor)- *ना.* [सं.] उत्तराधिकारी वा अंश पाउने सन्तान; वंश; हकदार। *वि.* दाता; दिने; प्रदाता; प्रदायक।

दायकर (Inheritance tax)- *ना.* [सं.] पैतृक सम्पत्ति उपभोग गर्ने उत्तराधिकारीहरूमा लगाइने सम्पत्ति अनुसारको कर; अंशसम्बन्धी सम्पत्ति कर।

दायभाग (Portion of parental property)- *ना.* [सं.] उत्तराधिकारीहरूमा भाग लाग्ने सम्पत्ति; अंशबन्डा हुने सम्पत्ति।

दायर (Filed, registered) - *ना.* [अ.] अड्डा अदालतमा मुद्दा मामिला दर्ता गर्ने काम; अड्डा अदालतमा कुनै पुर्पक्ष वा कारबाहीको थालनी; डायर। *वि.* चल्दै गरेको; जारी।

दायरा (Boundary, scope, range)- *ना.* [अ.] परिधि; घेरा; सेरोफेरो; क्षेत्र; सीमा।

दायाद/ दायादा (Heir, successor, inheritor)- *ना.* [सं.] व्यक्तिको मृत्युपछि उसको सम्पत्तिको पहिला हकदार; उत्तराधिकारी; छोराछोरी।

दायित्व (Liability, obligation)- *ना.* [सं.] कसैमा आइपर्ने कामको जिम्मेवारी; उत्तरदायित्व; अभिभारा।

दायित्व बहन गर्ने व्यक्ति (Obligor)- *ना.प.* कुनै कुराको अभिभारा पूरा गर्नुपर्ने व्यक्ति; बहीखाता, सुरक्षित बिक्री करार वा अन्य अमूर्त सम्पत्तिका सम्बन्धमा दायित्व पूरा गर्नुपर्ने व्यक्ति। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ङ) ।]*

दायी (Provider; responsible)- *वि.* [सं.] कुनै वस्तु दिने; जिम्मेवार; केही दिने वा वहन गर्ने।

दाहसंस्कार खर्च (Funeral expenses, cremation expenses)- *ना.प.* किरियाखर्च; कुनै प्रकोप वा दुर्घटनाबाट कसैको मृत्यु हुँदा राज्य वा अर्को कुनै पक्षले मृतकको दाहसंस्कार गर्न उनका हकदार वा आफन्तलाई उपलब्ध गराउने रकम; सेवामा बहालमा रहेको अवस्थामा कुनै रोजगारकर्ता वा कामदारको मृत्यु हुँदा निजको दाहसंस्कार बापत मृतकको हकदारलाई दिइने खर्च; कुनै व्यक्तिको मृत्यु हुँदा निजको दाहसंस्कार बापत मृतकको हकदारलाई दिइने खर्च।

दिगो विकास (Sustainable development)- *ना.प.* भावी पुस्तालाई असर नपर्ने गरी वातावरण सन्तुलन कायम राख्दै उपलब्ध स्रोतको विवेकपूर्ण प्रयोग गरी गरिएको विकास; टिकाउ हुने किसिमको विकास।

दिन (Day, daytime, the whole day and night)- *ना.* [सं.] पृथ्वीले आफ्ना अक्षमा एक चक्कर परिक्रमा पूरा गर्न लाग्ने अवधि; मध्यरातबाट सुरु हुने चौबिस घण्टाको अवधि; सूर्योदयदेखि सूर्यास्त नहुन्जेलसम्मको अवधि; दिउँसो; चौबिस घण्टा वा आठ प्रहर; अघिल्लो सूर्योदयदेखि पछिल्लो सूर्योदय पर्यन्तको समय; रातको बाह्रबजे उप्रान्त पछिल्लो रातको बाह्रबजे सम्मको

समय; रोज; वार; दिवस; अहोरात्र; दिनरात; रातदिन। *[हे. बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २ को खण्ड (घ) ।]*

दिनाङ्क (Date) - *ना.* [सं.] मिति, तारिख, गते।

दिली (Cordial, closed, heartily, intimate)- *वि.* [दिल+ई.] हार्दिक; घनिष्ठ।

दिवङ्गत (Demise)- *वि.* [सं.] मृत्यु भएको; निधन भएको; स्वर्गे भएको।

दिवा खाजा (Tiffin)- *नाप.* दिउँसोको खाजा; मानवविकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सूचकाङ्कभन्दा तल परेका क्षेत्रका तोकिएका समुदाय वा आर्थिक रूपले विपन्न वा अपाङ्गता भएका नागरिकको परिवारका बालबालिकालाई पठनपाठनमा निरन्तरता दिनका लागि सरकारले स्थानीय तहमार्फत् उपलब्ध गराउने दिउँसोको खाजा। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २५ ।]*

दिवाला (Bankruptcy, insolvency)- *ना.* [हि.] आर्थिक रूपमा ऋण चुक्ता गर्न असमर्थ भएको अवस्था; दामासाहीमा परेको स्थिति; टाटपल्टाइ; टाटउल्टाइ; तन्नम अवस्था।

दिव्योपदेश (Celestial advice or instruction)- *ना.* [सं. दिव्य+उपदेश] उत्कृष्ट उपदेश; उत्तम दीक्षा; राष्ट्रको अस्मिता बचाउनका लागि राज्यले अवलम्बन गर्नुपर्ने नीतिका बारेमा पृथ्वीनारायण शाहले दिएको उपदेश।

दिशानिर्देश (Direction, guidelines)- *ना.* [सं.] कुनै दिशा, मार्ग, क्षेत्र वा विषय देखाउने काम; कुनै पक्ष वा उपाय औंल्याउने काम; मार्गदर्शन; निर्देशन।

दिशान्तर (Diversion)- *ना.* [सं.] दिशाको अन्तर; बाटोको भिन्नता; पथान्तर; बिजाइँ वा उपद्रो गरेका बालबालिकालाई औपचारिक न्यायप्रणालीबाट नभई अनौपचारिक रूपबाट तिनले गरेको बिगारको दायित्व वहन गराउने, उत्तरदायी बनाउने र सुधार गरी तिनको बेहोरा सच्याउने वैकल्पिक न्यायिक उपाय।

दिहल (Deed of loan)- *ना.* [सं.] ऋणीले निश्चित सर्त र म्याद कबोली धनीलाई गरिदिएको लिखत; तमसुक।

दीक्षान्त समारोह (Convocation)- *नाप.* [सं.] स्नातक र सोभन्दा माथिल्लो तहका शैक्षिक उपाधि वा विशेष उपाधि वा सम्मानार्थ स्नातकोपाधि प्रदान गरिने कार्यका लागि आयोजित विशेष समारोह; शिक्षितदीक्षित गर्ने कामको औपचारिक समापन घोषणा समारोह।

दीन (Poor, indegent, destitute)- *ना.* [सं.] धनसम्पत्ति नभएको; गरिब; निर्धन; बेसहारा।

दीर्घ (Long, extended)- *ना.* [सं.] समय, दूरी, स्थान आदिका दृष्टिले टाढासम्म पुग्ने; फैलिएको; विस्तृत; लामो; फराकिलो; विशाल; ठूलो; तन्किँदो।

दीर्घकालीन (Long term)- *वि.* [सं.] लामो अवधिको; पछिसम्मको।

दीर्घकालीन करार (Long-term contract)- *नाप.* करारको बहाली अवधि बाह्र महिनाभन्दा बढी भएको उत्पादन, जडान वा निर्माणका लागि वा त्यस्तो प्रत्येक कामका सम्बन्धमा सम्बद्ध सेवाको सम्पादनका लागि गरिएको करार; प्रतिफल बाह्र महिनाभन्दा बढी विलम्बित हुने विषयको करार। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (फ) र दफा २६ को उपदफा (१) को स्पष्टीकरण।]*

दुई तिहाइ बहुमत (Two-thirds majority)- *नाप.* कुल सदस्यको तीन भागमध्ये दुई भाग सदस्यले दिएको मत; पूर्ण वा निरपेक्ष बहुमत।

दुईछापे (Seal of the Prime Minister and Commander-In-Chief during Rana regime)- *ना.* [दुई+छाप+ए] राणाकालमा श्री ३ महाराज र कमान्डर इन चिफको छाप लागेको लिखत; दुई छापे सनद।

दुनिया/ दुनियाँ (People in general, citizen)- *ना.* [अ. दुनिया] साधारण जनसमुदाय; जनता; नागरिक; सर्वसाधारण मानिस; रैती; प्रजा; संसार; जगत्; विश्व।

दुनियाँ गुठी (Private trust)- *नाप.* नागरिक वा सर्वसाधारणको गुठी; धार्मिक कार्य गर्न वा पारिवारिक उत्सव, पर्व मनाउन व्यक्तिगत रूपमा परिवारले प्रयोग गर्ने गरी धेरैजसोले बिर्ता जग्गामा र थोरैले रैकर जग्गामा खडा गरेको गुठी; सरकारी गुठी वा देव गुठीभन्दा भिन्न गुठी।

दुबौटे (Hawking)- *ना.* बिक्रीका लागि गाउँ-गाउँमा सामान बोकेर हिँड्ने काम; फौबन्जारी।

दुरभियोग (False blaming)- *ना.* [सं.] मिथ्या आरोप; गलत दोषारोपण; फरेब।

दुरभियोजन (Intrigue, wrongful prosecution)- *ना.* [सं.] कसैलाई हानि पुऱ्याउने उद्देश्यले गोप्य रूपमा गरिने कारबाही; खराब उद्देश्यले निर्दोषलाई दोषी देखाई लगाइने अभियोग वा गरिने अभियोजन।

दुरभिसन्धि (Intrigue treaty, conspiracy treaty)- *ना.* [सं.] खराब उद्देश्य लिएर गरिएको गुप्त सम्झौता; षडयन्त्रपूर्वक गरिएको सन्धि वा सम्झौता।

दुरर्थ (Misinterpretation)- *ना.* [सं.] गलत अर्थ; खराब मतलब; गलत माने लगाउने वा अर्थ लाउने काम।

दुरवग्रह (Hard to control)- *वि.* [सं.] नियन्त्रण गर्न कठिन; ग्रहण गर्न नसकिने।

दुरवस्था/ दुरावस्था (Worst situation)- *ना.* [सं.] दुःख, कष्ट, दरिद्रता आदि कारणले भएको खराब अवस्था; दुर्दशा; दुर्गति; दुष्परिणाम; दयनीय स्थिति।

दुरागम (Undue benefit)- *ना.* [सं.] अनुचित कामले हुने प्राप्ति वा लाभ; खराब बाटो वा तरिकाबाट प्राप्त लाभ।

दुराग्रह (Obstination)- *ना.* [सं.] अनुचित तरिकाबाट कुनै कुरामा गरिने ढिपी; जिद्दी; खराब आग्रह; पूर्वाग्रह।

दुराग्रही (Stuborn person)- *वि.* [सं.] दुराग्रह गर्ने; हठी; जिद्दीवाल।

दुराचरण (Malice conduct)- *ना.* [सं.] खराब चालचलन; कमसल बेहोरा वा व्यवहार; गलत तौरतरिकाको आचारव्यवहार।

दुराचार (Misconduct, misbehaviour)- *ना.* [सं.] खराब आचरण; अशोभनीय चालचलन।

दुराचारी (Having bad conduct, having bad character)- *वि.* [सं.] दुराचर गर्ने; खराब काम गर्ने; कुकर्मी।

दुरात्मा (Bad spirit, bad nature)- *ना.* [सं.] खराब आत्मा भएको मानिस; दुष्ट मनको मानिस। *वि.* खराब स्वभावको; कपटी।

दुरान (Second entrance)- *ना.* [सं. द्विरागमन] दोस्रो आगमन; द्विरागमन।

दुरालाप (Wicked or harsh word, rebuke scolding)- *ना.* [सं.] खराब वा नचाहिँदो कुरा; दुर्वचन; गाली; नमिठो बोलीवचन।

दुराशय (Malice, malafide intention) - *ना.* [सं.] बदनियत; खराब नियत; नराम्रो अभिप्राय; कपट।

दुराशा (Hypothetical desire, impossible desire)- *ना.* [सं.] असम्भव कुराहरूमा गरिने आशा; पूरा नहुने आशा।

दुरुत्साहन (Abetment, incitement) - *ना.* [सं.] कसैले कसैलाई कुनै कसुर गर्न उक्साउने काम; उक्साहट, अरूलाई कानूनी वा नैतिक दृष्टिले अवैध कार्य गर्न प्रोत्साहित गर्ने काम;

खराब काम गर्न प्रेरित गर्ने कार्य; खराब उत्प्रेरणा।*[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३५ को उपदफा (२) ।]*

दुरूपयोग (Abuse, misuse)- *ना.* [सं.] श्रम, साधन, शक्ति आदिको गलत प्रयोग; खराब वा अनुचित काममा प्रयोग; शक्ति वा अधिकारको अपचलन; जथाभावी काम गराइ।

दुर्ग (Fort, citadel)- *ना.* [सं.] प्राचीन समयमा महत्त्पूर्ण स्थलको सुरक्षा निम्ति विशेष गरी पहाडमाथि बनाइएका ठुलाठुला किल्ला; शत्रुको आवगमन हुन नसक्ने गरी बनाइएका कुनै पनि सुरक्षित स्थान वा किल्ला; कोट।

दुर्घटना (Accident, mishap)- *ना.* [सं.] हानि वा क्षति हुने आकस्मिक घटना; अपर्झट आइपरेको कष्टपूर्ण वा अशुभ घटना; खराब नतिजा दिँदो घटना।

दुर्घटना जाँच (Accident investigation)- *नाप.* दुर्घटनाको कारण पहिचान गर्ने, त्यसको तथ्य पत्ता लगाई निष्कर्ष निकाल्ने, दुर्घटनामा भएका मानवीय तथा यान्त्रिक कमीकमजोरी उजागर गर्ने जाँचबुझ; दुर्घटना जाँच गरी सुरक्षाका लागि अपनाउनु पर्ने उपायहरू सिफारिस गर्ने र भविष्यमा दुर्घटनाको रोकथाम गर्ने उद्देश्यले कुनै सूचनाको सङ्कलन तथा विश्लेषण गर्ने प्रक्रिया वा कार्य। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (घ) ।]*

दुर्जन (Wicked, unrighteous)- *ना.* [सं.] अर्काको हानि वा अपकार गर्ने स्वभाव भएको; अरूलाई दुःख दिने; बदमास; दुष्ट।

दुर्दृष्य (Ominous scene)- *ना.* [सं.] खराब दृष्य; अशुभ दृष्य।

दुर्नाम (Disrepute, infamy)- *वि.* [सं.] खराब रूपमा चलेको नाम; बदनामी।

दुर्भिक्ष (Famine, darth)- *वि.* [सं.] खाद्यवस्तुको अभाव; खाद्य सङ्कट; अनिकाल।

दुर्लभ (Rare, scarce)- *वि.* [सं.] सजिलैसँग नपाइने; दुष्प्राप्य।

दुर्लभ वनस्पति (Threatened wild flora)- *नाप.* सजिलैसँग नपाइने वनस्पति; *सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३* को अनुसूची-१ मा उल्लिखित वनस्पतिको कुनै प्रजाति वा उपप्रजाति।*[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (घ) ।]*

दुर्लभ वनस्पतिको नियन्त्रित प्रजनन (Captive breeding of threatened wild flora)- *नाप.* दुर्लभ वनस्पतिको परस्थानीय संरक्षण गरी वंश संरक्षण गर्ने गरी गरिने नियन्त्रित प्रजनन; दुर्लभ

वनस्पति रोप्ने, हुर्काउने, बढाउने र त्यसबाट बिउ वा बिरुवा पैदा गर्ने काम। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (छ)।]*

दुर्लभ वन्यजन्तु (Threatened wild fauna)- *ना.प.* दुर्लभ अवस्थामा रहेको वन्यजन्तु; सजिलैसँग नपाइने वन्यजन्तु; *सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३* को अनुसूची-१ मा उल्लिखित वन्यजन्तु कुनै प्रजाति वा उपप्रजाति। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (घ)।]*

दुर्लभ वन्यजन्तुको नियन्त्रित प्रजनन (Captive breeding of threatened wild fauna)- *ना.प.* दुर्लभ वन्यजन्तुको परस्थानीय संरक्षण गरी वंश संरक्षण गर्ने गरी गरिने नियन्त्रित प्रजनन; दुर्लभ वन्यजन्तुको प्रजनन गराई त्यसबाट प्रथम पुस्ताको वन्यजन्तु पैदा गर्ने काम। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (छ)।]*

दुर्वाच्य (Taunt)- *ना.* [सं.] खराब बोली; दुर्वचन।

दुर्विचार (Ill thought, bad thinking)- *ना.* [सं.] खराब सोचाइ; कुविचार; कुमति।

दुर्विपाक (Bad outcome, unpleasant result)- *ना.* [सं.] खराब परिणाम; दुष्परिणाम।

दुर्वृत्त (Evil minded, depraved)- *वि.* [सं.] खराब चालचलन भएको; दुराचारी; दुष्चरित्र; खराब आचरण।

दुर्वृत्ति (Depravity, immoral conduct, deceive)- *ना.* [सं.] खराब वृत्ति; कपटपूर्ण व्यवहार; अनैतिक आचरण, धोका, छल।

दुर्व्यवहार (Misbehaviour, harrasement)- *ना.* [सं.] खराब व्यवहार; अनुचित तथा अभद्र क्रियाकलाप।

दुर्व्यसन (Addiction) - *ना.* [सं.] सामाजिक दृष्टिले नराम्रो मानिएको; खराब आनिबानी; कुलत; खराब अम्बल; शारीरिक वा मानसिक वा दुवै स्वास्थ्यमा प्रतिकूल असर पार्ने पदार्थ लिने, खाने वा सेवन गर्ने काम; यस्तो कार्य गर्ने बानी आदत वा नसा; स्वीकृतिप्राप्त चिकित्सकको सिफारिस अनुसारको मात्रा र परिमाणभन्दा बढी वा विनासिफारिस औषध सेवन गर्ने कार्य; खराब आदत वा बानी। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (ज४)।]*

दुषित दाना पदार्थ (Adulterated feed, contaminated feed)- *ना.प.* कानूनद्वारा निर्धारित गरिएको स्तरभन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ सम्मिश्रण गरिएको दाना पदार्थ; पशु, पक्षी र माछालाई हानिकारक हुने गरी सडेको, गलेको वा फोहोर मैला वा विषादि अवस्थामा राखिएको वा तयार गरिएको दाना पदार्थ; केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु, पक्षी वा हानिकारक वनस्पतीबाट बनेको दाना पदार्थ; दाना पदार्थसम्बन्धी कानूनी प्रावधानमा तोकिएको न्यूनतम आवश्यक गुणस्तरभन्दा घटी वा अधिकतम गुणस्तर तोकिएकोमा सोभन्दा बढी मात्राको दाना पदार्थ। *[हे. दाना पदार्थ ऐन, २०३३ को दफा २ को खण्ड (ख) ।]*

दुष्कर (Difficult act, arduous)- *वि.* [सं.] कठिन कार्य; कष्टसाध्य; दुःखसाध्य।

दुष्कर्म (Wicked act, immoral act)- *ना.* [सं.] निन्दनीय काम; कुकर्म।

दुष्कृति (Tort, civil wrong) - *ना.* [सं.] कसैका जिउ, ज्यान, सम्पत्ति वा संरक्षित हकहितमा कुनै किसिमले पुऱ्याइएको हानिनोक्सानी; अर्काको जिउधनको बिमाख गर्ने कार्य; आफैले दायित्व वहन गर्नुपर्ने अरू कसैको त्रुटि, हेलचेक्रयाइँ वा लापरबाही जेसुकैबाट भए तापनि गरेको कुनै काम (कमिसन) वा अकर्मण्यता (ओमिसन) बाट कसैको जीउ, ज्यान वा सम्पत्ति वा संरक्षित हक वा हितमा कुनै किसिमले हानि, नोक्सानी पुऱ्याउने काम; अकर्मण्यताका सम्बन्धमा पक्षहरू बिच कुनै पूर्वकरार सम्बन्ध नभएका अवस्था त्यस्तो काम वा हेलचेक्रयाइँको परिणामस्वरूप उत्पन्न हानि, नोक्सानी। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७२ को उपदफा (१) र (२) ।]*

दुष्ट (Wicked, knav)- *वि.* [सं.] अर्कालाई दुःख दिने स्वभावको; दुर्जन।

दुष्परिणाम (Inauspicous outcome)- *ना.* [सं.] गलत प्रतिफल; खराब नतिजा।

दुष्प्रयास (Effrontery, evil attempt)- *ना.* [सं.] खराब प्रयास; गलत साहस; दुष्साहस।

दुस्मन (Enemy)- *ना.* [फा. दुसमन] शत्रु; अमित्र; वैरी।

दुस्साहस (Effrontery, audacity) - *ना.* [सं.] खराब प्रयास; खराब काममा प्रवृत्त हुने आँट; दुष्प्रयास।

दूत (Ambassador, messenger)- *ना.* [सं.] खबर वा सन्देश ओहोरदोहोर गर्ने व्यक्ति; सन्देशवाहक; सन्देशप्रतिनिधि।

दूर शिक्षा (Distance education, distance learning)- *ना.प.* शिक्षण संस्थामा भौतिक रूपमा उपस्थित नभई विद्युतीय माध्यमबाट घरमा बसी लिइने शिक्षा; पत्राचार, श्रव्य, दृश्य, श्रव्य-दृश्य वा अन्य सञ्चार माध्यमबाट कुनै विषयमा दिइने शिक्षा। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (ङ) ।]*

दूर शिक्षा समिति (Distance Education Committee)- *ना.प.* दूर शिक्षासम्बन्धी नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापन ग र्नेसंयन्त्र; दूर शिक्षाको व्यवस्थापन मिलाउन गठित समिति। *[हे. शिक्षा नियमावली, २०५९ को नियम ५७ को उपनियम (१) ।]*

दूरसञ्चार (Telecommunication)- *ना.* [सं. दूर+सञ्चार] उत्सर्जन, प्रसारण वा प्राप्तिको लागि कुनै तरिकाले पुनर्व्यवस्था, गणना वा परिवर्तन गरेको वा नगरेको आवाज, चिह्न, सङ्केत, लेखोट, आकृति वा गोप्य सङ्केत वा खबर; विद्युतीय माध्यमबाट तार, रेडियो, प्रकाश वा अन्य विद्युत चुम्बकीय प्रणालीद्वारा आवाज, चिह्न, सङ्केत, लेखोट, आकृति वा गोप्य सङ्केत वा खबर उत्सर्जन, प्रसारण वा प्राप्ति गर्ने कार्य। *[हे. दूरसञ्चार ऐन, २०५३ को दफा २ को खण्ड (क) ।]*

दूरसञ्चार ठुला पूर्वाधार (Telecommunication large infrastructure)- *ना.प.* दूरसञ्चार सेवामा प्रयोग हुने सात मिटरभन्दा अग्ला टावर र व्याकवोनको रूपमा रहने अप्टिकल फाइबर; दूरसञ्चारसँग सम्बिन्धत तोकिएका अन्य ठुला पूर्वाधार। *[हे. दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (घ) ।]*

दूरसञ्चार पूर्वाधार (Telecommunication infrastructure)- *ना.प.* दूरसञ्चार सेवामा प्रयोग हुने जग्गा, भवन, टावर, विटिएस सेल्टर, उर्जा आपूर्ति, जनेरेटर, ब्याट्री, एयर कन्डिसनर, अग्निनिरोधक, अप्टिकल फाइवर, राईट अफ वे, पोल, डक्ट, ट्रेन्चजस्ता ठाउँ तथा वस्तु; दूरसञ्चार सेवामा प्रयोग हुने विद्युतीयबाहेक अन्य किसिमका पूर्वाधार तथा सुविधा। *[हे. दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (ङ) ।]*

दूरसञ्चार लाइन (Telecommunication line)- *ना.प.* दूरसञ्चार प्रणालीको सन्दर्भमा प्रयोग गरेको वा गरिने कुनै तार, केवुल, उपकरण, टावर, खम्बा, एन्टिना, सुरुङ, प्वाल, खाडल, लठ्ठा वा अन्य संरचना वा वस्तु; दूरसञ्चार प्रणाली सञ्चालनमा आउने उपकरणहरूको समुच्चय। *[हे. दूरसञ्चार ऐन, २०५३ को दफा २ को खण्ड (ख) ।]*

दूरसञ्चार सेवा (Telecommunication service)- *ना.प.* आवाज, चिह्न, सङ्केत, लेखोट, आकृति, गोप्य सङ्केत वा खबरको उत्सर्जन, प्रसारण वा प्राप्तिको लागि कुनै तरिकाले पुनर्व्यवस्था,

गणना वा परिवर्तनसँग सम्बन्धित सेवा; आवाज, चिह्न, सङ्केत, लेखोट, आकृति वा गोप्य सङ्केत वा खबर, तार, रेडियो, प्रकाश वा अन्य विद्युत चुम्बकीय प्रणालीद्वारा आदानप्रदान गर्ने कार्य सम्बन्धी सेवा। *[हे. दूरसञ्चार ऐन, २०५३ को दफा २ को खण्ड (घ) ।]*

दूषक (Accuser, blamer)- *ना.* [सं.] अरूलार्इ दोष लगाउने; दोषारोपण; दुष्ट स्वभावको व्यक्ति; दोष लगाउने मानिस।

दूषित खाद्य पदार्थ (Adulterated foodstuff, contaminated food)- *नाप.* स्वास्थ्यलाई हानि हुने गरी सडेगलेको, फोहरमैला, विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ; मानिसको उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशुपक्षी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ।

दृष्टिबन्धकी (Mortgage without possession)- *ना.* [दृष्टि+बन्धक+ई] ऋण चुक्ता गर्न साहु-असामीले निर्धारण गरेको भाखाभित्र असामीले ऋण चुक्ता नगरेको अवस्थामा भोग गर्न पाउने गरी गरिएको व्यवस्था; ऋणीले सुरक्षणबापत साहुलाई लेखिदिने लिखत रजिस्ट्रेसन। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४३५ को उपदफा (२) ।]*

दृष्टिविहीन (Visually impaired)- *वि./ ना.* [सं] औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै आँखाले हातका औँला दश फिटको दूरीबाट छुट्याउन नसक्ने (व्यक्ति); स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/ ६०) मा पढ्न नसक्ने (व्यक्ति)। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

दृष्टिसम्बन्धी अपाङ्गता भएको व्यक्ति (Person with disability related to vision, person with visual impairment)- *नाप.* दृष्टिसम्बन्धी दृष्टिविहीनता, न्यून दृष्टियुक्त वा पूर्ण दृष्टिविहीनताको समस्या भएको व्यक्ति; दृष्टि वा नेत्रज्योतिसम्बन्धी अक्षमता वा न्यून भएको व्यक्ति; आँखाले वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने अवस्थामा रहेको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

देवानी मुद्दा (Civil suit) - *नाप.* फौजदारी मुद्दाको रूपमा परिभाषित गरिए बाहेकका कानूनी हक, दायित्व, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्ति सम्बन्धी मुद्दा; नाता कायम वा सम्बन्ध विच्छेद, दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला, अंश, अपुताली, दान बकस, संरक्षक, माथवर, मातृक तथा पैत्रिक अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री, कुनै करार, अर्धकरार वा अनुचित समृद्धिअन्तर्गतको कुनै हक वा दाबी, दुष्कृति, अर्धदुष्कृति वा त्रुटिपूर्ण उत्पादन सम्बन्धी हक वा दाबी, सुविधाभार, क्षतिपूर्ति सम्बन्धी विषय र सोसँग सम्बन्धित मुद्दा, देवानी

प्रकृतिको अन्य कुनै विषय वा सोसँग सम्बन्धित मुद्दा; चल अचल सम्पत्ति र पदसँग सम्बन्धित विवाद भएको मुद्दा। *[हे. मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २ को खण्ड (घ) ।]*

दैवी प्रकोप (Disaster, calamity)- *ना.* [सं.] प्रलय; भूकम्प, आगलागी, आँधीबेरी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी आदिले सृजना गरेको विपत्तिजनक स्थिति; बाढी, पहिरो, आगलागी, भू-कम्प, आँधीबेरी, अतिवृष्टि, अनावृष्टि, पशुपक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी; प्राकृतिक कारणले हुने दुर्घटना; प्राकृतिक प्रकोप। *[हे. दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा २ को खण्ड (क) र प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ को नियम २ को खण्ड (ग) ।]*

दोभासे (Bilingual, interpreter) - *ना.* [सं. द्विभाषी] दुई भाषा जान्ने; दुईभाषी; एक भाषाबाट अर्को भाषामा उल्था गर्ने व्यक्ति; बहिरा वा सुस्तश्रवण व्यक्तिको सञ्चारमा सहजीकरण गर्ने साङ्केतिक भाषाअनुवादक; सुस्त श्रवण भएका व्यक्तिका लागि क्याप्सनर वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्ने स्पर्शसञ्चार अनुवादक। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३९ को खण्ड (झ) को स्पष्टीकरण।]*

दोस्रो बजार कारोबार (Secondary stock exchange, secondary market)- *नाप.* एक पटक निष्कासन तथा बाँडफाँट भइसकेको ऋणपत्रको खरिद, बिक्री वा विनिमयसम्बन्धी कारोबार; ऋणपत्रको प्रारम्भिक खरिद, बिक्री वा विनिमयबाहेकका पछिल्ला कारोबार। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को नियम २ को खण्ड (झ) ।]*

द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार एवम् समुदायको पुनःस्थापना (Rehabilitation of the conflict affected individual, family and community)- *नाप.* द्वन्द्वबाट आर्थिक, राजनीतिक, सामाजिक वा अन्य कुनै रूपमा प्रभावित व्यक्ति, परिवार एवम् समुदायको पुनःस्थापना, पुनर्मिलन, पुनःसामाजिकीकरण; द्वन्द्वका क्रममा यस्ता व्यक्ति परिवार वा समुदायका कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने कार्यमा आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक सहयोग; द्वन्द्वका क्रममा मृत्यु भएको व्यक्तिको आश्रित परिवार, द्वन्दको कारण विधुर वा विधवा भएका व्यक्ति र बारुदी सुरुङ्ग वा अन्य कुनै कारणले घाइते भएका व्यक्तिलाई गरिने सहयोग; त्यस्ता व्यक्ति, परिवार एवम् समुदायका बालबालिकालाई शैक्षिक छात्रवृत्ति वा स्वास्थ्योपचारको सुविधा, सामाजिक-मनोवैज्ञानिक सहयोग, सामाजिक पुनःस्थापना, तालिम, स्वास्थ्य, पोषण, परामर्श तथा कानूनी सेवा प्रदान गर्ने कार्य। *[हे. शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ को नियम ४ को स्पष्टीकरण।]*

द्वितीय स्तरको पीडित (Secondary victim)- *ना.प्र.* कुनै कसुरको प्रत्यक्ष आघात आफैमाथि नभएको भए पनि अर्को व्यक्तिले भोगेको आघात वा घायल अवस्थाको प्रत्यक्षदर्शी हुँदा क्षति बेहोर्नु परेको व्यक्ति; प्रथम स्तरको पीडितको विरुद्धमा भइरहेको वा भएको कसुरमा संलग्न नभएको तर त्यस्तो कसुरको प्रत्यक्षदर्शी साक्षी भएको कारणले क्षति बेहोर्नुपरेको व्यक्ति; कसुरमा संलग्न नरहेको तर कसुरको बारेमा जानकारी भएको वा प्रत्यक्षदर्शी साक्षी भएको कारणबाट क्षति बेहोर्नुपरेको प्रथम स्तरको पीडित बालबालिकाको संरक्षक; प्रथम स्तरको पीडितका विरुद्धमा भएको कसुरका सम्बन्धमा थाहा पाएको कारणले क्षति बेहोर्नुपरेको प्रथम स्तरको पीडितको संरक्षक; प्रथम स्तरको पीडित बालबालिका र क्षति बेहोर्नुपरेको कसुरमा संलग्न नरहेको व्यक्ति। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (च)।]*

ध

धक्का (Collision, percussion, shock)- *ना.* [सं. धक्क+आ] कुनै वस्तुको अर्को वस्तुसँग भएको जोडसँगको जुधाइ; ठोकिने काम; आन्तरिक आघात।

धच्का (Blood stain/spot)- *ना.* रगतको थेग्ला; दाग।

धज्जी (Deride, expose with evil intention, divulge)- *ना.* [धजा+ई] कसैको गल्ती वा कमीकमजोरीमाथि गरिने खिल्ली; कसैको कमजोरी वा नराम्रो कुरा खोतल्ने काम; पर्दाफास।

धडपकड/ धरपकड (Forceful arrest)- *ना.* [धड+पकड] जबरजस्तीसँग गरिने पक्राउ; कडिकडाउसँगको गिरफ्तारी; आक्रमणपूर्ण तरिकाले समाउने काम।

धनजमानी (Security bail)- *ना.* [धन+जमान+ई] असामीले बुझाउनुपर्ने रकम नबुझाए म बुझाउँला भनी गरेको कबुल; कसैले पूरा गर्नुपर्ने कामकुरा नगरेमा सोको जिम्मेवारीस्वरूप आफूले सो रकम बुझाउँला भनी गर्ने कबुलियत।

धनसम्पत्ति (Wealth, property)- *ना.* [सं. धन+सम्पत्ति] क्रयविक्रय गर्न सकिने सबै किसिमका वस्तु; रुपैयाँपैसा; जग्गाजमिन; दोपायाचौपाया वा पशुधन; जायजेथा।

धनसार (Granary, grain store)- *ना.* [सं. धान्यशाला] धान राखिने घर; ढुकुटी; खोल्मा।

धनाढ्य (Wealthy)- *वि.* [सं.] प्रशस्त धन भएको; पुँजीपति; महाजन।

धनादेश (Money order)- *ना.* [सं.] कसैलाई कुनै धन दिने आज्ञा; अन्य ठाउँका मानिसलाई हुलाकमार्फत रकम वा रुपैयाँ पैसा पठाउने काम।

धनी (Rich, owner)- *ना.* [सं.] सीप, गुण, क्षमता आदिमा सर्वश्रेष्ठ व्यक्ति; सम्पन्न व्यक्ति। *वि.* धनसम्पत्ति प्रशस्त हुने; कुनै कुराको मालिक वा स्वामी; अरूलाई ऋण दिन सक्ने।

धनीपुर्जा (Landowner's registration certificate)- *ना.* [धनी+पुर्जा] लालपुर्जा; जग्गाधनीको प्रमाणका रूपमा मालपोत कार्यालयबाट दिइने जग्गाधनी प्रमाण पुर्जा।

धनीबोटी (Landowner's portion)- *ना.* मोहीले जग्गाधनीलाई बुझाउनु पर्ने उब्जनीको निश्चित भाग; अधिया वा ठेक्का; तल्सिङले पाउने जग्गाको निश्चित आम्दानी।

धपोट/ ढपोट (An account book, register, ledger)- *ना.* [अ, दफ्आत] सबै रकमका आम्दानी, खर्च, जिन्सी, नगदी आदिको फाँटवारी अभिलेख; यस्तो अभिलेख वा बही बुझाउने अड्डा वा ठाउँमा बुझाउने ठूलो बही।

धम्की (Threat; duress; intimidation)- *ना.* [सं. धमक+ई] कसैलाई नोक्सान गर्ने, दुःख वा दण्ड दिने वा गैरकानूनी काम गरी घाइते पार्ने उद्देश्यको फट्कार/ बोली। कसैको जीउ, सम्पत्ति वा अधिकार निजको स्वतन्त्रता छिन्ने घोषणा; डाँट; हप्की; दप्की; हप्कीदप्की।

धम्सखान/ धुम्साखान (Destruction, annihilation, quarrel)- *ना.* [सं. ध्वंसन+प्रा. खाण] सर्वनाश; विध्वंस; तहसनहस; परस्परमा भएको चर्को झगडा; लडाइँ; घम्सखान।

धरमभकारी (Food storage for social welfare)- *ना.* [सं. धर्म+प्रा. वक्खार] स्थानीय जनताबाट सामाजिक कल्याणका लागि उठाएर जम्मा गरिएको अन्नकोष; धर्मभकारी।

धरालो (Curator, guardian)- *ना.* [धर्+आलो] रेखदेख गर्ने व्यक्ति; हेरालो; रुँगालो; कुरुवा; बालबालिकाको हेरचाह, स्याहार-संरक्षण गर्ने व्यक्ति।

धरौट (Security, deposit, mortgage)- *ना.* [धर्+ओट] पछि फिर्ता लिनेगरी कुनै व्यक्तिलाई राख्न दिएको वस्तु; नासो; सापट लिएको रुपैयाँको जमानतका रूपमा राखिएको वस्तु; धितो; धरौटी।

धरौटी (Security deposit)- [धर्+ओट+ई] पछि फिर्ता लिने गरी विश्वासिला व्यक्तिलाई राख्न दिएको वस्तु; नासो; धितो; जाकट; जमानत।

धरौटी रकम (Security deposit, bail amount)- *नाप.* कुनै काम टुङ्गो नलागेसम्मको लागि राखिएको सुरक्षण रकम; जमानत रकम; जमानत वा धितो बापतको बिड बन्ड वा परफरमेन्स बन्ड; कुनै कारणले सुरक्षण राख्नुपर्ने भई सोबापत धरौटी खातामा राखिएको रकम; नगद वा नगदसरहको जमानत रकम। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ज)।]*

धर्मकचहरी (A dated court in ancient time in order to punish sinners or criminals)- *ना.* [सं. धर्म+प्रा. कच्चहरिआ] प्राचीन कालमा दुष्कर्म, भ्रष्टाचारका मुद्दा हेर्ने न्यायिक निकाय; धर्मसभा।

धर्मनिरपेक्ष (Secular)- *वि.* [सं.] धर्मअसापेक्ष; धर्मतटस्थ; सनातनदेखि चलिआएको धार्मिक अभ्यासको संरक्षण गर्ने र स्वतन्त्र; राज्यले कुनै एउटा धर्मलाई मात्र मान्यता नदिएर सबै धर्म समान ठान्ने तथा धर्मका मामिलामा कुनै किसिमको हस्तक्षेप नगर्ने। *[हे. नेपालको संविधानको धारा ४ को उपधारा (१) को स्पष्टीकरण।]*

धर्मपत्नी (Customarily married wife)- *ना.* [सं.] धार्मिक विधिविधानअनुसार विवाह गरिएकी पत्नी, धर्मदारा; पत्नी; जाया।

धर्मपुत्र (Adopted son)- *ना.* [सं.] आफ्नै औरस छोरा नहुनेले अन्य कुनै व्यक्तिको छोरालाई कानूनी रूपमै आफ्नै छोराका रूपमा स्वीकार गरेको व्यक्ति; धर्मसन्तान; दत्तकपुत्र।

धर्मपुत्री (Adopted daughter)- *ना.* [सं.] आफ्नै औरस छोरी नहुनेले अन्य कसैकी छोरीलाई कानूनी रूपमै आफ्नै छोरीका रूपमा स्वीकार गरेको व्यक्ति; धर्मसन्तान; दत्तकपुत्री।

धर्मशाला (Rest house for pilgrims)- *ना.* [सं.] यात्री, बटुवा, भिक्षु आदिलाई निःशुल्क बस्नका लागि बाटाघाटा वा तीर्थस्थलमा बनाइएको घर; पाटी; पौवा; फल्चा।

धर्मस्व (Charity, philanthropy)- *ना.* [सं.] दानदातव्यका आधारमा स्थापित गुठी; मठ, मन्दिर आदि सार्वजनिक सम्पत्ति; परोपकारका लागि समर्पित दान वा कोष।

धर्मावलम्बी (Religious devotee)- *ना.* [सं.] खास धर्म मान्ने वा त्यसमा आस्था राख्ने; खास धर्मको अनुयायी।

धाँदली/ धाँधली (Rigged, trickster)- *ना.* नराम्रो उद्देश्यले कुनै कुरा बिग्रार्ने तथा नाश गर्ने काम; नीति नियम वा निर्धारित तरिकाविपरीत लापरवाहीका साथ कुनै काम गर्ने; अन्याय; अत्याचार।

धाप (Bog; quagmire, marsh)- *ना.* [सं.] पानी जमेर वा धेरै हिलो भएर गाडिने र भासिने ठाउँ; दलदल।

धारक (Holder, bearer)- *वि.* [सं.] आफ्नो नाउँको विनिमेय अधिकारपत्रमा लेखिएको रकमको भुक्तानी पाउने हक भएको व्यक्ति; धारण गर्ने; बाहक। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ट)।]*

धारक विनिमेय अधिकारपत्र (Bearer negotiable instruments)- *नाप.* पूर्ण वा अपूर्ण रूपमा रहेको बेनामी, काल्पनिक नाम रहेको वा धारकले कसैको अख्तियारीविना उपयोग गर्न सक्ने विनिमेय अधिकारपत्र; जसले प्राप्त गर्छ उसैले भुक्तानी लिन सक्ने यात्रुचेक, चेक, प्रमिसरी नोट वा धनादेशलगायतका विनिमेय मौद्रिक उपकरण वा अधिकारपत्र। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (त)।]*

धारा (Article, water tap)- *ना.* [सं.] संविधान वा विधानको दफा; अनुच्छेद वा प्रकरण; सन्धिसम्झौताको प्रकरण वा दफा; अन्तरराष्ट्रिय कानूनी दस्ताबेजका दफा वा प्रकरण; निरन्तर प्रवाह हुने पानी बिजुलीजस्ता बहाब; पानीको भुइँमा खस्नका लागि ठिक ठाउँमा मिलाएर राखिएको डुँड वा पाइप; सरकार वा खानेपानी व्यवस्थापन निकाय वा संयन्त्रले पाइप

लाइनबाट वितरण गरेको पानी उपभोगको निमित्त जडान गरिएको धारा वा हिटी। *[हे. पानी कर ऐन, २०२३ को दफा २ को खण्ड (क)।]*

धार्नी (Weight of 2.3934 kg)- *ना.* [सं. धारणी] बाह्र पाउ बराबरको तौलको एकाइ; दुर्इ किलोग्राम चार सय ग्राम बराबरको तौल। *वि.* बाह्र पाउ वा दुर्इ किलोग्राम चार सय ग्राम तौलको। *[हे. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को अनुसूची।]*

धार्मिक वन (Religious forest)- *नाप.* परापूर्व कालदेखिको धार्मिक स्थल र त्यसको वरिपरिको वन वा कुञ्ज; कुनै पनि धार्मिक स्थलका परिसरमा रहेको वनजङ्गल; धार्मिक स्थल र परिसरमा रहेको वनजङ्गलको संरक्षणका लागि धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय वन संरक्षणको लागि हस्तान्तरण गरिएको क्षेत्रको वन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ञ)।]*

धावा (Attack, incursion)- *ना.* [सं. धावन] अकस्मात् गरिने आक्रमण; झम्ट्याइ; हमला; जाइकटक; कठोर परिश्रम; धौ; धपेडी।

धिङ्न्याइँ (Obstinacy)- *ना.* [धिङ्न्याहा+आइँ] धिङ्न्याहापन; धिङ्न्याहाको चाल।

धिङ्न्याहा (Obstinate, grumbling and muttering even in a minor cause)- *वि.* [सं. धृष्टक+आहा] काम गर्छु भनेर पनि काम गर्न सुस्ती देखाउने; अह्राएको काम गर्न ढिला गर्ने वा नटेर्ने; थेत्तरो; प्रमाणबाट प्रमाणित भए पनि कायल नहुने र आफ्नै कुरामाथि पार्न खोज्ने; जिद्दीवाल

धितो (Security, pledge)- *ना.* [सं. धृति] ऋणीले लिएको ऋणबापत धनीलाई तमसुकमा लेखिएको घरजग्गा वा जायजेथा; बन्धक।

धितो दिने व्यक्ति (Security giver)- *नाप.* धितोको सम्पत्तिमा आफ्नो स्वामित्व वा अधिकार भए वा नभए पनि कुनै भुक्तानी दिनुपर्ने वा सुरक्षित दायित्व सम्पन्न गर्नुपर्ने कर्तव्य भएको व्यक्ति; बहीखाता वा सुरक्षित बिक्री करारको बिक्रेता; मालसामान पट्टामा लिने व्यक्ति। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ण)।]*

धितो लिने व्यक्ति (Security holder)- *नाप.* धितोको सम्झौताबमोजिम धितोको हक प्राप्त गर्ने ऋण वा उधारो दिने व्यक्ति; धितो सम्झौताअनुसार धितोको हकवाला बिक्रेता वा अन्य व्यक्ति; बहीखाता वा सुरक्षित बिक्री करार खरिद गर्ने व्यक्ति; मालसामान पट्टामा दिने व्यक्ति। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ढ)]*

धितो वा धरौटसम्बन्धी करार (Contract of pledge or deposit)- *ना.प.* कुनै व्यक्तिले कसैलाई ऋण दिँदा सोको सुरक्षणबापत धितो लिएकोमा धितोसम्बन्धी करार; कसैले कुनै व्यक्तिलाई कुनै काम गराउँदा त्यस्तो काम पूरा गर्ने जमानतका लागि कुनै वस्तु धरौट लिएको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५८५ को उपदफा (१) ।]*

धितोको सम्पत्ति (Collateral)- *ना.प.* धितोको हकसँग सरोकार भएको कुनै पनि प्रकृतिको अमूर्त सम्पत्ति, जडित सामान, काट्नुपर्ने रूख, उत्खनन् गर्नु पर्ने खनिजजस्ता चलसम्पत्ति र भविष्यमा सृजना हुने धितोको सम्पत्ति; मुलुकभित्र वा बाहिर रहेको धितोको सम्पत्ति; बिक्री गरिएको बहीखाता वा सुरक्षित बिक्री करार; पट्टामा दिएको मालसामान तथा धितोको सम्पत्तिबाट प्राप्त लाभ। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (त) ।]*

धितोको हक (Security interest)- *ना.प.* कुनै दायित्वको परिपालना सुरक्षित गर्ने गरी धितोमा रहेको सम्पत्तिसम्बन्धी अधिकार; धितोको सम्पत्तिउपरको साम्पत्तिक अधिकार। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (द) ।]*

धितोपत्र (Securities, bond)- *ना.* [धितो+पत्र] कुनै बैङ्क वा वित्तीय संस्था वा सङ्गठित संस्थाले जारी गरेका सेयर, स्टक, बनड, डिबेन्चर, डिबेन्चर स्टक वा ऋणपत्र; सङ्गठित संस्थाले जारी गरेको एकाङ्क बचत कार्यक्रम वा समूहगत बचत कार्यक्रम सम्बन्धी प्रमाणपत्र; हस्तान्तरणयोग्य निक्षेप प्रमाणपत्र; धितोपत्रको धरौटीसम्बन्धी भरपाई; धितोपत्रसम्बन्धी हक र अधिकार; धितोपत्र बजारमार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी धितोपत्र बोर्डले तोकेको धितोपत्र वा त्यस्तो धितोपत्र खरिदबिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र; ऋण लिए बापत बैंकमा ऋणीका तर्फबाट घर, जग्गा आदि कबुलियत गरिएको जग्गा; जमानतको लिखत। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (च), नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (थ), बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (द), नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (ङ), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (च) र कम्पनी ऐन, २०६३ को दफा 2 को खण्ड (झ) ।]*

धितोपत्र कारोबार (Securities transactions)- *ना.प.* धितोपत्रको निष्कासन, खरिदबिक्री सम्बन्धी कारोबार; धितोपत्रको विनिमय तथा तत्सम्बन्धी अन्य कार्य। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (छ) ।]*

धितोपत्र धनी (Owner in relation to any securities)- *ना.प.* धितोपत्र बेचबिखन वा नामसारी गर्न पाउने हक भएको व्यक्ति; धितोपत्र आफ्नो नाउँमा राख्ने व्यक्ति; आफ्नै वा अरू व्यक्तिको

तर्फबाट त्यस्तो धितोपत्रको लाभांश वा व्याज प्राप्त गर्ने व्यक्ति; धितोपत्रमा कुनै हक भएको व्यक्ति; धितोपत्र कुनै ट्रस्टमा राखिएको वा त्यसको लाभांश वा ब्याज कुनै ट्रस्ट फन्डमा जम्मा हुने रहेछ भने सो ट्रस्ट वा त्यसको कुनै सर्तलाई अरू कुनै व्यक्तिको मञ्जुरी लिई वा नलिई सञ्चालन गराउन, खारेज गर्न वा हेरफेर गर्न पाउने हक भएको वा ट्रस्ट मनीको लगानीलाई नियन्त्रण गर्न पाउने हक भएको व्यक्ति। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ठ) ।]*

धितोपत्र परिपत्र विधि (Stock private placement)- *नाप.* बढीमा पचास जनासम्म लगानीकर्ताहरूलाई लक्षित गरी चिठ्ठी, पत्र वा कुनै पनि विद्युतीय सञ्चार माध्यमबाट धितोपत्र बिक्रीका लागि प्रस्ताव राख्ने कार्य; धितोपत्र बिक्री वितरणको एक तरिका। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ङ) ।]*

धितोपत्र बजार (Stock exchange, stock market)- *नाप.* धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रूपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा; धितोपत्रको कारोबार गर्न अनुमतिपत्रप्राप्त बजार; धितोपत्रको वैधानिक बजार (क्रयविक्रयद्वारा धितोपत्रको विनियमय)। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (झ) र सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को नियम २ को खण्ड (ठ) ।]*

धितोपत्र बजार निर्माता (Stock market maker)- *नाप.* धितोपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार गर्न इजाजतपत्र प्राप्त संस्था वा धितोपत्र व्यवसायी। *[हे. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को नियम २ को खण्ड (ढ) ।]*

धितोपत्र बिक्री एजेन्ट (Stock sales agent)- *नाप.* कुनै पनि संस्था वा कम्पनीबाट जारी हुने धितोपत्रको प्राथमिक कारोबार गर्नको लागि इजाजतपत्रप्राप्त संस्था; त्यस्तो कारोबार गर्न सम्बन्धित संस्थाले तोकेको प्रतिनिधि संस्था।

धितोपत्र व्यवसाय (Securities business)- *नाप.* धितोपत्र व्यवसाय गर्न अनुमतिपत्रप्राप्त कम्पनी वा संस्थाले धितोपत्रसम्बन्धी कानूनअनुसार गर्ने धितोपत्र कारोबार; धितोपत्र कारोबारसम्बन्धी वैधानिक व्यवसाय। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ञ) ।]*

धितोपत्र व्यवसायी (Securities business person)- धितोपत्र व्यवसाय गर्न धितोपत्रसम्बन्धी कानूनबमोजिम अनुमतिपत्रप्राप्त व्यक्ति/ कम्पनी/ संस्था। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ट) ।]*

धितोपत्रको दर्ता (Registration of securities)- सङ्गठित संस्थाले धितोपत्र बोर्डसमक्ष गरेको धितोपत्र पञ्जीकरण; बजारका लागि धितोपत्रको आधिकारिक दर्ता। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ज) र दफा २७ ।]*

धितोपत्रको प्राथमिक निष्कासन (Initial public offering)- *ना.प.* धितोपत्रको प्राथमिक सार्वजनिक अर्पण/ खुलासा; धितोपत्र कारोबारका लागि पहिलो पटक बजारमा ल्याउने काम; आइपिओ।

धितोपत्रको सूचीकरण (Enlisting of securities)- *ना.प.* धितोपत्रको खरिद, बिक्री वा विनिमयका लागि धितोपत्र बजारमा गरिने सूचीकरण; विभिन्न संस्थाका धितोपत्रहरूको सूची प्रकाशित गर्ने काम। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (भ) ।]*

धितोबन्धक (Security mortgage)- *ना.* [धितो+बन्धक] सापटीका रूपमा रुपैयाँपैसा लिएबापत समयमा बुझाउन नसके साहु स्वयम्ले भोगचलन गर्ने र समयमा बुझाउन सके ऋणीले फिर्ता पाउने कबुल गरी राखिएको घरजग्गा, गरगहना आदि; धरोट; जाकटी।

धितोसम्बन्धी सम्झौता (Security agreement)- *ना.प.* धितोको हकको सिर्जना गर्ने सम्झौता; धितोको हकको व्यवस्था गर्ने सम्झौता। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (थ) ।]*

धुर (A measure of land (182.55 sq.feet)- *ना.* [सं. धुर] एक कठ्ठा जग्गाको बिसौं भाग; गाडी बग्गी आदिका पाङ्ग्रा अड्याउन प्रयोग हुने फलामे डन्डी।

धुरीकर (Tax paid on the basis of number of house)- *ना.* [धुरी+कर] घरको धुरीगन्तीका आधारमा तिर्नुपर्ने कर; घरधुरी कर।

धूम्रपान (Smoking)- *ना.* [सं.] चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सुर्तीको सेवन; सुर्तीजन्य वा गाँजालाई आगो सल्काई त्यसको धुँवा तान्ने काम; धूमपान। *[हे. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २ को खण्ड (ख) ।]*

धृष्टता (Audacious)- *ना.* [सं.] दुस्साहस; ढिठ्याइँ; उद्दण्डता; बेसरमपन।

धेय (Worth holding)- *ना.* [सं. धुर] धारण गर्न लायक; धारणीय।

धोइलो (Criticism, condemnation)- *ना.* निन्दा वा कटु आलोचना; खोइरो।

धोका/ धोखा (Deceit, cheat)- *ना.* [सं. धूकता] कसैलाई दिएको बचनको पालना नगर्ने वा त्यसको उल्टो आचरण गर्ने काम; विश्वासघात; झुटो काम वा व्यवहार गरी अरूलाई छक्याउने वा ढाँट्ने काम।

धोकाधडी (Fraudulent, deceive, cheat)- *ना.* [धोका+धड्+ई] धोका दिने काम; धोकाबाजी; बेइमानी।

धोकाबाज/ धोकेबाज (Fraud, deceiver, cheater)- *वि.* धोका दिने; बेइमानी गर्ने; बेइमान।

ध्यानाकर्षण (Draw an attention)- *ना.* [सं.] कसैको ध्यान आफूतिर खिच्ने काम; कुनै कुरामा चित्त केन्द्रित गराउने काम; कसैको ध्यानलाई आफूतिर आकर्षित गर्ने काम।

ध्येय (Aim, purpose)- *ना.* [सं.] ध्यान दिने वा विचार गर्ने कामकुरा; उद्देश्य; लक्ष्य; अभिप्राय।

ध्रुव (Stable, fixed, constant)- *ना.* [सं.] स्थिर; अचल; अटल; अडिग; नित्य; धनात्मकता र ऋणात्मकता; पृथ्वीको भूमध्यरेखाका उत्तर-दक्षिण सबैभन्दा टाडाका दुई विन्दु।

ध्रुवीकरण (Polarization)- *ना.* [सं.] एकातिर एकत्रित हुने प्रक्रिया; एकापट्टि स्थिर हुने काम; स्थिरीकरण।

ध्वनिअङ्कन (Sound recording)- *ना.* [ध्वनि+अङ्कन] आवाजको श्रव्य अभिलेखाङ्कन; ध्वनि र आकृतिको एकैसाथ अङ्कन गर्ने कार्यबाहेकको सुन्ने प्रयोजनका लागि जुनसुकै तरिकाबाट जुनसुकै माध्यममा अभिलेख वा अङ्कित गर्ने कार्य। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (ङ) ।]*

ध्वनिमत (Voice vote, acclamation)- *ना.* [सं. ध्वनि+मत] आवाज दिएर वा बोलेर दिइने मत; मौखिक मतदान; आवाजद्वारा गरिने मतदान।

न

नकबजनी चोरी (Burglary, theft by breaking a part of a house)- *ना.प.* कुनै घरमा सो घरको मूल ढोका फोरी वा मूल ढोकाबाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधनबाट प्रवेश गरी गरिने चोरी; जुनसुकै तरिकाले प्रवेश गरेको भए पनि चोरी गरिसकेपछि मूल ढोका फोरी वा मूल ढोका बाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधनबाट बाहिर निस्की वा निस्कने गरी गरिने चोरी। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ को उपदफा (२) ।]*

नकरो/नकटो (Fault, falsifier, liar)- *वि.* [नाक+काट्+ओ] बोलीको ठेगान नभएको; झूठो; ढँटुवा; कच्चा।

नकाब (Mask, veil) - *ना.* [अ. निकाब] मुख छोप्नका लागि लगाउने कपडा; घुम्टो; बाहिरी आडम्बर वा स्वाङ।

नकारात्मक (Negative)- *वि.* [सं.] निषेधात्मक; अस्वीकार गर्ने; कुनै कामकुरा नमान्ने वा नगर्ने किसिमको; ऋणात्मक।

नक्कल (Copy)- *ना.* [अ. नक्ली] लिखतको फोटोप्रति; कागजपत्रको छाया/छविप्रति; नकल; अनुकरण; कुनै लिखत वा कागजमा लेखिएको कुरा उसै भाषा र उनै लिपिमा जस्ताको तस्तै सारेको वा टिपेको प्रति; प्रतिरूप; प्रतिलिपि; फोटोकपी। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९९ को उपदफा (४) को स्पष्टीकरण।]*

नक्सा (Map, design, sketch) - *ना.* [अ. नक्स] मानचित्र; रेखाचित्र; आकृति; चित्राकृति; आकार; रूपरेखा; भवन निर्माणसम्बन्धी सम्पूर्ण रेखाचित्र, विवरण र अन्य कागजपत्र। *[हे. भवन ऐन, २०५५ को दफा २ को खण्ड (ङ) ।]*

नक्सापास (Design permit)- *ना.* [अ. नक्स+अङ्. पास] नियमानुसार नक्सा पास गर्ने काम; कुनै भौतिक संरचनाको निर्माणपूर्व त्यसको रूपरेखा वा रेखाचित्रसहित नापनक्साका कागजातअनुसार त्यस्तो निर्माणकार्य अगाडि बढाउन स्वीकृति दिने काम।

नगद भुक्तानी (Cash payment)- *ना.प.* बैङ्क वा वित्तीय संस्थामार्फत प्रतीतपत्र, चेक, ड्राफ्ट, धनादेश, टेलिग्राफिक ट्रान्सफर, मनी ट्रान्सफरद्वारा गरिएको भुक्तानी; बैङ्क वा वित्तीय संस्थाबिच अन्य कुनै किसिमबाट गरिएको स्थानान्तरण बाहेकका भुक्तानी; मुद्रा वा विनिमयपत्रमार्फत हुने भुक्तानी। *[हे.* आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) को स्पष्टीकरण।]

नगद लाभ (Cash proceeds)- *ना.प.* मुद्रा, चेक वा निक्षेपजस्ता लाभ; सम्पत्ति बिक्री, बिमा व्यापार वा सेवाबाट प्राप्त लाभ। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ष) ।]*

नगर (Town)- *ना.* [सं.] महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नगरोन्मुख गाउँ; सडक तथा अन्य सार्वजनिक भौतिक पूर्वाधार र सुविधा भएको धेरै मानिसहरूको बसोबास रहने बस्ती; सहर; पुर; पत्तन; पाटन। *[हे. नगर विकास कोष ऐन, २०५३ को दफा २ को खण्ड (ङ) ।]*

नगर योजना (Town planning)- *ना.प.* नेपालको कुनै भागमा एकीकृत रूपमा नगरको भौतिक विकास गर्ने,भइरहेको नगरको पुनःनिर्माण, विस्तार र विकास गर्ने तथा नयाँ नगरको निर्माण गर्ने खाका; नगर विकासका लागि भू-उपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, बिजुली, ढल निकास, सरसफाइ, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने वा उपर्युक्त कार्यहरूसँग सम्बद्ध अन्य कार्यहरू गर्ने उद्देश्यले तर्जुमा गरिएको योजना वा मार्गचित्र। *[हे. नगर विकास ऐन, 2045 को दफा २. १. १ ।]*

नगर विकास कोष (Town Development Fund)- *ना.प.* नगरको निर्माण, विकास तथा विस्तार गर्न नगर विकाससँग सम्बन्धित निकायहरूलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नको लागि स्थापना गरिएको कोष; नगर विकासका लागि स्रोत जुटाउने कोष। *[हे. नगर विकास कोष ऐन, २०५३ को दफा २ को खण्ड (क) ।]*

नगर विकास समिति (Town Development Committee)- *ना.प.* सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार स्थानीय तहमा गठन गरेको समिति; नगरको समग्र विकासका लागि क्रियाशील रहने *संयन्त्र। [हे. नगर विकास ऐन, 2045 को दफा २. १. २ र दफा 4 ।]*

नगर विकाससँग सम्बन्धित निकाय (Body related with development of town)- *ना.* [सं.] नगरको निर्माण तथा विकास गर्नका निमित्त जग्गा विकास तथा वितरण र आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजनासम्बन्धी कार्य गर्न स्थापित सरकारी वा गैरसरकारी संस्था; गठित नगर विकास समिति, महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका; नगरोन्मुख गाउँ भनी तोकिएका गाउँहरूमध्ये जनसङ्ख्या र विकासका आधारमा नगर विकास कोषले तोकेको कुनै गाउँ वा गाउँपालिका। *[हे. नगर विकास कोष ऐन, २०५३ को दफा २ को खण्ड (घ) ।]*

नगरपालिका (Municipality)- *ना.* [सं. नगर+पालिका] नगर वा सहरी क्षेत्र बढी भएको स्थानीय तह; महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका; नगरको विकासका लागि गठित तथा निर्वाचित स्थानीय एकाइ; नगरक्षेत्रको स्थानीय सरकार; नगरक्षेत्रको व्यवस्थापिका; कार्यपालिका र न्यायपालिकाको समुच्चय। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (घ) ।]*

नगरसभा (Municipal Assembly)- *ना.* [सं. नगर+सभा] नगरका गतिविधिबारे छलफल र निर्णय गर्ने अधिकारवाला व्यक्तिहरूको भेला; नगरव्यवस्थापिका; नगरको व्यवस्थापिकासभा; नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडाअध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहेको सभा; नगरविधायिका।

नजरबन्द (Detention, internment)- *वि.* [नजर+बन्द] कुनै निश्चित ठाउँबाट बाहिर निस्कन नपाउने गरी नियन्त्रणमा राखिएको; घरमा वा अन्यत्र कुनै ठाउँमा थुनिएको वा राखिएको; हिँडडुल गर्नमा निगरानीसाथ स्थानहद गरिएको।

नजरबन्दको आदेश (An order of preventive detention)- *नाप.* खुलै छाडेमा निजबाट देशको शान्ति सुरक्षामा खलल पर्ने आशङ्काले घरैमा वा अन्यत्र कुनै ठाउँमा कुनै व्यक्तिलाई स्थानहद गरी वा थुनामा राख्ने सरकारी आदेश; कुनै व्यक्तिलाई कुनै निश्चित ठाउँभन्दा बाहिर निस्कन नपाउने गरी नियन्त्रित अवस्थामा रहनका लागि गरिने सरकारी आदेश; देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्ने गरी जारी गरिएको आदेश। *[हे. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.१ र दफा 3 को उपदफा ३.१।]*

नजरबन्दी (Detainee, internee)- *ना.* नजरबन्दमा परेको व्यक्ति; नजरबन्दमा परेको वा राखिएको अवस्था।

नजराना (Special gift)- *ना.* [अ.] कुनै खुसियाली या उत्सव-अवसर आदिमा इष्टमित्र वा कसैलाई दिइने भेट; उपहार; कोसेली; सौगात।

नजिकको नातेदार (Close relative)- *नाप.* एकासगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, अपुताली खान पाउने हकदार व्यक्ति; मामा, माइजु, सानी आमा, ठुली आमा, सानु बाबु, ठुला बाबु,

सासू, ससुरा, फुपू, फुपाजु, जेठान, साला, जेठी सासू, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाइँ, छोरी ज्वाइँ, भान्जा, भान्जी, भान्जे ज्वाइँ, भान्जे बुहारी, आमाका बाबु, आमाकी आमा; त्यस्ता नातापर्ने व्यक्तिका परिवारका सदस्य; भिन्न भएका दाजु, भाइ, भाउजु, बुहारी, ज्वाइँ, भतिजा, भतिजी, काका, काकी, नाति, नातिनी, नातिने बुहारी, नातिने ज्वाइँ, मित; सामाजिक व्यवहार हुने व्यक्तिका बाबु पक्ष र आमा पक्षका चार पुस्ताभित्रक आफन्त वा तेह्र दिनसम्म जुठो बार्नुपर्ने दाजुभाइका परिवार। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७६ को उपदफा (१) को खण्ड (क) को स्पष्टीकरण, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २७१ को उपदफा (१) को खण्ड (क) को स्पष्टीकरण, बैंड्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ९ को उपदफा (1) को स्पष्टीकरण, बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ट), कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (त्र) र सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा २ को खण्ड (ख) ।*]

नजिर (Precedent, instance) - *ना.* [अ.] कुनै मुद्दाका सिलसिलामा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त वा प्रतिमान; पछि नियम वा दृष्टान्तका रूपमा प्रस्तुत गरिने सर्वोच्च अदालतको पूर्वनिर्णय; उपमा; उदाहरण; दृष्टान्त; उदाहरण दिइने वा दिन मिल्ने समान प्रकृति पहिला भएघटेको घटना।

नदी किनार (Riverside)- *ना.* नदीको किनारा; तीर।

नदीकटान (Erosion caused by a river)- *ना.* [नदी+कटान] नदीको पानीका प्रवाहले किनारको जमिन काट्ने काम; किनाराको जमिन नदी वा खोलाले काटेर बगर बनाउने काम।

नदीकाट (River cut land)- *ना.* [नदी+काट] नदीले काटेको वा पुरेको जमिन; नदीले छोडेको ठाउँ; बगर।

नपुंसक (Impotent, eunuch)- *ना.* [सं.] यौनाङ्ग भए पनि प्रजनन् प्रणाली पूर्णता नभएको र सन्तान उत्पादन क्षमता नभएको व्यक्ति; स्त्री वा पुरुष प्रजनन् अङ्ग नछुटिएको व्यक्ति; हिजडा; काम गर्ने आँट नभएको व्यक्ति; कापुरुष; न पोथी न भाले।

नमुना (Sample)- *ना.* [फा.] परीक्षण वा व्यापार प्रवर्धनको लागि तयार गरिएको कुनै वस्तुको सानो परिमाण; कुनै वस्तुको गुण, आकारप्रकार आदि जान्नका लागि निकालिएको सानो अंश; कुनै वस्तु चिनाउन तयार पारिएको ढाँचा; कुनै वस्तुको उदाहरण; दृष्टान्त; विनामूल्य प्रदान गरिने उत्पादनको एउटा वा सानो परिमाण; कुनै वस्तु वा कसैको अनुकरणमा तयार पारिएको

वस्तु; ढाँचा; बान्की। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ढ) ।]*

नम्बरी (Registered land)- *ना.* [अङ्. नम्बर+ई] जग्गाधनीको नाउँमा मालपोतमा दर्ता भएको जग्गा; दर्ता भएको खेतबारी; कित्ता नम्बर समेत कायम भई दर्ता भएको रैकर वा रैतानी जग्गा।

नयाँ नेपाल निर्माण कोष (New Nepal Building Fund)- *नाप.* नयाँ नेपाल निर्माणका लागि व्यापक जनपरिचालनसहित अभियानका रूपमा कार्यक्रम तथा योजना सञ्चालन गर्ने स्रोतको व्यवस्था गर्न स्थापना गरिएको कोष; निर्माणका कामका लागि स्रोत जुटाउन खडा गरिएको सरकारी कोष। *[हे. नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८ को नियम २ को खण्ड (ख) ।]*

नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली (New technology based irrigation system)- *नाप.* सिँचाइको प्रयोजनार्थ पानी सङ्कलन, प्रवाहीकरण, भण्डारण, वितरण तथा प्रयोगमध्ये नयाँ प्रविधि प्रयोग हुने सिँचाइ प्रणाली; नयाँ प्रविधिको प्रयोग गरी परम्परागत ज्ञान र तरिकाभन्दा भिन्न तरिकाले गरिने सिँचाइ प्रणाली। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ध) ।]*

नरघटी/नरबढी (Lessened/exceeded land)- *वि.* [(अस.नल>नर+घट्+ई/बढ्+ई]. जग्गा नाप्न उपयोग गरिने घोचा (नल) को हिसाब तलमाथि पर्नाले जग्गाको फैलावट वा क्षेत्रफलमा हुन आउने घटीबढी; जग्गाको वास्तविक क्षेत्रफल अभिलेख भएको क्षेत्रफलभन्दा कम वा बेसी हुनु।

नरम विस्फोटक पदार्थ (Low explosives)- *नाप.* ब्लास्टिक पाउडर, गन पाउडर, गन कटन, पारो, बारुदजस्ता विस्फोटक पदार्थ; कुनै धातुको फुल्युनेट र त्यस्तै प्रकृतिका अन्य हल्का विस्फोटक पदार्थ। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १३८ को उपदफा (२) को स्पष्टीकरण।]*

नरमकरम/नरमगरम (In proportion, having both different quality as soft-hard, good-bad, light-heavy etc. during partition)- *ना.* जमिन वा कुनै वस्तुको भागबन्डा वा बाँडफाँट गर्दा असल र कमसल मिलाउने काम;। *वि.* राम्रो र नराम्रो; असल र कमसल।

नरसंहार (Massacre, mass killing)- *ना.* [सं. नर+संहार] मानिसको विनाश; जनहत्या; धेरै मानिसको संहार भएको वा मारिएको अवस्था वा युद्ध; कत्लेआम; आमहत्या।

नर्स (Nurse)- *ना.* [अङ्.] मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त व्यक्ति; नर्सिङ परिषद्मा दर्ता भएको नर्सिङ व्यवसायी। *[हे.* नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (घ)।]

नर्सिङ व्यवसायी (Nursing professional)- *नाप.* नर्सिङ्ग व्यवसायमा संलग्न व्यक्ति; नर्स, मिडवाइफ तथा असिस्टेन्ट नर्स मिडवाइफ (अ.न.मि.)। *[हे. नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (ङ१) ।]*

नर्सिङ शिक्षण संस्था (Nursing Teaching Institute)- *नाप.* नर्सिङ, मिडवाइफरी तथा अ.न.मी.सम्बन्धी विषय अध्ययन, अध्यापन गराउने, तालिम दिने संस्था; यस्तो अध्ययन अध्यापन गर्ने गराउने वा तालिम दिने दिलाउने सरकारी, गैरसरकारी वा निजी शिक्षण संस्था। *[हे. नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (ज१) ।]*

नवउपनिवेश (Neo-colonial)- *ना.* [सं.] शक्तिशाली राष्ट्रले आफूभन्दा कमजोर राष्ट्रमाथि आर्थिक, साँस्कृतिक रूपमा प्रभुत्व जनाई नयाँ ढङ्गले कायम गरेको उपनिवेश; भौतिक रूपको उपस्थिति वा अधीनबेगर आर्थिक सांस्कृतिक रूपले गरिने उपनिवेशीकरणको नयाँ तौरतरिका।

नवजात (Neonate)- *वि.* [सं.] भर्खर जन्मिएको; नवोत्पन्न।

नवजात शिशु (Neonatal, newborn child)- *नाप.* भर्खर जन्मिएको शिशु; नवोत्पन्न शिशु; जन्मिएदेखि अट्ठाइस दिन वा चार हप्तासम्मको उमेरको शिशु।

नवजात शिशुको अत्यावश्यक सेवा (Newborn essential care)- *नाप.* नवजात शिशुलाई न्यानो गरी सफा राख्ने, नाभी र आँखाको स्याहार गर्ने, आमाको दुध खुवाउने, आवश्यक खोप दिने समेतका सेवा; नवजात शिशुलाई गरिने जरुर स्वास्थ्यस्याहार र सुसार। *[हे.* सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ट)।]

नवजात शिशुको आकस्मिक सेवा (Newborn emergency care)- *नाप.* नवजात शिशुलाई सङ्क्रमण भएको अवस्थामा एन्टिवायोटिक दिने, हाइपोथरमिया लगायतको व्यवस्थापन गर्ने र त्यस्ता शिशुको श्वासप्रश्वासमा देखिएको समस्या समाधान गर्ने सेवा; नवजात शिशुलाई आपत्कालीन चिकित्सा व्यवस्थापन सेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ठ) ।]*

नवीकरण (Renewal)- *ना.* [सं.] कुनै वस्तुलाई नयाँ बनाउने काम; वैधानिकताको अवधि सिद्धिएको कुनै कामकुरा वा विषयलाई वैधानिकताको अवधि थप गर्ने काम; म्याद सकिएका

इजाजतपत्र वा प्रमाणपत्रको फेरि म्याद थप्ने काम; कानूनबमोजिमको वैध अवधि सकिएपछि अवधि थपेर वैधता निरन्तर कायम राख्ने काम।

नवीकरणीय (Renewable)- *वि.* [सं.] नयाँ पार्न सकिने; नवीकरण गर्न सकिने; नयाँ बनाउनुपर्ने वा नयाँ बनाउन सकिने; पुनरुत्पादकीय; पुनरूर्जनीय।

नवीनतम (Novelty, latest)- *वि.* [सं.] एकदम नयाँ; सबभन्दा नयाँ; अति नूतन; भएभरको नयाँ।

नवोदित (Newly emerged)- *वि.* [सं.] भरखर उदाएको; नयाँ उदाएको; भरखर उन्नति वा प्रगति गरेको; प्रगतिउन्मुख।

नसच्छेदन (Family planning)- *ना.* [नसा+छेदन] परिवार नियोजनका लागि पुरुषको शुक्रवाहिनी नली छेदन गरी शुक्रकीट प्रवाह अवरुद्ध गर्ने काम; नसबन्दी।

नसिहत (Warning, admonition)- *ना.* [अ.] कसैले कुनै काम कुरा गरेमा वा बिगारेमा आइन्दा यस्तो काम नगर्नू भनी चेताउने काम; चेतावनी; नसियत; हप्कीदप्की; हकारपकार; लिखित रूपमा सतर्क गराउने काम।

नस्ल (Breed; descent; race)- *ना.* [अ.] सन्तति; वंश; जाति; नसल; खानदान।

नस्लवाद (Racism)- *ना.* [नस्ल+वाद] नस्लमा आधारित सिद्धान्त; जातिवाद।

नाइके (Leader, foreman, leader of the prisoners)- *ना.* [सं. नायक] नेतृत्व गर्ने व्यक्ति; अगुवा; कारागारमा अन्य कैदीहरूको रेखदेख गर्ने काममा खटाइएको कैदी।

नाकाबन्दी (Blockade)- *ना.* [सं. नग+बन्द+ई] सामान ल्याउने, लाने मुख्य बाटो बन्द गरी अवरोध खडा गरिएको अवस्था; बाटाको निकास अवरुद्ध गरिएको वा रोक्का गरिएको स्थिति।

नागरिक (Citizen)- *ना.* [सं.] कुनै राष्ट्रको संविधानअनुसार मुलुकका सामाजिक, आर्थिक र राजनीतिक सबै फाँटमा पूर्ण अधिकार भएको बासिन्दा; देश (नगर) वासी; राष्ट्रसँग अधिकार राख्ने र राष्ट्रप्रति कर्तव्य पनि व्यक्ति; कुनै पनि मुलुकको राष्ट्रियताधारी व्यक्ति; स्वदेशी जन। *वि.* नगरको; नगरवासी; नगरसम्बन्धी।

नागरिक उड्डयन (Civil aviation)- *ना.प.* यात्रु, वायुयान, वायुयान कर्मचारी, विमानस्थल सञ्चालनमा संलग्न विभिन्न निकायका कर्मचारी, क्याटरिङ सेवा उपलब्ध गराउने कर्मचारी, सुरक्षाकर्मी वा आगन्तुक वा विमानस्थल सञ्चालनमा प्रयोग भएका आवश्यक भौतिक पूर्वाधार, यन्त्र वा उपकरण; गैरसैनिक हवाइ यातायात सेवासम्बन्धी बन्दोबस्ती। *[हे.* नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (झ)।]

नागरिक उड्डयन अनधिकृत हस्तक्षेप (Civil aviation unauthorized interference)- *नाप.* गैरकानूनी रूपमा वायुयान कब्जा गर्ने, सेवामा रहेको वायुयान ध्वस्त गर्ने, विमानस्थल वा वायुयानमा बन्धक बनाउने, वायुयान, विमानस्थल वा विमानस्थलसम्बन्धी सुविधास्थलमा जबरजस्ती घुसपैठ गर्ने काम; आपराधिक उद्देश्यले विमान वा विमानस्थलमा हातहतियार तथा खतरनाक उपकरणको प्रवेश गराउने, ज्यान लिने, गम्भीर घाइते बनाउने अथवा गम्भीर रूपमा सम्पत्ति वा वातावरण क्षति गर्ने उद्देश्यले सेवामा रहेको वायुयानको प्रयोग गर्ने काम; गलत सूचनाको प्रवाह गरी उडान वा भूमिमा रहेको वायुयान वा विमानस्थल वा विमानस्थलको सुविधामा रहेका यात्रु, चालक दल, भूमिस्थ कर्मचारी वा सर्वसाधारण समेतको सुरक्षामा हानि पुऱ्याउने काम वा त्यस्ता काम गर्ने उद्योग। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (घ) र नियम ३८क.।]*

नागरिक उड्डयन कार्यालय (Civil Aviation Office)- *नाप.* नागरिक उड्डयन प्राधिकरणको विमानस्थल स्थित कार्यालय; गैरसैनिक हवाइ सेवासम्बन्धी निकाय वा कार्यालय। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ञ)।]*

नागरिक उड्डयन सुरक्षा (Civil aviation security)- *नाप.* अनधिकृत हस्तक्षेपबाट नागरिक उड्डयनको संरक्षण गर्ने कार्य वा सुरक्षाको लागि गरिने कार्य, अवलम्बन गरिने उपाय, मानव संशाधन र भौतिक साधनको संयोजन; गैरसैनिक हवाइ सेवाको सुरक्षा। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ट)।]*

नागरिक उड्डयन सुरक्षा अधिकारी (Civil Aviation Security Officer)- *नाप.* नागरिक उड्डयन सुरक्षा अधिकारीको रूपमा काम गर्ने नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक; गैरसैनिक हवाइ सेवासम्बन्धी अधिकारी। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ठ)।]*

नागरिक उड्डयन सुरक्षा खानतलासी (Civil aviation security screening)- *नाप.* उपकरण वा अन्य साधनको प्रयोग गरी वा नगरी यात्रु, वायुयान कर्मचारी, विमानस्थलका कर्मचारी तथा आगन्तुकका साथमा रहेका वा निजहरूले लैजान खोजेका पोकापुन्तुरा/झिटीगुन्टा (ब्यागेज/लगेज) को जाँच गर्ने कार्य; वायुयान वा यात्रुलाई क्षति वा खतरा पैदा गर्न सक्ने वा अनधिकृत हस्तक्षेपको कार्य हुन सक्ने हातहतियार, विस्फोटक पदार्थ वा अन्य हानिकारक वस्तु, पदार्थ पत्ता लगाउने कार्य। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (द)।]*

नागरिक उड्डयन सुरक्षा जाँच (Civil aviation security check)- *ना.प.* यात्रु, वायुयान कर्मचारी, विमानस्थलका कर्मचारी तथा आगन्तुकको साथमा रहेका सामानहरू जाँच्ने कार्य; यात्रु, यात्रासेवक वा आगन्तुकका झिटीगुन्टा (लगेज/ब्यागेज) मा राखी लैजान खोजिएका लान पाइने वा निषेधित सामान छुट्याउन गरिने जाँचपडताल। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ध) ।]*

नागरिक उड्डयनमा निषेधित सामान (Prohibited items in Civil aviation)- *ना.प.* नागरिक उड्डयनको सुरक्षा प्रतिकूल हुने गरी प्रयोग हुन सक्ने हातहतियार, विस्फोटक पदार्थ वा अन्य सामान वा वायुयानबाट ओसार पसार गर्न निषेध गरिएको अन्य कुनै सामान; गैरसैनिक वा नागरिक हवाइ जहाजबाट ल्याउनलैजान निषेधित सरसामान वा चिजवस्तु। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ङ) ।]*

नागरिक एकाङ्क योजना (Citizen Unit Scheme)- *ना.प.* नागरिक लगानी कोषले सञ्चालन गरेको नागरिक एकाङ्क योजना; सर्वसाधारण बचतकर्ता र लगानीकर्ताहरूबाट सङ्कलन गरी जम्मा भएको पुँजी कोषलाई व्यवस्थित गर्ने योजना। *[हे. नागरिक लगानी कोष, 2047 को दफा २ को खण्ड (त) र दफा १६ ।]*

नागरिक लगानी कोष (Citizen Investment Trust)- *ना.प.* 'नागरिक लगानी कोष' नामले चिनिने स्थापित अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था; नागरिक लगानी कोषलाई व्यवस्थित रूपले सञ्चालन गर्ने संस्थापना। *[हे. नागरिक लगानी कोष, 2047 को दफा ३ को उपदफा (१) र (२) ।]*

नागरिकता (Citizenship)- *ना.* [सं.] मौलिक अधिकार र कर्तव्य सन्निहित नागरिक र राज्यबिचको वैधानिक हैसियत र सम्बन्ध; संविधानत: वंशज, जन्म वा दीर्घकालीन बसोबासका आधारमा व्यक्तिलाई हुने नागरिक अधिकार; व्यक्तिको राष्ट्रिय परिचय वा पहिचान; नागरिक हुनुको भाव वा अवस्था।

नागरिकताको प्रमाणपत्र (Citizenship certificate)- *ना.प.* कुनै पनि देशमा बस्ने व्यक्तिलाई वयस्क वा साबालक भएपछि वा नागरिक बन्न पाउने अवधि पूरा भएपछि राज्यले प्रदान गर्ने परिचायक प्रमाणपत्र; नागरिक अधिकारवाला व्यक्ति भनी राज्यले दिने निस्सा।

नाजायज (Unlawful, illegal, illegitimate)- *ना.* [अ.] जायज नभएको; अवैध; अनुचित; गैरकानूनी; न्यायसङ्गत नभएको; बेमुनासिब।

नाट्य (Drama, dance)- *ना.* [सं.] नाटक; अभिनय र रङ्गकर्म; अभिनय; हाउभाउ; अवस्थाको अनुकरण; नाच। *वि.* नाटक, नाच, नक्कल; अनुकरणसम्बन्धी। *[हे. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (ख) ।]*

नाट्यशाला (Theater)- *ना.* [सं.] नाचगान गर्ने, नाटक मञ्चन गर्ने, अभिनय वा रङ्गकर्म गर्ने घर; प्रेक्षागृह; प्रेक्षालय।

नाता (Relationship, kinship)- *ना.* [सं. ज्ञाति] एकै पुर्खाको सन्तति भई जन्मनाले वा विवाह आदिद्वारा जोडिएको पारस्परिक सम्बन्ध; जन्म वा विवाहका माध्यमबाट भएको सम्बन्ध; कुटुम्बेरी सम्बन्ध; साइनो; आफन्त।

नातेदार (Relative)- *वि.* [नाता+ए+दार] प्राकृतिक व्यक्तिका पति, पत्नि, छोराछोरी (धर्मपुत्र/धर्मपुत्री समेत), बाबु, आमा, बाजे, बज्यै, दाजु, भाइ, भाउजु, बुहारी, दिदी, बहिनी, सासु, ससुरा, साला, जेठान, साली, जेठीसासु, काका, काकी, भतिजा, भतिजी, नाती र नातिनी; आमातिर वा मावलीतिरका साइनाका आफन्त र बाबुतिरबाट हकवाला आफन्त; बन्धुबान्धव र कुटुम्ब। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ब) ।]*

नापजाँच (Examining, checking, measuring)- *ना.* [नाप्+अ+जाँच्+अ] नाप्ने र जाँच्ने काम; नपाइ र जँचाइ; मापन गर्ने काम; जग्गा नापजाँच; जग्गाजमिन नाप्ने र यकिन गर्ने काम।

नापतौल (Measurement)- *ना.* [नाप्+अ+तौल्+अ] नाप्ने र तौलने काम; नपाइ र तौलाइ; नाप्ने र जोख्ने काम; नापजोख।

नापतौल काउन्टर मेसिन (Measurement Counter Machine)- *नाप.* दुई बाहु बराबर भएको पचास किलोग्रामभन्दा क्षमता बढी नभएको तथा पल्लाहरू डण्डीमाथि भएको जोख्ने यन्त्र; तौल नाप्ने यन्त्र। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५ ।]*

नापनक्सा (Cadastral map)- *ना.* [नाप+नक्सा] जमिनको लम्बाइ, चौडाइको परिमाण र त्यसको रेखाचित्र; जग्गा नाप्ने र त्यसको नक्सा खिच्ने काम।

नापी अधिकृत (Survey Officer)- *नाप.* जग्गा नाप जाँच गराउने नापी गोस्वाराका प्रमुख नापी अधिकृत; नापी अधिकृत; नापनक्सा र स्रेस्ता अद्यावधिक गर्ने नापी शाखाका अधिकृत। *[हे. जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २ को खण्ड (च) ।]*

नापी गोस्वारा (General Survey Office, Napi Goshawara)- *नाप.* नापी विभागअन्तर्गतको जग्गा नाप जाँच गर्ने नापी गोस्वारा; जग्गा नापजाँच गर्ने नापी कार्यालय। *[हे. जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २ को खण्ड (घ) ।]*

नापी टोली (Survey team)- *ना.प.* नापी गोश्वारा वा नापी कार्यालयअन्तर्गत रही जग्गा नाप जाँच गर्ने टोली; सर्भे वा हालसाबिक नापजाँचमा जग्गाजमिन नाप्ने टोली। *[हे. जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २ को खण्ड (ख) ।]*

नापी शाखा (Survey Section)- *ना.प.* जग्गा नाप नक्सा गर्ने र जग्गाको स्रेस्ता अद्यावधिक गर्ने शाखा; नापी कार्यालय। *[हे. जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २ को खण्ड (छ) ।]*

नाप्ने यन्त्र (Measuring machine)- *ना.प.* तौलने यन्त्रबाहेक अरू जुनसुकै कुरा नाप्ने यन्त्र; लम्बाइ, क्षेत्रफल, आयतन वा ग्राहिता नाप्ने वा गन्ने यन्त्र; आयतनका हिसाबले तरल पदार्थहरू नाप्ने यन्त्र। *[हे. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (ङ) र स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५(क) ।]*

नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन (Instrument for measuring, weighing or determining quality standards)- *ना.प.* कुनै वस्तु वा सेवाको एकाइ, गुण वा परिमाणको एकाइ निर्धारण गर्ने साधन; वस्तु वा सेवाको शुद्धता वा स्तरको निर्धारण गर्ने साधन; कुनै वस्तुको एकाइ निर्धारण गर्न चलनचल्तीमा रहेको साधन। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २७३ को उपदफा (१) को स्पष्टीकरण।]*

नाफाखोर (Profiteer, undue profit making business)- *वि.* [अ. नफल>नाफा+फा. खोर] उद्योग, व्यापार वा अरू कारोवारबाट अनुचित लाभ उठाउने; लिन नहुने किसिमले धेरै नाफा खाने।

नाफाखोरी (Profiteering)- *ना.* [नाफाखोर+ई] नाफाखोरले गर्ने काम; अनुचिल लाभ उठाउने वा नसुँहाउने गरी लाउने काम।

नाबालक/नाबालिग/नाबालख (Minor, under-age)- *ना.* [अ.] बालबालिका; निर्धारित उमेर पूरा नगरेको व्यक्ति; बालिग हुने अवस्था नभएको; सक्षमताप्राप्त नगरेको व्यक्ति; उन्नाइस वर्षभन्दा कम उमेरको व्यक्ति; केटाकेटी; बालक/बालिका।

नामकरण/नामाकरण (Nomenclature, naming)- *ना.* [सं. नाम+करण] व्यक्ति, वस्तु वा स्थान आदिको नाम राख्ने काम; शीर्षक दिने कार्य; नाम अङ्कित गर्ने क्रिया; नवजात बालकको नाम राख्ने काम; न्वारान।

नामनामेसी/नाउँनामेसी (Personal details)- *ना.* [नाम (द्वि.)+एसी] कुनै व्यक्तिको नाम, थर र वतन आदि; नाम र ठेगाना; व्यक्तिगत पहिचानका नामथर, ठेगान, उमेर लिङ्ग आदिको विवरण।

नामन्जुर (Refused, denied)- *वि.* [फा.] स्वीकार नगरिएको; मन्जुर नभएको; अस्वीकार; बेमन्जुर।

नामन्जुरी (Refusal, denial)- *ना.* [नामन्जुर+ई] स्वीकार नगरिएको अवस्था; बेमन्जुरी; अस्वीकृति; इन्कारी।

नामसारी/नाउँसारी (Transfer of entitlement, transfer of ownership)- *ना.* [नाम+सार्+ई] नाम सार्ने वा बदल्ने काम; कसैका नाउँमा रहेको चलअचल सम्पत्तिको स्वामित्व वा हक अर्को कसैका नाउमा सार्ने, दर्ता गर्ने वा कायम गर्ने कार्य; साबिक एकको नामनामेसीका ठाउँमा हाल अर्काको नामनामेसी अङ्कित वा दर्ज गर्ने कार्य; दाखिलखारिज; एकका नाममा रहिआएको दर्ताअभिलेख अर्काको नाममा कायम गर्ने कार्य।

नारीवाद (Feminism)- *ना.* [सं. नारी+वाद] नारीहरूको उत्थान, अस्मिता र स्वतन्त्रतालाई जोड दिने मान्यता तथा सिद्धान्त; महिलाका वैशिष्ट्य र अधिकारलाई प्रश्रयमा राख्नुपर्छ भन्ने वैचारिक मत।

नारीवादी (Feminist)- *ना.* [सं. नारीवाद+ई] नारीवादमा विश्वास गर्ने; समाजमा नारी स्वतन्त्रता, सम्मान र अधिकारका पक्षमा काम गर्ने।

नालायक (Incompetent, incapable)- *वि.* [फा.] लायक नभएको; अयोग्य; कुनै पनि काम वा पदका लागि उपयुक्त नभएको।

नालिस (Law-suit)- *ना.* [फा.] कुनै व्यक्तिद्वारा आफूमाथि अन्याय भएको लागेमा उचित सजाय वा क्षतिपूर्तिका लागि अदालत वा सम्बन्धित अधिकारीसमक्ष गर्ने रीतपूर्वकको उजुरी; फिराद; दाबीपत्र; प्रतिदाबीपत्र वा सोसरहको निवेदन; नालेस। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २ को खण्ड (घ) ।]*

नाविक (Ship crew members)- *ना.* [सं.] पानी जहाज सञ्चालन गर्ने कर्मचारी; नदीमा डुङ्गा चलाउने व्यक्ति; बोटी; नाउमा बसेर यात्रा गर्ने व्यक्ति।

नासो (Bailment, pledge)- *ना.* [सं. न्यास] चाहिएका बेलामा फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिएको वस्तु; धरौट; धरौटी; जाकट।

नासोसम्बन्धी करार (Contract of bailment)- *ना.प.* एक व्यक्तिले अर्को व्यक्तिलाई कुनै वस्तु आफूलाई नै फिर्ता दिने गरी गरेको करार; नासो राख्ने व्यक्तिले अह्राएबमोजिम त्यस्तो नासो अरू कसैलाई हस्तान्तरण वा बिक्री गर्ने गरी वस्तु नासो सुरक्षित राख्न गरेको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५७५ को उपदफा (१) ।]*

निःशस्त्र (Unarmed, armless)- *वि.* [सं.] हतियार नभएको; शस्त्र नभएको।

निःशस्त्रीकरण (Disarmament)- *ना.* [सं.निःशस्त्र+ईकरण] हतियाररहित हुने सम्झौता वा निर्णय; हातहतियाररहित बनाउने काम।

निःशुल्क (Free of cost, gratis)- *वि.* [सं.] शुल्क नलाग्ने; कर नलाग्ने; शुल्क तिर्नु नपर्ने।

निःशुल्क कानूनी सहायता (Free legal aid)- *नाप.* कानूनी सल्लाह र सेवा लिए बापत कानून व्यावसायीलाई पारिश्रमिक वा सेवाशुल्क दिनु नपर्ने कानूनी सेवा वा सहायता; असमर्थ व्यक्तिलाई निःशुल्क दिइने कानूनी राय सल्लाह वा त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरूमा निःशुल्क गरिने बहसपैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा गरिने अन्य सेवा।

निःशुल्क शिक्षा (Free education)- *नाप.* विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षा; विद्यार्थीले पढाइका लागि भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क आदि शुल्क बुझाउनु नपर्ने शिक्षा; शुल्करहित शिक्षा। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (छ)।]*

निःसङ्कोच (Without hesitation, confident)- *वि.* [सं.] काम गर्दा धक नमानीकन; सङ्कोच नभएको; निर्धक्क; धुकचुक नगरी; दोधार नभई।

निःसन्तान (Infertility)- *वि.* [सं.] सन्तान नभएको; छोराछोरी नभएको; सन्तानरहित।

निःस्वार्थ (Selfless)- *वि.* [सं.] स्वार्थविहिन; त्यागी; स्वार्थविनाको।

निकतटम (Nearest)- *वि.* [सं.] सबैभन्दा नजिकको; साह्रै नजिकको।

निकम्मा (Useless, worthless)- *वि.* [पा.<सं. निष्कर्म] नालायक; बेकम्मा।

निकाय (Entity, organization, body)- *ना.* [सं.] साझेदारी, ट्रस्ट वा कम्पनी, गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति; नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह; कुनै विदेशी सरकार वा सो सरकारअन्तर्गतका प्रान्तीय वा स्थानीय सरकार; कुनै सन्धिद्वारा स्थापना भएको सार्वजनिक अन्तरराष्ट्रिय सङ्गठन; आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको संस्था वा सङ्गठनको स्थायी संस्थापन; सरकारी वा सङ्घसंस्था र तिनका विभिन्न विभाग, संयन्त्र वा एकाइ। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (भ)।]*

निकायमा रहेको हित (Interest in entity)- *ना.प.* कुनै निकायको आय वा पुँजी प्राप्त गर्ने सांयोगिक अधिकारसमेतको अधिकार; कुनै पनि निकायको अनुकूलता। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (म) ।]*

निकाला (Exilement, banishment)- *ना.* [निकाल्+आ] कसैलाई बसेको देश, ठाउँ, कामकाज आदिबाट उसको इच्छाविनै निकाल्ने काम; निष्कासन; खोसुवा; कुनै ठाउँबाट कसैलाई धपाउने वा लखेट्ने काम।

निकास (Wayout, outlet)- *ना.* [सं.] बाहिरबाट भित्र जाने र भित्रबाट बाहिर निक्लने ठाउँ; मार्ग; बाटो; उपाय; खुला ठाउँ; ढलनिकास।

निकासा (Sanction, release)- *ना.* [निकास+आ] सरकारद्वारा कसैको आवेदनउपर लगाइने सकारात्मक तोक; कुनै वस्तुबाहिर पठाउने काम; रकम वा अधिकारबारे माथिल्लो तहबाट तल्लो तहलाई दिइएको स्वीकृति।

निकासी (Export)- *ना.* [सं. निष्कास+ई] स्वदेशबाट विदेशी मुलुकमा मालवस्तु पठाउने काम; देशबाहिर मालसामान लैजाने काम; निर्धारित क्षेत्रबाट मालसामान सो क्षेत्र बाहिर लाने वा पठाउने काम; निर्यात। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ट), निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा २ को खण्ड (क), प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा २ को खण्ड (ख) र गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (घ) ।]*

निकासीकर्ता (Exporter)- *ना.* नेपालबाट विदेशी मुलुकमा मालवस्तु पठाउने व्यक्ति वा संस्था; निर्यातकर्ता।

निकासी-पैठारी (Export-import)- *ना.* [सं.] व्यापारिक मूल्यका सामान आफ्नो देशबाट अर्को देशमा पठाउने र अर्को देशबाट आफ्नो देशमा झिकाउने काम; निर्यात-आयात।

निकाह (Muslims' marriage system)- *ना.* [अ.] मुसलमानहरूको विवाह पद्धति; त्यस्तो पद्धतिअनुसार भएको विवाह।

निकुञ्ज (Park, wildlife reserve)- *ना.* [सं.] बोटविरुवा, रुख, जनावर आदि वन्यसम्पदाको सुरक्षाको उद्देश्यले निर्माण गरिएको स्थल; आरक्षण; वनवाटिका; वाटिका।

निकृष्ट (Worst)- *वि.* [सं.] नीच; तुच्छ; हेय; ज्यादै तल गिरेको।

निकेतन (Residence, habitant)- *ना.* [सं.] बासस्थान; निवास; घर; प्रासाद; सामूहिक रहाइबसाइ।

निक्षेप (Deposit)- *ना.* [सं.] चाहिएको बेलामा फिर्ता लिने गरी कसैलाई कुनै वस्तु राख्न दिने काम; कुनै वस्तुलाई कतै राख्ने काम; थन्क्याइ; न्यास; ब्याज दिने वा नदिने गरी बैङ्क वा वित्तीय संस्थामा ग्राहकका नामका चल्ती, बचत वा मुद्दती खातामा ग्राहकमार्फत जम्मा भएको रकम; राष्ट्र बैङ्कले निर्धारण गरेबमोजिम बैङ्क वा वित्तीय संस्थाले विभिन्न बैङ्किङ्ग तथा वित्तीय उपकरणको माध्यमबाट स्वीकार गरेको रकम। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (न) र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (छ) ।]*

निक्षेप खाता (Deposit account)- *नाप.* नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्क वा वित्तीय संस्थामा रहेको चल्ती, बचत वा मुद्दती खाता; व्यक्ति वा संस्थाले आफ्ना नगद रकम बैङ्कमा जम्मा गर्ने र जम्मा भएको रकम आवश्यकता अनुसार बैङ्कबाट फिर्ता लिने वा अरू कसैलाई भुक्तानी दिने हरहिसाबसहित बैङ्कमा रहने वित्तीय विवरणवाला कागजी वा विद्युतीय बही; बैङ्क खाता। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (ज) ।]*

निक्षेप तथा कर्जा सुरक्षण कोष (Deposit and Credit Guarantee Fund)- *नाप.* सुरक्षित सदस्य संस्थामा रहेको निक्षेप तथा सदस्य संस्थाले लगानी गरेको कर्जा सुरक्षण गर्न स्थापना गरिएको कोष; यस नामले चिनिने स्थापित अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (ग) र दफा ३ को उपदफा (१) ।]*

निक्षेप रकम (Deposit amount)- *नाप.* प्राकृतिक व्यक्तिको निक्षेप खातामा जुनसुकै मुद्रामा जम्मा गरिएको रकम; निक्षेप खातामा रहेभएको नगद वा वित्तीय रकमकलम। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (झ) ।]*

निक्षेप सुरक्षण (Deposit guarantee)- *नाप.* इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्थाले कानूनबमोजिम वा राष्ट्र बैङ्कले तोकेका निक्षेप खातामा रहेको रकमलाई सुरक्षा वा सुरक्षण गर्ने कार्य; बैङ्कका खातामा रहेको रकमको सुरक्षण। *[हे. बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (प) र दफा १०८ ।]*

निक्षेप सुरक्षण जोखिम कोष (Deposit Guarantee Risk Fund)- *नाप.* निक्षेप सुरक्षणसम्बन्धी दायित्व बेहोर्न चाहिने स्रोतका लागि खडा गरिने कोष; निक्षेप तथा कर्जा सुरक्षण कोषअन्तर्गत छुट्टै स्थापना भएको कोष। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ ।]*

निक्सारी (Sanction office)- *ना.* [निकासा+कारी] निकासा गर्नेको काम; निकासा गर्ने प्राधिकारी; निक्सारी अड्डा; राणाकालमा बिन्तीपत्र वा उजुरीको निकासा दिने अड्डा वा फाँट।

निगरानी (Surveillance, supervision)- *ना.* [फा.] कुनै व्यक्ति वा वस्तु नबिग्रियोस्, नमासियोस् वा अरूद्वारा जथाभावी नहोस् भन्ने उद्देश्यले रेखदेख गर्ने काम; हेरविचार; निरीक्षण; निग्रानी; देखभाल।

निगाह (Pity, grace)- *ना.* [फा.] कमजोर वा पीडित व्यक्तिप्रति दर्साइने दया; दयादृष्टि; मेहरबानी; दुःखीदरिद्रीउपर गरिने कृपा; अनुग्रह।

निज (Self, ownself)- *सर्व.* [सं.] आफै; आफू; स्वयम्; स्व।

निजामती (Civil)- *ना./वि.* [अ. निजामत+ई] राज्य प्रशासनका जङ्गी/फौजीबाहेक सामान्य र न्यायप्रशासनसँग सम्बन्धित जनशक्तिसम्बन्धी; गैरसैनिक।

निजामती कर्मचारी (Civil employee, civil servant)- *नाप.* निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति; निजामती वा असैनिक रूपले सेवाप्रवाह गर्ने सरकारी कर्मचारी वा राष्ट्रसेवक। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ख) ।]*

निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन (Authentic Trade Union of Civil Employees)- *नाप.* निजामती कर्मचारीको ट्रेड युनियनका सदस्यहरूले छनोट गरेका पदाधिकारीहरू रहने गरी गठन गरिएको ट्रेड युनियन; कर्मचारीहरूको आधिकारिक युनियन। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ज२) र दफा ५३ को उपदफा (३) को खण्ड (क) ।]*

निजामती कर्मचारीहरूको ट्रेड युनियन (Trade Union of Civil Employees)- *नाप.* निजामती कर्मचारीको वैधानिक ट्रेड युनियन; मान्यताप्राप्त कर्मचारी ट्रेड युनियन। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ज१) र दफा ५३ को उपदफा (१) ।]*

निजामती सेवा (Civil Service)- *नाप.* कानूनद्वारा गठन गरिएका आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा, नेपाल कृषि सेवा, नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा, नेपाल लेखापरीक्षण सेवा, नेपाल वन सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवाको समुच्चय; गैरसैनिक सेवा; सरकारी कामकाज सम्पादन गर्ने जनशक्तिका रूपमा कार्यरत कर्मचारीसम्बन्धी व्यवस्थापन। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (क) र दफा ३ ।]*

निजामती सेवाको पद (Positions in the civil service)- *नाप.* सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाबाहेकको सरकारी सेवाका पद वा दर्जा; निजामती सेवाको पद होइन भनी तोकिएका सेवाका पदबाहेक नेपाल सरकारका सबै सेवाको पद; असैनिक प्रकृतिका सेवाको पद। *[हे. नेपालको संविधानको धारा २४३ को उपधारा (१) को स्पष्टीकरण।]*

निजी क्षेत्र (Private sector)- *नाप.* सरकारी क्षेत्रबाहेकका अन्य क्षेत्र; सरकारको प्रत्यक्ष नियन्त्रणमा नरहेको स्वतन्त्र अर्थतन्त्र; सरकारी वा सार्वजनिक क्षेत्रसँग सम्बन्धित नभई खास व्यक्ति वा समूहका स्वामित्वमा रहेका सम्पत्ति, सम्पदा, कार्य, व्यापारवाणिज्य, उद्योगधन्दा वा पेसाव्यवसायको फाँट। *[हे. निजीकरण ऐन, २०५० को दफा २ को खण्ड (घ) ।]*

निजी गुठी (Private trust, personal guthi)- *नाप.* कुनै खास व्यक्ति वा समूह विशेषका लागि हित, लाभ वा सुविधा पुऱ्याउने उद्देश्यले राखिएको गुठी; राजगुठी र छुट गुठीबाहेकको दुनियाँदारको गुठी। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३१५ को उपदफा (३) र गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (च) ।]*

निजी जल (Private water)- *नाप.* व्यक्ति विशेषले स्थानीय तहलाई मालपोत वा भूमिकर तिरीराखेको जमिनमा भएको निजको हक र उपभोगको ताल, दह, पोखरी, तलाउ वा जलाशय; व्यक्तिका नाउँमा दर्ता कायम रहेको जग्गामा रहेको जलस्रोत वा पानीको मूल। *[हे. जलचर संरक्षण ऐन, २०१७ को दफा २ को खण्ड (घ) ।]*

निजी लगानीका विद्यालय (School with private investment)- *नाप.* निजी लगानीमा स्थापना वा सञ्चालन भएका विद्यालय; संस्थागत विद्यालय। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (च) ।]*

निजी वन (Private forest)- *नाप.* पूरा वा केही अंशमा राजस्व छुट भएको वा व्यक्तिविशेषले कुनै तवरबाट आफ्ना हक गराई भोग गरी आएका सबै प्रकारका जग्गा जमिनमा रहेभएको वनजङ्गल; त्यस्तो वनजङ्गलका सिमानाभित्रको पर्ती जमिन; कुनै व्यक्तिले आफ्ना हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन; निजी जङ्गल वा बाटिका। *[हे. निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ को दफा २ को उपदफा (१) र वन ऐन, २०७६ को दफा २ को खण्ड (ट) ।]*

निजी सवारी साधन (Private motor vehicle)- *नाप.* निजी प्रयोगका लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधन; सार्वजनिक यातायात वा भाडाको सवारी साधनका रूपमा प्रयोग नहुने सवारी

साधन; व्यक्तिगत सवारी साधन। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ञ) र दफा ८।]*

निजी साँचो (Private key)- *ना.प.* डिजिटल हस्ताक्षर सिर्जना गर्न प्रयोग गरिएको कुनै जोडी साँचोको एक साँचो; डिजिटल रूपमा कुनै डाटा वा इलेक्ट्रोनिक कागजातमा हस्ताक्षर गर्न मद्दत गर्ने गोप्य गणितीय गुह्याङ्क (क्रिप्टोग्राफिक कोड); हस्ताक्षरको प्रमाणिकता, अपरिवर्तनीयता र नकार्न नसकिने गुण निश्चित गर्ने गुह्याङ्क। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ङ)।]*

निजी सेवक (Private helper)- *ना.प.* कसैको घरायसी वा व्यक्तिगत काम गर्ने व्यक्ति; घरेलु कामदार।

निजीकरण (Privatization)- *ना.* [सं] प्रतिष्ठानका व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराउने, बिक्री गर्ने, भाडामा दिने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने वा अन्य कुनै माध्यमबाट निजी क्षेत्र वा त्यस्ता प्रतिष्ठानका कर्मचारी, कामदार वा ईच्छुक सबै समूहको आंशिक वा पूर्ण सहभागिता गर्ने, गराउने कार्य; सरकारी स्वामित्व तथा व्यवस्थापनमा रहेका उद्योग, व्यवसाय आदिलाई निजी क्षेत्र (व्यक्ति, समूह वा संस्था) लाई सञ्चालन गर्न दिने काम; वैयक्तिकीकरण। तुल. सार्वजनीकरण। *[हे. निजीकरण ऐन, २०५० को दफा २ को खण्ड (ख)।]*

निजीकरण समिति (Privatization Committee)- *ना.प.* सार्वजनिक, सरकारी वा अर्धसरकारी प्रतिष्ठानको निजीकरण गर्ने कार्यलाई व्यवस्थित गर्न गठन गरिएको समिति; निजीकरणको प्रक्रियालाई सहजीकरण र सहयोग गर्ने संयन्त्र। *[हे. निजीकरण ऐन, २०५० को दफा २ को खण्ड (ङ) र दफा ३ को उपदफा (१)।]*

निजीकृत (Privatized)- *वि.* [सं.] निजीकरण गरिएको; निजी बनाइएको।

निडर (Fearless, courageous, brave)- *वि.* [सं.] साहसी; निर्भय; नडराउने।

निदान (Diagnosis, solution)- *ना.* [सं.] हेतु वा कारण; हेतु वा कारण ठम्याउने काम; रोगआदिको पहिचान; उपचार; समाधान; निष्कर्ष; परिणाम; निचोड।

निधान (Base, root cause)- *ना.* [सं.] आधार; मुख्य कारण।

निन्दनीय (Condemnable, blameable)- *वि.* [सं.] निन्दा गर्न लायक; तिरस्कार गर्न लायक; घृणास्पद।

निपुण (Expert, skillful, competant, efficient, proficient)- *वि.* [सं.] कुशल, दक्ष, सिपालु, ज्ञाता, कुनै कामकुराको राम्रो ज्ञान भएको।

निप्टारा/निब्टारा (Disposal, settlement, completion)- *ना.* [निप्टा/निब्टा+आरा] कुनै कुरा निप्ट्याउने/निब्ट्याउने काम; कुनै कुरा टुङ्ग्याउने वा फर्स्याउने काम; कुनै विशेष कार्य वा झमेला आदिको अन्त्य; छिनोफानो; समाधान।

निमित्त (Officiating)- *ना.* [सं.] तोकिएको कुनै पदाधिकारीका लागि वा पदाधिकारीको हेतु वा कारणका लागि। क्रि*वि.* कसै वा केहीका लागि।

निमुखा (Powerless, unable)- *वि.* [सं.] शक्तिहीन; निर्धो; अज्ञान, धक, लाज आदिका कारणले मौकामा बोल्न नसक्ने।

निमेक (Allowance, wages)- *ना.* [प्रा. नमक>सं. लवण] ज्याला; पारिश्रमिक; मजदुरी।

निम्नलिखित (As follows, following, below mention)- *वि.* [सं.] निम्नाङ्कित; तल लेखिएको; यसभन्दा पछि लेखिएको; अब लेखिने; निम्नाङ्कित।

नियत (Intention, inner motive or aim)- *ना.* [अ.] भित्री उद्देश्य वा लक्ष्य; मनसाय; इरादा; मनसुबा; अन्तर्य।

नियन्त्रक (Controller)- *ना./वि.* [सं.] नियन्त्रण गर्ने व्यक्ति; नियन्त्रण कार्यालयको प्रमुख व्यक्ति; नियन्त्रण गर्ने; रोक्ने।

नियन्त्रण (Control)- *ना.* [सं.] मनाही गर्ने वा प्रतिबन्ध लगाउने काम; रोक; रोकटोक; सीमाबन्धन।

नियन्त्रित अनुसन्धान प्रविधि (Controlled Investigation Technology)- *ना.प.* सङ्गठित अपराधको अनुसन्धान गर्न वा सङ्गठित अपराधमा संलग्न व्यक्तिको पहिचान गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको जानकारी वा प्रत्यक्ष निगरानीमा अनुसन्धान अधिकारीको कार्यालयमा अभिलेख राखी कुनै गैरकानूनी वस्तु प्रयोग गर्ने वा त्यस्तो वस्तु एक ठाउँबाट अर्कै ठाउँमा ढुवानी गर्ने वा ओसारपसार गर्ने प्रविधि; अनुसन्धान प्रविधिको नियन्त्रित उपयोग गर्ने काम। *[हे. सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १३ को उपदफा (१) को स्पष्टीकरण।]*

नियन्त्रित विदेशी निकाय (Controlled foreign entity)- *ना.प.* कुनै आय वर्षमा कुनै बासिन्दा व्यक्तिको प्रत्यक्ष रूपमा वा एक वा बढी मध्यस्थ गैरबासिन्दा निकायहरूको माध्यमबाट अप्रत्यक्ष रूपमा हित रहेको कुनै गैरबासिन्दा निकाय; सो निकायसँग सम्बद्ध रहेको वा सो

सम्बद्ध मानिने व्यक्ति तथा कुनै अन्य बढीमा चार बासिन्दा व्यक्तिहरू सो निकायसँग सम्बद्ध भएको भए त्यस्तो निकाय। *[हे. आयकर ऐन, २०५८ को दफा 67 को उपदफा (7) को स्पष्टीकरण र दफा 69।]*

नियम (Rule, regulations, by laws)- *ना.* [सं.] कुनै पनि कामकुराको प्रबन्ध गर्न वा व्यवस्था मिलाउनका लागि अवलम्बन गरिने विधान, नीति र विधि; वैधानिक प्रतिज्ञा; नियमावलीअन्तर्गतका विषयगत बुँदा; नियमावलीका अनुच्छेद, प्रकरण वा दफा; विधायिकाले बनाएको विधायनको कार्यान्वयन गर्नका लागि थप प्रशासकीय वा व्यवस्थापकीय प्रयोजनका लागि आवश्यक पर्ने कानूनी प्रावधान गर्न कार्यपालिका वा राज्यका कुनै निकायलाई प्रत्यायोजन गरिएको अधिकारद्वारा बनाइने विधायन/ऐनअन्तरगतको थप कानूनी प्रावधान; ऐनले दिएको अख्तियारको प्रयोग गरी बनाएको नियम; ऐनअन्तर्गत नियमसरह बनाइएको विनियम। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (प)।]*

नियमन (Regulation)- *ना.* [सं.] नियममा राख्ने वा रहने काम; नियमको बन्धन; नियमअनुसार परिचालन।

नियमनकारी (Regulatory)- *वि.* [सं.] नियमन गर्ने; नियमन गराउने; नियमको पालना गराउने।

नियमनकारी निकाय (Regulatory authority, regulatory body)- *नाप.* कुनै सेवा वा वस्तुको गुणस्तर वा उपयुक्तता नियमन गर्ने निकाय वा अधिकारी; सूचक संस्थाको नियमन वा सुपरिवेक्षण गर्न स्थापित संस्था। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (थ) र दफा ७न. को उपदफा (२)।]*

नियमापत्ति (Objection)- *ना.* [सं. नियम+आपत्ति] कुनै सभा वा बैठकमा कुनै कुरा स्वीकृत कार्यप्रणालीअनुसार नभएको वा नियमविरुद्ध भएकोमा उठाइएको आपत्ति; संसद्को सदनको बैठकसमक्ष तत्काल विचाराधीन वा कारबाही चल्दै गरेको कुनै विषयमा कुनै सदस्यलाई कुनै नियमको उल्लङ्घन भएको छ भन्ने लागेमा उल्लङ्घन भएको नियम खुलाई गरिने आपत्ति; नियम मिचिएकोमा चित्त नबुझेर सो बदल्न वा सच्याउन गरिएको माग। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २६ को उपनियम (१) र प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २६ को उपनियम (१)।]*

नियमावली (Regulations, compilation of rules)- *ना.* [सं. नियम+आवली] नियमहरूको सङ्ग्रह वा सँगालो; नियमहरूको सिलसिलाबद्ध रखाइ वा विन्यास।

नियमित (Regulated, in accordance with rule or law)- *वि.* [सं.] नियममा बाँधिएको; नियमबद्ध; नियमले निर्धारण गरे अनुसार हुने; क्रमअनुसारको; सधैंजसो हुने।

नियमित दिनचर्याका कार्यहरू र सामाजिक जीवन क्षेत्रमा सहभागिता (Participation in the functions of daily life and social life)- *नाप.* व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, घुमफिर, स्वस्याहार वा हेरचाहजस्ता नियमित कार्य र तिनमा सहभागिता; घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवम् नागरिक जीवनका क्षेत्रका क्रियाकलाप र तिनमा सहभागिता। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

नियमित नन्-क्वारेन्टाइन शत्रुजीव (Regular non-quarantine pest)- *नाप.* बिरुवा तथा बिरुवाजन्य उपजमा शत्रुजीवको उपस्थितिले त्यसको लक्षित उपयोगलाई आर्थिक रूपमा हानि पुऱ्याउन सक्ने शत्रुजीव; बिरुवालाई हानि गर्ने जैविक तत्त्व। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा २ को खण्ड (च१) ।]*

नियमित रोजगारी (Regular employment)- *नाप.* कार्यगत, समयगत र आकस्मिक रोजगारीबाहेक अन्य जुनसुकै प्रकारको रोजगारी; पेसा वा व्यवसायका रूपमा गरिने निरन्तर कामकाज गर्ने रोजगारी। *[हे. श्रम ऐन, २०७४ को दफा १० को उपदफा (१) को स्पष्टीकरण।]*

नियमित शत्रुजीव (Regular pest)- *नाप.* बिरुवा वा बिरुवाजन्य उपजलाई आर्थिक रूपमा हानि पुऱ्याउने शत्रुजीव; क्वारेन्टाइन शत्रुजीव; नियमित नन्-क्वारेन्टाइन शत्रुजीव। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा २ को खण्ड (ङ) ।]*

नियाँ (Justice)- *ना.* [सं. न्याय] सत्य, असत्य छुट्याएर गरिएको निर्णय; निसाफ; इन्साफ।

नियाँनिसाफ (Justice)- *ना.* [न्याय+निसाफ] न्याय र इन्साफ; निष्पक्ष न्याय; सच्चा न्याय।

नियुक्तिपत्र (Appointment letter)- *ना.* [सं. नियुक्ति+पत्र] कुनै पदमा नयाँ भर्ना/भर्ती हुँदा दिइने/पाइने निस्सा वा पत्र; कुनै काममा लगाइएको निश्चित गरी दिइने पत्र।

नियोग (Mission)- *ना.* [सं.] कुनै निकाय वा सङ्गठन; अन्तरराष्ट्रिय सङ्घसङ्गठनका सम्पर्क निकाय; खास उद्देश्यले खासखास काम गर्न खटिने कार्यदल वा कार्यसमूह।

नियोजित (Planned, intended)- *वि.* [सं.] योजना गरिएको; पूर्वनिर्धारित; पहिल्यै मिलाइएको; पूर्वआयोजित।

नियोजी (Planning body)- *ना.* [सं.] योजना बनाउने निकाय; नियोजन गर्ने निकाय।

निरक्षर (Illiterate, uneducated)- *वि.* [सं.] अक्षर पढ्न र लेख्न नजान्ने; लेखपढ गर्न नसक्ने। तुल. साक्षर।

निरङ्कुश (Autocrat, despotic, tyrannous)- *वि.* [सं.] कुनै अङ्कुश वा नियन्त्रण नभएको; स्वेच्छाचारी, बन्धनहीन।

निरनुमोदन (Unratified)- *ना.* [सं. निः+अनुमोदन] अनुमोदन नभएको अवस्था; अननुमोदन।

निरन्तर (Regular, continuous, perpetual)- *ना.* [सं.] अटुट; बिचमा नटुटेको; व्यवधान नभएको; लगातारको; क्रमैले।

निरन्तर जमानत (Continuous guarantee)- *नाप.* कुनै शृङ्खलाबद्ध कारोबार विस्तार हुने गरी जमानत दिइएको अवस्था; अभियुक्तले एक पटक दिएको जमानीलाई एकाधिक वा अनुसन्धान हुँदै गरेका मुद्दाका लागि पनि जमानत मानिने अवस्था। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५७० को उपदफा (१) ।]*

निरपराध (Innocent, guiltless)- *ना.* [सं. निः+अपराध] अपराध नगरेको; निर्दोष; बेकसुर; दण्ड दिन अयोग्य।

निरपवाद (Unblemished, accepted by all)- *ना.* [सं. निः+अपवाद] कुनै पनि लाञ्छना नलागेको; निष्कलङ्क; सर्वमान्य; अपवादरहित; सर्वस्वीकृत।

निरपेक्ष (Absolute, irrelative, indifferent, impartial, neutral)- *वा.* [सं. निः+अपेक्ष] कुनै कुराको वास्ता नराख्ने; अपेक्षा नभएको; तटस्थ; चासो नराखिएको।

निरपेक्ष गरिबी (Absolute poverty)- *नाप.* आधारभूत आवश्यकताहरू पूरा गर्न नसक्ने अवस्थाको गरिबी; जीवन निर्वाहको लागि न्यूनतम क्षमता नभएको अवस्थाको गरिबी; अति निर्धनता।

निरपेक्षता (Non-alignment, neutrality, irrelevant)- *ना.* [सं. निरपेक्ष+ता] कुनैसँग संलग्न नरहेको स्थिति; असम्बद्धता, तटस्थता।

निरर्गल (Unbarred, unrestrained)- *वि.* [सं. निः+अर्गल] कुनै किसिमको प्रतिबन्ध नलागेको; स्वच्छन्द; निर्विघ्न; नछेकेको; आग्लो नलागेको वा रोकटोक विनाको; अनर्गल।

निरर्थक (Irrelevant, meaningless)- *वि.* [सं. निः+अर्थ+अक] सरोकार नभएको; मतलब नभएको; अर्थहीन; बेकम्मा; निष्प्रयोजन।

निराकरण (Solution, settlement, remedy)- *ना.* [सं.] समस्या तथा सङ्कटबाट मुक्त पार्ने काम; गल्ती-कमीलाई पुनर्विचार गरी सच्याउने काम; निकाल्ने वा हटाउने काम; समाधान।

निराधार (Baseless, groundless)- *वि.* [सं.] प्रमाणहीन, आधारहीन, प्रमाणित गर्न नसकिने।

निरीक्षक (Supervisor, superintendent)- *ना.* [सं. निः+ईक्षक] रेखदेख गर्ने; निरीक्षणकर्ता; जाँचबुझ तथा निरीक्षण गर्ने तोकिएको व्यक्ति।

निरीक्षण (Inspection)- *ना.* [सं.] जाँच; परीक्षण; जाँचबुझ; चेकजाँच।

निरीक्षण पुस्तिका/रजिस्टर (Inspection Register)- *ना.प.* मिसिल कागजपत्र निरीक्षण गरी अभिलेखन गरिएको दर्ता किताब; तालुक अधिकारीले मातहतका अड्डाको निरीक्षण गरी निरीक्षणका क्रममा मातहत कार्यालयमा देखिएका मुख्य कुरा र दिइएका निर्देशन/सुझाब उल्लेख गरी हस्ताक्षर गरिएको अभिलेख पुस्तिका।

निरीह (Innocent, helpless)- *वि.* [सं.] उदासीन; कुनै वस्तुको चाहना नगर्ने; अबोध; सोझो; निर्धो; निरुपाय।

निरुत्तर (Unanswerable, speechless)- *वि.* [सं. नियम+आवली] उत्तर दिन नसक्ने; नाजवाफ; उत्तररहित।

निरूपण (Execution)- *ना.* [सं.] छानबिन; अन्वेषण; सम्पादन; प्रतिपादन; विवेकद्वारा गरिएको निर्णय वा निश्चय; सोचविचार पुऱ्याइ निकालिएको निष्कर्ष वा समाधान।

निरोध (Prohibit)- *ना.* [सं.] रोक्ने वा छेक्ने काम; अवरोध; प्रतिबन्ध; रोकटोक; सीमाबन्दी।

निरोधात्मक (Preventive)- *वि.* [सं.] निषेधात्मक; निराकरणात्मक; निरोधसम्बन्धी।

निर्घात (Shock, stroke)- *ना.* [सं.] आघात; प्रहार। क्रि*वि.* अचाक्ली; उधुम; बेस्सरी।

निर्जन (Solitude, desolate)- *ना.* [सं.] एकलास ठाउँ; कुनै मानिस (जन) वा प्राणी नभएको ठाउँ। *वि.* सुनसान; एकान्त; एकलासे।

निर्जर (Forever young, ageless)- *वि.* [सं.] कहिले बुढो नहुने; जरा वा बुढ्याइँ नआउने; अजर।

निर्जीव (Non-living, lifeless, dead)- *ना.* [सं.] गतिहीन; जड; जीव वा प्राण नभएको; मृत; स्थावर; जीवत्व वा जीवनविहीन।

निर्जीवन बिमा (Inanimate insurance)- *ना.प.* जीवन बिमा तथा पुनर्बिमाभन्दा भिन्न बिमा; कुनै सम्पत्ति वा दायित्वको जोखिमका सम्बन्धमा बिमाशुल्क लिई बिमालेखमा उल्लेख भएको जोखिम स्वीकार गरेबापत कुनै खास रकम हर्जाना वा क्षतिपूर्ति प्रदान गर्न बिमकले बीमितसँग गरेको करार। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ठ) ।]*

निर्णय (Verdict, judgement, award, decision)- *ना.* [सं.] विभिन्न विकल्पमध्ये उत्तम विकल्प छान्ने काम; ठहर; ठम्याइ; निचोड; फैसला; निधो; टुङ्गो; कुनै काम गर्ने निश्चय।

निर्णय सुनाएको (Decision read out)- *नाप.* अड्डा अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष परेको मुद्दाको पुर्पक्ष तथा प्रमाण मूल्याङ्कनका प्रक्रिया पूरा गरेपछिको अन्तिम परिणाम सुनाएको अवस्था; मुद्दामा हारजित ठहर गरी सजाय समेत निर्धारण गरी गरिएको निर्णय सुनाएको। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (६) को स्पष्टीकरण।]*

निर्णायक (Decisive, conclusive)- *वि.* [सं.] विवादको समाधान गर्ने वा टुङ्गो लगाउने; निर्णय गर्ने; निश्चय गर्ने; निर्णयमा पुऱ्याउने (मत, प्रमाण, बल आदि)।

निर्णायक मत (Decisive vote)- *नाप.* कुनै निर्णयार्थ प्रस्ताव वा मतदान गर्नुपर्ने विषयमा दुई पक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले दिने मत; निर्वाचनमा दुई उम्मेदवारलाई प्राप्त मतसङ्ख्या बराबर भएमा निविदा मतपत्र भए सो बाट गरिने मत वा गोलाप्रथा गरी जितहार घोषित गरिने मतको गन्ती।

निर्णायाधार (Ratio decidendi)- *ना.* [सं.निर्णय+आधार] न्यायाधीशले निर्णय गर्दा लिने आधार; कुनै विवाद वा मुद्दाको विषयमा निर्णय दिने मूल आधार; निर्णयको आधार।

निर्दय/निर्दयी (Brutal, merciless)- *वि.* [सं.] दया नभएको; निठुरी; दयाहीन; क्रूर।

निर्दल/निर्दलीय (Partyless)- *वि.* [सं.] दल नभएको; दलविहीन; कुनै पार्टी वा दल नभएको।

निर्दिष्ट (Determined, indicated)- *वि.* [सं.] निर्देश गरिएको; तोकिएको; निर्णय दिइएको; निश्चित।

निर्देशक (Director)- *ना.* [सं.] निर्देशन दिने अधिकारी; काममा खटाउने अधिकारी; निर्देशनालयको प्रमुखको रूपमा पूरा समय कार्य गर्ने पदाधिकारी।

निर्देशक समिति (Steering committee)- *नाप.* कुनै कार्य गर्न वा संस्था सञ्चालन गर्न गठित समिति; संस्था वा संयन्त्रका कामकारबाही कार्यान्वयन गर्न मार्गदर्शन गर्ने समिति।

निर्देशन (Direction, guidance)- *ना.* [सं.] आदेश; आज्ञा; अह्रोट; मार्गदर्शन; दिशानिर्देश; कुनै काममा कुशलतापूर्वक प्रवृत्त गराउने कार्य; समादेशी प्रेरणा।

निर्देशनात्मक (Directive)- *वि.* [सं.] आदेशनात्मक; निर्देशन दिने; निर्देशनमूलक।

निर्देशिका (Guidelines, directives, manual)- *ना.* [सं.] कुनै विषयको समस्या समाधानका लागि बाटो देखाउने वा मार्ग निर्देशन गर्ने पुस्तिका; पथप्रदर्शन गर्ने मुख्य बुँदा राखिएको सामग्री; कार्यपद्धति सिकाउने सामग्री।

निर्दोष तेस्रो व्यक्ति (Bonafide third party)- *नाप.* कसुरमा संलग्न नरहेको व्यक्ति वा निकाय; कसुर निरपेक्ष व्यक्ति। *[हे. कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (ज) ।]*

निर्धक्क (Confident, fearless)- *क्रिवि.* [निर्+धक] डर वा त्रासविनै; निस्फिक्रीसँग। *वि.* धक नमान्ने; निसङ्कोच।

निर्धन (Poor, penniless)- *वि.* [सं.] धन नभएको; जायजेथा नभएको; गरिब।

निर्धारण (Determination)- *ना.* [सं.] ठहर; कामको समय वा वस्तुको मूल्य आदि तोक्ने काम; कुनै कुरा यकिन गर्ने काम; तोक; निश्चय; तय।

निर्धारणयोग्य विदेशी आय (Assessable foreign income)- *नाप.* कुनै आय वर्षमा कुनै बासिन्दा व्यक्तिको सो वर्षमा कुनै रोजगारी, व्यवसाय वा लगानीबाट भएको निर्धारणयोग्य आयमा समावेश गरिने विदेशी स्रोतबाट भएको आय; जुनसुकै स्रोतको भए तापनि नियन्त्रित विदेशी निकायहरूअन्तर्गत त्यस्तो बासिन्दा व्यक्तिलाई वितरण गरिएको मानिने गैरबासिन्दा व्यक्तिको आय। *[हे. आयकर ऐन, २०५८ को दफा ७१ को उपदफा (४) को स्पष्टीकरण।]*

निर्धारित तथ्याङ्क प्रणाली (Designated statistical system)- *नाप.* नीति, योजना तथा निर्णयप्रक्रियाका लागि आवश्यक तथ्याङ्कको पहिचान गर्ने र तिनको उत्पादन सुनिश्चित हुने गरी उपयुक्त उत्पादनकर्ता निर्धारण गर्ने प्रणाली; चाहिएको पूर्वनिर्धारित ढाँचामा तथ्याङ्क प्रशोधन गर्ने प्रणाली। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम ४ को उपनियम (२) को खण्ड (घ) को स्पष्टीकरण।]*

निर्धारित सीमा (Prescribed limits)- *नाप.* सरकारले तोकेको चार किल्लाभित्रको ठाउँ वा क्षेत्र; कानूनले तय गरेको सिमाना। *[हे. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (ङ) ।]*

निर्धारित हवाइ यातायात सेवा (Scheduled Air Transportation Service)- *नाप.* सर्वसाधारण जनताले उपभोग गर्न पाउने गरी नेपाल वायु सेवा निगमले कुनै निर्धारित स्थानहरूमा प्रकाशित समय तालिकाबमोजिम नियमित रूपमा आवागमन गराउने हवाइ यातायात सेवा; नागरिक वा

गैरसैनिक उड्डयनका रूपमा सञ्चालित हवाइ यातायात। *[हे. नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २ को खण्ड (छ) ।]*

निर्धो (Weak, fragile, incapable)- *वि.* [सं. निःऋद्ध] आर्थिक दृष्टिले कमजोर; निरीह; असहाय; क्षमता नभएको; गरिब।

निर्बल (Weak, fragile, powerless)- *वि.* [सं.] शक्तिहीन; दुर्बल।

निर्बाध (Exclusive, regular)- *वि.* [सं.] रोकटोक नभएको; बाधा वा प्रतिबन्ध नभएको। क्रि*वि.* रोकटोकविनै; अवरोधरहित; सरासर।

निर्ब्याज/निर्ब्याजी (Without interest)- *वि.* [निर्+ब्याज (ई)] मूल धनमा कुनै प्रकारको ब्याज नलाग्ने; ब्याजी नभएको। क्रि*वि.* विनाब्याजै; ब्याजविनै।

निर्भीक (Fearless, courageous, brave)- *वि.* [सं.] निडर; भय नभएको।

निर्मलीकरण (Laundering, purification)- *ना.* [सं.] शुद्धीकरण; दोषशून्यीकरण; निर्मल बनाउने काम।

निर्माण (Construction)- *ना.* [सं.] पूर्वाधार संरचनाको विकास; नयाँ संरचना बनाउने काम; कुनै संरचनाको पुनर्रचना, जीर्णोद्धार वा प्रबलीकरण गर्ने काम। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

निर्माण कार्य (Construction work)- *ना.* [सं. निर्माण+कार्य] कुनै संरचना वा वस्तु बनाउने काम; कुनै कुरा नयाँ नै बनाउने वा भइरहेकालाई भत्काउने, पुनर्निर्माण गर्ने, मर्मतसम्भार गर्ने वा जिर्णोद्धार गर्ने कार्य; यस्ता कार्यसँग सम्बन्धित स्थल तयार गर्ने, खन्ने, ठड्याउने, बनाउने, उपकरण वा मालसामान जडान गर्ने तथा सजाउने कार्य; यस्ता कामका लागि नक्सा बनाउने, प्रयोगशाला परीक्षण गर्ने, भूउपग्रहीय फोटो खिच्ने, भूकम्पीय परीक्षण गर्नेजस्ता निर्माण कार्यसँग आनुषङ्गिक सेवासम्बन्धी काम; भवन, सडक, पुल, नहर, सुरुङ, आन्तरिक वा अन्तरदेशीय जलमार्ग, रेलमार्ग बनाउने काम; विद्युतगृह, दूरसञ्चार, टेलिफोन वा टेलिग्राफिक संरचना र यस्तै अन्य संरचना निर्माण गर्ने कार्य र सो संरचनामा यन्त्र, औजार वा उपकरण जडान गर्ने कार्य। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (घ) र श्रम ऐन, २०७४ को दफा ८५ को उपदफा (१) स्पष्टीकरण।]*

निर्माण व्यवसायी (Construction enterpreneur)- *ना.* [सं. निर्माण+व्यवसाय+ई] निर्माण व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यवसायी; निर्माण व्यवसाय गर्ने उद्देश्यले दर्ता भएको फर्म वा कम्पनी। *[हे. निर्माण व्यवसाय ऐन, २०५५ को दफा २ को खण्ड (ख) ।]*

निर्माण श्रमिक (Construction labourer)- *ना.* निर्माण कार्यमा संलग्न श्रमिक; निर्माणसम्बन्धी काम गर्ने कामदार; सिकर्मी; डकर्मी; निर्माणसम्बन्धी काम गर्ने दक्ष, अर्धदक्ष वा अदक्ष मजदुर। *[हे. श्रम ऐन, २०७४ को दफा ८५ को उपदफा (१) स्पष्टीकरण।]*

निर्माण सामग्री (Building materials)- *ना.* सिमेन्ट, छड, इँटा, गिट्टी, बालुवा, जियो-टेक्स्टाइल, पेन्ट/रङ, सिमेन्ट बोर्ड, झ्यालढोकामा प्रयोग हुने काठ, सिसा, युपिभिसी र बिजुलीको तारजस्ता सामग्री; निर्माण कार्यमा साधन वा कच्चा पदार्थका रूपमा प्रयोग हुने सरसामान। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३० को उपदफा (१) को खण्ड (ङ) को स्पष्टीकरण।]*

निर्माणव्यवसाय (Construction enterprise)- *वि.* [निर्माण+व्यवसाय] निर्माण कार्यसम्बन्धी पेसा; संरचना वा पूर्वाधारहरू बनाउने कार्यसँग सम्बन्धित पेसा वा व्यवसाय।

निर्माणसम्बन्धी बन्धकी (Construction mortgage)- *ना.* अचल सम्पत्तिमा गरिने निर्माण कार्यबापत भुक्तानी दिने कुनै पनि दायित्व सुरक्षित गर्ने गरी कानूनबमोजिम दर्ता गरिएको बन्धकी; निर्माणसम्बन्धी बन्धक। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा ३७ को उपदफा (७) को स्पष्टीकरण।]*

निर्माणाधीन (Under construction)- *वि.* [सं.] निर्माण भइरहेको; बन्दै गरेको।

निर्माता (Producer, creator)- *ना.* [सं.] निर्माण गर्ने; रचयिता; स्रष्टा।

निर्मूल (Eradicated, eliminated)- *वि.* [सं.] पूरै सखाप पारिएको; बिउ पनि नरहने गरी मासिएको।

निर्यात (Export)- *ना.* [सं.] वस्तु वा सेवा स्वदेशबाहिर निकासी गर्ने कार्य; एक देशबाट अर्को देशमा सामान पठाउने काम; निर्यातकर्ताले कुनै विदेशी मुलुकबाट व्यापारिक प्रयोजनका लागि नेपालभित्र मालवस्तु पठाउने काम। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ञ) र सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (ठ)।]*

निर्यातकर्ता (Exporter)- *ना.* [निर्यात+कर्ता] निर्यात वा निकासी गर्ने व्यक्ति; विदेशी मुलुक वा स्वायत्त भन्सार क्षेत्रबाट नेपालमा मालवस्तु निर्यात गर्ने व्यक्ति, संस्था वा निकाय। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (ङ)।]*

निर्यातमूलक उद्योग (Export industry)- *ना.* ऊर्जामूलक उद्योगबाहेक उत्पादनको कम्तीमा चालिस प्रतिशतभन्दा बढी निर्यात गर्ने उद्योग; निर्यातयोग्य सामान उत्पादन गर्ने स्वदेशी उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (झ)।]*

निर्यातसम्बन्धी कागजात (Export documents)- *नाप.* वस्तु विनिमयको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, प्रतीतपत्र र आयात प्रमाणपत्र; निर्यातको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र र प्रतीतपत्र। *[हे. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (५) को स्पष्टीकरण।]*

निर्लज्ज (Shameless)- *वि.* [सं.] लाज नभएको; नकच्चरो; बेसरम।

निर्लिप्त (Unconcerned, free from all attachment)- *वि.* [सं.] कुनै विषयमा आशक्त नहुने; लिप्त नभएको; केहीमा अति लग्गु; लिप्त।

निर्वाचक मण्डल (Electoral college)- *नाप.* मतदान गर्ने जनप्रतिनिधिको समूह; निर्वाचन गर्ने वा गराउने अधिकारी।

निर्वाचन (Election)- *नाप.* मतदाताहरूले मतदान गरी प्रतिनिधि छनोट गर्ने काम वा प्रक्रिया; चुनाव; बालिग व्यक्तिले मतदान गर्ने काम; चयन।

निर्वाचन अधिकारी (Election Officer)- *नाप.* प्रादेशिक निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयको प्रमुखको रूपमा कार्यरत व्यक्ति; निर्वाचनद्वारा पूर्ति हुने कुनै पनि पदका लागि पदाधिकारी चयन गर्ने निर्वाचनसम्बन्धी कामकारबाही सम्पादन गर्ने अधिकृत वा कार्याधिकारी। *[हे. निर्वाचन आयोग नियमावली, २०७३ को नियम २ को खण्ड (ख) ।]*

निर्वाचन अधिकृत (Returning Officer)- *नाप.* निर्वाचन आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत; चुनावी प्रक्रियाबाट सङ्घसंस्था वा निकायको नेतृत्व वा पदाधिकारी चयन गर्ने निर्णयप्रक्रियाको कार्यसम्पादन गर्ने गराउने अधिकारी। *[हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (ज), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ज), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (झ) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २ को खण्ड (झ) ।]*

निर्वाचन अवधि (Election period)- *नाप.* निर्वाचन हुने मितिभन्दा एकसय बिस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि; एक सय बिस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि; उम्मेदवारको मनोनयनपत्र वा समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूची दर्ता भएको मितिदेखि त्यस्तो निर्वाचनको परिणाम घोषणा भएको मितिसम्मको अवधि; मतदाता नामावली प्रकाशनलगायत प्रारम्भिक

निर्वाचनप्रक्रियादेखि निर्वाचनको अन्तिम नतिजाप्रकाशन हुँदासम्मको अवधि। *[हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (झ), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (२) को स्पष्टीकरण, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ को उपदफा (२) को स्पष्टीकरण, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (२) को स्पष्टीकरण, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (२) को स्पष्टीकरण, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को ६२ को उपदफा (२) को स्पष्टीकरण र राजनीतिक दल सम्बन्धी नियमाली, २०७४ को नियम २ को खण्ड (ग) ।]*

निर्वाचन आचारसंहिता (Election code of conduct)- *ना.प.* निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न सम्बद्ध निकाय वा व्यक्तिले पालना गर्नु पर्ने गरी निर्वाचन आयोगले बनाएको आचारसंहिता; चुन्ने चुनिने प्रक्रियामा चुन्नेचुनिने व्यक्तिहरूले पालन गर्नुपर्ने आचरण र नैतिक सीमाबन्दी। *[हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ को उपदफा (१) ।]*

निर्वाचन आयोग (Election Commission)- *ना.प.* संविधान र सङ्घीय कानूनबमोजिम राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक निकाय; निर्वाचन र निर्वाचनमा सहभागी हुने दलहरूको दर्ता तथा नियमन गर्ने मुख्य निकाय। *[हे. नेपालको संविधानको धारा २४६ को उपधारा (१) ।]*

निर्वाचन कार्यक्रम (Election program)- *ना.प.* पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, दर्ता भएका उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारीउपर दाबीविरोधमा उजुरी दिने, मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गर्ने, मनोनयन स्वीकृत उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान समेत उल्लेख गरी निर्धारण गरेको कार्यक्रम वा क्रियाकलाप सूची; निर्वाचनको मिति तोकिएको सूचना प्रकाशन भएपछि निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भाग लिन राजनीतिक दलले निर्वाचन आयोगमा निवेदन पेस गर्ने, उम्मेदवारको बन्दसूची पेस गर्ने, उम्मेदवारको बन्दसूची जाँचबुझ गर्ने, बन्दसूची सच्याउने, उम्मेदवारको बन्दसूची प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको बन्दसूचीउपर दाबीविरोध गर्ने, उम्मेदवारको बन्दसूचीउपर छानबिन गर्ने र उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्न

निर्धारित कार्यक्रम वा क्रियाकलापको सूची; कुनै पदका पदाधिकारीको निर्वाचन गर्नुपर्नेमा प्रारम्भिक कारबाहीदेखि निर्वाचनको अन्तिम नतिजा घोषणा तथा प्रकाशनसम्मका निर्वाचन प्रक्रियाका सिलसिला; निर्वाचनसम्बन्धी क्रियाकलापको कार्यसूची। *[हे. प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ख), प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ख), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (ख) र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २ को खण्ड (ग)।]*

निर्वाचन कार्यालय (Election Office)- *ना.प.* प्रादेशिक निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय; निर्वाचनद्वारा पूर्ति हुने कुनै पनि पदका लागि पदाधिकारी चयन गर्ने निर्वाचनसम्बन्धी कामकारबाही सम्पादन गर्ने अधिकृत वा कार्याधिकारीको कार्यकक्ष वा कार्यालय। *[हे. निर्वाचन आयोग नियमावली, २०७३ को नियम २ को खण्ड (ग), प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (घ), प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (घ) र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २ को खण्ड (घ)।]*

निर्वाचन क्षेत्र (Election constituency)- *ना.प.* पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरेको क्षेत्र; कुनै पनि पदका लागि निर्वाचन गर्न निर्वाचकहरू रहेबसेको क्षेत्र; निर्वाचक मण्डल वा मतदाता रहेको क्षेत्र। *[हे. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (झ) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ञ)।]*

निर्वाचन खर्च (Election expenses)- *ना.प.* राजनीतिक दल, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा गरेको सम्पूर्ण खर्च; निर्वाचनमा उम्मेदवार भएको व्यक्तिले आफ्नो निर्वाचनसम्बन्धी प्रचारप्रसार तथा अन्य कार्य गर्दा खर्च गरेको रकम। *[हे. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४०।]*

निर्वाचन खर्चको विवरण (Statement of election expenses)- *ना.प.* निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने दायित्व भएको दल, समूह वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले तिस दिन वा अन्यथा तोकिएको अवधिभित्र बुझाउने आर्थिक स्रोत र खर्चको विवरण; निर्वाचन खर्चका बिलभरपाईसहित तोकिएको ढाँचामा सम्बन्धित निर्वाचन आयोग, कार्यालय वा समितिमा पेस गर्ने हिसाबकिताब वा विवरण। *[हे. निर्वाचन आयोग नियमावली, २०७३ को नियम १४।]*

निर्वाचन चिह्न (Election symbol)- *ना.* [सं. निर्वाचन+चिह्न] निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवारलाई वितरण गरिएको चिह्न; चुनाव चिह्न; मतपत्रमा चिह्नाङ्कित गरिने दल वा उम्मेदवारको सङ्केतनाम। *[हे. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (१), प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ग), स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम २ को खण्ड (ङ) र प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ग)।]*

निर्वाचन प्रतिनिधि (Election agent)- *नाप.* पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको कुनै उम्मेदवारले कुनै मतदातालाई निर्वाचनको लागि नियुक्त गरेको प्रतिनिधि; समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका सम्बन्धमा राजनीतिक दलको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम कारबाही गर्न राजनीतिक दलले तोकेको व्यक्ति वा नियुक्त गरिएको प्रतिनिधि; निर्वाचनमा उम्मेदवारको प्रतिनिधिको रूपमा काम गर्न पाउने व्यक्ति। *[हे. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ञ), दफा ६३ को उपदफा (१) र (२), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ट) तथा दफा ६३ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम २ को खण्ड (च)।]*

निर्वाचनमा अनुचित प्रभाव (Undue influence in election)- *नाप.* धाक, धम्की, डर वा त्रास देखाई वा अन्य कुनै किसिमले निर्वाचनलाई आफूअनुकूल बनाउन दिइने दबाब; निर्वाचनको स्वच्छता, स्वतन्त्रता वा निष्पक्षतामा बेमनासिब तरिकाले असर पुऱ्याउने कार्य।

निर्वाचनसम्बन्धी कार्य (Election related functions)- *नाप.* निर्वाचन गराउने कार्य; निर्वाचनसम्बन्धी तालिम, मतदान केन्द्र निर्धारण, मतदाता शिक्षा सञ्चालन, निर्वाचन सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द एवम् अन्य सामग्री खरिद, निर्वाचन आयोगद्वारा गरिने निर्वाचनको लागि आवश्यक पर्ने सुरक्षा खर्च, दैनिक तथा भ्रमण भत्ता, निर्वाचनमा खटिने कर्मचारीको बिमा तथा निर्वाचन आयोगको प्रशासकीय खर्चको प्रबन्ध गर्ने कार्य। *[हे. शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ को नियम ४ को स्पष्टीकरण।]*

निर्वासन (Exile, banishment)- *ना.* [सं.] कुनै मुलुक वा राष्ट्रबाट निकाल्ने काम; देशनिकाला।

निर्वाह भत्ता (Subsistence allowance)- *नाप.* सामान्य जीविका चलाउन चाहिने वृत्तिभरण वा निर्धारित रकम; सरकारले रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षको न्यूनतम पारिश्रमिकको एक सय दिन बराबरको रकमको पचास प्रतिशतका हिसाबले हुन आउने रकम भत्ता। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख)।]*

निर्विकल्प (Absolute, having no alternative)- *वि.* [सं.] विकल्प नहुने; निश्चित; अपरिवर्तनीय।

निर्विघ्न (Unobstructive, safe)- *वि.* [सं.] कुनै बाधा, अड्को नपरेको; निर्बाध; विघ्नरहित।

निर्विरोध (Unopposed, uncontested.)- *वि.* [सं.] विरोध नभएको; कुनै पक्षबाट पनि आपति नउठाइएको; विना कुनै विरोध।

निर्विरोध निर्वाचित हुनु (Elected unopposed)- *क्रिप.* निर्वाचनमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदका लागि जति जना निर्वाचित हुने हो त्यति नै जना वा सो भन्दा कम उम्मेदवार कायम हुन आई निर्वाचित घोषणा हुनु; निर्वाचनमा प्रतिद्वन्द्वी वा प्रतिस्पर्धी नभई कुनै उम्मेदवार एकाएक चुनिनु; विरोधरहित चयन हुनु। *[हे. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २५।]*

निर्विवाद (Indisputable, irrefutable)- *वि.* [सं.] विवाद नभएको; सर्वमान्य; सबैबाट स्वीकृत।

निर्वेतन (Unsalaried, without payment)- *वि.* [सं.] तलब नपाउने; पारिश्रमिक नपाउने; अवैतनिक।

निर्वैयक्तिक (Impersonal)- *वि.* [सं.] व्यक्तिगत नभएको; व्यक्ति विशेषसँग असम्बन्धित।

निलडाम/नीलडाम (Bruise, contusion, blemish)- *ना.* [निलो+डाम] पिटदा वा ठक्कर लाग्दा छालाभित्र रगत जम्न गई शरीरमा देखिने निलो दाग; त्यस्तो घाचोट वा डाम।

निलम्बन (Abeyance, suspension)- *ना.* [सं.] कुनै पदमा रहेको व्यक्तिले गरेको अनियमितताको छानबिन गर्न केही समयको लागि निजले गरिआएको जिम्मेवारीबाट निजलाई वञ्चित गर्ने काम; कुनै कुरालाई केही समय टाँगेर राख्ने काम; पद, अधिकार, काम आदिमा लगाइने अस्थायी रोक; छानबिनका लागि अलग्याएर राख्ने काम।

निवर्तमान (Recently retired, Immediate outgoing)- *ना.* [सं. निवृत्तमाण] कुनै पद वा सेवाबाट भर्खर अवकाश लिएको; हालै निवृत्त भएको।

निवारक (Preventive, deterrent)- *वि.* [सं.] निवारण गर्ने; हटाउने; रोक्ने।

निवारक नजरबन्द (Preventive detention)- मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधारमा केही समयका लागि कानून बमोजिम थुनामा राख्ने काम; राष्ट्रिय सुरक्षाको कारण दर्शाई कसैलाई केही समयका लागि कानून बमोजिम थुनामा राख्ने काम।

निवारण (Prevention, deterrence)- *ना.* [सं.] कुनै काम गर्नबाट रोक्ने काम; पन्छाउने काम; रोकावट; अपसारण; छेको।

निवास (Domicile, dwelling, habitate, residence)- *ना.* [सं.] निजी वासस्थान; घर; आश्रम; डेरा।

निविदा (Bid, tender)- *ना.* [सं.] बोलपत्र; कबोलपत्र; ठेक्काद्वारा निर्माण गरिने पूर्वाधार वा संरचना आदिको नापनक्सा बमोजिम ठेक्कामा बनाउन स्वीकार गरिने पत्र।

निविदा मतपत्र (Tender ballot paper)- *नाप.* कसैले अर्को मतदाताको नामबाट मतपत्र लिई मतदान गरेको र मौलिक मतदाता पछिबाट मतदान गर्न आएको तथ्य स्थापित भएमा मौलिक मतदातालाई मतदानका लागि दिइएको मतपत्र मत सङ्केत भैपछि मतपेटिकामा नहाली छुट्टै खाममा रहने मतपत्र; निर्वाचनको परिणामबारे उजुरी परी निर्णय गर्नुपर्दा अदालतले गणना गर्न सक्ने त्यस्तो भिन्न मतपत्र। *[हे. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६१, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६२ को उपदफा (१), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६९ को उपदफा (१) र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६१ को उपदफा (१) ।]*

निवृत्त (Retired)- *वि.* [सं.] कुनै कार्य, पद, विषय आदिबाट हटेको वा छुटेको; अवकाश पाएको; कुनै वृत्तिविशेषबाट छुटकारा लिएको।

निवृत्तभरण (Pension)- *ना.* [सं.] नोकरीबाट अवकाश लिएपछि जीवन निर्वाहका लागि पाइने सुविधा; निर्वाह भत्ता; पेन्सन।

निवृत्तभरण कोष (Retirement Fund)- *नाप.* कर्मचारीलाई निवृत्तभरण लगायतको रकम उपलब्ध गराउने प्रयोजनका लागि स्थापना गरिएको कोष; पेन्सन कोष; निवृत्त आजीविका कोष। *[हे. निवृत्तभरण कोष ऐन, २०७५ को दफा २ को खण्ड (ङ) र दफा ३ को उपदफा (१) ।]*

निवृत्तभरण पाउने व्यक्ति (Pensioner, pension holder)- *नाप.* सेवा गरी सेवाको निश्चित अवधि पूरा गरेर सेवाबाट निवृत्त भई निवृत्तभरण पाउने कामदार; निवृत्तिभरण वा पारिवारिक निवृत्तभरण पाउने निवृत्तभरण अधिकारपत्रप्राप्त व्यक्ति। *[हे. निवृत्तभरण कोष नियमावली, २०७६ को नियम २ को खण्ड (ग) ।]*

निवृत्ति (Retirement)- *ना.* [सं.] हट्ने काम; मुक्त, छुटकारा; सकिएको स्थिति; समाप्ति; अवकाश।

निवेदक (Applicant, petitioner)- *ना.* [सं.] निवेदन गर्ने व्यक्ति; आवेदक; प्रार्थी; याचक।

निशब्द (Speechless)- *वि.* [सं.] शब्द नभएको; ध्वनिहीन; शब्दरहित।

निश्चय (Certain, sure)- *ना.* [सं.] शङ्का वा दुविधा नभएको; निक्यौंल; निधो; ठहर।

निश्चित (Definite)- *वि.* [सं.] निधो गरिएको; टुङ्गो लागेको; पक्कीपक्की।

निषिद्ध (Forbidden, prohibited, banned)- *वि.* [सं.] निषेध गरिएको; रोक लगाइएको; वर्जित।

निषेध (Prohibition, forbiddance)- *ना.* [सं.] रोक लगाउने काम; प्रतिबन्ध; मनाही।

निषेधाज्ञा (Injunction)- *ना.* [सं.] कानूनविपरीत काम भए गरेमा वा गर्ने आशङ्का देखिएमा सम्बन्धित पक्षको उजुरीको आधारमा अदालतबाट त्यस्तो कार्य नगर्न विपक्षलाई दिइने आदेश; कुनै खास ठाउँ तथा क्षेत्रमा खास क्रियाकलाप वा कामकाज गर्न रोक लगाउँदो आदेश।

निषेधित प्रकाशन (Banned publication, censored publication)- *ना.प.* कानूनद्वारा प्रकाशन गर्न निषेध गरिएको रचना वा सामग्री; प्रकाशनअयोग्य वा निषेधित सामग्री समावेश भएको प्रकाशन। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ढ) ।]*

निष्कर्ष (Conclusion, findings)- *ना.* [सं.] सारभूत अर्थ; परिणाम; सार; निचोड; निधो।

निष्कलङ्क (Without any stigma, unblamished, irreproachable)- *वि.* [सं.] कलङ्क नभएको; स्वच्छ।

निष्कासन (Issuance, exclusion, expulsion)- *ना.* [सं.] सङ्गठित संस्थाले पुँजी उठाउनका लागि धितोपत्र जारी गर्न राखेको प्रस्ताव तथा तत्सम्बन्धी कार्य र संस्थापकलाई धितोपत्र जारी गर्ने कार्य; निकाल्ने काम; कुनै स्थान वा पदबाट हटाउने काम; निकाला; पठाउने वा प्रेषण गर्ने काम; सार्वजनिक गर्ने काम। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ठ) ।]*

निष्पक्ष (Impartial, unprejudiced)- *वि.* [सं.] कसैको पक्षमा नलाग्ने; तटस्थ; पक्षपात नगर्ने।

निसङ्कोच (Without hesitation)- *वि.* [सं.] सङ्कोच नभएको; हिचकिचाहट नभएको।

निसर्ग (Disposal) - *ना.* [सं.] कुनै सम्पत्ति वा दायित्वको बिक्री वा हस्तान्तरण; विसर्जन; व्यवस्था; बन्दोबस्त; तामेली; टुङ्याउनी वा समाधान। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (य) ।]*

निसान (Mark, sign)- *ना.* [फा.] कुनै व्यक्ति वा वस्तु चिनाउने लक्षण; चिह्न; चिनो; निसाना; परिचायक चिह्न; परिचायक चिह्न वा झन्डा बोक्ने मानिस।

निसान/निसानाछाप (Coat of arms)- *ना.* कुनै वस्तुको पहिचानका लागि चिह्नको रूपमा लगाइने छाप; परिचायक चिह्न; कुनै पनि राष्ट्रको परिचायक चिह्न वा सङ्केतछाप।

निसाना (Aim, target)- *ना.* [सं.] शस्त्र, अस्त्र आदिले ताकेर हानिने तारो; लक्ष्य; चिनो; चिह्न।

निसाफ (Justice, judgement)- *ना.* [अ.] इन्साफ; कुनै मुद्दामा न्यायालयबाट दिइने निर्णय; न्याय; सत्य वा असत्यको टुङ्गो।

निसृत (Originated, came out, extracted)- *वि.* [सं.] बाहिर आएको; निस्केको; निष्पन्न।

निस्क्रिय (Passive, inactive, idle)- *वि.* [सं.] कुनै पनि काम नगर्ने; क्रियाशील नभएको; अकर्मण्य; चलमल नगर्ने।

निस्तब्ध (Disorted, disolate)- *वि.* [सं.] सुनसान; चकमन्न।

निस्सङ्क्रमण/निःसङ्क्रमण (Disinfection)- *ना.* [सं.] कुनै वस्तुमा भएको सङ्क्रामक तत्त्वलाई रासायनिक वा भौतिक विधिद्वारा नास गर्ने प्रक्रिया; कुनै पनि वस्तुमा भएको सङ्क्रमणलाई निर्मूल वा निस्तेज पार्ने काम; असङ्क्रमित बनाउने काम। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २ को खण्ड (ख) ।]*

निस्सा (Evidence, proof)- *ना.* [फा. निसान] प्रमाणका रूपमा राखिने चिनो; दसी; सबुद; प्रमाण।

निहत्था (Unarmed, armless)- *वि.* [सं. निर्हस्त] हतियार नलिएको; शक्तिहीन; कमजोर; हातको सहारा दिने कोही नभएको टुहुरो।

निहित स्वामित्व (Vested ownership)- *नाप.* प्राकृतिक व्यक्ति वा प्राकृतिक व्यक्तिको हित नरहेको निकायले सो निकायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक वा बढी मध्यस्थ निकायहरूद्वारा राखेको हितका आधारमा सिर्जित स्वामित्व; कुनै निकायको स्वामित्व रहेको सम्पत्तिको सम्बन्धमा सो निकायमा निहित स्वामित्व रहेका व्यक्तिहरूको स्वामित्वको समानुपातको आधारमा निर्धारण भएको सम्पत्तिको स्वामित्व। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (र) ।]*

नीति (Policy)- *ना.* [सं.] राज्य सञ्चालन वा दण्डका चार प्रमुख उपाय (साम, दान, दण्ड र भेद) सरकार वा संस्थाका कार्य सञ्चालनका आधारभूत सिद्धान्त र पद्धति; लोकआचरण; आचारसंहिता; आचारपद्धति; उपाय; युक्ति; युक्तिसाथ अगाडि बढ्दा अँगाल्नुपर्ने नियम।

नीतिगत (Policy related)- *वि.* [सं.] नीतिसँग सम्बन्धित; नीतिमा रहेको।

नीतिनिर्माता (Policy makers)- *ना.* [सं.] नीति बनाउन जिम्मेवार व्यक्ति वा समूह; विधिविधान बनाउने विधायक।

नीतिशास्त्र (Ethics)- *वि.* [सं.] आचारशास्त्र; कर्तव्य-अकर्तव्यबारे लेखिएको शास्त्र।

नेकीबदी (Good and bad conduct/behaviour)- *वि.* [अ. नेक+ई+फा. बद+ई] हित र अहित; असल र खराब; गुणी र दोषी व्यवहार।

नेटिङ (Neting)- *ना.* [अङ्.] बैङ्कले तोकेको प्रक्रियाबमोजिम निश्चित अवधिमा भुक्तानी तथा फर्स्यौट कार्यमा संलग्न कम्पनीहरूबिच भएको कारोबारको बैङ्कमार्फत खुद हिसाब मिलान गर्ने प्रणाली; बैङ्कमार्फत खुद हिसाबको राफसाफ। *[हे. भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ३२ को उपदफा (२) को स्पष्टीकरण।]*

नेपाल इन्जिनियरिङ परिषद् (Nepal Engineering Council)- *नाप.* इन्जिनियरिङ व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित तथा वैज्ञानिक ढङ्गले परिचालन गर्न स्थापित निकाय वा संयन्त्र; इन्जिनियरहरूको योग्यताअनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्नको लागि स्थापना गरिएको परिषद्; इन्जिनियरिङ व्यवसायमा कार्यरत जनशक्तिको नियामक *निकाय। [हे. नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २ को खण्ड (क) ।]*

नेपाल ऐन (Act of Nepal)- *नाप.* २००७ साल फाल्गुन ७ गते पछि जारी भएका कुनै ऐन; नेपाल अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७, प्रतिनिधि सभाको घोषणा, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम बनाइएका चालु ऐन; नेपालको संविधानबमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहका विधायिकामा विधेयकका रूपमा प्रस्तुत भई विधायन प्रक्रिया पूरा गरी प्रमाणीकरण भई जारी भएका ऐन; नेपालका प्रविधान वा अधिनियम। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ठ) ।]*

नेपाल कानून (Law of Nepal)- *नाप.* नेपाल ऐन वा नेपालभर वा कुनै भागमा वैधानिक रूपले लागू हुने सवाल, नियम, आदेश, विनियम वा ऐनअन्तर्गत बनेका निर्देशिका वा कार्यविधि; नेपालको संविधान, ऐन, नियमावली र विनियमावली। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ड) ।]*

नेपाल कानून आयोग (Nepal Law Commission)- *नाप.* कानूनको तर्जुमा, संहिताकरण एवम् विद्यमान कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न कानूनद्वारा स्थापित सरकारी निकाय; कानून र न्यायसम्बन्धी विषयमा अध्ययन र अनुसन्धानका क्षेत्रमा समेत काम गर्ने गराउने अख्तियारप्राप्त निकाय; कानून आयोग। *[हे. नेपाल कानून आयोग, २०६३ को दफा २ को खण्ड (क) र दफा ३ को उपदफा (१) ।]*

नेपाल कृषि अनुसन्धान परिषद् (Nepal Agricultural Research Council)- *ना.प.* कृषिक्षेत्रका समस्या पहिल्याई त्यसको निराकरणका उपायहरू पत्ता लगाउन र कृषिसम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न गराउन स्थापित निकाय; कृषि अनुसन्धान परिषद्। *[हे. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा २ को खण्ड (क) ।]*

नेपाल खानेपानी संस्थान (Nepal Water Supply Corporation)- *ना.प.* तोकिएका क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउन तथा ढलनिकास प्रणालीको समुचित व्यवस्था गर्न स्थापित संस्थान; खानेपानी निगम/कर्पोरेसन। *[हे. नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २.१.१ ।]*

नेपाल गुणस्तर (Nepal Standards)- *ना.प.* नेपाल गुणस्तर परिषद्द्वारा निर्धारित गुणस्तर; नेपालको सरकारी मान्यताप्राप्त गुणस्तर; नेपाली राष्ट्रिय गुणस्तर। *[हे. नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ को दफा २ को खण्ड (ग) ।]*

नेपाल गुणस्तर कार्यालय (Nepal Bureau of Standards)- *ना.प.* नेपाल गुणस्तर प्रमाणचिह्नसम्बन्धी कानून कार्यान्वयन गर्ने सरकारी निकाय; गुणस्तर नियन्त्रण कार्यालय। *[हे. नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ को दफा २ को खण्ड (ख) र दफा ५ को उपदफा (१) ।]*

नेपाल गुणस्तर परिषद् (Nepal Council for Standards)- *ना.प.* वस्तु, पदार्थ, प्रक्रिया वा सेवाका गुणस्तर निर्धारण गर्ने निकाय; त्यस्ता पदार्थ वा सेवासम्बन्धी प्रमाणचिह्नको प्रयोगको व्यवस्था र नियमन गर्ने सरकारद्वारा गठित निकाय; गुणस्तर परिषद्। *[हे. नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ को दफा २ को खण्ड (क) र दफा ३ ।]*

नेपाल चार्टर्ड एकाउन्टेन्टस् परिषद् (Council of Chartered Accountants of Nepal)- *ना.प.* नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले तर्जुमा र सञ्चालन गर्न गराउने सो संस्थाको उपल्लो अङ्ग; संस्थाको सम्पूर्ण काम कारबाहीहरूको रेखदेख तथा प्रबन्ध मिलाउने परिषद् वा अङ्ग। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ख) र दफा ७ को उपदफा (१) ।]*

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (Institute of Chartered Accountants of Nepal)- *ना.प.* लेखाव्यवसायको विकास गर्नको लागि स्थापित संस्था; लेखाव्यवसायीका सेवामूलक क्रियाकलापको गुणस्तर कायम गर्ने र नियमन गर्ने अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित

सङ्गठित संस्था। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (क) र दफा ३ को उपदफा (१) ।]*

नेपाल ट्रस्ट (Nepal Trust)- *नाप.* राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारका नाममा रहेका सम्पत्तिको व्यवस्थापन र सञ्चालन गर्ने अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था; राजा वीरेन्द्र, रानी ऐश्वर्य र तिनका परिवारका नाउमा रहेका सम्पत्तिलाई राष्ट्रहितमा उपयोग प्रयोग गर्ने अधिकारप्राप्त सरकारी निकाय। *[हे. नेपाल ट्रस्ट ऐन, २०६४ को दफा २ को खण्ड (क) र दफा ३ को उपदफा (१) र (२) ।]*

नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunication Authority)- *नाप.* दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्नको लागि स्थापना गरिएको प्राधिकरण; दूरसञ्चार सेवाहरूलाई नियमन गर्ने आधिकारिक संयन्त्र। *[हे. दूरसञ्चार ऐन, २०५३ को दफा २ को खण्ड (ङ) ।]*

नेपाल धितोपत्र बोर्ड (Nepal Securities Board)- *नाप.* पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण गर्न धितोपत्रको निष्कासन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित गर्ने निकाय वा संयन्त्र; धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूका कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्नका लागि स्थापना गरिएको बोर्ड; धितोपत्रसम्बन्धी काम गर्न स्थापना भएको बोर्ड वा समिति। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ढ) र दफा ३ को उपदफा (१), विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ङ) र कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ब) ।]*

नेपाल नर्सिङ परिषद् (Nepal Nursing Council)- *नाप.* नर्सिङ सेवालाई व्यवस्थित रूपमा सञ्चालन गर्न कानूनबमोजिम स्थापना गरिएको परिषद्; नर्सिङ सेवा व्यवसायीहरूको दर्ता तथा नियमन गर्ने नियमनकारी निकाय। *[हे. नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (क) ।]*

नेपाल नागरिक उड्डयन प्राधिकरण (Nepal Civil Aviation Authority)- *नाप.* नागरिक हवाइ सेवाको सञ्चालनलाई सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन स्थापित प्राधिकरण; नागरिक उड्डयनहरूलाई नियमन गर्ने संयन्त्र वा निकाय।

नेपाल नोटरी पब्लिक परिषद् (Nepal Notary Public Council)- *नाप.* लिखतको प्रमाणीकरण तथा कागजातको अनुवाद सम्बन्धी काम गर्न गराउन स्थापित निकाय; नोटरीसम्बन्धी सेवा र

सेवाप्रदायक व्यवसायीहरूको पेसागत नियमन गर्न स्थापित परिषद्। *[हे. नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ख) र दफा ३ को उपदफा (१) ।]*

नेपाल पर्यटन बोर्ड (Nepal Tourism Board)- *ना.प.* नेपालको पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रवर्धन गर्नको लागि स्थापना गरिएको बोर्ड; पर्यटन प्रवर्धन गर्ने निकाय। *[हे. नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा २ को खण्ड (क) र दफा ३ ।]*

नेपाल पशु चिकित्सा परिषद् (Nepal Veterinary Council)- *ना.प.* पशु चिकित्सा व्यवसायलाई प्रभावकारी व्यवस्थित र वैज्ञानिक ढङ्गले परिचालन गर्न स्थापित निकाय; पशु चिकित्सकहरूको योग्यताअनुसार नाम दर्ता गर्ने समेतका काम गरी पशु चिकित्सा सेवालाई नियमन गर्ने निकायका रूपमा रहेको परिषद्। *[हे. नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २ को खण्ड (क) ।]*

नेपाल प्रज्ञा प्रतिष्ठान (Nepal Academy)- *ना.प.* नेपालका सबै भाषा, साहित्य, संस्कृति तथा दर्शनको संरक्षण, संवर्धन र विकास गर्न स्थापित प्रतिष्ठान; प्राज्ञ प्रतिष्ठान। *[हे. नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (क) र दफा 3 ।]*

नेपाल प्रताप आभूषण (Nepal Pratap Aabhushan)- *ना.प.* आतङ्ककारी गतिविधि, दङ्गा नियन्त्रण, गम्भीर प्रकृतिको अपराध नियन्त्रण र अनुसन्धान गर्ने कार्य, प्राकृतिक प्रकोप वा महामारीमा पीडितहरूको उद्दार, राहत एवम् प्रकोप व्यवस्थापन वा जोखिम न्यूनीकरण गर्ने कार्यमा महत्त्वपूर्ण योगदान दिने वा अपहृत व्यक्तिको उद्दार गर्ने वा सीमा सुरक्षामा विशिष्ट र उल्लेख्य कार्य गर्ने प्रहरीका जवान वा अधिकृतलाई प्रदान गरिने अलङ्कार; एक विभूषण। *[हे. विभूषण नियमावली, २०६५ को नियम १६ को उपनियम (१) ।]*

नेपाल प्रताप भूषण (Nepal Pratap Bhusan)- *ना.प.* आफ्नो कार्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने वा प्राकृतिक प्रकोपका समयमा पीडितहरूलाई तत्परतासाथ सेवा पुऱ्याउने प्रहरीका जवान वा अधिकृतलाई प्रदान गरिने अलङ्कार; एक विभूषण। *[हे. विभूषण नियमावली, २०६५ को नियम १९ को उपनियम (१) ।]*

नेपाल प्रताप सुभूषण (Nepal Pratap Subhushan)- *ना.प.* आतङ्ककारी गतिविधि वा दङ्गा नियन्त्रण गर्ने कार्यमा उल्लेख्य कार्य गर्ने, गम्भीर प्रकृतिको अपराधनियन्त्रण एवम् अनुसन्धानमा उल्लेख्य भूमिका निर्वाह गर्ने, आफ्नो सेवाप्रति अत्यन्त निष्ठावान् भई आफू कार्यरत सङ्गठनको नाम उच्च राख्न उल्लेख्य योगदान दिने, प्राकृतिक प्रकोप वा महामारीमा पीडितहरूको उद्दार, राहत एवम् व्यवस्थापन वा जोखिम न्यूनीकरण गर्ने कार्यमा उल्लेख्य योगदान पुऱ्याउने

प्रहरीलाई प्रदान गरिने अलङ्कार; प्रहरी सेवामा रही उल्लिखत क्षेत्रमा उत्कृष्टता र समर्पित रहेर काम गरेकालाई प्रदान गरिने विभूषण। *[हे. विभूषण नियमावली, २०६५ को नियम १३ को उपनियम (१) ।]*

नेपाल प्रत्ययन केन्द्र (Nepal Accreditation Center)- *ना.प.* प्रत्ययनसम्बन्धी काम गर्नको लागि स्थापना भएको केन्द्र; अन्यत्र मुलुकबाट जारी वा उत्पादित वस्तु, सेवाको योग्यता वा गुणस्तरको मान्यता जाँची समस्तरता वा समरूपता मान्यता दिने निकाय। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (ग) र दफा ३ को उपदफा (१) ।]*

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Nepal Administrative Staff College)- *ना.प.* नेपालमा प्रशासन एवम् व्यवस्थापन सम्बन्धी विषयमा उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गर्ने निकाय; प्रशासनिक प्रशिक्षण प्रतिष्ठान। *[हे. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा २ को खण्ड (क) र दफा ३ को उपदफा (१) ।]*

नेपाल प्रहरी (Nepal Police)- *ना.प.* प्रहरी ऐन, २०१२ अन्तर्गत दरिएका कर्मचारी र तिनको नियामक संयन्त्र वा सङ्गठन; नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीको सङ्गठन र नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी; जनपद प्रहरी; नेपाल पुलिस। *[हे. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा २ को खण्ड (ख) ।]*

नेपाल फार्मेसी परिषद् (Nepal Pharmacy Council)- *ना.प.* फार्मेसी व्यवसायलाई प्रभावकारी र व्यवस्थित बनाउन स्थापित निकाय; फर्मासिस्ट र फार्मेसी सहायकको योग्यताअनुसारको नाम दर्ता र नियमन गर्न स्थापना गरिएको परिषद्। *[हे. नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा २ को खण्ड (क) ।]*

नेपाल बिमा प्राधिकरण (Nepal Insurance Authority)- *ना.प.* बिमा व्यवसायको नियमनकारी निकाय; बिमाको नियमनकारी प्राधिकार निकाय। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ण) र दफा ३ को उपदफा (१) ।]*

नेपाल मेडिकल काउन्सिल (Nepal Medical Council)- *ना.प.* चिकित्सकहरूको योग्यतालाई निर्धारण गर्न स्वास्थ्यसमस्याको निदान तथा औषधोउपचार गर्ने योग्यताप्राप्त चिकित्सकहरूको दर्ता र पेसागत नियमन गर्न स्थापित परिषद् (काउन्सिल); नेपाल चिकित्सा परिषद्। *[हे. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा 2 को खण्ड (क) र दफा 3 ।]*

नेपाल रत्न मानपदवी (Nepal Ratna Man Padavi, Order of the Jewel of Nepal)- *ना.प.* नेपालको प्रतिष्ठा अभिवृद्धि गर्ने गरी राष्ट्रिय जीवनको कुनै पनि क्षेत्रमा उदाहरणीय योगदान पुऱ्याउने

नेपाली नागरिकलाई प्रदान गरिने मानपदवी; एक विभूषण। *[हे. विभूषण नियमावली, २०६५ को नियम ३ को उपनियम (१) ।]*

नेपाल राज्य (State of Nepal)- *ना.प.* स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य; नेपाल राष्ट्रको राज्यसंरचना वा उपरी संरचना।

नेपाल राष्ट्र बैङ्क ऐन (Nepal Rastra Bank)- *ना.प.* नेपालको केन्द्रीय बैङ्क; केन्द्रीय बैङ्ककको रूपमा कार्य गर्न स्थापना भएको बैङ्क; बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्ने संस्थाहरूको नियमन गर्ने आधिकारिक सरकारी निकाय। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (क) र दफा ३ को उपदफा (१) ।]*

नेपाल रेल्वे बोर्ड (Nepal Railway Board)- *ना.प.* नेपालमा रेल्वेको विकास र विस्तार गरी सुरक्षित, स्तरीय, नियमित र भरपर्दो रूपमा सेवा सञ्चालन गर्ने गराउने कामका लागि स्थापित निकाय; रेल र रेलमार्गको व्यवस्थापन र नियमन गर्ने समिति/बोर्ड। *[हे. नेपाल रेल्वे ऐन, २०७९ को दफा ३ ।]*

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (Nepal Academy of Fine Arts)- *ना.प.* नेपाली ललितकलाको संरक्षण, संवर्धन, प्रवर्धन तथा सर्वाङ्गीण विकास गर्ने काम गर्न स्थापना गरिएको प्रज्ञा प्रतिष्ठान; ललितकलासम्बन्धी प्राज्ञहरू रहेने प्रतिष्ठान वा निकाय। *[हे. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (ख) ।]*

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (Nepal Academy of Science and Technology)- *ना.प.* विज्ञान तथा प्रविधिको विकास गर्न, गराउन, स्वदेशी प्रविधिको संरक्षण र आधुनिकीकरण गर्न, गराउन स्थापित निकाय; विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान गर्न, गराउन र उपयुक्त प्रविधि पहिल्याउन र सोको हस्तान्तरणको लागि सहयोग पुऱ्याउन स्थापित प्रतिष्ठान; विज्ञान र प्रविधिसम्बन्धी प्रज्ञा प्रतिष्ठान। *[हे. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा २ को खण्ड (क) र दफा 3 ।]*

नेपाल विद्युत प्राधिकरण (Nepal Electricity Authority)- *ना.प.* विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्तिको समुचित व्यवस्था गर्न स्थापित निकाय; बिजुलीको आपूर्ति व्यवस्थालाई नियमित गरी सेवा प्रवाह गर्न संस्थापित प्राधिकार निकाय। *[हे. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २ को खण्ड (ख) ।]*

नेपाल व्यवसाय मञ्च (Nepal Business Forum)- *ना.प.* उद्योग व्यवसायसँग सम्बन्धित नीति एवम् कानूनको प्रभावकारी कार्यान्वयन, समन्वय तथा सहजीकरणका लागि सार्वजनिक र निजी क्षेत्र बिच नियमित संवाद सञ्चालन गर्ने संयन्त्र; सार्वजनिक र निजी क्षेत्र बिच सहकार्य प्रवर्धन गर्न, उद्योग व्यवसाय सञ्चालन र लगानी अभिवृद्धिमा आइपर्ने बाधा अवरोध तथा समस्याको पहिचान गरी सरकारलाई आवश्यक सुझाव तथा सिफारिस गर्ने संयन्त्र; त्यस्ता सिफारिसहरूको कार्यान्वयन र अनुगमन गर्न सघाउन र सार्वजनिक एवम् निजी क्षेत्रबिच नियमित, परिणाममुखी र पारदर्शी सम्बन्धका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी सरकारले गठन गरेको मञ्च। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४८ को उपदफा (१) र औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ३८ को उपनियम (१) ।]*

नेपाल संस्कृत विश्वविद्यालय (Nepal Sanskrit University)- *ना.प.* संस्कृत शिक्षालाई उच्चतम तहसम्म सुव्यवस्थित गर्न संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिहरूलाई समयानुसार अध्ययन, अध्यापन, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्न स्थापना गरिएको विश्वविद्यालय; परम्परागत धर्म र नैतिक मान्यता, सदाचार र सच्चरित्रताको परिपालना गर्दै नेपाललाई संस्कृत विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने केन्द्रका रूपमा विकास गर्न संस्कृतको उच्च शिक्षा सञ्चालनका लागि स्थापना गरिएको विश्वविद्यालय।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान (Nepal Music and Artiste Academy)- *ना.प.* सङ्गीत तथा नाट्य विधाको संरक्षण, संवर्धन, प्रवर्धन एवम् विकासका काम गर्न स्थापना गरिएको निकाय; सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान। *[हे. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (ग) र दफा 3 ।]*

नेपाल सरकार (Government of Nepal)- *ना.प.* संविधान र कानूनबमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्; नेपाल राज्यको सङ्घीय तहको कार्यपालिका र सोमातहतका विभिन्न मन्त्रालय, विभाग, कार्यालय, शाखा, एकाइ, निकाय, अङ्ग र अधिकारी। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (झ) को उपखण्ड (छ) ।]*

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था (Corporate body wholly owned by the Government of Nepal, Provincial Government or Local Level)- *ना.प.* सबै हिस्सा (सेयर) वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था; सबै सेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था;

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पूर्ण उत्तरदायित्व बेहोर्नुपर्ने सङ्गठित संस्था। *[हे. लेखापरीक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ख) ।]*

नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठान (An institution owned by the Government of Nepal)- *नाप.* नेपाल सरकारको पूर्ण वा अधिकांश हिस्सा भएको प्रतिष्ठान; नेपाल सरकारको पूर्ण वा आंशिक हिस्सा भएको प्रतिष्ठानको पूर्ण वा अधिकांश हिस्सा भएको अर्को प्रतिष्ठान। *[हे. बोनस ऐन, २०३० को दफा २ को खण्ड (ख१) ।]*

नेपाल सेवा प्रवीण (Nepal Sewa Praveen)- *नाप.* शिक्षा, साहित्य, कला, विज्ञान, संस्कृति, सार्वजनिक प्रशासनलगायत सार्वजनिक जीवनका विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरी मुलुकको सम्मान अभिवृद्धि गर्नमा योगदान पुऱ्याउने नेपाली नागरिकलाई प्रदान गरिने अलङ्कार; एक विभूषण। *[हे. विभूषण नियमावली, २०६५ को नियम १४ को उपनियम (१) ।]*

नेपाल स्काउट (Nepal Scouts)- *नाप.* बालबालिका तथा युवा वर्गलाई स्काउटमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने गराउने काम गर्ने निकाय; बालबालिका र युवालाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउने काम गर्न स्थापित संस्था। *[हे. नेपाल स्काउट ऐन, २०५० को दफा २ को खण्ड (क) र दफा 3 ।]*

नेपाल स्काउटको राष्ट्रिय कार्यकारी समिति (National Executive Committee of Nepal Scouts)- *नाप.* नेपाल स्काउटको मुख्य कार्यकारी अङ्ग; स्काउटको कार्यकारी निकायको रूपमा काम गर्ने समिति। *[हे. नेपाल स्काउट ऐन, २०५० को दफा २ को खण्ड (ग) र दफा 10 ।]*

नेपाल स्काउटको राष्ट्रिय परिषद् (National Council of Nepal Scouts)- *नाप.* नेपाल स्काउटको सर्वोच्च निकाय; नेपाल स्काउटको प्रबन्धकारी अङ्ग। *[हे. नेपाल स्काउट ऐन, २०५० को दफा २ को खण्ड (ख) र दफा 7 ।]*

नेपाल स्काउटको सल्लाहकार सभा (Advisory Assembly of Nepal Scouts)- *नाप.* नेपाल स्काउटलाई आवश्यक सहयोग तथा सल्लाह दिने निकाय; स्काउटको सल्लाहकारी सभा। *[हे. नेपाल स्काउट ऐन, २०५० को दफा २ को खण्ड (घ) र दफा 13 ।]*

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (Nepal Health Research Council)- *नाप.* स्वास्थ्यसँग सम्बन्धित विषयमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न स्थापना गरिएको परिषद्; स्वास्थ्यसम्बन्धी अनुसन्धानका काम गर्ने निकाय। *[हे. नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा २ को खण्ड (क) र दफा 3 ।]*

नेपाल स्वास्थ्य व्यवसायी परिषद् (Nepal Health Professional Council)- *नाप.* स्वास्थ्य सेवालाई व्यवस्थित रूपबाट सञ्चालन गर्न स्वास्थ्य व्यवसायीहरूको योग्यताअनुसार नाम दर्ता र पेसागत नियमन गर्न स्थापना गरिएको निकाय; स्वास्थ्य व्यवसायी परिषद्। *[हे. नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा २ को उपदफा (१) र दफा 3।]*

नेपालको करको औसत दर (Average rate of tax of Nepal)- *नाप.* कुनै आय वर्षमा कुनै व्यक्तिको कुनै विदेशी कर मिलान गर्नुअगावै सो वर्षमा सो व्यक्तिको करयोग्य आयको कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्तिले सो वर्षमा दाखिला गर्नुपर्ने करको गणनादर; करको सालाखाला दर। *[हे. आयकर ऐन, २०५८ को दफा ७१ को उपदफा (४) को स्पष्टीकरण।]*

नेपालबाहिर बसोबास गर्ने व्यक्ति (Person residing outside Nepal)- *नाप.* नेपालमा बसोबास गर्ने व्यक्ति बाहेकका अन्य व्यक्ति; नेपालभन्दा बाहिर बसोबास गर्ने व्यक्ति। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ण)।]*

नेपालमा बसोबास गर्ने व्यक्ति (Person residing in Nepal)- *नाप.* रोजगारी, व्यापार वा अन्य कुनै व्यवसाय गरी वा अरू कुनै कामले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको भन्दाबढी अवधिको लागि नेपालबाहिर बसोबास गरिरहेका नेपाली नागरिकबाहेक बाँकी नेपाली नागरिक; नोकरी, व्यापार वा अन्य कुनै व्यवसाय गरी बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको भन्दाबढी अवधिको लागि नेपालमा बसोबास गरिरहेका गैह्रनेपाली नागरिक; नेपालमा दर्ता भएको कुनै संस्था। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ढ) र अन्तरराष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ को दफा २ को खण्ड (छ)।]*

नेपालमा रहेको सम्पत्ति (Property situated in Nepal)- *नाप.* नेपालमा रहेका जग्गाजमिन वा भवनहरू; बासिन्दा व्यक्तिको कुनै विदेशी राष्ट्रमा रहेका जग्गाजमिन वा भवन बाहेकका सम्पत्ति। *[हे. आयकर ऐन, 2058 को दफा 67 को उपदफा (7) को स्पष्टीकरण।]*

नेपाली कूटनीतिक नियोग (Nepali diplomatic mission)- *नाप.* कुनै विदेशी मुलुकस्थित नेपाली राजदूतावास, वाणिज्य दूतावास, स्थायी नियोग वा विशेष नियोग; कूटनीतिक कार्य सम्पादन गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै निकाय वा एकाइ वा गन्तव्य मुलुकको लागि तोकिएको सहप्रमाणिकृत नेपाली कुटनीतिक नियोग। *[हे. वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २ को खण्ड (घ२)।]*

नेपाली नियोग (Nepali Mission)- *नाप.* विदेश वा विदेशी मुलुकस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास, वाणिज्य दूतावास; अन्तरराष्ट्रिय सङ्घसंस्थाका लागि नेपालको प्रतिनिधित्व गर्ने नियोग। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २ को खण्ड (ख) ।]*

नेपाली पर्यटक (Nepali tourist)- *नाप.* नेपालको कुनै एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक; स्वदेशी पर्यटक; देशभित्रै घुमफिर गर्ने नागरिक। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (का1) ।]*

नेपाली मुद्रा (Nepali Currency)- *नाप.* राष्ट्र बैङ्कले नेपाल सरकारको जमानतप्राप्त निष्कासन गरेका विनिमयपत्र; नेपाली बैङ्क नोट र सिक्का; नेपाल सरकारले निष्कासन गरेको मोहर, रुपैयाँ, रेचकी वा पैसा; नेपाली रूपैयाँमा अङ्कित मुद्रा। *[हे. नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ को दफा २ को खण्ड (क), विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ग) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ट) ।]*

नेपाली मूलको विदेशी नागरिक (Foreign citizen of Nepalese origin)- *नाप.* कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य मुलुकबाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्ति; गैरआवासीय नेपाली। *[हे. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ख) ।]*

नेपाली सेना (Nepal Army)- *नाप.* नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने र नेपालको संविधानप्रति प्रतिबद्ध नेपालको सैनिक सङ्गठन; सैनिक कौशलसहितको तालिम दिई तैनाथ गरिएको सशस्त्र सैनिक जवानसहितका सकल दर्जाको समुदाय; नेपाली सैनिक पल्टन; सशस्त्र नेपाली सैन्यबल; नेपाली सेनामा नियुक्त व्यक्तिहरूको सामूहिक सङ्गठन वा त्यसको कुनै अङ्ग। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (क) ।]*

नेपाली सेनाका विभागीय प्रमुख (Head of Department of Nepali Army)- *नाप.* जङ्गी अड्डाभित्रका बलाधिकृत विभाग, बलाध्यक्ष विभाग, कार्यरथी विभाग, प्रवन्धरथी विभाग, सम्भाररथी विभाग, निरीक्षणाधिकृत विभाग; सरकारले विभागको रूपमा तोकेका सैनिक कार्यालयका प्रमुख। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (भ) ।]*

नेपाली सेनाको कार्यसमूह (Nepal Army Task Group or duty group)- *ना.प.* नेपाली सेनालाई सुदृढ एवम् व्यवस्थित किसिमले सञ्चालन गर्ने र सकल दर्जालाई तालिम दिई पेसागत दक्षता बढाउन मुख्य जिम्मेवार समूह; सैनिक अनुशासन कायम गर्ने र अभिलेख अद्यावधिक गर्ने मुख्य जिम्मेवारी भएको समूह। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ठ) ।]*

नेपाली सेनाको नियन्त्रित सामान (Nepal Army's controlled store)- *ना.प.* नेपाली सेनाका हातहतियार, खरखजाना; नेपाली सेनाको बलाधिकृत विभागले नियन्त्रित सामान भनी तोकेका सामान। *[हे. नेपाली सेनाको बेकम्बा वा बेचल्तीका नियन्त्रित सामान मिन्हा र रद्दी गर्ने नियमहरू, २०२६ को नियम २ को खण्ड (क) ।]*

नेपाली सेनाको बन्दोबस्ती समूह (Endowment Group of Nepali Army)- *ना.प.* नेपाली सेनालाई शान्तिकाल वा युद्धको समयमा चाहिने आवश्यक सामानहरूको पूर्ति र व्यवस्थित किसिमले वितरण गर्ने जिम्मेवारी भएको समूह; बन्दोबस्तीका लागि जिम्मेवार सैन्यसमूह। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (फ) ।]*

नेल- हतकडी लगाउनु (Handcuff-fetters)- *क्रि.प.* [अ. नेक+ई+फा. बद+ई] अपराधी भाग्ला भनी हातमा हतकडी लगाउनु र खुपट्टामा नेल ठोक्नु; कसुरदारलाई अत्यन्त कष्टदायी व्यवहार गरिनु।

नेलजेल (A severe punishment given to a criminal by binding both hands and feet)- *ना.* [सं. निगड+अङ्. जेल] गोडामा फलामे कडी/कल्ली लाउने र कारागारमा राख्ने वा रहने काम; नेल र जेल।

नैतिक पतन (Moral torpitute ,demoralizatio)- *ना.प.* चारित्रिक पतन; नैतिक आचारको उलङ्घन; नैतिकताको च्युति; सद्गुणको विनाश; दुश्चरित्रताको पराकाष्ठा; नैतिक अधोगति।

नैतिकपतन देखिन फौजदारी अभियोग (Criminal charge for moral turpitude)- *ना.प.* चारित्रिक पतन भएको मानिने फौजदारी अभियोग; नैतिक आचार उलङ्घन गरेको मानिने फौजदारी अभियोग; सजाय भुक्तानी गरेपनि सामाजिक रूपले कलङ्कित रहेर विभिन्न सामाजिक वञ्चितीमा रहनुपर्ने किसिमको कसुरमा हुने अभियोजन।

नोकरसाही (Bureaucracy)- *ना.* [नोकर+साह+ई) कर्मचारीहरूबाट चलाइने प्रशासन व्यवस्था; कर्मचारीतन्त्र; आश्रयदाता तालुक वा हाकिमको चाकडी गर्ने प्रवृत्ति; ज्यूहजुरीमा आधारित शासनतन्त्र।

नोटरी पब्लिक (Notary public)- *नाप.* नोटरी पब्लिकले गर्नुपर्ने काम गर्न सरकारले नियुक्त गरेको वा तोकेको कुनै अधिकृत; नोटरी पब्लिकको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति; कुनै लिखत प्रमाणीकरण, अनुवाद र नक्कल प्रमाणित गर्न अधिकार वा इजाजत पाएको व्यक्ति; लेख्यप्रमाणक। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ब) तथा दफा १०६, नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (क) तथा दफा १४ र लेख्य प्रमाणक नियमावली, २०४१ को नियम २ को खण्ड (ख) र नियम 106।]*

नौपरिवहन (Navigation)- *ना.* [नाउ+परिवहन] समुद्रमा ठिक दिशा पत्ता लगाई जहाज चलाउने काम; जलयानबाट सामान ओसारपसार गर्ने काम।

नौसिन्दा (Clerk, junior staff)- *ना.* [फा. नविसिन्द] अड्डा अदालतको तल्लो दर्जाको कर्मचारी; कारिन्दा।

न्याइतो (Judge)- *वि.* [सं. न्याय+तो] न्याय पहिल्याउने; न्याय दिने।

न्याय परिषद् (Judicial Council)- *नाप.* न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही र बर्खासीको सिफारिस गर्ने निकाय; न्यायप्रशासनसम्बन्धी अन्य विषयमा परामर्श दिने संविधानमा व्यवस्थित निकाय। *[हे. नेपालको संविधानको धारा १५३ को उपधारा (१)।]*

न्याय सेवा आयोग (Judicial Service Commission)- *नाप.* सङ्घीय न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्न गठित निकाय; त्यस्ता पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्नुपर्ने भएमा नेपाल सरकारलाई सोको सिफारिस गर्ने निकाय। *[हे. नेपालको संविधानको धारा १५४ को उपधारा (१)।]*

न्यायपालिका (Judiciary, Judicature)- *ना.* [सं.] राज्य/सरकारका तीन प्रमुख अङ्गमध्ये न्यायनिसाफ दिने एक अङ्ग; सरकार वा नागरिकद्वारा संविधान, ऐन कानूनको पालना भए नभएको हेर्ने वा त्यसको व्याख्या गर्ने निकाय; न्यायालय।

न्यायमूर्ति (Judge, justice)- *ना.* [सं.] न्यायाधीश, इन्साफकर्ता।

न्यायवादी (Activists for justice)- *वि.* [सं.] न्यायको पक्षधर; इन्साफका लागि बोल्ने (व्यक्ति)।

न्यायविद (Jurist)- *वि.* [सं.] न्यायको मर्मज्ञ; न्यायको रहस्य जान्ने।

न्यायशील (Judicious)- *ना.* [सं.] न्याय गर्ने; न्यायवान; न्याय गर्ने शील भएको।

न्यायसङ्गत (Just, lawful)- *वि.* [सं.] न्यायका दृष्टिले उचित; न्यायोचित; न्यायानुरूप।

न्यायसम्मत (Accoeding to law)- *वि.* [सं.] कानूनअनुरूप; न्यायअनुकूल; न्यायोचित।

न्यायाधिकरण (Tribunal)- *ना.* [सं. न्याय+अधिकरण] खास किसिम र प्रकृतिका मुद्दामामिलाको बारेमा निर्णय गर्न नियुक्त व्यक्ति वा व्यक्तिहरूको इजलास; न्यायसम्बन्धी काम गर्ने अधिकरण।

न्यायाधिवक्ता (Government attorney, public prosecutor)- *ना.* [सं.न्याय+अधिवक्ता] सरकारको तर्फबाट वकालत गर्ने अधिवक्ता; सरकारी वकिल।

न्यायाधीश (Judge, justice)- *ना.* [सं. न्याय+अधीश] मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अदालतको अधिकारी; कुनै खास किसिमका मुद्दाका कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार प्राप्त अधिकारी; न्यायकर्ता; प्राडविवाक; मुद्दा छिन्ने हाकिम; न्याय निब्टारा लाउने प्राधिकारी; न्यायिक निर्णेता। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (झ), मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ञ) र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ङ)।]*

न्यायालय (Court, court of law, court of justice.- *ना.* [सं.] न्याय निसाफका लागि स्थापना गरिएको अदालत; न्यायपालिका; न्यायाधीशले मुद्दामामिला सुनी छानबिन र निसाफ गर्ने कार्यकक्ष।

न्यायासन (Bench)- *ना.* [सं.] न्यायको आसन; न्यायाधीश बस्ने आसन; इजलास; न्यायपीठ।

न्यायिक (Judicial, just)- *वि.* [सं.] न्यायसम्बन्धी; न्यायविषयक; न्यायबारे।

न्यायिक कारबाही (Judicial proceedings)- *नाप.* मुद्दाको सुरु दायरीदेखि फैसला कार्यान्वयनसम्मका न्यायप्रक्रियाका काम कारबाही; कसुरको अनुसन्धान, पुर्पक्ष, निरूपण र सजायको कार्यान्वयनसम्मका कामकारबाही। *[हे. पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा २ को खण्ड (ङ)।]*

न्यायिक निकाय (Judicial body)- *नाप.* कानूनद्वारा स्थापित अदालत, विशेष अदालत, न्यायाधिकरण वा न्यायिक निर्णय गर्ने निकाय; अदालत वा न्यायिक कारबाहीसँग सम्बन्ध रहने सरकारी वकिल कार्यालय र कानून तथा न्यायको क्षेत्रसँग सम्बन्धित अन्य निकाय; न्यायसँग सम्बन्धित काम वा सेवा प्रदान गर्ने निकाय। *[हे. राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा २ को खण्ड (ङ)।]*

न्यायिक पुनरावलोकन (Judicial review)- *नाप.* विधायिकाद्वारा निर्माण गरिएका ऐन, सो ऐनअन्तर्गतको नियमका मातहतमा प्रशासनिक निकाय वा अधिकारीबाट भएगरेका निर्णय तथा

कार्यहरूको वैधानिकता न्यायालय वा अदालतबाट परीक्षण गर्ने काम; प्रशासनिक निकाय वा अधिकारीबाट भएका कामकुराको न्यायपालिकीय पारख तथा मूल्याङ्कन।

न्यायिक पृथकीकरण (Judical separation)- *ना.प.* पतिपत्नीबिच अदालतका आदेशअनुसार अंश लिएर भएको छुट्याइ; कानूनबमोजिम पतिपत्नी भिन्न बसेको वा मानो छुट्टिएको अवस्था। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा १७१ को उपदफा (२) को स्पष्टीकरण।]*

न्यायिक लिखत (Judicial document)- *ना.प.* अदालतमा हुने न्यायिक प्रक्रियासँग सम्बन्धित लिखत; दर्ता भएका फिरादपत्र, दाबीपत्र, निवेदन वा पुनरावेदन र अदालतबाट जारी भएका आदेश। *[हे. पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा २ को खण्ड (च)।]*

न्यायिक समिति (Judicial Committee)- *ना.प.* आफ्ना अधिकारक्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिकाका उपाध्यक्ष वा नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा गठन हुने तीन सदस्यीय समिति; स्थानीय न्यायिक समिति; स्थानीय तहको न्यायिक काम गर्ने अङ्ग; कुनै पनि विषयमा न्यायिक काम गर्ने गरी वैधानिक रूपले गठन हुने समिति। *[हे. नेपालको संविधानको धारा २१७ को उपधारा (१)।]*

न्यायोचित (Judicial, justifiable, righteous)- *वि.* [सं. न्याय+उचित] न्यायसुहाउँदो; न्यायसङ्गत; न्यायपूर्वक; न्यायका युक्तिसँग मिल्दोजुल्दो।

न्युटन (Newton)- *ना.* [अङ्.] एक किलोग्रामको राशीलाई एक मिटर प्रति सेकेन्डको दरले गति बढाउने बल। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (ग) को स्पष्टीकरण।]*

न्यून दृष्टियुक्त व्यक्ति (Person with low vision)- *ना.प.* औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बिस फिटको दूरीबाट हातको औँला छुट्याउन नसक्ने दृष्टिक्षमता रहेको व्यक्ति; स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने दृष्टिक्षमता रहेको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

न्यूनतम (Minimum, minimal)- *वि.* [सं.] सबैभन्दा थोरै परिमाणको; सबभन्दा सानो।

न्यूनतम गुणस्तर मापदण्ड (Minimum quality standard)- *ना.प.* खाद्यान्न, मासु र पानीलगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्री वितरणलाई गुणस्तरीय र स्वच्छ बनाउन सरकारले तोकेको गुणस्तर मापदण्ड; कम्तीमा नभई नहुने भनिएको गुणस्तर तोक्ने वा तोकिएको मान। *[हे.जनस्वास्थ्य ऐन, २०७५ को दफा ३९ को उपदफा (१)।]*

न्यूनतम पारिश्रमिक (Basic salary, basic remuneration)- *ना.प.* कुनै पनि काम वा पदका लागि तोकिएको न्यूनतम ज्याला; घटीमा घटी पाइँदा पाइने तलब; तनखा वा ज्याला।

न्यूनतम मापदण्ड (Minimum standard)- *ना.प.* कुनै पनि वस्तु वा सेवामा आवश्यक न्यूनतम गुण; घटीमा घटी हुँदा पनि हुनै पर्ने स्तर वा मापदण्ड।

न्यूनतम रोजगार (Minimum employment, basic employment)- *ना.प.* सूचीकृत बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा उपलब्ध गराइने कम्तीमा एक सय दिन अवधिको न्यूनतम रोजगार; राज्यले नागरिकलाई प्रत्याभूत गरेको सबैभन्दा कम परिमाणको रोजगारी। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

न्यूनस्तरको खाद्य पदार्थ (Sub-standard foodstuffs)- *ना.प.* कुनै खाद्य पदार्थको स्वाभाविक गुणभन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण घटाइएको खाद्य पदार्थ; अर्को कुनै पदार्थ मिश्रण गरिएको खाद्य पदार्थ; निर्धारण गरिएको गुणस्तर वा खाद्यसम्बन्धी कानूनमा तोकिएको न्यूनतम आवश्यक गुणस्तरभन्दा घटी वा अधिकतम गुणस्तर तोकिएकोमा सोभन्दा बढीको खाद्य पदार्थ। *[हे. खाद्य ऐन, २०२३ को दफा २ को खण्ड (ग) ।]*

प

पइल (Husband's house)- *ना.* विवाहित स्त्रीको पतिको घर; पोइल।

पक्का (Confirmed, definite, sure)- *ना.* [सं. पक्व] सङ्कल्प; निधो; अठोट; निश्चय। *वि.* पाको; बलियो; होसियार; सिपालु।

पक्डाउ/पक्राउ (Arrest, capture)- *ना.*[पक्ड्/पक्र+आउ] पक्रने क्रिया; समाव्रे कार्य; गिरफ्तारी।

पक्रनु (To arrest, to apprehend, to capture)- *क्रि.* पकड्नु; गिरफ्तार गर्नु; समात्नु।

पक्राउपुर्जी (Warrant)- *ना.*[पक्राउ+पुर्जी] अभियुक्तलाई पक्रिने बेलामा पक्राउ गर्नुपर्ने कारण खोली दिइने पूर्जी; वारेन्ट; जरुरी पक्राउपुर्जी।

पक्ष (Party, side)- *ना.* [सं.] कुनै विषयका अनेक तत्व वा दल; झगडा वा विवाद गर्नेहरूमध्ये कुनै एक व्यक्ति वा समूह।

पक्षधर (Partisan, one-sided)- *वि.* [सं.] विभिन्न पक्षमध्ये एक पक्षतिर लाग्ने व्यक्ति; हिमायती।

पक्षपात (Discrimination, partiality, favouritism)- *ना.* [सं.] उचित-अनुचितको ख्याल नगरी कुनै एक पक्षमा मात्र लाग्ने प्रवृत्ति; एक पक्षको समर्थन; तरफदारी।

पक्षपोषण (Siding, support, advocacy, lobby)- *ना.* [सं.] कुनै एक पक्षको समर्थन वा प्रशंसा।

पक्षराष्ट्र (State party)- *ना.* [सं.] अन्तरराष्ट्रिय सन्धिसम्झौताको पक्ष बनेको राज्य; अन्तरसरकारी अन्तरराष्ट्रिय सङ्गठनको सदस्य।

पक्षी (Bird)- *ना.* [सं.] आकाशमा उड्ने पखेटा भएको प्राणी; चरो; पन्छी; खेचर; अण्डजबाट प्रजनन हुने स्थल र आकाशमा चर्ने पखेटाधारी जन्तु; कुखुरा, हाँस, लौकाट, अस्ट्रिच, बपट्टाई र जुनसुकै प्रकारका पाल्तु पक्षी वा जङ्गली पक्षी। *[हे. बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ को नियम २ को खण्ड (ग) ।]*

पक्षी उत्पादन सामग्री (Poultry production materials)- *ना.प.* पक्षी पालनमा प्रयोग हुने जैविक पदार्थ, दाना, दानामा मिश्रण गरिने सामग्री; त्यस्ता सामग्री भण्डारण गर्ने साधन; पक्षी उत्पादनमा प्रयोग हुने बोरा, क्रेट, भाँडाकुडा तथा अन्य औजार। *[हे. बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ को नियम २ को खण्ड (घ) ।]*

पक्षीजन्य पदार्थ (Poultry products)- *ना.प.* पक्षीका मासु, अण्डा, हाड, छाला, प्वाँख, सुली र सोत्तर; पक्षीबाट उत्पादन गरिने अन्य अप्रशोधित वा प्रशोधित सामग्री। *[हे. बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ को नियम २ को खण्ड (ङ) ।]*

पघार (Salary)- *ना.* [सं.] तलब; मासिक रूपमा प्राप्त हुने आम्दानी; पगार; पर्खाल।

पचडा/पचेडा (Pressure, exertion, complication)- *ना.* [सं. पश्च+एटा] झन्झट; झमेला; केही कुराको पछि लाग्दा हुने धपेडी; धामा।

पजनी (Vetting)- *ना.* [फा. पा+जनी] कर्मचारीको काम गराइको इमान्दारी वा बेइमानीका आधारमा थमौती, खारेजी, सरुवा, बढुवा आदि गर्ने काम; कर्मचारीको बर्खासी-बहाली।

पजलो/पँजलो (Plain land)- *ना.*[सं. पञ्जा>पन्जा+लो] सम्म परेको जमिन; समतल भूमि; समथर। *वि.* फिँजिएको; फैलिएको; पाँजिलो।

पञ्चखत [Five noted crimes in the tradition of Nepalese Court of Justice prior to 2020 B.S. (1963 A.D.)] - *ना.* [सं. पञ्च+क्षत] वि.सं. २०२० सालअघिसम्म अपराध गरेको ठहरेमा ज्यान सजाय हुने, दामल हुने, मुडिने, घटी जातमा मिलाई खोपिने र जात पतित गर्ने दण्डसजाय हुने खत वा अपराध; हिंसा, व्यभिचार, दुर्व्यसन, चोरी र झुटो बोल्नेजस्ता खत वा कसुर।

पञ्चाङ्ग (Solar and lunar, days, asterisms, yogas, karans of Hindu astrology, calendar)- *ना.* [सं.] स्थान र समय द्योतन गर्ने तिथि, बार, नक्षत्र, योग तथा करण; पात्रो; पाँच अङ्ग भएको वस्तु। *[हे. नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ को दफा २ को खण्ड (घ) ।]*

पञ्चाङ्गकार (Astrologer, Panchangakar)- *ना.* [सं.] पात्रो तयार गर्ने र सम्पादन गर्ने व्यक्ति; ज्योतिष गणितको क्षमता राख्ने व्यक्ति। *[हे. नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ को दफा २ को खण्ड (ङ)।]*

पञ्जाछाप (Handprint)- *ना.* [सं. पञ्जा+छाप] पाँच औंलाको सामूहिक छाप; हातका पाँचै औंलाको ल्याप्चे छाप।

पञ्जापत्र (Deed of Handprint of the King)- *ना.* [सं.] ऐन, सनद, सवाल वा अधिकारपत्र जारी गर्नका लागि प्रयोग हुने राजाबाट सिन्दुर रङमा चोबी लगाउने पाँच औंलाको छाप; ऐन, सनद, सवालमा लाग्ने लालमोहर।

पञ्जिका (Record book, register)- *ना.* [सं.] अभिलेखपुस्तिका; बही; दर्तापुस्तिका; कार्यालयमा आएका चिठीपत्र स्रेस्तामा चढाएर दर्ता गरी राख्ने वा पठाइने कागजातको दर्ताकापी।

पञ्जिकाधिकारी (Registrar)- *ना.* [सं.] राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको महानिर्देशक (केन्द्रीय पञ्जिकाधिकारी); गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुख; विदेशस्थित नेपाली नियोगमा पञ्जीकरणसम्बन्धी कार्य गर्न तोकिएको अधिकृत; महानिर्देशकले तोकेका निजका मातहतमा रहने स्थानीय पञ्जीकाधिकारी (रजिस्ट्रार) को रूपमा कार्य गर्ने व्यक्ति। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (च) र दफा १७ को उपदफा (१) र (२) ।]*

पञ्जीकरण (Vital registration)- *ना.* [सं.] नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने कार्य; कुनै व्यक्ति वा घटना वा गतिविधिको अभिलेख राख्ने काम वा दर्ता गर्ने काम; खातामा अभिलेख गर्ने काम; टिपोट गर्ने वा अभिलेख लेखबद्ध गर्ने काम। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (ङ) ।]*

पञ्जीकृत (Registered)- *वि.* [सं.] पञ्जीकरण गरिएको; एकत्रित वा संग्रह गरिएको।

पटबाझौं (Barren / uncultivated land)- *ना.* [सं. पट्टबन्ध्य] कहिल्यै पनि खनजोत नगरिएको बाँझो जग्गा; अत्यन्त साह्रो जमिन। *वि.* एक दम बाँझो; पूरै बाँझो; बन्जर।

पटरी (Reconciliation, mediation)- *ना.* [सं. प्रवृत्ति>प्रवृत्तटी] मेलमिलाप; तालमेल; अनुकुलता; तादम्यता।

पटवारी (Revenue agent)- *ना.* [सं. पट्ट+वाला+ई] जग्गा वा घरधुरीको स्रेस्ता राखी सो बमोजिम मालपोत वा अरू तिरो तहसिल गर्ने व्यक्ति; तराईका मौजाको जमीन र त्यसको हिसाब राख्ने जिम्दारभन्दा तलको एक अधिकारी; पटुवारी; पट्वारी। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (घ) ।]*

पटुता (Cleverness, perfect)- *ना.* [सं.] खास विषयको दक्षता; निपुणता; चलाखी; बाठोपना।

पट्टा (Lease deed, license)- *ना.* [सं.पट्ट] कुनै व्यक्तिले अर्को व्यक्तिको नगदी बाहेक अन्य सम्पत्ति प्रयोग गर्ने अस्थायी अधिकार र इजाजतपत्र; भाडा सम्झौता, छनौट, रोयल्टी सम्झौता वा वहालवालाको हक; सरकारले ठेकेदारलाई ठेक्का पट्टाबमोजिम काम गर्न दिइने अधिकारपत्र। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ल) ।]*

पट्टाको अवधि (Period of lease)- *ना.प.* पट्टा लिने व्यक्तिले पट्टा नवीकरण गराउन पाउने अतिरिक्त अवधि; जारी भएको पट्टाको म्याद वा मान्यता समाप्त हुने अवधि। *[हे. आयकर ऐन, २०५८ को दफा ३२ को उपदफा (८) को स्पष्टीकरण।]*

पठार (Plateau, extensive and dry place or land between hill and mountain)- *ना.* [सं. प्रस्थाकर] अग्लो पर्वत शिखरमा रहेको समतल भूमि वा मैदान।

पडताल (Investigation, inspection, inquiry)- *ना.*[सं. परितोलन] निरीक्षण वा जाँचबुझ गर्ने काम; जाँचपडताल।

पतन (Decline, downfall)- *ना.* [सं.] अवनति; उन्नति, वैभव, पद, मर्यादा आदिबाट तल झरेको अवस्था; गिर्दोपन।

पति (Commander, master, owner, husband)- *ना.* [सं.] नेपाली सेनामा अधिकृतदेखि बिल्लादारसम्मका दर्जा; कुनै वस्तु वा व्यक्तिको धनी वा स्वामी, विवाहित महिलाको लोग्ने; पोइ। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ङ)।]*

पतोह (Daughter in law)- *ना.* छोराबुहारी; छोराकी पत्नी; बुहारी।

पत्यारिलो (Reliable, trustworthy)- *वि.* विश्वासिलो; पत्यारलाग्दो; विश्वसनीय।

पत्रकार (Journalist)- *ना.* [सं.] पत्रपत्रिकामा प्रकाशित हुने सामग्री सङ्कलन, प्रविष्टि, प्रशोधन र सम्पादन गर्ने व्यक्ति; समाचारदाता; संवाददाता; सम्पादक; स्तम्भलेखक। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ठ)।]*

पत्रपत्रिका (Magazine, newspaper)- *ना.* [पत्र+पत्रिका] समाचारपत्र; अखबार; समाचारपत्रिका; आवधिक रूपमा प्रकाशित हुने पत्रपत्रिका; शोधपत्रिका। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (च)।]*

पत्राचार (Correspondences)- *ना.* [सं.] पत्र आदानप्रदान; पत्रव्यवहार; चिट्ठी पत्र लेखापढी गर्ने काम।

पथप्रदर्शक (Tourist guide)- *ना.* [सं.] पर्यटनसम्बन्धी पथप्रदर्शक; पारिश्रमिक लिई पर्यटकका साथ गई पथप्रदर्शनको काम गर्न इजाजतप्राप्त व्यक्ति। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ङ) र दफा 39।]*

पथभ्रष्ट (Deviated, misguided, derailed)- *ना.* [सं.] कर्तव्यपालनबाट चुकेको; कर्तव्यच्युत; भ्रष्ट बाटो वा दिशामा लागेको।

पदक (Padak, Medal)- *ना.* [सं.] राम्रो काम गरेबापत पुरस्कार वा सम्मानका रूपमा दिइने निशानछाप सहितको सुन, चाँदी आदिको वस्तु; जुन सुकै व्यक्तिलाई नेपाल सरकारले प्रदान गर्न सक्ने लोक श्री पदक, राष्ट्रसेवा पदक, सत्कार्य पदक, समाजसेवा पदक, शिक्षाज्योति पदक, सगरमाथा पदक, सुकीर्ति पदक, वीरता पदक, शौर्य पदक, प्राकृतिक प्रकोप पीडितोद्धार पदक, विकास रत्न पदक, शान्ति पदक, विज्ञान प्रवीण पदक, संविधानसभा निर्वाचन पदक; तक्मा; प्रतिमा। *[हे. विभूषण ऐन, २०६४ को दफा २ को खण्ड (ङ) र दफा १६।]*

पदचाप (Footprint)- *ना.* [सं.] पाइलाको चिह्न; पदचिह्न; गोडा वा पैंतालाको छाप।

पदच्यूत (Dismissed from the office)- *ना.* [सं.] पदबाट हटाइएको; नोकरीबाट हटाइएको; बर्खासी; बर्खास्तगी।

पदत्याग (Resignation from the office)- *ना.* [सं.] ओहदा वा पद त्याग्ने काम; पदबाट हट्ने काम; जागिर छाड्ने काम; राजीनामा।

पदपूर्ति (Fulfillment of Vacancy, recruitment)- *ना.* [सं.] खाली रहेका पद वा दरबन्दीमा नयाँ व्यक्ति भर्ना गरेर पद पूरा गर्ने काम; खुला प्रतियोगिता वा बढुवाद्वारा पदको पूर्ति गर्ने काम।

पदपूर्ति समिति (Vacancy Fulfillment Committee)- *नाप.* कुनै सङ्गठनभित्र कुनै पनि पदको रिक्त दरबन्दी पूर्ति गर्न सिफारिस गर्ने समिति; पद पूरा गर्ने समिति; रिक्त पदमा नियुक्ति गराउने समिति।

पदयात्रा (Trekking)- *ना.* [सं. पद+यात्रा] पैदल हिँडेर गरिने यात्रा; गोडा वा खुपट्टाद्वारा गरिने यात्रा; हिँडेर गरिने यात्रा; कुनै विदेशीद्वारा रात बिताउने गरी गरिने पैदल भ्रमण; हिमशिखर आरोहण गर्न जाने विदेशीद्वारा गरिने आधारशिविर सम्मको पैदल भ्रमण। *[हे. अध्यागमन ऐन, २०४९ को दफा २ को खण्ड (झ)।]*

पदयात्रा क्षेत्र (Trekking area)- *नाप.* पदयात्रा गर्नका लागि सरकारले निर्धारण गरेको क्षेत्र; अनुमति लिएर मात्र आवतजावत गर्न वा पदयात्रा गर्न पाइने गरी सरकारले तोकेको क्षेत्र। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम २ को खण्ड (घ)।]*

पदाधिकारी (Official, office bearer)- *ना.* [सं. पदाधिकार+ई] कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्विडेटर र विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी; कुनै पदमा साधिकार नियुक्त भएको व्यक्ति; पदको अधिकार तथा कर्तव्य भएको अधिकारी। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ञ)।]*

पदार्थ (Substance)- *ना.* [सं.] आकार वा रूप भएको वस्तु; ज्ञानेन्द्रियले जान्न वा अनुभव गर्न सकिने चिज; शब्दको अर्थ; प्राकृतिक, अर्ध-प्राकृतिक, कृत्रिम, निर्मित, प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मालवस्तु। *[हे. नेपाल गुणस्तर (प्रमाण—चिह्न) ऐन, २०३७ को दफा २ को खण्ड (घ) ।]*

पदिक (Infantry, Junior commissioned officer)- *ना.* [सं.] पैदल वा गोडाले हिड्ने व्यक्ति; पैदल सेना; नेपाली सेनाको प्रमुख सुबेदार, सुबेदार, जमदार र जगेडा बलको सो सरहका व्यक्ति; पैदल सेनाको जवान। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (च) ।]*

पदिक वा बिल्लादार क्याडेट (Infantry or Batch holder cadet)- *नाप.* अधिकृतमा नियुक्त हुनका लागि पदिक वा बिल्लादार क्याडेटमा तालिमको लागि छनोट भएको सैनिक व्यक्ति। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (थ) ।]*

पब्लिक कम्पनी (Public company)- *नाप.* कम्पनीको संस्थापनाका लागि शेयरधनीहरूको सङ्ख्या कम्तीमा सात जना र बढीमा जतिसुकै पनि हुने र चुक्ता पुँजी कम्तीमा एक करोड रुपैयाँ भएको कम्पनी; कम्पनीको सेयर सबैले किनबेच गर्न र एउटाको सेयर अर्काको नाममा नामसारी गर्न पाउने गरी धेरै व्यक्तिहरू भई दर्ता गरेको कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा ९ को उपदफा (२) र दफा ११ को उपदफा (१) ।]*

परम पौरख भास्कर अलङ्कार (Param Paurakh Bhaskar Alankar)- *नाप.* नेपालको रक्षाको निमित्त वा कर्तव्य पालनको सिलसिलामा ज्यानको परवाह नराखी अति साहसपूर्ण काम गर्ने वा राम्रो योजना बनाई सफल परिणाम हासिल गराउने नेपाली सेनालाई प्रदान गरिने अलङ्कार। *[हे. विभूषण नियमावली, २०६५ को नियम १२ को उपनियम (१) ।]*

परम्परागत उपचार प्रदायक (Traditional treatment provider)- *नाप.* परम्परागत रूपमा जडिबुटी, जान्तव र खनिजबाट उपचार प्रदान गर्ने व्यक्ति; उपचारसम्बन्धी परम्परागत ज्ञान, सीप र क्षमताका आधारमा उपचार सेवा प्रदान गर्ने व्यक्ति। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ज) ।]*

परम्परागत शिक्षा (Traditional education)- *नाप.* परम्परादेखि चली आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न लिनेदिने शिक्षा; परम्परागत ज्ञानलाई समयसापेक्ष परिमार्जन गर्दै निरन्तरता दिन गुरुकुल, गुम्बा वा मदरसा जस्ता संस्था सञ्चालन गरी बालबालिकालाई प्रदान गरिने शिक्षा; परम्परागत ज्ञान, सीप, प्रविधि

र दक्षतासम्बन्धी शिक्षा। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) ।]*

परम्परागत सिँचाइ प्रणाली (Traditional Irrigation System)- *ना.प.* नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई सिँचाइ गर्ने प्रणाली; ट्युववेलको माध्यमद्वारा भूमिगत पानी प्रयोग हुने सिँचाइ प्रणाली। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (द) ।]*

परामर्श सेवा (Consultancy/counseling service)- *ना.प.* [सं.] कुनै अध्ययन, अनुसन्धान, सर्भे, डिजाइन, नक्सारूपाङ्कन, सुपरिवेक्षण, तालिम, परीक्षण गर्ने काम; सफ्टवेयरको विकास वा यस्तै प्रकृतिका अन्य बौद्धिक वा पेसागत सेवा; मनोविमर्श वा मनोवैज्ञानिक परामर्श सेवा। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ङ) ।]*

परिचालक (Conductor)- *ना.* [सं.] परिचालक अनुमतिपत्रप्राप्त व्यक्ति; सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्पर; सञ्चालक; सहचालक। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (प) ।]*

परिपूरण (Reparation)- *ना.* [सं.] द्वन्द्व, मानवअधिकार वा अपराधबाट पीडित व्यक्तिले प्राप्त गर्ने न्यायका अङ्ग; पीडितलाई कसुरदारबाट भराइने प्रतिभरण; राज्यले पीडितलाई उपलब्ध गराउने क्षतिपूर्ति; पीडितको उद्दार, उपचार पुनःस्थापना; पीडितलाई दिइने न्यायिक सन्तुष्टि; पीडनको पुनरावृत्ति नहुने सुनिश्चितता; पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत, निःशुल्क शिक्षा तथा स्वास्थोपचार, सीपमूलक तालिम, विनाब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा र उपयुक्त अन्य सुविधा वा सहुलियत। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (ङ) र दफा २३ ।]*

परियोजना (Project)- *ना.* [सं.] निश्चित समय र स्रोतभित्र विशिष्ट निर्दिष्ट लक्ष्य हासिल गर्न गरिने व्यवस्थित कार्य वा क्रियाकलापको समुच्चय; सार्वजनिक-निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचनासम्बन्धी परियोजना; निजी लगानीमा कार्यान्वयन गरिने परियोजना; निश्चित अवधिभित्र पूरा गर्ने लक्ष्य लिएर बनाइने निर्माण, विकाससम्बन्धी योजना वा आयोजना; योजना; कुनै पनि विषयको सम्पूर्णतालाई ध्यानमा राखी सोसम्बन्धी कार्य सम्पन्न गर्न बनाइएको रणनीति र मार्गचित्रसहितको कार्यमूलक प्रक्षेपण। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (झ) ।]*

परिवर्त्य विदेशी मुद्रा (Convertible foreign currencies)- *ना.प.* राष्ट्र बैङ्कले सटही गर्न सकिने भनी तोकेका विदेशी मुद्रा; बैङ्कमा सटही गर्न सकिने विदेशी मुद्रा; साट्न मिल्ने वैधानिक विदेशी मुद्रा। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ग१) र नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ठ) ।]*

परिवार (Family)- *ना.* [सं.] सँगै बस्ने आपस्तमा पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा; पुरुष र अविवाहित महिलाका हकमा निजका बाजे, बज्यै तथा विवाहित महिलाका हकमा निजका सासू, ससुरा; एकआपसमा माया, सहयोग र सुरक्षा आदानप्रदान गर्ने बाबुआमा, छोराछोरी र नजिकका आफन्तको समुच्चय। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (घ) र बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ब) ।]*

परिवार नियोजन (Family planning)- *ना.प.* कुनै गर्भनिरोधको साधन प्रयोग गरी वा नगरी आफूले चाहे अनुसारको सन्तानको सङ्ख्या वा गर्भान्तर निर्धारण गर्ने योजना; चाहेअनुसारका सन्तान भइसकेपछि गर्भ नरहनका लागि पुरुष वा महिलाको नसच्छेदन वा बन्ध्याकरण गर्ने काम। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

परिवारका सदस्य (Members of family)- *ना.प.* परिवारमा रहने हरेक व्यक्ति; परिवारमा रहने पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र पालनपोषण गर्नुपर्ने दाजु, भाइ र दिदी, बहिनी। *[हे. बैंङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ९ को उपदफा (1) को स्पष्टीकरण।]*

पर्यटक (Tourist)- *ना.* [सं.] पर्यटन गर्ने व्यक्ति; घुमन्ते व्यक्ति; देशविदेश घुम्ने, भ्रमण गर्ने व्यक्ति; विदेशी मुलुकबाट भ्रमणको लागि देशमा आउने गैरनागरिक व्यक्ति; कम्तीमा एक रात वा चौविस घण्टा देशभित्र बिताउने विदेशी व्यक्ति। *वि.* घुमन्ते; घुमक्कड; पर्यटन गर्ने। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (क), नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा २ को खण्ड (छ) र अध्यागमन नियमावली, २०५१ को नियम २ को खण्ड (ख) ।]*

पर्यटक भिसा (Tourist visa)- *ना.प.* पर्यटनको उद्देश्यले देशमा आउने विदेशीलाई प्रदान गरिने प्रवेशाज्ञा; नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई दिइने भिसा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम ६ को उपनियम (१) ।]*

पर्यटक सवारी (Tourist motor vehicle)- *ना.प.* विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारी; पर्यटकका लागि प्रदान गरिने यातायात सेवाका लागि अलग्गै दर्ता गरिएको सवारी साधन। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (झ) र दफा ७।]*

पर्यटकीय (Touristic)- *ना.* [सं. पर्यटक+ईय] पर्यटक वा पर्यटनसँग सम्बन्धित; पर्यटकसम्बन्धी; पर्यटकको।

पर्यटन उद्योग (Tourism industry)- *ना.प.* पर्यटन सेवासँग सम्बन्धित उद्योग; पर्यटनसम्बन्धी उद्योगव्यवसाय। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (च)।]*

पर्यटन व्यवसाय (Tourist business)- *ना.* [सं.] मानिसहरूका घुमघाम; दृश्यावलोकन; पदयात्रा वा मन बहलाउन गरिने परिभ्रमणलाई सेवा प्रदान गर्ने सेवामूलक उद्यम; पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तरराष्ट्रिय परिवहनको सेवा पुऱ्याउने कारोबारसम्बन्धी व्यवसाय; पर्यटकहरूलाई नेपालभित्र वा बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेस्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्दर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा तथा अन्य साहसिक एवम् मनोरन्जनात्मक सेवासम्बन्धी पर्यटकीय सेवाबापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार; पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू बिक्री गर्ने कारोबार; पर्यटकहरूलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रूपमा कला, संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी, आयोजना, मेला, प्रचार, प्रसार अभियान सञ्चालन गर्ने कार्य। *[हे. नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा २ को खण्ड (ज)।]*

पर्यापर्यटन (Eco-tourism)- *ना.* [सं. परि+आ+पर्यटन] वातावरणसँग सम्बन्धित पर्यटन; पर्यावरणसम्बन्धी पर्यटन; वातावरण संरक्षण र स्थानीय समुदायको हितको प्रतिकूल नहुने गरी वनक्षेत्रमा गरिने प्रकृतिमा आधारित पर्यटन गतिविधि। *[हे. वन नियमावली, २०७९ को नियम २ को खण्ड (ञ)।]*

पर्वतारोहण (Expedition/mountaineering)- *ना.* [सं. पर्वत+आरोहण] पर्वत चढ्ने कार्य; हिमाल चढ्ने कार्य; हिमशृङ्खलाका कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुली वा शिखर चुम्ने र फर्कने कार्य। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (घ)।]*

पर्वतारोहण सङ्घ (Mountaineering Association)- *नाप.* पर्वतारोहणसम्बन्धी काम गर्नेहरूको सरकारद्वारा मान्यताप्राप्त संस्था; पर्वतारोहणकर्मीहरूको सङ्घ। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ठ) ।]*

पर्वतीय पथ प्रदर्शक (Mountain guide)- *नाप.* आधार शिविरभन्दा माथि पर्वतारोहीहरूलाई आरोहण कार्यमा सहयोग वा मद्दत गर्न जाने व्यक्ति; हिमाल आरोहण गर्ने पथप्रदर्शन गर्ने व्यक्ति; आरोहणअगुवा। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ज) ।]*

पशु (Animal)- *ना.* [सं.] जुनसुकै प्रकारका घरपालुवा वा जङ्गली जन्तु वा पक्षी, घस्रने जनावर, माछा वा अन्य जलचर वा उभयचर पशुपक्षी; जन्तु; जनावर। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७६ को स्पष्टीकरण, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (क), पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २ को खण्ड (क) र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा २ को खण्ड (ङ) ।]*

पशु उत्पादन सामग्री (Animal production inputs)- *ना.* [सं.] पशुपक्षी स्वास्थ्य, कृत्रिम गर्भाधान वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री; पशुपक्षीको उत्पादन र विकासका लागि चाहिने विभिन्न पदार्थ र वस्तु। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (ग) ।]*

पशु प्राविधिक (Animal Technician)- *नाप.* पशु स्वास्थ्यसम्बन्धी विषयमा प्राविधिक शिक्षा हासिल गरेको प्रविधिज्ञ; व्यावसायिक तालिम परिषद्बाट मान्यताप्राप्त संस्थाबाट दिइने कम्तीमा तीन महिनाको तालिम प्राप्त व्यक्ति। *[हे. कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ को खण्ड (ञ) ।]*

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय (Animal health and livestock service profession)- *नाप.* बिरामी पशुको रोगको उपचार, निदान, रोकथामसम्बन्धी कार्य; पशुसेवा र पशुपक्षीपालन व्यवसायसम्बन्धी कार्य। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा २ को खण्ड (च) ।]*

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी (Animal health and livestock service professional)- *नाप.* वैधानिकताप्राप्त गरी वा दर्ता भएर पेसेवर रूपमा पशुस्वास्थ्य तथा पशुसेवासम्बन्धी उद्यम गर्ने व्यक्ति; पशुस्वास्थ्यसेवक व्यवसायी। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा २ को खण्ड (छ) ।]*

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (Council of Animal Health and Livestock Service Professionals)- *ना.प.* नेपाल पशुचिकित्सा परिषद्मा नाम दर्ता भएका र दर्ता हुन योग्य पशुचिकित्सक बाहेकका पशुस्वास्थ्य तथा पशुसेवा व्यवसायीका सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवम् मर्यादित बनाउने नियमनकारी निकाय; पशुस्वास्थ्य तथा पशुसेवा व्यवसायीको योग्यताअनुसार नाम दर्ता गर्न र नियमन गर्न स्थापना भएको परिषद्। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा २ को खण्ड (ज) र दफा ५।]*

पशुऔषधी (Veterinary drug, veterinary medicine)- *ना.* [सं.] पशुको रोगको निदान, उपचार वा नियन्त्रण गर्ने काममा प्रयोग हुने जुनसुकै पदार्थ; पशुलाई ख्वाइने वा लगाइने ओखती; हार्मोन वा जैविक पदार्थ वा पशुदानामा प्रयोग गरिने प्रोटिन, लवण वा भिटामिन। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (ज)।]*

पशुचिकित्सक (Veterinary doctor)- *ना.* [सं.] पशुचिकित्सा परिषद्बाट मान्यताप्राप्त शिक्षण संस्थाबाट पशुचिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति; पशुचिकित्सासम्बन्धी ज्ञान, सीप र कार्यक्षमता हासिल गरेको पेसेवर व्यक्ति। *[हे. नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २ को खण्ड (च)।]*

पशुजन्य पदार्थ (Animal products)- *ना.प.* पशुपक्षीको मासु, रगत, बोसो, पित्त, दुध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु; पशुपक्षीबाट निकालिने उपयोगी खाद्य वा अखाद्य वस्तु। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (ख)।]*

पशुधन (Livestock wealth, cattle wealth)- *ना.* [सं. पशु+धन] गाई, याक, झोपा, बाच्छी (कोरेली), भैंसी, पाडी, साँढे, राँगो, गोरु, घोडा, घोडी, खच्चड, गधा, बोका, बाखा, भेडा, भेडी, च्याङ्ग्रा, बङ्गुर जस्ता घरपालुवा जनावर; चौपायाका रूपमा रहेको धन; सम्पत्तिका रूपमा रहेका जन्तुजनावर। *[हे. कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ को खण्ड (च)।]*

पशुपति क्षेत्र (Pashupati area)- *ना.प.* पशुपति क्षेत्रको सुरक्षा, सम्भार र विकासका लागि पशुपतिनाथको मन्दिरको परिसरवरपर सीमानाभित्रको सरकारले तोकेको क्षेत्र। *[हे. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २.१.१।]*

पशुपति क्षेत्र विकास कोष (Pashupati Area Development Trust)- *ना.प.* पशुपति क्षेत्रको विकासका लागि स्थापित कोष; विश्वसम्पदासूचीमा रहेको पशुपतिनाथ मन्दिर परिसरको स्याहार

संरक्षण तथा व्यवस्थापनका लागि स्रोत जुटाउन खडा गरिएको कोष। *[हे. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २.१.२ र दफा 3।]*

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् (Pashupati Area Development Trust Governing Council)- *ना.प.* पशुपति क्षेत्र विकास कोषका सम्पूर्ण कामकारबाही सञ्चालन तथा रेखदेख गर्न गठित परिषद्। *[हे. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २.१.५ र दफा 8।]*

पशुपालक कृषक (Husbandry farmer, animal keeper)- *ना.प.* दुधको उत्पादनका लागि वा प्रजनन र मासु उत्पादनका लागि पशुपालन व्यवसाय गर्ने कृषक; पशुपाला किसान। *[हे. कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ को खण्ड (छ)।]*

पशुवधशाला (Slaughterhouse)- *ना.* [सं.] मासुको निमित्त पशु वध गर्न बनाइएको घर वा ठाउँ; गोसखान। *[हे. पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २ को खण्ड (ङ)।]*

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (First-past-the-post electoral system)- *ना.प.* एक निर्वाचन क्षेत्र एक पदको आधारमा उम्मेदवारहरूमध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली। *[हे. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ट) तथा दफा ४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ठ) तथा दफा ४।]*

पहुँच (Access, reach)- *ना.* [प्रा.] प्रवेश प्राप्ति; पुग्ने काम; निश्चित लक्ष्यसम्मको हिँडाइ; कुनै व्यक्ति विशेषसम्मको जानपहिचान वा परिचय; कुनै कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कको तार्किक, अङ्कगणितीय वा स्मरण कार्य सम्पदाहरूमा प्रवेश प्राप्त गर्ने, त्यस्ता सम्पदाहरूलाई निर्देशन दिने वा त्यस्ता सम्पदाहरूसँग सञ्चार सम्पर्क गर्न सक्ने अवसर; कुनै कुरा गर्ने वा गरेर पुऱ्याउने सामर्थ्य; कुनै कुरा राम्ररी बुझ्ने क्षमता; कुनै ठाउँ वा विषयसम्म पुग्ने क्षमता। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (त)।]*

पाँडे पजनी (Arbitrary vetting)- *ना.प.* पाणी/पाण्डु (हात) ले इसारा गरी कर्मचारीहरू औंल्याउँदै गरिने थमौती, खारेजी, सरुवा, बढुवा वा बर्खासी-बहाली; जथाभावी पजनी; ठाडो पजनी।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (Patan Academy of Health Science)- *ना.प.* स्वास्थ्यविज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न स्थापना गरिएको प्रतिष्ठान; स्वास्थ्यविज्ञानको क्षेत्रको एक शैक्षिक प्रतिष्ठान। *[हे. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (क) र दफा 3।]*

पात्रो (Astrological calendar)- *ना.* तिथि, बार, नक्षत्र, योग, करण, ग्रहस्थिति, चाडपर्व, ग्रहको उदय, अस्त, वक्र तथा मार्गी अवस्थाको विवरण उल्लेख भएको पुस्तिका; गोजी पात्रो; भित्ते पात्रो; क्यालेन्डर; पञ्चाङ्ग। *[हे. नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ को दफा २ को खण्ड (च) ।]*

पाथी (A measure of 4.54596 liters)- *ना.* [सं.] ४.५४५९६ लिटर नापको परिमाण; आठ माना अटाउने भाँडो; आठ मानाको परिणामका वस्तु नाप्ने भाँडो। *वि.* मुरीको बिसौं अंशको; आठमानाको परिणाम। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को अनुसूची।]*

पानी जहाज (Ship, vessel)- *नाप.* जलयान; ठुला जलाशयमा पानीमाथि बहाब लिएर चल्ने जहाज; जलमार्गमा चल्ने परिवहनको साधन; कम्तीमा दस ग्रस रजिस्टर टन भारवहन क्षमता भएको समुद्रयात्रा गर्ने जलयान; नौपरिवहनको लागि सुहाउँदो जतिसुकै टनेज वा जुनसुकै वर्णनको जलयान; पाल, बहना, वाफ वा मोटरले चल्ने जुनसुकै श्रेणी वा आकारको कुनै पनि जलयानको पेट नौतल रिङ्गिङ र उपकरण। *[हे. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ को दफा २ को खण्ड (ख) र पानी जहाज दर्ता ऐन, २०२७ को दफा २ को खण्ड (क) ।]*

पानीको स्रोत (Water sources, water resources)- *नाप.* प्राकृतिक रूपमा पानी निःसृत हुने नदी, खोला, ताल, पोखरी, ढुङ्गेधारा, इनार, कुवा तथा मूलजस्ता सतही जलस्रोत; भूमिगत जलस्रोत वा आकासबाट हुने जलवर्षा; पानीको सङ्कलन र आपूर्ति गर्ने मानवनिर्मित संरचना। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (ण) ।]*

पायक पर्ने विद्यालय (School which is convenient)- *नाप.* नजिकको विद्यालय; सम्बन्धित बालबालिकाको अभिभावक रहेको बासस्थानबाट सामान्यत: दुई किलोमिटरसम्मको दूरीमा रहेको विद्यालय; आवतजावत गर्न सजिलै सकिने दूरीको विद्यालय। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (१) को स्पष्टीकरण।]*

पारस्परिक कानूनी सहायता (Mutual Legal Assistance)- *नाप.* न्यायिक कारबाहीसँग सम्बन्धित विषयमा कुनै कागज वा प्रमाण बुझ्ने, सङ्कलन गर्ने वा प्राप्त गर्ने, कुनै सम्बद्ध वस्तु वा ठाउँको जाँच गरी सोको सूचना र प्रमाण उपलब्ध गराउने विषयमा नेपाल र विदेशी राज्यबीच हुने पारस्परिक सहयोग आदानप्रदान कार्य; नेपाल र विदेशी राज्यबिच बैङ्क, वित्तीय वा व्यापारिक अभिलेखलगायत सम्बद्ध कागजातको सङ्कलन वा प्रमाणित प्रति उपलब्ध गराउने पारस्परिक सहयोग; न्यायिक कारबाहीका प्रयोजनमा खानतलासी गर्ने, वस्तु बरामद गर्ने, व्यक्ति रहेको स्थान पत्ता लगाउने वा मानिसको सनाखत गर्ने, फौजदारी प्रकृतिको विषयमा सहयोग पुऱ्याउन सक्ने व्यक्तिको उपस्थिति गराउने, म्याद तामेल गर्ने, चल वा अचल सम्पत्ति रोक्का

राख्ने वा जफत गर्ने र फैसला कार्यान्वयन गर्ने विषयसँग सम्बन्धित कामकारबाहीका लागि नेपाल र विदेशी राज्यबिचको पारस्परिक सहायता आदाप्रदान गर्ने कार्य। *[हे. पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा २ को खण्ड (छ) र दफा ५।]*

पारिवारिक पीडित (Family victim)- *ना.प.* कसुरको प्रत्यक्ष परिणाम स्वरूप मृत्यु भएको प्रथम स्तरको पीडितविरुद्धको कसुरमा संलग्न नरहेको मृतक पीडितको सगोलको आमा, बाबु, पति, पत्नी वा पीडितमा आश्रित एकासगोलको परिवारको अन्य सदस्य; कसुरबाट प्रत्यक्ष पीडितको परिवारको सदस्य। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (झ)।]*

पार्किङ्ग स्थल (Parking, parking zone)- *ना.* [सं.] सवारी साधन तुलनात्मक रूपले केही लामो समय अड्याउन निर्धारित ठाउँ; बिसौनी स्थल। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (भ)।]*

पिछडिएको क्षेत्र (Backward area)- *ना.प.* आर्थिक, सामाजिक वा भौतिक वा भौगोलिक विकटता आदि कारणले अरूभन्दा पछाडि रहेको क्षेत्र; कुनै विषयमा अरूभन्दा पछि रहेको वा परेको क्षेत्र; सरकारले पिछडिएको क्षेत्र भनी परिभाषित गरेका (हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्ला, जाजरकोट, बाजुरा, बझाङ र अछाम जिल्लाजस्ता) क्षेत्र। *[हे. राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा २ को खण्ड (ङ)।]*

पीडित (Victim, survivor)- *ना.प.* प्राकृतिक व्यक्तिका रूपमा रहेका प्रथम स्तरका पीडित, द्वितीय स्तरका पीडित र पारिवारिक पीडित; घटना वा मुद्दाले दुःख पाएको व्यक्ति; पीडकले पीडा दिएको व्यक्ति; पीडा भएको; दुःखित; सताइएको; बेचिएको, ओसारपसारमा परेको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति; जाहेरवाला, कसुरबाट असर परेको व्यक्ति वा निजको संरक्षक वा हकवाला। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ञ), मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २ को खण्ड (ग) र उच्च अदालत नियमावली, २०७३ को नियम १०८ को उपनियम (3) को स्पष्टीकरण।]*

पीडित प्रभाव प्रतिवेदन (Victim Impact Report)- *ना.प.* कसुरका कारण अपराधपीडितलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको अवस्थाको लेखाजोखा गरी तयार पारिने प्रतिवेदन; पीडितलाई न्याय प्रदान गर्न अभियोजन वा पुर्पक्षका चरणमा अदालतमा पेस गरिने पीडितको विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा पेश गर्ने प्रतिवेदन। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ को उपदफा (१)।]*

पीडित राहत कोष (Victim relief fund)- *ना.प.* कसुरबाट पीडितलाई औषधोपचार, अन्तरिम क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन स्रोत व्यवस्थापन गर्न खडा गरिएको कोष; कसुरदारलाई भएको जरिबाना रकमको आधा भाग; कैदबापत रकम बुझाई छुट्ने प्रतिवादीले बुझाएको रकमको आधा र क्षतिपूर्ति शुल्कबापत असुलउपर भएको रकम जम्मा हुने कोष; सरकार वा अन्य कुनै स्रोतबाट प्राप्त भएको रकम जम्मा हुने कोष। *[हे. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८।]*

पीडित संरक्षण सुझाव समिति (Victim Protection Suggestion Committee)- *ना.प.* कसुरबाट पीडितको हकहितको संरक्षण गर्ने विषयहरूमा सरकारलाई सुझाब दिने निकाय; पीडितका संरक्षणका लागि बनाउनुपर्ने नीतिनियम तय गरी सरकारलाई सिफारिस गर्ने समिति। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ट) र दफा ४४ को उपदफा (१)।]*

पुँजी (Capital)- *ना.* [सं. पुञ्ज] मूल धन; साउँधन; सञ्चित धन; धनसम्पत्ति; धनराशी; उद्योग, व्यापार, व्यवसायमा लगानी हुने साउँधन; उत्पादनका चार प्रमुख तत्त्व भूमि, श्रम, साउँधन (पुँजी) र उद्यमशीलतामध्येको एक; बैङ्क वा वित्तीय संस्था वा संस्थागत निजी वा सार्वजनिक कम्पनीको अधिकृत, जारी वा चुक्ता पुँजी (मूल धन)। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (भ)।]*

पुँजीकोष (Capital Fund)- *ना.* [पुँजी+कोष] कम्पनी, बैङ्क वा वित्तीय संस्थाको प्राथमिक पुँजी र पूरक पुँजीको योगफल; पुँजीकोषमा रहनुपर्ने अन्य रकम। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (म)।]*

पुँजीगत प्रकृतिको खर्च (Capital expenses)- *ना.प.* प्राकृतिक स्रोतको सम्भाव्यता अध्ययन, अन्वेषण र विकासका सम्बन्धमा लागेको खर्च; बाह्र महिनाभन्दा बढी लाभप्रद आयु भएको कुनै सम्पत्ति प्राप्त गर्दा लागेको खर्च; दायित्वको निसर्ग गर्दा लागेको खर्च। *[हे. आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) को स्पष्टीकरण।]*

पुनःस्थापना (Rehabilitation, restitution, restoration)- *ना.* [सं.] मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुनर्स्थापना गर्ने कार्य; पहिलेको स्थितिमा ल्याउने काम; पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्ति वा अपराधपीडित, द्वन्द्वपीडित, आघातपीडित वा प्रकोपपीडितलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सा सेवा, जीवनोपयोगी सीपमूलक तथा व्यावसायिक तालिम, सहायक सामग्री, औषधोपचार, नियमित परामर्श सेवा,

शैक्षिक तथा आर्थिक कार्यक्रम वा त्यस्ता व्यक्तिलाई बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रम; बिजाइँ गर्ने वा बालसुधारगृहमा राखिएका बालबालिका, थुनामा रहेका बन्दीलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने जीवनोपयोगी सीपमूलक तथा व्यावसायिक तालिम, सहायक सामग्री, औषधोपचार, नियमित मनोसामाजिक विमर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम वा त्यस्ता व्यक्तिलाई मार्गस्थगृह वा सामुदायिक बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रम; कुलत वा अम्मलीहरूको सुधार गरी कुलत छुटाउने उपचार तथा कार्यक्रम। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १७ को उपदफा (२) को खण्ड (झ) को स्पष्टीकरण र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २९ को स्पष्टीकरण।]*

पुनःस्थापना कोष (Rehabilitation Fund)- *नाप.* पीडित पक्षलाई पुनःस्थापित गर्नका लागि स्रोतको प्रबन्ध गर्ने कोष; पुनःस्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने स्रोतका रूपमा खडा गरिएको कोष। *[हे. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ को उपदफा (१) र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३० को उपदफा (१) ।]*

पुनःचक्रीय प्रयोग (Recycling use)- *नाप.* प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थका रूपमा प्रयोग गरी प्रयोग गर्ने काम; फोहरमैलालाई कच्चा पदार्थमा रूपान्तरण गरी उपयोगी वस्तु बनाएर पुनः प्रयोगमा ल्याउने कार्य। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ढ) ।]*

पुनःस्थापना केन्द्र (Rehabilitation Center)- *नाप.* घरबारविहीन, बेवारिस, अपराधपीडित वा कुनै सङ्कटमा परेका महिला, बालबालिकासमेतका पीडितहरूको पुनःस्थापनाप्रक्रिया समेतका लागि बसोबासको व्यवस्था गर्न स्थापना गरिएको केन्द्र; पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनःस्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउने जस्ता काम गर्न स्थापना गरिएको केन्द्र; पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना गर्न गराउन सरकारले स्थापना गरिएको केन्द्र; पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रूपमा पुनःस्थापना गराउन स्थापना गरिएको केन्द्र; कुलत वा दुर्व्यसनीको सिकार भएका व्यक्तिलाई कुलतबाट छुटाउने उपचार गर्नगराउने उपचारसेवा सहित स्थापित पुनःस्थापना केन्द्र। *[हे. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २*

को खण्ड (ख), अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ज) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७१ को उपदफा (१) ।]

पुनरावेदनपत्र (Appeal)- *ना.* [सं.] तल्लो अड्डा अदालतको निर्णयमा चित्त नबुझी सो निर्णय सच्याउनको लागि आफ्नो जिकिरसहित माथिल्लो अदालतमा दिइएको निवेदनपत्र; मुद्दाको कारबाही किनारा गर्ने वा मुद्दा हेर्ने अधिकारीले गरेको फैसलाबाट मुद्दा हारजित भएपछि हार्ने वा फैसलामा चित्त नबुझ्ने पक्षले पुन: सुनुवाइ गर्ने अधिकारक्षेत्र भएको अदालत वा अधिकारीसमक्ष पुन: पेस गर्ने निवेदनपत्र; फेरि आवेदन गरेको पत्र। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (च) ।]*

पुनर्निर्माण (Reconstruction)- *ना.* [सं. पुन:+निर्माण] बिग्रेभत्केको वस्तुलाई फेरि बनाउने काम; जीर्णोद्धार गर्ने काम; मरमत वा पुन: प्रबल बनाउने काम; भत्केबिग्रेका संरचनाको दिगो, दरिलो र योजनाबद्ध रूपमा गरिने पुनरुत्थान; पहिले निर्माण भएकै वस्तु वा संरचनालाई आर्थिक, सामाजिक वा भौतिक पक्षका पुन:स्थापनासहित फेरि बनाउने काम। *[हे. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २ को खण्ड (घ) ।]*

पुनर्बिमा (Reinsurance)- *ना.* [पुन:बिमा] कुनै एक बिमकले आफूले धारण गर्ने जोखिमभन्दा बढी अंशको जोखिम पुनर्बिमकले बेहोर्ने गरी गरेको करार; बिमितको जोखिम अर्को बीमकले बेहोर्ने गरी त्यस्तो बिमकसँग गरेको करार। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ङ) ।]*

पुरस्कार (Prize, award)- *ना.* [सं.] राम्रो काम गर्ने व्यक्तिलाई गरिने सम्मान; त्यस्ता व्यक्तिको सामाजिक प्रतिष्ठा बढाउनका लागि दिइने उपहार वा इनाम; कसैलाई राम्रो काम गरेकोमा थप प्रोत्साहित गर्न दिइने प्रशंसा र स्याबासीसहितका नगद वा मूल्यमान् चिजबिज।

पुरातात्त्विक वस्तु (Archaeological object)- *ना.प.* प्रागैतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु; कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा; ऐतिहासिक घटना भएका वा प्रसिद्ध विभूति व्यक्ति बसेक ठाउँ र तिनले प्रयोग गरेको वस्तु, ढुङ्गा, काठ, माटो, हस्तीहाँड, हाड, काँच, कपडा, कागज, धातु आदि; बेलबुपट्टा भरी आकर्षक ढङ्गले बनाएको घरको कुनै महत्त्वपूर्ण भाग वा सो घरमा उपयोग गरिएका वस्तु; बेलबुपट्टा भरी वा नभरी बनाइएका मूर्ति, देवीदेवताको मन्दिर, चैत्य, सालिक, पौभाचित्र, पशुपन्छी, स्थावरजङ्गमका प्रतिकृति; सरकारले सूचित गरेका तोकिएका वस्तु। *[हे. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २ को खण्ड (ख) ।]*

पुस्तक (Books)- *ना.* [सं.] लिपि, चिह्न र चित्र कागजमा लेखिएको वा छापिएको पढ्न, पढेर सुनाउन वा देखाउन सकिने पाठ रहेको र पत्रेदार ग्रन्थ; कागजी ग्रन्थ; विद्युतीय ग्रन्थ; सरकारी, गैरसरकारी प्रकाशन, पुस्तक, पुस्तिका, पोस्टर, चार्ट, क्यालेन्डर, स्कुल कलेज तथा सर्वसाधारणको उपयोगी पाठ्य तथा पाठन सामाग्री; किताब। *[हे. नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ को दफा २ को खण्ड (घ) ।]*

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (Supplementary environmental impact assessment)- *नाप.* एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रस्तावमा आंशिक रूपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमतावृद्धि गर्नका लागि गरिने वातावरणीय प्रभाव पुनर्मूल्याङ्कन; वातावरणीय प्रभावको थप मूल्याङ्कन; पर्यावरणीय प्रभावको पुनर्मूल्याङ्कन। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ढ) ।]*

पूर्ण अशक्त अपाङ्गता भएको व्यक्ति (Person with profound disability)- *नाप.* आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरुको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति; आफै आफूलाई सम्हान सक्दै नसक्ने गरी अपाङ्गता भएको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

पूर्ण इजलास (Full bench)- *नाप.* तीन जना न्यायाधीश रहने इजलास; संयुक्त इजलासभन्दा ठूलो इजलास। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (१) ।]*

पूर्ण दृष्टिविहीन व्यक्ति (Person with total visual impairment)- *नाप.* पूर्ण रूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति; नेत्रज्योतिविहीन व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

पूर्ण रुग्ण उद्योग (Complete sick industries)- *नाप.* पछिल्लो तीन वर्षदेखि लगातार घाटामा सञ्चालन हुँदा उद्योगको पुँजीमा सत्तरी प्रतिशतभन्दा बढीले कमी आएको उद्योग; पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको बिस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको उद्योग; कुनै कारणले पछिल्ला तीन वर्षसम्म उद्योग पूर्ण रूपमा बन्द रहेको उद्योग; सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा पाँच वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको रुग्न उद्योग। *[हे. औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ३५ को उपनियम (१) को खण्ड (क) ।]*

पूर्णाधिकार (Full powers)- *ना.* [सं.] पुरापुर अधिकार; सम्पूर्ण अधिकार; सर्वेसर्वा अधिकार; सन्धिका लागि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा सन्धिमा हस्ताक्षर गर्न अख्तियारी दिई सरकारले जारी गरेको अधिकारपत्र; त्यस्तो सन्धिको वार्ता गर्दा वा सन्धि हस्ताक्षर गर्दा आरक्षण राख्न वा त्यस्तो सन्धि सम्बन्धमा अन्य कुनै काम गर्न प्रदान गरेको अख्तियारी; राष्ट्रका तर्फबाट अर्को मुलुक वा अन्तरराष्ट्रिय तहमा वार्ता, सन्धिसम्झैता गर्ने राष्ट्रिय तहबाट प्रदत्त अधिकार। *[हे. नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड (ख) ।]*

पूर्वाधार उद्योग (Infrastructure industry)- *नाप.* भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने उद्योग; भौतिक पूर्वाधारमा आधारित व्यवसाय सञ्चालन गर्ने उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (ङ) ।]*

पूर्वाधार संरचना (Infrastructure)- *नाप.* कुनै पनि कार्य गर्नका लागि चाहिने मुख्य आधार वा धरातल; अत्यावश्यक पृष्ठाधार; आर्थिक सामाजिक कार्य सक्रिय बनाउनका लागि चाहिने आधारभूत सुविधा र सेवाका आधारशिलाका रूपमा रहने यातायात (सडक, पुल, विमानस्थल), ऊर्जा (बिजुली, पानी), सञ्चार, शिक्षा, स्वास्थ्योपकरण, र अन्य भौतिक संरचना; सडक, सुरुङ मार्ग, पुल, नहर, जलाशय, बाँध, ढल, केबुलकार, रेल्वे, ट्रामवे, मेट्रो रेल, मोनो रेल, स्काइ रेल, ट्रलीबस, बस ट्रान्जिट, सुख्खा बन्दरगाह, जलमार्ग परिवहन बिसौनी स्थल, विमानस्थल, अस्पताल, शीतभण्डार, गोदामघर, सार्वजनिक सभागृह, रङ्गशाला, जल विद्युतीय, जैविक, वायू, सौर्य लगायतका नवीकरणीय, तापीय तथा भूतापीय ऊर्जाको उत्पादन, प्रसारण तथा वितरण, प्रदर्शनी स्थल, मनोरञ्जन पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषिक्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधार संरचना र यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ञ) ।]*

पृतना (Division)- *ना.* [सं.] सेना; फौज; नेपाली सेनाको क्षेत्रीय वा प्रादेशिक विभाग वा छुट्टै एकाइ। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ञ) ।]*

पेटेन्ट (Patent)- *ना.* [अङ्] कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रसारको नयाँ उपाय वा तरिकाको आविष्कार वा साररचनामाथिको बौद्धिक अधिकार; कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाइएको कुनै उपयोगी आविष्कारमाथिको बौद्धिक अधिकार; कुनै नयाँ वस्तुको उत्पादन वा बिक्री गर्नको लागि सरकारद्वारा प्राप्त अधिकार। *[हे. पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २ को खण्ड (क) ।]*

पेट्रोलियम (Petroleum)- *ना.* [अङ्.] कच्चा तेल, प्राकृतिक ग्याँस र प्राकृतिक अवस्थामा रहेको अन्य सम्पूर्ण तरल, ग्याँसयुक्त खँदिलो वा अर्धखँदिलो हाईड्रोकार्बोन र त्यस्तो हाईड्रोकार्बोनसँग संलग्न रहेको गन्धक, हेलियम र त्यस्तै अन्य वस्तु; तैल्य खनिज पदार्थ। *[हे. नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २ को खण्ड (घ) ।]*

पेट्रोलियम कार्य (Petroleum operations)- *नाप.* पेट्रोलियम पदार्थको अन्वेषण, उत्खनन र प्रशोधनसम्बन्धी कार्य; पेट्रोलियम पदार्थको उत्पादन र उत्पादित पेट्रोलियम पदार्थको शुद्धीकरण, ढुवानी, सञ्चय वा बिक्रीवितरण। *[हे. नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २ को खण्ड (ङ) ।]*

पेट्रोलियम पदार्थ (Petroleum substances)- *नाप.* पेट्रोल, डिजेल, मट्टितेल, हवाइ इन्धन वा प्रशोधन नगरिएको कच्चा तेल; खनिज तेल। *[हे. पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम २ को खण्ड (ङ) ।]*

पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (Petroleum Substances and Gas Price Stabilization Fund)- *नाप.* पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्यमा स्थिरता कायम गर्न वित्तीय स्रोत व्यवस्थित गर्न स्थापना गरिएको कोष; पेट्रोलियम पदार्थको मूल्यको अनपेक्षित उतारचढाबबाट आउन सक्ने समस्या सम्बोधन गर्न वित्तीय उपायसम्बन्धी व्यवस्था। *[हे. पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम २ को खण्ड (ख) र नियम 3 ।]*

पेट्रोलियम सम्झौता (Petroleum agreement)- *नाप.* [सं.] सरकारले कुनै ठेकेदारसँग पेट्रोलियम कार्य गर्नको लागि गरेको सम्झौता; पेट्रोलियम पदार्थको कारोबारसम्बन्धी करार वा सम्झौता। *[हे. नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २ को खण्ड (च) र दफा ८ ।]*

पैठारी (Import)- *ना.* विदेशीबाट देशभित्र मालसामान ल्याउने काम; विदेशबाट आवश्यक मालसामान स्वदेशमा झिकाउने काम; आयात। तुल. निकासी। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ङ), मदिरा ऐन, २०३१ को दफा २ को खण्ड (ग४), अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ठ), निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा २ को खण्ड (ख), प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा २ को खण्ड (ग) र गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (ग) ।]*

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (Pokhara Academy of Health Science)- *नाप.* स्वास्थ्य विज्ञानका फाँट अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न संस्थापित चिकित्सा प्रतिष्ठान;

सर्वसाधारणलाई सहज, सुलभ एवम् गुणस्तरीय स्वास्थ्यसेवा उपलब्ध गराउन कास्की जिल्लामा स्थापापित प्रतिष्ठान। *[हे. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को दफा २ को खण्ड (ञ) र दफा 3 ।]*

पोत (Land revenue/tax)- *ना.* [फा.] जग्गाको कर; तिरो; जग्गा कमाउन दिए बापत किसानले जग्गाधनीलाई बुझाउनु पर्ने कुत वा रकम। *[हे. उखडा सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ग) ।]*

पोषण (Nutrition)- *ना.* [सं.] शारीरिक तथा मानसिक रूपमा स्वस्थ र सक्रिय जीवनयापन गर्न चाहिने ऊर्जा दिने तत्त्वहरूको समुच्चय; सुस्वस्थ रहनका लागि चाहिने खाद्योज, भिटामिन; खनिजतत्त्वको सन्तुलन; ऊर्जा र स्वास्थ्य कायम राख्न चाहिने आहार। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० को नियम २ को खण्ड (घ) ।]*

पोस्ट इन्ट्री क्वारेन्टाइन (Post entry quarantine)- *नाप.* पैठारी भएका बिउ, बिजन वा जीवित बिरुवालाई कुनै एक विशेष समयावधिसम्म सिसा, स्क्रिन वा प्लास्टिकद्वारा बनाइएका घरमा रोपी गरिने स्वस्थतापरीक्षण; त्यस्तै सुविधा भएका नर्सरी वा खेतमा रोपी गरिने स्वस्थतासम्बन्धी परीक्षण। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ को नियम २ को खण्ड (छ) ।]*

प्यारोल (Parole)- *नाप.* दण्डजमानी; तोकिएको कैदसजायको अधिक अवधि भुक्तान गरिसकेका कैदीलाई कैदसजायको बाँकी अवधि तोकिएको सर्त पालना गरी समुदायमै गई भुक्तानी गर्न पाउने कैदसजाय कार्यान्वयनको वैकल्पिक स्वरूप; कैदीलाई बाँकी कैदसजायलाई नै जमानत मानी सामुदायिक निगरानी वा सुपरिवेक्षणमा जीवन यापन गर्न अनुमति दिने व्यवस्था; कैदबाट पूरा छुटकारा पाउने अवधि बाँकी हुँदै दिइने छुटको योजना वा पद्धति। *[हे. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ को उपदफा (१) को स्पष्टीकरण।]*

प्रकाशक (Publisher)- *ना.* [सं.] प्रकाशित गर्ने; प्रकाशमा ल्याउने; पत्रपत्रिका प्रकाशन गर्न प्रमाणपत्र वा इजाजत पाएको व्यक्ति। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (झ) ।]*

प्रकाशन (Publication)- *ना.* [सं.] कुनै कुरा देखिने गरी प्रकाशमा ल्याउने काम; प्रकट गर्ने काम; किताब, समाचारपत्र, समाचारपत्रिका, अन्य पत्रपत्रिका वा लिखतपत्र; नाटक, चलचित्र वा अन्य कुनै किसिमले अभिनित रचनाको हकमा सो रचनाको अनुवाद वा रुपान्तर गरी वा नगरी

सार्वजनिक रूपमा प्रदर्शन गरेको, बिक्री गरेको वा बहालमा दिएको र अन्य कुनै रचनाको हकमा सो रचनाको अनुवाद वा रूपान्तर गरी वा नगरी गरिएको रचनाको सार्वजनिक खुलासा; सार्वजनिक रूपमा बिक्रीवितरण वा उपयोगमा ल्याइएको वा बिक्रीवितरण वा उपयोग हुने गरी निकालिएको रचना; अभिनयद्वारा प्रदर्शन हुन सक्ने रचनाको हकमा सो रचनाको रूपान्तर वा अनुवाद गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरिएका कुरा। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ख) र प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को उपदफा (ङ) ।]*

प्रक्रिया (Process, procedure, method)- *ना.* [सं.] क्रम, सिलसिला, चरणबद्ध क्रियाकलाप; पद्धति; कार्यविधि; तरिका; वस्तु वा सेवाको गुणस्तर कायम गर्न त्यस्तो वस्तु वा सेवाको उत्पादनदेखि वितरणसम्मका केही वा सबै चरणमा पूरा गर्नुपर्ने प्रक्रिया। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (छ) ।]*

प्रजनक (Breeder)- *ना.* [सं.] बालीको कुनै जातलाई पहिलो पटक प्रजनन गराउने व्यक्ति, संस्था वा निकाय; त्यस्ता बालीको जात छनोट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय। *[हे. बिउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २. १. ८ ।]*

प्रजनन सेवा प्रदायक स्वास्थ्य संस्था (Reproductive Services Provider Health Organization)- *नाप.* प्रजनन स्वास्थ्य सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्था; अस्पताल, शिक्षण अस्पताल वा चिकित्सा प्रतिष्ठानहरूमा रहने प्रजनन स्वास्थ्य विभाग। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम २ को खण्ड (च) ।]*

प्रजनन स्वास्थ्य (Reproductive health)- *नाप.* प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य; सन्तानोत्पादनसम्बन्धी स्वास्थ्य। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ढ) ।]*

प्रजनन स्वास्थ्य अधिकार (Right to reproductive health)- *नाप.* यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने, गर्भान्तर वा सन्तानको सङ्ख्या निर्धारण गर्ने, गर्भनिरोधका साधनको सम्बन्धमा जानकारी पाउने र सोको प्रयोग गर्ने, गर्भपतन सेवा प्राप्त गर्ने, गर्भवती तथा सुत्केरी र प्रजनन स्वास्थ्य रुग्णताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने, प्रसूतिकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसूति सेवा, सुत्केरीपश्चात्को गर्भ निरोधको सेवा पाउने, आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको लागि अत्यावश्यक सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने, आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक

पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रूपले पाउने, प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार; सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ण) ।]*

प्रजनन स्वास्थ्य रुग्णता (Reproductive health morbidity)- *ना.प.* प्रजनन, गर्भावस्था, गर्भपतन, प्रसव र यौनव्यवहारको कारणले प्रजनन प्रणालीमा प्रतिकूल प्रभाव पार्ने अवस्था वा आङ्ग खस्ने, प्रसव छिद्र, बाँझोपन, पाठेघरको मुखको क्यान्सरजस्ता रोग वा रुग्णता; प्रजनन प्रणालीलाई प्रभाव पार्ने यस्तै प्रकारका अन्य रोग वा अवस्था। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (त) ।]*

प्रजनन स्वास्थ्य समन्वय समिति (Reproductive Health Coordination Committee)- *ना.प.* सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गर्ने संयन्त्र; प्रजनन स्वास्थ्यसम्बन्धी समन्वय मिलाउने सम्बन्धमा सरकारलाई आवश्यक सुझाव दिनका लागि गठित समन्वय समिति। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २४ को उपदफा (१) ।]*

प्रजनन स्वास्थ्य सेवा (Reproductive Health Service)- *ना.प.* प्रत्येक व्यक्तिलाई स्वास्थ्य संस्थाबाट प्रदान गरिने यौन तथा प्रजनन स्वास्थ्यसेवा; यौन तथा प्रजनन स्वास्थ्यका विषयमा उपलब्ध हुने सेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम २ को खण्ड (घ) ।]*

प्रज्ञापनपत्र (Declaration form)- *ना.* [सं. प्रज्ञापन+पत्र] निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण घोषणा गर्ने प्रपत्र; कुनै विषय वा घटनाको जनाउ दिने पत्र; सूचना वा विज्ञापन गर्ने पत्र। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ठ) ।]*

प्रतिउत्तरपत्र (Statement of defense (note of defense)- *ना.* [प्रति+उत्तर+पत्र] फिरादपत्रको दाबी स्वीकार वा इन्कार गरी अदालतमा पेस गरिएको लिखितजवाफ; प्रतिउत्तरपत्र सरहको बयान; प्रतिवादपत्र; प्रत्युत्तरपत्र। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (छ) ।]*

प्रतिकूल भोगाधिकार (Adverse possessory right)- *ना.प.* कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमिनको हकमा तीस वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिनसरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमिन सरह गरिने भोग। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २७३ को उपदफा (१) ।]*

प्रतिज्ञापत्र (Promissory note, the bond, a written contract, covenant)- *ना.* [सं. प्रतिज्ञा+पत्र] प्रतिज्ञापूर्ण पत्र; कबुलियतनामा; एक प्रकारको बहुपक्षीय महासन्धि; अनुबन्ध; संविदापत्र; सरकारी वा बैङ्क नोटबाहेक कुनै निश्चित मिति वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएकोलाई वा सो पत्र लिई आउनेलाई विनासर्त यति रूपैयाँ/रकम दिन्छु भनी कबुल गरी दस्तखत गरी दिएको लिखत; कुनै कार्य गर्न कबुल गरी लेखिएको लिखत। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (च) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (प) ।]*

प्रतिनिधि सभा अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समिति (House of Representatives Committee on International Relations and Tourism)- *नाप.* परराष्ट्र मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्न प्रतिनिधिसभाको एक संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३ ।]*

प्रतिनिधि सभाको घोषणा २०६३ (Declaration of House of Representatives 2063 B.S.) - *नाप.* संवत् २०६३ साल जेठ ४ गते प्रतिनिधिसभाको बैठकबाट पारित भई जारी भएको घोषणा; तत्काल संविधानसरहको मानिएको घोषणापत्र। *[हे. केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०६३ को नियम २ को खण्ड (ग) ।]*

प्रतिनिधिसभा अर्थ समिति (House of Representatives Finance Committee)- *नाप.* अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, लगानी बोर्ड, राष्ट्रिय योजना आयोग र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्न प्रतिनिधि सभामा गठित संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३ ।]*

प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति (House of Representatives Committee on Industry, Commerce, Labour and Consumer Welfare)- *नाप.* उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उपभोक्ता हित सम्बन्ध र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्न प्रतिनिधिसभाको एक संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३ ।]*

प्रतिनिधिसभा कानून, न्याय तथा मानवअधिकार समिति (House of Representatives Committee on Law, Justice and Human Rights)- *नाप.* कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्याधिवक्ताको कार्यालय, मानवअधिकार, अन्तरराष्ट्रिय सन्धिसम्झौता, शान्तिप्रक्रिया, मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बद्ध विषय तथा

निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति (House of Representatives Committee on Agriculture, Cooperative and Natural Resources)- *नाप.* कृषि तथा पशुपक्षी विकास मन्त्रालय, भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभा पूर्वाधार विकास समिति (House of Representatives Committee on Infrastructure Development)- *नाप.* भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समिति (House of Representatives Committee on Women and Social Affairs)- *नाप.* महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग, मुस्लिम आयोग, सामाजिक सुरक्षा, समावेशिता तथा सीमान्तकृत वर्ग समुदायको हकहितसम्बन्धी विषय र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समिति (House of Representatives Committee on State Affairs and Good Governance)- *नाप.* प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति (House of Representatives Committee on Education, Health and Information Technology)- *नाप.* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, युवा तथा

खेलकूद मन्त्रालय र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभा सार्वजनिक लेखासमिति (House of Representative Public Account Committee)- *ना.प.* सार्वजनिक लेखा, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायसँग सम्बन्धित विषय हेर्ने प्रतिनिधिसभाको संसदीय समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३।]*

प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समिति (Business Advisory Committee of House of Representatives)- *ना.प.* प्रतिनिधिसभाको बैठकमा पेस हुने विषयका प्राथमिकता तथा समयावधि निर्धारणलगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने बारे परामर्श गर्ने संसदीय समिति; सभामुखले आवश्यक ठानेका विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रतिनिधिसभामा रहेका दलहरूको प्रतिनिधित्व रहने समिति। *[हे. प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३ को उपनियम (१)।]*

प्रतिफल (Consideration, return)- *ना.* [सं.] नगद, वस्तु, सेवा वा मूल्य बापत प्राप्त हुने कुनै पनि कुरा; नतिजा; परिणाम; निचोड; निष्कर्ष; उपलब्धि; उत्पादन आदिबाट भएको वा हुने लाभ वा प्राप्ति। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ज)।]*

प्रतिबन्धित जीवनाशक विषादी (Banned pesticides)- *ना.प.* मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर गर्ने विषादी; प्रतिकूल असर गर्ने हुनाले उत्पादन, संश्लेषण, निकासी, पैठारी, पञ्जीकरण, बिक्री, वितरण वा प्रयोगमा प्रतिबन्ध लगाइएका विषादी। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (च)।]*

प्रतिबन्धित प्रकाशन (Prohibited publication)- *ना.* [सं.] प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन; प्रकाशनमा ल्याउन रोक लगाइएका सामग्रीको प्रकाशन। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ङ)।]*

प्रतिलिपि अधिकार धनी (Copyright owner)- *ना.प.* सर्वाधिकारवाला व्यक्ति; कुनै पनि रचनाको बौद्धिक स्वामित्ववाला व्यक्ति; कुनै रचनाको रचयितामा आर्थिक अधिकारनिहित रहेको भए त्यस्तो रचयिता; रचयिताबाहेक अन्य कुनै व्यक्ति वा संस्थामा मूल रूपमा आर्थिक अधिकारनिहित रहेको भए त्यस्तो व्यक्ति वा संस्था; आर्थिक अधिकारको स्वामित्व कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गरिएको भए त्यस्तो व्यक्ति वा संस्था। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (ज)।]*

प्रतिवादी (Defendant, respondent, refuter, adversary)- *ना.* [सं.] प्रतिउत्तरपत्र पेस गर्ने व्यक्ति; प्रतिवादीसरह बयान गर्ने वा अदालतले प्रतिवादी कायम गरेको व्यक्ति; प्रतिरक्षा गर्ने व्यक्ति; मुद्दामा वादीले उठाएका प्रश्नको प्रतिउत्तर दिने व्यक्ति; मुद्दामा दुई पक्ष वादी र प्रतिवादीमध्येको एक; प्रत्युत्तर दिने वादीको खण्डन गर्ने वा प्रतिवाद गर्ने व्यक्ति वा पक्ष। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (झ) ।]*

प्रतिष्ठान (Enterprise, academy)- *ना.* [सं.] प्रतिष्ठासाथ संस्थापित वा स्थापित संस्थापन; स्थापना गर्ने काम; राख्ने काम; विन्यास; सरकारको आंशिक वा पूर्ण स्वामित्व रहेको कम्पनी, सङ्गठित संस्था, उद्योग वा अन्य कुनै निकाय; त्यस्तो कम्पनी, सङ्गठित संस्था वा उद्योगको स्वामित्व वा नियन्त्रणमा रहेको अन्य कम्पनी; संगठित संस्था, उद्योग वा अन्य कुनै निकाय; मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, शिक्षण संस्था, स्वास्थ्य संस्था, सहकारी संस्था वा सङ्घ वा अन्य संस्था। *[हे. निजीकरण ऐन, २०५० को दफा २ को खण्ड (क), श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ञ), भूमि सम्बन्धी ऐन, २०२१ दफा २ को खण्ड (झ७) र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ज१) ।]*

प्रतीतपत्र (Letter of credit)- *ना.* [सं. प्रतीत+पत्र] एक बैङ्क वा वित्तीय संस्थाले अर्को बैङ्क वा वित्तीय संस्थाका नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, हुन्डी वा विनिमयपत्र स्वीकार गर्नू भनी लेखेको पत्र; विदेशबाट सामान झिकाउनका लागि एक बैङ्कले अर्को बैङ्कलाई ग्यारेन्टी दिन लेखिएको पत्र। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ऋ) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (त) ।]*

प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य (Directly elected member of House of Representatives)- *नाप.* [सं.] पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रतिनिधि सभाको सदस्य; प्रतिनिधिसभाको सदस्यको निर्वाचनमा भौगोलिक निर्वाचनक्षेत्रमा उठेका प्रत्यक्ष उम्मेदवारहरूमध्ये मतदान गर्ने कुल मतदाताबाट सबैभन्दा बढी सङ्ख्याको मत पाउने र विजयी घोषित भई बनेको प्रतिनिधिसभाको सदस्य। *[हे. नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) ।]*

प्रत्यक्ष प्रमाण (Direct evidence)- *नाप.* तथ्यसँग प्रत्यक्ष सम्बन्ध रहेको दसी प्रमाण; देख्न, सुन्न वा कुनै इन्द्रियका सहायताले थाहा पाउन सकिने कुनै कुरा प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने

व्यक्तिले त्यस सम्बन्धमा मौखिक रूपले गरेको तथ्यको वर्णनात्मक सूचना। *[हे. प्रमाण ऐन, २०३१ को दफा ३७ को उपदफा (२) ।]*

प्रत्यक्ष रूपमा प्रतिस्पर्धी मालवस्तु (Directly competitive goods)- *ना.प.* मिल्दोजुल्दो वा समरूपका मालवस्तु नभए तापनि अनुसन्धानको दायरामा रहेको मालवस्तुसँग बजारमा प्रत्यक्ष रूपमा प्रतिस्पर्धी मालबस्तु; त्यस्तो मालवस्तुका सट्टामा वैकल्पिक रूपमा उपभोक्ताले उपयोग वा छनोट गर्न सक्ने अर्को मालवस्तु। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (ण) ।]*

प्रत्यक्ष श्रम लागत (Direct labour cost)- *ना.प.* व्यापार मौज्दातको उत्पादनसँग प्रत्यक्ष रूपमा सम्बन्धित श्रम लागत; उत्पादन कार्यमा प्रत्यक्ष लागेको श्रमशक्तिका लागि लागेको वा लाग्ने लागत। *[हे. आयकर ऐन, २०५८ को दफा १५ को उपदफा (८) को खण्ड (ख) को स्पष्टीकरण।]*

प्रत्यक्ष संलग्नता (Direct involvement)- *ना.प.* सिधा संलग्नता; बिचमा अर्को माध्यम प्रयोग नहुने किसिमको संलग्नता; सञ्चालक वा निजको नजिकको नातेदार संस्थापक रहेको वा दश प्रतिशतभन्दा बढी सेयर लिएको कम्पनी वा प्राइभेट फर्म वा साझेदारी फर्म वा त्यस्तो कारोबारमा संलग्न कम्पनीको सञ्चालक रहेको अवस्था। *[हे. कम्पनी ऐन, २०६३ को दफा ९२ को उपदफा (१) को खण्ड (क) को स्पष्टीकरण।]*

प्रत्यक्ष सामग्री लागत (Direct material cost)- *ना.प.* व्यापार मौज्दातको अभिन्न अङ्गको रूपमा भएको वा हुने सामग्रीको लागत; उत्पादनका लागि लागेका कच्चा पदार्थसहित वस्तु वा सामग्रीको लागत। *[हे. आयकर ऐन, २०५८ को दफा १५ को उपदफा (८) को खण्ड (ख) को स्पष्टीकरण।]*

प्रत्यायन (Accreditation)- *ना.* [सं.] समरूपता वा समकक्षता परीक्षण गर्ने संस्थाको सक्षमता निर्धारण गर्न तेस्रो पक्षद्वारा गरिने प्रमाणीकरण। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (ज) ।]*

प्रत्युक्ति (Rejoinder)- *ना.* [सं. प्रति+उक्ति] उक्तिका बदलामा फर्काइने उक्ति; सवालको जवाफ; प्रतिवादीविरुद्ध दाबी गर्ने पक्षले गरेको प्रतिवाद। *[हे. मध्यस्थता ऐन, २०५५ को दफा २ को खण्ड (छ) ।]*

प्रथमस्तरको पीडित (Victim of first grade)- *ना.प.* पीडितविरुद्ध वारदात भएकोमा कसुरको प्रत्यक्ष परिणामस्वरूप मृत्यु भएको वा क्षति पुगेको व्यक्ति; कसुरमा संलग्न नरही कसुर

गरिरहेको व्यक्तिलाई कसुर गर्नबाट रोक्ने कार्य गर्दा मृत्यु भएको वा क्षति पुगेको व्यक्ति; कुनै व्यक्तिको विरुद्धमा कसुर भइरहेको अवस्थामा त्यस्तो व्यक्तिलाई कसुरबाट बचाउने उद्देश्यले मनासिब सहयोग र उद्दार गर्ने कार्य गर्दा मृत्यु भएको व्यक्ति वा क्षति पुगेको व्यक्ति; कसुर गरिरहेको वा गरेको व्यक्तिलाई पक्राउ गर्न खोज्दा वा शङ्कास्पद व्यक्ति, अभियुक्त वा कसुरदारलाई पक्राउ गर्ने सिलसिलामा अधिकारप्राप्त अधिकारीलाई सहयोग पुऱ्याउँदा मृत्यु भएको वा क्षति पुगेको व्यक्ति। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ज) ।]*

प्रदूषण (Pollution)- *ना.* [सं.] दूषित पार्ने काम; दोष वा खराबी बढाउने काम; सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण; फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्याँस वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानिनोक्सानी पुऱ्याउने क्रियाकलाप। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ञ२) र फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ञ) ।]*

प्रदूषण नियन्त्रण खर्च (Pollution control expenses)- *नाप.* प्रदूषण नियन्त्रण गर्ने वा अन्य रूपमा वातावरण संरक्षण गर्ने वा जोगाई राख्ने उद्देश्यले आवश्यक प्रक्रियाका क्रममा कुनै व्यक्तिबाट गरिएको खर्च; प्रदूषण घटाउन, व्यवस्थापन गर्न वा वातावरणीय सन्तुलन कायम राख्न हुने खर्च। *[हे. आयकर ऐन, २०५८ को दफा १७ को उपदफा (३) को स्पष्टीकरण।]*

प्रदेश (Province)- *ना.* [सं.] राज्यको निश्चित प्रादेशिक क्षेत्र; संविधानद्वारा विभाजन गरिएका प्रदेशका नामले चिनिने सङ्घीय एकाइ; त्यस्ता एकाइको भौगोलिक क्षेत्र र स्वरूप। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (च) ।]*

प्रदेश अन्य सरकारी सेवा (Other governmental services of province)- *नाप.* प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवाबाहेक प्रदेश सरकारअन्तर्गतका सरकारी सेवा। *[हे. प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

प्रदेश औद्योगिक तथा लगानी प्रवर्धन कोष (Provincial Industrial and Investment Promotion Fund)- *नाप.* प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्धन तथा संरक्षणका लागि स्थापना गर्न सकिने कोष; प्रदेश तहमा औद्योगिक उत्पादन बढाउनका लागि गरिने लगानीको स्रोत जुटाउने सरकारी कोष। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५२ को उपदफा (१) ।]*

प्रदेश खाद्य परिषद् (Provincial Food Council)- *ना.प.* प्रदेशस्तरमा खाद्य अधिकारको संरक्षण, प्रवर्धन तथा परिपूर्ति गर्ने निकाय; खाद्यउत्पादन कृषिक्षेत्रको विषय हेर्न गठित प्रादेशिक परिषद्। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ३४ को उपदफा (१) ।]*

प्रदेश ज्येष्ठ नागरिक समिति (Provincial Senior Citizen Committee)- *ना.प.* ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षा प्रदान गर्न प्रदेश सरकारले गठन गरेको समिति; ज्येष्ठ नागरिकहरूको भलाइमा काम गर्ने प्रदेश तहको संयन्त्र वा निकाय। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १४क. को उपदफा (१) ।]*

प्रदेश निजामती सेवा (Civil service of province)- *ना.प.* प्रदेश तहको सरकारमातहतको सरकारी निजामती सेवा; प्रदेशका प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवाभन्दा भिन्न निजामती सेवा; प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानूनले तोकेबाहेकको प्रदेश सरकारको सेवा। *[हे. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा २ को खण्ड (घ) ।]*

प्रदेश प्रहरी (Provincial Police)- *ना.प.* सङ्घीय र प्रदेश कानून अन्तर्गत गठित प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीको सङ्गठन; प्रदेश प्रहरीमै नियुक्त वा समायोजित भई वा खटिई कार्यरत भएको वा हुने प्रहरी कर्मचारी; प्रादेशिक प्रहरी वा सुरक्षा बल। *[हे. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा २ को खण्ड (ग) ।]*

प्रदेश भूउपयोग परिषद् (Provincial Land Use Council)- *ना.प.* भूउपयोग सम्बन्धी नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न प्रदेशस्तरमा गठन भएको परिषद्। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (छ) ।]*

प्रदेश लेखा नियन्त्रक कार्यालय (Provincial Treasury Comptroller Office)- *ना.प.* प्रदेशभित्रका लेखासम्बन्धी काम र लेखापालनको नियमन र नियन्त्रण गर्ने कार्यालय; प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेशको आर्थिक प्रशासन सञ्चालन गर्न निर्देशन दिने, प्रदेश लेखा तयार गर्ने वा गराउने, प्रदेश मातहतका कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने वा गराउने तथा प्रदेशको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षक समक्ष पेस गर्न तोकिएको कार्यालय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ण) ।]*

प्रदेश वन निर्देशक (Provincial Forest Director)- *नाप.* प्रदेश वन निर्देशनालयको प्रमुख; वनसम्बन्धी विषयको प्रदेश तहमा रहेको उच्चतम अधिकारी। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ठ) ।]*

प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति (Provincial Disaster Management Executive Committee)- *नाप.* प्रदेशमा विपद् व्यवस्थापनसम्बन्धी कार्यसम्पादन गर्ने समिति; प्रदेश सरकारद्वारा गठित विपद् व्यवस्थापन कार्यकारी समिति। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा १४ को उपदफा (१) ।]*

प्रदेश विपद् व्यवस्थापन परिषद् (Provincial Disaster Management Council)- *नाप.* प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन गर्ने र निर्देशन दि प्रदेशस्तरीय निकाय; प्रदेश तहमा व्यवस्थापनको जिम्मेवारी रहेको परिषद्। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १३क. ।]*

प्रदेश सञ्चित कोष (Province Consolidated Fund)- *नाप.* [गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व आम्दानी बाँध्ने प्रदेशस्तरीय सरकारी कोष; राजस्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनका अधिकारअन्तर्गत दिइएका जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन आम्दानी बाँधी सञ्चित गरिने कोष; सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान एवम् ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा आम्दानी बाँधिने प्रदेश तहको सरकारी कोष। *[हे. नेपालको संविधानको धारा २०४।]*

प्रदेश सभा (Provincial assembly)- *नाप.* प्रदेश तहको व्यवस्थापिका; प्रादेशिक सभा र सो सभाका समिति। *[हे. नेपालको संविधानको धारा १८७ को उपधारा (५) को स्पष्टीकरण।]*

प्रदेश समन्वय परिषद् (Province Coordination Council)- *नाप.*[सं.] प्रदेश र स्थानीय तहबिच समन्वय गर्ने र यी दुई तहको अन्तरसम्बन्धलाई वयवस्थित गर्ने प्रादेशिक निकाय; प्रदेश भत्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तह बिच समन्वय गर्ने तिनका अन्तरसम्बन्धलाई व्यवस्थित गर्ने प्रादेशिक संयन्त्र वा निकाय। *[हे. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २ को खण्ड (घ) र दफा २४ को उपदफा (१) ।]*

प्रदेश सरकार (Provincial Government)- *नाप.* प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने प्रदेशको मन्त्रिपरिषद्; सङ्घ, प्रदेश र स्थानीय तहमध्ये प्रदेश तहका व्यवस्थापिकीय र

कार्यपालिकीय निकाय तथा मुख्य न्यायाधिवक्ताको कार्यालय। *[हे. नेपालको संविधानको धारा १६२ र नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (झ१) ।]*

प्रदेशभित्रको राष्ट्रिय वन (National forest within Province)- *ना.प.* अन्तरप्रादेशिक वनभन्दा पृथक रूपमा रहेको सम्बन्धित प्रदेशभित्रको राष्ट्रिय वन; कुनै प्रदेशभित्र रहेको राष्ट्रिय वन; रानीवन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ङ) ।]*

प्रधान सेनापति (Chief of the Army Staff)- *ना.प.*[सं.] सेनाको प्रमुख; कुनै पनि मुलुकको सैनिक सङ्गठन वा सैनिक सेवाको प्रमुख; राष्ट्रपतिबाट नियुक्ति दिई दर्ज्यानी चिह्न प्रदान गरिने नेपाली सेनाको प्रमुख। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (घ) र दफा ८ को उपदफा (१) र (२) ।]*

प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष (Prime Minister's Disaster Relief Fund)- *ना.प.* प्राकृतिक प्रकोपमा परेकाहरूको खोज, उद्दार, राहत, पुन:स्थापनाका लागि सहायता गर्न सङ्घीय स्तरमा स्थापना गरिएको कोष; प्राकृतिक प्रकोप उद्दार कोष। *[हे. प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ को नियम २ को खण्ड (क) र नियम 3 ।]*

प्रधानमन्त्री सहायता कोष (Prime Minister's Relief Fund)- *ना.प.* गम्भीर बिरामी भई औषधोपचार गराउन नसक्ने अवस्थाका राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिको औषधोपचारमा सहयोग गर्न, आर्थिक अवस्था दयनीय भएका व्यक्ति बिरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्न, प्रकोप वा दुर्घटनामा पर्नेहरूलाई उद्दार गर्न, सद्गत वा काजक्रिया खर्चबापत मृतकका आफन्तलाई सहयोग गर्नका लागि स्रोत व्यवस्था गर्ने सङ्घीय तहको सरकारी कोष; आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले स्थापित सामाजिक सङ्घसंस्थाहरूलाई कुनै विशेष कार्यक्रम सञ्चालन गर्न सहयोग गर्न र कमजोर आर्थिक अवस्था भएकालाई सहयोग गर्न गठन गरिएको सङ्घीय सरकारी कोष। *[हे. प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ को नियम २ को खण्ड (क) र नियम 3 ।]*

प्रधानाध्यापक (Head teacher, headmaster, principal)- *ना.* [सं. प्रधान+अध्यापक] विद्यालयमा अध्यापन गर्ने मुख्य शिक्षक; विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय, प्राज्ञिक तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारी; विद्यालय वा शिक्षण संस्थाको व्यवस्थापनको प्रमुख जिम्मेवारी भएको प्रधानाचार्य वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य व्यक्ति; विद्यालयको मुख्य अध्यापक। *[हे. अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ज) र शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (त) ।]*

प्रबन्धपत्र (Memorandum of association)- *ना.* [सं. प्रबन्ध+पत्र] संस्थापित कम्पनीको उद्देश्य, सङ्गठनात्मक स्वरूप तथा व्यवस्थापनसम्बन्धी प्रावधान उल्लेख गरिएको सङ्कथनपत्र; कम्पनीको विधानसरहको लिखत; कम्पनीका सदस्य वा साझेदारबिचको मूल सुझबुझपत्र; कम्पनीको उद्देश्य र काम, कर्तव्य र अधिकार लेखिएको आलेख। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ल) ।]*

प्रमाणको भार (Burden of proof, onus of proof)- *नाप.* मुद्दाका पक्षले आफ्नो दाबी वा जिकिर प्रमाणद्वारा सिद्ध गर्नुपर्ने भार वा अभिभारा; दाबी वा प्रतिदाबी स्थापित गर्न प्रमाण परिपुष्टि गर्ने दायित्व; जसले जुन कुराको दाबी लिएको हो सो कुरा सो कुरा उसैले स्थापित वा सम्पुष्ट गर्नुपर्ने उत्तरदायित्व।

प्रमाणीकरण अभ्यास विवरणपत्र (Certification practice statement)- *नाप.* डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्दा प्रमाणीकरण गर्ने निकायले लागु गर्ने अभ्यास निश्चित गर्न जारी गर्ने विवरणपत्र; प्रमाणीकरण गर्ने निकायद्वारा जारी गरिएको कुनै विवरणपत्र। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ध) ।]*

प्रमिसरी नोट (Promissory note)- *नाप.* नामसारी गर्न सकिने ऋणपत्र; नामसारी गर्न ट्रेजरी बिल। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ८ को उपदफा (१) को खण्ड (ख) को स्पष्टीकरण।]*

प्रमुख (Chief, Mayor, In-charge)- *ना.* [सं.] संस्थाको प्रमुख कार्यकारी अधिकृत; सो हैसियतमा काम गर्ने अध्यक्ष, महाप्रबन्धक, प्रबन्धनिर्देशक वा अन्य अधिकृत। *वि.* मुख्य, प्रधान; प्रथम। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा १३८ को उपदफा (२) को स्पष्टीकरण।]*

प्रमुख जिल्ला अधिकारी (Chief District Officer)- *नाप.* सरकारबाट नियुक्त जिल्ला प्रशासन कार्यालयको प्रमुख अधिकारी; जिल्लाको प्रमुख अधिकारी; सिडियो। *[हे. स्थानीय प्रशासन ऐन, २०२८ को दफा २ को खण्ड (ख) र दफा ५ को उपदफा (१) ।]*

प्रमुख प्रशासकीय अधिकृत (Chief Administrative Officer)- *नाप.*[कुनै संस्थाको प्रमुख प्रशासकीय अधिकृत; गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको कर्मचारी; मुख्य प्रशासकीय अधिकृत वा अधिकारी। *[हे. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ को खण्ड (घ) ।]*

प्रयोगशाला (Laboratory)- *ना.* [सं.] प्रयोगात्मक परीक्षण गर्ने कार्यशाला; प्रयोगात्मक परीक्षण गर्न चाहिँदा उपकरणहरूसमेत रहेभएको ठाउँ; वस्तुको वा सेवासँग सम्बन्धित नमुना परीक्षण, जाँच

वा अङ्कन गर्ने उद्देश्य स्थापित निकाय वा संस्था; उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने उद्देश्यले स्थापित सरकारबाट मान्यताप्राप्त निकाय। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (ञ) ।]*

प्रवराधिकार (Eminent domain, supremacy)- *ना.* [सं. प्रवर+अधिकार] विशिष्ट वा सर्वश्रेष्ठ अधिकार; प्रधान अधिकार; सरकारले व्यक्तिगत सम्पत्तिलाई सार्वजनिक सम्पत्तिमा रूपान्तरण गर्न सक्ने अधिकार; अधिग्रहणाधिकार।

प्रविधि हस्तान्तरण (Technology transfer)- *नाप.* कुनै फर्म, कम्पनी वा संस्था र विदेशी लगानीकर्ताबिच विदेशी उत्पत्तिको कुनै प्रविधिसम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया, पेटन्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने, विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने, वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवाका सम्बन्धमा गरिने प्रविधिको हस्तान्तरण; उद्योग र विदेशी लगानी कर्ताबिच सम्झौताद्वारा पेटेन्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति, प्राविधिक विशिष्टता, सूत्र, प्रक्रिया, उपयोगको इजाजत, प्राविधिक ज्ञानको प्रयोग र वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवा वा अन्य प्राविधिक सीप वा ज्ञानको हस्तान्तरण। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (छ२) र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (च) ।]*

प्रवीणता परीक्षण (Proficiency test)- *नाप.* पूर्वनिर्धारित मापदण्डबमोजिमको परीक्षण र सम्बन्धित प्रयोगशालाको अन्तरप्रयोगशाला तुलना विधिद्वारा गरिने कार्यसम्पादन क्षमताको परीक्षण; सक्षमताको जाँच वा परीक्षण; गुणवत्ताको जाँच। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (ट) ।]*

प्रशामक सेवा (Palliative service)- *नाप.* शमन गर्न सहयोग गर्ने सेवा; शान्त पार्न सहयोग गर्ने; उपशामक सेवा; बिरामीलाई दुखाइ वा रोगबाट हुने कष्टपूर्ण अवस्थालाई यथासम्भव कम कष्टदायी वा कम दुखाइ हुने गरी व्यवस्थापन गर्ने चिकित्सा सेवा।

प्रशासकीय अदालत (Administrative Court)- *नाप.* सरकारी कर्मचारीका बढुवा वा सरुवासम्बन्धी र विभागीय सजाय दिएका विषयमा भएका निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अदालत; सरकारी कर्मचारीका मामिला हेर्ने न्यायधिकरण प्रकृतिको अदालत। *[हे. प्रशासकीय अदालत ऐन, २०७६ को दफा २ को खण्ड (क), दफा ३ र दफा ७ को उपदफा (१) ।]*

प्रशिक्षण (Training, instruction, coaching)- *ना.* [सं.] प्राविधिक, प्रशासनिक, व्यावहारिक र अन्य विषयमा विशेष रूपमा शिक्षा दिने काम; तालिम; जीविकोपार्जन, स्वास्थ्यलाभ, पेसा, रोजगारी, वृत्तिविकास, सीपविकास, क्षमताविकास, उद्यमशीलताजस्ता मानवका लागि उपयोगी हुने विभिन्न विषयका निर्धारित पाठ्यक्रम वा आवश्यक र उपयुक्त पाठ्यक्रम वा योजनाअनुसारका आधारभूत वा उन्नतस्तरका सिकाइ वा सिक्ने सिकाउने काम; अभ्यासमूलक शिक्षण वा सिकाइ प्रक्रिया। *[हे. राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा २ को खण्ड (घ) ।]*

प्रशिक्षण परिषद् (Governing Council)- *नाप.* प्रशिक्षणसम्बन्धी व्यवस्थापन गर्ने सरकारी वा संस्थागत संयन्त्र; नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा रहेको परिषद्। *[हे. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा २ को खण्ड (ख) र दफा ७ को उपदफा (१) ।]*

प्रसारक (Broadcaster, presenter)- *ना.* [सं.] रेडियो, टेलिभिजन वा विद्युतीय माध्यमबाट समाचार, सन्देश, विज्ञापन पठाउने वा प्रसारण गर्ने; प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति वा त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्ति। *वि.* प्रसार गर्ने; सार्ने। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (झ) ।]*

प्रसारण (Broadcasting, transmission)- *ना.* [सं.] रेडियो, दूरसञ्चार, दूरदर्शन वा टेलिभिजनलगायतका विद्युतीय माध्यमबाट समाचार, सन्देश, विज्ञापन पठाउने काम; इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनतालेजानकारी पाउन सक्ने गरी पठाइने रेडियो सञ्चार सेवा; सार्वजनिक जानकारीको लागि रचनाको प्रदर्शन वा सञ्चार वा तारविहीन उपकरण वा भू-उपग्रहको माध्यमद्वारा गरिने श्रव्य वा श्रव्य-दृश्य रचनाको प्रसारण; विद्युत ऊर्जालाई एक स्थानबाट अर्को स्थानमा प्रवाह गर्ने काम। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (क) र प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (झ) ।]*

प्रसारण संस्था (Broadcasting institution, broadcasting corporation)- *नाप.* रेडियो, टेलिभिजन वा विद्युतीय माध्यमबाट श्रव्यदृश्य वा पाठ्य समाचार, सन्देश, विज्ञापन पठाउने वा यस्ता कुराको प्रत्यक्ष कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था; रेडियो, टेलिभिजन वा अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने व्यक्ति वा संस्था। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (ङ) ।]*

प्रसूतिकर्मी (Midwife)- *ना.* [सं.] गर्भवती महिलाको प्रसूति गराउने कार्य गर्ने तालिम प्राप्त स्वास्थ्यकर्मी; तालिमप्राप्त सुडेनी वा महिला स्वास्थ्य स्वयंसेविका। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (थ) ।]*

प्रस्ताव (Proposal, offer, proposition)- *ना.* [सं.] कुनै काम गर्न वा नगर्नका लागि स्वीकृति पाउने अभिप्रायले एक व्यक्तिले अर्को व्यक्तिसमक्ष राखेको सर्त वा मन्सुवा; छलफलका लागि प्रस्तुत गरिने विषय; विचारार्थ प्रस्तुत विषय। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०४ को उपदफा (३) को स्पष्टीकरण।]*

प्रस्तावित बिमा कम्पनी (Proposed insurance company)- *नाप.* बिमा व्यवसाय गर्ने उद्देश्यले संस्थापना गर्न प्रस्ताव गरिएको पब्लिक लिमिटेड कम्पनी। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ढ) ।]*

प्रस्तुति (Presentation, performance)- *ना.* [सं.] सभा, समारोह, बैठक; सुनुवाइ, कारबाही सम्पादन हुने कार्यस्थल वा कार्यकक्षमा दाबी, उत्तर, प्रस्ताव वा विषय पेस गर्ने काम; कुनै कुरा पेस वा हस्तान्तरण गर्ने कार्य; श्रव्यदृश्य रचनाबाहेक अरू प्रकारको रचनाको हकमा प्रत्यक्ष रूपमा वा अन्य कुनै उपकरण वा प्रक्रियाबाट वाचन, वादन, नृत्य, अभिनय वा अन्य प्रकारले देखाउने, अभिनय वा प्रकट गर्ने कार्य; श्रव्यदृश्य रचनाको हकमा त्यस्तो रचनामा समायोजित दृश्यलाई सिलसिलाबद्ध रूपमा देखाउँदै त्यसमा समायोजित ध्वनि समेत सुनाउने वा ध्वनि अङ्कनको हकमा परिवार वा छरछिमेक, साथीभाइ, इष्टमित्रभन्दा बाहिर रहेर वा त्यस्ता व्यक्तिको उपस्थिति भए पनि सार्वजनिक रूपमा सुन्न सकिने गरी दर्साउने प्रसारित गर्ने वा प्रदर्शित गर्ने कार्य। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (च) ।]*

प्रस्तोता (Performer, presenter)- *ना.* [सं.] प्रस्तुतकर्ता; पेस गर्ने; दर्साउने वा प्रकट गर्ने; अभिनय, गायन, सङ्गीत र नाचको माध्यमद्वारा साहित्यिक वा कलात्मक कार्य वा लोककला अभिव्यक्तिलाई जनसमक्ष प्रस्तुत गर्ने अभिनयकर्ता, गायक, सङ्गीतकार, नर्तक र अन्य व्यक्ति। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (ठ) ।]*

प्रहरी कर्मचारी (Police personnel)- *नाप.* नेपाल प्रहरीमा बहाल रहेका प्रहरी कर्मचारी; प्रहरी सङ्गठनका विभिन्न दर्जामा रहेको जनशक्ति; प्रहरी राष्ट्रसेवक। *[हे. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ को दफा २ को खण्ड (क) ।]*

प्रहरी कल्याण कोष (Police Welfare Fund)- *ना.प.* प्रहरी कर्मचारी, निजका परिवार तथा निवृत्त प्रहरी कर्मचारीको कल्याणका लागि स्थापना भएको कोष। *[हे. प्रहरी नियमावली, २०७१ को नियम १९४ को उपनियम (१) ।]*

प्रहरी किताबखाना (Police Personnel Records Keeping Office)- *ना.प.* प्रहरी कर्मचारीको सेवासम्बन्धी अभिलेखालय; सेवा निवृत्त प्रहरी कर्मचारीहरूको निवृत्तिभरणको अधिकारपत्र जारी गर्ने उपदानको अङ्क किटान गरी सम्बन्धित निकायमा पठाउने, पारिवारिक निवृत्तिभरण, अशक्त निवृत्तिभरण, सन्ततिवृत्ति, शैक्षिकवृत्ति आदिको अधिकारपत्र जारी गर्ने निकाय; प्रहरी कर्मचारीको पारिवारिक निवृत्तिभरणको नामसारी गर्नेसमेतका काम गर्ने किताबखाना। *[हे. प्रहरी नियमावली, २०७१ को नियम १८९ को उपनियम (१) ।]*

प्रहरी सङ्गठन (Police organization)- *ना.प.* आन्तरिक शान्ति व्यवस्था कायम गर्ने राज्यको फौजी जनपद सेवाको सङ्गठन; जनपद सुरक्षा बलको सङ्गठन; प्रहरी प्रधान कार्यालय र मातहतका सम्पूर्ण कार्यालय, तिनमा संरचनाबद्ध कार्यरत समग्र जनशक्ति आन्तरिक नागरिक सुरक्षा संरचना। *[हे. प्रहरी नियमावली, २०७१ को नियम २ को खण्ड (फ) ।]*

प्रहरी समन्वय समिति (Police Coordination Committee)- *ना.प.* [सं.] नेपाल प्रहरी तथा प्रदेश प्रहरीबीच समन्वय कायम गर्नका लागि स्थापना गरिएको समिति; एकभन्दा बढी प्रहरी बलहरूबिच सरसहयोग आदानप्रदान गर्ने र समन्वय गर्ने समिति। *[हे. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा १४ को उपदफा (१) ।]*

प्रहरी समादेशक (Training Commandant)- *ना.प.* प्रहरी प्रतिष्ठान, शिक्षालय तथा प्रादेशिक प्रहरी तालिम केन्द्रको प्रमुख; प्रहरी बलभित्रको तालिम समादेशक। *[हे. प्रहरी नियमावली, २०७१ को नियम २ को खण्ड (ब) ।]*

प्राइज बन्ड (Prize bond)- *ना.प.* धनीले ब्याजको रकममध्येबाट चिठ्ठाद्वारा पाउने ऋणपत्र; ब्याजको रकमबाट पाउन सक्ने ऋण। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) को स्पष्टीकरण।]*

प्राइभेट कम्पनी (Private company)- *ना.प.* कम्पनीको संस्थापनका लागि सेयरधनीहरूको सङ्ख्या एक सय एकभन्दा बढी नहुने कम्पनी; कुनै सरकारी वा अर्धसरकारी सङ्घ एवम् संस्थासँग सम्बन्ध नरहेको; निजी वा व्यक्तिगत उद्यम; निजी कम्पनी; सार्वजनिक प्रकृतिको लगानी नरहेको कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा ९ को उपदफा (१) ।]*

प्राइभेट फर्म (Private firm)- *नाप.* आफ्नै वा कुनै नाम राखी एक व्यक्तिले उद्योगव्यवसाय; निकासी वा पैठारीको व्यापार गर्ने फर्म; व्यक्तिगत उद्यमको कम्पनी वा कोठी। *[हे. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा २ को खण्ड (क) ।]*

प्राकृतिक ग्याँस (Natural gas)- *नाप.* आर्द्र ग्याँस, तेल वा ग्याँसका इनारहरूबाट उत्पादित ग्याँसयुक्त पेट्रोलियम; आर्द्र ग्याँसबाट तरल पेट्रोलियम निकाल्दा बाँकी रहने ग्याँस। *[हे. नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २ को खण्ड (छ) ।]*

प्राकृतिक पानी (Natural water, spring water)- *नाप.* सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट नि:सृत भएको पानी; भूमिगत स्रोतबाट निकालिएको पानी। *[हे. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा २ को खण्ड (ज) ।]*

प्राकृतिक प्रकोप पीडितोद्धार पदक (Prakritik Prakop Piditodwar Padak, Natural Disaster Victim Rescue Medal)- *नाप.* प्राकृतिक प्रकोपबाट पीडित व्यक्तिहरूको उद्दार एवम् व्यवस्थापन वा प्रकोपको जोखिम न्यूनीकरण गर्ने कार्यमा प्रशंसनीय रूपमा योगदान गर्ने वा सहयोग पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने पदक। *[हे. विभूषण नियमावली, २०६५ को नियम २९ को उपनियम (१) ।]*

प्राकृतिक विपद् (Natural Disaster)- *नाप.* हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलोजस्ता प्राकृतिक घटना; यस्ता प्राकृतिक घटनाबाट मानिस वा प्राणीमा आइलागेको आपत्ति वा दुरावस्था; प्राकृतिक कारणले हुने जुनसुकै सङ्कटावस्था। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (झ) र कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ को खण्ड (झ) ।]*

प्राकृतिक व्यक्ति (Natural person)- *नाप.* प्राकृतिक व्यक्ति विशेष; दर्ता भई वा नभई प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको एकलौटी फर्म; एउटै प्राकृतिक व्यक्तिका रूप मानिने गरी छनोट भएका दम्पती; हरेक मानव। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ब) ।]*

प्राकृतिक सम्पदा (Natural heritage)- *नाप.* प्राकृतिक वातावरण, वनस्पति र वन्यजन्तुको संरक्षणका लागि सरकारले तोकेका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु वा शिकार आरक्ष; सरकारले तोकेको संरक्षण क्षेत्र, नदी, नाला, खोला, ताल तलैया, सीमसार क्षेत्र वा प्राकृतिक झरना, हिमशिखर वा त्यसको कुनै अंश, उच्च पहाडी चुचुरो; नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले संरक्षण गरेको वन्यजन्तु, वनस्पति वा भू—बनौट, नेपाल सरकार, प्रदेश सरकार वा

स्थानीय तहले संरक्षण गरेका वन्यजन्तुको वासस्थान, पर्यावरणीय पद्धति; बिक्रीवितरण, निकासी-पैठारीमा निषेध गरेका जडिबुटी। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १४९ को उपदफा (१) को स्पष्टीकरण।]*

प्राकृतिक स्रोतबापतको भुक्तानी (Payment for natural resources)- *ना.प.* जमिनबाट पानी, खनिज पदार्थ वा अन्य जीवित वा निर्जीव स्रोत निकाल्ने अधिकारप्राप्त गरेबापतको भुक्तानी; जमिनबाट निकालिएको समग्र वा आंशिक रूपमा निकालिएको प्राकृतिक स्रोत र खनिज पदार्थको जीवित वा निर्जीव स्रोतको परिमाण वा मूल्यका आधारबाट गणना गरिएको रकम। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (श) ।]*

प्राङ्न्याय (Resjudicata)- *ना.* [सं. प्राक+न्याय] एउटै वादी प्रतिवादीबिच एउटै विषयमा अदालतमा एक पटक मुद्दा परी सोमा अदालतले अन्तिम निर्णय दिइसकेपछि फेरि त्यसै विषयमा मुद्दा चलाउन रोक लाग्ने न्यायको सिद्धान्त।

प्राचीन स्मारक (Ancient monuments)- *ना.प.* इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्त्व राख्ने एक सय वर्ष नाघेका मन्दिर, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तुप, सालिक, मूर्ति; यस्ता कुरा रहेको ठाउँ; राष्ट्रिय वा अन्तरराष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने एक अर्कोसँग जोडिएको वा एकै इलाकामा बेग्लाबेग्लै रूपमा अवस्थित मानववस्ती वा स्थल; प्राचीन मानववस्तीका अवशेष; प्राचीन स्मारकहरूका भग्नावशेष गुफालगायतका पुराना वस्तु र स्थान। *[हे. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २ को खण्ड (क) ।]*

प्राज्ञपरिषद् (Academic Council, Council of Academy)- *ना.* [सं.] प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायका रूपमा गठित परिषद्; प्राज्ञहरूको वैधानिक संयन्त्र। *[हे. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (ग) र दफा 11 ।]*

प्राज्ञसभा (Academic Assembly, Assembly of Academy)- *ना.* [सं. प्राज्ञ+सभा] नेपाल प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा रहेको सभा; नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकाय; प्राज्ञ वा विद्वत्जनको सभा। *[हे. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (ख) र दफा 7 ।]*

प्राडविवाक (Judge Advocate General)- *ना.*[सं. प्राड+विवाक] सैनिक अदालतमा प्राडविवाकको रूपमा उपस्थित हुने व्यक्ति; सैनिक अदालतको निर्णेता; सैनिक अदालतको निर्णयाधिकारी। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ब) र दफा ८१ ।]*

प्राडविवाकको कार्यालय (Office of Judge Advocate General)- *ना.प.* प्राडविवाकको प्रमुख रहने जङ्गी अड्डाको कार्यालय; पृतना प्राडविवाक शाखा; बाहिनी प्राडविवाक शाखा कार्यालय; सैनिक अदालत वा न्यायाधिकरण। *[हे. सैनिक अदालत नियमावली, २०६४ को नियम २ को खण्ड (ग) ।]*

प्राथमिक पुँजी (Primary capital)- *ना.प.* कम्पनी, बैङ्क वा वित्तीय संस्थाको चुक्ता पुँजी, सेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार सेयर, साधारण जगेडा कोष र सञ्चित नाफा-नोक्सान शीर्षकमा रहेको रकम र प्राथमिक पुँजी हुने भनी तोकिएका अन्य शीर्षकमा रहेका कोष वा रकम। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ब) ।]*

प्राथमिक पुँजी कोष (Primary capital fund)- *ना.* सेयर पुँजी र जगेडा कोषको जम्माजम्मी। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ङ) ।]*

प्रापक (Recipient, consignee)- *ना.* [सं.] कुनै वस्तु वा सेवा पाउने वा ग्रहण गर्ने व्यक्ति; प्राप्त गर्ने व्यक्ति; लाभान्वित व्यक्ति; लाभक; लिक्विडेटर; कुनै सम्पत्ति वा निकायका सम्बन्धमा प्रापकका रूपमा अदालत बाहिरबाट वा अदालतबाट नियुक्त व्यक्ति, बन्धकी लिई सम्पत्ति कब्जामा राख्ने व्यक्ति, मृतक प्राकृतिक व्यक्तिको सम्पत्तिको प्रत्यक्ष हकवाला, प्रशासक वा दामकाम गर्ने व्यक्ति, वा असक्षम प्राकृतिक व्यक्तिको काम कारबाही गरिदिने कुनै व्यक्ति; बहुविधिक ढुवानी करार बमोजिम बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको आधिकारिक एजेन्ट वा प्रतिनिधिबाट मालसामान बुझिलिने हक प्राप्त भएको व्यक्ति; उत्पत्तिकर्ताको चाहना अनुरूप सम्प्रेषण गरिएका विद्युतीय अभिलेख प्राप्त गर्ने व्यक्ति। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (त), आयकर ऐन, २०५८ को दफा १०८ को उपदफा (४) को स्पष्टीकरण, मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (च) र विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (प) ।]*

प्रारम्भिक अनुसन्धान प्रतिवेदन (Preliminary investigation report)- *ना.प.* अपराध भएका ठाउँको वस्तुस्थितिको अवलोकन; दसीप्रमाणको नमुना सङ्कलन र अभिलेखन, खानतलासी र अपराधसँग सम्बन्धित चिजबिजको तलासी; अपराधका अवशेष, पीडित कसुरदार वा अपराधबाट भएको धनजनको क्षतिसमेतको तथ्यसङ्कलन गर्ने कार्यको प्रतिवेदन; कसुरसम्बन्धी घटनाप्रकृति, खानतलासी, पीडित वा शङ्कित व्यक्तिको पहिचान वा सनाखत मुचुल्का; बरामदी मुचुल्का वा ज्यान मरेको कसुर भए लास जाँच मुचुल्का तथा अन्य कसुर भए कसुरको प्रकृतिअनुसार तयार गर्नुपर्ने प्रतिवेदन, मुचुल्का वा अन्य आवश्यक विवरण। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० को उपदफा (२) को स्पष्टीकरण।]*

प्रारम्भिक बाल शिक्षा (Early childhood education)- *ना.प.* चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बाल शिक्षा; बालबालिकाको सुरुवाती चरणको शिक्षा। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (झ) ।]*

प्रारम्भिक बालविकास (Early childhood development)- *ना.प.* चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गराइनुअगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास; आधारभूत तहको शिक्षा प्रदान गर्नुपूर्वको बालबालिकाको विकास; चार वर्षसम्मको बालबालिकाको सर्वाङ्गीय विकास। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (झ) ।]*

प्रारम्भिक वातावरणीय परीक्षण (Initial environmental examination)- *ना.प.* कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्न गरिने परीक्षण वा जाँच; प्रभाव पर्ने भए त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न अवलम्बन गरिने उपायसमेत पहिचान गरी गरिने वा गरिएको विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कन। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ङ) ।]*

प्रारम्भिक सुनुवाइ (Priliminary hearing)- *ना.प.* आधारभूत विषयको सुनुवाइ; सुरुआती सुनुवाइ; कुनै विषयको उठानसम्बन्धी सुरुको चरणमा गरिने सुनुवाइ; मुद्दामा प्रतिवादीले प्रतिउत्तर फिराउँदा फिराद वा नालिस गर्ने हदम्याद, हकदैया वा क्षेत्राधिकार नै नभएको जिकिरको प्रतिउत्तर पेस गरेमा अदालतले त्यस मुद्दामा पछिल्ला चरणमा हुने प्रमाण बुझ्नेलगायतका कारबाहीका लागि सुनुवाइ नगरी मुद्दा गर्ने हकदैया, हदम्याद र क्षेत्राधिकार भए-नभएको सीमित विषयमा गर्ने सुनुवाइ। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३२ ।]*

प्राविधिक (Technician)- *ना.* [सं.] प्रविधिसम्बन्धी काम गर्ने वा प्रविधिको ज्ञान दिने व्यक्ति; संरचना वा अन्य निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न प्राविधिक जनशक्ति; सरकार वा सङ्गठित संस्थाका तर्फबाट खटिएको प्राविधिक कर्मचारी। *वि.* प्रविधिसँग सम्बन्धित; सिल्पकलासँग सम्बन्धित; प्रविधिसम्बन्धी।*[हे.* निर्माण व्यवसाय ऐन, २०५५ को दफा २ को खण्ड (छ)।]

प्राविधिक परीक्षक (Technical auditor)- *ना.प.* कुनै पनि विषयको प्राविधिक पक्षहरूको जाँच गर्ने विज्ञ वा विशेषज्ञ; प्राविधिक पक्षको पारख गर्ने व्यक्ति; पारखी व्यक्ति; जाँचकी वा जाँचक। *[हे. राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २ को खण्ड (च) ।]*

प्राविधिक परीक्षण (Technical audit)- *नाप.* कुनै पनि विषयको प्रविधि पक्षको जाँच गर्ने काम; वस्तु, घटना, कार्य, व्यवस्थापन आदिको प्राविधिक पाटोमा गरिने जाँचबुझ; आयोजना वा परियोजनाका प्राविधिक पक्षहरूको आकलन गर्ने काम; छानबिन वा तथ्यगत लेखाजोखा; सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिने आयोजनाको लागत, समय, गुणस्तर, प्रभावकारिता र प्राप्त उपलब्धि समेतलाई विचार गरी गरिने प्राविधिक पक्षको परीक्षण। *[हे. राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २ को खण्ड (ङ) ।]*

प्राविधिक परीक्षण परामर्श समिति (Technical Audit Consultation Committee)- *नाप.* प्राविधिक परीक्षणलाई प्रभावकारी बनाउने कार्य विचारविमर्श गरी राय दिने संयन्त्र; प्राविधिक विषयमा जाँचबुझ गर्नका लागि परामर्श दिने समिति। *[हे. राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २५ को खण्ड (१) ।]*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training)- *नाप.* प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त बनाउने निकाय; यस्ता शिक्षा र तालिम सञ्चलन गर्ने निकायहरूबिच समन्वय कायम गर्ने र सीपको स्तर निर्धारण एवम् प्रमाणीकरण गर्न स्थापना गरिएको परिषद्। *[हे. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.२ र दफा 3 ।]*

प्रिन्सिपल स्टाफ अफिसर्स (Principal Staff Officers)- *नाप.* सेनाका विभागीय प्रमुखहरू; प्रधान सेनापतिले प्रिन्सिपल स्टाफ अफिसर्स भनी तोकेका उपरथी वा सोभन्दा माथिल्लो दर्जाका अधिकृत। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ध) ।]*

प्रिन्सिपल स्टाफ अफिसर्स समिति (Principal Staff Officers Committee)- *नाप.* प्रधान सेनापतिलाई नेपाली सेनाको प्रशासकीय तथा व्यवस्थापकीय कार्यमा सहयोग पुऱ्याउन गठित उच्च सैनिक अधिकारीहरू रहेको समिति। *[हे.* सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (न)।]

प्रिमियम मूल्यको सेयर (Premium share)- *नाप.* सेयरको अङ्कित मूल्यभन्दा बढी मूल्यमा बिक्री हुने गरी कम्पनीले जारी गरेको सेयर; सेयर जारी गर्दै सेयरमा अङ्कित मूल्यभन्दा बढी मोलमा खरिदबिक्री हुने सेयर। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ल) ।]*

प्रेषक (Messenger, sender, consigner)- *ना.* [सं.] कुनै कुरा पठाउने वा प्रेषित गर्ने व्यक्ति; मालसामान हस्तान्तरण गर्ने सम्बन्धमा बहुविधिक ढुवानी सञ्चालनकर्तासँग बहुविधिक ढुवानी करार गर्ने व्यक्ति; धनादेशबाट रकम पठाउने व्यक्ति; कुनै वस्तु वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा पठाउने व्यक्ति। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ङ) र धनादेश नियमावली, २०३१ को नियम २ को खण्ड (क) ।]*

प्रेस काउन्सिल (Press Council)- *नाप.* पत्रपत्रिकाको हित तथा विकास र नियमनका लागि गठित समिति; स्वस्थ पत्रकारिताको विकासको लागि स्थापना गरिएको सूचना, सञ्चार र पत्रकारिता क्षेत्रको नियमनकारी निकाय; सञ्चार वा पत्रकारिता परिषद्। *[हे. प्रेस काउन्सिल ऐन, २०४८ को दफा २(क) ।]*

प्रोप्राइटरी मालसामान (Proprietary goods)- *नाप.* यन्त्र वा उपकरणको सञ्चालन वा मर्मतका लागि चाहिने सहायक साधन वा पार्टपुर्जा; कुनै मालसामान, यन्त्र वा उपकरणको निर्मातालेे त्यस्तो मालसामान, यन्त्र वा उपकरण सञ्चालन वा मर्मत सम्भारको लागि बनाएको सहायक उपकरण तथा पार्टपुर्जा। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (त) ।]*

प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र (Plant Quarantine And Pesticide Management Center)- *नाप.* जीवनाशक विषादीको नियन्त्रण, नियमन, पञ्जीकरण तथा व्यवस्थापनलगायतका कार्य गर्ने निकाय; सम्पर्क भएका वानस्पतिक जीवाणुको सङ्क्रमण भए नभएको अवस्था र जीवनाशक विषादी व्यवस्थापन गर्ने केन्द्र। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (क) र दफा 14 ।]*

फ

फँडानी (Deforestation, an act of cutting plants)- *ना.* [फाँड्+आनी] जङ्गल, रुख, बुटेन, झाडी आदि काट्ने काम; केही कुरा फाँड्ने काम; फँडाइ।

फँसाइ (To entrap, to entangle)- *ना.* [फँस्+आइ] फँस्ने वा फँसाउने काम; धोकाधडी।

फकाइ (Allurement, persuasion)- *ना.* फकाउने काम; फुल्याउने काम; खुसी तुल्याउने काम।

फकिर (Sage, saint)- *ना.* [अ.] निर्धन; सन्यासी; जोगी; पारिवारिक वा गृहस्थी धर्म त्यागेको व्यक्ति; भिख मागेर जीवननिर्वाह गर्ने; भिक्षु; भिखारी।

फच्चे (Paying off, settlement, full payment, redemption.)- *ना.* [फच्या+ए] फरफारक; चुक्ता गर्नु; फछ्यौंट; लेनदेनसम्बन्धी व्यवहार मिलाउने काम।

फजित (Disgrace, dishonour, slander, libel)- *ना.* [अ.] बेचैनी; हैरानी; आइलागेको सङ्कट; गाली गर्ने काम; अबगाल; बदनामी।

फजिती (Suffering, worry)- *ना.*[फजित+ई] फसाद; मुस्किल;

फजुल (Useless, worthless, vain)- *ना.* [अ.] व्यर्थको; अनावश्यक; बिनसित्तिको; बेकामको; नचाहिँदो।

फटाहा/फट्टी (Liar)- *वि.*[फाटो+आहा] ढँटुवा; झुटो बोल्ने; फट्टी; फट्टिक; झुटो काम वा व्यवहारले दुःख दिने व्यक्ति।

फट्के/फड्के (Margin side)- *ना.* [फट्क/फड्क+ए] कागजको किनारा; छेउ; सीमान्त।

फट्केकिनारा (Left margin of paper for witness's thumb print or signature)- *ना.* [फट्के+किनारा] साक्षीको सहीछापको लागि छुट्याइएको लिखतको बायाँ किनारा; कुनै लिखतको बायाँ किनारामा साक्षीले सहीछाप गर्ने ठाउँ; लिखत वा तमसुक आदिको बायाँतिर खाली छोडिएको किनारा।

फट्केसदर (Signature of a deed)- *ना.* [फड्के+सदर] फड्के किनारामा गरिएको सही।

फट्केसाक्षी (Witness of a deed)- *ना.* [फट्के+साक्षी] किनारामा जनाइएका वा रहेका साक्षी; तमसुक वा लिखतका साक्षी; छेउमा जनाइएका साक्षी।

फतवा (Religious order in Muslim religion)- *ना.* [अ.] मुस्लिम धर्ममा धर्मगुरुद्वारा दिइने आदेश; धार्मिक आदेश।

फतह (Success, conquer, accomplishment)- *ना.* [अ.] सफलता; विजय; फत्ते।

फतुर/फत्तुर (Accusation, blame)- *ना.* [अ.] कसैलाई विनाकारण लगाइने दोष वा आरोप; झुटो आरोप; आक्षेप; फरेब; मिथ्या आरोप।

फन्दा (Trap, gin, mesh)- *ना.* [फा.] बन्धन; पासो; अल्झो; धोका; कपट; छल।

फट्टा (Torn, cancelled)- *वि.* [फाट्+आ] फटाइएको; फाटेको; च्यातिएको; शिरफपट्टा।

फट्टा कागज/लिखत (Tearing of a loan deed to make it ineffective)- *नाप.* लेनदेनको लिखत प्रभावहीन बनाउन च्यातेर रद्दी पारिएको; परस्परको व्यवहार मिलेपछि लेनदेनको लिखतलाई च्यात्ने काम; फिर्ता लिएको कागज।

फरक मुद्दा व्यवस्थापन (Differentiated case management)- *नाप.* कारबाही र किनारा गर्ने प्रयोजनका लागि गरिने मुद्दाको वर्गीकरण अनुसारको बन्दोबस्त; मुद्दाका कारबाही प्रक्रियालाई विभिन्न मार्गसमूहमा राखी गरिने व्यवस्थापन। *[हे. उच्च अदालत नियमावली, २०७३ को नियम २ को खण्ड (ङ१) र जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (छ१)।]*

फरफारक/फरफारख (Clearance, settlement)- *ना.* [फारख (द्वि.)] लेनदेनको हिसाब बाँकी नरहने गरी फर्छिने काम; लिनुदिनु वा बुझाउनु पर्ने कुराको सबै चुक्ती; फछ्यौंट; फार्से; चुक्ता; राफसाफ।

फरार (Escaped, ran away, fled, absconding)- *वि.* [अ. फाररार] पलायन; कुलेलम; भगुवा; भागेको वा बेपत्ता भएको; लुकिछिपी बसेको।

फरार अभियुक्त वा कसुरदार (Absconded accused or offender, relator)- *नाप.* अपराध गरेर भागेको वा बेपत्ता भएको अभियुक्त वा कसुरदार; गिरफ्तारी वा कारबाहीबाट बच्न भागेको वा लुकिछिपी बसेको अभियुक्त वा कसुरदार; एक देशमा कुनै कसुरको आरोप लागी वा कुनै कसुरमा सजाय पाई लुक्न अर्को देश रहेबसेको; स्वदेशमा कुनै कसुरको आरोप लागी वा कुनै कसुरमा सजाय पाई विदेशी राज्यमा गई बसेको अभियुक्त वा कसुरदार।

फरारी (Absconded, absconder)- *ना.* [फरार+ई] भगुवा; फरार भएको व्यक्ति।

फरेब/फरेप (Fabrication, imputation, false accusation)- *ना.* [फा. फिरेब] कसैलाई बिना कारण लगाइएको दोष; मिथ्या आरोप; फत्तुर; आक्षेप; फँसाउन गरिएको जालझेल।

फरेबी- *वि.*[फरेब+ई] जालझेल गर्ने; झुटो आरोप लगाउने; छलकपट गर्ने; फटाहा; फरेप लगाउने।

फछर्योट/फस्यौंट (Clearance, settlement)- *ना.* [फर्छी/फर्सी+ओट] भुक्तानी उपकरण जारी गर्ने र स्वीकार गर्ने पक्षहरूको दाबी वा दायित्व रकम हिसाब मिलान गर्ने वा फरफारख गर्ने कार्य वा प्रक्रिया; लेनदेनको हिसाब छिनोफानो गर्नु; फछर्योट गर्नु; चुक्ता गर्नु; हिसाब छिन्नु; विवाद टुङ्गो लगाउनु; किनारा गर्नु; राफसाफ गर्नु। *[हे. भुक्तानी तथा फस्यौंट ऐन, २०७५ को दफा २ को खण्ड (घ) ।]*

फर्जी (Forged, fake) -*वि.* [फा. फर्ज+ई] किर्ते; बनावटी; कृत्रिम; नक्कली; जाली।

फर्जी मत (Voting by misrepresentation, proxy)- *ना.* [फा.] मतदाता नामावलीमा नाम भएको वास्तविक व्यक्तिका ठाउँमा अर्कै व्यक्तिले झुक्याई मतदान गरेको मत; एकका सट्टामा अर्काले दिएको मत।

फर्म (Firm)- *ना.*[अङ्.] कुनै निश्चित लक्ष्य हासिल गर्नका लागि स्थापना गरिएको व्यापारिक संस्था।

फर्मान (Royal order/command, edict, decree)- *ना.* [फा. फरमान] धार्मिक आदेश राजकीय आदेश; आज्ञा; हुकुम।

फर्मासिस्ट (Pharmacist)- *ना.* [अङ्.] मान्यताप्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक वा फर्मास्युटिक्समा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति; वा औषधीसम्बन्धी अनुभव प्राप्त गरेको भई औषधी सल्लाहकार समितिबाट मान्यताप्राप्त व्यक्ति।

फलानो/फलानी (Unidentified person or object)- सर्व. [अ. फुलाँ] यही हो भनी निश्चय नभएको वस्तु वा व्यक्ति; अमुक; ढिस्कानो/ढिस्कानी।

फलोपभोग (Usufruct)- *ना.* [सं. फल+उपभोग] कसैले आफ्नो हक र स्वामित्वमा रहेको सम्पत्तिबाट प्राप्त हुने प्रतिफल, लाभ, आम्दानी वा सुविधा अर्को व्यक्तिले प्रयोग गर्न सक्ने गरी निःशुल्क रूपमा दिने गरी गरिएको व्यवस्था; कुनै सम्पत्तिको उपता वा आयस्ता उपभोग गर्ने काम। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३५२ को उपदफा (१) ।]*

फसाउनु (To entrap, to ensnare)- क्रि. अल्झाउनु; फन्दामा पार्नु; बन्धनमा पार्नु; जालमा पार्नु।

फसाद (Difficulty, problematic situation, troublesome condition)- *ना.* [अ.] झमेला; अप्ठेरा वा असजिलो अवस्था; समस्यायुक्त उल्झन; सङ्कट।

फसेल्नु (To settle)- क्रि. छिनोफानो गर्नु; मिलाउनु; छिरल्नु; छयासमिस पार्नु।

फस्नु (To be entrapped, deceived, cheated.) - क्रि. जालमा पर्नु, धोका वा छलकपटमा पर्नु।

फस्ल्याङ (Lure)- *ना.* [अ. फारिग] ललाइफकाइ; फकौरी; फस्ल्याङफुस्लुङ।

फाँट (Section or department of an office)- *ना.* [सं. प्रान्त] कित्ता; खण्ड; भाग; अड्डा/अदालत/कार्यालयको विभाग, शाखा, खण्ड वा एकाइ; समथरिलो फैलावट बढी भएको जमिन।

फाँटवारी (Detailed account, particulars, statement)- *ना.* [फाँट+वारी] विवरणावली; आम्दानी र खर्चको विवरण; सूची; फेहरिस्त; विभिन्न शीर्षकमा विभाजन गरी गरिएको वर्णन।

फाँटवाला (Section clerk)- *ना.* [फाँट+वाला] कुनै फाँटको जिम्मा लिई काम गर्ने व्यक्ति; फाँट हेर्ने वा फाँटको काम गर्ने कर्मचारी।

फाँड्नु (To destroy, to finish) - क्रि. मास्नु; सखाप पार्नु; पराष्त गर्नु।

फाँसी (Death by hanging, execution by hanging)- *ना.* [सं. पाश> प्रा.फम्स] अपराधीलाई घाँटीमा झुण्डयाएर मार्ने काम; मृत्युदण्ड; ज्यानसजाय।

फाँसो (Trap)- *ना.* [सं. पाश] पासो; घँटेसो; बिना कारण आइलाग्ने अल्झो, झमेला, झिजो वा झन्झट।

फाकट- *ना.* जङ्गलबाहिरको पर्ति मैदान; समथर भूमि। *वि.* फराक; फैलावटवाला।

फाजिल (Additional, surplus, excess, extra)- *वि.* [अ.] आवश्यकताभन्दा धेरै; अतिरिक्त; चाहिनेभन्दा बढी; उब्रेको।

फाटका (Speculation)- *ना.* [हि.] बढी नाफाको आशाले गरिने जोखिमी कारोबार; बढी नाफाको आशाले गरिने किनबेच।

फाटो (Schism, dissension, disagreement)- *ना.* [फाट्+ओ] रायबझाइ; मतभेद; फुट।

फारकती/फारखती (Deed of release or acquaintance, Receipt, Relinquishment)- *ना.* [फारख+ती] ऋण चुक्ता गरेको प्रमाण; भरपाइ; नगदी वा जिन्सी बुझेर लिई प्रमाणस्वरूप लेखी दिने कागज।

फारख (Clearance, settlement)- *ना.* [अ. फारिग] आफूले बुझाउनुपर्ने बही बुझाई जिम्मेवारीबाट छुटकारा लिने काम; फरफारक; फच्चे; राफसाफ

फारगत (Relinquishment)- *ना.*[अ. फारिग+त] दायित्व विसर्जन; म्याद गुज्राइ; फारख मुक्ति।

फार्गती (Clearance, settlement)- *ना.*[अ. फारिग+त+ई] फर्स्यौट; चुक्ता।

फार्मेसी (Pharmacy)- *ना.*[अङ्.] औषधी उत्पादन र भण्डारण स्थल; औषधी बिक्री-वितरण गर्ने कक्ष; औषधी पसल।

फार्मेसी व्यवसाय (Pharmacy profession)- *नाप.* औषधी उत्पादन, गुणस्तर कायम, औषधी कारखानाको निरीक्षण तथा सिफारिस, उत्पादित औषधीको भण्डारण तथा आपूर्ति गर्ने प्रविधिको छनौट, आपूर्तिको सुपरिवेक्षण, औषधीको दर्ता तथा औषधी सेवन गर्न उपयोगी, गुणस्तरयुक्त, असरयुक्त र सुरक्षित छ भनी प्रमाणित गर्ने व्यवसाय; हस्पिटल फार्मेसी।

फार्मेसी सहायक (Pharmacy assistant)- *नाप.* मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तीमा प्रमाणपत्र वा सो सरहको योग्यता प्राप्त गरेको व्यक्ति।

फार्से/फार्छे (Complete disposal, clearance)- *ना.*[अ. फारिग] फर्स्यौट; लेनदेनसँग सम्बन्धित छिनोफानो; छिन्ती; पूरापूर सुक्रीबिक्री।

फार्सेपत्र/फार्छेपत्र (A type of deed of selling land)- *ना.*[अ. फार्से/फार्छे+पत्र] जग्गा बिक्री गरी गरिने राजीनामाको लिखत; छिन्ती राजीनामा; जग्गाबिक्रीनामा लिखत।

फाल्तु/फाल्टु (Unnecessary, worthless, spare)- *वि.*[पुर्त. फाल्टो] बेकम्मा; काम नलाग्ने; बेकार; आवश्यकताभन्दा बढी; फुटकर; बँचेको; बाँकी; उब्रेको; अतिरिक्त।

फासला (Distance, gap, interspace) - *ना.* दूरी; अन्तर; निश्चित अन्तरको नाप; दुई बिन्दुका बिचको नापो।

फासला मात्र नाप्ने अटोरिक्सा मिटर (Autorickshaw meter measuring distance only)- *नाप.* मिटरको मुखमा गतिमापक यन्त्र (स्पीडोमिटर) र दूरीसूचक यन्त्र (ओडोमिटर) राखी वा नराखी तोकिएको दरमा आफैले देखाउने अङ्कहरू नमेटिने गरी भाडामा लिएको अटोरिक्साको भाडा फासलाकै हिसाबले मात्र देखाउने यन्त्र।

फासीवाद (Facism)- *ना.*[फासी+वाद] सर्वसत्तावाद; समाजवाद, साम्यवाद, लोकतन्त्र र उदारवादको विरोधी विचारधारा; निरङ्कुश शासकमा सत्ता केन्द्रित हुने शासन व्यवस्था; अधिनायकवाद; तानासाही।

फिकबिर्ता (Granted tax free land to the servants)- *ना.*[अ.फकिर>फिक+बिर्ता] राजाको सेवा गर्ने सेवक वा गरिबलाई बकस भएको बिर्ता जग्गा; नोकरबिर्ता।

फितलो (Weak, delicate, vulnerable, fragile)- *ना.*[प्रा. फिट्ट>फितल+ओ] दुर्बल; कमजोर; लुलो; शिथिल।

फिराद (Lawsuit, Complaint, Petition)- *ना.*[फा.] अदालत वा मुद्दा हेर्ने निकायसमक्ष न्यायका लागि गरिने याचना वा प्रार्थना; न्यायका लागि औपचारिक गुहार मगाइ; नालिस; फेराद; उजुर; दरखास्त; न्यायका निवेदन; बिन्ती; पुकार।

फिरादपत्र (Lawsuit, complaint)- *ना.*[फिराद+पत्र] कुनै विषयमा आफ्नो हक, हित वा सरोकार कायम गर्न वा दाबी कार्यान्वयन गर्न माग गरी पेस गरेको उजुरी, नालिस, दाबी वा निवेदन; अभियोगपत्र वा प्रतिवेदन वा फिरादपत्र सरहको बयान वा प्रतिउत्तरपत्रमा उल्लेख गरिएको प्रतिदाबी; नालिसपत्र; इजहार; मर्का परेको कुरा लेखी अदालतमा कानूनी कारबाहीका निम्ति पेस गरिने कागज, नालिस वा नालिससरहको उजुरी; फिरादको लिखित रूप वा लिखित फिराद। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ञ) र जिल्ला अदालत नियमावली, २०७५ को नियम २क. खण्ड (ज)।*

फिरादी (Plaintiff, Complainant, Suitor)- *ना.*[फिराद+ई] वादी; फिरादपत्र दिने व्यक्ति; उजुरवाला।

फिरिस्त (List, Inventory, Schedule, Index, Panel, Catalogue)- *ना.*[फा. फहरिस्त] फेहरिस्त; तालिका; सूचीपत्र; विवरण; बेलविस्तार; विषय वा घटनाको विवरण।

फिरौती (Ransom)- *ना.*[फिराउ+ती] अपहरित व्यक्ति वा वस्तु फिर्ता गर्नु पर्दा माग गरिने रकम वा कुनै सर्त; बन्दी वा बन्धक बनाइएको व्यक्तिलाई कब्जाबाट छुटाउन बन्दी वा बन्धक बनाउने पक्षलाई बन्धक बनाइएका पक्षबाट माग गरिएको रकम वा त्यसरी बुझाउनुपर्ने मूल्य वा पूरा गर्नुपर्ने सर्त।

फिस ल्याडर (Fish ladder)- *नाप.*[अङ्.] मत्स्यमार्ग; वैकल्पिक कुरद्वार; मछौटो; जलमा जलचरको आवागमनका लागि राखिएको वैकल्पिक बाटो। *[हे. जलचर संरक्षण ऐन, २०१७ को दफा २ को खण्ड (ग२)।]*

फुकादाम (A coin worth one-fourth of price)- *ना.*[फुका+दाम] एक दाम मूल्यको चार भागको एक भाग; सो मूल्यको सिक्का; पाउदाम।

फुकी (Distant relatives, kinsman) - *ना.*[नेवा.] धेरै पुस्ताका दाजुभाइ; स्वजन; बन्धुवर्ग।

फुकुवा (Released, freed)- *वि.*[फुक्+उवा.] छुटकारा पाएको; बाधाअडकाउ फुकेको; प्रतिबन्ध वा रोक्का हटाइएको; अदालतबाट रहेको रोक्का हटाइएको।

फुकुवापुर्जी (Letter for release or making free) - *ना.*[फुकुवा+पुर्जी] कारणवश रोकिएको कामकुरा फुकुवा गरी लेखिने पत्र; लगाएको बन्देज वा आइपरेको बाधा फुकेको जनाउने पुर्जी; फुकुवा गर्न दिइएको पुर्जी वा पत्र।

फुक्का (Free, independent, released)- *वि.*[फुक्+आ] बन्धनमुक्त; स्वतन्त्र; स्वाधीन; नियन्त्रणबाट छुटकारा पाएको।

फुट (A measure of twelve inches)- *ना.*[अङ्.] बाह्र इञ्चको नापो; दुई पैंताला वा खुपट्टा बराबरको नापो।

फुट (Split, dissension, disunion)- *ना.*[फुट्+अ] मतभेद; बेमेल; फाटो।

फुटकर (Odd, retail, miscellaneous) - *वि.*[सं. स्फुट+कर] कुनै खास वर्ग; समूह वा श्रेणीभन्दा अलग्ग; खुद्रा; चानचुन; विविध; कुनै समूहमा नमिलेको।

फुर्सद (Leisure, free time)- *ना.*[अ. फुरसत] कामबाट खाली रहेको समय; काम नभएको समय; खाली समय; अवकाश; मुक्ति; छुटकारा; अलग्ग पार्ने वा हुने काम।

फुल कोर्ट (A court with all or the required number of judge present)- *ना.प.*[अङ.] अदालतमा रहेका सबै न्यायाधीशको पूर्ण बैठक; मुद्दामामिलामा इनसाफ दिने बाहेकका न्यायप्रशासनसम्बन्धी नीतिगत विषयको कार्य गर्न प्रधान न्यायाधीश र अन्य न्यायाधीश रहेको पूर्ण बैठक। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १०९ को उपनियम (१) ।]*

फेट (Surrounding, circle, compound, camp)- *ना.* भेग; टोल; घेरा; क्याम्पा; बस्ती; इलाका; क्षेत्र।

फेरहानी (Tax on hawkers)- *ना.*[फेरो+हान्+ई] घुमुवा वा घुमन्ते व्यापारीलाई लाग्ने दस्तुर; घुम्ती व्यापारकर; फौबन्जारी कर।

फेल जमानी (Self bail, self surety)- *ना.प.* आफ्नो जमानी आफैं बस्ने काम; फेला पर्ने वा भेपट्टाइने छु भनेर दिइने जमानी; फेला जमानी; काम हुने कुरो टुङ्गो नलागेसम्मलाई दिइने म्यादी जमानी; प्रतिदिन तारिखमा हाजिर हुने गरी लेखेको जमानी; रोबकारी हाजिर हुने जमानी।

फेलो चार्टर्ड एकाउन्टेन्ट (Fellow Chartered Accountant)- *ना.प.*[अङ्.] लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम "क" वर्गको दर्तावाला लेखापरीक्षक प्रमाणपत्र प्राप्त गरेको व्यक्ति; कम्तीमा पाँच वर्ष लेखाव्यवसायमा संलग्न रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्य। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ज१) र दफा १७।]*

फेहरिस्त (List, catalogue) - *ना.*[फा. फहरिस्त] कुनै विषयको क्रमबद्ध विवरण; फिरिस्त; सूची; तालिका।

फैसला (Decision, judgement)- *ना.*[अ. फैस्ल] मुद्दाको छानबिन गरेर अदालतले दिने निर्णय; वादी प्रतिवादीको उजुरी उपर अदालतले गरेको ठहर, निर्णय; अदालत वा न्यायिक निकायबाट भएको अन्तिम आदेश; फैसेला; फसला; निसाप। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २ को खण्ड (झ) ।]*

फैसला कार्यान्वयन निर्देशनालय (Judgement Execution Directorate)- *नाप.* सर्वोच्च अदालत र मातहतका अदालतबाट भएको फैसलाको कार्यान्वयन गर्न गराउन र सो कार्यको अनुगमन समेतको कार्य गर्न कानूनबमोजिम स्थापना गरिएको निर्देशनालय; फैसला कार्यान्वयनसम्बन्धी सर्वोच्च अदालतको मातहतको मुख्य निकाय वा संयन्त्र। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २ को खण्ड (ङ) र नियम 129 ।]*

फैसला वा अन्तिम आदेश पुनरावलोकन (Review of judgement or final order)- *नाप.* सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशलाई सोही अदालतले पुनः सुनुवाइ गर्ने काम; फैसला वा अन्तिम आदेशको पुनर्विलोकन।

फैसलाको पूर्णपाठ (Full text of judgement)- *नाप.* मुद्दामामिलामा मुद्दा हेर्ने अधिकारी वा अदालतले गरेको निर्णय वा अन्तिम आदेशमा सुरुदेखि अन्त्यसम्मको पूरा पाठ; फैसलाको पूर्ण र सग्लो सङ्कथन। तु. सारसङ्क्षेप/सङ्क्षिप्त पाठ।

फोगिन/फोंगिन/फुङ्गी (Panhandler, mendicant)- *वि.*[अमू. फुङ्+ग+इन] धनदौलत सबै उडेको; दरिद्र; तन्नम माग्ने कामबाट जीवन धान्ने; मगन्ते।

फोटोजन्य रचना (Photographic creation)- *नाप.* कुनै पनि वस्तुको धरातलमा चित्राकृति आउने गरी वा त्यस्तो धरातलबाट चित्राकृति पैदा गर्न सकिने गरी रासायनिक, विद्युतीय वा अन्य कुनै प्रविधिको सहायताबाट त्यस्तो धरातलमा प्रकाश वा अन्य विकिरणको अङ्कन गरी तयार गरिएको रचना; प्रकाश-रेखाद्वारा गरिएको रचना। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (घ) ।]*

फोहरमैला (Wastes)- *ना.*[फोहोर+मैला] फोहर र मैला; फोहोर वस्तु; वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु; घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला वा तत्काल प्रयोग हुन नसक्ने अवस्थामा

रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो; विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भई म्याद नाघेका पत्रु चिजबिज; अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेट; सिलबन्द खाद्य वा पेय पदार्थ उपभोग गरी खाली पारी फालिएका प्लास्टिक खोल; बोतल आदि।*[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (थ) र फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ण) ।]*

फोहरमैला उत्पादन स्रोत (Solid waste generation source)- *नाप.* फोहरमैला निस्कने, उब्जने वा फोहरमैला निस्कन सुरु हुने ठाउँ; फोहोर बन्ने वा निस्किने कुरा।*[हे.* फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम २ को खण्ड (क)।]

फोहरमैला ढुवानी (Waste transportation)- *नाप.* सङ्कलित फोहरमैला उत्पादन स्थलबाट फोहरमैला सङ्कलन केन्द्र; स्थानान्तरण केन्द्र, फोहरमैला व्यवस्थापन स्थल र विसर्जन स्थलमा लैजाने कार्य; फोहरमैला एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने काम।*[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ङ) ।]*

फोहरमैला प्रभावित क्षेत्र (Waste affected area)- *नाप.* फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित प्रभावित क्षेत्र; फोहरमैलाका कारण पर्यावरणमा असर पुगेको क्षेत्र।*[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ट) ।]*

फोहरमैला प्रशोधन (Waste recycling, waste processing)- *नाप.* फोहरमैलाको रूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया; फोहरमैलाको पुनःप्रयोग, पुनश्चक्र, रूपान्तरण।*[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ठ) ।]*

फोहरमैला प्रशोधन स्थल (Waste recycling site)- *नाप.* फोहरमैलालाई प्रशोधन गरी मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान।*[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ङ) ।]*

फोहरमैला बन्दपश्चात् व्यवस्थापन (Post closure waste management)- *नाप.* फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरेपछि सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य; पर्यावरणीय व्यवस्थापन।

फोहरमैला विसर्जन (Waste disposal)- *ना.प.* फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन; फोहरमैलालाई अन्तिम रूपले तह लगाउने काम। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (फ) ।]*

फोहरमैला व्यवस्थापन परिषद् (Waste Management Council)- *ना.प.* फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण गर्ने निकाय; फोहरमैला नीति परिषद्। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (झ) र दफा 23 ।]*

फोहरमैला व्यवस्थापन स्थल (Sanitary landfill site)- *ना.प.* फोहरमैला प्रशोधन गर्ने ठाउँ; फोहरमैला विसर्जन गर्न तोकिएको स्थल। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (त) ।]*

फोहरमैला सङ्कलन (Waste collection)- *ना.प.* फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य; फोहरमैला बटुल्ने काम। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (थ) ।]*

फोहरमैला सङ्कलन कन्टेनर (Waste collection container)- *ना.प.* फोहरमैला सङ्कलन गर्नका लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन; फोहरमैलाबाट मल वा यस्तै अन्य कुनै वस्तु उत्पादन गर्न राखिएको भाँडो; पत्रु चिजबिज राख्ने भाँडो। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ग) ।]*

फोहरमैला सङ्कलन केन्द्र (Waste Collection Centre)- *ना.प.* घरघरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न तोकिएको स्थान; घरघरमा फोहरमैला सङ्कलन गर्न आउन तोकिएको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ब) ।]*

फोहरमैला सङ्कलन तथा ढुवानी साधन (Waste collection and transportation vehicle)- *ना.* [फा.] फोहरमैला सङ्कलन गर्न र ढुवानी गर्नमा प्रयोग गरिने साधन, उपकरण वा औजार; फोहर उठाउन र ओसार्न प्रयोग हुने पन्जा, बेल्चा, ठेला, गाडी आदि साधन। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (द) ।]*

फोहरमैला स्थानान्तरण केन्द्र (Waste Transfer Centre)- *ना.प.* सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थलमा लैजानु अघि फोहरमैला सङ्कलनको लागि तोकिएको

स्थान; फोहरमैलालाई अस्थायी रूपमा राखिने ठाउँ। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (य) ।]*

फोहोर पानी (Waste water, contaminated water)- *ना.प.* खानेपानीको घरेलु तथा संस्थागत उपयोगपश्चात् निष्कासन हुने मानवमलमूत्रसहित वा रहित फोहोर पानी फोहोर पानीसँग मिसिएर आउने वर्षाको पानी। *[हे. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (त) ।]*

फोहोरमैला निष्कासन (Waste discharge)- *ना.प.* फोहरमैला उत्पादन स्थलबाट सङ्कलन स्थानमा ल्याउने वा निकाल्ने कार्य; फोहरमैला सङ्कलन स्थानमा फोहोर थुपार्ने कार्य। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ज) ।]*

फोहोरमैला न्यूनीकरण (Waste minimization, waste reduction)- *ना.*[फा.] कुनै प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (छ) ।]*

फोहोरमैला व्यवस्थापन (Waste management)- *ना.प.* फोहोरको उत्पत्तिदेखि विसर्जनसम्मको पूरा बन्दोबस्त; उत्पत्तिदेखि पुन:प्रयोग, पुनश्चक्र, विलय र भूभण्डारणसम्मका सबै चरणहरू पूरा गर्दै फोहोर तह लगाउने कार्य।

फौज (Troops, military, group)- *ना.* [अ.] सेना, पल्टन, समूह, जमात।

फौजदार (The then police, officer, magistrate) - *ना.*[फौज+दार] पहिले फौजदारी सम्बन्धी मुद्दा मामिला हेर्ने, मालपोत उठाउने काममा समेत नियुक्त हुने जिल्ला तहको एक प्रहरी अधिकारी।

फौजदारी (Events related to the various crimes, offences)- *वि.*[फौजदार+ई] कुटपिट, हत्या, चोरी, डकैती, अपहरण तथा शरीरबन्धक, मानवबेचविखन घटना वा मुद्दासम्बन्धी; असाधारण व्यवहार (पञ्चमहापातक) सम्बन्धी; पञ्चशील (अहिंसा, अचौर्य, अव्यभिचार; अदुर्व्यसन; सत्य) को उल्लङ्घनसम्बन्धी।

फौजदारी कार्यविधि (Criminal Procedure)- *ना.प.* फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, पुर्पक्ष सुनुवाइ, निरूपण र किनारासँग सम्बन्धित कार्यविधि; फौजदारी मुद्दामा कसुरदारको सुधार र पुन:स्थापना तथा पीडितको राहत, उद्दार तथा परिपूरण तथा पुन:स्थापनासम्बन्धी कार्यविधि।

फौजदारी न्याय (Criminal justice)- *ना.प.* फौजदारी न्यायप्रशासनको रोहमा सम्पादन गरिने न्याय; अपराधबाट सिर्जित अन्यायको समाधान; असाधारण व्यवहारबाट सिर्जित समस्या र अन्यायको समाधान।

फौजदारी मुद्दा (Criminal case)- देवानी मुद्दाको रूपमा परिभाषित गरिए बाहेकका कसुर सम्बन्धी मुद्दा; अपराधसँग सम्बन्धित मुद्दा। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा २ को खण्ड (ठ)।]*

फौबन्जार (Hawker, pedlar) - *ना.*[फा.] सामान बोकेर गाउँघर घुमेर बेच्ने व्यापारी, फेरीवाला, छकुबजारी।

फ्रीक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली (Frequency Modulation Broadcasting System)- *ना.*[फा.] फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण; सिग्नल, तरङ्ग वा आवाजको समायोजन गर्ने प्रविधिमा आधारित प्रसारण प्रणाली। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (ग)।]*

ब

बँधुवा (Captive, bondsman)- *वि.*[बाँध्+उवा] बन्धनमा राखिएको; बाँध्ने गरिएको। *ना.* बाँधा; लेनदेन वा काम गर्न निश्चित सर्तमा राखिएको।

बकपत्र (Testimony, statement given by witness)- *ना.*[बक्+अ+पत्र] मुद्दाका वादी वा प्रतिवादीका साक्षीले बकेको कुरा लेखिएको कागज; अदालतमा उपस्थित वादी/प्रतिवादीका साक्षीलाई गरिएको मौखिक वा लिखित सवाल र तिनले दिएको मौखिक वा लिखित जवाफलाई लेखबद्ध गरिएको लिखत।

बकस (Gift, reward)- *ना.*[फा. बख्स] कसैका कुनै कार्यव्यवहार वा शीलस्वभावबाट सन्तुष्ट भई खुसियालीपूर्वक केही उपयोगिता प्रदान गर्ने काम; इनाम; बक्सिस; पुरस्कार; पारितोषक; फुक्यौंनी; कुनै व्यक्तिले आफूलाई पालनपोषण गरी वा अन्य तवरले रिझाएबापत वा पारिवारिक स्नेह वा अनुरागको कारण आफ्ना हक र स्वामित्व पुग्ने सम्पत्ति इनाम, पुरस्कार वा बक्सिसका रूपमा त्यस्ता रिझाउने व्यक्तिलाई निःशुल्क रूपमा दिने कार्य। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४०६ को उपदफा (२) ।]*

बकसपत्र (Devise, a deed of legacy, a deed of gift)- कसैलाई खुशी पारे बापत कुनै चल वा अचल सम्पत्ति बकसको रूपमा दिँदा लेखी दिने कागज; बकस दिनेले बकस पाउनेलाई पाएको बकसको स्वामित्व हस्तान्तरण गरेको वैध लिखत।

बकाउनु (To take statement, cause to express) - क्रि.[बकाउ+नु] बक्न लगाउनु; सोधपुछ गरेर कसैलाई केही कुरा भनाउनु; भन्न लगाउनु; साँचो कुरा खोल्न लगाउनु; बयान गराउनु; बकपत्र गराउनु।

बकितम् (Oral statement)- *ना.*[सं. वक्तव्यम्] बकेको वा बोलेको कुरा; मौखिक बयान।

बक्कर (Debate, conflict, competition)- *ना.*[सं. वक्र] विवाद; द्वन्द्व; प्रतिष्पर्धा। *वि.* बाङ्गो।

बक्नु (To state, to tell, to give statement)- क्रि.[बक्+नु] सम्बन्धित विषयमा आफूसँग सोधिएको कुरा बताउनु; आफूले देखेबुझेको कुरा व्यक्त गर्नु; बताउनु; कुनै घटनाबारे मौखिक वर्णन गर्नु; मुद्दाको सम्बन्धमा जानेको सुनेको कुरा भन्नु; भित्री कुरा खोलेर भन्नु वा बयान गर्नु; साक्षीले उत्तर दिँदा वा धामीले काम्दा विभिन्न कुरा बोल्नु; बकपत्र गर्नु; बयान गर्नु।

बक्यौता (Arrear, backlog)- *ना.*[बाँकी+यौता] बरबुझारथ गर्न बाँकी रहेको; असुलउपर गर्न बाँकी रहेको; तिर्नबुझाउन बाँकी।

बक्यौता लगत (Backlog records, records of arrears)- *ना.प.* बरबुझारथ गर्न बाँकी रहेको लगत; असलउपर गर्न बाँकी रहेको कर, जरिबाना, कैद, महसुल; शुल्क, बेरुजु आदिको विवरण।

बक्सिनु (To give, to bestow) - क्रि.[बक्स+नु] बकस दिनु; बकस दिने काम गरिनु।

बक्सिस (Reward, present, gift)- कुनै काम गरे बापत वा रिझाए बापत पारिश्रमिकका अतिरिक्त इनाम स्वरूप दिइने रकम वा वस्तु।

बक्सौनी/बक्साउनी/बक्स्यौनी (Payment for compromise, fees for reconciliation or gift)- *ना.* [फा. बख्स+आउ+नी] न्यायकर्तालाई रिझाउनका लागि बुझाउनुपर्ने दस्तुर; मुद्दा मिलापत्र गर्दा लाग्ने दस्तुर; बकस पाएबापत लाग्ने दस्तुर।

बखत (Time, season, opportunity)- *ना.*[अ. वक्त] जमाना, समय; मौका; बेला; अवसर।

बखान (Description)- *ना.*[सं. व्याख्यान] कुनै कुराको वर्णन; बयान।

बखेडा (Disturbance, trouble, strife, difficulty, racket)- *ना.*[सं. व्याक्षेप] झगडाको निहुँ; खिचलो; खुर्ची; दुई थरीका बिचमा भएको झगडा; खिचोला; निहुँ; कचिङ्गल।

बख्तर (Armour)- *ना.*[फा. बख्तर] लडाइँमा योद्धाहरूले लगाउने फलामका सिक्रीले बनेको विशेष लुगा वा कपडा; गोली हतियारले नछेड्ने किसिमको डाङ्ग्री।

बख्तरबन्द (Armoured warrior)- *वि.*[बख्तर+बन्द] शस्त्रले सुसज्जित; कवच वा बर्मले सज्जिएको योद्धा; गोली हतियारले नछेड्ने किसिमको डाङ्ग्री लगाएको वा त्यस किसिमको साधनमा बन्द रहेको।

बगर (River bank, sand bank)- *ना.*[प्रा. बिगाड>गुज.बगड>बगर] गाड (नदीभन्दा सानो खोलाभन्दा ठूलो मझौला जलप्रवाह), खोला वा नदी किनारको बलौटे जमिन; बग्रेन।

बगली मार्नु (Pickpocketing)- क्रिप. पैदल हिँडिरहेको, सवारी साधनमा यात्रा गरिरहेको वा कुनै सार्वजनिक स्थानमा रहेको व्यक्तिका बगली (खल्ती वा गोजी) वा निजका साथमा रहेका थैली, झोला वा अन्य साधनमा रहेको नगद वा धनमाल लिनु; त्यसरी धनमाल लिएर चोरी गर्नु। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २४६ को उपदफा (२) ।]*

बगलीमारा (Pick-pocket, pocket cutter, purse cutter, pocket snatcher)- *ना.*[बगली+मार] पैदल हिडिरहेको, सवारी साधनमा यात्रा गरिरहेको वा कुनै सार्वजनिक स्थानमा रहेको व्यक्तिले थाहा पाउने वा नपाउने गरी निजको बगली वा थैली, झोला वा अन्य कुनै किसिमको साधनमा रहेको नगद वा धनमाल लिने व्यक्ति; कसैको बगली, गोजी, खल्ती वा पकेटमा रहेको रुपैयाँ पैसा

आदि चोर्ने व्यक्ति; पकेटमारा; खल्ती चोर। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २४६ को उपदफा (२) ।]*

बगावत (Revolt)- *ना.*[अ. बागी+आवत] विद्रोह; बागीको काम।

बग्रान (Gravel pit)- *ना.*[बगर+आन] नदी किनारको गेगर भएको जमिन।

बङ्कर (Bunker)- *ना.*[अङ्.] शत्रुका आक्रमणबाट बच्न जमिनमुनि बनाइएको सुरक्षित घर; युद्ध, प्रकोप वा सङ्कटका अवस्थामा सुरक्षित रहनका लागि बनाइएको मजबुत संरचना।

बचत (Savings, surplus)- *ना.*[बत्+अत] खर्च गरेर बाँकी रहेको धन वा मालवस्तु; सदस्यले बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थामा जम्मा गरेको रकम; बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थामा जम्मा गरिएको निक्षेप; सञ्चय; बचोट। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (च) ।]*

बचत खाता (Savings account)- *ना.प.* बचावट खाता; सञ्चिती खाता; ग्राहकले बैङ्क वा वित्तीय संस्थामा बचतको निमित्त राखेको रकमको हरहिसाब लेखिएको खाता; बैङ्कमा निक्षेप थप्दै जम्मा गर्दै बढाउँदै लैजान मिल्ने र त्यसै अनुसार रकम फिर्ता झिक्न मिल्ने खाता; बैङ्कमा राखिएको निक्षेप मौज्दातका आधारमा आवधिक रूपमा ब्याज पाइने प्रकृतिको बैङ्क खाता। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (स) ।]*

बचाउ (Saving)- *ना.*[बच्+आउ] बचाउने काम; जोगाउने वा जगेर्ना गर्ने काम; सुरक्षा; हिफाजात; बचावट; कुनै चालु कानून खारेज भएमा सोअनुसार विगतमा भएगरेका काम अवैध नहुने प्रावधान रहने कानूनी उपबन्ध; अगिल्लो कानूनमा भएगरेको कामकारबाहीलाई कानून खारेज भए पनि पछिल्लो कानूनद्वारा बचाउने वा जोगाउने काम; कुनै कानून खारेज गर्दा खारेज गरिएको कानूनबमोजिम भए गरेका कामकारबाहीलाई खारेज गर्ने कानूनबमोजिम भए गरेको मानिने व्यवस्था; प्रतिरक्षा; विशेषत: फौजदारी मुद्दामा प्रतिवादीको तर्फबाट निजको सर्वोत्तम हितरक्षाका लागि गरिने कानूनी टेकोपिँडो।

बच्चा (Infant)- *ना.*[सं. वत्स] बाह्र महिनासम्मको उमेरको शिशु; बालक; सन्तान।

बजार मूल्य (Market value)- *ना.प.* कुनै सम्पत्ति वा सेवाका सम्बन्धमा असम्बन्धित व्यक्तिहरूबिच सामान्य बजार व्यवहारको सिलसिलामा सेवा वा सम्पत्तिको सामान्य कारोबार मूल्य; औसत किनबेचका लागि तय हुने मूल्य। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ष) ।]*

बजेट मार्गदर्शन (Budget Guidelines)- *ना.प.* राष्ट्रिय योजना आयोगले तयार गरेको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा; बजेट बनाउने र कार्यान्वयन गर्ने बारेको दिग्दर्शन। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (झ) ।]*

बजेट समिति (Budget Committee)- *ना.प.* सङ्घीय निकायहरूको कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी कार्यको समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न गठित समिति। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ञ) ।]*

बझान/बजान (Wrangle, feud)- *ना.*[बाझ्+आन/बज्+आन] बज्ने क्रिया वा अवस्था; दुई कुरा टक्कराएर आवाज निस्कने अवस्था; झगडा; बाझो।

बटैया (Division into half share)- *ना.*[बाँट्+ऐया] मोहीले कमाएको जग्गामा उब्जिएको बाली जग्गाधनी र मोहीको बिचमा बाँडेर लिने काम वा चलन; अधियाँ; धनी बोटी र बनी बोटी।

बडघर (One who cultivates other's barren land for the first time, village head in Tharu community)- *ना.*[था.] अर्काको बाँझो जग्गा पहिलो पल्ट आवाद गर्ने किसान वा व्यक्ति; थारु समुदायमा समस्या समाधान गर्न गाउँघर मिलेर वर्षभरिका चयन गरिएको मुख्य व्यक्ति; बरघर; जेठरैती।

बडाकाजी (Chief executive during Rana regime, a higher post of the government office during Rana regime)- *ना.*[बडा+काजी] राणाकालीन शासनव्यवस्था सुरु हुनुपूर्व न्यायिक प्रशासनिक फाँटको मुख्य अधिकारी; ठुला काजी; काजीमध्येका मुख्य; मुख्त्यार।

बडापत्र (Charter)- *ना.*[बडा+पत्र] कुनै सरकार, सङ्घसंस्था आदिद्वारा अवलम्बित मूल सिद्धान्त र नीति नियमको घोषणा गर्ने लिखत; संयुक्त राष्ट्रसङ्घको स्थापनाकारी विधानपत्र; सरकारी वा गैरसरकारी कार्यालयहरूले आफ्ना सेवाग्राहीलाई दिने सेवा र सो सेवाप्रदान गर्ने प्रक्रिया, समय वा दस्तुर खुलाई सार्वजनिक गरेको सूचनात्मक लिखत (नागरिक बडापत्र)।

बडाहाकिम (District chief officer, chief administrator)- *ना.*[बडा+हाकिम] राणाकालयता केही समय केन्द्रीय सरकारको प्रतिनिधित्व गरी प्रशासन गर्ने जिल्लाको सर्वोच्च प्रशासक; जिल्लाका हाकिममध्ये सबैभन्दा ठूलो हाकिम।

बडेमान (Huge, gigantic, enormous)- *वि.*[बडो+महान्] ज्यादै ठूलो; बडेमाको; अजङ्ग।

बढबन्धकी (Additional loan for the mortgaged land, a deed of usufructuary mortgage with conditions not to redeem within the prescribed time)- *ना.*[बढ+बन्धकी] बन्धकी जग्गा लिएबापत बिचबिचमा थपिएको ऋण; भोगबन्धकी दिएकोमा यति अवधिसम्म निखन्ने छैन भन्ने सर्त राखी लेखिएको लिखत।

बढाबढ (Bidding competition)- *ना.*[बढ्+आ+बढ्] बडाबड; ठेक्कापट्टा, लिलामको वस्तु आदिको मोल एक अर्कालेबढी कबुल गर्ने काम; धमाधम बढ्ने काम।

बढुवा (Promotion)- *ना.*[बढ्+उवा] पदोन्नति; तल्लो पदबाट माथिल्लो पदमा वृद्धि हुने कार्य; स्तरवृद्धि; श्रेणीगत बढोत्तरी।

बढुवा समिति (Promotion Committee)- *ना.प.* कर्मचारी दरबन्दीको माथिल्लो तहको कुनै पद रिक्त भई तल्लो पदमा कार्यरत जनशक्तिबाट सो पद पुर्ताल गर्नका लागि उम्मेदवारहरूबाट योग्यतम कर्मचारी छनोट गरी बढुवाका लागि सिफारिस गर्ने समिति; बढुवा सिफारिस गर्न गठित समिति।

बढौनी (Increment, promotion, progress)- *ना.*[बढाउ+नी] वृद्धि; उन्नति; पदोन्नति; बढौती; बढाइचढाइ।

बदअमली (Disorder, chaos, administrative mis-management)- *ना.*[फा.] दुर्व्यवस्था; अव्यवस्था; प्रशासनिक कुप्रबन्ध।

बदनाम (Infamous, infame, denunciation, illfame)- *वि.*[फा.बद+नाम] निन्दा गरिएको; कुख्यात; दुर्नाम।

बदनामी (Infamy, disrepute)- *ना.*[बदनाम+ई] बदखवाइँ; निन्दा; अपकीर्ति; दुर्नामी; कुख्याति।

बदनियत (Ill intention, malicious intention, malafides)- *ना.*[बद+नियत] खराब नियत; बेइमानी; दुषित मनसाय। *वि.* जानीजानी कर्तव्य वा दायित्व पूरा नगर्ने; दुराचारी; दुष्ट

बदमास (Wicked, rascal, naughty)- *ना.*[बद+मास] फटाहा मानिस; सिल्ली मानिस। *वि.* खराब कामबाट जीवन निर्वाह गर्ने; दुराचारी; फटाहा; दुष्ट; सिल्ली; दुष्चरित्री।

बदर (Void, annuled, nullified)- *वि.*[फा.] कानूनी रूपमा कुनै प्रभाव नभएको वा मिल्न नआएको; सदर नभएको; साँचो नठहरिएको; अस्वीकृत भएको; खारिज; रद्द; मानशून्यकृत।

बदर गराउन सकिने करार (Voidable contracts)- *ना.प.* करारका पक्षको प्रयासमा अदालतबाट बदर घोषित गराउन सकिने करार; करकापबाट भएको करार; अनुचित प्रभावबाट भएको करार;

जालसाजबाट भएको करार र झुक्याई गराएको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१८ उपदफा (१) र (२) ।]*

बदर हुने करार (Void contracts)- *ना.प.* कानूनबमोजिम मान्य नहुने करार; कानूनले निषेध नगरेको पेसा, व्यापार वा व्यवसाय गर्नबाट कसैलाई रोक लगाइएको करार; कानूनले निषेध गरेको विवाहबाहेक अन्य विवाहमा रोक लगाइएको करार; सर्वसाधारणले उपभोग गरिरहेको सुविधा कसैलाई उपभोग गर्नबाट रोक लगाइएको करार; कसैले पाएको कानूनी अधिकार कुनै अदालतबाट प्रचलन गराइपाउनबाट रोक लगाइएको करार; कानूनको विरुद्धमा भएको वा प्रचलित कानूनले निषेध गरेको कुरामा भएको करार; अनैतिक उद्देश्यका लागि वा सार्वजनिक सुव्यवस्था वा हितका विरुद्धमा भएको करार; करार भएको विषयवस्तु करार गर्ने पक्षहरूलाई स्पष्ट रूपमा यकिन वा थाहा नभएबाट पूरा गर्न नसकिने अवस्थामा भएको करार; करार गर्दाकै अवस्थामा पूरा गर्न असम्भव भएको करार वा काल्पनिक करार; करारका विषयवस्तुको मनासिब अर्थ दिन नसक्ने भई अस्पष्ट रहेको करार; करार गर्न अयोग्य व्यक्तिबाट भएको करार; गैरकानूनी उद्देश्य भएको करार; करारको अत्यावश्यक तथ्यको विषयमा करार गर्दाका बखत करारका दुवै पक्षहरूको भूलबाट भएको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५१७ को उपदफा (१) र (२) ।]*

बदला (Revenge, vengeance, exchange)- *ना.* [अ.] प्रतिकार; साटो; साटफेर; सट्टापट्टा; प्रतिभर्ना; पुर्ताल।

बदी (Mischief, substandard, wickedness)- *ना.*[फा.] बदनाम; बेइज्जत; खराबी; कमसलपन; खराब काम; दुराचार।

बधकारी (Murderer, homicider)- *वि.*[सं. वध+कार+ई] हत्यारा; वधिक; हत्याकारी।

बधिक (Murderer, killer)- *वि.*[सं. वधिक] ज्यान मार्ने; ज्यानमारा; हत्यारा।

बनीबुतो (Daily wage based labourer)- *ना.* ज्याला वा पारिश्रमिक लिएर गरिने अर्काको मेलापातको काम; ज्यालादारी; मजदुरी।

बन्जर (Barren or unproductive land)- *वि.*[सं. बन्ध्य] बाँझिएको; केही नउम्रने; उसर; बाँझो; बन्जार (जमिन)।

बन्डा (Partition, apportion)- *ना.*[बाँड्+आ] भाग लगाउने काम; जग्गा, सम्पत्ति आदि एक अर्कालाई बाँड्ने काम; फाँट छुट्याउने काम; अंश; भाग; बाँडफाँट।

बन्डापत्र (Deed of partition, deed of separation, deed of coparcenery)- *ना.*[बन्डा+पत्र] अंसियारहरूबिचको साझा वा सगोलका चलअचल सम्पत्ति बाँडेर आफ्नाआफ्ना भागमा पर्नेजतिको स्वामित्व आफूमा सार्ने कामको बेहोरा खुलेको लिखत वा कागज; बाँडफाँटको पत्र वा कागज; सगोलको सम्पत्ति भागबन्डा गरेको बेहोराको लिखत वा कागज।

बन्डेड वेयर हाउस (Bonded warehouse)- *ना.प.* विदेशमा निकासी गरिने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ वा करमुक्त पसलमा बिक्री गरिने मालवस्तु बैङ्क जमानत सुविधामा पैठारी गरी राख्न भन्सार विभागबाट इजाजतप्राप्त गोदाम; पैठारी भएका वस्तु वैधानिक रूपले भण्डार गर्न पाइने स्थान। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ढ) ।]*

बन्द इजलास (In-camera bench)- *ना.प.* कुनै मुद्दामामिलाको कारबाही र सुनुवाइ हुँदा कार्यकक्ष वा इजलास सबैका लागि खुला वा सार्वजनिक प्रकृतिको नबनाई न्यायाधीश, मुद्दाका पक्षविपक्ष, पक्षविपक्षका कानून व्यवसायी र अदालतले अनुमति दिएका विवादसँग सार्थक सम्बन्ध भएका व्यक्तिसम्मले मात्र प्रवेश गर्न पाउने इजलास; खुला वा सार्वजनिक नभएको इजलास; सीमित इजलास। तुल. खुला इजलास।

बन्द सत्र (Closed session)- *ना.प.* सङ्घसंस्थाका वैधानिक सङ्गठनात्मक क्रियाकलापका रूपमा आयोजित साधारण सभा, भेला, सम्मेलन वा बैठकमा वैधानिक सदस्यहरू मात्र उपस्थित रहने कक्ष; भेला, बैठक वा सभाको वैधानिक कार्यसत्र। तुल. खुला सत्र।

बन्दसवाल (Letters rogatory, statement to be taken through other courts)- *ना.*[बन्द+सवाल] मुद्दाको सिलसिलामा साक्षी वा सरोकारवाला व्यक्तिलाई सम्बन्धित अड्डा अदालतले जवाफका लागि खामबन्दी गरी सोधेर पठाइने प्रश्नावली; मुद्दाका साक्षी वा बुझ्नुपर्ने कुनै मानिस मुद्दा चलिराखेको अड्डा अदालतका इलाका वा क्षेत्राधिकारभन्दा फरक अड्डा अदालतका इलाका वा क्षेत्राधिकारमा रहेभएको अवस्थामा त्यस्तो व्यक्तिको बकपत्र वा बयान गराउनका लागि अड्डा अदालतका तर्फबाट सोध्नुपर्ने प्रश्न वा सवालहरू लेखिएको पत्र खामबन्दी गरी त्यस्तो व्यक्ति रहेको क्षेत्राधिकारको अड्डा अदालतमा पठाई त्यहाँबाट बयान वा बकपत्र गराउने लिखित विशेष।

बन्दसूची (Closed list)- *ना.*[बन्द+सूची] थपघट गर्न नपाइने गरी तयार गरिएको सूची; अप्रकाशित सूची।

बन्दाबन्दी (Lock-down)- *ना.*[बन्द (द्वि.)+ई] पूर्ण रूपमा बन्द भएको अवस्था; महामारी, द्वन्द्व वा हुलदङ्गा आदिका कारणले सार्वजनिक रूपले जनसाधारणले एकआपसमा सम्पर्क गर्न वा खुलमखुला आवतजावत गर्न नसक्ने अवस्था; यस्तो सङ्कट वा बन्द परिवेश रहेको सरकारले औपचारिक घोषणा गरेको परिस्थिति।

बन्दिलो (Well-off, rich)- *वि.*[बाँध्+इलो] राम्ररी बाँधिएको; कसिलो; राम्ररी बन्द गरिएको; राम्रो बन्दोबस्त भएको; धनी।

बन्दी (Detainee, prisoner, imprisioned, captive)- *ना.*[सं. बन्धी] थुना वा कारागारमा थुनिएको व्यक्ति; बन्धनमा पारिएको व्यक्ति; बन्धक बनाइएको व्यक्ति; थुनुवा; कैदी।

बन्दीखाना/बन्दीगृह (Prison, jail)- *ना.*[बन्दी+खाना/गृह] थुनुवालाई राख्ने घर; कैदखाना; झ्यालखाना; फौजदारी कसुरमा आरोपित वा कसुरदार ठहरेका व्यक्तिहरूलाई तिनका फुक्का घुमफिर गर्ने आदि स्वतन्त्रता वञ्चित गरी गास; बास र कपाससहितका आधारभूत मानवीय आवश्यकता भने पूरा हुने गरी राखिने आवासीय सुविधागृह।

बन्दीप्रत्यक्षीकरण (Habeas corpus)- *ना.*[बन्दी+सं. प्रत्यक्षीकरण] थुनामा रहेको वा बेपत्ता पारेको व्यक्तिलाई अदालत वा न्यायाधीशसमक्ष उपस्थित गराउन अदालतले दिने विशिष्ट आदेश; बन्दीलाई अदालत वा न्यायाधीशसमक्ष उपस्थित गराउने अदालतको लिखित आदेश; कुनै व्यक्तिलाई कानूनविपरीत वा प्रवृत्त भावनाले वा बदनियतसाथ थुनामा राखेको अवस्थामा थुनामा राख्नुको कारणसहित बन्दीलाई अदालतमा उपस्थित गराई थुना वा बन्दी बनाइएको कार्यको वैधानिकताको परीक्षण गरी थुन्ने वा बन्दी बनाउने कार्य अवैधानिक देखिएमा त्यस्तो व्यक्तिलाई थुना वा बन्दी अवस्थाबाट तत्काल मुक्त गर्न वा छुटकारा दिन थुन्ने अधिकारीविरुद्ध अदालतबाट जारी हुने असाधारण आदेश।

बन्देज (Prohibition, ban, restraint, restriction) - *ना.*[सं. बन्धन] रोकावट; प्रतिबन्ध; विशेष बन्दोबस्त वा सर्तबन्दी; हैकम; तैनाथी वा नियन्त्रण।

बन्दोबस्त (Management, arrangement)- *ना.*[फा.] कुनै विषयको कामकारबाहीको चाँजोपाँचो; प्रबन्ध; व्यवस्था; इन्तजाम; इन्तिजाम।

बन्धक (Pledge, a thing mortgaged, hostage)- *वि.* [सं.] बन्धकी राखिएको धनमाल आदिको धितो; धरौटी; रुपैयाँपैसा असुल्ने दृष्टिले कसैलाई बन्धनमा राख्ने वा थुन्ने काम।

बन्धकी (Mortgaged, guaranteed, surety, pledged)- *ना.*[सं. बन्धक+ई] बन्धन गरिएको धन; ऋण लिएबापत राखिएको धितो; साहुसँग ऋण लिएबापत कसैले आफ्नो हक, स्वामित्व वा

भोगको अचल सम्पत्ति वा त्यसको कुनै अंश लिखत भएको मिति वा निश्चित समयावधि पश्चात् भोग गर्न पाउने गरी साहुलाई भोग गर्न दिएको सम्पत्ति; धितो; जमानत; प्रत्याभूति; जाकटी; धरोट/धरौटी। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४३५ को उपदफा (१) ।]*

बन्धन (Prohibition, restriction)- *ना.* [सं.] बन्देज; प्रतिबन्ध।

बन्धनकारी (Binding, obligatory)- *वि.*[बन्धन+कार+ई] बन्धनमा पार्ने; बाँध्ने वा भनेअनुसार गर्न बाध्य तुल्याउने; उत्तरदायी वा कर्तव्यपरायण बनाउने; कुनै सर्त वा नियम पालन गर्न अनिवार्य गर्ने।

बन्धपत्र (Bond)- *ना.*[सं. बन्ध+पत्र] सरकार वा कुनै सार्वजनिक संस्थाद्वारा जारी गरिएको ऋणपत्र।

बट्टा (Commission, loss)- *ना.*[प्रा. बाट्ट] एक देशको मुद्रा अर्को देशको मुद्रासँग सटही गर्दा लाग्ने थप दस्तुर; कामकाज वा बन्द व्यापार गर्दा लाग्ने घाटा वा नोक्सानी; कुनै सामन वा रकमकलम लेनदेन, साटफेर वा किनबेच गर्दा त्यसको मूल्यबाट केही अंश काटेर लिनेदिने भागविशेष; केही काम पक्का गर्न दिइने अग्रिम अंश (जस्तैः बैनाबपट्टा)।

बपौती (Ancestral property, patrimony, inheritance)- *ना.*[सं. वप्र>बाप+औती] पैतृक सम्पत्ति; बाबुबाजेले छाडेर गएको धन सम्पत्ति; अपुताली; विरासत।

बफादार (Obedient, turstworthy, loyal, faithful)- *वि.*[फा. वफा>बफा+दार] आज्ञाकारी; वचन र कर्तव्यको पालना गर्ने; विश्वासिलो; वफादार; आफूले दिएको वचन वा गर्छु भनेको कुरा पूरा गर्ने।

बफादार/ वफादार (Loyal, obedient, faithful)- *ना.*[फा. वफा+दार] कर्तव्यपरायण; वचनपालक; लपनछपन नगरी कर्तव्य पुरा गर्ने; आज्ञाकार।

बफादारी (Obedience, loyalty)- *ना.* बफादार हुनुको अवस्था; विश्वासिलोपन; बचन वा कर्तव्यबद्धता।

बबन्डर/बवन्डर (Uproar, pandemonium, noise bustle) - *ना.* कुनै घटनाका कारणबाट भएको होहल्ला; कोकोहोलो; उत्पात; हुलदङ्गा।

बम (Bomb)- *ना.*[अङ्.] रासायनिक वा आणविक ऊर्जा प्रयोग गरी हिंसात्मक ढङ्गले कुनै वस्तु संरचना वा जिउधनलाई विनाश वा ध्वंस गर्न सक्ने विस्फोटक यन्त्र; कुनै विस्फोटक पदार्थ वा अन्य कुनै साधन, सूत्र, प्रक्रिया वा उपायद्वारा आफै वा अन्य कुनै पदार्थद्वारा विष्फोटन हुने

गरी बनाइएको ग्रिनेड वा त्यस्तै प्रकृतिको अन्य विस्फोटक पदार्थयुक्त वस्तु वा पदार्थ। *[हे. मुलुकी अपराध संहिता,२०७४ को दफा १३८ को उपदफा (१) को स्पष्टीकरण र विस्फोटक पदार्थ ऐन, २०१८ को दफा २ को खण्ड (क१) ।]*

बयान (Statement, affidavit, description)- *ना.* [अ.] अड्डा अदालतमा प्रतिवादी वा अभियुक्तको मुद्दामामिला वा अपराधका सम्बन्धमा दिने मन्तव्य वा राख्ने भनाइ; कुनै वस्तु, घटना, वारदात, व्यक्ति आदिका बारेमा गरिने सिलसिलेबार वर्णन, वृत्तान्त पा नालीबेली; बखान वा बेलीबिस्तार।

बयाना (Money in advance)- *ना.* पेस्की; बैना; अग्रिम भुक्तानी।

बरघर (Village head)- *ना.*[था.] गाउँको अगुवा; बडघर; गाउँलेहरू मिलेर एक वर्षका लागि चुनेर बनाइएको मुखिया।

बरबाद/बर्बाद (Devastated, ruined, wasted)- *वि.*[फा.] बिग्रेको; नासिएको; बेथितिसँग रहेको; भताभुङ्ग भएको; लठिबज्र भएको।

बरबुझारथ (Handover, clearance, acceptance of charge)- *ना.*[बुझारथ (द्वि)] आफ्ना जिम्माको नगदी, जिन्सी र कागजपत्रहरू साबिकवालाले हालवालालाई बुझाउने काम; फछर्योट गर्ने काम; बुझारथ; बुझबुझारथ।

बरामद/बरामदी (Seizure)- *ना.*[फा.] अपराध अनुसन्धान गर्दा अनुसन्धानकर्ताले अपराधसँग सम्बन्धित दसी प्रमाण फेला पार्ने काम; कसुरदारद्वारा दबाइएका तथा चोरिएका सामान खोजतलासद्वारा फेला पार्ने काम; सबुदप्रमाण फेला पार्ने र तिनको अभिलेख सुरक्षित गर्ने काम; खानतलासीबाट प्राप्त भएको त्यस्तो वस्तुको दाखिला।

बरामदी मुचुल्का (Deed of seizure)- *ना.प.* बरामद भएका सामान वा चिजवस्तुको नाम, रूप, नाप, परिमाण आदि आवश्यक तथ्यगत विवरण, बरामद गर्दाको प्रक्रिया र बरामद प्रक्रियामा सरिक वा सो कार्य देख्ने मानिसहरूसमेतको नामनामेसी खुलेको लिखत; बरामदी कागज; बरामद गरिएका सामानको विवरण।

बर्खास्त (Dismissal, sack, fired, adjournment of bench)- *ना.*[फा.] पेसा वा पदबाट हटाएको; खोसुवा; खारेज गरिएको; इजलासको समापन; बरखास्त।

बर्खिलाप (Breach, violation, versus, contrary, against)- *वि.*[फा. बर+अ. खिलाफ] प्रतिकूल; विरुद्ध; उल्लङ्घन; विपरीत।

बर्ड फ्लू (Bird flu)- *ना.प.* एभियन इन्फ्लुएन्जा भाइरस टाईप "ए" को एच ५ र एच ७ सब-टाइप वा इन्ट्राभेनस प्याथोजेनेसिटी इन्डेक्स कम्तीमा १.२ भएको एभियन इन्फ्लुएन्जा टाईप "ए" भाइरसको सङ्क्रमण; विश्वस्वास्थ्य सङ्गठनले परिभाषित गरेको हाइली प्याथोजेनिक एभियन इन्फ्लुएन्जा "ए" भाइरसको सब-टाइपबाट उत्पन्न हुने रोग वा सङ्क्रमण। *[हे. बर्ड फ्लू नियन्त्रण नियमावली, 2078 को नियम 2 को खण्ड (छ)]*

बर्ड फ्लू नियन्त्रण समन्वय समिति (Bird Flu Control Coordinating Committee)- *ना.प.* बर्ड फ्लू रोकथाम तथा नियन्त्रण सम्बन्धमा सरोकारवाला निकायसँग समन्वय गरी प्राविधिक कार्य गर्ने समिति। *[हे. बर्ड फ्लू नियन्त्रण नियमावली, 2078 को नियम 2 को खण्ड (ञ) र नियम 3]*

बर्ड फ्लू नियन्त्रण समिति (Bird Flu Control Committee)- *ना.प.* बर्ड फ्लू नियन्त्रणसम्बन्धी कार्य गर्न जिल्लास्तरमा गठित र कार्यरत समिति। *[हे. बर्ड फ्लू नियन्त्रण नियमावली, 2078 को नियम 5 उपनियम (1)]*

बर्दी/ वर्दी (Livery, uniform)- *ना.* [अ.] उर्दीपोसाक; निर्धारित पहिरन विशेष; एकै पेसा, क्षेत्र वा वर्गका मानिस कर्मचारी; सेना; प्रहरी; विद्यार्थी आदिले लगाउने निर्धारित रङ, काँट वा बान्कीका लत्ताकपडा।

बर्बर/ वर्वर (Brutal, barbarous, savage)- *ना.* [सं.] निर्मम; जङ्गली; असभ्य।

बर्से/वर्षे बिदा (Summer vacation)- *ना.प.* वर्षा याममा शिक्षण संस्थामा पठनपाठन बन्द गरी शिक्षक र विद्यार्थीलाई निश्चित अवधिको लागि दिइने बिदा।

बलजफती (By force, forcibly) - *ना.* बलमिचाइँ; पेलपाल गर्ने काम; जबरजस्ती; बलपूर्वक गरिएको काम।

बलपूर्वक गर्भपतन (Forced abortion)- *ना.प.* सुरक्षित गर्भपतन गराउन पाउने अवस्थामा बाहेक गर्भपतन गर्ने वा गराउने नियतले भएगरेको करकापपूर्ण तरिकाको गर्भ तुहाउने क्रिया; गर्भपतन हुन सक्ने कुरा जान्दाजान्दै वा विश्वास हुँदाहुँदै गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाईफकाई वा प्रलोभनमा पारी गर्भ तुहाउने कार्य।

बलमिचाइँ (Forcible, unauthorized encroachment)- *ना.*[बल+मिच्+आइँ] जबर्जस्ती; अनधिकार रूपमा वा जबर्जस्ती अर्काको हक मिच्ने काम।

बलात्कार (Rape, non-consensual sexual intercourse)- *ना.* [सं.] बलात् गरिएको जुनसुकै कार्य; जबर्जस्ती करणी; महिलाका इच्छाविरूद्ध गरिने निजसँगको बलपूर्वकको सम्भोग वा मैथुन; करबल प्रयोग गरी गरिएको आपराधिक कार्य।

बलाधिकृत (Chief of the general staff)- *ना.* [सं.] सबै अधिकृतहरूमा मुख्य; प्रमुख सेनापति।

बलिदान (Sacrifice, relinquish)- *ना.*[सं.बलि+दान] लोकहित वा राष्ट्रहितका लागि त्याग; उत्सर्ग; ठूलो योगदान; ज्यानसमेतको वास्ता नराखी दिइने देन।

बल्लाबल्ली (Shorter leftover woods)- *ना.* रुख कटानी भएर नापोअनुसारका काठका गिँड उठाई सकिएपछि बाँकी रहन गएका सानासाना ठेउका वा मुढा; दस सेन्टिमिटर भन्दा बढी तीस सेन्टिमिटरसम्म व्यास भएको र छ फिटभन्दा बढी लम्बाइ भएको गोलिया काठ।

बसबिसौनी (Bus stop)- *ना.*[अङ्. बस+ बिसाउ+नी] यात्रीबाहक सार्वजनिक सवारीमा यात्री चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँ; बसबिसाउनी; सार्वजनिक सवारी साधन अडिने र यात्रु ओराल्ने र चढाउने ठाउँ।*[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (म) ।]*

बसाईं (Migrate, changing the residence)- आफू बसेको गाउँ, बस्ती वा देश छाडी अर्कै देश, गाउँ वा बस्तीमा गएर गरिने बसोबास।

बसाईंसराइ (Migration)- *ना.*[बसाईं+सराइ] बसोबास सर्ने वा सार्ने काम; आफ्नो थातथलो सधैंका लागि छाडेर अन्यत्र जाने काम; बसैंसराइ; स्वदेशभित्र एक स्थानीय तहबाट अर्को स्थानीय तहका क्षेत्रमा वा एउटै स्थानीय तहको एक वडाबाट अर्को वडामा स्थायी रूपमा बसाईं सर्ने कार्य; स्वदेशबाट विदेशमा बसाईं सरी जाने वा विदेशबाट बसाईं सरी स्वदेशमा आउने कार्य; एक सय असी दिनभन्दा बढी अवधिको लागि अस्थायी रूपमा बसाईं सर्ने कार्य।*[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (ञ) ।]*

बसियत (Testamentary will)- *ना.* [अ.] मृत्युपछि आफ्नो सम्पत्ति कसैलाई दिन गरिएको बकसपत्र; शेषपछिको बकस; सम्पत्ति उत्तराधिकार इच्छापत्र।

बसियतनामा/वसीयतनामा (Testament, written will)- *ना.*[बसियत+नामा] आफू मरेपछि आफ्नो अधिकारको चल अचल सम्पत्ति यस किसिमले उपयोग गरियोस् भनी मृत्युअघि लेखिएको कागज; बसियतका सर्तहरू लेखिएका कागजपत्र; उत्तरदान इच्छापत्र।

बसोबास (Habitation, dwelling, residency)- *ना.*[वास+आवास] बस्ने ठाउँ; निवासस्थान; बासस्थान; रहाइबसाइ।

बसोबासको ठेगाना (Address of residence)- *ना.प.* मानिस रहने बस्ने आवास वा निवासको ठेगाना; बसोबास गर्दै गरेको स्थायी वा अस्थायी वतन; कुनै व्यक्तिले आफ्नो बसोबासको ठाउँ तोकी दिने गरेको ठेगाना; बस्ने ठेगाना उल्लेख नगरेकोमा देशभित्र निजले स्थायी बसोबास

गरेको ठाउँ; कुनै व्यक्तिको बसोबास नभएमा वा बसोबास पत्ता नलागेमा त्यस्तो व्यक्ति तत्काल रहेभएको ठाउँ; कुनै व्यक्तिको बसोबास नभएमा वा निजको बसोबास पत्ता नलागेमा निजले गर्दै गरेको भए व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको ठाउँ; बसोबासको ठेगाना परिवर्तन भएको भए व्यक्ति तत्काल जुन ठाउँमा बसोबास गरेको छ सोही ठाउँ; असक्षम वा अर्धसक्षम व्यक्ति भए निजले स्थायी रूपमा बसोबास गरेको ठाउँ र त्यस्तो ठाउँ यकिन नभएमा निजको संरक्षक वा माथवर बसोबास गरेको ठाउँ; व्यक्तिले खास प्रयोजनका लागि कुनै ठाउँ वा ठेगानालाई आफ्नो बासस्थान मानेको भए त्यस्तो ठाउँ वा ठेगाना। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३९।]*

बस्ती (Settlement, village, hamlet)- *ना.*[सं. वसति] मानिस बस्ने ठाउँ; गाउँ; बासस्थान; समुदायका मानिसहरूका स्थायी आवास वा निवास भएको ठाउँ; आवासक्षेत्र।

बहकाउनु (Entice, provoke, inveigle)- क्रि. नचाहिँदो काममा लाग्न हौस्याउनु; गलत बाटोमा लैजानु; उक्साउनु; भावुक बनाउनु।

बहम (Delusion, illusion)- *ना.*[सं. भ्रम] भ्रामक सोच; भ्रान्ति; एकोहोरो विचार।

बहस (Plead, plea)- *ना.* [अ.] कुनै मुद्दाउपर अदालतमा पक्ष वा विपक्षका तर्फबाट गरिने तर्क; पैरबी; कुनै विषय वा वाद प्रमाणित वा खण्डित गर्न गरिने सवालजवाफ वा छलफल; तर्कवितर्क; ऊहापोह; विचारविमर्श; वकालत; कुनै कुरा पुष्टि गर्न प्रस्तुत गरिने प्रमाण, कानून र तर्कपूर्ण अभिव्यक्ति।

बहसनोट (Pleading note)- *ना.*[अ. बहस+अङ्. नोट] मुद्दामा सम्बन्धित पक्षका कानून व्यवसायीले आफ्ना पक्षका हितमा निर्णय हुनुपर्ने विषयलाई पुष्टि गरी लेखेको लिखित बहस; बहसबुँदा।

बहाना (Pretext, pretence, excuse)- *ना.*[फा.] बनावटी कारण; देखौवा क्रियाकलाप वा कारण; बनावटी प्रयोजन; निहुँ; खोँचे।

बहाल (Incombence, rent)- *ना.*[फा.] आफ्ना पद वा स्थानमा रहने काम; पदभार ग्रहण; कायम; थमौती वा यथावत रहने काम; घर, कोठा, कवल, जग्गाजमिन आदि उपयोग गरेबापत बहालवाला धनीलाई बुझाइने भाडा वा शुल्क; किराया; किराइ।

बहालवाला (Incombent, tenant)- *ना.*[बहाल+वाला] कार्यरत; पदासीन; पदस्थ; घर, कोठा, कवल वा जग्गाजमिन बहालमा लिने व्यक्ति।

बहालीपूर्जी (Appointment letter)- *ना.*[बहाल+ई+पुर्जी] बहाल गर्न दिइने कागज; नयाँ पद, ओहदा, हक आदि सम्हाल्न दिइने अधिकारपत्र।

बहिःशुल्क (Import duty, import tax)- *ना.* [सं.] आयात गरिएको वस्तुमा लागेको कर; पैठारी शुल्क।

बहिरङ्ग (Outer, outdoor, external)- *ना.*[सं. बहिःअङ्ग] बाहिरी अङ्ग; बाहिरी अङ्ग। *वि.* बाहिरी।

बहिरा (Deaf)- *ना.*[सं. बधिर] श्रवण गर्ने शक्ति नभएको; कान नसुन्ने; असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति।

बहिर्गत (Not in post or office)- *ना.*[सं. बहिःगत] पदासीन नभएको; बाहिर निस्केको वा आएको; बाहिर भएको।

बहिर्गमन (Exit, outgoing)- *ना.*[सं. बहिःगमन] बाहिर जाने काम; निस्कने काम; निष्क्रमण।

बहिर्देश (Abroad, outer place)- *ना.*[सं. बहिःदेश] परदेश; विदेश; सहर वा गाउँदेखि बाहिर रहेको ठाउँ।

बहिष्करण (Exclusion, ostracism)- *ना.*[सं. बहिःकरण] वञ्चिति; बहिष्कार; अलग्याउने काम।

बहिष्कार (Boycott, ostracize, proscription)- *ना.*[सं. बहिःकार] त्याग; छाड्ने काम; निष्कान; हटक; बहिर्गमन; छोडाइ।

बहिष्कृत (Excluded)- *ना.*[सं. बहिःकृत] बहिष्कार गरिएको; बाहिर निकालिएको; हटक गरिएको।

बहीखाता (Account)- *ना.*[अ. बयाज>बही+खात्+आ] दैनिक वा नियमित कारोबार (आम्दानी-खर्च) लेखिएको लेखाकिताब; अधिकारपत्र वा सुरक्षित बिक्री करारबाट प्रमाणित नभएको, बिक्री गरिएको वा पट्टामा दिएको मालसामान वा प्रदान गरिएको सेवाबापत भुक्तानी पाउने अधिकार सिर्जना गर्ने खाता; आयव्ययको हिसाब राख्ने किताब; खाताबही। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (फ)।]*

बहीदार (Non-gazetted fourth class civil servant, junior clerk)- *ना.*[बही+दार] अड्डाखानामा बहीसम्बन्धी काम गर्ने कारिन्दा; पहिलाको नौसिन्दाभन्दा माथिल्लो दर्जा; विचारीभन्दा तल्लो तहको राजपत्र अनङ्कित चतुर्थ श्रेणीको कर्मचारी।

बहुअपाङ्गता भएको व्यक्ति (Person with multiple disability)- *नाप.* एकै व्यक्तिमा दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गता भएको अवस्था; दुई वा दुईभन्दा बढी अपाङ्गता भएको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

बहुआयामिक (Multi-dimensional)- *ना.*[सं. बहु+आयामिक] विभिन्न पक्षको; बहुमुखी; अनेक पक्ष भएको।

बहुआयामिक गरिबी (Multi-dimensional poverty)- *नाप.* मानिसको आर्थिक वा वित्तीय गरिबीबाहेकका शैक्षिक, सामाजिक, पूर्वाधारगत, मानसिक, बौद्धिक निर्धनता वा गरिबी; मानिसको आयस्तरबाहेक अन्य शैक्षिक, स्वास्थ्य र आधारभूत पूर्वाधारका आधारमा मापन गरिने गरिबी।

बहुउद्देशीय (Multi-purpose)- *ना.*[सं. बहु+उद्देश्य+ईय] धेरै उद्देश्य भएको; एकभन्दा बढी उद्देश्य भएको। तुल. एकउद्देश्यीय।

बहुउद्देश्यीय सिँचाइ आयोजना (Multi-purpose Irrigation Project)- *नाप.* सिँचाइ सेवा पुऱ्याउने, बाढी नियन्त्रण गर्ने, जलचरहरूको संरक्षण वा विकास गर्ने र पानीको अन्य उपयोगसम्बन्धी काम समावेश रहेको आयोजना।

बहुउपयोगी (Multi-use)- *वि.* [सं.] धेरै किसिमले उपयोगी; अनेक उपयोगिता रहेको।

बहुजल्पक (Talkative, loquacious, chatter)- *वि.*[सं. बहु+जल्पक] ज्यादै बोल्ने; गफी; बकबके; ज्यादै झूटो बोल्ने; अति ढाँट।

बहुजातीय (Multiethnic)- *वि.* [सं.] धेरै जातिको; अनेक जातिको।

बहुदल (Multi-party)- *ना.* [सं.] एक भन्दा बढी राजनीतिक दल; अनेक दल; धेरै राजनीतिक दल।

बहुदेशीय (Multi national)- *वि.* [सं.] धेरै देशसँग सम्बन्धित; अनेक देशसँग सम्बन्धित।

बहुपक्षीय (Multilateral)- *वि.* [सं.] धेरै पक्ष भएको; धेरै कोणबाट हेरिनुपर्ने; बहुविध; अनेक पाटा रहेको।

बहुभाषिक (Multilingual)- *वि.* [सं.] एकभन्दा बढी भाषाको; धेरै भाषाहरू भएको; अनेक भाषिक।

बहुमत (Majority, majority opinion)- *ना.* [सं.] भिन्नभिन्न मत वा विचार; धेरैले मानेको मत वा राय; आधाभन्दा बढी सदस्यले मानेको मत वा राय; धेरैको मत।

बहुराष्ट्रिय (Multi national)- *वि.* [सं.] धेरै राष्ट्रसँग सम्बन्धित; बहुदेशीय; अन्तरराष्ट्रिय; अनेक मुलुकसँग सम्बन्धित; अनेक राष्ट्रको।

बहुराष्ट्रिय सङ्गठित अपराध (Transnational organized crime)- *नाप.* कसैले आपराधिक समूहको लाभका आपराधिक समूहको निर्देशनमा आपराधिक समूहको तर्फबाट गर्ने वा गरेको

सङ्गठित अपराध; एकभन्दा बढी राष्ट्रका आपराधिक समूहसँग मिलेर वा त्यस्तो समूहको सदस्य वा प्रतिनिधि भई विभिन्न राष्ट्रमा असर र प्रभाव पर्ने गरी गरेको गम्भीर अपराध।

बहुरूपी (Multi faceted)- *वि.* [सं.] अनेक रूपको; विभिन्न रूप धारण गर्ने।

बहुलता (Multiplicity, abundance, plurality)- *ना.* [सं.] विविधता; अधिकता; बहुल हुनुको अवस्था।

बहुलवाद (Pluralism)- *ना.* [सं.] विविधतालाई स्वीकार गर्ने सिद्धान्त; अनेक वादहरूको अस्तित्वलाई स्वीकार गर्ने कुरालाई मान्यता दिने अवस्था।

बहुवर्षीय सम्झौता (Multi-year contract)- *नाप.* एक वर्ष भन्दा बढी अवधि भएको सम्झौता; अनेक वर्षमा काम हुने वा सर्तबन्देज लागु हुने किसिमको सम्झौता। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ख) ।]*

बहुविधिक ढुवानी (Multimodal transportation)- *नाप.* बहुविधिक ढुवानी करारका आधारमा मालसामान ढुवानी गर्ने कार्य; ढुवानीमा अनेक तरिका प्रयोग गरी मालसामान ढुवानी गर्ने काम। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (क) ।]*

बहुविधिक ढुवानी करार (Multimodal transport contract)- *नाप.* बहुविधिक ढुवानी सञ्चालनकर्ताले मुलुकको कुनै एक स्थानमा रहेका प्रेषकबाट मालसामान बुझिलिई मुलुकबाहिरको तोकिएको कुनै स्थानसम्म दुई वा दुईभन्दा बढी फरक यातायातको साधन प्रयोग गरी मालसामान हस्तान्तरण गर्न प्रेषक र बहुविधिक ढुवानी सञ्चालनकर्ताबीच भएको सम्झौता। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ख) ।]*

बहुविधिक ढुवानी सञ्चालनकर्ता (Multimodal transport operator)- *नाप.* बहुविधिक ढुवानी सेवा सञ्चालन गर्न इजाजतपत्रप्राप्त कम्पनी; ढुवानी सञ्चालन गर्ने व्यक्ति। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ग) र दफा 4 ।]*

बहुविधिक ढुवानीपत्र (Multimodal transport document)- *नाप.* सम्झौताबमोजिम बहुविधिक ढुवानी सञ्चालनकर्ताले प्रेषकबाट मालसामान बुझिलिई त्यस्ता मालसामान ढुवानी गरी हस्तान्तरण गर्ने दायित्व स्वीकार गरेको बहुविधिक ढुवानी करारलाई प्रमाणित गर्ने लिखत। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (छ) ।]*

बहुविवाह (Bigamy, polygamy)- *ना.*[सं. बहु+विवाह], एकसँग दाम्पत्य कायम छँदै अर्कोसँग गरेको दोस्रो विवाह; विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहँदारहँदैका अवस्थामा गर्ने अर्को विवाह। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ को उपदफा (१) ।]*

बाँका (Brave, courageous)- *वि.*[सं. बङ्क] बहादुर; साहसी; धेरै काम गर्न सक्ने; पट्ठो; तरुनो; तन्नेरी।

बाँकीबक्यौता (Arrear account)- *ना.*[बाँकी+बक्यौता] उठाउन वा असुल गर्न बाँकी रहेको रकम वा वस्तु; असुलउपर हुनुपर्ने वा तिरनतारन गरिनुपर्नेमा त्यसो हुन नसकेको वा नपाएको चिजबिज वा रकमकलम; बक्यौता; बाँकी।

बाँकीवाला (Defaulter)- *ना.*[बाँकी+वाला] सरकारी रकम, स्रेस्ता आदि बुझाउन नसकी बाँकी राख्ने व्यक्ति; बाँकी रकम तिर्नु पर्ने व्यक्ति; बक्यौतावाला।

बाँझो/बाँजो (Barren, infertile) - *वि.*[सं. वन्ध्य] अनुत्पादक; आबाद नभएको; खनजोत नगरेको; बिना कामको; बन्जर; सन्तान उत्पादन गर्न नसक्ने।

बाँडफाँट (Division, allocation)- *ना.*[बाँड्+फाँट] बाँड्ने काम; फाँट लगाउने काम; बाँड्ने र फाँट लगाउने काम; बाँडेर छुट्याउने वा भाग लगाउने काम।

बाँधछाँद (Wrapping, binding)- *ना.*[बाँध्+छाँद्] बाँध्ने र छाँद्ने काम; बाँधबुँध; कसेर बाँध्ने काम; बन्धन पार्ने काम।

बाँधा श्रम (Forced labour, bonded labour)- *ना.प.* कुनै श्रमिकलाई कुनै काम वा सेवा नगरेमा कुनै किसिमको आर्थिक, शारीरिक वा मानसिक रूपमा कारबाही गर्ने डर, त्रास देखाई निजका इच्छाविपरीत कुनै काम वा सेवा गराउने कार्य; कुनै पनि व्यक्तिलाई विशेष किसिमको बन्धनमा राखी काम गराउने कार्य।*[हे. श्रम ऐन, २०७४ को दफा ४ को उपदफा (२) को स्पष्टीकरण।]*

बाँधा श्रमिक (Bonded labour)- *ना.प.* अर्धदास; रुपैयाँ सापट लिएपछि तिरिनसकुञ्जेल साहुको काम गर्न काम गर्ने कबोल गरी बसेको व्यक्ति; बँधुवा मजदुर।

बाउँठो (Awkward)- *ना.*[सं. वाम>बाउँ+ठो] अमिल्दो स्वभावको; कसैसित नमिल्ने; कोग्ल्याँटो; अडबाङ्गे।

बाकुपौ (The half-cut counterfoil of the deed)- *ना.*[नेवा.] अर्धकट्टी; कुनै विशेष महत्त्वको सग्लो कागजपत्र पछि किर्ते हुने स्थिति नहोस् भनी सो कागज च्याती सम्बन्धित व्यक्तिहरूले बाँडेर लिएको टुक्रा (विसं. १९४५ सालभन्दा अगाडिसम्म ललितपुर र भक्तपुरमा 'श्रीवत्स' छाप लगाई मान्यता दर्साइने लिखत); दुई खण्डमा प्रति जनाउने रसिदको एकापट्टिको अधकट्टी।

बागड (Speech impairment)- *ना.*[वाक्+अड] बोल्न नसक्ने; मूक।

बागडोर (Reign)- *ना.* नेतृत्व गरी केही कुरा अगाडि बढाउने काम; सञ्चालनको अधिकार; शासनाधिकार; कसैमा रहेको अभिभारा।

बागवानी (Horticulture)- *ना.*[अ. बाग+सं.वान+ई] फलफूल, तरकारी, औषधीजन्य वा सजावटी बुट्यानी वनस्पति र तीसँग सम्बन्धित फसलहरूको खेतीपाती; फल; फूल; सागसब्जी; जडीबुटीजन्य बोटबिरुवासम्बन्धी विज्ञान; बाग-बगैंचासम्बन्धी पेसा; फलफूल खेती।

बागी (Rebellious)- *ना.* [अ.] विद्रोह गर्ने; विप्लवी; देश वा राज्यविरुद्ध द्रोह गर्ने; असन्तुष्ट।

बाचा/वाचा (Promise, verbally)- *ना.*[सं. वाचा] कबुल; प्रतिज्ञा। क्रि*वि.* वचनले; बोलीले (उदा. मनसा, वाचा, कर्मणा)

बाझाबाझ/बाझो (Quarrel, altercation, brawl)- *ना.*[बाझ् (द्वि.)+ओ] परस्पर बाझने काम; भनाभन; आपसी झगडा।

बाझिएको (Inconsistent)- *वि.*[बाझ्+इ+एको] परस्परमा नमिलेको; असङ्गत; बेमेल; अमिल्दो।

बाटो (Way, track, route, road, path)- *ना.*[सं. वर्त्म] यातायात, यात्री वा सामान ओसारपसार गर्न बनाइएको आधारभूत भौतिक संरचना; मानिस र सवारीसाधनका आवागमनका लागि निर्धारित ठाउँ; मानिस वा वस्तुभाउ हिँड्न हिँडाउनलाई बनाइएको भौतिक निकास; गोरेटो, घोरेटो वा चक्रेटो; सडक; मार्ग; पथ; उपाय; स्रोत; तरिका।

बाटो इजाजतपत्र (Route permit)- *ना.प.* सार्वजनिक सडकमा सवारी चलाउन प्राप्त गरेको इजाजतपत्र; सडकको निर्धारित प्रस्थान विन्दुदेखि निर्धारित गन्तव्यविन्दुसम्म यातायात वा सवारीसाधन चलाउनका लागि लिइने वा दिइने सरकारी स्वीकृति; निर्धारित क्षेत्रभित्रका सडकमा मात्र चलाउने सवारी साधन सो क्षेत्रभन्दा लिई जानुपर्ने वा क्षेत्रबाहिर चलाउनुपर्ने भएमा लिनुपर्ने स्वीकृति; पटके।

बाटोको म्याद (Period for journey, time required for journey)- *ना.प.* कुनै कामका लागि कुनै ठाउँबाट अर्को कुनै ठाउँमा आउन वा जान यात्राका लागि लाग्ने समय; बाटो हिँड्न लाग्ने अवधि; कुनै दूरी पार गर्न लाग्ने समयावधि; बाटाका लागि लाग्ने निर्धारित समय।

बाडी (House and premises)- *ना.*[राज.] घरघडेरी; बारी; बस्ती।

बात (Allegation, blame)- *ना.*[सं. वार्ता] आरोप; दोषारोपण; अभियोग; प्रसङ्ग; विषय; बोली।

बातकी (Guilty, offender, accused, alleged) - *ना.*[बात+की] दोषी; कसुरदार; अभियुक्त; बात लागेको व्यक्ति; खतुकी; पातकी; बापती।

बातिल (Annuled, repealed, void)- *वि.*[अ.] खारेज गरिएको; रद्द गरिएको; बदर; बाहेक।

बादा/ वादा (Time limitation)- *ना.*[अ. वायदा] सापटी लिएको नगदी वा जिन्सी फर्काउने अवधि वा म्याद; कबोल; प्रतिज्ञा; बाचा; भाखा; भाका।

बाधक (Obstructive, hindering)- *वि.*[सं. वाधक] बिघ्न पार्ने; बाधा गर्ने; अवरोधक; छेक्ने; रोक्ने।

बाधा (Hindrance, obstacle)- *ना.* [सं.] अडकाउ; खिचोला; रोकावट; छेकथुन; व्यवधान; रोक; अड्को।

बाधा अड्काउ फुकाउने अधिकार (Powers to remove difficulties)- *ना.प.* सुरु भएको काम सफल हुन नपाई रोकिएको अवस्थालाई फुकाउन प्रयोग गरिने अधिकार; विधि, नियम आदिको अवरोध हटाउन प्रयोग गरिने अधिकार; कुनै कानूनी कामकारबाहीलाई अगाडि बढाउन कार्यविधिमा अन्योल रहेको भए कार्यविधिगत निकास दिने अधिकार; अडबड परेको अवस्थामा अडबड फुकाई कामकारबाही सुचारू गर्नेगराउने अधिकार।

बाधाअड्काउ (Difficulties)- *ना.*[बाधा+अड्क+आउ] सुरु भएको काम सफल हुन नपाई बिचैमा रोकिने अवस्था; विधि, नियम आदिको अवरोध; बाधा; व्यवधान; अवरोध; रोक्का; भाँजो।

बाधाअवरोध (Obstruction, hinderance)- *ना.*[बाधा+अवरोध] बिघ्नबाधा; छेकाभाँजी; बाधाविरोध।

बाध्य (Compulsive, compelled, obliged)- *वि.* [सं.] विवश तुल्याइएको; लाचार; मजबुर; कसीकसाउ; नगरी धर नहुने अवस्थाको।

बाध्यता (Compulsion, obligation)- *ना.* [सं.] विवशता; बाध्य हुने वा भएको अवस्था।

बाध्यात्मक (Binding, obligatory, mandatory)- *वि.* [सं.] बन्धनकारी; बाध्यकारी; अनिवार्य।

बान्नो (Wall, fence)- *ना.*[मग.] पर्खाल; भित्ता; गारो।

बापत (In lieu of, for instead of, Crime, offence, accusation)- *वि.* [फा. बाबत] सट्टामा; बदलामा; लागि वा निमित्त; अपराध; कसुर; अभियोग; दोष; बात।

बापती (Criminal, offender)- *ना.*[बापत+ई] चोरी, जारी, हाडनाता करणीजस्ता मुद्दाको अपराधी वा कसुरदार।

बाबर्ची (Chef, cook)- *ना.* भान्से; खाना पकाउने मान्छे।

बायोलोजिकल कन्ट्रोल एजेन्ट (Biological Control Agent)- *ना.प.* जैविक विधिबाट शत्रुजीव नियन्त्रण गर्न प्रयोग हुने परजीवी; प्रतिपरजीवी; सिकारी किराजस्ता जीव वा च्याउ, शाकाणु, ढुसी, विषाणुजस्ता वनस्पति।

बारी (Village, orchard)- *ना.*[राज. बाडी] गाउँ; बस्ती; घरघडेरी।

बाल कल्याण अधिकारी (Child Welfare Officer)- *ना.प.* बालबालिकाको हित र बालअधिकारको संरक्षणमा समर्पित भएर सेवा गर्ने सरकारी अधिकारी; बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा बालसंरक्षण कार्य गर्न स्थानीय तहमा नियुक्त अधिकारी। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ढ) ।]*

बाल कोष (Child Fund)- *ना.प.* बालबालिकाको उद्दार गर्न, राहत उपलब्ध गराउन, पुनःस्थापना गर्न र क्षतिपूर्ति प्रदान गर्नका लागि स्थापना गरिएको कोष; बालबालिककाको हित तथा संरक्षणका लागि स्रोत संयोजन गर्ने कोष। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ को उपदफा (१) ।]*

बाल क्लब वा संस्था (Child club or association)- *ना.प.* बालअधिकारको संरक्षण र प्रवर्धनको लागि बालबालिकाले नै सञ्चालन गरेको क्लब वा संस्था। *[हे.* बालबालिकासम्बन्धी नियमावली, 2078 को नियम 2 को खण्ड (घ) र नियम 3]

बाल निगरानी कक्ष (Child Observation chamber)- *ना.प.* कसुरजन्य कार्यका आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिमा रहने बस्न आवश्यक सरसुविधायुक्त कक्ष; अनुसन्धानको थुनामा बालबालिकालाई वयस्क अभियुक्त अन्तरघुलन गर्ने कुरालाई रोक्न वयस्क हिरासतभन्दा पृथक बालमैत्री आवासीय बन्दोबस्ती। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (छ) ।]*

बाल यौन दुर्व्यवहार (Child sexual abuse)- *ना.प.* बालबालिकाविरुद्ध वयस्क व्यक्तिले गर्ने कुनै पनि प्रकारको यौनजन्य दुरूपयोग वा अनुचित व्यवहार; बालबालिकालाई अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने काम; बालबालिकालाई वा उनीहरूसँग अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने, बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने काम; बालबालिकासँग यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने काम; बालबालिकालाई अश्लील कार्य

तथा सामग्री निर्माणमा प्रयोग गर्ने काम; यौनजन्य मनसायले बालबालिकाका शरीरका संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने काम; बालबालिकालाई आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने काम; यौनजन्य मनसायले बालबालिकालाई बेहोस पार्ने वा यौनजन्य अङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने, कामवासना वा यौनउत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने वा गराउने काम; यौनसन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने काम; बाल यौन शोषण गर्ने वा गराउने, यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने काम; यौनदुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने वा वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्नेजस्ता बालबालिका विरुद्ध गरिएका यस्ता अन्य कामकुरा। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (त) र दफा ६६ को उपदफा (३) ।]*

बाल सुधारगृह (Child Reform Home)- *ना.प.* सरकारले कानूनका विवादमा परेका बालबालिकाको सुधार र पुन:स्थापना नभएसम्म बालबालिका राख्नका लागि सरकारले स्थापना गरेको गृह; कानूनको द्वन्द्वमा परेका बालबालिकाको सुधार र पुन:स्थापनाका लागि बालमैत्री वातावरणमा शिक्षा, स्वास्थ्य, मनोविमर्श र सामाजिक टेवा, वातावरणीय स्वच्छता र बालविकासमा प्रतिकूल असर पार्ने तत्त्वहरू मुक्त हुने गरी मनोरञ्जन, फुर्सद र व्यक्तिगत वृत्तिविकासका अवसरसहितका सुविधा भएको आवासीय सुविधाघर। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (थ) ।]*

बाल हेल्पलाइन सेवा (Child helpline service)- *ना.प.* सङ्कटमा परेका बालबालिकाको लागि टेलिफोन वा विद्युतीय सम्पर्कमार्फत तत्काल सङ्कटमोचनको गुहार माग्न प्रबन्ध गरिएको तैनाथी सेवा; बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा जोखिममा रहेका बालबालिकाको उद्दार तथा संरक्षण र सहायताका लागि सञ्चालन तथा विस्तार गरिएको मद्दतगार टेलिफोन सेवा।

बालअदालत (Juvenile court)- *ना.*[बाल+अदालत] बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा गर्ने अदालत; बालबालिकासम्बन्धी मुद्दा हेर्न न्यायाधीश, समाजसेवी र बालमनोविद रहने अदालत। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ठ) ।]*

बालअधिकार (Child rights)- *ना.*[बाल+अधिकार] बालबालिकाका हकहित; बालबालिकाका जीवन, विकास, सहभागिता र अभिमतसम्बन्धी हकहरू; बालबालिकाको सर्वोत्तम भलाइ कायम गर्ने उनीहरूमा अन्तर्निहित अविभाज्य, अन्तरनिर्भर, सर्वव्यापी, अन्तरसम्बन्धित मानवअधिकारहरू।

बालअश्लीलता (Child pornography)- *ना.* [सं.] बालबालिकाका यौन अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौनक्रियाकलापमा संलग्न गराई भिडियो वा तस्वीर खिच्ने वा उतार्ने कामकुरा; पत्रपत्रिका, पोस्टर, छापा, चलचित्र वा अन्य सञ्चारमाध्यमबाट बालबालिकाका अश्लील चित्र प्रदर्शन गर्ने गराउने कामकुरा; त्यस्ता सामग्रीको उत्पादन, बिक्रीवितरण, आयातनिर्यात, सङ्कलन वा प्रचारप्रसार गर्नेगराउने कामकुरा। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

बालइजलास (Juvenile bench)- *ना.*[बाल+इजलास] बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा गर्ने इजलास; न्यायाधीश, समाजसेवी र बालमनोविद रहने बालबालिकासम्बन्धी मुद्दा हेर्ने इजलास। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ठ)]*

बालउद्यान (Kinder garden, child garden)- *ना.*[बाल+उद्यान] बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्राकृतिक वातावरण उपलब्ध गराउन बनाइएको बगैँचा।

बालगृह/बालघर (Children home)- *ना.* [सं. बाल+गृह/घर] बालबालिकाको हक र हित संरक्षण गर्ने उद्देश्यले खडा भएका बालकल्याण गृह; अनाथालय; सरकारद्वारा स्थापना गरिएका बालमन्दिर; विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका संरक्षणका लागि स्थापना गरिएको वा सञ्चालनमा ल्याइएका घर। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा १९१ को स्पष्टीकरण र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ण) तथा दफा ५२ को उपदफा (१) ।]*

बालचर (Scouting)- *ना.* [सं.] बालकहरूलाई सच्चचरित्रता, स्वावलम्बन, सेवा भावना र व्यायाम सिकाउने सैनिक ढाँचाको शिक्षा; त्यस्तो शिक्षा लिने व्यक्ति; स्काउट।

बालन्यायमा दिशान्तर (Diversion in juvenile justice)- *नाप.* कानूनका द्वन्द्वमा परेका बालबालिकालाई औपचारिक अदालती प्रक्रियाका सट्टामा पुन:स्थापना, विमर्श र शिक्षाजस्ता वैकल्पिक उपचार प्रदान गरी समस्या समाधान गर्ने कार्य; कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई वैकल्पिक प्रक्रिया अवलम्बन गरी औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने कार्य; कानूनका द्वन्द्वमा परेका बालबलिकालाई कैद र आपराधिक कलङ्क वा दागबाट

जोगाउने मेलमिलाप, पारिवारिक/सामुदायिक सुपरिवेक्षण र शिक्षा तथा विमर्शजस्ता सुधारात्मक कार्यक्रम मार्फत सम्हाल्ने कार्य। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (च) ।]*

बालपोषण भत्ता (Child nutrition allowance)- *ना.* अति विपन्न, लोपोन्मुख र सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले पाउने सरकारी सामाजिक सुरक्षा भत्ता; बालबालिकाको पोषणका लागि दिइएको सहयोग। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ ।]*

बालबालिका (Children, minor)- *ना.*[सं. बालक (द्वि)] बालक र बालिका; कलिलो उमेर समूहमा पर्ने मानिस; अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति; बालक; बालिका; नाबालक/नाबालख; नाबालिग; केटाकेटी; अल्पवयस्क; अवयस्क; देवानी व्यवहारका लागि असक्षम वा अर्धसक्षम व्यक्ति। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ञ) र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २ को खण्ड (घ) ।]*

बालबालिका (विकास तथा पुनःस्थापना) कोष [Child (Development and Rehabilitation) Fund]- *ना.* बालबालिकाको हित संरक्षण गर्न स्रोत व्यवस्थापन गर्ने उद्देश्यले स्थापना गरिएको कोष। *[हे. बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ को नियम २ को खण्ड (क) र नियम 3 ।]*

बालबालिका (विकास तथा पुनर्स्थापना) कोषको सञ्चालक समिति [Steering Committee of the Child (Development and Rehabilitation) Fund]- *ना.* बालबालिकाहरूको विकास तथा पुनःस्थापनासम्बन्धी आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन बालबालिका कोष अन्तर्गतका सम्पूर्ण कामकारबाहीको रेखदेख तथा प्रबन्ध गर्ने निकाय स्वरूपको समिति। *[हे. बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ को नियम २ को खण्ड (ग) र नियम 7 ।]*

बालबालिकाको परिवार सहयोग (Children's family support)- *ना.* बालबालिकाको परिवारलाई विखण्डनतर्फ लैजाने आर्थिक तथा सामाजिक कारणको पहिचान र निराकरण गरी त्यसबाट परिवारको एकता तथा सौहार्दता कायम गराउँदै सम्बन्धित परिवारभित्रैबाट बालबालिकाको संरक्षण हुने वातावरण सिर्जना गर्न गरिने सहयोग; बालसंरक्षणका लागि उसका परिवारलाई नै दिइने सामाजिक टेवा। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५० को स्पष्टीकरण।]*

बालबालिकाको विकास तथा पुन:स्थापना कार्यक्रम (Development and Rehabilitation programme of the Child)- *नाप.* बालबालिकालाई शैक्षिक, बौद्धिक तथा शारीरिक रूपले स्वस्थ विकास तथा पुन:स्थाना गर्न सञ्चालन गरिने कार्यक्रम; काममा लगाउन निषेधित उमेरसमूहभित्र पर्ने बालबालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै व्यावसायिक वा व्यापारिक प्रतिष्ठानमा काममा लगाइएको पाइएमा त्यस्ता बालबालिकालाई कामबाट छुटाई तिनको शैक्षिक, बौद्धिक तथा शारीरिक रूपले स्वस्थ विकास तथा पुन:स्थाना गर्न सञ्चालन गरिने कार्यक्रम।

बालबालिकाको व्यक्तिगत परिस्थिति (Personal circumstances of the children)- *नाप.* बालबालिकाको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसुरको किसिम, कसुरबाट पुग्न गएको हानिनोक्सानी र कसुर गर्नुका कारण आदि परिस्थिति; बालबालिकाको आफ्नै व्यक्तिगत जीवन र आसन्न सामाजिक परिवेश। *[हे. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६ को उपदफा (१) को स्पष्टीकरण।]*

बालबालिकाको संरक्षक (Child guardian)- *नाप.* बालबालिकाको हक, हितको संरक्षण गर्ने कानूनी कर्तव्य वा दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति; संरक्षक व्यक्ति नभएको अवस्थामा माथवर व्यक्ति; संस्थागत सुविधा (बालगृह, सुधारगृह) मा रहेका बालबालिका हकमा त्यस्तो संस्थाको व्यवस्थापन अधिकारी। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (न) ।]*

बालबालिकालाई अस्थायी संरक्षण सेवा (Temporary protection service to children)- *नाप.* तत्काल उद्दार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन सरकारद्वारा प्रबन्ध गरिएका सेवा; सङ्कट वा आपत् परेका अवस्थाका बालबालिकालाई तत्काल उद्धार र उपचारका गरिने संरक्षणात्मक व्यवस्था। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६९ ।]*

बालबालिकालाई सहयोग प्रायोजन (Sponsorship to the children)- *नाप.* कुनै व्यक्ति, सङ्घ, संस्था वा निकायद्वारा बालबालिकालाई आवश्यक पालनपोषण तथा शिक्षाको लागि दीर्घकालीन तथा अल्पकालीन रूपमा आर्थिक सहयोग उपलब्ध गराउने कार्य; बालबालिकाका लागि गरिने कुनै पनि कार्यक्रम वा बन्दोबस्तका लागि आर्थिक भौतिक सहयोग गर्ने कार्य। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५० को स्पष्टीकरण।]*

बालबालिकाविरुद्धको कसुर (Offences against the children)- *नाप.* बालबालिकाविरुद्ध हिंसा वा यौनजन्य अपराधहरू; बालबालिकाविरुद्ध हुने कुनै पनि किसिमका फौजदारी काम।

बालबालिकाविरुद्धको हिंसा (Violence against the children)- *ना.प.* बालबालिकाविरुद्ध हुने जुनसुकै शारीरिक तथा मानसिक हिंसा; बालबालिकालाई धूम्रपान, मद्यपान वा जुवा, तासजस्ता कुलतमा संलग्न गराउने, बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनोजस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने, बालिगहरूका लागि भनी तोकिएका चलचित्र वा अन्य श्रव्यदृश्य सामग्री देखाउने काम; बालबालिकालाई घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने, शारीरिक चोट पटक वा असर पुऱ्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने काम; बालबालिकालाई विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने, राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने काम; बालबालिकालाई गैरकाननी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल-हतकडी लगाउने, क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने काम; बालबालिकालाई सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेष धारण गर्न लगाउने, जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने, भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने काम; बालबालिकालाई जादु वा सर्कसमा लगाउने, कसुरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने काम; बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने काम; कानूनविपरीत बालबालिकाको अङ्ग झिक्ने, औषधी वा अन्य कुनै परीक्षणका लागि बालबालिकालाई प्रयोग गर्ने वा कानूनविपरीत बालगृहमा राख्ने काम। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ट) र दफा ६६ को उपदफा (२) ।]*

बालबालिकासँग सम्बन्धित संस्था (Association related to the child)- *ना.प.* बालबालिकाले सेवा लिने सार्वजनिक निकाय, विद्यालय, स्वास्थ्यसंस्था, निजी संस्था वा गैरसरकारी संस्था; बालबालिकासँग सम्बन्धित विषयमा कर्तव्य पालन गर्नुपर्ने अन्य जुनसुकै निकाय वा संस्था। *[हे.* बालबालिकासम्बन्धी नियमावली, 2078 को नियम 2 को खण्ड (ङ)]

बालबिजाईं (Juvenile delinquency)- *ना.*[बाल+बिजा+आईं] बालबालिकाले गर्ने कानूनविपरीतका कार्य वा व्यवहार; बालबालिकाले गर्ने उपद्रो; बालबालिकाले गर्ने बदमासी; बालबालिकाले गर्ने वा गरेको बिगार।

बालबिजाइँकर्ता (Juvenile delinquent)- *ना.*[बालबिजाइँ+कर्ता] बालबिजाइँमा संलग्न बालबालिका; उपद्रयाहा बालबालिका।

बालबुर्ज (Alluvium, sandy land)- *ना.* [सं. बालुका>बालु+फा.बुरिद>बुर्ज] नदी खोलाले छाडेका ठाउँको बलौटे जग्गा वा बगर; नदी खोलाले बगाएर ल्याएको बालुवा; पाँगो आदि थुप्रिएको जग्गा।

बालमैत्री वातावरण (Child–friendly environment)- *ना.प.* बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धतालगायतका व्यवस्थासाथ बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार; बालबालिकाले आफूलाई सुरक्षित, स्वीकृत र सशक्त अनुभूत गर्ने गरी हिंसा, भय र भेदभावमुक्त सुरक्षा, विकास र सहभागिताको प्राथमिकतासहितको सकारात्मक वातावरण; बालबालिकाका लागि शारीरिक, मानसिक र भावनात्मक सुरक्षासाथ हिंसा, दुर्व्यवहार र भेदभावमुक्त उमेर-उपयुक्त शैक्षिक सामग्री र खेलकुदका अवसर, रचनात्मक अभिव्यक्तिको स्वतन्त्रता, अभिमत र आवश्यकतालाई महत्त्व दिँदै निर्णय प्रक्रिया सहभागिता, स्वच्छ पानी, शौचालय र स्वास्थ्य सेवा पोषणयुक्त खाना र स्वस्थ वातावरणमा समग्र विकास (शारीरिक, मानसिक, सामाजिक) लाई बढावा दिने र जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने परिवेश। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २६ को उपदफा (१) को खण्ड (ज) को स्पष्टीकरण।]*

बालयौन दुरूपयोग (Child sexual abuse)- *ना.प.* वयस्क व्यक्तिले बालबालिकासँग गर्न सक्ने यौनसम्बन्धी दुर्व्यवहार; बालबालिकाका विरुद्ध हुन सक्ने यौनदुराचार; कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रूपमा एकान्तमा लैजाने, बालबालिकाका यौनाङ्गहरू छुने वा समात्ने, आफ्ना यौनाङ्ग बालबालिकालाई छुन वा समाउन लगाउने वा बालबालिकासँग अन्य कुनै किसिमको अस्वाभाविक यौनव्यवहार; बालयौन दुर्व्यवहार; बालयौन दुराचार। *[हे. मुलुकी अपराध संहिता,२०७४ को दफा २२५ को उपदफा (२) ।]*

बालविधवा (Child widow)- *ना.* [सं.] नाबालिग अवस्थामा विवाह भई बालिग नहुँदै पतिको मृत्यु भएकी महिला; नाबालिग विधवा।

बालविवाह (Child marriage)- *ना.* [सं.] बालिग नहुँदै गरेको विवाह; वयस्कताको उमेर नहुँदै गरिएको विवाह; बालक वा बालिकाबिचको विवाह; बालिकासँग वयस्कले गरेको विवाह।

बालश्रम (Child labour)- *ना.* [सं.] बालबालिकालाई श्रमिकको रूपमा काममा लगाएको अवस्था; बालबालिकालाई गराइएको श्रम वा मजदुरी।

बालश्रम निवारण कोष (Child Labor Prevention Fund)- *ना.प.* प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रम निवारणको लागि सरकारले स्थापना गरी सञ्चालन गरेको कोष।

बालश्रम निवारण समिति (Child Labor Prevention Committee)- *ना.प.* प्रतिष्ठानमा कार्य गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित गर्ने काम गर्ने सरकारी संयन्त्र; बालश्रम निवारण गर्ने सम्बन्धमा आवश्यक राय सुझाव सरकारलाई दिन गठित समिति।

बालसंरक्षण मापदण्ड (Child protection standards)- *ना.प.* विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरूले बालबालिकाविरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा निर्माण गरी लागू गरिएको मापदण्ड; बालबालिकाको संरक्षणका लागि लागु गरिने मानक नियम। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ को उपदफा (१) ।]*

बालसुधार गृह (Child reform home)- *ना.प.* कानूनका द्वन्द्वमा परेका बालबालिकाको समुदायमा पुन:सम्मिलन नभएसम्म सुधार र पुन:स्थापनाका लागि तिनका फुक्का घुमफिर गर्ने स्वतन्त्रतालाई केही सङ्कुचित पारी गास; बास, कपास, स्वास्थ्य शिक्षासहितका आधारभूत मानवीय आवश्यकता पूरा हुने गरी राखिने आवासीय सुविधागृह। *[हे.* बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा 2 को खण्ड (थ) र दफा ४३ को उपदफा (1)]

बालिग (Adult)- *वि.* [अ.] उमेर पुगेको; वयस्क; बाल्यावस्था पार गरेको; सार्वजनिक रूपले मताधिकार प्रयोग गर्न सक्ने।

बालिग मताधिकार (Adult Franchise)- *ना.प.* नागरिकले निर्वाचनद्वारा पूर्ति हुने राज्यका विभिन्न पदका पदाधिकारी चुन्ने वा आफै चुनिनेसम्मको नागरिकको अधिकार; निर्वाचनसम्बन्धी नागरिक अधिकार; उमेर पुगेको व्यक्तिले मत दिन पाउने अधिकार; वयस्क मताधिकार; सार्वजनिक पदका लागि मतदान पद्धतिबमोजिम नागरिकले प्रतिनिधि छानिने वा छान्ने अधिकार।

बाली (Crop)- *ना.* [सं. बलय] गुभो वा कोथामा पुङ्केसर-स्त्रीकेसरको मिलन भई बाला वा दाना लागेर उत्पादन हुने अनाज; खेतबारीमा उब्जिएको अन्न; कृषिउपज; खेती; फसल; कुत; पोत; मोहीले जग्गाधनीलाई बुझाउने तिरो; जग्गा कमाउनेले जग्गाधनीलाई बुझाउनु पर्ने जग्गालाई लागेको कुत तिरो, वा जग्गाधनी आफैंले कमाएको भए सो जग्गामा उब्जेको बाली; खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, नगदेबाली वा घाँसबाली वा फूल फूल्ने वा नफूल्ने आलङ्कारिक बाली; बालीनाली; बालीबिरुवा। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २. १. २ ।]*

बालीघरे (A tradition of paying grains to workers annually)- *ना.* [सं.] कुनै परिवारको एक वर्षभर लुगाफाटा सिलाए वा मर्मत रफ्फु गरेबापत सूचिकारले, हातहतियार भाँडावर्तन मर्मत गरेबापत सुनार लोहारले; दारी कपाल नङ काँटछाँट गरेबापत नाईले पारिश्रमिकबापत त्यस्तो परिवारको अन्नपातको उत्पादनबाट पाउने केही अंश (बाली) र यस्तो अंश पाउने गरी काम गर्ने पुरानो पद्धति; कामको पारिश्रमिकबापत आफूले काम गरेको घरबाट वर्ष दिनमा एक पटक अन्न बाली पाउने चलन।

बास (Habitat, residence)- *ना.* [सं. वास] थातथलो; निवास; बसेको ठाउँ; घर; आवास।

बासिन्दा (Inhabitant, resident, native)- *ना.* [फा.] निवासी; रैथाने; कुनै ठाउँमा बसोबास गर्ने।

बासिन्दा व्यक्ति (Resident person)- *ना.प.* कुनै आय वर्षका सम्बन्धमा प्राकृतिक व्यक्तिको हकमा सामान्य बसोबासको स्थानमा रहेको व्यक्ति; अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सोभन्दा बढी बसोबासकै स्थानमा रहेको व्यक्ति; सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको व्यक्ति; साझेदारी फर्म, ट्रस्ट्रका हकमा स्वदेशमा स्थापना भएको फर्म, ट्रस्ट्रको ट्रस्ट्री आय वर्षमा बासिन्दा व्यक्ति भएको वा ट्रस्ट्रलाई आय वर्षमा बासिन्दा व्यक्ति वा निज संलग्न भएको व्यक्तिहरूका समूहले प्रत्यक्ष वा एक वा बढी मध्यस्थ निकायहरूको माध्यमद्वारा नियन्त्रण गरेको फर्म वा कम्पनी; कम्पनीका हकमा स्वदेशमा संस्थापित भएको वा कुनै आय वर्षमा स्वदेशमा सो कम्पनीको व्यवस्थापन प्रभावकारी रहेको कम्पनी; नेपाल सरकार वा प्रदेश सरकार, गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति, कुनै विदेशी सरकार वा सो सरकारअन्तर्गतका प्रान्तीय वा स्थानीय सरकारको त्यस्तो निकायका हकमा कानूनअन्तर्गत स्थापित भएको वा कुनै आय वर्षमा नेपालमा त्यस्तो निकायको व्यवस्थापन प्रभावकारी रहेको निकाय; सन्धिसम्झौताअन्तर्गत स्थापित संस्था वा निकाय; गैरबासिन्दा व्यक्तिका स्वदेशमा रहेका विदेशी स्थायी संस्थापन। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कङ) ।]*

बाहिडा (Illegal, forgery, counterfeit)- *वि.* [सं.बाह्य>प्रा. बाहिडो] गैरकानूनी; खोटो; किर्ते (टक, छाप, लालमोहर आदि); बाहिरिया। क्रि*वि.* बाहिर; बाह्य।

बाहुयुद्ध (Wrestling)- *ना.* [सं.] अस्त्रशस्त्रविना लडिने लडाइँ; मल्लयुद्ध; कुस्ती; पहलमानी।

बाहुली निसान (Signature, thumb print/Impression)- *नाप.* बाहुलीको छाप; हस्ताक्षर; बाहुलीको चिह्न।

बाह्य मूल्याङ्कन (External evaluation)- *नाप.* कुनै सङ्घ, संस्था, निकाय, प्रतिष्ठान वा विश्वविद्यालयका कामकारबाहीको मूल्याङ्कन उनीहरूभन्दा बाहिरबाट गरिने मूल्याङ्कन; तेस्रो पक्षबाट गरिने मूल्याङ्कन। तुल. आन्तरिक मूल्याङ्कन।

बिँडो (Liability, ancestral grace)- *ना.* [सं. वृन्त] दायित्व; पुर्खाको प्रतिष्ठा; सिरोभरो।

बिउबिजन (Seeds)- *ना.* [सं. बीज (द्वि.)] बिउ र बिउहरूको समूह; भ्रौण विरुवा खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएको परिपक्व आयतन वा वानस्पतिक प्रजननका तरिकाले पुनरोत्पादन गरी बाली उत्पादन गर्नका लागि छर्न वा रोप्न सकिने अवस्थाको वानस्पतिक प्रजनक एकाइ; प्राकृतिक स्रोतबाट नयाँ पुस्ताका वनस्पति उत्पादन गर्न प्रयोग हुने प्राकृतिक वा कृत्रिम प्रजनन एकाइ। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.१।]*

बिउबिजन परीक्षण प्रयोगशाला (Seeds testing laboratory)- *नाप.* बिउबिजनको प्रायोगिक वा व्यावहारिक परीक्षण गर्ने प्रयोग कक्ष; बिउबिजन र तत्सम्बन्धी अन्य कार्य गर्न स्थापना गरेको पाठशाला, बिउबिजन प्रयोगशाला। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.५ र दफा 9।]*

बिकट/पिकेट (Picket, night patrol)- *ना.* [अङ्. पिकेट] सुरक्षा गर्नका लागि रातमा सिपाहीहरूले दिने पहरा; रात्री पहरा।

बिकामे (Worthless, useless)- *ना.* [बे+काम+ए] काम नलाग्ने; बेकम्मा; निकम्मा; रद्दी।

बिक्री (Sale)- *ना.* [सं. विक्रय] बेचबिखन, बेच्ने काम; मालसँग मालै वा रुपैयाँ साट्ने काम; मोल लिएर माल दिने काम;।

बिक्रीकर (Sales tax)- *ना.* [बिक्री+कर] सामान बिक्री गर्दा सरकारलाई तिर्नुपर्ने कर; बिक्री गरिने सामानमा लाग्ने कर; बिक्री मूल्यमा लाग्ने कर।

बिक्रीदर (Rate of sales)- *ना.* [बिक्री+दर] बेच्नका लागि निर्धारित दर; बेच्ने दर; विक्रय दर; बेचबिखनको मूल्य वा रेट।

बिक्रीनामा (Deed of sale)- *ना.* [बिक्री+नामा] चल सम्पत्ति बिक्री गर्दा लेखिदिने लिखत; बिक्री गरेको लिखत; बेचबिखनको लिखत।

बिक्रीमूल्य (Selling price)- *ना.* [बिक्री+मूल्य] बिक्रीका लागि निर्धारित मूल्य; सामानको बेच्ने मोल।

बिक्रीवितरण (Sale and distribution)- *ना.* [सं. विक्रय>बिक्री+वितरण] उत्पादकको तर्फबाट कुनै वस्तु बेचविखन गर्ने काम; बिक्रीका लागि त्यस्तो वस्तु वितरण गर्ने काम; उत्पादन वा सेवा बारे सूचना दिने उपलब्ध गराउने, प्रवर्धन गर्ने, विज्ञापन गर्ने, नमुना वितरण गर्ने, जनसम्पर्क तथा सूचना सेवालगायत त्यस्तो वस्तुको बजारमा ल्याउने वा बेचबिखन गर्ने सम्बन्धमा गरिने विभिन्न कार्य। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ङ) ।]*

बिखटे (Trouble maker)- *वि.* [बिँगडो] बाँउठो; काममा भाँजो हाल्ने; भँजुवा।

बिगा/बिगहा/बिघा (A measure of land about 20 Kaththa; a measure of land about 13 ropani and 5 aana)- *ना.* जग्गा जमिनको बिस कट्ठा बराबरको नाप; १३ रोपनी ५ आना जग्गाको नापो; ६३ वर्गमिटर जग्गाको परिमाण।

बिगो (Claimed amount)- *ना.* [सं. विग्रह>बिगार>बिगो] कसुरबाट पीडितले बेहोरेको हानिनोक्सानी; कसुरबाट भएको क्षति; कसुरदारले बुझाउनुपर्ने धनमाल; कसैको नोक्सानी गरेबापत तिर्नुपर्ने हर्जाना, पुर्ताल वा दिनुपर्ने सोधभर्ना; अर्मल।

बिघत (Damage, loss)- *ना.* [सं.वि+घत] हानि; नोक्सानी; घच्चा; फटाइँ; उपद्रो।

बिड्गो (Pretence, pretext)- *ना.* [सं.] कुनै कुरा टार्न, नगर्न वा पन्छाउन अपनाइने तानाबुना; बहाना; निहुँ; बहानाबाजी।

बिचल्ली (Miserable, wretched)- *ना.* बिजोग; बिल्लिबाठ; दुर्दशा; आपत।

बिचारी (Non-gazetted third class civil servant in the court)- *ना.* [सं.विचार+ई] राजपत्र अनङ्कित तृतीय श्रेणीको अदालतको कर्मचारी; पहिले मुद्दामामिलाको प्रारम्भिक क्षेत्राधिकार प्रयोग गर्न पाउने न्यायाधिकारी; विचारपति।

बिचौलिया/बिचौली (Broker)- *ना.* [बिच+औलिया] दलाल; लेनदेन कारोबार आदिमा माध्यमको रूपमा काम गर्ने व्यक्ति; दुई पक्षका कारोबारमा बिचमा छिरेर फाइदा खाने मानिस।

बिजाइँ (Delinquency, nuisance)- उपद्रव; बदमासी; अरुलाई दुःख दिने; अन्याय; अत्याचार; अरुलाई अहित हुने काम।

बिजाइँविद्युत/विद्युतबिजाइँ (Looting, disorder, riot)- *ना.*[बिजाइँ+विद्युत] लुटपिट; हुलदङ्गा; उपद्रो; एकदम छिटो गरी वा धडाधड अर्कालाई आक्रान्त पारी गरिने लुटपाट।

बिजुलीगारत (Armed troop for escorting King)- *ना.*[बिजुली+अङ्. गार्ड>गारत] राजामहाराजाको अगाडिपछाडि लाग्ने सेनाको टोली; राणाकालसम्म प्राइममिनिस्टरको पार्श्ववर्ती सैनिक सुरक्षादल; राणाकाल पछि शाही परिवारको पार्श्ववर्ती सैनिक सुरक्षादल।

बिजोक/बिजोग (Wretched, misery)- *ना.*[सं. वियोग] बिचल्ली; दयनीय अवस्था; बिल्लीबाठ।

बितलब बिर्ता (Land granted instead of salary, tax free land)- *नाप.* तलबको सट्टामा दिइने बिर्ता; सरकारलाई तिरोभरो गर्नु नपर्ने जग्गा; तिरो, मालपोत वा भूमिकर मिनाहा भएको/पाएको जग्गा।

बितोल (Hindrance, obstacle, disorder)- *ना.*[सं. वितुलन] तलबितल; गोलमाल; बरबादी; बित्यास।

बित्ता (Hand span measurement)- *ना.* एक हातको आधा भाग; हात फैलाई तन्काउँदा बुढी र साहिँली वा कान्छी औँलाका टुप्पाबिचको दुरी वा नापो; औसत साढे सात इन्च बराबरको नापो।

बिदा (Leave)- *ना.* [सं.] छुट्टी; तातिल।

बिदो (Halt)- *ना.* [सं.] रोकिने काम; थामिने अवस्था; केही मत्थर हुने काम।

बिनबिच्च (Irrelevant)- क्रि*वि.* [सं.] व्यर्थमा; विनाअर्थ; बित्थामा; बिनबित्थै।

बिन्ती (Prayer, petition)- *ना.*[सं. विनति] प्रार्थना, नम्रतापूर्ण गरिने निवेदन; बिन्तीभाउ; याचना।

बिन्तीपत्र (Petition)- *ना.*[बिन्ती+पत्र] सरकार वा मान्यजनलाई लेखेर दिने निवेदन; बिन्तीभाउ जनाउँदै केही कुरा गरिदिन वा केही उपलब्ध गराउन दिइने अनुरोधपत्र।

बिन्तीपत्र निक्सारी (An application or appeal provided to the Prime Minister for seeking justice during Rana regime)- *नाप.* राणा शासनकालमा न्यायका लागि प्रधान मन्त्रीसमक्ष उजुरी वा पुनरावेदन दिने अड्डा।

बिन्तीभाउ (Humble request)- *ना.*[सं. विनति+भाव] नम्र निवेदन; भनसुन; अनुनय।

बिन्दास (Carefree)- *वि.* [सं.] मस्तराम; मनमस्त; मनमौजी।

बिन्द्रा (Disolate, solitude)- *ना.*[सं. वृन्दा] निर्जन; मानिस नभएको; सुनसान।

बिप्यारो (Opposite, adverse)- *वि.* उल्टो; बिब्ल्याँटो।

बिफर (Small pox)- *ना.* [सं.] घातक रोगका किटाणुका प्रभावले शरीरमा जरो आउने र शरीरभरी फोका आउने रोग; शीतला रोग।

बिबिन्डो (Contrary, opposite)- *वि.* उल्टो; विपरीत।

बिभोर/विभोर (Entrancing, captivating)- *वि.* निमग्न; मोहित; मुग्ध।

बिमक (Insurance agent)- बिमा गर्ने व्यक्ति, कम्पनी वा संस्था।

बिमक (Insurance company)- *नाप.* बिमा व्यवसाय गर्न इजाजतपत्रप्राप्त बिमा कम्पनी वा पुनर्बिमा कम्पनी; बिमितले जम्मा गरेको रकम र सम्झौताबमोजिम त्यसको लाभप्रतिफलन बिमितलाई फिर्ता भुक्तानी गर्न दायित्व स्वीकार गर्ने पक्ष। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (त) ।]*

बिमक दर्ता प्रमाणपत्र (Insurance agent registration certificate)- *नाप.* बिमकको रूपमा नाम दर्ता गरी बिमाव्यवसाय गर्न दिइएको प्रमाणपत्र; बिमाव्यवसाय गर्न दिइने/लिइने इजाजतपत्र। *[हे. बिमा नियमावली, २०४९ को नियम २ को खण्ड (ख) ।]*

बिमा (Insurance)- हानि वा क्षति भएको अवस्थामा क्षतिपूर्ति पाउने गरी राखिने किस्ताबन्दी वा एकमुष्ट धरौटी; सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बिमा; तत्सम्बन्धमा गरिने विस्तृत बिमा; हुलाकद्वारा चलान गरिँदाको अवस्थामा हराउने वा नोक्सान हुने प्रति गरिने बिमा। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ह) र आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (घ) ।]*

बिमा अभिकर्ता (Insurance agents)- *नाप.* बिमकको कर्मचारीबाहेक बिमकका तर्फबाट कमिसनका आधारमा काम गर्ने इजाजतपत्रप्राप्त बिमा मध्यस्थकर्ता व्यक्ति वा संस्था; बिमकका तर्फबाट बिमितसँग बिमासम्बन्धी कारोबार गर्ने व्यक्ति वा संस्था। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (थ) ।]*

बिमा करार (Insurance agreement)- *नाप.* निश्चित बिमाशुल्क भुक्तानी गरी बिमक र बिमितबिच जोखिम बहन गर्ने सर्तमा गरिने लिखित सम्झौता; बिमित र बिमकबिचको करार। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (द) ।]*

बिमा दलाल (Insurance broker)- *ना.प.* बिमा दलालका रूपमा कार्य गर्न इजाजतपत्रप्राप्त बिमा मध्यस्थकर्ता व्यक्ति वा संस्था। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (ध) ।]*

बिमा पुल (Insurance reserve)- *ना.प.* कुनै खास प्रकृतिको बिमा वा जोखिमका सम्बन्धमा बिमकहरूले सामूहिक रूपमा जोखिम बहन गर्न, एकै स्थानमा बिमा शुल्क जम्मा गर्न, पुनर्बिमा व्यवस्था गर्न तथा दाबी भुक्तानी व्यवस्था गर्न स्थापित सामूहिक बिमा कोष; बिमकहरूको सामूहिक कोष। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (न) ।]*

बिमा प्रतिष्ठान (Insurance institute)- *ना.प.* बिमा प्राधिकरणले बिमाक्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न, बिमा शिक्षा प्रवर्धन गर्न र बिमासम्बन्धी तालिम, अध्ययन तथा अनुसन्धान गर्नका लागि स्थापना गरेको प्रतिष्ठान; बिमा प्राधिकरणअन्तर्गतको अध्ययन प्रतिष्ठान। *[हे. बिमा ऐन, २०७९ को दफा १५६ को उपदफा (१) ।]*

बिमा मध्यस्थकर्ता (Insurance mediator)- *ना.प.* बिमा प्राधिकरणबाट इजाजतपत्रप्राप्त बिमा अभिकर्ता, बिमा सर्भेयर, बिमा दलाल, तेस्रो पक्ष सहजकर्ता वा अन्य बिमा मध्यस्थकर्ता। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (प) ।]*

बिमा विकास कोष (Insurance Development Fund)- *ना.प.* बिमाको पहुँच आर्थिक रूपले विपन्न वर्गका नागरिकसम्म पुऱ्याई नागरिक हकहितको संरक्षण गर्न बिमा प्राधिकरणअन्तर्गत रहेको कोष; बिमामा नागरिक पहुँच प्रवर्धन गर्न स्रोत प्रबन्ध गर्ने कोष। *[हे. बिमा ऐन, २०७९ को दफा १५१ को उपदफा (१) ।]*

बिमा सूचना केन्द्र (Insurance Information Center)- *ना.प.* बिमा प्राधिकरणले बिमा क्षेत्रका सूचना सङ्कलन गरी एकीकृत र व्यवस्थित सूचनाप्रणाली संस्थागत गर्न स्थापना गरेको सूचना केन्द्र; बिमासम्बन्धी एकीकृत सूचना केन्द्र। *[हे. बिमा ऐन, २०७९ को दफा १५५ को उपदफा (१) ।]*

बिमाको किस्ता (Insurance premium)- *ना.प.* बिमामा सेवा लिन तिर्ने आंशिक रकम; बिमाशुल्क स्वरूप नियमित अन्तरालमा तिरिने रकम; बिमाशुल्क।

बिमाख/बेमाख (Injury, damage, write off, non-residual)- *ना.* [फा. बेबाक] क्षति; हानि-नोक्सानी हुने काम; सर्वनाश; स्वाहा; फछर्यौट; चुक्ता।

बिमाङ्क/बिमा रकम (Sum insured, insurance amount)- *ना.* बिमा गरिएको रकम; बिमा कम्पनीले जोखिम (मृत्यु, दुर्घटना, रोग) को स्थितिमा भुक्तान गर्न सम्झौतामा कबुल गरेको कुल रकम; बिमा दाबीमा पाइने एकमुष्ठ रकमकिस्ता।

बिमाङ्की (An official dealing with insurance policy)- *नाप.* बिमकको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्नका लागि मान्यताप्राप्त संस्थाबाट बिमाङ्कीको उपाधि हासिल गरेको व्यक्ति। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (ब) ।]*

बिमापत्र (Insurance paper)- बिमा गरिएको कागज।

बिमालेख (Insurance policy)- *ना.*[बिमा+लेख] बिमकले कुनै पनि जोखिम स्वीकार गरी बिमितलाई जारी गरेको बिमाको लिखत। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (भ) ।]*

बिमाव्यवसाय (Insurance business)- *ना.*[फा. बिमा+ सं. व्यवसाय] बिमासम्बन्धी व्यवसाय; जीवन बिमा व्यवसाय; निर्जीवन बिमा व्यवसाय; पुनर्बिमा व्यवसाय। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (फ) ।]*

बिमाशुल्क (Insurance premium)- *ना.*[बिमा+शुलेक] बिमा गर्दा प्रतिफलको रूपमा बिमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बिमकले लिने रकम; बिमा गर्दा लाग्ने शुल्क; बिमाको किस्ता। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (य) ।]*

बिमासर्भेयर (Insurance surveyor)- *ना.*[बिमा+सर्भेयर] क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्ने इजाजतपत्रप्राप्त बिमा मध्यस्थकर्ता व्यक्ति वा संस्था। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (म) ।]*

बिमित (Insured)- *ना.*[बिमा+इत] बिमा गर्ने व्यक्ति; बिमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्ति। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (र) ।]*

बिमित हित संरक्षण कोष (Insured Interest Protection Fund)- *नाप.* बिमितको हित संरक्षण गर्न बिमा प्राधिकरणअन्तर्गत रहेको कोष; बिमितको हितका लागि बिमा प्राधिकरणले गर्ने संरक्षणात्मक कार्यका लागि स्रोत प्रबन्ध गर्ने कोष। *[हे. बिमा ऐन, २०७९ को दफा १५० को उपदफा (१) ।]*

बियरर बन्ड (Bearer bond)- *नाप.* ऋणपत्रको प्रमाणपत्र लिई आउनेलाई भुक्तानी दिनुपर्ने ऋणपत्र; बाहक ऋणपत्र। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) को स्पष्टीकरण।]*

बियाँलो (Delay, late)- *क्रि.वि.*[सं.विलम्ब] अबेर; बिलम्ब; अलमल।

बिरलाकोटी/ विरलाकोटि (Rare, seldom)- *क्रिवि.*[बिरला+कोटी] कतैकतै; फाट्टफुट्ट। *वि.* अति दुर्लभ; कमै मात्रामा पाइने; कोटीमा एउटा।

बिरलै (Rarely, seldom, not often)- क्रि*वि.*[विरल+ऐ] यदाकदा; नगन्य।

बिराइ/बिरौटो/बिराइटो (Newly cultivated land)- *ना.*[बिराउ+ए+ओटो] बिराइएको वा सम्याइएको जग्गा; नयाँ आवाद गरिएको जग्गा; बिरौटो।

बिराउनु (To cultivate a new land, to make a land arable)- क्रि. नयाँ जग्गामा खेती गर्नु; जमिन खेती योग्य बनाउनु; गल्ती गर्नु वा बिगार्नु; बिगार गर्नु; त्रुटी वा भुल हुनु।

बिराजी (Disagreed, unwilling)- *वि.*[फा. बे+अ. रजी] राजी नभएको; बेमन्जुर; बेखुस; स्वीकार नभएको।

बिरादरी (Fraternity, persons belonging to a clan or caste)- *ना.*[फा.] बन्धुत्व; वंश, कुल, खलक वा जातसँग सम्बन्धित व्यक्ति; भाइचारा।

बिराम (Fault, mistake, error)- *ना.*[सं. विराम] गल्ती; दोष; भुलचुक; भनाइ वा गराइमा हुने दोष वा त्रुटि।

बिरामी/बिमारी बिदा (Sick leave)- *नाप.* बिरामी भएको अवस्थामा कामदारले पाउने बिदा; अस्वस्थताले आराम वा विश्राम गर्नुपर्ने अवस्था आइपरेमा पाउने बिदा।

बिरासत/ विरासत (Inheritance; by decent)- *ना.* [अ.] आनुवंशिक रूपमा सर्दै आएको सम्पदा; पुख्यौंली धनसम्पत्ति वा सम्पदा।

बिरुवा सङ्कटोत्पन्न क्षेत्र (Plant Endangered Zone)- *नाप.* बिरुवा वा बिरुवाजन्य उपजलाई आर्थिक रूपमा हानिनोक्सानी गर्ने गरी शत्रुजीव स्थापित हुन अनुकूल वातावरण भएको क्षेत्र। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (ब) ।]*

बिरुवाजन्य उपज (Plant product)- *नाप.* उपयोगको लागि तयार भइनसकेको बिरुवाजन्य सामग्री; उपयोगका लागि तयार भइसकेको तर प्रशोधनको प्रकृति वा अन्य कुनै कारणले शत्रुजीव प्रवेश गराउन वा फैलाउन सक्ने बिरुवाजन्य सामग्री। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (ख) ।]*

बिरुवाजन्य पदार्थ (Plant substance, plant parts)- *नाप.* वनस्पतिका डाँठ, हाँगा, गाँठ, कलमी, बोक्रा, जरा, पात, फल, फूल, बीउबाट बनेको पदार्थ; मृत वनस्पति वा त्यसको कुनै भाग। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ट) र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (क) ।]*

बिरुवासम्बन्धी स्वस्थता प्रमाणपत्र (Phyto-sanitary certificate)- *ना.प.* बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट वा लाभदायक किरा निकासी गर्न चाहने व्यक्ति वा संस्थालाई प्रदान गरिने स्वस्थता सम्बन्धी प्रमाणपत्र। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (न) र दफा 12 ।]*

बिर्ताउन्मूलन (Birta abolition)- *ना.*[सं. वृत्ति>बृर्ता+उन्मूलन] बिर्ताजग्गा रैकर परिणत भई भूस्वामित्व सरकारमा सर्ने कार्य; बिर्तावालको भूस्वामित्वसम्बन्धी हक तथा अधिकार स्वतः समाप्त भएको अवस्था; बिर्ताको समाप्ति। *[हे. बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ३ ।]*

बिर्ताजग्गा (Birta land, granted land, tax free or free hold land)- *ना.*[बिर्ता+जग्गा] सरकारलाई तिरो तिर्नु नपर्ने जग्गा; बहादुरी देखाएबापत वा वृत्तिको लागि प्राप्त जग्गा; सबै वा केही मालपोत मिनाहा गरी पाएको जग्गा (जस्तै; कुशबिर्ता, सेवाबिर्ता, सुनाबिर्ता आदि); सरकारी मालपोत जम्मै माफी गरी वा त्यस ठाउँको त्यस्तै किसिमका रैकर जग्गामा लागेको मालपोतभन्दा कम तिर्ने गरी पाएको वा हक भैरहेको सबै किसिमको जग्गा; जम्मै वा केही मालपोत माफी खान पाउने गरी पाएको सबै किसिमका माफी जग्गा; बिर्ता। *[हे. बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५ को दफा २ को खण्ड (क) र बिर्ता उन्मूलन ऐन, २०१६ को दफा २ को उपदफा (१) को खण्ड (क) ।]*

बिर्तावाल (Land owner holding the tax free or nominal taxable land)- बिर्ता पाएको व्यक्ति; बिर्ता जग्गाको माफीवाला धनी; जसका नाममा बिर्ता जग्गा दर्ता छ वा जसका नाममा बिर्ता जग्गा प्रदान गरेको लिखत छ वा जसले बिर्ता जग्गा भनी भोग गरेको छ त्यस्ता व्यक्ति वा त्यस्ता व्यक्तिका बिर्ता जग्गा भोग गर्ने हकदारलाई र भोग वा दृष्टिबन्धकी लिई वा अरू कुनै व्यहोराले लिई भोग गरेमा त्यस प्रकार भोग गरुञ्जेल निज वा त्यस्तो जग्गा भोग गर्ने निजका हकवाला। *[हे. बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५ को दफा २ को खण्ड (ख) र बिर्ता उन्मूलन ऐन, २०१६ को दफा २ को उपदफा (१) को खण्ड (घ) ।]*

बिलखबन्द (Bewilderment, puzzlement)- *वि.*[सं. विलक्षमन्द] अलमल्ल; अक्क न बक्क; रनभुल्ल; जिल्लिएको अवस्था; यसो गरौं कि त्यसो भएको अवस्था।

बिल्लबाठ/बिल्लीबाठ (Wretchedness, misery)- *ना.* बिरालाको जस्तो दुर्दशा; सन्तान पाल्नमा परेको कठिनाइ; बिचल्ली; बिजोग।

बिल्ला (Badge, insignia)- *ना.*[अङ्. ब्याज] दर्जासूचक चिह्न वा पगरी; फुली भएको वा नभएको निसानपट्टी; ब्याज।

बिल्लादार (Non-commissioned Officer)- *वि.* [अङ्. ब्याज>बिल्ला+दार] परिचयअङ्कित फित्ता, धरो वा पट्टी धारण गरेको वा बिल्ला भएको; सेनाका हुद्दा, अमलदार, प्युठ र खास कामका निमित्त खडा भएको बलमा रहेको त्यस्तो दर्जाका व्यक्ति। तुल. फुलीदार। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ज) ।]*

बिसौंद (Twenty percent, twentieth part)- *ना.*[सं.विंशंश] सयकडा बीस; सयमा बिसको दर; सय अंशमध्ये बिस अंश।

बिसौली (Half weight of 2.3934 kg.)- *ना.* आधा धार्नी; छ पाउको परिमाण; एक किलो बिस ग्राम बराबर वजनमात्रा।

बिस्मात (Regret, remorse, repent)- *ना.*[सं. विषाद] अफसोच; खेद; सन्ताप; पछुतो।

बिहाबारी/बिहेबारी (Marriage)- *ना.*[सं. विवाह>बिहा/बेहे+बारी] विवाहसम्बन्ध; विवाह; पाणीग्रहण; दाम्पत्य।

बीजक (Invoice)- *ना.* [सं.] पठाइएका मालसामान वा उपलब्ध गराइएको सेवाको विवरण लेखिएको पुर्जा; मूल्य उल्लेख गरी दिइने बिल, रसिद, पुर्जी वा भरपाई; बीज; बिउ। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ङ) ।]*

बीजकीकरण (Invoicing)- *ना.* [सं.] बिलमा समानको विवरण लेखेर पठाउने काम।

बीजारोपण (Initiation, ideation)- *ना.* [सं.] बिउ छर्ने वा रोप्ने काम; कुनै कामकुराको प्रारम्भ वा थालनी।

बीभत्स (Hideous, horrific, ghastly)- *वि.* [सं.] डरलाग्दो; घिनलाग्दो; घृणास्पद।

बीभत्सा (Hatred)- *ना.* [सं.] घृणा; हेला; अपमान।

बुझबुझारथ (Handing and taking over, clearance)- *ना.*[बुझ+बुझारथ] साविकवालाले हालवालालाई आफू जिम्मा रहेको नगदी, जिन्सी र कागजपत्रहरू बुझाउने काम।

बुटेन/बुट्यान (Shrubs, bush)- *ना.*[बुटो+एन] धेरै बुटा भएको ठाउँ; बोटबुटा भएको ठाउँ।

बुडुवा (Bog, swamp, marsh land)- *ना.* धापिलो जग्गा; दलदले जमिन; धाप; सिमसार।

बुता (Strength, capacity)- *ना.* सामर्थ्य; खुबी; बर्कत।

बुद्धि (Intellect, inteligence, wisdom)- *ना.* [सं.] चित्त; धी; ज्ञान; बोध; समझ; प्रज्ञा।

बुद्धिजीवी (Intellectual, learned)- *वि.*[सं. बुद्धि+जीवी] बौद्धिक काम गरेर जीविका चलाउने; बुद्धिले बाँच्ने; बौद्धिक।

बुद्धिमान (Intelligent, wise)- *वि.* [सं.] बुद्धि भएको, समझदार।

बुद्धु (Foolish, stupid)- *वि.*[बोधो/बुद्ध+उ] साह्रै सोझो; बोधो; मोटो बुद्धि भएको; अबुझ; केही नजान्ने।

बुनियाद (Foundation, root, base)- *ना.*[फा.] धरातल; जड; आधार; जग।

बुर्जुवा (Bourgeois)- *ना.*[फ्रे.] अनुदार वा परम्परावादी; पुँजीपति वा उच्च कुलीन वर्गको।

बुलन्द (Towering; excellent, lofty)- *वि.*[फा. बलन्द] उच्च; उत्कृष्ट; उत्तम; टड्कारो; ठूलो।

बृहत आकस्मिक प्रसूति सेवा (Comprehensive emergency obstetric care)- *ना.प.* आधारभूत आकस्मिक प्रसूति सेवाको अतिरिक्त रक्त सञ्चार र शल्य चिकित्सा सेवा।

बृहत् पूर्ण इजलास (Extended Full Bench)- *ना.प.* पाँच जना वा सोभन्दा बढी न्यायाधीश संलग्न रहने पूर्ण इजलास।

बेइज्जती (Libel)- *ना.*[फा. बे+अ. इज्जत+ई] नियतपूर्वक अरूका इज्जतमा धक्का पुऱ्याउने काम; अर्काको मानमर्यादामा ठेस पुऱ्याउने काम; अरूका इज्जत वा मानसम्मानमा धक्का पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिब कारण भई लेखेर, आचरण वा आकार वा चिह्न वा प्रचारप्रसारद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले त्यस्तो व्यक्तिलाई अरूका दृष्टिमा व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्याति होच्याउने वा खसाउने गरी चरित्र हत्या गर्ने काम; कसैको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरूलाई विश्वास पर्ने गरी दोष लगाउने वा त्यस्तो दोष लगाएको कुरा प्रचार, प्रसार वा प्रकाशन गर्ने काम; कसैको बेइज्जती हुने साधनको रूपमा प्रयोग गरिएका कुनै चिज जानीजानी बिक्री वा बितरण गर्ने काम; त्यस्तो आक्षेप लगाउँदा जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ भन्ने कुरा जानीजानी मरिसकेको मानिसलाई कुनै आक्षेप लगाई निजको परिवार वा नजिकका नातेदारहरूका भावनामा चोट पुऱ्याउन आक्षेप लगाउने काम। *वि.* इज्जत नभएको; सरम नभएको। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३०६ को उपदफा (२) ।]*

बेइन्साफ (Injustice, injudicious, unfairness)- *ना.*[बे+इन्साफ] इन्साफ नहुने स्थिति; इन्साफको अभाव; अन्याय।

बेइमान/बेमान (Dishonest, distrustful, unscrupulous)- *वि.*[बे+इमान] इमान-जमान नभएको; बेइमानी गर्ने; सच्चा व्यवहार नगर्ने।

बेइलाका (Out of territory or boundary; out of jurisdiction)- *वि.*[बे+इलाका] इलाका बाहिरको इलाकाको; अधिकारक्षेत्रभन्दा बाहिरको।

बेकसुर (Faultless, innocent)- *वि.*[बे+कसुर] निर्दोष, निरपराध; कसुर नगरे/नभएको।

बेकाइदा (Improper, irregular)- *वि.*[बे+काइदा] अनियमित; नियम वा प्रक्रिया नमिलेको; बेरीत।

बेकाम (Useless, jobless, futile)- *वि.*[बेकाम] बेकार; निरर्थक, व्यर्थ, काम नलाग्ने।

बेख (Land gifted from the government)- *ना.*[अ. वक्फ] माफीबिर्ता; रिझाएबापत सरकारबाट कसैलाई दिएको जग्गा।

बेखबिर्ता (Tax or revenue free land)- *ना.*[बेख+बिर्ता] मालपोत तिर्नु नपर्ने बिर्ता; माफीबिर्ता।

बेखमरौट (Granted land for dead warrior's family)- *ना.*[बेख+मरौट] सरकारी काम वा लडाइँमा मर्नेका सन्तानलाई दिइएको जग्गा; माफीबिर्ता सरहको जग्गा।

बेगार (Forced or involuntary labour; unpaid labour)- *ना.*[फा.] ज्याला नदिई वा थोरै ज्याला दिई गर्न लगाइने काम; मन नलागिकन गरिने काम; उत्प्रेरणाविनाको काम वा श्रम।

बेगारी (Unpaid labourer)- *ना.* [सं.] बेगारमा काम गर्ने मानिस; ज्यालाबिनाको खेताला वा ज्यामी; काम गरिटोपलेजस्तो गर्ने तर राम्रो काम नगर्ने मानिस।

बेघर (Homeless)- *ना.*[बे+घर] गाँसबासविहीन; घर नभएको; असहाय; घरबार नभएको।

बेचबिखन (Selling, sale)- *ना.*[बेच (द्वि)] बिक्री; बेच्ने काम; व्यापार।

बेजाफ्ता (Contrary to law)- *ना.*[फा. बे+अ.जाबित] ऐन नियमसँग नमिल्दो; कानूनबमोजिम नमिल्ने, नियमविरुद्धको।

बेजो (Revenge, compensation, income as equal to expenditure)- *ना.* बदला; हर्जाना; आम्दानी खर्चको बराबरी; सानोतिनो काम।

बेठ/बेठी (Mutual exchange of labour, labour without wage)- *ना.*[सं. विष्टि>प्रा. बिट्ठी] पर्म; ज्याला बिनाको काम; रैतानका बासिन्दाले जमिन्दार, थरी, मुखियालाई करकै रूपमा गरिदिनुपर्ने खेतालापात; रोपाइँमा बाजागाजा बजाउँदै भोजसहित गरिने उत्सव।

बेठबेगर/बेठबेगार (Free labour)- *ना.*[बेठ+बेगार] ज्यालाविनाको काम; गाउँको तालुक, मुखिया वा बिर्तावालले बोलाएका बखतमा ज्याला काम गर्ने गाउँका खेताला; झार्लाङी खेताला।

बेडा (Turmoil, hinderance, disturbance)- *ना.*[सं. वेष्ट] झमेला; बोझ; जन्जाल; जहाज वा डुङ्गाको समूह।

बेतलबी (Unpaid, without pay)- अवैतनिक; बिना तलबको; तलब नपाउने।

बेतलबी बिदा (Unpaid leave)- *नाप.* कामदार, शिक्षक वा कर्मचारीले तलब नपाउने गरी माग गर्न सक्ने बिदा; तलब नपाउने बिदा।

बेतुक (Worthless, useless)- *ना.*[बे+तुक] तर्कहीन; अतार्किक; तुक नभएको; बेढङ्ग।

बेथिति (Disorder, irregularity, breach of rule)- *ना.*[बे+सं. स्थिति>थिति] सुप्रबन्धको अभाव; थिति बिग्रेको वा नमिलेको चाल; अस्तव्यस्तता।

बेदखल/बेदखली (Expulsion, eviction, ejectment)- *वि./ना.*[फा. बे+दख्ल] निष्कासन; अधिकार वा ऐँच खोस्ने काम; मोहीलाई निजको मोहियानी हकबाट निकाल्ने काम; दखल वा कब्जा हटाउने काम; बेदखली।

बेदाग (Unspotted, unstained, blameless)- *वि.*[बे+दाग] निष्कलङ्क; दाग वा खोट नभएको; निर्दोष; स्वच्छ।

बेनकाब (Exposed, unveiled)- *वि.*[बे+नकाब] पर्दाफास; उदाङ्गो; नकाब उतारिएको; मुखुन्डो फुकालिएको।

बेनाम/बेनामी/बिनामी (Anonymous, unnamed)- वि.[बे+नाम+ई] नाम नभएको, नामाङ्कन नभएको, नाम बेगरको, गुमनाम; लेख्ने वा पठाउनेको नामथर ठेगाना केही पनि नलेखिएको।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग (Investigation of Disappeared Persons, Truth and Reconciliation Commission)- *नाप.* सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण र छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडितबिच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था गर्न गठित आयोग; द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घनका त्यस्ता घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीका लागि सिफारिस गर्ने काम गर्न गराउन

सरकारले गठन गरेको आयोग। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (ख) र दफा ३ को उपदफा (१) ।]*

बेपत्ता/बिपत्ता (Disappeared, missing)- *वि.*[बे+पत्ता] गायब; हराएको; फेला नपरेको; अत्तोपत्तो नभएको; हालचालको केही भेउ नपाइएको; बेखबर; पत्ता (ठेगान) नलागेको। क्रि*वि.* अति; ज्यादै; असाध्य।

बेपरवाह/बेपर्बाह (Carefree, blithe)- *ना.*[फा. बेपरवाह] चासो वा वास्ता नभएको; लापरबाह; मनमोजी; परवाहविनाको।

बेफाइदा (Disadvantage, unprofitable, disbenefit)- *ना.*[अ.बेफाइद] लाभ वा फाइदा नहुने स्थिति; फाइदा नभएको वा नहुँदो स्थिति; हानि; नोक्सानी; टुपट्टा; घाटा। *वि.* केही लाभ वा हित नहुने; व्यर्थको।

बेमतलब (Meaningless, senseless, in vain)- *वि.*[बे+मतलब] मतलब नभएको; निरर्थक; मतलबै विनाको।

बेमनासिब (Improper, unreasonable, unseemly, unjust)- *ना.*[बे+मनासिब] अनुपयुक्त; अनुचित; बेमुनासिब; बेठिक।

बेमन्जुर (Disagreement, dissent, non-consensual)- *वि.*[बे+मन्जुर] नामन्जुर; असहमत; मन्जुर नभएको।

बेमेल (Dissimilarity, incongruous, discordant)- *ना.*[बे+मेल] मेल नभएको; अमिल्दो; फाटो। *वि.* जोडा नमिल्दो; मेल नखाँदो।

बेम्यादी (Unspecified)- *वि.*[बे+म्यादी] म्याद नतोकिएको; अवधि नखुलेको। तुल. म्यादी।

बेरिज (Grand total)- *ना.* [अ.] स्रेस्तामा जिन्सीका धेरै कलमको आम्दानी खर्चको जम्मा; जम्मा धनरासी।

बेरित/बेरीत (Irregular, anomalous)- *वि.*[बे+रित] रित नपुगेको; रित नमिलेको; अनियमित।

बेरुजु (Arrears, irregularities)- *ना.*[अ. बे+रुजु] पुऱ्याउनुपर्ने रीत वा नियम नपुऱ्याई गरेको कारोबार वा सोको रकम। *वि.* राख्नुपर्ने लेखा नराखेको र अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको; रुजु गर्दा नमिलेको; बेरीतको; अनियमित। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (त) ।]*

बेरुजु फर्स्योट अनुगमन समिति (Arrears Settlement Monitoring Committee)- *नाप.* कुनै कार्यालयको बेरुजु अनुगमन गरी फर्स्योटसम्बन्धी कामकारबाहीमा प्रभावकारिता ल्याउन गठित समिति। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९३ को उपनियम (१) ।]*

बेरोकटोक (Unrestrained, unhindered)- *वि.*[बे+रोकटोक] निर्बाध; बिनारोकटोक।

बेरोजगार (Unemployed, jobless)- *वि.*[बे+रोजगार] रोजगार नभएको; इलम वा काम नभएको।

बेरोजगार व्यक्ति (Unemployed person)- *नाप.* रोजगारीविहीन व्यक्ति; रोजगारमा नरहेको व्यक्ति; पेसाव्यवसाय केही पनि नभएको अवस्थाको व्यक्ति; एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा स्वरोजगारमा संलग्न नरहेको अठार वर्षदेखि उनान्साठी वर्ष उमेर समूहको नागरिक। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

बेरोजगार सहायता कार्यक्रम (Employment Support Program)- *नाप.* रोजगारीको अवसरसम्बन्धी सूचना उपलब्ध गराउने, रोजगारमूलक तथा सीपमूलक तालीम प्रदान गर्ने, बैङ्क तथा वित्तीय संस्थामार्फत् स्वरोजगारको लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउने, स्वरोजगार सिर्जना गर्ने कार्यक्रम; यस्ता कार्य सम्पन्न गर्न गराउन सङ्घीय, प्रदेश सरकार र स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रम। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २० को उपदफा (१) ।]*

बेलगाब (Disinterested, detached)- *वि.*[बे+लगाब] अरुचि; लगाब नभएको; झुकाब नभएको।

बेलगाम (Uncontrolled, unconstrained)- *वि.*[बे+लगाम] अनियन्त्रित; अधीनमा नरहेको; लगाम नभएको; फुक्का।

बेलीविस्तार (Detailed description, elaboration)- *वि.*[बोली+विस्तार] खुलस्त वर्णन; पूरा बयान; सबै बेहोरा खुलाएर गरिएको वर्णन।

बेवकुफ/बेक्कुफ (Foolish, studpid, idiot)- *ना.*[फा. बेवकुफ] मूर्ख; नासमझ; बेकुफ।

बेवारिस (Heirless, unattended, without claimant)- *वि.*[बे+वारिस] वारिस नभएको, हकवाला वा संरक्षक नभएको; अलपत्र परेको; लावारिस।

बेवारिसी काठ (Abandoned timber)- *नाप.* कसैको स्वामित्वमा नरहेको वा कसैले दाबी नगरेको काठ; नदी वा खोलाले बगाइ ल्याएको, किनारा लागेको, अडेको वा डुबेको काठ।

बेवास्ता (Ignored, unconcerned)- *वि.*[बे+वास्ता] सरोकार नभएको; चासो नदिएको; उपेक्षा; वास्ता नगरिएको; बेपर्वाह।

बेसाबुद (Damaged, incorrect)- *वि.*[अ.] साबुद वा सिङ्गो अवस्था नभए नरहेको; रुजु गर्दा छुट वा गल्ती भएको; सग्लो नरहेको।

बेसाहा (Purchased foodgrains for daily consumption)- *ना.*[बेसाउ+आहा] दैनिक उपभोगका लागि किनेर ल्याएको अन्न; बेसौनी; बेसौटी; खरिदबिक्री हुने अन्नहरूको बजारभाउ।

बेहक (Having no authority or right)- *ना.*[बे+हक] हक नपुगेको वा नपुग्ने अवस्था; अधिकार नभएको स्थिति। *वि.* हक नपुग्दो; अधिकारहीन।

बेहद (Limitless, beyond limit)- *वि.*[बे+हद] हद वा सीमा नभएको; धेरै; असीम।

बेहाल (Miserable, in a bad state or plight)- *वि.*[फा.] गए गुज्रेको; व्याकुल; विकल; ज्यादै खराब।

बेहुदा (Ill mannered, rude, insolent, impolite)- *वि.* अशिष्ट; भद्दा; असङ्गत।

बेहोरा (Details, particulars, statement)- *ना.*[सं. व्यवहार] कुनै घटना वा क्रियाकलापसँग सम्बन्धित विवरण; दफा, अनुच्छेद वा प्रकरणको विषयवस्तु, सिलसिला र छाँट; कुनै कथनको मुख्य सन्देश; बेहोर; बानीबेहोरा।

बेहोर्नु (To bear, undertake, to take responsibility)- क्रि. भोग्नु; स्वीकार्नु; अभिभारा बोक्नु; खप्नु वा सहनु।

बेहोस/बिहोसी (Unconscious, swoon)- *वि./ना.*[बे+होस] अचेत; होस नभएको; निश्चेतन; अचेतनता।

बैंस (Adoloscence, youthfullness)- *ना.*[सं. वयस्] यौवन; जवानी; जोबन; चढ्दो उमेरको अवस्था; समयक्रम।

बैंङ्क जमानत सुविधा (Bank guarantee facility)- *ना.प.* कुनै व्यक्तिले कुनै संस्था, कार्यालय, अड्डा अदालतलाई कुनै रकम बुझाउन वा तिर्न वा धरोट/जमानत राख्नुपर्ने अवस्थामा निजले अन्य स्रोतबाट दाखिल नगरेमा सोको वित्तीय दायित्व बैङ्कले बेहोर्छ भनी बैङ्कले खिचिदिने जमानीपत्र; कुनै निकासीकर्ता वा पैठारीकर्तालाई बैङ्क जमानतको आधारमा मालवस्तु निकासी वा पैठारी गर्न पाउने गरी प्रदान गरिएको सुविधा। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (थ) ।]*

बैकर (Tax payed for commodities)- *ना.* जिन्सीमा बुझाइने पुरानो एक कर।

बैकान्या (Masculinized, hyperandrogenic women)- *ना.* पुरुषको जस्तै गुण वा व्यवहार भएकी महिला।

बैकिन्या (Effeminacy, femininenes)- *ना.* महिलाको जस्तै गुण वा व्यवहार भएको पुरुष।

बैगुनी (Ungrateful, selfish)- *वि.* अरूले लगाएको गुन बिर्सने; कृतघ्न; खराब गुण भएको; निर्गुणी।

बैङ्क खातावाला (Bank account holder)- *नाप.* बैङ्कमा आफ्नो नाममा रकम जम्मा गर्ने व्यक्ति; संरक्षित व्यक्ति वा नाबालकको लागि खोलिएका खाताको हकमा निजको नाममा बैङ्क कारोबार गर्न अधिकार पाएको व्यक्ति; बैङ्कको ग्राहक; बैङ्कमा खाता खोली निक्षेप राख्ने व्यक्ति।

बैङ्क ग्यारेन्टी (Bank guarantee)- नाप; बैङ्कजमानत; बैङ्कले जारी गरेको प्रतिभूतिपत्र; वाणिज्य विभागले माग गर्नासाथ बैङ्कले नगद भुक्तानी गर्नुपर्ने गरी वाणिज्य विभागले तोकेको बैङ्कबाट जारी भएको प्रतिभूतिपत्र। *[हे. वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा २ को खण्ड (ज) ।]*

बैङ्क तथा वित्तीय संस्था (Bank and financial institution)- *नाप.* बैङ्किङ्ग वा वित्तीय कारोबार गर्न इजाजतप्राप्त सङ्गठित कानूनी व्यक्ति; कृषि विकास बैङ्क, वाणिज्य बैङ्क ऐन २०३१ बमोजिम स्थापना भएका वाणिज्य बैङ्कहरू, नेपाल औद्योगिक विकास निगम र नेपाल राष्ट्र बैङ्कबाट बैङ्किङ्ग वा वित्तीय कारोबार गर्न इजाजत पाएका सो बैङ्कले तोकेका वित्तीय संस्थाहरू। *[हे. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २ को खण्ड (क) तथा दफा 4 र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (ञ) ।]*

बैङ्क पास बुक (Bank passbook)- *नाप.* बैङ्कमा जम्मा गरिएको र बैङ्कबाट झिकिएको रकमको हिसाब देखिने विवरण भर्ने वा भरिएको पुस्तिका; बैङ्कको पारपुस्त।

बैङ्क/बैंक/ब्याङ्क (Bank)- *ना.*[अङ्.] ग्राहकबाट निक्षेप स्वीकार गर्ने, ग्राहकलाई रकम भुक्तानी गर्ने, ऋण दिने र मुद्रा सटही, क्रेडिट कार्ड, इबैङ्किङ्गजस्ता वित्तीय सेवा प्रदान गर्न इजाजतप्राप्त वैधानिक संस्था; केन्द्रीय बैङ्कको रूपमा राष्ट्र बैङ्क र राष्ट्र बैङ्कको अधिकार प्रयोग गर्ने गरी राष्ट्र बैङ्कले सरकारी कारोबार गर्न तोकिदिएको वाणिज्य बैङ्क; बैङ्किङ्ग कारोबार गर्न इजाजतप्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था; वित्तीय वा बैङ्किङ कारोबार गर्न राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त संस्था; विदेशी बैङ्कका स्वदेशस्थित शाखा कार्यालय;

स्वदेशमा स्थापित बैङ्कले देशबाहिर खोलेका शाखा कार्यालय; पूर्वाधार विकास बैङ्क र तिनका शाखा कार्यालय; वित्त कम्पनीका रूपमा निक्षेप सङ्कलन वा जम्मा गर्ने अन्य निकाय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (थ), भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ण), बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (क), बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ह) र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २१ को स्पष्टीकरण।]*

बैङ्कको काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने कामकारबाही गर्ने संस्था (Institutions which carry out the functions which are helpful in carrying out the functions of the Bank or in attaining its objectives)- *नाप.* विशुद्ध रूपमा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो मूल्याङ्कन, सञ्चालन र संरक्षण गर्ने, धितो पुनसंरचना गर्ने र हस्तान्तरण गर्ने, साख मूल्याङ्कन गर्ने, साख सूचना आदानप्रदान गर्ने, तथ्याङ्क प्रशोधन गर्ने र सम्प्रेषण गर्ने, वित्तीय उपकरण मुद्रण गर्ने, भुक्तानीको क्लियरिङ गर्ने, सम्पत्तिलाई तरल बनाउने, बैङ्क नोट वा सिक्का उत्पादन गर्ने, ट्रस्टीका रूपमा काम गर्ने संस्था वा कम्पनी। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७ को उपदफा (२) को खण्ड (क) को स्पष्टीकरण।]*

बैङ्कजमानत (Bank guarantee)- *ना.*[अङ्. बैङ्क+जमानत] कुनै व्यक्तिले कुनै संस्था, कार्यालय, अड्डा अदालतलाई कुनै रकम बुझाउन वा तिर्न वा धरोट/जमानत राख्नुपर्ने अवस्थामा निजले अन्य स्रोतबाट दाखिल नगरेमा बैङ्कले सोको दायित्व बेहोर्छु भनी बैङ्कले खिचिदिने जमानीपत्र; कुनै निकासी वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा बुझाउनुपर्ने महसुल निजले नबुझाएमा आफूले तिरिदिने गरी बैङ्कले भन्सार कार्यालयलाई दिने जमानत। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (त)।]*

बैङ्कर (Bankers)- *नाप.* ब्याङ्किङ्ग व्यवसाय गर्ने संस्था; बचत बैङ्ककको काम गर्ने हुलाक अड्डा। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ख)।]*

बैङ्किङ्ग कसुर (Banking offence)- *नाप.* बैङ्क तथा वित्तीय काम वा कारोबारसँग सम्बन्धित अपराध; अनधिकृत रूपमा खाता खोल्ने वा रकम भुक्तानी माग गर्ने, अनधिकृत रूपमा रकम निकाल्ने वा भुक्तानी दिने, विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने, अनधिकृत रूपमा कर्जा लिने वा दिने, कर्जाको दुरूपयोग गर्ने, बैङ्किङ्ग स्रोतसाधन र सम्पत्तिको दुरूपयोग गर्ने, कालो सूचीमा परेका ऋणीले रकम झिक्ने र सम्पत्ति प्राप्त गर्ने, ऋणीको चालू परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोक्ने, कागजात वा खाता बही

सच्याई कीर्ते वा जालसाजी गरी हानिनोक्सानी पुऱ्याउने, बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्था वा सङ्घलाई झुक्याई काम कारोबार गर्ने, बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तीय विवरण तयार गर्ने, अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्ने गराउने, ढुकुटीको कारोबार गर्ने, गैरकानूनी रूपमा बैङ्किङ्ग कारोबार गर्नेजस्ता कार्य। *[हे. बैंङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (ख) र परिच्छेद-2 ।]*

बैङ्किङ्ग व्यवसाय (Banking business)- *ना.प.* बैङ्किङ्ग कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क तथा वित्तीय संस्थाहरूले सञ्चालन गरेको बैङ्किङ कारोबार; निक्षेप लिने, भुक्तानी दिने, कर्जा दिने र असुल गर्ने, अन्त:बैङ्क वा अन्तरबैङ्क भुक्तानी आदानप्रदान गर्ने लगायतका कारोबार। *[हे. आयकर ऐन, २०५८ को दफा ५९ को उपदफा (३) को स्पष्टीकरण।]*

बैङ्किङ्ग सेवा उपलब्ध स्थान (Place where banking service is available)- *ना.प.* कुनै स्थान विशेषको दश किलोमिटर क्षेत्रभित्र बैङ्किङ्ग सेवा उपलब्ध हुने ठाउँ; बैङ्कको सेवा उपलब्ध स्थान। *[हे. आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) को स्पष्टीकरण।]*

बैठक (Meeting)- *ना.*[प्रा. बिट्ठ] मानिसहरूसँग भेट्न वा कुराकानी गर्न निश्चित गरिएको स्थान कक्ष वा कोठा; कुनै विषयमा छलफल वा निर्णय गर्न सभा, समिति, कार्यदल वा यस्तै किसिमका समूहका सदस्यको एक पटकको बसाइ; कचहरी; कार्यमूलक बसाइ।

बैठक भत्ता (Meeting allowance)- *ना.प.* बैठक बसेबापत प्रदान गरिने भत्ता; बैठकमा सहभागी हुनेले पाउने भरणपोषण रकम।

बैठककक्ष (Meeting room)- *ना.*[बैठक+कक्ष] बैठक सञ्चालन हुने कक्ष; मानिसहरूसँग भेट्न वा कुराकानी गर्न निश्चित गरिएको कक्ष।

बैठान (End, conclusion)- *ना.*[प्रा. बिट्ठ] समाप्ति; टुङ्गो; बिसाउनी; टुङ्याउनी; मैझारो; बस्ने ठाउँ; ठेगान।

बैठानकर (Landing tax levied for foreign aircraft)- *ना.*[बैठान+कर] अन्य देशको विमान आफ्ना देशको विमानस्थलमा बस्दा लाग्ने कर; अवतरणकर।

बैना (Advance payment)- *ना.*[अ. बैआन] किन्नेबेच्ने, बहालमा सम्पत्ति लिनेदिने वा ठेक्कामा निर्माण आदि काम गर्ने पक्कीपक्की भएको विश्वास दिलाउन पहिले नै दिइने रकम; अग्रिम रकम; अग्रिम प्रदत्त रकम; कुनै काम गराउनुभन्दा अगाडि सो काम गराउनको लागि अग्रिम रूपमा दिइने रकम; पेस्की।

बैनाबट्टा (Act of paying advance)- *ना.*[बैना+बट्टा] बैना लिनेदिने काम; बैना लिनदिन सहमति कायम गर्ने काम; किन्नेबेच्ने, बहालमा सम्पत्ति लिनेदिने वा ठेक्कामा निर्माण आदि काम गर्ने पक्कीपक्की भएको विश्वास दिलाउन पहिले नै दिइने मूल्य।

बैमान (Unfaithful, unscrupulous)- *वि.* धोकेबाज; बेइमान।

बैरङ्ग/बैरङ चिठी (Without ticket)- *वि./ना.प.* शुल्कविना; टिकटविना; टिकटविनाको चिठी जसको हुलाक टिकटको रकम प्रापकले चिठी बुझ्दा किन्नुपर्छ वा मूल्य दिनुपर्छ।

बोकाहा (One taking others' law suit, taking responsible authority of others' law suit)- *वि.* [बोक्+ आहा] काँधे, अर्काको मुद्दाको अभिभारा लिने व्यक्ति; अर्काको मुद्दा वा झगडिया बोकेर हिँड्ने; अर्काको समस्या सल्टाउन काँध हाल्ने मानिस।

बोक्सीको आरोप (Blame of witchcraft, accusation of witchcraft)- *ना.प.* कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य; कसैलाई बोक्सो वा बोक्सी हो भनी मिथ्यारोपण गर्ने वा आक्षेप गर्ने काम।

बोक्सीको आरोपसम्बन्धी कसुर (Offences relating to the blame of witchcraft)- *ना.प.* बोक्सीको आरोप लगाउने काम; बोक्सीको आरोपमा गालीबेइज्जती गर्ने काम; बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने काम; बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने काम; बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने काम; धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने काम; बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने काम; बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने काम; बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानीनोक्सानी गर्ने काम; बोक्सीको आरोपसम्बन्धी कसुर हुने कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने वा उल्लिखित कार्यमा मद्दत गर्ने उद्देश्यले कुनै भेला गर्ने वा गराउने काम।

बोझ (Load, burden)- *ना.*[प्रा. बोज्झ] अभिभारा; भार; कार्यभार; जिम्मेदारी; बोझा; भारी।

बोझबाहक (Burden bearer)- *ना.*[बोझ+बाहक] मालबाहक साधन; भारबाहक साधन; मोटर, गाडा, बग्गी, रिक्सा, डुङ्गा, टाँगा आदि साधन; पानी वा जमिन वा हवाइमार्गबाट मालवस्तु वा यात्री

ओसार्ने अरू जुनसुकै सवारीका साधन। *[हे. विस्फोटक पदार्थ ऐन, २०१८ को दफा २ को खण्ड (ग) ।]*

बोझे (Assistance, help, mutual exchange of labour)- *ना.* अरूको बोझ सघाउने काम; पर्म।

बोटबिरुवा/विरुवा (Plants)- *नाप.* प्रकाश-संश्लेषण प्रक्रियाद्वारा खानेकुरा बनाएर जीवित रहने जरा, डाँठ, पात र फूलजस्ता अङ्गसाथ साकार रूप लिने रूख, लहरा, बुट्यानजस्ता एककोशीय वा बहुकोशीय वनस्पति; जीवित वा वंशप्रसारणमा प्रयोग हुने वा वंशप्रसारण गर्ने वनस्पति। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ज) ।]*

बोटी (Portion of harvest divided between the tenant and land owner)- *ना.*[सं. वण्ट] खेतीमा उब्जेको अन्नको मोही र तल्सिङले पाउने भाग; धनीबोटी र बनीबोटी।

बोधगम्य (Easily understandable, easy to comprehend)- *ना.* [सं.] समझमा आउने; बुझ्न सकिने; सजिलो।

बोधार्थ (For information, for reference)- क्रि*वि.* [सं.] जानकारीको लागि; सूचित गर्नका लागि; सम्झना वा सम्झाउनका निमित्त।

बोधार्थ प्रति (Carbon copy)- *नाप.* कुनै कामका सिलसिलामा लेखिने सूचना, निवेदन वा कुनै पनि कार्यालयीय पत्राचार गर्दा सम्बोधन गरिएको पदाधिकारी वा व्यक्ति बाहेक सम्बन्धित वा सरोकार राख्ने अर्को कुनै अधिकारी वा व्यक्ति भए निजको नाम-ठेगाना पत्रकै पुछारमा जनाई जानकारीका लागि पठाइने त्यस्तो लिखत वा पत्रको प्रतिलिपि; छविप्रति।

बोधो (Blunt, dim witted, dull)- *वि.* अबुझ; मन्दबुद्धि; भनेको कुरा नबुझ्ने; धार नभएको।

बोनस (Bonus)- *ना.*[अङ्.] लाभांश; प्रतिशतको आधारमा बाँडिने नाफाको मात्रा; मुनाफामा सरिक हुने जीवन बिमाअन्तर्गत बिमा रकमका आधारमा बिमितलाई प्रदान गरिने मुनाफाको हिस्सा वा रकम। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (ल) ।]*

बोनस सेयर (Bonus share)- *नाप.*[अङ्.] लाभांश सेयर; कम्पनी, बैङ्क वा वित्तीय संस्थाको मुनाफालाई पुँजीकरण गरी सेयरधनीलाई अतिरिक्त सेयरका रूपमा जारी गरिएको सेयर; बचत वा अन्य कोषलाई पुँजीकरण गरी सेयरको चुक्ता रकम बृद्धि गरेको अवस्था वा त्यस्तो सेयर। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (त्र) र कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (थ) ।]*

बोनी (Amount received from the first sell of the day)- *ना.*[अ. बैआन] बोहनी; कुनै मालवस्तु पहिलो पटक बेच्दा पाउने रकम।

बोलकबोल (Bid, promise)- *ना.*[बोल+कबोल] बोलेको वा कबुल गरेको सर्त, दरभाउ आदि; बोल्ने र कबुल्ने काम।

बोलकबोल मूल्य (Bid price)- *ना.प.* व्यक्ति, फर्म, संस्था वा कम्पनीले ऋणपत्र, मालसामान, जग्गाजमिन आदि खरिद गर्न वा लिलाम बढाबढ वा घटाघटमा आफूले हाल्ने मूल्य तोकेर बोलेको वा कबोलेको मूल्य वा रकम; त्यसरी बोलकबोल निवेदन, बोलपत्र वा कोटेसनमा उल्लेख गरेको मूल्य वा रकम।

बोलपत्र (Bid, tender, an offer of a bid for a contract)- *ना.*[बोल्+अ+पत्र] सार्वजनिक निकाय वा संस्थाले खरिदका लागि प्रकाशन गरेको सूचनाअनुरूप सो निकायले तोकेको ढाँचामा बोलपत्रदाताले पेस गरेको मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट; काम गराउने निकायलाई काम गर्न सकिने दररेट खोलि ठेकेदार वा सरोकारवालाले लेखेर दिने कागज; बोलकबोल गरेको पत्र। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (छ) ।]*

बोलपत्रदाता (Bidder)- *ना.*[बोलपत्र+दाता] खरिद कारबाहीमा भाग लिन बोलपत्र पेस गर्ने व्यक्ति; यस्तो बोलपत्र पेस गर्न सक्ने कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनी। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ज) ।]*

बोलपत्रसम्बन्धी कागजात (Bidding document)- *ना.प.* बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा तयार गरी पेस गर्नका लागि बोलपत्र आह्वान गर्ने सम्बन्धित सार्वजनिक निकायले तयार गरेको लिखत र बोलपत्रदातालाई दिइएको निर्देशन, स्पेसिफिकेसन, नक्सा, डिजाइन, कार्यक्षेत्रगत सर्त, कार्यतालिका, मूल्याङ्कनका आधार, परिमाणसूची, सम्झौताका सर्त आदि कागजात; बोलपत्र आह्वान गर्ने र पेस गर्ने कामसँग सम्बन्धित कागजात। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (झ) ।]*

बोलवाला (Influence, controlling power)- *ना.*[बोल+वाला] बोलेर वा कुनै गतिविधि पारिएको प्रभाव; दबदबा; चकचकी; बोलीले हाबी बनेको मानिस।

बोलावट/बोलाहट (Invoke, call on, summon)- *ना.*[बोलाउ+आवट] बोलाउने काम; डाक्ने काम; आह्वान।

बोहारिक (An officer working under the then judiciary department)- *ना.* पहिले पहिलेका न्याय विभागको कर्मचारी।

बौद्धिक अपाङ्गता भएको व्यक्ति (Person with intellectual disability)- *नाप.* बौद्धिक रूपमा हुने अपाङ्गता; उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति; स्नायु, चेतना, संवेगात्मक र संज्ञानात्मक क्षमतासम्बन्धी अपाङ्गता वा अपर्याप्त विकासका कारण बौद्धिक कमजोरी रहेको व्यक्ति।

बौद्धिक सम्पत्ति (Intellectual property)- *नाप.* पेटेन्ट, डिजायन, ट्रेडमार्क, सेवामार्क, भौगोलिक सङ्केत चिह्न, व्यापारिक गोपनीयतालगायतका सम्पत्ति; प्रतिलिपि अधिकारका रूपमा परिभाषित विषय; आविष्कार, साहित्य, कला, डिजाइन, रचनाजस्ता अलग दिमागी सामर्थ्यको सुरक्षाको अधिकार। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (ट) ।]*

बौलाहा (Insane, lunatic, mentally unsound)- *वि.*[बहुला+आहा] मानसिक सन्तुलन ठीक नभएको; बौलाएको; बौलाहा।

ब्यागेज (Baggage)- *ना.*[अङ्.] झोलाझ्याम्टा; झिटीगुन्टा; कुम्लोकुटुरो; यात्रुसामान; वायुसेवा सञ्चालन संस्थाले आफ्नो वायुयानमा लैजान मञ्जुर गरेको यात्रु वा वायुयान कर्मचारीको व्यक्तिगत प्रयोजनको सामान। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (ण) ।]*

ब्याज (Interest)- *ना.*[सं. व्याज] सावाँबाहेक ऋण दायित्वअन्तर्गतको भुक्तानी; छुट, प्रिमिमय, अदलबदल भुक्तानी; त्यस्ता भुक्तानीका माध्यमबाट प्राप्त गरिएको लाभ; वार्षिक वृत्ति वा किस्ताबन्दी बिक्रीअन्तर्गत सम्पत्ति प्राप्त गर्ने व्यक्तिबाट वा वित्तीय पट्टाअन्तर्गत कुनै सम्पत्तिको प्रयोगबापत कुनै व्यक्तिलाई गरिने भुक्तानीमध्ये ब्याजको रूपमा लिइने वार्षिक वृत्ति, किस्ताबन्दी वृत्ति र वित्तीय पट्टाअन्तर्गतका भुक्तानी रकम; ऋणीले बुझाउने मूलधन (साउँ/साँवा) बाहेकको अतिरिक्त रकम वा वस्तु; सुद। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कझ) र दफा ३२ ।]*

ब्रेल साहित्य (Braille/Blind literature)- *नाप.* छामेर पढ्न वा बुझ्न सकिने साहित्य; स्पर्शपाठ्य साहित्य; ब्रेल लिपिमा आधारित साहित्य; नेत्रहीनहरूको प्रयोगको निमित्त खास किसिमबाट

मुद्रित कुनै कागज, समाचार पत्रपत्रिका, पुस्तक र साउन्ड रिकर्ड, लेख वा अक्षर पठाउने प्लेट; अन्धा साहित्य। *[हे. हुलाक नियमावली, २०२० को नियम १३ को खण्ड (क)।]*

भ

भकत (Server, devotee)- *ना.*[सं. भक्त] सेवा गर्ने मान्छे; सेवक।

भक्षक (Destroyer)- *ना.* [सं.] नाश पार्ने; विध्वंसक; विनाशक; भोजन गर्ने।

भगुवा/भगोडा/भगौडा (Fugitive, escapist)- *वि.*[भाग्+उवा/ओडा/औडा] भागेको वा भाग्ने; पलायन भएको।

भग्नावशेष (Wreckage, debris, remnant)- *ना.*[सं. भग्न+अवशेष] भत्केर, बिग्रेर बाँकी रहेको अंश; खण्डहर।

भङ्ग (Dissolution, breach, break down)- *ना.* [सं.] कुनै पनि विषय वा वस्तु बिग्रने, टुट्ने वा नष्ट हुने काम वा स्थिति; टुटफुट; सभा, सङ्गठन वा संस्था बिचमै फुट्ने वा विघटन हुने काम; कुनै कुरा पूरा नभएको अवस्था; विनाश; विध्वंस।

भङ्गिमा (Gesture, body language)- *ना.* [सं.] मनको भाव प्रकट गर्दा देखिने शारीरिक हाउभाउ, मुद्रा वा चेष्टा; भावभङ्गी; भनाइ वा बोलाइको ढाँचा वा विशेषता।

भङ्जाहा/भङ्ज्याहा (Mischievous, wicked, roguish)- *वि.*[सं. भञ्ज+आहा] भाँडभैलो मच्चाउने; उपद्रो गर्ने; सन्काहा।

भङ्दालो (Sinkhole)- *ना.*[भ्वाङ+आलो] भङ्खालो; ठूलो खाडल; भ्वाङ; भँगालो।

भच्काउनु (Hit, beat)- क्रि. कुट्नु; पिट्नु; हिर्काउनु।

भच्याकुल्लो (Quarrel, dispute, mob)- धेरै जनाका बिचको वादविवाद; झगडा; मारपिट।

भट/भट्ट (Warrior, army)- *ना.* [सं.] पहलमान; योद्धा; लडाकु; सिपाही; सैनिक।

भट्टीचर्सा रकम (Duty for liquor, lac or leather)- *नाप.* मदिरा, लाहा वा छालाको भट्टी चलाएबापत सरकारलाई तिर्नुपर्ने रकम; भपट्टाउद्यम कर।

भड्किलो (Showy, gaudy)- *वि.*[भटक+इलो] उत्ताउलो; अनावश्यक ठाँटबाँट भएको; भट्किलो।

भङ्खालो/भँङ्खालो (Ditch, trench, moad, pit)- *ना.*[भ्याङ+खाल्डो] गरिहिएर खाल्डो परेको ठाउँ; भङ्खारो; अप्ठयारो; विघ्न-बाधा; सङ्कट।

भण्डारगृह (Store, ware house, godown)- *ना.*[सं. भक्त] कुनै वस्तु वा मालसामान सञ्चय वा भण्डार गर्ने घर; भँडारघर; भँडार; भँडारकोठा।

भण्डारण (Storage)- *ना.* [सं.] कुनै वस्तु वा मालसामान सञ्चय गर्ने काम; कुनै मालसामान वा उत्पादन भित्र्याउने र सुरक्षित थन्को लाउने काम; चिजबिजलाई भँडारमा राख्ने काम।

भताभुङ्ग (Destruction, disorder, demolition, ruin)- *ना.*[सं. भग्न+भञ्ज] विध्वंस; लथालिङ्ग; विशृङ्खल; बरबाद। क्रि*वि.* बर्बाद हुने गरी; लठिबज्र भएर

भत्सर्ना (Condemnation, censure)- *ना.* [सं.] अभद्र वा निन्दनीय कामप्रति प्रकट गरिने क्षोभ, निन्दा वा खेद; कसैलाई दिइने धम्की; हप्कीदप्की; गाली।

भद्र (Gentle, mannered, sober)- *वि.* [सं.] सभ्य; शिष्ट; सज्जन; सुशिक्षित।

भद्रगोल (Chaotic, turmoil, disorder)- *ना.* [सं.] गन्जागोल; गज्याङ्गुजुङको स्थिति; अव्यवस्था।

भनसुन (Undue influence for a favour, behind the scene tactics)- *ना.*[भन्+अ+सुन्+अ] खुसामद; कसैसमग आफ्नो हुँदो काम गर्न गराउन हुने अनौपचारिक र अनुचित अनुरोध; भन्ने र सुन्ने काम; सुनाउने-सम्झाउने काम।

भनाबैरी (Verbal enmity)- *ना.*[भन्+आ+बैरी] आपसका भनाभनबाट हुने शत्रुता; भनाभन; मुख छाडछाड।

भन्डाफोर/फोड (Disclosure of secret, exposure)- *ना.*[सं. भाण्डस्फोट] गुप्त कुराको भेद खोल्ने काम; रहस्यको उद्घाटन; षडयन्त्र वा जालझेलको पर्दाफास गर्ने काम; कुनै कुरालाई उदाङ्गो बनाउने काम; दुष्प्रयासको आन्तरिक भेद खोलाइ।

भन्सार (Customs, duty)- *ना.*[सं. भाण्डशाला] आयात वा निर्यात हुने मालसामानमा लाग्ने कर; आयात वा निर्यात गरिने मालसामान जाँचबुझ गर्ने र शुल्क लिने सरकारी अड्डा; भन्सार कार्यालय।

भन्सार अधिकृत (Customs Officer)- *नाप.* प्रमुख भन्सार प्रशासक; प्रमुख भन्सार अधिकृत वा भन्सार अधिकृत; भन्सार कार्यालय वा छोटी भन्सार कार्यालयको प्रमुख; भन्सार विभागको महानिर्देशकले तोकेको उपमहानिर्देशक, निर्देशक तथा शाखा अधिकृत; अर्थ मन्त्रालयले तोकेको अधिकारी; राजपत्राङ्कित श्रेणीको भन्सार कार्यालयको प्रमुख र निजको अनुपस्थितिमा निजको

निमित्त भै काम गर्ने निजको मातहातको कर्मचारी। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (द) र भन्सार नियमावली, २०६४ को परिच्छेद-७ को स्पष्टीकरण।]*

भन्सार एजेन्ट (Customs agent)- *नाप.* निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासी वा पैठारीकर्ताको प्रतिनिधि; यस्तो प्रतिनिधिका रूपमा काम गर्न चाहेर भन्सार विभाग वा भन्सार कार्यालयबाट इजाजतप्राप्त गरेको व्यक्ति। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ध) र ५१ को उपदफा (१)।]*

भन्सार कार्यालय (Customs Office)- *नाप.* कुनै भन्सार क्षेत्रका लागि सरकारद्वारा स्थापना गरिएको कार्यालय, त्यस्तो कार्यालय परिसर र सरकारले सो कार्यालयको क्षेत्र भनी तोकिदिएको अन्य क्षेत्र। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (न) र दफा ४ र सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ को दफा २ को खण्ड (त)।]*

भन्सार क्षेत्र (Customs area)- *नाप.* भन्सारसम्बन्धी कानून प्रशासन वा कार्यान्वयन हुने क्षेत्र; भन्सार कानूनबमोजिम भन्सार महसुल सङ्कलन गर्न सरकारले तोकेको स्वदेशभित्रको कुनै पनि क्षेत्र। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (भ) र दफा ३ को उपदफा (१)।]*

भन्सार गोदाम (Customs godown)- *नाप.* निकासी वा पैठारी गरिने मालवस्तु राख्नका लागि भन्सार कार्यालयमा बनाइएको घर, भवन, छाप्रो वा अन्य यस्तै संरचना वा कुनै स्थान। *[हे.* भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (प)।]

भन्सार जाँचपास (Customs Clearance, customs check pass)- *नाप.* भन्सारअधिकृतले भन्सार ऐननियमअनुसार भन्सार कार्यालयबाट कुनै मालवस्तु निकासी वा पैठारी गर्न लाग्ने भन्सार शुल्क यकिन गर्ने जाँच र सो जाँच पछि मालसामान उठाई लैजान दिएको अनुमति; निकासी-पैठारी गर्न चाहिएको मालसामानको जाँचबुझपछिको स्वीकृति।

भन्सार जाँचपास परीक्षण कार्यालय (Customs Check Pass Examination Office)- *नाप.* जाँचपासपछिको परीक्षण कार्य गर्नका लागि स्थापना गरिएको कार्यालय। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (प१) र दफा ३४।]*

भन्सार परीक्षक (Customs Inspector)- *नाप.* प्रमुख भन्सार परीक्षण प्रशासक; प्रमुख भन्सार परीक्षक; भन्सार परीक्षक; भन्सार जाँचपासपछिको परीक्षण कार्य गर्नका लागि भन्सार विभागको महानिर्देशकले तोकेको अधिकारी। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (प२) र दफा ३४।]*

भन्सार महसुल (Customs duty)- *ना.प.* निकासी वा पैठारी गरिने मालवस्तुमा लाग्ने महसुल; भन्सार दस्तुर। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (फ) ।]*

भन्सार मूल्य (Customs value)- *ना.प.* भन्सार महसुल निर्धारणका लागि निकासी वा पैठारी गरिने मालवस्तुको निर्धारित मूल्य; निकासी वा पैठारी गरिने वस्तुको भन्सार कार्यालयले तोक्ने मूल्य। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ब) ।]*

भन्सारको मालवस्तु धनी (Owner of import/export items)- *ना.प.* निकासी वा पैठारी हुने मालवस्तुको धनी; निकासी वा पैठारीकर्ता। *[हे. भन्सार नियमावली, २०६४ को नियम २ को खण्ड (घ) ।]*

भट्टाधिकरण (An office to conduct military system during Lichchhavi era.)- *ना.*[सं. भट्ट+अधिकरण] लिच्छवि कालमा सैनिक व्यवस्था चलाउने अड्डा; न्याय-अन्यायको निरूपण तथा निर्णय गर्ने, गराउने भट्ट-बाह्यण/विद्वान्का नेतृत्वको लिच्छविकालीन एक अधिकरण।

भरणपोषण (Maintenance for livelihood, alimentation)- *ना.*[सं. भरण+पोषण] पालनपोषण; जीविका वा जीवनयापनका लागि आवश्यक गाँस, वास, कपास, शिक्षा र स्वास्थ्यजस्ता सेवासुविधा उपलब्ध गराउने काम।

भरथेग (Help, support)- *ना.*[भर+थेग] सहायता; मद्दत; आडभरोसा।

भरपाई/भर्पाइ (A receipt)- *ना.*[भरी+पाई] बझबुझारथको निस्सा; रसिद; कुनै कुरा वा वस्तु दिनेले दिई पाउनेले पाएको अवस्थामा पाउनेले यो यस्तो कुरा वा वस्तु मैले पाएँ र बुझिलिएँ भनी लेखिदिने लिखत; प्राप्तिस्वीकारपत्र।

भरमग्दुर (To the fullest extent)- क्रि*वि.*[सं. भर+अ. मकदुर] तागतले भ्याएसम्म; सकुन्जेल; सकेसम्म; भरसक।

भरस्ट (Ruined) - *वि.*[सं. भ्रष्ट] सबैतिर बिग्रेको; लठिबज्र; भद्रगोल।

भरौट (Wages, remuneration)- *ना.*[भाडा/भारा+औट] भाडा; ज्याला; मजुरी।

भर्तव्य (Nurturable, fit to be taken care of)- *वि.* [सं.] भरणपोषण गर्न लायक; भर्न लायक।

भर्ताल/भरताल (Reimburse, refund)- *ना.*[भर्+ताल] शोधभर्ना; दिनुपर्ने रकम; पुर्ताल।

भर्ती (Recruitment, appointment, enrolment)- *ना.*[सं. भर्+ती] नियुक्ति; भर्ना गर्ने वा हुने कार्य।

भर्ना- *ना.*[सं. भरण] कुनै रिक्त स्थान वा पद पूर्ति गर्ने काम; नियुक्त गर्ने वा प्रवेश दिने कार्य; भर्ती; भरण वा पुर्ताल गर्ने कार्य।

भवन (Building)- *ना.* [सं.] आवासीय, कार्यालय, सभागृह, अस्पताल, शीत भण्डारजस्ता औद्योगिक, व्यापारिक वा अन्य कुनै प्रयोगका लागि बनेको भौतिक संरचना; प्रासाद, दरबार, महल वा घरजस्ता संरचना; आवासगृह, गोदामघर, पसलकवल, टहरा, गोठ, ग्यारेज, चर्पी, पर्खाल वा यस्ता संरचनाका कुनै भाग वा पूरक संरचना; वासस्थान वा अन्य कामविशेषका लागि उपयोग हुने गृह वा घरका स्वरूपमा निर्मित संरचना।*[हे. काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.९ र भवन ऐन, २०५५ को दफा २ को खण्ड (क) ।]*

भवन निर्माण (Building construction)- *नाप.* नयाँ भवन बनाउने कार्य; पुरानो भवन भत्काई पुनःनिर्माण गर्ने कार्य; भवनको तला थप गर्ने वा मोहोडा फेर्ने कार्य; साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौसी, दलान आदि थपघट गरी बनाउने कार्य; घर बनाउने, पुनर्निर्माण गर्ने वा मर्मत थपघट गर्ने; भवनको निर्माण कार्यसँग जोडिएका रङरोगन गर्नेलगायतका कार्य।*[हे. भवन ऐन, २०५५ को दफा २ को खण्ड (ग) ।]*

भवनसंहिता (Building code)- *ना.*[सं. भवन+संहिता] संरचनागत सबलता, निर्माणसामग्री, तला; आकारप्रकार आदिका आधारमा वर्गीकृत ढाँचामा भवन निर्माण गर्दा पालन सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्ड; भवन निर्माण गर्दा पूरा गर्नुपर्ने मापदण्ड र पालन गर्नुपर्ने आचारसंहिता।

भवितव्य (Destined fated, unexpected incident)- *ना.* [सं.] पहिले कल्पना वा अनुमान नगरिएको आकस्मिक घटना; अन्जानमा भएको दुर्घटना; आकस्मिक घटना; दुर्घटना; यसै आइपरेको कुरा।

भविष्यलक्षी (Prospective)- *ना.* [सं.] भविष्य प्रभावी; भविष्यमा लागू हुने किसिमको; पछितिर लक्षित वा अगाडि फर्केको।

भाँजो (Obstruction, barrier, obstacle)- *ना.*[सं. भञ्जन] बिघ्न; झमेला; अल्झो; कुनै काममा बिचैमा पर्न आएको बाधा वा अड्को; भाँजी; थापिएको पासो।

भाइभारदार (Royal family members and high ranking officials)- *ना.*[भाइ+सं.भार+फा. दार] राजपरिवारका नातागोता भित्रका व्यक्ति तथा उच्च पदाधिकारी; राजाको राजकाजको भार बहन गर्नमा खटिने चौतारिया, काजी, सरदार, कपरदार, खरदार, खजान्ची, मुखिया, सुबेदार आदि कर्मचारी।

भाखा (Deadline, limitation, promise)- *ना.*[सं. भाषा] बोलकबोलको समय; प्रतिज्ञा; म्याद; वाचा; भाका।

भाग (Portion, share, chapter, part)- *ना.* [सं.] कुनै वस्तुको खण्ड; हिस्सा; अंश।

भागबन्डा (Partition, apportionment, division)- *ना.*[भाग+बन्डा] अंशबन्डा; भए भरको सम्पत्ति बराबर भाग पारी अंशियारहरूले बाँड्ने काम; भाग लगाई गरिने बाँडफाँट; भागिदारबिच आफ्नो भाग लिने वा पाउने काम।

भागशेष (Remainder, remaining part)- *ना.* भाग लगाएर बाँकी रहेको वस्तु; भाजकले भाग गर्दा निशेष भाग नगई आएको बराबर भागफलभन्दा अतिरिक्त हुन जाने न्यून अंश; शेष।

भागसान्ती (Proportionately, ration, pro rata)- क्रि*वि.*[सं. भाग+सान्ती] भागमा परेअनुसार; दामासाहीले पाए वा परेमुताबिक; भाजितअनुसार।

भागी (Partner, sharer)- *ना.* [सं.] अंसियार; हकदार; हिस्सेदार। *वि.* भाग पाउने, भागवाला; भोग्ने, पाउने वा बेहोर्ने (जस्तै सजायभागी)।

भागीदार (Partner, share holder)- *ना.*[भागी+दार] बराबरी बेहोर्ने व्यक्ति; बराबर भोग गर्ने व्यक्ति; भाग लिने वा पाउने। *वि.* भागी; भाग लिने/पाउने; सहभागी।

भाग्नु (Abscond; to escape)- क्रि. बेपत्ता हुनु; फरार हुनु; पक्राउबाट बच्न लुक्नु। *ना.* भगाइ; सुईँकुच्चा।

भाडा (Rent, fare, hire)- *ना.*[सं. भाटक] अर्काको कुनै वस्तु प्रयोग वा उपयोग गर्दा सो प्रयोग गरेबापत वस्तुधनीलाई नियमित वा पटकपटक गरी दिइने धनराशी; मूर्त सम्पत्तिको बहाल तथा पट्टाअन्तर्गत गरिएका प्रिमियम लगायतका सबै भुक्तानी; घर वा जमिनको बहाल; किराया; सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क; महसुल। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (स) र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ज) ।]*

भाडामा लिने व्यक्ति (Hirer)- *नाप.* भोगचलनका लागि कुनै वस्तु भाडामा प्राप्त गर्ने व्यक्ति; निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा त्यस्तो वस्तु प्राप्त गर्ने अन्य तेस्रो व्यक्ति।

भाषा (Language)- *ना.* [सं.] मानिसहरूले बोलेर, लेखेर वा इसारा गरेर परस्परमा विचार, भावना र सूचना आदान-प्रदान गर्न प्रयोग गर्ने ध्वनि, लिपि र सङ्केतहरूको व्यवस्थित प्रणाली; मौखिक वा लिखित अभिव्यक्ति; वाक्व्यवहार वा साङ्केतिक भाषा।

भाषा आयोग (Language Commission)- भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि सरकारले अवलम्बन गर्नुपर्ने नीति तथा उपायहरू सिफारिस गर्ने निकाय; भाषासम्बन्धी काम गर्ने आयोग।

भिखारी (Beggar) - *वि.*[भिख+आहारी] भिख मागेर खाने; भिक्षाका भरमा बाँचेको; भिखमङ्गा; मागी खाने।

भिजिलान्ते (Vigilante)- *ना.* [स्पेनिस>अङ्. भिजिल्यान्टी] आफ्ना वर्गीय वा राजनीतिक स्वार्थका लागि अरूलाई दु:ख दिने सङ्गठित समूह; भाडाका गुन्डा; राजनीति वा शासनशक्तिका आडमा गुन्डागर्दी गर्ने समूह वा व्यक्ति; मण्डलमारा।

भिडतन्त्र (Mobocracy)- *ना.*[भिड+तन्त्र] भिडले नियन्त्रण गरेको शासन; हुल वा भिडको बोलबाला; हुल्लडबाजी रजगज।

भिड्कनु (Well-off, rich)- क्रि. समय बित्नु; गुज्रनु; म्याद नाघ्नु; समय भड्किनु।

भिड्नु (Clash, fight, face)- क्रि. मुठभेड गर्नु; परस्परमा लडन्त गर्नु; टकराउनु; जुध्नु; सामना गर्नु।

भित्री सूचना वा जानकारी (Insider information or notice)- *नाप.* कुनै धितोपत्र जारी गर्ने सङ्गठित संस्थाबाट सार्वजनिक नभएको कुनै खास किसिमको सूचना वा जानकारी सार्वजनिक भए धितोपत्रका मूल्यमा असर पर्न सक्ने सन्देश। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ को उपदफा (१) को स्पष्टीकरण।]*

भिसा (Visa)- *ना.*[अङ्.] कुनै विदेशीलाई स्वदेशभित्र प्रवेश गर्न र रहनबस्नका लागि स्वदेशी सरकारले दिने अनुमतिपत्र; प्रवेशाज्ञा। *[हे. अध्यागमन ऐन, २०४९ को दफा २ को खण्ड (घ) ।]*

भीरु (Coward) - *ना.* [सं.] डरपोक; डराउने स्वभावको; डरछेरुवा।

भुक्तमान (Suffering)- *ना.* [सं.] ज्यादै ठूलो कष्ट; सास्ती; हैरानी; हन्डर; गोता।

भुक्तानी (Payment)- *ना.*[भुक्तान+ई] कुनै एक व्यक्तिको रकम वा सम्पति अर्को व्यक्तिको नाउँमा र कुनै अर्को व्यक्तिको दायित्व सो व्यक्तिको नाउँमा हस्तान्तरण हुने वा गर्ने काम; कुनै एक व्यक्तिबाट सिर्जित सम्पत्ति सो सम्पत्तिको सिर्जनापछि अर्को व्यक्तिको स्वामित्वमा वा कुनै एक व्यक्तिको दायित्वको भार अर्को व्यक्तिले बहन गर्ने काम; एक व्यक्तिले अर्को व्यक्तिलाई सेवा प्रदान गरेको, कुनै एक व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति अर्को व्यक्तिले प्रयोग गरेको वा प्रयोगको लागि उपलब्ध भएको कामकारबाहीमा भएको लेनदेनको फछर्योट; रोजगारदाताबाट भएको, रोजगारदाताको सम्बद्ध व्यक्तिबाट भएको र रोजगादाता वा निजको सम्बद्ध व्यक्तिसँग भएको सम्झौताअनुसारको कुनै तेस्रो व्यक्तिबाट भएको लिनेदिने कार्य चुक्ता गर्ने काम; लेनदेन फर्स्याउने वा राफसाफ गर्ने काम; दिने वा तिर्ने बुझाउने काम। *वि.* चुक्ता; भुक्तान; तिर्नुपर्ने वा दिनुपर्ने।*[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ह) र आयकर ऐन, २०५८ को दफा ८ को उपदफा (३) को खण्ड (घ) को स्पष्टीकरण।]*

भुक्तानी पाउने व्यक्ति (Payee)- *नाप.* उसैले वा उसले अह्राएका व्यक्तिले भुक्तानी पाउने भनी विनिमेय अधिकारपत्रमा उल्लेख गरिएको व्यक्ति।*[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ञ)।]*

भुक्तानी प्रणाली (Payment system)- *नाप.* कुनै भुक्तानी उपकरणको माध्यमबाट सेवाग्राही, संस्था वा बैङ्कबिच हुने जुनसुकै प्रकारको भुक्तानी दाबी वा दायित्वको भुक्तानी, संशोधन वा फर्स्योट गर्ने वा गरिने प्रणाली।*[हे. भुक्तानी तथा फर्स्यौंट ऐन, २०७५ को दफा २ को खण्ड (ञ)।]*

भुक्तानी प्रणाली सञ्चालक (Payment System Operator)- *नाप.* भुक्तानीसम्बन्धी कार्यको सञ्चालन, व्यवस्थापन र समाशोधनको कार्य गर्ने संस्था; समाशोधन गृह, विद्युतीय कार्ड वा अन्य विद्युतीय (अनलाइन) भुक्तानी सञ्जाल सञ्चालन गर्ने संस्था।*[हे. भुक्तानी तथा फर्स्यौंट ऐन, २०७५ को दफा २ को खण्ड (ट)।]*

भुक्तानी मिति (Maturity)- *नाप.* कुनै पनि रैरकम प्राप्त गर्न तोकिएको मिति; कुनै पनि रकम भुक्तानी दिनका लागि निर्धारित समय; भुक्तानी पाउन परिपक्व भएको मानिने वा हुने मिति; विनिमेय अधिकारपत्रमा भुक्तानी पाउने भनी लेखिएको मिति।*[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (प)।]*

भुक्तानी सेवा प्रदायक (Payment service provider)- *नाप.* सेवाग्राहीलाई भुक्तानी सम्बन्धी सेवा दिने संस्था र संस्था र सेवाग्राहीबिच वस्तु, सेवा, सम्पत्ति वा अन्य दायित्वबापतको रकम भुक्तानी गर्ने, स्वदेश तथा विदेशमा रकम स्थानान्तरण गर्ने वा विद्युतीय माध्यमबाट भुक्तानी

कारोबार सञ्चालन गर्ने संस्था। *[हे. भुक्तानी तथा फस्यौंट ऐन, २०७५ को दफा २ को खण्ड (ठ) ।]*

भुल (Mistake, fault, error)- *ना.*[प्रा भुल्ल.] ताकेको कामको सट्टा झुकिएर गरिने अकैं काम; भ्रम; चुक; बिर्सने काम; विस्मृति; बिगार; लेखनमा हुने गल्ती।

भुस्कुट (Destruction, havoc, wreck) - *ना.*[भुस+कुट्ट] सखाप; सर्वनाश; बरबादी। क्रि*वि.* केही बाँकी नराखी; सर्लक्कैसँग।

भुस्याहा (Stray, disgraceful)- *वि.*[भुसि+आहा] मानमर्यादा इज्जत नभएको; खुबी वा सीप नभएको; बुद्धिहीन; भुसजस्तो वा गुदीविनाको।

भू तथा जलाधार संरक्षण (Soil and watershed conservation)- *नाप.* बाढी, पहिरो, भूक्षयजस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्य।

भूउपग्रह प्रसार केन्द्र (Earth Station)- *नाप.* भूउपग्रहमार्फत प्रसारण कार्यक्रम आदानप्रदान गर्न पृथ्वीका धरातलमा स्थापना गरिने केन्द्र; भूउपग्रहसँग प्रसारसम्बन्ध कायम गर्ने भूमिमा अवस्थित केन्द्र। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (ज) ।]*

भूउपयोग (Land use)- *ना.*[सं. भू+उपयोग] भूमिको उपयोग; भूमिलाई सर्वोत्तम रूपमा प्रयोग गर्ने कार्य; जग्गाको उपयोगिताअनुसार विभिन्न प्रकारमा वर्गीकरण गरी प्रयोगमा ल्याउने प्रक्रिया। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (ज) र भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम २ को खण्ड (ढ) ।]*

भूउपयोग क्षेत्र (Land use area)- *नाप.* भूमिको बनौट, क्षमता तथा उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा वर्गीकरण गरिएका कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र; भूउपयोगका तोकिएका अन्य क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (झ) ।]*

भूउपयोग क्षेत्र नक्सा (Land use field map)- *नाप.* भूमिको उपयोगको लागि कानूनबमोजिम तयार गरिएको क्षेत्र नक्सा।

भूउपयोग योजना (Land use plan)- *ना.प.* भूउपयोगलाई व्यवस्थित गर्न तयार गरिएको योजना; भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणका लागि जग्गाको मागमा हुने वृद्धिलगायतका विषयमा अध्ययन गरी दीर्घकालीन सोचसहित तयार गरिने वा गरिएको सरकारी योजना। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (ट) ।]*

भू-उपयोगिता प्रणाली (Land use system)- *ना.प.* जग्गाको उर्वरा शक्ति कायम राख्न भौतिक तथा रासायनिक गुणलाई कमजोर नपार्ने वा नष्ट हुन नदिने किसिमले जग्गाको दीर्घकालीन उपयोग गर्ने प्रक्रिया; जग्गाको उर्वरा शक्ति कायम रहने किसिमले खेती वा अन्य कार्य गरी त्यस्तो जग्गाको दीर्घकालीन उपयोग गर्ने प्रक्रिया। *[हे. भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा २ को खण्ड (ग) ।]*

भूकम्प (Earthquake)- *ना.* [सं.] पृथ्वीको कम्पन; भुइँचालो।

भूकम्पबाट प्रभावित क्षेत्र (Earthquake affected area)- *ना.प.* भूकम्पका कारण मानवीय वा भौतिक क्षति भई विशेष प्रकृतिको योजना वा कार्यक्रमबाट विस्थापितहरूको पुनर्वास र भौतिक तथा सामाजिक एवम् पुरातात्विक संरचनाहरूको पुनर्निर्माण गर्नुपर्ने अवस्था भएको भौगोलिक क्षेत्र; भूकम्पको नतिजास्वरूप भएका भौतिक तथा मानवीय क्षतिबाट प्रभावित बस्ती, बासिन्दा तथा निजी तथा सार्वजनिक प्रयोजनका संरचना वा पूर्वाधार। *[हे. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २ को खण्ड (झ) ।]*

भूक्षय (Soil erosion, land erosion)- *ना.* [सं.] भूमि वा माटोको क्षय हुने काम वा अवस्था; माटाको उर्वराशक्तिमा आउने ह्रास; भूक्षरण; बाढी, पहिरो आदिबाट जमिन बग्ने भत्किने काम; बाढी पहिरो, अतिवृष्टि आदि कारणले जमिन वा भूमि खिइँदै जाने प्रक्रिया।

भूखण्ड (A piece of land)- *ना.* [सं.] जमिनको खण्ड; पृथ्वीको निश्चित भाग वा क्षेत्र; देश।

भूगर्भ (The inner core of the earth)- *ना.* [सं.] पृथ्वीको भित्री वा तल्लो तह।

भूगोल (Geography)- *ना.* [सं.] पृथ्वीको बाहिरी सतह; पृथ्वीको प्राकृतिक विभाग; पृथ्वी; धरातल; धर्ती; भूमिको भौगोलिक छटा।

भूतपूर्व (Former, prior, previous, past)- पूर्वकालको; पहिले भइसकेको; बितेको समयको; पूर्ववर्ती।

भूतप्रभावी/भूतलक्षी (Retrospective, ex-post facto)- *वि.* [सं.] अतीतप्रभावी; विगतलाई प्रभाव पार्ने खोज्ने; विगत वा व्यतित भएको समयलाई ताक्ने।

भूपरिधि (Axis)- *ना.* [सं.] पृथ्वीको घेरो; भूमिको परिधि; पृथ्वीको फेरो।

भूपरिधीय क्षेत्र (Land peripheral area)- *नाप.* कुनै पनि भौगोलिक क्षेत्रको निश्चित सेरोफेरो; वनजङ्गल र तथा वनजङ्गलसँग अन्तरसम्बन्ध रहेका समुदाय, क्षेत्र तथा प्राकृतिक स्रोत। *[हे. वन ऐन, २०७६ को दफा १५ को स्पष्टीकरण।]*

भूपरिवेष्टित (Landlocked)- *वि.* [सं.] चारैतिर जमिनै जमिनले घेरिएको; पानी वा समुद्रसँग नजोडिएको वा सागरसँग नटाँसिएको।

भूमापन (Land survey, measurement of land)- *ना.* [सं.] जमिनको मापन; कुनै देश, प्रदेश, जग्गाजमिन आदिको नापनक्सा गर्ने काम।

भूमाफिया (Land mafia)- *ना.*[सं.भू+इटा. माफिया] अवैध रूपमा जग्गा दलाली वा किनबेच गर्ने व्यक्ति वा समूह; भूमिसम्बन्धी दुई नम्बरी धन्दा गर्ने गिरोह।

भूमि (Land)- *ना.* [सं.] पृथ्वीको सतह; धरातल; जग्गाजमिन; धर्तीको बाहिरी सतह; भुइँ।

भूमि बैङ्क (Land bank)- *नाप.* भूउपयोग वर्गीकरणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न र भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न स्थानीय तहमा स्थापना गरिएको भूमि बैङ्क।

भूमि सम्बन्धी समस्या समाधान आयोग (Commission for Settlement of Land Related Problems)- *नाप.* भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तिनको पहिचान गरी लगत लिने, स्थलगत अध्ययन गरी जग्गा पहिचान गर्ने, जग्गाको लगत लिने र प्रमाण सङ्कलन गरी आधार प्रमाणअनुसार तिनीहरूलाई जग्गा उपलब्ध गराउन गठन गरिएको आयोग।

भूमिकर (Land tax)- *ना.* [सं.] जग्गा धनीले सरकारलाई तिर्नुपर्ने कर; मालपोत; तिरो।

भूमिगत (Underground)- *वि.* [सं.] सार्वजनिक रूपमा नदेखिएको; अदृश्य वा गुप्त रूपमा रहेको; भूमिभित्रको।

भूमिगत जल सिँचाइ प्रणाली (Ground Water Irrigation System)- *नाप.* डिप ट्युवेल, स्यालो ट्युवेल, इनार आदिको माध्यमद्वारा भूमिगत पानी प्रयोग गर्ने सिँचाइ प्रणाली। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (प) ।]*

भूमिपुत्र (Indigenous people)- *ना.* [सं.] भूमिकै सन्तान; जन्मजात स्थायी बासिन्दा; आदिबासी जनता।

भूमिसुधार (Land reform)- *ना.* [सं.] जमिनको न्यायपूर्ण वितरण, व्यवस्था, संरक्षण आदि सुधार कार्य; भूमिको समुचित उपयोगसम्बन्धी व्यवस्था।

भूमिसुधार अधिकारी (Land Reforms Officer)- *नाप.* जिल्ला भूमिसुधार कार्यालयको प्रमुख; निजको अधिकार प्रयोग गर्न पाउने गरी तोकिएको अन्य कुनै अधिकृत; भूमिसुधार कार्यालय नभएको जिल्लामा मालपोत अधिकृत। *[हे. भूमिसम्बन्धी नियमहरू, 2021 को नियम २ को खण्ड (ख) ।]*

भूमिसुधार टोली (Land reform team)- *नाप.* भूमिसुधार अधिकारीद्वारा खटाइएका सरकारी कर्मचारीहरू तथा गैरसरकारी व्यक्तिहरूको टोली। *[हे. भूमिसम्बन्धी नियमहरू, 2021 को नियम २ को खण्ड (ग) ।]*

भूमिहीन (Landless)- *ना.* [सं.] आफ्नो नाममा जग्गाजमिन नभएका; सुकुम्बासी; आफ्नै स्वामित्वको जमिनमा थातथलो नभएका; जग्गाजमिन नभएका।

भूराजस्व (Land revenue)- *ना.* [सं.] जग्गाजमिनमा लाग्ने कर; मालपोतका रूपमा असुल भएको सरकारी रकम।

भूसतह (Ground surface)- *ना.* [सं.] जमिनको बाहिरी सतह; पृथ्वीको बाहिरी भाग।

भूसम्पदा (Land resources, land heritage)- *ना.* [सं.] जमिनमा रहेको प्राकृतिक स्रोतसाधन।

भूसूचना प्रणाली (Land Record Information System)- *नाप.* मालपोत कार्यालयबाट प्रदान गरिने जग्गाप्रशासनसम्बन्धी सेवा सूचनाप्रविधिको माध्यमबाट प्रदान गर्न प्रयोगमा ल्याइएका कम्प्युटर अनुप्रयोग सफ्टवेयर; भूमिको सूचनासम्बन्धी विद्युतीय सूचना प्रणाली। *[हे. मालपोत नियमावली, २०३६ को नियम २ को खण्ड (ङ) ।]*

भूसेवा केन्द्र (Land Service Centre)- *नाप.* भूसूचना प्रणालीको माध्यमद्वारा सेवा प्रदान गर्न मालपोत कार्यालयबाट खडा गरिएका केन्द्र; भूसूचना प्रणालीको माध्यमद्वारा सेवा प्रदान गर्न अनुमतिप्राप्त सेवा केन्द्र। *[हे. मालपोत नियमावली, २०३६ को नियम २ को खण्ड (ज) ।]*

भूस्वामित्व (Land ownership, landlordship)- *ना.* [सं.] जमिनको मालिक हुने हक वा अधिकार; भूमिमाथिको अधिकार।

भृतक (Wage labourer)- *ना.* [सं.] तलब लिएर काम गर्ने व्यक्ति; ज्यालादार; नोकर।

भृति (Nurturing, rearing caring, subsistence allowance)- *ना.* [सं.] भरणपोषण गर्ने काम; पालनपोषण; निर्वाह भत्ता; छुट्टिएर बसेकी पत्नीलाई पतिले भरणपोषणका लागि भरिदिने मानाचामल वा नियमित खर्चबर्च।

भृत्यतन्त्र (Bureaucracy)- *ना.* [सं.] कर्मचारीहरूको शासन व्यवस्था वा प्रशासनशैली; नोकरशाही; कर्मचारीतन्त्र।

भेटघाट (Meeting, visit)- *ना.*[भेट (द्वि.)] दुई पक्ष वा समूह बिचको मिलन; एकापसमा भेट्ने काम; भेटाघाटा; संवाद; मुलाकात।

भेटी (Gift, present)- *ना.*[भेट+ई] देव वा देवी वा पूज्य व्यक्तिलाई आदरपूर्वक चढाइने नगद वा सुनचाँदी आदि; नजाराना।

भेटेनरी निरीक्षक (Veterinary Inspector)- *नाप.* पशुऔषधी वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्डअनुसार भए नभएको जाँच गर्न सरकारले नियुक्त गरेको वा तोकेको निरीक्षक।

भेद (Distinct, difference, secret)- *ना.* [सं.] एक वस्तुभन्दा अर्को वस्तुमा रहने अन्तर; भिन्नता; विषमता; रहस्य; गुप्ति कुरो।

भेदभाव (Discrimination, partiality, biasness)- *ना.*[भेद+भाव] पक्षपात; पनपक्ष; विभेद।

भेला (Assembly, gathering)- *ना.*[प्रा. भेल] जमघट; धेरै जना एक ठाउँमा जम्मा हुने काम; एकत्र हुने काम; जमघट।

भैपरी (Casual, incidental)- *ना.*[भई+परी] आकस्मिक वा अपर्झट भई वा परेर आएको अवस्था; भइपरी। *वि.* सोच्दै नसोचेको; आकस्मिक।

भैपरी आउने बिदा (Casual leave)- *नाप.* अपर्झट वा आकस्मिक रूपमा शिक्षक, कर्मचारी वा कामदारले माग गर्न सक्ने बिदा; केही आइपरी काम नियमित गर्न नसक्ने अवस्थामा कामदारले पाउने बिदा।

भोकमरी (Starvation)- *ना.*[भोक+मरी] कुनै व्यक्ति, परिवार वा समुदायले खाद्यमा पहुँच गुमाएको वा पोषणयुक्त खानेकुराबाट वञ्चित भएको कारण गम्भीर रूपमा कुपोषित भई जीवन जोखिममा परेको अवस्था; अन्नपातको चर्को अभावका कारण मानिसहरू भोकै मर्ने अवस्था; खाद्यसङ्कट।

भोग (Possession)- *ना.* [सं.] आफ्नो सम्पत्तिमा अरू कसैको हस्तक्षेप नरही आफू खुशी गर्न पाउने स्थिति; भोगचलन; कुनै वस्तु आफ्ना अधीन, अधिकार र उपयोगमा ल्याउने चलन; खाने काम।

भोगकर (Tax imposed on agricultural production and livestock)- *ना.* [सं.] सरकारलाई तिर्नुपर्ने खेतीको उब्जनी वा पशुपालनसम्बन्धी कर।

भोगचलन (Possession)- *ना.*[भोग+चलन] कुनै वस्तुको भोग गर्ने काम; भोग र चलन गर्ने काम; कुनै पनि वस्तुलाई उपयोग गरी त्यसको उपयोगिता वा प्रतिफलन हासिल गर्ने काम।

भोगपत्र (Deed of possession, mortgage deed)- *ना.* [सं.] घर, जग्गा, सामान आदि उपयोग गर्ने हक प्रदान गरिएको कागजात; ऋण नफर्स्याएबापत साहुले ऋणीको सम्पत्ति ग्रहण गर्न पाउने हक सुम्पने कानूनी कागजात।

भोगबन्धकी (Mortgage with possession, deed of usufructuary mortgage)- *ना.* [भोग+बन्धक+ई] बन्धकीमा दिएको सम्पत्ति साहुले ऋण दिँदाकै बखत वा कुनै निश्चित समयावधिपछि भोग गर्न पाउने गरी दिएको व्यवस्था वा बन्धकी; भोगबन्धकमा परेको ऋण चुक्ता नहुन्जेल ब्याजबापत धितोको सम्पत्ति भोग गर्न पाउने गरी दिइएको बन्धकी; भोगबन्धक दिएको जग्गा, घर आदि वा त्यसको लिखत। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४३५ को उपदफा (२) ।]*

भोगाधिकार (Usufruct occupancy right, right of easement)- *ना.* [सं.] जग्गाजमिन आदि भोगचलन गर्ने अधिकार; पूरै स्वामित्व हस्तान्तरण नगरी हकभोगसम्म गर्न पाउने अवस्थाको अधिकार।

भोगाधिकारको अन्त्य (Extinguish of possessory right)- *नाप.* कुनै व्यक्तिले सम्पत्ति परित्याग गरेको अवस्था; कुनै व्यक्तिले सम्पत्ति अर्कालाई हस्तान्तरण गरेको अवस्था; कुनै सम्पत्ति पूर्ण रूपमा नष्ट वा बेकम्मा भएको अवस्था। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २७२।]*

भौगोलिक क्षेत्र (Geographical area, geographical region)- *नाप.* भूगोलसँग सम्बन्धित क्षेत्र; कुनै पनि देशको निर्धारित कुनै क्षेत्र।

भौतिक नियन्त्रण प्रणाली (Physical control system)- *नाप.* अन्त: शुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा अन्त: शुल्क लाग्ने वस्तुको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली। *[हे. अन्त: शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण७) ।]*

भौतिक विकास योजना (Physical development plan)- *नाप.* भौतिक विकासको लागि तर्जुमा गरिएको योजना; पूर्वाधार निर्माणसम्बन्धी योजना; भूभौतिक संरचनाको निर्माण तथा प्रयोग सम्बन्धी योजना; भौतिक पूर्वाधारसम्बन्धी योजना।

भौमान्तरण (Earthing)- *ना.* [सं. भूमि+अन्तरण] विद्युत शक्तिबाट हुने खतरालाई हटाउन निश्चित गहिराइमा तार लगी जमिनसँग जोड्ने कार्य; अर्थिङ।

भ्रम (Illusion; delusion, misconception)- *ना.* [सं.] कुनै विषयलाई अर्कै सम्झने स्थिति वा प्रक्रिया; गलत आभास; मिथ्याज्ञान; भरम; भ्रान्ति; भुल; सन्देह।

भ्रमण आदेश (Travel order)- *ना.* [भ्रमण+आदेश] संस्था/निकायका कार्यालय वा कार्यकक्षभन्दा बाहिर गई केही काम गर्नुपर्दा भ्रमणमा जान अख्तियारवालाले दिने आदेश; भ्रमणको अनुमति प्रमाणित गर्ने कागजात; भ्रमणादेश।

भ्रमणपेस्की (Travel allowance in advance)- *ना.* [भ्रमण+पेस्की] कार्यालयबाट कसैलाई भ्रमणमा पठाउँदा अग्रिम रूपमा दिइने रकम।

भ्रमणभत्ता (Travel allowance)- *ना.* [सं.] काजमा खटिएर भ्रमणमा जाने/गएका व्यक्तिले पाउने भ्रमणका अवधिको थप सुविधा।

भ्रष्ट (Corrupt, depraved)- *वि.* [सं.] आचरण र अनुशासन आदिबाट विचलित; अपवित्र; दूषित; आचरण, अनुशासन वा नैतिकताबाट पतित; च्युत; बिग्रेको; गिरेको।

भ्रष्टाचार (Corruption)- *ना.* [सं.] भ्रष्ट आचार; व्यक्तिगत लाभका लागि सार्वजनिक पद वा निजी शक्तिको दुरूपयोगद्वारा गरिने गैरकानूनी कार्य वा क्रियाकलाप; पद वा दायित्वमा रहेको व्यक्तिले अनुचित ढङ्गबाट हिनामिना गर्ने काम; अख्तियारको दुरूपयोग गरी आफू वा अन्यलाई फाइदा हुने गरी गरिने कामकारबाही; भ्रष्ट मनसायबाट गरिने काम; भ्रष्टाचार निवारणसम्बन्धी कानूनले निषेध गरेका र सजाय हुने काम; घुस खाने, मसौट गर्ने, पक्षपात/भनसुन गर्ने, बपट्टा/कमिसन/फिर्ती रकम लिनेदिनेजस्ता कानूनले लिनखान वा गर्न मनाही गरेका कार्य गर्ने काम। *[हे. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २ को खण्ड (ज) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (क) ।]*

भ्रष्टाचारसम्बन्धी कसुरको प्रारम्भिक छानबिन (Preliminary investigation of offences relating to corruption)- *ना.प.* भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान गर्ने अनुसन्धान अधिकृत नियुक्त हुनुअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट हुने सुरुआती छानबिनको कार्य।

भ्रूण (Fetus, foetus, embryo)- *ना.* [सं.] पाठेघरमा रहेको विकास नभइसकेको शिशु; गर्भमा रहेको बच्चा; पेटमा रहेको विकासशील अवस्थाको नानी।

भ्रूणहत्या (Foeticide, feticide)- *ना.* [सं.] गर्भमा रहेको शिशुको हत्या; गर्भपात।

म

मकरतन्त्र (Autocracy)- *ना.* [सं.] निरङ्कुशतन्त्र; गोहीले अरू प्राणी निलेजस्तै अरूलाई निल्ने शासन।

मगनी (Petition, begging, a deed of hirefree land)- *ना.* [माग्+अनी] याचना; माग्ने काम; समय तोकी केही वर्ष भोगचलन गर्न जग्गाजमिन मागी लिँदा गरिदिने कागज; माग्दा पाइएको चिज; विवाह गर्नका लागि वर-वधुका रूपमा कसैलाई पहिलो पल्ट प्रस्ताव गर्न जाने काम।

मगनी किसान (Temporary tenant, second tenant)- *नाप.* मोही किसानसँग मागी जग्गा कमाउने व्यक्ति; मागेर जग्गा कमाउने किसान।

मगन्ता/ मगन्ते (Beggar)- *वि.* [माग्+अन्ता/ अन्ते] मागिखाने; मागेर जीविका चलाउने; भिखारी।

मचान (A raised platform)- *ना.* [माच्+आन] माच; मञ्च; अग्लो टाँड।

मजकुर (As mentioned above, aforesaid)- *वि.* [अ.] तालुक; त्यहाँ; उल्लिखित; उपर्युक्त; मौसुफ।

मजदुर (Labour)- *ना.* [फा.] श्रमिक; श्रमजीवी; कामदार; खेतालो; ज्याला दिई काममा लगाएको व्यक्ति; ज्यामी; कुल्ली; अर्काका काममा शारीरिक श्रम गरी ज्याला वा बनी लिई जीविका चलाउने व्यक्ति; उद्योग, कृषि, कलकारखानामा काम गर्ने विशेष गरी शारीरिक वा बलको काम गर्ने कामदार।

मजदुरी (Wages, labour charges, labour's work)- *ना.* [मजदुर+ई] ज्याला; मजुरी; मजदुरले पाउने पारिश्रमिक; मजदुरको काम।

मजबुत (Strong, firm)- *वि.* [अ.] दह्रो; बलियो; दृढ; बलिष्ठ; सबल।

मजबुन (Summary, gist)- *ना.* [अ.] सिङ्गो वा पूर्ण लेख वा अनुच्छेद/ सङ्कथनको सङ्क्षिप्त रूप; सारांश; सारसङ्क्षेप।

मजबुरी (Compulsion)- *ना.* [अ. मजबुर+ई] बाध्यता; विवशता; लाचारी; बाध्य हुँदाको स्थिति।

मजाक (Joke, fun, jest)- *ना.* [अ.] ठट्टा; परिहास; हँसी; दिल्लगी; ख्यालठट्टा; प्रहसन।

मजाल (Strength, daring)- *ना.* [अ.] तागत; शक्ति; बल; सामर्थ्य।

मजिस्ट्रेट/ मजिस्टेट (Magistrate)- *ना.* [अङ्.] स्थानीय शान्ति सुरक्षासम्बन्धी ससाना फौजदारी मुद्दामामिला हेर्ने सरकारी अधिकारी; न्यायायुक्त; न्यायाधिकारी।

मझौला (Medium, middling)- *वि.* [माझ+औला] मध्यम; माझमा पर्ने; बिचको।

मझौला उद्योग (Medium industry)- *नाप.* पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग; साना उद्योगभन्दा ठूलो र ठूला उद्योगभन्दा सानो मध्यम खाले उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (ठ) र दफा १७ को उपदफा (१) को खण्ड (घ)।]*

मझौला सवारी (Medium motor vehicle)- *नाप.* चार टनदेखि दश टनसम्म वजन हुने मिनिबस, मिनिट्रक, जिप, पिकअप, भ्यान, क्रेन, ट्रयाक्टर, रोलर आदि सवारी साधन; भारी सवारी साधनभन्दा कम र हल्का सवारी साधनभन्दा बढी भारवहन क्षमता भएका सवारी साधन। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (घ) र दफा ४।]*

मझौला सिँचाइ आयोजना (Medium Irrigation Project)- *नाप.* पहाडी क्षेत्रमा दशदेखि पाँच सय हेक्टरसम्म र तराई/ मधेस तथा भित्री मधेसमा एक सयदेखि दुई हजार हेक्टरसम्मका क्षेत्रमा सिँचाइ गर्ने क्षमताको सिँचाइ आयोजना। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (त)।]*

मञ्चयुक्त तौलने यन्त्र (Platform weight device)- *नाप.* मिश्र उत्तोलक प्रयोग गरिएको तथा माल राख्ने ग्राहक साधारणतः मञ्च आकार भएको र तीन टनभन्दा बढी क्षमता नभएको मापनयन्त्र। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५।]*

मञ्जूषा (Box)- *ना.* [सं.] सानो बाकस; सानो खालको सन्दुस; सानो पेटारो; पेटिका।

मटियामेट (Ruin, destruction)- *ना.*[माटो+इया+मेट] सखाप; नामेट; नामनिसाना वा माटो (आधार) समेत नरहने गरी मासिने काम वा मासिएको अवस्था; धूलिसात्।

मठु (Illiterate)- *ना.*[मुठार+उ] अनपढ; लेख्न पढ्न नजान्ने; केही थाहा नपाउने; बोधो; धार मुठारिएको; भुत्ते।

मठ (Monastery, shrine, abbey)- *ना.* [सं.] जोगी, साधु, सन्त, तपस्वी आदिले साधना गर्ने ठाउँ; गुरुकुल।

मठाधीश (The head of a monastery, abbot)- *ना.* [सं. मठ+अधीश] महन्त; मठधारी; मठको हर्ताकर्ता; मठको मुख्य स्वामी; मठमूली।

मढी (Grotto, hermitage)- *ना.*[सं. मण्डप] योगी सन्यासीहरूको आश्रम; कुटी; मठ।

मत (Vote, thought, opinion)- *ना.* [सं.] कुनै विषयउपरको मानसिक ठहर; मननिश्चय; कुनै पनि विषयउपरको भित्री वा आन्तरिक अभिप्राय; आशय; दुई वा दुईभन्दा बढी विकल्पमध्ये कुनै एक छनोट गर्ने मानसिक निधो; विचार; राय; सम्मति; अभिमत; अन्तश्चेतले उचित मानेको निष्कर्ष; निर्वाचन वा विवादास्पद विषयको निर्णयार्थ कसै वा कुनै पक्षलाई दिइने गोप्य वा खुला औपचारिक समर्थन; कुनै एक दृष्टिकोण वा विचारतर्फको पन्थ।

मतगणना (Vote counting)- *ना.* [सं. मत+गणना] मतदान पश्चात् मतपत्रको गन्ती।

मतगणना प्रतिनिधि (Counting agent)- *नाप.* उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनाको काममा आफ्नातर्फबाट प्रतिनिधित्व गर्न नियुक्त गरेको व्यक्ति; मतगन्ती वारिस। *[हे. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम २ को खण्ड (छ) तथा नियम 36, प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ङ), प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (ङ) तथा नियम 45, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (ग) र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २ को खण्ड (ङ)।]*

मतदाता (Voter)- *ना.* [सं. मत+दाता] कुनै पनि निर्वाचनका लागि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति; निर्वाचनमा मत दिने व्यक्ति; मतदान गर्न पाउने अधिकार भएको व्यक्ति। *[हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (ञ), मतदाता नामावली ऐन, २०७३ को दफा २ को खण्ड (झ) तथा दफा 3, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ढ) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ण)।]*

मतदाता नामावली दर्ता कर्मचारी र सहायक दर्ता कर्मचारी (Registration employee and Assistant Registration employee for voter's namelist) *नाप.* मतदाताहरूको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा मतदाताको फोटो खिच्ने, औँठाछाप सङ्कलन गर्ने र मतदाताको नाम तथा विवरण मतदाता दर्ताकिताबमा दर्ता गरी कम्प्युटरमा प्रविष्ट गर्ने मुख्य र सहायक कर्मचारी। *[हे. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २ को खण्ड (ग) र नियम ८।]*

मतदाता नामावली दर्ताकिताब (Registration book for voter's namelist)- *नाप.* मतदाता दर्ता स्थलमा उपस्थित मतदाता हुन योग्य व्यक्तिको नाम तथा विवरण दर्ता गर्न खडा गरिएको

किताब; मतदाता दर्ताकिताब। *[हे. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २ को खण्ड (ङ) र नियम १०।]*

मतदाता नामावली प्रमुख नाम दर्ता अधिकारी (Chief Name Registration Officer for voter's namelist)- *नाप.* निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र अन्य आवश्यक काम गर्नका लागि तोकेको अधिकारी; प्रत्येक जिल्लाको जिल्ला निर्वाचन अधिकारी। *[हे. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम 4 को उपनियम (1)।]*

मतदाता नामावली सङ्कलक (Collector of voter's namelist)- *नाप.* मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नका लागि नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन काममा लगाएका सरकारी कर्मचारी; सो कामका लागि सरकारी कर्मचारीसरह कुनै संस्था, निकाय वा स्थानीय शिक्षक वा कर्मचारी। *[हे. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २ को खण्ड (च) र नियम ७।]*

मतदाता नामावली सहायक नाम दर्ता अधिकारी (Assistant Name Registration Officer for voter's namelist)- *नाप.* मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक गाउँपालिका र नगरपालिकाका वडामा आवश्यकता अनुसार नियुक्त वा तोकिएका अधिकारी वा कर्मचारी। *[हे. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम 6 को उपनियम (1)।]*

मतदाता नामावलीसम्बन्धी कार्यक्रम (Program relating to voter's namelist)- *नाप.* मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा तत्काल कायम रहेको वा सङ्कलन गरेको मतदाता नामावली प्रकाशन गर्ने, त्यसमा नाम समावेश गर्ने, सच्याउने, हटाउने र दाबीविरोध गर्ने लगायतका क्रियाकलापका लागि समयावधि वा समयक्रम समेत निर्धारण गरी प्रकाशन गरिएको/ गरिने कार्यक्रम। *[हे. मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २ को खण्ड (ख)।*

मतदाता परिचयपत्र (Voter identity card)- *नाप.* निर्वाचन आयोग वा निर्वाचन गराउने प्राधिकारले उपलब्ध गराएको मतदाताको चिह्नारी वा परिचयपत्र; मतदाताको परिचायक निस्सा। *[हे. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २ को खण्ड (ढ) र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २ को खण्ड (ढ)।]*

मतदान (Polling, voting)- *ना.* [सं.] निर्वाचनमा कुनै उम्मेदवारलाई मत दिने काम; निर्णयार्थ प्रस्तुत दुई वा दुईभन्दा बढी विकल्पमध्ये एकलाई रोज्ने वा समर्थन गर्ने काम।

मतदान केन्द्र/ उपकेन्द्र (Polling station/sub-station)- *नाप.* निर्वाचनमा मतदान गर्न तोकिएको स्थान; मतदान गर्नका लागि स्थापना गरिएका केन्द्र/ उपकेन्द्र; मतदानस्थलका रूपमा आवश्यक बन्दोबस्त मिलाइएको ठाउँ; निर्वाचनमा मत दिनका लागि तोकिएको ठाउँ। *[हे. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २ को खण्ड (त), प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (च), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (ङ) र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २ को खण्ड (छ)]*

मतदान केन्द्रको अनधिकृत कब्जा (Unauthorized capture of polling station)- *नाप.* बल प्रयोग गरी, डरत्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पार्ने वा बिघ्नबाधा पार्ने काम; निर्वाचनका कुनै उम्मेदवारको समर्थक मतदातालाई मात्र मतदान गर्न दिने वा अन्य मतदातालाई मतदान गर्न नदिने, मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाउने, धम्की दिने, मतदान गर्नको लागि बाटो वा गौंडा छेकी मतदानस्थलमा जान रोक्ने काम; मतदान केन्द्रमा वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिने वा मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई निजको कर्तव्य पालना गर्न नदिने, निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोस्ने वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गर्ने काम; निर्वाचनसम्बन्धी कसुर वा अपराध। *[हे. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१ को उपदफा (१), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (१) र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ को उपदफा (१)।]*

मतदान प्रतिनिधि (Polling agent)- *नाप.* उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नका लागि नियुक्त गरेको व्यक्ति; उम्मेदवारको वारेस। *[हे. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम २ को खण्ड (झ), प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (छ) तथा नियम 44, प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २ को खण्ड (छ), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम २ को खण्ड (च) र राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम २ को खण्ड (ज)।]*

मतपत्र (Ballot paper)- *ना.* [सं.] निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको उम्मेदवारहरूको नाम वा सङ्केतको सूचीपत्र; विद्युतीय उपकरणबाट मतदान पद्धतिमा त्यस्तो उपकरणमा जडित डिजिटल सङ्केतचिह्न; निर्वाचनमा आफूले रोजेको उम्मेदवारलाई रोजी निजको नाम वा चिह्नमा चिनो वा छाप लगाई मतपेटिकामा खसालिने कागज/ पत्र। *[हे. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २ को खण्ड (ङ), स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २ को खण्ड (त), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ण), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (त), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ङ) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २ को खण्ड (ङ)।]*

मतपत्रको दुरूपयोग (Misuse of ballot paper)- *ना.प.* मतपत्रलाई नष्ट गर्ने, मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिह्न वा सङ्केत मेट्ने, केर्ने, सच्याउने, किर्ते गर्ने, बिगार्ने कार्य; मतपत्र नष्ट गर्ने अन्य कुनै तरिकाले मतपत्र नोक्सान पुऱ्याउने, नक्कली मतपत्र तयार गर्ने वा त्यस्तो मतपत्र ओसारपसार गर्ने, मतपत्र खरिदबिक्री गर्ने, आधिकारिक छाप वा चिह्न लागेको मतपत्र मतदान नगरी आफूसँग राख्ने वा मतदान केन्द्रबाहिर लैजाने काम।

मतपेटिका (Ballot box)- *ना.*[सं. मत+पेटिका] मत सङ्केत गरेको मतपत्र राख्नका लागि निर्वाचन आयोगले व्यवस्था गरेको विशेष पेटिका वा बक्सा, विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरण; मतदाताहरूले मतपत्र खसाल्ने बाकस वा पेटिका; मतदान गरिएका मतपत्र सङ्कलित हुने साधन/ उपकरण वा पात्र (भाँडो)।

मतभार (Weightage of vote)- *ना.*[सं. मत+भार] निर्वाचक मण्डलमा रहने सदस्यहरूले दिएको मतको भार; सङ्क्रमयीय वा अनुपातिक मतमानका आधारमा हुने निर्वाचनका लागि सूत्रअनुसार विभिन्न मतदाताहरूले दिएका मतको हुने भिन्नभिन्न मान।

मतभेद (Dissenting opinion)- *ना.* [सं.] मत वा राय नमिल्नु; राय बाझ्नु; मतभिन्नता; एकमत नभएको अवस्था; एक वा एकभन्दा बढी राय भएको अवस्था; असहमति; फरक मत; असम्मतिको अवस्था।

मतलब (Meaning, sense, purpose, intention)- *ना.* [अ.] आशय; तात्पर्य; अभिप्राय; अन्तरिक भाव; अर्थ वा माने; आफ्नै मात्र हुँदो होस् भन्ने सोच; स्वार्थ; आफूअनुकूल गर्ने नियत; सरोकार; चासो; प्रयोजन; वास्ता।

मतलबी (Selfish, crafty, egotistical, ego centric)- *वि.* [मतलब+ई] स्वार्थी; आफ्नो मात्र फाइदा हेर्ने; आफ्नो मतलब मात्र सिद्ध गर्न चाहने।

मतवाला/ मताहा (Accomplice, accessory, abettor)- *ना.* [मत+वाला] मतियार; मतोवाला; कसैका मतका पछि लाग्ने; मत मिल्ने वाला।

मतसर्भे (Opinion poll, vote survey)- *ना.* [सं.] नमुनामूलक रूपमा मत वा विचारहरूको सङ्कलन; विभिन्न व्यक्तिको राय लिने काम।

मतादेश (People's mandate, voting mandate)- *ना.* [सं. मत+आदेश] मतद्वारा गरिएको आदेश; जनमतले दिएको आदेश; मतदानबाट प्रकट भएको आदेश।

मताधिकार (Franchise, suffrage)- *ना.* [सं.] मत वा भोट दिने अधिकार; राय दिने अधिकार; चुन्ने चुनिने अधिकार; मत लिन वा दिन पाउने अधिकार।

मतान्तर/ मतमतान्तर (Difference of opinion)- *ना.* [सं.] विमति; प्रतिमत; भिन्न मत; फरक मत; विपक्षी मत/ राय/ विचार; विभिन्न मत; फरक-फरक मत; मत र मतका अन्तरहरू; निर्वाचनमा उम्मेदवारहरूले पाएका मतसङ्ख्याको भिन्नता वा अन्तर।

मतिभ्रम (Delusion, fallacy)- *ना.* [सं.] विचारको तलवितल; बुद्धि बिग्रेको अवस्था; विभ्रम; भ्रान्ति; सुद्दीले काम नगरेको अवस्था; होसचेतमा गडबडी भएको अवस्था।

मतिभ्रष्ट (Delirious, demented)- *वि.* [सं.] बुद्धि भ्रष्ट भएको; दुषित, पतित वा अनाचार चेत; मति बिग्रेको अविवेकी; मतिहीन; बुद्धिहीन।

मतियार (Accomplice, accessory)- *ना.* [मत+इयार] कसुर गर्न लागेको कुनै व्यक्तिलाई कसुर गर्ने नै नियतले सहयोग वा मद्दत गर्ने अर्को व्यक्ति; कसुर गरिसकेपछि कसुरदारलाई भगाउने, लुकाउने व्यक्ति; कसुर गर्नेलाई कसुर गर्न वा गराउन साधन उपलब्ध गराउने अर्को व्यक्ति; कुनै पनि कसुर वा अपराध गर्नमा अन्य कुनै किसिमले सहयोग पुऱ्याउने व्यक्ति; अपराध गर्ने षडयन्त्रको भागीदार; अपराध गर्न सहयोग गर्ने व्यक्ति; अपराध गर्नका लागि अपराध गर्ने मुख्य व्यक्तिसँग मतो गरेको वा मतो मिलेको व्यक्ति। *[हे. मुलुकी अपराध संहिता,२०७४ को दफा ३६ को उपदफा (२)।]*

मतिहीन (Stupid, idiot, foolish)- *ना.* [सं.] नासमझ; मुर्ख; बुद्धि नभएको।

मत्स्यन्याय (Fisheries justice, might is right)- *ना.* [सं.] बलियोले निर्धोलाई दबाएर राख्ने काम; जसको शक्ति उसको भक्ति; ठुला माछाले साना माछा खाएजस्तै हातमा शक्ति वा कानून

लिएका व्यक्तिले अलिक कमजोर पक्ष वा निर्धा निमुखामाथि जथाभावी गर्ने; तिनका हकअधिकारको हनन गर्ने वा तिनीहरूमाथि भएगरेको थिचोमिचोविरुद्धमा कुनै न्याय नहुने परिपाटी वा अवस्था।

मदत/ मद्दत (Support, assist)- *ना.* [अ. मदद] सहायता; सहयोग; भरथेग; आडभरोसा; टेवा।

मदतगार/ मद्दतगार (Supporter, assistant)- *वि.* [मदत+गार] मदत दिने; मदतिया; सघाउने; भरथेग गर्ने।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय (Madan Bhandari University of Science and Technology)- *ना.प.* विज्ञान तथा प्रविधिका विषय र क्षेत्रमा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्न र नयाँ ज्ञान र प्रविधिको विकासमा योगदान पुऱ्याउन स्थापित विश्वविद्यालय। *[हे. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ को दफा ३ को उपदफा (१)।]*

मदमत्त/ मदोन्मत्त (Power blind, pompous, arrogant) - *ना.* [सं. मद+मत्त/मद+उन्माद+मत्त] घमन्डी; सेखीवाल; धन, यौवन, अधिकार आदिका दम्भले मातिएको; मदले मातेको; मदको उन्मादले मातिएको; अभिमानले पूर्ण; अहङ्कारी; मैमत्ता।

मदमस्त (Boastful, imperious)- *वि.* [मद+मस्त] घमन्डले मस्त; उन्मत्त; मादक पदार्थका नसामा डुबेको।

मदहीन (Modest, humble)- *वि.* [सं.] घमन्ड नभएको; शान्त; सरल; शालीन; समझदार।

मदिरा (Liquor)- *ना.* [सं.] अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीवरासायनिक प्रक्रियाद्वारा आपरिवर्तित वा किण्वीकरण (कुहाउने क्रिया) गरी तयार पारिएको शून्य दसमलब पाँच प्रतिशतभन्दा बढी अल्कोहलयुक्त पदार्थ; रक्सी, जाँड, छयाङ, व्हिस्की, रम, जिन, ब्रान्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेन्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई. एन. ए. र हेड्स स्प्रिट नामका मादक पदार्थ; मादक पदार्थ; ऐला; निगार; अरक; आसव; मद्य; मात लाग्ने पदार्थ। *[हे. मदिरा ऐन, २०३१ को दफा २ को खण्ड (क), अन्त: शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण१) र होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा २ को खण्ड (घ)।]*

मधुमास (Honeymoon)- *ना.* [सं.] नयाँ सरकार गठन भएपछिको एकसय दिनसम्मको अवधि; विवाहपछिको सुरुआती आलो दाम्पत्यको समय।

मधुशाला (Tavern, bar)- *ना.* [सं.] मदिरागृह; भट्टी; मदिरालय।

मधेसी समुदाय (Madheshi community)- *नाप.* मधेसी आयोगका सिफारिस सरकारले परिभाषित गरेको समुदाय; चम्पारण र नेपालका भोजपुरी जातिका लागि जी. ए. ग्रियर्सनले प्रयोग गरेको नाम 'मधेसी' जनसमुदाय; मधेसमा बस्ने समुदाय; मधेसका प्रमुख बासिन्दा समुदाय। *[हे. मधेशी आयोग ऐन, २०७४ को दफा २ को खण्ड (घ)।]*

मधेसी/ मधेशी आयोग (*Madheshi* Commission)- *नाप.* मधेसी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन गर्न र मधेसी समुदायको सशक्तीकरण गर्न स्थापना भएको आयोग।

मध्यनजर/ मध्येनजर (Taking into consideration, taking into account)- *ना.* [सं. मध्य+अ. नजर] हेराइ; दृष्टि; विशेष ध्यान दिएर हेर्ने वा दृष्टि पुऱ्याउने काम।

मध्यम अपाङ्गता भएको व्यक्ति (Person with Moderate disability)- *नाप.* भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति; मध्यम खाले अपाङ्गता भएको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

मध्यम बाटो (Medium route)- *नाप.* यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर भन्दा बढी र दुई सय पचास किलोमिटरभन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ल)।]*

मध्यम वर्ग (Middle class people)- *नाप.* मझौला स्तरका जनता; आर्थिक दृष्टिले बिचको श्रेणीका जनता; धेरै धनी पनि होइन र धेरै गरिब पनि होइन भन्ने आर्थिक अवस्था भएका मानिसहरूको वर्ग।

मध्यमकालीन खर्च संरचना (Medium term expenditure framework)- *नाप.* तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको खर्च संरचनाको खाका; तीन वर्षे बहुवर्षीय योजना-खर्चको संरचना। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ट)।]*

मध्यमार्ग (Midway)- *ना.* [सं.] बिचको बाटो; दुई विपरीत विचार/ दृष्टिकोणका बिचको उपाय; दुई ध्रुव वा दुई धारमा बाँडिएका विकल्पका बिचको दुवैतिर दुरी बराबर राख्ने किसिमको विकल्प; मध्यम बाटो; मध्यवर्ती उपाय, बाटो वा निकास।

मध्ययुग (Middle age)- *ना.* [सं.] प्राचीन र आधुनिक युगका बिचको समय; दुईभन्दा बढी युगमध्ये बिचको युग।

मध्यवर्ती (Neutral, in between, central, intermediate)- *वि.* [सं.] तटस्थ; बीचमा रहेको; कुनै पनि पक्षमा नलाग्ने; बिचमा रहेको; माझमा रहेको; मध्यस्थ।

मध्यवर्ती क्षेत्र (Buffer zone)- *नाप.* वनजङ्गल, आरक्ष; निकुञ्जका आसपासका स्थानीय बासिन्दालाई नियमित रूपले वनपैदावार उपभोग गर्न दिनका लागि राष्ट्रिय निकुञ्ज, सन्नियमित प्राकृतिक आरक्ष, सिकार आरक्ष वा वन्यजन्तु आरक्षका वरिपरि तोकिएको निर्धारित क्षेत्र। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (ङ२)।]*

मध्यवर्ती क्षेत्र वन (Buffer zone forest)- *नाप.* मूल वनजङ्गल र वनक्षेत्र बाहिरको आवादी जग्गाजमिनका बिचमा पर्ने वनजङ्गलकै कम घना जङ्गल भएको क्षेत्र; त्यस्तो मध्यवर्ती क्षेत्रमा रहेको वन; मध्यवर्ती क्षेत्रभित्र पर्ने सामुदायिक, धार्मिक र निजी वन बाहेकको वनजङ्गल। *[हे. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २ को खण्ड (ञ)।]*

मध्यवर्ती क्षेत्र वन उपभोक्ता (Buffer zone forest consumer)- *नाप.* वनपैदावारको उपयोग गर्न र स्थानीय बासिन्दाको सामुदायिक विकासका लागि सञ्चालन गरिने आयोजनाबाट प्रत्यक्ष लाभ पाउने मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने सबै व्यक्ति। *[हे. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २ को खण्ड (ङ)।]*

मध्यवर्ती क्षेत्र वन उपभोक्ता समिति (Buffer Zone Forest Consumer Committee)- *नाप.* मध्यवर्ती क्षेत्रका संरक्षकले विभाजन गरेको मध्यवर्ती क्षेत्रको एकाइहरूमा वन्यजन्तु, प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत, जैविक विविधता, वनजङ्गल वा विकास निर्माण कार्यको संरक्षण गर्न, सामुदायिक विकास र वनपैदावारको सन्तुलित उपयोगमा सघाउ पुऱ्याउन स्थानीय तहका समन्वयमा गठन गरिएका समिति; मध्यवर्ती वनका उपभोक्ताहरूको संस्था। *[हे. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २ को खण्ड (च) र नियम ४।]*

मध्यवर्ती धार्मिक वन (Buffer religious forest)- *नाप.* धार्मिक निकाय, समूह वा समुदायलाई व्यवस्थापन तथा हेरचाह गर्न सुम्पिएको वन। *[हे. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २ को खण्ड (ज) र नियम २२।]*

मध्यवर्ती निजी वन (Buffer private forest)- *नाप.* मध्यवर्ती क्षेत्रभित्र व्यक्तिले आफ्ना हकभोगका जग्गामा लगाइएको व्यक्तिगत वा निजी वन। *[हे. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २ को खण्ड (झ) र नियम २३।]*

मध्यवर्ती सामुदायिक वन (Buffer community forest)- *नाप.* मध्यवर्ती क्षेत्र वन उपभोक्ता समितिलाई सुम्पिएको सामुदायिक वन। *[हे. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २ को खण्ड(छ) र नियम 21 ।]*

मध्यस्थ (Arbitrator)- *ना.* [सं.] विवाद समाधानको लागि नियुक्त मध्यस्थ र मध्यस्थहरूको समूह; दुई पक्षको बिचको विवाद निर्णय गर्न दुवै पक्षले निर्णायक स्वीकार गरेको वा नियुक्त गरेको व्यक्ति; दुई पक्षका बिचमा रही कुनै मामिलाको निष्पक्ष इन्साफ गर्ने व्यक्ति; मध्यस्थकर्ता। *वि.* माझमा रहेको; बिचमा अवस्थित। *[हे. मध्यस्थता ऐन, २०५५ को दफा २ को खण्ड (ज) ।]*

मध्यस्थ न्यायाधिकरण (Arbitral tribunal)- *नाप.* दुई पक्षका बिचमा रही मध्यस्थताद्वारा विवादको निर्णय गर्ने निकाय; मध्यस्थ निकाय।

मध्यस्थको निर्णय (Arbitral award)- *नाप.* मध्यस्थकर्ता वा मध्यस्थ निकाय/ न्यायाधिकरणको निर्णय।

मध्यस्थता (Arbitation, mediation)- *ना.* [सं.] मध्यस्थको काम; मध्यस्थ हुँदाको अवस्था।

मध्यान्तर (Intermission, interval)- *ना.* [सं.] बिचको विश्राम; बिचमा विश्रामका लागि रोक्ने समय; कुनै घटना वा सिलसिलाको उठानदेखि बैठानका बिचमा पर्ने अन्तराल समय।

मध्यावधि (Mid term)- *ना.* [सं.] बीचको अवधि वा समय।

मनखत (To feel sorry, regret)- *ना.* [सं. मन+क्षत] मनको बह; मनमा लागेको चोट; अपसोच; खेद।

मनखुसी (Discretion, as per desire)- *क्रिवि.* [मन+खुस+ई] इच्छाअनुसार; चाहेअनुसार; आफूखुसी; मनमोजी। *ना.* मनको आनन्दी; मनको खुसी।

मनगढन्त (Hypothetical, baseless, groundless, fictious)- *वि.* [मन+गाढ+अन्त] मनमा गढेको; मनले कल्पेको; निराधार; कपोलकल्पित; अवास्तविक; मनोरचित।

मनगढा/ मनगडा (Liked, dearly)- *वि.* [सं.] मनमा गडेको; मन परेको; मन गाडिएको।

मनग्गे/ मनग्य (Abundant, enough, ample, adequate)- *क्रिवि.* [मन+योग्य] प्रशस्त, पर्याप्त वा प्रचुर मात्रामा। *वि.* मनले चिताएजति; पउल; पुग्दो; छ्यालब्याल; प्रशस्त; पर्याप्त; काफी

मनन (Contemplation, thinking)- *ना.* [सं.] मन लगाएर कुनै कुरा सोच्ने सम्झने वा विचार गर्ने काम वा प्रयास; चिन्तन; गम्भीर सोचाइ; आफ्नै मनलाई द्विभाजित गरी कुनै विषयमा

गरिने स्व-तर्कवितर्क; यसरी तर्कवितर्क गरी निचोरमा पुग्ने काम; कुनै कुरा अनुभूत गर्ने काम।

मनपरीतन्त्र (Autocracy, dictatorship)- *ना.* [मन+परी+तन्त्र.] विधिविधान नमानी जे मन लाग्यो त्यही गर्ने विचार; कार्यशैली वा व्यवहार।

मनपेट (Inner intention, core desire)- *ना.* [मन+पेट] भित्री कुरो; आँतभेउ।

मनभेद (Friction, discord, conflict)- *ना.* [मन+भेद] मनमुटाउ; मतभिन्नता; फाटो; मतभेद।

मनमर्जी (Willfully, free-spirited)- *क्रिवि.* [मन+मर्जी] स्वेच्छाले; चाहेबमोजिम; इच्छानुसार। *ना.* मनको इच्छा; स्वेच्छा।

मनमानी/ मनोमानी (Arbitrary, haphazardly, self-willed)- *ना.*[मन+मान्+ई] स्वेच्छानुसार; मनलागी; जथाभावी; मनपरी।

मनमुग्ध (Enchanted, fascinated, captivated)- *वि.* [सं.] मोहित, ध्यानमग्न; एकाग्र; लट्ठ।

मनमुटाउ/ मनमोटाब (Enemity, antagonism, discord)- *ना.* [हि. मनमोटाव] वैमनस्य; वैरभाव; मनको फाटो; बेमेल।

मनमोजी (Carefree, joyous, whimsical)- *वि.* [मन+मोज+ई] निश्चिन्त; मनमौजी; मोज गर्ने; मनले चाहेको जस्तो मोज गर्ने; मनपर्दी गर्ने।

मनसा/ मनसुबा (Longing, desire, aspiration, wish)- *ना.* [सं./ अ.] मनको इच्छा; चाहना; अभिप्राय; आशय। *क्रिवि.* [सं.] मनैदेखि; मनद्वारा; मनैले।

मनसाय (Intention, motive)- *ना.* [सं.] मनको इच्छा वा चाहना; उद्देश्य; अभिप्राय; आशय; नियत; अन्तर्य।

मनस्थिति (State of mind, mental state)- *ना.* [सं.] मनको अवस्था; मानसिक स्थिति; मनोदशा।

मनासिब (Reasonable, appropriate, suitable)- *वि./ ना.* [अ. मुनासिब] उचित; ठिक; योग्य; मुनासिब।

मनासिब कारण (Resonable ground)- *नाप.* उचित कारण; उपयुक्त कारण; चाहिँदो आधार; पर्याप्त आधार र कारण।

मनाही (Prohibition; restriction; forbiddance)- *ना.* [अ.] निषेध; रोक्का।

मनीषा (Intellect, wisdom, desire)- *ना.* [सं.] प्रज्ञा; बुद्धि; चाहना; अभिलाषा।

मनोगत (Subjective, intuitive, inner thought)- *वि.* [सं.] मनमा रहेको वा उठेको; मनभित्र रहेको; विषयगत। *तुल.* वस्तुगत; बहिर्गत।

मनोचिकित्सक (Psychatrist)- *ना.* [सं.] मानसिक स्वास्थ्यको उपचारमा संलग्न हुने चिकित्सक।

मनोनयन (Nomination, selection)- *ना.* [सं.] इच्छा अनुसारको छनौट; मनले राम्रो ठानेर कुनै पदमा गरिने नियुक्ति।

मनोनीत (Nominated, selected)- *वि.* [सं.] मनोनयन गरिएको; छानिएको; रोजिएको।

मनोभाव (Emotion, feeling, sentiment)- *ना.* [सं.] मनको भाव; मनोभावना; मानसिक सोचाइ।

मनोमल (Ill mind, envious, toxic thought)- *ना.* [सं.] द्वेष; डाहा; रिस; मनको दूषित भाव वा विचार; मनोविकार।

मनोमान (Hearty acceptance, whole-hearted approval, willingly)- *ना.* [सं.] चित्त बुझेको अवस्था; दिलैदेखिको मन्जुरी; मनले मानेको वा आत्मसात् गरेको अवस्था। *क्रिवि.* खुसीराजीले; स्वेच्छाले; राजी भएरै।

मनोमानी (Arbitrary, whimsical, wildness)- *क्रिवि.* [सं.] मनपरी; जथाभाबी; स्वेच्छाचारी पाराले।

मनोमालिन्य (Grudges)- *ना.* [सं.] मनमुटाब; वैरभाव; मनको मलिनता।

मनोरञ्जन (Entertainment, recreation)- *ना.* [सं.] मनोविनोद; आमोदप्रमोद; मन बहलाउने काम; मन खुसी बनाउने काम वा कुरा।

मनोरथ (Heart's desire, wish)- *ना.* [सं.] मनको अभिलाषा वा कामना; मनोकामना।

मनोरम (Attractive, beautiful)- *वि.* [सं.] आकर्षक; सुन्दर; मनोहर।

मनोरोग (Psychiatry, psychological illness)- *ना.* [सं.] मानसिक रोग; स्नायविक रोग; स्नायुसम्बन्धी रोग; मनसम्बन्धी बेथा वा समस्या; मनोसामाजिक बेथा।

मनोवाञ्छित (Willful, desired by the heart)- *ना.* [सं.] मनले चाहेको; इच्छा गरेको; मनमाफिकको।

मनोविकार (Psychosis, ill thought)- *ना.* [सं.] मनमा उब्जिने खराब भावना वा आवेग; विकारयुक्त भावना।

मनोविज्ञान (Psychology) - *ना.* [सं.] मनको अध्ययन वा विश्लेषण गर्ने शास्त्र; मनोदशाको अध्ययन गर्ने शास्त्र।

मनोविद् (Psychologist)- *ना.* [सं.] मनोवैज्ञानिक; मनको कुरा जान्ने वा बुझ्ने।

मनोविमर्श (Psycho counselling)- *ना.* [सं.] मानसिक स्वास्थ्यको उपचारका लागि गरिने विमर्श परामर्श; मनोसामाजिक समस्या समाधान गर्न गरिने सुनुवाई र कुराकानी।

मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति (Psychological or psychatric damage)- *नाप.* चिकित्सकीय परीक्षणबाट पहिचान भएको, छोटो समयमा निको वा न्यून नहुने क्षति; पीडितको स्वास्थ्यमाथि प्रतिकूल असर पुऱ्याउने क्षति वा प्रभाव। *[हे. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ङ) को उपखण्ड (७) को स्पष्टीकरण]*

मनौती (Vow, pledge)- *ना.* [मान्+औती] भाकल; मनाउन वा चित्त बुझाउनका लागि दिइने वस्तु।

मन्जुरनामा/ मन्जुरीनामा (Deed of consent, written consent)- *ना.*[अ. मन्जुर+ फा. नामा] कुनै कार्य वा व्यवहारमा योयति कारणले मेरो राजीखुसी छ भन्ने बेहोराको प्रमाण दिँदो लिखत; सम्मतिपत्र; स्वीकृतिपत्र।

मन्जुरी (Consent, acceptance)- *ना.* [अ. मन्जुर+ई] लिखित वा मौखिक रूपमा दिइएको वा आचरणद्वारा व्यक्त गरिएको सहमति; स्वीकृति; अनुमति; स्वीकरण; राजी; सम्मति।

मन्जुरी (Consent, approval)- *ना.* [मन्जुर+ई] सहमति; स्वीकृति; राजीखुसी; सम्मति।

मन्त्रगूढ (Spy, espionage)- *ना.* [सं.] जासुस; गुप्तचर; भेदिया।

मन्त्रणा (Counsel, advice)- *ना.* [सं.] सल्लाह; परामर्श।

मन्त्रमुग्ध (Spellbound, fascinated, enchanted)- *ना.* [सं.] मोहित; लट्ठ; ध्यानमग्न।

मन्त्रालय (Ministry)- *ना.* [सं.] कार्यविभाजन अनुसार मन्त्रीका बेग्ला बेग्लै प्रमुख कार्यालय।

मन्त्रिपरिषद् (Council of Ministers, cabinet)- *ना.* [सं.] मन्त्रिमण्डल; राज्यको कार्यकारिणी अधिकार प्रयोग गर्ने सर्वोच्च निकाय; कार्यपालिकाको मूल कार्यकारी समिति।

मन्त्रिपरिषद्को सचिव (Secretary of Council of Ministers, Cabinet Secretary, Chief Secretary)- *नाप.* सरकारको मुख्य सचिव। *[हे. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २ को उपनियम (१) को खण्ड (ग)।]*

मन्त्री (Minister)- *ना.* [सं.] मन्त्रिपरिषद्को सदस्य। *[हे. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २ को उपनियम (१) को खण्ड (क)।]*

मन्द (Dull, slow, sluggish)- *वि.* [सं.] ढिलो; सुस्त; तीव्र नभएको।

मन्दिर (Temple)- *ना.* [सं.] देवताको पूजा आदि गर्नका लागि मूर्ति स्थापना गरिएको भवन; देवालय।

मन्दी (Recession, down-turn, economic declination)- *ना.* [मन्द+ई] कारोबार वा कार्यव्यवहारमा आउने शिथिलपन; शिथिलता; मन्दता; सुस्तता।

मपाईं (Egotism, self-conceit, narcissism)- *ना.* [म+पाईं] बडप्पन; आत्माभिमान; आफैलाई ठूलो सम्झने; अहङ्कारी मनोवृत्ति।

मफत/ मुफत (Free of cost, gratis, causeless)- *क्रिवि/ वि.* [अ. मुफ्त] निःशुल्क; विनामूल्य; सित्तैं; विनासित्ती; बेफ्वाँकमा।

मयायु (Land without payment given to the poor by the government)- *ना.* [माया+उ?] सरकारले दयामाया गरी कसैलाई आयस्ता खान दिएको जग्गा।

मरणान्त/ मरणान्तक (Ending in death)- *वि.* [सं.] साह्रै कष्टकर; अत्यन्त दुःखदायी; मरेपछि अन्त्य हुने; नमरुन्जेल मात्र रहने।

मरणासन्न (Dying, moribund)- *वि.* [सं.] मर्न लागेको; मर्ने स्थितिमा पुगेको।

मरणोपरान्त (After the demise, posthumously)- *क्रिवि.* [सं.] मृत्यु पश्चात; मरेपछि; मरणोत्तर।

मरणोपरान्त अनुदान (Posthumous grant)- *नाप.* स्थायी कामदार, शिक्षक वा कर्मचारी सेवारत अवधिमै निधन भएमा निजका हकवालाले पाउने वा तिनलाई प्रदान गरिने अनुदान।

मरवट/ मरौट (Family allowance to the deceased in a battle)- *ना.* [मराउ+अट] लडाइँमा मृत्यु भएका व्यक्तिको परिवारले पाउने वृत्ति; पारिवारिक वृत्ति; मरेपछि पाउने इनाम।

मरुभूमि (Desert)- *ना.* [सं.] मरुस्थल; पानी नभई सबैतिर बालुवै बालुवा भएको सुख्खा ठाउँ; त्यस्तो बल्वानी जमिन; रेगिस्तान।

मरुवा खाली (Vacant post due to one's death)- *नाप.* पदासीन व्यक्तिको मृत्यु भएका कारणले रिक्त हुन गएको पद; पदाधिकारी मरेर खाली भएको पद।

मरोटबिर्ता/ मरौटबिर्ता/ मरौटछाप (Rent-free land given to the family of the deceased for the sake of the country)- *ना.* देशरक्षाका निमित्त वा लडाइँमा मर्नेका पत्नी, सन्तान वा परिवार आफै कमाउन सक्ने नहुन्जेल भरण-पोषणका लागि दिइने/ दिइएको बिर्ता जग्गा; मरवटबिर्ता।

मर्का (Loss; injury)- *ना.* [मर्क+आ] अन्याय; हानि; नोक्सानी; खति; बाधा; अड्काउ; अड्को; पिरलो; खाँचो; मर्म; पिराउ; गुनासो; सिकायत; पिर, पीडा; मानसिक आघात।

मर्म (Essence, gist, inner pain)- *ना.* [सं.] तात्पर्य; भित्री आशय; आन्तरिक वेदना; भित्री चोट; भित्री अर्थ वा तात्पर्य।

मर्मज्ञ (Penetrating, one having profound knowledge)- *ना.* [सं.] मर्म जान्ने; तत्वज्ञ।

मर्मत (Repair)- *ना.* [आ.] बिग्रेको वा टुटेफुटेको वस्तुलाई फेरि ठिक पार्ने काम; सुधार गर्ने काम; जीर्णोद्धार; पुनरुद्धार।

मर्मतसम्भार (Maintenance, repairing)- *ना.* [मर्मत+सं. सम्भार] सच्याउने र संरक्षण गर्ने काम; सुधार्ने र जोगाउने काम; सुधार र हिफाजत।

मर्मभेदी (Heartrending, agonising pain)- *वि.* [सं.] मुटु छेड्ने; मर्मच्छेदी; अति पीडादायी।

मर्मस्पर्शी (Heart touching, poigant)- *वि.* [सं.] मन छुने; मार्मिक; मर्मान्तक।

मर्माहत (Bereaved, heart broken)- *वि.* [सं.] मर्ममा आघात परेको; मनमा चोट पुगेको; पीडित।

मर्यादा (Dignity, prestige, honour, decorum)- *ना.* [सं.] प्रतिष्ठा; सम्मान; इज्जत; तोकिएका सर्त, सीमा वा अवधि; सामाजिक अनुशासन; सदाचार; सदाचरण; नैतिक बन्धन।

मर्यादाक्रम (Protocol)- *ना.* [सं.] ओहोदाअनुसारको मानक्रम; कुनै कुराको गुणात्मकताको श्रेणीविभाजन वा श्रेणीक्रम; पदाधिकारीहरूको मान, मर्यादा र शिष्टताको तह र तदअनुरूपको अनुक्रम वा सोपानक्रम।

मर्यादापालक (Marshal, parliamentary usher, sergeant-at-arms)- *ना.* [सं.] अनुशासनपालक; मर्यादापालन गराउने व्यक्ति; संसदपरिसरको सुरक्षा गर्न तथा संसद र संसदको समितिको बैठक सुचारू वा सञ्चालनका लागि मर्यादापालनका कार्यमा सघाउ पुऱ्याउन संसदसचिवालयमा नियुक्त व्यक्ति। *[हे. सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, 2064 को दफा २ को खण्ड (ण) र दफा ९३ को उपदफा (१)।]*

मर्यादापालन (Marshal service)- *ना.* [सं.] संसद परिसरको सुरक्षा गर्ने तथा संसद र संसदको समितिको बैठक सुचारू रूपले सञ्चालनका लागि सघाउ पुऱ्याउने काम; अनुशासन पालन; अनुशासन कायम राख्ने-रखाउने काम।

मसलन्द (Stationery, miscellany)- *ना.* कार्यालयको दैनिक कार्य सञ्चालनका लागि चाहिने कागज, कलम, मसी आदि वस्तु; कार्यालयका काममा चाहिने खिर्चीमिर्ची।

मसान्त (Last day of the month)- *ना.*[सं. मासान्त] महिनाको अन्तिम दिन; महिनाको समाप्ति र समाप्तिको दिन।

मसोट/ मसौट (Defalcation, misappropriation, embezzlement)- *ना.* [मास्+ओट] मास्ने वा खर्च गर्ने काम; हिनामिना; दुरूपयोग।

मसौदा/ मस्यौदा (Draft, preliminary writing)- *ना.*[अ. मसवद्दह] खेस्रा; प्रालेख; प्रारूप।

मस्यौदाकार (drafting person)- *ना.* [मस्यौदा+कार] मस्यौदा गर्ने व्यक्ति; लेखक; खेस्राकर्ता।

मस्करी/ मस्खरी (Raillery, jest, quip)- *ना.* [मस्की+अरी] ख्यालठट्टा; हँसीमजाक; दिल्लगी।

मस्तक (Summit, peak, forehead)- *ना.* [सं.] शिखर; चुचुरो; माथा; खोपडी।

मस्ताना (Carefree)- *ना.* [फा.] बेफिक्री स्वाभावको; विनोदी; मोजमस्तीमा भुल्ने; मनमोजी।

मस्तिष्क मृत्यु (Brain death)- *नाप.* मस्तिष्क स्टेमको मृत्यु वा मस्तिष्कको ग्रहण गर्ने र प्रतिक्रिया दिने क्रियाकलापमा अप्रत्यावर्तनीय क्षति भएको अवस्था; श्वास, हृदयगति र चेतनालाई नियन्त्रण गर्नेजस्ता मस्तिष्कले गर्ने काम पूर्णरूपमा गर्न छाडेका अवस्था। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (क१)।]*

मस्तिष्कस्टेम (Brainstem)- *नाप.* मस्तिष्कसञ्जाल र सुषुम्ना नाडीलाई जोड्नेबिचको मध्य मस्तिष्क, पन्स र मेडुला अब्लङ्गेटा। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (क१) को स्पष्टीकरण]*

महत्ता (Importance, significance)- *ना.* [सं.] महत्त्व।

महत्वाकाङ्क्षा (Ambition, aspiration)- *ना.* [सं.] उच्चआकाङ्क्षा; उच्च लक्ष्य प्राप्त गर्ने चाहना; महत् वा ठूलो आकाङ्क्षा।

महल (Chapter, part, column)- *ना.* [अ.] कोष्ठ; खण्ड; कोठा; भाग; कानूनी सङ्कथनको परिच्छेद वा भाग; सरसुविधायुक्त भवन; दरबार; प्रासाद।

महसुर (Fearless, bold, courageous)- *ना.* [अ.] साहसी; साह्रै आँटिलो; कुनै कुरामा कसैसँग नडराउने; मसहुर।

महसुल (tariff, fee)- *ना.* [अ.] भाडा; दस्तुर; जगात; अनुमतिप्राप्त व्यक्तिले सेवासुविधा उपलब्ध गराएबापत उपभोक्तासँग लिने सेवाशुल्क; निकासी वा पैठारी गरिने मालवस्तुमा लाग्ने सबै कर, शुल्क र दस्तुर र भन्सारकर; सरकारले लिने शुल्क; कर; सेवाप्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिने दैदस्तुर रकम। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ठ), भन्सार ऐन, २०६४ को दफा २ खण्ड (म) र खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा २ को खण्ड (ण)।]*

महसुलसुविधा (Tariff facility)- *ना.* [महसुल+सुविधा] कुनै मालवस्तु महसुल नलिई, जाँच गरी वा नगरी लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा; बुझाउनुपर्ने महसुलमा ग्राहकलाई दिइने छुट। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (य)।]*

महसुस (Feeling, realization)- *ना.* [अ.] अनुभव; अनुभूति; बोध। *वि.* विदित; अनुभूत; अनुभव भएको; लागेको।

महाअपराध (Felony, heinous offence)- *ना.* [महा+अपराध] जघन्य अपराध; ठुला अपराध; पञ्चशीलको उल्लङ्घन।

महाधिवेशन (Conference, general assembly)- *ना.* [सं.] विधानअनुसार आयोजना गरिने बृहत सम्मेलन; विभागीय र तहगत साङ्गठनिक संरचना भएका सङ्घसंस्थाका विभागीय र तहगत अधिवेशनबाट चयन भएका सङ्गठनका महासमिति, परिषद् वा साधारण सभाजस्ता उच्च अङ्गको बैठकका सत्र; महत् अधिवेशन।

महानगरपालिका (Metropolitan city, metropolis, mega city)- *ना.* [सं.] धेरै जनसङ्ख्या बसोबास गर्ने नगर; विशाल सहर; नगरपालिकाहरूमा सबैभन्दा ठूला खालका नगरपालिका।

महानिरीक्षक (Inspector General)- *ना.* [सं.] सबैभन्दा उच्च दर्जाको निरीक्षक।

महानिर्देशक (Director General)- *ना.* [सं.] प्रमुख वा मुख्य निर्देशक।

महानिर्वाचन (General Election)- *ना.* [सं.] आमचुनाव; राष्ट्रव्यापी रूपमा गरिएको निर्वाचन वा चुनाव।

महान्यायाधिवक्ता (Attorney General)- *ना.* [सं.] सरकारको प्रमुख कानूनी सल्लाहकार; प्रमुख सरकारी वकिल।

महापातक (Felony, heinous offence)- *ना.* [सं.] जघन्य अपराध; हिंसा, व्यभिचार, दुर्व्यसन, चोरी र यी अपराध गर्नेहरूसँगको सङ्गत।

महापाल (Mayor)- *ना.* [सं.] प्रबन्ध गर्ने व्यक्ति; नगर प्रमुख।

महापौरख भास्कर *(Maha Paurakh Bhaskar)- ना.प.* नेपालको रक्षाको निमित्त कर्तव्य पालनाका सिलसिलामा ज्यान जोखिममा राखी असाधारण बहादुरीका साथ साहसपूर्ण काम गर्ने नेपाली सेनाका जवान वा अधिकृतलाई प्रदान गरिने अलङ्कार। *[हे. विभूषण नियमावली, २०६५ को नियम १८ को उपनियम (१)।]*

महाप्रतिहार (Chief chamberlain, chief door-keeper)- *ना.* [सं.] राजाका हजुरिया; राजाका जाहेर गर्ने माथिल्लो दर्जाको पाले वा द्वारपाल।

महाप्रबन्धक (General Manager.)- *ना.* [सं.] औद्योगिक वा व्यापारिक संस्थानको प्रमुख पदाधिकारी; प्रमुख प्रबन्धक।

महाप्रलय (Catastrophe, general destruction)- *ना.* [सं.] महाविनाश; ज्यादै ठूलो सङ्कट; कल्पान्त।

महाप्रस्थान (Demise, death, great departure)- *ना.* [सं.] मृत्यु; मरण।

महाबलाधिकृत/ महाबलाध्यक्ष (Chief of the Army Staff)- *ना.* [सं.] प्रधान सेनापति।

महाभियोग (Impeachment)- *ना.* [सं. महा+अभियोग] राज्यका उच्च पदाधिकारी, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका पदाधिकारी वा राजदूत माथि संसद्मा लगाइने गम्भीर अभियोग; संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको आधारमा राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध वा संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेका कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेका आधारमा प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्ध प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले पेस गर्न सक्ने र संसद् वा प्रतिनिधिसभाको दुई तिहाइ मतद्वारा पारित हुने अभियोगको प्रस्ताव। *[हे. नेपालको संविधानको धारा १०१ को उपधारा (१) र (२)।]*

महाभियोग सिफारिस समिति (Impeachment Recommendation Committee)- *ना.प.* संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेका कारणले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेको आधारमा नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्धको महाभियोगको प्रस्ताव पेस गर्ने आधार र कारण विद्यमान भए नभएको छानबिन गरी सिफारिस गर्न प्रतिनिधि सभामा गठन हुने समिति। *[हे. नेपालको संविधानको धारा १०१ को उपधारा (३)।]*

महामहिम (Excellency)- *ना.* [सं.] विदेशी राज्यका उच्च पदाधिकारी तथा दूतहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने सम्मानार्थी शब्द।

महाराजा (Great king, emperor)- *ना.* [सं.] साना-साना राजा वा रजौटा माथि शासन गर्ने राजा; महान् सम्राट।

महाराजाधिराज (His Majesty the king, king of the kings)- *ना.* [सं.] राजतन्त्र भएका मुलुकमा राज्य प्रमुखमा रहेको राजा; राजाहरूका पनि राजा; सम्राट वा बडामहाराजासरहका राजा।

महारानी (Her Majesty the queen)- *ना.* [सं.] राजतन्त्र भएका मुलुकमा राज्य प्रमुखमा रहेको रानी; महाराजको पटरानी।

महारोग (Dreadful disease)- *ना.* [सं.] कडा रोग; महाव्याधि।

महालदार (Non-official revenue agent)- *ना.* जिमदारप्रथा भन्दा पहिले मालपोत उठाउने गैरसरकारी मानिस।

महालेखा (Central account)- *ना.* [सं.] केन्द्रीय लेखा; केन्द्रीय हिसाबकिताब; एकीकृत सङ्घीय लेखा।

महालेखा नियन्त्रक कार्यालय (Finacial Comptroller General Office)- *ना.प.* सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने, चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने, आर्थिक प्रशासन सञ्चालन, निर्देशन, नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण गर्ने, गराउने तथा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने निकाय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (न)।]*

महालेखा परीक्षक (Auditor General)- *ना.* [सं.] राज्यको सबै तहका सबै सरकारी (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) निकाय तथा संवैधानिक निकाय तथा पदाधिकारी र सोअन्तर्गतका कार्यालय, सेना, प्रहरी, सशस्त्र बल लगायतका निकाय/कार्यालयको लेखा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य विचार गरी लेखापरीक्षण गर्ने गराउने प्रमुख लेखापरीक्षक; बाह्य लेखापरीक्षण गर्ने गराउने संवैधानिक प्रमुख पदाधिकारी। *[हे. नेपालको संविधानको धारा २४१ को उपधारा (१)।]*

महावाणिज्यदूत (Consulate General of trade and commerce, Consule General)- *ना.* [सं.] मित्रराष्ट्रको वाणिज्यनगरमा नियुक्त वाणिज्यदूतहरूमध्ये प्रमुख दूत।

महावाणी (Teachings of a renowned person, statement of a great person)- *ना.* [सं.] महान् व्यक्तिको कथन वा भनाइ।

महाविनाश (Catastrophe, cataclysm, extreme destruction)- *ना.* [सं.] धेरै धनजनको नोक्सान; ठूलो विनाश; प्रलय।

महाविपत्ति (Disaster, calamity)- *ना.* [सं.] ठूलो प्राकृतिक प्रकोप; गम्भीर सङ्कट।

महाशय (Gentleman, sir)- *ना.* [सं.] महापुरुष; महान् आशय वा उच्च विचार भएको व्यक्ति; समकक्षीलाई सम्बोधन गरिने आदर; महानुभाव।

महासंहार (Massacre, mass murder)- *ना.* [सं.] आमहत्या; कत्लेआम; जनसंहार; नरसंहार।

महासङ्घ (Federation)- *ना.* [सं.] धेरै सङ्घहरू मिलेर बनेको सङ्घ।

महासचिव (Secretary General)- *ना.* [सं.] सचिवालयको प्रमुख पदाधिकारी; महामन्त्री।

महासन्धि (Convention)- *ना.* [सं.] दुईभन्दा बढी राष्ट्रहरू मिलेर गरिएको सन्धि; अभिसन्धि।

महासभा (General Asssembly, one of the major organs of the UN)- *ना.* [सं.] बृहत् सभा; संयुक्त राष्ट्रसङ्घका सदस्यराष्ट्रहरूको सभा; संयुक्त राष्ट्रसङ्घको प्रमुख अङ्गहरूमध्येको एक अङ्ग; कुनै पनि सङ्घसंस्थाको सर्वोच्च निकायको रूपमा रहने सभा।

महासर्वदण्डनायक (Chief Judicial Administrator during *Lichchhavi era*)- *ना.* [सं.] लिच्छविकालमा न्यायप्रशासन हेर्ने प्रमुख पदाधिकारी; फौजदारी न्यायतर्फको सबैभन्दा ठूलो दर्जा।

महासामन्त (Chief Administrator during *Lichchhavi era*)- *ना.* [सं.] लिच्छविकालमा शासनभार सम्हाल्ने सामन्तभन्दा उच्च पदको प्रमुख पदाधिकारी।

महासेनानी (Colonel)- *ना.* [सं.] सेनाको सहायक रथीभन्दा एक तह मुनिको पद।

महिना (Month)- *ना.* [फा.] मास; औसत तीस दिनको अवधि; सङ्क्रान्तिबाट गणना सुरु हुने र मसान्तमा सकिने चार साताको अवधि; एक वर्षलाई बाह्र भाग लगाई गणना गरिने समयावधि; पृथ्वीले सूर्यलाई एक चक्कर परिक्रमा गर्ने अवधिको बाह्र भागमा एक भाग। *[हे. नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ढ)।]*

महिनामारी/ महिनावारी (Monthly, monthly salary)- *ना.* [सं.] मासिक वेतन; महिनाको हिसाबमा पाइने तलब। *वि.* प्रत्येक महिनाको; महिना पूरा भएपछि हुने वा पाइने; महिनामहिनाको; हरेक महिनाको।

मही (Earth)- *ना.* [सं.] धर्ती; पृथ्वी।

महीपति (The king)- *ना.* [सं.] पृथ्वीका पालक।

महीपाल/ महीश (The king)- *ना.* [सं.] राजा।

महोदय (Madam/Sir)- *ना.* [सं.] मान्यजनलाई आदरपूर्वक गरिने सम्बोधन; महानुभाव।

माखेसाङ्ग्लो/ माखेसाङ्ली (Entanglement, intricate, knotty)- *ना.* दुईतिरबाट च्यापेर बिचमा चेपुवामा पार्ने वा अठ्याउने काम वा काइदा; उम्कन नसकिने गरी जकडिएको स्थिति; मेसो थाहा नपाउने गरी गाँठिएको वा साङ्ली परेको अवस्था; जटिल समस्या; विषयहरू एकआपसमा जेलिएको स्थिति।

मागपत्र (Demand letter or form)- *ना.* [माग+पत्र] माग गर्न वा मगाउन लेखिने पत्र वा भरिने प्रपत्र/ फारम।

मागफाराम (Request form, requisition form)- *ना.* [माग+फारम] कार्यालयमा काम गर्न सामान चाहिँदा चाहिने सामानको विवरण खोली भरिने फाराम; माग गर्ने प्रपत्र; सामान आपूर्ति अनुरोधपत्र।

माग्नासाथ भुक्तानी पाउने विनिमेयपत्र (Bill of exchange payable on demand)- *ना.प.* माग्ना वा देख्नासाथ वा प्रस्तुत गर्नासाथ भुक्तानी हुने विनिमयेपत्र; तुरुन्तै भुक्तानी पाइने विनिमेयपत्र। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (न)।]*

मातहत (Subordinate, under control)- *ना./ वि.* [अ.] अरूको आश्रय, खटन वा नियन्त्रण; अधीनस्थ; हाता वा इलाका; तैनाथी।

मातहतको कार्यालय (Subordinate office)- *ना.* [सं.] सम्बन्धित कार्यालय (तालुक)को खटनपटनमा रहेको कार्यालय; कुनै कार्यालयअन्तर्गत रहेको उपकार्यालय वा शाखा/ प्रशाखा। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ध)।]*

मातृभाषा (Mother tongue, native language)- *ना.* [सं.] आमाले सर्वप्रथम बोल्न सिकाएको भाषा; आफ्ना जातिसमुदायमा बोलिने भाषा; स्वभाषा; आमा वर्गमा बोलिने भाषा वा बोली; आफ्नो जिब्रो फुटेको भाषा।

मातृभाषी शिक्षा (Mother tongue education)- *ना.* [सं.] नेपालमा बोलिने नेपाली समुदायको कुनै मातृभाषाका माध्यमबाट दिइने शिक्षा; मातृभाषामा आधारित बहुभाषिक शिक्षा। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ट)।]*

मातृसंस्था (Parent organization or institution)- *ना.* [सं.] मूल संस्था; स्रोत संस्था; जननी संस्था।

मातृसत्ता (Matriarchy, gynarchy)- *ना.* [सं.] आमाबाट वंशपरम्परा चल्ने सामाजिक व्यवस्था; मातृतन्त्र।

मातृसत्तात्मक (Matriarchal, matrilineal)- *वि.* [सं.] महिलाको प्रभुत्व रहेको; मातृसत्ता प्रमुख भएको।

माथ/ मात (Use of mortgaged land, purchasing amount of land)- *ना.* [अ.] जितहार; बन्धकी जग्गाको भोगचलन; जग्गा किनबेच गर्दा त्यसबापत दिइने रुपैयाँ; मादक पदार्थले दिने रनाहा वा नसा।

माथबर/ माथवर- *वि.* [अ. मोतबर] विश्वसनीय; पत्यारलायक; भरपर्दो; विश्वासिलो; विश्वासी; सम्पन्न; भलादमी; सज्जन; माठपर; मातवर; संरक्षकी।

माथबरी (Reliable, turstworthy)- *ना.* [माथबर+ई] माथबरमा हुनुपर्ने गुण; माथबरले गर्नुपर्ने काम; संरक्षक।

माथवर (Curator)- *ना.* [सं.] संरक्षक; जिम्मा लगाउन सकिने विश्वासिलो; मातवर।

मादक (Alcoholic, intoxicating)- *वि.* [सं.] मात वा नसा लाग्ने; नसालु; उन्मादी चढाउने।

मादक पदार्थ (Alcoholic substances, liquors)- *नाप.* मात वा नसा लाग्ने पदार्थ; नसालु पदार्थ।

मादक पदार्थ सेवन (Liquors consumption)- *नाप.* मात लाग्ने वा नसा लाग्ने पदार्थ सेवन; नसालु पदार्थ सेवन; मातिने पदार्थ सेवा गर्ने वा खाने काम।

माध्यमिक विद्यालय (Secondary school)- *ना.प.* कक्षा बाह्रसम्म शिक्षा दिइने विद्यालय; कक्षा नौदेखि कक्षा बाह्रसम्म शिक्षा दिइने विद्यालय। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ङ३)।]*

माध्यमिक शिक्षा (Secondary education)- *ना.प.* कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ञ)।]*

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (School leaving certificate examination)- *ना.प.* माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (छ)।]*

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समिति (School Leaving Certificate Examination Co-ordination Committee)- *ना.प.* माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा व्यवस्थित तथा मर्यादित रूपमा सञ्चालन गर्नका लागि प्रत्येक जिल्लामा रहने जिल्लास्तरीय समिति। *[हे. शिक्षा नियमावली, २०५९ को नियम ४६ को उपनियम (१)।]*

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति (School Leaving Certificate Examination Committee)- *ना.प.* माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण गर्न गठित समिति। *[हे. शिक्षा नियमावली, २०५९ को नियम ४२ को उपनियम (१)।]*

मान (Respect, honour)- *ना.* [सं.] आदर; सम्मान; प्रतिष्ठा।

मानक/ मानदण्ड (Measuring rod, standard, norms)- *ना.* [सं.] आधिकारिक स्तर, मापदण्ड; मापक साधन।

मानचित्र (Map, geographical chart)- *ना.* [सं.] नक्सा; भूचित्र।

माननीय (Hon`ble)- *ना.* [सं.] मान/ आदर गर्न योग्य; आदरणीय।

मानपदवी (*Man Padavi,* Medal, titles and honours)- *ना.*[मान+पदवी] क्रमअनुसारको मर्यादाक्रम कायम गरी प्रदान गरिने नेपाल रत्न, राष्ट्र गौरव, राष्ट्रदीप, जनसेवा श्री नामका विभूषण वा पदवी। *[हे. विभूषण ऐन, २०६४ को दफा २ को खण्ड (ग) र दफा (८)।]*

मानमर्दन (Defamation, humiliation)- *ना.* [सं.] इज्जत वा मान, प्रतिष्ठालाई धुमिल गराउने काम; अपमान; कसैको मानमा आघात पार्ने काम।

मानमर्यादा (Respect, honour, dignity)- *ना.* [सं.] मानमनितो; मानभाउ।

मानव ओसारपसार (Human transportation)- *नाप.* किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने काम; मानिसलाई वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने काम वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने काम। *[हे. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा 4 को उपदफा (2)।]*

मानव बेचबिखन (Human trafficking, trafficking in persons)- *नाप.* मानिस किन्ने बेच्ने काम; कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने काम। *[हे. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा 4 को उपदफा (1)।]*

मानव विकास सूचकाङ्क (Human Development Index)- *नाप.* मानव विकासका मुख्य आयाममा हासिल गरेको औसत उपलब्धिको सूचक।

मानव विकासको सूचकाङ्ककको दृष्टिकोणले पछाडि परेका समुदाय (Backward communities in terms of Human Development Index)- *नाप.* सरकारले मानव विकासको सूचकाङ्ककको दृष्टिकोणले पछाडि परेका भनी तोकेको क्षेत्रमा बसोबास गर्ने तोकेको समुदाय।

मानव शरीरको अङ्ग प्रत्यारोपण (Human body organ transplantation)- *नाप.* [सं.] चिकित्सापद्धतिअनुसार रोगको उपचार गर्न एक मानवशरीरको अङ्ग अर्को मानवशरीरमा प्रत्यारोपण गर्ने वा सार्ने कार्य। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड(ग)।]*

मानव शरीरको अङ्ग प्रत्यारोपण स्वीकृति समिति (Human Body Organ Transplantation Approval Committee)- *नाप.* मानवशरीरको अङ्ग दान दिन वा अङ्ग ग्रहण गर्न चाहने व्यक्तिलाई अङ्ग प्रत्यारोपण गर्ने स्वीकृति दिनका लागि सम्बन्धित स्वास्थ्यसंस्थामा गठन गरिएको वा हुने समिति। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १४क. को उपदफा (१) को खण्ड(ख) र मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३ को नियम २ को खण्ड(ग)।]*

मानवअधिकार (Human rights)- *ना.* [सं.] मानिसका जीवन, मर्यादा, समानता तथा स्वतन्त्रतासँग सम्बन्धित संविधान तथा कानूनद्वारा संरक्षित मूलभूत हक र आधारभूत स्वतन्त्रता; मानवअधिकारसम्बन्धी अध्यालेखहरूमा लेखबद्ध रहेका मानिसका जीवन, प्रतिष्ठा, समानता र स्वतन्त्रतासम्बन्धी मौलिक हकहित; राज्यले मान्यता दिनुपर्ने, संरक्षण र परिपूर्ति गर्नुपर्ने मानिसमा अन्तर्निहित, अविभाज्य, अन्तरनिर्भर मूलभूत हकहित र मौलिक स्वतन्त्रता। *[हे. राष्ट्रिय मानव अधिकार आयोग ऐन, 2068 को दफा २ को खण्ड (च)।]*

मानवअधिकारको उल्लङ्घन (Violation of human rights)- *नाप.* व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारको उल्लङ्घनस सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनावद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानव अधिकारको गम्भीर उल्लङ्घन बाहेकका प्रचलित नेपाल कानून, अन्तरराष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीतको कार्य। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (ञ)।]*

मानवअधिकारको गम्भीर उल्लङ्घन (Gross violation of human rights)- *नाप.* सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा, निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनावद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट भएको नियतपूर्वक वा स्वेच्छाचारीरूपमा गरिएको हत्या, व्यक्ति बेपत्ता पार्ने कार्य, वा अमानवीय वा क्रुर यातना दिने कार्य *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को (ञ)।*

मानवढाल (Human shield, body shield)- *ना.* [सं. मानव+ढाल] सुरक्षाढालका रूपमा मानिसको प्रयोग गर्ने काम; आफ्ना सुरक्षाका लागि कसैले अरूलाई आफ्ना अगाडि सुरक्षा ढाल वा तगाराका रूपमा प्रयोग गर्ने काम वा त्यसरी प्रयोग गरेको अवस्था।

मानवशरीर (Human body)- *ना.* [सं. मानव+शरीर] मानवको जीवित वा मृत शरीर। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (क)।]*

मानवशरीर अङ्ग प्रत्यारोपणसम्बन्धी क्रियाकलाप (Activity relating to human body organ transplantation)- *नाप.* चिकित्सापद्धतिअनुसार रोगको उपचार गर्न मानवशरीरबाट अङ्ग झिक्ने, त्यसरी झिकिएको अङ्ग वैज्ञानिक प्रविधि तथा पद्धति अपनाई सुरक्षित किसिमले सञ्चय गर्ने वा अर्को मानवको शरीरमा गरिने प्रत्यारोपणसम्बन्धी क्रियाकलाप। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (घ)।]*

मानवशरीरको अङ्ग (Human body organ)- *नाप.* मानवशरीरका आँखा, मुटु, कलेजो, मिर्गौंला, फियो आदि कुनै पनि अङ्ग; मानव शरीरका तन्तु। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (ख)।]*

मानवशरीरको अङ्ग ग्रहण गर्ने व्यक्ति (Human body organ receiving person)- *नाप.* दाताले दान गरेको मानव शरीरको अङ्ग ग्रहण गर्ने व्यक्ति। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (ट)।]*

मानवशरीरको अङ्ग दाता (Human body organ donor)- *नाप.* अङ्ग दान गर्ने व्यक्ति; निधन भएका व्यक्तिका हकमा निजको अङ्ग दान गर्न हक भएको निजको परिवारको सदस्य। *[हे. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (ञ)।]*

मानवशास्त्र (Anthropology)- *ना.* [सं.] मानवजातिको उत्पत्ति, प्रकार, गुण, स्वभाव, संस्कृति आदि अध्ययन गर्ने विधा वा शास्त्र।

मानवशास्त्री (Anthropologist)- *ना.* [सं.] मानवशास्त्रको ज्ञाता वा विद्वान।

मानवीय (Humanitarian, humane)- *वि.* [सं.] मानवसम्बन्धी; मानिस भएर गरिने; मानवप्रति उचित संवेदना राख्ने; हार्दिकतासहितको।

मानवोचित (Humanely)- *वि.* [सं.] मनुष्योचित; मानवका लागि उपयुक्त।

मानसपटल (The canvas of mind)- *ना.* [सं. मानस+पटल] मनको परिवेश वा घेरो; मानव मस्तिष्क।

मानसम्मान (Honour, respect, reputation)- *ना.* [सं.मान+सम्मान] गौरव; प्रतिष्ठा; मान बढाइ।

मानसिक (Mental, psychological)- *वि.* [सं.] मनसम्बन्धी; आत्मिक; मनको।

मानसिक यातना (Mental torture)- शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुपट्टा बात लगाउने काम; वैचारिक, धार्मिक, साँस्कृतिक प्रथापरम्पराका आधारमा भेदभाव गर्ने काम; रूप, रङ्ग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने कार्य वा मानसिक वा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै कार्य; निजको मानसिक अखण्डता, गरिमा र चेतनामा क्षति गर्ने गरी कुनै व्यक्तिलाई जानाजानी मनोवैज्ञानिक सकसमा पार्ने वा आतङ्कित पार्ने काम; धम्की, अपमान, एक्ल्याउने, परिवार वा प्रियजनको हत्या गर्ने/ गायब बनाउने झूटा अफवाह फैलाउनेजस्ता मनोवैज्ञानिक

हिंसा वा समुदायबाट अलग गर्ने (बहिष्कार) जातीय/ लैङ्गिक दमन सामाजिक/ भावनात्मक दमन र अपमान, अपहरण, अनिश्चितकालीन नजरबन्द, एकान्तको थुना, बेपत्ता पार्ने, पागल घोषित गर्ने वा मार्ने धम्कीद्वारा मानसिक सन्त्रासको सिर्जना गर्ने काम।

मानसिक रूपमा अशक्त (Mentally retarded person, mentally disabled person)- *ना.प.* सरकारद्वारा गठित मेडिकल बोर्डबाट मानसिक रूपमा अशक्त भई सेवाको लागि असमर्थ व्यक्ति हो भनी प्रमाणित भएको अशक्त व्यक्ति; मानसिक रूपमा कमजोर व्यक्ति।

मानसिक वा मनोसामाजिक अपाङ्गता भएको व्यक्ति (Person with mental or psycho-social disability)- *ना.प.* मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्नमा समस्या भएको वा हुने अवस्थाको व्यक्ति।

मानहानि (Defamation, insult)- *ना.* [सं.] अपमान; बेइज्जती।

माना (A container of measurement for holding ten handfuls of grain)- *ना.* [सं. मान] दश मुठी बराबरको अन्न अट्ने भाँडो; मानो; पाथीलाई आठ भाग गर्दा हुन आउने एक भाग बराबरको नापो। *वि.* दश मुठीको परिमाण भएको।

मानाङ्क (Coin issued by King Mandev during *Lichchhavi era*)- *ना.* [सं.] लिच्छविकालीन राजा मानदेवले प्रचलनमा ल्याएको टक वा मुद्रा; मान निर्धारक अङ्क।

मानाचामल (Alimony, allowance for maintenance)- *ना.* [माना+चामल] कसैलाई जीवन निर्वाहका लागि दिइने खर्च वा वृत्ति; कुनै विशेष परिस्थितिमा जीवननिर्वाह वा पेटपालोका लागि दिइने सिधा; सरकारी खानदानका भाइभारदारका वंशजलाई जीवननिर्वाहका लागि दिइने बिर्ता र पछि रैकरमा परिणत हुने पुरानो बिर्ताप्रथा; खुवाबिर्ता; पतिपत्नीबिच सम्बन्धमा विवाद भई वा कुनै कारणले पतिपत्नीले आपसमा लाउनखानको प्रबन्ध नमिलाएमा जिउपालोका लागि अदालतमा मुद्दा गरी माग गरिने आजीविका खर्च; आजीविका वृत्ति वा सिधा।

मानार्थ (Honorary, titular)- *वि.* [सं.] मानका खातिर; मानसम्मानका लागि।

मानार्थ उपाधि (Honorary title)- *ना.प.* विश्वविद्यालयले विशिष्ट व्यक्तिलाई मानका खातिर प्रदान गर्ने उपाधि।

मानित विश्वविद्यालय (Deemed University)- *ना.प.* विश्वविद्यालयको शैक्षिक-प्राज्ञिक अधिकारप्रदत्त तर कुनै शिक्षणसंस्थालाई सम्बन्धन दिन नपाउने कानूनी सीमा तोकी स्थापना भएको शैक्षिक प्रतिष्ठान वा विश्वविद्यालय।

मानिस तौलने यन्त्र (Human weighing machine)- *नाप.* कम्पाउन्ड उत्तोलकको व्यवस्था भएको तथा तौल लिइने मानिसलाई ग्रहण गर्ने मञ्च भएको र तुलोद्वारा वा अरू कुनै सङ्केतन वा टिकट छाप्ने कुनै यान्त्रिक साधनद्वारा मानिसको तौल देखाउने यन्त्र।

मानुष (Human, human being)- *ना.* [सं.] मनुष्य; मानिस।

मानुषी (Lady, woman)- *ना.* [सं.] स्त्री; महिला।

माने (Meaning, purpose, intention)- *ना.* [मान+ए] अर्थ; आशय; अभिप्राय; तात्पर्य।

मानो छुट्टिएको मिति (Date of separation of bread and board)- *नाप.* मानो छुट्टिएको लिखतमा उल्लेख भएको मिति; मानो छुट्टिएको लिखत नभए अंशियारहरूबिच मानो छुटिने सहमति कायम भएको मिति; अंशियारहरूबिच सहमति कायम नभएमा फिराद गरेको अघिल्लो दिन; अन्यथा सहमति भएबाहेक विवाहित छोरीको हकमा निजको विवाह भएको दिन; परिवारले भातभान्सा अलगअलग गरेको दिन वा समय; छुटी भिन्न हुनलाई अलगअलग खानपान गर्ने हिसाबले भएका सगोलमा रहेका चामल आदि अन्नपात मानाले भरेर छुट्याई पकाइखान थालेको दिन। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २२० को उपदफा (१) को स्पष्टीकरण]*

मान्य (Valid, acceptable)- *वि.* [सं.] मानिनयोग्य, मान्नुपर्ने; स्वीकारयोग्य।

मान्यजन (Respectable)- *ना.* [सं.] मान्नुपर्ने मानिस; आदर गर्नुपर्ने व्यक्ति।

मान्यता (Recognition, accredition, validity)- *ना.* [सं.] स्वीकृति; प्रमाणीकरण; सहमति; वैधता।

मान्यता तथा समकक्षता निर्धारण समिति (Recognition and Equivalency Determination Committee)- *नाप.* विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक शिक्षासरह परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको प्रमाणपत्र वा उपाधिलाई मान्यता तथा समकक्षता निर्धारण गर्ने समिति।

मान्यताप्राप्त (Recognized)- *वि.* [सं.] मान्यता प्राप्त गरेको; वैधानिकता प्राप्त; मान्य भएको।

मान्यवर (Respected, esteemed)- *वि.* [सं.] आदरणीय; मान गर्न योग्य, श्रेष्ठ; श्रद्धेय।

मापक (Gauge, measuring device)- *ना.* [सं.] नाप्ने वा तौलने साधन; नाप्ने उपकरण।

मापदण्ड (Standards, norms)- *ना.* [सं.] आधिकारिक स्तर; मानक; मानदण्ड।

मापन (Mesurement)- *ना.* [सं.] नाप्ने काम; माप; नापो।

माप्चोक (Family court during *Lichchhavi era*)- *ना.* सम्पत्ति र विवाहजस्ता पारिवारिक मुद्दा हेर्ने लिच्छविकालीन अड्डा।

माफिक (In accordance with, pursuant to)- *नायो.*[अ.] मुताबिक; बमोजिम; अनुसार। *क्रिवि.* निर्धारित अवस्था, मात्रा, गति आदिमा; मर्यादामुताबिकै।

माफिया (Organized body of criminals)- आपराधिक गिरोह; राज्य व्यवस्था वा कानूनलाई चुनौती दिने ठूला-ठूला अपराध कार्यमा संलग्न अपराधी समूह।

माफी (Pardon, forgiveness)- *ना.* [अ. मुआफ>माफ+ई] दण्डसजायबाट मुक्ति; अपराध गरेबापत गरिएको सजायमा छुट; सजाय पाएकालाई बाँकी सजाय छुट दिँदै राज्यले दिने क्षमादान।

माफीबिर्ता (A revenue-free granted land)- *ना.* [माफी+बिर्ता] कर वा तिरो तिरोभरो गर्नु नपर्ने गरी दिइएको बिर्ता।

मामिला (Case, issue, lawsuit)- *ना.* [अ. मुआमिल] मुद्दा; विवादको विषय; झगडा; व्यवहारका मामला।

मारकाट (Carnage, slaughter, an act of killing)- *ना.* [मार+काट] काटमार; काट्ने मार्ने काम; काटेर मार्ने काम; हतियारधारीबिच दोहोरो हानाहान।

मारपिट (Blow and stroke, battery)- *ना.* [मार+पिट] मारमुड्ग्री; हानाहान; प्रहार।

मारातप (Weapon, arms)- *ना.* [प्रा.] हतियार।

मारामार (A fight, scuffle, broil)- *ना.* [मार+आ+मार] आपसमा पिटापिट गर्ने कार्य; हानाहान।

मारीमेटी (In total, entire, completely)- *ना.* [मारी+मेटी] छिनाफाना; चुक्ता। *क्रिवि.* सर्वस्वै सकेर; सिरीखुरी गरी; भएभरको सबै सकेर।

मार्गचित्र (Roadmap, outline)- *ना.* [सं.] रूपरेखा; खाका; नक्सा।

मार्गदर्शक (Guide, leader, navigator)- *वि.* [सं.] पथप्रदर्शक; अरूलाई बाटो देखाउने; दिग्दर्शक।

मार्गनिर्देशन (Guidance, navigation)- *ना.* [सं.] पथप्रदर्शन; बाटो देखाउने काम; कुनै काम गर्न निर्दिष्ट गर्ने काम।

मार्मिक (Poigant, heart-touching)- *वि.* [सं.] हृदयस्पर्शी; मर्मस्पर्शी; मनलाई छुने।

माल अड्डा (Land Revenue Office)- *ना.प.* मालपोत असुलउपर गरी लिने सरकारको माल अड्डा; माल अड्डा खारेज भएको ठाउँमा भूमिप्रशासन कार्यालय; मालपोत कार्यालय; जग्गाको पोत असुली गर्ने र जग्गाको नामसारी दाखिल-खारिज गर्ने सरकारी कार्यालय। *[हे. बिर्ता उन्मूलन ऐन, २०१६ को दफा २ को उपदफा (१) को खण्ड (च)।]*

माल अड्डाको हाकिम (Land Revenue Office In-charge)- *ना.प.* माल अड्डाको प्रमुख; भूमिप्रशासक। *[हे. बिर्ता उन्मूलन ऐन, २०१६ को दफा २ को उपदफा (१) को खण्ड (ज)।]*

मालगुजार (The feudal or landlord who used to collect the land tax from farmers and handovers to the government)- *ना.* किसानहरूबाट तिरो लिएर सरकारलाई बुझाउने सामन्त वा जमिनदार।

मालगुजारी (Land revenue)- *ना.* [सं.] जग्गाजमिनको तिरो; भूमिकर; जग्गाकर।

मालगोदाम (Warehouse, godown, storehouse)- *ना.* [सं.] व्यापारका सामान राख्ने घर वा ठाउँ; रेल, जहाज आदिबाट आउने जाने सामान राख्ने भन्सारको गोदाम घर; मालसामान राख्ने ठाउँ, घर, कोठा आदि स्थान।

मालपोत (Land revenue, land tax)- *ना.* [अ. माल+फा. पोत] जग्गाधनी वा जग्गावालाले सरकारलाई बुझाउने जमिनको तिरो, शुल्क; भूमिकर; मालगुजारी; रैकर जग्गाका दर्तावाला व्यक्तिले सरकारलाई बुझाउनपर्ने ठेकिएको नगदी वा जिन्सी वा दुवै किसिमको तिरो; तिरो म्यादभित्र नतिरेबापत लाग्ने शुल्क; बिर्ता जग्गाका बिर्तावालले लिने ठेकिएको तिरो र बिर्तावालले अधिकार पाएकोमा जग्गाका मोहीको मन्जुरी लिई वा नलिई तिरोमाथि सयकडीका हिसाबले थप गरी लिएको रकम।

मालपोत अधिकृत (Land Revenue Officer)- *ना.प.* सरकारद्वारा नियुक्त प्रमुख मालपोत अधिकृत; मालपोत अधिकृत; मालपोत अधिकृतको अधिकार प्रयोग गर्न पाउने अन्य अधिकृत; मालपोत कार्यालयको प्रमुख।

मालपोत मिनाहा जग्गा (Revenue exempted or rebated land)- *ना.प.* मालपोत वा तिरो नलाग्ने जग्गाजमिन; तिरो छुट वा माफी गरिएको जग्गा।

मालबाहक सवारी (Cargo motor vehicle)- *ना.प.* मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी; मालसामान ढुवानी गर्ने गाडी; मालसामान बोक्ने यातायात सवारी साधन। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (थ)।]*

मालवस्तु (Goods)- *ना.* [माल+वस्तु] मुद्रालगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति; मालसामान; सरसामान; चिजबिज। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ल)।]*

मालवाहक पानी जहाज (Cargo ship/vessel)- *नाप.* मालसामान ओसारपसार गर्ने पानी जहाज; यात्रुवाहक पानी जहाजबाहेकका सबै पानी जहाज। *[हे. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ को दफा २ को खण्ड (घ)।]*

मालसामान (Goods, cargo, container)- *ना.* [माल+सामान] चल वा अचल, सजीव वा निर्जीव जुनसुकै किसिमको वस्तु र त्यस्तो वस्तु आपूर्ति गर्ने कार्यको आनुषङ्गिक सेवा; धितोको हक आबद्ध हुँदाका बखत चल रूपमा रहेका सबै प्रकारका वस्तु र जडित सामान; बिक्री गर्न कटान गरिने रूख तथा कृषिजन्य उत्पादन; कन्टेनर वा प्याक भएको वा नभएको डिब्बा, प्यालेट वा त्यस्तै प्रकृतिका ढुवानीका मालसामान र जीवित जीवजन्तु; सरसामान; मालमत्ता; मालताल; मानिसबाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु; कन्टेनर, प्यालेट, जीवजन्तु वा अन्य कुनै मालवस्तु र कुनै जीवजन्तु वा मालवस्तुलाई एकत्रित गरी ढुवानी गर्नको लागि प्रयोग गरिने यस्तै प्रकारका साधन वा संयन्त्र; सामग्री; चिजबिज। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ग), सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (म), मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ठ), सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ण) र नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (ट)।]*

मासतमाम/ मासतमामी (Monthly report)- *ना.* [सं. मास+अ. तमाम] स्रेस्तामा लेखिने महिना भरको काम वा सोको विवरण; संस्था वा कार्यालयको नियमित हिसाब वा कार्यविवरणलाई मासिक रूपले बन्द गर्ने काम।

मासिक (Monthly)- *वि.* [सं.] महिनावारी; प्रत्येक महिनामा हुने।

मासु (Meat, flesh)- *ना.* [सं. मांस] जीवजन्तुका शरीरमा हुने हाड, नसा र छालादेखि भिन्न रक्त वर्णको नरम पदार्थ; जनावर, पक्षी, माछा आदिको शरीरको प्रोटिन, बोसो र अन्य पोषक तत्त्वयुक्त मुलायम तन्तु वा कोशिकासमूह; पशुपक्षीका मानिसले खान योग्य त्यस्ता तन्तु वा कोशिकासमुच्चय। *[हे. पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २ को खण्ड (ख)।]*

मासु निरीक्षक (Meat Inspector)- *नाप.* पशु र मासु जाँच गर्न सङ्घीय वा प्रदेश सरकारले नियुक्त गरेको पशुचिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्ति। *[हे. पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २ को खण्ड (ग) र दफा 6।]*

मासु बिक्रेता (Meat seller, butcher)- *नाप.* व्यवसायिक रूपमा मासु बिक्री गर्ने व्यक्ति; मासु बेपारी। *[हे. पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २ को खण्ड (च)।]*

मासु सुपरीवेक्षक (Meat Supervisor, flesh supervisor)- *नाप.* प्रदेश सरकार वा स्थानीय तहले पशु वधशाला व्यवस्थापन र मासु निरीक्षकको काम सुपरिवेक्षण गर्न तोकेको पशुचिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्ति। *[हे. पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २ को खण्ड (घ)।]*

मास्केवारी (Monthly balance sheet, monthly report) - *ना.* [सं. मासिक+फा. वार+ई] स्रेस्ताप्रणाली अनुसार महिनाभर गरिएका कामको संक्षिप्त फाँटवारी; मासिक विवरण।

माहौल (Ambience, context, circumstances)- *ना.* [हि.] परिस्थिति; वातावरण; परिवेश।

मिचाहा (Tresspasser, encroacher, dominant)- *ना.* [मिच्+आहा] अर्कालाई मिच्ने वा दबाउने; पेलाहा; हेपाहा।

मिजास (Temperament, nature, behaviour)- *ना.* [अ.] शीलस्वभाव; बोली, वचन र व्यवहार; बानीबेहोरा; शिष्टता वा शिष्ट आचार।

मिजासिलो (Amicable, polite, cultured)- *वि.* [मिजास+इलो] असल मिजास भएको; शिष्ट; सुसंस्कृत; संस्कारी।

मिटर (Meter)- *ना.* [अङ्.] प्रकाशले १/२९९७९२४५८ सेकेन्डको अवधिभित्र शून्य ठाउँमा तय गरेको दूरी; एक सय मिलिमिटर बराबरको नापो वा फासला। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा 3 को उपदफा (२)।]*

मिडवाइफ (Midwife)- *ना.* [अङ्.] मान्यताप्राप्त शिक्षण संस्थाबाट मिडवाइफरी विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त व्यक्ति।

मितव्ययी (Thrifty, economical)- *वि.* [सं.] किफायती; कम खर्च गर्ने; चाहिनेभन्दा बढी खर्च नगर्ने।

मित्रराष्ट्र (Friendly nation)- *ना.* [अ.] मित्रता कायम भएको देश; मैत्री सम्बन्ध भएको देश।

मित्रवत् (Friendly, amicable)- *वि.* [अ.] साथीसमान; मित्रजस्तो; मैत्रीपूर्ण।

मिथक (Myth, fictitious) - *ना.* [सं.] काल्पनिक कथा; मिथ्या कुरा मिसिएको।

मिथ्या (False, fake, untruth)- *वि.* [सं.] असत्य; झुट्टो; झुट।

मिथ्याङ्क (False or wrong data)- *ना.* [सं.] गलत तथ्याङ्क।

मिथ्याज्ञान (False knowledge, illusionary knowledge, misconception)- *ना.* [सं.] भ्रान्ति; भ्रमपूर्ण ज्ञान।

मिथ्याभियोग (False accusation or allegation)- *ना.* [सं.] झुटो अभियोग; गलत अभियोग; मिथ्याभियोजन।

मिथ्यारोप (False charge, false accusation)- *ना.* [सं.] झुटो आरोप; नभए, नगरेको कुरामा लागेको दोष।

मिनाहा (Exempted, discounted)- *ना.* [अ. मिनहा] असुलउपर गर्नुपर्ने कर, दस्तुर, जरिबाना, महसुल, सजाय आदिमा छुट; त्यस्तो दिने काम; मिन्हा। *वि.* घटाइएको; छोट्याइएको; छुट।

मिनाहामोजरा (Rebatement, partial exemption or deduction)- *ना.* [अ. मिनहा+फा. मुजरा>मोजरा] आयव्ययको हिसाबमा केही रकम नपुग वा घटीबढी भएमा केही माफी दिने र केही कपट्टा गर्ने काम; छुटपुट राफसाफ गर्ने काम।

मिन्जालिका (Credit account)- *ना.* खर्च मात्रको स्रेस्ता; आबर्जेमा खर्चको रकम वा सो खर्च भएको गोस्वारा बोली।

मिरसुब्बा (A buracatic post)- *ना.* [फा. मिर+अ. सुबाहा>सुब्बा] सुब्बाभन्दा माथि र सरदारभन्दा मुनिको एक उच्च निजामती दर्जा; वरिष्ठ सुब्बा; मूल/ प्रधान/ मुख्य सुब्बा।

मिलान (Reconciliation, tally)- *ना.* [मिल्+आन] मिलाप; भेट; रुजु; भिडाउने काम।

मिलाप (Reconcile)- *ना.* [सं. मिलापन] मेल; भेट; मित्रता; हिमचिम; मैत्री।

मिलापत्र (Deed of compromise; deed of reconciliation)- *ना.* [मिल्+आ+पत्र] मुद्दाका पक्ष र विपक्ष दुवैले आपसमा झगडा छोडी दुवै पक्षबिच मेल कायम गरी अड्डा अदालतमा गरिने सम्झौताको कागज; मिलेको वा मिलाप गरेको पत्र वा लिखत।

मिलावट (Adulteration, mixture)- *ना.* [मिल्+आवट] मिलाउने काम; मिलान; वस्तु मिलाउने काम; मिश्रण; मिसावट; छयासमिस पार्ने काम।

मिलेमतो/ मिलोमतो (Collusion)- *ना.* [मिल्+ए+मतो] कुनै गुप्त कुराको परामर्श, राय, विचार विमर्श, सल्लाह; मिलिमतो; मतोजतो; राम्ररी मेलमिलाप वा मेलजोल रहेभएको अवस्था।

मिल्दोजुल्दो मालवस्तु (Similar goods)- *ना.प.* सबै कुरामा उस्तै नभएका तर उस्तै बनौट सामग्रीको अंश र उस्तै उस्तै विशेषता भएको कारणले गर्दा उस्तै काम गर्न सक्ने र व्यापारिक रूपमा साटफेर हुन सक्ने मालवस्तु; उस्तैउस्तै वस्तु; फरक तर बनोट र गुण मिल्ने मालताल। *[हे. भन्सार ऐन, २०६४ को दफा 13 को उपदफा (9) को स्पष्टीकरण र सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (द)।]*

मिश्रण (Compound)- *ना.* [सं.] एउटै औषधी बनाउन दुई वा दुईभन्दा बढी निश्चित परिमाणको द्रव्य उचित तरिकाले मिलाउने प्रक्रिया; मिसाउने काम; घुलमिल गर्ने काम।

मिसाखत (Charge of adulteration to woman during *Malla era*- *ना.* [नेवा.] विवाह वा यौन सम्बन्धका विषयमा स्त्रीले अनैतिक कार्य गरेको अभियोगमा लाग्ने खत, दोष वा बात।

मिसावट गरिएको विषादी (Adulterated pesticides)- *ना.प.* विषादीमा हुनुपर्ने कुनै सक्रिय तत्त्व घटी वा बढी भएको, विषादीको प्रभावकारिता घटाउन थपिएको वस्तु वा विषादीको सूचकपत्रमा उल्लेख गरिए बमोजिमको गुण, मात्रा वा विशेषता नभएको विषादी।

मिसिल (File of a lawsuit, dossier)- *ना.* [अ.] फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र तथा सोसँग सम्बन्धित सबुत प्रमाण र अन्य कागजात सङ्कलन गरी अदालतमा राखिएको मुद्दासँग सम्बन्धित फाइल; मुद्दा मामिलासम्बन्धी कागजपत्रको नत्थी; एकसाथ नत्थी भएका वा राखिएका कारबाहीका कागजपत्र। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा 2 को खण्ड (ट)।]*

मिसिल कागजात (Documents of a lawsuit)- *ना.प.* अड्डा अदालतमा रहेका स्याहासेस्ता र अन्य कागजपत्र।

मीमांसा (A philosophical treatise, investigation of truth)- *ना.* [सं.] सूक्ष्म विवेचना; कुनै विषयको मूलतत्त्व वा वास्तविकता पत्ता लगाउने काम; लेखाजोखा।

मुअत्तल (Suspended; held in abeyance)- *वि.* [अ] निलम्बित; अभियोगको अन्तिम निर्णय नहुन्जेल कर्मचारीलाई काम गर्नबाट रोक लगाइएको; खालीखाल्सा।

मुआब्जा (Compensation, reparation)- *ना.* [अ.] कुनै बस्तुका बदलामा दिइने अर्को नगद वा वस्तु; क्षतिपूर्ति; हर्जाना; साटो; सापोनापो।

मुकदमा (Case, litigation)- *ना.* [अ.] मुद्दा; मामिला; झगडा।

मुकर (Decision; certainty, confirm)- *ना.*[अ. मुकर्र] निश्चय; निधो; टुङ्गो।

मुकर्रर (Determined; assigned; appointed)- *वि.* [अ.] ठहऱ्याएको; निश्चय गरेको; खटाइएको; नियुक्त।

मुकाबिला/ मुकाबला (Resistance, encounter, envisagment)- *ना.*[अ. मुकाबिल] डटेर प्रतिरोध गर्ने काम; मुठभेड; भिडन्त; सामना; कुनै विषयमा दुई थरी मानिस वा वस्तुका बिचमा हुने बराबरको भावना; दाँजो; तुलना।

मुकाम (Place, site)- *ना.* [अ.] स्थान; ठाउँ; बाटो हिँड्दा बाटामा पर्ने बास; बिसाइ; कार्यालय, कार्यकक्ष वा अड्डा बस्ने स्थान।

मुक्त कमैया (Freed bonded labourer)- *ना.प.* कमैया श्रमिकबाट स्वतः मुक्त भएको कमैया; कमैयाको रूपमा कसैको अधीनमा रहेकोमा त्यसबाट मोचित व्यक्ति; स्वतन्त्र भएका कमैया।

मुक्त कमैया कोष (Freed Bonded Labourer Fund)- *ना.प.* मुक्त कमैयाको हकहितको सम्बन्धमा आवश्यक काममा खर्च गर्नको लागि स्रोतको जोहो गर्न स्थापित कोष।

मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति (Freed Bonded Labourer Rehabilitation and Monitoring Committee)- *ना.प.* मुक्त कमैयालाई पुन:स्थापना गर्ने सम्बन्धमा जिल्ला स्तरमा काम गर्न सरकारले तोकेका जिल्लामा गठित समिति।

मुक्ति (Emancipation, liberation, release)- *ना.* [सं.] छुटकारा; परित्याग; उन्मोचन; उन्मुक्ति; स्वतन्त्रता।

मुखरता (Assertiveness, talktativeness, explicitness)- *ना.* [सं.] वाचालता; वाकपटुता; मुखालेपन।

मुखाकृति (Facial structure or shape)- *ना.* [सं.] मुखको आकृति वा आकार।

मुख्तियार (Successor of the Prime Minister during *Rana regime*)- *ना.* [अ.] राणाकालमा प्रधान मन्त्रीबाट अख्तियारीप्राप्त उत्तराधिकारी; अधिकारप्राप्त प्रतिनिधि वा वारेस।

मुख्तियारनामा (Deed of Commander-in-Chief, attorneyship)- *ना.*[मुख्तियार+नामा] मुख्तियार पदमा शासन चलाउने अधिकारपत्र; मुख्य अख्तियार दिइएको लिखत वा कागज।

मुख्तियारी (Post or position of Commander-in-chief or Attorney Chief)- *ना.* [मुख्तियार+ई] मुख्तियारको काम वा पद।

मुख्य (Principal, main, chief, head)- *वि.* [सं.] प्रधान; प्रमुख; प्रधान।

मुख्य अधिकारी (Chief officer, chief authority)- *ना.प.* अड्डाको प्रमुख पदाधिकारी, मुख्य अधिकृत।

मुख्य अनुसन्धान निर्देशक (Intelligence Chief, Chief Investigation Director)- *ना.प.* अध्ययन-अनुसन्धानसम्बन्धी कार्यसम्पादन गर्नमा निर्देशन गर्ने मुख्य शोधनिर्देशक; शोधखोज कार्य गर्ने मुख्य दिशानिर्देशक।

मुख्य कम्पनी (Holding company)- *ना.प.* सहायक कम्पनीलाई नियन्त्रणमा राख्ने कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (घ)।]*

मुख्य काम (Core work)- *ना.प.* व्यवसाय स्थापना गर्दा उल्लेख गरिएका काम र सोसँग प्रत्यक्ष रूपमा सम्बन्धित काम; प्रधान कार्य; प्रमुख कामकाज। *[हे. श्रम ऐन, २०७४ को दफा ५८ को स्पष्टीकरण]*

मुख्य कारोबार (Main transaction)- *ना.प.* संस्था वा सङ्घले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व; पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तिस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार; मूल कामव्यवहार; प्रमुख कारोबार वा क्रियाकलाप। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ज)।]*

मुख्य निर्वाचन अधिकृत (Chief Returning Officer)- *ना.प.* जिल्लाभित्रको निर्वाचनको समन्वय गर्न निर्वाचन आयोगबाट नियुक्त भएको निर्वाचन अधिकृत; कुनै निर्वाचन गराउन तोकिएको वा नियुक्त भएको प्रमुख अधिकृत।

मुख्य न्यायाधिवक्ता (Chief Attorney)- *ना.प.* प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार।

मुख्य भई काम गर्ने व्यक्ति (Person acting as the principal person)- *ना.प.* कम्पनी वा सङ्गठित संस्थाको प्रमुख कार्यकारी अधिकृत; संस्थाको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक समितिको सदस्य, सचिव, प्रबन्ध सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक वा कम्पनीको हकमा कम्पनी सचिव। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ को उपदफा (११) को स्पष्टीकरण, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को स्पष्टीकरण र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (5) को स्पष्टीकरण।]*

मुख्य रजिस्ट्रार (Chief Registar)- *ना.प.* प्रशासकीय प्रमुख भई काम गर्ने मुख्य पदाधिकारी; सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार वा त्यस्तो पदमा कायम मुकायम वा निमित्त भई काम गर्ने रजिस्ट्रार वा अन्य अधिकृत।

मुख्य रोजगारदाता (Main employer)- *ना.प.* श्रमिक आपूर्तिकर्तामार्फत श्रमिकलाई काममा लगाउने रोजगारदाता। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ठ)।]*

मुख्य वार्षिक उब्जनी (Main annual crop yield)- *ना.प.* वर्षभरिमा जग्गामा लगाउने बालीमध्ये सबभन्दा बढी लाभ हुने बालीको उब्जनी।

मुख्य सचिव (Chief Secretary)- *ना.प.* मन्त्रिपरिषद्को सचिव; सरकारको मुख्य सचिव।

मुख्य सचेतक (Chief Whip)- *ना.प.* संसदीय दलको प्रमुख सचेतक।

मुख्यमन्त्री (Chief Minister)- *ना.* प्रदेश सरकार प्रमुख; प्रान्तीय सरकार प्रमुख; प्रान्तीय कार्यकारी प्रमुख।

मुचुल्का (Deed, report, bond)- *ना.*[तु. मुचुल्क] सर्जमिन वा अन्य कुनै घटनाका सम्बन्धमा उपस्थित मानिसहरूले लेखेको बयानको कागज; कुनै घटना वा गतिविधिको सबै विवरण खोली लेखिएको कागज; मुचुल्का।

मुजरिम (Criminal)- *ना.* [अ.] अभियुक्त।

मुठभेड/ मुठभेट (Encounter)- *ना.* [मुठी+भेट] परस्परको भिडन्त; मुक्कामुक्की; मुक्का हानाहान; मन नपर्ने मानिससँग भएको अप्रत्यासित भेट; जम्काभेट।

मुठी/मुठीकर (A tax of one fistful corn in ancient time of Nepal)- *ना.* [सं. मुष्टिकर] प्राचीन व्यवस्थामा कुनै काम गर्दा जनतालाई ठूलो भार नपर्ने गरी एक-एक मुठी अन्न जम्मा गरी योजना तर्जुमा गर्न उठाइने एक प्रकारको कर।

मुताबिक (According to, in accordance with)- *नायो./ वि.* [अ.] अनुसार; बमोजिम; माफिक; अनुरूप।

मुद्दती (Fixed, periodic)- *वि.* [अ.] निश्चित अवधि तोकिएको; लामो समयसम्म रहने; धेरै दिनसम्म रहने; आवधिक।

मुद्दती खाता (Fixed account)- *ना.प.* ग्राहकले बैङ्क वा वित्तीय संस्थामा निश्चित अवधिसम्म सामान्यत: निक्षेप झिक्न वा फिर्ता लिन नपाउने गरी जम्मा गरी राखेको रकमको हरहिसाब

लेखिएको खाता; आवधिक सञ्चय खाता। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ञ)।]*

मुद्दती पर्ती (Barren land; never cultivated land)- *ना.प.* पहिलेदेखि नै पर्ती भनी सरकारी लगतमा जनिएको जमिन; जङ्गलभित्रको आवाद नभएको जमिन।

मुद्दा (Lawsuit)- *ना.*[अ. मुकद्मा] अड्डा अदालतमा पेस भएको झगडा वा विवाद; अड्डा अदालतमा उजुर वा निवेदन परेका विषय।

मुद्दा दोहोऱ्याई हेर्ने (Revision of case)- *ना.प.* उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर पुनरावेदन नलाग्ने अवस्थामा सर्वोच्च अदालतबाट त्यस्तो फैसला वा अन्तिम आदेश भएको मुद्दा दोहोऱ्याई हेर्ने काम।

मुद्दा व्यवस्थापन समिति (Case Management Committee)- *ना.प.* सर्वोच्च अदालत र सो मातहतका अदालत तथा न्यायिक निकायमा रहेका मुद्दाको व्यवस्थापन तथा अभिलेखका विषयमा आवश्यक नीति निर्धारण गर्ने, अनुगमन गर्नेजस्ता कार्य गर्न सर्वोच्च अदालतमा एक समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११३ को उपनियम (१)।]*

मुद्दा हेर्ने अधिकारी (Adjudicating authority)- *ना.प.* मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्न अधिकारप्राप्त अधिकारी; हिरासतमा लिएको व्यक्तिका हकमा निजलाई हिरासतमा लिएको ठाउँको नजिकको अदालत। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ढ)।]*

मुद्दाका पक्ष (Party of lawsuit)- *ना.प.* मुद्दाको वादी, प्रतिवादी, फिरादपत्र सरहको निवेदनको निवेदक वा विपक्षी; निवेदक र प्रत्यर्थी। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (छ)।]*

मुद्दाको मार्गसमूह (Route group of case)- *ना.प.* मुद्दाको कारबाही र किनारा गर्न गरिने मुद्दाको प्रकृति अनुसारको विभाजन।

मुद्दामामिला (Case, litigation)- *ना.* [मुद्दा+मामिला] अड्डा अदालतमा चलाउने मुद्दा; झगडा; विवाद।

मुद्दासूची (Case list)- *ना.* [मुद्दा+सूची] न्यायाधीशका इजलासमा पेस गरिने मुद्दाको सूची; पेसीसूची।

मुद्रक (Printer)- *ना.* [सं.] मुद्रण गर्ने; छाप्ने; छापाखानाधनी आफैंले छापाखाना सञ्चालन गरेको भए छापाखानाधनी; छापाखाना सञ्चालन गर्न कुनै व्यक्ति नियुक्त भएको भए त्यसरी नियुक्त व्यक्ति। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ट)।]*

मुद्रण (Printing)- *ना.* [सं.] मुद्राङ्कित गर्ने काम; टङ्कन भएको; यन्त्रद्वारा छाप्ने काम; छपाइ।

मुद्रा (Currency)- *ना.* [सं.] विभिन्न आकार र मूल्य किटिएका जोसुकै सर्वसाधारण मानिसले क्रय-विक्रयको वा भुक्तानीको माध्यम/ साधनका रूपमा प्रयोग गर्ने मुद्रित वा टङ्कित उपकरण (धातुका सिक्का वा कागजी नोट); सबै किसिमको मौद्रिक नोट, पोस्टल अर्डर, पोस्टल नोट, मनी अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, क्रेडिट कार्ड, राष्ट्र बैङ्कले तोकेका अन्य यस्तै मौद्रिक उपकरण; सिक्का वा नोट; रुपैयाँपैसा; मुद्रित वा टङ्कित वर्ण/ अक्षर; छापावाल धातु। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २५६ को उपदफा (२) को स्पष्टीकरण, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (क) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ज)।]*

मुद्राराक्षस (A printing error)- *ना.* [सं. मुद्रा+राक्षस] मुद्रणबाट भएको त्रुटि; टाइप वा छपाइमा हुने त्रुटि।

मुद्रास्फीति/ मौद्रिक स्फीति (Inflation)- *ना.* [सं. मुद्रा+स्फीति] मुद्राको मूल्य घट्ने स्थिति; मुद्राको क्रयशक्तिमा ह्रास; मुद्राको अवमूल्यन; मुद्राको मोल कम र त्यसका अनुपातमा वस्तुको मोल बढी हुने अवस्था।

मुनाफा (Profit, benefit)- *ना.* [अ.] नाफा; सामान किनबेच वा वित्तीय कारोबार गर्दा आर्थिक दृष्टिबाट लागतभन्दा बढ्ता हुने लाभ; फाइदा।

मुनाफा वितरण नगर्ने कम्पनी (Company not distributing profits)- *ना.प.* कुनै उद्देश्य प्राप्तिका लागि आर्जित मुनाफा वा बचतको रकमबाट लाभांश वा अन्य कुनै रकम सदस्यहरूलाई वितरण गर्न वा भुक्तानी गर्न नपाउने सर्तमा संस्थापित कम्पनी; गैरमुनाफामूलक कम्पनी; आय-व्ययको तुलना गरी नाफा-घाटा हिसाब गरी लगानीकर्ता (सदस्य) लाई मुनाफा नबाँड्ने कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ज)।]*

मुनाफाको पुँजीकरण (Capitalization of profits)- *ना.प.* बोनस सेयर वा यस्तै कुनै हित जारी गरी पुँजीकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा बृद्धि गरेको वा निकायको प्रिमियम तथा पुँजी खातामा नाफालाई आम्दानी बाँधेको अवस्था; मुनाफालाई पुँजीमा परिवर्तन गर्ने काम। *[हे. आयकर ऐन, २०५८ को दफा 53 को उपदफा (६) को स्पष्टीकरण]*

मुनाफाको वितरण (Distribution of profit)- *ना.प.* मुनाफाको पुँजीकरणसमेत मुनाफाको वितरण; कुनै पनि व्यवसायबाट भएको मुनाफा सोका सेयरधनीहरूलाई सेयरको अनुपातमा बाँड्ने काम। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (क्ष) र दफा 53।]*

मुनिब (Accoutant of a businessman or merchant)- *ना.* बनियाँको हिसाबकिताब राख्ने व्यक्ति।

मुनिम (Accoutant of a institution or organization)- *ना.* [अ.] व्यक्तिगत संस्था, कोठी आदिको हिसाबखाताको काम गर्ने कर्मचारी।

मुन्दुम/ मुन्धुम (Holy scripture of Kiranti people)- *ना.* [लि./कि.] किरातदर्शन; किरातहरूको धर्मशास्त्र; किराती विधान।

मुन्सी (Clerk)- *ना.* [अ.] पुराना राजघरानामा अदालत वा पररा्ष्ट्रसम्बन्धी विषयमा लेखापढीको काम गर्ने कर्मचारी; मन्सी।

मुन्सीखाना (Ministry of Foreign Affairs during *Rana regime*)- *ना.* [मुन्सी+खाना] राणाशासनको समयमा पररा्ष्ट्र मन्त्रालयको काम गर्ने अड्डा।

मुमुर्का (Mental pain)- *ना.* मानसिक पीडा।

मुरी (A measure of one-fourth of a Ropani of land)- *ना.* [प्रा. मूड] नापतौल पद्धतिमा बिस पाथी अन्नको परिमाण; एक रोपनीको चौथाई भाग; धेरै।

मुर्झाउनु (Wither, lose momentum, shrivel)- *क्रि.* मलिन हुनु; ओइलाउनु; फुर्ती हराउनु।

मुर्दाशान्ति (Deserted; dead silence)- *ना.* [फा. मुर्द>मुर्दा+सं. शान्ति] सुनसान; निस्तब्धता; मुर्दाजस्तै शान्त रहेको अवस्था; मुर्दा घाटमा लगेको अवस्था शोकमग्नताले सबै शान्त भएजस्तो लाग्ने निस्तब्ध स्थिति; भित्रभित्रै शोक र भयले आक्रान्त/ विह्वल भए पनि बाहिर धैर्य रहेको अवस्था।

मुलतबी/ मुल्तबी (Postpone, adjourn, defer)- *ना.* [फा. मुल्तबी] अड्डा अदालतमा परेको मुद्दासँग सम्बन्धित अर्को कारबाहीको टुङ्गो लागेपछि किनारा गर्ने गरी स्थगित गर्ने वा रोक्का राख्ने काम; कारबाहीरत रहेका मुद्दामामिलाका आगामी कामकारबाही थाती राख्ने काम वा थाती राखेको अवस्था।

मुलाहिजा/ मोलाहिजा (Partiality, prejudice, favouritism)- *ना.*[अ. मुलाहज] पक्षपात; कसैको पक्ष लिने काम; पनपच्छे; रीतनियमलाई मिचेरै कसैको पक्ष लिने वा पक्षमा लाग्ने वा पक्षमा निर्णय गर्ने काम।

मुलुक (Country, state, nation)- *ना.*[अ. मुल्क] देश; राज्य; राष्ट्र; प्रदेश; प्रान्त; क्षेत्र; लोक।

मुलुकमारा (One who brings harms to the country by doing curruption and taking bribe)- *वि.* [मुलुक+मारा] मुलुकलाई मार्ने; देश लुट्ने; सबैलाई सोस्ने; लुटाहा।

मुलुकहारा (Traitor, treasonist)- *ना.* [मुलुक+हारा] राष्ट्रघाती व्यक्ति; अहित गरी देशलाई हारमा पार्ने।

मुलुकी (Country, national)- *वि.* [मुलुक+ई] मुलुकको; मुलुकसम्बन्धी।

मुलुकी अड्डा (Administrative court in the *Rana regime*)- *ना.प.* राणाकालमा गृह तथा सामान्य प्रशासनसम्बन्धी काम गर्ने निकाय; गृह र सामान्य प्रशासनसम्बन्धी बन्दोबस्त मिलाउने अड्डा।

मुलुकी ऐन (National Code)- *ना.प.* मुलुकको सामाजिक व्यवस्थालाई सुचारू रूपले चलाउन बनेको लिखित विधान; वि.सं.१९१० मा जारी भई २०२० साल साउन मसान्तसम्म चालु रहेको नेपालको मुख्य वैधानिक कानून; वि.सं.२०२० साल भदौ १ गतेदेखि लागु भई २०७५ साल साउन मसान्तसम्म चालु रहेको नेपालको मुख्य देवानी र फौजदारी विधान।

मुलुकी खाना (Government treasury during *Rana regime*)- *ना.प.* राणाकालमा देशभरको आय जम्मा हुने अड्डा वा ढुकुटी।

मुलुकी प्रशासन (National administration)- *ना.प.* देशको शासन व्यवस्था।

मुलुकी सवाल (Civil Code)- *ना.प.* किताबी सवाल; राणाकालीन शासनकालमा जारी गरिएको सवाल।

मुसाफिर (Traveler, passenger, passer-by)- *ना.* [अ.] यात्री; बटुवा; पथिक।

मुसाफिरखाना (Inn, motel, dormitory, traveler's lodge)- *ना.*[मुसाफिर+खाना] धर्मशाला; यात्रीगृह।

मुसिबत (Trouble, misery, difficulty)- *ना.* [अ.] दुःख; कष्ट; सङ्कट; आपत्; झमेला।

मुस्लिम (Muslim)- *ना.* [अ.] इस्लाम; मुसलमान; इस्लामिक समुदाय; मुस्लिम आयोगको सिफारिसमा सरकारले परिभाषित गरेको समुदाय। *[हे. मुस्लिम आयोग ऐन, २०७४ को दफा २ को खण्ड (घ)।]*

मुस्लिम आयोग (*Muslim* Commission)- *ना.प.* मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण तथा संवर्धन गर्न र मुस्लिम समुदायको सशक्तीकरण गर्ने वैधानिक निकाय वा आयोग।

मूल काजी (Chief executive during Rana regime, a higher post of the government office during Rana regime)- *ना.प.* राणाकालमा सर्वोच्च निजामती कर्मचारीको पद; ठुला काजी; राणाकालका चार काजीमध्ये मुख्य काजी; बडा काजी।

मूलधन (Principal or capital amount)- *ना.* [सं.] मुख्य पुँजी; साउँ; साँवा; लागती पुँजी।

मूलधार (Mainstream)- मुख्य प्रवाह; प्रमुख धारा; धेरै मात्रामा पानी वा जन प्रवाहित हुँदाको अवस्था।

मूलभूत कुरामा थपघट वा केरमेट गरेको (Alteration or scratching and erasing)- *ना.प.* लिखत/ कागजातमा अर्कै अर्थ लाग्ने गरी वा त्यसको रूप नै बदल्ने गरी बेहोरा थप्ने वा मेट्ने काम; लिखत/ कागजातमा सम्बन्धित पक्षहरूको दायित्वमा नै परिवर्तन आउने गरी थपघट वा केरमेट गर्ने काम।

मूलस्रोत (Fundamental source)- *ना.* [सं.] प्राथमिक स्रोत; मुख्य बाटो।

मूल्य (Price, value, cost)- *ना.* [सं.] उत्पादन गर्ने वस्तुको कारखाना मूल्य; सेवाको बीजक मूल्य; पैठारी हुने वस्तुको निर्धारित मूल्य; सम्झौताबमोजिम दिइएको वा दिइने प्रतिफल; कुनै मालसामान खरिद गर्दा त्यसको बदलामा दिइने रकम; मोल; मान; विश्वास गरिएको उपयोगिताको मान। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ट) र सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (भ)।]*

मूल्यदेय (Value payable post (VPP) to be delivered to address by paying the cost)- *ना.* [मूल्य+देय] हुलाक आदि कुनै साधनद्वारा पठाएको सामान पाउनेले पठाउनेलाई लेखिएबमोजिमको मूल्य चुक्ता गरेपछिमात्र पाउन सकिने वस्तु; बैरडी वस्तु।

मूल्यवृद्धि (Price increase, price raise)- *ना.* [मूल्य+वृद्धि] वस्तुको मोलमा आउने बढौती; मोल बढ्ने काम।

मूल्यसूची (Price list, price table)- *ना.* [मूल्य+सूची] मूल्यतालिका; सामान र मूल्यको फेहरिस्त।

मूल्यहीन (Worthless, valueless)- *वि.* [मूल्य+हीन] मूल्य नभएको; विनामूल्यको।

मूल्यह्रास (Depreciation, devaluation)- *ना.* [मूल्य+ह्रास] महत्त्वको ह्रास; दाम घट्ने काम।

मूल्याङ्कन (Evaluation, assessment)- *ना.* [मूल्य+अङ्कन] मूल्य तोक्ने वा निर्धारण गर्ने काम; गुणदोषको लेखाजोखा गर्ने काम; कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका योजनाको सम्बन्धमा उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिने लेखाजोखा।

मृतऋण (Bad debt, non-performing loan)- *ना.*[सं. मृत+ऋण] ऋण असुल गर्ने कानूनी म्याद नहुनाले असुल गर्न नसकिने ऋण; खराब कर्जा।

मृत्युकर (Estate tax, inheritance tax)- *ना.* [सं.] मृतकको सम्पत्तिमा लाग्ने शुल्क वा कर।

मृत्युकालीन घोषणा (Dying declaration)- *ना.प.* मरेको व्यक्तिले आफू मर्नुपूर्व होसमा छँदै आफ्नो मृत्युको कारणबारे व्यक्त गरेको बेहोरा; मर्ने मानिसले मर्नुपूर्व लेखेर वा बोलेर व्यक्त गरेको बेहोरा।

मृत्युदण्ड (Death penalty, capital punishment)- *ना.* [सं.] प्राणदण्ड; ज्यानसजाय।

मृत्युदर (Mortality rate)- *ना.* [सं.] जनसङ्ख्याको औसतमा हुने मृत्युको प्रतिशतमा आउने हिसाब; मर्नेको दर।

मेटाडेटा (Metadata)- *ना.* [अङ्.] उत्पादित तथ्याङ्कको उत्पादनकर्ता, अवधारणा, परिभाषा, वर्गीकरण, स्रोत र सन्दर्भ समयको साथै तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको विधि तथा प्रक्रियाको विस्तृत विवरण।

मेठ (Leader of the labourers, post of a landlord for newly cultivated land)- *ना.* [अङ्. मेट] ज्यामीहरूको नाइके; झोरा वा फडानीमा जमिनदार सरहको मान वा दर्जा।

मेड (Border, boundary)- *ना.* आली; साँध; सिमाना।

मेडबन्दी/ मेठबन्दी (Record of land, record of accounts)- *ना.* [मेड+बन्दी] मेठ जग्गाको साँध, सिमाना खुलाई लेखिएको मुचुल्का; खातामा चढाएको खर्चको विवरण वा फाँटवारी।

मेडिकल कलेज (Medical College)- *ना.प.* चिकित्साविज्ञानका क्षेत्रमा स्नातक वा स्नातकोत्तर अध्ययन वा पोस्ट ग्रायजुयट तालिम दिने दिलाउने उद्देश्यले स्थापना भएका शिक्षण संस्था; चिकित्सा शिक्षाका लागि स्थापना भएका मेडिकल संस्था तथा कलेज।

मेधावी (Briliant, genius, intelligent) - *ना.* [सं.] बुद्धिमान; तीक्ष्ण बुद्धि भएको।

मेलमिलाप (Mediation, reconciliation)- *ना.*[मेल+मिलाप] पक्षहरूले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्दाको समाधानका उपाय पहिल्याउन अपनाउने प्रक्रिया; मुद्दा वा विवाद समाधानको वैकल्पिक उपायहरूमध्ये एक उपाय; पक्षहरूले मुद्दा वा विवादको समाधान गर्न

अपनाइने प्रक्रिया। *[हे. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ को खण्ड (ज), उच्च अदालत नियमावली, २०७३ को नियम २ को खण्ड (च) र जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (झ)।]*

मेलमिलाप अनुगमन समिति (Mediation Monitoring Committee)- *ना.प.* स्थानीय स्तरमा हुने मेलमिलापसम्बन्धी कामकारबाहीको अनुगमन गर्न गठित समिति। *[हे. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २९।]*

मेलमिलाप कार्यमा संलग्न संस्था (Organizations involved in mediation work)- *ना.प.* मुद्दामा संलग्न पक्षहरूलाई मेलमिलाप गराउने उद्देश्यले स्थापित सङ्घसंस्था।

मेलमिलाप परिषद् (Mediation Council)- *ना.प.* मेलमिलापबाट विवाद समाधान गर्ने कार्यविधिको नियमित सुधार, परिमार्जन, नियमन तथा नियन्त्रण गर्ने कार्य गर्न गठित परिषद्। *[हे. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ को खण्ड (ग) र दफा २६ को उपदफा (१)।]*

मेलमिलाप समिति (Mediation Committee)- *ना.प.* अदालतमा मेलमिलापद्वारा विवाद समाधान गर्ने कार्यलाई सुव्यवस्थित रूपले सञ्चालन गर्न सर्वोच्च अदालतमा रहेको समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११४ को उपनियम (१)।]*

मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था (An organization working on mediation)- *ना.प.* विवादमा मेलमिलाप गराउने व्यक्ति वा संस्था; मेलमिलापसम्बन्धी कार्य गर्न मेलमिलाप परिषद्बाट स्वीकृतिप्राप्त संस्था।

मेलमिलापकर्ता (Mediator)- *ना.* [मेलमिलाप+कर्ता] पक्षहरूबिचका विवादलाई छलफल गराई सहज वातावरण सिजना गर्न र विवादको समाधान निकाल्न वा सहमति कायम गर्न पक्षहरूलाई उत्प्रेरित गर्ने र मेलमिलापको प्रक्रियालाई सहजीकरण गर्न नियुक्त व्यक्ति। *[हे. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा २ को खण्ड (झ), उच्च अदालत नियमावली, २०७३ को नियम २ को खण्ड (छ) र जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (ञ)।]*

मेलमिलापसम्बन्धी कोष (Mediation Fund)- *ना.प.* मेलमिलापसम्बन्धी कामकारबाहीलाई प्रभावकारी रूपले सञ्चालन गर्नका लागि सरकारबाट प्राप्त रकम, विदेशी सरकार, स्वदेशी वा विदेशी व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त रकम, परिषद्ले मेलमिलापसम्बन्धी कार्य गर्ने संस्थाको स्वीकृति दिंदा प्राप्त गरेको रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने गरी स्थापना गरिएको

कोष; मेलमिलापसम्बन्धी कामका लागि हुने खर्चसम्बन्धी व्यवस्था गर्ने स्रोत। *[हे. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ३० को उपदफा (१) र (२)।]*

मेसिन गन (Machine gun)- *ना.प.* [अङ्.] ब्रेनगन, लुइसगन, स्टेगन, मेसिन, कारबाइन, टम्स मेसिन कारबाइन, जी.एम.जी, एल.एम.जी, सर्ट मेसिन गनजस्ता यन्त्रहतियार; त्यस्तै प्रकृतिका स्वचालित हातहतियार र मेसिनगन बनाउने मेसिन, उपकरण र मेसिन गनको पाटपुर्जा; यान्त्रिक हतियार। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १२९ को उपदफा (१) को स्पष्टीकरण र हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ को खण्ड (ख)।]*

मेहनताना (Remuneration, salary, wages)- *ना.* [अ. मेहनत+आना] पारिश्रमिक; मेहनत गरेबापत पाइने वा दिइने ज्याला; मजदुरी।

मैत्री (Friendship, alliance, amity)- *ना.* [सं.] मित्रता; दोस्ती; घनिष्ठता।

मैत्रीपूर्ण (Friendly, cordialy)- *ना.* [सं.] सौहार्दपूर्ण; मित्रतापूर्ण।

मोज/ मौज/ मोजमस्ती (Happiness, enjoyment, pleasure)- *ना.* [अ. मौज+फा. मस्त+ई] सुख; आनन्द; मज्जा।

मोजरा (Rebatement, partial exemption or deduction)- *ना.* [फा. मुजरा] मिनाहा; आंशिक छुट; अभिवादन।

मोठ (Land register book, records of land)- *ना.* [सं. मुष्टि] प्रत्येक जग्गाको कित्ता छुट्टिने गरी तयार पारिएको लगत; जग्गाको दर्ताकिताब; जग्गाजमिनको सरकारी अभिलेखी ढड्डा।

मोठतहबिल (Main treasury)- *ना.* [मोठ+तहबिल] मुख्य ढुकुटी; सम्पूर्ण रकम राखिने ढुकुटी; एकमुष्ट तहबिल।

मोठबन्दी (Closure of transaction; carry over of remainder)- मूल अङ्कमा खर्च कटाएपछि बाँकी रहेको अङ्क; सालभरीको खर्च कटाएपछि स्याहामा बाँकी रहेको अङ्क।

मोद (Pleasure, delight, rejoice)- *ना.* [सं.] आनन्द; प्रसन्नता; हर्ष; खुसी।

मोफसल (Out of the city)- *ना.* [अ. मुफस्सल] मुख्य सहर वा नगरदेखि बाहिरको ठाउँ।

मोरु (Rupee)- *ना.* मो.रु.; मोहर रुपैयाँको सङ्क्षिप्त रूप; मोहररुपैयाँ।

मोर्चा (Front, barricade, entrenchment, place of battle)- *ना.* [फा. मोरच] खास उद्देश्य प्राप्तिका लागि व्यक्ति वा सङ्गठनको गठबन्धन; फौजलाई बलियो पार्ने किसिमले मिलाएर बनाइएको

व्यूह; सेना वा किल्लाको रक्षाका लागि गरिएको बन्दोबस्त; विशेष उद्देश्य प्राप्तिका लागि खडा गरिने गठबन्धन।

मोर्चाबन्दी (Battle-array, coalition)- *ना.*[मोर्चा+बन्दी] विरोधी पक्षको सामना गर्न मोर्चा बनाउने काम; गठबन्धन बनाउने काम; गठबन्धनमा सामेल हुने काम।

मोल (Mole)- *ना.* [अङ्.] पदार्थको मात्रा मापन गर्ने एकाइ; परमाणु, अणु, आयनजस्ता प्रारम्भिक अस्तित्व/ तत्त्वको मापनमान; परमाणु, अणु, आयन, इलेक्ट्रोनजस्ता इलिमेन्ट्री इन्टिटिजको ठिक ६.०२२१४०७६x१०-२३ सङ्ख्यात्मक मान। *ना.* [सं. मूल्य] कुनै पनि वस्तुको भाउ; दाम; किम्मत; मूल्य; मुद्रामान। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ८क. को उपदफा (२)।]*

मोलतोल (Price bargain, haggle)- *ना.*[मोल+तोल] मोल गर्ने र तौलने काम; किनमेल गर्दा मूल्य घटाउने वा मिलाउने काम; मोलमोलाइ; भाउ गर्ने काम; वस्तु र सोको मोल बिचमा क्रेताविक्रेताबिच हुने सौदाबाजी।

मोहर (Coin, stamp, seal, signet)- *ना.* [फा.]; टक; छाप; धातु मुद्रा; सिक्का; आठ आना बराबरको मौद्रिक मान; पचास पैसा।

मोहरबन्द प्याकेज (Sealed package)- *नाप.* सिलबन्द पोका; सिलबन्द पुन्तुरा; बिक्रीका समयमा त्यसभित्र रहेको वस्तुको कुनै नाप वा तौल नगरी बेच्ने अभिप्रायले राखिएको बन्द पोको, सिसी, पिपा, टिन, ब्यारल, बाकस, भाँडो, थैलो, बोरा वा यस्तै अरू कुनै बन्द गरिएको चिज; प्याक। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड(छ)।]*

मोहलत (Deadline, time-bound)- *ना.* [अ.] समयसीमा वा म्याद; फुर्सद।

मोहित (Fascinated, captivated, rapt, bewitched)- *ना.* [सं.] लोभ्याइएको; आकर्षित; मुग्ध; लट्ठ।

मोहिनाइके (Tenant leader)- *ना.* [मोही+नाइके] मोहीहरूसँग कुत वा तिरोभरो उपर गर्ने जग्गाधनीले खटाएको व्यक्ति।

मोहिनिष्कासन (Dismissal of tenant)- *ना.* [मोही+निष्कासन] मोहीबाट बेदखल गर्ने काम; जग्गा कमाउने व्यक्तिलाई मोहीको हैसियतबाट बेदखल गर्ने काम कार्य।

मोहिपजनी (Termination of tenancy)- *ना.* [मोही+पजनी] कबुलियत बमोजिम मोहीले जग्गावालाकहाँ जग्गाको कुतबाली नबुझाउने मोहीलाई खोस्ने काम; जग्गा कमाउनबाट मोहीलाई हटाउने काम; मोहीको निष्कासन।

मोहिबोटी (Tenant share)- *ना.* [सं. मूल्य] मोहीले तलसिङलाई बुझाई बाँकी रहेको आफूले खान पाउने बाली; तिरोभरो गरी मोहीले खान पाउने बाँकी बाली; मोहीको बनीबोटी।

मोहियानी (Relating to a tenant)- *ना.* [मोही+यानी] मोहीसम्बन्धी; मोहीको।

मोहियानी हक (Tenancy)- *नाप.* जग्गा कमाएबापत मोहीले पाउने जग्गाको स्वामित्वको आंशिक अधिकार।

मोही (Tenant; land tiller)- *ना.* [सं. मूल्य] अरू जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान; सरकारी र दुनियाँदारी जग्गाजमिनमा तोकिएको तिरो तिरी कमाई खान पाउने गरी नाम दर्ता भएको किसान; कुत तिर्न कबोल गरी अर्काको जग्गा कमाउने व्यक्ति; मोहियानीमा कमाउने काम; मगनीदार वा इजाजत लिई बसेका व्यक्ति; मोहिया।

मोहोरिया (Stamped, minted, sealed)- *ना.* [मोहोर+इया] मोहर वा छाप लागेको वस्तु; सनद वा सरकारी आज्ञापत्र; छापे; छापावाल।

मौका (Chance, occasion, opportunity)- *ना.* [अ.] खास अवसर; अनुकूलता; समय; बेला; बखत; मुहूर्त; कुनै कुरा भएको ठाउँ र समय; घटनास्थल र घटित समय।

मौकातहकिकात (On-the-spot investigation)- *ना.* [मौका+तहकिकात] मौका वा समयमै घटनास्थल वा वारदातमा गई गरिने खोजतलास; जाँचपड्तालको काम; त्यस्तो खोजतलास र जाँचपड्तालसम्बन्धी कामको अभिलेखीकरण; त्यस्तो अभिलेखीकरणको बेहोरा वा लिखत।

मौकापरस्त (Opportunist)- *वि.*[मौका+परस्त] स्वार्थपूर्तिका लागि मौकाको फाइदा उठाउने; स्वार्थी; अवसरवादी; मौकाबाज।

मौखिक (Oral, verbal)- *ना.* [सं.] मुखले भनेको; लिखित रूपमा नगरिएको।

मौखिक साक्षी (Oral witness)- *नाप.* मुद्दा-मामिलाको घटनाका बारेमा प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाएको साक्षी; देखी जान्ने साक्षी।

मौजा (Village, land, estate)- *ना.* [अ. मौज] गाउँ; जिल्ला वा इलाकाको कुनै एक ठाउँ; जग्गा; जमिन।

मौजावाल (Landlord)- *ना.* [मौजा+वाल] मौजाको मालिक; जमिनदार; मौजा भएको व्यक्ति।

मौजुद/ मौजुदा (Existing, prevailing, present)- *वि.* [अ. मौजुद] वर्तमान समयको; हालको; उपस्थित; खडा; हाजिर; सामुन्नेमा रहेको। *क्रिवि.* हालसाल; यसबेला; हाल; वर्तमान।

मौज्दात/ मौजदात/ मौजात (Reserve, stock, balance)- *ना.* [फा.] सञ्चित धन; जम्मा पुँजी; सञ्चिति; सञ्चिता।

मौज्दातमा रहेको मालसामान (Inventory)- *नाप.* कुनै व्यापार, व्यवसायमा बिक्री वा पट्टामा दिनका लागि राखिएका मालसामान र कुनै उद्यम वा व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ; अर्ध-तयारी, तयारी वा त्यस्ता उद्यम वा व्यवसायमा प्रयोग गरिएका वा उपभोग गरिएको मालसामान; भँडार आदिमा रहेका सामान वा चिजबिज। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ब)।]*

मौज्यानी (Group of village, pertaining to village)- *ना.* [मौजा+आनी] मौजाको समूह; मौजासँग सम्बन्धित विषय।

मौद्रिक (Monetary, pecuniary)- *ना.* [सं.] मुद्रासँग सम्बन्धित; मुद्राको।

मौद्रिक तरलता (Liquidity of money)- *नाप.* नगदलाई वस्तुमा परिवर्तन गर्ने सहजता; नगद र वस्तुको अदलीबदली गर्ने क्रिया।

मौद्रिक दायित्व (Monetary liability)- *नाप.* बैङ्कको वासलातमा भएको चलनचल्तीमा रहेको बैङ्क नोट तथा सिक्का। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (य)।]*

मौद्रिक विनिमय (Money exchange; currency exchange)- *नाप.* विभिन्न देशको मुद्राको पारस्परिक विनिमय वा सटही।

मौद्रीकरण (Monetization; conversion of an asset, debt into cash)- *ना.* [सं. मुद्रा+ईकरण] मुद्राको समीकरण; कुनै वस्तुलाई वैध मुद्रामा बदल्ने प्रक्रिया।

मौन (Silent, quiet, tacit)- *वि.* [सं.] चुपचाप; नबोल्ने।

मौनजुलुस (Silent march/procession)- *ना.* [मौन+जुलुस] विरोध प्रदर्शन गर्दा नबोली निकालिने जुलुस; मूक जुलुस।

मौनधारण (Moment of silence, state of being silent)- *ना.* [मौन+धारण] चुप लागेर बस्ने काम; कसैको बलिदानी वा अस्तित्वको स्मरण गरेर श्रद्धा व्यक्त गर्न धारण गरिने मौनता; मौन रूपमा गरिने ध्यान वा स्मरण।

मौनसहमति (Tacit consent, acquiescence)- *ना.* [मौन+सहमति] नबोली दिइने समर्थन; नबोली कुनै कुरा सकार्ने काम; नबोली सम्मति जनाउने काम।

मौलाना/ मौलवी (Islamic scholar or teacher, Islamic cleric)- *ना.* [अ.] इस्लामी धर्मशास्त्रका विद्वान वा ज्ञाता; अरबी भाषाको गुरु।

मौलिक (Original)- *वि.* [सं.] मूलभूत; आफैबाट उत्पन्न; मूल वा जरोसँग सम्बन्धित; आफ्नै मूलभूत विशेषता भएको।

मौलिक कर्तव्य (Fundamental duty)- *ना.प.* नागरिकले राष्ट्र वा मुलुकप्रति निर्वाह गर्नुपर्ने कर्तव्य; नागरिकका देशप्रतिको मुख्य अभिभारा।

मौलिक हक (Fundamental rights)- *ना.प.* संविधानद्वारा प्रदत्त आधारभूत हक; मौलिक अधिकार।

मौलिकता (Originality, ingenuity, uniqueness, novelty)- *ना.* [सं.] मौलिक हुनुको गुण, भाव वा अवस्था; कुनै खास वा विशेष स्वरूप भएको; नयाँपन; नवीनता।

मौसम (Weather)- *ना.* [अ. मौसिम] कुनै स्थानको छोटो समयको हावापानीको अवस्था; ऋतु; याम; अनुकूल समय; बाली लगाउने र पाक्ने याम; हावापानी; जलवायु।

मौसुफ (His/Her Majesty)- *ना.* [अ.] राजा, रानी वा राजपरिवारका सदस्यलाई प्रयोग गरिने आदरार्थी शब्द; उहाँ; प्रशंसा वा तारिफ गरिएको।

म्याद (Summon, time limit; fixed date)- *ना.* [अ.] मुद्दाको रोहमा कुनै व्यक्तिका नाममा अदालतबाट जारी गरिने सूचना वा इतलायनामा; कुनै कामका लागि तोकिएको समयको सीमा; अन्तिम मिति; हद, सीमा। *[हे. पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा २ को खण्ड (ज) र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ड)।]*

म्याद गुजार्नु (Expiration of due date)- *क्रि.प.* अन्तिम मितिलाई उम्काउनु; तोकिएको समयावधि सम्ममा काम नगर्नु; तोकिएको म्यादमा गर्नुपर्ने कार्य नगर्नु।

म्यादपुर्जी (Letter of summon)- *ना.* [म्याद+पुर्जी] यति दिन सम्ममा यो काम गरी सक्नु वा फलाना ठाउँमा हाजिर हुनु भनी लेखिएको पूर्जी; इतलायनामा वा समाह्वान; कुनै कुरा गर्न म्याद वा समयसीमा तोकेर लेखिएको पत्र वा पुर्जी।

म्यादी (Temporary)- *वि.*[म्याद+ई] अस्थायी; निर्दिष्ट समयको लागि; समयातित हुने वा म्याद गुज्रने खालको।

म्यादी कानून (Sunset law)- *ना.प.* निश्चित समयको लागि मात्र लागू हुने गरी बनाएको कानून; यो ऐन वा सवाल यो मितिमा प्रारम्भ भएर यो मितिसम्म मात्र चालु रहन्छ र त्यसपछि स्वत: खारेज हुने भनेर समय तोकी बनाइएको कानून।

म्यादी मलाहा (Riverboat postman appointed during rainy season)- *ना.प.* वर्षाको समयमा हुलाकका चिजवस्तु नदी वारपार गराउन नियुक्त भएको माझी।

य

यकिन (Surety, certainty, conformity)- *ना.* [अ.] निधो; निश्चय; ठहर; पक्कापक्की; अठोट; विश्वास; पत्यार।

यता न उता (Neither here nor there)- *क्रिवि/क्रिप.* अलपत्र; कतै पनि नहुने चालमा; बेठेगानी हालतमा।

यताउता (Here and there, hither and thither)- *क्रिवि.* [अ.] वरपर; आसपास; छेउछाउ; यता र उता। *ना.* हराई वा मासिई ठेगानमा नरहेको अवस्था; हिनामिना; गोलमाल।

यत्न (Effort, endeavour, attempt)- *ना.* [सं.] प्रयास; कोसिस; जमर्को; चेष्टा।

यत्रतत्र (Everywhere, widespread)- *क्रिवि.* [सं.] सबैतिर; सर्वत्र; जहाँसुकै; जतातै; जतासुकै।

यथायोग्य (Proper, suitable, deserving)- *वि./क्रिवि.* [सं.] यथोचित; क्षमताअनुसार; उचित भएजति।

यथार्थ (Accurate, exact, real, actual)- *ना./वि.* [सं.] जस्ताको तस्तै; वास्तविक; सत्य; वास्तविकता; साँचोपन।

यथार्थवाद (Realism, pragmatism)- *ना.* [सं.] भौतिक सत्यमा विश्वास गर्ने सिद्धान्त; प्रत्यक्ष जगतप्रतिको विश्वस्तता।

यथाशक्ति/ यथाशक्य (As far as possible, to the furthest extent)- *वि./क्रिवि.* [सं.] क्षमताले भ्याएसम्म; औकातले पुगेसम्मको।

यथाशीघ्र (As soon as possible)- *वि./क्रिवि.* [सं.] छिटोभन्दा छिटो; अविलम्ब; शीघ्रताका साथ।

यथासमय (In due course of time, punctual)- *वि./क्रिवि.* [सं.] निश्चित समयमा; निर्धारित समयमा।

यथासम्भव (As much as possible)- *वि./क्रिवि.* [सं.] सकेसम्म; भ्याएसम्म; भरसक।

यथास्थान (In the proper place, in the right or particular place)- *वि./क्रिवि.* [सं.] ठीक ठाउँमा; उचित स्थानमा।

यथास्थिति (Status quo, on the same condition)- *ना.* [सं.] यथावत रहेको; पहिलेको जस्तै अवस्था।

यथेष्ट (Enough, sufficient, abundant, as much as)- *वि./क्रिवि.* [सं.] पर्याप्त; चाहिएजति; यथेच्छ।

यथोचित (Suitable, reasonable, proper, just, right)- *वि./क्रिवि.* [सं.] चाहिँदो; समुचित; यथायोग्य।

यथोचित उपाय (Due diligence)- *ना.प.*[सं.] सम्भव हुन सक्ने सम्मको उपाय; कुनै गलत कुरा रोक्न वा कुनै असल कुरा जोगाउनका लागि अवलम्बन गर्नुपर्ने सम्पूर्ण उपायहरू।

यदाकदा (Sometimes, seldom, rarely, once in a blue moon)- *वि./क्रिवि.* [सं.] कहिलेकाहीं; आक्कलझुक्कल; कुनै कुनै समयमा।

यमन (Restriction, regulation, control, prevention)- *ना.* [सं.] प्रतिबन्ध; नियमन; नियन्त्रण; रोकथाम।

यमयातना (The horrible punishment, brutal torture, third degree torture)- *ना.*[सं. यम+यातना] नारकीय यातना; कठोर सास्ती; चरम यातना।

यमल/ युगल (Twin, pair, couple)- *वि.* [सं.] जुम्ल्याहा; जोडा; जोर।

यश (Fame, renown)- *ना.* [सं.] सुकीर्ति; ख्याति; प्रख्याति; जस।

यशस्वी (Eminent, famed, renowned)- *वि.* [सं.] कीर्तिमान; प्रसिद्ध; ख्यातिप्राप्त; प्रतापी; यशप्राप्त; यशवान।

याचक (Petitioner, applicant)- *ना.* [सं.] निवेदक; आवेदक।

याचना (Plea, petition)- *ना.* [सं.] अनुरोध; प्रार्थना।

याचिका (Petition, application)- *ना.* [सं.] आवेदनपत्र, अर्जीपत्र, प्रार्थनापत्र, निवेदनपत्र।

यातना (Torture, torment)- *ना.* [सं.] सार्वजनिक अधिकारी वा त्यस्तो क्षमतामा काम गर्ने अन्य व्यक्तिका उक्साहट, सम्मति वा स्वीकृतिमा कुनै व्यक्तिलाई ऊ वा अरू कसैले गरेको

भनी आशङ्का गरिएको कुनै अपराधमा सजाय दिन वा भेदभावमा आधारित अन्य कुनै कारणले डरत्रास देखाउन वा जबरजस्ती गर्न जानाजान कठोर शारीरिक वा मानसिक पीडा दिन वा सकसमा पार्न गरिने जुनसुकै क्रियाकलाप; अनुसन्धान, तहकिकात वा पुर्पक्षका सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेका व्यक्तिलाई शारीरिक वा मानसिक रूपमा सकसमा पार्ने काम; निर्मम, अमानवीय वा अपमानजनक व्यवहार; पीडा; सास्ती; कष्ट। *[हे. यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २ को खण्ड (क) ।]*

यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (Torture or cruel, brutal, inhuman or degrading treatment)- *ना.प.* पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई कुनै विषयमा जानकारी हासिल गर्ने, कुनै कसुरमा साबित गराउने, कुनै कार्यको लागि दण्ड दिने, जोरजुलुम वा त्रास देखाउने काम; कानूनविपरीत अन्य कुनै कार्य गर्ने उद्देश्यले जानीजानी शारीरिक वा मानसिक पीडा वा कष्ट पुऱ्याउने काम; निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिने काम। *[हे. मुलुकी अपराध संहिता,२०७४ को दफा १६७ को उपदफा (१) को स्पष्टीकरण।]*

यातनागृह (Torture chamber)- *ना.*[सं. यातना+गृह] यातना दिने घर; दण्ड दिने घर।

यातनापीडित व्यक्ति (Person upon whom torture is inflicted)- *ना.प.* यातना पाउने व्यक्ति; यातना दिई सताइएको व्यक्ति; यातनाको पीडा वा सकस बेहोरेको व्यक्ति। *[हे. यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २ को खण्ड (ख) ।]*

यातायात निरीक्षक (Transport inspector)-*ना.प.* सवारी सञ्चालनको निरीक्षण गर्न नियुक्त कर्मचारी। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ज्ञ७) ।]*

यातायात श्रमिक (Transport labour)- *ना.प.* यातायातको काममा संलग्न श्रमिक; यातायात मजदुर वा कामदार। *[हे. श्रम ऐन, २०७४ को दफा ८६ को उपदफा (१) को स्पष्टीकरण।]*

यातायात सेवा (Transport service)- *ना.प.* सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (छ) ।]*

यातायातको काम (Transportation work)- *नाप.* यान्त्रिक साधनका माध्यमबाट एक ठाउँबाट अर्को ठाउँसम्म मानिस, जीवजन्तु वा मालसामान ओसारपसार गर्ने काम। *[हे. श्रम ऐन, २०७४ को दफा ८६ को उपदफा (१) को स्पष्टीकरण।]*

यात्रा (Journey, travel, tour)- *ना.* [सं.] एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारी साधनबाट जाने काम; भ्रमण; आवतजावत।

यात्रा अनुमतिपत्र (Travel permit)- *नाप.*[सं.] यात्राका लागि लिइने अनुमतिपत्र; राहदानी।

यात्राधिदेय (Travelling allowance)- *ना.*[सं. यात्रा+अधि+देय] भ्रमण भत्ता; यात्रा गर्नुपर्दा लाग्ने खर्चबर्च।

यात्री (Traveller, passenger)- *ना.* [सं.] यात्रा गर्ने; बटुवा; पथिक; सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति; यात्रु। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ढ) ।]*

यात्री गुन्टा (Passenger luggage/baggage)- *नाप.* यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान; यात्राको सिलसिलामा यात्रीले आफैसँग लगेको वा ढुवानीकर्तालाई जिम्मा लगाइएको मालसामान; यात्रुका झिटीगुन्टा। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ञ) र नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (ङ) ।]*

यात्रीबाहक सवारी (Passenger motor vehicle)- *नाप.* यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी साधन। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (त) ।]*

यात्रुवाहक पानी जहाज (Passenger ship/vessel)- *नाप.* बाह्रभन्दा बढी सङ्ख्यामा यात्रु ओसार्न इजाजतप्राप्त पानी जहाज। *[हे. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ को दफा २ को खण्ड (ग) ।]*

यायावर (Nomad, wanderer)- *ना.* [सं.] घुमन्ते; फिरन्ते; डुलिरहने; डुलन्ते।

यावत् (Entire, complete, as a whole, overall)- *वि.* [सं.] सम्पूर्ण; तमाम; समग्र; भएभरको।

युक्ति (Tactics, idea, reason, strategy)- *ना.* [सं.] उपाय; जुक्ती; कौशल; चातुर्य।

युक्तिमूलक (Rational, tactful)- *वि.* [सं.] बुद्धिसङ्गत; तर्कसङ्गत।

युक्तिसम्मत/ युक्तिसङ्गत (Reasonable, logical, factual)- *वि.* [सं.] तथ्यमा आधारित; उपायसहितको; जुक्तिलो।

युगप्रवर्तक (Pioneer of a new *era*)- *ना.*[सं. युग+प्रवर्तक] युगलाई नयाँ सोच र गति दिने; नयाँ युगको प्रवर्तन गराउने।

युगान्त (End of an *era*)- *ना.* [सं.] युगको अन्तिम समय।

युग्म/ युग्मक (Twin, pair)- *वि.* [सं.] जुम्ल्याहा; जोडा; युगल।

युद्ध (War, battle)- *ना.* [सं.] लडाइँ; सङ्ग्राम।

युद्धअपराध (War crime)- *ना.* [सं.] युद्धको नियमविपरीत गरिने कार्यबाट सिर्जित अपराध।

युद्धक (Warrior; combatant)- *ना./वि.* [सं.] लडाइँमा प्रयोग हुने; लडाकु; युद्धसम्बन्धी।

युद्धकानून (Law of war)- *ना.*[युद्ध+कानून] लडाइँको समयमा लागु हुने नियम।

युद्धक्षेत्र/ युद्धभूमि (Battle-field)- *ना.*[सं. युद्ध+क्षेत्र/ भूमि] लडाइँ भएको ठाउँ; रणभूमि; रणमैदान।

युद्धपोत (Warship; naval vessel)- *वि.*[सं. युद्ध+पोत] लडाइँमा प्रयोग हुने पानीजहाज; जलधिक्षेत्रमा युद्ध गर्दा पानीमुनि भित्रभित्रै हिँड्न सक्ने लडाकु पानीजहाज वा मोटर; पनडुब्बी जहाज।

युद्धबन्दी (Prisoner of war, a war hostage)- *ना.*[युद्ध+बन्दी] लडाइँमा शत्रु पक्षले पक्रेर थुनिएको सेना वा योद्धा; युद्धमा अर्को पक्षका मानिसलाई पक्रेर बन्दी बनाइएका मानिस।

युद्धविराम (Armistice, ceasefire)- *ना.*[सं. युद्ध+विराम] लडाइँ रोक्ने काम; युद्धको विश्राम; युद्धको अस्थायी वा स्थायी समाप्ति; युद्धस्थगन।

युद्धापराधी (War criminal)- *ना.*[सं. युद्ध+अपराधी] युद्धका अपराधी; युद्ध अपराध गरेका व्यक्ति।

युद्धोन्मत्त (Frantic for war)- *ना.*[सं. युद्ध+उन्मत्त] युद्धको उन्माद चढेको; युद्धका लागि होस गुमाएरै हौसिएको।

युपी/ यू.पी. (U.P.)- *ना.*[अङ्.] लन्डन प्रुफभन्दा कम शक्ति। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ण५) ।]*

युवराज/ युवराजाधिराज (The crown prince)- *ना.* [सं.] गद्दीनसिन राजाका उत्तराधिकारी।

युवराज्ञी (The crown princess)- *ना.* [सं.] युवराजको विवाहित रानी; युवराजधिराजकी पत्नी।

युवा (Youth)- *ना/वि.* [सं.] सोह्र वर्षदेखि चालिस वर्षसम्मको उमेर भएको व्यक्ति; यौवनावस्थामा गुज्रँदो; तरुण; तन्नेरी; उमेरदार। *[हे. राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा २ को खण्ड (छ) ।]*

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (Youth and Small Business Person Self-Employment Fund)- *नाप.*[सं.] लक्षित समुदायलाई सहुलियत ब्याज दरमा विनाधितो ऋण लगानी गर्न स्थापना गरिएको कोष। *[हे. युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम २ को खण्ड (च) र नियम 3 ।]*

यूनिट ट्रस्ट (Unit trust)- *नाप.* कम्तीमा बिस जना व्यक्तिहरूका लाभका लागि ट्रस्टीले सम्पत्ति धारण गर्ने व्यवस्था भई आय वा पुँजीमा सहभागी हुन पाउने व्यक्तिहरूको अधिकारलाई धारण गरेको एकाइहरूको सङ्ख्याद्वारा निर्धारित आधारमा विभाजन हुने व्यवस्था गरिएको ट्रस्ट। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (त्र) ।]*

योगदान (Contribution)- *ना.*[सं. योग+दान] कुनै काममा महत्त्वपूर्ण सहायता दिने काम; देन; आर्थिक, भौतिक, बौद्धिक मद्दत; भरोसा; टेवा; सेवा।

योगदानकर्ता (Contributor)- *ना.*[सं. योगदान+कर्ता] योगदान दिने व्यक्ति; मद्दत वा देन दिने व्यक्ति।

योगदानमा आधारित सामाजिक सुरक्षा (Contribution-based social security)- *नाप.* श्रमिक र रोजगारदाताको तर्फबाट योगदान गरी सञ्चालन हुने सामाजिक सुरक्षा योजना; सुरक्षित भविष्यका लागि योगदान गर्दै सञ्चय गर्ने सामाजिक सुरक्षाको बन्दोबस्ती। *[हे. योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (ख) ।]*

योगदानमूलक निवृत्तभरण प्रणाली (Contributive Retirement System)- *नाप.* कर्मचारीको मासिक तलबबाट रकम कपट्टा हुने र सरकारबाट थपिने रकम जम्मा गरिने र कर्मचारी सेवानिवृत्त भएपछि सोही कोषबाट निवृत्तभरण प्रदान गर्ने प्रणाली; निवृत्तिभरणका लागि सेवारत रहँदै कर्मचारीबाट योगदान गराउने प्रणाली। *[हे. निवृत्तभरण कोष ऐन, २०७५ को दफा २ को खण्ड (ज) ।]*

योग्यता (Qualification, competency, ability)- *ना.* [सं.] सामर्थ्य; क्षमता; दक्षता; ज्ञान, अनुभव र शक्ति।

योग्यताक्रम (Order of merit, merit list)- *ना.*[सं. योग्यता+क्रम] योग्यताका आधारमा निर्धारित क्रम। *[हे. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (ढ) ।]*

योजना (Plan, scheme)- *ना.* [सं.] आयोजना; परियोजना; कार्यक्रम निश्चित लक्ष्य प्राप्तिका लागि चरणबद्ध क्रियाकलापको पूर्वनिर्धारण र तयारी; भविष्यमा प्रतिफल हासिल गर्न गर्नुपर्ने कार्यहरूको व्यवस्थित प्रक्रिया। *[हे. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा २ को खण्ड (ग) र अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ङ) ।]*

योजना कार्यान्वयन समिति (Plan Implementation Committee)- *नाप.* कुनै योजना कार्यान्वयन गर्न गठन गरिएको समिति।

योजना व्यवस्थापक (Scheme manager)- *नाप.* योजनाको व्यवस्थापन गर्ने अधिकारी; धितोबोर्डसम्बन्धी कानूनअनुसार दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्य लिई सहभागीहरूको सामूहिक लगानी योजना व्यवस्थापन गर्ने सङ्गठित संस्था। *[हे. धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (थ) ।]*

योजनाबद्ध (Planned, based on planning)- *वि.*[सं. योजना+बद्ध] पूर्वनिर्धारित; सुनियोजित; योजनामा आधारित।

यौध (Warrior, fighters)- *ना.* [सं.] योद्धा; लडाका; रणवीर; यौधेय।

यौनअपराध (Sexual offence)- *ना.*[यौन+अपराध] व्यभिचार; यौनसम्बन्धमा रहन नमिल्ने व्यक्तिसँग गरिने यौनाचारका कारण सिर्जित हुने कसुर; यौनजन्य कसुर; करणी वा यौनव्यवहारसम्बन्धी अपराध।

यौनउत्पीडन (Indecent assault)- *ना.*[यौन+उत्पीडन] यौनजन्य आशयले पीडा दिने कार्य; यौनाचार वा यौनव्यवहारद्वारा गरिने अनाचार वा ज्यादती।

यौनजन्य यातना (Sexual torture, sexual persecution)- *नाप.* यौनसँग सम्बन्धित प्रकृतिको दुर्व्यवहार; यौनसम्बन्धी कार्य वा क्रियाकलापबाट अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने काम; सुरक्षित यौनस्वास्थ्यमा आघात पुग्ने पुऱ्याउने जुनसुकै काम। *[हे. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (ङ) ।]*

यौनदासी (Sex slave)- *ना.*[यौन+दासी] यौनसम्बन्धका अभिप्रायले दासी बनाइएको व्यक्ति; यौनदासताको सिकार बनाइएको व्यक्ति।

यौनदुर्व्यवहार (Sexual harassment)- *ना.*[सं. यौन+दुर्व्यवहार] पतिपत्नीमा बाहेक कुनै व्यक्तिले अर्को व्यक्तिलाई निजको मन्जुरीविना करणीका आशयले समात्ने, संवेदनशील अङ्ग छुने वा छुन प्रयास गर्ने, भित्री पोसाक खोल्ने वा खोल्ने प्रयास गर्ने, भित्री पोसाक लगाउन वा फुकाल्न बाधाअवरोध गर्ने कार्य; पतिपत्नीमा बाहेक कुनै व्यक्तिले अर्को व्यक्तिलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लग्ने, यौनसम्बन्धी आफ्ना अङ्ग निजलाई छुन वा समाउन लगाउने, निजसँग अश्लील वा त्यस्तै प्रकारका शब्द मौखिक, लिखित वा साङ्केतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गर्ने, अश्लील चित्र वा तस्बिर देखाउने, यौनका आशयले जिस्क्याउने वा हैरानी दिने वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गर्ने काम; यौनजन्य दुर्व्यवहार; यौनसम्बन्धी अनुचित आचरण वा बानीब्यहोरा। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ को उपदफा (२) ।]*

यौवन (Youth, adolescent)- *ना.* [सं.] तरुण अवस्था; युवा अवस्था।

र

रँगरुट/ रङ्गरुट (A recruit, trainee soldier)- *ना.* [अङ्. रिक्रुट] सिकारु मान्छे; अभ्यासमूलक तालिम लिने व्यक्ति; सेना, प्रहरी आदि सुरक्षा सेवामा नयाँ भर्ना भएको व्यक्ति; पल्टनिया; रिक्रुटे।

रकम (Amount, sum of money, tax)- *ना.* [अ.] मुद्रा; धन; रुपैयाँ पैसा; व्यवहारको बन्दोबस्त; कागजातमा औपचारिकता मिलाउने काम; जग्गा, पसल, उद्योग, ठेक्कापट्टा वा यस्तै कारोबारसँग सम्बन्धित कर, दैदस्तुर वा शुल्क; सामानको मोल वा क्रयविक्रय शुल्क; पारिश्रमिक; श्रम वा राजस्व बापतका शुल्क।

रकम निकासा (Disbursement)- *नाप.* कार्यक्रमका लागि रकम उपलब्ध गराउने काम; कामका लागि चाहिने रकम माथिल्लो तहबाट तल्लो तहमा पठाउने काम; बजेट निकासा।

रकम बन्दोबस्त (Revenue settlement)- *नाप.* ठेक्कापट्टा, पोतआदि तोक्ने काम; रकम तोक्ने काम।

रकमकलम (Detailed list of accounts; ledger)- *ना.* [रकम+कलम] रकमको छुट्टा छुट्टै उल्लेख भएको फाँटवारी; विभिन्न शीर्षक/ उपशीर्षकमा रकमहरू उल्लेख गरिने वा भएको हरहिसाबको विवरण; रैरकम।

रकमान्तर (Reappropriation, amount transfer)- *ना.* [रकम+अन्तर] एक बजेट शीर्षकअन्तर्गतको रकमलाई अर्को बजेट शीर्षकमा सार्ने काम।

रकमी (A tenant; proficient in official affairs or in the cases; para-legal; efficient in the official account)- *ना.* [रकम+ई] ठेक्कामा जग्गा कमाउने व्यक्ति; रकम कलम वा स्याहासेस्तासम्बन्धी काम गर्न जान्ने व्यक्ति; मुद्दा मामिलाबारे अनुभवी व्यक्ति; कुरा घुमाउन वा काम कुरा मिलाउन जान्ने व्यक्ति।

रक्त सञ्चार सेवा (Blood Transmission Service)- *नाप.* रगत आवश्यक परेका बिरामीलाई रगत उपलब्ध गराउने सेवा; सुरक्षित रगत सञ्चार गराउन रगतमा कुनै प्रकारको रोगको सङ्क्रमण नभएको सुनिश्चित गरी रगत उपलब्ध गराउने सेवा।

रक्तपात (Bloodshed; slaughter; carnage)- *ना.* [सं. रक्त+पात] रगत बग्ने गरी गरिएको काटमार वा मारकाट; रगतपच्छे पार्ने वा बगाउने काम; लडाइँ वा द्वन्द्व चर्काइ।

रक्तसम्बन्ध (Blood relation)- *ना.* [सं. रक्त+सम्बन्ध] वंश वा कुलको सम्बन्ध; एकै आमाबुबाबाट जन्मिएकाहरूको नाता; रगतको नाता।

रक्षा (Protection, safety)- *ना.* [सं] बचाउ; हिफाजत; रेखदेख; हेरविचार; सुरक्षा |

रक्षापत्र (Defence letter)- *ना.* [सं.] शान्ति सुरक्षा कायम गर्ने सरकारी घोषणा।

रखवारी (Guarding, caring, look after)- *ना.* [सं. रक्षापाल> भोज. रखवार+ई] सुरक्षा; हेरचाह; रेखदेख।

रङमङिनु (To be confused or puzzled)- *क्रि.* अल्मलिनु; विचार वा तर्कले काम नगर्नु।

रङ्क (Poor, destitute, pauper)- *ना.* [सं.] माग्ने व्यक्ति; भिक्षुक; भिखारी। *वि.* गरिब; कङ्गाल; निर्धन।

रङ्गढङ्ग (Manner, conduct, behaviour)- *ना.* [सं तङ्ग>ढङ्ग(द्वि)] ढङ्ग; ढाँचाकाँचा; चालचलन; बानीबेहोरा।

रङ्गभेद (Apartheid; discrimination by colour)- *ना.* [सं. रङ्ग+भेद] वर्ण (रङ) आधारमा गरिने भेदभाव वा पक्षपात; मान्छेको कालो, गोरो आदि आधारमा गरिने विभेद।

रङ्गशाला (Stadium)- *ना.* [सं.] नाटक, नाचगान, खेलकुद आदिको प्रदर्शन गर्ने स्थान; रङ्गमञ्च; रङ्गभूमि; रङ्गमैदान।

रङ्गेहात (Red-handed; in the act)- *क्रिवि.* आपराधिक कार्य गर्दागर्दै; आपराधिक कार्यमा संलग्न भएकै बेला।

रचना (Creation, work)- *ना.* [सं.] साहित्य, कला, ज्ञानविज्ञान र अन्य क्षेत्रमा मौलिक एवम् बौद्धिक रूपले प्रस्तुत गरिएका सिर्जना; किताब, पर्चा, लेख, शोधपत्र, नाटक, नाट्य-सङ्गीत, मूक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका सिर्जना; शब्दसहित वा शब्दरहित साङ्गीतिक सिर्जना; श्रव्यदृश्य रचना, आर्किटेक्चरल डिजाइन, चित्रकला, पेन्टिङ, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चरसम्बन्धी अन्य सिर्जना, फोटोजन्य सिर्जना, प्रयोगात्मक कलासम्बन्धी सिर्जना; उद्धरण, मानचित्र, योजना, भूगोलसम्बन्धी त्रिआयामिक सिर्जना; टोपोग्राफी र वैज्ञानिक लेखरचना, कम्प्युटर प्रोग्राम; तर्जुमा; अजमाइज; निर्माण गर्ने वा बनाउने काम; सिर्जनकारी काम।

रचनाको आर्थिक अधिकार (Economic right on creation)- *नाप.* रचनाको पुनरुत्पादन गर्ने, रचनाको अनुवाद गर्ने, रचनाको परिमार्जन वा संशोधन गर्ने, संयोजन लगायत रचनाको अन्य

रूपान्तरण गर्ने, रचनाको मूल र प्रतिलिपि सर्वसाधारणका लागि बिक्रीवितरण गर्ने वा बहालमा दिने कामको अधिकार; श्रव्यदृश्य रचना, ध्वनिअङ्कन समाविष्ट रचना, कम्प्युटर कार्यक्रम, तथ्याङ्कमा आधारित वा ग्राफ स्वरूपमा रहेका साङ्गीतिक रचनाको आफूलाई प्राप्त अधिकार हस्तान्तरण गर्ने वा बहालमा दिने कामको अधिकार; रचनाको प्रतिलिपि आयात गर्ने, मूल रचना वा सो रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्ने, रचनाको प्रस्तुति गर्ने, रचनाको प्रसारण गर्ने र रचनाको सार्वजनिक सञ्चार गर्ने प्रतिलिपि अधिकार धनीले गर्ने कामका अधिकार।

रचनाको नैतिक अधिकार (Moral right on creation)- *ना.प.* आफ्ना रचनाका प्रतिहरूमा वा आफ्ना रचना सार्वजनिक रूपमा प्रयोग गरिएमा त्यस्तो रचनामा आफ्नो नाम उल्लेख गर्न लगाउन, आफ्नो रचनामा वास्तविक नाम उल्लेख नगरी छद्म नाम उल्लेख गरिएको भएमा त्यस्तो रचनाको सार्वजनिक रूपमा प्रयोग गर्दा त्यस्तो छद्म नाम उल्लेख गर्न लगाउन, आफ्नो रचनालाई बङ्ग्याई वा विकृत रूपमा प्रस्तुत गरी निजले आर्जन गरेको सम्मान वा ख्यातिलाई गिराउनेजस्ता कार्य रोक्न र आफ्नो रचनामा आवश्यक संशोधन वा परिमार्जन गर्न रचयिता वा निजका हकवाला वा निजबाट अधिकारप्राप्त व्यक्तिलाई प्राप्त हुने अधिकार।

रचनाको रोयल्टी सङ्कलन संस्था (Institution for Collection of Royalty on Creation)- *ना.प.* प्रतिलिपि अधिकारसम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, सङ्कलन गर्ने, सङ्कलित रोयल्टी वितरण गर्न गठन गरिएको संस्था।

रचनात्मक (Creative, constructive)- *वि.* [सं.] सिर्जनात्मक; सिर्जनामूलक; निर्माणात्मक; मौलिक।

रचयिता (Creator, author)- *ना.* [सं.] तयार गर्ने व्यक्ति; तर्जुमाकार; लेख वा ग्रन्थ तयार वा रचना गर्ने व्यक्ति; ग्रन्थकार; लेखक; कृतिकार; रचनाकार; निर्माता; सर्जक; सिर्जनाकार; कलाकार।

रजगज (Carefree life, luxury, grandeur; hegemony)- *ना.* [राजकाज] रजाइँ; ठाँटबाँट; तडकभडक; ढलीमली; मोजमज्जा।

रजत जयन्ती (Silver jubilee, 25th anniversary)- *ना.प.* संस्था उद्योग, व्यक्ति, घटना विशेषले पच्चिसौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा मनाइने विशेष उत्सव; रजतोत्सव।

रजत पदक (Silver medal)- *ना.प.* प्रतियोगितामा दोस्रो हुनेलाई दिइने पदक।

रजबन्धकी (Property mortgaged by a king or state)- *वि./ ना.* [राज+बन्धक+ई] राजा वा राज्यले बन्धक राखेको; सरकारबाट बन्धक वा धितोमा परेको; राजबन्धकी।

रजबाँधा (Prisoners of war from Royal or feudal families)- *ना.* [राज+बाँधा] राजकीय वा सामन्त परिवारका युद्धबन्दीहरू।

रजबाधा (Mortagaged by state or Government)- *ना.* [सं.] राज्य वा सरकारले ऋण लिएबापत धितो राखेको जमिन वा वस्तु; सरकारले धितो धरौटी राखेको वस्तु।

रजस्वला (Menstruation)- *ना.* [सं.] महिलाको मासिक धर्म; ऋतुधर्म।

रजाइँ (Enjoyment of monopoly, hegemony)- *ना.* [राज+आइँ] अख्तियारको एकलौटी उपयोग; रजगज; हैकम; मैमत्तपन।

रजिस्टर्ड एजेन्ट (Registered agent)- *नाप. [अङ्ग]* नेपाल एजेन्सी ऐनबमोजिम एजेन्टमा नाम दर्ता भएको व्यक्ति; सूचीकृत वा इजाजतप्राप्त एजेन्ट वा प्रतिनिधि। *[हे. नेपाल एजेन्सी ऐन, २०१४ को दफा २ को खण्ड (ख) ।]*

रजिस्ट्रार (Registrar)- *ना.* [अङ्.] सङ्घ, संस्था, सङ्गठन, निकाय, अड्डा, अदालतको उच्च तहको प्रशासनिक पदमा रही काम गर्ने गराउने पदाधिकारी; कुलसचिव; सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत वा प्रशासकीय अदालतको रजिस्ट्रार वा सो पदमा कायम मुकायम वा निमित्त भई काम गर्ने सहरजिस्ट्रार वा अन्य अधिकृत। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २ को खण्ड (ठ) ।]*

रजेलो (Son born out of wedlock)- *ना.* [रज+एलो] औपचारिक रूपमा विवाह नगरेकी श्रीमतीबाट जन्मिएको छोरा।

रजैया (Of Government)- *ना.* [राज+ऐया] सरकारी; सरकारसँग सरोकार भएको।

रजौटा (King of petty kingdom)- *ना.* [राज+औटा] सानो इलाका, जिल्ला वा क्षेत्रका राजा; भुरेटाकुरे राजा।

रज्जुमार्ग/ रोपलाइन (Ropeway)- *ना.* [सं. रज्जु+मार्ग/ अङ्.] बिजुलीबाट चल्ने डोरी वा तारको बाटो; घिर्लिङ।

रज्वा (King)- *ना.* [था.] राजा; नरेश।

रञ्जित (Delightful, happiness)- *ना.* [सं.] प्रसन्न; आनन्द।

रट/ रटान (The speaking of parrot; asking or demanding something repeatedly)- *ना.* [रट्+आन] एकोहोरो हठ वा जिद्दी; लगातार एउटै कुरो गरिरहने; घोकन्ती; घोकाइ।

रडाको (Quarrel, altercation, wrangling)- *ना.* [सं. रण>राडो>रडाक+ओ] झैझगडा; वैमनस्य; झैझमेला; होहल्ला; हुलदङ्गा।

रण (War, battle, combat)- *ना.* [सं.] लडाइँ; युद्ध; सङ्ग्राम।

रणक्षेत्र/ रणभूमि (Battle-field)- *ना.* [सं.] युद्धभूमि; युद्धस्थल; लडाइँ परेको ठाउँ।

रणनीति (Strategy)- *ना.* [सं.] लक्ष्यमा पुग्न अवलम्बन गरिने विधि वा योजना।

रणभूमि सजाय (Field punishment)- *ना.प.* लडाइँसम्बन्धी तालिम भइरहेका ठाउँमा दिइने सजाय; जिउमा क्षति नपुग्ने गरी थुन्ने वा कडा परिश्रम गराउने गरी बिल्लादार वा सोभन्दा तल्लो दर्जाको फौजीलाई दिइने सजाय; सुरक्षा निकायमा कार्यरत व्यक्तिलाई जीउमा क्षति नपुग्ने गरी थुन्ने र कडा परिश्रम गराउने सजाय।

रणवीर (Warrior)- *ना.* [सं.] युद्धवीर; वीरता पूर्वक लडने योद्धा।

रत्तिनु (To be attracted, to be infatuated)- *क्रिप.* [सं.] आकर्षित हुनु; प्रेममा फस्नु; लहसिनु।

रथी (Lieutenant General)- *ना.* [सं.] सेनाको लेफ्टिनेन्ट जनरल; रथारोही; युद्धमा वीरता प्रदर्शन गर्ने योद्धा।

रद्द (Cancelled; dismissed; repealed)- *ना.* [अ.] खारेजी; काम नलाग्ने।

रनभुल्ल (Confusion, puzzlement)- *ना.* छक्क; के गर्ने भन्ने सोच नभएको अवस्था; अन्योल; भुलभुलाउ। *वि./ क्रिवि.* छक्क पर्ने गरी; भुलभुलैयामा पर्ने गरी; अन्योलमा पर्दै।

रफ्फादफ्फा/ रफादफा (Complete disposal, clearance)- *ना.* समाप्ति; फर्स्यौट; हिसाबको चुक्ता; टुङ्याउनी; राफसाफ।

रबरछाप (To rely on others to make the decision)- *ना.* [अङ्. रबर+छाप] आफू निर्णय गर्न नसकी अरूको भरमा निर्णय गर्ने; अर्काको मोहरा मात्र हुने; पिछलग्गु वा भरौटे।

रबाफ/ रवाफ (Pomp; snobbery, grandeur, pretentious)- *ना.* [अ. रवाब] फुर्तीफार्ती; बनावटी धाक; तडकभडक; स्वाङ; धाकरबाफ।

रमण (Luxury, opulance; travelling, roam, promenade)- *ना.* [सं.] मनोरञ्जनका लागि विचरण; विलास; घुम्ने।

रमन (Patrolling)- *ना.* [अङ्. राउन्ड] प्रहरीको गस्ती; सुरक्षाका लागि गस्ती लगाउने काम।

रमाना/ रवाना (Travelling)- *ना.* [फा. रवान] कुनै ठाउँबाट गरिने प्रस्थान; भ्रमण वा यात्रा।

रमानापत्र (Travel letter)- *ना.* [रमाना+पत्र] सरुवा भएको कर्मचारीलाई साबिक कार्यालयबाट सरुवा गरिएको हालको कार्यालयमा पठाइएको बेहोरा लेखिएको पत्र।

रसद (Ration, grocery, food-grain)- *ना.* [फा.] अन्नपात; अनाज; रासन; समूहगत रूपमा रहेका मानिसहरूलाई प्रबन्धन गरिने खाद्यसामग्री।

रसावट/ रसौनी (Leakage, outflow)- *ना.* [रसाउ+अट/ रसाउ+नी] चुहावट; चुहाइ; चुहिने ठाउँ।

रसिद (Receipt)- *ना.* [अङ. रिसिट] भरपाई; प्राप्तिस्वीकार निस्सा।

रस्साकस्सी (Tug of war, contestation; rivalry)- *ना.* [रस्सी+कस्+ई] डोरी (रस्सी) कसे जसरी हुने तानातान; खिचातानी; घम्साघम्सी; होडबाजी; प्रतिस्पर्धा।

रहकुल (Residue, remainder)- *ना.* [रह+कुल] अवशेष; बचेखुचेको वस्तु; बाँकी रहेको कुरा।

रहजनी (Robbery)- *ना.* [फा. राहजन>रहजन+ई] बाटोघाटो वा जङ्गलमा ढुकी जबर्जस्ती रूपमा गरेको चोरी; डकैती।

रहनसहन (Behaviour, standard of living)- *ना.* [रहन (द्वि)] लवाइ, खवाइ, व्यवहार, परम्पराको समग्रता; परिवेश वा स्थिति; जीवन निर्वाह गर्ने पद्धति।

रहलपहल (Remainder, remaining, rest of)- *ना.* [रहल (द्वि)] बाँकी रहेको; बचेको; उभ्रिएको; निथार।

रहस्य (Inner fact, mystery, secret of)- *ना.* [सं.] गुप्तभेद; गुह्या; गुप्त; गोप्य तत्त्व।

रहस्यमय (Mysterious, enigmatic)- *ना.* [सं.] रहस्यले भरिएको; रहस्यपूर्ण; अत्यन्त गुप्त।

रहस्योदघाटन (Disclosure of mystery, divulgence)- *ना.* [सं. रहस्य+उद्घाटन] गोप्य कुराको पर्दाफास; रहस्य बाहिर ल्याउने काम; रहस्यको खुलासा।

राँकी (Clever, intelligent, smart)- *ना.* [अ. इराक>राँक+ई] बाठो; चलाख; टाठो।

रागद्वेष (Love and hatred)- *ना.* [सं. राग+द्वेष] वैमनस्य; मनोमालिन्य; उत्तेजना, रिस, डाहा।

राज (Governance, reign)- *ना.* [सं. राज्य] राज्यको शासन वा व्यवस्था; राजकाज; राजा वा सरकारको अधिकारभित्रको इलाका; राज्यको शासन; शासनव्यवस्था; राज्यसञ्चालन; रजाइँ।

राजकर (Revenue, tax)- *ना.* [राज+कर] सरकारले उठाउने कर; राजश्व।

राजकाज (State affairs)- *ना.* [सं. राजकार्य] राज्य सञ्चालन; राज्यका कामकारबाही; शासनव्यवस्था; शासन सञ्चालन।

राजकीय (Relating to state affairs)- *वि.* [सं.] राज्य स्तरको; सरकारी; राज्यसँग सरोकार भएको।

राजकीय सत्ता (State authority)- *ना.प.* सार्वभौम सत्तासम्पन्न मुलुकको शासन सञ्चालन गर्ने अन्तरनिहित अधिकार; राज्यसत्ता; शासनसत्ता।

राजकुमार (Prince)- *ना.* [सं.] शाहजादा; राजाको छोरो।

राजकुमारी (Princess)- *ना.* [सं.] शाहज्यादी; राजकन्या; राजाकी छोरी।

राजकुल (Royal dynasty or family)- *ना.* [सं. राज+कुल] राजाको वंश; परम्परा; राजघराना।

राजकोष (State treasury)- *ना.* [सं. राज्य+कोष] राज्यको ढुकुटी; सरकारी कोष वा खजाना।

राजखानदान (Royal family)- *ना.* [राज+खान+दान] राजघराना; राजखलक।

राजगद्दी (Throne)- *ना.* [सं. राज+अ.विसदा>गद्दा+ई] सिंहासन; राज्यसिंहासन।

राजगुठी (Royal trust)- *ना.* [सं. राज्य+गुठी] धर्मकार्यका लागि राखेको राजपरिवारको गुठी; राज्यले सञ्चालन गर्ने गुठी; गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोवस्त र सञ्चालन गरी आएको गुठी।

राजगुरु (Royal priest)- *ना.* [सं.] राजाका गुरु; राजालाई मन्त्र सुनाउने गुरु।

राजगृह (Royal palace)- *ना.* [सं.] राजदरबार; राजप्रासाद; राजमहल।

राजघराना (Royal dynasty or family)- *ना.* [राज+घर+आना] राजाको कुल वा वंश; राजपरिवार; राजाका सन्तान; राजको खानदान।

राजतन्त्र (Monarchy, kingship)- *ना.* [सं.] राजाको प्रत्यक्ष शासन; वंशपरम्परामा आधारित शासनप्रणाली।

राजतिलक (Coronation of the king)- *ना.* [सं.] राज्यरोहण समारोह।

राजदण्ड (Sceptre)- *ना.* [सं.] राजाले हातमा लिने दण्ड; राजचिह्न।

राजदया (Royal forgiveness; pardon; amensty)- *ना.* [सं.] राजाद्वारा दिइने अभयदान वा क्षमा।

राजदरबार (Royal palace)- *ना.* [राज+दरबार] राजा, महाराजाहरूको निवासगृह; राजप्रासाद।

राजदूत (Ambassador)- *ना.* [सं.] विदेशी मुलुकमा राष्ट्रको प्रतिनिधि भएर काम गर्ने उच्च अधिकारी; विदेशस्थित नेपाली राजदूतावासको प्रमुखका रूपमा काम गर्ने अधिकारी; राजदूतावास नरहेका मुलुकको लागि सहप्रमाणीकृत गैरआवासीय राजदूत; राजदूतको पद रिक्त भएमा कार्यवाहक रूपमा काम गर्ने कूटनीतिक अधिकृत। *[हे. अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ को नियम २ को खण्ड (ग) ।]*

राजदूतावास (Embassy)- *ना.* [सं. राज+दूतावास] राजदूतको आवास एवम् कार्यालय।

राजद्रोह (Treason, rebellion, sedition)- *ना.* [सं.] राष्ट्रप्रति घृणा, द्वेष आदि फैलाउने काम; सरकार, देश वा संविधानका विरुद्ध गरिएको विद्रोह।

राजधर्म (Royal duty)- *ना.* [सं.] राजा वा सरकारको कर्तव्य; राजाको धर्म।

राजधानी (Capital)- *ना.* [सं.] देशको राज्य व्यवस्था सञ्चालनको केन्द्रीय कार्यमुकाम; सरकारका तीनै अङ्गका उपल्ला अङ्ग (व्यवस्थापिका, कार्यपालिका न्यायपालिका) का कार्यसम्पादन गर्ने केन्द्र रहने स्थान; राष्ट्रको सम्पूर्ण मुख्य प्रशासन सञ्चालन गर्ने केन्द्र।

राजनीति (Politics)- *ना.* [सं.] राज्यको शासन सञ्चालनसम्बन्धी नीति; राज्य र नागरिकबिच अन्तरसम्बन्ध स्थापना गर्ने मूल नीति; शासन व्यवस्थाको प्रणाली निर्धारण र सञ्चालन गर्न राज्यका विभिन्न मूल्यमान्यता (आर्थिक, वैदेशिक, सामाजिक र सांस्कृतिक) को समन्वय गर्ने सामाजिक पद्धति।

राजनीतिक (Political)- *वि.* [सं.] राजनीतिसम्बन्धी; राजनीतिसँग जोडिएको; राजनीतिको।

राजनीतिक दल (Political party)- *नाप.* समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले कानूनका अधीनमा रही आफ्ना राजनीतिक कामकारबाही सञ्चालन गर्न सङ्गठित भएका दल; आवधिक निर्वाचनमा सहभागी हुनका लागि निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दल; वैचारिक दृष्टिमा सहमत मानिसहरूको एकत्रित समूह; राजनीतिक मण्डली; राजनीतिक पार्टी। *[हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (ट), राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ङ) तथा दफा ३ र निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २ को खण्ड (द) ।]*

राजनीतिक प्रकृतिका कसुर (Political offence, political crime)- *नाप.* भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, राज्यविरुद्धका क्रियाकलाप; निर्वाचनसम्बन्धी अपराध; दलीय वा प्रतिस्पर्धात्मक राजनीतिसँग जोडिएका वा सत्ता राजनीतिसँग जोडिएका विषयका अपराध।

राजनीतिज्ञ (Politician)- *ना.* [सं.] राजनीतिको मर्म बुझेको व्यक्ति; राजनीतिको ज्ञाता; राजनीतिविद्; राजनीतिक क्रियाकलाप गरेर त्यसबारेमा अनुभवसिद्ध व्यक्ति।

राजनीतिशास्त्र (Political Science, political philosophy)- *ना.* [सं.] राजनीति दर्शनको विषद ज्ञान दिने शास्त्र; समाजविज्ञान अन्तर्गतको एक विशिष्टीकृत ज्ञानशास्त्र।

राजनेता (Statesman, political leader)- *ना.* [सं.] राष्ट्रको नेता; राष्ट्रिय स्तरको राजनीतिक व्यक्तित्व; कुनै दलको नभई समग्र देशवासीले नै मुलुकको नेता मानेको व्यक्ति; राष्ट्रनायक।

राजपत्र (Gazettee)- *ना.* [सं. राज+पत्र] सरकारका औपचारिक तथा आधिकारिक रूपमा आफ्नो कामकाज, कानून, निर्णय आदिको विवरण छापिने सरकारी सूचनापत्र; गजेट।

राजपत्रअनङ्कित (Non-gazetted)- *वि.* [सं.] राजपत्रमा उल्लेख हुने वा छापिने।

राजपत्राङ्कित (Gazetted)- *वि.* [सं.] राजपत्रमा उल्लेख हुने वा छापिने।

राजपदवी (The Kingship, crown) - *ना.* [सं.] राजपद; राजाको पद; राजपरिवारका सदस्यहरूका मानार्थ पदहरू।

राजपदाधिकारी (Government officer, an official awarded by the king)- *ना.* [सं.] सरकारी अधिकृत; राजाबाट मान पाएको पदाधिकारी।

राजपरिवार (Royal family)- *ना.* [सं.] राजाको परिवार; शाही परिवार।

राजपरिषद् (Royal Council)- *ना.* [सं.] राजालाई सल्लाह दिने उच्चस्तरीय परिषद् वा संस्था।

राजपाट (State or Government affairs, reign; throne)- *ना.* [सं. राज्यपट्टा] राजकाज; राज्य सञ्चालनका सम्पूर्ण कामकारबाही; राजशासन।

राजपाल (Guardian of state; provincial representative of head of the state)- *ना.* [सं. राज्यपाल] राज्यको हेरचाह गर्ने प्रमुख व्यक्ति; राष्ट्राध्यक्षको प्रान्तीय प्रतिनिधि; प्रदेशप्रमुख; लोकपाल।

राजबन्दी (Political prisoner)- *ना.* [सं.] राजकाज वा राजनीतिक प्रकृतिका अपराध अन्तर्गत कैद परेको व्यक्ति; राजनीतिक बन्दी।

राजभत्ता (King's allowance)- *ना.* [राज+भत्ता] राजाको भत्ता; राजाधिदेय।

राजभवन (Royal palace)- *ना.* [सं.] राजा बस्ने भवन; राजदरबार; राजगृह।

राजभार (State service; state duty)- *ना.* [सं.] राज्यको अभिभारा; राजकाजको जिम्मेवारी; राज्यबाट दिइएको जिम्मेवारी; राज्यको कार्यभार।

राजभारदार (Royal advisor, courtier)- *ना.* [राज+भारदार] राजाका भाइभारदार; शाही सल्लाहकार; दरबारिया।

राजमार्ग (Highway)- *ना.* [सं.] ठुलाठुला सडक; लोकमार्ग; राजपथ; मूल सडक।

राजमुकुट (Royal crown)- *ना.* [सं.] गद्दीनसिन राजा वा रानीले लगाउने शिरपेच; श्रीपेच।

राजसंस्था (Monarchy, kingship)- *ना.* [सं. राज+संस्था] वंशगत राजाको नेतृत्वको संस्था वा प्रणाली।

राजसिंहासन (Royal throne)- *ना.* [सं.] राजा बस्ने आसन; राजगद्दी।

राजस्व (Revenue)- *ना.* [सं.] सरकार वा सार्वजनिक संस्थालाई तिर्नु वा बुझाउनु पर्ने कुनै पनि प्रकारको कर, महसुल, दस्तुर, शुल्क, रोयल्टी, जरिमाना र यस्तै प्रकारको अन्य रकम; त्यस्ता कर, महसुल, दस्तुर, शुल्क, रोयल्टी वा त्यस्तै अन्य प्रकारका रकममा लाग्ने ब्याज वा जरिबाना; सङ्घीय वा प्रदेश सरकार वा स्थानीय तहलाई तिर्नु वा बुझाउनुपर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर वा अन्य कुनै कर; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई तिर्नु वा बुझाउनु पर्ने गैरकर रकम। *[हे. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ङ) र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ को खण्ड (क) ।]*

राजस्व चुहावट (Revenue pilferage)- *ना.प.* कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले कुनै कार्य गरी राजस्वमा हानिनोक्सानी पुऱ्याउने काम; राजस्व चुहाउने वा कम राजस्व देखाई व्यक्तिगत लाभ लिने काम।

राजस्व न्यायाधिकरण (Revenue tribunal)- *ना.प.* राजस्वसम्बन्धी मुद्दामामिला र सोसम्बन्धी उजुर, निवेदन वा पुनरावेदनको सुनुवाइ, कारबाही, फैसला वा आदेश गर्ने अधिकारक्षेत्र भएको निकाय; अदालतसरह अधिकार प्रयोग गरी राजस्वसम्बन्धी मुद्दा मामिला हेर्ने एक वा एकभन्दा बढी न्यायाधिकारी रहने न्यायाधिकरण वा अदालत।

राजा (King, monarch)- *ना.* [सं.] राजतन्त्रात्मक मुलुकको सर्वोच्च शासक।

राजाज्ञा (Royal edict, Royal mandate, King's order)- *ना.* [सं.] राजाको आदेश; राजाबाट भएको आज्ञा वा हुकुम; राजाको अहरोट।

राजी (Acceptance, consent; agree)- *ना./ वि.* मन्जुर; सहमत; स्वीकृत।

राजीखुसी (Willful consent)- *ना.* [राजी+खुसी] स्वेच्छाको मन्जुरी; मनले मानेर दिइएको स्वीकृति वा सहमति; स्वैच्छिक सम्मति।

राजीनामा (Deed of conveyance, resignation, renouncement)- *ना.* [राजी+नामा] आफूमा रहेको हक, अधिकार, सम्पत्ति वा पद राजीखुसीसाथ छोड्ने काम; त्यागपत्र।

राज्यकर (State tax)- *ना.* [सं.] राज्यले लिने कर; सरकारी कर।

राज्यच्युत (Deposed, dethroned)- *ना.* [सं. राज्य+च्युत] राज्यको शासनाधिकारबाट हटाइएको वा झिकिएको; सत्ताच्युत; अपदस्थ।

राज्यत्याग (Abdication of throne)- *ना.* [सं. राज्य+त्याग] राजपाटबाट हटेको; राजकाज वा राज्याधिकार छोडेर अलग रहने काम।

राज्यमन्त्री (Minister of State)- *ना.* [सं.] मन्त्रीभन्दा तल्लो र सहायक मन्त्रीभन्दा माथिल्लो तहमा रहने मन्त्री।

राज्यशक्ति (State power)- *ना.* [सं. राज्य+शक्ति] राज्यको कार्यपालिकीय व्यवस्थापिकीय र न्यायापालिकीय अधिकार; संविधान र कानूनका अधीनमा रही संविधान र कानूनले निर्दिष्ट गरेका राज्यसंयन्त्रका विभिन्न अङ्गले अधिकार प्रयोग गर्ने क्षमता; सीमित शक्ति र अधिक उत्तरदायित्वका मान्यतामा आधारित नागरिकका मूलभूत मानवअधिकार तथा मौलिक स्वतन्त्रतामा हस्तक्षेप नहुने गरी र स्वतन्त्रताको हस्तक्षेप गर्दा पनि कानूनका आधार र पारदर्शी कार्यपद्धतिमा मात्र गर्ने ससर्त समाज नियमन र राज्य सञ्चालन गर्ने राज्यको वैध बल वा शक्ति; सार्वभौम सत्तासम्पन्न देशको सरकारी स्वशासन शक्ति। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ज)) ।]*

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (Rapti Academy of Health Sciences)- *ना.प.* स्वास्थ्यविज्ञानका क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारणलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन दाङ्ग जिल्लाको घोराहीमा स्थापित प्रतिष्ठान। *[हे. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा २ को खण्ड (झ) र दफा 3 ।]*

राफसाफ (Clearance; clearing of sums or dues; full payment)- *ना/वि.* [साफ (द्वि)] सबै पूरा हुने वा टुड्गिने काम; फर्स्यौट; चुक्ता; समस्याको समाधान; निराकरण; फच्चे; फुर्सद; निब्टारा।

राफसाफ तथा फर्स्यौट व्यवसाय (Clearing and settlement business)- *ना.प.* राफसाफ तथा फर्स्यौटसम्बन्धी कारोबार गर्ने पेसा वा व्यवसाय। *[हे. वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (छ) र दफा २६।]*

राफसाफ तथा फर्स्यौट व्यवसायी (Clearing and settlement house)- *ना.प.* राफसाफ तथा फर्स्यौटसम्बन्धी व्यवसाय गर्ने अनुमतिप्राप्त संस्था। *[हे. वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ज)।]*

राय (Opinion, advice)- *ना.* [फा.] मत; सल्लाह; सुझाब; परामर्श; निर्णय निर्धारण गर्ने प्रेरक तत्त्व; अभिमत वा विचार; अन्त:दृष्टि; दृष्टिकोण; आत्मनिश्चय; भित्री ठम्याइ।

रायकिताब (Verdict book)- *ना.* [फा. राय+ अ. किताब] न्यायाधीशले मुद्दामा ठहर गरेको विषय सङ्क्षिप्त रूपमा टिपोट र अभिलेख गर्न अदालतमा राखिएको किताब; फैसला वा आदेश गर्दा न्यायाधीशले टिपोट गर्ने पुस्तक। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, 2074 को दफा १९७ को उपदफा (१) को स्पष्टीकरण।]*

रायपरामर्श (Consultation)- *ना.* [राय+परामर्श] विचारविमर्श; कुनै विषयमा विषयगत विज्ञसँग लिइने राय वा सल्लाह।

रायबाझी (Dissenting opinion)- *ना.* [राय+बाझ्+ई] परस्पर राय नमिलेर अलग-अलग राय हुने काम; दुई वा सोभन्दा बढी न्यायाधीशहरू रहेको इजलासमा मतैक्य नभएको राय; मतान्तर; मतभिन्नता; फरकफरक मत।

रायबाझी फैसला (Dissenting decision)- *ना.प.* [सं.] मुद्दाको सुनुवाइ गर्दा न्यायाधीश वा न्यायिक निर्णय गर्ने अधिकारीहरूका बिचमा राय नमिली गरेको फैसला; दुई वा सोभन्दा बढी न्यायाधीशहरू रहेको इजलासमा कुनै मुद्दाको निर्णयमा न्यायाधीशहरू एकमत नभएको फैसला; एकै इजलासका न्यायाधीशहरूमा खासखास विषयमा मतैक्य नभएको वा फरकफरक अर्थ गराइ रहेको फैसला; इजलासका न्यायाधीशहरूबिच ठहरमा सर्वसम्मति वा सम्मति कायम नभएको फैसला।

राष्ट्र (Nation)- *ना.* [सं.] जनता, सरकार, सम्प्रभुता तथा भूभाग भएको देश वा मुलुक; कुनै पनि देशका एकताका सूत्रमा आबद्ध सबै जनता।

राष्ट्र यशोवर्द्धक अलङ्कार (*Rastra Yashowardhak Alankar*)- *ना.प.* राष्ट्रिय वा अन्तरराष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा उदाहरणीय काम गरी राष्ट्रको मान, प्रतिष्ठा, यश वा गौरव वृद्धि

गर्ने काममा योगदान दिने नेपाली नागरिकलाई प्रदान गरिने अलङ्कार; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम ११ को उपनियम (१)।]*

राष्ट्रऋण (Public debt)- *ना.* [सं. राष्ट्र+ऋण] राज्य वा सरकारले उठाउने ऋण; उचित ब्याज दिने गरी राष्ट्रले सर्वसाधारण जनतासँग लिने ऋण; सरकारले ऋणपत्र जारी गरी त्यसका माध्यमबाट लिने स्वदेशी सार्वजनिक ऋण। *[हे. राष्ट्र ऋण ऐन, २०५९ को दफा २ को खण्ड (ख) र दफा ३।]*

राष्ट्रगौरव मानपदवी (*Rastragaurav Man Padavi*, Order of the National Pride)- *नाप.* अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा बढाउन विशिष्ट योगदान पुऱ्याउने विदेशी मुलुकका राष्ट्राध्यक्ष वा राष्ट्रिय तथा अन्तरराष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने नेपाली नागरिकलाई प्रदान गरिने मानपदवी; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम ४ को उपनियम (१)।]*

राष्ट्रघात (Treason, sedition, betrayal)- *ना.* [सं. राष्ट्र+घात] राष्ट्रलाई हानिनोक्सानी गर्ने काम; राष्ट्रको अस्मितामा चुनौती दिने काम; राष्ट्रलाई धोका दिने काम।

राष्ट्रदीप मानपदवी (*Rastradeep Man Padav.)- नाप.* नेपालको यश, श्रीवृद्धि, हित तथा उत्थानका लागि आआफ्ना क्षेत्रबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने नेपाली वा विदेशी नागरिकलाई प्रदान गरिने मानपदवी; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम ५ को उपनियम (१)।]*

राष्ट्रद्रोह/ राष्ट्रद्रोही (Treasonist, anti-national)- *ना.* [सं.] आफ्नै राष्ट्रविरुद्ध विद्रोह; देशद्रोह; राष्ट्रद्रोह गर्ने; देशद्रोही।

राष्ट्रनायक (Head of the nation)- *ना.* [सं.] राष्ट्रका प्रमुख नेता; राष्ट्रको नेतृत्वकर्ता।

राष्ट्रपति (President)- *ना.* [सं.] गणतान्त्रिक शासनपद्धति भएका मुलुकको राष्ट्राध्यक्ष; राष्ट्रप्रमुख।

राष्ट्रपिता (Father of the nation)- *ना.* [सं.] राष्ट्रनिर्माण वा राष्ट्रका लागि विशिष्ट योगदान दिने व्यक्तिलाई सम्मानका रूपमा दिइने उपाधि; राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र लोकहितमा विशिष्ट योगदान दिने व्यक्तिले पाउने उपाधि।

राष्ट्रप्रमुख (Head of the state)- *ना.* [सं.] राष्ट्रको प्रमुख पदाधिकारी; देशको मुली; राज्यको सर्वोच्च पदमा रहेको राजा वा राष्ट्रपति।

राष्ट्रभक्त (Patriot; nationalis)- *ना.* [सं.] देशभक्त; राष्ट्रको भक्त; देश वा राष्ट्रलाई माया गर्ने; देशप्रेमी; राष्ट्रप्रेमी।

राष्ट्रभाषा/ राजभाषा (National language, official language)- *ना.* [सं.] सरकारी कामकाजको भाषा; देशमा मातृभाषाका रूपमा बोलिने भाषा; देशको सामाजिक तथा सार्वजनिक सम्पर्क माध्यमका रूपमा प्रचलित भाषा।

राष्ट्रभेद (Espionage)- *ना.* [सं.] प्राचीन राजनीतिअनुसार शत्रुराष्ट्रमा विद्रोह, उपद्रव र अशान्ति मचाउने कुटनीतिक उपाय वा युक्ति; अरू राष्ट्रलाई फुटाएर आफ्नो आधिपत्य कायम गर्न राज्यले लिने विदेश नीति।

राष्ट्रमण्डल (Commonwealth of nations)- *ना.* [सं.] समान भावना वा हितका दृष्टिले परस्पर आबद्ध हुने राष्ट्रहरूको समूह; विश्वका विभिन्न मुलुकहरूको मण्डली।

राष्ट्रमुद्रा (National currency)- *ना.* [सं.] राष्ट्रको प्रचलित मुद्रा; राष्ट्रिय मुद्रा; स्वदेशी मुद्रा।

राष्ट्रलिपि (National script)- *ना.* [सं.] राष्ट्रले औपचारिक रूपमा प्रयोगमा ल्याएको लिपि; सरकारी कामकाजको भाषालाई लिखित रूप दिन प्रयोग गरिने लिपि; नेपालको सन्दर्भमा देवनागरी लिपि।

राष्ट्रवाद (Nationalism; patriotism)- *ना.* [सं.] राष्ट्रभक्ति; देशभक्ति; राष्ट्रको उन्नति-प्रगतिलाई सर्वोपरी मान्ने सिद्धान्त; देशलाई प्राणभन्दा प्यारो मान्ने मत वा भावना।

राष्ट्रवासी (Citizen, nationals)- *ना.* [सं.] राष्ट्रका बासिन्दा; नागरिक; जनता।

राष्ट्रविप्लव (Insurrection)- *ना.* [सं.] सार्वभौम सत्तामा खलल पार्ने काम; सरकार वा शासनसत्ता उल्ट्याउने गतिविधि; राज्यशासनको उलटपुलट।

राष्ट्रव्यापी (Nationwide)- *वि.* [सं.] राष्ट्रभरको; देशव्यापी।

राष्ट्रसङ्घ (League of Nations)- *ना.* [सं.] प्रथम विश्वयुद्धपछि राष्ट्रहरूबिच पारस्परिक सद्भाव बढाई विश्वशान्ति कायम गर्न सन् १९१९ मा खडा भएको अन्तरराष्ट्रिय संस्था; राष्ट्रमण्डल; लिग अफ नेसन्स; सन् १९४६ मा दोस्रो विश्वयुद्धको समाप्तिपछि संस्थापना भएको संयुक्त राष्ट्रसङ्घ; युनाइटेड नेसन्स; युएन।

राष्ट्रसेवक (Public servant; government employee; civil servant)- *ना.* [सं. राष्ट्र+सेवक] सार्वजनिक पद धारण गरेको व्यक्ति; सार्वजनिक जवाफदेहीका पदमा निर्वाचित, मनोनित वा नियुक्त भएको व्यक्ति; सङ्घीय सरकार वा प्रदेश सरकार वा अन्य सरकारी सेवामा नियुक्त

भएको व्यक्ति; स्थानीय तह वा जिल्ला समन्वय समितिको कुनै पद वा सेवामा निर्वाचित, मनोनीत वा नियुक्त भएको व्यक्ति; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाका पदाधिकारी वा त्यस्तो संस्थाको सेवामा नियुक्त भएको व्यक्ति; सार्वजनिक जवाफदेही भएको पदमा अन्य कुनै किसिमले नियुक्त भएको वा वहाल रहेको व्यक्ति; राष्ट्रको सेवा गर्ने सार्वभौम नेपालीप्रति उत्तरदायी हुने व्यक्ति। *[हे. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (घ), मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (ञ) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (न)।]*

राष्ट्रसेवा (Public service; government service)- *ना.* [सं.] राज्यका तर्फबाट समाज र नागरिकहरूप्रति उपलब्ध गराउनुपर्ने सबै खालका सेवा; राष्ट्रसेवकका काम र जिम्मेवारी; देशसेवा।

राष्ट्रसेवा पदक *(Rastra Sewa Padak)- नाप.* राष्ट्रहितको लागि राष्ट्रसेवाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने निजामती कर्मचारी, नेपाली सेना वा प्रहरीका जवान वा अधिकृतलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २१ को उपनियम (१)।]*

राष्ट्रिय (National, of nation)- *वि.ऊ* [सं.] राष्ट्रसम्बन्धी; राष्ट्रको; राष्ट्रभरको; सङ्घीय तहको।

राष्ट्रिय अनुसन्धान विभाग (National Investigation Department, Central Intelligence Bureau)- *नाप.* राष्ट्रिय सुरक्षासँग सम्बन्धित अनुसन्धान, सूचना सङ्कलन लगायत सेवा कार्य सञ्चालन गर्न स्थापित विभाग। *[हे. नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१)।]*

राष्ट्रिय अभिलेखालय (National Archives)- *नाप.* अभिलेखहरू व्यवस्थित र सुरक्षित तरिकाले राख्नका लागि राष्ट्रिय स्तरमा स्थापित अभिलेख सङ्ग्रहालय; पुरातात्त्विक अभिलेखघर; सङ्घीय अभिलेखालय। *[हे. अभिलेख संरक्षण ऐन, २०४६ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.३।]*

राष्ट्रिय अभिलेखालय सल्लाहकार समिति (National Archives Advisory Committee)- *नाप.* अभिलेखहरू व्यवस्थित एवम् सुरक्षित तरिकाले राख्ने सम्बन्धमा राष्ट्रिय अभिलेखालयलाई आवश्यक सरसल्लाह दिन गठित समिति। *[हे. अभिलेख संरक्षण ऐन, २०४६ को दफा 4 को उपदफा ४.१।]*

राष्ट्रिय एन्टिडोपिङ एजेन्सी (National Anti-Doping Agency)- *नाप.* खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्ने राष्ट्रिय स्तरको निकाय वा एजेन्सी। *[हे. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ४३ को उपदफा (१) र राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २ को खण्ड (क) ।]*

राष्ट्रिय किताबखाना (Department of National Personnel Records)- *नाप.* निजामती कर्मचारी, शिक्षक र प्रहरीको अभिलेख राख्ने निकाय। *[हे. कर्मचारी समायोजन ऐन, २०७५ को दफा २ को खण्ड (घ) ।]*

राष्ट्रिय कृषिनीति (National agricultural policy)- *नाप.* राष्ट्रिय योजना आयोगबाट तय गरिएको दीर्घकालीन कृषियोजना तथा पञ्चवर्षीय योजनामा समावेश भएको कृषियोजना कार्यान्वयन सरकारद्वारा स्वीकृत नीति; कृषिसम्बन्धी राष्ट्रिय नीति। *[हे. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा २ को खण्ड (ङ१) ।]*

राष्ट्रिय खाद्य परिषद् (National Food Council)- *नाप.* खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकारको संरक्षण, प्रवर्धन तथा परिपूर्ति गर्ने कार्यलाई व्यवस्थित गर्न गठित परिषद्। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ज) र दफा 32 ।]*

राष्ट्रिय खाद्य योजना (National Food Plan)- *नाप.* सरकारले सङ्घ, प्रदेश र स्थानीय तहका खाद्यसँग सम्बन्धित निकायसँग समन्वय गरी बनाएको राष्ट्रिय स्तरको योजना। *[हे. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (१) ।]*

राष्ट्रिय खेल महासङ्घ (National Sports Federation)- *नाप.* कम्तीमा चार प्रदेशका खेल संघ आपसमा मिलेर गठन गरेको महासङ्घ; अन्तरप्रादेशिक खेल महासङ्घ।

राष्ट्रिय खेल सङ्घ (National Sports Association)- *नाप.* कम्तीमा चार प्रदेशका खेल सङ्घहरू आपसमा मिलेर गठन गरेको सङ्घ; अन्तरप्रादेशिक खेल सङ्घ।

राष्ट्रिय खेलकुद परिषद् (National Sports Council)- *नाप.* खेलकुदको विकास, विस्तार, प्रवर्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्न स्थापना गरिएको सङ्घीय स्तरको परिषद्। *[हे. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा 2 को खण्ड (ज) र दफा 3 ।]*

राष्ट्रिय खोप समिति (National Immunization Committee)- *नाप.* खोप कार्यक्रमसम्बन्धी नीति निर्माण गर्न सरकारलाई सुझाव दिने कामको लागि स्थापना गरिएको राष्ट्रिय स्तरको समिति। *[हे. खोप ऐन, २०७२ को दफा 2 को खण्ड (ठ) र दफा 15 ।]*

राष्ट्रिय खोप सल्लाहकार समिति (National Immunization Advisory Committee)- *नाप.* खोप कार्यक्रमको विकास, विस्तार एवम् सञ्चालन गर्न तथा प्राकृतिक प्रकोप वा महामारी भएका बखत तत्काल खोप कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय खोप समितिलाई राय सल्लाह दिन स्थापना भएको सल्लाहकार समिति। *[हे. खोप ऐन, २०७२ को दफा 2 को खण्ड (ड) र दफा 18 ।]*

राष्ट्रिय ग्रिड (National Grid)- *नाप.* राष्ट्रिय प्रसारण लाइन; विद्युत आपूर्ति प्रणालीको मुख्य प्रवाहमार्ग।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड (National Tea and Coffee Development Board)- *नाप.* चिया तथा कफी उद्योगका विकाससम्बन्धी योजनाहरू राष्ट्रिय स्तरमा तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा सञ्चालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित एवम् प्रभावकारी ढङ्गबाट अझ सबल तुल्याउन स्थापित बोर्ड। *[हे. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा २ को खण्ड (क) र दफा 3 ।]*

राष्ट्रिय जनस्वास्थ्य समिति (National Public Health Committee)- *नाप.* मानव स्वास्थ्यका विषयमा प्रभाव पार्ने बृहत् सामाजिक निर्धारकहरूलाई सम्बोधन गर्न, विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरूमा जनस्वास्थ्यका मामिलालाई समावेश गर्न र स्वास्थ्यसम्बन्धी सरकारलाई नीतिगत सुझाव दिने राष्ट्रिय स्तरको समिति। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ञ) र दफा 50 ।]*

राष्ट्रिय तथ्याङ्क कार्यालय (National Statistics Office, Central Bureau of Statistics)- *नाप.* सङ्घीय तहमा तथ्याङ्कसम्बन्धी काम गर्ने केन्द्रीय निकाय। *[हे. तथ्याङ्क ऐन, २०७९ को दफा २३ को उपदफा (१) ।]*

राष्ट्रिय तथ्याङ्क प्रणाली (National Statistical System)- *नाप.* कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणाली; राष्ट्रका सार्वजनिक तथ्य र तथ्याङ्कको एकीकृत अभिलेखन प्रणाली। *[हे. तथ्याङ्क ऐन, २०७९ को दफा २ को खण्ड (झ) र दफा 3 ।]*

राष्ट्रिय तथ्याङ्क प्रणाली समन्वय समिति (National Statistical System Coordination Committee)- *ना.प.* राष्ट्रिय तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा समन्वय गर्ने समिति। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम ४ को उपनियम (१) ।]*

राष्ट्रिय दलित आयोग (National *Dalit* Commission)- *ना.प.* दलित समुदायका मानवअधिकारको सम्मान तथा हक, हितको संरक्षण र संवर्धन तथा सो समुदायको सशक्तीकरणको काम गर्ने राष्ट्रिय आयोग; जातीय भेदभाव र छुवाछुतको अन्त्य गरी राष्ट्रनिर्माण तथा विकासका मूल प्रवाहमा दलित समुदायलाई प्रभावकारी रूपमा समाहित गर्न स्थापना गरिएको आयोग।

राष्ट्रिय दुग्ध विकास बोर्ड (National Dairy Development Board)- *ना.प.* दुग्ध व्यवसायसम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी विकास योजना राष्ट्रिय स्तरमा तर्जुमा गरी निजी क्षेत्र र सरकारी क्षेत्रका बिच सामञ्जस्य ल्याई दुग्धउत्पादन पेसालाई अझ सबल तुल्याउन स्थापित बोर्ड। *[हे. राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा २ को खण्ड (क) र दफा ३ ।]*

राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समिति (National Civil Aviation Safety Committee)- *ना.प.* [नागरिक उड्डयनलाई सुरक्षित बनाउन तथा राष्ट्रियस्तरमा हवाइ सुरक्षा समन्वय गर्न गठित समिति। *[हे.* नागरिक उड्डयन सुरक्षा *नियमावली, 2073 को नियम 2 को खण्ड (थ) र नियम 3) ।]*

राष्ट्रिय निकुञ्ज (National park)- *ना.प.* प्राकृतिक वातावरण, वन्यजन्तु, वनस्पति र भूदृश्यावली संरक्षण, व्यवस्थापन र उपयोगका लागि छुट्याइएको क्षेत्र। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (क) ।]*

राष्ट्रिय निकुञ्ज संरक्षक (Warden)- *ना.प.* राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि सरकारबाट नियुक्त व्यक्ति वा अधिकारी।

राष्ट्रिय न्यायिक प्रतिष्ठान (National Judicial Council)- *ना.प.* न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न एवम् कानून र न्यायका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न स्थापित प्रतिष्ठान। *[हे. राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा २ को खण्ड (क) र दफा ३ ।]*

राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (National Identity Management Information System)- *ना.प.* राष्ट्रिय परिचयपत्र वितरणका लागि नागरिकका सूचना र विवरण एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा, सुविधा र विकास योजनासँग

आबद्ध गर्न सरकारद्वारा स्थापित विद्युतीय प्रविधिमा आधारित तथ्याङ्क भण्डारण प्रणाली। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (ङ)।]*

राष्ट्रिय परिचयपत्र (National Identity Card)- *नाप.* जैविक विवरण, विद्युतीय चिप्स र सुरक्षणसहितको स्मार्टकार्ड प्रविधिमा आधारित परिचयपत्रको दृश्य भागमा सम्बन्धित व्यक्तिको नाम, थर, जन्ममिति, लिङ्ग, राष्ट्रियता, परिचय नम्बर, फोटो, परिचयपत्र जारी मिति र जारी गर्ने अधिकारी, स्थायी ठेगाना, नागरिकताको किसिम र नागरिकता नम्बर (नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा) विवरण देखिने गरी उल्लेख गरिएको परिचयपत्र; नेपाली नागरिकको राष्ट्रिय परिचयपत्र। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (ज) र दफा ९।]*

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग (Department of National Identity Card and Registration)- *नाप.* राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापनसम्बन्धी काम गर्ने गृहमन्त्रालय अन्तर्गतको विभाग। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३९ को उपदफा (१)।]*

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण समन्वय समिति (National Identity Card and Registration Coordination Committee)- *नाप.* राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको व्यवस्थापन, कार्यान्वयन एवम् तथ्याङ्क भण्डारको पहुँच र उपयोग सम्बन्धमा सम्बन्धित निकायहरूबिच समन्वय कायम गर्न र परिचयपत्र तथा पञ्जीकरण कार्यान्वयनसम्बन्धी आवश्यक अन्य कार्य गर्ने समिति। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३७ को उपदफा (१)।]*

राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने योग्य व्यक्ति (Eligible person to receive National Identity Card)- *नाप.* नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति; नेपालको नागरिकता प्राप्त गर्न योग्यता पुगेको व्यक्ति; नेपालको नागरिकता प्राप्त गर्न उमेर पूरा नभएको नाबालक व्यक्ति। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (झ) र दफा ४।]*

राष्ट्रिय परीक्षा बोर्ड (National Examination Board)- *नाप.* माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न स्थापित बोर्ड वा निकाय। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ६) र दफा 4क.।]*

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् (National Council for Curriculum Development and Evaluation)- *नाप.* पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन गर्ने राष्ट्रिय स्तरमा

नीति निर्धारण गर्न स्थापित परिषद्। *[हे. शिक्षा नियमावली, २०५९ को नियम ३२ को उपनियम (१) ।]*

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (National Reconstruction Authority)- *ना.प.* भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणका लागि स्थापित राष्ट्रिय स्तरको पुनर्निर्माण प्राधिकरण। *[हे. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २ को खण्ड (छ) र दफा 3 ।]*

राष्ट्रिय प्रकृति संरक्षण कोष (National Trust for Nature Conservation)- *ना.प.* वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, संवर्धन र व्यवस्थापन गर्न, राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूको विकासका निमित्त आवश्यक व्यवस्था गर्न र वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्न स्थापित कोष। *[हे. राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा 2 को खण्ड (क) र दफा 3 ।]*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (National Natural Resources and Fiscal Commission)- *ना.प.* प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय स्रोत हस्तान्तरणको परिमाण सिफारिस गर्न स्थापना भएको आयोग।

राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग (National priority industry)- *ना.प.* औद्योगिक व्यवसाय ऐनमा उल्लिखित उद्योग; राष्ट्रिय विकासका हिसाबले प्राथमिकतासाथ उत्पादन गर्नुपर्ने वा सेवाप्रवाह गर्नुपर्ने उत्पादनमूलक वा सेवामूलक उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (ढ) र दफा १९ ।]*

राष्ट्रिय बाल अधिकार परिषद् (National Child Rights Council)- *ना.प.* बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्धन गर्ने परिषद्; बालबालिकाको संरक्षणसम्बन्धी राष्ट्रिय तहको निकाय। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा 59 ।]*

राष्ट्रिय बिउबिजन समिति (National Seeds Board)- *ना.प.* बिउबिजनसम्बन्धी नीति निर्धारण गर्न, सोको कार्यान्वयन गर्न र बिउबिजनका विषयमा सरकारलाई आवश्यक परामर्श दिने समिति। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.४ र दफा 3 ।]*

राष्ट्रिय महिला आयोग (National Women Commission)- *ना.प.* महिलाको हकहितको संरक्षण, संवर्धन तथा महिलालाई सशक्तीकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्न स्थापना भएको आयोग।

राष्ट्रिय मानक (National Standard)- *ना.प.* राष्ट्रिय स्तरमा निर्धारित मानक; राष्ट्रिय मान।

राष्ट्रिय मानक र गुणस्तर (National standards and quality)- *ना.प.* राष्ट्रिय तथ्याङ्क परिषद्ले निर्धारण गर्ने वा गरेका तथ्याङ्कको राष्ट्रिय मानक र गुणस्तर। *[हे. तथ्याङ्क नियमावली, २०८० को नियम २ को खण्ड (ङ) र नियम ४ को उपनियम ३ ।]*

राष्ट्रिय मानवअधिकार आयोग (National Human Rights Commission)- *ना.प.* देशमा मानवअधिकारको सम्मान, संरक्षण र संवर्धन सुनिश्चित गर्ने आयोग; मानवअधिकारको परिपूर्ति वा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने संवैधानिक निकाय प्रदेश र स्थानीय तहमा समेत कार्यालय खोली काम गर्न सक्ने सङ्घीय तहमा कार्य गर्ने राष्ट्रिय आयोग। *[हे. नेपालको संविधानको धारा २४९ को उपधारा (१) ।]*

राष्ट्रिय युवा परिषद् (National Youth Council)- *ना.प.* युवाको हकहितको संरक्षण र संवर्धन गर्न स्थापना गरिएको राष्ट्रिय स्तरको परिषद्।

राष्ट्रिय योजना आयोग (National Planning Commission)- *ना.प.* राष्ट्रिय योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न गठन भएको आयोग।

राष्ट्रिय वन (National forest)- *ना.प.* सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन; रानीवन; सार्वजनिक वन।

राष्ट्रिय विद्युत प्रसारण प्रणाली (National Electricity Transmission System)- *ना.प.* राष्ट्रिय रूपमा विद्युत प्रसारणको लागि आबद्ध हुने विभिन्न भोल्टेज क्षमताका प्रसारण लाइन समावेश गरी सरकारले तोकेका विद्युत प्रसारण लाइन वा विद्युत प्रसारण लाइनसँग सम्बद्ध सबस्टेसन तथा स्वीचिङ स्टेसन; विद्युत सेवाको राष्ट्रिय प्रसारण प्रणाली। *[हे. विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम २ को खण्ड (ग) ।]*

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (National Disaster Risk Reduction and Management Authority)- *ना.प.* विपद् व्यवस्थापनसम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न गृहमन्त्रालय अन्तर्गत रहेको प्राधिकरण। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ञ) र दफा १० को उपदफा (१) ।]*

राष्ट्रिय शिक्षा परिषद् (National Education Council)- *ना.प.* शिक्षासम्बन्धी नीति निर्धारण गर्न सरकारलाई सल्लाह तथा सुझाव दिन स्थापित परिषद्। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ७) र दफा ७क. ।]*

राष्ट्रिय सतर्कता केन्द्र (National Vigilance Center)- *ना.प.* भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रधान मन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी स्थापना गरिएको केन्द्र। *[हे. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ को उपदफा (१) ।]*

राष्ट्रिय सभा (National Assembly)- *ना.प.* स्थायी सदनको रूपमा रहने संसद्को माथिल्लो सभा; संसद्का दुई सदन: प्रतिनिधिसभा र राष्ट्रिय सभामध्येको एक सदन।

राष्ट्रिय सभा कार्यव्यवस्था परामर्श समिति (Business Advisory Committee of National Assembly)- *ना.प.* राष्ट्रिय सभाका बैठकमा पेस हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने र अध्यक्षले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण संसदीय दलका सदस्यको प्रतिनिधित्व हुने गरी सभाका अध्यक्षको अध्यक्षतामा गठित समिति।

राष्ट्रिय सभा विकास, आर्थिक मामिला तथा सुशासन समिति (National Assembly Committee for Development, Economic Affairs and Good Governance)- *ना.प.* विकास योजना, आयोजना, दिगो विकास, समन्यायिक एवम् सन्तुलित विकास, लगानी, जनसङ्ख्या व्यवस्थापन, नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, सूचना प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विषय हेर्ने राष्ट्रिय सभाको समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (1) ।]*

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति (National Assembly Committee for Legislation Management)- *ना.प.* विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र सङ्घीय इकाइहरूबीच विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय हेर्ने राष्ट्रिय सभाको समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (1) ।]*

राष्ट्रिय सभा विशेषाधिकार समिति (National Assembly Privileges Committee)- *ना.प.* संविधानको धारा १०३ बमोजिम विशेषाधिकारसम्बन्धी प्रश्न उठी सो सम्बन्धमा छानबिन गर्न राष्ट्रिय सभामा गठन हुने समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६८ को उपनियम (१) ।]*

राष्ट्रिय सभा सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समिति (National Assembly Committee for Federalism Empowerment and National Concern)- *नाप.* राज्यको तहगत संरचनामा समन्वय र सवलीकरण, राजनीतिक, वित्तीय तथा प्रशासनिक सङ्घीयता, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोत, सामाजिक न्याय, मानव अधिकार, परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयन, राष्ट्रिय सुरक्षा, संवैधानिक निकाय, श्रम, रोजगार र उपभोक्ता हित, शान्ति प्रक्रिया, विपद् व्यवस्थापन, सामाजिक सद्भाव, शिक्षा, स्वास्थ्य, समावेशीकरण, लैङ्गिक मामिला, पिछडिएको क्षेत्र, समुदाय तथा संस्कृति सम्बन्धी विषय हेर्ने राष्ट्रिय सभाको समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (1) ।]*

राष्ट्रिय सभा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति (National Assembly Committee for Public Policy and Delegated Legislation)- *नाप.* सार्वजनिक नीति, प्रत्यायोजित विधायन, सरकारी आश्वासन सम्बन्धी कार्य, राष्ट्रिय महत्त्वका दस्तावेज, अभिलेख व्यवस्थापन, ऐतिहासिक एवम् पुरातात्त्विक सम्पदा सम्बन्धी विषय विषय हेर्ने राष्ट्रिय सभाको समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (1) ।]*

राष्ट्रिय सभाको अध्यक्ष (Chairperson of National Assembly)- *नाप.* राष्ट्रिय सभाको अध्यक्षता गर्ने व्यक्ति; राष्ट्रिय सभाको प्रमुख पदाधिकारी।

राष्ट्रिय सभाको उपाध्यक्ष (Vice-chairperson of National Assembly)- *नाप.* राष्ट्रिय सभाको अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने पद; राष्ट्रिय सभाको उपप्रमुख।

राष्ट्रिय समन्वय परिषद् (National Coordination Council)- *नाप.* सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न गठित परिषद। *[हे. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २ को खण्ड (ख) र दफा १६ को उपदफा (१) ।]*

राष्ट्रिय समावेशी आयोग (National Inclusive Commission)- *नाप.* खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक, सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली, पिछडिएको क्षेत्र तथा आर्थिक रूपले विपन्न वर्ग-समुदायका हक, अधिकारको संरक्षण र संवर्धन गर्न र त्यस्ता समुदायको सशक्तीकरण गर्न स्थापना भएको आयोग।

राष्ट्रिय सम्पदा (National heritage)- *नाप.* देशभरका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानवजातिका लागि महत्त्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति वा जीवजन्तु; राष्ट्रका सबै प्राकृतिक तथा सांस्कृतिक स्रोतसम्पदा। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ध) ।]*

राष्ट्रिय सहकारी विकास बोर्ड (National Assembly National Cooperative Development Board)- *नाप.* सहकारी सिद्धान्तअनुरूप निम्न स्तरका जनताको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधासम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जुमा गरी राष्ट्रिय स्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा सङ्घहरूको विकासमा सघाउ पुऱ्याउने बोर्ड वा निकाय। *[हे. राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा २ को खण्ड (क) र दफा 3 ।]*

राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board)- *नाप.* सिप, कौशलको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्ने राष्ट्रिय स्तरको समिति।

राष्ट्रिय सुरक्षा (National security)- *नाप.* समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा वा बाह्य सुरक्षा।

राष्ट्रिय सुरक्षा परिषद् (National Security Council)- *नाप.* देशको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्न सङ्घीय कार्यपालिकालाई सिफारिस गर्ने परिषद्। *[हे.नेपालको संविधानको धारा २६६ को उपधारा (१) ।]*

राष्ट्रिय सूचना आयोग (National Information Commission)- *नाप.* सूचनाको हकको संरक्षण, संवर्धन र प्रचलन गर्ने-गराउने कामका लागि स्थापित आयोग। *[हे. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ज) र दफा 11 ।]*

राष्ट्रिय स्तरका खेलाडी (Player of national level)- *नाप.* राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिएका वा लिने नेपाली खेलाडी। *[हे. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २ को खण्ड (ञ) ।]*

राष्ट्रिय स्रोत अनुमान समिति (National Resource Estimates Committee)- *नाप.* बहुवर्षीय योजनाका मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्न आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान गर्न

गर्ने अर्थ मन्त्रालयको समन्वयमा रहने राष्ट्रिय योजना आयोगको एक समिति। *[हे. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 2 को खण्ड (ठ) र नियम १२) ।]*

राष्ट्रिय स्रोत संरक्षण आयोग (National Resources Conservation Commission)- *ना.* [सं.] सरकारलाई भू तथा जलाधार संरक्षणसम्बन्धी विषयमा राय सल्लाह दिन सरकारद्वारा गठित आयोग। *[हे.भू तथा जलाधार संरक्षणसम्बन्धी ऐन, 2039 को दफा 15) ।]*

राष्ट्रियकरण (Nationalization)- *ना.* [सं.] सरकारले क्षतिपूर्ति दिई वा नदिई विशेष उद्योग, भूमि आदिमा आफ्नो अधिकार कायम गरी सार्वजनिक बनाउने काम; कुनै सरकारी उद्देश्यका लागि मुहाब्जा दिई वा नदिई सर्वसाधारणको जमिन, उद्योग, प्रतिष्ठान आदि अधिग्रहण गर्ने काम; अधिग्रहण; निजी उद्योगधन्दालाई सार्वजनिक वा उद्योगधन्दाका रूपमा रूपान्तरण गर्ने काम।

राष्ट्रियता (Nationality)- *ना.* [सं.] राष्ट्रप्रेम; राष्ट्रप्रतिको आस्था; राष्ट्रहितको भावना; नागरिकको राष्ट्रिय पहिचान।

राष्ट्रोन्नति (National progress)- *ना.* [सं. राष्ट्र+उन्नति] देशको विकास; राष्ट्रको उन्नति।

रासन (Ration)- *ना.* [अङ्.] सेना, प्रहरी, सशस्त्र प्रहरी बल वा सरकारले तोकेका सरकारी कर्मचारी, अस्पतालका बिरामी, कारागारका थुनुवा, पशुपक्षी आदिको खानाको प्रयोजनका लागि सरकारले तोकिदिएको जिन्सी; खाद्य प्रबन्धस्वरूप निश्चित मात्रामा वितरण गरिने अन्न, तेल, दालजस्ता अत्यावश्यक वस्तु वा सामग्री। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (न) ।]*

रासायनिक फोहरमैला (Chemical waste)- *नाप.* यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानवस्वास्थ्य लगायत जीवजन्तु एवम् वातावरणमा प्रतिकूल असर पार्ने रासायनिक पदार्थहरू: रासायनिक फोहरमैला भनी तोकिएका ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका स्वरूपमा रहेका तत्त्व, पदार्थ वा वस्तु। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (प) ।]*

रासायनिक हातहतियार (Chemical weapon)- *नाप.* संवत् २०४९ साल पौष २९ गते (१३ जनवरी, १९९३) पेरिसमा सम्पन्न रासायनिक हातहतियारको विकास, उत्पादन, सञ्चय तथा उपयोगको प्रतिबन्ध तथा विनाशक महासन्धि ले परिभाषा गरेका रासायनिक हातहतियार; हतियारको रूपमा प्रयोग हुन सक्ने मानव, वनस्पति वा जीवजन्तुका लागि घातक हुने

रासायनिक पदार्थ; मानिस वा प्राणीका छाला, आँखा, फोक्सोमा गम्भीर क्षति गर्ने वा श्वासप्रश्वास र स्नायु प्रणाली नष्ट गर्ने र शरीरमा अक्सिजन बहन रोक्ने प्रकृतिका रासायनिक पदार्थ। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १३४ को उपदफा (१) को स्पष्टीकरण।]*

राहत (Relief)- *ना.* [अ.] आघात, सङ्कट प्राकृतिक प्रकोप वा अन्य अप्ठ्यारामा परेकालाई उद्धार गर्ने काम; मानिसलाई कुनै समस्या, पीडा वा सङ्कटबाट छुटकारा गराई सहज अवस्थामा अवतरण हुन गरिने सहायता, आपूर्ति र सुविधा; कानूनी, सामाजिक वा आपत्कालीन सन्दर्भमा आपूर्ति गरिने प्रतिभरण र निषेधाज्ञाजस्ता न्यायिक सहायता, भूकम्प, भोकमरी, बाढी, आगलागी जस्ता आपत्कालीन अवस्थामा खाना, आश्रय, स्वास्थ्योपचार तथा स्याहार, मनोविमर्शजस्ता सेवाको आपूर्ति र कर छुट, ऋणमाफी जस्ता आर्थिक छुट सुविधा।

राहत सामग्री (Relief package, relief material)- *ना.प.* विपद्को अवस्थामा पीडितको उद्धार तथा राहतका लागि मानवीय सहायता स्वरूप पैठारी हुने सरकारले तोके बमोजिमका मालवस्तु; प्रकोप वा सङ्कटका समयमा प्रभावितहरूलाई चाहिने बोतलबन्द पानी, पानी शुद्धीकारक (पीयूष) तयारी खाद्य (चिउरा, चाउचाउ, दुधपाउडर, बिस्कुट), फलफूल (ओखर, काजु, सुकाएका स्याउचिप्स), आश्रयसामग्री (पाल, बर्सादी, कम्मल, झुल/ मच्छडदानी) प्राथमिक उपचारसामग्री (ब्यान्डेज, एन्टिसेप्टिक, दुखाइ कम गर्ने औषधि, स्यानिटरी प्याड, साबुन, सेनिटाइजर, मधुमेह वा रक्तचापजस्ता समस्याका औषधि) सहयोगी साधन (टर्च, रेडियो उपकरण, चार्जर, हेलमेट, मास्क, डायपर, व्हिलचेयर, वैशाखी, पशुखाद्य, परिचायक कागजपत्र, रकम)। *[हे. भन्सार ऐन, २०६३ को दफा २ को खण्ड (ल१)।]*

राहदानी (Passport)- *ना.* [अ. रहदान>राहदान+ई] यात्रा अनुमतिपत्र; स्वदेशबाट विदेश जान वा विदेशबाट स्वदेश फर्कनका लागि सरकारले प्रदान गर्ने अनुमतिपत्र; कुनै राष्ट्रका सरकारले विदेश भ्रमणका लागि जारी गरेको राहदानी, ट्राभल डकुमेन्ट वा यस्तै भ्रमण गर्ने स्वीकृति प्रदान गरिएको अनुमतिपत्र; संयुक्त राष्ट्र सङ्घले जारी गरेको लेसेपेसे; विदेश भ्रमणमा जाने नागरिकलाई सरकारबाट दिइने मेसिन रिडेबल, इलेक्ट्रोनिक वा बायोमेट्रिक अनुमतिपत्र वा राहदानी; पासपोर्ट; पारपत्र। *[हे. अध्यागमन ऐन, २०४९ को दफा २ को खण्ड (ग)।]*

रिट (Writ)- *ना.* [अङ्.] मौलिक हकको प्रचलनार्थ नागरिकले न्यायपालिकासमक्ष गरेको निवेदनमा सो हक प्रचलन गराउनका लागि न्यायालयले आफ्नो असाधारण क्षेत्राधिकार प्रयोग गरी जारी गर्ने विशेष आदेश; कानूनत: उपचारको अर्को व्यवस्था नभएको वा अर्को व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको कुनै कानूनी हकको प्रचलनका लागि

परेको निवेदनमा न्यायालयले आफ्नो असाधारण क्षेत्राधिकार प्रयोग गरी जारी गर्ने विशेष आदेश; सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि परेको निवेदनमा न्यायालयले आफ्नो असाधारण क्षेत्राधिकार प्रयोग गरी जारी गर्ने विशेष आदेश; असाधारण अधिकारक्षेत्रको प्रयोग गरी न्यायालयबाट जारी हुने बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण वा तिनको सम्मिश्रणको वा अन्य उपयुक्त कुनै पनि आदेश; न्यायपालिकाले आफ्नो असाधारण अधिकारक्षेत्रअन्तर्गत जारी गर्ने विशिष्ट आदेश।

रिट निवेदन (Writ Petition)- *ना.* [सं.] न्यायालयसमक्ष रिट जारी गरिपाऊँ भनी गरिने निवेदन; न्यायालय/अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतको कारबाहीका लागि अदालतसमक्ष गरिने याचना।

रितपूर्वक/रीतपूर्वक (As per rule, according to the rule, appropriately)- *वि.* [सं.] नियमानुसार; विधिवत्; उपयुक्त ढङ्गले; शिष्ट परम्परा अनुसार।

रितपूर्वकको धारक (Holder in due course)- *नाप.* लिई आउनेले भुक्तानी पाउने विनिमेय अधिकारपत्रको हक हुन आएको व्यक्ति; अह्राएकोले भुक्तानी पाउने विनिमेय अधिकारपत्रको भुक्तानी पाउने व्यक्ति वा निजले दरपिठ गरी दिएको व्यक्ति। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ण)।]*

रिभर गाइड (River guide)- *नाप.* जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्ने कामको लागि अनुमतिप्राप्त व्यक्ति; नाद्यपथप्रदर्शक; जलपथप्रदर्शक।

रिवाज (Ritual, tradition, culture)- *ना.* [अ.] परम्परा; चलन; प्रचलन; रीतिरिवाज।

रिसइबी (Malice, spite with enmity)- *ना.* [रिस+इबी] शत्रुता; रिसबाट उत्पन्न वैमनश्यता।

रिसवत (Bribe, graft)- *ना.* [अ. रिस्वत] घुस; एक पक्षलाई हानि र अर्को पक्षलाई लाभ पुऱ्याउने उद्देश्यले लाभ हुने पक्षबाट प्राप्त गर्ने रकम, दस्तुर, सलामी, इनाम, बकस, उपहार वा अरू कुनै आर्थिक लाभ; कुनै पनि अवैध नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ सुविधा; अवैध नगदी वा जिन्सी भेटी, भेटकोसेली वा उपहार; उत्कोच। *[हे. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ख)।]*

रिहा (Release, discharge)- *ना./वि.* [फा.] मुक्त; बन्धन, थुना वा कैदबाट छुटकारा पाएको; रिहाइ।

रीतपूर्वकको भुक्तानी (Payment in due course)- *ना.प.* विनिमेय अधिकारपत्र लिई आउने व्यक्तिलाई विना लापरबाही र असल नियतले अधिकारपत्रमा उल्लिखत रकम भुक्तानी दिने काम। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (त) ।]*

रुक्का/ रुका (Royal/Commander-in-Chief's order)- *ना.* [फा.] हुकुम; आज्ञा; आज्ञाप्ति; राजाको आज्ञापत्र; राजा वा राणा प्रधानमन्त्रीले दिइने आज्ञापत्र वा आदेश; राणाशासन भन्दा पहिला श्री ५ को र राणाशासन सुरु भएपछि श्री ३ को हुकुमी आदेश; संवत् १९०३ सालअघि श्री ५ को लालमोहर लागेको लिखत र संवत् १९०३ सालपछि प्राइम मिनिष्टर (कमाण्डर-इन-चिफ) को छाप वा दस्तखत भएको कागज वा सनद।

रुग्ण उद्योग (Sick industries)- *ना.प.* उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्षसम्म सञ्चालनमा रही उद्योगको आफ्नै नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबुबाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तिस प्रतिशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योग; सोअनुसार तोकिएका मापदण्डका आधारमा आवश्यक कार्यविधि अपनाई सरकारले रुग्ण उद्योग भनी घोषणा गर्न सक्ने उद्योग; पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पुँजी पचास प्रतिशतभन्दा बढीले कम भएको, पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको पच्चिस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालन रहेको, नियतवश वा व्यवस्थापकीय कमजोरीको कारणबाहेक अन्य कुनै कारणले पछिल्ला दुई वर्षसम्म उद्योग पूर्ण रूपमा बन्द रहेको र सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा तीन वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३९ को उपदफा (१), औद्योगिक पुनरुत्थान कोष (सञ्चालन कार्यविधि) नियमावली, २०६४ को नियम २ को खण्ड (ख) र औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ३५ को उपनियम (१) को खण्ड (ख) ।]*

रुग्ण उद्योग सुझाव समिति (Morbid Industries Advisory Committee)- *ना.प.* रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनर्निर्माण र व्यवस्थापनका लागि गठित समिति। *[हे. औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ३६ को उपनियम (१) ।]*

रुग्णउन्मुख उद्योग (Sick oriented industries)- *ना.प.* पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पुँजी तिस प्रतिशतभन्दा बढीले कमी भएको, पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको तिस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको, अन्य कुनै

कारणले पछिल्लो एक वर्षदेखि उद्योग पूर्ण रूपमा बन्द गरेको र सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा दुई वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको उद्योग। *[हे. औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ३५ को उपनियम (१) को खण्ड (ग) ।]*

रुजु (Verification, tally, attendance)- *ना.* [अ.] सक्कल प्रतिसँग नक्कल भिडाएर हेर्ने काम; मस्यौदामा कुनै कुरा बिरिएको टुटेको छ कि भनेर जाँच्ने काम; टाइप, लेखाइका शुद्धिपठन गर्ने काम। *वि.* उपस्थित; हाजिर; तम्तयार; ठिकठाक।

रुष्ट (Angry, annoyed)- *वि.* [सं.] कुनै कारणले रिसाएको; क्रुद्ध; रिसले मुर्मुरिएको।

रूढि/ रूढी (Custom, tradition)- *ना./वि.* [सं.] धेरै समयदेखि चलेको प्रथा वा चलन; पहिलादेखि मानिँदै आएको; स्थिर भइसकेको।

रूढीवाद (Orthodox, conventionalism, conservatism)- *ना.* [सं.रूढि+वाद] परम्परावाद; पुख्यौंली चलन जस्ताको तस्तै मान्नुपर्छ भन्ने मत वा सिद्धान्त।

रूपान्तरण (Transformation)- *ना.* [सं.] कुनै वस्तुको एक रूपबाट अर्को रूपमा हुने परिवर्तन; कुनै वस्तु वा कुराको एक अवस्थाबाट अर्को अवस्थामा गरिने परिवर्तन; रूप बदल्ने काम; रूप फेर्ने काम; स्वरूपपरिवर्तन।

रेखदेख (Supervision)- *ना.* हेरचाह; रखवारी; देखरेख; हेर्ने र ख्याल गर्ने काम; सुपरिवेक्षण।

रेखात्मक (Sketched, lined)- *वि.* [सं.] रेखासँग सम्बन्धित; रेखीय।

रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति (Radio Frequency Policy Determination Committee)- *नाप.* रेडियो फ्रिक्वेन्सीसम्बन्धी नीति निर्धारण तथा बाँडफाँड गर्ने समिति। *[हे. दूरसञ्चार ऐन, २०५३ को दफा ४९ को उपदफा (१) र दूरसञ्चार नियमावली, २०५४ को नियम २ को खण्ड (ग) ।]*

रेडियो यन्त्र (Radio set)- *नाप.* लगातार तारको कनेक्सनविना रेडियो तरङ्गद्वारा शब्द, चित्र वा सङ्केत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने डिस एन्टेना लगायत सबै प्रकारका सेटेलाइट, रिसिभिङ सिस्टम, रेडियो स्पेक्ट्रमअन्तर्गत पर्ने ३० किलोहर्जदेखि ३००० गिगाहर्ज फ्रिक्वेन्सीसम्मका (एल. एफ., एम. एफ., एच. एफ., भी. एच. एफ., यू. एच. एफ., एस. एच. एफ., इ. एच. एफ. ट्रान्समिटर एवम् सञ्चारसाधनहरू; रेडियो ट्रान्समिटर, टेलिभिजन ट्रान्समिटर, वायरलेस ट्रान्समिटर, वाकिटकि, कर्डलेस टेलिफोन, भिडियो सेन्डर, एमेच्योर रेडियो, इन्मासार्ट) लगायत सबै प्रकारका सेटेलाइट सञ्चार साधन; कर्डलेस माइक्रोफोन, रेडियो कन्ट्रोल खेलौना तथा मोडेलहरू; रेडियो रिसिभर, टेलिभिजन रिसिभर, भिडियो मनिटर र

सरकारले रेडियो यन्त्र भनी तोकेका यन्त्रहरू। *[हे. रेडियो ऐन, २०१४ को दफा २ को खण्ड (क)।]*

रेडियो स्टेसन (Radio Station)- *नाप.* रेडियो यन्त्र तथा तत्सम्बन्धी उपकरणहरू जडान भएको ठाउँ। *[हे. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४८ को नियम २ को खण्ड (ज)।]*

रेडियोधर्मी क्रियाकलाप (Radioactive activities)- *नाप.* आयनीकरण गर्ने विकिरणका स्रोतको उत्पादन, प्रयोग, निकासी, पैठारी तथा रेडियोधर्मी पदार्थको ढुवानी, संयन्त्रको स्थान निर्धारण, निर्माण, सुरुआत, सञ्चालन र संयन्त्र नष्ट वा बन्द गर्ने, रेडियोधर्मी फोहोरमैला व्यवस्थापन र स्थानको पुन:स्थापनासम्बन्धी कार्य। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (च)।]*

रेडियोधर्मी पदार्थ (Radioactive substance)- *नाप.* अल्फा कण वा बिटा कण वा गामा-रेजस्ता विकिरण पैदा गर्न सक्ने पदार्थ। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (ण)।]*

रेडियोधर्मी पदार्थ ढुवानी (Transport of radioactive substance)- *नाप.* रेडियोधर्मी पदार्थ उत्पादन वा भण्डारण गरेको स्थानबाट अर्को स्थानसम्म ओसारपसार गर्ने कार्य; रेडियोधर्मी पदार्थ ढुवानी गर्ने, प्याकेज तयार पार्ने, ढुवानीका साधनमा चढाउने, पारवहनका क्रममा भण्डारण गर्ने र अन्तिम गन्तव्यमा ढुवानीका साधनबाट ओराल्ने कार्य। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (छ)।]*

रेडियोधर्मी पदार्थ निकासी (Export of radioactive substance)- *नाप.* रेडियोधर्मी पदार्थ र सोसम्बन्धी उपकरण वा प्रविधि देशबाहिर निर्यात गर्ने कार्य।

रेडियोधर्मी पदार्थ पैठारी (Import of radioactive substance)- *नाप.* रेडियोधर्मी पदार्थ, सोसम्बन्धी उपकरण वा प्रविधि स्वदेशमा आयात गर्ने कार्य। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (ङ)।]*

रेडियोधर्मी फोहोरमैला (Radioactive waste)- *नाप.* यथास्थितिमा प्रयोग हुन नसक्ने र तोकिएको भन्दा बढी मात्रामा आयनीकरण गर्ने विकिरण उत्सर्जन गर्ने कुनै अभ्यास, क्रियापलाप वा संयन्त्रबाट निष्कासित रेडियोधर्मी पदार्थ वा सोसँग सङ्क्रमित चिज वा वस्तु। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (त)।]*

रेडियोधर्मी फोहोरमैला विसर्जन (Disposal of radioactive waste)- *नाप.* उपयोग गरिएको इन्धन वा रेडियोधर्मी फोहोरमैला पुन: उपयोग नगर्ने गरी विस्थापित वा सुरक्षित विसर्जन गर्ने कार्य। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (ध) ।]*

रेडियोधर्मी स्रोत (Radioactive source)- *नाप.* रेडियोधर्मी पदार्थ र आयनीकरण गर्ने विकिरण उत्सर्जन गर्ने वा फैलाउन सक्ने उपकरण। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (थ) ।]*

रेडियोधर्मी स्रोतसम्बन्धी अभ्यास (Practice on radioactive source)- *नाप.* रेडियोधर्मी पदार्थ र अन्य विकिरणका स्रोतबाट थप संसर्ग गराउने वा सम्भावित संसर्ग बढाउने वा संसर्गका स्रोत वा मार्ग वा मार्गहरूको सञ्जाललाई परिवर्तन गर्ने मानवीय क्रियाकलाप।

रेडियोधर्मीसम्बन्धी संयन्त्र (Radioactive mechanism)- *नाप.* रेडियोधर्मी पदार्थको उत्पादन, प्रशोधन, प्रयोग, भण्डारण वा विसर्जन गर्ने स्थान वा आयनीकरण गर्ने विकिरणबाट सुरक्षा उपाय अवलम्बन गर्नुपर्ने पूर्वाधार। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (फ) ।]*

रेल (Rail, train)- *ना.* [अङ्.] यन्त्रको सहायताबाट लिकमा चल्ने सार्वजनिक सवारी साधन; मेट्रो रेल वा मोनो रेल; रेलगाडी; रेलयान। *[हे. नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (ढ) ।]*

रेल्वे (Railway)- *ना.* [अङ्.] रेलमार्ग; यात्री आवतजावत गर्ने वा यात्रीका गुन्टा वा मालसामानको ढुवानी गर्ने सवारी साधनको मार्ग; रेलमार्ग र त्यसको कुनै भाग वा सम्बन्धित जमिन, रुख, सिमाना जनाउने चिह्न, पर्खाल, लिक वा त्यस्तो लिकको कुनै हिस्सा र सो लिकमाथि चल्ने रेल, इन्जिन र तत्सम्बन्धी सबै सामान; रेलमार्गका लागि प्रयोग गरिने साइडिङ्ग, यार्ड र शाखा, विद्युत आपूर्ति र वितरणको लागि निर्माण गरिएको सबै प्रकारका संयन्त्र, रोलिङ्ग स्टक, स्थगनस्थल (स्टेसन), कार्यालय, गोदाम, कार्यशाला, अस्पताल, सुरक्षागृह, कारखाना, यन्त्र तथा औजार, सडक तथा गल्ली, निरीक्षण कोठा, विश्रामगृह, पानीधारा, पानी आपूर्ति यन्त्र, कर्मचारी आवास, यात्रु भोजनगृह, कर्मचारीका परिवारका लागि स्थापना गरिएका विद्यालय वा अन्य निर्माण संरचना; कुनै सडकमा रेलमार्गका लागि प्रयोगमा ल्याइएका सवारी साधन, वस्तु, संयन्त्र, संरचना वा साधन। *[हे. नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (ण) ।]*

रेल्वे प्रशासक (Railway Administrator)- *नाप.* रेल्वे बोर्डको प्रशासकीय प्रमुख।

रेल्वे स्टेसन (Railway station)- *ना.प.* रेल रोकिएर यात्रु तथा मालसामान ओराल्ने र चढाउने स्थान; रेलगाडी स्थगनस्थल; रेलस्टेसन। *[हे. नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (द) ।]*

रैकर (Lease-holding land; land under people's possession by paying revenue to the Government; land held or cultivated on rent)- *ना.* [रैती+कर] अरू कसैको अधीन नभएको, रैती आफैले सरकारमा तिरो तिरेर कमाउने वा भोगचलन गर्ने जग्गा; तिरो बुझाई भोग गरिएको जग्गा; गुठीले बाली वा सो वापतको तिरो असुल गर्ने गरी कमाउन दिएको सरकारी जग्गा।

रैतान (Tenants; lease-holders)- *ना.* [रैती+आन] रैती वा मोहीहरूको समूह; प्रजा; दुनिया।

रैतानी (Tenancy, lease-holdership, relating to tenants)- *ना/वि.* [रैतान+ई] मौजावालबाट रैतीका नाउँमा रैकरसरह बनाइएको जग्गाजमिन; रैतीको काम, पद वा उत्तरदायित्व; रैतीसम्बन्धी।

रैती (Tenant, subject, vassal, cultivator, peasant)- *ना.* [अ. रैयत] अरूको जग्गा कमाउने व्यक्ति; मोही; कुनै देशका भूभागमा घरजम वा आवादी गरी बस्ने मानिस; प्रजा; दुनिया; सामन्ती समाजमा सर्वसाधारणलाई जनाउने शब्द; झोरा क्षेत्रको जग्गा आवाद गरी आफ्ना वा आफ्ना परिवारका श्रमले खेती गरी कमाई सोही ठाउँमा बसोवास गरी आएको व्यक्ति। *[हे. झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ को दफा २ को खण्ड (ग) ।]*

रैथाने (Native, indigenous)- *वि./ना.* [रह+स्थान+ए] मौलिक; पुरानो बासिन्दा; आदिवासी; मूल बासिन्दा; क्षेत्रपाल।

रैबन्दी (Proportionate division, equal share, registration of the land in the name of vassal)- *ना.* [रेखा+बन्ध+ई] दामासाही; बराबर लगाइएको भाग; एकनासको बन्डा। *ना.* [अ. रैयत+फा. बन्द+ई] रैतीका नाममा जग्गा जमिन दर्ता गर्ने काम।

रोइलो (Whine, crying)- *ना.* [रो+इयो] रोइकराइ; रुन्चे रडाको; कुनै कुरा पाउनका लागि पटक-पटकको माग; रोदन।

रोक (Prohibition, hurdle, restriction)- *ना.* [रोक्+अ] रोक्का; रोकावट; प्रतिबन्ध; मनाही; निषेध।

रोकथाम (Prevention, restraint)- *ना.* [रोक+थाम] निवारण; नियन्त्रण; कुनै काम कुरा हुन नदिन अपनाइने सावधानी; त्यस्तो सावधानीका लागि रोक्न गरिने प्रयत्न।

रोक्का (Sequestration, freezing)- *ना.* [अ. रुक्क>रोक्+का] रोकावट; हटक, प्रतिबन्ध वा निषेध गर्ने कार्य; रोक्ने आदेश वा काम।

रोक्का पुर्जी (Injunction, prevention order)- *नाप.* कुनै भइरहेको कामकारबाही नगर्न भनी सम्बन्धित अड्डा अदालतबाट लेखिने पुर्जी; रोकावट पुर्जी; जारी वा चालु रहेको काम, प्रक्रियालाई केही समय स्थगन गर्नका लागि जारी भएको पुर्जी।

रोखपोख (Grade of the land value, approximately)- *ना.* जमिन आदिको उब्जनी हुने, नहुने, असल, खराब आदि छुट्याउने र मिलाउने काम; सापोनापो; सरदर।

रोचक (Interesting, fascinating)- *ना.* [सं.] चाखलाग्दो; आकर्षक।

रोजगार (Profession, occupation)- *वि.* [फा] काममा लागेको; इलम, व्यापार, व्यवसाय, पेसा, कामधन्दामा कार्यरत।

रोजगार अवधि (Employment period)- *नाप.* श्रमिकले रोजगारदातासँग रोजगारी गरेको अवधि; रोजगारका क्रममा जगेडामा रहेको अवधि; पारिश्रमिकसहित बिदामा रहेको अवधि; प्रसूति वा प्रसूति स्याहारको लागि वेतलबी बिदामा बसेको अवधि; रोजगारदाताको काम गर्दागर्दै वा सोही क्रममा भएको दुर्घटनाको कारण उपचारको क्रममा बिदामा बसेको अवधि; श्रमिकले रोजगारीका सिलसिलामा रोजगारदातासँग काम गरेको पूरा अवधि। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ण) ।]*

रोजगार सम्झौता (Employment contract)- *नाप.* रोजगारीको सेवा, सर्त र सुविधाबारे रोजगारदाता र श्रमिकबिच भएको सम्झौता; रोजगारदाताले श्रमिकलाई दिएको नियुक्तिपत्र। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ढ) ।]*

रोजगार सेवा केन्द्र (Employment Service Center)- *नाप.* बेरोजगार व्यक्तिको सूचना सङ्कलन, रोजगारीका अवसरहरूको पहिचान र सूचनाप्रवाह, रोजगारदाताका लागि श्रमिक उपलब्धताको जानकारी र रोजगारसम्बन्धी अन्य सेवा प्रदान गर्न स्थापित सेवा केन्द्र। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ञ) ।]*

रोजगारदाता (Employer)- *नाप.* श्रमिकलाई काममा लगाउने व्यक्ति वा प्रतिष्ठान र प्रतिष्ठानको हकमा व्यवस्थापकलाई र आपूर्ति गरिएको श्रमिकको हकमा श्रमिक आपूर्तिकर्ता; बेरोजगार व्यक्तिलाई रोजगार दिने सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय; सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा सञ्चालनमा रहेका रोजगारमूलक संस्था र निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्ति;

रोजगारीको खोजीमा रहेका मानिसलाई रोजगारी उपलब्ध गराउन सक्ने निकाय, संस्था तथा व्यक्ति। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ङ) र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (झ) ।]*

रोजगारी (Employment, trader, businessman)- *ना.* [फा] व्यापार; व्यवसाय; जीविका वा इलम उद्योगका लागि गरिने कुनै काम; व्यवसाय; पेसा।

रोजगारीको हक (Right to employment)- *ना.प.* काम गरेर गुजारा चलाउन पाउने अधिकार; कुनै पेसा व्यवसायमा संलग्न भएर आयआर्जन गर्न पाउने अधिकार; राज्यले नागरिकलाई रोजगारी उपलब्ध गराउनुपर्ने प्रबन्धको हक।

रोजनाम्चा (Day book; diary; journal account)- *ना.* [फा. रोजनामचा] दैनिक खाता; दैनिक खर्च वा आम्दानीको टिपोट बही; दैनिक आयव्यय पुस्तिका; दैनिकी।

रोजाना (Daily, day to day)- *वि.* [फा.] दिन दिनको; दैनिक।

रोजिन्दा (Day by day, everyday)- *वि.* [रोज+इन्दा] दिनका दिन; दिनहुँ।

रोजीरोटी (Employment, job)- *ना.* [रोज+ई+रोटी] रोजगार; आयआर्जन गर्ने माध्यम; जीवन निर्वाह; पेट पाल्ने उपाय।

रोपनी (Land measuring 5,476 square feet)- *ना.* [सं. रोपणिक>रोपनिक] सोह्र आना जग्गाको नाप वा परिमाण; ५,४७६ वर्गफुट जमिनको नापो; चार मुरी माटाको परिमाण।

रोबकार (In presence of)- *ना.* [फा.] मुद्दामामिलाका कामकारबाहीमा मुद्दाका दुवै पक्षलाई अड्डाअदालतमै राखी गरिने काम, कारवाही; रोपकर; मुद्दाका पक्षले कुनै काम गर्न अदालतमा हुनुपर्ने हाजिर; रोहबर; साक्षात्कार।

रोबकारी तारिख (Due date given to appear in the office or court)- *ना.प.* सम्बन्धित मिसिल वा तत्सम्बन्धी कागज आई नपुग्दाको अवस्थामा पक्षको उपस्थिति कायम राख्न दिइने तारिख।

रोयल्टी (Royalty)- *ना.* [अङ्.] अमूर्त सम्पत्तिको पट्टाअन्तर्गत गरिएको कुनै भुक्तानी; प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन, मोडेल, योजना, गोप्य सूत्र वा प्रक्रिया वा ट्रेडमार्कको प्रयोग वा प्रयोग गर्ने अधिकार राख्ने, प्रविधिको ज्ञान प्रदान गर्ने, चलचित्रजन्य फिल्म, भिडियो टेप, ध्वनि रेकर्डिङ वा अन्य यस्तै माध्यमको प्रयोग वा प्रयोग गर्ने अधिकार; औद्योगिक, व्यापारिक वा वैज्ञानिक अनुभव प्रयोग गर्ने वा प्रदान गर्ने, उल्लिखित कुरामा कुनै सहयोग प्रदान गर्ने वा उल्लिखित कुराका सम्बन्धमा पूर्ण वा आंशिक बन्देज लगाउने उद्देश्यका लागि

गरिने कुनै भुक्तानी; कुनै वस्तुको निर्माण, कृतिको रचना वा प्रवर्तनात्मक वैज्ञानिक वा बौद्धिक सम्पत्तिको सट्टामा पाउनुपर्ने वा पाउने रकम वा सुविधा; कृतिस्व; लेखकस्व; रचना; सिर्जनस्व। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कक) ।]*

रोलवाला (Nearest to promotion; a claimant of the post)- *ना.* [अङ्. रोल+वाला] पालो आएको वा पालोमा परेको; दर्जा बढ्ने; रोलक्रममा रहेको व्यक्ति।

रोह (Rule, regulation, method)- *ना.* [सं.] कामको नियमअनुसारको मेसो वा सिलसिला; नीतिनियम; विधि; कामको सिलसिला।

रोहण (Ascension, climbing)- *ना.* [सं.] चढ्ने काम; चढाई।

रोहबर (In presence of)- *ना/क्रिवि.* [फा.] प्रत्यक्ष वा सामुन्ने; अगिल्तिर; समक्ष; कुनै कामकुरा वा लिखत वा कागज गर्दाको प्रत्यक्ष उपस्थिति।

रौनक (Charm; brightnesss; splendour)- *ना.* [अ.] चमकदमक; चहलपहल; झिलीमिली; सौन्दर्य; शोभा।

र्‍यापर्स (Wrapper)- *ना.* [अ.] बेरुवा; खोल; बोक्राबन्दक; कुनै वस्तु वा सामानलाई व्यवस्थित ढङ्गले बेर्ने वा खोल लगाउने काम वा वस्तु।

ल

लक्का (Young, adult, full grown male)- *ना.* [अ.] तरुनो; लाठे; तन्नेरी; मस्त जवान; लायक ठिटो।

लक्षित वर्ग/ समुदाय (Target group/community)- *नाप.* कुनै विशेष सेवा, सुविधा वा छुट प्रदान गर्नका लागि कानूनबमोजिम किटान गरिएका वर्ग वा समुदाय; उत्थान, उन्नति, स्तरीकरण वा विकासको योजना बनाउँदा समेट्नुपर्ने समुदायको खास वर्ग वा समूह।

लख (Supposition, surmise, presumption, estimation)- *ना.* [सं. लक्ष्य>प्रा. लक्ख] अडकल; अन्दाज; अनुमान; कुनै विषयमा आफूलाई लागेको घत।

लख काट्नु (To estimate, to guess, to predict)- *क्रिप.* अनुमान गर्नु; अड्कल गर्नु।

लखबन्धक (Re-mortgage; mortgage of mortgage)- *ना.* [लख+बन्धक] आफूले बन्धकमा लिएर भोग गरेको घरजग्गा अर्कालाई बन्धक दिने काम; बन्धकमाथिको बन्धक।

लखोपरीक्षणमान बोर्ड (Standards on Auditing Board)- *नाप.* लेखाव्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्न सरकारद्वारा गठित बोर्ड। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ञ४) र दफा १५घ. को उपदफा (१) ।]*

लगत (List, account, estimation, roster)- *ना.* [सं. लग्] फेहरिस्त; सूची; भए गरेको कामको विवरण; विवरणसहितको सूची।

लगतकट्टा (Records crossed off, settlement of records)- *ना.* [लगत+काट्+आ] लगत फछ्यौंट गर्ने काम; लगत हटाउने काम; लगत वा सूचीबद्ध गरिएको विवरणमध्येबाट म्याद पुगेको, खारेज वा रद्द भएको विषयलाई मेटाउने वा हटाउने काम।

लगती राजस्व (Arrears of revenue)- *नाप.* असुल गर्नुपर्ने गरी लगत राखिएको राजस्व; असुलउपर हुन बाँकी राजस्व। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ङ) ।]*

लगा (Jurisdiction, area, boundary, survey rod of nine feet)- *ना.* [सं. लग्] हाता; इलाका; साँध; सीमा; लग्गी; जग्गा नाप्ने नौ हात नापो भएको टाँगो।

लगाउ (Connected, related)- *ना.* [लग्+आउ] एउटै रोहमा निर्णय वा किनारा गर्नुपर्ने मुद्दा; एक आपसमा अन्तरसम्बन्ध राख्ने; एकअर्कोमा तालुक सम्बन्ध राख्ने; एकअर्कामा अन्तरप्रभावित हुने; एकै लगमा रहेका; लगाव; झुकाउ; प्रवृत्ति।

लगानी (Investment, financing, lending)- *ना.* [लाग्+आन+ई] ब्याज पाउने गरी कसैलाई दिइने/दिइएको धन; कुनै उद्योग, उद्यम, व्यवसाय आदिमा लगाइने उत्पादनलागत वा साउँपुँजी; सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य; रोजगारी वा व्यवसाय बाहेक एक वा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य; उद्योगधन्दा थाल्न लगाइने मूल धन वा खर्च; कुनै सङ्गठित संस्थाको सेयर वा डिबेञ्चर र अन्य धितोपत्रमा गरिएको लागतखर्च; ऋण वा स्वपुँजी वा पुनर्लगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पुँजी प्रवाह; मुनाफा आर्जन गर्ने उद्देश्यले कुनै उद्योग वा व्यवसायमा पुँजी हाल्ने काम; उद्योग वा व्यवसाय र गैर आवासीय नेपालीबिच सम्झौता गरी कुनै विदेशी उत्पत्तिको प्रविधिसम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया, पेटेन्ट, ट्रेडमार्क वा प्राविधिक सीप वा ज्ञानको हस्तान्तरण गर्ने वा प्राविधिक सल्लाहकार वा व्यवस्थापन सेवा उपलब्ध गराउने कार्य। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कख), नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (ढ), सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (त) र गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ङ)।]*

लगानी कोष (Investment fund)- *नाप.* योजना व्यवस्थापकले दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्यले करारको आधारमा सहभागीहरूबाट सामूहिक लगानी योजनामा जम्मा गरेको रकमबाट सिर्जना भई आफ्नो जिम्मामा लिएको कोष; त्यस्तो कोषसँग सम्बन्धित सम्पत्ति र धितोपत्रसम्बन्धी कानूनअनुसार योजना व्यवस्थापकले आफ्ना जिम्मेवारीमा लिएको कोष; सम्पत्तिको लगानी व्यवस्थापनबाट सिर्जित थप सम्पत्ति र प्रतिफलस्वरूप जम्मा भएको रकम रहने कोष। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (द)।]*

लगानी बिमा (Investment insurance)- *नाप.* बिमित व्यक्ति वा बिमित व्यक्तिका सम्बद्ध व्यक्तिको मृत्युसम्बन्धी घटनाका हकमा गरिएको बिमा; बिमित व्यक्ति वा निजका सम्बद्ध व्यक्तिको व्यक्तिगत चोटपटक वा कुनै खास किसिमले असक्षम हुने घटनासम्बन्धी बीमा; कुनै रकम वा शृङ्खलाबद्ध रकमहरू भविष्यमा बिमितलाई भुक्तानी हुने गरी गरिएको बिमा; बिमाको पुनर्बिमा; उल्लिखित पुनर्बिमाको पनि पुनर्बिमा। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कग)।]*

लगानी बोर्ड (Investment Board)- *नाप.* स्वदेशी वा विदेशी स्रोतको परिचालन गरी पूर्वाधार संरचनाको निर्माण तथा सेवा क्षेत्रको विकासका लागि लगानी प्रवर्धन गर्ने कार्य गर्ने अधिकारसम्पन्न बोर्ड। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ज) र दफा ५।]*

लगानीकर्ता (Investor)- *ना.* [लगानी+कर्ता] वस्तु विनिमय बजारमा वस्तु करारमार्फत वस्तु खरिद गर्ने र वस्तु बिक्री गर्ने व्यक्ति; परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति; परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्नमा लगानी गर्ने फर्म, कम्पनी वा व्यक्ति; उद्यम, उद्योग वा व्यवसायमा पुँजी वा पुँजीसेयरको धनी। *[हे. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (झ) र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (थ)।]*

लगापात (Curtilage, land within the boundary compound, yard)- *ना.* [सं. लग्+पार्श्व] घरघडेरीसँग जोडिएको जग्गा/हाता तथा त्यस्तो हाताभित्रका अन्य संरचना र बोटविरुवा; चर्चिएको जग्गा र त्यसको सेरोफेरो।

लगालग (Consecutively one after another)- *क्रिवि.* लगातार; धमाधम; पालो नबिराई वा एक पछि तुरुन्तै अर्को लागेर।

लग्गा/ लग्गी (Survey chain)- *ना.* [लगा] जग्गा नाप्ने नौ हात नापो भएको टाँगो।

लघुउद्यम (Micro-industry)- *ना.* [सं. लघु+उद्यम] अनुमति लिनुपर्ने उद्योगको घरजग्गाबाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पुँजी रहेको, उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको, वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम रहेको, इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको अवस्थाको उद्योग; सानोतिनो उद्यम। *[हे. आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (६) को स्पष्टीकरण र औद्योगिक व्यवसाय ऐन,२०७६ को दफा १७ को उपदफा (१) को खण्ड (क)।]*

लघुकर्जा (Micro-credit)- *ना.* [लघु+कर्जा] लघुव्यवसाय सञ्चालन गर्ने बैङ्कले तोकेका सीमासम्म संस्थाले प्रदान गर्ने कर्जा; सानोतिनो कर्जा। *[हे. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (झ)।]*

लघुबचत (Micro-saving)- *ना.* [लघु+बचत] संस्थाको सदस्य रहेका न्यून आय भएका व्यक्ति वा व्यक्तिहरूको समूहबाट बैङ्कले तोकेअनुसार संस्थाले सङ्कलन गर्ने बचत रकम; सानातिना बचन। *[हे. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (ज१)।]*

लघुबिमा (Micro insurance)- *ना.* [लघु+बिमा] न्यून आय भएका, आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्गलार्इ लक्षित गरी लघुउद्यम वा लघुव्यवसायमा गरिने बिमा। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (श)।]*

लघुव्यवसाय (Micro-business)- *ना.* [लघु+व्यवसाय] दशजना भन्दा कम व्यक्ति काममा संलग्न भई सञ्चालन हुने आयमूलक व्यवसाय। *[हे. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (ङ)।]*

लछारपछार (Dragging or knocking by force)- *ना.* [लछार्+अ+पछार्+अ] घिसार्ने वा पछार्ने; लछार्ने र पछार्ने काम; लछारेको र पछारेको अवस्था।

लज्जित (Embarrassed, ashamed)- *वि.* [सं.] लजाएको; लाज मानेको।

लट्टीपट्टी (Entire property)- *ना.* श्रीसम्पत्ति; सर्वस्व; सिरीखुरी।

लडन्त (To fight)- *ना.* [लड्+अन्त] लड्ने वा झगडा गर्ने काम; जुधाजुध; लडभिड; भिडन्त; हात हालाहाल; हात मिसामिस।

लडाइँ (War, battle, fight)- *ना.* [लड्+आइँ] युद्ध; सङ्ग्राम; झगडा; भिडन्त; द्वन्द्व।

लडाकु (Fighter, warrior)- *वि./ ना.* लड्ने; भिडने; लडाइँमा काम आउने; लडाका।

लथड्का (Humiliation, domination)- *ना.* घोचपेच; होच्याउने काम।

लबज (Speech, way of speaking, accent, tone)- *ना.* बोलीबचन; भन्ने तरिका; भनाइ; बोलीको भाँति।

लबलेस (Little bit, trivial amount)- *ना.* ज्यादै थोरै मात्रा; अत्यन्तै थोरै परिमाण।

ललकार (Challenge)- *ना.* [प्रा. लल्लक्क] लडाइँ, झगडा आदिका निम्ति गरिने आह्वान; चुनौती; हाँक; हुङ्कार।

ललनाबिलौना (Lamentation, wailing)- *ना.* अलापबिलाप; दुःखको पुकारा; दुखेसो; गन्थन।

ललरी/ ललहरी (A sorrowful tale of one's, bewail)- *ना.* दुःखपुकारा; बिलौना।

ललाइफकाइ (Enticement, beguiling, coaxing)- *ना.* [ललाई+फकाई] बहकाब; कसैलाई मिठा कुरा गरेर फकाउने काम; फुस्ल्याउने काम; मोहित पार्ने काम।

ललितकला (Fine arts)- *ना.* [सं ललित+कला] चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला र अन्य सृजनात्मक कला। *[हे. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (क) ।]*

लहना (Load, debt, investment, transaction)- *ना.* [सं. लग्न] नाफा वा ब्याज आउने गरी रकम सापटी दिने काम; लगानी; लेनदेन व्यवहार।

लहना तहसील (List of arrears)- *नाप.* तमसुक बहीखातामा भएको असुल गर्न बाँकी लगत।

लहसिनु (Enticed, allured)- *क्रि.* नजिकिनु; आसक्त हुनु; रत्तिनु; बहकिनु; इच्छा हुनु।

लाइलाज (Incurable)- *वि.* [अ.] कुनै उपचार नभएको; निको नहुने; असाध्य।

लाक्षणिक (Symbolic, metaphoric)- *वि.* [सं.] साङ्केतिक; लक्षणसम्बन्धी; सङ्केत वा लक्षणबाट बुझ्नुपर्ने।

लाग (Claim, investment)- *ना.* [सं. लग्न] हकदाबी; दैया; लगानी।

लागत (Cost price, production price)- *ना.* [लाग्+अत] परल खर्च; कुनै चिज तयार गर्न वा किन्न लाग्ने खर्च; उत्पादनव्यय; लागत खर्च।

लागनास्ति (To have no relation or authority with in any matter)- *वि.* [लाग+नास्ति] कुनै व्यक्ति, वस्तु वा कुरामा अधिकार वा अन्य किसिमको सम्बन्ध नहुने स्थिति।

लागवादी (Claiming, suit against one another)- *ना.* [सं.] कुनै मुद्दामा वादी हुने अधिकार भएको व्यक्ति।

लागवाला (Heir; co-parcener)- *ना.* [लाग+वाला] हकदार; अंशियार।

लागु/ लागू (Enforcement, in-force)- *ना.* [लाग्+उ] ऐन, नियम, आदेश आदिलाई प्रभावशाली तुल्याउने वा व्यवहारमा ल्याउने काम; कार्यान्वयन; प्रवर्तन; प्रमाणित हुने वा लाग्ने कुरा; मात वा नसा लाग्ने पदार्थ; मनोद्दीपक पदार्थ। *वि.* अनुरक्त; तल्लीन; लग्गु।

लागुऔषध/ लागूऔषध (Narcotic drugs, intoxicating substance, psychotropic drugs, addictive drugs)- *ना.* [लागु+औषध] गाँजा, औषधोपयोगी गाँजा, अफिम, तैयारीको अफिम, औषधोपयोगी अफिम, कोकाको झार र पात, अफिम तथा कोकाको सारतत्त्व, मिश्रण वा लवण

समेत मिसाई तयार गरिने कुनै पदार्थ; सरकारले तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्वपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स); यस्ता औषधी र पदार्थका लवणहरू तथा अन्य पदार्थ; नसालु वस्तु; मादक, लट्ठ पार्ने वा निन्द्रा लगाउने नसाका लागि प्रयोग हुने औषधी। *[हे. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (क) ।]*

लाचार (Compelled)- *वि.* [अ.] विवश; मजबुर; बाध्य; निरुपाय; असमर्थ; कायल; हैरान।

लाछी (Coward, timid)- *वि.* [सं. लाक्ष] निर्धो; कातर; साहस नभएको; धक वा लाजले बोल्न नसक्ने।

लाज (Shame, hesitation, shyness)- *ना.* [सं. लज्जा] सङ्कोचभाव; मान्यजनका सम्मुख पर्दा वा अनुचित काम व्यवहार हुँदा अनुभव हुने ग्लानि; सरम; हिचकिचाहट।

लाजगाल (Unwillingly, by compulsion, forcefully)- *ना.* [लाज+गाल] इज्जत; प्रतिष्ठा; लोकलाज। *क्रिवि.* मन लागी नलागी; जसैतसै; जसरीतसरी।

लाजभाँड (Obscenity, vulgar)- *ना.* [लाज+भाँड] अश्लील गालीगलोज; अशिष्टता; फोहर कुरा; नाङ्गोपन; छाडा।

लाजमर्दो (Shameful, ashamed of)- *वि.* लाज लाग्दो; गाल पर्दो; लज्जाजनक; लज्जास्पद।

लाजवाफ/ लाजबाब (Unanswered, excellent, incomparable)- *ना.* [अ.] निरुत्तर; नाजवाफ।

लाञ्छना (Blame, allegation, stigma)- *ना.* [सं.] दोष; कलङ्क; बात; अभियोग; निन्दा।

लाटलुट (Snatching, defilement)- *ना.* [लुट (द्वि.)] लटपट; खोसखास; लुटपाट।

लाठसाहेब (Immediate lower post below the commander-in-chief in the *Rana regime*)- *ना.* [अङ्. लर्ड+अ. साहिब] महोदय; श्रीमान्; साहब; ठुलाबडालाई सम्बोधन गर्न प्रयोग गरिने शब्द; राणाकालीन अवस्थामा प्रधानमन्त्री हुने रोल क्रममा दोस्रो।

लाठीचार्ज (Baton charge)- *ना.* [लाठो+ई+अङ्.चार्ज] लाठीमुङ्ग्री; लाठो प्रहार गर्ने काम; हुलदङ्गा हुँदा भीड तितरबितर पार्न सुरक्षाकर्मीले लाठाले हिर्काउने काम।

लाद्नु (Impose, to over-burden, foist)- *क्रि.* भारी बोकाउनु; लदाउनु; कसैमाथि केही कुराको भार खप्न लगाउनु।

लापरबाही/ लापर्बाही (Recklessness, gross negligence, carelessness)- *ना.* [अ. लापरबाह+ई] असावधानी; हेलचेक्राइ; बेवास्ता; उचित होसियारी नभएको; ख्यालख्याल।

लाभ (Proceeds, benefit; profit; achievement)- *ना.* [सं.] धितोको सम्पत्तिको बिक्री, पट्टा, इजाजतपत्र, विनिमय वा अन्य कुनै किसिमले हुने हक हस्तान्तरणबाट भएको कुनै पनि किसिमको प्राप्ति; धितोको सम्पत्तिको सङ्कलन वा वितरणबाट भएको कुनै पनि प्राप्ति; धितोको सम्पत्तिबाट सिर्जित अधिकार, धितो सम्पत्तिको मूल्यको हदसम्म धितोमा हुन गएको हानि नोक्सानी, त्रुटी वा धितोको सम्पत्तिको सर्तको उल्लङ्घनबाट उत्पन्न भएको हानिनोक्सानीबापतको दाबी र धितोको सम्पत्तिको मूल्यको हदसम्म तथा धितो दिने व्यक्ति वा धितो लिने व्यक्तिलाई भुक्तानी गर्नुपर्ने हदसम्म धितोमा हुन गएको हानि नोक्सानी वा क्षतिको कारणबाट वा धितोको सम्पत्तिको सर्तको उल्लङ्घन भएको कारणबाट प्राप्त हुने भुक्तानी योग्य बिमा रकम; नाफा; मुनाफा; फाइदा; उपलब्धि; अध्यादेय। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (श) ।]*

लाभक (Benefited)- *वि.* [सं] लाभ लिने; लाभान्वित।

लाभकर (Profitable, advantageous)- *ना.* [लाभ+कर] लाभ वा फाइदामा लाग्ने कर वा राजस्व। *वि.* लाभ दिने; लाभप्रद; फाइदाकारी।

लाभको पद (Office of profit, lucrative post)- *नाप.* निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद; लाभ प्राप्त हुने पद। *[हे. नेपालको संविधानको धारा १७८ को उपधारा (१) को खण्ड (च) को स्पष्टीकरण, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ११ को स्पष्टीकरण र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ को खण्ड (ङ) को स्पष्टीकरण।]*

लाभदायक किरा (Beneficial insects)- *नाप.* मौरी, रेशम किरा, लाहा किराजस्ता लाभ दिने किरा; मित्र किरा। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (छ) ।]*

लाभांश (Dividend)- *ना.* [सं. लाभ+अंश] बैङ्क वा वित्तीय संस्थाले बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कानूनबमोजिम दिने नगद लाभ, अन्तरिम लाभांश वा बोनस सेयरजस्ता फाइदा; व्यापार, सङ्गठित संस्था वा संस्थानमा हिस्सेदारको रूपमा गरिएको लगानीबाट हुन गएको अतिरिक्त आम्दानी; लाभको अंश; कार्यक्षमता वा अतिरिक्त कार्यको उत्साह स्वरूप श्रमिक आदिलाई दिइने अतिरिक्त उत्प्रेरण रकम; सेयरवालालाई निर्धारित रकमभन्दा बढी दिइने लाभको आनुपातिक रकम। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कघ) र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कङ) ।]*

लामो दूरी (Long route)- *नाप.* बाटोको दुईसय पचास किलोमिटर वा सो भन्दा बढीको दूरी; अर्को दूरीभन्दा तुलनात्मक रूपले बढी हुने दूरी। *[हे. श्रम ऐन, २०७४ को दफा ८६ को उपदफा (१) को स्पष्टीकरण।]*

लामो नाम (Long title)- *नाप.* ऐनको विषयक्षेत्र स्पष्ट हुने गरी लेखिएको विस्तृत नाम; क्रियाबाहेक अरू वाक्यएकाइ पूरा गरी अल्प वाक्यमा उल्लेख गरिने नाम; पूरा नाम। *तुल.* सङ्क्षिप्त नाम।

लामो बाटो (Long route)- *नाप.* यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुई सय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो; टाडासम्मको बाटो; यात्रा गर्न धेरै समय लाग्ने बाटो। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (र) ।]*

लायक (Deserving, qualified, righteous)- *वि.* [अ.] योग्य; असल; समर्थ; उचित; ठिक; तन्दुरुस्त; माफिक, मनासिब।

लायकी (Qualification, eligibility, capability)- *ना.* [लायक+ई] योग्यता; सक्षमता; सामर्थ्यता।

लार्के (Accomplice, accessory)- *ना./वि.* मतियार; कुनै काममा गौण रूपले सहभागी मानिस; एक ठाउँको कुरा अर्को ठाउमा लाएर फाटो पार्ने; दोचारे।

लाल (Hundredth of one *Tola* (weight of 11.66 gram)- *ना.* [लालन] एक तोलाको सयौं भाग; एक रत्ती वा एक मासाको दसौं भाग; लालगेडी; रातीगेडी।

लालक (Nurturer, curator)- *वि.* [सं.] लालनपालन गर्ने; भरणपोषण गर्ने; पालक।

लालपुर्जा (Land ownership certificate)- *ना.* [लाल+पुर्जा] जग्गाधनी प्रमाण पुर्जा; जग्गाको कित्ता र विवरण खुलेको सरकारी छाप लागेको प्रमाणपत्र; धनी पुर्जा।

लालफित्तासाही (Red tapism)- *ना./वि.* नोकरसाही; अनावश्यक नियम कानून भएको घुमाउरो र भद्दा प्रशासन; सरकारी संयन्त्रमा हुने अनावश्यक ढिलासुस्ती।

लालमोहर (Royal seal)- *ना.* [लाल+ फा. मोहर] रातो छाप; राजाको शासनकालमा ऐन, सनद, सवाल वा अन्य महत्त्वपूर्ण लिखतको प्रमाणीकरण गर्न रातो रङ वा मसीमा चोपलेर लगाइने छाप।

लावारिस (Heirless, unattended)- *ना.* [अ.] वेवारिस; वारिस नभएको; उत्तराधिकारी कोही नभएको; हकदारविनाको।

लास (Dead body, corpse)- *ना.* [फा.] शव; मुर्दा; मृतशरीर।

लासजाँच (Postmortem, autopsy, Necrospy)- *ना.* [लास+जाँच] शवपरीक्षण; कर्तव्य, आत्महत्या वा अरु कुनै दुर्घटनाका कारण मानिस मरेमा सोको वास्तविक कारण पत्ता लगाउनका लागि गरिने लासको जाँचबुझ वा परीक्षणा।

लासजाँच मुचुल्का (Postmortem report)- *ना.* [सं.] लास जाँच गरी मृत्युको कारण र अन्य विवरण अभिलेख गरिएको कागज; शवको परीक्षण गरी प्राप्त भएका तथ्यावली लेखिएको मुचुल्का वा प्रतिवेदन।

लाहाछाप (Lac seal)- *ना.*[लाहा+छाप] लाहा पगाली त्यसमा औठी, सिक्का आदिको डाम गाढा गर्ने काम; सुरक्षा वा गोप्यता प्रदान गर्नकका लागि खामबन्दी आदि गर्नुपर्दा बन्दका जोर्नीजोर्नीमा लाहा पगाली औंठी, सिक्का आदिको छाप लगाई पक्का गर्ने काम; पगालेका लाहामा निसाना छाप्ने काम।

लिक्विडेटर (Liquidator)- *ना.* [अङ्.] संस्था खोरजी गर्ने कामकारबाही गर्न अदालतको आदेश वा सञ्चालकहरूको सभा/ साधारण सभाबाट नियुक्त व्यक्ति र लिक्विडेसनको काम गर्ने कार्यालय; कम्पनी खारेजी गर्ने कामकारबाही गर्न अदालतको आदेश वा सञ्चालकहरू सभा/ साधारण सभाबाट नियुक्त व्यक्ति र कार्यालय। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कच) र दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (थ) ।]*

लिखत (Document, deed)- *ना.* [सं. लिख्+अत] डिजिटल वा विद्युतीय अभिलेखमा रहेका कुनै विषय वा त्यसको छापिएको वा भण्डारण गरिएको अप्टिकल वा इलेक्ट्रा-म्याग्नेटिक स्वरूपमा रहेको वा प्रकाशित वा पुनः प्रकाशित भएको डिजिटल वा विद्युतीय सामग्री वा त्यस्ता सामग्रीका प्रतिलिपि; अक्षर, अङ्क तथा चिह्नहरूद्वारा कुनै विषयलाई लेखपढ गर्ने कामको निमित्त प्रयोग हुन सक्ने वा प्रयोगमा ल्याउने मनसाय गरिएको उक्त साधनहरूमध्ये एक वा एकभन्दा बढी साधनहरूद्वारा कुनै वस्तुमा लेखिएको, प्रकट गरिएको तथा वर्णन गरिएको विषय; अक्षर, अङ्क, चिह्न आदिद्वारा अभिलेख गरिएका र मुद्दामा प्रमाणका रूपमा पेस गर्न सकिने वा प्रमाणका निम्ति लाग्ने कागजपत्र; लिखतमा लागेको सही, औंठा छाप, छाप र लिखतमा जनिएको अङ्क, अक्षर, मिति वा अन्य कुनै बेहोरा; मानिसहरूबिच लेनदेन व्यवहार

गर्दा प्रमाणका लागि लेखिने कागज, तमसुक, राजीनामा, बकसपत्र वा अड्डा अदालतका लिखित कागजहरू; कुनै लेनदेन कारोबार प्रमाणित गर्ने चेक, बिल, भौचर, रसिद र भरपाई समेतका कागजात; घरव्यवहारमा हुने सबै किसिमका लेनदेन व्यवहार, सम्पत्ति हस्तान्तरण वा धितोबन्धक दिने गरी भएको लिखत, धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी लिखत, करार, अख्तियार दिएको लिखत, अख्तियारनामा, मन्जुरनामा वा त्यस्तै प्रकृतिका अन्य कागजात; सरकारी कार्यालय वा सङ्गठित संस्थामा पेस हुने कुनै पनि लिखत; अदालतमा पेस हुने उजुरी, अभियोगपत्र, आरोपपत्र, पूरक वा थप आरोपपत्र, फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, लिखित प्रतिवाद, निवेदनपत्र, लिखित जवाफ, बहसनोट, प्रतिवेदन, दरखास्तलगायत जुनसुकै किसिमको लिखत; सरकारी कार्यालय वा सङ्गठित संस्थाबाट जारी हुने लिखत; कानूनी हक वा दायित्व सिर्जना गर्ने वा नगर्ने अन्य कुनै लिखत; कुनै प्रकारको हक वा दायित्व सिर्जना गर्ने, हस्तान्तरण गर्ने, संशोधन गर्ने वा विस्तार गर्ने गरी दुई वा दुईभन्दा बढी व्यक्तिबिच गरिने कुनै लिखत; विदेशमा प्रयोग हुने तोकिएको लिखत; अड्डा अदालतमा पेस गरिने सत्य विवरणयुक्त कागज वा यस्तै प्रकारका अन्य कागज वा लिखत; मालसामानको ढुवानी वा भण्डारणको व्यवसाय गर्ने व्यक्तिले जारी गरेको बाहकपत्र; गोदामघर, दाखिला रसिदजस्ता हकको लिखत वा भरपाई; लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत वा कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्यदृश्य सामग्री; एक वा अनेक अनुच्छेदमा लिखित प्रबन्धात्मक अभिव्यक्ति वा सङ्कथन। *[हे. प्रमाण ऐन, २०३१ को दफा ३५ को उपदफा (१) को स्पष्टीकरण, नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (घ), मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (२) को स्पष्टीकरण, मुलुकी देवानी संहिता, २०७४ को दफा ४७६ को स्पष्टीकरण, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ को उपदफा (१) को स्पष्टीकरण, नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (छ), सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (व), सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (घ), जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (ठ) र विशेष अदालत नियमावली, २०८० को नियम २ को खण्ड (ज्ञ)।]*

लिखत पारित (Registered of the deed)- *नाप.* स्वीकृतिको लागि सम्बन्धित कार्यालयमा दाखिल गरेको कुनै लिखत त्यस्तो कार्यालयबाट स्वीकृत गर्ने कार्य; लिखतको सत्यापन हुने काम; लिखतबमोजिमको कार्य प्रमाणित भएको अवस्था। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४६३।]*

लिखत बदर (Void of the deed)- *ना.* सम्बन्धित कामको लागि तयार पारिएको कागजपत्र कच्चा भएका कारणले सदर वा मान्य नहुने अवस्था; लिखतको अमान्यता; लिखत अस्वीकृत।

लिखतपत्र (Document, deed)- *ना.* [लिखत+पत्र] पोस्टर, चित्र, नक्सा, फोटो वा अरू कुनै प्रत्यक्ष चित्रण; लिखित प्रमाणका कागज; कागजात; लेख्याभिलेख। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ज) ।]*

लिखित (Writing, written form, scriptural)-*वि.* [सं.] छापिएको, लिथो गरिएको, तस्विर खिचेको र अरु कुनै प्रकारले देखिने बुझिने आकारमा लेखिएका शब्द; लेखिएको; लिपिबद्ध; लेखबद्ध; लिपिअङ्कित; लेख्य रूप; अभिलिखित। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ल) ।]*

लिखित जवाफ (Written reply, the written response of the opponent)- *ना.* [असाधारण अधिकारक्षेत्र अन्तर्गत अदालतमा परेको कुनै निवेदनका सम्बन्धमा विपक्षीको तर्फबाट अदालतमा दिइने लिखित प्रत्युत्तर; लिखित रूपमा दिइएको जवाफ वा उत्तर।

लिखितम् (A word that indicates starting of a written legal document)- *ना.* [सं.] यसपछिको बेहोरा लिखित हो भन्ने जनाउन लिखतका सुरुमा प्रयुक्त शब्द; 'लिखित' शब्दको नपुंसक लिङ्गी (संस्कृत) प्रयोग। *तुल.* बकितम्।

लिग (Organisation, institution)- *ना.* [अङ्.] सङ्घ; संस्था; समूह।

लिगलगापात (Curtilage)- *ना.* [लगापात (द्वि.)] साँध सिमानाभित्र चर्चिएको जग्गाभित्रका बोटबिरुवा र संरचनासहितको सेरोफेरो; हाताभित्रको सबै कुरा; लगापात।

लिङ्ग पहिचान (Sex selection)- *ना.* [लिङ्गपहिचान.] गर्भमा रहेको भ्रूणको लिङ्ग चिन्ने कार्य; गर्भमा रहेको भ्रूण पुलिङ्गी वा स्त्रीलिङ्गी के हो भनी ठम्याउने वा पहिचान गर्ने काम।

लिङ्गवल (A court or tribunal which used to deal disputes over agricultural, transport, irrigation affairs in the *Lichchhavi era*)- *ना.* बाटोघाटो, कुलोपानी, कृषि, यातायात र वाणिज्य आदि विषयका मुद्दा हेर्ने लिच्छविकालीन एक अधिकरण।

लिजिङ (Leasing)- *ना.* [अङ्.] निश्चित अवधिका लागि चलअचल सम्पत्तिको स्वामित्व इजाजतपत्रप्राप्त संस्थासँगै रहने गरी भोगाधिकार मात्र प्राप्त गरी सोबापत निश्चित समयतालिकामा ग्राहकबाट रकम बुझाउने सम्झौताबमोजिमको कार्य; भाडास्वरूप रकम बुझाउने सर्तको भोगाधिकार सम्झौता। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कछ) ।]*

लिपि (Script, letter, alphabet)- वर्ण वा अक्षर लेखिने लेख्य चिह्न; लेख्य वर्णमाला; लिखित अक्षर; मौखिक वा कथ्यश्रव्य भाषालाई लिखित वा दृश्यपाठ्य रूपमा प्रस्तुत गर्ने वर्ण/ अक्षर, मात्रा र भाषिक रेखात्मक चिह्न।

लिफा (Thumbed or signed blank sheet of paper, application form)- *ना.* [अ. लिफाफ] कारणीको ल्याप्चे वा हस्ताक्षर लगाई राखिएको खाली कागज; व्यहोरा नलेखिएको, तर ल्याप्चे र सहिछाप परेको खाली कागज; निवेदन लेख्ने वा विवरण भर्नका लागि उपयोग गरिने प्रपत्र/ फारम; लिफाफा।

लिफाफा (Envelope, letter cover)- *ना.* [अ. लिफाफ] चिठीपत्र बन्द गर्ने कागजको खोल; खाम; केही लेख्नका लागि ढाँचाबद्ध गरिएको भर्नुपर्ने सूचना वा बेहोराका लागि ठाउँ खाली छाडिएको प्रपत्र वा फारम; लेख्ने बेहोराका लागि ठाउँ खाली राखेर खालि कागजमै तलमाथि सहीछाप गरी कसैलाई दिइएको कागज।

लिफ्ट सिँचाइ प्रणाली (Lift Irrigation System)- *ना.प.* सिँचाइ गर्नुपर्ने क्षेत्रभन्दा कम उचाइमा रहेको पानीको स्रोतबाट विद्युतीय वा अन्य ऊर्जाको उपयोग गरी सिँचाइ गर्नुपर्ने क्षेत्रमा पानी पुऱ्याउने सिँचाइ प्रणाली; तल्लो भौगोलिक सतहमा रहेको पानी माथिल्लो भौगोलिक सतहमा तानेर ल्याई सिँचाइ गर्ने प्रणाली; पानी तान्ने सिँचाइ प्रणाली।

लियन होल्डर (Lien holder)- *ना.प.* [अङ्.] अधिकारप्राप्त अधिकारी; कानूनबमोजिम दामासाहीसम्बन्धी व्यवसायीको आदेशबाट धितो लिने व्यक्तिको धितोको सम्पत्तिमा हक प्राप्त गर्ने वा त्यस्तो धितोको सम्पत्ति कब्जा गर्न पाउने अधिकारप्राप्त व्यक्ति; कुनै धितोको सम्पत्तिमा नियन्त्रण राख्ने व्यक्तिबाहेक कानूनको कार्यान्वयनको सिलसिलामा धितो लिने व्यक्तिको धितोको सम्पत्तिमा अधिकारप्राप्त गर्ने अन्य व्यक्ति। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ल) ।]*

लिलाम (Auction)- *ना.* [पुर्त.] कुनै धनमाल, जग्गा आदिलाई मूल्य बढाबढ वा घटाघट गरी सबैभन्दा बढी मोल कबोल गर्नेलाई बिक्री गर्ने काम; मोल बढाबढ गरेर कुनै माल वा सम्पत्ति सार्वजनिक रूपले बिक्री गर्ने काम; लिलाम बढाबढ; डाँक।

लिलाम घटाघट (Dutch auction)- *ना.प.* [सं.] कसैको माल वा धनसम्पति लिलामीमा परी लिलाम गर्दा लिलाम हुने वस्तु वा सम्पत्तिको मोलतोल मूल्य घटाउँदै कबोलेर बिक्री वा लिलामको मोल निर्धारण गर्ने काम; लिलामी वस्तुलाई मूल्य घटाघट गरी सबैभन्दा कम मूल्यमा खरिद गर्ने काम।

लुटपाट (Looting, plunder, robbery)- *ना.* लुटेर अर्काको सम्पत्ति लाने काम; हुल बाँधेर लुट्ने काम; जबरजस्ती अर्काको धनमाल हडप्ने काम; लुट।

लुटपिट (Looting, larceny)- *ना.* [लुट+पिट] कुनै किसिमले जबर्जस्ती गरी वा नगरी खोसी, धरपकड वा लछारपछार गरी वा त्यस्तो गर्ने धम्की दिई लैजाने काम; हानिनोक्सानी गर्ने नियतले गर्ने कुनै लुटपाट काम; लुटपाट; लुट्ने र पिट्ने काम; लुटमार; चोरी र ठगीभन्दा केही भिन्न किसिमको अपराध। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २८६ को उपदफा (२) ।]*

लुम्बिनी बौद्ध विश्वविद्यालय (Lumbini Buddhist University)- *नाप.* बौद्धदर्शन, साहित्य, शिक्षा र संस्कृतिसहितका विषय अध्ययन, अध्यापन र अनुसन्धानका लागि उच्च तहका शिक्षण संस्थाहरू सञ्चालन गर्न स्थापना गरिएको विश्वविद्यालय।

लुम्बिनी विकास कोष (Lumbini Development Trust)- *नाप.* लुम्बिनी क्षेत्रको विकासका लागि गैरमुनाफामूलक संस्थाको रूपमा सञ्चालन हुने गरी स्थापना भएको कोष वा संस्थापना। *[हे. लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा २ को खण्ड (ख) र दफा 3 ।]*

लुम्बिनी विकास परिषद् (Lumbini Development Council)- *नाप.* लुम्बिनी विकास कोषको उद्देश्य पूरा गर्नका लागि नीति निर्माण गर्न तथा कार्यकारिणी समितिलाई आवश्यक मार्गदर्शन एवम् निर्देशन दिन कोषको सर्वोच्च निकायका रूपमा गठित परिषद्। *[हे. लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा २ को खण्ड (घ) र दफा ४ ।]*

लुम्बिनी विकासक्षेत्र (Lumbini Development Area)- *ना.* [सं.] गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा उनको जीवनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सम्बन्धित तिलौराकोट (प्राचीन कपिलवस्तु) गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, अरौराकोट, कुदान (कपिलवस्तु), देवदह (रूपन्देही), रामग्राम (नवलपरासी) समेतका क्षेत्र र लुम्बिनी क्षेत्रमा पर्ने भनी सरकारले तोका अन्य क्षेत्रसहितको लुम्बिनी क्षेत्र। *[हे. लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा २ को खण्ड (क) ।]*

लेखकस्व (Royalty)- *ना.* [सं.] रचना वा कृति प्रकाशित भएपछि लेखकले प्रकाशकबाट पाउने रकम; कृति प्रकाशित भएपछि सो रचनाउपरको अधिकारस्वरूप प्राप्त गर्ने रकम; रोयल्टी।

लेखनदास (Scrivener)- *ना.* [लेखन+दास] घरसारका कागज लेख्ने व्यक्ति; अड्डा अदालतमा पेस हुने सामान्य लिखत लेख्ने व्यक्ति; लेखापढी सेवा प्रदायक।

लेखबद्ध (In written form, documented)- *वि.* [सं.] लिपिबद्ध; लिखित रूपमा अभिलेख गरिएको; लेखिएको; छापिएको अवस्थामा; लिखत भएको वा लेखको रूपमा रहेको।

लेखा (Accounts)- *ना.* [सं.] हरहिसाब; हिसाबकिताब; वाणिज्य गणितका आधारमा गरिने व्यवहारको अभिलेखीकरण; आर्थिक स्रेस्ता; आर्थिक कारोबार भएको बेहोरा देखिने गरी प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर तथा सो आधारमा तयार गरिने अभिलेख, खाता, किताब वा अन्य कागजपत्र र विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेख, सोको आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन; आयव्ययको विवरण; कारोबारको सबै बेहोरा देखिने गरी राखिएका अभिलेख, स्याहा, खाताबही आदि र त्यस्ता कागजात। *[हे. लेखापरीक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ग), आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ब) र नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा २ को खण्ड (भ)।]*

लेखाउत्तरदायी अधिकृत (Account responsible officer)- *नाप.* आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र बजेट खर्च गर्न अधिकार दिने, लेखा राख्न र राख्न लगाउने, वित्तिय विवरण तयार गर्ने वा गराउने, लेखापरीक्षण गराउने, बेरुजु असुल, नियमित गर्ने वा गराउने, मिनाहा गर्ने वा गराउने र लक्ष्यअनुरूपको प्रतिफल प्राप्त गर्ने जिम्मेवारी रहेको प्रशासकीय प्रमुख। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (फ)।]*

लेखाकर्म (Accountancy)- *ना.* [सं.] तहबिलदारी; लेखा वा हिसाबकिताब राख्ने काम।

लेखाजोखा (Evaluation, comparison, assessment)- *ना.* [लेख्+आ+जोख्+आ] हिसाबकिताब वा नापतौलको गणना वा फाँटवारी; हरहिसाब; कुनै कार्य वा गतिविधिको पूर्वानुमान, मूल्याङ्कन, तुलना।

लेखात्मक (Scripted, handwritten)- *वि.* [सं. लेख+आत्मक] लिपिमा लेखिएको लिपिबद्ध; अक्षरमा लेखिएको; लेख्य; लिखित; लिपिकृत।

लेखापरीक्षक (Auditor)- *ना.* [सं.] लेखापरीक्षण गर्न इजाजतपत्रप्राप्त व्यक्ति; आर्थिक कारोबारको जाँच गर्ने व्यक्ति वा व्यवसायी। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ष)।]*

लेखापरीक्षण (Auditing)- *नाप.* सरकारी कार्यालय, सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र तोकिएका संस्था वा निकायको लेखा तथा

लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण र सम्परीक्षण गर्ने कार्य; आर्थिक कारोवारको जाँच; लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन; लेखापरीक्षण गर्ने प्रमाणपत्र प्राप्त पेसेवर वा व्यवसायीबाट गरिने लेखापरीक्षण। *[हे. लेखापरीक्षण ऐन, २०७५ को दफा २ को खण्ड (घ) तथा दफा 3 र नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ञ१) ।]*

लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति (Auditing and Internal Control Committee)- *नाप.* प्रत्येक मन्त्रालय वा निकायमा आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि गठित आन्तरिक नियन्त्रण समिति। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ को उपदफा (१) ।]*

लेखापरीक्षणमान (Standards on Auditing)- *नाप.* लेखाव्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखापरीक्षणमान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखापरीक्षणमान र तत्सम्बन्धी निर्देशिका तथा व्याख्या; लेखापरीक्षणसँग सम्बन्धित प्रतिमान, मापदण्ड वा मान। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ञ६) ।]*

लेखापाल (Accountant)- *ना.* [सं.] कार्यालयको आयव्ययको हिसाब राख्ने कर्मचारी; लेखाको अभिलेख राख्ने कर्मचारी; कार्यालयमा लेखापालन गर्ने कर्मचारी।

लेखाप्रमुख (Account In-charge)- *ना.* [सं.] आर्थिक कारोबार सञ्चालन गर्ने, लेखा राख्ने, राख्न लगाउने, लेखाको विवरण तयार गर्ने, गर्न लगाउने, आन्तरिक एवम् अन्तिम लेखापरीक्षण गर्न लगाउनेजस्ता लेखा सम्बन्धी कार्य गर्ने मुख्य अधिकारी वा कर्मचारी।

लेखामान (Accounting Standards)- *नाप.* लेखाव्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखामान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखामान र तत्सम्बन्धी निर्देशिका तथा व्याख्या; लेखापालनसँग सम्बन्धित प्रतिमान, मापदण्ड वा मान। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ञ५) ।]*

लेखामान बोर्ड (Accounting Standards Board)- *नाप.* लेखाव्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न सरकारले गठन गरेको बोर्ड। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ञ३) र दफा १५क. को उपदफा (१) ।]*

लेखासँग सम्बन्धित कागजात (Accounts related documents)- *नाप.* सरकारी कार्यालय, सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएका सङ्गठित सङ्घसंस्था

र तोकिएका संस्था वा निकायको लेखापरीक्षण गर्न आवश्यक पर्ने कागजात; त्यस्ता कार्यालय/ निकाय/ संस्थाका रणनीति, वार्षिक वा आवधिक योजना, कार्ययोजना, निर्णय, सम्झौता वा समझदारी, प्रगति प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन र लेखापरीक्षणको कामसँग सम्बन्धित अन्य कागजात; त्यस्ता कार्यालय/ निकाय/ संस्थाका विद्युतीय प्रणालीमा सङ्ग्रहित विवरण तथ्याङ्क वा सूचना। *[हे. लेखापरीक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ङ) ।]*

लेखोट (Written note, memo, slip)- *ना.* [लेख्+ओट] लेखिएको सामग्री; टिपोट; केही लेखिएको लेखिएको कागज; लघुलिखत।

लेख्य दर्ताकिताब (Notary register)- *नाप.* लेख्य प्रमाणक (नोटरी पब्लिक) ले आफूले गरेको कामकारबाहीको बेहोरा जनाई राख्ने दर्ताकिताब; नोटरी दर्ताकिताब। *[हे. लेख्य प्रमाणक नियमावली, २०४१ को नियम २ को खण्ड (ग) ।]*

लेनदेन (Dealings, transaction, exchange)- *ना.* [लिने+दिने] लिने र दिने काम; आदानप्रदान; साटफेर; व्यवहार चलाउने सिलसिलामा गरिने सरसापट; कुनै वस्तु वा रैरकम लिने र दिने कारोबार; साहुअसामी भै गरिने कारोबार वा काम; सर-सापट; उधारो वा ऋण लिने दिने काम; सटही; विनिमय।

लेनदेन कारोबार (Transactional business)- *नाप.* लेनदेनसहितको कारोबार; व्यापार व्यवसायमा गरिने लेनदेन कारोबार; आर्थिक वा वित्तीय विनिमयको कारोबार।

लेबल (Label)- *ना.* [अङ्.] उत्पादन वा वस्तु राखिएका सिलबन्द प्याकेज वा भाँडोमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोड्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिह्न, तस्बिर वा अन्य विवरणात्मक वस्तु; बपट्टा, बाकस, बोतल आदिमा टाँसिने भित्र रहेका वस्तुको चिनारी वा विवरण लेखिएको पातो; बिक्रीको लागि राखिएको वा परिवहन भैरहेको कुनै पदार्थ रहेको भाडामा वा आवरणमा लेखिएको, छापिएको वा अङ्कित भएको विवरण वा सङ्केत; सूचकपत्र; लेबुल। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ङ), आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ट), स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ को नियम २ को खण्ड (ट) र खाद्य नियमावली, २०२७ को नियम २ को खण्ड (ख) ।]*

लेसी (Clerk)- *ना.* लेख्ने सिपाही; नौसिन्दा; वि.सं. २००७ साल अघि अदालतको फाँटमा लेख्ने कामका लागि नियुक्त सानो तहको कर्मचारी।

लैङ्गिक न्याय (Gender justice)- *ना.प.* लैङ्गिक आधारमा हुने आर्थिक, सामाजिक तथा साँस्कृतिक विभेदको अन्त्य गर्न समानता र समताका आधारमा प्रदान गरिने न्याय।

लोक सेवा आयोग (Public Service Commission)- *ना.प.* निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने, अन्य सरकारी वा सार्वजनिक सेवाका पदमा पदपूर्तिका सम्बन्धमा लिखित परीक्षा लिने वा त्यस्तो छनोट गर्ने निकायलाई रायपरामर्श दिने संवैधानिक निकाय।

लोकगाल (Ignominy, disgrace among the people)- *ना.* [सं.] जनताको अहित हुने; जनतामा दुर्नाम वा अवगाल फैलिने; लोकअवगाल।

लोकदूषण (Public corruption)- *ना.* [सं.] जनताको हानि गर्ने; दुनियाँलाई खराब हुने काम गर्ने।

लोकनायक (Popular leader)- *ना.* [सं.] लोकप्रिय नेता; लोकलाई अग्रगामी मार्गमा लैजाने नेता।

लोकभाषा (Vernacular; language of the nation; local language)- *ना.* [सं.] जनताको भाषा; जनजिब्रो; कथ्यभाषा।

लोकरा (Society)- *ना.* [गन्गा.] समाज; मानिसहरूको समूह।

लोकश्री पदक *(Lokshree Padak)*- *ना.प.* लोककल्याण तथा सार्वजनिक हितको लागि प्रशंसनीय काम गर्ने नेपाली नागरिकलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार।

लोकसत्ता (Democracy, people power)- *ना.* [सं.] जनसत्ता; लोकतन्त्र; प्रजातन्त्र।

लोकसम्मति (Popular will)- *ना.* [सं.] जनताको चाहना वा जनमत।

लोकहित (Public welfare)- *ना.* [सं.] सर्वसाधारणको हित वा कल्याण।

लोकाचार (Pretentious, pompous, norms of behaviour, ethos)- *ना.* [सं.] देखावटी व्यवहार; आडम्बरले भरिएको काम; जनताका बिचमा हुने सद्भावपूर्ण आचार।

लोकापवाद (Public denunciation, obloquy, condemnation, infamy)- *ना.* [सं.] लोकनिन्दा; बदनामी।

लोकाभार (Selection of people's representatives)- *ना.* [सं. लोक+आभार] जनप्रतिनिधिहरू रोज्ने काम; जनप्रतिनिधिहरूको छनौट; रैतीले गाउँका तालुकदार, थरी, मुखिया आदि रोज्ने काम।

लोकार्पण (Launch, release)- *ना.* [सं. लोक+अर्पण] पहिलो पटक पुस्तक वा कृतिको विमोचन।

लोकोक्ति (Proverb, popular sayings, adage)- *ना.* [सं. लोक+उक्ति] लोक भनाइ; कहावत; उखान; टुक्का।

लोप (Vanishment, disappearance, extinction)- *ना.* [सं.] नासिने काम; क्षय; अलप; गायब; गुम।

लोपोन्मुख (Endangered, on the verge of extinction)- *वि.*[सं. लोप+उन्मुख] लोप हुन लागेको; सङ्कटापन्न; लोपात्मक।

लोपोन्मुख जाति (Tribes on the verge of extinction)- *नाप.* जनसङ्ख्या एक दम न्यून हुँदै खिइँदै गएको र लोप नै हुन सक्ने जोखिम समेत आसन्न रहेको जातिसमुदाय; नेपालका कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा र कुसवाडिया (पत्थरकपट्टा, सिलकट, कुशबधिया र कुचबधिया) जाति। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (छ) ।]*

लोपोन्मुख जाति भत्ता (Tribes on the verge of extinction allowance)- *नाप.* सरकारले तोकेको लोपोन्मुख जातिका नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १० को उपदफा (१) ।]*

लोपोन्मुख वनस्पति (Vulnerable wild flora)- *नाप.* लोप हुने अवस्थामा रहेका वनस्पति; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३ को अनुसूची-२ मा उल्लिखित वनस्पतिको प्रजाति वा उपप्रजाति। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (झ) ।]*

लोपोन्मुख वन्यजन्तु (Vulnerable wild fauna)- *नाप.* लोप हुने अवस्थामा रहेका वन्यजन्तु; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३ को अनुसूची-२ मा उल्लिखित वन्यजन्तुको प्रजाति वा उपप्रजाति। *[हे. सङ्कटापन्न*

वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (झ) ।]

लोहसे (A barren land made suitable to cultivate)- *ना.* जङ्गल फाँडेर खोरिया खन्न ठिक पारेको तर रुखका ठुटाठाटी उखेल्न बाँकी रहेको बाँझो जग्गा।

लौकिक (Proverbial, worldly, mundane)- *वि.* [सं.] सांसरिक; लोकव्यवहार सुहाउँदो; व्यावहारिक; यसै लोकसँग सम्बन्धित।

लौहपुरुष (Iron man, determinant)- *ना.* [सं. लौह+पुरुष] दृढ सङ्कल्प भएको व्यक्ति; सिद्धान्तमा अडिग व्यक्ति।

ल्याकत/ ल्यागत (Qualification; competence, capability)- *ना.* [अ. लियाकत] योग्यता; सामर्थ्य; खुबी; बर्कत; लायक भएको अवस्था।

व

वंश (Clan, descendant, lineage)- *ना.* कुल; खानदान; खलक; सन्तान।

वंशज (Descent, progeny)- *वि./ना.* [सं.] वंशसँग सम्बन्धित; वंशमा जन्मिएको; दाजुभाइसम्बन्धी; सन्तान; खलक।

वंशधर (Progeny, offspring)- *ना.* [सं.] वंशमा जन्मेको; वंशक्रमको; वंशधारी; वंशको रक्षक।

वंशनाश (Familicide, family annihilation)- *ना.* [सं.] वंशको विनाश।

वंशपरम्परा/ वंशानुक्रम (Lineage tradition; lineal descent)- *ना.* वंशमा चलिआएको रीतिरिवाज वा प्रचलन; कुलपरम्परा।

वंशमूल (Root of ancestry)- *ना.* [सं.] वंशको आधार वा स्रोत; पुर्खा; पूर्वज।

वंशवृद्धि (Family expansion)- *ना.* [सं.] सन्तान बढ्दै गएको तथा फैलिएको अवस्था; वंशजको सङ्ख्या वृद्धि।

वंशागत/ वंशाणुगत (Geneti, heriditary)- *वि.* [सं.] वंशमा परम्पराका रूपमा चलेर आएको; वंश परम्पराबाट आएको; आफ्ना पूर्वजहरू वा बुबाआमाबाट विरासतका रूपमा प्राप्त भएको।

वंशाणु (Gene)- *ना.* [सं.] वंशाणुगत गुणहरू सार्ने अति सूक्ष्म वस्तु; जीवमा वंशाणुगत रूपमा रहने अणु; प्राणीमा वंशगत गुणलाई कायम राख्ने सूक्ष्म अणु; जीवसत्ताको मूल तत्त्व।

वंशावली (Family tree, genealogy, pedigree)- *ना.* [सं. वंश+आवली] कुनै वंशको मूल पुर्खादिखिका सन्तानको विवरण; वंशको बेलीविस्तार; वंशवृक्ष; वंशलता; पुस्तापुस्ताका सन्तानदरसन्तानको नामावली।

वकालत (Advocacy, pleading)- *ना.* [अ.] कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिले गर्ने पक्षपोषण वा तरफदारी; सार्वजनिक विषयवस्तुका गुणदोषका बारेमा गरिने चर्चा; गरिने खास पक्षका तर्फबाट अदालतमा उपस्थित भई बहस गर्ने काम; वकिलको पेसा; कानून व्यवसायीको पेसा।

वकालतनामा (Lawyer assigning letter, Authorization letter)- *ना.* [वकालत+नामा] अदालतमा कुनै पक्ष वा अभियुक्तको तर्फबाट वकालत गर्नका लागि कानून व्यवसायीलाई दिने

अधिकारपत्र वा मञ्जुरीनामा; आफ्नो प्रतिनिधि भई अड्डा अदालतमा बहस गर्न पक्ष र वकिलले सही गरी बुझाइने अधिकारपत्र वा मञ्जुरनामा।

वकिल/ वकील (Lawyer, legal practitioner, attorney)- *ना.* [अ.] अदालतमा कसैको तर्फबाट बहस गर्ने व्यक्ति; कसैको प्रतिनिधि भएर अदालतमा गएर वकालत गर्ने अधिकार पाएको व्यक्ति; कानून व्यवसायी।

वक्रदृष्टि (Evil sight)- *ना.* [सं.] रिस जनाउने हेराइ; कुदृष्टि।

वचन (Speech, saying)- *ना.* [सं.] भनाइ; कथन; बोली; वाणी; एक वा अनेक भन्ने अर्थभेद गराउने व्याकरणिक कोटि।

वचनपत्र (Promisory note, treasury bill, affidavit)- *ना.* [सं.] ऋणपत्र; सरकारले जनतासँग ऋण लिएर फलाना व्यक्तिबाट यति ऋण लिइएको छ र त्यसको ब्याज यस हिसाबले दिनुपर्छ भनी लेखिएको पत्र।

वचनबद्ध (Bound by promise, commited, obliged)- *ना.* [सं. वचन+बद्ध] कुनै काम कुरा गर्न वा नगर्न गरेको प्रतिज्ञा; वचन वा कबुलमा बाँधिएको; प्रतिबद्ध।

वज्रपात (Great loss; traumatic incident) - *ना.* [सं.] एक्कासि आइलागेको ठूलो विपद्; चट्याङ् पर्नु।

वञ्चित (Deprived; cheated)- *वि.* [सं.] झुक्याइएको वा ठगिएको; धोका दिइएको; जिल्याइएको; खोसिएको।

वडा (Ward)- *ना.* [अङ्.] वाडा; ओडा; जनसङ्ख्या, घरधुरी, भौगोलिक क्षेत्र, भौतिक सुविधासमेतका आधारमा निर्धारण गरिएको नगर वा गाउँको खास भाग; गाउँपालिका वा नगरपालिकाको वडा। *[हे. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को २ को खण्ड (द) ।]*

वडाअध्यक्ष (Ward Chairperson)- *ना.* [अङ्. वडा+सं. अध्यक्ष] वडाको अध्यक्ष वा प्रमुख; वडासमितिको अध्यक्ष; सरकारको स्थानीय तहको कार्यपालिकाको एक पदाधिकारी; वडापाल।

वडासमिति (Ward Committee)- *ना.* [सं.] गाउँपालिका वा नगरपालिकाका प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहने समिति; वार्डसमिति। *[हे. नेपालको संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) ।]*

वतन (Address; whereabout)- *ना.* [अ.] जन्मस्थान, वासस्थान आदि खुलेको विवरण; ठेगाना; घरद्वार वा डेरा भएको ठाउँ; ठाउँठहर।

वदन (Face; apperance)- *ना.* [सं.] अनुहार; चेहरा; ओठ।

वध (Slaughter, murder, killing)- *ना.* [सं.] हत्या, हिंसा; कसैलाई मार्ने वा काट्ने काम; काटमार।

वधशाला/ वधस्थल (Slaughter house)- *ना.* [सं. वध+शाला] पशु वध गर्ने ठाउँ वा घर; गोसघर।

वधिक (Slaughterer, butcher)- *वि.* [सं.] कसाई; वध गर्ने; काटमार गर्ने; सिकारी; व्याधा।

वधू (Daughter-in-law; bride)- *ना.* [सं.] बुहारी; बेहुली; दुलही।

वन (Forest, jungle)- *ना.* [सं.] पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र; जङ्गल; वनजङ्गल; प्राकृतिक रूपमा उम्रिएका धेरै रुख, बोटबिरुवा, लहरा, झाडीलगायत सानाठूला जडीबुटीजन्य वनस्पति र पशुपक्षी वन्यजन्तुहरूको वासस्थानका रूपमा रहेको र प्राकृतिक पारिस्थितिकी कायम राख्दो भौगोलिक समुच्चय; कानन; पाटन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (थ) ।]*

वन कार्य योजना (Forest action plan)- *नाप.* वनको संरक्षण, संवर्धन, व्यवस्थापन र सदुपयोगलगायतका विषयवस्तु समावेश भएको कार्ययोजना; डिभिजन वन कार्यालयको आवधिक योजनासहितको रणनीतिक योजना र वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना। *[हे. वन नियमावली, २०७९ को नियम २ को खण्ड (घ) ।]*

वन क्षेत्र (Forest area)- *ना.* [सं. वन+क्षेत्र] निजी स्वामित्वको हक भोगको र कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वनसिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेका वा नढाकेका नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गा आदिले ओगटेको क्षेत्र। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (फ) ।]*

वन विकास कोष (Forest Development Fund)- *नाप.* वनको संरक्षण र संवर्धन गर्न एवम् अन्य प्रवर्धनात्मक कार्यका लागि स्थापना गरिएको कोष। *[हे. वन ऐन, २०७६ को दफा ४५ को उपदफा (१) र वन नियमावली, २०७९ को नियम २ को खण्ड (ङ) ।]*

वन व्यवस्थापन पद्धति (Forest management system)- *नाप.* राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका पद्धति; वन व्यवस्थापनका लागि अपनाउन सकिने उपाय र तौरतरिका। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (प) ।]*

वन संरक्षण क्षेत्र (Forest conservation area)- *ना.प.* वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्त्व र जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएको संरक्षित क्षेत्रबाहिर रहेको वनक्षेत्र; वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्र; पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सीमाङ्कन गरी विशेष कार्ययोजनासाथ घोषित वन क्षेत्र। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ध) ।]*

वन सिमाना चिह्न (Demarcation mark)- *ना.प.* राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुका खम्बा वा चिह्नस्तम्भ; जग्गा नापजाँच गरी तयार नक्सामा अङ्कित वनसिमाना चिह्न। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (न) ।]*

वनउद्यम (Forest enterprise)- *ना.* [सं. वन+उद्यम] उपभोक्ता समूहले स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका उद्यम तथा पर्यापर्यटन कार्यक्रम; स्थानीय तह वा सङ्घसंस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गरिएका पर्यटन वा यस्तै उद्यमशील कार्यक्रम वा वन्यजन्तु पालन। *[हे. वन ऐन, २०७६ को दफा ३४ को उपदफा (१) ।]*

वनपाले (Forest guard)- *ना.* [सं. वन+पाले] वनजङ्गलको संरक्षण गर्न खटाइएको कर्मचारी; वनजङ्गलको रेखदेख वा हेरविचार गर्ने कर्मचारी; वनजाँचकी; वनहेरालो; वनकुरुवा।

वनपैदावार (Forest products)- *ना.* [सं. वन+ फा. पैदावार] वनमा रहेका वा पाइने काष्ठ, गैरकाष्ठ उपज; वनबाट निकालिने चपट्टान, ढुङ्गा र माटो। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (द) ।]*

वनरक्षक (Forester, ranger)- *ना.* [सं.] वनजङ्गलको सुरक्षा गर्ने; वनलाई विनास हुनबाट जोगाउने व्यक्ति; वनपाले; वनकुरुवा; वनहेरालो।

वनविनाश (Deforestation)- *ना.* [सं.] भइरहेको वनजङ्गल सखाप पार्ने काम; जङ्गलको फडानी गर्ने काम।

वनस्पतिको किसिम (Plant species)- *ना.प.* एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल र उपजातमूल; वानस्पतिक जाति र प्रजाति। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.९ ।]*

वनस्पतिको जातवर्ग (Plant variety)- *ना.प.* वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणीभित्र पर्ने समान आनुवंशिक लक्षणहरू देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरुत्पादन हुँदा लक्षणहरू परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको

प्रजाति वा समूह। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.१०।]*

वन्यजन्तु (Wildlife)- *ना.* [सं. वन्य+जन्तु] घरपालुवाबाहेक जुनसुकै जातिको स्तनधारी जन्तु, पक्षी, घस्रिने जन्तु, माछा, भ्यागुता जाति र कीरा फट्याङ्ग्रा वा फुल पार्ने जन्तुको फुल; जङ्गली पशुपक्षी; जङ्गली जलचर, थलचर, खेचर र उभयचर जीवजन्तु। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (च)।]*

वन्यजन्तु अस्पताल (Wildlife Hospital)- *नाप.* रोगी वा घाइते वन्यजन्तुको औषधीउपचार, स्याहारसुसार गर्नको लागि स्थापना गरिएको अस्पताल; वन्यजन्तुका लागि स्थापित चिकित्सालय। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५ग. र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम २ को खण्ड (ट)।]*

वन्यजन्तु आरक्ष (Wildlife reserve)- *नाप.* वन्यजन्तु सम्पदा र तिनीहरूका वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्र। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (ग)।]*

वन्यजन्तु उद्धार केन्द्र (Wildlife Rescue Center)- *नाप.* टुहुरा, असहाय, समस्याग्रस्त र उद्धार गरिएका वन्यजन्तुको संरक्षण, उपचार र व्यवस्थापनको लागि स्थापना गरिएको उद्धार केन्द्र; वन्यजन्तुको बचावट र उपचार गर्ने सुविधा प्रबन्ध। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम २ को खण्ड (ञ)।]*

वयस्क (Adult)- *ना./वि.* [सं.] बालिग; उमेर पुगेको; कानूनी कामकारबाहीका लागि योग्य ठानिने उमेर।

वयस्क मताधिकार (Adult franchise, adult suffrage)- *ना.* [सं.] वालिग मताधिकार; उमेर पुगेका नागरिकले निर्वाचनमा भाग लिन, उम्मेदवार बन्न र मतदान गर्न पाउने हक; चुन्न चुनिन पाउने अधिकार।

वयोवृद्ध (Aged, elderly, senior citizen)- *ना.* [सं. वयः+वृद्ध] धेरै बुढो; वृद्धहरूको पनि वृद्ध; उमेरले पाको।

वरिमा (Vastness, grandeur, excellence)- *ना.* [सं.] विशालता; श्रेष्ठता; उच्चता; अत्युत्तमता; उदारता; फराकिलोपन।

वरिष्ठ (Senior-most)- *वि.* [सं.] सबैभन्दा ज्येष्ठ; सबैभन्दा उत्तम; सर्वोत्तम; श्रेष्ठत्तम।

वरिष्ठ सदस्य (Senior Member)- *नाप.* नियुक्तिको क्रममा अगाडि रहेको सदस्य।

वरीय (Competent, prefered)- *वि.* [सं.] वर्य; योग्यता, उमेर आदिले अरूभन्दा उच्च, छनौटमा उत्कृष्ट; उत्तम; वरेण्य।

वरीयता (Priority order, senior ranking, preference)- *ना.* [सं.] उच्चता; श्रेष्ठता; उत्कृष्टता।

वरीयताक्रम (Seniority order, ranking)- *ना.* [सं. वरीयता+क्रम]; सोपानक्रम; श्रेणीक्रम; मर्यादाक्रम।

वर्ग (Class, division, block)- *ना.* [सं.] समान दृष्टिले एकै खाल वा गुण वा ढङ्गमा पर्ने व्यक्ति वा वस्तुहरूको समूह।

वर्गीकरण (Classification)- *ना.* [सं.] विभिन्न वर्गमा विभाजन; वर्ग अनुसार छुट्याउने काम।

वर्गीकृत लिखत (Classified document)- *नाप.* वर्गीकरण गरिएका लिखत; लिखतहरूको गोप्यताको प्रयोजनको लागि वर्गीकरण गरिएका सख्त निषेधित लिखत, अति गोप्य लिखत, गोप्य लिखत। *[हे. लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा २ को खण्ड (ख) र दफा ३ को उपदफा (१) ।]*

वर्गीय (Pertaining to class, belonging to class)- *वि.* [सं.] वर्गसँग सम्बन्धित; वर्गको।

वर्गीय तथा व्यावसायिक सङ्गठन (Class and professional organization)- *नाप.* बाल सङ्गठन, युवक सङ्गठन, महिला सङ्गठन, किसान सङ्गठन, मजदुर सङ्गठन र कुनै खास वर्ग वा व्यवसायका हित तथा विकासका साथसाथै राष्ट्रको निर्माण र विकास कार्यको मूल लक्ष्य राखेर खडा र सञ्चालन गरिने अन्य वर्गीय तथा व्यावसायिक सङ्गठन; व्यावसायिक वा वर्गविशेषका राष्ट्रिय स्तरका साङ्गठानिक संरचना भएका गैरसरकारी सङ्घसंस्था। *[हे. राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा २ को खण्ड (क) ।]*

वर्चस्व (Hegemony, control)- *ना.* [सं.] आधिपत्य; अधिकार; नियन्त्रण।

वर्जन (Abandonment, restriction)- *ना.* [सं.] छाड्ने काम; त्याग; तिलाञ्जलि; निषेध।

वर्जित (Banned, restricted, forbidden)- *वि.* [सं.] छोडिएको; अलग्याइएको; निषेधित; वञ्चित; बहिष्कृत।

वर्ण (Complexion)- *ना.* [सं.] कुनै वस्तुको बाहिरी आकृति वा रूप; हुलिया; रङ।

वर्णन (Explanation, description)- *ना.* [सं.] बेलीविस्तार; विवरण; बखान; भनाइ; कथन।

वर्णभेद (Racial discrimination; apartheid) - *ना.* [सं.] मानिसको रङ्गको आधारमा गरिने भिन्नता; वर्गभेद; रङ्गभेद।

वर्णसङ्कर (Hybird, crossbreed)- *ना.* [सं.] अलग जातिका आमाबाबुबाट जन्मेका सन्तान; ठिमाहा।

वर्णानुक्रम (Alphabetical order)- *ना.* [सं.] वर्णहरूको सिलसिला; अक्षरादिक्रम।

वर्तनी (Prevalence, situation, pension, livelihood)- *ना.* [सं.] विद्यमानता; स्थिति; निवृत्तभरण; जीवनवृत्ति; शब्दको निर्माणमा वर्ण र मात्राहरूको उपयुक्त क्रमिकता; हिज्जे; खिप्ती; वर्णविन्यासक्रम।

वर्धक (Enhancer)- *वि.* [सं.] वृद्धि गर्ने; बढाउने।

वर्म (Armour; coat of mail, shield)- *ना.* [सं.] लडाइँमा हतियारको प्रहार रोक्न लगाइने धातुको आवरण; कवच।

वर्ष (Calender year, age)- *ना.* [सं.] बाह्र महिनाको समय वा अवधि; दुई अयन, छ ऋतु र बाह्र महिना हुने खास समयको मान; संवत्सर; साल; उमेर।

वलक (A kind of present to be paid to the landlord by a tenant)- *ना.* ओलक; मोही वा रैतीहरूले तलसिङ वा बिर्तावाललाई दिन ल्याउने कोसेली वा दस्तुर।

वलेट (Crown prince)- *ना.* [फा.] राजाको उत्तराधिकारी; युवराजधिराज; युवराजको पदवी पाएको; राजाको जेठो छोरो; वली अहद।

वश (Control, right, dominance)- *ना.* [सं.] काबु; अधिकार; कब्जा; हैकम; अधीन; मातहत।

वशवद (Obedient)- *ना.* [सं.] आज्ञाकारी; वशवर्ती।

वस्ताज (Virtuoso; veteran musician; master, expert, skilled)- *ना.* [फा. उस्ताद] उस्ताद; सङ्गीतज्ञ; सिपालु; निपुण।

वस्तु (Things, commodities, matter, object, substance)- *ना.* [सं.] खरिद बिक्री गर्न सकिने भौतिक सम्पत्ति; भौतिक अस्तित्व वा अलग पहिचान भएको चिज वा पदार्थ; चल वा अचल दुवै किसिमको सम्पत्ति; वस्तु विनिमय बजारमा वस्तु करारमार्फत कारोबार हुन सक्ने तोकिएको वस्तु; उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट बनेको स्वास्थ्यलाई हानि, नोक्सानी वा कुनै किसिमको नकारात्मक प्रभाव नगर्ने पदार्थ; त्यस्तो वस्तु वा पदार्थको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायन। *[हे. मुलुकी देवानी*

संहिता, २०७४ को दफा २५१ को स्पष्टीकरण, अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ख), वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ञ) र उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ढ) ।]

वस्तु करार (Derivatives)- *नाप.* खरिदकर्ता तथा बिक्रेताबिच कम्तीमा तिस दिनपछि वस्तु खरिद वा बिक्री गर्ने गरी वस्तुको मूल्य, परिमाण, गुणस्तर तथा हस्तान्तरण मिति उल्लेख गरी भएको करार। *[हे. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ढ) ।]*

वस्तु कारोबार व्यवसाय (Commodities trading business)- *नाप.* बजार निर्माण, लगानी व्यवस्थापन, लगानी परामर्शदाता, वस्तु संरक्षक सेवाजस्ता व्यवसाय; वस्तु कारोबार दलाली, वस्तु कारोबार व्यापार र तोकिएका अन्य वस्तु कारोबारसम्बन्धी व्यवसाय। *[हे. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ठ) र दफा १९ को उपदफा (१) ।]*

वस्तु कारोबार व्यवसायी (Commodities traders)- *नाप.* वस्तु कारोबार व्यवसाय गर्न अनुमतिपत्र प्राप्त संस्था; वस्तु कारोबार गर्ने बजारनिर्माता, लगानी व्यवस्थापक, लगानी परामर्शदाता, संरक्षक, वस्तु कारोबार दलाल, वस्तु कारोबार व्यापारी र तोकिएका अन्य वस्तु कारोबार गर्ने संस्था। *[हे. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ड) र दफा १९ को उपदफा (२) ।]*

वस्तु बिक्रीसम्बन्धी करार (Contract of sale of goods)- *नाप.* कुनै विक्रेताले मूल्य लिई कुनै वस्तु क्रेतालाई तत्काल हस्तान्तरण गर्न वा भविष्यमा हस्तान्तरण गर्न ससर्त वा विनासर्त मन्जुर भई गरेको करार। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा ५४५ को उपदफा (१) ।]*

वस्तुको प्रत्यक्ष बिक्री वा वितरण (Direct seller or distributor of goods)- *नाप.* इजाजतपत्रवालाले कुनै उत्पादक कम्पनी वा वितरक कम्पनीबाट उपलब्ध वस्तु प्रत्यक्ष रूपमा उपभोक्तालाई बिक्री वा वितरण गर्ने कार्य। *[हे. वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा २ को खण्ड (ट) ।]*

वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरक (Direct seller or distributor of goods)- *नाप.* वस्तुको प्रत्यक्ष बिक्रीसम्बन्धी बजारीकरण वा बजार प्रवर्धन गर्नको लागि इजाजतपत्रवालाले सम्झौता गरी नियुक्त गरेको व्यक्ति वा प्रतिनिधि। *[हे. वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा २ को खण्ड (ञ) ।]*

वस्तुको मूल्य (Price of goods)- *ना.प.* उत्पादन गर्दा तोकिएको मूल्य; लेबल लगाइएको मूल्य; अधिकतम खुद्रा मोल (एम.आर.पी); आयात-प्रज्ञापन पत्रमा तोकिएको मूल्य; उत्पादकले स्रोतमै तोकेको मूल्य; सामानको मोल; चिजबिजको भाउदर। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ण) ।]*

वस्तुगत सहायता (Aid-in-kind)- *ना.प.* दातृपक्षबाट प्राप्त भएको सम्पत्ति वा जिन्सी मालसामान; दातृपक्ष आफैले निर्माण गरी हस्तान्तरण गरेको स्थिर सम्पत्ति; गैरनगदी वा गैरमौद्रिक सहायता; सामाग्रिक सहयोग। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ण) ।]*

वाकस्वतन्त्रता (Freedom of speech)- *ना.*[सं. वाक्+स्वतन्त्रता] बोलेर आफ्नो विचार खुलस्त रूपमा राख्न पाउने मौलिक अधिकार; बोल्न पाउने अधिकार; विचार र अभिव्यक्तिको स्वतन्त्रता।

वाक्छल (Equivocation, sophistry)- *ना.* [सं. वाक्+छल] अर्कालाई धोका दिन भ्रामक शब्दको प्रयोग गर्ने काम; शब्दखेल; मुखको परिपञ्चले गरिने छल।

वाक्पटुता (Eloquence)- *ना.* [सं.] बोलीको कुशलता; वाक्चातुर्य।

वाग्दण्ड (Condemnation, infamia)- *ना.* [सं.] बोलेर दिइने दण्ड; हप्कीदप्की; भत्सर्ना; खप्की।

वाचन (Reading, reciting)- *ना.* [सं.] विधायिकामा कुनै विधेयक, प्रस्ताव आदि प्रस्तुत गर्दा पढ्ने काम; पाठ गर्ने वा पढेर सुनाउने काम।

वाचनालय (Reading room)- *ना.* [सं. वाचन+आलय] पाठ गर्ने वा पढेर सुनाउने घर वा ठाउँ।

वाचा (Promise, oath, vow)- *ना.* [सं.] प्रतिज्ञा; कबुल।

वाचाल (Eloquent, loquacious, talktative)- *वि.* [सं.] बोल्न सिपालु; वाक्पटु; बोलक्कड; धेरै बोल्ने।

वाञ्छनीय (Expedient, necessary, desirable)- *वि.* [सं.] जरुरी; उपयुक्त आवश्यक; वाञ्छित।

वाणिज्य (Commerce)- *ना.* [सं.] व्यापार; खरिदबिक्री।

वाणिज्य इजलास (Commercial Bench)- *ना.प.* सर्वोच्च अदालतका परामर्शमा वाणिज्य सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न सरकारले तोकेको अदालतको इजलास। *[हे. उच्च अदालत नियमावली, २०७३ को दफा २ को खण्ड (ञ) ।]*

वाणिज्यदूत (Consul General)- *ना.* [सं.] व्यापारिक हित, रक्षा तथा संवर्धनका लागि अन्य देशको प्रमुख सहरमा पठाइएको वा राखिएको राष्ट्रको दूत वा प्रतिनिधि; महावाणिज्यदूत।

वाणिज्यदूतावास (Consulate General)- *ना.* [सं. वाणिज्य+दूतावास] व्यापारिक हित, रक्षा तथा संवर्धनका लागि अन्य देशको प्रमुख सहरमा पठाइएको वा राखिएको राष्ट्रको वाणिज्यदूत वा प्रतिनिधिको कार्यालय।

वाणी (Statement, saying, speech)- *ना.* [सं.] बोली; कथन।

वातावरण (Environment)- *ना.* [सं.] प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरू र त्यस्ता अवयवहरूका बिचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (न) ।]*

वातावरण निरीक्षक (Environment Inspector)- *ना.प.* स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनअनुसार गर्नुपर्ने कार्य प्रभावकारी रूपले भए नभएका सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणसम्बन्धी मापदण्डको परिपालना भए नभएका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न नियुक्त गरिएको कर्मचारी। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २१ को उपदफा (१) ।]*

वातावरण प्रदूषण (Environment pollution)- *ना.प.* फोहोरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ञ) ।]*

वातावरण प्रदूषण नियन्त्रण (Environment pollution control)- *ना.प.* कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेस्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्ने कार्य।

वातावरण संरक्षण (Environment protection)- *नाप.* प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, तिनका अवयव तथा त्यस्ता अवयवबिचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई संरक्षण गर्ने काम।

वातावरण संरक्षण कोष (Environment Protection Fund)- *नाप.* वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन र राष्ट्रिय सम्पदाको संरक्षणका लागि स्थापना गरिएको कोष। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ग) ।]*

वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् (National Council on Environment Protection and Climate Change Management)- *नाप.* वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी कार्यलाई राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्य गर्न स्थापना गरिएको परिषद्। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (ण) ।]*

वातावरणमा उल्लेखनीय प्रतिकूल असर (Significant adverse effect on environment)- *नाप.* भौतिक पूर्वाधार वा विकाससम्बन्धी कुनै काम वा मानवीय कारणले पर्यावरण वा प्राकृतिक पारिस्थितिकीय विरुद्धको प्रभाव वा असर; कुनै खानी वा खनिज कार्य गर्दा वातावरणमा पर्न सक्ने असर। *[हे. खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ११क. को स्पष्टीकरण।]*

वातावरणीय अध्ययन (Environment study)- *नाप.* वातावरणसम्बन्धी शोधखोज; अनुसन्धान; वातावरणबारेको वैज्ञानिक अध्ययन र विश्लेषण; संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन। *[हे. वातावरण संरक्षण नियमावली, २०७७ को नियम २ को खण्ड (घ) ।]*

वातावरणीय अध्ययन प्रतिवेदन (Environmental study report)- *नाप.* वातावरणको अध्ययन गरी तयार गरिएको प्रतिवेदन; संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (प) ।]*

वातावरणीय निर्धारक (Environmental determinant)- *नाप.* स्वस्थ वातावरण निर्धारण गर्ने कारक वा मूलभूत तत्त्व।

वातावरणीय परीक्षण (Environmental examination)- *नाप.* वातावरण वा जलवायुमा आएको परिवर्तनका कारणहरूको पहिचानका लागि गरिने अध्ययन; विभिन्न उद्देश्यले गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ब) ।]*

वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental impact assessment)- *ना.प.* कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्न र त्यस्तो प्रभावलाई निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गर्नुपर्ने उपायको पहिचानसहित विस्तृत रूपमा गरिने अध्ययन तथा मूल्याङ्कन। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (फ) ।]*

वातावरणीय सेवा (Environmental services)- *ना.प.* वनक्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने कार्बन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन वा तोकिएका अन्य वस्तु, सेवा तथा लाभ र सोबाट प्राप्त हुने लाभ। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (भ) ।]*

वाद (Principle, theory, doctrine)- *ना.* [सं.] दार्शनिक, तत्त्वदर्शी वा विद्वानले प्रतिपादन गरेको सिद्धान्त वा मत; कुनै कुरा वा विषयको दाबी।

वादविवाद (Pleading, discussion, debate)- *ना.* [सं.] बहस; छलफल; खण्डनमण्डन; दाबीको तर्कपूर्ण संघर्ष।

वादी (Plaintiff)- *ना.* [सं.] कसैका विरुद्ध अड्डा अदालतमा मुद्दा दायर गर्ने व्यक्ति; फिरादपत्र दिने व्यक्ति; कुनै कुराको दाबी गर्ने वा वाद गर्ने व्यक्ति। *[हे. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (ण) ।]*

वाधक (Obstructive, hindering)- *वि.* [सं.] बिघ्न पार्ने; बाधा गर्ने; अवरोधक; बाधक।

वापस (Returned, withdrawal)- *वि.* [फि.] फिर्ता गरिएको; फर्काइएको; फर्केको; फर्केर आएको।

वायुयान (Aircraft)- *ना.* [सं. वायु+यान] हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र; जमिनसित गाँसिएका वा नगाँसिएका बेलुन, हवाइजहाज, हेलिकप्टर, चङ्गा, ग्लाइडर, ह्याङ्ग ग्लाइडर, माइक्रोलाइट र यस्तै उड्ने अन्य यन्त्र; हवाइ साधन; वायुविमान। *[हे. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (क), नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २ को खण्ड (क) र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (घ) ।]*

वायुयान इमरजेन्सी लोकेटर ट्रान्समिटर (Aircraft emergency locator transmitter)- *ना.प.* सङ्कटकालीन अवस्थामा वायुयानको अवस्थितिको सङ्केत प्रवाह गर्ने उपकरण। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम ४ को उपनियम (१) को स्पष्टीकरण।]*

वायुयान खोज तथा उद्धार समन्वय उपकेन्द्र (Aircraft Search and Rescue Coordination Sub-Centre)- *नाप.* वायुयान खोज तथा उद्धार कार्यमा तत्काल सहयोग पुऱ्याउन नागरिक उड्डयन प्राधिकरणले काठमाडौं बाहिरका विमानस्थलमा आवश्यकता अनुसार स्थापना गरेका उपकेन्द्र। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम १३ को उपनियम (१)।]*

वायुयान खोज तथा उद्धार समन्वय केन्द्र (Aircraft Search and Rescue Coordination Center)- *नाप.* काठमाडौं उडान सूचना क्षेत्रभित्र वायुयानको खोज तथा उद्धार सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न त्रिभुवन विमानस्थलमा रहेको केन्द्र; वायुयान खोज तथा उद्धार केन्द्र वा उपकेन्द्रहरूबिच सम्पर्कमा रहने राष्ट्रिय समन्वय केन्द्र। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम २ को खण्ड (क) र नियम ९ को उपनियम (१)।]*

वायुयान खोज तथा उद्धार समन्वय समिति (Aircraft Search and Rescue Coordination Committee)- *नाप.* खोज तथा उद्धार समन्वय केन्द्रको कामलाई प्रभावकारी बनाउन तथा वायुयानको खोज तथा उद्धार कार्यलाई समन्वयात्मक रूपमा सञ्चालन गर्ने काममा लागि गठित समिति। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम २ को खण्ड (ख) र नियम ८ को उपनियम (१)।]*

वायुयान खोज तथा उद्धार सेवा (Aricraft search and rescue service)- *नाप.* हराइरहेको वा गम्भीर सङ्कटमा परेको वायुयानलाई अन्य वायुयान, उपकरण तथा अन्य साधनको उपयोगद्वारा सञ्चार, समन्वय एवम् खोज तथा उद्धार गर्ने कार्य; त्यस्तो वायुयानको निगरानी गर्ने वा वायुयानका चालकदल वा यात्रुलाई प्राथमिक उपचार प्रदान गर्ने वा उपचारका लागि सुरक्षित स्थानमा लैजाने कार्य। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम २ को खण्ड (घ)।]*

वायुयान गम्भीर घटना (Aircraft serious incident)- *नाप.* कुनै वायुयानको दुर्घटना नभएको तर दुर्घटना हुन सक्ने सङ्केत गरेको घटना; वायुयानको सम्भावित दुर्घटना टरेको अवस्था। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को परिच्छेद-५ को स्पष्टीकरण।]*

वायुयान घटना (Aircraft incident)- *नाप.* वायुयान सञ्चालनसँग सम्बन्धित उडान सुरक्षामा प्रभाव पार्ने वा पार्न सक्ने दुर्घटना बाहेकको अन्य अवस्था। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को परिच्छेद-५ को स्पष्टीकरण।]*

वायुयान डिजाइनको राज्य (State of aircraft design)- *नाप.* वायुयानको किसिम डिजाइन गर्ने संस्था रहेको राज्य। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ङ) ।]*

वायुयान दर्ताको राज्य (State of aircraft registration)- *नाप.* वायुयान दर्ता राष्ट्र; वायुयानको वैधानिकता दर्ता गरिएको देश वा राज्य। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (च) ।]*

वायुयान दुर्घटना (Aircraft crash, aircraft accident)- *नाप.* मानवसहितको उडानको हकमा उडानको तयारीको लागि कुनै व्यक्ति वायुयानभित्र प्रवेश गरेदेखि वायुयानबाट बाहिर ननिस्कँदासम्म र मानवरहितको उडानको हकमा उडानको तयारीदेखि त्यस्तो उडान समाप्त नभएसम्म वायुयान ठोक्किएको झरेको वा क्षतिग्रस्त भएको अवस्था; त्यस्तो अवस्थामा रहेको वायुयानको कुनै भाग वा यानबाट कुनै वस्तु उछिट्टिएको अवस्था; जेट ब्लास्ट भएको अवस्था; त्यस्तो अवस्थामा वायुयानमा आएको कुनै खराबीका कारणबाट कुनै व्यक्ति घाइते भएको, निजलाई चोटपटक लागेको, त्यस्तो व्यक्तिको मृत्यु भएको अवस्था; कुनै वायुयानको संरचनात्मक अक्षुण्णतामा प्रतिकूल असर पर्न गई सोको कारणबाट ठूलो मर्मत गर्नुपर्ने गरी वायुयान क्षतिग्रस्त भएको वा वायुयानको संरचनात्मक प्रणालीमा गडबडी भएको, वायुयान अन्य वायुयान वा वस्तुसँग ठक्कर खाएको, खसेको, जलेको वा अन्य कुनै किसिमले नष्ट भएको वा वायुयान हराएको वा पूर्ण रूपमा पहुँचबाहिर भएको कुनै अवस्था। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (छ) ।]*

वायुयान दुर्घटनाको राज्य (State of aircraft accident)- *नाप.* वायुयान दुर्घटना भएको राज्य। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ज) ।]*

वायुयान दुर्घटनाबाट मृत्यु भएको अवस्था (Death by aircraft crash)- *नाप.* वायुयान दुर्घटना भएर तत्कालै मानिसको मृत्यु भएको अवस्था; वायुयान दुर्घटनामा घाइते भएको व्यक्तिको सो दुर्घटनाको मितिले तिस दिनभित्र मृत्यु भएको अवस्था। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (छ) को उपखण्ड(१) को स्पष्टीकरण।]*

वायुयान धनी (Aircraft owner)- *नाप.* कुनै वायुयानमाथि स्वामित्व भएको व्यक्ति, कम्पनी वा सङ्घसंस्था र त्यस्तो कम्पनी वा सङ्घसंस्थाका प्रबन्धक वा प्रबन्धप्रतिनिधि नियुक्त भएको व्यक्ति; वायुयान दर्ता भएको व्यक्ति वा संस्था वा कुनै वायुयान भाडामा लिएको व्यक्ति वा

संस्था। *[हे. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (ञ) र गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ण)।]*

वायुयान निर्माताको राज्य (State of the aircraft manufacturer)- *नाप.* वायुयान निर्माण गर्ने संस्था, निर्माण कम्पनी वा निर्माता रहेको राज्य। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (झ)।]*

वायुयान प्रमुख चालक (Aircraft chief pilot)- *नाप.* वायुयान उडानको अवधिभर वायुयानको उडान र सुरक्षाको लागि जिम्मेवारी पाएको वायुयान चलाउने मुख्य व्यक्ति; मुख्य पाइलट; प्रमुख चालक। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ञ)।]*

वायुयान फ्लाइट रेकर्डर (Aircraft flight recorder)- *नाप.* वायुयान उडान अभिलेखयन्त्र; वायुयानमा जडान गरिएको उडानसम्बन्धी जानकारी रेकर्ड गर्ने यन्त्र; फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ठ)।]*

वायुयान राष्ट्रिय समन्वय समिति (Aircraft National Coordination Committee)- *नाप.* वायुयान खोज तथा उद्धार सेवा सञ्चालनसम्बन्धी नीतिगत व्यवस्था र समन्वयको लागि काठमाडौं उडान सूचना क्षेत्रमा रहेको समिति। *[हे. वायुयान खोज तथा उद्धार नियमावली, २०७४ को नियम २ को खण्ड (ज)।]*

वायुयान सञ्चालक (Aircraft operator)- *नाप.* वायुयान सञ्चालन गर्ने वा वायुयान सञ्चालन गर्न अख्तियारी पाएको व्यक्ति वा संस्था; वायुयान उडान कम्पनी। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (त)।]*

वायुयान सञ्चालकको राज्य (State of the aircraft operator)- *नाप.* वायुयान सञ्चालकको प्रमुख व्यावसायिक केन्द्र रहेको राज्य वा देश; त्यस्तो केन्द्र नरहेको अवस्थामा वायुयान सञ्चालन गर्ने उद्देश्यले वायुयान सञ्चालक रहे बसेको राज्य। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (द)।]*

वायुयान सहचालक (Aircraft co-pilot)- *नाप.* वायुयान प्रमुख चालकको सहयोगी भै वायुयान चलाउने व्यक्ति; कोपाइलट। *[हे. गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम २ को खण्ड (ध)।]*

वायुयान हराएको अवस्था (Missing aircraft)- *ना.प.* हराएको वा पत्ता नलागेको वायुयानको आधिकारिक खोजतलासको कार्य अन्त्य गरिएको अवस्था; दुर्घटनाग्रस्त वायुयानको भग्नावशेष रहेको स्थान फेला नपरेको अवस्था; वायुयान बेपत्ता भएको अवस्था।

वायुसेवा सञ्चालन संस्था (Airline Operating Organization)- *ना.प.* वायुयानद्वारा यात्रु, डाँक तथा मालसामान ओसारपसार गर्ने जिम्मा लिई हवाइ यातायात सेवा सञ्चालन गर्न स्थापित संस्थान, कम्पनी, एजेन्ट, फर्म वा व्यक्ति। *[हे. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (छ) र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (ज) ।]*

वारदात (Occurence, accident, mishap)- *ना.* [फा. वाकेआ] घटना; दुर्घटना; हुलदङ्गा; आपराधिक घटना; मारपिट।

वारित (Prohibited, prevented, forbidden)- *वि.* [सं.] निषेध गरिएको; मनाही गरिएको; रोकिएको; बारिएको; बार लगाएको।

वारिस/ वारेस (Attorney, authorized representative)- *ना.* [अ.] हकदार; उत्तराधिकारी; अपुताली खाने हकदार; मुद्दाको कुनै पक्षले आफ्नो तर्फबाट अदालतमा मुद्दासँग सम्बन्धित कुनै काम गर्न वा खास कामका लागि कुनै व्यक्तिले प्रतिनिधिको रूपमा नियुक्त गरेको अर्को कुनै व्यक्ति; मुद्दा मामिलामा कुनै पक्षका तर्फबाट कार्य गर्ने अधिकृत व्यक्ति वा प्रतिनिधि; मुद्दा मामिलामा कुनै पक्षका तर्फबाट अड्डा अदालतमा हाजिर हुन अधिकार पाएको व्यक्ति। *[हे.मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा (१) ।]*

वारिसनामा/ वारेसनामा (Power of attorney, letter of attorney)- *ना.*[वारिस+नामा] आफ्नो अनुपस्थितिमा मुद्दाको कारबाहीमा उपस्थित भई काम गर्न मुद्दाका पक्षले कसैलाई दिएको लिखत वा त्यस्तो अधिकारपत्र; अख्तियारनामा।

वारेन्ट (Warrant)- *ना.* [अङ्.] कुनै अपराधीलाई पक्राउ गर्न अदालतले जारी गरेको पुर्जी; पक्राउपुर्जी; पक्डाउपुर्जी।

वार्ता (Negotiation, conversation, dialogue)- *ना.* [सं.] दुई वा सोभन्दा बढी मानिसका बीच आपसमा गरिने कुराकानी, बातचित, संवाद।

वार्षिक (Annual, yearly)- *ना./वि.* [सं.] एक वर्षको; प्रत्येक वर्षमा हुने; वर्षभरिको।

वार्षिक प्रतिवेदन (Annual Report)- *ना.प.* [सं.] कुनै सङ्घ, संस्था वा निकायले एक वर्षको अवधिमा गरेका कामकारबाहीको विवरणसहितको प्रतिवेदन।

वासलात/ वासिलात (Balance sheet)- *ना.* [अ. वासिलात] वर्षभरिको सम्पत्ति, आम्दानी र खर्चको विवरण; कुनै संस्थाको कुनै निश्चित समयको सम्पत्ति, दायित्व तथा पुँजीको चित्रण गर्ने वित्तीय विवरण।

वासलातबाहिरको कारोबार (Off-balance-sheet transaction)- *नाप.* बैङ्क वा वित्तीय संस्थाले दायित्व बेहोर्नुपर्ने सम्भावना भएको प्रतीतपत्र, जमानतपत्र, स्वीकारपत्र, प्रतिबद्धता, विदेशी विनिमयसम्बन्धी स्वाप, अप्सन, अग्रिम कारोबार र नेपाल राष्ट्र बैङ्कले तोकेको उपकरणको कारोबार। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कज) ।]*

वासिल (Recovered)- *वि.* [अ.] असुल भएको; उठ्तीपुठ्ती भएको; उठाइएको।

वास्तव (Actual, factual, real)- *ना.* [सं.] वस्तुतथ्य; यथार्थ; ठीक; सत्य।

वास्तविक धनी (Beneficial owner)- *नाप.* ग्राहक, कारोबार, सम्पत्ति, कानूनी व्यक्ति वा कानूनी प्रबन्धउपर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व हुने, नियन्त्रण राख्ने, निर्देशन दिन वा प्रभाव पार्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रूपमा रहेको प्राकृतिक व्यक्ति। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (प) ।]*

वास्ता (Concern, care)- *ना.* [अ.] मतलब; सरोकार; चासो।

वाहन (Conveyance, carrier)- *ना.* [सं.] वस्तु ओसारपसार गर्न प्रयोग हुने हवाइ जहाज, पानी जहाज, रेल, ट्रक, गाडा, घोडा, खच्चर र अन्य यस्तै साधन।

वाहिनी (Brigade)- *ना.* [सं.] बाह्य शक्तिसँग आवश्यक परेमा युद्धका लागि पनि तयार रहने देशको सरकारी शक्ति, सेना वा फौज; नेपाली सेनाअन्तर्गत वाहिनी भनी खडा गरिएको छुट्टै एकाइ; ८१ हात्ती, ८१ रथ, दुई सय ४३ घोडचढी र चार सय पाँच पैदल सैन्य रहने सेनाको एक विभाग। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (ट) ।]*

वाहियात (Nonsense, useless, worthless)- *वि./क्रिवि.* [फा.] नचाहिँदो; अनावश्यक; फजुल; निकम्मा; काम नलाग्ने; रद्दी; विनाकारण; निष्प्रयोजन; नाहक।

विकट (Remote, inaccessible)- *ना.* [सं.] जान वा पुग्न नसकिने; दुर्गम; मुस्किल; असजिलो; अप्ठेरो।

विकराल (Terrible, dreadful, enormity)- *वि.* [सं.] डरलाग्दो; भयङ्कर; भीषण।

विकर्तन (A son who usurps his father's throne and becomes King)- *ना.* [सं.] बाबुको राज्य खोसेर राजा हुने छोरो।

विकर्म (Illicit work, sin)- *ना.* [सं.] अनुचित वा निषिद्ध काम; अधर्म; पाप; दुष्कर्म।

विकर्षण (Repulsion, repel)- *ना.* [सं.] छुट्याउने काम; उल्टोतिर तान्ने काम; ध्यानभङ्ग। *तुल.* आकर्षण।

विकल (Restless, perturbed, fraught)- *वि.* [सं.] मनमा शान्ति नभएको; व्याकुल; विह्वल; असन्तुष्ट।

विकलन (Debit-credit, a written report of deposited amount)- *ना.* [सं.] एउटा खाताको पैसा कटाएर अर्को खातामा सार्ने काम; आय वा व्ययको थपघटसम्बन्धी अभिलेख।

विकलाङ्ग (Disabled, impaired)- *ना./वि.* [सं.] शरीरको कुनै अङ्ग बेकम्मा भएको; अपाङ्ग; अपाङ्गता भएको व्यक्ति।

विकल्प (Alternative, option, choice)- *ना.* [सं.] दुई वा सोभन्दा बढी विषयमध्ये कुनै एक विषय छान्न पाउने सुविधा वा अवसर; एकको सट्टामा अर्को।

विकसन (Progression, development, advancement)- *ना.* [सं.] उन्नति; अगाडि बढ्ने काम; विकास।

विकास (Development, improvement, progress)- *ना.* [सं.] प्रगति; उन्नति; बढोत्तरी।

विकास रत्न पदक *(Vikas Ratna Padak)- ना.प.* मुलुकको सामाजिक, आर्थिक वा विकास निर्माण कार्यमा संलग्न रही सार्वजनिक कल्याण तथा जनहितको प्रवर्धन तथा जनजीवनको स्तरमा सुधारका लागि उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम ३० को उपनियम (१)।]*

विकास समिति (Development board)- कुनै खास काम गर्नका लागि सरकारद्वारा गठित समिति।

विकास समिति (गठन) आदेश (Development Board (Formation) Order)- *ना.प.* कुनै विकास आयोजना वा विकास कार्यलाई कार्यान्वयन गर्न अस्थायी प्रकृतिको संयन्त्र खडा गर्ने गरी कार्यकारिणीबाट जारी भएको आदेश।

विकासोन्मुख (Developing)- *ना.* [सं. विकास+उन्मुख] विकास कार्यमा अघि सरेको; विकासतिर लम्केको; क्रमैले विकास भइरहेको।

विकिरण (Radiation)- *ना.* [सं.] विभिन्न असाधारण किरणको उत्पत्ति हुने प्रक्रिया; छरिएका धेरै किरणलाई एकै ठाउँमा समेटेर केन्द्रित गर्ने काम; छर्ने वा फिजाउने काम।

विकिरणजन्य जोखिमबाट सुरक्षा (Safety from radiation-based risk)- जी *ना.प.* वन्यजन्तु, वनस्पति र वातावरणलाई विकिरणजन्य जोखिमबाट सुरक्षित गर्न अपनाइने उपाय; मानिस र वातावरणलाई विकिरणजन्य जोखिमबाट सुरक्षित गर्न अपनाइने उपाय। *[हे. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (न) ।]*

विकीर्ण (Scattered, dispersed, spread)- *वि.* [सं.] छरिएको; छरपस्ट भएको; फिजिएको।

विकृत (Rotten, disfigured)- *वि.* [सं.] बिग्रेको; विकार पैदा भएको; खराब; सडेको।

विकेन्द्रित (Decentralized)- *वि.* [सं.] केन्द्रबाट स्थानीय तहसम्म दिइएको अधिकार।

विकेन्द्रीकरण (Decentralisation)- *ना.* [सं.] शासन शक्ति वा सत्ता केन्द्र स्तरमा मात्र सीमित नभई प्रदेश, जिल्ला र स्थानीय तहसम्म प्रत्यायोजन गर्ने काम।

विक्रम (Bravery, valour, prowess)- *ना.* [सं.] पराक्रम; बहादुर; वीरता।

विक्रय (Sale)- *ना.* [सं.] मूल्य लिएर कुनै वस्तु दिने काम; बिक्री।

विक्रयकर/बिक्रीकर (Sales tax)- *ना.* [सं.] बिक्रीको मूल्यको अनुपातमा सरकार वा अनुमतिप्राप्त निकायले उठाउने शुल्क वा कर; कुनै सामान बिक्री गर्दा मूल्यका आधारमा लाग्ने वा उठाइने शुल्क।

विक्रयपत्र (Cash memo, bill)- *ना.* [सं.] सामान बिक्री गर्दा त्यसको विवरण, दर, मोल आदि लेखिएको कागजात; बिक्रीपत्र।

विक्रयलेख (Sales deed)- *ना.* [सं.] घर, जग्गाजमिन आदिको बिक्रीमा बेहोरा, सर्त आदि लेखिएको कागजात; राजीनामा।

विक्रयी (Seller, vendor)- *ना.* [सं.] व्यापारी; बिक्री गर्ने व्यक्ति।

विक्रान्त (Brave, mighty, valiant)- *ना.* [सं.] साहसी; पराक्रमी; वीर।

विक्रेता (Seller, salesperson)- *ना.* [सं.] वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था; बिक्री गर्ने व्यक्ति। *वि.* बेच्ने; बिक्री गर्ने। *[हे. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (त) ।]*

विक्षिप्त (Neurotic, psychotic)- *वि.* [सं.] मानसिक सन्तुलन ठिक नभएको व्यक्ति; होस ठेगानामा नभएको; विक्षिप्ति वा विक्षिप्तताको समस्या भएको।

विखण्डन (Fragmentation, disintegration)- *ना.* [सं.] टुक्रा-टुक्रा हुने स्थिति; खण्ड-खण्डमा विभाजन; टुक्रिने वा खण्डित हुने अवस्था वा प्रक्रिया।

विख्यात (Famous, popular, renowned)- *वि.* [सं.] प्रसिद्ध; प्रख्यात; नाम चलेको।

विगणन (Redemption from debt, clearing of debt)- *ना.* [सं.] ऋणमोचन; ऋणमुक्त हुने काम; ऋणबाट छुटकारा।

विगत (Past, previous)- *वि.* [सं.] बितेको; पहिलाको; अगाडिको; अतीत |

विग्रहण (Transformation)- *ना.* [सं.] रूपको परिवर्तन; रूप बदल्ने काम।

विग्रही (One who quarrels)- *ना./वि.* [सं.] झगडिया; झगडा गर्ने।

विघटन (Dissolution)- *ना.* [सं.] संघसंस्थाको खारेजी वा भङ्ग; अन्त्य वा समाप्त गर्ने काम; पृथक्करण गर्ने काम; विगठन।

विचरण (Travelling, wandering, strolling)- *ना.* [सं.] भ्रमण; घुमफिर गर्ने; हिँडडुल; टहलिनु।

विचलन (Deviation, fickleness, instability, unsteadiness)- *ना.* [सं.] अस्थिरता; चञ्चलता; विपथन।

विचार (Thought, consideration, opinion)- *ना.* [सं.] सोच; विषय वा स्थितिको सन्दर्भमा गहिरो चिन्तन; चिन्तन-मनन; मनन।

विचारक (Philosopher, thinker)- *ना.* [सं.] चिन्तन-मनन गर्ने व्यक्ति; दार्शनिक।

विचारणीय (Considerable, worth considering)- *वि.* [सं.] विचार गर्न योग्य; सोचनीय; चिन्तनीय; मननीय।

विचारधारा (Ideology, perspective, approach, point of view)- *ना.* [सं.] दृष्टिकोण; धारणा; विचारको शृङ्खला वा प्रवाह; क्रमवद्ध सोचाइ; सोच-समझ; आस्था।

विचाराधीन (Subjudice, under consideration)- *वि.* [सं.] निर्णय हुन बाँकी रहेको; टुङ्गोमा पुग्न बाँकी; विचार गरेर मात्र टुङ्गोमा पुग्ने।

विचारार्थ (For consideration, for discussion)- *क्रिवि.* [सं.] विचार-विमर्शको लागि; छलफलका लागि।

विच्छेद (Separation, breakage, discontinuation) - *ना.* [सं.] अलग वा छुट्टिने काम; विछोड, सम्पर्कहीन; क्रमभङ्ग।

विजय (Victory, win)- *ना.* [सं.] सफलता; जित।

विज्ञ (Expert, specialist)- *ना.* [सं.] विशेषज्ञता हासिल गरेको व्यक्ति।

विज्ञता (Expertise, speciality)- *ना.* [सं.] बुद्धिमानी; प्रवीणता; विशेषज्ञता।

विज्ञप्ति (Release, notice, notification)- *ना.* [सं.] लिखित जानकारी; लिखित रूपमा सूचित गर्ने काम।

विज्ञान (Science)- *ना.* [सं.] भौतिक विषयको तत्त्व, सिद्धान्त आदिको प्रयोगात्मक विवेचना; विशिष्ट ज्ञान; प्रज्ञा।

विज्ञान प्रवीण पदक (*Bigyan Praween Padak,* Science Proficiency Medal)- *नाप.* विज्ञान तथा प्रविधिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली वैज्ञानिकलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम ३२ को उपनियम (१) ।]*

विज्ञापन (Advertisement, ad)- *ना.* [सं.] प्रचारप्रसार; कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होर्डिङ बोर्ड, बेलुन वा अन्य कुनै संरचनालगायतका माध्यमबाट सार्वजनिक रूपमा प्रचारप्रसार गरिएको वा प्रचारप्रसार गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्बिर, सङ्केत, पोस्टर, पर्चा, प्रकाशचिह्न, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्री वा साधन। *[हे. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २ को खण्ड (ङ) ।]*

विज्ञापन एजेन्सी (Advertisement agency)- *नाप.* विज्ञापनसम्बन्धी सामग्री उत्पादन, वितरण वा विज्ञापन सम्बन्धी व्यवसाय गर्ने गरी स्थापना भएका फर्म, संस्था वा कम्पनी। *[हे. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २(ज) ।]*

विज्ञापन बोर्ड (Advertisement Board)- *नाप.* विज्ञापनको नियमनसम्बन्धी काम गर्नका लागि गठित बोर्ड। *[हे. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २ को खण्ड (ग) ।]*

विज्ञापनदाता (Advertiser)- *ना.* [सं.] आफ्नो पक्षबाट विज्ञापन प्रकाशन, प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था। *[हे. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २ को खण्ड (झ) ।]*

विज्ञापनरहित प्रसारण (Clean feed boardcasting)- विद्युतीय माध्यमबाट कार्यक्रम प्रसारण गर्दा विज्ञापनविना नै गरिने प्रसारण; प्रसारित कार्यक्रमका सुरु, बिच वा अन्त्यमा विज्ञापन नराखिएको सग्लो प्रसारण।

विडम्बना (Irony, curse, mockery)- *ना.* [सं.] अभिशाप; उपहास।

वितण्डा (A pointless fight, unnecesary or useless argument)- *ना.* [सं.] विनाकारणको झैझगडा; व्यर्थको विवाद; कुतर्क; बकवाद; अरूका कुरा सुन्दै नसुन्ने र आफ्नो कुरा मात्र ठिक मानेर माथि पार्ने गलत प्रयत्न।

वितत (Wide, broad, extensive)- *वि.* [सं.] विस्तृत; फैलिएको; फिजिएको।

वितरक (Distributor)- *ना./वि.* [सं.] बाँडफाँड गर्ने; वितरण गर्ने; कुनै वस्तु वा उत्पादनको थोक वा खुद्रा रूपमा बिक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्ति; कुनै उत्पादनसम्बन्धी जनसम्पर्क सेवा वा सूचना उपलब्ध गराउने कार्यमा संलग्न व्यक्ति; वितरणकर्ता। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ङ) ।]*

वितरण (Distribution, allotment)- *ना.* [सं.] आफ्नो कुनै हिताधिकारीलाई कुनै पनि हैसियतले गरिएको भुक्तानी; मुनाफाको पुँजीकरणको कुनै निकायबाट हुने वितरण; बाँडचुँड; बाँडफाँट। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कठ) ।]*

वितरण पम्प (Dispensing pump)- *नाप.* सञ्चय ट्याङ्क वा ट्याङ्कमा जडान भई यकिन आयतनको हिसाबबाट तरल पदार्थहरू दिने कामको लागि प्रयोग गरिने नाप्ने यन्त्र। *[हे. स्टान्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५(क) ।]*

वितृष्णा (Aversion)- *ना.* [सं.] तृष्णा नभएको; अनाकर्षण; दिग्दारी; अनिच्छा।

वित्त (Finance, property, fiscal)- *ना.* [सं.] धन; सम्पत्ति; अर्थ; जायजेथा; मुद्रा।

वित्तीय (Financial, economical, pecuniary)- *वि.* [सं.] आर्थिक; वित्तसम्बन्धी।

वित्तीय उत्तरदायित्व (Fiscal Accountability)- *नाप.* वित्तसम्बन्धी प्रतिफलमा सुधार गर्न, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्न बहन गर्नुपर्ने जिम्मेवारी; यस्ता कामबाट प्राप्त हुने प्रतिफलप्रतिको उत्तरदायित्व तथा परिपालन। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (म) ।]*

वित्तीय जानकारी एकाइ (Financial Information Unit, Financial Intelligence Unit)- *नाप.* सम्पत्ति शुद्धीकरण, आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी तथा सम्बद्ध कसुर सम्बन्धी शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदन तथा सो सम्बन्धी अन्य सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न कार्यात्मक रूपले स्वायत्त तथा स्वतन्त्र

एकाइका रूपमा नेपाल राष्ट्र बैङ्कअन्तर्गत रहेको एकाइ। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (फ) र दफा ९ को उपदफा (१) ।]*

वित्तीय प्रणाली (Financial system)- *नाप.* कुनै पनि बैङ्किङ्ग वा वित्तीय कारोबार गर्नका लागि स्थापना भई सञ्चालनमा रहेका बैङ्क वा वित्तीय संस्था, सहकारी संघसंस्था, वित्तीय मध्यस्थताको काम गर्ने संस्था, धितोपत्र, सेवा तथा वस्तु विनिमयसम्बन्धी कारोबार गर्ने संस्था, बिमा एवम् सुरक्षणसम्बन्धी कारोबार गर्ने संस्था तथा सामूहिक कोष खडा गरी कारोबार गर्ने संस्थाहरू र त्यस्ता संस्थाहरूले प्रदान गर्ने सेवा, भुक्तानी तथा फछर्यौट पद्धतिसहितको समग्र प्रणाली; वित्तीय कारोबारसम्बन्धी समग्र प्रणालीगत व्यवस्था। *[हे. बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (ज) ।]*

वित्तीय मध्यस्थता (Financial intermediation)- *नाप.* वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी काननुबमोजिम लघुबचत सङ्कलन गर्ने तथा लघुकर्जा उपलब्ध गराउने काम। *[हे. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (क) ।]*

वित्तीय लिक्विडेसन (Financial liquidation)- *नाप.* नेपाल राष्ट्र बैङ्कबाट गरिने बैङ्क वा वित्तीय संस्थाको फरफारकसम्बन्धी कार्य; वित्तीय संस्थाको दामासाही गर्ने काम। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (फ) ।]*

वित्तीय विवरण (Financial statement)- *नाप.* सरकारले स्वीकृत गरेको लेखामानबमोजिम कुनै निश्चित अवधिमा भएको कारोबारको समष्टिगत स्थिति दर्साउने उद्देश्यले शीर्षकसमेत खुल्ने गरी तयार गरिएको विवरण; कारोबारको स्थिति दर्साउने गरी शीर्षकको आधारमा बनाइएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण; आम्दानी र खर्च, दिनुपर्ने लिनुपर्ने रकमकलमसम्बन्धी तथ्याङ्कगत विवरण; वित्तीय नालीबेली र सोसँग सम्बन्धित लेखा टिप्पणी तथा खुलासा। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (य) ।]*

वित्तीय संस्था (Financial institution)- *नाप.* कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले स्थापना भएको संस्था; वित्तीय कारोबार गर्ने संस्था; कानून वा सरकारले वित्तीय संस्था तोकेको संस्था; बैङ्किङ कारोबार गर्न नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त 'ख', 'ग', र 'घ' वर्गीकरण भएका संस्था; विकास बैंक, वित्त कम्पनी, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाका नेपालस्थित शाखा कार्यालय; स्वदेशमा स्थापित वित्तीय संस्थाका विदेशमा रहेका शाखा कार्यालय; सहरी

तथा ग्रामीण विकास, सहकारी, उद्योग वा अन्य कुनै खास प्रयोजनको लागि ऋण दिने उद्देश्यले स्थापित संस्था। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (छ), बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (ग), बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कझ), सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ब) र नगर विकास कोष नियमावली, २०५४ को नियम २ को खण्ड (घ)।]*

वित्तीय समानीकरण अनुदान (Fiscal equalization grants)- *नाप.* सङ्घीय सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वितरण गर्ने अनुदान। *[हे. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (च) र दफा ८ को उपदफा (१)।]*

वित्तीय स्वार्थ (Financial interests)- *नाप.* आर्थिक वित्तसम्बन्धी स्वार्थ; सञ्चालक, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएको सेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको परिवार वा सञ्चालक मनोनीत गर्ने अधिकार पाएका व्यक्ति, कम्पनी वा सङ्गठित संस्थाले कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सोभन्दा बढी हुने गरी छुपट्टाछुट्टै वा संयुक्त रूपमा सेयर खरिद गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरूको दश प्रतिशत वा सोभन्दा बढी सेयर स्वामित्व रहेको संस्थामा रहेका निजहरूको स्वार्थ; नेपाल राष्ट्र बैङ्कले वित्तीय कारोबारको प्रकृति र अवस्था हेरी वित्तीय स्वार्थ भनी तोकेको स्वार्थ। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कञ) र बीमा ऐन, २०७९ को दफा २ को खण्ड (स)।]*

विदित (Known, understood, informed)- *वि.* [सं.] अवगत भएको; थाहा पाइएको; जानकारी भएको; ज्ञात भएको।

विदेश (Foreign land or country, abroad)- *ना.* [सं.] बाहिरी मुलुक; अर्काको देश; भिन्न देश।

विदेश पठाएको आय (Income sent abroad)- *नाप.* गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाउनुपर्ने आय बैङ्कमार्फत विदेश पठाएको वा अन्य कुनै पनि तरिकाले भुक्तानी गरेको रकम। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कड)।]*

विदेशमा बस्ने नेपाली नागरिक (Nepali citizen residing abroad)- *नाप.* सार्कको सदस्य मुलुकमा बसोवास गरेको, नेपाल सरकारबाट खटिई विदेशस्थित कूटनीतिक नियोग वा

महावाणिज्य दूतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेबाहेकका विदेशी मुलुकमा कुनै पेसा, व्यवसाय र रोजगारी गरी कम्तीमा दुई वर्ष बसोवास गरेका नेपाली नागरिक। *[हे. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ग) ।]*

विदेशी (Alien, foreigner)- *वि.* [सं.] परदेशी; अर्काको देशको; पराइको; पराया।

विदेशी आयकर (Foreign income tax)- *नाप.* कुनै विदेशी मुलुकले लगाएको विदेशी आयकर; कुनै विदेशी मुलुकले लगाएको अन्तिम रूपमा कट्टी हुने कर। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कढ) ।]*

विदेशी उच्चपदस्थ व्यक्ति (Foreign politically exposed person)- *नाप.* विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, उच्च राजनीतिज्ञ, राष्ट्रिय स्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, उच्च प्रशासक, उच्च न्यायिक अधिकारी, उच्च सुरक्षा अधिकारी तथा राज्य नियन्त्रित संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (भ) ।]*

विदेशी एजेन्सी (Foreign agency, international agency)- *नाप.* कुनै विदेशी सरकार वा विदेशी सरकारको प्रतिनिधित्व गर्ने संस्थापना; अर्को राष्ट्रको एजेन्सी; कुनै अन्तरराष्ट्रिय सङ्गठन वा विदेशी संस्था। *[हे. नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ को दफा २ को खण्ड (च) र विकास समिति ऐन, २०१३ को दफा २ को खण्ड (ख) ।]*

विदेशी कम्पनी (Foreign company)- *नाप.* नेपाल राज्यबाहिर संस्थापित कम्पनी; अर्कै मुलुकमा खडा भई सञ्चालनमा आएको कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (च) ।]*

विदेशी धितोपत्र (Foreign Securities)- नेपाल बाहेक अन्य कुनै मुलुकबाट निष्कासन वा जारी गरिएको धितोपत्र; विदेशी सेक्युरिटी। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (छ) ।]*

विदेशी निर्माणव्यवसायी (Foreign construction entrepreneur)- *नाप.* विदेशी मुलुकमा दर्ता भएको निर्माणव्यवसाय सम्बन्धी कार्य गर्ने फर्म वा कम्पनी; विदेशी निर्माण कम्पनी वा व्यक्ति। *[हे. निर्माण व्यवसाय ऐन, २०५५ को दफा २ को खण्ड (ग) ।]*

विदेशी बिमा कम्पनी (Foreign insurance company)- *नाप.* विदेशी मुलुकमा बिमा व्यवसाय गर्न इजाजतप्राप्त गरी नेपालभित्र बिमा व्यवसाय गर्न बिमा कानूनअनुसार इजाजतपत्रप्राप्त बिमा कम्पनी। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ह) ।]*

विदेशी बैङ्क वा वित्तीय संस्थाको शाखा (Branch of a foreign bank or financial institution)- *नाप.* नेपालमा शाखा कार्यालय खोली बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कानूनअनुसार नेपाल राष्ट्र बैङ्कबाट स्वीकृतिप्राप्त कुनै विदेशी बैङ्क वा वित्तीय संस्थाको शाखा; विदेशी बैङ्क वा वित्तीय संस्थाका नेपालस्थित शाखा वा कार्यालय। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कट) ।]*

विदेशी मुद्रा (Foreign currency)- *नाप.* नेपाली मुद्राबाहेक अन्य मुद्रा; अन्तरराष्ट्रिय मुद्रा कोषबाट रकम झिक्न विशेष अधिकार भएका मुलुकका मुद्रा; एसियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट; राष्ट्र बैङ्कले विदेशी मुद्रा भनी तोकेका अन्य उपकरण। *[हे. नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ को दफा २ को खण्ड (ख), विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ख) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ञ) ।]*

विदेशी राज्य (Foreign state, foreign country)- *नाप.* अर्काको देश वा मुलुक; नेपालसँग कुटनीतिक सम्बन्ध कायम भएको वा कायम रहेको विदेशी राष्ट्र। *[हे. विदेशी राज्य र कुटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा २ को खण्ड (क) ।]*

विदेशी लगानी (Foreign investment)- *नाप.* विदेशी सेक्युरिटी, विदेशी फर्मको साझेदारी, विदेशी बैङ्क एकाउन्ट, विदेशस्थित घरजग्गा र सरकारले तोकेका बाहेक विदेशमा गरिने अरू जुनसुकै किसिमको नगदी वा जिन्सी लगानी; कुनै फर्म, कम्पनी वा संस्थामा विदेशी लगानीकर्ताले सेयरमा गरेको लगानी, निक्षेपमा गरेको लगानी, लगानीबाट प्राप्त आयको पुनर्लगानी, ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानी; विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको विदेशी मुद्रामा गरिने सेयर लगानी, उद्योगमा विदेशी मुद्रा वा सेयरबाट प्राप्त लाभांश रकमको पुनर्लगानी; लिज लगानी, पुँजी लगानी कोषमा गरेको लगानी, धितोपत्रको दोस्रो बजारमार्फत सूचीकृत धितोपत्रमा गरेको लगानी; नेपालमा संस्थापना भएका कम्पनीको सेयर वा सम्पत्ति खरिद गरी भएको लगानी, नेपालमा संस्थापित उद्योग वा कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी गरी ब्याकिङ प्रणालीमार्फत् प्राप्त भएको लगानी, प्रविधि हस्तान्तरणद्वारा भएको लगानी, वा नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी। *[हे. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा २ को खण्ड (क), विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (छ१) र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ञ) ।]*

विदेशी लगानीकर्ता (Foreign investor)- *नाप.* विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्ने कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्था वा विदेशी सरकार वा अन्तरराष्ट्रिय संस्था; विदेशी लगानी गर्ने विदेशी व्यक्ति, फर्म, कम्पनी, गैरआवासीय नेपाली वा विदेशी सरकार वा अन्तरराष्ट्रिय संस्था वा अन्य यस्तै प्रकारका सङ्गठित संस्था; संस्थागत विदेशी लगानीकर्ता भए त्यस्तो संस्थाको अन्तिम हिताधिकारी। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (छ३) र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ट) ।]*

विदेशी लेखाव्यवसायी संस्था (Foreign Accountancy Practitioner Institute)- *नाप.* विदेशी मुलुकमा सार्वजनिक लेखाव्यवसायलाई नियमन गर्ने अधिकारप्राप्त राष्ट्रिय स्तरको चार्टर्ड एकाउन्टेन्ट्स संस्था; यस्तो हैसियतमा काम गर्ने वा सोसरहको लेखाव्यवसायी संस्था। *[हे. नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा २ को खण्ड (ञ२) ।]*

विदेशी विनिमय (Foreign exchange)- *नाप.* अर्काको देशको मुद्राको साटफेर; विदेशी र स्वदेशी मुद्राबिचको आपसी परिवर्त्य; विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तरराष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फन्ड ट्रान्सफर, क्रेडिट कार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र र राष्ट्र बैङ्कले सूचना प्रकाशन गरी तोकेका अन्य मौद्रिक उपकरण। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (घ) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ङ) ।]*

विदेशी विनिमय कारोबार (Foreign exchange transaction)- *नाप.* विदेशी विनिमय खरिदबिक्री गर्ने, ऋण लिने, दिने वा अन्य कुनै तरिकाले विदेशी विनिमय लिने, दिने कार्य; राष्ट्र बैङ्कले स्वीकृति दिएको विदेशी विनिमय सटही कार्य। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (घ१) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ढ) ।]*

विदेशी सेक्युरिटी (Foreign security)- *नाप.* विदेशमा सिर्जना वा निष्कासन गरिएको धितोपत्र (सेक्युरिटी) र साँवा वा ब्याज कुनै विदेशी मुद्रामा वा विदेशमा भुक्तानी हुने वा हुन सक्ने धितोपत्र। *[हे. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा २ को खण्ड (ख) ।]*

विदेशी स्थायी संस्थापन (Foreign permanent establishment)- *नाप.* आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको संस्था वा सङ्गठनको स्थायी संस्थापन। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कण) ।]*

विद्यमान (Present, existing, prevailing)- *वि.* [सं.] मौजुदा; वर्तमान; अस्तित्वमा रहेको; प्रचलित; वर्तमान।

विद्यमान सामाजिक एवम् भौतिक वातावरणबाट सिर्जित अवरोध (Hindrance created from the existing social and physical environment)- *नाप.* मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानवनिर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोध। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

विद्यापीठ (School, college, campus)- *ना.* [सं.] विद्या प्रदान गर्ने शिक्षण संस्था; महाविद्यालय।

विद्यार्थी (Student)- *ना.* [सं.] विद्यालय, क्याम्पस वा महाविद्यालयमा भर्ना भई अध्ययन वा अनुसन्धान गरिरहेका व्यक्ति; अनौपचारिक, खुला, वैकल्पिकलगायतका कार्यक्रममा शिक्षा हासिल गरिरहेका व्यक्ति; शिक्षार्थी; अध्ययनार्थी; छात्र; शिष्य। *वि.* विद्या चाहने; जिज्ञासु।

विद्यालय (School)- *नाप.* बालबालिकाको लागि शिक्षा प्रदान गर्ने शैक्षिक संस्था; पाठशाला; सामुदायिक विद्यालय वा संस्थागत विद्यालय; स्थापना भई सञ्चालन भएका सार्वजनिक वा निजी लगानीका विद्यालय; स्कुल; गुरुकूल; मदरसा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ङ) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को उपदफा (ठ)।]*

विद्यालय उमेर समूहका बालबालिका (School age-group children)- *नाप.* चार वर्ष पूरा गरी अठार वर्षको उमेर पूरा नगरेका बालबालिका। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम २ को खण्ड (घ)।]*

विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति (School Classification and Fee Monitoring Committee)- *नाप.* विद्यालयको वर्गीकरण गर्न, विद्यालयले लिन पाउने शुल्कका सम्बन्धमा शिक्षासम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालयलाई राय सुझाव दिन र विद्यालयले निर्धारित शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न प्रत्येक जिल्लामा गठन गरिएको समिति। *[हे. शिक्षा नियमावली, २०५९ को नियम १४५क. को उपनियम (१)।]*

विद्यालय व्यवस्थापन समिति (School Management Committee)- *नाप.* विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि स्थापना गरिएको व्यवस्थापन समिति। *[हे. शिक्षा ऐन, २०२८ को दफा १२ को उपदफा (१)।]*

विद्यालय शिक्षा (School education)- *नाप.* आधारभूत र माध्यमिक शिक्षा; विद्यालय तहको शिक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ५)।]*

विद्युत उपभोक्ता (Electricity consumer)- *नाप.* विद्युत वितरकले बिक्रीवितरण गरेको विद्युत सेवा उपभोग गर्ने व्यक्ति वा संस्था। *[हे. विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा २ को खण्ड (घ) ।]*

विद्युतीय अभिलेख (Electronic records)- *नाप.* विद्युतीय स्वरूपमा कम्पनीले कार्यालयसमक्ष पेस गरेका सबै प्रकारका कागजात तथा कार्यालयले कम्पनीलाई पठाएका कागजातलाई सुरक्षित रूपले कम्प्युटर प्रणालीमा गरिने भण्डारण; विद्युतीय स्वरूपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि, ध्वनि वा श्रव्य-दृश्य; कम्प्युटर र इन्टरनेट प्रणालीमा विद्युतीय वा डिजिटल रूपमा अभिलेख गरिएका सबै किसिमका तथ्य तथ्याङ्कको विवरणसम्बन्धी अभिलेख। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (५१) र विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०७९ को दफा २ को खण्ड (फ) ।]*

विद्युतीय कारोबार (Electronic transaction)- *नाप.* टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार र टर्मिनल, अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ मेसिनको माध्यमबाट हुने कारोबार, चार्ज कार्ड, डेबिट वा क्रेडिट कार्डबाट हुने कारोबार; विद्युतीय माध्यमबाट हुने आर्थिक वा वित्तीय कारोबार। *[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कठ) ।]*

विद्युतीय खरिद प्रणाली (Electronic procurement system)- *नाप.* सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी स्थापना, सञ्चालन र व्यवस्थापन गरेको खरिद प्रणाली। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ब) र नियम 146 ।]*

विद्युतीय बोलपत्र (Electronic bid)- *नाप.* विद्युतीय खरिद प्रणालीको उपयोग गरी बोलपत्रदाताले पेस गरेको बोलपत्र। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (फ) ।]*

विद्युतीय माध्यम (Electronic medium, digital medium)- *नाप.* कम्प्यूटर, इन्टरनेट, इ-मेल, फ्याक्स, विद्युतीय क्यास मेसिन, फिस्कल प्रिन्टर जस्ता माध्यम र विद्युतीय भुक्तानीको माध्यम तथा त्यस्तै प्रकृतिका अन्य माध्यम; कानूनी रूपमा स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यमबाट सङ्केत, चिह्न, अक्षर, आवाज, ग्राफिक्स, तस्बिर, गीत, सङ्गीत, भिडियो, एनिमेसनको प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, श्रव्यदृश्यको उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने माध्यम। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ट१), अन्तः शुल्क ऐन,*

२०५८ को दफा २ को खण्ड (ण११), आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कठ१) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम २ को खण्ड (ख१) ।]

विद्युतीय सञ्चार माध्यम (Electronic media)- *नाप.* विद्युतीय माध्यम उपयोग गरी सञ्चार गर्ने सञ्चार माध्यम; विद्युतीय स्वरूपमा सञ्चार गरिने वा प्रकाशन/ प्रसारण हुने पाठ्य, श्रव्य, दृश्य र श्रव्यदृश्य माध्यम।

विद्युतीय सेवा (Electronic service)- *नाप.* उपभोक्तालाई सेवा प्रदान गर्नका लागि सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रूपमा इन्टरनेटमार्फत प्रदान हुने विज्ञापन सेवा, चलचित्र, टेलिभोजन, सङ्गीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित अन्य सेवा; इन्टरनेटमार्फत प्रवाह हुने तथ्याङ्क सङ्ग्रहसम्बन्धी सेवा, क्लाउड सेवा, गेमिङ्ग सेवा, मोबाइल एप्लिकेसनसम्बन्धी सेवा, इन्टरनेट बजार स्थानसम्बन्धी सेवा र यस मार्फत उपलब्ध गराइने सेवा; सफ्टवेयरको आपूर्ति र अद्यावधीकरण, तथ्याङ्क, तस्बिरलगायतका डाउनलोड सेवा, परामर्श, सीप विकास तथा तालिम सेवा र अन्य यस्तै प्रकृतिका सेवा। *[हे. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ट२) ।]*

विद्युतीय स्वरूप (Electronic form)- *नाप.* कुनै चुम्बकीय, दृश्यगत, कम्प्युटर स्मरण वा अन्य त्यस्तै प्रकारका कुनै संयन्त्रको माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका रूप; कुनै पनि सूचना वा विषयका विद्युतीय प्रतिकृति। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ब) ।]*

विद्युत् (Electricity, power, energy)- *ना.* [सं.] बिजुली; ऊर्जा प्रदान गर्ने एक प्रकारको शक्ति; पानी, खनिज, तेल, डिजेल, कोइला, ग्याँस, सौर्य शक्ति, वायु शक्ति, आणविक शक्ति वा अन्य कुनै साधन वा प्रविधिबाट उत्पादन गरिने विद्युत् शक्ति। *[हे. नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २ को खण्ड (ग), विद्युत् ऐन, २०४९ को दफा २ को खण्ड (क), विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा २ को खण्ड (क) र विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा २ को खण्ड (ज) ।]*

विद्युत् उर्जामापक यन्त्र (Electricity measurement machine)- *नाप.* उपभोक्ताले खपत गरेको विद्युत् परिमाणको एकाइ गणना गर्नको लागि वितरकको तर्फबाट ग्राहकको घर वा भवनमा जडान गरिएको यन्त्र र सोसँग सम्बन्धित अन्य उपकरण; बिजुली नाप्ने यन्त्र। *[हे. विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा २ को खण्ड (ज) र विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (झ) ।]*

विद्युत् ग्राहक (Electricity customer)- *ना.प.* विद्युत् वितरकले बिक्रीवितरण गरेको विद्युत सेवा उपभोग गर्ने ग्राहकको सूचीमा नाम दर्ता भएका व्यक्ति वा संस्था; संस्था वा कार्यालयको हकमा संस्था वा कार्यालयका प्रमुख; दर्तावाला ग्राहकको मृत्यु भइसकेको अवस्थामा त्यस्तो दर्तावाल ग्राहकका हक खाने हकवाला। *[हे. विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा २ को खण्ड (ग) ।]*

विद्युत् चुहावट (Electricity pilferage, electricity leakage)- *ना.प.* विद्युत् महसुल नतिरी वा कम तिरी विद्युत् प्रयोग गर्ने काम; प्राविधिक वा अन्य कुनै कारणले विद्युतको नोक्सानी हुने काम; विद्युत चुहुने अवस्था।

विद्युत् चोरीको कसुरदार (Offender of electricity theft)- *ना.प.* विद्युत् चोरीसम्बन्धी कसुरमा संलग्न हुने व्यक्ति वा उक्त कसुरमा संलग्न वितरकको कर्मचारी। *[हे. विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा २ को खण्ड (छ) ।]*

विद्युत् नियमन आयोग (Electricity Regulatory Commission)- *ना.प.* विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई नियमन गर्ने नियमनकारी निकायको रूपमा स्थापना गरिएको आयोग। *[हे. विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २ को खण्ड (ग) ।]*

विद्युत् निरीक्षक (Electricity Inspector)- *ना.प.* विद्युत् उत्पादन, प्रसारण वा वितरणको निरीक्षण र रेखदेख गर्नको लागि नियुक्त गरिएको प्रमुख विद्युत् निरीक्षक वा विद्युत् निरीक्षक। *[हे. विद्युत् ऐन, २०४९ को दफा २ को खण्ड (छ) ।]*

विद्युत् महसुल (Electricity tariff)- *ना.प.* विद्युत् उपलब्ध गराएबापत ग्राहकबाट लिइने महसुल; विद्युत् सेवा उपभोग गरेबापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनुपर्ने विद्युत्को मूल्य, महसुल, शुल्क तथा अन्य दस्तुर। *[हे. विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २ को खण्ड (छ) ।]*

विद्युत् युनिट (Electricity unit)- *ना.प.* बिजुलीको एकाइ; एक हजार वाटको विद्युत् शक्ति एक घण्टासम्म सञ्चालन हुँदा खपत हुने विद्युत् ऊर्जा। *[हे. विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (ज) ।]*

विद्युत् वायरिङ (Electricity wiring)- *ना.प.* ग्राहकको घर, कम्पाउन्ड, कारखाना वा यस्तै अन्य कुनै ठाउँमा विद्युत् आपूर्तिको लागि गरिने विद्युत्सामग्री जडानका कार्य; बिजुलीका लागि तारहरू सुरक्षित तरिकाले जडान गर्ने कार्य। *[हे. विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (छ) ।]*

विद्युत् विकास विभाग (Department of Electricity Development)- *नाप.* जलविद्युत्को विकास गर्न गराउन, जलविद्युत्को विकासमा निजी क्षेत्रका उद्यमीलाई प्रोत्साहित गर्न र जलविद्युत्सम्बन्धी कामहरूको अनुगमन गर्ने सरकारी विभाग। *[हे. विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (ख) ।]*

विद्युत् वितरक (Electricity distributor)- *नाप.* विद्युत् उत्पादन तथा बिक्रीवितरण गर्ने अनुमतिपत्र प्राप्त गरी राष्ट्रिय ग्रिड प्रयोग गरी वा नगरी बिक्रीवितरण गरेको विद्युतको हकमा अनुमतिपत्र प्राप्त व्यक्ति; सरकारले खरिद गरी राष्ट्रिय ग्रिडमा समावेश गराई बिक्रीवितरण गरिने विद्युत्का हकमा सरकार; अन्य कुनै संस्थामार्फत् खरिद गराई बिक्रीवितरण गरेको विद्युत्का हकमा त्यसरी खरिद गर्ने संस्था; नेपालभित्र आयात गरी बिक्रीवितरण गरेको विद्युत् भए सम्बन्धित आयातकर्ता; सरकारसँग विद्युत् बिक्रीवितरण करार गरी बिक्रीवितरण गरेको भए त्यस्तो करार गर्ने व्यक्ति वा संस्था; एउटा वितरकको वितरण प्रणाली प्रयोग गरी एउटा प्वाइन्टबाट व्हिलिङ गरी अर्को प्वाइन्टमा विद्युत् प्राप्त गरी बिक्रीवितरण गर्ने भए पछिल्लो प्वाइन्टमा विद्युत् प्राप्त गर्ने व्यक्ति वा संस्था। *[हे. विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा २ को खण्ड (ख) ।]*

विद्युत् वितरणक्षेत्र (Electricity distribution area)- *नाप.* विद्युत् वितरणको अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र; विद्युत आपूर्तिकर्ताले बिजुली वितरण गर्ने क्षेत्र वा इलाका। *[हे. विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (च) ।]*

विद्युत् सर्वेक्षण (Electricity survey)- *नाप.* विद्युत् उत्पादन, प्रसारण तथा वितरणका लागि गरिने सर्वेक्षणको कार्य; विद्युत्को सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ डिजाइनको कार्य; विद्युत् उत्पादन वा विद्युत्को उपयोगिताबारे गरिने अन्वेषणको कार्य। *[हे. विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (घ) ।]*

विद्युत्को अनाधिकार उपभोग (Unauthorized consumption of electricity)- *नाप.* विनास्वीकृति विद्युत् प्रणालीबाट विद्युत् उपभोग गर्ने कार्य वा ग्राहकले विद्युत् उपभोग गर्दा पालन गर्नुपर्ने सर्तको उल्लङ्घन हुने गरी विद्युत् उपभोग गर्ने वा विद्युत् चोर्ने कार्य। *[हे. विद्युत् ऐन, २०४९ को दफा २ को खण्ड (ङ१) ।]*

विद्युत्को उत्पादन, प्रसारण वा वितरण (Generation, transmission or distribution of electricity)- *नाप.* विद्युत्को उत्पादन, प्रसारण वा वितरण गर्ने कार्य; विद्युत्को उत्पादन, प्रसारण वा वितरणसँग सम्बन्धित संरचनाहरूको निर्माण, सञ्चालन तथा मर्मतसम्भारका कार्य। *[हे. विद्युत नियमावली, २०५० को नियम २ को खण्ड (ङ) ।]*

विद्रोह (Insurrection, revolt)- *ना.* [सं.] उपद्रव; विरोधको कामकारबाही; विप्लव; द्रोह; झगडा; द्वन्द्व; रडाको।

विद्वत्वृत्ति (Fellowship)- *ना.* [सं.] शैक्षिक र प्राज्ञिक क्षेत्रमा कार्यरत व्यक्तिलाई थप योग्यताप्राप्त गर्ने मौका दिँदा दिइने आर्थिक सुविधा; शोध वा अनुसन्धानका लागि दिइने वृत्ति।

विद्वान् (Rebellion, insurgency, mutiny)- *ना.* [सं.] ज्ञान भएको; ज्ञाता; तत्ववेत्ता; शिक्षित।

विधान (Statute)- *ना.* [सं.] कुनै सङ्घसंस्थाको स्थापना तथा सञ्चालनका लागि तयार पारिएको प्रबन्धावली; सङ्घसंस्थाको निजी मूल कानून; मूल लक्ष्य समेत तोकी कुनै वर्गीय तथा व्यावसायिक सङ्गठन खडा गर्न, सञ्चालन गर्न र तत्सम्बन्धी अरू कामकारबाही गर्नलाई बनेको शासनविधान; सरकार, राजनीतिक दल वा संघ, संस्थाले आफ्नो कार्य सम्पादन वा सञ्चालन र आन्तरिक काम, कारबाहीलाई व्यवस्थापनका लागि बनाएको ऐन; सारवान र कार्यविधिगत कानूनी व्यवस्था; विधि; शासनविधान; संविधान; वैधानिक कानून। *[हे. राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा २ को खण्ड (ख) ।]*

विधायक (Legislator, parliamentarian, member of parliament)- *ना.* [सं.] संसद् सदस्य; सांसद्; कानून निर्माता; विधायिकाको सदस्य।

विधायन (Legislation)- *ना.* [सं.] व्यवस्थापिकाद्वारा निर्मित कानून; व्यवस्थापिकाले विधायिकी प्रक्रिया पुरा गरेको कानूनको औपचारिक सार्वजनिक लिखत।

विधायिका (Legislature, parliament)- *ना.* [सं.] संसद्; व्यवस्थापिका; विधान बनाउने सभा; जनताबाट निर्वाचित प्रतिनिधिको सभा; सरकारको विधायन गर्ने निकाय वा अङ्ग।

विधायिकी (Legislative, statutory)- *वि.* [सं.] विधायकसँग सम्बन्धित विषय; विधायिकाको।

विधि (Law, method, procedure, process)- *ना.* [सं.] तरिका; प्रणाली; ढङ्ग; शैली; प्रक्रिया; भाँति; सिलसिला।

विधिशास्त्र (Jurispudence)- *ना.प.*[सं. विधि+शास्त्र] न्यायशास्त्र; कानूनशास्त्र; वैधानिक प्रणालीको विश्लेषणात्मक अध्ययन गर्ने शास्त्र; कानूनको सारवान् र कार्यविधिसम्बन्धी अध्ययन गर्ने विज्ञान; कानूनको क्रमवद्ध ज्ञानसँग सम्बन्धित शास्त्र; न्याय-कानून अध्ययनको वैज्ञानिक पद्धति; न्याय-कानूनका मूलभूत सिद्धान्त तथा नियमहरूको अध्ययन र विवचेना गर्ने शास्त्र; कानूनशास्त्र।

विधेयक (Bill)- *ना.* [सं.] विधायिका (सङ्घीय संसद वा प्रदेश सभा) मा पेस भएको संविधान संशोधन वा ऐनको मस्यौदा; निर्माणाधीन कानून वा मस्यौदा कानून; खेस्रा विधायन। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (झ) ।]*

विध्वंस (Destruction, devastation)- *ना.* [सं.] उपद्रव; विनाश; ठूलो नाश।

विध्वंसात्मक कार्य (Destructive activities)- *नाप.* कुनै प्रकारको हातहतियार, बम, विस्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी मुलुकको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा मुलुक वा मुलुकको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्थामा खलल पार्ने काम; विदेशस्थित नेपाली कूटनीतिक नियोग वा त्यसको सम्पत्ति वा नेपालस्थित विदेशी नियोग वा अन्तरराष्ट्रिय अन्तरसरकारी संस्थाका आवासीय कार्यालय वा तिनका सम्पत्ति वा कुनै सार्वजनिक वा निजी पूर्वाधार, संरचना वा विकास परियोजनाको संरचना वा त्यसको हाता वा शिक्षण संस्था, स्वास्थ्य संस्था वा यातायात संस्थाजस्ता सर्वसाधारणलाई सार्वजनिक सेवा प्रदान गर्ने सेवा प्रदायकको भवन, साधन, उपकरण, यन्त्र ध्वस्त गरी क्षति पुऱ्याउने वा तोडफोड गर्ने काम; त्यस्तो क्षति वा तोडफोड गर्ने योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याई घाइते तुल्याउने काम; आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याउने काम; उल्लिखित प्रकारका कुनै काम गरी सर्वसाधारणको आवतजावत गर्ने वा भेला हुने काममा डरत्रास फैलाई आतङ्कित गर्ने कुनै काम; उल्लिखित हातहतियार वा विष्पोटक पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जिउज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने काम; कुनै प्रकारको हातहतियार वा बम वा विस्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, सञ्चय गर्ने, ओसारपसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिड्ने वा जडान गर्ने वा जानीजानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने काम; उल्लिखित कामका उद्देश्यका निमित्त जबरजस्ती गरी नगदी वा जिन्सी उठाउने वा सम्पत्ति लुटपिट गर्ने काम। *[हे. सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ७ को उपदफा (२) ।]*

विनिमय (Exchange, inter-change, barter)- *ना.* [सं.] धितोबोर्ड सम्बन्धी ऐन बमोजिम निष्कासन भैसकेका धितोपत्रको खरिद, बिक्री वा हस्तान्तरणसम्बन्धी कार्य; साटफेर; अदलीबदली; हेरफेर; सटही; सट्टापट्टा; आदानप्रदान; लिनेदिने काम। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ण) ।]*

विनिमेय (Negotiation, exchangeable)- *वि.* [सं.] विनिमेय अधिकारपत्र पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी सो पत्र हस्तान्तरण गर्ने काम; दरपिठ वा सुम्पुवा गरी हस्तान्तरण गर्न सकिने विनिमय वा साटफेर गर्न सकिने। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (घ) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (द) ।]*

विनिमेय अधिकारपत्र (Negotiable instruments)- *नाप.* प्रतिज्ञापत्र र विनिमेयपत्र वा चेक। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ङ) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (न) ।]*

विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र (Negotiable multimodal transport document)- *नाप.* निर्देशित व्यक्ति वा वाहकको नाममा जारी भएको वा निर्देशित व्यक्ति वा वाहकले अर्को व्यक्तिलाई दरपिठ गरी वा नगरी हस्तान्तरण गर्न मिल्ने गरी जारी भएको बहुविधिक ढुवानीपत्र। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ज) ।]*

विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र (Non-negotiable multimodal transport document)- *नाप.* प्रापकको नाम उल्लेख भई जारी भएको बहुविधिक ढुवानीपत्र। *[हे. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (झ) ।]*

विनिमेय ऋणपत्र (Negotiable debt bond)- *नाप.* प्रमिसरी नोटको रूपमा जारी भएको ऋणपत्र। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७५ को उपदफा (४) को स्पष्टीकरण।]*

विनिमेयपत्र (Bill of exchange)- *ना.*[सं. विनिमेय+पत्र] फलाना मितिमा वा यति अवधिपछि वा मागेका बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएकोलाई वा सो पत्र लिई आउनेलाई यति रुपैयाँ दिनु भनी एकले अर्कोलाई विनासर्त निर्देश गरी दस्तखत गरी दिएको लिखत; दरपिठ वा सुम्पुवा गरिएको व्यक्तिलाई लेखिएबमोजिम रकम पाउन सक्ने गरी दिइएको अधिकारपत्र; साट्न सकिने चेक, ड्राफ्ट आदि। *[हे. विनिमय अधिकारपत्र ऐन, २०३४ को २ को खण्ड (छ) र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (न) ।]*

विनियम (Bye-law, by-law)- *ना.* [सं.] स्वायत्त संघ, संस्था वा कम्पनी सञ्चालनका लागि तिनका विधान, प्रबन्धपत्र वा नियमावलीका मातहती अङ्गका रूपमा लागु हुने गरी बनाइएका प्रबन्धावली वा वैधानिक बन्दोबस्त; विनियमावली।

विनियोजन (Appropriation, allotment)- *ना.* [सं] विनियोजन ऐन, उधारो खर्च ऐन वा पेस्की खर्च ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरूको लागि विभिन्न शीर्षकमा विभिन्न कार्यालयलाई खर्च गर्न छुट्याइएको वा वर्गीकृत वितरण भएको रकम; पूरक विनियोजन ऐन र उधारो खर्च ऐन बमोजिम खटाइएको वा छुट्याइएको रकम; बाँडफाँट; राजश्वको परिचालन; कुनै कामका लागि पुँजी लगाउने काम; काममा खटाउने काम; उपयोग; प्रयोग। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (भ) ।]*

विपक्ष (Opponent, defendant)- *वि.* [सं.] उल्टो; प्रतिकूल; विपरीत।

विपक्षी (Respondent, opposition)- *ना.* [सं.] विरोधी; प्रतिद्वन्दी; प्रतिवादी।

विपक्षी दलको नेता (Leader of the opposition party)- *नाप.* मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सोभन्दा बढी सदस्यहरू भएका दलहरूमध्ये सबैभन्दा बढी सदस्य भएको दल; प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरू भएका एकभन्दा बढी दलहरूको बराबर सदस्य भएमा ती दलहरूले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता दिएको कुनै एक दल; पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न सहमत गर्ने दलबाहेकका प्रतिनिधिसभा वा राष्ट्रिय सभाका सबैभन्दा बढी सदस्यहरूले विपक्षी दलको नेता छान्नको लागि लिखित मन्जुरी गरेको दल; लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सोभन्दा बढी सदस्यहरू भएको कुनै पनि दल नभएमा प्रतिनिधिसभा वा राष्ट्रिय सभाको लागि सभामुख वा अध्यक्षले तोकिदिएको दल; कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशतभन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दलको नेताको रूपमा छानेको व्यक्ति। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ङ) ।]*

विपक्षी दलको प्रमुख सचेतक (Chief Whip of the opposition party)- *नाप.* विपक्षी दलको नेताले प्रतिनिधिसभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको

सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (च) ।]*

विपक्षी दलको सचेतक (Whip of the opposition party)- *नाप.* विपक्षी दलको नेतालेप्रतिनिधिसभामा विपक्षी दलको सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ठ) ।]*

विपत्ति (Calamity, catastrophe, disaster, crisis)- *ना.* [सं.] विनाश; आपत; बरबादी; सङ्कट।

विपद् (Disaster, calamity)- *नाप.* कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद्; भूकम्प, आगलागी, आँधीबेरी, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य विपद्; औद्योगिक दुर्घटना, विस्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य प्रकारको विपद्; कुनै पनि अभ्यास वा क्रियाकलापमा उत्पन्न भएको आयनीकरण गर्ने विकिरणसँगको संसर्गको कारणले उत्पन्न हुने जोखिम वा खतरा। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ठ), भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ढ१) र रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा २ को खण्ड (द) ।]*

विपद् खोज तथा उद्धार समूह (Disaster Search and Rescue Team) - *नाप.* विपद्का अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह; विपद्मा परेकालाई मानवीय सहायता गर्न सक्ने तालिमप्राप्त मानवीय सहायताकर्मी वा उद्धारकर्मी। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ड) ।]*

विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction)- *नाप.* विपद्पूर्व सम्भावित विपद्का बारेमा गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन; विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ढ) ।]*

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् (National Council for Disaster Risk Reduction and Management)- *नाप.* विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी

रूपमा सञ्चालन गर्ने कामका लागि रहेको राष्ट्रिय परिषद्। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (छ) र दफा ३ को उपदफा (१) ।]*

विपद् पुनर्लाभ (Disaster Recovery)- *नाप.* विपद्का घटनापछि गरिने पुनर्निर्माण एवम् पुन:स्थापनासँग सम्बन्धित कार्य वा क्रियाकलाप। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ण) ।]*

विपद् प्रतिकार्य (Disaster Response)- *नाप.* विपद्को घटना हुनासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य वा क्रियाकलाप; विपद् प्रतिकार्यको पूर्वतयारी स्वरूप हुने कार्य वा क्रियाकला। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (त) ।]*

विपद् व्यवस्थापन (Disaster management)- *नाप.* विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (थ) ।]*

विपद् व्यवस्थापन कोष (Disaster Management Fund)- *नाप.* विपद् व्यवस्थापनका लागि सरकारबाट प्राप्त रकम, कुनै संघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम, विदेशी सरकार, व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्थाबाट सहयोग, अनुदान वा ऋणस्वरूप प्राप्त रकम र अन्य कुनै स्रोतबाट प्राप्त रकम रहने गरी सङ्घीय/ केन्द्रीय स्तरमा स्थापना गरिएको छुट्टै कोष। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ग) र दफा २२ को उपदफा (१) र (२) ।]*

विपन्न (Indigent, poor, have-not)- *ना.* [सं.] निर्धन; गरिब; सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नको कारण खुलाई सिफारिस गरेको तोकिएको व्यक्ति; तोकिएको वा निर्धारित आयभन्दा कम आय भएका व्यक्ति वा परिवार। *[हे. छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा 3क. को स्पष्टीकरण।]*

विपन्न नागरिक भत्ता (Destitute citizen allowance)- *नाप.* आर्थिक रूपले विपन्न नागरिकले पाउने गरी सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ५ ।]*

विपरीत (Opposite, reverse, contrary)- *ना.* [सं.] उल्टो; प्रतिकूल; विरूद्ध।

विप्रेषण (Remittance)- *ना.* [सं.] बैङ्क वा इन्टरनेटका माध्यमबाट रकम पठाउने काम; बैङ्क वा अनुमतिप्राप्त वित्तीय संस्थामार्फत् एक स्थानबाट अर्को स्थानमा रकम पठाउने कार्य; विदेशबाट रकम स्वदेश पठाउने काम; विदेशबाट आउने रकम।

विप्लव (Rebel, revolt, insurgency, disorder, disturbance)- *ना.* [सं.] उपद्रव; विद्रोह; अशान्ति; उत्पात; उथलपुथल; सर्वनाश।

विबन्धन (Estoppel)- *ना.* [सं.] लेखेर, वचनले वा आचरणद्वारा कसैलाई कुनै कुरा यस्तो हो भनी विश्वासमा पारी वा प्रमाण दिई पूर्ववत् व्यक्त गरेको कुरामा लाग्ने बन्धन; लेखेर, वचनले वा आचरणद्वारा कसैलाई कुनै कुरा यस्तो हो भनी विश्वासमा पारी वा प्रमाण दिई कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिका बीचमा मुद्दा चल्दा सो कुरा त्यस्तो होइन, थिएन भनी खण्डन गर्न नपाउने कानूनी सिद्धान्त; एकपटक स्वीकारेको कुरा आफैले खण्डन गर्न नपाउने मान्यता; विशेष बन्धन। *[हे. प्रमाण ऐन, २०३१ को दफा ३४ को उपदफा (१) ।]*

विभाग (Department)- *ना.* [सं.] विषयगत कार्य सञ्चालनको सहजताको लागि छुट्याइएको फाँट वा कार्यक्षेत्र; मन्त्रालयअन्तर्गतको कामको बाँडफाँटका लागि छुट्याइएको क्षेत्र; भाग लगाउने काम; विभाजन; विषयगत कार्यक्षेत्र।

विभागीय कारबाही (Departmental action)- *ना.प.* विभागद्वारा गरिने कारबाही; सेवासर्त सम्बन्धी तोकिएका आचरण उल्लङ्घन गरेबापत गरिने कारबाही; अनुशासनात्मक कारबाही; अनुशासनसम्बन्धी कारबाही।

विभागीय प्रमुख (Head of the department)- *ना.प.* विभाग वा सो सरहको अन्य कार्यालयको प्रमुखको रूपमा काम गर्ने पदाधिकारी।

विभागीय सजाय (Departmental punishment)- *ना.प.* विभागद्वारा दिइने सजाय; सेवासर्तसम्बन्धी तोकिएका आचरण उल्लङ्घन गरेबापत दिइने सजाय।

विभाजन (Division, allocation, distribution)- *ना.* [सं.] पृथक्करण; बाँडचुँड; वर्गीकरण।

विभूषण (*Bibhusan,* Decorations)- *ना.* [सं.] महत्त्वपूर्ण पौरख देखाएबापत दिइने तक्मा, पदक फुली वा बिल्ला; राज्य वा सरकारी तहबाट प्रदान गरिने मानपदवी, अलङ्कार र पदक; सम्मान वा सौन्दर्य जनाउन दिइने बहुमूल्य आभूषण। *[हे. विभूषण ऐन, २०६४ को दफा २ को खण्ड (क) ।]*

विभूषण समिति (Decoration Committee)- *ना.प.* सरकारका तर्फबाट प्रदान गरिने विभूषणका सम्बन्धमा मन्त्रिपरिषद्समक्ष सिफारिस प्रस्तुत गर्न गठित समिति। *[हे. विभूषण ऐन, २०६४ को दफा ४ को उपदफा (१) ।]*

विभूषण सुशोभन समारोह (Decoration Ceremony)- *ना.प.* विभूषण पाउने व्यक्तिलाई राष्ट्रपतिले विभूषित गर्ने समारोह; विभूषण प्रदान गरिने समारोह; विभूषण पाउने व्यक्तिलाई निजले पाउने विभूषण, त्यसको प्रतीक समूह र अधिपत्र प्रदान गर्ने समारोह। *[हे. विभूषण ऐन, २०६४ को दफा ७ को उपदफा (१) ।]*

विभेद (Discriminate, differentiate, disfavour)- *ना.* [सं.] पक्षपात; कसैलाई रूप, गुण, लिङ्ग, जातजाति आदिको आधारमा भेद वा फरक; आपसी भिन्नता; फरक; अन्तर; भेदभाव। *तुल.* निर्विभेद।

विमानस्थल (Airport, aerodrome)- *ना.प.* वायुयान प्रस्थान वा अवतरण गर्ने कामको निमित्त पुरा वा आंशिक रूपमा प्रयोग हुने कुनै निश्चित वा सीमित जल वा स्थल क्षेत्र; वायुयान उड्न र बस्नका लागि व्यवस्थित भौतिक पूर्वाधारका रूपमा निर्धारित र व्यवस्थित गरिएको स्थान; सो क्षेत्रमा रहेका वा सो क्षेत्रसँग सम्बन्धित सबै भवन, टहरा, जहाज डुङ्गा, घाट र अरू इमारतहरू; पोर्ट; एयरपोर्ट। *[हे. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (ख) र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (ख) ।]*

विमानस्थल क्षेत्र (Airport area, aerodrome area)- *ना.प.* विमानस्थल वा हवाइ उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा तत्सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने कामका निमित्त प्रयोग हुने कुनै यन्त्र तथा सन्चार वा उड्डयनसहाय उपकरणहरू जडान भएको वा नभएको स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा र घाट। *[हे. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (च) र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (ग) ।]*

विमानस्थल सुरक्षा समिति (Airport Security Committee)- *ना.प.* राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम तथा समितिको निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गराउनका लागि लागि विमानस्थलमा रहने समिति। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (त) र नियम 10 ।]*

विमोचन (Release, launch, emancipation, liberation)- *ना.* [सं.] लोकार्पण; अनावरण; छुट्कारा पाउने काम; मुक्त गर्ने काम।

विरुद्ध (Versus, against, opposite)- *ना.* [सं.] विपरीत; प्रतिकूल; असहमत; विपक्ष।

विरोध (Objection, protest)- *ना.* [सं.] वैरभाव; अवरोध; बाधा; विपरीत; प्रतिकूलता; नमिल्दो वा उल्टो; विपक्षमा व्यक्त गरिने मत, दाबी वा तर्क।

विरोधाभास (Paradox, contrary)- *ना.* [सं.] दुई वा धेरै वस्तुका बिचमा पाइने विरोधको भान; विरोध हुनाको भाव; एकआपसमा नमिलेको भनी हुने अनुभूति; अन्तरविरोध; एउटै कुरा वा वस्तुमा अनुभूत हुने विपरीतता।

विरोधी (Opponent)- *वि./ना.* [सं.] अमिल्दो; प्रतिकूल; विपरीत: उल्टो; विरोध गर्ने; विपक्षी।

विलम्ब (Laches, delay, late)- *ना.* [सं.] ढिलाइ; सुस्ती; अबेर; बियाँलो।

विलम्ब शुल्क (Demurrage, late fees)- *ना.प.* निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा राखेको मालवस्तु तोकिएको म्यादभित्र नउठाएमा नेपाल सरकारलाई तिर्नुपर्ने शुल्क; म्यादभित्र नबुझाउँदा वा काम सम्पन्न नगर्दा लाग्ने थप शुल्क वा जरिवाना; विलम्ब भएबापत दिनुपर्ने अतिरिक्त शुल्क; ढिलाइ शुल्क। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ष) र नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (ध) ।]*

विलम्बको सिद्धान्त (Doctrine of Laches)- *ना.* [सं.] अनुचित ढिलाइका कारण कानूनी उपचारबाट वञ्चित हुने सिद्धान्त; न्यायको खोजी समयमै गर्नुपर्छ भन्ने मान्यताअनुसार ढिलो गरी आउनेलाई अदालतले न्याय गर्न सक्नैन भन्ने प्रतिमान।

विलय (Dissolution, disapperance, vanish)- *ना.* [सं.] आफ्नो अस्तित्व समेत समाप्त गरी अर्कामा मिल्ने काम; विलीन हुने काम; लोप; विलयन।

विलेखपत्र (Manifesto, declaration of policy)- *ना.* [सं.] सम्झौता वा संविदाको विवरण दिइएको र सम्बन्धित व्यक्तिद्वारा विधिवत हस्ताक्षर गरिएको लिखित वा मुद्रित लिखत वा कागजात।

विलोप (Destruction, extinction)- *ना.* [सं.] लोप; नाश; खत्तम; स्वाहा।

विलोम (Inverse, opposite)- *ना.* [सं.] प्रचलित मान्यता, विचार वा सोचाइभन्दा उल्टो; विपरीत।

विवरण (Particular, detail)- *ना.* [सं.] कुनै वस्तु, विषय, घटना, कार्य आदिको विस्तृत वृतान्त; नालीबेली; फाँटवारी।

विवरणपत्र (Prospectus, statement, forwarding note)- *ना.* सं.[विवरण+पत्र] नालीबेली लेखिएको पत्र; सूचनालाई विभिन्न फाँटमा वर्गीकरण गरी लेखिएको लिखत; सङ्गठित संस्थाले धितोपत्रको सार्वजनिक निष्कासन गर्नुअघि धितोपत्र सम्बन्धी प्रकाशन गर्नुपर्ने विवरणपत्र; कुनै विषयमा सम्पूर्ण कुरा खोली लेखिएको कागज; मालसामानको ढुवानीका लागि निर्धारण गरिएको विवरणपत्र। *[हे. धितोपत्र बोर्ड सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (त) र नेपाल रेल्वे ऐन, २०७९ को दफा २ को खण्ड (न)।]*

विवश (Compelled, forced)- *ना.* [सं.] लाचार; बाध्य; इच्छाविपरीत कुनै कामकुरो गर्न बाध्य भएको अवस्था।

विवाद (Contention, lawsuit, dispute, debate)- *ना.* [सं.] भनाभन; झगडा; कलह; मतभेद; वाद-प्रतिवाद।

विवाद समाधान (Settlement of disputes)- *ना.प.* कुनै विषयमा उत्पन्न समस्या वा विवादको टुङ्गो लगाउने काम; विवादित विषयमा समाधानका उपाय पत्ता लगाउने काम।

विवाद समाधानका वैकल्पिक उपाय (Alternative resolution of disputes)- *ना.प.* कुनै विषयमा उत्पन्न समस्या वा विवादको समाधानका लागि औपचारिक प्रक्रियाभन्दा भिन्न अनौपचारिक उपायहरू; विवाद समाधानका एकभन्दा बढी तरिका; विवादित विषयमा अड्डा अदालतमा मुद्दा हाली छिनेर वा छिनाएर समाधान गर्ने तरिकाभन्दा भिन्न वार्ता, संवाद, मेलमिलाप, मध्यस्थता आदि विधिको गर्ने अवलम्बन गरिने प्रक्रिया, उपाय वा विधि।

विवादग्रस्त (Controversial, disputed)- *वि.* [सं.] विवादमा परेको; विवादित; विवादास्पद।

विवादित (Controversial, disputing)- *वि.* [सं.] विवादास्पद; विवादपूर्ण; विवाद भएको; झगडा वा मुद्दा परेको; विवादग्रस्त।

विवाह (Marriage)- *ना.* [सं.] कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एकअर्कालाई पतिपत्नीको रूपमा स्वीकार गर्ने कार्य; पुरुष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित पवित्र सामाजिक र कानूनी बन्धन; पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्य; बिहे; बिहावारी; पाणिग्रहण; प्रस्तावित वर र

वधुबिचको पारस्परिक स्वतन्त्र मन्जुरीमा आधारित सामाजिक अनुबन्धन र जीवनको एक महत्त्वपूर्ण सांस्कारिक क्रिया। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ र दफा ६८।]*

विवाहित (Married)- *वि.* [सं.] विवाह भएको वा गरेको।

विविध (Miscellaneous)- *ना.* [सं.] अनेक प्रकार; विभिन्न थरी।

विवेक (Conscience, rationality, reasoning)- *ना.* [सं.] असल-खराब, सत्य-असत्य, न्याय-अन्याय, ठिक-बेठिक; उचित-अनुचित आदि छुट्याउने क्षमता; ज्ञान वा समझ; तजबिज।

विवेचना (Analysis, deliberation, consideration)- *ना.* [सं.] समीक्षा; विचार-विमर्श; विश्लेषण; व्याख्या।

विशिष्ट (Distinguished, outstanding, excellent) - *ना.* [सं.] उच्चतम्; श्रेष्ठतम्; माथिल्लो तहको।

विशिष्टिकृत सहकारी सङ्घ (Specialized Cooperative Association)- *नाप.* कम्तीमा पच्चिस वटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न गठन गरिएको सङ्घ; सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न गठन भएको सङ्घ। *[हे. सहकारी नियमावली, २०७५ को नियम २ को खण्ड (च)।]*

विशिष्टीकृत अदालत (Specialized Courts)- *नाप.* खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानूनबमोजिम स्थापना र गठन गरिएका विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरण; साधारण अदालत, न्यायाधिकरण वा न्यायिक निकायबाहेकका विशेष प्रकृतिका मुद्दा हेर्ने अदालत। *[हे. नेपालको संविधानको धारा १५२ को उपधारा (१)।]*

विशेष (Particular, specific, peculiar)- *ना.* [सं.] असाधारण; विलक्षण; विशिष्ट; फरक स्वभावको।

विशेष अदालत पूर्ण बैठक (Full Court of Special Court)- *नाप.* मुद्दा मामिलाको इन्साफ गर्ने कामबाहेक अन्य कामका लागि विशेष अदालतका अध्यक्ष र सदस्यहरू रहेको पूर्ण बैठक। *[हे. विशेष अदालत नियमावली, २०८० को नियम २ को खण्ड (च)।]*

विशेष अनुदान (Special grants)- *नाप.* सरकारले शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्न, अन्तरप्रदेश वा अन्तरस्थानीय तहको सन्तुलित विकास गर्न र आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्न कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाका लागि प्रदान गर्ने अनुदान। *[हे. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (छ) र दफा ११ को उपदफा (१) ।]*

विशेष आर्थिक क्षेत्र (Special economic zone)- *नाप.* नेपाल सरकारले विशेष आर्थिक क्षेत्र भनी तोकेको क्षेत्र; अर्थव्यवस्थाभित्र विशेष प्रश्रयका लागि सरकारले तोकेको क्षेत्र। *[हे. भन्सार ऐन, २०६४ को दफा १२ को उपदफा (१) को स्पष्टीकरण।]*

विशेष उद्योग (Special industry)- *नाप.* चुरोट, बिँडी, सिगार, खाने सुर्ती, खैनी, मुख्य कच्चा पदार्थ सुर्ती भएको त्यस्तै प्रकृतिका उत्पादन गर्ने, मदिरा, बियर तथा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योगबाहेक औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम वर्गीकरण गरिएका उत्पादनमूलक उद्योग। *[हे. आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (६) को स्पष्टीकरण।]*

विशेष कार्यविधि (Special procedure)- *नाप.* सामान्य कार्यविधि भन्दा भिन्न वा फरक कार्यविधि; असाधारण कार्यविधि; खास किसिमका मुद्दाहरूको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गराउन अवलम्बन गरिने विशेष प्रकारको कार्यविधि।

विशेष खेल सङ्घ (Special Sports Association)- *नाप.* साहसिक खेल वा परम्परागत रूपमा वा निश्चित भौगोलिक क्षेत्रमा खेलिने खेलसम्बन्धी सङ्घ; शारीरिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूद्वारा खेलिने पारा खेलकुदसम्बन्धी सङ्घ; मानसिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूद्वारा खेलिने विशेष खेलकुदसम्बन्धी सङ्घ। *[हे. राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम ८ को स्पष्टीकरण।]*

विशेष डाँक (Special post or mail)- *नाप.* सामान्य डाँकभन्दा भिन्दै खालको डाँक; विशेष हुलाकी वा विशेष सवारीबाट पठाइने डाँक। *[हे. हुलाक ऐन, २०१९ को दफा ७ को स्पष्टीकरण।]*

विशेष दरपिठ (Endorsement in full, special endorsement)- *नाप.* कुनै खास व्यक्ति वा निजले अह्राएकोलाई भुक्तानी दिनुपर्ने गरी गरेको दरपिठ। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ध) ।]*

विशेष परिस्थिति (Special circumstance)- *ना.प.* सुक्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक प्रकोपबाट उत्पन्न असामान्य परिस्थिति; महामारी वा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सर्जित परिस्थिति; युद्ध वा आन्तरिक द्वन्द्वजस्ता परिघटनाबाट सिर्जित असामान्य परिस्थिति; सामान्य वा स्वाभाविक प्राकृतिक वा सामाजिक परिवेशभन्दा भिन्न असाधारण वा असामान्य परिवेश। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ढ) ।]*

विशेष प्रकृतिका निवेदन (Applications of special nature)- *ना.प.* सामान्यभन्दा भिन्न प्रकृतिको निवेदन; मृत्युको न्यायिक घोषणा गरी पाउन दिने निवेदन, दामासाहीसम्बन्धी कारबाही प्रारम्भ गर्नको लागि दिने निवेदन, दर्ता विवाहका लागि दिने निवेदन, संरक्षकको तल्लो प्राथमिकता क्रमको व्यक्ति संरक्षक भएको प्रमाणित गरी पाउन दिने निवेदन, संरक्षक हुने व्यक्तिले आफू संरक्षक भएको व्यहोरा अदालतबाट प्रमाणित गर्नका लागि दिने निवेदन, संरक्षक नियुक्तिका लागि दिने निवेदन, नाबालकको माथवर हुन दिने निवेदन, माथवर नियुक्ति गर्नका लागि दिने निवेदन, धर्मपुत्र वा धर्मपुत्री राख्नका लागि दिने निवेदन, गुठी सञ्चालक नियुक्त गरिपाउन दिने निवेदन, अधिकृत वारिस प्रमाणित गरिपाउन दिने निवेदन आदि निवेदनहरू। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (ढ), मुलुकी देवानी संहिता, २०७४ को दफा ४०, ५५, ७७, १३६, १३७, १३९, १५३, १५७, १७७ तथा ३२८ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३।]*

विशेष रकम झिक्ने अधिकार (Special withdrawal rights)- *ना.प.* अन्तरराष्ट्रिय द्रव्य कोषले अन्तरराष्ट्रिय तरलताको खाँचो पूर्ति गर्न भागीदारहरूमा बाँडफाँड गरिने कोषमा रहेको विशेष खाताबाट रकम झिक्ने अधिकार। *[हे. ब्रेटन उड्स सम्झौता ऐन, २०१८ को दफा २ को खण्ड (ङ) ।]*

विशेष राहदानी (Official passport)- *ना.प.* सङ्घीय सरकार, प्रदेश सरकार वा कुनै सरकारी निकायबाट मनोनयन भई सरकारी काम, अध्ययन, अध्ययन भ्रमण वा तालिमको सिलसिलामा विदेश भ्रमणमा जाने पदाधिकारी तथा कर्मचारीलाई जारी गरिएको वा गरिने राहदानी। *[हे. राहदानी ऐन, २०७६ को दफा ७।]*

विशेष रेखाङ्कित चेक (Special crossed cheque)- *ना.प.* चेकको अग्र भागमा बैङ्करको नाम लेखिएको भए त्यसमा "विनिमेय गर्न नसकिने" भन्ने शब्दहरू लेखिएको वा नलेखिएको जे भए तापनि त्यस्तो चेक। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा ८२।]*

विशेष शिक्षा (Special education)- *नाप.* दृष्टिविहीन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ१) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ढ) ।]*

विशेष शिक्षा परिषद् (Special Education Council)- *नाप.* विशेष शिक्षासम्बन्धी नीति निर्माण तथा व्यवस्थापन मिलाउनका लागि स्थापना गरिएको परिषद्। *[हे. शिक्षा नियमावली, २०५९ को नियम ६१ को उपनियम (१) ।]*

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका (Children in need of special protection)- *नाप.* अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका; बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका; कानूनका विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका; थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका; जबरजस्ती करणी वा हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका; बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका; जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा कानूनविपरीतको श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवम् अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका; गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका; बालबालिकाविरुद्धको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका; विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका; विपन्न दलित समुदायका बालबालिका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकिएका अन्य बालबालिका। *[हे. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ध) र दफा 48 को उपदफा (1) ।]*

विशेष समुदायको युवा (Youth of special community)- *ना.प.* द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसङ्ख्यकजस्ता समुदायहरूका युवा। *[हे. राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा २ को खण्ड (ज) ।]*

विशेष साधारण सभा (Extra-ordinary General Meeting)- *ना.प.* कुनै सङ्घ, संस्था, सङ्गठन, कम्पनी आदिमा विशेष कामका लागि बोलाइने साधारण सदस्यहरू रहेको सभा; असाधारण सभा। *तुल.* साधारण सभा।

विशेष हेरचाहको आवश्यकता भएका नाबालक (Minors in need of special care)- *ना.प.* अनाथ नाबालक वा स्वेच्छाले त्यागेका नाबालकमध्ये शारीरिक वा मानसिक वा अस्वभाविक वा असामान्य विकासका कारण विशेष हेरचाहको आवश्यकता भएको नाबालक। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा १९८ को उपदफा (१) को स्पष्टीकरण।]*

विशेषज्ञ (Expert, specialist)- *ना.* [सं.] विशेष दक्षता भएको; राम्रो जानकार; विज्ञ; वेत्ता।

विशेषज्ञ चिकित्सक (Medical Specialist)- *ना.प.* सम्बन्धित विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री, डिप्लोमा प्राप्त गरेको एवम् विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित व्यवसायमा लागेको चिकित्सक; विशिष्ट चिकित्साविद्। *[हे. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ को खण्ड (घ१) ।]*

विशेषज्ञ पद (Expert post)- *ना.प.* विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद; विज्ञता वा विशेष किसिमको शिक्षा वा योग्यताप्राप्त व्यक्तिद्वारा मात्र पदपूर्ति गरिने पद। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ज) र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २ को खण्ड (झ) ।]*

विशेषाधिकार (Privileges, prerogative)- *ना.* [सं.] कुनै व्यक्ति, संस्था, सङ्गठन आदिमा निहित विशेष किसिमको अधिकार; खास समय, परिस्थिति वा काममा प्रयोग गरिने अधिकार; असामान्य अधिकार।

विश्राम (Rest)- *ना.* [सं.] काम गर्दाको वा परिश्रमको थकाइ मेट्ने काम; बिसाउने काम।

विश्रामस्थल (Place of rest)- *ना.* [सं.] विश्राम लिने स्थल; थकाइ मार्ने ठाउँ।

विश्लेषण (Analysis)- *ना.* [सं.] छुट्याउने काम; समीक्षा; विचार-विमर्श; विवेचना; व्याख्या।

विश्वविद्यालय (University)- *ना.प.* नेपालमा स्थापित भएका विश्वविद्यालय र त्यस्ता विश्वविद्यालयसँग सम्बद्ध वा तिनका आङ्गिक महाविद्यालय; विभिन्न विषय वा शास्त्रहरूमा

वैश्विक ज्ञानका लागि उच्च कोटिको शिक्षा प्रदान गर्ने, अनुसन्धान गर्ने-गराउने, प्राज्ञिक क्रियाकलाप सञ्चालन गर्नेजस्ता कार्यसम्पादन गर्ने उच्चोत्तर शिक्षण संस्था। *[हे. राष्ट्रिय सेवा दल ऐन, २०२७ को दफा २ को खण्ड (ख) ।]*

विश्वविद्यालय अनुदान आयोग (University Grants Commission)- *नाप.* विश्वविद्यालयको सञ्चालन तथा विकासका लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकमको समुचित वितरण गर्न र विश्वविद्यालयमा शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने कामका लागि स्थापना गरिएको आयोग। *[हे. विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा २ को खण्ड (क) र दफा ३ ।]*

विश्वविद्यालय आधारभूत केन्द्र (University Basic Center)- *नाप.* पाठ्यक्रम विकास, अध्ययन सामग्री उत्पादन तथा प्रसारण, प्राज्ञिक तथा अनुसन्धान, विद्यार्थी सम्पर्क तथा परामर्शलगायतका काम गर्नका विश्वविद्यालयहरूमा हुने केन्द्र। *[हे. नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २ को खण्ड (ख) ।]*

विश्वविद्यालय कार्यकारी परिषद् (University Executive Council)- *नाप.* विश्वविद्यालयको कार्यकारिणी अधिकार प्रयोग गर्ने मुख्य निकाय।

विश्वविद्यालय कोष (University Fund)- *नाप.* विश्वविद्यालय सञ्चालनका लागि स्थापना गरिएको कोष।

विश्वविद्यालय परीक्षा सुधार तथा समन्वय परिषद् (University Examination Reform and Coordination Council)- *नाप.* विश्वविद्यालयद्वारा सञ्चालन हुने परीक्षाको सुधार र समन्वयका लागि विश्वविद्यालयमा केन्द्रीय स्तरको मुख्य निकाय।

विश्वविद्यालय प्राज्ञिक परिषद् (University Academy Council)- *नाप.* विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक अधिकार प्रयोग गर्ने मुख्य अङ्ग।

विश्वविद्यालय विद्या परिषद् (Faculty Board)- *नाप.* विश्वविद्यालयको प्राज्ञिक नीति सम्बन्धमा निर्णय गर्न अधिकारप्राप्त निकाय।

विश्वविद्यालय सभा (University Senate)- *नाप.* विश्वविद्यालयको नीतिनिर्माण गर्ने सर्वोच्च निकाय।

विश्वविद्यालय सम्बन्धन व्यवस्थापन निर्देशनालय (University Affiliation Management Directorate)- *नाप.* विश्वविद्यालयको सम्बन्धन लगायतका कामकारबाही गर्नको लागि विश्वविद्यालय केन्द्रीय कार्यालय अन्तर्गत रहने निर्देशनालय।

विश्वविद्यालय सम्बन्धन समिति (University Affiliation Committee)- *ना.प.* भौगोलिक, प्रादेशिक र क्षेत्रीय आधारमा नयाँ सम्बन्धन वा कार्यक्रम विस्तार गर्ने बारेमा अध्ययन गरी विश्वविद्यालय कार्यकारी परिषद्समक्ष प्रतिवेदन पेस गर्ने निकाय।

विश्वविद्यालय सेवा आयोग (University Service Commission)- विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने निकाय।

विश्वविद्यालय स्रोत-साधन परिषद् (University Resource Council)- *ना.प.* विश्वविद्यालयको भौतिक साधन र आर्थिक स्रोतको सङ्कलन तथा परिचालन गर्ने निकाय।

विश्वविद्यालयको अनुसन्धान केन्द्र (University Research Center)- विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानसम्बन्धी कार्य गर्ने केन्द्र।

विश्वसनीय (Reliable, credible, trustworthy)- *वि.* [सं.] विश्वास गर्न योग्य; भरपर्दो; पत्यारिलो।

विश्वासको मत (Vote of confidence)- *ना.प.* संसदीय व्यवस्था भएका मुलुकमा प्रधान मन्त्रीले आफूप्रति संसदको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न लिइने मत; पत्यार गरेको वा समर्थन रहेको छ भन्ने राय वा मत।

विश्वासघात (Betrayal, treachery) - *ना.* [सं.] दगाबाजी; धोखाधडी; धोकेबाजी।

विश्वासिलो (Trustworthy, reliable, credible)- *वि.*[विश्वास+इलो] विश्वास गर्न योग्य; भरपर्दो; विश्वासी; पत्यारिलो।

विषम परिस्थिति (Adverse circumstance, adverse situation)- *ना.प.* प्रतिकूल परिस्थिति; अप्ठ्यारो अवस्था; असामान्य स्थिति।

विषयगत समिति (Thematic Committee)- *ना.प.* सङ्घ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीच समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माणलगायतका काममा प्रभावकारिता ल्याउन गठन गरिएको समिति। *[हे. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २ को खण्ड (ङ) र दफा २२ को उपदफा (१) ।]*

विषयपति (The then District chief during Lichhavhi era)- *ना.* [सं.] लिच्छविकालमा जिल्लाको ठूलो हाकिमको पद वा दर्जा; लिच्छविकालीन जिल्लाको ठूलो अधिकारी।

विषयविज्ञ (Subject expert or skilled)- *ना.* [सं.] कुनै विषयमा गहिरो ज्ञान भएको व्यक्ति; विभिन्न निकायबाट सञ्चालन हुने परीक्षासम्बन्धी काममा संलग्न हुने सम्बन्धित विषयको ज्ञान वा अनुभव भएको व्यक्ति; दक्ष; विषयविद।

विषादी (Pesticide)- *ना.* [सं.] विषले युक्त पदार्थ; विषसँग सम्बन्धित पदार्थ।

विषादी विसर्जन (Pesticides disposal)- *नाप.* मानव, पुशपक्षी, जलचर, बोटबिरुवाको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी विषादीलाई नष्ट गर्ने काम; विषादीलाई सुरक्षित रूपमा अन्त्य गर्ने काम। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २९।]*

विषालु (Poisonous)- *वि.* [सं.] विषयुक्त; विषभएको।

विसर्जन (Disposal, discharge)- *ना.* [सं.] निष्टारा; परित्याग; टुङ्ग्याउने काम।

विस्तार (Expansion, elaboration, spread)- *ना.* [सं.] फैलावट; व्यापकता; विशालता; विस्तृत।

विस्तृत शान्ति सम्झौता (Comprehensive Peace Accord)- *नाप.* नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिच सम्वत् २०६३ साल मङ्सिर ५ गते सम्पन्न सम्झौता; मुलुकमा शान्ति स्थापना गर्न र हुँदै आएको सशस्त्र द्वन्द्वको अन्त्य गर्ने समाधानको दिशानिर्देश गर्ने राजनीतिक सहमतिको लिखत। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (ठ)।]*

विस्थापन (Displacement)- *ना.* [सं.] निष्कासन; स्थानान्तरण; भइरहेको स्थानबाट हटाउने वा बाहिर पार्ने काम।

विस्थापित (Displaced)- *वि.* [सं.] आफ्नो वासस्थानबाट हट्न वाध्य भएको वा हटाइएको; निष्कासित; निकाला गरिएको; स्थानान्तरित।

विस्थापितको पुनःस्थापना (Rehabilitation of the displaced)- *नाप.* विस्थापितलाई घर फर्काउने, तत्काल बसोबास गरिरहेको स्थान वा अन्य कुनै स्थानमा पुनःस्थापना गर्ने, व्यावसायिक सीप विकास तालिम दिने, कुनै पेसामा संलग्न गराउने कार्य; विस्थापितका परिवार तथा बालबालिकालाई आवश्यक पर्ने शिक्षा प्रदान गर्ने, आर्थिक सहयोग उपलब्ध गराउने वा सामाजिक सेवा प्रदान गर्ने कार्य। *[हे. शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ को नियम ४ को स्पष्टीकरण।]*

विस्फोटक पदार्थ (Explosives)- *नाप.* विष्फोटन भई क्षति आइ.इ.डी, टी.एन.सी. एमाटोल, बारोटोल, पेन्टोलाइट, ऱ्यापिड डिटोर्नेटिभ एक्स्प्लोसिभ (आर.डी. एक्स), टोर फेक्स,

बलिस्टिक एक्स्प्लोसिभ, डाइनामाइट, बारुद, नाइट्रोग्लिसिरिन, जेलेग्नाइट, स्टेमाइट, सेल्साइट, डिटोनेटर, बलिस्टिक क्याप, विद्युतीय बलिस्टिक क्याप, फ्युज, आतिसवाजी, पटाका, गन कटन, गन पाउडर ब्लास्टिक पाउडर, पारो (मर्करी) वा अन्य कुनै धातुको फुल्युनेट, सोही प्रकृतिका विष्फोटन हुने अन्य कुनै पदार्थ; सरकारले तोकेको कुनै विस्फोटक पदार्थ र बम। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा १३८ को उपदफा (१) को स्पष्टीकरण।]*

विस्मय (Surprise, wonder, astonishment, amazement)- *ना.* [सं.] अचम्म; उदेक; आश्चर्य; छक्क।

वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल (B.P. Koirala Memorial Cancer Hospital)- *नाप.* क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरूको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न चितवन जिल्लाको भरतपुरमा स्थापना गरिएको अस्पताल। *[हे. वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा २ को खण्ड (क) र दफा 3।]*

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (B.P. Koirala Institute of Health Science)- स्वास्थ्यक्षेत्रमा क्रमशः आत्मनिर्भरता बढाउन, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्धन गर्न आवश्यक जनशक्ति तयार गर्न सुनसरी जिल्लाको धरानमा स्थापना गरिएको प्रतिष्ठान। *[हे. वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा २ को खण्ड (क) र दफा 3।]*

वीरता पदक (*Virata Padak,* Bravery Medal)- *नाप.* नेपालभित्र आन्तरिक उपद्रव वा अशान्ति भएको बखत वा कुनै दुर्घटना वा विपत्तिमा परेको व्यक्तिलाई ज्यान जोखिममा राखी बचाउने वा बचाउने प्रयत्न गर्दा आफ्नो ज्यान गुमाउने व्यक्ति वा आफ्नो ज्यानसमेत खतरामा पारी शान्ति कायम गर्न असाधारण बहादुरी देखाउने नेपाली सेना तथा प्रहरीमा कार्यरत जवान वा अधिकृत वा अन्य जुनसुकै व्यक्तिलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २७ को उपनियम (१)।]*

वृक्षरोपण/ वृक्षारोपण (Afforestation)- *ना.* [सं.] पाखा पखेरा र गाउँसहरका खाली भागलाई हराभरा बनाउन विभिन्न जातका बोटविरूवा रोप्ने काम; रुखविरुवा रोप्ने काम।

वृत्तान्त (Detailed description)- *ना.* [सं.] बेलिविस्तार; वर्णन; विस्तृत विवरण।

वृत्ति (Livelihood, occupation, subsistence)- *ना.* [सं.] जीवननिर्वाहका लागि गरिने काम वा पेसा; जीवननिर्वाहका लागि दिइने भरणपोषणको साधन।

वेतन (Salary, remuneration)- *ना.* [सं.] पारिश्रमिक; तलब; वृत्ति।

वेत्ता (Expert, specialist)- *ना.* [सं.] विशेषज्ञ; ज्ञाता; जानिफकार।

वेपत्ता भएको व्यक्ति (Disappeared person)- *नाप.* विनासूचना लगातार तीन वर्षदेखि घर छाडी हिँडेको र अत्तोपत्तो थाहा हुन नसकेको व्यक्ति; विदेशमा गई अत्तोपत्तो नभएको र फर्की आउने ठेगान नभएको व्यक्ति। *[हे.मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६७ को उपदफा (१) को स्पष्टीकरण।]*

वेयर हाउस (Warehouse, storehouse)- *नाप.*[अङ्.] कच्चा पदार्थ वा उत्पादित वस्तुहरू बिक्रीको लागि वितरण गर्नु अगाडि भण्डारण गर्न प्रयोग हुने भवन।

वैकल्पिक (Alternative, optional)- *ना.* [सं.] ऐच्छिक; एकभन्दा बढी विकल्प भएको; इच्छाधीन।

वैकल्पिक ड्रयी (Alternative drawee)- *नाप.* ड्रयीले विनिमेयपत्र स्वीकार नगरेमा वा भुक्तानी नदिएमा सम्पर्क राख्नपर्ने भनी विनिमेयपत्रमा उल्लेख गरिएको वा दरपिठ गरिएको व्यक्ति। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ढ)।]*

वैकल्पिक शिक्षा (Alternative education)- *नाप.* कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका, पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसकेका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई प्रदान गरिने त्यस्तो तहसम्मको शिक्षाको विकल्प; नियमित औपचारिक शिक्षाका विकल्पको समान स्तरमानको मान्यता राख्ने शिक्षा। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (१) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम १३ को उपनियम (१)।]*

वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार (Right to get alternative education)- *नाप.* पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना भई पुरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई त्यस्तो तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा 14 को उपदफा (1)।]*

वैकल्य (Disability, impairment)- *ना.* [सं.] अपाङ्गता; अङ्गहीनता; विकलता।

वैकल्या (A woman left unmarried after engagement)- *ना.* [सं.] विवाहको टुङ्गो लागेपछि कुनै कारणले विवाह नभएकी महिला।

वैज्ञानिक (Sceintific, scientist)- *ना./वि.* [सं.] विज्ञानसँग सम्बन्धित; विज्ञानको गहन अध्ययन र ज्ञान भएको व्यक्ति।

वैतनिक (Salaried, paid) - *वि.* [सं.] काम गरेबापत तलब वा वेतन पाउने; तलबी।

वैतनिक कानून व्यवसायी (Salaried law practitioner, paid lawyer, stipendiary lawyer)- *नाप.* आफै आफ्नो कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक, आर्थिक, सामाजिक रूपमा विपन्न वा थुनामा रहेका व्यक्तिलाई कुनै सेवाशुल्क नलिई कानूनी सहायता उपलब्ध गराउन अदालतमा नियुक्त गरिएको कानून व्यवसायी; सरकार वा राज्यको स्रोतबाटै वेतन लिएर पक्षलाई निःशुल्क कानूनी मद्दत गर्ने कानून व्यवसायी। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २ को खण्ड (थ), उच्च अदालत नियमावली, २०७३ को नियम १५७ को उपनियम (१), जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ को उपनियम (१) र विशेष अदालत नियमावली, २०८० को नियम ७१ को उपनियम (१)।]*

वैदेशिक (Foreign)- *वि.* [सं.] विदेशको; विदेशसम्बन्धी।

वैदेशिक ऋण (Foreign debt, foreign credit, foreign loan)- *नाप.* विदेशी सरकार, विदेशी सरकारी बैङ्क वा वित्तीय संस्था वा एजेन्सीसँग विदेशी मुद्रामा लिइएको ऋणबापत तिर्नुपर्ने बाँकी रकमको योग; देशभन्दा बाहिरका साहुबाट लिइएको कर्जा र त्यो कर्जाद्वारा सिर्जित मुलुकको वैदेशिक वित्तीय दायित्व। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २ को खण्ड (ज)।]*

वैदेशिक मुद्रामा रहेको सम्पत्ति (Property held in foreign currency)- *नाप.* नेपाली रुपैयाँबाहेक अन्य कुनै पनि विदेशी मुद्रामा रहेको सम्पत्ति। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कथ)।]*

वैदेशिक रोजगार करार (Foeign employment contract)- *नाप.* वैदेशिक रोजगारदाता संस्था वा निजको प्रतिनिधि र कामदार तथा इजाजतपत्रवाला र कामदार बिच कामदारको सेवा, सर्त तथा पारिश्रमिक र दुवै पक्षले पालन गर्नुपर्ने सर्तको बारेमा भएको करार।

वैदेशिक रोजगार कल्याणकारी कोष (Foreign Employment Welfare Fund)- *नाप.* वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्किआएका कामदार तथा निजका परिवारको

सामाजिक सुरक्षा तथा कल्याणका लागि वैदेशिक रोजगार बोर्ड मातहत रहने गरी स्थापना गरिएको कोष।

वैदेशिक रोजगार न्यायाधिकरण (Foreign employment tribunal)- *नाप.* वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएको बाहेक वैदेशिक रोजगारसम्बन्धी अन्य मुद्दाको सुरु कारबाही र किनारा गर्ने न्यायाधिकरण। *[हे. वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ को उपदफा (१) र वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम २ को खण्ड (ङ)।]*

वैदेशिक रोजगार पुनःश्रम स्वीकृति (Re-employment approval for foreign employment)- *नाप.* कामदार र गन्तव्य मुलुकको रोजगारदाताबिच भएको करार नियमित रूपमा नवीकरण भई सोही रोजगारदातासँग पुनःकाम गर्न जान प्रदान गरिएको श्रम स्वीकृति; सोही गन्तव्य मुलुकको रोजगारदाता परिवर्तन गरी परिवर्तित रोजगारदातासँग काम गर्न जान दिइने श्रम स्वीकृति। *[हे. वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २ को खण्ड (घ३)।]*

वैदेशिक रोजगार बोर्ड (Foreign Employment Board)- *नाप.* वैदेशिक रोजगार व्यवसायलाई प्रवर्धन गर्ने र सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन साथै वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्न आवश्यक कार्य गर्न गठन गरिएको बोर्ड। *[हे. वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ को खण्ड (ट) र दफा ३८।]*

वैदेशिक रोजगार मागपत्र (Foreign employment demand letter)- *नाप.* कामदारको सङ्ख्या, किसिम, योग्यता, कामदारले पाउने पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तहरू उल्लेख गरी वैदेशिक रोजगारदाता संस्थाले इजाजतपत्रवालालाई पठाएको मागपत्र। *[हे. वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २ को खण्ड (ङ)।]*

वैदेशिक रोजगार व्यवसाय (Foreign employment business)- *नाप.* नेपाली कामदारलाई विदेशमा रोजगारी उपलब्ध गराउन सञ्चालन गरेको व्यवसाय। *[हे. वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ को खण्ड (ग)।]*

वैदेशिक रोजगारी (Foreign employment)- *नाप.* कामदारले विदेशमा पाउने रोजगारी; सरकारबाट श्रमस्वीकृति लिई विदेशमा काम गर्न गएको अवस्था। *[हे. वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ को खण्ड (क) र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २२ को उपदफा (४) को खण्ड (घ) को स्पष्टीकरण।]*

वैद्यखाना (Aurveidic dispensary, aurveidic pharmacy)- *ना.*[सं. वैद्य+खाना] आयुर्वेदिक चिकित्सापद्धतिअनुसार औषधी बनाउने वा उपचार गर्ने चिकित्सालय।

वैध (Valid, lawful, righteous)- *ना.* [सं.] कानूनअनुसारको; विधिपूर्वकको; विधानअनुसारको।

वैधता (Validity, legality, legitimacy)- *ना.* [सं.] वैधानिकता; मान्यता; कानूनको आधारमा स्वीकार्य।

वैधानिक (Legitimate, legal)- *वि.* [सं.] विधानअनुसारको; कानूनी; कानूनबमोजिमको।

वैभव (Wealth, opulence, power, prosperous)- *ना.* [सं.] सम्पत्ति; ऐश्वर्य; शक्ति; सामर्थ्य; समृद्ध।

वैमनस्यता (Enmity, hostility, animosity, faction)- *ना.* [सं.] मनोमालिन्य; शत्रुता; वैरभाव; दुस्मनी।

वैयक्तिक (Personal, individual, private)- *वि.* [सं.] व्यक्तिगत; व्यक्तिसँग सम्बन्धित; निजी।

वैयक्तिक विवरण (Personal details)- *नाप.* व्यक्तिको परिचय खुल्ने नाम, थर, ठेगाना, लिङ्ग, जन्म मिति, बाबु, आमा, पति, पत्नी, बाजे, बज्यैको नाम तथा सोसँग सम्बन्धित विवरण; सरकारी कार्यालय वा निकायमा रहेका व्यक्तिका योग्यता, पेसा, व्यवसाय, आय, स्वामित्वसँग सम्बन्धित सूचनाजस्ता व्यक्तिगत विवरण; व्यक्तिगत नालीबेली। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (ण) ।]*

वैयक्तिक सूचना (Personal information)- *नाप.* कुनै पनि व्यक्तिको जात, जाति, जन्म, उत्पत्ति, धर्म, वर्ण वा वैवाहिक स्थिति, शिक्षा वा शैक्षिक उपाधि, ठेगाना, टेलिफोन वा विद्युतीयपत्र (इमेल) को ठेगाना, राहदानी, नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र नम्बर, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र वा सार्वजनिक निकायबाट जारी भएका परिचयपत्रको विवरण; वैयक्तिक सूचना उल्लेख गरी कसैलाई पठाएको वा प्राप्त गरेको पत्र, औँलाको छाप, हस्तरेखा, आँखाको रेटिना, रगतसमूह वा अन्य जैविक माप (वायोमेट्रिक) सूचना; व्यक्तिको आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसुरमा सजाय पाएको वा कसुर भुक्तान गरेको विवरण; कुनै निर्णय प्रक्रियामा पेसागत वा विशेषज्ञ राय दिने व्यक्तिले त्यस्तो प्रक्रियामा के, कस्तो राय वा धारणा व्यक्त गरेको थियो भन्ने विषयसँग सम्बन्धित सूचना। *[हे. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ग) ।]*

वैयक्तीकरण (Personalization)- *ना.* [सं.] व्यक्तिको बनाउने कार्य; निजापनकरण।

वैरी (Enemy, foe)- *ना.* [सं.] शत्रु; वैरभाव राख्ने व्यक्ति।

वैवाहिक (Marital, matrimonial)- *वि.* [सं.] विवाहसम्बन्धी; विवाहको; दाम्पतिक।

व्यक्त भएको वा व्यक्त गरेको कुरा (Already expressed or expressed) - *नाप.* मौखिक वा लिखित रूपमा वा इसाराद्वारा व्यक्त भएको वा गरेको कुरा; पहिला भनिसकेको वा व्यक्त गरिसकेको कुरा; पूर्वाभिव्यक्ति; पहिला भनिएको वा व्यक्त गरिएको सूचना वा सन्देश। *[हे. प्रमाण ऐन, २०३१ को दफा २ को खण्ड (ख) ।]*

व्यक्ति (Person)- *ना.* [सं.] अधिकार उपभोग गर्न पाउने प्राकृतिक वा कानूनी व्यक्ति; फर्म, कम्पनी, प्रतिष्ठान, सङ्घ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको सञ्चालक, प्रोप्राइटर वा मुख्य भई काम गर्ने प्रतिनिधि वा एजेन्ट, निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा; त्यस्तै कारोबार गर्ने स्थान र नाफाको उद्देश्य लिई वा नलिई कर लाग्ने कारोबारमा संलग्न रहेको सरकारी निकाय, धार्मिक सङ्गठन, परोपकारी संस्था; त्यस्तै प्रकृतिका अन्य निकाय र तिनका शाखा वा उपशाखा। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २ को खण्ड (ग), मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २ को खण्ड (ढ), मदिरा ऐन, २०३१ को दफा २ को खण्ड (ग३), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ठ), राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ को खण्ड (ख१), अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (झ) र भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (व) ।]*

व्यक्ति बेपत्ता पार्ने कार्य (Enforced disappearance of a person)- *नाप.* पक्राउ गर्न, अनुसन्धान गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष त्यसरी पक्राउ गरेको वा नियन्त्रणमा लिएको मितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र उपस्थित नगराई वा सरोकारवालालाई भेटघाट गर्न नदिई निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने काम; कुनै व्यक्ति, सङ्गठन वा सङ्गठित वा असङ्गठित समूहको नामबाट कुनै व्यक्तिलाई अपहरण गरी, कब्जा वा नियन्त्रणमा लिई वा अन्य कुनै किसिमले निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरेकोमा त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सरोकारवालालाई जानकारी नदिने काम; राज्यको अधिकार, समर्थन वा सहमतिद्वारा कुनै व्यक्तिलाई गिरफ्तार गर्ने, नजरबन्द गर्ने, अपहरण गर्ने वा अन्य कुनै रूपमा स्वतन्त्रताबाट वञ्चित गर्ने र त्यसपछि निजको लेखा वा अत्तोपत्तोको जनाउ दिन इन्कारी गरी निजलाई

कानूनी संरक्षणबाहिर राख्ने काम। *[हे. मुलुकी अपराध संहिता,२०७२ को दफा २०६ को उपदफा (२) ।]*

व्यक्तिगत इजाजतपत्र (Personal licence)- *ना.प.* कुनै काम गर्नको लागि व्यक्तिगत रूपमा लिइएको अनुमतिपत्र वा स्वीकृतिपत्र।

व्यक्तिगत घटना (Personal events)- *ना.प.* व्यक्तिका जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद वा मृत्युजस्ता महत्त्वपूर्ण घटना; व्यक्तिका कानूनी रूपले अभिलेख हुने प्रकृतिका मूलभूत घटना। *[हे. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (त) ।]*

व्यभिचार (Adultery, infidelity)- *ना.* [सं.] दुराचार; अनाचार; अवैध किसिमको यौनसम्बन्ध।

व्यय (Expenditure, expense)- *ना.* [सं.] खर्च; घट्ने काम; नाश।

व्ययभार (Expenditure burden)- *ना.* [सं.] खर्चको भार; कुनै काममा लाग्ने खर्चको भार।

व्यवसाय (Occupation, profession, business)- *ना.* [सं.] कुनै प्रकारको उद्योग, व्यापार, पेसा, वृत्ति वा यस्तै अन्य प्रकृतिका कारोबार; पेसा, व्यापार वा सेवामूलक उद्यम। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कज) र साझेदारी ऐन, २०२० को दफा २ को खण्ड (क) ।]*

व्यवसायी (Businessman, enterpreneur)- *ना.* [सं.] व्यवसायमा लागेको व्यक्ति।

व्यवस्थापक (Manager, organiser)- *ना.* [सं.] कुनै निकायको व्यवस्थापकीय निर्णयहरू गर्ने काममा संलग्न हुने व्यक्ति; कुनै ट्रस्ट्को ट्रस्ट्री र विदेशी स्थायी संस्थापनमा स्वामित्व भएको व्यक्ति; कुनै काम वा गतिविधिको व्यवस्था मिलाउने वा चाँजोपाँजो गर्ने व्यक्ति; प्रबन्धक; पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न जिम्मा लिइएको व्यक्ति; कुनै कार्यस्थलको प्रशासनिक वा व्यावसायिक काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति; यस्तो निर्णय गर्न प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी वा त्यस्तो कार्यस्थलको अन्यत्र शाखा तथा एकाइ रहेको भए त्यस्तो शाखा वा एकाइको प्रमुख; प्रबन्धाधिकारी; कार्यकारी सञ्चालक। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कछ), सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (त्र) र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २ को खण्ड (ङ) ।]*

व्यवस्थापक तह (Admin level)- *ना.प.* कुनै सङ्गठित संस्थाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रियामा संलग्न हुने व्यवस्थापक वा प्रबन्धको तह; अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी कुनै सङ्गठित संस्था वा सोको कुनै शाखा वा एकाइको

प्रमुखको पदमा नियुक्त व्यक्ति; व्यवस्थापक वा प्रबन्धकका पद धारण गरेको व्यक्ति; व्यवस्थपकीय अधिकृत द्वितीय श्रेणी वा सोभन्दा माथिल्लो तह। *[हे. बीमा ऐन, २०७९ को दफा २ को खण्ड (क्ष) ।]*

व्यवस्थापन (Management, arrangement)- *ना.* [सं.] प्रबन्ध; बन्दोबस्त; व्यवस्था मिलाउने वा चाँजोपाँजो गर्ने काम।

व्यवस्थापन परीक्षण (Management audit)- *ना.प.* कुनै निकाय, कम्पनी वा सङ्घ संस्थाले बाध्यात्मक रूपमा पालना गर्नुपर्ने प्रशासनिक वा व्यवस्थापनसम्बन्धी नियम वा कार्यविधिको पालना गरे नगरेको विषयमा गरिने परीक्षण; लोकसेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक सामान्य प्रशासन मन्त्रालयले सरकारका विभिन्न निकायहरूमा कार्यरत निजामती कर्मचारीले कानून, नियम र कार्यविधि पालन गरे नगरेको बारेमा गर्ने सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन कार्य। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा ७२क. ।]*

व्यवस्थापन समिति (Management board)- *ना.प.* कुनै कामको व्यवस्थापन गर्ने समिति वा निकाय।

व्यवस्थापिका (Legislature, parliament)- *ना.* [सं.] विधायिका; संसद्।

व्याख्या (Interpretation, explanation, elucidation)- *ना.* [सं.] कुनै शब्द, वाक्य आदिलाई थप स्पष्ट पार्ने काम; स्पष्टीकरण; व्याख्यान।

व्याख्यात्मक घोषणा (Interpretative declaration)- *ना.प.* कुनै विषयको व्याख्यासहितको घोषणा; कुनै पक्षले बहुपक्षीय सन्धिको कुनै प्रावधानको व्याख्या आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणा।

व्याख्यात्मक टिप्पणी (Legislative commentary, travaux preparatoires)- *ना.प.* कुनै कानून वा सन्धि निर्माण गर्दा कानून वा सन्धिको हरेक व्यवस्थाका उद्देश्य र कारण खुलाई गरिएको टिप्पणी।

व्याज (Deception, fraud)- *ना.* [सं.] धोका; छल; कपट; झुक्याउने काम; ब्याज; साउँको सामयिक प्रतिफलन वा मूल्यवृद्धि।

व्यापक (Broad, extensive, wide-spread)- *वि.* [सं.] विस्तृत; फिँजिएको; फराकिलो।

व्यापक सार्वजनिक उपयोग (Extensive public use)- *ना.प.* भैरहेको उपयोगबाट लाभान्वित भएका जनसङ्ख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसङ्ख्यालाई लाभ

हुने उपयोग; धेरै सर्वसाधारणले उपयोगिता लिन सक्ने किसिमको विस्तृत प्रयोग वा लाभ। *[हे. जलस्रोत ऐन, २०४९ को दफा १० को स्पष्टीकरण।]*

व्यापार (Business, trade)- *ना.* [सं.] मालसामान आदिको किनबेच वा खरिदबिक्री; कारोबार; क्रियाकलाप।

व्यापारिक (Mercantile, commercial)- *वि.* [सं.] व्यापारसम्बन्धी; व्यापारको।

व्यापारिक उत्पादन दिन (Commercial operation date)- *नाप.* कुनै वस्तुको व्यापारिक उत्पादन सुरु गरेको दिन।

व्यापारिक नाप वा तौल (Commercial measure or weight)- *नाप.* वाणिज्य तथा व्यापारको कारोबारमा व्यवहार गरिने स्टान्डर्ड नाप र तौल। *[हे. स्टान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (घ) ।]*

व्यापारिक पानी जहाज (Merchant ship)- *नाप.* समुद्रबाट मानिस वा मालसामान ढुवानी गर्ने वा माछा मार्ने, तान्ने वा समुद्रमा अरू कुनै प्रकारको नौपरिवहन कार्य सञ्चालन गर्ने काममा प्रयोग गरिएको वा गरिने दस ग्रस रजिस्टर टन वा सोभन्दा बढी पारवहन क्षमता भएको समुद्रयात्रा गर्ने पानी जहाज; व्यापारिक जलयान। *[हे.पानी जहाज दर्ता ऐन, २०२७ को दफा २ को खण्ड (ख) ।]*

व्यापारिक मौज्दात (Stock-in-trade)- *नाप.* कुनै व्यक्तिको स्वामित्वमा रहेको निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिएको वा गरिने सम्पत्तिको मौज्दात; कार्य प्रगतिमा रहेको सम्पत्ति र सम्पत्तिमा समाविष्ट हुने सामग्रीहरूको मौज्दात। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कज) ।]*

व्यावसायिक (Vocational, professional, occupational)- *वि.* [सं.] व्यवसाय, पेसा वा व्यापारसँग सम्बन्धित; पेसागत; व्यवसायको।

व्यावसायिक क्षेत्र (Business area)- *नाप.* बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्रघर, स्वास्थ्य, सञ्चार, मनोरञ्जनसम्बन्धी सेवा, वस्तुको खरिदबिक्री हुने स्थान; साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था; व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा; व्यावसायिक प्रयोजनको लागि छुट्याइएका जग्गा; पर्यटन व्यवसायले चर्चेको जग्गा; कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी तोकिएको क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (ण) ।]*

व्यावसायिक प्रतिष्ठान (Business Establishment, Business Enterprise)- *नाप.* उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ मल, बहुउद्देश्यीय व्यापारिक भवन, संयुक्त आवासीय भवन, होटेल, रिसोर्ट, पार्टी प्यालेस, पेट्रोल पम्पलगायतका उद्योग व्यवसाय गर्ने प्रतिष्ठान वा संस्था। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (द) र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम २ को खण्ड (ख) ।]*

व्यावसायिक भिसा (Business visa)- *नाप.* नेपालभित्र व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने इजाजतप्राप्त विदेशीहरू वा त्यस्ता व्यापारिक वा औद्योगिक संस्थाको अधिकृत प्रतिनिधि, नेपालबाट निकासी व्यापार गर्न लगानी गर्ने इजाजतप्राप्त विदेशीहरू र तेस्रो मुलुकबाट नेपालमा आई नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीहरू र तिनका परिवारका सदस्यहरूलाई सम्बन्धित निकायको सिफारिसमा दिइने भिसा। *[हे. अध्यागमन नियमावली, २०५१ को नियम ९ को उपनियम (१) ।]*

व्यावसायिक सम्पत्ति (Occupational asset)- *नाप.* व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिबाहेक कुनै व्यवसायमा प्रयोग गरिएको अन्य सम्पत्ति। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कट) ।]*

व्यावहारिक (Practical, applied, behavioural)- *वि.* [सं.] व्यवहारसम्बन्धी; प्रयोगात्मक।

श

शक्ति (Force, power)- *ना.* [सं.] बल; तागत; ऊर्जा; सामर्थ्य; बुता; अधिकार।

शक्तिपूजक (Sycophancy, power worshiper)- *ना.* [सं. शक्ति+पूजक] शक्तिको पछि लाग्ने; चाकरीबाज; शक्तिको उपासक।

शक्तिपृथक्करण (Separation of power)- *ना.*[सं. पृथक्+करण] राज्यशक्तिलाई सरकारका प्रमुख तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभाजन गरी स्वतन्त्र रूपमा प्रयोग गर्ने सिद्धान्त; न्यायोचित कानूनको विधायन, कार्यान्वयन र निरूपणको काम सरकारका अलगअलग अङ्गबाट सम्पादन गरिनुपर्ने शासनसम्बन्धी सैद्धान्तिक मान्यता।

शक्तिशाली (Powerful, mighty, omnipotent)- *वि.* [सं.] सामर्थ्य भएको; प्रभावशाली; बलियो।

शक्तिसन्तुलन (Balance of power)- *ना.* [सं. शक्ति+सन्तुलन] शक्तिको सन्तुलन; शक्तिलाई नियन्त्रित वा नियमित राख्ने काम; शक्ति भएका विभिन्न व्यक्ति, समूह वा संस्थाबिच आपसमा शक्ति वा अधिकारको तालमेल, बाँडफाँड वा समन्वय।

शक्तिहीन (Powerless, helpless)- *वि.* [सं.] निर्बल सामर्थ्यरहित; शक्ति नभएको; सामर्थ्य हराएको; अशक्त।

शङ्का (Doubt, suspicion)- *ना.* [सं.] आशङ्का; सन्देह।

शङ्काको सुविधा (Benefit of doubt)- *ना.प.* फौजदारी अभियोगमा अभियोग लगाइएकै व्यक्तिले कसुर गरेको हो भन्ने कुरा वादीले प्रमाणित गर्नुपर्दछ र कसुर गरेनगरेका बारेमा सानो सन्देह बाँकी रहेयो भने पनि आरोपित व्यक्तिले छुट पाउँछ भन्ने सिद्धान्त; कसुर गरेको दर्साउने अत्यावश्यक र पर्याप्त प्रमाण नभए वा कम भए अभियुक्तलाई निर्दोष मान्ने मान्यता वा सिद्धान्त; शङ्काको भरमा अभियुक्त बनाई कसैउपर मुद्दा वा कारबाही चलाइएकोमा अभियुक्तको निर्दोषितातर्फ ध्यानाकर्षण गराउने सिद्धान्त वा धारणा।

शङ्कास्पद (Suspicious, doubtful)- *वि.* [सं.] शङ्का गर्न सकिने; सन्देहास्पद; शङ्का गर्नुपर्ने स्थितिको।

शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदन (Suspicious Transaction Report)- *ना.प.* सूचक संस्थाले ग्राहक, कारोबार वा सम्पत्तिको सम्बन्धमा वित्तीय जानकारी एकाइसमक्ष दिइने प्रतिवेदन। *[हे.*

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ख) र दफा ७ध. को उपदफा (१) ।]

शङ्कित (Suspected, doubted)- *वि.* [सं.] शङ्का गरिएको; सन्देह भएको।

शत (Hundred)- *ना.* [सं.] सय।

शतक (Century)- *ना.* [सं.] सय सङ्ख्याको; सय वर्षको; शताब्दी; सदी।

शतप्रतिशत (Cent percent)- *वि.* [सं.] सयमा सय; सम्पूर्ण; सबै अंश।

शतवार्षिक (Centenary)- *ना.* [सं.] सय वर्षमा हुने, गरिने वा सकिने; सय वर्ष पूरा भएको।

शतशः (Hundredth)- *क्रिवि.* [सं.] सयौँ पटक; सयकडौँ; सयौँ।

शतांश (One-hundredth)- *ना.* [सं.] एक भागको सय खण्डको एक खण्ड; सयको एक भाग।

शताब्दी (Century, a hundred years)- *ना.* [सं.] सय वर्षको समय वा अवधि; शतक; सदी।

शतायु (Centenarian, the age of hundred years)- *वि.* [सं.] सय वर्षको आयु भएको; धेरै वर्ष बाँच्ने।

शतावधान (Versatile, dynamic)- *वि.* [सं.] सयौं वा धेरै कामकुरा एकैपटक वा छिटो-छिटो सोच्न, सुन्न सक्ने शक्ति; शतावधानी।

शत्रु (Enemy, foe)- *ना.* [सं.] वैरी; विरोधी; दुस्मन; जुनसुकै व्यक्तिले कारबाही गर्नुपर्ने सशस्त्र सैनिक विद्रोही, सशस्त्र देशद्रोही, सशस्त्र उपद्रवी, सशस्त्र डाँकु तथा अन्य जुनसुकै सशस्त्र व्यक्ति; वैमनस्य भएको व्यक्ति वा पक्ष; दुश्मन; अमित्र।*[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (त) ।]*

शत्रुजीव (Pest)- *ना.* [सं.] बिरुवा वा बिरुवाजन्य उपजलाई हानि पुऱ्याउने बिरुवा; प्राणीका लागि रोगका कारक वा स्वास्थ्यमा प्रतिकूलता सिर्जना गर्ने सूक्ष्मजीवलगायतका जीव; प्रतिकूलता सिर्जना गर्ने सूक्ष्मजीवका जाति वा प्रजाति, नश्ल तथा बायोटाइप।*[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा २ को खण्ड (घ) ।]*

शत्रुजीव क्षेत्र (Pest area, pest site)- *नाप.* कुनै क्षेत्रमा स्थायित्व कायम गर्ने गरी शत्रुजीवको प्रवेश रहेको क्षेत्र; शत्रुजीवबाट सङ्क्रमित क्षेत्र।*[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा २ को खण्ड (ङ) ।]*

शत्रुजीव जोखिम विश्लेषण (Pest risk analysis)- *ना.प.* बिरुवा वा बिरुवाजन्य उपज पैठारी प्रयोजनका लागि नियमित शत्रुजीव निर्धारण गरिने प्रक्रिया। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (फ)।]*

शत्रुजीवमुक्त उत्पादनस्थल (Pest free production site)- *ना.प.* कुनै विशेष प्रकारको शत्रुजीव नभएको भनी वैज्ञानिक आधारमा प्रमाणित भएको र निश्चित अवधिसम्म त्यस्तो अवस्था आधिकारिक रूपमा कायम राखिएको स्थल। *[हे. बिरुवा संरक्षण नियमावली, २०६६ को नियम २ को खण्ड (ज)।]*

शत्रुजीवमुक्त क्षेत्र (Pest free site)- *ना.प.* कुनै विशेष प्रकारको शत्रुजीव नभएको भनी वैज्ञानिक आधारमा प्रमाणित भएको र त्यस्तो अवस्था आधिकारिक रूपमा कायम राखिएको क्षेत्र। *[हे. बिरुवा संरक्षण नियमावली, २०६६ को नियम २ को खण्ड (झ)।]*

शनैः (Slowly, gradually, steady)- *क्रिवि.* [सं.] सुस्तसँग; बिस्तारै; क्रमशः।

शपथ (Oath, vow, swear)- *ना.* [सं.] प्रतिज्ञा वा घोषणा गर्न पाउने वा गर्नुपर्ने व्यक्तिले गरेको प्रतिज्ञा वा घोषणा; पदभार ग्रहण गर्दा गरिने प्रतिज्ञा; कबोल; प्रण; किरिया खाने काम; कसम खाने काम। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (त)।]*

शपथग्रहण (Administration of oath, oath taking)- *ना.* [सं. शपथ+ग्रहण] प्रतिज्ञा वा घोषणा गर्न पाउने वा गर्नुपर्ने व्यक्तिले प्रतिज्ञा वा घोषणा गर्ने काम; पदभार ग्रहण गर्दा प्रतिज्ञा गर्ने काम; प्रण वा कबोल गर्ने काम; किरियाखुवाइ; कसमखुवाइ।

शब्दकोश (Dictionary, glossary, lexicon)- *ना.* [सं.] कुनै भाषा वा ज्ञानका कुनै निश्चित विधाका शब्दहरू सङ्कलन गरी व्याकरणात्मक कोटी आदि खुलाएर उही वा अन्य भाषामा व्युत्पति, अर्थ, पर्याय, परिभाषा, प्रयोग आदि वर्णानुक्रम मिलाएर राखी लेखिएको ग्रन्थ; शब्दहरूको अर्थ दिइएको अर्थकोश; शब्दार्थ-कोश।

शब्दजाल (Jargon, verbosity)- *ना.* [सं.] शब्द आडम्बर; शब्दहरूको जाल; छल वा झुटो कुरा गर्ने गरी व्यक्त गरिएको अभिव्यक्ति।

शब्दार्थ (Word meaning)- *ना.* [सं.] शब्दको अर्थ।

शब्दावली (Glossary, lexicon)- *ना.* [सं.] शब्दहरूको सूची; विशेष, प्राविधिक, पारिभाषिक वा प्रयोजनपरक शब्दहरूको शृङ्खला।

शम (Self-retrain)- *ना.* [सं.] अन्तःकरणको शान्ति वा संयम।

शमता (Tranquil, calmness)- *ना.* [सं.] संयमता; इन्द्रियको नियन्त्रण

शमन (Control, restrain)- *ना.* [सं.] बाधा, उपद्रव, विकार आदिको दमन गर्ने काम।

शय्या (Bed) - *ना.* [सं.] बिस्तरा; बिछ्यौना; ओछ्यान; खाट; पलङ।

शरण (Shelter, asylum)- *ना.* [सं.] आश्रय; सहारा; आफ्नो बचाउ वा भलाइका लागि कसैको आडभरोसा खोज्ने काम।

शरणगृह (Sanctuary, bunker)- *ना.* [सं.] तहखाना; आक्रमणबाट बच्न बनाइएको जमिनमुनिको घर।

शरणार्थी (Refugee)- *ना/वि.* [सं.] शरण माग्ने; आश्रय खोज्ने; शरणागत; एक देशबाट विस्थापित भएर अर्को देशमा आश्रय लिने व्यक्ति।

शरीरबन्धक (Hostage-taking)- *ना.* [सं. शरीर+बन्धक] कसैको शरीरलाई बन्धक बनाउने काम; कसैलाई निजको मन्जुरीविना बल प्रयोग गरी वा सोको धम्की दिई, डर, त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नसालु वा मादक पदार्थ सेवन गराई, यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राख्ने कार्य। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २१२ को उपदफा (१) ।]*

शव (Corpse)- *ना.* [सं.] मृतशरीर; लास; मुर्दा।

शवगृह (Mortuary)- *ना.* [सं.] लासको जाँच गर्नुपर्ने भएमा वा मृत्युपछि लासलाई सड्न नदिन चिस्यानमा राख्ने स्थान वा घर; लासघर।

शवदाह (Cremation)- *ना.* [सं.] लास वा मुर्दा जलाउने काम; शवक्रिया; अन्त्यष्टि।

शवपरीक्षण (Autopsy)- *ना.* [सं. शव+परीक्षण] लासजाँच; कालगतिले भएको मृत्युबाहेक कर्तव्य, स्वघात आदि मृत्युको कारण पत्ता लगाउन लास जाँच्ने काम; चिकित्सकद्वारा गरिने लास जाँच।

शववाहन (Hearse van) - *ना.* [सं.] शव (लास) बोक्ने सवारी साधन।

शस्त्र (Weapon, arms)- *ना.* [सं.] हतियार।

शस्त्रास्त्र (Arms and ammunition)- *ना.* [सं.] शस्त्र र अस्त्र; हातहतियार; शस्त्रअस्त्र।

शस्त्रीकरण (Armament)- *ना.* [सं.] कुनै राष्ट्र वा राष्ट्रका गुटहरूले सम्पूर्ण शक्ति शस्त्रास्त्रमा निर्भर गराउने काम; अस्त्रीकरण; विभिन्न किसिमका शस्त्रअस्त्र बनाउने वा विस्तार गर्ने काम। *तुल:* निरस्त्रीकरण।

शाकाहार (Vegetarian, herbivore)- *ना.* [सं.] सागपात, फलफूल, अन्न आदि मात्र खाने काम; वनस्पतिजन्य उपज मात्र भक्षण गर्ने काम। *तुल.* मांसहार।

शाकाहारी (Vegetarian, herbivorous)- *वि.* [सं.] सागपात, फलफूल, अन्न आदि मात्र खाने; वानस्पतिक उपजभक्षी।

शाके[A year system introduced by the then King Shalibahan; a year system started after 135 years of *Bikram Sambat* (B.S.)]- *ना./वि.* [सं.] शक संवत्; शकसम्बन्धी; शालिवाहन राजाले चलाएको संवत्; विक्रम संवत्भन्दा १३५ वर्षभन्दा पछि सुरु भएको संवत्।

शाखा अधिकृत (Section Officer)- *ना.* [सं.] उप-सचिवभन्दा एक तहमुनिको पद; नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणीको पद; शाखाको अधिकृत।

शाखा कार्यालय (Branch office)- *ना.* [सं.] बैङ्क वा वित्तीय संस्था, सङ्घसङ्गठन, निकाय आदिका काम गर्ने विभिन्न साना एकाइ कार्यालय; शाखा, उपशाखा, प्रशाखा, इलाका, प्रतिनिधि वा सम्पर्क कार्यालय; विदेशी बैङ्क वा वित्तीय संस्था, सङ्घसङ्गठन, निकायका स्वदेशमा रहेका एकाइ कार्यालय वा शाखा वा प्रतिनिधि वा सम्पर्क वा अन्य जुनसुकै कार्यालय; मन्त्रालय, विभाग वा निर्देशनालयभन्दा साना कार्यालय।*[हे. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (कढ)।]*

शान्ति (Peace, calm, tranquillity)- *ना.* [सं.] मनको स्वस्थ अवस्था; चैन; आराम; विद्रोह, विरोध, युद्ध आदि नभएको अवस्था; सुरक्षा, अहिंसा र सद्भावको सामाञ्जस्य रहेको सामाजिक वा सामुदायिक परिवेश; अहिंसा, न्याय, सहअस्तित्व र सुरक्षाको साझा अनुभूति हुने स्थिति।

शान्ति पदक *(Shaanti Padak,* Peace Medal*)*- *नाप.* [सं.] संयुक्त राष्ट्रसङ्घको आह्वानमा विदेशमा गई शान्ति कायम गर्ने कार्यमा योगदान पुऱ्याउने वा मुलुकभित्र नै शान्ति कायम गर्न उदाहरणीय कार्य गर्ने निजामती कर्मचारी, नेपाली सेना तथा प्रहरीका जवान वा अधिकृतलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार।*[हे. विभूषण नियमावली, २०६५ को नियम ३१ को उपनियम (१)।]*

शान्ति सुव्यवस्था (Law and order)- *नाप.* शान्ति र व्यवस्था; शान्तिपूर्ण व्यवस्था।

शान्तिसन्धि (Peace treaty, peace pact)- *ना.* [सं.] युद्धरत देशहरूले पारस्परिक शान्ति र मित्रता कायम गर्नका लागि गर्ने सम्झौता।

शारीरिक अङ्गहरूको बनोट र कार्य (Composition and functions of organs of the body)- *नाप.* [सं.] शरीर सञ्चालनसम्बन्धी, दृष्टिसम्बन्धी, स्वर र सुनाइसम्बन्धी, मानसिक, मांसपेशी र स्नायुसम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्य। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

शारीरिक अपाङ्गता भएको व्यक्ति (Person with physical disability)- *नाप.* स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवम् सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफिट पैंताला फर्केको, रिकेट्स हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेरबमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

शारीरिक दण्ड (Corporeal/physical punishment)- *नाप.* शरीरले भोग्नुपर्ने दण्डसजाय; शरीरमा बाँदछाँद गर्ने, नेलहत्कडी लगाउने, कुटपिट गर्ने वा अन्य कुनै हिसाबले शारीरिक पीडा गराउन दिइने वा भोगाइने दण्ड; जिउमा कष्ट अनुभव गराउने व्यवहार वा सजाय।

शारीरिक यातना (Physical torture)- *नाप.* कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य। *[हे. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (ग) ।]*

शारीरिक रूपमा अशक्त (Physically incapacitated)- *नाप.* सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक रूपमा अशक्त भई सेवाको लागि असमर्थ भनी प्रमाणित गरेको व्यक्ति; शारीरिक रूपमा काम गर्न असमर्थ व्यक्ति।

शारीरिक रूपमा असमर्थ (Physically incompetent)- *नाप.* हिँडडुल गर्न नसक्ने, दृष्टिविहीन, वृद्ध अवस्थाजस्ता शारीरिक रूपमा असमर्थ व्यक्ति। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ को उपदफा (३) को स्पष्टीकरण।]*

शासक (Ruler, governor)- *ना.* [सं.] सरकारमा बसेर शासन चलाउने व्यक्ति; शासन गर्ने व्यक्ति।

शासकीय प्रबन्ध (Ruling system, governing system)- *नाप.* मुलुकको शासन व्यवस्था सञ्चालन गर्नेसम्बन्धी व्यवस्था।

शासन (Reign, governance)- *ना.* [सं.] देशको प्रबन्ध तथा राज्य सञ्चालनसम्बन्धी काम; सरकारले नागरिकमाथि जमाउने हैकम; अनुशासन वा मर्यादा पालन गराउने काम।

शासनकर्ता (Ruler)- *ना.* [सं.] शासक; शासन गर्ने।

शासनपत्र (Royal edict, proclamation)- राजाको आज्ञा लेखिएको ताम्रपत्र, शिलापत्र; राज्यदेशपत्र; राजाज्ञापत्र।

शासनपद्धति (Governance system, ruling system)- *ना.* [सं.] शासन गर्ने विधि वा तरिका; शासनप्रणाली; शासनतन्त्र।

शासनव्यवस्था (Governance system, polity, regime)- *ना.* [सं.] शासनसम्बन्धी प्रबन्ध; राज्य चलाउने बन्दोबस्त; राज्य सञ्चालन गर्ने तरिका।

शासनादेश (Mandate, ruling order)- *ना.* [सं.] शासन गर्ने आदेश; आज्ञापत्र; अधिकारपत्र।

शासनाधिकार (Ruling authority)- *ना.* [सं.] राज्य चलाउने वा शासन गर्ने अधिकार।

शासनाधिकारी (Person with ruling authority)- *ना.* [सं.] शासन गर्ने अधिकार पाएको व्यक्ति वा अधिकारी।

शासनारुढ (Ruling, in power, one who holds the state/governance power)- *ना.* [सं.] सत्तारुढ; सत्तासीन; शासनमा पुगेको वा शासनको पदमा रहेको।

शासनिक विपर्यय (A coup, *coup d' etat*)- *नाप.*[सं.] शासन व्यवस्थामा बलपूर्वक गरिएको सत्ता परिवर्तन; बलात् सत्ताहरण।

शासित (Ruled, governed)- *वि.* [सं.] शासन गरिएको; नियन्त्रणमा राखिएको।

शिक्षक (Teacher, instructor, tutor, trainer, faculty)- *ना.* [सं.] गुरु; अध्यापक; शिक्षण संस्थामा नियमित शिक्षा प्रदान गर्ने व्यक्ति; विद्यालयको अध्यापक वा प्रधानाध्यापक; विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक वा विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड*

(च), नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा २ को खण्ड (झ) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ण) ।]

शिक्षक छनोट समिति (Teachers' Selection Committee)- *ना.प.* सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न, समुदायद्वारा सञ्चालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्ति भएका शिक्षकको वढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा गठन गरिएको समिति। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (छ३) ।]*

शिक्षक सेवा आयोग (Teacher Service Commission)- *ना.प.* सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न गठन गरिएको आयोग। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (च१) र दफा 11ख. ।]*

शिक्षण पद्धति (Pedagogy, teaching method)- *ना.* [सं.] शिक्षण सिकाइ क्रियाकलाप गर्न अवलम्बन गरिने विधि वा तरिका।

शिक्षण शुल्क (Tuition fee, educational fee)- *ना.* [सं.] शिक्षण संस्थाले शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क वा अन्य शुल्क।

शिक्षण संस्था (Teaching institute, educational institute)- *ना.* [सं.] विद्यालय वा उच्च शिक्षा प्रदायक संस्था वा अनौपचारिक, वैकल्पिक वा खुला शिक्षा प्रदान गर्ने संस्था। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (त) ।]*

शिक्षा ज्योति पदक *(Shikshya Jyoti Padak)- ना.प.* नेपालभित्र वा अन्तरराष्ट्रिय क्षेत्रमा शिक्षा, वातावरण संरक्षण वा सूचना प्रविधिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने जुनसुकै नेपाली तथा विदेशी नागरिकलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २४ को उपनियम (१) ।]*

शिक्षा विकास कोष (Education Development Fund)- *ना.प.* सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि स्थापना गरिएको कोष। *[हे. शिक्षा ऐन, २०२८ को दफा १२ख. को उपदफा (१) ।]*

शिक्षाध्यक्ष (Rector)- *ना.* [सं.] विश्वविद्यालयमा शैक्षिक मामिलाको दायित्व वहन गर्ने तथा पाठ्यक्रम, अनुसन्धान, विद्यार्थी कल्याण र संयोजन गर्ने उच्च पद; विश्वविद्यालयमा उपकुलपतिभन्दा एक तहमुनिको पद।

शिक्षापद्धति (Education method)- *ना.* [सं.] शिक्षा दिने ढाँचा, प्रारूप वा प्रक्रिया; शिक्षाको तौरतरिका वा काइदा।

शिक्षालय (School)- *ना.* [सं.] शिक्षा प्राप्त गर्ने ठाउँ; शिक्षा दिने वा पढाउने संस्था; विद्यालय।

शिरबेहोरा (Beginning of a deed, first writing of a deed)- *ना.*[शिर+बेहोरा] तमसुक आदिको सुरुको भागमा लेखिने वाक्य वा पदावली; लिखतको सुरुको बेहोरा।

शिरोधार्य (Accept with great pleasure)- *ना.* [सं.] खुशीसाथ स्वीकार्य; पालना गर्न योग्य; शिरोपर।

शिरोवर्ती (Outstanding, honourable, respectable)- *ना.* [सं.] सर्वश्रेष्ठ; सर्वोत्तम; आदर र सम्मान गर्नुपर्ने।

शिलान्यास (Foundation of stone for any construction)- *ना.* [सं.] निर्माण कार्यको थालनी; कुनै पनि निर्माण गर्दा जगमा ढुङ्गो राख्ने काम; जग राख्ने काम।

शिलालेख (Petrograph, epigraph, inscription on stone)- *ना.* [सं.] अक्षर कुँदेर कुनै कुरा लेखिएको शिला वा ढुङ्गा; ढुङ्गामा लेखिएको ऐतिहासिक सामग्री वा अभिलेख; शिलापत्र।

शिलास्तम्भ (Stone pillar)- *ना.* [सं.] ढुङ्गामा अक्षर कुँदेर बनाइएको खम्बा।

शिव पुरुषनामा (Bond of sale or transaction)- *ना.प.* करियाको किनबेचमा गरिने फार्स्यापत्र; आफ्नो हकको अचल सम्पत्ति बिक्री गर्दा लेखेर दिइने कागज।

शिविर (Encampment, temporary barrack)- *ना.* [सं.] अस्थायी रूपमा पाल टाँगी बस्ने ठाउँ; अस्थायी छाउनी, किल्ला वा दुर्ग।

शिशु विकास केन्द्र (Early Childhood Development Center, Child Development Center)- *ना.प.* चार वर्ष पुरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनको लागि खोलिएको केन्द्र। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (ढ) र नियम 67 ।]*

शिष्टमण्डल (Delegation, deputation)- *ना.* [सं.] कुनै सभा, सन्धि, वार्ता आदिमा भाग लिनका लागि पठाइएको अधिकृत प्रतिनिधिहरूको समूह; विशिष्ट व्यक्तिहरूको समूह; प्रतिनिधिमण्डल।

शिष्टसभा (Courtesy call, a polite assembly)- *ना.* [सं.] विद्वत्सभा; बुद्धिजीवीहरूको बैठक; प्रज्ञासभा।

शिष्टाचार (Courtesy, etiquette, decorum)- *ना.* [सं.] आतिथ्य; सत्कार; मर्यादित व्यवहार; सदाचार।

शिष्टाचार महापाल (Chief of protocol)- *नाप.* परराष्ट्र मामिलाअन्तर्गत मित्रराष्ट्रका राजदूत वा प्रतिनिधिहरूको स्वागतका लागि खटिने विशिष्ट अधिकृत।

शीघ्र (Prompt, rapid)- *वि./क्रिवि.* [सं.] तुरुन्त; चाँडो; झट्ट; अविलम्ब।

शीघ्र न्याय (Speedy justice)- *नाप.* छिटोछरितो न्याय दिने कार्य; द्रूत रूपमा न्यायसम्पादन गर्ने कार्य।

शीत भण्डार (Cold storage)- *नाप.* खाद्य पदार्थ, वनस्पतिजन्य पदार्थ, पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामग्रीहरू समेतको गुणस्तर बिग्रन नदिन प्राविधिक दृष्टिकोणबाट उपयुक्त तापक्रममा राख्ने ठाउँ; चिस्यान भण्डार।

शीतयुद्ध (Cold war)- *ना.* [सं.] राष्ट्रहरूबिच प्रत्यक्ष युद्ध नभए पनि राजनीतिक रूपमा देखाइने वैचारिक द्वन्द्व, शत्रुता, तनाव वा त्यस्तो गतिविधि; प्रत्यक्ष युद्ध नभए तापनि राष्ट्रहरूका बिच भित्रभित्रै हुने वैमनस्य।

शुद्धिपत्र (List of errata, corrigendum)- *ना.* [सं.] पुस्तक, पुस्तिकामा अशुद्ध छापिएका वर्ण, पद आदिको संकेत गरी सच्याएर छापिएको सूची।

शुद्धीकरण (Laundering, purification)- *ना.* [सं.] अशुद्धलाई शुद्ध गर्ने काम; चोख्याउने काम, निर्मलीकरण; प्रशोधन।

शुभम् (Good wishes, the expression used at the end of a letter)- *ना.* [सं.] भलो; कुशल; कल्याण; कुनै चिठी, लिखत आदिको अन्त्यमा लेखिने मंगलसूचक शब्द।

शुल्क (Tax, excise, customs duty)- *ना.* [सं.] राज्य, सरकार वा स्थानीय तहले कुनै सेवा दिए बापत उठाउने वा लगाउने निर्दिष्ट रकम; राज्य वा सरकारले उठाउने कर; सरकारलाई तिर्नुपर्ने दस्तुर, कर वा महसुल।

शुश्रूषा (Nursing, nourishing)- *ना.* [सं.] स्याहारसुसार; सेवा प्रदान गर्ने काम; अशक्त, रोगी बालबालिका आदिको टहल।

शून्य (Zero, hollow, empty, vacant)- *ना.* [सं.] सारवस्तु वा गुँदी नभएको; खाली; रित्तो।

शून्य सहनशीलता (Zero tolerance)- *ना.प.* ऐन, कानून, नीति, नियम विपरीत कसैले काम गरेमा क्षमा नगर्ने स्थिति; कानून मिच्नेमाथि कुनै प्रकारको सहुलियत वा सुविधा नदिइएको अवस्था।

शून्यवाद (Nihilism, atheism)- *ना.* [सं.] ईश्वर, आत्मा आदिको सत्ता नमान्ने र संसारलाई शून्य ठान्ने दर्शन; बौद्धको माध्यमिक दर्शन; नास्तिक मत।

शेष (Remainder, residue)- *ना.* [सं.] बाँकी रहेको; बचेको; रहल; कुनै वस्तुको उपभोग गरेपछि बाँकी रहेको थोरै भाग।

शैक्षिक कार्यक्रम (Educational program)- *ना.प.* शैक्षिक क्रियाकलाप वा गतिविधि सञ्चालन गर्ने कार्यक्रम।

शैक्षिक क्यालेन्डर (Academic calendar)- *ना.प.* विद्यार्थी, शिक्षक र कर्मचारीलाई सेमेस्टर वा शैक्षिक सत्रभरिका महत्त्वपूर्ण गतिविधि जानकारी दिने वार्षिक पात्रो; वार्षिक समयतालिका।

शैक्षिक गुठी (Educational Trust)- *ना.प.* विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ठ) ।]*

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Educational Quality Audit Center)- *ना.प.* विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि स्थापना गरिएको परीक्षण केन्द्र; शैक्षिक गुणस्तर मापन केन्द्र। *[हे. शिक्षा ऐन, २०२८ को दफा ७ख. को उपदफा (१) ।]*

शैक्षिक जनशक्ति विकास केन्द्र (Academic Human Resources Development Center)- *ना.प.* शिक्षक, शिक्षासम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालय अन्तर्गतका कर्मचारी तथा शिक्षासम्बन्धी समुदायमा कार्यरत व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न, शैक्षिक अनुसन्धानको काम गर्न तथा शैक्षिक जनशक्ति विकास परिषद्को सचिवालयको रूपमा काम गर्न स्थापना गरिएको केन्द्र। *[हे. शिक्षा नियमावली, २०५९ को नियम ७४ को उपनियम (१) ।]*

शैक्षिक जनशक्ति विकास परिषद् (Academic Human Resources Development Council)- *ना.प.* शिक्षक, शिक्षासम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालय अन्तर्गतका कर्मचारी तथा शिक्षासम्बन्धी समुदायमा संलग्न व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न तथा शैक्षिक विकास सम्बन्धी नीति निर्माण, व्यवस्थापन गर्ने कार्य गर्न स्थापना गरिएको परिषद्। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (ण) र नियम 72 ।]*

शैक्षिक सत्र (Academic session)- *ना.प.* विश्वविद्यालय, विद्यालय वा शिक्षण संस्थाहरूमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि; सत्रावधि।

शैक्षिक सामग्री (Teaching materials)- *ना.प.* अध्ययन, अध्यापन वा अनुसन्धानका क्रममा प्रयोग गरिने सामग्री; शिक्षणका लागि उपयोग गरिने सामग्री।

शोध (Research, investigation)- *ना.* [सं.] गहन अध्ययन तथा खोज; अनुसन्धान।

शोधकर्ता (Researcher, investigator)- *ना.* [सं.] अनुसन्धाता; अध्ययन अनुसन्धान गर्ने; शोधक।

शोधकार्य (Research work)- *ना.* [सं.] अनुसन्धानकार्य; खोज; अन्वेषण।

शोधपत्र (Thesis, dissertation)- *ना.* [सं.] गहन अध्ययन अनुसन्धान तथा खोज गरी तयार गरिएको लेख वा प्रतिवेदन।

शोधार्थी (Researcher, scholar)- *ना.* [सं.] शोधकर्ता; अनुसन्धान गर्ने व्यक्ति।

शोषक (Exploiter, tyrant)- *ना.* [सं.] शोषण गर्ने व्यक्ति; अर्काको सम्पत्ति, योग्यता, क्षमता आदिको अनुचित लाभ लिने व्यक्ति।

शोषण (Exploitation, oppression)- *ना.* [सं.] निमुखा वा गरिबको धनसम्पत्ति, जायजेथा आदि हडप्ने, धुत्ने वा अनुचित फाइदा लिने काम; थिचोमिचो; दास तुल्याउने, बाँधा बनाउने कार्य र कानूनविपरीत मानिसको अङ्ग झिक्ने वा बेच्ने कार्य। *[हे. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २ को खण्ड (ङ) ।]*

शोषित (Exploited, oppressed)- *वि.* [सं.] शोषण वा थिचोमिचोमा परेको; चुसिएको; ठगिएको।

शौर्य पदक *(Shaurya Padak)*- *ना.प.* नेपालको रक्षाका लागि वा नेपालमा अमनचयन कायम राख्न ज्यान जोखिममा राखी अदम्य साहसका साथ कर्तव्य पालन गर्ने नेपाली सेनाका जवान वा अधिकृत र नेपालमा अमनचयन कायम गर्ने र अपराध नियन्त्रण गर्ने सिलसिलामा विशेष बहादुरीका साथ साहसपूर्ण काम गर्ने प्रहरी जवान वा अधिकृतलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २८ को उपनियम (१)।]*

श्रम (Labour, hardwork)- *ना.* [सं.] मिहिनत; परिश्रम।

श्रम अदालत (Labour court)- *ना.प.* श्रमसम्बन्धी विवादको सुनुवाइ गर्ने अदालत।

श्रमजीवी (Wage earner, labourer)- *ना.* [सं.] शारीरिक वा बौद्धिक श्रम गरेर वा कुनै किसिमको मजदुरी गरेर जीवननिर्वाह गर्ने; श्रमिक; मजदुर; परिश्रम गरेर जीवननिर्वाह गर्ने।

श्रमजीवी पत्रकार (Working journalist)- *नाप.* सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति; सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्गर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्ति। *[हे. श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा २ को खण्ड (घ)।]*

श्रमदान (Labour contribution)- *ना.* [सं.] सर्वसाधारणले ज्याला नलिई वा कम ज्याला लिई सार्वजनिक रूपमा दिने श्रमको सहयोग; झार्लाडी; झारा।

श्रमबजार (Labour market)- *ना.* [सं.] कामदार र रोजगारदाताहरूबिच रोजगारीका लागि वार्ता संवाद गर्ने ठाउँ; श्रमको मोलतोल हुने वा सौदाबाजी हुने ठाउँ वा अवसर।

श्रमशक्ति (Labour force)- *ना.* [सं.] श्रमबजारमा आर्थिक रूपले सक्रिय रहेको वा हुन सक्ने अठार वर्षदेखि साठी वर्षसम्मको उमेरसमूहको कुनै किसिमको रोजगारमा नरहेको नागरिक। *[हे. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (द)।]*

श्रमसहचारी (Labour Attaché)- *ना.*[श्रम+सहचर+ई] सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा नियुक्त गरिएको कम्तीमा राजपत्राङ्कित अधिकृत र विदेशस्थित कुटनीतिक नियोगमा नेपाली कामदारको हित प्रवर्धनको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी। *[हे. वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ को खण्ड (ठ) र दफा ६८।]*

श्रमिक (Labourer)- *ना.* [सं.] पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर वा कर्मचारी; जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति; श्रम गर्ने व्यक्ति; मजदुर; ज्यामी; कामदार। *[हे. नेपालको संविधानको धारा ३४ को उपधारा (१) को स्पष्टीकरण र श्रम ऐन, २०७४ को दफा २ को खण्ड (भ)।]*

श्रमिक आपूर्तिकर्ता (Labourer supplier)- *नाप.* श्रमिक आपूर्ति गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्था।

श्रवण दृष्टिविहीन अपाङ्गता भएको व्यक्ति (Person with deaf-blindness, person with hearing and visual impairment)- *नाप.* सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुई वटा इन्द्रियसम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

श्रव्यदृश्य (Audio-visual)- *ना.* [सं.] सुन्न र हेर्ने सकिने; सुनेर, हेरेर बुझिने।

श्रव्यदृश्य रचना (Audio-visual creation)- *नाप.* ध्वनिसहित वा ध्वनिरहित रूपमा पर्दामा अवलोकन गर्न सकिने चलचित्रमय रचना। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (ग)।]*

श्रीपेच (Royal crown, diadem)- *ना.* [सं.] राजमुकुट; शिरपेच।

श्रीसम्पत्ति (Entire property)- *ना.* [सं.] सिरिखुरी; लट्टीपट्टी; भएभरको सम्पत्ति; सर्वस्व।

श्रीहीन (Charmless, unattractive)- *वि.* [सं.] चमक वा रौनक नभएको; कान्तिहीन; शोभाहीन।

श्रुतानुश्रुत (Hearsay, legend)- *ना.* [सं.] धेरै जनाबाट सुनिएको; किंवदन्ती; सुनिँदै आएको।

श्रुति [Heard, listened, *Vedas* (holy scriptures in Hindu philosophy)]- *ना.* [सं.] सुनेको; श्रवण; पहिलेदेखि नै सुन्दै आएको ज्ञान; वेद।

श्रेणी (Series, sequence, order)- *ना.* [सं.] एकभन्दा बढीको क्रम; लहर; शृङ्खला।

श्रेय (Credit, attribute)- *ना.* [सं.] जस; यश; कीर्ति।

श्रोता (Listener, audience)- *ना.* [सं.] सुन्ने वा श्रवण गर्ने व्यक्ति।

श्वेतपत्र (White paper)- *ना.* [सं.] सरकारले जारी गरेको आधिकारिक दस्तावेज; खास विषयको सम्बन्धमा सरकारबाट सम्पूर्ण जानकारी र विषयवस्तुको यथार्थ अवस्था सहितको जानकारीपत्र।

श्वेतपोस/ श्वेतग्रीवी अपराध (White collar crime)- *ना.* [सं.] सार्वजनिक पद धारण गरेको व्यक्ति वा लब्ध प्रतिष्ठित व्यक्तिले गर्ने आर्थिक अपराध।

ष

षड्यन्त्र (Conspiracy)- *ना.* [सं.] कसैको अनिष्ट गर्नका लागि गुप्त रूपमा बनाइने कपटपूर्ण योजना; छलकपट; मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेष र उच्चाटन गराउने कुरा।

षड्यन्त्रकारी (Conspirator)- *वि.* [सं.] षड्यन्त्र गर्ने; छलकपट गरी अरुलाई दुःख दिने।

षण्ड (Impotent, eunuch)- *नाप.* नपुंसक; साँढे; बैल।

स

सँगी/सङ्गी (Friend, peer)- *ना./वि.* [सं.] साथी; दौतरी; मित्र; सँगसँगै हुर्के, बढेको वा साथमा रहने।

सँधियार (Neighbour, adjoining land owners)- *ना.* [साँध+यार.] आफ्नो घर, जग्गाको साँध वा सिमाना जोडिएको छिमेकी।

संक्षिप्त वातावरणीय अध्ययन (Brief environmental study)- *नाप.* भौतिक वा पूर्वाधार विकाससम्बन्धी कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रूपमा गरिने अध्ययन। *[हे. वातावरण संरक्षण ऐन, २०७६ को दफा २ को खण्ड (म) ।]*

संनियमित प्राकृतिक आरक्ष (Strict nature reserve)- *नाप.* वैज्ञानिक अध्ययनको निमित्त छुट्याइएको पारिस्थितिकीय महत्त्वको क्षेत्र; अध्ययनका लागि छुट्याएको अरू कुनै महत्त्व राख्ने क्षेत्र। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (ख) ।]*

संयुक्त आवास भवन (Joint housing buidling, joint residential building)- *नाप.* कुनै जग्गामा दुई वा दुईभन्दा बढी आवास एकाइ राखी बनाइएका दुई वा दुईभन्दा बढी तला भएका भवन; जग्गामा ब्लक, पोकेट वा अन्य त्यस्तै राखी निर्माण गरिएका त्यस्तै किसिमका दुई वा दुईभन्दा बढी भवनहरू; त्यस्ता भवनहरूले चर्चेका जग्गाका हाता र हाताका अन्य संरचना। *[हे. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (क) ।]*

संयुक्त इजलास (Division bench)- *नाप.* दुई जना न्यायाधीश संलग्न रहने इजलास; दुई जना निर्णयकर्ताले मुद्दा सुनुवाइ गर्ने न्यायपीठ। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २४ को उपनियम (१) ।]*

संयुक्त उपक्रम (Joint venture)- *नाप.* दुई वा दुईभन्दा बढी कम्पनी वा फर्महरू मिली संयुक्त वा छुपट्टाछुट्टै दायित्वसहित क्रियाकलाप वा कामकुरा गर्ने कार्य; साझा कामकाज। *[हे.सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (त) ।]*

संयुक्त निक्षेप खाता (Joint deposit account)- *नाप.* बैङ्क वा वित्तीय संस्थामा दुई वा दुईभन्दा बढी व्यक्तिहरूको संयुक्त दस्तखतबाट सञ्चालन हुने खाता। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (प) ।]*

संयोग (By chance, coincidence)- *ना.* [सं.] आकस्मिकता; अकस्मात हुने मिलन; विशेष परिस्थितिबाट मिलेको अवसर; भवितव्य; मिल्ने घटना।

संयोजक (Cordinator, organizer)- *ना./वि.* [सं.] आयोजक; समन्वय गर्ने; कुनै कार्यक्रमको आयोजना गर्ने, जोड्ने-मिलाउने वा भेला पार्ने व्यक्ति।

संरक्षक (Custodian, protector, guardian, patron, warden)- *ना./वि.* [सं.] रक्षा वा बचाउ गर्ने; हेरचाह गर्ने; पालनपोषण अभिभारा लिने; सुरक्षाको जिम्मा लिने; जोगाउने; स्याहारसम्भार गर्ने; जगेर्ना गर्ने; पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको हक, हितको संरक्षण गर्ने जिम्मेवारी रहेको वा नियुक्त गरिएको व्यक्ति।

संरक्षक समिति (Guardian Committee)- *नाप.* कुनै सङ्घ, संस्था, निकाय, प्रतिष्ठान वा विश्वविद्यालयको उच्चतम वा विशिष्टीकृत निकायस्वरूपको समिति।

संरक्षण (Conservation, protection)- *ना.* [सं.] हिफाजत; सुरक्षा; बचाउ; जगेर्ना; रेखदेख।

संरक्षण अधिकृत (Conservation Officer)- *ना.* [सं.] विशेष संरक्षणको आवश्यकता परेका व्यक्तिको हक हितको संरक्षण गर्ने जिम्मेवारी भएको, नियुक्त गरिएको वा तोकिएको अधिकृत।

संरक्षण क्षेत्र व्यवस्थापन समिति (Conservation Area Management Committee)- *नाप.* संरक्षण क्षेत्रमा गरिने सामुदायिक विकाससम्बन्धी निर्माण कार्य, सो क्षेत्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक सम्पदाको सन्तुलित उपयोगसम्बन्धी व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न संरक्षणअधिकृतले संरक्षण क्षेत्रभित्र स्थानीय तहमा गठन गरेको समिति। *[हे. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २ को खण्ड (झ) र नियम ४ ।]*

संरक्षण क्षेत्र (Conservation area)- *ना.* [सं.] प्राकृतिक पर्यावरणीय वा सांस्कृतिक महत्त्वका कारण सुरक्षा वा संरक्षण गरिएको क्षेत्र; प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजनाअनुसार व्यवस्थापन गरिने क्षेत्र। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (ङ१) ।]*

संरक्षण गृह (Safe house, protection house)- *ना.* [सं.] मानसिक रूपले अशक्त, घरपरिवार वा आफन्तबाट तिरस्कृत व्यक्तिहरूलाई स्वास्थ्यस्याहार वा संरक्षण गर्न आवासीय बन्दोबस्त गरिएको भवन वा आवासीय सुविधा; विशेष परिस्थितिमा रहेका महिलालाई स्याहार वा उपचार गर्न गराउन राखिने सङ्घ, प्रदेश र स्थानीय तहले पारस्परिक समन्वयमा व्यवस्था गरेको आवासीय सुविधा; संरक्षणको आवश्यकतामा रहेका व्यक्तिहरूलाई राख्नको लागि व्यवस्था गरिएका घर, आवास वा यस्तै वासको बन्दोबस्त। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३०।]*

संरक्षित जलाधार क्षेत्र (Conserved watershed area)- *ना.* [सं.] भू तथा जलाधार संरक्षणका लागि चार किल्ला खुलाई घोषणा गरेको क्षेत्र; जलाशय वा जलाधार क्षेत्रको वातावरण जोगाउन तोकिएको क्षेत्र। *[हे. भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा २ को खण्ड (क)।]*

संरक्षित राज्य (Protectorate state)- *नाप.* कुनै शक्तिशाली ठूलो राज्यको अधीनमा रहेको सानो राज्य; शक्तिशाली राज्यको अधीनस्थ राज्य; सार्वभौम राष्ट्र भए तापनि परराष्ट्र सम्बन्ध र बाह्य सुरक्षा अर्कै राष्ट्रले हेर्ने राज्य।

संरक्षित वनस्पति (Protected wild flora)- *नाप.* संरक्षित अवस्थामा रहेका वनस्पति; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३ को अनुसूची-३ मा सूचीकृत वनस्पतिका प्रजाति वा उपप्रजाति। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (ढ)।]*

संरक्षित वन्यजन्तु (Protected wild fauna)- *नाप.* संरक्षित अवस्थामा रहेका वन्यजन्तु; सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३ को अनुसूची-३ मा सूचीकृत वन्यजन्तुको प्रजाति वा उपप्रजाति। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (ढ)।]*

संरक्षित स्मारक क्षेत्र (Preserved monument area)- *नाप.* संरक्षित स्मारक क्षेत्र भनी घोषित प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्र। *[हे. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २ को खण्ड (घ)।]*

संरचना (Structure, composition, framework)- *ना.* [सं.] कुनै वस्तुको बाहिरी ढाँचा; आकारप्रकार; स्वरूप; बनावट; बनोट; छाँट; ढाँचाकाचा।

संरचनात्मक वा एकाइदर सम्झौता (Framework or unit rate contract)- *ना.प.* खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा सार्वजनिक निकायले माग गरेको समयमा खरिद सम्झौतामा उल्लिखित दर र सर्तबमोजिम एक वा एकभन्दा बढी आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्नको लागि गरिएको सम्झौता। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (द) ।]*

संलाप (Consultation, conversation)- *ना.* [सं.] परस्परमा गरिने सल्लाह; आपसी वार्तालाप; गुप्त कुराकानी।

संलेख (Deed)- *ना.* [सं.] कानूनी वा अन्य कुनै कामकारबाही बारेमा भएका प्रामणिक बुँदा; कुनै कामकुरा गर्न वा केही प्रावधान गर्नका लागि प्रामाणिक वा मान्यता प्रदान गर्ने क्षमता राख्ने टिपोट सङ्कथन वा बेहोरा; कुनै बेहोरा लेखिएका प्रामाणिक लिखत वा कागज; सही र प्रमाणिक विवरण भएको लेख; आलेख।

संवत् (*Era*, year)- *ना.* [सं.] साल; वर्ष।

संवरण (Veiling, cover-up, concealment)- *ना.* [सं.] ढाकछोप; आवरण; छोप्ने वा लुकाउने काम।

संवर्धन (Promotion, nourishment)- *ना.* [सं.] समृद्ध बनाउने काम; राम्ररी बढाउने काम; पालनपोषण; हुर्काउने काम।

संवहन (Obligation, responsibility, liability)- *ना.* [सं.] अभिभारा लिने; जिम्मेवारी; दायित्व लिने; बोक्ने वा वहन गर्ने काम।

संवाददाता (Correspondent, reporter)- *ना.* [सं.] पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि आमसञ्चारमाध्यमका लागि समाचार सङ्कलन गरी पठाउने व्यक्ति; समाचारदाता।

संवाहक (Conveyor, communicator)- *वि.* [सं.] एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने; सञ्चारक।

संविदा (Agreement, treaty)- *ना.* [सं.] आपसमा हुने सन्धि, सम्झौता; अनुबन्धन; करार।

संविदाकारी पक्ष (Contracting parties)- *ना.प.* सन्धि वा सम्झौताका पक्ष; कुनै सन्धि सम्झौता गर्ने वा सन्धि सम्झौताको पक्षकार बन्ने व्यक्ति वा राष्ट्र।

संविदापत्र (Contract)- *ना.* [सं.] संविदा वा सन्धि, सम्झौताको सर्त लेखिएको पत्र; करारनामा; सन्धिपत्र; सम्झौतापत्र।

संविधान (Constitution)- *ना.* [सं.] राष्ट्रको शासन व्यवस्था निर्धारण गर्ने मूल कानून; सरकार (विधायिका, कार्यपालिका र न्यायपालिका) तथा राज्यका अन्य अङ्ग/निकायहरूका काम, कर्तव्य, अधिकार, शक्ति तथा सम्बन्धलाई परिभाषित गर्ने, नागरिकका अधिकार तथा कर्तव्य निर्दिष्ट गर्ने र प्रचलनका लागि मार्गनिर्देश गर्ने कानूनी तथा राजनीतिक लिखत; महाविधान; सर्वोच्च कानून।

संविधानवाद (Constitutionalism)- *ना.* [सं.] संविधानलाई नै सर्वेसर्वा मान्ने राजनीतिक सिद्धान्त; संविधान अनुसारको शासन व्यवस्था; संविधानको सर्वोच्चतासहितको शासकीय प्रणाली; विधायिकी सर्वोच्चता, कार्यकारी सर्वोच्चता वा न्यायिक सर्वोच्चताभन्दा भिन्न तीनै अङ्ग संविधानको मातहतमा र संविधानले भनेअनुसार क्रियाशील भई सीमित अधिकार प्रयोग गरी राज्य सञ्चालन गर्ने सैद्धान्तिक प्रतिमान।

संविधानसभा (Constitutional assembly)- *ना.* [सं.] संविधान निर्माण गर्न जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सभा वा परिषद्; संविधान निर्मातृ सभा।

संविधानसभा निर्वाचन पदक *(Sambhidhan Sabha Nirwachan Padak,* Constituent Assembly Election Medal)- *ना.प.* विक्रम सम्वत् २०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधानसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने गराउने कार्यमा महत्त्वपूर्ण योगदान दिने राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्था तथा व्यक्तिहरू र राष्ट्रसेवकहरूलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम ३३ को उपनियम (१) ।]*

संवैधानिक (Constitutional)- *वि.* [सं.] संविधानसम्बन्धी; संविधानको; संविधान अनुकूलको; संविधानमा आधारित; संविधानद्वारा व्यवस्थित।

संवैधानिक अङ्ग/निकाय (Constitutional bodies)- *ना.प.* विधायिका, कार्यपालिका र अदालतसम्बन्धी निकाय, अङ्ग, जनशक्तिसम्बन्धी संविधानमा रहेका प्रावधानबाहेक संविधानका अन्य प्रावधानअन्तर्गत व्यवस्था गरिएका महालेखापरीक्षक, महान्यायाधिवक्ताजस्ता राजकीय पदाधिकारी तथा निर्वाचन आयोग, लोकसेवा आयोग, मानवअधिकार आयोग आदि निकाय; संविधानले नै निर्धारण गरेका राज्यका विभिन्न अङ्ग वा निकाय। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ठ) ।]*

संवैधानिक इजलास (Constitutional bench)- *ना.प.* सर्वोच्च अदालतमा रहने एक स्थायी इजलास; सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिच अधिकारक्षेत्रका बारेमा भएका विवाद, सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद, सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद समावेश

रहेका मुद्दा निरूपण गर्ने इजलास; सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको भनी प्रधान न्यायाधीशले तोकेको मुद्दाको सुनुवाइ गर्ने इजलास; प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका सर्वोच्च अदालतका अन्य चार जना न्यायाधीश रहने इजलास; संविधानप्रदत्त मौलिक हकमा बन्देज लगाएको वा अन्य कुनै कारणले संविधानसँग बाझिएको कानून बदर वा शून्यकृत गर्न माग राखी सर्वोच्च अदालतमा कुनै नेपाली नागरिकले निवेदन दिएमा सोअनुसार कानून संविधानससँग बाझेनबाझेको निरूपण गर्ने सर्वोच्च अदालतको इजलास। *[हे. नेपालको संविधानको धारा १३७।]*

संवैधानिक निकायका पदाधिकारी (Officials of constitutional bodies)- *ना.* [सं.] संविधानबमोजिम नियुक्त हुने संवैधानिक निकायका प्रमुख र अन्य पदाधिकारी।

संवैधानिक परिषद् (Consitiutional Council)- *ना.* [सं.] प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न संविधानले व्यवस्था गरेको परिषद्; प्रधानमन्त्री अध्यक्ष र प्रधान न्यायाधीश, प्रतिनिधिसभाको सभामुख; राष्ट्रिय सभाको अध्यक्ष; प्रतिनिधिसभामा विपक्षी दलको नेता र प्रतिनिधिसभाको उपसभामुख सदस्य रहेको र प्रधान न्यायाधीशको नियुक्ति सिफारिस गर्नुपर्दा निजको सट्टा कानूनमन्त्री सदस्य रहने संवैधानिक नियुक्तिको सिफारिसकारी निकाय। *[हे. नेपालको संविधानको धारा २८४ को उपधारा (१)।]*

संशोधन (Amendment)- *ना.* [सं.] मौजुदा व्यवस्थामा थप गर्ने, परिमार्जन गर्ने वा झिक्ने काम; कुनै कानूनी प्रावधानलाई सच्याउने, हेरफेर गर्ने वा खारेज गर्ने काम; सुधार वा परिमार्जन।

संश्लेषण (Synthesis)- *ना.* [सं.] कुनै वस्तु, तत्व, वाक्य आदिलाई जोड्ने काम; जोड्ने वा सम्मिश्रित गर्ने काम; जोड वा सम्मिश्रण।

संसदीय (Parliamentary)- *वि.* [सं.] संसद्सम्बन्धी; संसद्को।

संसदीय दल (Parliamentary party)- *ना.प.* सङ्घीय संसद वा प्रदेशसभाका निर्वाचनमा कम्तीमा दुई स्थानमा निर्वाचित भई प्रतिनिधित्व गर्ने दलले गठन गरेको सङ्घीय संसदीय दल वा प्रदेश संसदीय दल। *[हे. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २४ को उपदफा (१)।]*

संसदीय दलको नेता (Leader of the parliamentary party)- *ना.प.* राष्ट्रिय मान्यताप्राप्त संसदीय दलको निर्देशनबमोजिम सङ्घीय संसद् वा प्रदेशसभाका त्यस्तो दलका सदस्यहरूले

आफूमध्येबाट निर्वाचित गरेको नेता। *[हे. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २५ को उपदफा (१) र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २ को खण्ड (ल) ।]*

संसदीय समिति (Parliamentary Committee)- *ना.प.* संसद्का कामकारबाहीमा सहयोग गर्न संसद्ले सभासद्हरू सदस्य रहने गरी बनाएका समितिहरू।

संसदीय सुनुवाइ (Parliamentary hearings)- *ना.प.* संविधानबमोजिम संवैधानिक परिषद्का सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि नियुक्तिका लागि सिफारिस भएका व्यक्ति वा व्यक्तिहरूउपर संसद्ले गर्ने सुनुवाइ। *[हे. नेपालको संविधानको धारा २९२ को उपधारा (१) ।]*

संसद् (Parliament, legislature)- *ना.* [सं.] जनताद्वारा निर्वाचित प्रतिनिधिहरू रहने सर्वोच्च संस्था; व्यवस्थापिका; प्रतिनिधिसभा र राष्ट्रिय सभा।

संसद्का विशेष समिति (Special Committees of Parliament)- *ना.प.* विशेष, संवेदनशील वा गम्भीर प्रकृतिका विधेयक वा अन्य कार्यका लागि आवश्यकता अनुसार संसद्का सदनमा गठन गरिएका समिति; संसदीय विशेष समिति। *[हे. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० को उपनियम (१) र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६७ को उपनियम (१) ।]*

संसद्को महिला समन्वय समिति (Women Coordination Committee of Parliament)- *ना.प.* संसद्को सदनमा महिलाका विषयमा समान धारणा र त्यस्ता धारणालाई बहस र पैरवीमा ल्याउन संसद्का महिला सदस्य संयोजक रहने गरी गठन गरिएको समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ङ को उपनियम (१) र प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २५७ उपनियम (१) ।]*

संसद्को सचिवालयको सञ्चालन तथा व्यवस्थापन समिति (Secreterat Operation and Management Committee of Parliament)- *ना.प.* संसद् र सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक नीति, कार्यक्रम तथा बजेट निर्धारण गर्न र रेखदेख, नियन्त्रण तथा सुपरीवेक्षण गर्नको लागि सभामुखको सभापतित्वमा गठन गरिएको समिति। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २२३ को उपनियम (१) र प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४४ को उपनियम (१) ।]*

संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव (Motion of urgent public importance in Parliament, proposal of urgent public importance in Parliament)- *ना.प.* संसद्को सदनमा कुनै

सदस्यले जरुरी सार्वजनिक महत्त्वका विषयमा छलफल गर्न पेस गरेको प्रस्ताव। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६६ को उपनियम (१) र प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७१ को उपनियम (१)।]*

संसद्मा ध्यानाकर्षण प्रस्ताव (Motion of attention, proposal of attention)- *ना.प.* संसद्का कुनै सदनको कुनै सदस्यले सभामुख वा अध्यक्षको पूर्वस्वीकृति लिई सार्वजनिक महत्त्वका विषयमाथि सम्बन्धित मन्त्रीको ध्यान खिच्न राखिने प्रस्ताव। *[हे. प्रतिनिधि समभा नियमावली, २०७९ को नियम 72 को उपनियम (१)।]*

संसद्मा सङ्कल्प प्रस्ताव (Parliamentary stricture)- *ना.प.* संसद्को सदनको कुनै सदस्यले सार्वजनिक महत्त्वका विषयमा राय वा सिफारिस प्रकट गर्न, सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न, वा कुनै सन्देश वा निर्देशन दिन वा सभामुख वा अध्यक्षले उपयुक्त ठहऱ्याएको कुनै विषयमा पेस गरेको प्रस्ताव। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८ को उपनियम (१) र प्रतिनिधि समभा नियमावली, २०७९ को नियम ७९ को उपनियम (१)।]*

संसद्मा स्थगन प्रस्ताव (Motion of deferral in Parliament)- *ना.प.* अत्यन्त जरुरी सार्वजनिक महत्त्वको कुनै विषयमाथि छलफल गर्न संसद्का सदनको कुनै सदस्यले सभामुख वा अध्यक्षको अनुमति लिई बैठकको कार्यक्रम स्थगित गर्न राखेको प्रस्ताव। *[हे. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७४ को उपनियम (१) र प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७4।]*

संस्था (Associations, institution)- *ना.* [सं.] सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरूको विकास, सेवाप्रवाह एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेका क्लब, मण्डल, परिषद्, अध्ययनकेन्द्र र मैत्री सङ्घ आदि नामका संस्थापना; कानूनबमोजिम स्थापना वा गठन भएका सङ्गठित संस्था, कम्पनी, फर्म, विकास समिति, संस्थान, एजेन्सी, बैङ्क, वित्तिय संस्था, उद्योग वा त्यस्तै अन्य सरकारी वा गैरसरकारी संस्थापना; नेपालस्थित कुटनीतिक नियोग र अन्तरराष्ट्रिय सङ्घसंस्था; *संस्था दर्ता ऐन, २०३४* अन्तर्गत दर्ता भई ऐन बमोजिम वित्तीय मध्यस्थताको काम गर्ने अनुमतिपत्र प्राप्त संस्था; बैङ्क वा वित्तीय संस्थामा खाता खोल्न सक्ने फर्म वा कम्पनी; बसोबास, वस्ती विकास, बजार विकासजस्ता भौतिक विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यलका साथ स्थापना र सञ्चालित संस्था; सामूहिक हितका लागि निश्चित उद्देश्यसाथ एकताबद्ध भएको सङ्गठित समुदाय। *[हे. संस्था दर्ता ऐन, २०३४ को दफा २ को खण्ड (क),*

जग्गा प्राप्ति ऐन, २०३४ को दफा २ को खण्ड (ङ), ऋण तथा जमानत ऐन, २०२५ को दफा २ को खण्ड (ख), वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (ख), बैंङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (घ) र कर्मचारी सञ्चयकोष ऐन, २०१८ को दफा 2 को खण्ड (ढ1)।]

संस्था प्रमुख (Chief of the organization)- *ना.* [सं.] संस्थाको प्रमुख कार्यकारी अधिकृत; संस्थाको मूली वा मुख्य अधिकारीका हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा तोकिएका अन्य कुनै अधिकृत। *[हे. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५६ को स्पष्टीकरण।]*

संस्थागत जवाफदेही (Institutional accountability)- *नाप.* संस्थाको उत्तरदायित्व वा जिम्मेदारी; संस्थाको जिम्मेवारी वा कर्तव्यका रूपमा त्यस्तो संस्थाका पदाधिकारीले निर्वाह गर्नुपर्ने भूमिका वा वहन गर्नुपर्ने अभिभारा।

संस्थागत विदेशी लगानीकर्ता (Foreign investor)- *नाप.* विदेशी लगानी गर्ने विदेशी कम्पनी, सङ्गठित संस्था वा अन्तरराष्ट्रिय संस्था। *[हे. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ढ)।]*

संस्थागत विद्यालय (Institutional school)- *नाप.* सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय; आफ्नै स्रोतमा आधारित विद्यालय। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ३)।]*

संस्थागत विद्यालय शुल्क व्यवस्थापन तथा अनुगमन केन्द्रीय समिति (Institutional School Fee Management and Monitoring Central Committee)- *नाप.* संस्थागत विद्यालयको शुल्क तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा नीति निर्माण गर्न, यस्ता विद्यालयको शैक्षिक स्तरमा सुधार गर्न तथा निर्धारित शुल्कको अनुगमन गरी शिक्षासम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालयलाई राय, सुझाव दिन गठन गरिएको समिति। *[हे. शिक्षा नियमावली, २०५९ को नियम १५०क. को उपनियम (१)।]*

संस्थान (Corporation)- *ना.* [सं.] राष्ट्रिय हित वा सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा वा आर्थिक हित हुने कुनै काम संस्थागत माध्यमबाट गराउन सरकारद्वारा संस्थापित निगम; यस्तो काम गर्न संस्थापनाको नाम, मूल कार्यालय रहने ठाउँ र ठेगाना, उद्देश्यहरू र सञ्चालक समितिका सदस्यहरूको नाम, ठेगाना र पेसा खुलाई राजपत्रमै सूचना प्रकाशित गरी स्थापना र गठन गरिएको अविच्छिन्न उत्तराधिकारीवाला संगठित संस्था; सरकारको स्वामित्व वा नियन्त्रण भएका सङ्गठित संस्था वा त्यस्ता संस्थाका स्वामित्व वा नियन्त्रण भएका अन्य संस्था। *[हे.*

संस्थान ऐन, २०२१ को दफा २ को खण्ड (क), दफा ३ को उपदफा (१) तथा (२) र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा २ को खण्ड (ङ) ।]

संस्थानको सवारी (Corporation motor vehicle)- *ना.प.* सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएका सङ्गठित संस्थाका नाममा दर्ता भएको सवारी साधन। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ठ) र दफा १०।]*

संस्थापक (Promoter, founder)- *ना.* [सं.] कम्पनी संस्थापना गर्नको कार्यालय समक्ष दाखिल गरिने प्रबन्धपत्र तथा नियमावलीमा लेखिएका कुरा मन्जुर गरी हस्ताक्षर गर्ने कम्पनीका स्थापनाकालीन व्यक्ति; कुनै महत्त्वपूर्ण काम कुराको जग बसाल्ने वा सुरु गर्ने व्यक्ति; प्रारम्भिक रूपमै कुनै निकाय, संस्थापना, सङ्गठन वा सङ्घसंस्था खडा गर्ने व्यक्ति। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (झ) ।]*

संहिता (Code)- *ना.* [सं.] निश्चित रूपमा चलेको वा क्रमबद्ध रूपमा एकत्रित गरी मिलाइएका आचार, नियम, ऐन कानूनको सङ्कलन वा तत्सम्बन्धी ग्रन्थ; बहुपरिच्छेदहरूमा विभक्त भएको गद्य वा पद्य आलेख वा सङ्कथनहरू रहेको गन्थ वा सङ्ग्रहावली।

संहिताकरण (Codification)- *ना.* [सं.] चलनचल्तीमा रहेका पूर्वनिर्धारित कानून, प्रथा, आचार, नियमलाई संहिताको रूपमा आबद्ध गर्ने वा ग्रन्थकरण गर्ने काम।

सकार गर्नु (Acceptance, approval, promise)- *क्रि.प.* स्वीकार गर्नु; समर्थन गर्नु; मन्जुर गर्नु; कबुल गर्नु; अदालतमा परेको मुद्दामा वारिसद्वारा प्रतिनिधित्व गराइआएकोमा मुद्दाको पक्ष आफैले मुद्दाको तारिख लिने र आगामी कारबाही अगाडि बढाउनका लाग आफ्नो मुद्दा आफैले स्वीकारी लिने काम गर्नु; अदालतमा चलिरहेको मुद्दामा कुनै पक्षको मृत्यु भएमा निजको हकवाला वा उत्तराधिकारीले सो मुद्दाको पक्षको रूपमा आफूलाई प्रस्तुत गरी मुद्दाको पक्ष बन्ने काम गर्नु।

सकारनामा (Letter of concent, deed of acceptance)- *ना.* कबुलियतनामा; मन्जुरनामा; स्वीकारनामा; मन्जुर वा कबुल गरिएको कुरा समर्थन गरी गरिएको कागज।

सकार्नु (To accept, to agree)- *क्रि.* स्वीकार गर्नु; मन्जुर गर्नु; सकार गर्नु।

सक्कल/सकल (Original, first copy, master copy)- *ना.* [अ. सक्ली] कुनै पनि लेखोटको मूल प्रति; गुरु प्रति; मूल रूप वा उत्पत्तिगत स्वरूप। *वि.* सकली; मूल रूपको; मूल प्रतिको।

सक्षम (Competent)- *ना./वि.* [सं.] अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्ने बालिग व्यक्ति; क्षमतावान योग्य; काम गर्न सक्ने; पार लाउन सक्ने; समर्थवान्। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा ३२।]*

सख्त निषेधित लिखत (A strictly prohibited document)- *ना.प.* एक पटकमा तिस वर्षमा नबढाई गोप्य रहने र कसैले पनि त्यस्तो लिखत वा लिखतको बेहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न नपाउने लिखत; सम्बन्धित व्यक्तिबाहेक र नेपाल सरकारको अनुमति बेगर अन्य कुनै व्यक्तिले हेर्न नपाउने गरी प्रकाशन वा सार्वजनिकीकरण गर्न निषेध गरिएको लिखत। *[हे. लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा ५ को उपदफा (१)।]*

सगरमाथा पदक *(Sagarmatha Padak/* Medal*)*- *ना.प.* पर्वतारोहण लगायत सार्वजनिक जीवनका अन्य क्षेत्रमा साहसिक कार्य गरी मुलुकको प्रतिष्ठा तथा गौरव बढाउन योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २५ को उपनियम (१)।]*

सगोल (United, unified, undivided)- *वि.* [सं.] भिन्न नभएको; बन्डा नभएको; गोस्वारा; एउटै परिवार वा खलकमा मिलेर बसेको; साझा; धेरैको हक लाग्ने तर एकत्रमै रहेको।

सगोलको ऋण (Debts in common)- *ना.प.* [सं.] घरको मुख्य भई काम गर्ने व्यक्ति वा सबै अंसियारले सहमति गरेको वा सगोलमा बसी विभिन्न ठाउँमा घर, खेती, व्यापार वा अरू कुनै काम गर्ने उमेर पुगेका व्यक्तिले लिएको ऋण; त्यस्ता सगोलका उमेर पुगेका व्यक्तिले गरेको व्यवहारमा त्यस्ता व्यक्तिको लिखित सहमति भएको कारोबारमा लागेको ऋण। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २१६ को उपदफा (२) को स्पष्टीकरण।]*

सङ्कटकाल (State of emergency)- *ना.* [सं.] सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा देशको कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएको अवस्था; आपत् आइपरेको अवस्था; खराब वा प्रतिकूल परिस्थिति।

सङ्कटकालीन व्यवस्था (Emergency provisions)- *ना.प.* देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपद् वा महामारीका कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रपतिप्रमुखले देशभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी जारी गरेको सङ्कटकालीन घोषणा वा आदेश। *[हे. नेपालको संविधानको धारा २७३ को उपधारा (१)।]*

सङ्कटापन्न वनस्पति (Endangered wild flora)- *ना.प.* सङ्कटको अवस्थामा रहेका वनस्पति; दुर्लभ वा लोपोन्मुख वनस्पति र संरक्षित वनस्पति। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (ठ) ।]*

सङ्कटापन्न वन्यजन्तु (Endangered wild fauna)- *ना.प.* सङ्कटको अवस्थामा रहेका वन्यजन्तु; दुर्लभ वा लोपोन्मुख वन्यजन्तु र संरक्षित वन्यजन्तु। *[हे. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ को खण्ड (ठ) ।]*

सङ्काय (Faculty)- *ना.* [सं.] विश्वविद्यालयमा विभिन्न विषयक्षेत्रगत उच्च तहको अध्ययनका निम्ति रहेको विशिष्ट विभाग वा शाखा।

सङ्केत चिह्न (Indicative mark)- *ना.* हस्ताक्षर गर्ने पक्षको पहिचान गर्ने वा अभिलेखको आधिकारिकता ग्रहण वा स्थापित गर्ने उद्देश्यले कुनै पनि माध्यमबाट नाम वा सङ्केत ग्रहण वा कार्यान्वयन गर्ने काम। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (स) ।]*

सङ्केतपत्र (Labelling, tag)- *ना.* [सं.] वस्तुको बनावट वा गुणस्तर खुल्ने गरी राखिएको वा लेखिएको विवरण।

सङ्क्रमण (Contagion, infection)- *ना.* [सं.] एक ठाउँबाट अर्को ठाउँमा वा एक वस्तुबाट अर्को वस्तुमा सर्ने काम; फिँजिने काम; फैलावट हुने प्रक्रिया; एकबाट अर्कोमा रोग आदि सर्ने क्रिया; बिरुवा वा बिरुवाजन्य उपजमा क्षति पुऱ्याउने गरी शत्रुजीवको उपस्थिति वा फैलावट। *[हे. बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ को दफा २ को खण्ड (ढ) ।]*

सङ्क्रमणकाल (Transitional period)- *ना.* [सं.] सङ्क्रमणका अवधि; दुई समयका बीचको अवधि; एक प्रकारको शासन व्यवस्था समाप्त भई अर्को प्रकारको शासन व्यवस्था लागु भई नसक्दाको स्थिति।

सङ्क्रमणकालीन न्याय (Transitional justice)- *ना.* [सं.] सङ्क्रमणका क्रममा बिथोलिएको न्यायको प्रवाहलाई गति र दिशा दिने प्रणाली; युद्ध वा द्वन्द्वका क्रममा दमन वा मानवअधिकार उल्लङ्घन भएपछि समाजमा पुनः शान्ति र न्याय कायम गर्न सत्य उद्घाटन, पीडितको न्याय, क्षतिपूर्ति, संस्थागत सुधार र दोषीलाई जिम्मेवार ठहराउने प्रक्रिया; सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको उल्लङ्घन तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलापको वातावरण निर्माण गर्न, पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था गर्न, गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी

कारबाही गर्न र भविष्यमा मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराध दोहोरिन नदिनका लागि नियमित न्यायभन्दा पृथक ढङ्गले सम्बोधन गर्ने न्यायिक पद्धति।

सङ्क्रमित (Infected)- *वि.* [सं.] सङ्क्रमण भएको; सरेको; फैलिएको।

सङ्क्रामक (Contagious, communicable)- *वि.* [सं.] सरुवा, कुनै स्थान वा समयमा आम रूपमा बढेर वा फैलेर जाने; संसर्ग हुँदा वा छुइँदा सर्ने।

सङ्क्रामक रोग (Contagious diseases, communicable disease)- *नाप.* सरुवा रोग; सर्ने रोग; फैलने रोग। *[हे. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २ को खण्ड (झ) ।]*

सङ्क्षिप्त (Short, brief, concise, summarized)- *वि.* [सं.] छोटकरी; सङ्क्षेप।

सङ्क्षिप्त कार्यविधि (Summary procedure)- *नाप.*[सं.] छिटोछरितो किसिमको कार्यविधि; प्रक्रिया छिटै र छोटकरी रूपमै अपनाइने कार्यविधि।

सङ्क्षिप्त नाम (Short title)- *नाप.* [सं.] छोटकरी नाम; ऐनका हुने लामा र छोटा दुई प्रकारका नामहरूमध्ये छोटो चाहिँ नाम; ऐन वा नियमको सामान्यत: पहिलो दफामा उल्लेख गरिने नाम।

सङ्क्षेप (Summary, precis)- *ना.* [सं.] सारांश; छोटो रूपमा व्यक्त भएको; छोटो भनाइ वा लेखाइ; सङ्क्षिप्त कुरा।

सङ्क्षोभ (Restlessness, perturbation, fraughtness)- *ना.* [सं.] उथलपुथल; व्याकुलता; विकलता; अत्यन्त ठूलो अस्थिरता।

सङ्गठन तथा व्यवस्थापन सर्भे (Organization and Management Survey)- *नाप.* कुनै सङ्गठनभित्र कार्यालय स्थापना गर्दा, सङ्गठन संरचना तयार गर्दा, नयाँ दरबन्दी सिर्जना वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा हेरफेर गर्दा कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवाप्रवाहको प्रभावकारिता, उपलब्ध मानवस्रोत, लागतप्रभाव आदिको विश्लेषण तथा नवीन प्रविधिको अवलम्बन गरी कारण र औचित्य समेतको आधारमा गरिने सर्भे।

सङ्गठन तथा व्यवस्थापन सर्भे समिति (Organization and Management Survey Committee)- *नाप.* सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नका लागि सिफारिस गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समिति। *[हे. कर्मचारी समायोजन ऐन, २०७५ को दफा २ को खण्ड (च) र दफा ३ को उपदफा (२) ।]*

सङ्गठनात्मक संरचना (Organizational structure)- *ना.प.* निश्चित उद्देश्य प्राप्तिका लागि कुनै सङ्घ, संस्था, निकाय वा सङ्गठनको जनशक्ति र कार्यको बाँडफाँटको स्वरूप, ढाँचा वा रूपरेखा।

सङ्गठित अपराध (Organized Crime)- *ना.* [सं.] कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी गरेको कुनै गम्भीर अपराध; सङ्गठित समूह (नेता, सदस्यता र कार्यविधि भएको तर अवैध सङ्गठित संरचना) द्वारा आर्थिक लाभका दीर्घकालीन उद्देश्यसाथ हिंसाको भय वा भ्रष्टाचारलाई मुख्य साधन बनाई गर्नेगराउने दुर्व्यसनकारी पदार्थको तस्करी, मानिसहरूको तस्करी, सम्पत्ति शुद्धीकरण, हत्या, अपहरणजस्ता सङ्गिन अपराध। *[हे. सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (२) ।]*

सङ्गठित संस्था (Corporate body)- *ना.प.* [सं.] कानूनबमोजिम स्थापित वा दर्ता भई वैधानिकता कायम गरेका संस्था; कम्पनी, बैङ्क, समिति, सहकारी सघ, महासङ्घ; पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था र पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा सङ्गठित संस्थाको स्वामित्व भएको संस्था; कम्पनी वा गुठी र विश्वविद्यालय, महाविद्यालय वा विद्यालय; सङ्गठित संस्थाका रूपमा स्थापना भएको बैङ्क, पब्लिक कम्पनी, उद्योग; सरकारी वा गैरसरकारी संस्था; धितोपत्रको सार्वजनिक निष्कासन गर्न सक्ने गरी स्थापना भएको सङ्गठित संस्था। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३ को खण्ड (ठ), लेखापरीक्षण ऐन, २०७५ को दफा २ को खण्ड (च), मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ को उपदफा (१) को स्पष्टीकरण, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (छ), नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (प), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (प) र वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (थ) ।]*

सङ्गिन (Severe, serious, grevious)- *वि.* [फा.] डरलाग्दो; गम्भीर; कठोर। *ना.* बन्दुकका टुप्पामा जोडिएको भालाजस्तो हतियार।

सङ्गीत (Music)- *ना.* [सं.] शब्द, लय र ताल; नृत्य, गीत र वाद्यवादनको मेल; गायन तथा वाद्यवादन विद्या; बाजागाजाद्वारा धुन वा तालको उछाल ल्याउने काम। *[हे. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २ को खण्ड (क) ।]*

सङ्ग्रहालय (Museum)- *ना.* [सं.] ऐतिहासिक, पुरातात्विक वा प्राचीन महत्त्वका दुर्लभ तथा अनौठा वस्तुहरू सङ्ग्रह गरेर राखिएको स्थान वा घर।

सङ्घ (Federation, organization, institution)- *ना.* [सं.] सङ्घीय संरचनाको सबैभन्दा माथिल्लो एकाइको रूपमा रहेको तह; एकात्मक राज्यप्रणालीभन्दा भिन्न सङ्घात्मक संरचनाका सरकारहरूमध्ये सङ्घीय सरकार; खास उद्देश्य वा कार्यका लागि व्यक्तिहरूद्वारा खोलिएका सङ्घसंस्था। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ञ)) ।]*

सङ्घात्मक (Federal)- *वि.* [सं.] राज्यशक्तिको स्रोत केन्द्रमा मात्र नरही प्रदेश र स्थानीय तहमा समेत रहने; एकभन्दा बढी राज्य वा प्रदेश मिलेर शासनप्रणाली भएको व्यवस्था जसमा प्रदेशहरू आफ्नो क्षेत्रभित्रका आन्तरिक मामिलामा निर्णय लिन स्वतन्त्र हुन्छन्।

सङ्घीय आयोग (Federal commission)- *नाप.* प्रदेशको सीमाङ्कनसम्बन्धी विषयमा सुझाव दिन सङ्घीय सरकारद्वारा गठन गरिने आयोग। *[हे. नेपालको संविधानको धारा २९५ को उपधारा (१) ।]*

सङ्घीय एकाइ (Federal units)- *नाप.* सङ्घ, प्रदेश र स्थानीय तह। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ट)) ।]*

सङ्घीय भूउपयोग परिषद् (Federal Land Use Council)- *नाप.* भूउपयोगसम्बन्धी नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न सङ्घीय तहमा गठित परिषद्। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (त) ।]*

सङ्घीय शासन प्रणाली (Federal governance system)- *नाप.* कम्तीमा दुई तहको सरकार रहेको शासकीय प्रणाली; सङ्घात्मक शासन प्रणाली; एकै देशभित्र स्वायत्त प्रादेशिक राज्य र राष्ट्रिय तहमा सङ्घीय राष्ट्र राज्य रहने गरी संविधानद्वारा शासकीय शक्तिको बाँडफाँट गरिने शासन प्रणाली। *तु.* एकात्मक शासन प्रणाली।

सङ्घीय संसद् (Federal Parliament)- *नाप.* संविधानको धारा ८४ बमोजिम गठन हुने प्रतिनिधि सभा र धारा ८६ बमोजिम गठन हुने राष्ट्रिय सभाको संयोजित स्वरूप; सङ्घीय विधायिका; सङ्घीय व्यवस्थापिका। *[हे. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (३) को स्पष्टीकरण र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (थ) ।]*

सङ्घीय सञ्चित कोष (Federal Consolidated Fund)- *नाप.* गुठी रकम बाहेक सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकारअन्तर्गत

दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम सङ्घीय ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा आम्दानी बाँधिने सरकारी कोष; सङ्घीय सर्वसञ्चित कोष। *[हे. नेपालको संविधानको धारा ११६।]*

सचिव (Secretary)- *ना.* [सं.] सरकारका विभिन्न मन्त्रालयका सचिव; संवैधानिक अङ्ग तथा निकायका सचिव वा प्रशासकीय प्रमुख; सङ्घीय तहका सचिवालय तथा आयोगका सचिव र महालेखा नियन्त्रक; सरकारको विशिष्ट श्रेणीको पद; कुनै सङ्घसंस्थामा संस्थागत कार्यहरूको संयोजन गर्ने र निर्णय कार्यान्वयन गराउने प्रशासकीय पद; समिति, परिषद्, नियोग, आयोग, प्रतिष्ठानजस्ता बहुसदस्यीय कार्यकारी निकाय वा संयन्त्रका कामकाजलाई प्रशासकीय र व्यवस्थापकीय रूपले संयोजन गर्न निर्दिष्ट पदाधिकारी; सदस्यसचिव; महासचिव; मन्त्री। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (ल)।]*

सचिवालय (Secretariat)- *नाप.* कुनै पनि संस्थाको प्रधान कार्यालय; मन्त्री, सचिव आदिको कार्यालय; कार्यसम्पादन गर्ने मुख्यालय।

सचेतक (Whip)- *ना./वि.* [सं.] सम्बन्धित संसदीय दलले सचेतकको काम गर्न तोकेको सदस्य र मुख्य सचेतक वा प्रमुख सचेतक; कुनै विषयमा सावधान तथा सर्तक गराउने व्यक्ति; सचेत गराउने व्यक्ति; संसदमा कुनै पार्टीको तर्फबाट आफ्नो दलका सदस्यहरूलाई सञ्चार, समन्वय, नियन्त्रण गर्ने मुख्य व्यक्ति। *[हे. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (त)।]*

सचेतना (Awareness, cognizance)- *ना.* [सं.] जागरुकता; चेतना जगाउनु।

सचेतनामूलक कार्यक्रम (Awareness program, sensitization program)- *नाप.* कुनै विषयमा सर्वसाधारण वा लक्षित वर्गमा चेतना फैलाउने कार्यक्रम; जागरणमूलक क्रियाकलाप।

सजगता (Carefulness, alertness)- *ना.* [सं.] होसियारी; चनाखोपन; सतर्कता।

सजाति (Homogeneous)- *ना.* [सं.] समान जात वा वर्णको; एउटै जाति वा वर्गको।

सजाय (Punishment)- *ना.*[फा. सजा] कसुरको अभियोग प्रमाणित भएपछि कसुरदारलाई सिकाउन-सधाउन र पुनस्थापना गर्न गरिने उपचारव्यवहार; कसुरदारलाई जन्मकैद, कैद, जरिबाना, सामुदायिक सेवा गर्न लाउने, सुधारगृहमा राखेर प्रशिक्षित गर्ने, प्रतिभरण तिराउने (क्षतिपूर्ति) आदि दण्डभार; दण्डसजाय; दण्डभार; कानूनले गर्नू भनेको नगर्दा र नगर्नू भनेको गर्दा उत्तरदायित्व वा अभिभाराका रूपमा लादिने अनुसास्ती; कुनै कुरा पाउँदा प्रापकलाई प्राप्तिले

सुखद् अनुभव नगराउने र बेखुसी बनाउने व्यवहार वा उपचार। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (१) ।]*

सजायनिदान (Sentencing)- *ना.[*सजाय+निदान] न्यायिक पुर्पक्षबाट कसुर ठहर भैसकेपछि कसुरको गम्भीरता, कसुरबाट पीडितलाई परेको प्रभावको लेखाजोखा, कसुरदारका सामाजिक पारिवारिक परिवेश तथा सुधारका पक्षको लेखाजोखा, र कानूनमा रहेको सजायको मात्रा र हदसमेतको सूक्ष्म मूल्याङ्कन गरी कसुरदारका सुधार र पुन:स्थापनाका लागि उपयुक्त विकल्पको छनोट गर्ने र कार्यान्वयन गर्ने काम; कसुर ठहर भएपछि अपराधको गम्भीरता, पीडितको क्षति र कानूनी प्रावधानका आधारमा कसुरदारको उत्तरदायित्व (कैद, सुधारगृह, सामुदायिक सेवा, जरिबाना, प्रतिभरण) निर्धारण गर्ने र अवलम्बन/पालना गराउने काम; न्यायोचित दण्डको निर्धारण र कार्यान्वयन गर्ने गराउने काम।

सजायाफ्ता (Punished, penalized)- *वि.[*फा.] सजाय भोगिसकेको; दण्डित।

सजिया/सझिया (Joint, common of, undivided)- *वि.[*साझा+इया] साझा; गोश्वारा; सगोलको; बन्डा नभएको; धेरै हकदार भएको।

सझियार (Co-partner)- *ना.[*साझा+इयार] साझेदार; साझा हक भएको।

सञ्चय कोष (Provident fund)- *नाप.* कुनै पनि जोगिएको, बचेखुचेको वा जगेडा गरिएको रकम एकत्र गरिएको धनराशी; सञ्चय गरिएको रकम रहने कोष; कामदार वा कर्मचारीको मासिक तलबबाट केही अंश कपट्टा गरी रोजगारदाताबाट सोही अंश बराबर थप गरी छुट्याइने रकम जम्मा गरिएको वा जम्मा गर्ने कोष; त्यस्तो कोषमा जम्मा हुँदै जाने रकमको हिसाब राखी त्यसको ब्याज र अन्य सुविधा समेत जोडिँदो धनराशी; कामदार वा कर्मचारीका यस्ता धनराशीहरू सङ्कलन गरी राख्ने र कर्मचारी वा कामदारलाई तोकिएका व्यवस्थाबमोजिम फिर्ता भुक्तानी दिने वा अन्यत्र लगानी गरी धनराशी वृद्धि गर्ने, गराउनेसमेतका काम व्यवस्थित गर्ने संस्था; कर्मचारी सञ्चय कोष।

सञ्चार (Communication)- *ना.* [सं.] एक ठाउँबाट अर्को ठाउँमा सन्देश पुऱ्याउने कार्य; भाषा, पाठको प्रस्तुति, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयुक्त बहुमाध्यम, पहुँचयुक्त सूचना र सञ्चार प्रविधि लगायत सूचना, विचार र भावना आदानप्रदान गर्ने लेख्य-पाठ्य, कथ्य-श्रव्य वा श्रव्यदृश्य माध्यम; भाषा, मानववाचक तथा सञ्चारका प्रवर्धनात्मक वा वैकल्पिक तरिका, साधन र ढाँचा। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २ को खण्ड (ट) ।]*

सञ्चार अभिलेख (Communication Record)- *ना.प.* तार, कम्प्युटर वा कुनै विद्युतीय माध्यमबाट हुने वा भएको कुनै प्रकारको सञ्चारलाई विद्युतीय वा अन्य कुनै यन्त्रको माध्यमबाट अभिलेख गर्ने कार्य; कुराकानी, सवालजवाफ, संवाद-सहमति वा सूचना आदिलाई लेख्य, श्रव्य वा श्रव्यदृश्यस्वरूपमा बदल्ने वा अङ्कन गर्ने काम। *[हे. सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा २ को खण्ड (ज) ।]*

सञ्चार प्रतिष्ठान (Communication Enterprise)- *ना.प.* सञ्चारसम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीन जना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत हुने गरी स्थापना गरिने वा स्थापना भएको सार्वजनिक वा निजी सञ्चारमाध्यम वा सङ्गठित संस्था; सूचना र सञ्चारसम्बन्धी काम गर्ने संस्था वा कानूनी व्यक्ति। *[हे. श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा २ को खण्ड (ख) ।]*

सञ्चार सेवा प्रदायक (Communication Service Provider)- *ना.प.* टेलिफोन, मोबाइल तथा इन्टरनेट सेवा जस्ता विद्युतीय सूचना तथा सञ्चार सेवा प्रदान गर्न कानूनबमोजिम स्थापित कम्पनी वा संस्था; सञ्चारसम्बन्धी सेवा प्रदान गर्ने सेवादाता। *[हे. भुक्तानी तथा फस्यौंट ऐन, २०७५ को दफा २ को खण्ड (ढ) ।]*

सञ्चारमाध्यम (Communication medium)- *ना.* [सं. सञ्चार+माध्यम] सरकारी, सामुदायिक वा निजी क्षेत्रबाट समाचार, सूचना, मनोरञ्जनात्मक कार्यक्रम तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन वा प्रसारण गर्ने विद्युतीय, छापा वा इन्टरनेटमा आधारित सञ्चार माध्यम; सूचनाप्रवाह वा आदनप्रदान गर्ने इन्टरनेट, टेलिफोनजस्ता सञ्चारका साधन। *[हे. विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम २ को खण्ड (ख२) ।]*

सञ्चालक (Director)- *ना./वि.* [सं.] कुनै काम समूचित र सुव्यवस्थित रूपले गर्ने-गराउने मानिस; चलाउने वा गति दिने; संस्थागत कामका लागि मुख्य पदाधिकारी; संस्थागत नीतिनिर्माता वा कार्यकारी परिचालक; कम्पनीका मुख्य साझेदार; सङ्घसंस्थाको सञ्चालक समितिको सदस्य वा कार्यकारिणी सदस्य।

सञ्चालक समिति (Board of Directors, Steering Committee)- *ना.प.* कुनै पनि सङ्घ, संस्था, संस्थान, निकाय, दल आदिको उद्देश्यअनुरूप कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सदस्यहरूमध्येबाट गठन गरिने कामकाजी समूह; कार्यकारिणी; कार्यकारी समिति; कार्यसमिति।

सञ्चालन (Operation, steering, management)- *ना.* [सं.] कुनै पनि क्रियाकलाप वा गतिविधि अगाडि बढाउने काम; कार्यसम्पादन गर्ने काम; यन्त्र, साधन आदि चलाउने वा प्रयोगमा ल्याउने काम; प्रबन्ध गर्ने वा बन्दोबस्त मिलाउने काम।

सट्टा बिदा (Substitution leave)- *नाप.* कामदार वा कर्मचारीले सार्वजनिक बिदाको दिन काम गरेमा त्यसको साटोमा पाउने बिदा; बिदा परेका समयमा काम गर्नुपर्दा त्यसको सापोनापोमा अर्को दिन लिन पाइने बिदा।

सट्टापट्टा (Exchange, swap, interchange)- *ना.* [साट्+आ (द्वि.)] परस्परमा साट्ने काम; अदलीबदली; साटफेर; विनिमय; एउटा वस्तु दिएर अर्को वस्तु लिने काम।

सट्टाबिर्ता (Revenue free land given to the landowner by the then Government of 1862 B.S. in lieu of the captured land)- *ना.* [सट्टा+बिर्ता] वि.सं. १८६२ मा सरकारलाई पायक पर्ने जग्गा हरण गरी सो जग्गाको सट्टामा दिइएको बिर्ताजग्गा।

सट्टाभर्ना (Substitution, replacement)- *ना.* [सट्टा+भर्न+आ] आफूले लिएको मालवस्तु नाश भई वा हराउँदा सोको सट्टामा दिइने अर्को वस्तु; बिग्रिए भत्किए वा काम नगरे त्यसलाई फिर्ता लिई अर्को त्यस्तै वस्तुले प्रतिस्थापन गर्ने काम।

सडक बोर्ड (Roads Board)- *नाप.* सडकको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न तथा सडकमा चल्ने सवारी साधनहरूमा दस्तुर लगाई उठाउने व्यवस्था गर्न स्थापना गरिएको बोर्ड। *[हे. सडक बोर्ड ऐन, २०५८ को दफा २ को खण्ड (ख) र दफा 3 ।]*

सडक विभाग (Department of Roads)- *नाप.* नयाँ सडकको निर्माण गर्ने र भएका सडकहरूको जीर्णोद्धार तथा मर्मत गर्ने एक अड्डा; सडकको सर्भे, निर्माण र मर्मत गर्ने-गराउने सरकारी विभाग।

सडक सीमा (Road boundary)- *ना.* [सं.] सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँबायाँमा तोकिएको छोडिनुपर्ने जग्गाको क्षेत्र; सडक र नाली आदिले ओगट्ने क्षेत्र; सडकको आकारअनुसार सडक किनाराबाहिर पनि कुनै संरचना आदि बनाउन नमिल्ने भनी तोकिएको क्षेत्र। *[हे. सार्वजनिक सडक ऐन, २०३१ को दफा २ को खण्ड (ख) ।]*

सतीप्रथा (Sati Practice, a practice till Ashad, 1977 B.S. in which a widow sacrifices herself by sitting atop her deceased husband's funeral pyre, a system of burning a wife with her husband's dead body)- *ना.* [सं. सती+प्रथा] पति मरेपछि जिउँदी पत्नीलाई पतिको लाससँगै

जलाउने वा जल्न दिइने परम्परा वा चलन; नेपालमा वि.सं.१९७७ साल आषाढ २५ गतेसम्म कायम रहेको विवाहित महिलालाई पतिसँगै जीवन समाप्त गराउने अमानवीय प्रथा।

सत्कार्य पदक *(Satkarya Padak)- नाप.* मानवजीवनका विभिन्न क्षेत्रमा निस्वार्थ भावले संलग्न रही मुलुक तथा मानवजातिको उत्थान र कल्याणमा सराहनीय योगदान पुऱ्याउने जुनसुकै व्यक्तिलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २२ को उपनियम (१) ।]*

सत्ता पक्षको नेता (Leader of the ruling party)- *नाप.* सत्ता पक्षको तर्फबाट राष्ट्रिय सभामा सरकारी कार्य सञ्चालन गर्न प्रधानमन्त्रीद्वारा मनोनीत राष्ट्रिय सभाको कुनै सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (छ) ।]*

सत्ता पक्षको प्रमुख सचेतक (Chief Whip of the ruling party)- *नाप.* प्रतिनिधि सभामा बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रतिनिधि सभामा दश प्रतिशतभन्दा बढी सदस्य भएको सत्तामा सहभागी दलको संसदीय दलका नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सो सभाको सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (झ) ।]*

सत्ता पक्षको मुख्य सचेतक (Cheif Whip of the ruling party)- *नाप.* प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रधानमन्त्रीले प्रतिनिधि सभामा सत्ता पक्षको मुख्य सचेतक भई काम गर्न तोकेको सो सभाको सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ञ) ।]*

सत्ता पक्षको संसदीय दलको उप-नेता (Deputy Leader of the ruling party in Parliament)- *नाप.* सत्ता पक्षको नेताको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने अर्को सभासद्।

सत्ता पक्षको सचेतक (Whip of the ruling party)- *नाप.* प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रधानमन्त्रीले प्रतिनिधि सभामा सत्ता पक्षको सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य। *[हे. सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २ को खण्ड (ट) ।]*

सत्याग्रह (Non-voilent resistance, peaceful resistance, civil disobedience)- *ना.* [सं.] सत्य कुराको रक्षा वा पालनका लागि गरिने आग्रह; भद्र अवज्ञा आन्दोलन; सरकारसमक्ष असहयोग, धर्ना, अनशन आदिद्वारा गरिने शान्तिपूर्ण विरोध प्रदर्शन।

सत्यापन (Verification, validation, certification)- *ना.* [सं.] सत्यताको जाँचपडताल वा प्रमाणित गर्ने काम; सत्यता प्रमाणित गर्ने काम; सत्य सावित गर्ने काम; साँचोपन।

सत्र (Session, semester, an educational year)- *ना.* [सं.] शैक्षिक वर्ष; सत्रावधि; बैठक वा अधिवेशन।

सत्र न्यायालय (Session court)- *नाप.* कुनै निश्चित अवधिभित्र हत्या आदिको अभियोगबारे विचार गर्ने न्याय सभा वा अदालत; जुरी आदिको सहायताबाट हत्या आदिको अभियोगमा विचार गर्ने अदालत।

सत्रावसान (Prorogation of a session, end of the parliament session)- *ना.* [सं.] संसदको अधिवेशनको अन्त्य।

सदन (Parliament, legislature)- *ना.* [सं.] प्रतिनिधि सभा वा राष्ट्रिय सभाका बैठक; संसद्को बैठक; संसद्का समिति वा संयुक्त समितिको बैठक; संसद; व्यवस्थापिका; कुनै पनि सङ्घसङ्गठनको साधारण सभा, अधिवेशन वा महाधिवेशनका सञ्चालित अवस्थाको सत्र। *[हे. नेपालको संविधानको धारा १०३ को उपधारा (५) को स्पष्टीकरण।]*

सदय (Kindly, clement)- *वि.* [सं.] दयालु; दया भएको।

सदर (Capital, headquarters, chief)- *ना./वि.[*अ. सद्र] प्रशासन, व्यापार आदिका दृष्टिले महत्त्वपूर्ण ठाउँ वा केन्द्र; कामकाजको मुख्यालय; पुनर्विचार समर्थन वा परिवर्तनका लागि पेस गरिएको टिप्पणी, प्रस्ताव, राय वा निर्णयलाई माथिल्लो निकाय वा अधिकारीद्वारा यथावत रूपमै समर्थन गर्ने काम; सम्मति; स्वीकृति; समर्थन; प्रधान; मुख्य; उचित। *तु.* बदर।

सदर अदालत [Central court (in the capital)]- *नाप.* राजधानी वा मुख्य केन्द्रमा रहेको अदालत।

सदर अमिनी गोश्वारा (An office/court hearing reference cases during *Rana regime*)- *नाप.* राणाकालमा राजधानीमा रहेको साधक हेर्ने अड्डा।

सदर जैसी कोठा (An office dealing with the foreign affairs during *Rana regime*)- *ना.प.* राणाकालमा राजधानीमा रहेको वैदेशिक मामिला (विशेष गरी नेपाल सरकार र भोट सरकार) हेर्ने अड्डा।

सदरबदर (Approval and disapproval)- *ना.*[सदर+बदर] स्वीकृत वा अस्वीकृत गर्ने काम।

सदरस्याहा (Consolidated fund, a government fund of revenue)- *ना.*[सदर+स्याहा] स्थिर रूपमा जम्मा हुने सरकारी रकम; सञ्चित कोष दाखिला।

सदस्य (Member)- *ना.* [सं.] कुनै सङ्घ, संस्था, सभा आदिका नियमअनुसार आधिकारिक व्यक्ति; सभासद्; पार्षद्।

सदाचार (Integrity, good conduct, rectitutde)- *ना.* [सं.] सद्व्यवहार; असल आचरण।

सदाशय (Good intention, best thought)- *ना.* [सं.] राम्रो आशय; उत्तम विचार।

सद्गत (Obsequies, cremation, funeral)- *ना.* [सं.] दाहसंस्कार; अन्त्येष्टिक्रिया।

सद्गुण (Virtue, goodness)- *ना.* [सं.] असल र राम्रो गुण।

सद्भाव (Courtesy, good faith, friendly feeling)- *ना.* [सं.] असल भाव वा विचार; मैत्री भावना।

सद्भावना दूत (Goodwill Ambassdor)- *ना.प.* राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा कुनै कार्यक्रमको प्रवर्धन गर्न नियुक्त भएको वा तोकिएको दूत; मैत्री दूत।

सद्विवेक (Good conscience)- *ना.*[सं. सद्+विवेक]; भलो चिताएर गरिने सोचविचार; असल र खराब छुट्याउने सामर्थ्य; अन्तःकरण।

सधवा (Married woman; woman whose husband is alive)- *वि.* [सं.] पति जीवित भएको महिला; सधुवा। *तु.* विधवा।

सनद (Written Royal order or circular, decree)- *ना.* [अ.] कुनै कामको निकासा-फुकासा वा बन्दोबस्तका बारेमा दिइने सरकारी आज्ञापत्र; राजाज्ञाको प्रमाण; रुक्का।

सनदपुर्जी (Prime Minister's circular during *Rana regime*)- *ना.* [सनद+पुर्जी] राणाकालमा प्राइम मिनिस्टर वा मुख्तियारको छाप लागेको आदेश पुर्जी।

सनदसवाल (Laws and government's order during *Rana regime*)- *ना.* [सनद+सवाल] राणाकालका ऐन, नियम र सरकारी आज्ञापत्र।

सनाखत (Identification, confirmation, recognizance)- *ना.* [फा. सनाख्त] कुनै वास्तविक मानिस, वस्तु वा बेहोरा यही नै हो भनी यकिन गरी किटान गर्ने वा भन्ने कार्य; कसैलाई वा कुनै वस्तुलाई पक्का चिनेर यो यस रूप वा ढाँचाको छ, यसको हुलिया, आकार वा नाप यस्तो छ भनी उल्लेख गरी लेखिएको बेहोरा; अड्डामा अधिकारप्राप्त अधिकारी समक्ष कुनै विषयमा "यो काम वा कुरो यसो हो" भन्ने बेहोरा लेखी प्रमाणका लागि गरिने सहीछाप; अड्डामा आफै उपस्थित भई "यो कुरालाई म यसरी जान्दछु वा चिन्दछु वा मेरो जानकारीमा छ" भनी लेखेर गरिने सहीछाप वा त्यस्तो प्रमाण; कुनै घटनासँग सम्बद्ध मानिस वा वस्तु चिनाउने वा चिह्नित गर्ने काम।

सनातन (Perennial, eternal, perpetual)- *वि.* [सं.] सर्वकालीन; अज्ञात समयदेखि प्रचलनमा रही आएको; अविनाशी; शाश्वत।

सन्तान (Offspring, lineage, descent)- *ना.* [सं.] सन्तति; खलक; वंश वा कुलको अविछिन्न क्रम वा विस्तार।

सन्ताप (Mental distress or anxiety, grief, sorrow) - *ना.* [सं.] वेदना; मानसिक पीडा; मनको पिर।

सन्तुलन (Balance)- *ना.* [सं.] उचित तालमेल; समान रूपमा ल्याउने वा उपयुक्त स्थितिमा राख्ने काम; दुवै पक्षलाई उचित रूपमा मिलाएर राख्ने काम।

सन्दर्भसामग्री (Reference materials, reference)- *ना.* [सं.] अध्ययन, अध्यापन वा अनुसन्धानमा सन्दर्भको रूपमा उपयोग गरिने सामग्री; त्यस्ता सामग्रीको नामनामेसी वा सूची।

सन्दिग्ध (Doubtful, dubious, suspicious)- *ना.* [सं.] शङ्कास्पद; सन्देहपूर्ण; संशयपूर्ण।

सन्देह (Doubt, suspicion)- *ना.* [सं.] संशय; आशङ्का।

सन्धि (Treaty)- *ना.* [सं.] दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य वा अन्तरसरकारी सङ्गठनबिच लिखित रूपमा सम्पन्न भएको सम्झौता; राज्यहरूबिच पारस्परिक अधिकार र दायित्वका बारेमा सहमति कायम गरी सम्झौताका रूपमा लिपिबद्ध गरिएको अन्तरराष्ट्रिय लिखत। *[हे. नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड (क)।]*

सन्धि परित्याग (Denunciation of Treaty)- *नाप.* सन्धिमा उल्लेख भएको रीत पुऱ्याई सन्धि समाप्त गर्न गरेको घोषणा; सन्धिको कुनै पक्षले सो सन्धिका अभिभारा वा दायित्वबाट मुक्त हुने गरी अलग्गिने काम। *[हे. नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड (घ)।]*

सन्धि सम्पन्न गर्ने अधिकार (Power to conclude treaty)- *ना.प.*[सं.] सन्धिका सम्बन्धमा राष्ट्रका तर्फबाट वार्ता गर्ने, सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्ने, त्यस्तो सन्धिमा हस्ताक्षर गर्ने वा अपवादसर्त (आरक्षण) राख्ने वा तत्सम्बन्धी अन्य कुनै काम गर्ने अधिकार। *[हे. नेपाल सन्धि ऐन, २०४७ को दफा ३ को उपदफा (१) ।]*

सन्धिको अनुमोदन (Ratification of treaty)- *ना.प.* प्रारम्भिक हस्ताक्षर सम्पन्न भएको सन्धिलाई राष्ट्रको अधिकारप्राप्त निकायबाट समर्थन गर्ने काम; सन्धिलाई राष्ट्रको सर्वोच्च निकाय वा संसद्बाट पारित, अनुमोदन वा स्वीकरण गर्ने काम।

सन्धिको निलम्बन (Suspension of treaty)- *ना.* [सं.] सन्धिलाई निलम्बन गर्ने काम; सन्धिका कामकारबाहीलाई केही समयका लागि गरिने स्थगन।

सन्धिको समर्थन (Approval of treaty)- *ना.प.* प्रारम्भिक हस्ताक्षर सम्पन्न भएको सन्धिलाई राष्ट्रको अधिकारप्राप्त निकायबाट स्वीकृत गर्ने काम; सन्धिलाई राष्ट्रको सर्वोच्च निकाय वा संसद्बाट पारित गर्ने काम।

सन्धिको स्वीकृति (Acceptance of treaty)- *ना.प.* प्रारम्भिक हस्ताक्षर सम्पन्न भएको सन्धिलाई राष्ट्रको अधिकारप्राप्त निकायबाट अनुमोदन गर्ने काम; सन्धिलाई राष्ट्रको सर्वोच्च निकाय वा संसद्बाट पारित गरी स्वीकार्ने, अवलम्बन गर्ने वा लागु गर्ने काम।

सन्धिमा आरक्षण (Reservation of treaty)- *ना.प.* बहुपक्षीय सन्धिलाई हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा कुनै पक्षले सो सन्धिको कुनै प्रावधान आफूलाई लागु नहुने भनी गरेको घोषणा; त्यस्तो प्रावधानको व्याख्या कुनै पक्षले आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणा; सन्धिको पक्षले सन्धिको प्रावधान लागु गर्ने कुरामा राखेको अपवाद। *[हे. नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड (ग) ।]*

सन्धिमा सम्मिलन (Accession to treaty)- *ना.प.* सन्धिमा हस्ताक्षरको लागि खुला गरिएको समयमा हस्ताक्षर नगर्ने राष्ट्रले त्यस्तो सन्धि अनुमोदन गरी पक्ष हुने काम।

सन्धिसर्पन (Most essential adjoining land or house)- *ना.* [सं. सन्धि+सर्पण,सर्पन] कुनै व्यक्तिको घर वा जग्गासँग जोडिएको जग्गा; साँधसिमानामा जोडिएको सेरेकको जग्गाजमिन; आफ्नो घरजग्गासँग जोडिएको हक हस्तान्तरण गरी दिएको अर्को व्यक्तिको साँध जोडिएको कारणबाट कुलो पानी, बाटो निकास आदि बन्द हुने अवस्था; घर, जग्गा आदिको साँधमा पर्ने अति आवश्यक ठाउँ; घर वा जग्गाको नजिकको जग्गा; साँध-सिमाना। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४५४ को स्पष्टीकरण।]*

सन्नाटा (Silence, quite)- *ना.* [सं.] सुनसान; चकमन्न; निःशब्दता; शून्यता।

सन्निकट (Very close, proximate)- *वि.* [सं.] धेरै नजिक; अत्यन्त निकट।

सन्निहित (Merged, underling, vested, mixed in)- *वि.* [सं.] अन्तरनिहित; मिलाएर राखेको; समाविष्ट; गाभिएको।

सन्यास (Renunciation)- *ना.* [सं.] सम्पूर्ण इच्छा तथा आकांक्षाको परित्याग; सक्रिय जीवन वा गतिविधिबाट स्वेच्छाले लिने विश्राम।

सपाट (Plain, plateau)- *वि.* समथर; अग्लोहोचो वा उबड-खाबड नभएको।

सपाद (An extra quarter)- *ना.* [सं.] सवा; कुनै वस्तुको परिमाणमा एक पाउ वा एक चौथाइ बढी भएको।

सपुत/सपूत (Prideworthy son/daughter)- *ना.* [सं. सुपुत्र] गौरव गर्ने लायक सन्तान; असल सन्तान।

सपुर्दगी (Extradition, rendition)- *ना.* [फा. सिपुर्दगी] माग गर्ने राज्यको अनुरोधमा फरार अभियुक्त वा कसुरदारलाई त्यस्तो राज्यसमक्ष सुम्पिने कार्य; सुपुर्दगी।

सपुर्दगी कारबाही (*Aut dedere, aut punire;* either extradite or prosecute)- *ना.* [सं.] फरार अभियुक्त वा कसुरदारलाई या त माग गर्ने राज्यसमक्ष सपुर्दगी गर्ने काम सपुर्द गर्नुपर्ने वा भएकालाई कानूनबमोजिम चलाइने कारबाही।

सपुर्दगी माग गर्ने राज्य (Requesting state)- *नाप.* फरार अभियुक्त वा कसुरदारको सपुर्दगीको लागि कुनै राष्ट्रको सरकारसमक्ष अनुरोध गर्ने विदेशी राज्य।

सपुर्दगी सन्धि (Extradition Treaty)- *ना.* [सं.] फौजदारी अभियुक्त वा कसुरदारलाई सपुर्दगी गर्न सकिने गरी राष्ट्रहरूबिच भएको सन्धि वा सम्झौता।

सपुर्दगीका लागि माग गरिएको राज्य (Requested state)- *नाप.* सपुर्दगी गर्नका लागि माग गर्ने राष्ट्रद्वारा आफ्ना अभियुक्त वा कसुरदारलाई सपुर्दगी गरिदिन अनुरोध गरिएको विदेशी राज्य।

सप्ताह (Week)- *ना.* [सं.] सात दिनको समूह; हप्ता; साता।

सप्रमाण (With proof)- *वि./क्रिवि.* [सं.] प्रमाण सहितको; प्रमाण भएको; प्रमाणसाथ; प्रमाणसहित।

सफाइ (Acquittal, defense, clarification)- *ना.* [सफा+आइ] लागेको खतबात, मुद्दा आदिको निर्णय भई अभियोगबाट छुटकारा; दोषबाट मुक्ति; सफा हुने छाँट वा शुद्धता; निर्दोषिता वा निर्मलता।

सफ्टवेयर (Software)- *ना.* [अङ्.] कम्पयुटरको अदृश्य यान्त्रिक व्यवस्था; कम्प्युटर हार्डवेयर सञ्चालन गर्ने क्षमता भएको सिस्टम सफ्टवेयर र अनुप्रयोग (अप्लिकेसन) सफ्टवेयरजस्ता कम्प्युटर प्रणालीका कुनै खास अंश; कम्प्युटरद्वारा सम्पादन गर्न सकिने विभिन्न क्रियाकलापका यन्त्रबद्ध कार्यक्रमिक ढाँचा। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (र) ।]*

सबक (Lesson)- *ना.* [अ.] बारम्बार सचेत गराउँदा पनि दुःख दिइरहने वा सताइरहने व्यक्तिलाई असर पर्ने गरी सिकाइने पाठ; अपराध वा गल्ती गर्नेलाई दिइने सजाय वा त्यस्तो पाठ; चेतावनी।

सब-कन्ट्र्याक्टर (Sub-contractor)- *ना.* [अङ्.] कुनै खरिद सम्झौता गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकसँग छुट्टै सम्झौता गरी त्यस्तो खरिद सम्झौताअन्तर्गतको कुनै कार्य गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायक; पेटी ठेकदार। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ण) ।]*

सबुत/सबुद (Proof, evidence)- *ना.* [अ.] कुनै कुराको यथार्थ प्रमाण; दसी वा निस्सा; मुद्दामामिला आदिमा प्रमाण, साक्षी, लिखत आदि सबै कुरा बुझ्न सकिने अवस्था वा तिनको समष्टि रूप।

सबैका लागि शिक्षा (Education for all)- *नाप.* उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरी सबैको समान पहुँच सुनिश्चित हुने गरी प्रदान गरिने शिक्षा।

सभा (Assembly, meeting)- *ना.* [सं.] समान उद्देश्य प्राप्तिका लागि सार्वजनिक स्थलमा जम्मा भएका मानिसहरूको समूह।

सभाध्यक्ष (Chairperson)- *ना.* [सं.] सभा सञ्चालनको जिम्मेवारी लिएको प्रमुख व्यक्ति।

सभापति (Chairperson)- *ना.* [सं.] सभा, समारोह, गोष्ठी आदि सञ्चालनको सभापतित्व गर्ने व्यक्ति।

सभामुख (Speaker)- *ना.* [सं.] जनप्रतिनिधिमूलक तल्लो सदनको प्रमुख; प्रतिनिधि सभा वा प्रदेश सभाको प्रमुख।

सभासद् (Councillor, the member of an assembly)- *ना.* [सं.] सभाको सदस्य; सभामा भाग लिने व्यक्ति; पार्षद।

समकक्षता (Equivalency)- *ना.* [सं.] शैक्षिक उपाधिको स्तर निर्धारण गर्ने काम: समान स्तर भएको अवस्था।

समकक्षता निर्धारण (Equivalency determination)- *नाप.* समकक्षता निक्यौंल गर्ने काम।

समकक्षी (Counterpart)- *ना.* [सं.] समान तहमा रहेर काम गर्ने व्यक्ति।

समकालीन (Contemporary)- *वि.* [सं.] एकै समयको; उही बखतको।

समझदारी (Understanding, wisdom)- *वि.* [प्रा. समुज्झ+दार+ई] बुद्धिमानी; होसीयारी।

समझदारीपत्र (Memorandum of Understanding)- *ना.* [समझदारी+पत्र] दुई पक्षबीच भएको सम्झौता/समझदारीको लिखत; लिखित समझदारीको अभिलेख।

समता (Equity, parity, impartial, evenness)- *ना.* [सं.] समन्याय; समानता; समभाव; निष्पक्षता; सन्तुलन; समदृष्टि।

समन्याय (Equity, fairness)- *ना.* [सं. सम+न्याय] समान सामाजिक न्यायको भावना; समानता र सन्तुलनसँगै नैतिक रूपले पनि न्यायोचित व्यवहार सुनिश्चित गर्ने न्याय।

समन्यायिक (Equitable)- *वि.* [सं.] न्यायमा सबैको समान अवस्था; समतामूलक।

समन्वय (Coordination)- *ना.* [सं. सम्+अन्वय] बराबर मिलेको वा मिलाइएको अवस्था; एकआपसमा दोहोरो सम्पर्क, सम्बन्ध र सहकार्य; पारस्परिक सम्बन्ध स्थापना गर्ने काम।

समन्वय समिति (Coordination Committee)- *नाप.* कुनै विषयमा समन्वय गर्ने कामको लागि स्थापना गरिएको समिति।

समपहरण (Confiscation of property as a punishment)- *ना.* [सं. सम्+अपहरण] दण्डका रूपमा कसैको धनसम्पत्ति आफ्ना नियन्त्रणमा लिने काम; जफत गर्ने काम; दण्डाअधिग्रहण।

समपूरक अनुदान (Complementary grants)- *नाप.* सङ्घीय सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा

भौतिक क्षमता वा जनशक्ति र योजनाको आवश्यकता र प्राथमिकता आदिलाई आधार बनाई प्रदान गर्ने अनुदान। *[हे. अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा १०।]*

समभाव (Equality, similarity, co-feeling)- *ना.* [सं.] सद्भाव; समान दृष्टि; समान भावना; निष्पक्षता।

समयगत रोजगारी (Time-based employment)- *नाप.* रोजगारदाताले श्रमिकलाई निश्चित समयावधि तोकी सो अवधिभित्र कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी। *[हे. श्रम ऐन, २०७४ को दफा १० को उपदफा (१) को स्पष्टीकरण।]*

समरूप मालवस्तु (Identical goods)- *नाप.* बनोट, गुण, प्रकृति र विशेषतालगायत सम्पूर्ण कुरा एकै किसिमको भएको मालवस्तु; समरूप वस्तु; दुरुस्त उस्ताउस्तै वस्तु। *[हे. भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (८) को स्पष्टीकरण र सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ को दफा २ को खण्ड (न)।]*

समरूपता परीक्षण (Homogeneity test)- *नाप.* प्रयोगशाला विश्लेषण, अङ्कन, वस्तु, सेवा, प्रक्रिया वा व्यक्तिको सक्षमताको वा प्रणालीको प्रमाणीकरण, निरीक्षण, प्रमाणित सन्दर्भसामग्री उत्पादन, प्रवीणता परीक्षणजस्ता कार्य गर्दा निर्धारित मापदण्ड पालना गरे वा नगरेको सुनिश्चित गर्ने कार्य। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (ण)।]*

समरूपता परीक्षण गर्ने संस्था (Conformity testing organization)- *नाप.* वस्तु, सेवा, प्रक्रिया, व्यवस्थापन प्रणालीको वा व्यक्तिको सक्षमताको प्रमाणीकरण गर्ने संस्था। *[हे. प्रत्यायन ऐन, २०७९ को दफा २ को खण्ड (त)।]*

समर्थन (Approval, secondment)- *ना.* [सं.] कुनै प्रस्ताव वा विषयमा सहमति जनाउनु।

समवेत (United, adjoined, inseparable)- *ना.* [सं.] जोडिएको; सम्मिलित; घनिष्ठ; अन्तर्भूत; एकत्र भएको।

समवेदना (Condolence, sympathy)- *ना.* [सं.] मृत्यु, वियोग आदिमा वेदना वा पीडा अनुभव हुँदा प्रकट गरिने भाव; सहानुभूति; उस्तै वेदना भएको छ भन्ने अर्थ दिने शब्द।

समाचार (News)- *ना.* [सं.] समयानुकूलता, महत्त्व र सम्भावित प्रभावको विचार गरी उल्लेखनीय ठहरिएको कुनै घटना वा अवस्था विषयक नयाँ प्रतिवेदन वा विवरण; सन्देश; अखबारमा छापिएको खबर; सूचना; विद्युतीय सञ्चार माध्यममा प्रकाशित खबर; सर्वसाधारणको खपतको

लागि कुनै तथ्य वा सूचनालाई प्रशोधन गरी सञ्चारमाध्यमबाट खबर वा समाचारका रूपम प्रक्षेपित सूचना वा शिक्षामूलक सामग्री। *[हे. राष्ट्रिय समाचार समिति ऐन, २०१२ को दफा २ को खण्ड (ग) ।]*

समाचारदाता (News reporter, correspondent)- *ना.* [सं.] समाचार दिने व्यक्ति; संवाददाता।

समाचारपत्र (Newspaper)- *ना.* [सं.] सार्वजनिक महत्त्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरू समेत भएको सार्वजनिक रूपमा बिक्री वा वितरण हुने पत्रपत्रिका वा प्रकाशन। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (घ) ।]*

समाचारपत्रिका (Bulletin)- *ना.* [सं.] सार्वजनिक समाचार वा त्यसको टिप्पणी तथा विश्लेषण भएको तर समाचारपत्रमा नगनिने समाचारसम्बन्धी कागजपत्र। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ङ) ।]*

समाज कल्याण कार्य (Social welfare activity)- *नाप.* समाजका कमजोर, असहाय र अशक्त व्यक्तिका लागि सेवा पुऱ्याउन र समाजका पिछडिएका वर्गलाई आर्थिक एवम् सामाजिक रूपमा सक्षम बनाउन गरिने सामाजिक कार्य; समाज वा समुदायका आमसदस्यमध्ये सेवा, सहयोग वा उपकार आवश्यक भएका मानिसलाई त्यस्ता सेवा सहयोग वा उपकारका लागि टेवा दिने वा मद्दत गर्ने कार्य। *[हे. समाज कल्याण ऐन, २०४९ को दफा २ को खण्ड (क) ।]*

समाज कल्याण कार्यक्रम (Social welfare programme)- *नाप.* सामाजिक कल्याण कार्यसँग सम्बन्धित विभिन्न क्रियाकलापबाट देशको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनको सञ्चालन गरिने कार्यक्रम; समाजमा विभिन्न वर्ग वा समुदायका मानिसको हित हुने किसिमका क्रियाकलाप। *[हे. समाज कल्याण ऐन, २०४९ को दफा ३ ।]*

समाज कल्याण परिषद् (Social Welfare Council)- *नाप.* सामाजिक सङ्घसंस्थाहरूको समन्वय, सहयोग परिचालन र प्रवर्धन गरी सुव्यवस्थित तरिकाले समाज कल्याण कार्य सञ्चालन गर्न स्थापना गरिएको परिषद्। *[हे. समाज कल्याण ऐन, २०४९ को दफा २ को खण्ड (घ) र दफा ५ ।]*

समाजवाद (Socialism)- *ना.* [सं.] समाजको आर्थिक विषमता हटाएर देशको सम्पूर्ण कुरामा समाजको अधिकार रहनुपर्छ भन्ने राजनीतिक दर्शन वा सिद्धान्त; समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण सम्पत्तिमा कसैको एकलौटी अधिकार

हुन नदिई सबैले मिलेर परिश्रम गर्ने, उत्पादन र उपभोक्ताका साधनहरूमा समाजका साझा अधिकार रहनु पर्छ भन्ने राजनीतिक सिद्धान्त।

समाजशास्त्र (Sociology)- *ना.* [सं.] समाज र यसका संरचनाको अध्ययन गर्ने विधा वा शास्त्र; समाज र संस्कृतिको उत्पत्ति वा विकासको बारेका विश्लेषण गर्ने शास्त्र; समाजविज्ञान।

समाजशास्त्री (Sociologist)- *ना.* [सं.] समाजशास्त्रको ज्ञाता वा विद्वान; समाजवैज्ञानिक।

समाजसेवा (Social service)- *ना.* [सं.] नाफाको उद्देश्य नराखी व्यक्तिगत वा सामूहिक रूपमा गरिने समाज कल्याण कार्य; समाजका विभिन्न समस्या सम्बोधन गरी समाधान निकाल्नमा गरिने योगदान। *[हे. समाज कल्याण ऐन, २०४९ को दफा २ को खण्ड (ख) ।]*

समाजसेवा पदक *(Samaj Sewa Padak)- नाप.* सामाजिक क्षेत्रमा उल्लेखनीय सेवा गर्ने लब्ध प्रतिष्ठित समाजसेवीलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २३ को उपनियम (१) ।]*

समाजसेवा रत्न (*Samaj Sewa Ratna)- नाप.* सामाजिक सेवाको कुनै पनि क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने वा वृद्ध, बालबालिका, अशक्त, असहाय, अपाङ्गलगायत शारीरिक वा मानसिक रूपमा पीडित रहेका व्यक्तिको उद्धार हुने किसिमका कार्य गर्ने व्यक्तिलाई प्रदान गरिने अलङ्कार; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम १७ को उपनियम (१) ।]*

समादेश (Command)- *ना.* [सं.] सरकारको विशेष आदेश; राजाज्ञा; हुकुम; सैनिक वा फौजी बलमा माथिल्लो अधिकारीले तल्ला अधिकारीलाई आफ्ना तैनाथीमा राख्ने काम; त्यस्तो माथिल्लो अधिकारीले तल्ला अधिकारी वा जवानलाई गर्ने अह्रोट वा खटनपटन।

समाधीक्षक (Special rapporteur)- *ना.* [सं.] कुनै राष्ट्रको मानवअधिकारको विषयगत क्षेत्रमा अनुगमन गर्न नियुक्त गरिएको संयुक्त राष्ट्रसङ्घीय अधिकारी; विशेष प्रतिवेदक; विशेषालेखक; विशेष प्रलेखक।

समाधेय (Soluble, resolvable)- *वि.* [सं.] समाधान गर्न सकिने; सुल्झाउन सकिने।

समानता (Equality, similarity, likeness)- *ना.* [सं.] बराबरको स्थिति; समान हुँदाको अवस्था।

समानुपात (Proportion, commensurate, equal ratio)- *ना.* [सं.] समान परिमाण वा मात्रा; एकनासको अनुपात।

समानुपातिक (Proportionate)- *वि.* [सं.] बराबरी अनुपातको; बराबर अनुपान हुने।

समानुपातिक निर्वाचन प्रणाली (Proportional Electoral System)- *ना.* [सं.] सम्पूर्ण देशलाई एक निर्वाचनक्षेत्र मानी राजनतीतिक दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको जम्मा मतसङ्ख्याका अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली; अनुपातमा आधारित निर्वाचन प्रणाली। *[हे. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (ध) तथा दफा ५ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (न) तथा दफा ५।]*

समापन्न (Coincidently)- *वि.* [सं.] संजोगले भएको; सांयोगिक; संयोगात।

समायोजन (Adjustment, adaptation, accomodation)- *ना.* [सं.] सङ्घ, प्रदेश वा स्थानीय तहका सेवा वा पदमा पदस्थापन गर्ने कार्य; स्वीकृत प्रहरी कर्मचारीलाई नेपाल प्रहरी वा प्रदेश प्रहरीको सङ्गठन संरचनाको पदमा पदस्थापन गर्ने कार्य; कसैलाई वातावरण वा परिस्थितिको अनुकूल बनाउने काम; संयोजन; आवश्यक परेका वा खोजेका बेलामा पाइने गरी वस्तु वा जनशक्तिलाई जगेडामा राख्ने वा जोरजाम गर्ने काम। *[हे. कर्मचारी समायोजन ऐन, २०७५ को दफा २ को खण्ड (ङ) र प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ को दफा २ को खण्ड (घ)।]*

समायोजित करयोग्य आय (Adjusted taxable income)- *ना.* [सं.] कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आयको गणना गर्दा कुनै रकम नघटाई तथा कट्टी नगरी गणना गरिएको करयोग्य आय। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कन१)।]*

समालोचना (Critique, review, criticial analysis)- *ना.* [सं.] खास विषयमा राम्रा, नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम; समीक्षा; विवेचना; समालोचन।

समावेदन (Special request or petition, application for special purpose)- *ना.* [सं.] विशेष प्रयोजनका लागि गरिएको आवेदन वा आह्वान; विशेष हिसाबले तयार गरिएको निवेदन, आवेदन, बिन्तीपत्र।

समावेशी (Inclusive)- *वि.* [सं. समावेश+ई] आर्थिक, सामाजिक वा शैक्षिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य आदि समावेश भएको; कुनै विषय अर्को विषयमा मिलेको वा अन्तर्भाव भएको; सामेल; सहभागी।

समावेशी शिक्षा (Inclusive education)- *नाप.* दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक

पद्धतिको अधीनमा रही दिइने शिक्षा वा सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ१क) ।]*

समावेशीकरण (Inclusion)- *ना.* [सं.] समावेशन; समावेश गर्ने काम वा प्रक्रिया; आर्थिक, सामाजिक वा शैक्षिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई राज्यको निकायमा सहभागिता गराउने प्रक्रिया।

समाह्वान (Summons, an order to appear in the court in criminal cases)- *ना.* [सं.] बोलाउने काम; फौजदारी मुद्दाका कारबाहीमा अदालतमा हाजिर हुनका लागि प्रतिवादीलाई अदालतबाट पठाइने पुर्जी; हाजिरपुर्जी।

समिति (Committee, board)- *ना.* [सं.] कुनै काम विशेषका लागि गठन गरिएको मण्डल; परिषद्; सभा; कचहरी।

समीक्षा (Review, criticism, evaluation)- *ना.* [सं.] कुनै विषयलाई राम्ररी नियालेर हेर्ने काम; समालोचना; सन्तुलित हेराइ।

समीपवर्ती (Adjacent, proximative, adjoining)- *वि.* [सं.] छेउको; नजिकको; निकटवर्ती; आसपासमा पर्ने; नजिकमा रहेको।

समुदाय (Community)- *ना.* [सं.] कुनै उद्देश्य विशेषले स्थापित वा सञ्चालित संस्था वा समिति; कुनै धर्म, लिङ्ग, जात, जाति, क्षेत्र, भाषा, सम्प्रदायको हक, हितको संरक्षण, संवर्धन, उन्नयन, विकास, सशक्तीकरण वा प्रबलीकरणका लागि स्वतःस्फूर्त अग्रसर हुने व्यक्तिहरूको स्थापित समूह; जमात; मानिसहरूको समूह।

समुदायद्वारा सञ्चालित विद्यालय (Community-run school)- *नाप.* स्थानीय निकाय वा विद्यालय व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (छ१) र नियम 22क. ।]*

समुदायमा आधारित संस्था (Community based organization)- *नाप.* कुनै सेवा सञ्चालन गर्ने वा निर्माण कार्य गर्ने उद्देश्यले समुदाय स्तरमा गठन गरिएको संस्था।

समुन्नत (Improved, developed, progressed)- *ना.* [सं.] प्रशस्त उन्नति गरेको; ज्यादै उचाइमा पुगेको; आर्थिक दृष्टिले सम्पन्न।

सम्झौता (Agreement, contract)- *ना.* [सम्झ+औता] करार भएको वा नभएको कुनै निश्चित कानूनी सम्बन्धका विषयमा तत्काल उठेको वा भविष्यमा उठ्न सक्ने विवादलाई मध्यस्थताद्वारा समाधान गराउनको लागि पक्षहरूबिचको लिखित सहमति; कुनै व्यक्ति, समूह वा देशका बीचमा कुनै कुराको सम्बन्धमा हुने सन्धि वा समझदारी; परस्पर विरोधी व्यक्ति, समूह आदिका बीच हुने मेलमिलाप, मिलापत्र; परियोजना कार्यान्वयन गर्न सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह वा बोर्ड र लगानीकर्ताबिच भएको परियोजना विकास सम्झौता; परियोजना लगानी सम्झौता; सुविधा सम्झौता; अन्य यस्तै प्रकारका सम्झौता। *[हे. मध्यस्थता ऐन, २०५५ को दफा २ को खण्ड (क) र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ध) ।]*

सम्झौता मूल्य (Contract price)- *नाप.* खरिद सम्झौतामा उल्लिखित खरिद मूल्य वा त्यस्तो सम्झौताअन्तर्गत भेरिएसन आदेश जारी गरिएकोमा त्यस्तो आदेशबमोजिम भएको काम नापजाँच गर्दा कायम भएको मूल्य; मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (थ) ।]*

सम्पत्ति (Property, wealth)- *ना.* [सं.] उपभोग गर्न, खरिद, बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोबार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद, वस्तु वा कार्य; कसैको अधिकारमा रहेको चल वा अचल, मूर्त वा अमूर्त, भौतिक वा अभौतिक धनदौलत; कुनै मूल्य भएको वस्तु वा उपकरण, त्यस्तो सम्पत्तिउपर रहेको वा कायम हुने हक, हित, दाबी वा अधिकार स्थापित गर्ने कुनै प्रकारको कागजात, निस्सा, प्रमाणपूर्जा वा विद्युतीय अन्य कुनै उपकरण; बौद्धिक सम्पत्ति; मुद्रा, ख्याति, प्राविधिक ज्ञान, जायजेथा, कुनै व्यक्तिको विदेशी शाखामा रहेको स्वामित्व वा हित; आम्दानी गर्ने वा भविष्यमा आम्दानी प्राप्त गर्ने अधिकार र कुनै त्यस्तो सम्पत्तिको कुनै भाग। *[हे. मुलुकी देवानी संहिता,२०७४ को दफा २ को खण्ड (छ) तथा दफा २५१, मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २ को खण्ड (थ), नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २ को खण्ड (घ), सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा २ को खण्ड (झ), कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २ को खण्ड (ट), वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ), आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कध) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ष) ।]*

सम्पत्ति प्राप्त गर्ने कार्य (Acquisition of property)- *ना.* [सं.] खरिदकर्ता, दान प्राप्त गर्ने, धितो लिने वा बन्धकी लिने व्यक्तिका रूपमा सुरक्षण प्राप्त गर्ने व्यक्तिले सम्पत्ति लिने वा अन्य कुनै स्वेच्छिक कारोबारबाट सम्पत्तिउपर कसन किसिमको हक सिर्जना वा कायम गर्ने कार्य। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ह) ।]*

सम्पत्ति शुद्धीकरण (Money laundering)- *नाप.* गैरकानूनी रूपमा आर्जन गरेको कुनै किसिमको चल, अचल सम्पत्ति शुद्ध पार्ने (कानूनी बनाउने) कार्य; कालो धनलाई वैध बनाउने कार्य; मुद्रानिर्मलीकरण।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग (Department of Money Laundering Investigation)- *नाप.* सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्न नेपाल सरकारले स्थापना गरेको विभाग। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (व) र दफा ११ को उपदफा (१) ।]*

सम्पत्ति हस्तान्तरण (Transfer of property)- *नाप.* कुनै व्यक्तिले आफ्नो हक र स्वामित्वमा रहेको सम्पत्ति अन्य व्यक्तिलाई बिक्री, दान, बकस वा अन्य कुनै तवरले हस्तान्तरण गरी दिएमा त्यस्तो सम्पत्ति पाउने व्यक्तिको नाममा हस्तान्तरण हुने सम्पत्ति; कसैले कसैलाई सम्पत्ति दिने कार्य। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४१३ ।]*

सम्पत्तिको आपराधिक उपयोग (Criminal misappropriation of property)- *नाप.* अर्काको सम्पत्ति बेइमानीको नियतले कब्जा गरी उपयोग गर्ने, हानि, नोक्सानी वा हिनामिना गर्ने वा सम्बन्धित व्यक्तिको मन्जुरविना भाडामा लगाउने वा बेचबिखन गर्ने कार्य; बेवारिसी सम्पत्ति पाउने व्यक्तिले त्यस्तो सम्पत्तिको धनी थाहा भएर वा त्यस्तो सम्पत्तिको धनी थाहा हुँदाहुँदै वा थाहा पाएपछि पनि मनासिब समयभित्र त्यस्तो धनीलाई त्यस्तो सम्पत्ति फिर्ता नगर्ने वा सम्पत्ति फिर्ता लिन सूचना नदिने कार्य; त्यसरी पाइएको बेवारिसी सम्पत्तिको धनीलाई उचित म्यादसम्म नपर्खी बेइमानीपूर्वक सो सम्पत्ति आफ्नो निमित्त उपयोग गर्ने वा कुनै प्रकारले रूपान्तरण गर्ने कार्य। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा २५१ को उपदफा (२) ।]*

सम्परीक्षण (Scrutiny, re-examination)- *ना.* [सं.] आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजुबारे पेस हुन आएका स्पष्टीकरण वा प्रतिक्रियासाथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्स्यौटसम्बन्धी कार्य; प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने बेरूजुको फर्स्यौट; एक पटक

परीक्षण भइसकेको वस्तुको परीक्षण ठीक भए नभएको अर्को पटक जाँच्ने काम वा त्यस्तो प्रक्रिया; दोस्रो पटक जाँच्ने काम; पुनःपरीक्षण; एकदमै सूक्ष्म रूपले गरिने परीक्षण। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (व) ।]*

सम्पर्क (Contact, liaison)- *ना.* [सं.] कुनै माध्यमबाट सम्बन्ध स्थापना गर्ने काम; चिनापर्ची; संवाद वा कुराकानी; भेटघाट; चिठीपत्र वा फोन आदि माध्यमबाट कसैसँग गरिने सम्बन्ध; मिलावट; संयोग वा जोडाइ।

सम्पर्क अधिकृत (Liaison Officer, nodal person, focal person)- *ना.* [सं.] पर्वतारोही दलको साथमा जान सरकारले खटाएको कर्मचारी; कुनै निकायमा कसैले सम्पर्क गर्नुपरेमा निकायका तर्फबाट सम्पर्क गर्न जिम्मेवारी तोकिएको कर्मचारी। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (च) ।]*

सम्पादक (Editor)- *ना.* [सं.] पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन तथा सम्पादन गर्ने उत्तरदायित्व भएको व्यक्ति; कुनै पनि लेखरचना आदिको पाठलाई प्रकाशन प्रसारण योग्य वा प्रस्तुतियोग्य बनाउन गरिने छाँटकाँट गर्ने व्यक्ति; कुनै पनि जिम्मेवारीका काम सम्पन्न गर्ने व्यक्ति। *[हे. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २ को खण्ड (ञ) ।]*

सम्पादन (Editing)- *ना.* [सं.] पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन, व्यवस्थापन वा काँटछाँट; सम्पादकको काम; कुनै पनि काम पूरा गर्ने प्रक्रिया वा अवस्था।

सम्प्रदाय (Sect, community, school)- *ना.* [सं.] एउटै सिद्धान्त, मत, विचार वा विश्वास भएका मानिसहरूको वर्ग; कुनै मत वा धर्मका अनुयायीहरूको समूह।

सम्प्रभु (Sovereign)- *वि.* [सं.] आफूमा नै सम्पूर्ण शक्ति वा सम्प्रभुता भएको; सार्वभौम।

सम्प्रभुता (Sovereignty)- *ना.* [सं.] सम्प्रभु भएको अवस्था; सार्वभौम भएको अवस्था; सार्वभौम सत्ता।

सम्बद्ध आय (Associated income)- *ना.* [सं.] कुनै आय वर्षमा कुनै नियन्त्रित विदेशी निकायको करयोग्य आय गणना गर्दा सो निकायलाई बासिन्दा निकाय भएसरह मानी गणना गरिएको करयोग्य आय। *[हे. आयकर ऐन, २०५८ को दफा ६९ को उपदफा (८) को स्पष्टीकरण।]*

सम्बद्ध कुरा (Relevant fact)- *नाप.* मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायक हुने कुरा; घटना र प्रमाणको अन्तरबद्धता स्थापित गर्ने सम्बन्धित कुरा वा वस्तु। *[हे. प्रमाण ऐन, २०३१ को दफा ३ को स्पष्टीकरण।]*

सम्बद्ध व्यक्ति (Associated person)- *ना.* [सं.] एक अर्को व्यक्तिको मनसायअनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिहरूको समूह; प्राकृतिक व्यक्ति र सो व्यक्तिको नातेदार वा कुनै व्यक्ति वा सो व्यक्तिको साझेदार, विदेशी स्थायी संस्थापन र सो संस्थापनमा स्वामित्व भएको व्यक्ति; कुनै निकाय आफै वा आफूसँग सम्बन्धित अन्य व्यक्ति वा सहयोगी निकाय वा त्यस्ता सहयोगी निकायसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायसँग मिलेर कुनै निकायको आय, पुँजी वा मताधिकारको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय; कम्पनीको सञ्चालक, पदाधिकारी, सेयरधनी वा त्यस्तो कम्पनीको मूल कम्पनी वा सहायक कम्पनीको सञ्चालक, पदाधिकारी वा सेयरधनी र सो कम्पनी वा त्यस्तो कम्पनीको मूल कम्पनी वा सहायक कम्पनीको सञ्चालक, पदाधिकारी वा सेयरधनीको पति, पत्नि, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, दाजु, भाइ, दिदी, बहिनी। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कन) र दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (द)।]*

सम्बद्धता निर्धारण (Relevancy determination)- *नाप.* कुनै शैक्षिक उपाधि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित छ छैन भन्ने द्विविधा भएमा त्यसउपर गरिने निक्यौंल।

सम्बद्धता निर्धारण समिति (Relevancy Determination Committee)- *ना.* [सं.] कुनै शैक्षिक उपाधि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित छ छैन भन्ने द्विविधा भएमा त्यसलाई निक्यौंल गर्न गठन हुने वा गठित समिति। *[हे. निजामती सेवा नियमावली, २०५० को नियम १२७ र सङ्घीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम १२५।]*

सम्बन्धन (Affiliation)- *ना.* [सं.] विशेष किसिमको बन्धन वा सम्बन्ध; सम्बन्ध हुने काम; कुनै शिक्षण संस्थाले आफ्नो शैक्षिक कार्यक्रम सञ्चालनका लागि अनुसरण गर्ने पाठ्यक्रम, भर्ना, सङ्कायको संरचना, परीक्षाविधि तथा उपाधि प्रदान गर्न विश्वविद्यालयसँग स्थापित गर्ने प्राज्ञिक सम्बन्ध र प्राप्त गर्ने मान्यता; कुनै संस्थाले प्राविधिक शिक्षाको कार्यक्रम सञ्चालनका लागि अनुसरण गर्ने पाठ्यक्रम, भर्ना, कार्यक्रम संरचना, परीक्षाविधि तथा उपाधि प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा प्रदान गरिएको औपचारिक प्राज्ञिक सम्बन्धन वा स्वीकृति। *[हे. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (न)।]*

सम्बन्धविच्छेद (Divorce, termination of marriage)- *ना.* [सं.] पारपाचुके; पतिपत्नीबिचको दामपत्यको टुटाइ; विवाहविच्छेद; सम्बन्ध तोड्ने काम; छुटानाम।

सम्बन्धित अधिकारी (Concerned officer)- *ना.* [सं.] कुनै काम गर्न जिम्मेवारी भएको अधिकारी; उठान गरिएको वा प्रश्न उठेको विषयक्षेत्रसँग सम्बन्धित आधिकारिक निकायका पदाधिकारी वा कर्मचारी। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (ङ) ।]*

सम्भरणनिधि (Provident fund)- *ना.* [सं.] सञ्चय कोष; कामदार वा कर्मचारीको निवृत्तिभरण कोष।

सम्भार (Maintenance, preservation)- *ना.* [सं.] हिफाजत; कुनै वस्तु, सामान आदिलाई बिग्रिन, मासिन नदिई सम्हालेर राख्ने काम; जोगाउने काम; जगेर्ना वा जगडा।

सम्मति (Consent, acceptance, approval, acknowledgement) - *ना.* [सं.] सहमति; स्वीकारोक्ति; अनुमोदन; एक मतमा पुग्ने कार्य।

सम्मान गारद (A guard of honour)- *ना.* [सं.] सम्मानस्वरूप दिइने विशेष सलामी; विशेष अवसरमा विशिष्ट व्यक्ति वा पदाधिकारीलाई दिइने विशेष सलामी।

सम्माननीय (Right hon'ble)- *वि.* [सं.] राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधिसभाको सभामुख र राष्ट्रिय सभाका अध्यक्षजस्ता उच्च पदासीन व्यक्तित्वलाई सम्मानार्थ गरिने सम्बोधन।

सम्मिलन (Accession, merger)- *ना.* [सं.] मिल्ने वा जोडिने काम; विलय।

सम्मुचित (Appropriate, resonable, just)- *वि.* [सं.] कानून वा व्यवहारका दृष्टिकोणले ठिक; उचित र न्यायसङ्गत।

सरकारद्वारा व्यवस्थित वन (Government-managed forest)- *नाप.* राष्ट्रिय वनको कुनै भागलाई सीमाङ्कन गरी सरकारबाट स्वीकृत रणनीतिक योजनाको अधीनमा रही व्यवस्थित गरिएको वन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (य) र दफा 14 ।]*

सरकारवादी (Instituted in the name of government)- *वि.*[फा. सरकार+सं. वादी] वादीको रूपमा सरकार रहने; सरकार नै उजुरवाला हुने; सरकारको तर्फको; सरकार नै वादी भएर चल्ने।

सरकारवादी मुद्दा (State case)- *नाप.* सरकार वादी भई चलाउने मुद्दा; गम्भीर र जघन्य प्रकृतिका फौजदारी मुद्दा; सरकारको हित वा सरोकार जोडिएका देवानी मुद्दा।

सरकारी कामको सिलसिलामा गरिने भ्रमण (Travel in course of Government business)- *नाप.* सङ्घीय एवम् प्रदेश सरकार र मातहतका निकाय, स्थानीय तह, सङ्घीय संसद, प्रदेशसभा र संवैधानिक निकायहरूका निर्णयबमोजिम तोकिएका कामका लागि गरिने देशभित्रका भ्रमण तथा

विदेशी, सरकारी, अर्धसरकारी एवम् अन्तरराष्ट्रिय मान्यताप्राप्त संस्थाहरूका औपचारिक निमन्त्रणामा गरिने विदेश भ्रमण। *[हे. राहदानी ऐन, २०७६ को दफा २ को खण्ड (छ) ।]*

सरकारी कार्यालय (Government office)- *नाप.* सरकारसँग सम्बन्धित अड्डा, कार्यालय, निकाय; राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, प्रदेश प्रमुखको कार्यालय, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय। *[हे. लेखापरीक्षण ऐन, २०७५ को दफा २ को खण्ड (छ), मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ को उपदफा (१) को स्पष्टीकरण र राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २ को खण्ड (छ) ।]*

सरकारी कोष (Government fund, State coffers, State purse)- *नाप.* सरकारको ढुकुटी; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष वा अन्य सरकारी कोष; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष; सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न स्थापना भएको कोष। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २२ को स्पष्टीकरण, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (म) र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) ।]*

सरकारी क्षेत्र (Government Sector)- *नाप.* कुनै प्रतिष्ठानमा सरकारको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पूर्ण वा आंशिक रूपमा स्वामित्व रहेको वा व्यवस्थापनमा सहभागिता रहेको क्षेत्र। *[हे. निजीकरण ऐन, २०५० को दफा २ को खण्ड (ग) ।]*

सरकारी जग्गा (Government land)- *नाप.*[सं.] सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेका सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा सोको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा; सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको निजी जग्गा बाहेकको अन्य जग्गा। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (ङ) र मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख२) ।]*

सरकारी बाँकी (Government dues)- *ना.प.* लेखापरीक्षणबाट मसोट तथा हिनामिना भएको भनी ठहर भएको रकम फर्स्यौट तथा फरफारख हुन नसकेमा त्यस्तो रकमलाई बेरुजुसरह सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुलउपर गर्नुपर्ने रकम; कानूनबमोजिम सरकारले असुल गर्नुपर्ने भनी लगत राखिएको रकम। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७ को उपदफा (१) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (द) ।]*

सरकारी रकम (Government money)- *ना.प.* सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई राजस्वको रूपमा वा अन्य कुनै किसिमबाट प्राप्त हुने रकम; सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोषबाट खर्च हुने रकम। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (ध) ।]*

सरकारी वकिल (Government attorney, public prosecutor)- *ना.प.* सरकारी मुद्दा मामिलामा सरकारका तर्फबाट बहस गर्ने वकिल; सरकारी अभियोजनकर्ता; महान्यायाधिवक्ता, नायव महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता, सहायक न्यायाधिवक्ता; महान्यायाधिवक्ताबाट सरकारी वकिलको हैसियतमा काम गर्न तोकिएको अधिकृत। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (त) ।]*

सरकारी सम्पत्ति (Government property)- *ना.प.* सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भीर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा; सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाहेकको अन्य सम्पत्ति। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ ।]*

सरकारी सवारी (Government motor vehicle)- *ना.प.* कुनै सरकारी कार्यालयको नाममा दर्ता भएको सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सवारी साधन। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ट) र दफा ९ ।]*

सरकारी सेवा (Government service)- *ना.प.* सङ्घीय निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश निजामती, प्रदेश प्रहरी सेवा; नेपाल सरकारले

तोकेका सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग सम्बन्धित अन्य सेवा। *[हे. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ट) ।]*

सरकारी स्वास्थ्य संस्था (Government health institution)- *ना.प.* सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्था। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ट) ।]*

सरजमिन/सर्जिमिन (Statement or borned by which a person undertakes to observe some condition, recongnisance, report of the event, place or crime scene)- *ना.[*फा.] कुनै घटना भएको वा समस्या परेको स्थलमा गएर प्रमाणका लागि घटनाबारे बुझ्ने, विवरण लिने आदि काम; मुद्दा मामिला वा कुनै घटनाको विषयमा साँधसधियार छरछिमेकबाट वास्तविक कुरा बुझ्ने काम।

सरदार (Leader, forman)- *ना.[*फा.] स्थानीय कामदार बन्दोवस्त गर्ने, पर्वतीय पथ प्रदर्शकको काम गर्ने तथा उचाईमा जाने कामदार वा आधार शिविरमा काम गर्ने कामदारहरूको नियन्त्रण गर्ने नाइके; अगुवा; कुनै मण्डलीको नेता; पुराना चलनमा काजीभन्दा तल्लो र मिरसुब्बाभन्दा माथिको निजामती दर्जा; भारदारमध्येको एक। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (छ) ।]*

सरसफाइ सेवा (Sanitation service)- *ना.प.* मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्कासन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्कासन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम; फोहोरपानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य; पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोरपानी प्रशोधन प्रणालीसम्बन्धी कार्य; सार्वजनिक शौचालयको निर्माण, विकास, सञ्चालन तथा प्रवर्धन गर्ने कार्य; फोहरको सङ्कलन, वर्गीकरण, प्रशोधन र विसर्जनसम्बन्धी सेवा। *[हे. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा २ को खण्ड (ञ) र खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ को खण्ड (द) ।]*

सरह (Equal, similar)- *वि.* [सं.] आकार, गुण, श्रेणी, मूल्य र महत्त्वका दृष्टिले बराबर भएको; समान; तुल्य।

सरहद (Boundary, border)- *ना.[*फा.] जमिनलाई छुट्याउने सीमा; साँध; देशको सीमा; देशभित्रको जमिन वा क्षेत्र; जमिनका टुक्रा वा कित्ताको चार किल्ला छुट्याउने चिनो वा साँधसिमाना।

सराफी (Goldsmith, money ex-changer)- *ना.* [अ.] विदेशी मुद्रा, रुपैयाँ-पैसा साट्ने वा सुन चाँदीको खरिद-बिक्री गर्ने व्यापारी; सुन, चाँदी, सिक्का, नोट आदि जाँच गर्ने अधिकारप्राप्त अधिकारी; मुद्रण विधि वैज्ञानिक।

सरुवा (Transfer)- *ना.* [सर्+उवा] एक स्थानबाट अर्को स्थानमा वा एक कार्यालयबाट अर्को कार्यालयमा सर्ने वा सार्ने कार्य; स्थानान्तरण। *वि.* सर्ने खालको; सङ्क्रमण हुने।

सरोकारवाला (Stakeholders)- *ना./वि.* [फा. सरोकार+वाला] प्रयोजन, चासो, वास्ता, सम्बन्ध वा सम्पर्क रहेभएको व्यक्ति; सम्बन्धित; सरोकार रहेको; सम्बन्ध राख्ने; सम्बन्धित मालवस्तुको उत्पादक, निर्यातकर्ता वा आयातकर्ता वा निजको प्रतिनिधि, निर्यातकर्ताको मुलुक वा स्वायत्त भन्सार क्षेत्रको सरकार, स्वदेशी उद्योग, मिल्दोजुल्दो वा समरूपका मालवस्तु वा प्रत्यक्ष रूपमा प्रतिस्पर्धी मालवस्तु उत्पादन गर्ने स्वदेशी उत्पादक, त्यस्तो उत्पादकको संस्था वा त्यस्तो उत्पादक वा संस्थाको प्रतिनिधि र अनुसन्धान अधिकारीले आवश्यक ठानेका अन्य सम्बद्ध पक्ष। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (फ) ।]*

सर्त (Condition, terms)- *ना.* [अ.] कबुल; कुनै काम, सन्धि वा सम्झौता गर्दा परस्परमा पालन गर्नुपर्ने तोकिएका कुरा; कबुल; प्रतिज्ञा; सर्तबन्देज; बाजी; होड।

सर्तबन्दी (Agreement)- *ना.* [सर्त+बन्दी] सर्त स्वीकार गर्ने वा गराउने काम; सर्त उल्लेख भएको कागजात; सर्तको बन्धन।

सर्पट नापी (Land survey)- *नाप.* जन्जिरद्वारा गरिने जग्गाको नापी; किसानहरूको जग्गाको साँध, सिमाना छुट्याई एकैनासले नाप्ने काम।

सर्पोटिङ फौज (Supporting force)- *नाप.* आधारभूत लडाकु फौजलाई युद्धमा सहयोग पुऱ्याउने फौज; आर्टिलरी, एयर डिफेन्स आर्टिलरी, आर्मी एभिएसन, इन्जिनियर्स तथा सिग्नल फौज। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (म) ।]*

सर्भिस राहदानी (Service passport)- *नाप.* कूटनीतिक नियोगमा खटिई जाने राजदूत, स्थायी प्रतिनिधि, विशेष प्रतिनिधि, महावाणिज्यदूत तथा राजपत्राङ्कित तहका कर्मचारीका साथ जाने निजी सहयोगी र श्रेणीविहीन कर्मचारीलाई जारी गरिएको राहदानी; सेवक राहदानी। *[हे. राहदानी ऐन, २०७६ को दफा ८ को उपदफा (१) ।]*

सर्भिसेज फौज (Services force)- *नाप.* आर्म्स तथा आधारभूत फौजहरूलाई उनीहरूका आवश्यकता अनुसारको सेवा उपलब्ध गराउने दायित्व भएको निकाय; नेपाली सेनाका सबै

बन्दोबस्ती अड्गहरू, डिपोहरू, जङ्गी असबाब खाना, सैनिक बन्दोबस्ती अड्डा र यसअन्तर्गतका एकाइ-उपएकाइ र विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (य)।]*

सर्भे (Survey)- *ना.*[अङ्.] परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य; कुनै विषयको गतिविधि, प्रयोग र प्रवृत्ति सम्बन्धी तथ्यपूर्ण जानकारीको लागि नमूना छनोट गरी तथ्याङ्क सङ्कलन गरिने विधि वा प्रक्रिया। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (प) र तथ्याङ्क ऐन, २०७९ को दफा २ को खण्ड (ठ)।]*

सर्वकर अकर (A phrase to denote tax exemption in ancient governance system of Nepal)- *नाप.* नेपालको प्राचीन शासन व्यवस्थामा राजाले जग्गा, जमिन दान गरी लेखिदिएको लालमोहर आदिमा 'सर्वकर अकर' को लेखनद्वारा सो जग्गाको कुत, पोत आदि सबै माफी भन्ने जनाउन प्रयोग गरिएको पदावली।

सर्वनाश (Complete destruction, anihilation, total ruin)- *ना.* [सं.] सम्पूर्ण विनाश; सबै कुराको नाश; सखाप; सत्यनाश।

सर्वमान्य (Universally honoured, acceptable for all, respectable by all)- *वि.* [सं.] सबैले मानेको; सबैद्वारा सम्मानित; सबैलाई मान्य हुने।

सर्वमान्य ढाँचा (Universal design)- *नाप.* सबैले अधिकतम हदसम्म प्रयोग गर्न सक्ने उत्पादन, भौतिक संरचना, कार्यक्रम र सेवाको ढाँचा।

सर्वसञ्चित (Consolidated.)- *वि.* [सं.] सबैतिरबाट सञ्चय भएको; सबैले जम्मा गरेर।

सर्वसम्मत (Approved unanimously, recognized by all)- *वि.* [सं.] सबैले सहमति जनाएको; उपस्थित वा सम्बन्धित सबै व्यक्तिहरूको सहमति भएको।

सर्वसम्मत सम्झौता (Consensus agreement)- *नाप.* सर्वसम्मतिबाट गरेको सम्झौता; विनाविरोध स्वीकार गरिएको वा ग्रहण गरिएको सम्झौता।

सर्वसाधारण (General, common, public)- *ना.* [सं.] सामान्य; सबै प्रकारका मानिसहरूको समूह, जनता, जनसमूह।

सर्वसुलभ (Accessible for all)- *ना.* [सं.] सबैका लागि सजिलैसँग पाइने; सबैले सहजै प्राप्त गर्न सक्ने; सबैको लागि पहुँचयोग्य।

सर्वस्व (One's entire property)- *ना.* [सं.] आफूसँग भएको सबै सम्पत्ति वा धन; सिरीखुरी; जिलीगाँठी; लट्टीपट्टी।

सर्वस्वहरण (Confiscation of entire property)- *ना.* [सं.] गम्भीर प्रकृतिको अपराध गर्ने व्यक्तिको सम्पूर्ण सम्पत्ति सजायस्वरूप राज्यले जफत गर्ने काम; कसैको सर्वस्व लिने काम; सर्वापहरण।

सर्वहारा (Proletariat, working class)- *ना.[*सर्वहार+आ] केही नभएको विपन्न वर्ग; निम्न तहको श्रमिक वर्ग। *वि.* सबै कुरा हराएको वा गुमेको।

सर्वाङ्ग माफी (A phrase to denote total tax exemption in *ancient era*)- *नाप.* नेपालका पुराना लालमोहर र राजाबाट दिइने कागजपत्रमा कसैलाई सबै प्रकारको कर, दस्तुर आदि माफी गरिदिएको कुरा जनाउने पदावली।

सर्वाधिकार (Full power, absolute authority)- *ना.* [सं.] पूर्ण अख्तियारी; सम्बन्धित क्षेत्रमा काम गर्ने सबै अधिकार; सम्पूर्ण अधिकार वा शक्ति; स्वामित्वाधिकार; स्वत्वाधिकार।

सर्वाधिकारी (Plenipotentiary)- *ना.* [सर्वाधिकार+ई] पूर्णाधिकार प्राप्त प्रतिनिधि; अन्तरराष्ट्रिय सन्धिसम्झौता वा शान्ति वार्ता गर्न, सन्धिसम्झौतामा रहेका प्रावधान अनुसार राज्यका लागि लागू हुने बन्धनकारी निर्णय लिन र राज्यका तर्फबाट हस्ताक्षर गर्न राज्यले पूर्णरूपेण कानूनी अख्तियारी दिएको प्रतिनिधि अधिकारी; पूर्णाधिकारी; राज्यको तर्फबाट कूटनीतिक सम्झौता गर्न पूर्ण कानूनी अधिकारप्रदत्त र राज्यको इच्छाको प्रतिनिधिका रूपमा अन्तरराष्ट्रिय कानूनद्वारा मान्यताप्राप्त कूटनीतिक प्रतिनिधि।

सर्वोच्च अदालत पूर्ण बैठक (Full Court of Supreme Court)- *नाप.* मुद्दामामिलामा इन्साफ दिनुपर्ने कामबाहेक न्यायप्रशासनसम्बन्धी अन्य नीतिगत निर्णय गर्ने कार्य गर्न प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीश रहेको बैठक। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १०९ को उपनियम (१) ।]*

सर्वोच्च अदालत पेसी व्यवस्थापन निर्देशन समिति (Supreme Court Hearing Management Committee)- *नाप.* सर्वोच्च अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन गर्न गठन गरिएको निर्देशन समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११०ख. को उपनियम (१) ।]*

सर्वोच्च अदालत व्यवस्थापन समिति (Supreme Court Management Committee)- *नाप.* सर्वोच्च अदालत तथा मातहतका अदालतहरूको भौतिक स्रोत साधनको व्यवस्थापन विषयमा आवश्यक नीति निर्धारण गरी त्यस्तो नीति कार्यान्वयनको अनुगमन गर्न सर्वोच्च अदालतमा रहेको व्यवस्थापन समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १११ को उपनियम (१) ।]*

सर्वोच्च अदालत स्थायी समिति (Supreme Court Standing Committee)- *नाप.* न्यायप्रशासनसम्बन्धी विषयमा तत्काल कुनै निर्णय गर्न वा अत्यावश्यक नीति निर्धारण गर्न प्रधान न्यायाधीश अध्यक्ष तथा सर्वोच्च अदालतका चार जना वरिष्ठतम न्यायाधीश सदस्य रहेको समिति। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११० को उपनियम (१) ।]*

सर्वोच्च शक्ति/सर्वोच्च सत्ता (Supreme power or authority)- *नाप.* कुनै देशको शासनपद्धतिको वास्तविक सर्वोच्च अधिकार; देशको सबैभन्दा ठूलो वा प्रधान वैधानिक सत्ता वा शक्ति।

सलामी (Salutation, complementary present)- *ना.* [अ.] सेना वा फौजी बलका टुकुडीले राष्ट्राध्यक्ष, प्रधान मन्त्री वा विशिष्ट पाहुनालाई दिइने सम्मानसहितको विशेष अभिवादन; प्रतिष्ठित व्यक्तिलाई दिइने उपहार, नजराना; काम मिलाइदिए बापत सम्बन्धित व्यक्ति दिइने रकम वा उपहार।

सल्लाहकार बोर्ड (Advisory Board)- *नाप.* कुनै विषयमा राय, सल्लाह, सुझाव वा परामर्श दिनको लागि गठन गरिएको बोर्ड वा समिति।

सवारी (Motor vehicle)- *ना.* [सवार+ई] यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधन; घोडा, मोटर, यान वा वाहनमा बसेर जाने काम वा त्यसरी यात्रा गर्ने यात्रु। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (क) ।]*

सवारी धनी (Vehicle owner)- *नाप.* सवारी साधनको धनी; सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै सङ्गठित संस्था। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (क्ष) ।]*

सवारी साधन (Motor vehicle)- *नाप.* यात्रा गर्न वा मालवस्तु ओसारपसार गर्न प्रयोग हुने वा भएको जुनसुकै साधन; यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन; मोटर इन्जिन जडान भएको साधन। *[हे. भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (स) र सडक बोर्ड ऐन, २०५८ को दफा २ को खण्ड (घ) ।]*

सवाल (Interrogation, query)- *ना.* [अ.] कसैसँग कुनै कुराको जानकारी लिन सोध्ने काम; प्रश्न; सबाल; जिज्ञासा।

सशस्त्र द्वन्द्व (Armed conflict)- *ना.* [सं.] हातहतियारको प्रयोग गरी गरिएको विद्रोह; संवत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म सरकार पक्ष र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीबिच भएको सशस्त्र द्वन्द्व; शस्त्रसहितको आन्दोलन वा अभियान; हिंसात्मक आन्दोलन। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (ण)।]*

सशस्त्र द्वन्द्व पीडक (Perpetrator of armed conflict)- *नाप.* सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी अपराधमा संलग्न व्यक्ति; त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (छ)।]*

सशस्त्र द्वन्द्व पीडित (Victim of armed conflict)- *नाप.* सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरूप मृत्यु भएका वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रूपमा हानिनोक्सानी पुगेको वा थुनामा रहेका व्यक्ति; यस्ता व्यक्तिका परिवारको सदस्य र मानवअधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरूप मानवीय, सामाजिक वा सामुदायिक रूपमा गम्भीर प्रतिकूल असर पुगन गएको समुदाय। *[हे. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को खण्ड (ज)।]*

सशस्त्र प्रहरी (Armed Police)- *नाप.* सशस्त्र प्रहरी सेवामा नियुक्त भएको व्यक्ति; सशस्त्र प्रहरी बल। *[हे. सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २ को खण्ड (घ)।]*

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (Additional Inspector General of Armed Police)- *नाप.* सशस्त्र प्रहरी प्रधान कार्यालयको प्रमुखभन्दा मुनिको पद।

सशस्त्र प्रहरी नायव महानिरीक्षक (Deputy Inspector General of Armed Police)- *नाप.* सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक भन्दा एक तह मुनिको पद।

सशस्त्र प्रहरी परामर्श समिति (Armed Police Consultation Committee)- *नाप.* सशस्त्र प्रहरी बललाई दीर्घकालीन प्रभाव पार्ने नीतिगत विषयमा सुधार गर्न र सशस्त्र प्रहरी बललाई प्रभावकारी रूपमा सञ्चालन गर्नेबारे सरकारलाई सुझाव दिन एवम् सशस्त्र प्रहरी महानिरीक्षकलाई कार्यसम्पादनमा सहयोग गर्न सशस्त्र प्रहरी महानिरीक्षकको अध्यक्षतामा

सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकदेखि माथिल्लो दर्जाका सबै सशस्त्र प्रहरी अधिकृतहरू सम्मिलित परामर्श समिति। *[हे. सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १५०।]*

सशस्त्र प्रहरी बल (Armed Police Force)- *नाप.* मुलुकका कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष, सशस्त्र विद्रोह, पृथकतावादी वा आतङ्ककारी गतिविधि, दङ्गा, नियन्त्रण गर्न, प्राकृतिक प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन, अपहृत व्यक्तिको उद्धार गर्न वा जघन्य तथा गम्भीर अपराध वा गम्भीर प्रकृतिको अशान्ति नियन्त्रण गर्न, सीमा सुरक्षा गर्न, बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न, सरकारले तोकेको सार्वजनिक महत्त्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न, सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षालगायतका कार्य गर्न सरकारद्वारा गठित प्रहरी बल। *[हे. सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३ र दफा ६ को उपदफा (१)।]*

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र (Armed Police Force Welfare Service Center)- *नाप.* सशस्त्र प्रहरी कर्मचारीको शारीरिक तथा मानसिक विकास, खेलकुद तथा मनोरञ्जन साथै सशस्त्र प्रहरी कर्मचारी र निजका परिवार तथा निवृत्त सशस्त्र प्रहरी कर्मचारी परिवारको स्वास्थ्य उपचार, उल्लेखनीय कार्य गर्ने बहालवाला तथा भूतपूर्व सशस्त्र प्रहरी कर्मचारीको सम्मान, कल्याणकारी तथा रचनात्मक कार्यसम्बन्धी क्रियाकलापको सञ्चालन र व्यवस्थापन गर्न सशस्त्र प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहने गरी गठन गरिएको सेवा केन्द्र। *[हे. सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २ को खण्ड (झ)।]*

सशस्त्र प्रहरी महानिरीक्षक (Inspector General of Armed Police)- *नाप.* सशस्त्र प्रहरी प्रधान कार्यालयको प्रमुख; सशस्त्र प्रहरी बलको सर्वोच्च अधिकारी।

सशस्त्र प्रहरी विशेष अदालत (Armed Police Special Court)- *नाप.* सशस्त्र प्रहरीले सेवाको क्रममा गरेको कसुरसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्न सरकारले गठन गरेको विशेष अदालत। *[हे. सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २ को खण्ड (ञ) र दफा २८ को उपदफा (१)।]*

सशस्त्र वन रक्षक (Armed forest guards)- *नाप.* सशस्त्र वन रक्षक सेवाको पदमा बहाल रहेका रक्षक। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ऋ)।]*

सशस्त्र वन रक्षक सेवा (Armed forest guard service)- *नाप.* राष्ट्रिय वन तथा जैविक विविधताको संरक्षण र संवर्धन गर्न, वन्यजन्तुको अवैध सिकार, व पैदावारहरूको चोरी निकासी

रोक्न तथा वनसम्पदाको सुरक्षा गर्न गठन भएको सेवा। *[हे. वन ऐन, २०७६ को दफा ४६ को उपदफा (१) ।]*

सशस्त्र विद्रोह (Armed rebellion, armed mutiny)- *ना.प.* हातहतियार प्रयोग गरी नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, सङ्घीय एकाइबिचको सम्बन्ध वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गर्ने वा नेपालको सत्ता पल्टाउने वा नेपालको कार्य सञ्चालनमा बाधाविरोध उत्पन्न गर्ने उद्देश्यले गरिने कार्य। *[हे. सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २ को खण्ड (ट) ।]*

ससर्त अनुदान (Conditional grants)- *ना.प.* सङ्घीय सरकारले प्रदेश वा स्थानीय तह वा सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने ससर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गरेबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेका आधारमा प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने अनुदान। *[हे. अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (झ) र दफा ९ को उपदफा (१) ।]*

ससीम (Entire, within a boundary)- *ना.* [सं.] तोकिएको किल्लाभित्र; हदभित्रका जग्गा; साँध-सिमाना लगाएका जग्गा; सीमा छुट्टिएको।

सहअध्यक्ष (Co-chairperson)- *ना.* [सं.] अध्यक्षकै अधिकार प्रयोग गर्न सक्ने; रोलक्रममा अध्यक्षभन्दा तल्लो र उपाध्यक्षभन्दा माथिल्लो पद वा पदाधिकारी।

सहअपराधी (Accomplice, accessory)- *ना.* [सं.] अपराधकार्यमा साथ दिने व्यक्ति; मतियार।

सहअभियुक्त (Co-accused)- *ना.* [सं.] एकै कसुरमा मुख्य अभियुक्तका साथ फौजदारी अभियोग लागेको व्यक्ति।

सहअस्तित्व (Co-existence)- *ना.* [सं.] व्यक्ति-व्यक्ति वा राष्ट्र-राष्ट्रमा एक अर्काको हक, हित वा मान-मर्यादाको ख्याल गर्दै शान्तिका साथ रहौं र बाँचौं भन्ने विचार; समान अस्तित्व कायम राखी रहेको अवस्था।

सहउत्पादन (Co-production)- *ना.* [सं.] मुख्य उत्पादनका साथ पैदा हुने अन्य उत्पादन; एउटा वस्तु उत्पादन गरिने क्षेत्रबाट अन्य वस्तु पनि उत्पादन गर्ने काम।

सहकारिता (Cooperation)- *ना.* [सं.] धेरै व्यक्ति, समुदाय, सङ्घसंस्था, सङ्गठन वा सरकारका तहहरू एक साथ मिलेर काम गर्ने पद्धति।

सहकारी (Co-operative)- *ना./वि.* [सं.] साथसाथै काम गर्ने; उपभोक्ताहरू नै व्यवसायी भई खोलिएको व्यवसाय; एकसाथ मिलेर काम गर्ने; सहकार।

सहकारी बचत तथा कर्जा सुरक्षण कोष (Cooperatives Savings and Credit Security Fund)- *नाप.* प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि सङ्घीय सरकारले गठन गरेको कोष। *[हे. सहकारी नियमावली, २०७५ को नियम २ को खण्ड (ङ) ।]*

सहकारी बैङ्क (Cooperative bank)- *ना.* [सं.] सहकारी संस्था वा सहकारी सङ्घको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा सङ्घलाई ऋण प्रवाह गर्ने वा बैङ्किङ्ग सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा सङ्घ आपसमा मिली राष्ट्र बैङ्ककको पूर्वस्वीकृति लिई गठन भएको बैङ्क। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (द) ।]*

सहकारी मूल्य (Cooperative value)- *नाप.* स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाहलगायत अन्तरराष्ट्रिय रूपले मान्यताप्राप्त सहकारी सम्बन्धी मूल्यमान्यता वा प्रतिमान। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ध) ।]*

सहकारी विवाद निरूपण समिति (Cooperative Dispute Resolution Committee)- *नाप.* सहकारी संस्थाका बिच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि गठन गरिएको समिति। *[हे. सहकारी ऐन, २०७४ को दफा १४३ र सहकारी नियमावली, २०७५ को नियम ८३ को उपनियम (१) ।]*

सहकारी व्यवसाय (Cooperative business)- *नाप.* सहकारी संस्थाको विनियममा व्यवस्था भएबमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (न) ।]*

सहकारी संस्था (Cooperative institution)- *नाप.* सदस्यहरू समान रूपले मालिक हुने, लोकतान्त्रिक रूपमा सञ्चालित, मुनाफाको अधिकतामा भन्दा सदस्यका आवश्यकता पूरा गर्ने मूल लक्ष्य राख्ने र आर्थिक वा सामाजिक लाभको लागि काम गर्ने स्वैच्छिक सङ्गठन; सहकारी ऐनबमोजिम नेपाल राष्ट्र बैङ्कबाट बैङ्किङ्ग कारोबार गर्न स्वीकृति प्राप्त गरेका सहकारी संस्था वा सङ्घ र सहकारी बैङ्क; सहकारी कानूनबमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी सम्बन्धी संस्था। *[हे. बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (घ) र सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (फ) ।]*

सहकारी सङ्घ (Cooperatives Association)- *ना.प.* दर्ता भएको जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ, प्रदेश सहकारी सङ्घ, केन्द्रीय विषयगत सहकारी सङ्घ र विशिष्टिकृत सहकारी सङ्घ वा दर्ता भएको राष्ट्रिय सहकारी महासङ्घ। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ब) र दफा 15 ।]*

सहकारी सिद्धान्त (Cooperative principles)- *ना.प.* स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबिच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तरराष्ट्रिय मान्यताप्राप्त सहकारीसम्बन्धी सिद्धान्त। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (प) ।]*

सहकारीको मुख्य कारोबार (Main transaction of Cooperatives)- *ना.प.* सहकारी संस्था वा सङ्घले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तिस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार। *[हे. सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ज) ।]*

सहकार्य (Collaboration)- *ना.* [सं.] सँगसँगै मिलेर गर्ने काम।

सहकुलपति (Co-chancellor)- *ना.* [सं.] कुलपतिभन्दा एक तहमुनिको पद।

सहचारी (Concomitant, attachè) - *ना.* [सं.] राजदूत वा कुनै विशिष्ट व्यक्तिका साथमा रही काम गर्ने अधिकारी।

सहज पहुँच (Easy access)- *ना.प.* सजिलै प्राप्त गर्न सकिने; सजिलै पहुँचिन सक्ने।

सहजकर्ता (Facilitator)- *ना.* [सं.] वार्ता वा समस्या समाधानका लागि सहज बनाउन भूमिका निर्वाह गर्ने व्यक्ति; कुनै कार्य, समस्या वा गतिविधि सहज वा सुगम बनाउने व्यक्ति।

सहजीकरण (Facilitation)- *ना.* [सं.] सहज बनाउने काम।

सहप्रतिवादी (Co-defendant)- *ना.* [सं.] कुनै मुद्दामा मुख्य प्रतिवादीसँगै प्रतिवादीका रूपमा देखिएको गौण प्रतिवादी।

सह-प्रमुख आयुक्त (Co-chief Commissioner)- *ना.प.* आयोगमा काम गर्ने प्रमुख आयुक्तभन्दा एक तहमुनिको पदाधिकारी।

सहप्राध्यापक (Associate Professor, Reader)- *ना.* [सं.] प्राध्यापकभन्दा एक तहमुनिको पद।

सहभागी (Participants)- *ना.* [सं.] योजना व्यवस्थापकले धितोपत्रसम्बन्धी कानूनबमोजिम सञ्चालन गरेको सामूहिक लगानी योजनामा रकम लगानी गर्ने व्यक्ति वा संस्था; हिस्सेदार; कुनै कामको लाभहानिमा समान रूपमा भागी हुने; सँगसँगै सामेल भएको; कुनै पनि कार्यक्रम वा क्रियाकलापमा सरिक वा संलग्न रहेको व्यक्ति। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ध) ।]*

सहभुक्तानी (Co-payment)- *ना.* [सं.] सँगसँगै गरिने भुक्तानी; एकैसाथ गरिने भुक्तानी।

सहमति (Consent, acceptance, approval, acknowledgement) - *ना.* [सं.] सम्मति; स्वीकृति; मन्जुरी; समर्थन।

सहर/ शहर (City, town)- *ना.*[फा.] ठुलाठुला सडक, बिजुली आदि तयारी पूर्वाधार रहेका बजार, उद्योग, कारोबार हुने साधनसम्पन्न ठूलो बस्ती; नगर; पुर।

सहरी क्षेत्र (Urban area, town area)- *नाप.* नगर वा नगरपालिकाको निर्धारित सीमाभित्र पर्ने सहरको क्षेत्र; नगरपालिकाको क्षेत्र वा नगरपालिकासँग जोडिएका गाउँपालिकाको क्षेत्र; जनसङ्ख्या, जनघनत्व, शहरी सेवा सुविधा, सहरी पूर्वाधार, आर्थिक क्रियाकलापको सम्भावनाको आधारमा हरी क्षेत्र तोकिएको क्षेत्र; स्थानीय तहले आफ्नो क्षेत्रभित्र सहरी क्षेत्र भनी वर्गीकरण गरेको क्षेत्र; नगरक्षेत्र। *[हे. शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को दफा २ को खण्ड (ञ) र भूमि सम्बन्धी नियमहरू, २०२१ को परिच्छेद-५ को स्पष्टीकरण।]*

सहरी मार्ग (Urban roads)- *नाप.* सहरी क्षेत्रको मूल बाटो।

सहरी विकास कार्यालय (Urban Development Office)- *नाप.* सरकारको सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय। *[हे. भवन ऐन, २०५५ को दफा २ को खण्ड (ञ) ।]*

सहशिक्षा (Co-education)- *ना.* [सं.] लैङ्गिक भेदभावविना सबैका लागि दिइने शिक्षा; छात्रछात्रा दुवैलाई अलगअलग नगरी दिइने शिक्षा।

सहसचिव (Joint Secretary)- *ना.* [सं.] सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी।

सहादत (Martyrdom)- *ना.*[सहिद+आत] देश र जनताको अस्तित्व र स्वतन्त्रताका लागि गरिएको जीवनको बलिदान; सहिदको उत्सर्ग।

सहायक कम्पनी (Subsidiary company)- *नाप.* मुख्य कम्पनीको नियन्त्रणमा रहेको कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ङ) ।]*

सहायक क्याम्पस प्रमुख (Assistant Campus Chief)- *ना.प.* विश्वविद्यालयअन्तर्गत स्थापित आङ्गिक क्याम्पस, सामुदायिक वा सम्बन्धनप्राप्त क्याम्पसका सहायक क्याम्पस प्रमुख।

सहायक मन्त्री (Assitant Minister)- *ना.प.* मन्त्रालयमा मन्त्री वा राज्यमन्त्रीलाई मन्त्रालयसँग सम्बन्धित काममा सहयोग गर्ने मन्त्री।

सहायक मार्ग (Feeder road)- *ना.प.* राजमार्गमा जोडिने शाखामार्ग; मूल बाटोमा जोडिने सानो बाटो।

सहायक रथी (Brigadier General)- *ना.प.* उप-रथीभन्दा एक तहमुनिको पद।

सहायक सेनानी (Second Lieutenant)- *ना.प.* उपसेनानीभन्दा एक तहमुनिको पद।

सहायक स्वास्थ्य परिचारिका (Assistant Nurse Midwife)- *ना.प.* [सं.] मान्यताप्राप्त शिक्षण संस्थाबाट सहायक स्वास्थ्य परिचारिकाको प्रमाणपत्र प्राप्त व्यक्ति; अ.न.मि.। *[हे. नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा २ को खण्ड (ङ)।]*

सहिद/ शहीद (Martyr)- *ना.* [अ.] आफ्नो देश, संस्कृति, स्वाभिमान अस्तित्व र स्वतन्त्रताका प्राप्तिका लागि बलिदान हुने व्यक्ति; अरूको हितका लागि आफ्नो ज्यान उत्सर्ग गर्ने व्यक्ति।

सहिद/ शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र (Shahid Gangalal National Heart Centre)- *ना.प.* हृदयरोगको निदान, उपचार तथा हृदयरोगीको पुन:स्थापनाका लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रूपमा प्रदान गरी हृदयरोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न काठमाडौँमा स्थापना गरिएको केन्द्र। *[हे. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ को दफा २ को खण्ड (क) र दफा ३।]*

सहीछाप (Signature, thumb impression)- *ना.*[सही+छाप] आफ्नो हस्ताक्षरले सही गर्न नजान्ने मानिसको हकमा उसको ल्याप्चे सही; सहीछापको व्याकरणअनुसारको रूपान्तर तथा त्यस्तै किसिमका शब्दहरू; लिखित कागजातमा गरिने दस्तखत र औँठाको छाप वा अन्य छाप। *[हे. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (भ)।]*

सहुलियत (Facility, privilage)- *ना.* [अ.] कुनै समय वा परिस्थितिमा सबैलाई वा खास व्यक्तिलाई दिइने सुविधा।

सहुलियत मार्जिन (Concession margin)- *ना.प.* कुनै मालवस्तुमा दिइएको सहुलियतको कारणले त्यस्तो मालवस्तुको मूल्यमा परेको वा पर्न सक्ने मूल्यको अन्तर। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (भ) ।]*

सहुलियतप्राप्त मालवस्तु (Concessional goods)- *ना.प.* काउन्टरभेलिङ महसुल लगाउने प्रयोजनका लागि अनुसन्धानको दायरामा रहेको मालवस्तुमा त्यस्तो मालवस्तु निर्यातकर्ता मुलुक वा स्वायत्त भन्सारक्षेत्रको सरकारबाट वा त्यस्तो सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वित्तीय वा अन्य सहयोग प्राप्त कुनै संस्था वा निकायबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहुलियत प्राप्त वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुदानप्राप्त मालवस्तु। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (ब) ।]*

साँठगाँठ (Consipiracy)- *ना.* [गाँठ[द्वि.)] अरूले थाहा नपाउने गरी गुप्त किसिमले कसैसँग गरिने मिलेमतो; षडयन्त्र; साजिस।

साँध (Border, boundary)- *ना.* [सं. सन्धि] जमिनको सिमाना; दुई जमिनका बिचको भाग वा छेउ; दुई भिन्न टुक्रा जग्गाका बिचको सिमाना निर्धारण गर्ने सीमारेखा। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (क३) ।]*

साँधसँधियार (Neighbours in boundary)- *ना.* [साँध+साँध+इयार] आफ्ना जग्गा, जमिनसँग जोडिएको जग्गा र सो जग्गाको मालिक; छिमेकी।

साँधसिमाना (Boundary)- *ना.* [साँध+सिमाना] जग्गाको चारैतिरको साँध र नापो।

साँवा (Capital, principal)- *ना.* [सं.] मूलधन; साउँ।

साँवा ब्याज (Principal and interest)- *ना.* [साउँ+ब्याज] मूलधनसहितको ब्याज; साउँ र त्यसको ब्याज।

सांसद् (Member of parliament, parliamentarian, legislator)- *ना.* [सं.] संसदको सदस्य; विधायिकाको सदस्य; विधायक।

सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र (Site of cultural and archaeological significance)- *ना.प.* धार्मिक स्थल, धर्मशाला, पुरातात्त्विक महत्त्वका दरबार तथा सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका भनी तोकिएका क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (थ) ।]*

सांस्कृतिक वा पर्यटकीय क्षेत्र (Cultural or touristic area)- *ना.प.* सांस्कृतिक वा पर्यटकीय महत्त्वका क्षेत्र; कुनै गाउँपालिका वा नगरपालिकाले ऐतिहासिक महत्त्वका आधारमा पुरातात्त्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्धनका लागि मापदण्ड तोकी सांस्कृतिक वा पर्यटकीय क्षेत्र भनी घोषणा गरेको क्षेत्र।

साउने फागु (House tax)- *ना.प.* घरधुरीको हिसाबले सरकारलाई बुझाइने दस्तुर; सरकार, बिर्तावाल आदिलाई रैतीले बुझाउनुपर्ने फागुको रकम; गाउँघरको नयाँ धुरीमा लागेको रकम, दस्तुर।

साक्षी (Witness)- *ना.* [सं.] घटना भएको देख्ने वा सुन्ने व्यक्ति; गवाहा; प्रत्यक्षदर्शी।

साक्षीपरीक्षण (Examination of witness)- *ना.* [सं.] सुनुवाइ हुने मुद्दामामिलाका विषयमा इजालाससमक्ष सम्बन्धित साक्षीले आफ्नो कुरा राख्ने काम; अदालतमा साक्षीले बकपत्र गर्ने काम; साक्षीले अदालतमा आई बकपत्र गर्दा अदालतमा न्यायाधीश र पक्षविपक्षका कानून व्यवसायीले सवाल/जिरह गर्ने र साक्षी रहेको व्यक्तिले जवाफ दिने र दिएको जवाफलाई अदालतका कर्मचारीले लिपिबद्ध गरी अभिलेख गर्ने काम।

साझेदार (Partner, share holder, partitioner)- *ना./वि.*[साझा+ए+दार] कुनै व्यापार तथा व्यवसायमा लगानीको बराबर हिस्सा वा भाग भएको व्यक्ति; हिस्सेदार; एकै व्यापार-व्यवसायमा बराबर लगानी गरेका लगानीकर्ताहरू; साझेदारी गर्ने।

साझेदारी (Partnership)- *ना.* [साझेदार+ई] दर्ता भएको वा नभएको एकलौटी फर्म वा संयुक्त उद्यमबाहेक बिस जनाभन्दा कम साझेदार दर्ता भए वा नभएको फर्म; व्यक्तिहरूले एउटै नाम राखी मुनाफा बन्डा लगाउने गरी सबै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सबै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा कबुलियत गरी सरकारी लगतमा दर्ता गराएको कुनै कारोबार; साझेदार उद्यम; साझेदार व्यवसाय। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कप) र साझेदारी ऐन, २०२० को दफा ३ को उपदफा (१) ।]*

साझेदारी वन (Partnership forest)- *ना.प.* डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वन। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (ल) र दफा 23 ।]*

सादर (With due respect)- *ना.* [सं.] सम्मानका साथ; आदरपूर्वक; ससम्मान।

साधक (Test judgement, referral judgement for confirmation)- *ना.* [साध्+अक] कसैलाई सोधेर/साधेर गरिने काम; बिस वर्ष वा बिस वर्षभन्दा बढी वा जन्मकैदको सजाय हुने गरी

फैसला भएकोमा फैसला भएको मितिले पैंतीस दिनभित्र त्यस्तो फैसला गर्ने अदालतले पुनरावेदन सुन्ने अदालतमा फैसला जाँचको लागि मिसिल पेस गर्ने कार्य; आफूले छिन्न नमिल्ने मुद्दा मामिलामा आफ्नो राय लेखी निर्णयका लागि माथिल्लो तहको तालुकवाला अड्डामा वा अधिकारीसमक्ष पठाउने वा जाहेर गर्ने काम; जन्मकैद हुने फैसला भएकोमा सो फैसला माथिल्लो अदालतमा जाहेर गर्ने काम। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ को उपदफा (१) ।]*

साधारण (Ordinary, normal, general, regular)- *वि.* [सं.] सामान्य; मामुली; नियमित प्रकृतिको; औसत वा सालाखाला; कार्यालयको कार्य फछ्यौंटका सम्बन्धमा आफैले गर्नुपर्नेमा दश दिन र माथिल्लो तहमा पेस गर्नुपर्नेमा सात दिनभित्रमा फछ्यौंट गर्नुपर्ने कार्य। *तुल.* असाधारण; विशेष। *[हे. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ३६ ।]*

साधारण दरपिठ (Endorsement in blank)- *नाप.* दरपिठ गर्नेले आफ्नो दस्तखत मात्र गरेको दरपिठ। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (द) ।]*

साधारण दुईपल्ले तराजु (Beam scale)- *नाप.* समान बाहु भएको, तीन चक्कुधार भएको, तीन वा बढी वियरिङ भएको, बाहुहरूका बिचमा सङ्केतक भएको र छेउका चक्कुधारहरूबाट पल्लाहरू झुन्डिएको तौलने यन्त्र; ढकपल्ले तराजु; सन्तुलन तुलो। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५ ।]*

साधारण राहदानी (Ordinary passport)- *नाप.* सर्वसामान्य नेपाली नागरिकलाई जारी गरिने/गरिएको राहदानी। *[हे. राहदानी ऐन, २०७६ को दफा ९ को उपदफा (१) ।]*

साधारण रेखाङ्कित चेक (General crossed cheque)- *नाप.* चेकको अग्र भागमा दुई समानान्तर रेखाभित्र "र कम्पनी" वा त्यसको सङ्क्षिप्त शब्दहरू लेखिएको वा दुई समानन्तर रेखा मात्र कोरिएका भए त्यसमा "विनिमेय गर्न नसकिने" भन्ने शब्दहरू लेखिएको वा नलेखिएको जे भए तापनि त्यस्तो चेक। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा ८१ ।]*

साधारण सभा (General meeting)- *नाप.* कुनै सङ्घ, संस्था, सङ्गठन आदिका सबै साधारण सदस्यहरू उपस्थित रहेको सभा; सङ्घसङ्गठनका सर्वोच्च अङ्गले गर्नुपर्ने कामकाज सम्पन्न गर्न तिनका समस्त सदस्य भेला भई गरिने बैठक वा चल्ने सदन; सङ्घसंस्थाको नियमित रूपले वर्षमा एक पटक हुने औपचारिक सामान्य सभा वा भेला। *तुल.* असाधारण सभा; विशेष साधारण सभा।

साधारण सेयर (Ordinary share)- *नाप.* सर्वसामान्य सेयर; अग्राधिकार सेयरबाहेकका सेयर। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (त) ।]*

साधिकार (Authoritative)- *वि.* [सं.] अधिकार पाएको; अधिकारले युक्त; अधिकारसहितको।

साना उद्योग (Micro-industry)- *नाप.* लघु उद्यम र घरेलु उद्योगबाहेक पन्ध्र करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (थ) र दफा १७ को उपदफा (१) को खण्ड (ग) ।]*

साना पशुधन (Small livestock)- *नाप.* बोका, बाख्रा, भेडा, भेडी, च्याङ्ग्रा, बङ्गुरजस्ता साना पशुधन। *[हे. कर्जासुरक्षण नियमावली, २०७५ को नियम 2 को खण्ड (ङ) ।]*

साना व्यवसायी (Small business person)- *नाप.* मुनाफा आर्जन गर्ने उद्देश्यले स्वरोजगारजन्य आर्थिक क्रियाकलाप गर्ने व्यक्ति; त्यस्ता व्यक्तिसम्मिलित समूह। *[हे. युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम २ को खण्ड (ढ) ।]*

साना सिँचाइ आयोजना (Small Irrigation Project)- *नाप.* पहाडी क्षेत्रको हकमा दश हेक्टरसम्म र तराई/मधेस तथा भित्री मधेसका हकमा एक सय हेक्टरसम्म सिँचाइक्षेत्र भएको आयोजना। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (थ) ।]*

सानातिना त्रुटि (Minor error)- *नाप.* अभियुक्तको नाम, थर, उमेर वा ठेगानाको हिज्जे वा टाइपिङ वा छपाइसम्बन्धी प्राविधिक वा अक्षर, मात्रा, अङ्क वा आनुषङ्गिक त्रुटि; नागरिकताका प्रमाणपत्रमा लेखिएका विवरणमा तात्त्विक अन्तर नपर्ने "कुमारी", "देवी", "बहादुर", "प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकारमा फरक परेको वा यस्तै अन्य सानातिना त्रुटि; सानोतिनो भुलचुक। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३७ को उपदफा (२) को स्पष्टीकरण र नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ को उपदफा (१) को स्पष्टीकरण।]*

सानो सवारी (Light motor vehicle)- *नाप.* चार टनभन्दा कम्ती वजन भएको कार, जिप, भ्यान, पिकअप, मोटर साइकल, स्कुटर, टेम्पो, पावर टिलरजस्ता सवारी साधन; साना गाडी। *[हे. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ङ) र दफा ५ ।]*

सान्त्वना (Sympathy, consolation)- *ना.* [सं.] आश्वासन; सम्झाउने बुझाउने काम; चित्त बुझाउने काम; ढाडस।

सापेक्ष गरिबी (Relative poverty)- *ना.प.* समाज वा समयसापेक्ष निर्धारण गरिएका जीवनस्तरका आधारहरू पुरा गर्न सक्ने क्षमता नभएको अवस्थाको गरिबी; स्रोतसाधनमा पहुँच भएका मानिस र पहुँचविहीनहरूका बिचमा गरिबीको तुलनात्मक अवस्था; उच्च तह वा मध्यम तहका मानिसहरूको तुलनामा निम्न आयस्तर वा जीवनस्तर भएका मानिसहरूको गरिबीको मापनको अवस्था।

साफी (Fair copy)- *ना./वि.* [अ. साफ+ई] एकपटक लेखेको कुरा दोहोऱ्याएर शुद्धसँग सार्ने काम; मस्यौदा र खेस्रा राम्ररी सार्ने काम; मस्यौदाबाट उतारिएको सफाप्रति; शुद्धीकृत प्रति।

साबिक/साविक (Former, previous, predecessor)- *वि.* [अ.] पूर्व अवस्थाको; पहिले चलिआएको। *तुल.* हाल।

साबित (Confessed, proved)- *वि.* [अ.] सबुत पुगेको; प्रमाणबाट सिद्ध भएको; कुनै कार्य गरेको कुरा स्वीकार गरेको; कायल।

साबिती (Confession)- *ना./वि.* [साबित+ई] साबित हुने काम; भुल वा कसुर वा कुनै कार्य स्वीकार गर्ने काम; अपराध स्वीकार गर्ने खालको।

साबुत/साबुद (Entire, undamaged,entact)- *वि.[*अ. साबित] सग्लो; सिङ्गो; सम्पूर्ण; टुटफुट नभएको।

सामन्त (Feudal, high level post of the *Lichhavi era*)- *ना.* [सं.] राजा वा प्रमुख शासकको आडमा साधारण जनतालाई शोषण गर्ने व्यक्ति; लिच्छविकालीन उच्च ओहोदाको एक दर्जा।

सामयिक कर (Periodic tax)- *ना.प.* तोकिएको समयमा मात्र कुनै वस्तुमाथि लगाइने कर।

सामाजिक (Social)- *वि.* [सं.] समाजसँग मिल्दो; समाजमा पाइने; समाजको; समाजसँग सम्बन्धित; साझा किसिमको।

सामाजिक परिचालन (Social mobilization)- *ना.प.* कुनै निश्चित समूह वा समुदायका मानिसलाई जीवनस्तर उत्थान गर्ने कार्यका लागि जागृत तुल्याई अग्रसर गराउने, सङ्गठित वा सामूहिक रूपमा निर्णय प्रक्रियामा सहभागी हुन सक्षम तुल्याउन क्रियाशील पार्ने काम; यस्ता समूह वा समुदायका सदस्यहरूलाई सीप तथा क्षमता विकास गर्ने प्रक्रियामा अग्रसर बनाउने काम। *[हे.गरीबी निवारण कोष ऐन, २०६३ को दफा २ को खण्ड (च) ।]*

सामाजिक परीक्षण (Social audit)- *ना.प.* कुनै पनि संस्था, समूह वा निकायले प्रवाह गर्ने सेवाको गुणस्तर विधि, प्रक्रिया र सोका लागि अवलम्बन गरिएका तौरतरिकाकाबारे सेवाप्रदायक, लक्षित

सेवाग्राही समूह र अन्य सरोकारवालाका देखाइभोगाइका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखा; योजना, नीति, कार्यक्रम सञ्चालनपछि त्यसले आर्थिक, सामाजिक तथा सेवा प्रवाहको सरोकारवाला सबैको संलग्नतामा गरिने परीक्षण।

सामाजिक व्यवहार (Social practices, social customs)- *नाप.* मानिसले सामाजिक रूपमा गर्ने सम्बन्ध; सम्पर्क र अन्य सामाजिक सांस्कृतिक पर्व समारोह गर्ने वा तिनमा सहभागी हुने काम; मानिसले सामाजिक रूपले आयोजना गर्ने विवाह, ब्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारान, जन्मदिवस, छैठी, बुढो-पास्नी र पितृ-कार्यजस्ता आनुष्ठानिक कार्य वा समारोह। *[हे. सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा २ को खण्ड (क)।]*

सामाजिक संरक्षण (Social protection)- *नाप.* कुनै व्यक्तिलाई असुरक्षा, अभाव, अस्थिरताका कारणले उत्पन्न हुनसक्ने जोखिमबाट जोगाउन वा बचाउनका लागि सञ्चालन गरिने कार्य; त्यस किसिमका कार्य गर्ने गराउने नीति तथा कार्यक्रमहरूको समष्टि।

सामाजिक संस्था (Social institution, social organization)- *नाप.* सामाजिक आवश्यकता पुरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक सङ्घसंस्था; सम्बन्धित निकायमा दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, सङ्गीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्था; समाजमा सामाजिक भलाइका काम गर्न नागरिकहरूले आफै आपसमा सङ्गठित भई समाज, मञ्च, निकेतन, समूह, समिति, प्रतिष्ठान, मैत्रीसङ्घ आदि नाम राखी खडा गरेका वा सञ्चालन गरेका सङ्घ, संस्था वा सङ्गठन। *[हे. विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४२ को उपनियम (२) को खण्ड (घ) को स्पष्टीकरण।]*

सामाजिक सङ्घसंस्था (Social organization and institution)- *नाप.* समाज कल्याण कार्य गर्न स्थापना भएका सङ्घसंस्था; समाजसेवामा संलग्न गैरसरकारी सामाजिक सङ्घसंस्था। *[हे. समाज कल्याण ऐन, २०४९ को दफा २ को खण्ड (ग)।]*

सामाजिक सञ्जाल (Social network)- *नाप.* समाजमा जालोजस्तो फिजिएको प्रणाली; समाजमा विस्तार गरिएको जालो; कुनै साधन वा माध्यमबाट समाजलाई जोड्ने प्रणाली; इन्टरनेटको माध्यमबाट एकआपसमा आबद्ध भई अन्तरक्रिया गर्न खोलिएको विद्युतीय सञ्जाल; इन्टरनेटका माध्यमबाट सामाजिक रूपले सम्पर्क गर्न खोलिएका विद्युतीय मञ्च वा चौतारी; सोसल प्लेटफर्म। *[हे. विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम २ को खण्ड (ख४)।]*

सामाजिक सुरक्षा (Social security)- *नाप.* सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई दिइने नगद, भत्ता वा सहायता; सरकार वा सङ्घसंस्थाले नागरिकहरूलाई आर्थिक, स्वास्थ्य र सामाजिक जोखिमबाट सुरक्षा प्रदान गर्ने प्रणाली; बुढ्यौली, अपाङ्गता, बेरोजगारी, अनाथपनजस्ता अवस्थामा मानिसहरूलाई आधारभूत आवश्यकता पूरा गर्न उपलब्ध गराइने सामाजिक टेवा; गरिबी न्यूनीकरण, नागरिक जीवनस्तर सुधार र सामाजिक न्यायका ध्येयले सामाजिक रूपमा सबैलाई सुरक्षित रहन टेवा पुग्ने सामाजिक सुरक्षा कोष र स्वास्थ्यबिमाजस्ता कार्यक्रम मार्फत नागरिकलाई उपलब्ध हुने सेवासुविधा। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (झ) ।]*

सामाजिक सुरक्षा कोष (Social Security Fund)- *नाप.* सामाजिक सुरक्षाको सञ्चालन र व्यवस्थापन गर्न आवर्ती कोषको रूपमा स्थापना गरिएको कोष; सेवाग्राहीका योगदानमा आधारित सामाजिक सुरक्षा उपलब्ध गराउने वित्तीय स्रोतको रूपमा रहने कोष। *[हे. योगदानमा आधारित समाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ग) र दफा २६ ।]*

सामाजिक सुरक्षा पाउने व्यक्ति (Persons entitled to social security)- *नाप.* सामाजिक सुरक्षा भत्ता पाउने नेपाली नागरिक। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (ज) ।]*

सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति (Entitlement to social security)- *नाप.* ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने व्यक्ति, लोपोन्मुख जातिले पाउने सुरक्षा भत्ता। *[हे. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ को उपदफा (१) ।]*

सामाजिकीकरण (Socialization)- *ना.* [सं.] मानिसका गतिविधिलाई समाजका मूल्यमान्यतासँग अनुकूल बनाउने प्रक्रिया; सामाजिक बन्ने वा बनाउने काम; मानिसलाई सामाजिक बन्न बनाउनका लागि गरिने शिक्षा तालिम वा सरसङ्गतका अनेक माध्यमको उपयोग गर्ने काम।

सामान्य (General, ordinary, normal)- *वि.* [सं.] मामुली; सर्वसामान्य; साधारणत: विशेषदेखि बाहेकको।

सामान्य अपाङ्गता भएको व्यक्ति (Person with mild disability)- *नाप.* सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको तर अपाङ्गता भने रहेभएको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

सामान्य आबर्जे (Account register)- *ना.प.* सबै कारोबारको हिसाब वर्गीकरण गरी त्यसको अभिलेख राख्ने आबर्जे।

सामान्य कानून (Common law, general law)- *ना.प.* सबैका लागि समान रूपले लागू हुने कानून; विशेष कानून बाहेकका साधारण कानून; आम रूपमा लागु हुने कानून; गोस्वारा कानून।

सामान्य कार्यविधि (Common procedures)- *ना.प.* मुद्दामामिलाको कारबाही र किनारा गर्दा अदालतले प्राय: प्रयोग गर्ने कानूनी कार्यविधि; विशेष वा सङ्क्षिप्त कार्यविधिभन्दा भिन्न कार्यविधि।

सामान्य बिमा (General insurance)- *ना.प.* लगानीबिमा बाहेकका बिमा। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कफ)।]*

सामान्य ब्याजदर (General interest rate)- *ना.प.* वार्षिक पन्ध्र प्रतिशतको ब्याजको दर; दुनियाका बिचमा लेनदेनका प्रयोजनमा सयकडा दसका दरले हिसाब गरिने ब्याजदर। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कब)।]*

सामान्य वायुमण्डलीय चाप (Normal atmospheric pressure)- *ना.प.* प्रतिवर्गमिटर १०१३२५ न्युटनको चाप। *[हे. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ को खण्ड (ग)।]*

सामान्य विस्फोटक पदार्थ (Ordinary explosives)- *ना.प.* डिटोनेटर, बलिस्टिक क्याप, विद्युतीय बलिस्टिक क्याप, फ्युज, आतिसवाजी, पटाका र त्यस्तै प्रकृतिका अन्य विस्फोटक पदार्थ। *[हे.मुलुकी अपराध संहिता, २०७४ को दफा १३८ को उपदफा (२) को स्पष्टीकरण।]*

सामुदायिक (Related to community)- *वि.* [सं.] समुदायसँग सम्बन्धित; समुदायको; समुदायसम्बन्धी।

सामुदायिक जग्गा (Community land)- *ना.प.* कुनै समुदायले आफ्ना प्रयोजनका लागि राखेको जग्गा र त्यस्तो जग्गामा बनाएको कुनै संरचना; समुदायको स्वामित्वमा रहेका कुनै पनि जग्गा। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (च१) र मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख४)।]*

सामुदायिक वन (Community forest)- *ना.प.* वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन तथा वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गर्न र बिक्रीवितरण गर्न पाउने गरी कार्ययोजना

बनाई व्यवस्थापन गर्न उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको कुनै भाग। *[हे. वन ऐन, २०७६ को दफा २ को खण्ड (क) ।]*

सामुदायिक विद्यालय (Community school)- *नाप.* सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय; समुदायले मिलेर सञ्चालन गर्ने विद्यालय। *[हे. शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ२) ।]*

सामुदायिक शिक्षक (Community teacher)- *नाप.* समुदायद्वारा सञ्चालित विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअन्तर्गत विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक; सामुदायिक विद्यालयको शिक्षक। *[हे. शिक्षा नियमावली, २०५९ को नियम २ को खण्ड (छ२) ।]*

सामुदायिक संस्था (Community organization)- *नाप.* नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था; समुदायमा आधारित सङ्घसंस्था। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (म) ।]*

सामुदायिक सम्पत्ति (Community property)- *नाप.* कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना; समुदायको स्वामित्व रहेको अन्य कुनै पनि चलअचल सम्पत्ति। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा ३०१ ।]*

सामुदायिक सहायता सेवा (Community assistance Service)- *नाप.* समुदाय स्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन सञ्चालन, सहभागिता तथा गमनशीलतालाई सहज बनाउन उपलब्ध गराइने व्यक्तिगत सहयोगी सेवा, साङ्केतिक भाषाका दोभासे, स्पर्श साङ्केतिक भाषा, नोटटेकर, फिङ्गर ब्रेल दोभासेजस्ता मानवीय सहायता, प्रविधि तथा अन्य सेवा। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७ को नियम २ को खण्ड (ङ) ।]*

सामुदायिक सेवा (Community service)- *नाप.* विद्यालय, अस्पताल, स्थानीय तह, देवालय, वृद्धाश्रम, अनाथालयलगायत यस्तै प्रकृतिका अन्य निकाय तथा सामाजिक सङ्घसंस्थामा गरिने सेवा; आफूले गरेको कसुरको उत्तरदायित्व वहन गर्नका लागि कसुरदारलाई सजायस्वरूप गर्न लगाइने निःशुल्क सेवामूलक सामुदायिक कार्य; सार्वजनिक काम गर्ने, अस्पताल, वृद्धाश्रम अनाथालयमा सेवा गर्ने, वातावरण संरक्षणसम्बन्धी काम गर्ने, सार्वजनिक वा सामुदायिक विद्यालयमा अध्यापन वा सेवा गर्ने, खेलकुद प्रशिक्षण गर्ने गराउने, परोपकारी सङ्घसंस्थामा काम गर्ने, अदालतले तोकेका उपचारात्मक वा सुधारात्मक क्रियाकलाप सञ्चालन गर्ने सङ्घसंस्थामा

उपस्थित हुने र लगाइएको काम गर्नेजस्ता नि:शुल्क रूपमा गर्ने काम वा सेवा। *[हे. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा २२ को उपदफा (३) ।]*

सामुदायिक सेवा अधिकृत (Community Service Officer)- *नाप.* सामुदायिक सेवामा संलग्न रहेका कसुरदारको चालचलन र काम, कारबाहीको अनुगमन र निरीक्षण गरी कारागार व्यवस्थापन विभाग वा कारागार कार्यालयसमक्ष प्रतिवेदन पेस गर्न, सामुदायिक सेवा लिन चाहने निकाय वा संस्थासँग सम्पर्क राख्न तथा सामुदायिक सेवासम्बन्धी कार्यक्रम तर्जुमा गर्ने कार्यमा सो विभाग वा कारागार कार्यालयलाई सहयोग गर्न तोकिएको अधिकृत। *[हे. कारागार नियमावली, २०२० को नियम १६घ. ।]*

सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन केन्द्रीय समिति (Community Service and Open Prison Management Central Committee)- *नाप.* सामुदायिक सेवा तथा खुला कारागारको सञ्चालन र व्यवस्थापनको सम्बन्धमा कारागार व्यवस्थापन विभागलाई राय सुझाव दिन र कसुरदारलाई सामुदायिक सेवा वा खुला कारागारमा पठाउने सम्बन्धमा सो विभागलाई आवश्यक परामर्श दिन कानूनबमोजिम गठन गरिएको समिति। *[हे. कारागार नियमावली, २०२० को नियम १६ग. को उपनियम (१) ।]*

सामुदायिक स्वास्थ्य कार्यकर्ता (Community health worker)- *नाप.* मान्यताप्राप्त संस्थाबाट स्वास्थ्यसेवाका विषयमा तोकिएको योग्यता वा तालिम हासिल गरी स्वास्थ्यसंस्था वा समुदायमा कार्य गर्ने स्वास्थ्य कार्यकर्ता तथा महिला स्वास्थ्य स्वंयसेविका। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ठ) ।]*

सामूहिक जमानी (Collective guarantee)- *नाप.* समूहको कुनै सदस्यले लिएको लघुकर्जाको भुक्तानी निजले नगरेमा त्यस्तो समूहको अन्य सदस्यहरूले सामूहिक रूपमा तिर्न मन्जुर गरी संस्थालाई लेखिदिएको जमानीको लिखत। *[हे. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा २ को खण्ड (ज) ।]*

सामूहिक बिमा कोष (Collective Insurance Fund)- *नाप.* कुनै खास प्रकृतिको बिमा वा जोखिमका सम्बन्धमा बिमकहरूले सामूहिक रूपमा जोखिम बहन गर्न, एकै स्थानमा बिमाशुल्क जम्मा गर्न, पुनर्बिमा व्यवस्था गर्न तथा दाबी भुक्तानी व्यवस्था गर्न स्थापना गरेको कोष (बिमा पुल)। *[हे. बिमा ऐन, २०७९ को दफा २ को खण्ड (कख) ।]*

सामूहिक लगानी योजना (Collective investment scheme)- *नाप.* विभिन्न व्यक्ति वा संस्थाहरूको सहभागिता रहने गरी परिचालन गरिएको बचत लगानी रकमलाई आफ्नो जिम्मेवारीमा लिई

सोको दक्ष लगानी सेवाद्वारा प्राप्त भएको प्रतिफल सम्बन्धित कार्यक्रमका सहभागीहरूलाई समानुपातिक रूपले वितरण गर्न धितोपत्रसम्बन्धी कानूनबमोजिम योजना व्यवस्थापकले सञ्चालन गरेको लगानी कोष, एकाङ्क कोष वा तोकिएका त्यस्तै प्रकारका अन्य सहभागितामूलक कोष व्यवस्थापन कार्यक्रम; समूहले लगानी गर्ने योजना। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ब) ।]*

सामूहिक सम्झौता (Collective agreement)- *ना.प.* रोजगारदाता वा रोजगारदाताको सङ्गठन र ट्रेड युनियन वा सामूहिक सौदाबाजी समितिबिच श्रमिकको पारिश्रमिक, सेवाका सर्त, सुविधा वा रोजगारदाता र श्रमिकको आपसी सरोकारका विषयमा भएको सम्झौता; मजदुर वा श्रमिकका साझा हकमा आधारित सेवासम्झौता। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (प) ।]*

सामूहिक सौदाबाजी (Collective bargaining)- *ना.प.* श्रमिक र व्यवस्थापकबिचको विवादलाई वार्ता, छलफल तथा दवावको माध्यमबाट निरूपण गर्ने प्रक्रिया।

सामूहिक सौदाबाजी समिति (Collective Bargaining Committee)- *ना.प.* सामूहिक सौदाबाजीको माध्यमद्वारा विवाद समाधान गर्न दश वा सोभन्दा बढी श्रमिक कार्यरत प्रतिष्ठानमा रहने समिति। *[हे. श्रम ऐन, २०७४ को दफा २ को खण्ड (फ) र दफा ११६ ।]*

सामेली मिसिल (Attached case file)- *ना.प.* मुद्दाका कागजपत्रमा संलग्न रहेका वा नत्थी गरिएको मिसिल।

साम्प्रदायिक (Communal)- *वि.* [सं.] सम्प्रदायसँग सम्बन्धित; कुनै निश्चित जाति, धर्म वा सम्प्रदाय वा गुटसँग सम्बन्ध भएको।

सारवान् (Substantial)- सार कुरा; मुख्य कुरा; तात्विक कुरा।

सारवान् कानून (Substantial law)- *ना.प.* सार वा मुख्य कुरा व्यवस्था गर्न बनेको कानून; हकअधिकारको व्यवस्था गर्ने, वा कुनै विषयलाई रोक लगाउने, नियन्त्रण गर्ने वा नियमन गर्ने कानून; कसुरको कठोर परिभाषा गर्ने र त्यस्तो कसुरमा हुने सजायको सीमा तोक्ने फौजदारी कानून; देवानी व्यवहारलाई परिभाषित गर्ने र उपचारका उपाय बताउने कानून। *तु.* कार्यविधि कानून।

सारवान् व्यवस्था (Substantial provision)- *ना.प.* सार वा मुख्य कुरा व्यवस्था गर्न बनेको कानूनी व्यवस्था; कुनै विषयलाई रोक लगाउने, नियन्त्रण गर्ने, नियमन गर्ने वा हक अधिकार सम्बन्धी कानूनी व्यवस्था; कानूनमा रहेको सारवान् प्रावधान।

सार्वजनिक (Public)- *वि.[*सं. सर्व+जन+इक] सबैको उपयोगका लागि बनाइएको; सबैलाई काम लाग्ने; सबै जनाको।

सार्वजनिक उपयोगको क्षेत्र (Area of public use/utility)- *नाप.* सबै मानिसले उपयोग गर्नुपर्ने क्षेत्र; विद्यालय, विश्वविद्यालय, छात्रावास, अन्त्येष्टिस्थल, सडक, सिँचाई कूलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकूद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा; कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनी तोकिएको क्षेत्र। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (द) ।]*

सार्वजनिक ऋण (Public debt)- *नाप.* आन्तरिक वा वैदेशिक ऋण र त्यस्तो ऋण परिचालन गर्दा सिर्जना भएको वित्तीय दायित्व; राष्ट्रऋण। *[हे. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २ को खण्ड (ञ) ।]*

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (Public Debt Management Office)- *नाप.* सार्वजनिक वित्त व्यवस्थापनका लागि सरकारले लिने वैदेशिक ऋण; सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले लिने आन्तरिक ऋणको व्यवस्थापन गर्न अर्थ मन्त्रालयमातहत रहने कार्यालय। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (न) ।]*

सार्वजनिक काम (Public purposes)- *नाप.* सर्वसाधारण जनताको हित, लाभ वा उपयोगको लागि हुने काम; सङ्घीय सरकार वा प्रदेश सरकारका तर्फबाट हुने काम; सङ्घीय सरकार वा प्रदेश सरकारले स्वीकृत गरेको परियोजनाका काम; स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाका काम। *[हे. जग्गा प्राप्ति ऐन, २०३४ को दफा २ को खण्ड (ख) ।]*

सार्वजनिक गुठी (Public trust)- *नाप.* आर्थिक विकासका पूर्वाधार वा अन्य विकाससम्बन्धी कामका लागि प्रयोग हुने कोषको स्थापना, सञ्चालन तथा प्रयोग गर्ने गुठी; निम्न आय भएका व्यक्तिहरूको सीप विकास तथा रोजगारीका अवसरको सिर्जना तथा विकासको कार्य गर्न गरिएको आवश्यक कोषको स्थापना तथा सञ्चालन गर्ने गुठी; सामाजिक कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने, विद्यालय, महाविद्यालय, विश्वविद्यालयजस्ता सर्वसाधारणका लागि उपयोगी हुने शैक्षिक तथा प्राज्ञिक संस्थाहरू स्थापना गरी सञ्चालन गर्ने गुठी; अस्पताल वा स्वास्थ्य चौकीजस्ता सार्वजनिक चिकित्सालय स्थापना गरी सञ्चालन गर्ने गुठी; प्राकृतिक, ऐतिहासिक वा साँस्कृतिक सम्पदाको संरक्षण वा त्यस्तो कार्यको प्रवर्धन गर्ने, वन्यजन्तु, जलचर वा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गर्ने गुठी; विभिन्न वर्ग, समूह वा समुदायको हित संरक्षण,

कल्याण वा उत्थानका लागि कार्यक्रम सञ्चालन गर्ने गुठी; खेलकुदसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गुठी; सेवामुखी कल्याणकारी कार्य गर्ने, उद्धार कार्य सञ्चालन गर्ने गुठी; मठ, मन्दिर, गुम्बा, चैत्य, मस्जिद, गिर्जाघर वा त्यस्तै अन्य धार्मिक कृत्य गर्ने गुठी; सार्वजनिक हितका लागि सार्वजनिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्य पुरा गर्न स्थापना गरिएका गुठी। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा ३१५ को उपदफा (२)।]*

सार्वजनिक जग्गा (Public land)- *नाप.* सार्वजनिक प्रयोजनको लागि परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डिल; गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्येष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा; पाटी, पौवा, देवल, धार्मिक उपासना स्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारीजस्ता संरचना रहेको जग्गा; हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा; सरकारले सार्वजनिक जग्गा भनी तोकेको अन्य जग्गा। *[हे. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (च) र मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख३)।]*

सार्वजनिक जवाफदेही (Public accountability)- *नाप.* पारिश्रमिक ठेकिएको वा नठेकिएको भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने मान्यताप्राप्त सार्वजनिक सेवाको काम, कर्तव्य र अधिकार; सार्वजनिक रूपमा जवाफ दिनुपर्ने; सार्वजनिक उत्तरदायित्व।

सार्वजनिक जवाफदेहीको पद (Office of Public Accountability)- *नाप.* पारिश्रमिक ठेकिएको वा नठेकिएको भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने मान्यताप्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद; सार्वजनिक रूपमा जवाफ दिनुपर्ने वा सार्वजनिक उत्तरदायित्व भएको पद। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (श)।]*

सार्वजनिक निकाय (Public entity, public body)- *नाप.* सरकारी वा सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, विभाग वा तिनका मातहतका जुनसुकै तहका कार्यालय वा कार्यसम्पादन एकाइ; संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकार र प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय; सङ्घीय सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा सार्वजनिक स्तरमा स्थापित वा सङ्घीय सरकार, प्रदेश सरकार वा स्थातीय तहद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था; दर्ता भएका राजनीतिक दल तथा सङ्गठन, सङ्घीय सरकार वा

प्रदेश सरकारद्वारा सञ्चालित वा सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था; स्थानीय तह; विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानमा सञ्चालित संस्था; सङ्घीय सरकार वा प्रदेश सरकारले सार्वजनिक निकाय भनी तोकेका अन्य संस्था। *[हे. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख), वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ङ) र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (फ)।]*

सार्वजनिक निर्माण कार्य (Public works)- *नाप.* सरकार तथा सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माणसम्बन्धी कार्य वा पुनःनिर्माण तथा मर्मत सम्भारको कार्य; सार्वजनिक पूर्वाधार वा संरचनाको निर्माण, जीर्णोद्धार तथा मर्मतसम्बन्धी काम। *[हे. निर्माण व्यवसाय ऐन, २०५५ को दफा २ को खण्ड (क)।]*

सार्वजनिक निष्कासन (Public issue)- *नाप.* सङ्गठित संस्थाले आफ्नो धितोपत्र बिक्री गर्न सर्वसाधारणसमक्ष विवरणपत्र प्रकाशन गरी राखेको प्रस्ताव; सार्वजनिक रूपमा खरिद गर्न सकिने गरी बिक्रीका लागि सेयरको निष्कासन। *[हे. धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (फ)।]*

सार्वजनिक पद धारण गरेको व्यक्ति (Public office holder, Person holding public post)- *नाप.* संविधान, कानून, सम्बन्धित निकाय वा अधिकारीका निर्णय वा आदेशबमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति; सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी; सार्वजनिक निकायको कुनै पदमा निर्वाचित, मनोनीत वा नियुक्ति भई बहाल रहेको व्यक्ति। *[हे.अख्तियार दुरूपयोग अनुसन्धान आयोग,२०४८ को दफा २ को खण्ड (घ), वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (च) र जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा २ को खण्ड (च)।]*

सार्वजनिक परीक्षण (Public audit)- *नाप.* उपभोक्ता वा सरोकारहरूद्वारा गरिने विकास कार्यक्रमको लेखाजोखा; कुनै निश्चित परियोजना सम्पन्न भएपछि जिम्मेवार व्यक्तिले उक्त परियोजनाबाट प्रभावित जनसमुदायलाई सार्वजनिक स्थानमा भेला गराएर कार्यक्रम तथा खर्चको सार्वजनिकीकरण गरी त्यस उपर जनताको राय तथा प्रतिक्रिया लिई कार्ययोजना समेत तयार गर्ने कार्य।

सार्वजनिक बिदा (Public holiday)- *नाप.* आपत्कालीन सेवाबाहेक नियमित सार्वजनिक सेवाप्रवाहका कार्यालयबाट कामकाज नहुने गरी सरकारले तोकेका दिन पर्ने बिदा; सबै तहका कर्मचारी वा कामदारले समान रूपले उपभोग गर्न पाउने बिदा; सामान्य सार्वजनिक सेवाप्रवाह बन्द रहने दिनका बिदा; सरकारले सार्वजनिक कार्यालय बन्द रहने गरी घोषणा गरेको दिन। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (फ) ।]*

सार्वजनिक भौतिक संरचना (Public physical infrastructure)- *नाप.* सडक, बाटो, पुल, सुरुङ्ग, विमानस्थल, जलाशय, नहर, खानेपानीको मुहान तथा पोखरी, विद्युत गृह, विद्युत प्रसारण केन्द्र वा त्यसको लाइन, रज्जुमार्ग, केवुलकार, दूरसञ्चारसम्बन्धी उपकरण, रेडियो स्टेसन, टेलिभिजन प्रसारण केन्द्र तथा तिनका टावर, रेल तथा रेलमार्ग, सार्वजनिक यातायात वा बसबिसौनी, सार्वजनिक उद्यान, वा अन्य यस्तै संरचना। *[हे.मुलुकी अपराध संहिता,२०७४ को दफा १५० को उपदफा (१) को स्पष्टीकरण।]*

सार्वजनिक महत्त्वको विषय (Public importance issue)- *नाप.* सार्वजनिक सरोकारको विषय। *[हे. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ग) ।]*

सार्वजनिक यातायात (Public transportation)- *नाप.* सर्वसाधारणका लागि सार्वजनिक रूपले उपलब्ध हुने गरी सञ्चालित यातायात सेवा; सहरी क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सूचीकृत सार्वजनिक यातायात सेवा प्रदान गर्ने विद्युतीय वा अन्य इन्धनबाट सञ्चालन हुने बस, ट्याक्सी, रेल, मेट्रोरेल, लाइटरेल, स्काईरेल, मोनोरेल, केबलकार, राइड सेयरिङ वा यस्तै अन्य सवारी साधन। *[हे. शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को दफा २ को खण्ड (ट) ।]*

सार्वजनिक लिखत (Public document)- *नाप.* विधायिकाबाट पारित भएको लिखत; राष्ट्रपतिबाट भएको औपचारिक कार्यको अभिलेखको रूपमा रहेको लिखत; प्रदेश प्रमुखबाट भएको औपचारिक कार्यको अभिलेखको रूपमा रहेको लिखत; सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहअन्तर्गतका कार्यालय वा संवैधानिक निकाय वा पदाधिकारी, अदालत वा ऐन वा आदेशद्वारा स्थापित संस्था, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेका सङ्गठित संस्थाका कार्यालयले जारी गरेका वा त्यस्ता कार्यालयमा अभिलेखका रूपमा रहने किताब, स्रेस्ता वा अन्य कुनै लिखत; सङ्घीय, प्रदेश वा स्थानीय कानूनबमोजिम जारी भएका कुनै लिखत; अदालतबाट भएका फैसला, निर्णय वा आदेश; कानूनबमोजिम सार्वजनिक लिखत मानिने लिखत र त्यस्ता लिखतका लिखित, छापा, डिजिटल वा विद्युतीय स्वरूप। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ३*

को खण्ड (ढ), केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को दफा २ को खण्ड (क) र प्रमाण ऐन, २०३१ को दफा २ को खण्ड (ग) ।]

सार्वजनिक विद्यालय (Public School)- *नाप.* सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित विद्यालय; सामुदायिक विद्यालयका रूपमा सञ्चालित विद्यालय। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (थ) ।]*

सार्वजनिक शिक्षण संस्था (Public educational institution)- *नाप.* सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्तिको प्रयोग गरी स्थापना भएका सरकारी, सार्वजनिक गुठीअन्तर्गतका शिक्षण संस्था; सार्वजनिक शिक्षण संस्थाका रूपमा सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय, प्रशिक्षण केन्द्र, तालिम केन्द्र, शैक्षिक प्रतिष्ठान आदि। *[हे. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (प) ।]*

सार्वजनिक शैक्षिक गुठी विद्यालय (Public educational trust school)- *नाप.* मुनाफा बाँडफाँट नगर्ने खालको सार्वजनिक शैक्षिक गुठीअन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालय। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (द) ।]*

सार्वजनिक संस्था (Public institution, state corportion)- *नाप.* सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएका कम्पनी, बैङ्क वा समिति; सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था; सरकारद्वारा सञ्चालित वा सरकारका पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था; स्वास्थ्य संस्था; स्थानीय तह वा सङ्घीय सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था; माथि उल्लिखित संस्थाका पूर्ण वा आंशिक स्वामित्व भएका वा नियन्त्रण रहेका वा त्यस्ता संस्थाबाट अनुदानप्राप्त संस्था; सरकारले सार्वजनिक संस्था भनी तोकेका अन्य कुनै संस्था; पचास प्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा सरकारको स्वामित्व वा नियन्त्रणमा रहि स्थापित सङ्गठित संस्था तथा नियमनकारी निकाय। *[हे. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (ङ), भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ग), प्रशासकीय अदालत ऐन, २०७६ को दफा २ को खण्ड (च) र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (ध) ।]*

सार्वजनिक सञ्चार (Public communication)- *ना.प.* कुनै कार्यक्रमको प्रस्तुति, ध्वनि अङ्कन तथा प्रसारणको ध्वनि वा दृश्य वा दुवै प्रसारण स्थलको नजिक वा टाढा जहाँ रहेर पनि सुन्न वा अवलोकन गर्न सकिने गरी तारयुक्त वा तारविहीन उपकरणबाट प्रसारण गरिने कार्य; आममानिसले एकैसाथ हेर्न वा सुन्न सक्ने किसिमका प्रकाशन र प्रसारण। *[हे. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (ञ) ।]*

सार्वजनिक सडक (Public roads)- *ना.प.* कसैको निजी भोगचलन मात्रमा नरहेको सडक; सडक, बाटो, राजमार्ग, मार्गका नामले चिनिने चिनाइने सार्वजनिक भौतिक संरचना; त्यस्ता सडक, बाटा वा मार्गमा पर्ने सबै किसिमका पुल, पुलेसा (कज्वे/कलभर्ट), साइकल मार्ग र पेटी (फुटपाथ)। *[हे. सार्वजनिक सडक ऐन, २०३१ को दफा २ को खण्ड (क) ।]*

सार्वजनिक समारोह (Public functions, public ceremony, public events)- *ना.प.* सार्वजनिक रूपमा आयोजना गरिएको पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्युजस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा सांस्कृतिक व्यवहार हुने समारोह; यस्ता समारोहमा हुने भोजभतेर, खानपान तथा अन्य गतिविधि। *[हे. जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा २ को खण्ड (ङ) ।]*

सार्वजनिक सम्पत्ति (Public property)- *ना.प.* सार्वजनिक संस्था वा सरकारमा स्वामित्व रहेका सार्वजनिक प्रयोजनमा परापूर्वकालदेखि रहेका घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा तिनका आड वा डिल; गाईबस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रिस्थान रहेको जग्गा र तिनमा रहेका संरचना; पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी रहेका जग्गा र तिनमा रहेका संरचना; हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा र तिनमा रहेका भौतिक संरचना; सार्वजनिक प्रयोजनका लागि कसैले प्रदान गरेको निजी सम्पत्ति; सरकारले सार्वजनिक सम्पत्ति भनी तोकेका अन्य साम्पत्तिक वस्तु। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा ३००।]*

सार्वजनिक सम्पदा (Public heritage)- *ना.प.* परापूर्वकालदेखि सार्वजनिक रूपमा हिँडी आएको बाटो, सार्वजनिक रूपमा भोग चलन हुदै आएको सडक, गौचर, पानीघाट, चिहान, मसानघाट, धारो, पधेरो, कुवा, पोखरी, पोखरीका डिल, खानेपानीको मूल, नहर, कुलो, गाईवस्तु चराउने चौर वा निकाल्ने निकास, हाटबजार लाग्ने स्थान, देवस्थल, मठ, मन्दिर, स्तुप, गुम्वा, मस्जिद वा गिर्जाघर, पाटी, पौवा सत्तल, चौतारो, ऐतिहासिक मूर्ति, शालिक, साँस्कृतिक स्तम्भ वा स्मारक, धार्मिक वा साँस्कृतिक कार्य वा समारोह गर्ने ठाउँ; सरकारले तोकेका राष्ट्रिय वन वा सङ्घीय सरकार,

प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व रहेको वन वा त्यसको कुनै अंश; प्राकृतिक रूपले प्रवाह हुने खोलानाला, नदी, प्राकृतिक पोखरी, गुफा वा अन्य भौगर्भिक वा भौगोलिक निधिहरू। *[हे.मुलुकी अपराध संहिता, २०७४ को दफा १४८ को उपदफा (१) को स्पष्टीकरण।]*

सार्वजनिक सरोकार/सरोकारका विषय (Public interest, public concern)- *ना.प.* आमजनताको चासो वा सरोकारका विषय; सबैलाई असर पार्ने वा सबैले चासो राख्न सक्ने विषय।

सार्वजनिक सरोकारको विवाद (Public interest litigation)- *ना.प.* आमजनताको चासो वा सरोकारको विषयसँग सम्बन्धित विवाद।

सार्वजनिक सवारी (Public motor vehicle)- *ना.प.* सार्वजनिक यातायात सेवामा प्रयोग गरिने सवारी साधन। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (च) ।]*

सार्वजनिक साँचो (Public key)- *ना.प.* डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्न प्रयोग गरिएको कुनै जोडी साँचोको एक साँचो। *तु.* निजी साँचो। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (भ) ।]*

सार्वजनिक सुनुवाइ (Public hearing)- *ना.प.* सार्वजनिक पदाधिकारी, सेवा प्रदायक संस्था र सेवाग्राहीबिच सार्वजनिक रूपमा हुने प्रत्यक्ष बहस, छलफल तथा अन्तरक्रिया।

सार्वजनिक सेवा (Public service, public utility)- *ना.प.* सरकार वा राज्यका अङ्ग वा निकायमा गरिने रोजगारी; त्यस्ता सरकारी अङ्ग वा निकायद्वारा प्रवाह गरिने सेवा; सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेस्टुरेन्ट, क्याफे, सिनेमा हल, नाचघर वा कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा। *[हे. जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा २ को खण्ड (घ) ।]*

सार्वजनिक स्थल (Public place)- *ना.प.* राज्य तथा सरकारी वा गैरसरकारी कार्यालय, संस्था वा कार्यालय, शिक्षण संस्था वा औद्योगिक प्रतिष्ठान, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था, विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशुस्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, उद्योग तथा कल कारखानाका कार्यस्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, होटल, मोटल, रिसोर्ट, रेस्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथिगृह, रङ्गशाला, कभर्ड हल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडीपोखरी तथा पुल हाउस, डिपार्टमेन्टल स्टोर तथा मिनी

मार्केट, धर्मशाला तथा धार्मिक स्थल, प्राचीन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, चौतारी, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्याम-बगैंचा, सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउन्टरजस्ता सर्वसाधारणले साझा उपयोग गर्ने ठाउँ; सार्वजनिक स्थल भनी तोकिएका अन्य ठाउँ; सार्वजनिक रूपमा वस्तु वा सेवा बिक्रीवितरण गर्ने अन्य कुनै पनि स्थान; सार्वजनिक स्थान। *[हे. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २ को खण्ड (घ) र जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा २ को खण्ड (ग) ।]*

सार्वजनिक स्थान (Public place)- *नाप.* सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने, जाने, बस्ने ठाउँ र यात्रीहरू चढ्न, उत्रन वा सवारी राख्न निर्धारित ठाउँ; सार्वजनिक स्थल। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (ब) ।]*

सार्वजनिक-निजी साझेदारी (Public private patnership)- *नाप.* कुनै सार्वजनिक निकाय र लगानीकर्ताबिच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम बेहोर्ने गरी गरिने सहकार्य; यस्ता निकाय र लगानीकर्ताका आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवाप्रवाह गर्न कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (ब) ।]*

सार्वजनिक-निजी साझेदारी निर्देशनालय (Public Private Patnership Unit)- *नाप.* सार्वजनिक-निजी साझेदारी अवधारणाअन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूका सम्भाव्यता अध्ययन तथा लगानीकर्ता छनोट गर्न र सार्वजनिक निकायहरूलाई परियोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयमा सहजीकरण गर्न लगानी बोर्डका कार्यालयमा रहेको एक निर्देशनालय। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २ को खण्ड (भ) र दफा १४ को उपदफा (१) ।]*

सार्वभौम सत्ता (Sovereignty)- *नाप.* राष्ट्रको सर्वोच्च शक्ति; सम्प्रभुता; सार्वभौमिकता; राष्ट्रको सर्वाधिकार वा सर्वाधिकार शक्ति।

साल (Year)- *ना./फा.*] नेपाली पञ्चाङ्गअनुसार गणना गरिने वर्ष; वैशाख सङ्क्रान्तिबाट सुरु भई चैत मसान्तमा समाप्त हुने अवधि; एक वर्षको अवधि; संवत्; विक्रम संवत्। *[हे. नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (क) ।]*

सालतमाम/सालतमामी (End of fiscal year)- *ना./*साल+तमाम+ई] आर्थिक वर्षको समाप्ति; वर्षको अन्त्य।

सालतमामी ढपोट (Fiscal year-end ledger)- *ना.प.* एक आर्थिक वर्षको आम्दानी खर्च भएको फाँट वा वर्षदिन पुगेपछि फेरिने स्रेस्ता।

सालबसाली (Yearly)- *क्रिवि./*फा.] सालिन्दा, हरेक वर्षको; प्रत्येक वर्षको; बर्सेनि।

सालसुल (Redemption; realization, clearance, paid off)- *ना./*साल+सुल] लेनदेनको हिसाब फर्स्यौट; चुक्ता; समाप्ति।

सालाखाला (In proportion, in average, things of different size and shape taken in total)- *क्रिवि./*फा.] सानोठूलो मिलाइएको; असल-कमसल मिलाइएको; राम्रो र नराम्रो मिसिइएको; औसत; सापोनापो मिलाएर; सरदर।

सालिक (Statue)- *ना.* [अ.] धातु, ढुङ्गा, काठ आदिबाट बनाइएको कुनै व्यक्तिको प्रतिमूर्ति; प्रतिमा; स्मारकका रूपमा सार्वजनिक स्थल आदिमा राखिने धातु वा ढुङ्गाको ठूलो मूर्ति।

सालिन्दा (Annually, yearly)- *क्रिवि./*फा.] प्रत्येक वर्ष; वार्षिक; साल-बसाली; वर्षेनि; बर्स्यौंनि।

सावधानी (Attention, caution, carefulness)- *क्रिवि.* [सं.] होसियारी; सतर्कता; सजगता।

सावधिक पदाधिकारी (Tenured officer)- *ना.प.* कुनै सार्वजनिक निकाय, विश्वविद्यालय, सार्वजनिक संस्थानलगायतका निकाय वा सङ्घसंस्थामा पुरा समय काम गर्ने पदाधिकारी; अवधि तोकी नियुक्त भएको पदाधिकारी।

सासना (Torture, physical punishment, chastisement)- *ना.*[सं. शासन] सास्ती; कष्ट; सजाय।

साहजादा/ शाहजादा (Prince)- *ना.*[फा.] अधिराजकुमार; राजकुमार।

साहजादी/ शाहजादी (Princess)- *ना.*[फा.] अधिराजकुमारी; राजकुमारी।

साही/ शाही घोषणा (Royal proclamation)- *ना.प.* राजाबाट शासनका क्रममा दिइने विशिष्ट वक्तव्य।

साही/ शाही पाश्ववर्ती[Royal aides-de-camp (ADC)]- *ना.प.* राजाको अङ्गरक्षक।

साहु (Lender, creditor)- *ना./*प्रा.] ऋण दिने व्यक्ति; ऋण तिर्नुपर्ने वा दायित्व पुरा गर्नुपर्ने व्यक्तिबाट कुनै लाभ पाउने वा कुनै काम गराउन पाउने व्यक्ति; सापट दिने व्यक्ति; दामासाहीमा परेको वा पर्न सक्ने कम्पनीबाट भुक्तानी प्राप्त गर्ने अधिकार भएको व्यक्ति।

[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा ५६४ को उपदफा (३) को स्पष्टीकरण र दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (झ) ।]

साहुअसामी/साहुआसामी (Creditor and debtor, lender and borrower)- *ना.[* साहु+असामी] ऋण दिने व्यक्ति र ऋण लिने व्यक्ति; कर्जादाता र कर्जावाला।

साहुकार (Lender)- *ना.[*साहुकार] ब्याजमा रुपैयाँ लगाउने व्यक्ति; ब्याज तिर्ने गरी लिइएको सापट; ब्याज दिने गरी गरिने रिनपान।

सिँचाइ (Irrigation)- *ना.[*सं. सिञ्चन] कृषिजन्य उपयोगको लागि जग्गाजमिनमा पानी पुऱ्याउने प्रक्रिया; बालीनालीमा पानी लगाउने काम। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ख) ।]*

सिँचाइ परियोजना (Irrigation project)- *ना.प.* सरकारले विकास गरी सञ्चालन गरेको वा अनुमतिप्राप्त व्यक्तिले सञ्चालन गर्ने सिँचाइसम्बन्धी परियोजना; सरकारले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेका सिँचाइ परियोजना; उपभोक्ता संस्था आफैले विकास गरी सञ्चालन गरेका सिँचाइ परियोजना। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (छ) ।]*

सिँचाइ परियोजना कार्यालय (Irrigation Project Office)- *ना.प.* सिचाइँ परियोजनाअन्तर्गत सिँचाइको सञ्चालन र व्यवस्थापन गर्ने निकाय वा संस्थापना; सिँचाइ परियोजनाको कार्यालय। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ट) ।]*

सिँचाइ प्रणाली (Irrigation system)- *ना.प.* सिँचाइ प्रयोजनका लागि बनेका संरचना; सिँचाइ क्षेत्रसहित सिँचाइको बन्दोबस्तीका सबै एकाइ। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ठ) ।]*

सिँचाइ संरचना (Irrigation structure)- *ना.प.* स्रोतबाट पानी जम्मा गर्न, नियन्त्रण गर्न वा वितरण गर्न बनाइएको बाँध, नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसो, पैनी तथा त्यस प्रयोजनको लागि बनेको बाटो, डिल, पुल, पुलेसो र प्रयोग भएका भवन, मेसिन, यन्त्र वा उपकरण; तिनले चर्चेको क्षेत्र; भूमिगत सिँचाइ प्रणालीका ट्यूवेल, पम्प, पम्पघर तथा अन्य विद्युतीय उपकरण एवम् वितरण प्रणाली। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ग) ।]*

सिँचाइ सेवा (Irrigation service)- *ना.प.* सिँचाइ परियोजनाबाट उपभोक्तालाई उपलब्ध गराइएको सेवा। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम २ को खण्ड (ङ) ।]*

सिकायत (Complain)- *ना.* [अ.] गुनासो; उजुरी; समस्या दर्साउने काम।

सिकार आरक्ष (Hunting reserve)- *नाप.* सिकार खेल्नेलाई सिकार खेल्न वा गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनको लागि छुट्याइएको क्षेत्र। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (घ) ।]*

सिकार/ शिकार (Prey, hunting)- *ना.* [अ.] अरूको जालझेलमा अल्झेको वा कसैबाट सताइएको मानिस; मनोविनोद वा मानसु खानका लागि वा दुर्लभ वस्तु प्राप्त गर्न लखेट्ने, समाउने, पासो थाप्ने आदि गरेर वा बन्दुक आदिले गोली हानेर, धनुकाँड वा तीर हानेर वन्यजन्तु वा पक्षीलाई मार्ने काम; कुनै वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको फूल, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गरी दिने काम; खाने मासु; ऐरो; आखेट। *[हे. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (ज) ।]*

सिग्नल फौज (Signal force)- *नाप.* युद्धको समयमा आधारभूत लडाकु फौजलाई आवश्यकता अनुसार सञ्चार सुविधा उपलब्ध गराएर सहयोग पुऱ्याउने स्रोतसाधनयुक्त फौज। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (र) ।]*

सिग्नल समूह (Signal group)- *नाप.* नेपाली सेनाको सञ्चार क्षेत्रलाई व्यवस्थित गर्ने प्रमुख जिम्मेवारी भएको समूह। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ल) ।]*

सिञ्चित क्षेत्र (Irrigated area)- *नाप.* सिँचाइ प्रणालीको प्रकृति तथा विस्तारका आधारमा नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसोबाट उपभोक्ताका लागि पानी वितरण गर्न निर्माण गरिएको डिभिजन बक्स वा टर्नआउटबाट बहेको पानीले सिञ्चित हुने क्षेत्र। *[हे. सिँचाइ नियमावली, २०५६ को नियम ३ को उपनियम (२) को स्पष्टीकरण।]*

सिमसार क्षेत्र (Wetlands)- *नाप.* पानी नसुक्ने र अलिअलि झार हुने चिसमिरो जमिन; धाप, ताल र दलदल क्षेत्र।

सिमाना (Boarder)- *ना.*[सं. सीमा] दुई मुलुकको सिमानामा रहेको दश गजा क्षेत्र; सीमा; साँध; किनारा; छेउ। *[हे. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६ को खण्ड (झ) को स्पष्टीकरण।]*

सिरजमिन (Tax free land)- *ना.*[सिर+जमिन] जिमीदारी प्रथा कायम हुँदा जिमीदारका खान्कीका लागि ठेकिएको जमिन; जिरायत।

सिरीखुरी (Entire property, whole estate)- *ना.*[सिर+ई+खुर+ई] सिरदेखि खुरैसम्म भएजति सबै; भएभरको सम्पत्ति; सबै जायजेथा; सर्वस्व।

सिर्तो (Money paid under duress)- *ना.* सानातिना राजा, रजौटाले ठूला राजा वा सम्राटलाई बुझाउने कर; करबलबाट दिइने रकम; करबलबाट दिइने रकम।

सिलबन्दी दरभाउपत्र (Sealed quotation)- *नाप.* सार्वजनिक निकायको सूचनाबमोजिम कुनै निर्माण कार्य गर्न वा मालसामान वा अन्य सेवा उपलब्ध गराउनको लागि इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तत्सम्बन्धी लागत वा मूल्य खुलाई सिलबन्दी खाममा राखी पेस गरेको विवरण। *[हे. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ को खण्ड (ग) ।]*

सिलौटे (Money levied on the land granted to the workers who worked to grind gunpowder during war)- *ना.* लडाईंको लागि बारुद पिँध्ने कामदारले प्राप्त गरेको जग्गामा लागेको रकम।

सीमान्तीकृत (Marginalized)- *वि.* [सं.] राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका मानवविकासको मान्य स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय; अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतका समुदाय। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ङ) ।]*

सीमित कोष (Restricted fund)- *नाप.* निर्दिष्ट उद्देश्यको लागि विशेष परिस्थितिमा उपयोग गर्न सकिने कोष; हत्तपत्त नचलाइने कोष।

सुकीर्ति पदक (*Sukirti Padak*)- *नाप.* राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा कीर्तिमान कायम गरी मुलुकको गौरव तथा प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने नेपाली नागरिकलाई प्रदान गरिने पदक; विभूषणको एक प्रकार। *[हे. विभूषण नियमावली, २०६५ को नियम २६ को उपनियम (१) ।]*

सुकुम्वासी (Landless squatters)- *ना.*[सुकुम्वास+ई] घरजग्गा सम्पत्ति नभएको व्यक्ति; नेपाल राज्यभित्र आफ्नो वा आफ्ना परिवारका स्वामित्वमा जग्गाजमिन नभएको व्यक्ति; आफ्ना वा आफ्ना परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति वा निजप्रति आश्रित परिवारका सदस्य। *[हे. भूमिसम्बन्धी ऐन, २०२१ दफा ५२ख. को उपदफा (११) को स्पष्टीकरण।]*

सुखानली प्रणाली (Dry hose system)- *नाप.* वितरण गर्ने काम पूरा भएपछि प्रश्रावनली पूर्णतः सुखा रहने प्रणाली। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५(क) ।]*

सुतो (Cotton tax)- *ना.[*सुती+ओ] नेपालको प्राचीन व्यवस्थामा कपास खेती गर्नेहरूलाई लागेको धागोमा लाग्ने कर; सुतीकर।

सुत्केरी भत्ता (Maternity allowance)- *ना.प.* अति विपन्न सुत्केरी महिलालाई सरकारद्धारा तोकेबमोजिमको उपलब्ध गराइने भत्ता; सुत्केरी स्याहारका लागि वित्तीय सहायता। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३३।]*

सुद (Interest)- *ना.[*फा.] ब्याज।

सुदखोर (Usurer)- *ना.[*फा.] अनुचित किसिमले बढी ब्याज लिने व्यक्ति; धेरै ब्याज लिने साहु।

सुन (Gold)- *ना.[*सं. स्वर्ण] कानूनी रूपले प्रचलनमा भएको वा नभएको सिक्काको रूपमा रहेको सुन, शुद्धीकरण भएको वा नभएको सुनका ढिक्काहरू र पाताहरू तथा पूर्णतया वा मुख्यतया सुनबाट बनेका गहना र मालवस्तुहरू; सुवर्ण; हिरण्य; सोना। *[हे. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ज)।]*

सुनाइ सम्बन्धी अपाङ्गता भएको व्यक्ति (Person with disability related to hearing, person with hearing impairment)- *ना.प.* सुनाइका अङ्गको बनावट एवम् स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने अवस्थाको व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

सुनाबिर्ता (A granted land with nominal rent)- *ना.[*सुन+बिर्ता] पोता तिर्नुपर्ने एक प्रकारको बिर्ता; मालपोत तिर्नुपर्ने बिर्ताजग्गा; राजाले सुनकुश साक्षी राखेर दिएको बिर्ता; खरिद गरिएको बिर्ताजग्गा।

सुनिश्चित हस्ताक्षर (Definitive signature)- *ना.प.* कुनै सन्धि बन्धनकारी हुने गरी पक्ष हुन सहमति व्यक्त गर्न राष्ट्रको तर्फबाट अधिकारप्राप्त गरेको अधिकारीले त्यस्तो सहमति व्यक्त गरी गरेको हस्ताक्षर; सन्धिमा राष्ट्रका तर्फबाट गरिएको पक्कापक्की हस्ताक्षर वा सहमति।

सुनुवाइ (Hearing)- *ना.[*सुन्+वाइ/सुन्नु+आइ] मुद्दामामिलाका उजुर, पिरमर्का आदि सुन्ने र विचार गर्ने काम; सुनुवाइ।

सुपरिवेक्षण (Supervision)- *ना.* [सं.] सुपरीक्षण; पर्यवेक्षण; हेरविचार; रेखदेख; निगरानी; हेरचाह।

सुरक्षण (Security)- *ना.* [सं.] कर्जा लिँदादिँदा धितो राखिएको वा राखिने सम्पत्ति वा तत्सम्बन्धी लिखत; ऋणको धितो बन्धक वा अन्य कुनै किसिमको सुरक्षणबापत राखेको कुनै वा सबै

सम्पत्ति; ग्यारेन्टी; प्रत्याभूति; धितो। *[हे. विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (ग) र दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ञ) ।]*

सुरक्षण मुद्रण (Security printing)- *ना.प.* अनधिकृत व्यक्तिले हुबहु नक्कल गर्न नसक्ने गरी विशेष चिह्न, प्रक्रिया, प्रविधि र विशेष प्रकारको मसी, कागज जस्ता छपाइसामग्री प्रयोग गरी सुरक्षाको प्रत्याभूतिका साथ गरिने मुद्रण वा छपाइ; सुरक्षित छपाइ; मुद्रा, राष्ट्रिय परिचयपत्र, राहदानी आदिको सरकारी आधिकारिक छपाइ। *[हे. सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ को दफा २ को खण्ड (ठ) ।]*

सुरक्षण मुद्रण केन्द्र (Security Printing Center)- *ना.प.* सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गणुस्तरीय छपाइसम्बन्धी कार्य गर्न स्थापना गरिएको केन्द्र। *[हे. सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ को दफा २ को खण्ड (ङ) र दफा 3 ।]*

सुरक्षण मुद्रणसामग्री (Security printing materials)- *ना.प.* प्रयोगका लागि तयार गरिएका नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, बैङ्क नोट, भिसा स्टिकर, हुलाक टिकट, अन्तः शुल्क स्टिकर, सवारी चालक अनुमतिपत्र वा जग्गाधनी दर्ता प्रमाणपुर्जा र सरकारले तोकेका अन्य सामग्री। *[हे. सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ को दफा २ को खण्ड (ङ) ।]*

सुरक्षण मुद्रणसामग्री उत्पादन स्थल (Security printing materials manufacturing zone)- *ना.प.* सुरक्षण मुद्रणसामग्री तयार गर्ने, डिजाइन गर्ने, प्रि-प्रेसको कार्य गर्ने, छपाइ वा उत्पादन गर्ने ठाउँ; छापिएका वा उत्पादित सुरक्षण मुद्रणसामग्रीको भण्डारण गर्ने स्थल; सुरक्षण मुद्रणसामग्रीका लागि आवश्यक पर्ने कागज वा कच्चा पदार्थ बनाउने उद्योग। *[हे. सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ को दफा २ को खण्ड (ख) ।]*

सुरक्षण शुल्क (Security fee)- *ना.प.* निक्षेप वा कर्जा सुरक्षण गर्न निक्षेप तथा कर्जा सुरक्षण कोषलाई बुझाउनुपर्ने शुल्क र निक्षेपमा बुझाउने विशेष योगदान। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (थ) ।]*

सुरक्षा (Safety, security)- *ना.* [सं.] बचाउ; रक्षा।

सुरक्षा निकाय (Security agency)- *ना.प.* देशको आन्तरिक वा बाह्य सुरक्षा व्यवस्थापन गर्ने राज्यका निकाय वा अङ्ग; नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा प्रदेश प्रहरी। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (न) ।]*

सुरक्षाकर्मी (Security personnel)- *ना.प.* यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी; शान्तिसुरक्षामा खटिएका सैनिक वा प्रहरी। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (फ) ।]*

सुरक्षित कारोबार दर्ता कार्यालय (Secured Transactions Registration Office)- *ना.प.* सुरक्षित कारोबारसम्बन्धी सूचना दर्ता गर्नका लागि सरकारले स्थापना गरेको कार्यालय। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ठ) र दफा ४ को उपदफा (१) ।]*

सुरक्षित गर्भपतन सेवा (Safe abortion services)- *ना.प.* गर्भपतन गर्न पाउने अवस्थामा तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई सुरक्षित तरिकाले उपलब्ध गराउने गर्भपतन सेवा।

सुरक्षित निक्षेप (Safe deposit)- *ना.प.* निक्षेप तथा कर्जा सुरक्षण कोषले निक्षेप तथा कर्जा सुरक्षण कानूनअन्तर्गत सुरक्षण गरेको प्राकृतिक व्यक्तिको निक्षेप। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (द) र दफा १९ ।]*

सुरक्षित निक्षेपकर्ता (Safe depositor)- *ना.प.* एक्लै वा संयुक्त खाता सञ्चालन गर्ने वा निक्षेप खाताको तेस्रो पक्षको हैसियतमा भुक्तानी प्राप्त गर्ने प्राकृतिक व्यक्ति। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (न) ।]*

सुरक्षित पशुधन (Safe livestock, secured livestock)- *ना.प.* सुरक्षणकर्ताले सुरक्षण गराएको पशुधन। *[हे. कर्जा सुरक्षण नियमावली, २०७५ को नियम 2 को खण्ड (ण) ।]*

सुरक्षित बिक्री करार (Secured sales contract)- *ना.प.* मालसामान वा पट्टामा लिएको मालसामान उपर ऋण दायित्व तथा धितोको हक सिर्जना गर्ने अभिलेख। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (त्र) ।]*

सुरक्षित मातृत्व (Safe motherhood)- *ना.प.* महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा उपलब्ध गराइने मातृत्व सेवा। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (न) ।]*

सुरक्षित सदस्य संस्था (Safety Member Organization)- *ना.प.* निक्षेप तथा कर्जा सुरक्षण कानूनअनुसार निक्षेप तथा कर्जा सुरक्षण कोषले सुरक्षण प्रदान गरेको निक्षेप सङ्कलन गर्ने बैङ्क वा वित्तीय संस्था। *[हे. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २ को खण्ड (ध) ।]*

सुरक्षित साहु (Secured money lender)- *नाप.* सुरक्षण लिई कम्पनीलाई ऋण दिने साहु। *[हे. दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ट) ।]*

सुराक (Clue, spying)- *ना.[*तु. सुराग] गुप्त तरिकाले गरिने खोजतलासी; गुप्त सूचना; सुइँको; सुराख; सुराग।

सुराकी (Informer, spy, secret agent, intelligence)- *ना.[*सुराक+ई] सुराक दिने व्यक्ति; गुप्तचर।

सुरु (Starting, initiation)- *ना.* [सं.] कुनै कामको उठान; थालनी; आरम्भ; प्रारम्भ।

सुरु अदालत (Court of First Instance)- *नाप.* मुद्दाको प्रारम्भिक पुर्पक्ष वा कारबाही र किनारा गर्ने अदालत।

सुरु तलब (Basic salary)- *नाप.* कुनै पदमा नयाँ नियुक्ति हुँदा ठेकिएको तलब; कुनै पनि पदका लागि तोकिएको आधारभूत वा प्रारम्भिक तलबमान।

सुर्तीजन्य पदार्थ (Tobacco products)- *नाप.* धूम्रपान वा सुर्तीसेवनको निमित्त बनाइएका वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ। *[हे. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २ को खण्ड (क) ।]*

सुर्तीजन्य वस्तु (Tobacco product)- *नाप.* सुर्ती वा सुर्तीजन्य पदार्थका तत्त्वहरू मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थ; चुरोट, बिडी, सिगार जस्ता वस्तु। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ज१) ।]*

सुर्तीसेवन (Consumption of tobacco)- *ना.[*सुर्ती+सेवन] खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम। *[हे. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २ को खण्ड (ग) ।]*

सुलभ (Accessible, easily available)- *ना.* [सं.] सजिलैसँग पाइने; सहजै प्राप्त गर्न सकिने; पहुँचयोग्य।

सुलसाल (Clearance, paid off)- *ना.* लेनदेनको हिसाब चुक्ता भएको अवस्था; छिनाफाना।

सुलह (Compromise, agreement)- *ना.[*फा.] झगडा वा लडाईं सकिएपछिको मिलाप; सम्झौता; सन्धि; मिलजुल।

सुलहनामा (Deed of compromise or agreement)- *ना.*[सुलह+नामा] सम्झौताका सर्तहरू लेखी सम्बद्ध व्यक्तिहरूद्वारा हस्ताक्षर गरिएको कागज; सम्झौतापत्र; सन्धिपत्र।

सुल्ल/ शौल्ल/ शुल्ली अधिकरण (Criminal court in the *Lichhchavi* regime)- *नाप.* पञ्च अपराध (जारी, चोरी, ज्यान मार्ने, राजद्रोह र सोका मतियार वा शरण दिने) सम्बन्धी मुद्दा हेर्ने लिच्छविकालीन अदालत।

सुविधाभार (Servitude)- *ना.*[सुविधा+भार] कसैको हक, स्वामित्व वा भोगचलनमा रहेको कुनै अचल सम्पत्ति वा त्यसको कुनै अंश अर्को सम्पत्तिको धनीले भोगचलन वा प्रयोग गर्न पाउने गरी गरिएको व्यवस्था। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३६८ को उपदफा (१)।]*

सुशासन (Good governance)-*ना.* [सं.] असल तरिकाले चलेको शासन; असल शासन; कानून अनुसार राज्यप्रणाली सञ्चालन।

सुसूचित सहमति (Informed consent)- *नाप.* कुनै विषयको सन्दर्भमा त्यसको सार, असर र परिणाम बुझाई लिइएको सहमति; कानूनी रूपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति; जानीबुझीकन गरिएको वा जनाइएको सहमति। *[हे. जनस्वास्थ्य ऐन, २०७५ को दफा ११ को उपदफा (१) को स्पष्टीकरण।]*

सुस्त श्रवण भएको व्यक्ति (Person with hard of hearing)- *नाप.* सुन्नलाई श्रवण यन्त्र राख्नु पर्ने व्यक्ति; पैंसठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न नसक्ने व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

सुस्तमनस्थिति (Mentally retarded)- *ना.* [सं.] मानसिक शिथिलता; दुर्बल मानसिक अवस्था।

सूक्ष्म कोरा तथ्याङ्क (Micro crude statistics)- *नाप.* सूचनादाताको पहिचान नखुल्ने गरी तयार गरिएको सूचनादाताबाट प्राप्त सूचना वा विवरण। *[हे. तथ्याङ्क ऐन, २०७९ को दफा १२ को स्पष्टीकरण।]*

सूचक (Informant)- *ना.* [सं.] सूचना गर्ने; जनाउ दिने; खबर गर्ने।

सूचक संस्था (Reporting entity)- *नाप.* सूचना दिने संस्था; सूचना दिने वित्तीय संस्था वा गैरवित्तीय पेसाकर्मी वा व्यवसायी। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (स)।]*

सूचकाङ्क (Indicator)-*ना.* [सं.] कुनै वस्तुको घटीबढी मूल्य देखाउने तथ्याङ्क; कुनै विषय वा वस्तुको स्तर वा अवस्था देखाउने सूचक।

सूचना (Notice, information)- *ना.* [सं.] कार्यालयमा दर्ता गरिएको वा दर्ताको लागि पेस गरिएको अभिलेख र दर्ता गरिएको वा दर्ताको लागि पेश गरिएको संशोधन, निरन्तरताको विवरण र समाप्तिको विवरण; सम्बन्धित सबैलाई थाहा वा जानकारी दिने काम; थाहा दिन पठाइएको, टाँसिएको वा प्रकाशित गरिएको लिखित जानकारी; तथ्याङ्क, अक्षरमा लिपिबद्ध गरिएको विवरण; छवि, ध्वनि, सङ्केत चिह्न, कम्प्युटर कार्यक्रम, सफ्टवेयर र कम्प्युटर तथ्याङ्क आधार; सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (क्ष), विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (म) र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ख) ।]*

सूचना अधिकारी (Information Officer)- *नाप.* सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि व्यवस्था गरेको अधिकारी। *[हे. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (च) ।]*

सूचना आयुक्त (Information Commissioner)- *नाप.* राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त।

सूचना प्रणाली (Information system)- *नाप.* सूचना प्राप्त गर्ने, प्रविष्ट र प्रशोधन गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, जम्मा गर्ने, प्रदर्शन गर्ने वा अन्य किसिमबाट प्रशोधन गर्ने प्रणाली। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (य) ।]*

सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग (Information technology, communication technology and information dissemination technology-based industry)- *नाप.* सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने उद्योग वा व्यवसाय। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (छ) ।]*

सूचना वर्गीकरणसम्बन्धी समिति (Committee on Classification of Information)- *नाप.* सार्वजनिक निकायमा रहेका कानूनद्वारा निर्धारित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न गठन गरिएको समिति। *[हे. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ को उपदफा (१) र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम २ को खण्ड (क३) ।]*

सूचनाको हक (Right to information)- *नाप.* सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार; सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको कामकारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने अधिकार; सार्वजनिक महत्त्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार। *[हे. नेपालको संविधानको धारा २७ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ङ) ।]*

सूचनादाता (Informant, whistleblower)- *ना.* [सं.] सूचना दिने व्यक्ति वा कर्मचारी।

सूचनादाताको संरक्षण (Informant protection, whistleblower protection)- *नाप.* सूचना दिने व्यक्ति वा कर्मचारीको सुरक्षा तथा संरक्षण।

सूचित आदेश (Notified order, Governement order, order notified in the gazette)- *नाप.* नेपाल सरकारका हकमा नेपाल राजपत्रमा र प्रदेश सरकारको हकमा प्रदेश राजपत्रमा प्रकाशित आदेश; सूचनाको रूपमा निकालिएको सरकारी आदेश। *[हे. आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा २ को खण्ड (ख), निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा २ को खण्ड (ग), प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा २ को खण्ड (घ), साझेदारी ऐन, २०२० को दफा २ को खण्ड (घ), विकास समिति ऐन, २०१३ को दफा २ को खण्ड (ग), तथ्याङ्क ऐन, २०७१ को दफा २ को खण्ड (ढ) र भूमि सम्बन्धी ऐन, २०२१ दफा २ को खण्ड (ञ) ।]*

सूचित बिउबिजन (Listed seeds)- *नाप.* कृषि कार्यको निमित्त प्रयोग गरिने बिउबिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न नेपालमा उन्मोचित किसिम वा जातका बिउबिजनहरूलाई कृषिसम्बन्धी विषय हेर्ने सरकारको मन्त्रालयले तोकेको बिउबिजनको किसिम वा जात। *[हे. बीउ बिजन ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.६ ।]*

सूचीकरण (Listing, cataloging)- *ना.* [सं.] धितोपत्र बजारमार्फत धितोपत्रको खरिद, बिक्री वा विनिमय गर्ने प्रयोजनका लागि धितोपत्र बजारमा गरिने धितोपत्रको सूचीकरण; क्रम मिलाएर राख्ने वा प्रस्तु गर्ने काम; फेहरिस्त; क्रमविन्यास। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (भ) ।]*

सूचीकृत कम्पनी (Listed company)- *नाप.* धितोपत्र विनिमय बजारमा आफ्नो धितोपत्र सूचीकृत गरेको पब्लिक कम्पनी। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (छ) ।]*

सूचीकृत विषादी (Listed pesticides)- *ना.प.* सरकारले पञ्जीकरण गरी तोकेका विषादी। *[हे. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (ढ) ।]*

सेकेन्ड (Second)- *ना.[*अङ्.] सिजियम एच—१३३ परमाणुको भौतिक अवस्था (ग्राउण्ड स्टेट) को दुई अति मिहीन सतह (हाइपर फाइन लेवल) बिचको स्थितिको अन्तरमा हुने विकिरण (रेडिएशन) को ९१९२६३१७७० गुणा समयावधि। *[हे. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ५ को उपदफा (२) ।]*

सेक्युरिटिज (Securities)- *ना.[*अङ्.] सेयर, स्टक, बन्ड, डिबेन्चर, डिबेन्चर स्टक र सरकारी सेक्युरिटिज, सेक्युरिटिजको डिपोजिटको सम्बन्धमा डिपोजिटको रसिद र एकाइ ट्रस्टको एकाइ वा उपएकाइ र सेक्युरिटिजउपरका हकको प्रमाणपत्र। *[हे. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा २ को खण्ड (ग) ।]*

सेख (Death, demise)- *ना.[*सं.शेष] मृत्यु; मरण।

सेटलमेन्ट बैङ्क (Settlement bank)- *ना.प.* भुक्तानीसँग सम्बन्धित वित्तीय कारोबारको समाशोधन, फर्स्योट र दायित्व भुक्तानी गर्न संस्थाले सम्झौता गरेको बैङ्क। *[हे. भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा २ को खण्ड (ण) ।]*

सेना परिचालन (Mobilization of army)- *ना.प.* राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा सेनालाई सरकारले विशेष काममा लगाउने काम वा परिचालित गर्ने काम। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ल१) ।]*

सेना प्राड विवाक (Army Judge Advocate General)- *ना.प.* सैनिक प्राड सेवाको प्रमुख। *[हे. सैनिक प्राड सेवा नियमावली, २०७४ को नियम २ को खण्ड (छ) ।]*

सेनानी (Major)- *ना.* [सं.] प्रमुख सेनानीभन्दा एक तहमुनिको पद; कप्तानभन्दा माथिल्लो सैनिक दर्जा।

सेयर (Share, part.)- *ना.[*अङ्.] कुनै कम्पनी, बैङ्क वा वित्तीय संस्थाको मूल पुँजीको विभाजित खण्ड; हिस्सा; साझेदारी भाग। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ढ) ।]*

सेयर प्रमाणपत्र (Share certificate)- *ना.प.* सेयरवालालाई सेयर खरिद गरेबापत प्रदान गरिएको निस्सा। *[हे. नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ को खण्ड (झ) ।]*

सेयरधनी (Shareholder)- *ना.[*सेयर+धनी] कम्पनी, बैङ्क वा वित्तीय संस्थाको शेयरमा स्वामित्व भएको व्यक्ति; कुनै कम्पनी, बैङ्क वा वित्तीय संस्थाको हिताधिकारी व्यक्ति;

शेयरवाला; शेयर होल्डर। *[हे. कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (द) र आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कय) ।]*

सेयरधनीको प्रतिनिधि (Shareholders representative)- *नाप.*[सं.] तत्काल कायम रहेको चुक्ता पुँजीको कम्तीमा पच्चिस प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी सेयरधनीहरूले आफूमध्येबाट चुनेको व्यक्ति। *[हे. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८६झ. को उपदफा (१) को स्पष्टीकरण।]*

सेर्मा (Tax levied upon arid land)- *ना.* [ति. सेर् (सुन)+मा] पाखो जमिनमा लाग्ने सरकारी पोत; जग्गाको तिरो।

सेल/ शेल बैङ्क (Shell Bank)- *नाप.* संस्थापना भएको वा अनुमतिप्राप्त गरेको मुलुकमा भौतिक रूपमा उपस्थिति नरहेको वा प्रभावकारी नियमन तथा सुपरीवेक्षणको कुनै पनि दायरामा नरहेको वित्तीय संस्था वा वित्तीय संस्थाको समूह; कमाल कागजातमा मात्र अस्तित्व राख्ने, तर भौतिक वा वास्तविक रूपमा सञ्चालन नभएको बैङ्क; इजाजत लिएकै देशमा पनि भौतिक कार्यालय, कर्मचारी वा वास्तविक बैङ्किङ सेवा उपलब्ध नगराउने बैङ्क । *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ल) ।]*

सेवा (Service)- *ना.* [सं.] वस्तुबाहेकको जुनसुकै कार्य वा उपचार सुविधा; आफ्नो रुचिअनुसार जनकल्याणका निम्ति गरिने काम; सरकारी वा गैरसरकारी निकायमा तलब लिएर गरिने काम; विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैङ्किङ्ग वा त्यस्तै प्रकृतिका अन्य सेवा र कानूनी, चिकित्सा वा इन्जिनियरिङ सेवा; नोकरी। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (ग) र उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (द) ।]*

सेवा प्रदायक (Service provider)- *नाप.* सेवा प्रदान गर्न अनुमतिप्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्था वा निकाय; निर्धारित मापदण्डबमोजिमको क्षेत्रभित्र सार्वजनिक यातायात सञ्चालन गर्न अनुमतिप्राप्त फर्म वा कम्पनी; सेवादाता; कर्तव्यपालक वा कर्तव्यपालनकर्ता। *[हे. शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को दफा २ को खण्ड (ठ) ।]*

सेवा शुल्क (Service charge)- *ना.* [सं.] कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मूल्यअनुसार भुक्तानी गरिएको कुनै शुल्क; कमिसन, बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्क। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कम) ।]*

सेवा सुविधा (Service facilities)- *ना.प.* सेवा र सुविधा; सडक, बाटो, खुल्ला ठाउँ, पार्क, मनोरञ्जनस्थल, खेल मैदान, पानी, बिजुली, टेलिफोन, ढलनिकास, विद्यालय, अस्पताल; सेवा गरेबापत दिइने तलब भत्ता लगायतका सुविधा। *[हे. काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.१०।]*

सेवाग्राही (Service recipient, service consumer, customer)- *ना.* [सं.] सेवा लिने व्यक्ति; सेवाको उपभोक्ता; ग्राहक; कुनै किसिमको सेवा प्राप्त गर्ने उद्देश्यले कार्यस्थलमा उपस्थित व्यक्ति वा निजको साथमा कार्यस्थलमा आउने व्यक्ति। *[हे. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २ को खण्ड (च)।]*

सेवाबिर्ता (Land granted to servant instead of pay)- *ना.* [सेवा+बिर्ता] सेवकलाई तलबका रूपमा आयस्ता खान पाउने गरी दिएको बिर्ताजग्गा।

सेवामूलक (Service oriented)- *ना.* [सं.] सेवा नै मुख्य भएको; मूल रूपले सेवा प्रदान गर्ने।

सेवामूलक उद्योग (Service industry)- *ना.प.* सेवा उत्पादन वा प्रदान गर्ने औद्योगिक व्यवसाय गर्ने उद्योग। *[हे. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (ज)।]*

सेवोपहार (Gratuity, a present given in recognition of service, long service award)- *ना.*[सं. सेवा+उपहार] कुनै राष्ट्रसेवक कर्मचारी वा सेवकलाई दीर्घसेवा गरेबापत दिइने उपहार।

सैनिक अदालत (Military Court; Court-martial)- *ना.प.* सैनिक न्यायालय; सेनासम्बन्धी मुद्दा मामिला हेर्ने अदालत (जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत, डिष्ट्रिक्ट सैनिक अदालत, समरी सैनिक अदालत र सैनिक विशेष अदालत); कोर्ट मार्सल। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (थ), दफा ६७ र ११९।]*

सैनिक अस्पताल (Military hospital)- *ना.प.* त्रिचन्द्र मिलिटरी अस्पताल; नेपाली सेना मातहतका कुनै अस्पताल वा डिस्पेन्सरी; काठमाडौंबाहिर नेपाली सेना रहेको ठाउँमा कुनै औषधी उपचारको प्रबन्ध गर्ने स्वास्थ्य एकाइ। *[हे. सैनिक अस्पताल (व्यवस्था) नियमहरू, २०२३ को नियम २ को खण्ड (घ)।]*

सैनिक कर्मचारी समूह (Military Personnel Group)- *ना.प.* नेपाली सेनाअन्तर्गतका कार्यालयहरूमा प्रशासनिक कार्यमा सहयोग गर्ने सैनिक व्यक्तिहरूसँग सम्बन्धित समूह। *[हे. सैनिक विविध सेवा नियमावली, २०७४ को नियम २ को खण्ड (च)।]*

सैनिक कल्याणकारी कोष (Military Welfare Fund)- *नाप.* नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजका परिवारको कल्याणसम्बन्धी कार्यका लागि स्थापना गरिएको कल्याणकारी कोष। *[हे. सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम २ को खण्ड (ख) ।]*

सैनिक प्रवर तथा भर्ना समिति (Millitary Selection and Recruitment Committee)- *नाप.* नेपाली सेनामा भर्ना हुन चाहने जवानको छनोट तथा नियुक्ति गर्ने कामका लागि गठन गरिएको समिति। *[हे. सैनिक नयाँ भर्ना नियमहरू, २०१९ को नियम ३ ।]*

सैनिक प्रहरी (Military Police)- *नाप.* प्रभोस्ट मार्सल वा सो मातहतमा रही काम गर्ने सैनिक अधिकृतदेखि जवानसम्मका कर्मचारी; सैनिक प्रहरी प्रमुखको मातहतमा रही काम गर्ने सैनिक अधिकृतदेखि जवानसम्मका एकाइ वा सैनिक प्रहरी प्रमुख। *[हे. सैनिक प्रहरीसम्बन्धी नियमावली, २०५८ को नियम २ को खण्ड (ग) र सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (व) ।]*

सैनिक प्रहरी प्रमुख (Chief of Military Police)- *नाप.* सरकारले अन्यथा निर्देशन दिएबाहेक प्रधान सेनापति वा निजले तोकेको अधिकृतले नियुक्त गरेको व्यक्ति र निजको मातहतमा रही निजको तर्फबाट अधिकार प्रयोग गर्ने अन्य जुनसुकै व्यक्ति। *[हे. सैनिक ऐन, २०६३ को दफा २ को खण्ड (फ) र दफा ७८ को उपदफा (१) ।]*

सैनिक प्राड सेवा (Judge Advocate Service)- *नाप.* नेपाली सेनामा कानून तथा न्यायसँग सम्बन्धित कार्य सम्पादन गर्न नियुक्त प्राड अधिकृत तथा प्राड पदिकसँग सम्बन्धित सेवा। *[हे. सैनिक प्राड सेवा नियमावली, २०७४ को नियम २ को खण्ड (ज) ।]*

सैनिक मनोरञ्जन अनुदान (Military recreation grant)- *नाप.* नेपाली सेनाका जवानहरूका मनोरञ्जनका निमित्त चाहिने खेलकुद, बाजा, रेडियो, रेकर्ड प्लेयर, समाचारपत्र र किताब जस्ता सामानमा खर्च गर्न प्रदान गरेको सुविधा। *[हे. सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरू, २०२१ को नियम २ को खण्ड (ख) ।]*

सैनिक व्यक्ति (Military person)- *नाप.* नेपाली सेनामा भर्ना भएका सैन्य र अधिकृत क्याडेटलगायत सैनिक ऐन लागु हुने व्यक्ति। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (श) ।]*

सैनिक सचिव (Secretary of Army headquaters)- *नाप.* जङ्गी अड्डा वा सैनिक मुख्यालयको सचिव। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (ष) ।]*

सैन्य (Recruit)- *ना.* [सं.] सिपाहीमा नयाँ नियुक्ति भई सिपाही तालिमको लागि छनोट भएका व्यक्ति; नवनियुक्त सैनिक। *[हे. सैनिक सेवा नियमावली, २०६९ को नियम २ को खण्ड (स) ।]*

सोडातोडा (A tax imposed on leather)- *ना.* [सोडा (द्वि)] चर्सा (छाला) मा लगाइने एक प्रकारको रकम; चर्साकर।

सोधपुछ (Enquiry; interrogation)- *ना.* [सोध्+पुछ्] सोधसाध; केरकार; सोध्ने काम; प्रश्न गर्ने काम; सोधनी।

सोधभर्ना (Reimbursement)- *ना.* [सोध+भर्ना] पहिले लिएको रकम वा जिन्सी पछि फिर्ता गर्ने काम; लिएको बढी रकमलाई तलब, भत्ता आदिबाट कट्टा गरी हिसाब मिलाउने काम; कुनै वस्तु लिँदा त्यसको स्थानमा अर्को वा सोही वस्तु पुनः राखी पुरा गरिएको; कुनै विषय वा शीर्षक अन्तर्गत खर्च हुने रकम अर्कातिर खर्च गर्नुपर्दा पछि सो रकमान्तर भएको हिसाब पुरा गर्ने काम; चुक्ता गरिएको; सट्टाभर्ना; भरताल।

सोरानी (Additional land occupied with in one's revenue)- *ना.* [सोह्र+आना+ई] एक ठाउँको जग्गाको तिरोको आधारमा अर्को ठाउँमा कमाई खाएको जग्गा वा सोसम्बन्धी व्यवस्था।

स्काउट (Scouts)- *ना.* [अङ्.] सामाजिक चरित्र, स्वास्थ्य, जनकल्याण आदिको विकासका लागि सैनिक प्रणालीका आधारमा तालिम पाएको व्यक्ति; बालचर।

स्कुल (School)- *ना.* [अङ्.] विद्यालय; औपचारिक पठनपाठनको व्यवस्था हुने शिक्षण संस्था; विश्वविद्यालयका प्रत्येक सङ्कायका कार्यक्रमहरू सञ्चालित हुने निकाय।

स्टक (Stock)- *ना.* [अङ्.] बैङ्कका खातामा दर्ता रहने र दर्ता गराई नामसारी गर्नुपर्ने ऋणपत्र; धितोपत्र। *[हे. राष्ट्रऋण ऐन, २०५९ को दफा २ को खण्ड (घ) ।]*

स्टयान्डर्ड भ्याक्सिन (Standard vaccine)- *ना.* [अङ्.] भ्याक्सिन बनाउन र वितरण गर्न इजाजतप्राप्त कम्पनीले तयार गरेको भ्याक्सिन। *[हे. विफर नियन्त्रण नियमावली, २०२३ को नियम २ को खण्ड (ज) ।]*

स्तनपान संरक्षण तथा सम्वर्धन समिति (Breastfeeding Protection and Promotion Committee)- *नाप.* स्तनपानको संरक्षण तथा संवर्धन र आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु उत्पादनको बिक्रीवितरण नियन्त्रण गर्न स्थापना गरिएको समिति। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ग) ।]*

स्तर (Level, standard)- *ना.* [सं.] तह; कुनै वस्तु वा सेवाको महत्त्व, मूल्य आदिको निर्धारण गर्ने आधार।

स्तरनिर्धाण (Standard setting)- *ना.* [सं.] कुनै वस्तु वा सेवाको स्तर निर्धारण गर्ने काम।

स्तरवृद्धि (Upgrade)- *ना.* [सं.] गुण, योग्यता, क्षमता, हैसियत, सीप आदि बढ्ने काम; स्तरवृद्धि भएको अवस्था।

स्त्रीधन (Women's property)- *ना.* [सं.] महिलाको दाइजो र पेवा; महिलालाई माइती, मावलीतर्फका नातेदार, इष्टमित्र, पति वा पतितर्फका अंसियारले सबै अंसियारको मन्जुरीले लिखत गरी दिएको र पतितर्फका अरू नातेदार वा इष्टमित्रले दिएको चल, अचल र त्यसबाट बढे, बढाएको सम्पत्ति।

स्थगन (Deferral, adjournment, postponement)- *ना.* [सं.] मुलतवीमा राख्ने काम; हुँदै गरेको कामलाई रोक्ने काम।

स्थानबद्ध गर्नु (To detain, to intern)- *क्रिप.* नजरबन्द गर्नु; स्थानहद गर्नु; कुनै व्यक्तिको गतिविधि विशेषस्थान वा क्षेत्रभित्र सीमित गरिदिनु।

स्थानहदको आदेश (An order of confinement)- *नाप.* सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई नेपालको कुनै ठाउँमा नबस्नु, नेपालको कुनै ठाउँमा प्रवेश नगर्नु, नेपालको कुनै ठाउँमा मात्र बस्नु भनी निजको नाममा जारी गरिने आदेश; फौजदारी मुद्दामा कसुरदारलाई थुनामा राख्ने कुराको विकल्पको रूपमा निश्चित सीमा वा क्षेत्र तोकी सोही क्षेत्रभित्र मात्र रहन पाउने गरी थुना वा कारागार बाहिरै रहन दिने गरी अदालतबाट गरिएको सर्तादेश। *[हे. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.२ र दफा 3 को उपदफा ३.२।]*

स्थानान्तरण (Transfer)- *ना.* [सं.] अर्को पद वा काममा सार्ने काम; एक ठाउँको वस्तुलाई अर्को ठाउँमा सार्ने काम; पदान्तर; सरुवा।

स्थानान्तरण प्रमाणपत्र (Transfer certificate, migration certificate)- *नाप.* कुनै कारणले अध्ययन गरिरहेको शिक्षण संस्था छोडी त्यस्तो शिक्षा प्राप्त गर्न अर्को कुनै शिक्षण संस्थामा भर्ना हुन कसैले स्थानान्तरणको लागि माग गरेमा निजको अध्ययनको विवरण खुलाई सम्बन्धित अधिकारीद्वारा दिइने प्रमाणपत्र।

स्थानापन्न (Officiating; acting)- *ना.* [सं.] कुनै खाली पदमा अस्थायी रूपले नियुक्त भएको; कायम मुकायम; निमित्त।

स्थानीय अधिकारी (Local authority, local officer)- *नाप.* [सं.] स्थानीय रूपमा कुनै काम गर्न अख्तियार प्राप्त गरेको अधिकारी; सरकारले स्थानीय अधिकारी भनी तोकिदिएको अधिकारी; त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारी; प्रमुख जिल्ला अधिकारीको अनुपस्थितिमा निजको निमित्त भई काम गर्ने अधिकारी। *[हे. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.३, संस्था दर्ता ऐन, २०३४ को दफा २ को खण्ड (ख), जग्गा प्राप्ति ऐन, २०३४ को दफा २ को खण्ड (ग) र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २ को खण्ड (द)।]*

स्थानीय एकल महिला सुरक्षा कोष (Local Level Single Women's Protection Fund)- *नाप.* आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने कामका लागि स्थानीय तहमा स्थापना गरिएको कोष। *[हे. एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम ३।]*

स्थानीय कानून (Local law)- *नाप.* गाउँ सभा वा नगर सभाले बनाएको कानून; स्थानीय तहको विधायिकाले निर्माण गरेको कानून; अन्तरराष्ट्रिय सम्बन्ध वा कानूनका प्रसङ्गमा सम्बन्धित राष्ट्रको राष्ट्रिय वा घरेलु कानून। *[हे. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ को खण्ड (भ)।]*

स्थानीय कामदार (Local worker)- *नाप.* आधार शिविरसम्म पर्वतारोही दलको सामान लैजाने ल्याउने भरिया; स्थानीय स्तरमा कामदारको रूपमा काम गर्ने व्यक्ति। *[हे. पर्यटन ऐन, २०३५ को दफा २ को खण्ड (ञ)।]*

स्थानीय कार्यपालिका (Local Executive)- *नाप.* स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने गाउँ कार्यपालिका वा नगर कार्यपालिका। *[हे. नेपालको संविधानको धारा २१४ र नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (झ२)।]*

स्थानीय क्षेत्र (Local area)- *नाप.* नगरपालिका वा गाउँपालिकाको नियन्त्रणमा रहेको क्षेत्र।

स्थानीय चलचित्र जाँच समिति (Local Film Censor Committee)- *नाप.* काठमाडौं उपत्यका बाहिर चलचित्र घर निर्माण भएका जिल्लामा चलचित्र जाँच (सेन्सर) गर्न गठन गरिएको समिति। *[हे. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १६ को उपनियम (२)।]*

स्थानीय ज्येष्ठ नागरिक समिति (Local Level Senior Citizen Committee)- *नाप.* ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि स्थानीय तहले गठन गरेको समिति। *[हे. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १५ को उपदफा (१) ।]*

स्थानीय तह (Local level)- *नाप.* संविधान बमोजिम स्थापना गरिएको गाउँपालिका, नगरपालिका वा जिल्ला सभा; स्थानीय सरकार; सरकारको सबैभन्दा आधारभूत तह। *[हे. नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ढ) ।]*

स्थानीय तह छात्रवृत्ति व्यवस्थापन समिति (Local Level Scholarship Management Committee)- *नाप.* आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न प्रदान गरिने छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनोट तथा वितरणको उचित व्यवस्थापन र अनुगमन गर्न स्थानीय तहमा गठन गरिएको समिति। *[हे. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (१) ।]*

स्थानीय तहको पदाधिकारी (Local officials)- *नाप.* स्थानीय तहका कार्यपालिकाका अध्यक्ष, प्रमुख, उपाध्यक्ष, उपप्रमुख, वडाअध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य। *[हे. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ को खण्ड (ढ) ।]*

स्थानीय प्रसारण वितरण प्रणाली (Local broadcast distribution system)- *नाप.* स्याटेलाइट वा भू-उपग्रह प्रसार केन्द्रबाट प्रसारण गरिएका कार्यक्रम केबुल, मल्टिच्यानल मल्टिप्वाइन्ट वितरण प्रणाली; यस्तै अन्य किसिमका वितरण प्रणाली प्रयोग गरी कुनै खास क्षेत्रका उपभोक्ता समक्ष वितरण गर्ने प्रणाली। *[हे. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ को खण्ड (ग२) ।]*

स्थानीय बाटो (Local route)- *नाप.* यात्राका लागि प्रस्थान गर्ने स्थानबाट पच्चिस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो। *[हे.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को खण्ड (श) ।]*

स्थानीय भूउपयोग परिषद् (Local Land Use Council)- *नाप.* भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा र कार्यान्वयनका लागि स्थानीय तहमा गठन भएको परिषद्। *[हे. भूउपयोग ऐन, २०७६ को दफा २ को खण्ड (ध) ।]*

स्थानीय योजना (Local plan)- *नाप.* स्थानीय तहले आफ्नो क्षेत्रभित्र भौतिक विकासका लागि तत्सम्बन्धी कार्यक्रम निर्धारण गरी तयार गरेको योजना। *[हे. नगर विकास ऐन, २०४५ को दफा 2 को उपदफा 2.1 को खण्ड २.१.२ख।]*

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (Local Development Training Academy)- *नाप.* स्थानीय विकास कार्यसँग सम्बन्धित स्थानीय तहका प्रशासनिक एवम् व्यवस्थापकीय विषयमा उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गरी स्थानीय स्तरमा ती निकायहरूको संस्थागत विकासमा सघाउ पुऱ्याउन स्थापना गरिएको प्रतिष्ठान। *[हे. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को दफा २ को खण्ड (क) र दफा ३।]*

स्थानीय विकास शुल्क (Local Development Fees)- *नाप.* सालबसाली आर्थिक ऐनमा व्यवस्था भए बमोजिमका स्थानीय विकास शुल्क। *[हे. स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ को नियम २ को खण्ड (ख)।]*

स्थानीय विपद् व्यवस्थापन समिति (Local Disaster Management Committee)- *नाप.* स्थानीय तहमा विपद् व्यवस्थापनका लागि गठन गरिएका समिति। *[हे. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७।]*

स्थानीय सञ्चित कोष (Local Consolidated Fund)- *नाप.* गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने कोष। *[हे. नेपालको संविधानको धारा २२९ को उपधारा (१)।]*

स्थायी आवासीय अनुमति (Permanent residence permit)- *नाप.* विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.), ग्रीन कार्ड वा नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ग१), बिमा ऐन, २०७९ को दफा २ को खण्ड (कग), प्रत्यायन ऐन, २०७९ को दफा २४ को खण्ड (च) को स्पष्टीकरण र शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (ठ२)।]*

स्थायी नियुक्ति (Permanent appointment)- *नाप.* म्याद नतोकी गरिएको नियुक्ति। *तुल.* करार/अस्थायी/म्यादी नियुक्ति।

स्थायी पद (Permanent post)- *नाप.* निवृत्तभरण पाउने र म्याद नतोकिएको सरकारी सेवाको पद। *[हे. निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (छ)।]*

स्थायी लेखा नम्बर (Permanent Account Number)- *ना.प.* कुनै व्यक्तिको पहिचान गर्न आन्तरिक राजस्व विभागले त्यस्तो व्यक्तिलाई प्रदान गरेको व्यक्तिगत कर लेखा नम्बर; करदाता अभिलेख नम्बर। *[हे. आयकर नियमावली, २०५९ को नियम २ को खण्ड (ख) ।]*

स्थायी संस्थापन (Permanent establishment)- *ना.प.* कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थान र व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेन्टबाहेक कुनै एजेन्टमार्फत कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय गर्ने स्थान; कुनै व्यक्तिको मुख्य उपकरण वा मुख्य मेसिनरी रहेको वा प्रयोग गरेको वा जडान गरेको स्थान; कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटकपटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारीमार्फत वा अन्य प्रकारले प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एकभन्दा बढी स्थान; कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान; त्यस्तो आयोजनाको सुपरिवेक्षणसम्बन्धी क्रियाकलाप सञ्चालन गरेको स्थान। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) ।]*

स्पष्टीकरण (Explanation, clarification, justification)- *ना.* [सं.] स्पष्ट नभएको कुरा स्पष्ट पार्ने काम; कानूनको कुनै बुँदामा प्रयुक्त शब्दको अर्थ सो बुँदाको प्रयोजनको लागि स्पष्ट पार्ने काम; आफूले गरेको कामको औचित्य पुष्टि गर्ने काम; सोधिएको कुनै प्रश्नअनुसार सम्बन्धित विषयको बेहोरा स्पष्ट पारी प्रस्तुत गर्ने काम।

स्मारक (Monument, memorial)- *ना.* [सं.] समाज वा राष्ट्रलाई उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति वा कुनै महत्त्वपूर्ण विषयलाई नबिर्सनको लागि बनाइएको स्तम्भ, सालिक, भवन, संस्था वा खास वस्तु।

स्मारक संरक्षण (Monument Preservation)- *ना.प.* संरक्षित स्मारकलाई बार्ने, ढाक्ने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी स्मारकलाई मौलिक रूपमा दुरुस्त राख्ने काम।

स्मृतिपत्र (Memorandum; remainder)- *ना.* [सं.] कसैलाई कुनै कुरो सम्झाउनका लागि लेखिने पत्र; कुनै कुराको सम्झनामा लेखिएको लेखोट।

स्याटेलाइट (Satellite)- *ना.*[अङ्.] भूउपग्रह; विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित यन्त्रोपरण। *[हे. राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (च) ।]*

स्याटेलाइट कम्यूनिकेसन सिस्टम (Satellite Communication System)- *ना.प.* एक वा एक भन्दा बढी भू-उपग्रहहरूको प्रयोग गरी रेडियो सञ्चार आदा प्रदान गर्न सकिने पृथ्वीको धरातल वा वायुमण्डलको अधिकांश भागभित्र अवस्थित सञ्चार प्रणाली। *[हे. रेडियो संचार (लाइसेन्स) नियमावली, २०४८ को नियम २ को खण्ड (छ) ।]*

स्याटेलाइट रिसिभिङ सिस्टम (Satellite Receiving System)- *ना.प.* अधिकांश भाग पृथ्वीको वायुमण्डलबाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू-उपग्रहहरू वा अन्तरिक्ष स्टेसनबाट सञ्चार प्राप्त गर्ने डिस एन्टिनालगायतका सञ्चार प्रणाली। *[हे. रेडियो संचार (लाइसेन्स) नियमावली, २०४८ को नियम २ को खण्ड (घ) ।]*

स्याटेलाइट वितरण प्रणाली (Satellite Distribution System)- *ना.प.* भू-उपग्रह प्रसार केन्द्रको माध्यमबाट उपभोक्तालाई कार्यक्रम वितरण गर्ने प्रणाली; केयू ब्यान्ड भू-उपग्रहको माध्यमबाट उपभोक्तासमक्ष सोझै कार्यक्रम वितरण गर्ने कार्य। *[हे. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ को खण्ड (ग३) ।]*

स्याहारसम्भार (Look after, take care, rear)- *ना.[*स्याहार+सम्भार] पालनपोषण; हेरविचार; रेखदेख।

स्रेस्ता (Record, account book.)- *ना.[*फा.] अड्डा, अदालतको लेखापढी तथा हिसाब आदि राख्ने स्याहा वा बही।

स्रेस्तेदार (Court administrator, court registrar)- *ना.[*स्रेस्ता+ए+दार] प्रमुख भई काम गर्ने न्यायाधीशको सामान्य निर्देशन तथा नियन्त्रणमा रही अदालतको प्रशासनसम्बन्धी काम गर्न तोकिएको अधिकृत कर्मचारी; स्रेस्तादार। *[हे. जिल्ला अदालत नियमावली, २०७५ को नियम २ को खण्ड (घ) ।]*

स्रोत (Source, resource)- *ना.* [सं.] उद्गमस्थल; मुहान; मूलस्थान; संसाधन; कुनै कुरा आउने वा प्राप्त हुने ठाउँ, माध्यम वा बाटो।

स्वअध्ययन बिदा (Self study leave)- *ना.प.* अनुसन्धान कार्यमा लाग्न वा आफ्नो योग्यता बढाउन वा पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेख्न वा अन्य शैक्षिक वा प्राज्ञिक काम गर्न विश्वविद्यालय वा शिक्षण संस्थामा कार्यरत शिक्षकहरूलाई दिइने बिदा।

स्वतः पदमुक्त (Automatically dismissed, automatic removal)- *ना.* [सं.] कानून वा सर्तबमोजिम स्वतः पदबाट हटेको अवस्था; आफै पदमुक्त भएको स्थिति।

स्वतन्त्र पत्रकार (Freelance journalist)- *नाप.* समाचारपत्र वा पत्रिका वा रेडियो वा टेलिभिजन वा समाचार समितिको प्रतिनिधि भई स्वतन्त्र रूपमा काम गर्ने व्यक्ति।

स्वतन्त्रताको हक (Right to freedom)- *ना.* [सं.] विचार र अभिव्यक्ति, शान्तिपूर्वक भेला हुने, सङ्घ र संस्था खोल्ने, मुलुकको कुनै भागमा आवतजावत र बसोबास गर्ने, पेसा, रोजगार र उद्योग गर्ने, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने आदि नागरिकका मौलिक स्वतन्त्रतासम्बन्धी हक।

स्वदेशी उच्चपदस्थ व्यक्ति (Domestic politically exposed person)- *नाप.* राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, सङ्घीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रियस्तरको राजनीतिक दलका केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति। *[हे. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ह) ।]*

स्वदेशी उद्योग (Domestic industry)- *नाप.* सेफगार्ड्स उपाय, एन्टी-डम्पिङ महसुल वा काउन्टरभेलिङ् महसुल लगाउने प्रयोजनको लागि अनुसन्धानको दायरामा रहेको मिल्दोजुल्दो वा समरूपका मालवस्तु वा प्रत्यक्ष प्रतिस्पर्धी मालवस्तु उत्पादन गर्ने उद्योग र त्यस्तो वस्तु उत्पादन गर्ने सामूहिक संस्था वा निकाय। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को दफा २ को खण्ड (ल) ।]*

स्वयं निष्कासन प्रणाली (Self-release system)- *नाप.* भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्त:शुल्क लाग्ने अन्य वस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली। *[हे. अन्तः शुल्क ऐन, २०५८ को दफा २ को खण्ड (णद) ।]*

स्वयं सङ्केतक तौलने यन्त्र (Automatic indicating weighing machine)- *नाप.* तौलिने वस्तु त्यस्तो यन्त्रमा राख्दा वस्तुको सम्पूर्ण तौल स्वयं देखाउने यन्त्र। *[हे. स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ को अनुसूची-५ ।]*

स्वर र बोलाइसम्बन्धी अपाङ्गता भएको व्यक्ति (Person with disability related to vocal sound and speech, person with vocal sound and speech impairment)- *ना.प.* स्वर र बोलाइसम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति। *[हे. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची।]*

स्वरोजगार (Self employment)- *ना.*[स्व+रोजगार] आफ्नो श्रम, सीप, ज्ञान, स्रोतसाधन र पुँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा लघु उद्यम, साना वा घरेलु उद्योग, कुनै उद्योग वा व्यापार व्यवसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य। *[हे. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ज) र युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम २ को खण्ड (ण) ।]*

स्वरोजगार व्यक्ति (Self-employment person)- *ना.प.* इन्जिनियर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षक लगायतका पेसा वा व्यवसाय गर्ने व्यक्ति; यस्ता व्यक्तिसँग आबद्ध अस्थायी वा सेवा करारमा कार्यरत कर्मचारी; निजी रूपमा सञ्चालित कृषि, उद्योग र सेवा क्षेत्रलगायतका व्यवसाय, रोजगारीबाट आयआर्जन गर्ने वा वैदेशिक रोजगारमा संलग्न व्यक्ति। *[हे. नागरिक लगानी कोष ऐन, २०४७ को दफा १८क. को स्पष्टीकरण।]*

स्वरोजगार सहजकर्ता (Selfemployment facilitator)- *ना.* [सं.] युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट सञ्चालन गरिने कार्यक्रमको प्रवर्धन, समन्वय, अनुगमन, ऋणअसुली र सहजीकरण समेतको काम गर्न स्थानीय तहमा कार्यरत रोजगार संयोजक। *[हे. युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १४ को उपनियम (1) ।]*

स्वरोजगारमा संलग्न व्यक्ति (Person involving in self-employment)- *ना.प.* निजी रूपमा सञ्चालित व्यवसाय वा रोजगारीबाट आयआर्जन गर्ने इन्जिनियर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षकलगायतका पेसा वा व्यवसाय गर्ने व्यक्ति; यस्ता व्यक्तिसँग सम्बद्ध कर्मचारी र वैदेशिक रोजगारमा संलग्न व्यक्ति, अस्थायी वा सेवा करारमा कार्यरत व्यक्ति; घरेलु कामदार, कृषक, असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक, चियाबगानका श्रमिक तथा सहकारी संघ संस्थामा कार्यरत कर्मचारी। *[हे. कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा २ को खण्ड (ख१) ।]*

स्वर्णपत्र (Gold bond)- *ना.* [सं.] सुनको पातोमा लेखिएको अभिलेख; सुनको पातो।

स्वशासित (Self-governed, autonomous)- *वि.* [सं.] आफ्नै तहबाट शासन व्यवस्था चलेको; स्वशासन भएको; स्वायत्तीकृत।

स्वामित्व (Ownership, entitlement)- *ना.* [सं.] कुनै वस्तुको स्वामी वा अधिपति भएको अवस्था; सम्पत्ति माथिको अधिकार।

स्वायत्त भन्सार क्षेत्र (Separate custom territory)- *नाप.* विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा रहेको स्वायत्त भन्सार क्षेत्र। *[हे. सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ को दफा २ को खण्ड (ख) ।]*

स्वास्थ्य कर कोष (Health tax fund)- *नाप.* धूम्रपान तथा सुर्तिजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारका लागि स्थापना गरिएको कोष। *[हे. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २२ को उपदफा (१) ।]*

स्वास्थ्य कार्यकर्ता (Health worker)- *नाप.* स्वास्थ्य हेरचाह गर्ने निकायमा काम गरिरहेको वा काम गर्न तालिम लिई रहेको र पारिश्रमिक लिई वा नलिई स्वास्थ्य हेरचाह गर्ने कार्यमा संलग्न व्यक्ति। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (ज) ।]*

स्वास्थ्य केन्द्र (Health Center)- *नाप.* अस्पताल, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी। *[हे. घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ को नियम २ को खण्ड (छ) ।]*

स्वास्थ्य प्रेषण सेवा (Health referral service)- *नाप.* स्वास्थ्य संस्थाले उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो संस्थामा उपलब्ध हुने सेवा प्रदान गरी थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा पठाउने काम।

स्वास्थ्य बिमा (Health insurance)- *नाप.* स्वास्थ्यउपचार प्राप्त गर्नको लागि निश्चित रकमको सीमा तोकि गरिएको बिमा; उपचार बिमा।

स्वास्थ्य बिमा कोष (Health Insurance Fund)- *नाप.* स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गर्न स्थापना गरिएको कोष। *[हे. स्वास्थ्य बिमा ऐन, २०७४ को दफा २ को खण्ड (ग) र दफा 27 ।]*

स्वास्थ्य बिमा बोर्ड (Health Insurance Board)- *नाप.* स्वास्थ्य बिमासम्बन्धी कामकारबाही गर्न स्थापना भएको बोर्ड। *[हे. स्वास्थ्य बिमा ऐन, २०७४ को दफा २ को खण्ड (छ) र दफा 13।]*

स्वास्थ्य विशेषज्ञ सेवा (Health specialist service)- *नाप.* सेवाको प्रकृति, भौगोलिक अवस्था तथा रोगको प्रकोप दरका आधारमा आवश्यकता अनुसार सरकारले तोकेका विशिष्टीकृत सेवा।

स्वास्थ्य व्यवसाय (Health profession)- *ना.* बिरामीको रोगको उपचार, निदान, रोकथाम वा स्वास्थ्य व्यवसाय सम्बन्धी कुनै कार्य। *[हे. नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा २ को उपदफा (४)।]*

स्वास्थ्य व्यवसायी (Health professional, medical practitioner)- *ना.* चिकित्सक, दर्तावाला नर्स वा पोषणविज्ञ वा सरकारले तोकिदिएको यस्तै अन्य व्यक्तिहरू; निर्धारित न्यूनतम योग्यता प्राप्त गरी स्वास्थ्य व्यवसायमा लागेको व्यक्ति। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (छ) र नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा २ को उपदफा (५)।]*

स्वास्थ्य संस्था (Health institution)- *ना.* [सं.] राष्ट्रिय वा अन्तरराष्ट्रिय, सरकारी, गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्था; सामुदायिक वा निजी स्तरबाट सञ्चालित अस्पताल, नर्सिङ होम, मेडिकल कलेज वा स्वास्थ्य प्रतिष्ठान, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी वा अन्य कुनै नामबाट सञ्चालित स्वास्थ्य संस्था; स्वास्थ्यसम्बन्धी सेवामूलक क्रियाकलाप सञ्चालन गर्न पाउने गरी अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्था। *[हे. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (प), जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (थ) र नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ को नियम २ को खण्ड (ङ)।]*

स्वास्थ्य संस्थाजन्य फोहरमैला (Medical waste) *नाप.[*अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्कासन हुने हानिकारक फोहरमैला। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (ल)।]*

स्वास्थ्य सेवा (Health service)- *नाप.* आधुनिक चिकित्सा, आयुर्वेद, होमीयोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपङ्चर, सोवारिग्पा चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनःस्थापनात्मक र प्रशामक सेवा; स्वास्थ्य सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र जनउत्तरदायी बनाउन स्वास्थ्य सेवाको गठन गरिएको सरकारी

सेवा। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (त) र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २ को खण्ड (क)।]*

स्वास्थ्य सेवा प्रदायक (Health service provider)- *नाप.*[सं.] मान्यताप्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता। *[हे. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ढ)।]*

स्वास्थ्य हेरचाह गर्ने निकाय (Health care agency)- *नाप.* स्वास्थ्य हेरचाह गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सरकारी, गैरसरकारी वा निजी संस्था वा सङ्गठन वा व्यक्ति वा बालगृह र अन्य बाल हेरचाह संस्था। *[हे. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ को खण्ड (च)।]*

स्वास्थ्यउपचार (Medical treatment)- *ना.*[स्वास्थ्य+उपचार] स्वास्थ्योपचार; ओखतीमुलो; औषधीउपचार।

स्वास्थ्यकर्मी (Health worker)- *ना.* [सं.] स्वास्थ्यकर्मीका रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति; चिकित्साकर्मी; उपचारक। *[हे. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा २ को खण्ड (क) र जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ को खण्ड (ण)।]*

स्विस च्यालेन्ज (Swiss challenge)- *नाप.* सम्बन्धित निकायले कुनै सेवा क्षेत्र वा सडक, रेलजस्ता सार्वजनिक परियोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुन सक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि। *[हे. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा २८ को उपदफा (४) को स्पष्टीकरण।]*

स्वीकारोक्ति (Admission)- *ना.* [सं.] देवानी मुद्दामा प्रतिवादीले वादीको दाबी स्वीकार गर्ने कार्य; कुनै पनि घटना वा तथ्यसँग सम्बन्धित आंशिक वा पूरै सूचनालाई स्वीकार गर्ने काम।

स्वीकृत औषधी उपचार खर्च (Approved medical treatment expenditure)- *नाप.* कानूनद्वारा तोकिएको स्वीकृत औषधी उपचार खर्च। *[हे. आयकर ऐन, २०५८ को दफा ५१ को उपदफा (४) को खण्ड (ख) को स्पष्टीकरण।]*

स्वीकृत चिकित्सक (Recognized doctor, registered doctor)- *नाप.* सरकारी सेवामा रहेको वा चिकित्सकका रूपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिस्टेन्ट, वैद्य।

स्वीकृति (Acceptance, approval)- *ना.* [सं.] प्रस्तावका कुरा प्रस्तावकले जुन अर्थमा प्रस्ताव गरेको छ सो कुराका सम्बन्धमा प्रस्तावित व्यक्तिले सोही अर्थमा दिएको सहमति; स्वीकृत गर्ने काम; समर्थन; अनुमोदन; सदर। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५०४ को उपदफा (३) को स्पष्टीकरण।]*

स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ (Profit made from the interest in any retirement fund)- *नाप.* स्वीकृति नलिएको अवकाश कोषलाई सो कोषमा रहेको हितबापत हिताधिकारी प्राकृतिक व्यक्तिबाट बुझाइएको अवकाश योगदानहरूको रकमभन्दा सो कोषबाट सो व्यक्तिको हितबापत सो व्यक्तिलाई गरिएको अवकाश भुक्तानी बढी भए यस्तो बढी भए जतिको रकम। *[हे. आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (२) को स्पष्टीकरण।]*

स्वेच्छाले त्यागेका बालबालिका (Voluntarily abandoned children)- *ना.* [सं.] बाबु मरेको वा बेपत्ता भएको र आमाले अर्को विवाह गरेको अवस्थाको बालबालिकाका हकमा त्यस्ती आमाले, एकभन्दा बढी बालबालिकाको जन्म भई बाबु मरेको वा बेपत्ता भएको वा होस ठेगानमा नभएको अवस्थामा निजको आमाले त्यस्तो बालबालिकाको आर्थिक कारणबाट पालनपोषण गर्न नसक्ने वा शिक्षा दिक्षा दिन नसक्ने भएमा त्यस्ता बालबालिकाको आमाले, एकभन्दा बढी बालबालिकाको जन्म भई आमा मरेकी वा होस ठेगानमा नभएको अवस्थामा आर्थिक कारणले त्यस्तो बालबालिकाको पालन पोषण गर्न नसक्ने बाबु भएमा त्यस्ता बालबालिकाको बाबुले र कुनै सम्पत्ति नभएका अनाथ बालबालिकाको हकमा संरक्षक वा माथवरले आफूले बालबालिकाको पालनपोषण र शिक्षा दिक्षाको व्यवस्था गर्न नसकी त्यस सम्बन्धी लिखत गरी जिल्ला प्रशासन कार्यालयमार्फत बाल गृहमा जिम्मा लगाइएका बालबालिका। *[हे.मुलुकी देवानी संहिता, २०७४ को दफा १९१ को स्पष्टीकरण।]*

स्वेच्छिक अवकाश (Voluntary retirement)- *नाप.* स्वेच्छाले सेवाबाट निवृत्त हुने अवस्था; इच्छापूर्वक लिएको अवकाश।

स्वैच्छिक कानूनी सहायता (*Pro-bono,* legal aid)- *नाप.* असहाय, अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरूलाई कानून व्यवसायीले स्वैच्छिक रूपमा उपलब्ध गराउने कानूनी सहायता र सेवा। *[हे. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम*

१४६, उच्च अदालत नियमावली, २०७३ को नियम १५७ग. को उपनियम (१), जिल्ला अदालत नियमावली, २०७५ को नियम १०४ को उपनियम (१) र विशेष अदालत नियमावली, २०८० को नियम ७२ को उपनियम (१) ।]

ह

हक (Right, entitlement)- *ना.* [अ.] अधिकार; अख्तियार; कुनै वस्तु वा सम्पत्तिमा त्यसका मालिकको हुने स्वत्व; सरोकार वा सम्बन्ध; उचित वा सत्य साँचो कामकुरा; मान्यताप्राप्त हित वा भलाइ।

हकदाबी (Claim)- *ना.* [हक+दाबा+ई] आफ्नो हकको दाबी गर्ने कार्य; कुनै पनि पद, सम्पत्ति वा उपलब्धिउपर आफ्नो प्रभुत्व/ स्वामित्व वा हित खोज्न, बचाउन वा पुन:स्थापित गर्न लिइने पहल वा वकालत; स्वामित्व वा हित खोजी, बचाउ वा पुनर्बहालीको माग वा प्रयत्न।

हकदार (Heir, beneficiary)- *ना.* [हक+दार] हक भएको व्यक्ति; हकवाला।

हकदैया (*Locus-standi*)- *ना.* [हक+सं. देय>दैया] अधिकार; कुनै काम गर्न कानूनतः प्राप्त हक; मुद्दा गर्ने विषयमा आफ्नो हक छ भनी देखाउने अवस्था; हकको दाबी गर्ने वैध हैसियत; अधिकारक्षेत्र भएको अदालत वा निकायसमक्ष आफ्नो हक वा सरोकार रहेका विषयवस्तु वा सार्वजनिक सरोकारका विषयमा मागदाबी लिई प्रस्तुत हुन, मुद्दा वा कारबाहीद्वारा उपचार माग गर्न जाने व्यक्तिमा त्यस्तो अधिकारयुक्त योग्यता।

हकप्रद (Right)- *वि.* [हक+प्रद] हक लाग्ने; हक दिँदो; हकप्राप्त।

हकप्रद निष्कासन (Right issue)- *नाप.* सङ्गठित संस्थाले निष्कासन गरेको कुनै धितोपत्र साबिकका सेयरवाला वा निजले मनोनयन गरेको कुनै व्यक्तिले खरिद गर्न पाउने गरी राखिएको प्रस्ताव। *[हे. धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (म) ।]*

हकबेहक (The state in which a person has a right over something or not)- *ना.* [हक+बेहक] कुनै वस्तु वा सम्पत्तिमाथि उजुरवालाको हक भएको वा नभएको अवस्था; हकदैया वा हकदारी रहेको नरहेको अवस्था यकिन गर्ने काम।

हकवाला (Heir; rightful claimant)- *ना.* [हक+वाला] हकदार; कुनै वस्तु वा सम्पत्तिमा कानून बमोजिम हक वा स्वामित्व प्राप्त गर्ने सबैभन्दा नजिकको नातेदार; हक वा स्वामित्वको उत्तराधिकार राख्ने व्यक्ति।

हकसफा (Pre-emption)- *ना.* [हक+सफा] कसैले आफ्नो हक, भोग र स्वामित्वको कुनै अचल सम्पत्ति अन्य व्यक्तिलाई कुनै किसिमले हक हस्तान्तरण गरी दिएकोमा त्यस्तो सम्पत्तिको सन्धिसर्पन पर्ने व्यक्तिले निखनी लिने काम; बिक्री, बन्धकी वा दानवकस भएको कुनै अचल सम्पत्ति हकवाला वा सन्धिसर्पन आदिका नाताले कानूनअनुसार फिर्ता लिने काम; कुनै

विषयवस्तुमा रहेको आफ्नो हक न्यायिक हिसाबले सफा पारी लिने काम। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ४५४।]*

हचुवा (Unsubstantiated; uncorroborated)- *वि.* नापजोख वा गन्ती नगरिकन; तर्क वा प्रमाणबाट सिद्ध नभएको; हचपचमा अन्दाज गरिएको।

हटक (Prohibit, restrict, forbid)- *ना.*[हटा+अक] रोक्ने काम; रोक्का; मनाही; निषेध; छुटाउने वा अलग पार्ने काम; बहिष्करण।

हठ (Persistence, insistence, obstinacy)- *ना.* [सं.] ढिपी; एकहोरो जिद्दी; दुराग्रह; आफ्ना मान्यता वा विश्वासप्रतिको अकारण अटलता; अटल सङ्कल्प, विश्वास वा प्रतिज्ञा।

हठी (Stubborn, obstinate)- *वि.* [हक+दार] जिद्दीवाला; हठ वा जिद्दी गर्ने; दुराग्रही; जिराहा; ढेट।

हडताल (Strike, lockout, boycott)- *ना.* [सं.] कुनै आवश्यक सेवामा काम लगाई राखिएका वा काममा नियुक्त गरिएका व्यक्तिसमूह मध्ये सबै वा केहीले पूर्वआयोजनाद्वारा वा एकमत गरी सामूहिक रूपबाट सो काम बन्द गर्ने वा सो काम गर्न वा चालू राख्न इन्कार गर्ने कार्य; कुनै कामकारबाही वा प्रचलनप्रति विरोध प्रकट गर्न वा आफ्नो माग पूरा गराउन सामूहिक रूपले पसल, यातायात, कार्यालय, शैक्षिक संस्था आदि बन्द गर्ने काम; नियत राजनीतिक स्वार्थ वा उद्देश्य प्राप्त गर्न अपनाइने उपाय; हरताल; श्रमिकहरूले नियमित रूपमा गरी आएका काम गर्न सामूहिक तवरले पूर्ण वा आंशिक रूपमा अस्वीकार गरेको अवस्था; विरोधका लागि सामूहिक रूपले कामकुरा गर्न बहिष्कार गरिएको अवस्था। *[हे. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (ख) र श्रम ऐन, २०७४ को दफा २ को खण्ड (य)।]*

हडप (Usurpation, taking control of one's property without having the right)- *ना.* [हडप्+अ] अनुचित रूपमा वा कानून विपरीत अरूको सम्पत्ति हत्याउने काम; हस्तक्षेप; कब्जा; नियन्त्रण।

हडप्नु (To usurp)- *क्रि.*[हक+दार] अरूको धनमाल वा सम्पत्ति हडप गर्नु।

हतकडी (Handcuffs)- *ना.* [हात+कडी] कुनै अभियोगमा गिरफ्तार व्यक्तिलाई भाग्न उम्कन नदिन हातमा बाँधिने फलामको कडा वा साँचो; हातमा बाँधिने साङ्लो; कैदी वा थुनुवालाई भाग्न नदिन तिनका हातमा लगाइने साँचो भएको फलामको कडी वा बाला।

हताहत/ हताहती (Casualty, fatality)- *वि.* [हत+आहत] कुनै घटना/ दुर्घटनामा घाइते वा मृत्यु भएको। *ना.* घटना/ दुर्घटनामा भएको मानवीय क्षति।

हत्या (Homicide, murder, killing)- *ना.* [सं.] वध; पशुपक्षी वा मानिस मार्ने काम; कसैले कसैलाई मार्ने वा कसैको ज्यान लिने काम।

हत्यारा (Murderer, killer)- *वि.* [हत्या+आरा] अरूको ज्यान लिने; हत्या गर्ने; ज्यानमारा।

हद (Limit, boundary, bound)- *ना.*[अ. हद्द] तोकिएको अवधि वा समय; सीमा; साँध; मर्यादा; कुनै वस्तुको तोकिएको विन्दुमा देखिने घटी वा बढी भाग; पराकाष्ठा। *क्रिवि.* अचाक्ली; ज्यादा; सही नसक्नु; अति।

हदबन्दी (Ceiling, fixation of upper limit)- *ना.* [हद+बन्दी] चल वा अचल सम्पत्तिको अधिकतम हद वा सीमाको निर्धारण; कुनै कुराको अन्तिम सीमा तोक्ने काम।

हदम्याद (Law of limitation, statutory limitation)- *ना.* [हद+म्याद] अड्डा अदालतमा मुद्दा दर्ता गर्न किटान गरिएको समयावधि; निर्धारित समय; आखिरी म्याद; अन्तिम अवधि; उपचार प्राप्त गर्न तोकिएको समयसीमा।

हप्की-दप्की (Castigate, rebuke)- *ना.* [हप्का+ई+दप्का+ई] वागदण्ड; सचेत गराउने काम; कुनै गलत कामकारबाही नगर्न दिइने चेतावनी।

हप्ता (Week)- *ना.* [फा. हफ्त] सात दिनको अवधि; साता; सप्ताह।

हमला (Attack, war)- *ना.* [अ.] आक्रमण; जाइलाग्ने काम; कुनै देश, समुदाय वा व्यक्तिबाट अर्कामाथि गरिने अतिक्रमण; चढाइ; युद्ध।

हरकत/ हर्कत (Malafide attempt)- *ना.* [अ.] चेष्टा; प्रयास; चाल; खराब काम; दुष्प्रयास।

हरण (Seizure, confiscation)- *ना.* [सं.] अर्काको धनमाल जबरजस्ती लिने वा खोस्ने काम; अपहरण; खोसाइ; थुतेर वा खोसेर लाने काम।

हरबखत (All the time, any time)- *ना.* [हर+बखत] जुनसुकै बेला पनि; हरसमय; सधैं।

हरहिफाजत (Safety, secure, safekeeping)- *ना.* [हिफाजत (द्वि.)] कुनै मालवस्तु सुरक्षित र व्यवस्थित तरिकाले थन्काउने र राख्ने काम; सुरक्षा; जोगाएर राख्ने काम।

हरहिसाब (Statement of account)- *ना.* [हिसाब (द्वि.)] हिसाबकिताब; लेखा; कारोबारको लेखाहिसाब; बैङ्क वा वित्तीय संस्थाका खातामा रहेका रकमकलमको विस्तृत विवरण; लेनदेन कारोबारका फाँट वा फाँटवारी।

हरहैकम (Dominance, authority)- *ना.* [अ. हुक्म>हैकम (द्वि.)] शासन; हुकुम; प्रभुत्व।

हरितगृह (Greenhouse)- *ना.* [अ. हर्ज+आना] काँच वा अन्य पारदर्शी वस्तुले ढाकेर भित्रको वातावरणलाई उष्मित बनाई वनस्पतिका लागि तयार गरिएको वातावरण; सतही वायु डुँड।

हरितगृह ग्याँस (Greenhouse gas)- *ना.प.* सौर्य प्रणालीबाट प्रवाहित विकिरणयुक्त प्रकाशलाई अवरोध गर्ने हरितगृहलाई नष्ट गरी पृथ्वीको तापक्रम वृद्धि गराउने कार्बन डाइअक्साइड, नाइट्रसअक्साइड, क्लोरोफ्लोरो कार्बन आदि ग्याँस।

हरितगृह प्रभाव (Greenhouse effect)- *ना.प.* पृथ्वीको वायुमण्डलमा रहेका मिथेन जलवाष्प आदि हरितगृही ग्याँसहरूले सूर्यका विकिरणलाई रोक्नमा पर्ने असर; पृथ्वीमा हुने कार्बनउत्सर्जनका कारण हरितगृही ग्यासँका तहमा पुग्ने प्रतिकूल असर; सौर्यप्रणालीबाट प्रवाहित विकिरणलाई अवरोधन गर्ने तहमा पर्ने प्रभाव।

हर्जना/ हर्जाना (Indemnity)- *ना.* [अ. हर्ज+आना] कसैको धनमाल वा अन्नवाली नोक्सान भएमा सट्टामा दिइने धनमाल; अर्मल; क्षतिपूर्ति; करारबमोजिमको दायित्व पूरा नगरेमा त्यसको पूर्ति वा भर्ताल गर्ने कार्य; मुआब्जा।

हर्जानासम्बन्धी करार (Contract of indemnity)- *ना.प.* कुनै व्यक्तिले करारको कुनै पक्षको निर्देशनमा काम गर्दा त्यस्तो पक्ष वा तेस्रो पक्षको काम कारबाहीबाट निजलाई वा त्यस्तो पक्ष वा तेस्रो पक्षलाई निजको कामकारबाहीको परिणामबाट हुन सक्ने हानि, नोक्सानी आफूले बेहोर्ने गरी भएको करार। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ५७१ को उपदफा (१) ।]*

हर्सन्दा (Contingency)- *ना.* [हर+सालिन्दा] भइपरी आउने कामकाजका निम्ति सरकारी कोषमा जगेडा राखिने रकम; अतिरिक्त कामका लागि छुट्याइएको रकम; भैपरी रकम।

हलकारा (Postman, mailman)- *ना.* [फा. हरकार] चिठीपत्र आदि घरघर बाँड्दै हिँड्ने हुलाक कार्यालयको कर्मचारी; हुलाकी; हुलाकी सिपाही।

हलफ (Oath, promise)- *ना.* [अ.] शपथ; कसम।

हलफनामा (Letter of oath, promissory note, bond, covenant)- *ना.* [हलफ+नामा] शपथपत्र; प्रतिज्ञापत्र; कबुलियत।

हलफसल (Chatter)- *ना.* गलफत्ती; अनावश्यक छलफल।

हल्लखल्ल/ हल्लाखल्ला (Commotion, uproar)- *ना.* [सं. कोलाहल>हल्ला (द्वि.)] चारैतिर फिँजिएको हल्ला; कोलाहल; होहल्ला।

हवाइ उडान अनुमति (Permission for air flight)- *ना.प.* नियमित (सेडुल्ड), नन्सेडुल्ड, चार्टर, निजी, आकस्मिक र कूटनीतिक हवाइ उडानको निमित्त प्रदान गरिएको अनुमति। *[हे. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (ङ) ।]*

हवाइ उडानसम्बन्धी प्रशिक्षण संस्था (Flying School)- *ना.प.* हवाइ उडान सञ्चालनसँग सम्बन्धित प्राविधिकहरूलाई उडानसम्बन्धी विषयमा तालिम/ प्रशिक्षण तथा यस्तै अन्य प्रकारको प्राविधिक ज्ञान दिने-दिलाउने संस्था; यस्तै तालिम दिने उद्देश्यले स्थापना भएका फ्लाइङ क्लब। *[हे. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ को खण्ड (ज) र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ को खण्ड (झ) ।]*

हवाइ यातायात सेवा (Air Transport Service)- *ना.प.* एक वा बढी उडान गरी, व्यक्ति, डाँक वा अरू कुनै जीववस्तु वा चीजलाई हवाइ मार्गद्वारा ओसारपसार गर्न भाडा लिएर दिइने वायु सेवा। *[हे. नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २ को खण्ड (ख) ।]*

हवाइपत्र (Air mail)- *ना.* [हवाइ+पत्र] हुलाकपत्र; बाहिर पाउने-पठाउनेको नाम र ठेगाना लेख्न मिल्ने र भित्रपट्टि आफ्नो चिठीको बेहोरा लेख्न मिल्ने राम्रोसँग दोब्र्याई टाँसी बन्द गरिने कागज।

हवाला (Custody, extradition; illustration, reference)- *ना.* [अ. हवाल] सुपुर्दगी; कुनै व्यक्ति वा वस्तुलाई अर्कासमक्ष सुम्पने वा जिम्मा लगाउने काम; प्रमाण दिनको निमित्त प्रस्तुत गरिने उद्धरण वा दृष्टान्त; उल्लेखन वा साक्ष्य; कसुरदारको प्यादा वा पिछा गर्ने सिपाही।

हवालात (Detention, custody, imprisonment)- *ना.* [अ.] थुना; हिरासत; कैदखाना।

हवालाती (Detained, kept in custody, imprisoned)- *वि.* [हवालत+ई] थुनामा राखिएको; हिरासतमा राखिएको; कैद गरिएको।

हसबली (Irregular government income)- *ना.* [अ. हस्ब] लगत नभएको भैपरी आउने आम्दानी; फुटकर सरकारी आम्दानी; बेठेगानको फाटफुटे सरकारी आम्दानी।

हसबली राजस्व (Miscellaneous revenue)- *ना.प.* पटके रूपमा कुनै शुल्क, दस्तुर, लिलाम बिक्री, बोलपत्र फाराम बिक्रीजस्ता शीर्षकमा प्राप्त हुने लगत नराखिएको राजस्व। *[हे. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ को खण्ड (फ) ।]*

हस्तकला (Handicraft, artful use of the hand)- *ना.* [सं. हस्त+कला] हातका सीप वा प्रयोगद्वारा प्राप्त हुने दक्षता; हस्तकौशल।

हस्तक्षेप (Interference, intervention)- *ना.* [सं. हस्त+क्षेप] हात हाल्ने काम; हातले कब्जा गर्ने काम दखल; अवरोध।

हस्ताक्षर (Signature)- *ना.* [सं. हस्त+अक्षर] लेखात्मक दस्तखत; सही; हस्तलिपि।

हस्ताक्षरित (Signed)- *वि.* हस्ताक्षर गरिएको; दस्तखत भएको।

हस्तान्तरण (Assignment, delivery, transfer, handover)- *ना.* [सं. हस्त+अन्तरण] एक व्यक्तिबाट अर्को व्यक्तिमा पूर्ण वा आंशिक रूपमा अर्पित गरिने वा दिइने कार्य; बहीखाता, सुरक्षित बिक्री करार, अधिकारपत्र, लिखतमा रहेको भुक्तानीको अधिकार वा भुक्तानी पाउने अन्य अधिकार; बहुविधिक ढुवानी करारबमोजिम प्रापक वा प्रेषकको लिखित अनुमति बमोजिम तोकिएको कुनै व्यक्तिलाई मालसामान बुझाउने कार्य; स्थानान्तरण; आफ्ना जिम्माको वस्तु अर्कोलाई जिम्मा लगाउने काम; सुम्पुवा। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (ञ) र मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा २ को खण्ड (ञ) ।]*

हस्तान्तरण गरी दिने व्यक्ति (Assignor)- *नाप.* अधिकार वा भुक्तानी हस्तान्तरण गरी दिने व्यक्ति; दाता। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (कक) ।]*

हस्तान्तरण गरी लिने व्यक्ति (Assignee)- *नाप.* अधिकार वा भुक्तानी लिने वा ग्रहण गर्ने व्यक्ति; हस्तान्तरित वा सुम्पिएको वस्तु प्राप्त गर्ने व्यक्ति; प्रापक। *[हे. सुरक्षित कारोबार ऐन, २०६३ को दफा २ को खण्ड (कख) ।]*

हाँक (Challenge, a call to contest)- *ना.* [सं.] हुङ्कार; चुनौती; विरोधीलाई संघर्षका लागि गरिने आह्वान।

हाइकमान (High command, high level committee, supreme authority for decision making)- *ना.* [अङ्.] निर्णय गर्ने सर्वोच्च निकाय; उच्च स्तरीय समिति; उच्चतम समादेशक।

हाइपोथिकेसन कर्जा (Hypothecation loan)- *नाप.* मालवस्तु थोक (स्टक)को भोगाधिकार सम्बन्धित ऋणीमै कायम राखी सोको धितोमा बैङ्क वा वित्तीय संस्था र ऋणीबीच सम्झौता भई प्रवाह गरिएको कर्जा।

हाकिम (Office in-charge)- *ना.* [अ.] कार्यालय प्रमुख; मुख्य अधिकृत; मातहतका कर्मचारीको कामकाजको रेखदेख वा सुपरिवेक्षण गर्ने र अड्डाले प्रवाह गर्ने सेवाको उचित व्यवस्था मिलाउने मुख्य व्यक्ति; प्रमुख पदाधिकारी।

हाजिर (Present)- *ना./वि.* [अ.] उपस्थिति; निश्चित ठाउँमा कुनै व्यक्ति उपस्थित रहेको अवस्था; मौजुद; सामुन्नेमा रहेको; रुजु।

हाजिरजमानी (Guaranteeing someone's attendance)- *ना.* [हाजिर+जमानी] अभियोग लागेको वा अड्डामा हाजिर रहनुपर्ने मानिस अड्डा अदालतले खोजेको बखत हाजिर गराउन भनी जिम्मा लिने जमानीवाला; यसरी हाजिर गराउने भनी लेखिदिने कागज।

हाजिरी (Attendance, presence)- *ना.* [हाजिर+ई] उपस्थित हुने काम; उपस्थितिको अभिलेख।

हाडनाता (Blood relation)- *ना.* [हाड+नाता] निकटतम वंशीय नातासम्बन्ध; रगतको सम्बन्ध रहेको नाता; जन्म, विवाह आदिबाट स्थापित नजिकको साइनो।

हाडनाता करणी (Incest)- *नाप.* हाडनाता वा सारै नजिकको साइनो पर्नेहरूबिच भएको यौनक्रिया वा मैथुन; विवाह गर्न वा हुन नहुने नाताका व्यक्तिसँग गरिने करणी; हाडफोरा।

हातपात (Rape, battery)- *ना.* [हात+पात/ हात (द्वि.)] बलात्कार; बलजफ्ती; कुटपिट; हातको बलसमेत प्रयोग गरी गरिएको अर्कामाथिको जाइलागी।

हातहतियार (Arms)- *ना.* [हात+हतियार] तोप, मोर्टार, बख्तरबन्द गाडी, मेसिन गन, राइफल, बन्दुक, पिस्तोल, रिभोलभर वा खरखजना प्रयोग गरी वा नगरी चलाइने त्यस्तै प्रकृतिका अन्य यन्त्र र हातहतियार बनाउने मेसिन, उपकरण र हातहतियारको पार्टपुर्जा; जुनसुकै किसिमको बन्दुक, पेस्तोल वा यस्तै गोली चलाइने हतियारहरू, धनुषवाण, भाला, दर्जन, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने जुनसुकै हतियार; हातले चलाउने र त्यसको प्रहारबाट कुनै कुरा काटिने, भत्कने वा बिग्रने परिणाम ल्याउने भौतिक साधन। *[हे. हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २ को खण्ड (क), मुलुकी अपराध संहिता, २०७४ को दफा १२९ को उपदफा (१) को स्पष्टीकरण र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को खण्ड (छ) ।]*

हातहतियार खरखजाना खरिद गर्ने इजाजतपत्र (Arms and ammunition purchase license)- *नाप.* विदेशबाट वा नेपालको कुनै हातहतियार खरखजाना बिक्रेताबाट हातहतियार खरखजाना खरिद गर्न पाउने गरी लिइने/ प्रदान गरिएको इजाजतपत्र। *[हे. हातहतियार खरखजाना नियमावली, २०२८ को नियम २ को खण्ड (घ) ।]*

हातहतियार खरखजाना यात्रा इजाजतपत्र (Arms and ammunition journey license)- *नाप.* एक जिल्लाका लागि मात्र इजाजतपत्र भएको हातहतियार खरखजानालाई अन्य जिल्लामा वा अन्यत्र

लैजान, राख्न र फिर्ता ल्याउनका लागि लिइने/प्रदान गरिने इजाजतपत्र। *[हे. हातहतियार खरखजाना नियमावली, २०२८ को नियम २ को खण्ड (ग) ।]*

हाता (Limitation, boundary, bound, premises, compound)- *ना.* [अ. इहात] घेरा; सीमा; हद; क्षेत्र; इलाका।

हाताहात (Assault and battery, an act of attacking)- *ना.* [हात (द्वि.)] मारपिट; कुटाकुट; पिटापिट।

हाताहाती (In cash, cash down)- *वि.* [हाताहात+ई] नगदमै; मालवस्तुको खरिदबिक्री गर्दा तत्कालै वस्तु र मोल लिनेदिने गरी। *तु.* उधारो।

हातेमालो (Support, collaboration, joint effort)- *ना.* सहायता; सहयोग; कुनै कामका लागि गरिने सहकार्य।

हात्तीसार (Elephant house)- *ना.* [हात्ती+सार] हात्ती बाँध्ने ठाउँ; हात्तीको घर; हात्तीको व्यवस्था गर्न सरकारले खडा गरेको हात्तीसार अड्डा। *[हे. हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२ को नियम २ को खण्ड (क) ।]*

हादसा (Accident, calamity)- *ना.* [अ. हादिसा] दुर्घटना; विपद्।

हानथाप (Unfair competition, tussle)- *ना.* [हान्+थाप्] अस्वस्थ प्रतिस्पर्धा; लुछाचुँडी; हानाथाप।

हानि (Loss, damage, injury)- *ना.* [सं.] घाटा; नोक्सान; खति; बरबादी; क्षति।

हानिकारक (Harmful, injurious)- *वि.* [हानि+कारक] हानिकर; हानिनोक्सान गर्ने।

हानिकारक फोहरमैला (Hazardous waste)- *ना.प.* [अ. प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानिनोक्सानी पुऱ्याउने विभिन्न रूपमा निष्कासित वस्तु, पदार्थ तथा रेडियो विकिरण। *[हे. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ को खण्ड (क) ।]*

हानिनोक्सानी (Loss and damage)- *ना.* [सं. हानि+अ. नुक्सान+ई] क्षति, घाटा वा नोक्सान भएको स्थिति; क्षतिसहित नोक्सान पुऱ्याउने काम।

हाबी (Dominant, assertive)- *ना.* [अ.] दबदबा रहेको; प्रभाव वा प्रभुत्व भएको।

हायर पर्चेज करार (Hire-purchase contract)- *ना.प.* वस्तुको धनीले कुनै व्यक्तिलाई आवधिक रूपमा किस्ताबन्दीमा रकम भुक्तानी गर्ने गरी भाडामा दिएको वस्तुमा भाडामा लिने व्यक्तिको भोगचलनको अधिकार हुने, करारको सर्तबमोजिम भाडामा दिएको वस्तु भाडामा लिने व्यक्तिले खरिद गर्न सक्ने, अन्तिम किस्ताबन्दी रकम भुक्तानी गरेपछि त्यस्तो वस्तुको स्वामित्व भाडामा लिने व्यक्तिलाई हस्तान्तरण हुने र स्वामित्व हस्तान्तरण हुनुभन्दा अगाडि कुनै पनि बखत भाडामा लिने व्यक्तिले करार अन्त्य गर्न सक्ने सर्तमा कसैले कुनै वस्तु कुनै व्यक्तिलाई भाडामा दिएको करार। *[हे.मुलुकी देवानी सहिता., २०७४ को दफा ६२४ को उपदफा (१) ।]*

हायर पर्चेज मूल्य (Hire purchase price)- *ना.प.* भाडामा लिने व्यक्तिले वस्तुको पूरा मूल्य भुक्तानी गरी खरिद गर्न वा प्राप्त गर्न भुक्तानी गर्नुपर्ने कुल रकम र धरौटी वा प्रारम्भिक रकमको रूपमा भुक्तानी गर्नुपर्ने रकम। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ६२५ को उपदफा (३) को स्पष्टीकरण।]*

हायलकायल (Exhausted, worried, fatigued)- *ना.* [अ. हायल+कायल] काममा दिकदार भएको; आत्तिएको; हैरान; कायल; थर्कमान।

हारक (Plunder)- *ना.* [सं.] चोर; लुटेरा; डाँका; लुटेर वा खोसेर लिने; हरण गर्ने।

हारगुहार (Request for assistance, beg for help)- *ना.* [गुहार (द्वि.)] सङ्कटका बखत सहयोगको लागि गरिने बिन्ती वा प्रार्थना; मद्दतका लागि गरिने याचना।

हारजित (Win or lose, succeed or fail)- *ना.* [हार+जित] अदालत वा न्यायिक निकायबाट मुद्दा हार्ने वा जित्ने काम; जितहार।

हारालुछ (Grasp, snatching, strive for possession)- *ना.* [हार्+लुछ्] तँछाडमछाड गरी कुनै वस्तु बलपूर्वक लिने काम; लुछने, टिपटाप पार्ने र हर्ने काम।

हाराहारी (On the same line or row, equal distance, parallel)- *क्रिवि.* [हार+हार] एकै लहरमा पङ्क्तिबद्ध गरेर राखिने; आमुन्नेसामुन्ने; समानान्तर; समानस्तर; एकै पङ्तिमा; आम्नेसाम्ने।

हार्दिक (Heartily, heartfelt, cordial)- *वि.* [सं.] हृदयमा रहेको वा हृदयबाट आएको।

हालआबादी (New cultivation)- *ना.* [अ. हाल+आबादी] झाडी, बुट्यान आदि फाँडी हालै आबाद गरिएको जग्गा; नयाँ आबादी; सुरुको आबादी।

हालखबर (News, current affairs, message)- *ना.* [हाल+खबर] समाचार; सन्देश; हालचाल; स्थिति; अवस्था।

हालवाला (Present, recent, current)- *ना.* [अ. हाल+वाला] अहिलेको; वर्तमान समयको; नयाँ।

हालसाबिक (Incoming and outgoing)- *ना.* [हाल+साबिक] पहिले र अहिलेको; नयाँ र पुरानो; पहिलेका अभिलेख वा विषयलाई अद्यावधिक गरी हालको अवस्थामा ल्याउने काम।

हालसाल (At present, at the moment, recently, currently)- *क्रिवि./वि.* [हाल (द्वि.)] हिजोआज; अचेल; वर्तमान समयमा; भर्खर।

हालहम्मेस (Always, forever)- *क्रिवि.*[हाल+हमेसा] सदासर्वदा; सधैं; जहिलेसुकै।

हालीमुहाली (Monopoly, sole authority)- *ना.* [हाल+मुहाल+ई] आफ्नो इच्छाअनुसार काम गर्न पाउने स्थिति; ढलीमली; सबै किसिमको अधिकार; एकलौटी हक।

हावादारी/ हावाबाजी (Without evidence, rumour)- *ना.* [हावा+दारी/ बाजी] प्रमाण नभएको; उडन्ता; अपत्यारिलो; बेतुकको; हावादार।

हासिल (Achievement, attainment)- *ना./वि.* [अ.] काम पुरा भएको; सफल; प्राप्ति; उपलब्धि।

हास्यव्यङ्ग्य (Comedy)- *ना.* [सं.] अनुचित कामकारबाहीमाथि हँसाउने गरी गरिने यथार्थ व्यङ्ग्य।

हास्यास्पद (Humorous, ridiculous)- *वि.* [सं.] हाँसो उठ्दो; उपहासको विषय बनेको।

हाहाकार (Crisis, fracas, uproar)- *ना.* [सं.] धेरै जनाको वेदनापूर्ण आवाज वा आर्तनाद; ठूलो विपत्ति वा कष्ट; शोकपूर्ण कोलाहल।

हिंसक (Violent)- *वि.* [सं.] घातक; हिंसा गर्ने; हिंस्रक।

हिंसा (Violence)- *ना.* [सं.] अपकार; अरूलाई पीडा दिने वा हानि पुऱ्याउने काम वा व्यवहार।

हिंसात्मक (Violent)- *वि.* [सं.] हिंसासँग सम्बन्धित; हिंसामा आधारित।

हिउँदे बिदा (Winter vacation)- *नाप.* हिउँदे याममा शिक्षण संस्थामा पठनपाठन बन्द गरी शिक्षक र विद्यार्थीलाई निश्चित अवधिको लागि दिइने बिदा।

हिक्मत/ हिम्मत (Might, prowess, courage)- *ना.* [अ.] कुनै काम गर्ने आँट; साहस; पराक्रम; चातुर्य।

हिचकिच (Hesitation, dilemma, reluctance)- *ना.* [हि. हिचक] अनकनाइ; दोधार; सङ्कोच; हचक।

हितग्राही (Beneficiary)- *ना.* [सं.] गुठीको सम्पत्तिबाट लाभ पाउने व्यक्ति, समूह, सर्वसाधारण, असङ्गठित वा सङ्गठित संस्था वा समुदाय; कुनै निकायमा हित भएको व्यक्ति; हिताधिकारी। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३१४ को स्पष्टीकरण र आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कल) ।]*

हितोपदेश[Good counsel, good advice or teaching(s)]- *ना.* [सं.] हित वा कल्याण हुने कुराको उपदेश; असल अर्ती; सदुपदेश; भलो कुरा।

हिदायत (Instruction, guidelines, assurance)- *ना.* [अ.] सुमार्ग देखाउने काम; मार्गदर्शन; उपदेश; आश्वासन।

हिनामिना (Misappropriation, loss and damage)- *ना.* सामानको बर्बादी; लापरवाहीपूर्वक गरेको खती; नोक्सानी; क्षति।

हिफाजत (Protection, preservation, care, safety) - *ना.* [अ.] कुनै वस्तुलाई बिग्रन नदिई बचाएर, जोगाएर राख्ने काम; सुरक्षा; संरक्षण; बचाउ; जतन।

हिमशृङ्खला (Mountain range, himalayan)- *ना.* [सं.] हिउँले ढाकेका पहाडहरूको लहर।

हिमायत (Prejudice, bias)- *ना.* [अ.] पक्षपात; पक्षधर।

हिमायती (Prejudicial, partiality, favouritism)- *ना.* [हिमायत+ई] पक्षपाती; पक्षपात गर्ने; रक्षाकार।

हिरण्य (Rent)- *ना.* [सं.] लिच्छवीकालीन समयमा नगद रूपमा लिइने पोता; सुवर्ण; सुन।

हिरासत (Custody, imprisonment, remand in custody)- *ना.* [अ.] अनुसन्धानको क्रममा थुनामा राखिएको अवस्था; अदालतको कारबाही अघिको थुना; हवालात; खोर।

हिसाब (Account, financial statement)- *ना.* आर्थिक व्यवहारको विवरण; आम्दानी खर्चको विवरण वा लेखाजोखा।

हिसाबकिताब (Books of account, ledger, book keeping)- *ना.* [अ. हिसाब+किताब] हरहिसाब; लेनदेनसम्बन्धी व्यवहार; आम्दानीखर्चको लेखा; हिसाब र त्यसको खाता।

हिसाबमिलान (Reconciliation of accounts)- *ना.* [हिसाब+मिलान] हिसाब समायोजन वा मिलान।

हिसाबसान्ती (Ratio, in proportion)- *क्रिवि.* [हिसाब+सान्ती] अनुपातअनुसारको भाग वा हिस्सा; हिसाब लागेबमोजिम।

हिस्सा (Share, part, portion)- *ना.* [अ.] चकला; भाग; अंश; खण्ड; सेयर; बन्डा।

हिस्सादार (Share holder, share owner)- *वि.* [अ. हिस्सा+दार] हकदार; हिस्सेदार; साझेदार।

हिस्सेदारी (Share, part, portion)- *ना.* [अ.] हिस्सादारको भाग, हिस्सा, अंश।

हीनता (Inferiority)- *ना.* [सं.] लघुता; निचता।

हीनताबोध (Inferiority complex)- *ना.* [सं.] आफूलाई हीन सम्झने वा आफू सानो सम्झने भावना; हीन भावनाको बोध; हीनभाव।

हुकुम (Royal decree, royal order or command)- *ना.* [फा. हुक्म] राजाज्ञा; राजाको आज्ञा वा आदेश।

हुकुमत (Authority, dominance)- *ना.* [फा.] आधिपत्य; प्रभुत्व।

हुकुमनामा (Written Royal order or circular, decree)- *ना.* [हुकुम+नामा] हुकुम वा आदेश गरिएको पत्र; सनद; राजाज्ञापत्र; हुकुमप्रमाङ्गी।

हुकुमप्रमाङ्गी (Document of Royal command)- *ना.* [फा. हुक्म+फरमानगी] हुकुम लेखिएको कागज; हुकुमनामा।

हुकुमी (Authoritative, relating to Royal command or order)- *वि.* [हुकुम+ई] हुकुमबाट भएको; हुकुम सम्बन्धी; हुकुमको।

हुकुमी शासन (Dictatorship)- *नाप.* हुकुमबाट चल्ने शासन; स्वेच्छाचारी।

हुङ्कार (Challenge, a call to contest)- *ना.* [सं.] हाँक; चुनौती; विरोधीलाई सङ्घर्षका लागि गरिने आह्वान।

हुज्जत (Wrangle, hubbub, riot)- *ना.* [अ.] कचिङ्गल; दगलफसल; दङ्गा; मारपिट; कोलाहल।

हुनामी (Inevitability, destiny)- *ना.* [पा. हुअमाण] भवितव्य; हुने र टार्न नसकिने; हुनिहार; हुनेहुनामी।

हुन्डी (Draft, bill of exchange)- *ना.* [हि.] धनसम्पत्तिको कारोबार गर्ने एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई अनौपचारिक रूपमा यति धन दिनु भनी लेखेर दिइएको पत्र वा पठाइएको धनमाल।

हुर्मत (Reputation, prestige, renown)- *ना.* [अ.] इज्जत; प्रतिष्ठा; आबरू।

हुलदङ्गा (Rioting, rampage, affray)- *ना.* [हुल+दङ्गा] गैरकानूनी रूपमा भेला भई भेलाको उद्देश्य प्राप्त गर्ने उद्देश्यले बल प्रयोग गर्ने वा सार्वजनिक वा निजी सम्पत्ति तोडफोड वा हानिनोक्सानी गर्ने कार्य; हुलहुज्जत; तोडफोड र कोकोहोलो/ कोलाहलसहितको प्रदर्शनी। *[हे. मुलुकी अपराध संहिता, २०७४ को दफा ६३ को उपदफा (२) ।]*

हुलहुज्जत (Riot)- *ना.* [हुल+हुज्जत] धेरै जना वा हुल मिलेर गरिएको ठेलाठेल, सामूहिक हातपात, दङ्गा, हुलदङ्गा।

हुलाक (Post office)- *ना.* [अ. हुल्क] चिठीपत्र ओसारपसारको काम गर्ने सरकारी अड्डा; डाँक; डाँकबाट आउनेजाने; चिठीपत्र; पुलिन्दा; एक इलाकाबाट अर्को इलाकामा चिठीपत्र वा सामान हुलाकद्वारा चलान गर्न सरकारबाट खडा गरिएको अड्डा; त्यसका लागि प्रयुक्त घर, भवन, कोठा, सवारी वा ठाउँ; हुलाक वस्तुहरू खसाल्न हुलाक अड्डाले राखेका जुनसुकै पत्रमञ्जूषा वा हुलाकबाकस। *[हे. आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ख) र हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (घ) ।]*

हुलाक अपराध (Postal offence)- *नाप.* हुलाक कानूनबमोजिम सजाय हुने कसुर; हुलाकसम्बन्धी अपराध। *[हे. हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (ट१) ।]*

हुलाक टिकट (Postage stamp)- *नाप.* हुलाक वस्तुमा लाग्ने हुलाक महसुल; अरू कुनै दस्तुर वा रकम अङ्कित गरी सरकारले निकालेको टिकट वा खाम; हवाइपत्र, हुलाकपत्र वा अरू कुनै वस्तुमा छापेर इम्बस् वा इम्प्रेस गरेर वा फ्रेङ्किङ मेसिनद्वारा अङ्कित गरेर लगाइएको टिकटको निस्सा। *[हे. हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (ट) ।]*

हुलाक बिमा वस्तु (Postal insurance goods)- *नाप.* खामभित्र राखिएको पत्र, करेन्सी नोट, चेक, हुन्डी, बेचबिखन गर्न हुने लिखतका हुलाक वस्तुहरू। *[हे. आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) नियमहरू, २०१९ को नियम २ को खण्ड (क) ।]*

हुलाक मञ्जूषा (Postal box)- *नाप.* चिठ्ठी पत्र जम्मा गर्ने मञ्जूषा; हुलाकबाकस।

हुलाक महसुल (Postal charge)- *नाप.* हुलाकबाट चलान गर्ने हुलाक वस्तुहरूमा लाग्ने दस्तुर वा शुल्क। *[हे. हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (ञ) ।]*

हुलाक वचत बैङ्क (Postal Savings Bank)- *ना.प.* सानातिना रकम जम्मा गर्न चाहने व्यक्तिलाई ब्याकिङ सुविधा प्रदान गर्ने काम सञ्चालन गर्नको लागि सरकारले तोकेको कुनै हुलाक अड्डा। *[हे. हुलाक ऐन, २०१९ को दफा ४२क. र हुलाक वचत बैङ्क नियमावली, २०३३ को नियम २ को खण्ड (ख) तथा नियम ३।]*

हुलाक वस्तु (Postal goods, postal article, mail)- *ना.प.* पत्र, पोस्टकार्ड, पत्रपत्रिका, पुस्तक, नमुना वस्तुको पोका, पार्सल वा हुलाकद्वारा चलान गर्न सकिने जुनसुकै चिज वा वस्तु; चिठ्ठी, समाचारपत्र, पत्रिका, बुकपोस्ट, नमुना पोका, ब्रेल (अन्धा) साहित्य, पुलिन्दा वा हुलाकबाट चलान हुन सक्ने जुनसुकै चीज वा वस्तु; कुरियर सामान, एक्सप्रेस पार्सल तथा डाक। *[हे. आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (क), हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (च) र नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को परिच्छेद-७ को स्पष्टीकरण।]*

हुलाक हाकिम (Postal Office In-charge)- *ना.प.* हुलाक अड्डाको मुख्य कर्मचारी; हुलाक हाकिमको अधिकार प्रयोग गर्ने अरू कर्मचारी। *[हे. हुलाक ऐन, २०१९ को दफा २ को खण्ड (ग)।]*

हुलाकी (Postman, mailman.)- *ना.* [हुलाक+ई] हुलाकको काम गर्ने मानिस; हल्कारा; हुलाकमा आएका चिठीपत्र ओसारपसार तथा वितरण गर्ने कर्मचारी।

हुलिया (Appearance, identity traits, complexion)- *ना.* [अ.] मानिस वा वस्तुको पहिचान गराउने रूप; रङ्ग, आकृति, मुखाकृति, चिह्नको विवरण; बनोट।

हुल्याहा/ हुल्लडबाज (Gangster, hooligan)- *ना.* हुलहुज्जत गरी मानिसलाई दुःख दिने, कुटपिट गर्ने जमात; उपद्रो गर्ने; बिथोल्ने; हुलदङ्गा वा होहल्ला मच्चाउने; हुलदङ्गा गर्न दलसहित हिँड्ने।

हृदयङ्गम (Comprehend, deep-rooted in the mind)- *वि.* [सं.] हृदयबाट नै बोध गरिएको; मनमा गडेको; घतलाग्दो; मर्मस्पर्शी।

हृदयरोग (Heart disease)- *ना.* [सं.] हृदयसम्बन्धी रोग; मुटुको रोग।

हृदयविदारक (Heart-rending, pathetic)- *वि.* [सं.] ज्यादै पीडादायी।

हृदयस्पर्शी (Heart touching, heartening)- *वि.* [सं.] मार्मिक; मनलाई द्रवित तुल्याउने; मन छुने।

हैंडिक (Mortgage, security)- *ना.* [मग. हैंट+डिक] बन्धकी राखिएको जग्गा वा वस्तु; धितो; धरौट; नयाँ साहुकहाँ पुनः बन्धक राख्ने कार्य।

हेक्का (Memory power, remembrance)- *ना.* [प्रा. हडक्क] स्मरणशक्ति; स्मृति; सम्झना; याद।

हेतु (Aim, objective, purpose)- *ना.* [सं.] कारण; जरिया; प्रयोजन; लक्ष्य; उद्देश्य; अभिप्राय।

हेय (Worthless, hatred)- *वि.* [सं.] तुच्छ; छोड्न वा त्याग गर्न योग्य; त्याज्य, निकृष्ट; नीच।

हेरचाह/ हेरविचार (Caretaking, nurturing, maintenance)- *ना.* [हेर्+विचार] रेखदेख; भरणपोषण; पालनपोषण; संरक्षण।

हेरफेर (Change, alteration)- *ना.* [हेर्+फेर] अदलबदल; परिवर्तन; बदल्ने वा बदलिने काम।

हेरालो (Caretaker)- *ना.* [हेर्+आलो] साना बालबालिका वा गाईवस्तुको रेखदेख गर्ने व्यक्ति; रखालो; हेरालु।

हेलचेक्रयाइँ (Negligence)- *ना.* [हेला+चक्र+याइँ/ आइँ] अनिवार्य रूपमा पालना गर्नुपर्ने नियमप्रतिको उपेक्षा, बेवास्ता वा अनादर; हेलासार; जरुरी काममा पनि ध्यान नदिने प्रवृत्ति; हेप्ने बानी; अटेरीपन।

हेला (Disregard)- *ना./वि.* [सं.] कसैको स्थान वा पदअनुसार आदर नगर्ने काम; अनादर; अपमान; बेवास्ता; उपेक्षा; हेलाँ।

हेलाहोचो (Disrespect, neglect, underestimation)- *ना.* [हेला+होचा+ओ] कोही व्यक्तिमाथि निष्ठुरी ढङ्गले गरिने निन्दनीय व्यवहार; तिरस्कारसाथ अपमान वा अनादर गर्ने काम।

हैकम (Order, domination, control)- *ना.* [अ. हुक्म] आदेश; हुकुमत; तैनाथ; अनुशासन; नियन्त्रण; दबदबा।

हैकमबाज (Dictator, authoritarian, depot, autocrat)- *ना.* [हैकम+बाज] अधिनायक; निरंकुश रूपमा अधिकार चलाउने व्यक्ति; हैकम चलाउने व्यक्ति।

हैकमवाद (Dictatorship, despotism, autocracy)- *ना.* [हैकम+वाद] कुनै समाज वा देशमा आफ्नो हैकम बढाउने चाहना वा त्यस्तो दृष्टिकोण; अधिनायकवाद।

हैरानी (Harassment, mental torture)- *ना.* [अ. हैरान+ई] दुःख दिने नियतले गरिने अपमानजनक वा अमर्यादित कार्य; थकाइ; पीडा; धपेडी; धौ; दिग्दारी; हैरानी।

हैसियत (Social and economic status, capacity, condition of life, prestige, dignity)- *ना.* [अ.] सामाजिक तथा आर्थिक स्तर, अवस्था वा योग्यता; मानमर्यादा; प्रतिष्ठा।

हैसियत बिग्रिएको वन (Forest losing its status)- *नाप.* बिस प्रतिशतभन्दा कम छत्र घनत्व भएको वन। *[हे. वन ऐन, २०७६ को दफा २६ को स्पष्टीकरण।]*

होच्याउनु (To dominate, to insult)- *क्रि.* निन्दा गर्नु; अपमान गर्नु।

होटेल (Hotel, restaurant)- *ना.* [अङ्.] भोजन (खानापिना) को प्रबन्ध भई वा नभई बसोबासको सुविधा दिने गरी व्यावसायिक आधारमा चलाइएको भाडावास (होटेल) र रेष्टुराँ। *[हे. होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा २ को खण्ड (क) ।]*

होडबाजी (Competition, contest)- *ना.* [होड+बाजी] प्रतिस्पर्धा; सौदाबाजी; होड; बाजी; सर्त।

होपजग्गा (Land granted to government employee instead of pension)- *ना.* [होप+जग्गा] जागिरदारलाई निवृत्तिभरणको सट्टा आयस्ता वा आम्दानी खान पाउने गरी दिइएको जग्गा।

होर्डिङ बोर्ड (Hoarding board)- *नाप.* [अङ.] दृश्यपाटी; चलदृश्यपाटी; विज्ञापन प्रदर्शनका लागि राखिएका वा राखिने साधन; डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका बाह्य विज्ञापनको साधन। *[हे. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २ को खण्ड (छ) ।]*

होल्ड ब्यागेज (Hold baggage)- *नाप.* [अङ्.] वायुयानको सामान राख्ने स्थानमा राखिने झोलाझम्टा। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (न) ।]*

होस ठेगानमा नरहेको (Unsoundness of mind)- *नाप.* शारीरिक वा मानसिक अस्वस्थताका कारण सामान्य समझमा आफूले गरेको काम र त्यसको परिणाम बुझ्न नसक्ने अवस्था; होसमा नभएको अवस्था; सुद्धीले काम नगरेको अवस्था; होसचेतमा नरहेको अवस्थाको। *[हे. मुलुकी देवानी संहिता, २०७४ को दफा ३३ को उपदफा (१) को स्पष्टीकरण।]*

होसठेगान (State of mind)- *ना.* [फा. होस+ठेगान] कुनै कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न सक्ने मानसिक अवस्था; अक्कल, बुद्धि, सुद्धी वा समझको थान्को वा ठेगान।

होसहवास (Soundness of mind, conscious mind)- *ना.* [होस+हवास] मानसिक अवस्था ठिक र दुरूस्त रहेको।

होसियार (Diligent, careful, attentive, aware)- *ना.* [होस+इयार] सचेत; सजग; समझदार; बुद्धिमान।

हौसला (Encouragement)- *ना.* [अ.] उत्साह; प्रेरणा; आँट।

ह्यान्ड ब्यागेज (Hand baggage)- *नाप.* [अङ्.] यात्रु तथा वायुयान कर्मचारीले लगाएका लुगा तथा लुगाको खल्तीमा रहेका सामानबाहेक निजले वायुयानमा आफूसँगै लैजाने सबै सामान; हाते झोला। *[हे. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ को नियम २ को खण्ड (प)।]*

ह्यास फङ्सन (Hash function)- *नाप.* [अङ्.] ह्यास प्रकार्य; उही अभिलेखलाई आगतको रूपमा प्रयोग गरी प्रत्येक पटक अलगोरिदमलाई कार्यान्वयन गर्दा कुनै अभिलेखबाट उही रूपमा ह्यास परिणाम निस्कने, अलगोरिदमबाट उत्पन्न ह्यास परिणामबाट कुनै अभिलेख प्राप्त गर्न वा पुनः संरचना गर्न सकिने भन्ने कुरा गणनाको दृष्टिबाट सम्भव नहुने र अलगोरिदम प्रयोग गरी उही ह्यास परिणाम उत्पन्न गर्ने दुई अभिलेखहरू प्राप्त गर्न गणनाको दृष्टिबाट सम्भव नहुने गरी अलगोरिदमको नक्साङ्कन गर्ने वा बिटहरूको एउटा शृङ्खलाबद्ध क्रमलाई सानो अर्को समूहमा रूपान्तर गर्ने कार्य; कुनै पनि निवेश (इनपुट) लाई निश्चित लम्बाइको ह्यास मानमा परिणत गर्ने गणितीय प्रक्रिया। *[हे. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ३ को स्पष्टीकरण।]*

ह्रास (Depreciate, degradation, diminish)- *ना.* [सं.] न्यूनता; कमी; कुनै व्यक्ति वा वस्तुको गुण, अस्तित्व आदि क्रमशः घट्दै जाने प्रक्रिया।

ह्रासकट्टी (Depreciation, decrease in value)- *ना.* [ह्रास+कपट्टा+ई] सम्पत्तिको टुटफुट, पुरानो वा समय व्यतित भएको कारण त्यसको घटेको मूल्य कटाउने काम; सामान पुरानो बन्दै गएपछि त्यसको वास्तविक मूल्य मा आएको गिरावट घटाउने वा कट्टी गर्ने प्रक्रिया; उत्पादनमा हुने क्षतिको अंशलाई ख्याल गरी पहिले नै मूल्य घटाउने काम।

ह्रासयोग्य सम्पत्ति (Depreciable property)- *नाप.* व्यापारिक मौज्दातबाहेक कुनै व्यवसाय वा लगानीमा आयआर्जनको लागि प्रयोग गरिएका टुटफुट, पुरानो हुँदै गएका वा समय व्यतित हुँदै गएका कारणबाट मूल्यमा ह्रास हुने सम्पत्ति। *[हे. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कर) ।]*

सन्दर्भ-सामग्री सूची

१. संविधान, संहिता, ऐन, नियम र गठन आदेश

- *नेपाल ऐन सङ्ग्रह* (खण्ड १-१७), कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *नेपाल नियम सङ्ग्रह* (खण्ड १-१७), कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *नेपालको संविधान*, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४*, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *मुलुकी अपराध संहिता, २०७४*, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *मुलुकी देवानी कार्यविधि संहिता, २०७४*, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *मुलुकी देवानी संहिता, २०७४*, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- *मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४*, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- विभिन्न गठन आदेश।

२. शब्दकोश र अन्य पुस्तक

- अधिकारी, सीताराम र थापा, सुरेन्द्रवर सिंह (डा.), (सन् २०२२), *प्रयोगात्मक कानूनी नेपाली-अङ्ग्रेजी शब्दकोश* (प्र.सं.), काठमाडौं: सानरब प्रकाशन ।
- अधिकारी, हेमाङ्गराज (डा.) र भट्टराई बद्री विशाल (डा.), (वि.सं. २०६१), *प्रयोगात्मक नेपाली शब्दकोश* (प्र.सं.), काठमाडौं: विद्यार्थी प्रकाशन प्रा. लि.।
- आचार्य दीक्षित, नरेन्द्रमणि (सम्पा.), (वि.सं. २०६३), *अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश* (सा.सं.), ललितपुरः साझा प्रकाशन ।
- आप्टे, वामान शिवराम (सन् १९९६), *संस्कृत हिन्दी कोश*, दिल्ली: मोतिलाल बनारसीदास प्राइभेट लिमिटेड।
- उप्रेती, भरतराज, दाहाल, भुवन र पाण्डे, तिलक (वि.सं. २०६३), *वाणिज्य कानूनमा प्रयोग हुने शब्दहरूको परिचय*, काठमाडौं: कानून अनुसन्धान तथा विकास फोरम (फ्रिडिल)।
- गौतम, चूडामणि (सम्पा.), (वि.सं. २०७९), *बृहत्तर नेपाली शब्दकोश* (प्र.सं.), काठमाडौं।

- घर्तिमगर, रण प्रसाद (वि.सं.२०६२), *खाम नेपाली शब्दकोश* (प्र.सं.), काठमाडौं: जनसेवा प्रिन्टर।
- ढुङ्गाना, नीलमणि (सम्पा.) (वि.सं. २०७८), व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश (प्र.सं.), ललितपुर: साझा प्रकाशन।
- ढुङ्गाना, रामचन्द्र (सम्पा.), (वि.सं. २०३५), *संक्षिप्त नेपाली शब्दकोश* (तृ.सं.), काठमाडौं, नेपालः साझा प्रकाशन।
- *ने.प्र.प्र.* (वि.सं. २०६७), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान ।
- ने.प्र.प्र. (वि.सं. २०७०), *प्रज्ञा नेपाली-अङ्ग्रेजी शब्दकोश* (प्र.सं.), काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान।
- ने.प्र.प्र. (वि.सं.२०७९), *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (प्र.सं.), काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान।
- पाठक, शङ्कर्राज (प्रा.), (वि.सं. २०६३), *अङ्ग्रेजी-नेपाली बृहत् शब्दकोश* (प्र.सं), काठमाडौं: पद्मराज पाठक स्मृति प्रतिष्ठान ।
- पाण्डेय, फणीन्द्रप्रसाद (*वि.*सं. २०५७), *संस्कृत-नेपाली बृहत् शब्दकोश,* दाङः महेन्द्र संस्कृत विश्वविद्यालय।
- प्रधान, राजनारायण (प्रा.), *आधुनिक अङ्ग्रेजी-नेपाली शब्दकोश,* जमल, काठमाडौं: एजुकेशनल, पब्लिसिङ्ग हाउस ।
- बराल, टिकादत्त (वि.सं. २०६८), *तत्सम नेपाली व्युत्पत्ति शब्दकोश* (प्र.सं.), भोटाहिटी: विद्यार्थी पुस्तक भण्डार ।
- भट्टराई, रमेशराज (वि.सं. २०५४), *अग्रंजी-नेपाली बिमाको शब्दग्रन्थ* (प्र.सं.), काठमाडौं।
- भट्टराई, रवीन्द्र (अनु.) (वि.सं. २०६५), *फौजदारी न्यायसम्बन्धी मानवअधिकारको मापदण्ड* (न्यायप्रक्रियामा लागू हुने अन्तरराष्ट्रिय अध्यालेख सङ्ग्रह, दो. सं.), काठमाडौं: न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपाल।
- भट्टराई, रवीन्द्र (वि.सं. २०८२), "बहुप्रचलित मुख्य-मुख्य कानूनी शब्दावली" (परिशिष्ट ४), *हाम्रो कानूनी भाषा* (प्र.प्र.), सूर्यविनायक, भक्तपुरः लेक्स एन्ड जुरिस पब्लिकेसन प्रा. लि.।
- भट्टराई, रामप्रसाद र त्रिपाठी, रेवतिराज (सन् २०१२), *कानूनी शब्दावली: संक्षिप्त पुस्तक,* प्रदर्शनीमार्ग, काठमाडौं : लुम्बिनी प्रकाशन।
- *भूमि शब्दकोश* (ते. सं.) (वि.सं. 2077), काठमाडौं: भूमिसुधार तथा बसोबास व्यवस्थापन शाखा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।

- रेग्मी, भीम नारायण (सम्पा.) (वि.सं. २०७२), *भाषाविज्ञान शब्दावली,* काठमाडौं: नेपाल प्रज्ञा-प्रतिष्ठान।
- लोहनी, श्रीधरप्रसाद र अधिकारी, रामेश्वर (सम्पा.) (*वि.* सं. २०६७), *एकता बृहत् नेपाली-अङ्ग्रेजी कोश* (प्र. सं.), काठमाडौं: एकता बुक्स।
- वस्ती, प्रकाश (वि.सं.२०६३), "पुराना केही कानूनी शब्दावलीहरू", *हाम्रो कानूनी इतिहासका केही झाँकीहरू* (प्र. सं.), काठमाडौं : पैरवी बुक हाउस, पृ. १०५-११६।
- *विधि शब्दावली* (सन् १९७९), भारत सरकार, विधि, न्याय और कम्पनी कार्य मन्त्रालय, विधायी विभाग, राजभाषा खण्ड।
- शर्मा 'नेपाल', वसन्तकुमार (सम्पा.), (वि.सं. २०६२), *नेपाली शब्दसागर (सोपपत्तिक कोश)*, (चौ.सं.), चाबेल, काठमाडौं : भाभा पुस्तक भण्डार ।
- शर्मा 'नेपाल', वसन्तकुमार, खतिवडा, पुण्यरश्मि र शर्मा 'नेपाल', विनयकुमार (संम्पा.), (वि.सं.२०६७), *नेपाली अङ्ग्रेजी शब्दसागर* (प्र.सं.), चाबेल, काठमाडौं भाभा प्रकाशन प्रा.लि.।
- शर्मा भट्टराई, हर्षनाथ (सम्पा.), (वि.सं.२०४१), *प्रशासकीय तथा कानूनी शब्दकोश (नेपाली-अङ्ग्रेजी-नेपाली)*, (प्र. सं.), काठमाडौं, नेपालः नेसनल रिसर्च एसोसिएट्स।
- शर्मा, झमकप्रसाद (सन् २०००), *नेपाली अङ्ग्रेजी उखान कोश,* सङ्खुवासभा: इन्दिरा शर्मा।
- शिवाकोटी, गोपाल (सम्पा.), (वि.सं. २०७२), *राजनीतिक शब्दकोश* (नेपाली-अङ्ग्रेजी -नेपाली), (दो.सं.), काठमाडौं: पैरवी प्रकाशन ।
- श्रेष्ठ, ऋषिलाल (सम्पा.) (वि.सं. २०६६), *अर्थ वित्तीय शब्दकोश,* सानेपा, ललितपुर: मिथिला श्रेष्ठ।
- श्रेष्ठ, शङ्कर कुमार (वि.सं. २०५३), *नेपाली कानूनी शब्दकोश* (ते.सं.), काठमाडौं: पैरवी प्रकाशन।
- श्रेष्ठ, शङ्कर कुमार (सम्पा.), (वि.सं. २०६६), *प्रशासकीय तथा कानूनी शब्दकोश,* (नेपाली-अङ्ग्रेजी-नेपाली), काठमाडौं: विद्यार्थी प्रकाशन।
- श्रेष्ठ, शङ्कर कुमार (सम्पा.), (वि.सं. २०७५), *नेपाली कानूनी शब्दकोश नेपाली-अङ्ग्रेजी-नेपाली* (आ.सं), काठमाडौं: पैरवी प्रकाशन।
- श्रेष्ठ, सिद्धिश्वरमान (वि.सं. २०६४), *महत्त्वपूर्ण राजनीतिक शब्दज्ञान* (द.सं.), काठमाडौं: सावित्री श्रेष्ठ।

- *सङ्घीयतासम्बन्धी अङ्ग्रेजी-नेपाली शब्दावली,* (वि.सं. २०७१), लोकतन्त्र तथा निर्वाचन सहयोगका लागि अन्तराष्ट्रिय संस्था, नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना र फोरम अफ फेडेरेसन।
- सिंह, टोपबहादुर (वि.सं. २०७९), *कानूनी शब्दकोश* (पाँ.सं.), काठमाडौं: पैरवी प्रकाशन।
- सूर्यकान्त (सन् १९९५), *संस्कृत हिन्दी इङ्लीस शब्दकोश,* हैदराबाद: ओरिएन्ट लङ्गम्यान लिमिटेड।

3. Dictionaries, Glossaries and Lexicon

- Adhikari, Sita Ram (2007 A.D.), *Modern Essential Dictionary English-English-Nepali* (3rd edn.), Putalisadak, Kathmandu: Utsav Books Prakashan.
- Adhikari, Sita Ram (2008 A.D.), *Standard Essential Dictionary English-English-Nepali*, Putalisadak, Kathmandu: Utsav Books Prakashan.
- Adhikari, T.N. (edr.), (2079 B.S.), *The Law Lexicon (English-Nepali*) *With Legal Words, Phrases, Latin Terms & Jurisprudential Expressions*, Madhyapur Thimi, Kaushaltar: T. N. Adhikari.
- Ahuja, B.N, *Dictionary of Synonyms and Antonyms*, India: Goodwill Publishing House.
- Bakshi, P.M (2005 A.D.), *The Law Lexicon Volume A-J*, New Delhi: LexisNexis.
- Bakshi, P.M (2005 A.D.), *The Law Lexicon Volume K-Z*, New Delhi: Ashoka Law House.
- Bansal, Shreenandan (Dr.), (2014 A.D.), *Bansal's Medical Dictionary English Hindi* (2nd edn.), Delhi: AITBS Publishers.
- Blackwell, Amy Hackney (2008 A.D), *The Essential Law Dictionary* (1st edn.), Illinois: Sphinx Publishing.
- *Cambridge Advanced Learner's Dictionary* (2nd edn.), USA: Cambridge Press, (2006 A.D.) .
- CCWB (2067 B.S.), *Juvenile Justice Terms: A Glossary* (English /Nepali), Hariharbhawan, Lalitpur: Nepal Government, Ministry of Woman, Children and Social Welfare, Central Child Welfare Board.
- Cottrell, Jill and Dhungel, Surya, *A Glossary of Constitutional Terms* (English/Nepali), (2007 A.D.), International Institute for Democracy and Electoral Assistance (International IDEA),
- Ferdico, John N. (1992 A.D./Reprint 2001), *Ferdico's Criminal Law and Justice Dictionary*, Singapore: Thomson Asia Pte. Limited.
- Field, Jeremy Botter (2003 A.D.), *Concise Thesaurus* (2nd edn.), Great Britian: HarperCollins.
- Fowler, H.W and Fowler F.G (1911 A.D.), *The Concise Oxford Dictionary* (6th edn.), London: Oxford University Press.
- Garner, Bryan A. (2024 A.D.), *Black's Law Dictionary* (12th edn.), US: Thomson West.

- Gautam, Choodamani (Comp.) (2065 B.S.), *Gautam's Up-To-Date Nepali-English Dictionary* (1st pub.), Dillibazar, Kathmandu: Gautam Prakashan.
- Gautam, Choodamani (2069 B.S.), *Advanced Learner's English - English-Nepali Dictionary* (Comp.), Dillibazar, Kathmandu : Gautam Prakashan.
- *Glossary of Commonly Used Court & Justice System Terminology. (2011 A.D.*), Williamsburg, Virginia: National Center for State Courts.
- *Glossary-Common Legal Terms*, available on-line at: http://www.nycourts.gov/lawli/sraries/glossary.shtml.
- Gobby, Hellen (2007 A.D.), *English Legal Terminology* (2nd edn.), Delhi: Universal Law Publishing.
- Graham Gooch and Michael Williams (2007 A.D.), *Oxford Dictionary of Law Enforcement,* London: Oxford University Press.
- Hornby, AS (2010 A.D*.) Oxford Advanced Learner's Dictionary of Current English* (8th edn.), Oxford University Press.
- Khatiwada, Punya Prasad (2065 B.S.), *Human Rights Dictionary* (English – Nepali), Kathmandu: Centre for Conflict Studies and Forum for International Law – Nepal.
- Khera, R. C. (2007 A.D.), *Khera's Legal Glossary with Legal Maxims* (English-Hindi), Delhi,India: Allied Publishing Company.
- Khera, R.C and Upadhaya, S.K (2007 A.D.), *Legal Glossary with Legal Maxims*, India: Allied Publishing Company.
- Lakshmanan, AR (Dr. /Justice), (2012 A.D*.), Wharton's Concise Law Dictionary with Exhaustive Reference to Indian Case Law Along with Legal Phrases and Legal Maxims* (15th edn.) Delhi: Universal Law Publishing Co. Pvt. Ltd.
- Law, Jonathan and Martin, Elizabeth A. (edrs.), (2009 A.D.) *A Dictionary of Law* (7th edn.), Oxford University Press.
- *Legal Glossary* (1979 A.D.), India: Vidhi, Nyaya Aur Company Karya Mantralaya.
- *Legal Glossary (A Plain Language Guide to Common Legal Terms*), Victoria Law Foundation.
- Lohani, Shreedhar Prasad, Adhikari, Rameshwor P. (2010 A.D.), *Compact English Nepali Dictionary* (1st edn.), Kathmandu: Ekta Publishing House.
- Mainali, Laxmi Prasad (Dr.), (2012 A.D*.),* "Glossary", (cited in Annex), *Juvenile Delinquency: Concept and Theory* (1st edn.), Putalisadak, Kathmandu: Pairavi Prakashan, pp.125-154.
- Mainali, Laxmi Prasad (Dr.) (2016 A.D.), "Glossary", *Juvenile Justice System in Nepal* (1st edn.), Putalisadak, Kathmandu: Pairavi Prakashan, pp. 377-441.
- Malhotra (Prof.), *The Dictionary of Synonyms and Antonyms*, New Delhi: Parichay Overseas.
- Malik, Surendra and Malik, Sumeet, (2004 A.D.), *Supreme Court on Words and Phrases* (2nd edn.), India: Vinod Publishing House.
- Manser, Martin H. and Turton, Nigel D. (1987 A.D.), *The Penguin Wordmaster Dictionary* (1st pub.), London, England: Penguin Books.

- Manser, Martin H. and Torton, Nigel (2000 A.D.), *The Penguin Word Muster Dictionary*(1st edn.), US : Penguin Reference .
- Martin, Elizabeth (2003 A.D.*) A Dictionary of Law* (5th edn.), Oxford University Press.
- Martin, Elizabeth (edr.), *Oxford Dictionary of Law* (5th edn.), Oxford University Press.
- N.L.C. (2078 B.S.), *Legal Maxims (Latin Legal Phraseology),* (Latin, English and Nepali), (1st edn.), Federal Parliament Premises, International Conference Centre, Kathmandu: Nepal Law Commission.
- Osti, Prakash (2024 A.D.),"Miscellaneous"(Chapter-18), *Some Glimpses of Legal History of Nepal* (1st edn.), Kathmandu: Pairavi Prakashan, pp. 270-283.
- University of Oxford (2001 A.D), *Oxford Phrasal Verbs Dictionary for Learners of English* (1st pub.), London: Oxford University Press.
- Panthi, BS (Dr.), (2004 A.D.), *Amit Student Concert Dictionary*, Delhi: Student Book Depot.
- Pathak, R.C. (Prof.) (1989 A.D.), *Bhargava's Standard Illustrated Dictionary of the Hindi Language (Hindi-English Edition)* (5th edn.), Varanasi, India: Bhargava Book Depot.
- Pathak, R.C. (Prof.), (1996 A.D.*), Bhargava's Standard Illustrated Dictionary of the English Language* (12th edn.), Varanasi: Bhargava Book Depot.
- *Plain English Campaign: The A-to-Z Guide to Legal Phrases.*
- Pradhan, Babulall (1991 A.D.), *English-Nepali Dictionary*, Bhotahity, Kathmandu: Ratna Pustak Bhandar.
- Pradhan, Babulall (Prof.), (2010 A.D.), *Ratna's Nepali-English-Nepali Dictionary.* Varanasi: Trimurti Prakashan.
- Pradhan, Paras Mani and Pradhan, Nagendra Mani (1970 A.D.*) New Standard Dictionary* (*English- Nepali*) Kalimpong: Bhagyalaxmi Prakashan.
- Pradhan,Paras Mani and Pradhan, Nagendra Man (1997 A.D.*), Pradhan's Standard Dictionary English-Nepali*, Kalimpong: Bhagyalaxmi Prakashan.
- Quirk, Randolph (2004 A.D.), *Longman Dictionary of Contemporary English*, England: Pearson Education.
- $SDCJS_s$ (1991 A.D.) *Dictionary of Terms and Legal Definition Related to Hazardous, Medical and Solid Waste*, New York: State Division of Criminal Justice Services.
- Shah, Siddhi Bahadur (2008 A.D.), *Standard Essential Dictionary,* English-English-Nepali, Kathmandu: Utsav Books.
- Sharma Nepal, Vasanta Kumar, Khatiwada, Punya Rashmi and Sharma Nepal, Vinaya Kumar (edrs.), (2067 B.S.), *Nepali English Comprehensive Dictionary* (1st edn.), Chabahil, Kathmandu: Bhabha Prakashan (P.) Ltd.
- Sharma Nepal, Vinaya Kumar (2006 A.D.) *Nepali English Nepali Dictionary* (1st pub.), Kathmandu: Shabdartha Prakashan.

- Shrestha, Shanker Kumar (edr.), (2056 B.S.) *Shanker's Law Dictionary* (1st edn.), Ramshahpath, Kathmandu: Pairavi Prakashan
- Shrestha, Shanker Kumar (Ph.D.), (edr.), (2010 A.D.), *Pairavi's Comprehensive Dictionary (*English- English-Nepali), (1st edn.), Putalisadak , Kathmandu : Pairavi Prakashan.
- Shrestha, Shanker Kumar (Ph.D.), (edr.), (2076 B.S*) Dictionary of Law and Justice (English-English- Nepali*), (3rd edn.), Putalisadak, Kathmandu Pairavi Prakashan.
- Shrestha, Tej Prakash and Shrestha, Naresh Chandra (2066 B.S.), *Taleju Compact Dictionary, English to Nepali* (1st edn.), Kathmandu : Ekta Books .
- *The New International Webster's Pocket Spelling Dictionary* (2001 A.D.), New Delhi: Trident Press International.
- Turner, Ralph Lilly and Turner, Dorothy Rivers (1931 A.D./2001A.D. Indian Reprint) *A Comparative and Etymological Dictionary of the Nepali Language*, New Delhi: Allied Publisher Limited.
- Urdang, Laurence (1982 A.D.), *A Basic Dictionary of Synonyms and Antonyms*, New Delhi: Orient Paperbacks.
- Vira, Raghu (Prof. Dr.), (1976 A.D.), *Comprehensive English-Hindi Dictionary,* New Delhi: The International Academy of Indian Culture.
- Waite, Maurice (2006 A.D.), *Oxford Thesaurus of English-Indian Edition* (2nd edn.), UK: Oxford University Press.
- Wharton, J.J.S (2009 A.D*.), Wharton's Law Lexicon* (15th edn.), India: Universal Law Publishing Co. Pvt.Ltd.
- *Wharton's Concise Law Dictionary with Exhaustive Reference to Indian Case Law Along with Legal Phrases and Legal Maxims* (16th edn.), Delhi: Universal law Publishing Co. Pvt. Ltd., 2016.
- Wild, Susan Ellis (2006 A.D.), *Webster's New World Law Dictionary*, Canada: Wiley Publishing, Inc.

नेपाल कानून आयोगमा कार्यरत कर्मचारीको नामावली

१। श्री आलोक चन्द्र श्रेष्ठ - सचिव

२। श्री गंगा बहादुर खरेल - सहसचिव

३। श्री शंकर बहादुर केसी। - सहसचिव

४। श्री गंगा न्यौपाने - उपसचिव

५। श्री जलेश्वर राम - उपसचिव

६। श्री सविना महर्जन - शाखा अधिकृत

७। श्री प्रशंसा अधिकारी - शाखा अधिकृत

ङ। श्री रामबहादुर थापा मगर - कम्प्युटर इन्जिनियर

ढ। श्री कुसुम कार्की - शाखा अधिकृत

१ण श्री किशोर विश्वकर्मा - लेखा अधिकृत

१ज्ञ। श्री कमला कुमारी बोहरा - नायब सुब्बा

१द्द। श्री चण्डेश्वरी प्रजापती - कम्प्युटर अपरेटर

१घ। श्री नबिन गेलाल - नायब सुब्बा

१द्ध। श्री ईश्वर बहादुर खत्री - नायब सुब्बा

१छ। श्री दिपक कुमार थापा मगर - नायब सुब्बा

१ट। श्री सम्झना ज्ञवाली - खरिदार

१ठ। श्री शबनम पोखरेल - खरिदार

१ड। श्री बबिता डुम्रे - खरिदार

ज्ञढ। श्री मिठे राना - कार्यालय सहयोगी

२ण श्री रामबहादुर रानामगर - कार्यालय सहयोगी

२ज्ञ श्री दिलशोभा पोडे - स्विपर

२द्द श्री ज्ञान बहादुर पुरी - हलुका सवारी चालक

२घ श्री तिलक बहादुर श्रेष्ठ - हलुका सवारी चालक

२द्ध श्री षडानन्द दाहाल - हलुका सवारी चालक

२छ श्री चन्द्र बहादुर थापा मगर - हलुका सवारी चालक

२ट श्री भुपराज कोईराला - हलुका सवारी चालक

२ठ श्री सविता राना - कार्यालय सहयोगी

२ड श्री सृजना लम्साल - कार्यालय सहयोगी

द्दढ श्री लावण्य प्रसाद सिटौंला - कार्यालय सहयोगी

नेपाल कानून आयोग: विगत देखि वर्तमानसम्म

१। **ल कमिसन, २०१०**

वि.सं. २००९ को बुच कमिसनले कानून आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरे बमोजिम तत्कालीन मन्त्रिमण्डलको मिति २०१०।९।६ को बैठकले निर्णय गरी पहिलोपटक ल कमिसन गठन गरेको थियो।

२। **ल कमिसन, २०१७**

मिति २०१७।०६।२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिसन गठन गरिएको थियो। छोटो अवधिमा यस कमिसनले नयाँ मुलुकी ऐनको मसौदा तयार गरी कानूनको आधुनिकीकरणको काम थालनी गरेको थियो।

३। **कानून आयोग, २०२०**

मन्त्रिपरिषद्को मिति २०२०।१०।०८ को निर्णयबाट तेस्रो पटक कानून आयोग गठन भएको थियो। सो आयोगलाई अघिल्लो ल कमिसनलाई दिइएको अधिकारका अतिरिक्त कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको थप कार्य सम्पादन गर्ने जिम्मेवारी तोकिएको थियो। सुरुमा एक वर्ष कार्यकाल रहेकोमा पटक पटक थप हुँदै वि.सं. २०२७ सालसम्म यो आयोगको कार्यकाल रहेको थियो।

४। **कानून आयोग, २०२९**

कार्यकारिणी आदेशबाट नै पुनः मिति २०२९।२।१९ मा चौथो पटक कानून आयोग गठन भएको थियो। सो आयोग मिति २०३३।११।२३ मा विघटन भएको थियो।

५। **कानून सुधार आयोग, २०३६**

तत्कालीन श्री ५ को सरकारको मिति २०३६।८।२३ को निर्णय अनुसार पाँचौ पटक नेपाल कानून सुधार आयोग गठन भएको थियो।

६। **नेपाल कानून सुधार आयोग, २०४१**

तत्कालीन श्री ५ को सरकारको मिति २०४१।८।२१ को निर्णयबाट पूर्ववत् जिम्मेवारीका लागि सोही दिन स्थायी रूपमा पहिलो पटक नेपाल कानून सुधार आयोग गठन भएको थियो। यो आयोग मिति २०५७।१।१९ सम्म कार्यरत रहेको देखिन्छ।

७। **नेपाल कानून सुधार आयोग, २०५९**

श्री ५ को सरकारले मिति २०५९।११।१६ को निर्णयानुसार नेपाल कानून सुधार गठन गरेको थियो।

८। **नेपाल कानून आयोग**

विसं. २०६३ साल पौष ९ गते *नेपाल कानून आयोग ऐन, २०६३* जारी भई सो ऐनद्वारा स्थापित संस्थाको रूपमा नेपाल कानून आयोग स्थापना भएको छ। कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने काम समेतको लागि नेपाल कानून आयोगको स्थापना भएको हो। नेपाल कानूनको समग्रतामा सामयिक सुधारका लागि नेपाल सरकार समक्ष सुझाव दिने एकमात्र आधिकारीक निकायको रुपमा कानून आयोगले आफ्नो कार्य सम्पन्न गर्दै आएको छ। *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:-

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकतानुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तरराष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकतानुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकतानुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने।

<u>नेपाल कानून आयोगका प्रकाशनहरू:</u>

1. कानून तर्जुमा सम्बन्धी अवधारणात्मक पक्ष, २०६४
2. कानून तर्जुमा दिग्दर्शन, २०६६
3. कानून आयोग पत्रिका, २०७०
4. कानूनी सुक्तिहरू (ल्याटिन, अङ्ग्रेजी तथा नेपाली), २०७८
5. कानूनी शब्दकोश, 2082 ।

नेपाल सरकार
नेपाल कानून आयोग
नयाँ बानेश्वर, काठमाडौं।
फोन नं.: ०१-४५८१०९०,०१-४५८११९७,०१- ४५८१०५९
Email: info@lawcommission.gov.np
Linkedin: linkedin.com/company/lawcommission.gov.np
Facebook:facebook.com/lawcommission.gov.np

9789937187602